नेपाल

मानव अधिकार वर्ष पुस्तक २०२२

सरोकार: मानव अधिकार संरक्षणको

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२

(नेपाली संस्करण)

(२०७७ पुस १७ देखि २०७८ पुस १६ गतेसम्म अर्थात् सन् २०२१ भरिका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्य/तथ्याङ्कको सङ्कलन)

प्रधान सम्पादक

श्रीराम बजगाई

सम्पादन मण्डल

गोविन्दप्रसाद त्रिपाठी
रमेशप्रसाद तिमल्सिना
गणेश भण्डारी
गीता माली
आर्या अधिकारी

तथ्याङ्क प्रशोधन

अनुज के.सी.

मानव अधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

नागार्जुन नपा-१०, स्यूचाटार
पत्र मञ्जुषा २७२६, काठमाडौँ, नेपाल
फोन नं. ०१-५२१८७७०, फ्याक्स नं. ०१-५२१८२५१
e-mail: insec@insec.org.np
Web-site: www.insec.org.np; inseconline.org

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२

प्रकाशन मिति
२०७८ फागुन ७ गते

सङ्ख्या
२ हजार प्रति

प्रकाशक
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

सर्वाधिकार
इन्सेकमा सुरक्षित

(यस पुस्तकमा प्रकाशित सामग्री इन्सेकको स्रोत उल्लेख गरी पुन:मुद्रण गर्न सकिनेछ।)

फोटो
यस पुस्तकमा प्रकाशन गरिएका केही फोटोहरू अन्य स्रोतबाट पनि लिइएको छ ।

आईएसबीएन : ९७८-९९३७-९२३९-७-२

मुद्रक
ड्रिम ग्राफिक्स प्रेस
धापासी, काठमाडौँ

विषय सूची

पृष्ठ सङ्ख्या

भूमिका

परिच्छेदहरू

परिच्छेद १	सरोकार : मानव अधिकार संरक्षणको	१
	सबैले सोधौँ उनीहरू कहाँ छन् ?	२५
परिच्छेद २	राज्य र मानव अधिकार	
	२.१ न्यायपालिका	२९
	२.२ कार्यपालिका	४१
	२.३ व्यवस्थापिका	५३
परिच्छेद ३	आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार	
	३.१ श्रीलङ्का टापुबासीको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार	६३
	३.२ दलित समुदायमाथि बढ्दो विभेद	६७
	३.३ चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा प्राकृतिक स्रोत उपयोगमा स्थानीय समुदाय र सरकारको अन्तरविरोध	७९
	३.४ पोखराको पर्यटन क्षेत्रमा कोभिड-१९ को प्रभाव	८७
	३.५ बर्दिया जिल्लाका बेपत्ता नागरिक र मानव अधिकार	९५
	३.६ मानव अधिकारको दृष्टिमा राउटे समुदाय	१०१
	३.७ वादी समुदाय : बालबालिकाका अधिकारको सवाल	१११
अनुसूचीहरू		
अनुसूची १	सन् २०२१ र मानव अधिकार उल्लङ्घनका तथ्यहरू	
	१. प्रदेश १	१२१
	२. मधेस प्रदेश	१७५
	३. बागमती प्रदेश	२१३
	४. गण्डकी प्रदेश	२६५
	५. लुम्बिनी प्रदेश	३०७
	६. कर्णाली प्रदेश	३५७
	७. सुदूरपश्चिम प्रदेश	३९७
अनुसूची २	मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्याङ्क २०२१	४२९
अनुसूची ३	सन् २०२१ को मानव अधिकार अवस्थाबारे राजनीतिक दलका धारणा	४३९
अनुसूची ४	सन् २०२१ को मानव अधिकार अवस्थाबारे विभिन्न क्षेत्रको धारणा	४४५
अनुसूची ५	नेपाल मानव अधिकार वर्ष पुस्तक बारे प्रदेश सरकारका धारणा	४५५
अनुसूची ६	क्रिया/प्रतिक्रिया	४५९
अनुसूची ६	नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ तयारीका क्रममा संलग्न व्यक्तिहरू	४८९

हार्दिक आभार

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२
तयार गर्ने क्रममा हामीलाई सहयोग गर्ने
नर्वेजियन दूतावास
ब्रेड फर द वर्ल्ड (BFTW)
डीसीए (DCA)
इन्सेकका जिल्ला प्रतिनिधिहरू
राजनीतिक दलहरू
मानव अधिकार तथा अन्य आयोगहरू
नेपाल सरकारका मन्त्रालयहरू
सुरक्षा निकाय
पेसागत सङ्घसंस्थाहरू
तथा
अन्य सबैप्रति **आभारी छौं।**

जिल्लागत विषय सूची

प्रदेश १

१.१ ताप्लेजुङ १२३
१.२ सङ्खुवासभा १२७
१.३ सोलुखुम्बु १३१
१.४ ओखलढुङ्गा १३४
१.५ खोटाङ १३७
१.६ भोजपुर १४०
१.७ धनकुटा १४३
१.८ तेह्रथुम १४७
१.९ पाँचथर १५०
१.१० इलाम १५३
१.११ झापा १५६
१.१२ मोरङ १६०
१.१३ सुनसरी १६७
१.१४ उदयपुर १७१

प्रदेश २

२.१ सप्तरी १७७
२.२ सिरहा १८३
२.३ धनुषा १८८
२.४ महोत्तरी १९३
२.५ सर्लाही १९७
२.६ रौतहट २०१
२.७ बारा २०५
२.८ पर्सा २०८

बागमती प्रदेश

३.१ दोलखा २१५
३.२ सिन्धुपाल्चोक २१९
३.३ रसुवा २२३
३.४ धादिङ २२६
३.५ नुवाकोट २३०
३.६ काठमाडौँ २३३
३.७ भक्तपुर २३९
३.८ ललितपुर २४३
३.९ काभ्रेपलाञ्चोक २४७
३.१० रामेछाप २५०
३.११ सिन्धुली २५३
३.१२ मकवानपुर २५६
३.१३ चितवन २६०

गण्डकी प्रदेश

४.१ गोरखा २६७
४.२ मनाङ २७१
४.३ मुस्ताङ २७३
४.४ म्याग्दी २७६
४.५ कास्की २७९
४.६ लमजुङ २८५
४.७ तनहुँ २८८
४.८ नवलपरासी पूर्व २९२
४.९ स्याङ्जा २९५
४.१० पर्वत २९८
४.११ बागलुङ ३०२

लुम्बिनी प्रदेश

५.१ रूकुम पूर्व ३०९
५.२ रोल्पा ३११
५.३ प्यूठान ३१४
५.४ गुल्मी ३१८
५.५ अर्घाखाँची ३२१
५.६ पाल्पा ३२४
५.७ नवलपरासी पश्चिम ३२७
५.८ रूपन्देही ३३१
५.९ कपिलवस्तु ३३८
५.१० दाङ ३४३
५.११ बाँके ३४९
५.१२ बर्दिया ३५३

कर्णाली प्रदेश

६.१ डोल्पा ३५९
६.२ मुगु ३६२
६.३ हुम्ला ३६५
६.४ जुम्ला ३६८
६.५ कालीकोट ३७२
६.६ दैलेख ३७५
६.७ जाजरकोट ३७८
६.८ रूकुम पश्चिम ३८१
६.९ सल्यान ३८५
६.१० सुर्खेत ३८९

सुदूरपश्चिम प्रदेश

७.१ बाजुरा ३९५
७.२ बझाङ ३९८
७.३ दार्चुला ४०२
७.४ बैतडी ४०६
७.५ डडेल्धुरा ४१०
७.६ डोटी ४१३
७.७ अछाम ४१६
७.८ कैलाली ४२०
७.९ कञ्चनपुर ४२५

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) सन् १९८८ देखि मानव अधिकार तथा सामाजिक न्यायका लागि कार्यरत छ। सात प्रदेश कार्यालय तथा ७७ जिल्लाका प्रतिनिधिहरू मार्फत् इन्सेकका नियमित कार्यक्रम तथा परियोजनाहरू सञ्चालन भइरहेका छन्। मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई अध्ययन/अनुगमन गर्नका लागि यसले देशका सतहत्तरै जिल्लामा प्रतिनिधिहरूको व्यवस्था गरेको छ।

२०७६ कात्तिक २२ गते सम्पन्न साधारण सभाले तीन वर्षका लागि चयन गरेको कार्यसमिति

अध्यक्ष – डा. इन्दिरा श्रेष्ठ

महासचिव - रुद्रबहादुर चर्मकार

कोषाध्यक्ष - गीता बराल

सदस्यहरू

- रघुनाथ अधिकारी
- दीपक काफ्ले
- नजीर मियाँ
- शोभाकर बुढाथोकी

निवर्तमान अध्यक्ष

- सुबोधराज प्याकुरेल

कार्यकारी निर्देशक तथा निम्नलिखित कार्यक्रमहरूमार्फत इन्सेकको दैनन्दिन कार्य सञ्चालन गरिन्छ ।

मानव अधिकार प्रलेख तथा पैरवी कार्यक्रम

इन्सेकले आफ्नो स्थापनाकालदेखि मानव अधिकार अनुगमन, अभिलेख, प्रसार तथा पैरवी गर्ने क्रियाकलापहरूमार्फत मानव अधिकारको संरक्षण तथा संवर्द्धनको कार्य गर्दै आएको छ । मानव अधिकार अवस्थाको समग्र अभिलेखको खाँचो भएकाले वर्ष पुस्तकलगायतका अवधारणालाई सन् १९९२ देखि सुरुआत गरिएको हो । नेपाल मानव अधिकार वर्ष पुस्तक, इन्सेक अनलाइन, स्थितिसूचक, प्राचीलगायत विषयगत प्रतिवेदनहरू इन्सेक जिल्ला प्रतिनिधिलगायतको स्रोतबाट प्राप्त तथ्यको आधारमा प्रकाशित गरिँदै आएको छ । तथ्य, तथ्याङ्क विश्लेषण र अवस्था अनुगमनको आधारमा तयार गरिएका प्रतिवेदनहरू मानव अधिकार संरक्षण र संवर्द्धनको पैरवी गर्ने कार्यको सहयोगी सामग्रीको रूपमा प्रयोग गर्ने गरिएको छ । इन्सेकले गरेका प्रलेख र पैरवीको कार्यले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना न्यूनीकरण गराउन र मानव अधिकार संरक्षणको नीतिगत तथा कानुनी संरचनामा सुधार आउने अपेक्षा गरिएको छ । नेपालले अन्तर्राष्ट्रिय मञ्चमार्फत गरेका प्रतिबद्धता, सन्धि र महासन्धिमा हस्ताक्षर गरी जनाएको ऐक्यबद्धता र नेपालको संविधानले निर्दिष्ट गरेका मानव अधिकारका मूल्य र मान्यताहरूलाई इन्सेकले प्रलेख तथा पैरवीमार्फत थप सुदृढ गराउन भूमिका खेल्नेछ ।

मानव अधिकार शिक्षा कार्यक्रम

यस कार्यक्रमअन्तर्गत इन्सेकले स्थानीय मानव अधिकार संस्थाहरूसँगको सहकार्यमा मानव अधिकार शिक्षाको प्रचार प्रसार गरिँदै आएको छ। संचेतनामार्फत ग्रामीण क्षेत्रमा जागरण फैलाउन यस कार्यक्रममार्फत मानव अधिकारसम्बन्धी तालिम, समूह परिचालन, सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम सञ्चालन गरिँदै आएको छ। यस कार्यक्रम अन्तर्गत मानव अधिकारसम्बन्धी पुस्तक तथा तालिम सामग्री पनि प्रकाशन तथा वितरण हुँदै आएको छ। त्यसैगरी विभिन्न सरकारी विद्यालयहरूमा बाल अधिकार सचेतना समूह गठन गरी बाल अधिकारको विषयमा सचेतना तथा बालबालिकाको व्यक्तित्व विकाससम्बन्धी क्रियाकलापहरू यस कार्यक्रमअन्तर्गत सञ्चालन भइरहेका छन्। साथै समसामयिक मानव अधिकारका विषयवस्तुहरूलाई साप्ताहिक रूपमा रेडियो कार्यक्रम उत्पादन गरी रेडियोबाट प्रशारण गरिँदै आएको छ।

व्यवस्थापन कार्यक्रम

यस कार्यक्रम अन्तर्गत इन्सेकको सम्पूर्ण प्रशासन तथा अर्थ व्यवस्थापन पर्दछ। यस कार्यक्रमले मानव संशाधन व्यवस्थापन अन्तर्गत कर्मचारीको वृत्ति विकासका सम्बन्धमा पनि काम गर्दै आएको छ। इन्सेकको संस्थागत योजना, अनुगमन र मूल्याङ्कन गर्ने काम पनि यस विभाग अन्तर्गत हुँदै आएको छ। इन्सेकको वार्षिक प्रतिवेदन जस्ता नियमित प्रकाशनको व्यवस्थापन पनि यही कार्यक्रम अन्तर्गत हुँदै आएको छ। संस्थाको सूचना व्यवस्थापन गर्ने कार्य अन्तर्गत पुस्तकालय तथा सूचना प्रविधिसम्बन्धी शाखाहरू पनि यस कार्यक्रम अन्तर्गत रहेका छन्।

इन्सेक कार्यालयहरू :

- **प्रदेश १ कार्यालय**, विराटनगर महानगरपालिका-११, जनपथ टोल, मोरङ फोन नं. ०२१-४७१०२५, ४७११२७
- **मधेस प्रदेश कार्यालय**, जनकपुरधाम उपमहानगरपालिका-८, मुरली चोक, धनुषा
- **बागमती प्रदेश कार्यालय**, हेटौँडा उपमहानगरपालिका-२ संगमचोक, मकवानपुर, फोन नं. ०५७-५९०५५२
- **गण्डकी प्रदेश कार्यालय**, पोखरा महानगरपालिका-८, ज्ञानकुञ्ज मार्ग, कास्की, फोन नं. ०६१-५३३३६६
- **लुम्बिनी प्रदेश कार्यालय**, नेपालगञ्ज उपमहानगरपालिका- १२, एसओएस मार्ग, बाँके, फोन नं. ०८१-४१५३४३
- **कर्णाली प्रदेश कार्यालय**, बीरेन्द्रनगर नगरपालिका-७, इत्राम, सुर्खेत, फोन नं. ०८३-५२१४८९
- **सुदूरपश्चिम प्रदेश कार्यालय**, धनगढी उपमहानगरपालिका-४, उत्तरबेहडी, कैलाली, फोन नं. ०९१- ५२२५७६, ५२१४४६

राजनीतिक अस्थिरताको संशय

नेपाल मानव अधिकार वर्ष पुस्तकको ३० औँ श्रृङ्खला यहाँहरूसमक्ष प्रस्तुत गर्न पाउँदा हामीलाई खुसी लागेको छ। नेपाल मानव अधिकार वर्ष पुस्तकले मुलुकमा भएका मुख्य परिवर्तन, त्यसक्रममा देखिएका उतारचढाव तथा महत्त्वपूर्ण घटनाक्रमलाई समेत समेट्ने गरेको छ। राज्यका निकायले समेत आधिकारिक प्रमाणका लागि वर्ष पुस्तकलाई नै आधार मान्दै आएका छन्। त्यस्तै, अन्तर्राष्ट्रियस्तरबाट समेत नेपालको मानव अधिकार अवस्था विश्लेषणका लागि मानव अधिकार वर्ष पुस्तकलाई प्रमाणिक दस्तावेज मानिनु इन्सेकको इमान्दार प्रयासप्रति प्राप्त न्यायका रूपमा बुझेका छौँ। हामीले मानव अधिकारको समग्र स्थितिको अभिलेख जारी गर्नुको अभिप्राय ती सूचनाले नागरिकको मर्यादा र स्वतन्त्रताको रक्षाका लागि नागरिक र राज्यको तहमा सचेत पहल गर्ने चेत बढोस् भनेर नै हो।

दश वर्ष लामो सशस्त्र द्वन्द्व, सङ्कटकाल तथा कोरोना महामारीको कठिन परिस्थितिमासमेत नेपाल मानव अधिकार वर्ष पुस्तक निरन्तर प्रकाशन गर्न हामी सक्षम भएका छौँ। कोरोना–१९ बाट इन्सेक प्रतिनिधि तथा नेपाल मानव अधिकार वर्ष पुस्तकसँग सम्बन्धित सहकर्मीहरू सङ्क्रमित भए। यस कठिन परिस्थितमा पनि हामीले वर्ष पुस्तक प्रकाशन गर्न सक्यौँ।

तीनै तहको निर्वाचन भई देशमा बहुमत प्राप्त सरकार गठन भएपछि राजनीतिक स्थायित्वतर्फ देश गएको ठानिएको थियो। तर, दुई तिहाई नजिक भएको सङ्घीय संसद यसबीचमा दुईदुई पटक विघटन भयो। सर्वोच्च अदालतबाट पुर्नस्थापित भएको संसदले गठबन्धनको सरकार निर्माण गरे पनि संसद बैठक बस्न र नियमित आफ्नो काम गर्न सकेन। ६ वटा प्रदेश सरकार पनि परिवर्तन भए भने प्रदेश प्रमुख पनि पटक पटक फेरिए। यसले नेपालको राजनीतिमा कायम रहेको अस्थिरतालाई थप मलजल गऱ्यो। न्यायपालिका, कार्यपालिका तथा व्यवस्थापिकाबीचको शक्ति सन्तुलन धरमराएको देखियो। एकअर्काको कार्यक्षेत्रमा हस्तक्षेपका घटनाहरू सार्वजनिक भए। यी घटनाक्रमले राजनीतिक अस्थिरताको संशय पैदा भयो।

कोभिड–१९ को महामारी यो वर्ष पनि कायमै रह्यो। विश्व स्वास्थ्य सङ्गठनले कोरोनाको दोस्रो लहरको रूपमा नामाकरण गरेको डेल्टा भाइरसको यो लहरमा अघिल्लो वर्षको तुलानामा दुईगुणा बढीको मृत्यु भयो। कोरोना भाइरसको दोस्रो लहर नेपालमा पनि आउने सम्भावना विश्व स्वास्थ्य सङ्गठन र स्वास्थ्य मन्त्रालयले पहिलेदेखि नै प्रक्षेपण गरेको भए पनि सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले पूर्व तयारी गरेको पाइएन। कोभिड–१९ सङ्क्रमणको दोस्रो लहरमा सर्वसाधारणले अस्पतालमा बेड नपाएर, अक्सिजन नपाएर अनि समयमै अस्पतालमा भर्ना नपाएर ज्यान गुमाउनु पर्ने अवस्था सिर्जना भयो। प्रादेशिक अस्पताल, पोखरामा अक्सिजन अभावले एकै समयमा ६ जनाले ज्यान गुमाए। देशको राजधानी काठमाडौँमा पनि कोरोनाका बिरामी अस्पतालमा बेड नपाएर केही प्राङ्गणमा उपचार गराउन बाध्य भए भने केही अस्पताल खोज्दाखोज्दै मृत्युको मुखमा पुग्न बाध्य भए। जिम्मेवार निकाय गैरजिम्मेवार बनिरहे। सरकारले जनताको स्वास्थ्यको नाममा पठाएको रकमको दुरूपयोग भएको घटना पनि बाहिर आए। निजी स्वास्थ्य संस्थाले कोरोनाका बिरामीको उपचारमा लाखौँ रकम असुलेको सार्वजनिक भइरहँदा पनि कुनै सरकारी निकायले त्यससम्बन्धमा कारबाही प्रकृया अगाडि बढाएको पाइएन। यसले सरकारी अकर्मण्यता उदाङ्गो पाऱ्यो।

कोभिड–१९ को सङ्क्रमणका कारण भौतिक उपस्थितिमा अध्ययन अध्यापन हुन सकेन। भर्चुअल माध्यमबाट पठनपाठन अघि बढाइएको भने पनि धेरै विद्यार्थी सो पहुँचबाट बाहिर रहेको

पाइयो। महामारीका कारण बेरोजगार हुनेको सङ्ख्या बढेको तथा पेसाबाट पलायन हुनुपर्ने अवस्था सृजना भयो। सरकारले जोखिममा परेको वर्ग तथा समुदायको उत्थानका लागि प्रभावकारी कार्यक्रम ल्याउन सकेको पाइएन।

गत वर्षदेखि हिरासतमा हुने यातना तथा हत्याका घटना अलि बढी अभिलेख हुन थालेका छन्। हिरासतमा हुने मृत्यु तथा आत्महत्याका घटनाको प्रभावकारी अनुसन्धान भएको पाइएन। धेरैजसो घटनामा आत्महत्या गरेको भनियो। जबकी २४ घण्टा प्रहरीको निगरानी रहने भनिएको हिरासतमा भएको आत्महत्याका घटना यदि भएकै हो भने पनि प्रहरीको लापरबाहीको पराकाष्ठा हो भने यस्ता घटनाप्रतिको उत्तरदायित्बाट पन्छिने खतरनाक प्रवृत्ति मौलाउनु पक्कै पनि सुखद विषय होइन। कारागारमा हुने मृत्यु र त्यस्ता घटनाप्रति बेवास्ता बढ्दै गएको पाइयो। जेल सुधार सम्बन्धमा अनेकौँ प्रतिबद्धताका बाबजुद क्षमताभन्दा बढी कैदीबन्दी राखिने, नाइके तथा भाइ नाइकेबाट कैदी बन्दीमाथि हुने दुर्व्यवहार तथा शोषणका घटना तथा अन्य अनेक समस्या समाधानका सवालमा पहलकदमी लिइएको पाइएन।

महिला, बालकालिका तथा सीमान्तकृत समुदायमाथिको विभेद तथा हिंसाका घटनाका विभिन्न रूपहरू सार्वजनिक भए। यस्ता घटनामा संलग्नलाई कानुनको दायरामा ल्याइएको भए पनि समाजमा व्याप्त गरिबी, अशिक्षा तथा जनचेतनाका कारण घटनामा कमी आउन नसकेको वर्षपुस्तकमा अभिलेख भएका घटनाहरूले देखाएको छ। सङ्क्रमणकालीन न्यायसम्बन्धी निकायहरू आफ्नो जिम्मेवारी निर्वाह गर्न सक्षम भएनन्। न्यायका लागि सत्यको उद्घाटन गर्ने र परिस्थितिजन्य प्रमाणसहित परिपूरणको सिफारिस गर्ने मुख्य जिम्मेवारी पाएका आयोगहरूले वर्षभरि नै खासै प्रगतिमूलक कार्य गर्न सकेको विवरण सार्वजनिक भएन।

गत वर्षदेखि जारी कोरोना सङ्क्रमण र त्यसका कारण न्यायालयका गतिविधि पनि प्रभावित भए। देशभरका जिल्ला अदालतले यस वर्ष गरेका फैसलाको सङ्ख्या अति नै कम देखियो। कतिपय जिल्लामा त महिला र बालबालिकामाथि भएका घटनाको अन्तिम फैसला आएन। ढिलो न्याय दिनु भनेको न्याय नदिनु सरह हो भन्ने मान्यतालाई मलजल पुग्ने गतिविधि भएको आभास भयो।

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ ले सन् २०२१ र त्यसअघिका अनुभवको निरन्तरताका आधारमा मानव अधिकार स्थितिको आकलन गरेको छ। विषयहरू सान्दर्भिक होउन् भनेर ख्याल गरेका छौँ। विगत वर्षहरूमा जस्तै इन्सेक प्रतिनिधिले प्राथमिक स्रोतबाट सूचना सङ्कलन गरेका छन्। आमनागरिक, सबै मानव अधिकारकर्मी, स्थानीय प्रशासन र सञ्चार लगायतका क्षेत्रको आत्मीय सहयोगले गर्दा मात्र यो प्रकाशनले निरन्तरता पाउन सकेको हो। हाम्रो यो प्रयासको सुरुवातदेखि नै नर्वेजियन सरकारको सहयोग रहेको छ। ३० वर्षसम्म हामीसँग निरन्तर साझेदारी गर्ने नर्वेजियन दूतावास तथा अन्य दाताहरूप्रति विशेष धन्यवाद व्यक्त गर्न चाहान्छु। हरेक वर्ष नेपालको प्रजातन्त्र दिवसका दिन, फागुन ७ गते विमोचन हुने यो पुस्तक प्रकाशनका लागि अहोरात्र खटिनु हुने इन्सेक परिवारका सम्पूर्ण सदस्यहरू, सचिवालयलाई सहजीकरण गर्नुहुने कार्यसमितिका सदस्यज्यूहरू सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु।

२०७८ फागुन ७

डा. इन्दिरा श्रेष्ठ
अध्यक्ष

परिच्छेद १

सरोकार : मानव अधिकार संरक्षणको

नेपाल मानव अधिकार वर्ष पुस्तकको यो ३० औं संस्करण हो। यस पुस्तकमा सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्य/तथ्याङ्कलगायत कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले मानव अधिकारको संरक्षण र संवर्द्धनमा खेलेको भूमिका समावेश छ। प्रकाशित सामग्रीले मानव अधिकारको सूक्ष्म विश्लेषण गर्न सघाउ पुऱ्याउने अपेक्षा गरेका छौं। इन्सेकका ७७ जिल्लामा रहेका प्रतिनिधिबाट प्राप्त प्राथमिक सूचनाले यस पुस्तकलाई खोजमूलक र सङ्ग्रहणीय बनाउन मद्दत गरेको छ। यसका लागि इन्सेक प्रतिनिधि मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको थलोमै पुगेर प्राथमिक सूचना सङ्कलन गर्छन्। त्यसपछि घटनाको पुष्टि तथा पुनर्पुष्टिका लागि प्रहरी, स्थानीय प्रशासन, राजनीतिक दल, मानव अधिकारकर्मी तथा सम्बन्धित सङ्घ/संस्थासँग समन्वय र सहकार्य गर्छन्। यसका साथै सातै प्रदेशमा रहेका इन्सेकका कार्यालयको डाटाबेस (Database) मा तथ्य-तथ्याङ्क समाविष्ट गरिन्छ। अर्धवार्षिक सम्पादन भेलामा घटनाका अपुग पक्ष केलाइन्छ भने वर्षको अन्तिममा हुने सम्पादन भेलाबाट घटनाहरूलाई अन्तिम रूप दिइन्छ।

नेपालमा सन् १९९० पछि सुरु भएको प्रजातान्त्रिक अभ्यासका क्रममा इन्सेकले प्रजातन्त्र, मानव अधिकार र विधिको शासनप्रति समर्पित रहँदै, यसको सुदृढीकरणमा योगदान पुऱ्याउँदै आएको छ। यो अवधिका राजनीतिक घटनाक्रम नियाल्दा प्रजातान्त्रिक सरकार गठन, माओवादी सशस्त्र द्वन्द्वका १० वर्ष र पुनर्स्थापित प्रजातन्त्रका १५ वर्षको अवधिमा इन्सेकले आफूलाई एक सशक्त मानव अधिकार पहरेदारका रूपमा उभ्याउन सफल भएको छ। सन् १९९२ देखि इन्सेकले विभिन्न कालखण्डमा उठाउँदै आएका मानव अधिकारका सर्वव्यापी सिद्धान्तअनुरूप राज्यले गर्ने व्यवहार र आमनागरिकले प्राप्त गर्ने मानव अधिकारका विषयवस्तुले नै प्राथमिकता पाइरहेका छन्।

सन् २०२१ देखि मानव अधिकार अनुगमन, प्रलेख तथा प्रकाशनमा सहज पहुँच तथा प्रविधिमैत्री प्रणाली अवलम्बन गर्न इन्सेकले डिजिटल माध्यम hrvdata.insec.org.np मार्फत तथ्याङ्क तथा डिजिटल पुस्तकका रूपमा विवरण सार्वजनिक गर्ने कामलाई व्यवस्थित गरेको छ। घटनाको अनुगमन तथा पीडितसँग सम्पर्क गरी सङ्कलन गरिएका घटना तथा तथ्याङ्कहरू अनलाइनमा आधारित सफ्टवेयरमा प्रविष्ट गर्ने प्रणाली लागु गरिएको छ।

यो पुस्तकले हरेक वर्ष विभिन्न निकायले मानव अधिकारका क्षेत्रमा निर्वाह गरेका भूमिका जस्ताको तस्तै पस्कने गर्छ। नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ ले पनि बितेको वर्ष अर्थात सन् २०२१ मा कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले मानव अधिकार संरक्षण र संवर्द्धनमा देखाएका चासो तथा भूमिकाको विश्लेषणात्मक प्रस्तुति समेटेको छ। त्यसबाहेक सातै प्रदेशको प्रतिनिधित्व हुने गरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी आलेखहरूले यो वर्ष पनि निरन्तरता पाएका छन्। साथै, जिल्लागत घटनाको प्रवृत्ति र सङ्ख्या समावेश छ। वर्ष पुस्तकमा प्रतिक्रिया र धारणालाई पनि उत्तिकै महत्व दिइने गरिन्छ। त्यसैले यो पुस्तकले समेटेका यी र यस्तै सामग्री अनि तथ्याङ्क नेपालको मानव अधिकार अवस्था झल्काउने दर्पणका रूपमा आमजनमानसले स्वीकार गर्ने अपेक्षा गरिएको छ।

यस वर्ष अभिलेखित मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामध्ये १६ प्रतिशत प्रदेश १, ११ प्रतिशत मधेस प्रदेश, १७ प्रतिशत बागमती प्रदेश, आठ प्रतिशत गण्डकी प्रदेश, २९ प्रतिशत लुम्बिनी प्रदेश, सात प्रतिशत कर्णाली प्रदेश र १२ प्रतिशत सुदूरपश्चिम प्रदेशमा भएको देखिन्छ। अभिलेखित घटनामध्ये ८६ प्रतिशत घटना महिला तथा बाल अधिकार उल्लङ्घनका घटनासँग सम्बन्धित रहेको इन्सेकको अभिलेखले देखाएको छ।

इन्सेकले यस वर्ष गरेको मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको अभिलेखले लैङ्गिक तथा संरचनागत हिंसाका घटनाहरू मानव अधिकार संरक्षणका प्रमुख चुनौती रहेको छ। कानुन कार्यान्वयन गर्ने निकायको जबाफदेहितामा प्रशस्त आशङ्का उत्पन्न हुने घटना हुनुले राज्यका निकायले मानव अधिकार संरक्षणमा देखाएको उदासीनता प्रकट भएको छ।

हिंसाको दुष्चक्रमा महिला अधिकार

महिलाविरुद्ध हुने विभेद, हिंसा र बहिष्करणले मानव मर्यादा, समानता, सम्मान र सिद्धान्तहरूको उल्लङ्घन गर्दछ। लैङ्गिकताका आधारमा राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक सुरक्षा र आत्मसम्मानपूर्वक जीवन व्यतित् गर्न सृजना गरिने अवरोधका घटना पछिल्लो दशकमा बढेर गएको इन्सेकको अभिलेखले देखाएको छ। पछिल्लो १० वर्षमा अभिलेख गरिएकामध्ये ४९ प्रतिशत घटना महिला अधिकार उल्लङ्घनसँग सम्बन्धित रहेका छन्। यस वर्ष इन्सेकले गरेको अभिलेखमध्ये ६० प्रतिशत घटना महिला अधिकार उल्लङ्घनका थिए। अधिकार उल्लङ्घनका घटनामा राज्यका तर्फबाट ५२ जना र अन्य पक्षबाट ५ हजार १ सय ६३ जना गरी ५ हजार २ सय १५ जना महिला पीडित भए। अन्य पक्षबाट भएका घटनामध्ये ६१% घटना महिला र २५% घटना बाल अधिकार उल्लङ्घनका घटना रहेका छन्।

निजी र सार्वजनिक जीवनमा महिलामाथि लक्षित त्यस्तो कृयाकलाप वा कार्य जसले 'महिलालाई शारीरिक, यौनिक, मनोवैज्ञानिक, मानसिक रूपमा हानि गर्छ' त्यस्ता घटना नै महिलामाथि हुने हिंसा हो। यसका साथै धम्की, गालीगलौज र विभेदकारी बोली, व्यवहारजस्ता घटनाहरू प्रतिनिधिमूलक घटनाहरू हुन्।

इन्सेकले गरेको अभिलेख अनुसार 'बोक्सी'को आरोपमा गरिने हिंसा, यौन दुर्व्यवहार, जबरजस्ती यौन सम्बन्ध, हाडनाताकरणी, कार्यस्थलमा यौन दुर्व्यवहार, दाइजो र सम्पत्तिको कारण हिंसा/हत्या, गर्भावस्थामा लिङ्ग छनौट गरी गरिने भ्रुण हत्या, शारीरिक दुर्व्यवहार, बालविवाह, वैवाहिक बलात्कार, एकल महिला र वृद्ध महिलालाई हेला, भेदभाव र परम्परागत प्रथाजनित कारणले गरिने हिंसाबाट नेपाली महिलाहरू पीडित बनेको देखिन्छ। पुरुषहरूप्रतिको मनोवैज्ञानिक डर त्रास आदिले महिलाहरूले गर्ने प्रतिरोध र न्यायको प्रक्रियामा देखिनु पर्ने सक्रियता कमजोर हुँदै जाने र कालान्तरमा अन्यायलाई जीवन पद्धति स्वीकार गर्ने मनोविज्ञानले महिलाहरू हिंसाको दुस्चक्रमा पिल्सिँदै गएका छन्।

महिलालाई जिउँदै जलाउने, डाम्ने, घरबाट निकाल्ने, सम्पत्तिबाट वञ्चित गर्ने, जस्ता हिंसाका घटनामा पीडितले प्राप्त गर्नु पर्ने न्याय समयमै सुनिश्चित हुन नसक्नु तथा पीडित महिलाको संरक्षणका लागि आवश्यक स्रोतसाधन र संरक्षण संयन्त्र स्थानीय तहमा सुनिश्चित हुन नसक्नुले पीडित महिला कतिपय अवस्थामा कानुनी प्रक्रियाबाट बञ्चित हुने गरेका छन्। महिलाविरुद्धको हिंसाबाट कुनै वर्ग, जातजाति, संस्कृति अछुतो छैन। परिवार, समाज र राज्यका निकायले महिला अधिकार संरक्षणमा पूरा गर्नुपर्ने दायित्वबाट विमुख हुने क्रम बढ्दै गएको छ। यस वर्षमात्र महिला हिंसाका १ हजार ८ सय ४३ घटनालाई मेलमिलाप गरि टुङ्ग्याउनु तथा वर्षभर भएका ३ हजार ३ सय ८६ घटनामध्ये तीन प्रतिशतको मात्रै मात्र न्यायिक प्रक्रिया निष्कर्षमा पुग्नुले न्याय सम्पादन गर्ने निकायको जबाफदेहितामाथि पनि गम्भीर प्रश्न खडा भएको छ।

अन्धविश्वास, परम्परागत सामाजिक संरचना, विभेदपूर्ण नीति र कानुनहरू, कानुन कार्यान्वयन गर्ने निकायको लैङ्गिक जवाफदेहिता कमजोर हुनुलगायतका कारणले महिला हिंसा बढी संवेदनशील बन्न पुगेको छ। विभेद, बहिष्करण र हिंसाको चक्रमा पर्ने महिलाको लैङ्गिक पहिचान र अधिकार विभेदकारी संस्कार, संस्कृति, अभ्यास र मनो वृत्तिका कारण पीडाको दुष्चक्रबाट मृत्युको अन्तिम संस्कारसम्म प्रताडित भइराख्नुपरेको यथार्थ घटनाको सङ्ख्या र प्रवृत्तिमार्फत प्रकट भएको छ।

रूपन्देही जिल्ला, सम्मरीमाई गाउँपालिका-५ दुवेथुमुवाकी ३२ वर्षीय कुसुम लोधको हत्या गरेको आरोपमा प्रहरीले मृतकका पति ३४ वर्षीय शैलेशकुमार लोध र देवर ३० वर्षीय राजेशकुमार लोधलाई फागुन २३ गते गिरफ्तार गऱ्यो। आरोपितले मृतकलाई फागुन १५ गते लुम्बिनी पर्सा घुम्न लैजाने भनी १५ महिने दुधे बालकसहित लु.६२ प १४०१ नं को मोटर साइकलमा लिएर गएका थिए। कोटहीमाई गाउँपालिका-१ पतिजिया सिपवास्थित झलुनीपुरदेखि मर्चवार जाने बाटोमा इलाका प्रहरी कार्यालय लुम्बिनीका इन्सपेक्टरको नेतृत्वमा गएको गस्ती टोलीलाई आफ्नो पत्नीलाई लु.२ च.१५१७ नं को गाडीले ठक्कर दिई पेस्तोल देखाएर पत्नीको गरगहनासमेत लुटेर लगेको बताएका थिए। प्रहरीले पीडित लोधलाई उपचारका लागि प्रहरीकै गाडीमा राखेर भीम अस्पताल, भैरहवामा पुऱ्याएकोमा अस्पतालले मृत घोषणा गरेको थियो। आरोपितले पीडितलाई मार्ने योजनाका साथ घटनास्थलमा लिएर आएको र मोटरसाइकल रोकी पिसाब फेर्ने बहाना बनाई छोरालाई सडक छेउमा रोकेको मोटरसाइकलमा राखी पत्नीलाई सडक छेउमा उभिन लगाएका थिए। मृतकको देवर राजेशकुमार लोधले दाजुसँग भएको सल्लाह

हत्या





मानव अधिकारमध्ये सबैभन्दा ठूलो अधिकार जीवनको अधिकार हो। तर, विभिन्न बहानामा मानिसहरूको हत्या हुने गरेको छ। यस वर्ष राज्यपक्षबाट ६ जना पुरुष तथा अन्यपक्षबाट १ सय ७६ जना महिला र १ सय ६० जना पुरुष गरी ३ सय ४२ जनाको हत्या भएको इन्सेकमा अभिलेख भयो।

घाइते



शारीरिक रूपमा घाइते हुनका लागि अन्य कुनै न कुनै घटना कारण बन्छ। शरीरमा घाउचोट लाग्नका लागि घटनास्थल वरिपरी मानिस स्वयम् उपस्थित हुन्छ। बम विष्फोट, गोली लागेर, दोहोरो झडप, कुटपिटलगायतका कारण मानिस घाइते हुन्छन्। सन् २०२१ मा देशभरका १ सय ३६ जना घाइते भएका घटना इन्सेकमा अभिलेख भयो। दोहोरो झडप, प्रहरीको गोली लागेर घाइते भएकाहरूको उपचार सरकारले निःशुल्क गर्ने भनिए पनि उपचार गर्ने वा खर्च लिने प्रक्रिया झञ्झटिलो भएको पीडितहरूले गुनासो गरे।

सन् २०२१ मा घटनाअनुसार पीडित सङ्ख्या

घटनाका आधारमा

	राज्यपक्ष			अन्यपक्ष			कुल जम्मा
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	
अपहरण				२०	१३	३३	३३
गिरफ्तार		३५	३५				३५
कुटपिट	४	२८	३२	४०	१९४	२३४	२६६
बाल अधिकार				१४७९	४३	१५२२	१५२२
हिरासतमा मृत्यु		५	५				५
अमानवीय व्यवहार	५	२	७	२	१५	१७	२४
घाइते	२	२८	३०	१५	९१	१०६	१३६
हत्या		६	६	१७६	१६०	३३६	३४२
जातीय विभेद				१२	१६	२८	२८
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	३९	३२४	३६३				३६३
धम्की		६	६	३	२७	३०	३६
यातना		३	३				३
महिला अधिकार	१		१	३४१६		३४१६	३४१७
कारागारमा मृत्यु	१	७३	७४				७४
बेपत्ता					१	१	१
कूल जम्मा	५२	५१०	५६२	५१६३	५६०	५७२३	६२८५

कुटपिट



हतियार प्रयोग गरी वा नगरी पनि एकले अर्कालाई कुटपिट गरेका घटना सार्वजनिक भइरहेका हुन्छन्। व्यक्तिगत कुटपिटका घटना त हाम्रो समाजमा दिनहुँजसो भइरहेका हुन्छन्। तर, कुटपिटका घटनामा सन् २०२१ मा राज्यपक्षबाट ३२ जना र अन्यपक्षबाट २ सय ३४ जना गरी २ सय ६६ जना पीडित भए। कुटपिटका कारण सामान्य घाइते हुने तथा अङ्गभङ्ग हुनेसम्मका घटना अभिलेख गरिएको छ। मानिसमा तत्काल आउने रिस र आवेगलाई नियन्त्रण गर्न नसक्दा कुटपिटका घटना हुन्छन्। एकले अर्काको कुरा राम्रोसँग सुन्ने गरे यस्ता घटनामा कमी आउँछ। इन्सेकमा अभिलेख भएका यस्ता धेरै घटना मेलमिलाप गरेर टुङ्ग्याइएको पाइयो।

बाल अधिकार





नेपालको जनसङ्ख्याको ठूलो हिस्सा बालबालिकाको छ । बालबालिकामाथि विविध किसिमका शोषण विद्यमान छ । शारीरिक रूपमा पनि बालबालिका वयष्क भन्दा कमजोर हुन्छन् । सोच्ने शक्ति पनि क्रमश विकास हुँदै गरेको अवस्थाले गर्दा ठिकबेठिक छुट्याउन पनि बालबालिकालाई गान्हो हुन्छ । जन्मँदै हत्या गर्ने, बेचबिखन तथा ओसार पसार, बालश्रम जस्ता घटना त अझै कति समाजमै लुकाइएको होला । तर, हाम्रो अभिलेखमा आएका यस्ता घटनामा १ हजार ५ सय २२ जना पीडित भए । त्यसमध्ये सबैभन्दा बढी १ हजार ४३ जना बालिका बलात्कारका घटनाबाट पीडित भए । बलात्कार तथा यौन दुर्व्यवहारजस्ता संवेदनशील धेरै घटना अदालतमा विचाराधीन हुनुले न्यायिक निकायले न्याय निरूपणमा तदारूकता देखाउनु पर्ने आवश्यकता देखिन्छ ।

अनुसार भारतीय नं प्लेटको युपी ५५ एन ८५९८ नं. को गाडीले भाउजुलाई ठक्कर दिएको र भुईंमा ढलपछि दुई तीन पटक शरीरमा गाडी चढाएर हत्या गरेको अनुसन्धानका क्रममा पत्ता लागेको जिल्ला प्रहरी कार्यालयका डिएसपी सत्यनारायण थापाले बताए। आरोपितले पीडितलाई पटक पटक कुटपिट गर्ने गरेको, र घटना हुनु अघिल्लो दिन पनि घरायसी झैझगडा भएको थियो। मृतकको नाममा गरिएको बीमा रकम पाउने आशा र घरायसी विवादको कारण घटना भएको डिएसपी थापाले बताए। शवको फागुन १६ गते भीम अस्पताल, भैरहवामा पोष्टमार्टम गरी परिवारलाई बुझाइएको प्रहरीले जनायो। जिल्ला अदालत रुपन्देहीले आरोपितद्वयलाई चैत १० गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो।

महिलाविरुद्ध हुने हिंसाका घटनालाई गम्भीर प्रकारको मानवीय अपराधको रूपमा स्वीकार गरिएको भए पनि महिला र पुरुषबीच रहेको असमान शक्ति सन्तुलन, उत्पादन र वितरण प्रणालीमाथिको पहुँच र नियन्त्रण तथा कानुनको कमजोर कार्यान्वयन अवस्था रहिरहेसम्म ज्यादतीको यो क्रम रोकिने छैन।

मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि तथा नीतिगत व्यवस्था अनुकूल राज्यले नागरिकका आधारभूत अधिकार सुनिश्चित गर्न प्रतिकार्य संयन्त्रको क्षमता, स्रोत तथा संरक्षणमैत्री शासकीय प्रणाली सुनिश्चित गर्दै अधिकार उल्लङ्घन हुने क्रम घटाउने तथा अधिकार उल्लङ्घन र ज्यादती पीडितको न्यायमा पहुँच स्थापना गर्दै छिटो न्याय सुनिश्चित गर्न जरुरी भएको छ। महिलाविरूद्धको अन्याय, विभेद र हिंसाको दुष्चक्र अन्त्य गर्न सशक्त नागरिक आवाज र जिम्मेवार तथा जबाफदेही कानुन कार्यान्वन गर्ने निकाय तथा न्याय प्रणालीको र उत्थानशील संरक्षण संयन्त्र आजको आवश्यकता बनेको छ।

हिरासत र जेलभित्र शङ्कास्पद मृत्युका घटना र अनुत्तरित प्रश्न

इन्सेकको अभिलेख अनुसार पछिल्लो पाँच वर्षमा हिरासतमा हुने मृत्युका घटनामा शङ्कास्पद प्रवृत्तिहरू देखिएका छन्। सशस्त्र द्वन्दको समयपश्चात घट्दो क्रममा रहेको हिरासतमा हुने मानव अधिकार उल्लङ्घन तथा अनुत्तरदायी अभ्यासहरू क्रमशः प्रकट हुँदै जानु गम्भीर विषय हो। इन्सेकको तथ्याङ्क अनुसार विगत पाँच वर्षमा हिरासतमा मृत्यु हुनेहरूको सङ्ख्या १९ रहेको छ। जातीय विभेद, संरचनागत नियन्त्रण र विपन्नताका कारण राज्यले हिरासतमा थुनुवामाथि गर्ने व्यवहार कानुनको प्रबन्ध भन्दा अतिरिक्त भएको आशङ्का उत्पन्न हुने घटनाहरूमा हालसम्म पारदर्शी छानविन र अभियोजन हुन नसक्नुले राज्यका निकायको कमजोर जबाफदेहिता समेत देखिएको छ।

यसवर्ष पाँच जना थुनुवाको हिरासतमा मृत्यु भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये २० प्रतिशत दलित वर्गका व्यक्ति रहेको पाइयो। तथ्याङ्कले सङ्केत गरेको यस्तो प्रवृत्तिले हिरासतमा हुने मृत्युका घटनामा समाजको शक्तिशाली समूहको स्वार्थका लागि नियन्त्रणमा लिएका व्यक्तिहरूलाई अपराध कबुल गराउन प्रहरीले चरम शारीरिक-मानसिक यातना दिने गरेको भनेर सार्वजनिक सञ्चारका माध्यमले प्रस्तुत गरेको दावीलाई थप बल पुगेको छ। हिरासतभित्र मृत्यु भएको घटनामा निष्पक्ष छानबिन नहुनु, घटनामा दोषी पत्ता लगाउने र कारबाहीको प्रक्रिया सुनिश्चित नहुनु मानव अधिकार संरक्षणको गम्भीर चुनौती हो।

बाह्रबीसे नगरपालिका-७ घुम्थाङ घर भई बाह्रबीसे इलाका प्रहरी कार्यालयको हिरासतमा रहेका ३२ वर्षीय खड्गबहादुर तामाङको ०७८ साउन २२ गते मृत्यु भयो। उनलाई चोरीको आरोपमा साउन १८ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा राखेको थियो। हिरासतमा रहँदा खाना नखाने, असामान्य गतिविधि गर्ने र स्वास्थ्य अवस्था कमजोर भएपछि तामाङलाई प्रहरीले बाह्रबीसे प्राथमिक स्वास्थ्य केन्द्रमा उपचारको लागि लगेको थियो। प्रहरीले साउन २१ गते दिउँसो प्राथमिक स्वास्थ्य केन्द्र, बाह्रबीसेमा उपचारका लागि ल्याउँदा 'लुगा फुकालेर जिउ नहेरेको, तर हातको औंलाहरूमा नीलडाम र घाउहरू भएको' प्राथमिक स्वास्थ्य केन्द्रकी डाक्टर अनुपमा थापाले बताइन्। डाक्टर थापाका अनुसार बिरामी सिकिस्त भएकाले थप उपचारका लागि धुलिखेल, अस्पताल लैजान रिफर गरिएको थियो। तर, प्रहरीले तामाङ सिकिस्त बिरामी भएपछि मात्र उपचारका लागि साउन २२ गते राति २ बजे आफन्तलाई समेत बोलाएर धुलिखेल अस्पताल लगेको थियो। धुलिखेल अस्पताल पुऱ्याउने बित्तिकै डाक्टरले मृत घोषणा गरेका थिए। राष्ट्रिय मानव अधिकार आयोग र इन्सेकले घटनाको स्थलगत अध्ययन गरे। इन्सेकको अध्ययन प्रतिवेदनले राज्यको सुरक्षामा रहेका व्यक्तिको मृत्यु हुनु प्रहरीको लापारबाही भएको औंल्यायो। मृतकले अत्यधिक मात्रामा मादक पदार्थ सेवन गर्ने गरेको र हिरासतमा रहँदा मादक पदार्थ सेवन गर्न नपाएर मृत्यु भएको

इलाका प्रहरी कार्यालयका इन्स्पेक्टर देवेन्द्रबहादुर शाहले बताए।

प्रहरी हिरासतमा मात्र होइन कारागारमा समेत कैदीबन्दीको जीवनमाथि असुरक्षा बढ्दै गएको देखिन्छ। यस वर्ष जेलभित्र ७४ कैदीबन्दीको मृत्यु भयो। जेल भित्र कैदीबन्दीमाथि यौन दुर्व्यवहारका घटना हुनु र त्यस्ता घटनामा राज्यका तर्फबाट आवश्यक छानविन नगरी गैरजिम्मेवारी प्रस्तुत गर्नुले मानव अधिकार संरक्षणमा गम्भीर चिन्ता पैदा गरेको छ। कारागारका चौकीदारको निर्देशनमा कारागारका नाइके र भाइ नाइकेहरूले कुटपिट गर्ने तथा यातना दिने एवम् अत्याचार गर्ने गरेको भन्दै कैदीबन्दी आन्दोलित भएपछि उत्पन्न झडपको निराकरण गर्ने गरी न्याय सुनिश्चित भएको छैन। यस्ता घटनाहरूले कारागारभित्र बढ्दै गएका मानव अधिकार उल्लङ्घनका प्रवृत्ति उद्घाटित गरको छ।

रौतहटको देवाही गोनाही नगरपालिका-७ बस्ने २५ वर्षीय लडाइ साहको शव जिल्ला कारागारमा रहेको ट्वाइलेटमा २०७८ मङ्सिर १ गते झुण्डिएको अवस्थामा फेला परेको र उपचारको क्रममा मृत्यु भएको घटना सार्वजनिक भयो। यस घटनाका सम्बन्धमा मानव अधिकार आयोग र इन्सेकले स्थलगत अनुगमन गरेका थिए। घटना शंकास्पद भएको र त्यससम्बन्धमा थप अनुसन्धान गर्न प्रहरीलाई मानव अधिकारकर्मीले आग्रह गरेका थिए।

प्रत्येक व्यक्तिलाई सम्मानपूर्वक बाँच्न पाउने हक नेपालको संविधानले सुनिश्चित गरेको छ। संविधानको पालना गर्ने राज्यका संयन्त्रले त्यसविरुद्धको कुनै पनि बहानामा गर्ने क्रियाकलाप दण्डनीय हुन्छन्। कुनै पनि व्यक्तिलाई गिरफ्तार भएको कारणसहितको सूचना नदिई राख्नु र स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट हुने स्वच्छ सुनुवाइको हकमाथि नियन्त्रण गर्दै स्वार्थ समूहको इशारामा प्रयोग भएर कानुन हातमा लिने क्रियाकलाप गर्नु मानव अधिकारको गम्भीर उल्लङ्घन हो। नेपालको संविधानले गिरफ्तार गरिएको वा थुनामा रहेको व्यक्तिलाई शारीरिक वा मानसिक यातना दिइने वा निजसँग निर्मम, अमानवीय वा अपमानजनक व्यवहार गर्नुलाई गैरकानुनी भनेको सन्दर्भलाई समेत सम्बद्ध निकायले लापरवाही गरेको देखिन्छ।

प्रहरीले अपराधको स्वीकारोक्तिका लागि कुनै कारणले बाध्य पार्न यातना दिएर वयान लिने वा सामाजिक संरचनाले विभेद गरेका अल्पसङ्ख्यक, सीमान्तकृत र दलित समुदायका आरोपितहरुले हिरासतमा भोगेको यातनाको सृङ्खला अन्त्य हुनु जरुरी छ। संयुक्त राष्ट्रसङ्घका चार जना विशेष प्रतिनिधिले अक्टोबर २०१९ देखि अगष्ट २०२० सम्म नेपालका हिरासतमा मृत्युका घटनामा भएको अनुसन्धान र पीडितको न्यायका सरोकारमा नेपाल सरकारलाई पत्र लेखेको विषयले पछिल्लो समयमा भएका यस प्रकृतिका घटनामा भएको मानव अधिकार उल्लङ्घनप्रति राज्यले तत्काल अनुसन्धान गरी पीडितको न्याय सुनिश्चित गर्नु पर्ने देखिन्छ।

कोभिड-१९ को महामारी र प्रतिकार्यका चुनौती

कोभिड-१९ सङ्क्रमण नियन्त्रणका लागि विश्वव्यापी रूपमा स्वीकार गरिएको बन्दाबन्दीले हिँडडुल लगायतका आधारभूत मानव अधिकारका विषयहरू व्यक्तिले उपभोग गर्न पाएनन्। त्यस्ता कतिपय नैसर्गिक अधिकारको उपभोग गर्नबाट वञ्चित हुनुलाई महामारी फैलन रोक्ने उपायका रूपमा व्यक्तिहरूले मौनतापूर्वक स्वीकार गरेको भए पनि महामारी पीडितहरूको स्वास्थ्य उपचार र महामारी नियन्त्रणका लागि विकास गरिएको खोपको पहुँचमाथि भएको असमानता र विभेदले गम्भीरता उत्पन्न भएको छ। स्वास्थ्य संस्थामा अक्सिजनको प्रवाह बन्द भएर, बेड नपाएर, समयमै अस्पताल नपुऱ्याइएर, भेण्टिलेटर तथा आइसीयु उपलब्ध नभएर सङ्क्रमितको मृत्यु भएको घटनाले स्वास्थ्य सेवामा भएको कमी कमजोरीलाई उजाग गऱ्यो।

गण्डकी प्रदेशकै सबैभन्दा ठूलो अस्पताल पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा उपचाररत कोभिड सङ्क्रमितको अक्सिजन अभावका मृत्यु हुनु पर्ने अवस्था सृजना भयो। अस्पतालमा २०७८ जेठ १३ गते रातिदेखि अक्सिजन अभाव हुँदा एक सुत्केरी महिलासहित ६ जना कोभिड-१९ सङ्क्रमितको मृत्यु भयो। अस्पतालमा एक्कासि अक्सिजनको अभाव भएको र हाइफ्लो अक्सिजन दिएर उपचार भइरहेका बिरामीले सोहीअनुसार अक्सिजन नपाउँदा उनीहरूको मृत्यु भएको थियो। मृत्यु हुनेमा अस्पतालमा उपचाररत तनहुँका तीन जना, म्याग्दी, पर्वत र स्याङ्जा जिल्लाका एक एक जना थिए।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, नेपालको संविधान, जनस्वास्थ्य सेवा ऐन, २०७५ तथा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धिले हरेक व्यक्तिको आकस्मिकलगायत सबै

सन् २०२१ मा घटनाअनुसार पीडित सङ्ख्या

प्रदेशका आधारमा

	प्रदेश १	मधेस प्रदेश	बागमति प्रदेश	गण्डकी प्रदेश	लुम्बिनी प्रदेश	कर्णाली प्रदेश	सुदूरपश्चिम प्रदेश	कूल जम्मा
अपहरण	४	२४	२		२	१		३३
गिरफ्तार	३	३	१०	६	३	७	३	३५
कुटपिट	४५	९८	८	८	३७	५३	१७	२६६
बाल अधिकार	३०५	२२३	४२४	११०	२९५	८४	८१	१५२२
हिरासतमा मृत्यु	२	१	१		१			५
अमानवीय व्यवहार		११	२	३	३	४	१	२४
घाइते	१२	२२		८	७६	४	१४	१३६
हत्या	६७	७३	६२	२६	४५	३५	३४	३४२
जातीय विभेद	१	६	३	४	२	१०	२	२८
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		५८	२१५	३३	३२	११	१४	३६३
धम्की	४	५		३	४	१४	६	३६
यातना	१	१			१			३
महिला अधिकार	४६८	२२८	३८९	३१०	१२८४	२०५	५३३	३४१७
कारागारमा मृत्यु	७	५	५७	२	१	२		७४
बेपत्ता							१	१
कूल जम्मा	९१९	७५८	११७३	५१३	१७८६	४३०	७०६	६२८५

स्वास्थ्य सेवा लिन पाउने अधिकार सुनिश्चित हुन नसकेका घटना अभिलेख भए। आमनागरिकको स्वास्थ्य अधिकारको सुनिश्चितताका लागि तीनै तहका सरकारको पहलकदमी पर्याप्त हुन सकेन।

विश्वव्यापीरूपमै कोभिड-१९ विरुद्धको खोपको पहुँचमा असमानता देखिएको भए पनि नेपाल सरकारले २०२१ को डिसेम्बर ३१ सम्म १ करोड ३ लाख ८४ हजार ८ सय ५१ जनालाई पूर्ण मात्रा खोप प्रदान गऱ्यो। यो वर्षको अन्त्यसम्म लक्षित जनसङ्ख्याको ५२.१ प्रतिशतले मात्रै पूर्ण मात्रा खोप पाएको तथ्याङ्कले खोपको पहुँचबाट लगभग आधा जनसङ्ख्या वञ्चित भएको देखिन्छ। सन् २०२१ मा ५ लाख ६७ हजार ४ सय १२ जना सङ्क्रमित भए। यस अवधिमा ९ हजार ७ सय ३० जना कोभिड सङ्क्रमितको मृत्यु भएको स्वास्थ्य मन्त्रालयको तथ्याङ्क छ। २०२१ जनवरी १ को कोभिड तथ्याङ्कमा २ लाख ५३ हजार १ सय ७ जना निको भएको उल्लेख छ। २०२१ डिसेम्बर ३१ को तथ्याङ्कमा निको हुनेको सङ्ख्या ८ लाख ११ हजार ९ सय ५८ रहेको छ।

सङ्क्रमणकालीन न्याय प्रक्रियामा पीडितका सरोकार यथावत

इन्सेकले तयार गरेको द्वन्द्वपीडित पार्श्वचित्रका अनुसार सशस्त्र द्वन्द्वका क्रममा १३ हजार २ सय ४८ जनाको हत्या र ९ सय ३१ जना बेपत्ता पारिए। संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालयद्वारा प्रकाशित 'नेपाल द्वन्द्व प्रतिवेदन २०१२' मा सशस्त्र द्वन्द्वका क्रममा मानव अधिकार तथा मानवीय कानुन उल्लङ्घनका १० हजार भन्दा बढी घटना भएको उल्लेख छ। १० वर्ष लामो सशस्त्र द्वन्द्वको अन्त्य भएको १५ वर्ष पूरा भएको छ। २०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौतामार्फत गरिएका प्रतिबद्धताहरूमध्ये द्वन्द्वपीडितका न्यायसम्बन्धी सवालहरू आजसम्म पनि सम्बोधन हुन सकेको छैन। द्वन्द्वपीडितको सरोकार तथा उनीहरूमाथि भएको अन्याय निरूपण, न्याय सुनिश्चितता, परिपूरण तथा संस्थागत सुधार गर्नेतर्फ यस वर्ष पनि ठोस प्रगति भएन।

द्वन्द्वकालीन समयमा भएका गम्भीर मानव अधिकार उल्लङ्घन, ज्यादतीलगायतका घटना निरूपणका लागि गठन गरिएका संरचनाहरूले प्रभावकारी परिणाम प्रस्तुत गर्न नसक्नुमा राजनीतिक दलले देखाएको गैरजिम्मेवारी दुःखद् पक्ष हो। सङ्क्रमणकालीन न्यायिक संयन्त्रले पीडित पक्ष र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार समुदायलाई विश्वास दिलाउने गरी आफ्नो कामप्रति भरोसा सिर्जना गर्न नसक्नुमा कानुनी तथा नीतिगत सुधारका लागि गर्नुपर्ने जिम्मेवारी पूरा नगर्नु र द्वन्द्व पीडितको भरोसा आर्जन गर्ने र समुदायका लागि विश्वसनीय आधार तयार गर्न राजनीतिक नेतृत्वले पहलकदमी नलिनु लज्जास्पद विषय हो। कानुन र नीतिगत सुधारका लागि अन्तर्राष्ट्रिय समुदाय तथा सर्वोच्च अदालतको आदेश कार्यान्वयन नहुनुले नेपाल सरकार तथा सङ्घीय संसदले द्वन्द्वको समयमा भएको अन्याय निरूपणप्रति उदासीनता देखाएको प्रष्ट हुन्छ।

राजनीतिक दलको नेतृत्वले जिम्मेवारीप्रति उत्तरदायित्व नदेखाएको भए पनि यस वर्ष द्वन्द्वकालीन घटनामा इन्सेकले गरेको मानव अधिकार प्रलेखको कार्य समेतको योगदानले दैलेखका पत्रकार डेकेन्द्र थापाको हत्याको घटनामा संलग्न मुख्य आरोपित मध्येका 'अरुण' भन्ने बमबहादुर खड्कासमेत तीन जनालाई दैलेख जिल्ला अदालतले ०७८ मङ्सिर २६ गते जन्मकैदको फैसला गरेको छ।

दैलेखका पत्रकार डेकेन्द्र थापा हत्याको १७ वर्षपछि सो घटनाका आरोपित दुल्लू नगरपालिका-६ छिउडीपुसाकोटका ४१ वर्षीय डम्बर खड्कालाई सो सजाय भएको हो। खड्कालगायत नौ जनाविरूद्ध उजुरी परेपछि गिरफ्तारीमा पर्ने डरले लुकीछिपी बस्दै आएका खड्कालाई दुई वर्षअघि प्रहरीले कैलालीबाट गिरफ्तार गरी दैलेख पठाएको थियो। दुल्लू नगरपालिका-६ का केशव खड्कालाई पनि जन्मकैदको फैसला भएको छ। अहिले पनि 'फरार' आरोपित बाँकेको कोहलपुर नगरपालिका-३ का भक्तिराम लामिछानेलाई तीन वर्ष कैदको फैसला भएको छ। अपहरणको ४५ दिनपछि थापाको हत्या भएको थियो। पत्रकार मारिएको भन्दै त्यसै बेला माओवादीको कडा आलोचना भएकाले माओवादीले थापालाई गाडिएको ठाउँ समेत गोप्य राखेको थियो।

शान्ति प्रक्रियापछि अनौचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र नेपाल पत्रकार महासङ्घको पहलमा मानव अधिकार आयोगले ०६५ साउन १३ गते नौमूले गाउँपालिका-३ द्वारीमा गाडिएको थापाको शव उत्खनन् गरेपछि न्यायिक प्रक्रिया सुरू भएको थियो। सशस्त्र द्वन्द्वकालीन समयको घटना भएकाले विस्तृत शान्ति सम्झौता अनुसार सत्य निरूपण तथा मेलमिलाप आयोगले हेर्नुपर्ने भन्दै माओवादी पक्षले दिएको दबाबका कारण मुद्दा अगाडि

बढेको थिएन।

मानव अधिकारकर्मी र पत्रकारहरूको निरन्तर दबाबपछि ०६९ पुस २० गते प्रहरीले आरोपित नौजनामध्ये निरकबहादुर घर्ती, हरिलाल पुन र जयबहादुर शाहीलाई गिरफ्तार गरी मुद्दा चलाएको थियो। गिरफ्तार भएकाहरूका सन्दर्भमा ०७१ मङ्सिर २१ गते तत्कालीन जिल्ला न्यायाधीश डिल्लीरत्न श्रेष्ठको इजलासले निरकबहादुर घर्ती, हरिलाल पुन र जयबहादुर शाहीलाई दुई/दुई वर्ष तथा लक्षिराम घर्तीमगरलाई १ वर्ष ६ महिना र बीरबहादुर केसीलाई एक वर्षको कैद सजाय सुनाएको थियो। प्रहरीका अनुसार उनीहरूले कैद भुक्तान गरिसकेका छन्।

इन्सेकले गरेको घटना अनुगमन र प्रलेखले न्याय प्रक्रियामा पुऱ्याउने योगदानले पीडितको न्यायप्रतिको आशा जीवितै राख्ने र गैरजिम्मेवारी प्रस्तुत गर्ने सरोकारवालाको दबाब सृजना हुने निश्चित छ। वर्ष पुस्तकले उठाएका मानव अधिकार संरक्षणका गम्भीर सरोकार सम्बोधन गर्न सम्बन्धित सबै सरोकारवालाहरूको ध्यानाकर्षणका हुनु जरुरी रहेको इन्सेकले महसुस गरेको छ।

मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा (UPR)

सन् २०२१ को जुलाइमा संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद्बाट विश्वव्यापी आवधिक समीक्षाको कार्यदलले गरेको सिफारिस बमोजिम प्राप्त २ सय ३३ सुझावमध्ये १ सय ९६ नेपाल सरकारले ग्रहण गर्दै कार्यान्वयनको प्रतिबद्धता जाहेर गऱ्यो। प्राप्त सुझावमध्ये ३७ वटा सुझाव तत्काल कार्यान्वयन गर्न अस्वीकार गऱ्यो। यसैवर्षको जनवरी २१ मा भएको समीक्षामा नेपालको मानव अधिकार अवस्थासम्बन्धी तेस्रो चरणको समीक्षा सम्पन्न भएको थियो। यस वर्ष शान्तिप्रक्रिया, न्याय र संस्थागत सुधारसँग सम्बन्धित २६ प्रतिशत, लैङ्गिक समानतासम्बन्धी १८ प्रतिशत, आर्थिक वृद्धि र सम्मानित कामसम्बन्धी १२ प्रतिशत, असमानता र विभेद न्यूनीकरण सम्बन्धमा आठ प्रतिशत र गुणस्तरीय शिक्षासम्बन्धी सात प्रतिशत सुझाव रहेका छन्।

सन् २००८ मा स्थापना भएको यूपीआर का लागि नेपाली गैरसरकारी संस्थाहरूको सञ्जाल (NGO Coalition for UPR) ले सन् २०११, २०१५ र २०२० मा नागरिक संस्थाका तर्फबाट प्रतिवेदन पेस गरेको थियो। चार सय ४० ओटा संस्था सदस्य रहेको यस सञ्जालका तर्फबाट इन्सेकले सुझाबहरूको कार्यान्वयनको अवस्था अनुगमन गर्ने र स्वीकार गर्न बाँकी रहेका सुझाबका क्षेत्रमा थप कार्य गर्न नेपाल सरकारसँग आग्रह गर्दै आएको छ।

नागरिक संस्थाको प्रतिवेदनमा नेपालको समग्र मानव अधिकार अवस्था, महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मुस्लिमलगायत अन्य पछाडि पारिएका वर्ग, लैङ्गिक अल्पसङ्ख्यक, मधेस, हरूवा चरुवा समुदायको मानव अधिकारको अवस्थाकासम्बन्धी विषयमा आवश्यक सुझाव र अवस्थाको चित्रण गरिएको थियो। प्रतिवेदनमा राष्ट्रिय मानव अधिकार संस्था, मानव अधिकार रक्षक, गैरन्यायिक हत्या, स्वेच्छाचारी गिरफ्तारी, सङ्क्रमणकालीन न्यायको अवस्था लगायतका विषयमा नेपालको स्थिति प्रकाश पार्दै विभिन्न सिफारिसहरू गरिएको थियो। पहिलो चक्रदेखि नै राज्यले सङ्क्रमणकालीन न्याय सरोकारित सुझाव स्वीकार गरे पनि कार्यान्वयनमा उल्लेख्य प्रगति हुन सकेको छैन।

पाचौँ राष्ट्रिय मानव अधिकार कार्ययोजना

मानव अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय महासन्धिहरूको पक्षराष्ट्र भएपछि ती महासन्धिहरूको कार्यान्वयन गर्न संयुक्त राष्ट्रसङ्घले विभिन्न प्रकृया प्रयोगमा ल्याउने क्रममा क्रममा कल्याणकारी, आवश्यकतामुखि हुँदै अधिकारमुखि अवधारणाको विकास हुन थाल्यो। फलस्वरूप सन् १९९३ मा मानव अधिकार राष्ट्रिय कार्ययोजनाको आरम्भ भएको पाइन्छ। राष्ट्रिय कार्ययोजनाको आधारभूत उद्देश्य भनेको देशको स्रोत साधनको अधिकतम सदुपयोग गरी मानव अधिकारको संवर्द्धन र संरक्षण गर्दै प्रभावकारी कार्यान्वयन गर्नु नै हो। अष्ट्रियाको राजधानी भियनामा सन् १९९३ को राष्ट्र सङ्घीय विश्व मानव अधिकार सम्मेलनबाट संयुक्त राष्ट्र सङ्घका सदस्य राष्ट्रहरूलाई आफ्नो देशको आवश्यकता र श्रोत साधनले भ्याउन सक्ने गरी मानव अधिकार राष्ट्रिय कार्ययोजना बनाई प्रभावकारी रूपमा लागू गर्न आह्वान गरिएपछि नेपालले पनि यो दायित्व पूरा गर्न आ.व.२०६१/०६२ देखि मानव अधिकार राष्ट्रिय कार्ययोजना तर्जुमा गरी लागू गर्न थालेको हो।

२०७७-२०७८ देखि २०८०-२०८१ सम्मका लागि लागु भएको पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजनामा शिक्षा, स्वास्थ्य, पोषण तथा जनसङ्ख्या, श्रम तथा रोजगार, संस्कृति, कानुनी तथा न्याय-प्रशासन, वातावरण र दिगो विकास, महिला, अपाङ्गता, ज्येष्ठ नागरिक र यौनिक तथा लैङ्गिक

महिला अधिकार



सरकारी तथा गैरसरकारी संस्थाले महिलामाथि हुने हिंसाका घटनाको न्यूनीकरणका लागि गरेका अनेक प्रयासका बाबजुद नेपालमा महिलामाथि हुने हिंसाका घटनामा कुनै कमी आएको छैन । चाहे त्यो घरेलु हिंसाका नाममा होस् वा बलात्कारका घटना । यसैगरी 'बोक्सी'को आरोपमा महिलामाथि दुर्व्यवहार हुने क्रम रोकिएको छैन । सन् २०२१ मा महिला अधिकारका घटनामा राज्यपक्षबाट एक जना र अन्यपक्षबाट ३ हजार ४ सय १६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो । नेपाल प्रहरीको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा सयौँको सङ्ख्यामा घरेलु हिंसापीडित महिलाले उजुरी गर्ने गरेका छन् । प्रहरीकै तथ्याङ्कलाई आधार मान्ने हो भने घरेलु हिंसाका अधिकांश घटनामा मेलमिलाप हुने गरेको छ। आर्थिक उपार्जनको कुनै बाटो नभएका महिला बाध्यभएर आफूमाथि कुटपिट गर्ने पति र परिवाजनका सदस्यसँग मेलमिलाप गर्न बाध्य हुन्छन् । गम्भीर प्रकारका हिंसाका घटनामासमेत मेलमिलाप भएका उदाहरण इन्सेकमा प्रशस्तै अभिलेख भए ।

हिरासतमा मृत्यु



यस वर्ष प्रहरी हिरासतमा पाँच जनाको मृत्यु भएको अभिलेख भयो । हिरासतमा भएका मृत्युका घटनाप्रतिको जिम्मेवारी कसैले लिएको पाइएन । हिरासतमा हुने यस्ता घटनाको प्रवृत्ति गत वर्ष भन्दा बढी हुनु सुखद् विषय होइन । यसतर्फ सरोकारवालाको ध्यान जानु जरुरी छ।

अल्पसङ्ख्यक, सिमान्तकृत वर्गका अधिकारलाई नेपालको अन्तर्राष्ट्रिय दायित्वको कार्यान्वयन, खाद्य सुरक्षा, सङ्क्रमणकालीन न्याय र द्वन्द्वपीडित, मानव अधिकार शिक्षा, समावेशी विकास, बालबालिका, आवास, सामाजिक सेवा र सुरक्षा, सर्वोच्च अदालतको फैसला र राष्ट्रिय मानव अधिकारको सिफारिस कार्यान्वयन, हिरासत तथा कारागार सुधार र मानव अधिकार संस्थाको विकास गर्दै ती संस्थाको स्वायत्ततासहित संस्थागत सुदृढीकरण लगायतका विषयहरू समावेश गरिएका छन्।

मानव अधिकार रक्षकका सवाल

नेपालमा मानव अधिकार रक्षक विशेषत पत्रकारहरू पेशागत कामका सिलसिलामा जोखिममा पर्ने गरेका छन्। सन् २०२१ मानव अधिकार रक्षकमाथि दुर्व्यवहारका घटनामा २ सय पीडित भए। जसमध्ये पत्रकारको सङ्ख्या ३२ थियो। नेपालमा मानव अधिकार रक्षकमाथि हुने अधिकांश घटनाका आरोपितविरुद्ध उजुरी गरिएको भए पनि अधिकांश घटना मिलापत्रमा टुङ्गिने गरेको छ। नेपालमा मानव अधिकार रक्षकहरूको संरक्षणका लागि छुट्टै कुनै कानुनी वा संस्थागत संयन्त्र नभएको अवस्थामा आमनागरिकले नेपालका नागरिकसरह पाउने संरक्षण र अधिकार नै मानव अधिकार रक्षकहरूको अधिकार का रूपमा लिनुपर्ने अवस्था छ। नेपालको संविधान, नागरिक अधिकार ऐन, सरकारी मुद्दासम्बन्धी ऐन, कानुन व्यवसायी परिषद् ऐन, समाज कल्याण परिषद् ऐन, संस्था दर्ता ऐन, ट्रेड युनियन अधिकारका सम्बन्धमा ट्रेड युनियन ऐन, श्रम ऐन र अन्य कानुनहरूमा नागरिकका यस्ता अधिकारको व्यवस्था गरिएको छ। राष्ट्रिय मानव अधिकार आयोगको 'मानव अधिकार रक्षकहरूसम्बन्धी मार्ग निर्देशिका, २०६९', राष्ट्रिय मानव अधिकार आयोगको कानुनलगायत अन्य मानव अधिकार निकायहरूका कानुनहरू पनि मानव अधिकार रक्षकको अधिकार संरक्षणका लागि उपयोग गर्न सकिने अवस्था रहेको छ। त्यसै गरी विभिन्न पेसागत समुदायको कानुन तथा निर्देशिकाहरू पनि पेसागत हकहितका लागि उपयोगी रहेका छन्।

राज्य र मानव अधिकार

न्यायपालिका

सन् २०२१ मा कोभिड-१९ को दोस्रो लहर बाट विश्व नै प्रभावित भयो। लाखौँको सङ्ख्यामा मानिसहरूले मृत्युवरण गर्नु पऱ्यो। गत वर्षजस्तै यो वर्षको सुरूआतबाट नै कोभिडले असर गरेको थियो। निषेधाज्ञाले न्यायालयको काम प्रभावित भयो। यस्तो अवस्थामा सर्वोच्च अदालतले उच्च अदालतहरू तथा जिल्ला अदालतहरूमा बन्दीप्रत्यक्षिकरण, बाल सुधारगृहका निबेदन उपर र पक्राउ पुर्जी अनुमति र समर्थनसम्बन्धी कार्यमात्र गर्ने गराउने विशेष निर्णय गरेको थियो। कोभिड-१९ को माहामारीको कारणले उत्पन्न निषेधाज्ञामा अवस्थामा पनि स्वास्थ्यको हक, नि:शुल्क स्वास्थ्य परीक्षण, खोपको सर्वसुलभता र कोरोना बीमा रकम भुक्तानी सम्बन्धमा सर्वोच्च अदालत तथा उच्च अदालतहरूले विभिन्न निर्देशन तथा फैसलाहरू गरे। सर्वोच्च अदालतको पूर्ण बैठकले मौलिक हक लगायत महत्त्वपूर्ण सेवा सुचारू राख्नका लागि अदालतमा नयाँ प्रविधिको प्रयोग गर्दै 'भर्चुअल' माध्यमलाई पनि सुनुवाइ प्रकृयामा आधिकारिता दियो। यसवर्षको उल्लेख्यनीय आदेश प्रतिनिधि सभा विघटन बदर र प्रधानमन्त्री बनाउन सर्वोच्च अदालतको आदेश कुनै पक्षले स्वागत गऱ्यो भने अर्कोपक्षले विरोध गऱ्यो। सर्वोच्च अदालतको प्रधानमन्त्री बनाउने परमादेशले प्रधानमन्त्री चुन्ने संसदको अधिकारमा न्यायपालिकाले हस्तक्षेप गरेको जस्ता विषय पनि चर्चामा रह्यो।

कार्यपालिका

मानव अधिकारको प्रत्याभूति गर्ने जिम्मेवारी कार्यपालिकाको नेतृत्वका हैसियतमा नेपाल सरकारले पूरा गर्नुपर्ने हुन्छ। राज्यले नागरिक अधिकारको रक्षा, विकास र सुनिश्चितताका लागि गर्ने कार्यहरूका लागि सङ्घीय सरकार, प्रदेश र स्थानीय तहका सरकार हरूले संवैधानिक उतरदायित्व बहन गर्नुपर्ने व्यवस्था उल्लेख गरेको छ। आवश्यकताका आधारमा कानुन बनाउन वा संशोधन गर्न व्यवस्थापिकामा सिफारिस गर्ने र विद्यमान कानुनहरूको कार्यान्वयन सुनिश्चित गर्नाले मानव अधिकारको अवस्थामा सुधार ल्याउन सकिन्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र र अन्य महासन्धि तथा अनुबन्धद्वारा सृजना गरिएका प्रबन्धहरूको पालना तथा आवधिक प्रतिवेदनमार्फत अन्तर्राष्ट्रिय मञ्चमा नेपालको मानव अधिकार अवस्थाको ऐना प्रस्तुत गर्ने जिम्मेवारी कार्यपालिका हो।

व्यवस्थापिका

राजनीतिक दलभित्रको खिचलोका कारण यो वर्ष संसदका काम कारबाही प्रभावकारी हुन सकेनन्। संसदमा उठेको विषयले महत्त्व नपाउने र

उठेका विषयको सम्बोधन भएनन्। बरू संसद् छलेर अध्यादेश ल्याउने कार्यले प्रश्रय पायो। लामो समयदेखि विचाराधीन अवस्थामा रहेका विधेयकहरू अलपत्र नै रहे। संसदमा हुने न्यून उपस्थिति, सांसद् विकास कोष, लामो समयसम्मको अवरोधजस्ता विषय यो वर्ष पनि आलोच्य रह्यो। संसदीय समितिहरूले निर्देशन दिने तर सम्बन्धित निकायले त्यसको परिपालना नगर्ने परिपाटी कायम रहँदा संसदीय समितिहरूले गरेका निर्देशन र निणर्यहरूको औचित्यमाथि प्रश्न उठ्यो।

पाँच वर्षका लागि निर्वाचित संसद दुईपटक विघटन गरियो। जसरी २०४८ सालपछिका संसद् राजनीतिक दाउपेचको शिकार भएका थिए यसपटक पनि यही नियति दोहोरियो।

सन् २०२१ र मानव अधिकार उल्लङ्घनः तथ्य र तथ्याङ्क

इन्सेकले गरेको अभिलेखअनुसार सन् २०२१ मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ६ हजार २ सय ८५ जना पीडित भए। सन् २०२० मा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ५ हजार ५ सय ४३ जना पीडित भएका थिए। यसवर्ष मानव अधिकार उल्लङ्घनका घटनामा ५२ महिला र ५ सय १० पुरुष गरी जम्मा ५ सय ६२ जना तथा ज्यादतीका घटनामा ५ हजार १ सय ६३ महिला र ५ सय ६० जना पुरुष गरी जम्मा ५ हजार ७ सय २३ जना पीडित भएको अभिलेख भयो। यो सङ्ख्या गत वर्षभन्दा ७ सय ४२ जनाले बढी हो।

यस वर्ष राज्यपक्षबाट ६ जनाको हत्या भयो। यातनाका घटनामा तीन जना, गिरफ्तारीका घटनामा ३५ जना, जातीय विभेदका घटनामा २८ जना, अमानवीय व्यवहारका घटनामा २४ जना, भेला तथा सङ्गठित हुने अधिकारमा ३ सय ६३ जना, धम्कीका घटनामा ३६ जना र कुटपिटका घटनामा २ सय ६६ जना पीडित भएको अभिलेख भयो।

महिलामाथि हुने सबै प्रकारका दुर्व्यवहार

सन् २०२१ मा महिलामाथि हुने हिंसाका घटनामा ३ हजार ४ सय १७ जना पीडित भएको अभिलेख भयो। यस वर्ष बेचविखनका प्रयासका घटनामा १६ जना, घरेलु हिंसाका घटनामा २ हजार ९५ जना, कथित बोक्सीको आरोपमा ३१ जना, बलात्कारका घटनामा ६ सय ४९ जना, बलात्कार प्रयासका घटनामा १ सय ७७ जना, यौन दुर्व्यवहारको घटनामा ६१ जना र बेचबिखनका घटनामा ४२ जना महिला पीडित भएको अभिलेख भयो।

यस वर्ष परिवाजनबाट १ सय १२ जना महिलाको हत्या भयो। गत वर्ष यो सङ्ख्या १ सय २ थियो। भनेजति दाइजो नल्याएको आरोपमा ६ जना महिलाको हत्या भयो भने सोही कारणले १० जना महिलामाथि हिंसा भएको अभिलेख भयो। परिवारजनबाट महिला मारिएका केही घटनामा पीडितपक्षले हत्याको आरोप लगायो भने आरोपित पक्षले आत्महत्या गरेको भनी बताएको पाइयो।

नेपालको संविधानको धारा ३८ को उपधारा ३० ले महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै पनि आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमका हिंसाजन्य कार्य वा शोषण गर्न नपाइने कुरा उल्लेख छ। महिलामाथि हुने घरेलु हिंसा नियन्त्रण कसुर सजाय ऐन २०६६ जारी भई लागु भएको छ। सामाजिक, सांस्कृतिक मान्यतामा आधारित कुरीतिजन्य अभ्यासका कारण महिलाहरू हिंसाको दुष्चक्रबाट बाहिर निस्कन सकेका छैनन्। कथित बोक्सीको आरोपमा हुने हिंसा, महिनावारी भएको बेला गरिने विभेद, दाइजोका कारण गरिने मानसिक तथा शारीरिक यातना, बालविवाहजस्ता घटनामा महिला पीडित हुँदै आएका छन्। सडक यातायातको पहुँच नपुगेका दुर्गम भेगका गर्भवती महिलाहरूको उद्दार गरी सुविधायुक्त स्वास्थ्य संस्थामा पुऱ्याउने कार्यको शुरुआत भयो। यस कार्यक्रमले कयौँ महिलाको जीवन जोगाउन मद्दत पुगेको इन्सेकले अभिलेख गऱ्यो।

परिवारजनबाट महिलामाथि हुने घरेलु हिंसाका उजुरी हरेक वर्ष बढ्ने गरेको छ। कतिपय बेला परिवारजनबाट महिलामाथि हुने घटनालाई परिवारमै गुपचुप राख्ने वा गाउँ समाजमै मिलाइन्छ। धेरैजसो घटनामा महिलाकै दोष देखाएर आरोपितलाई उन्मुक्ति दिने कार्य पनि भइरहेका छन्। प्रहरी कार्यालयसम्म पुगेका उजुरीलाई मेलमिलापका नाममा सामसुम पार्ने कार्य हुँदै आएको छ।

बाल अधिकार

यस वर्ष बालअधिकार उल्लङ्घनका घटनामा १ हजार ५ सय २२ जना पीडित भए। जसमध्ये बलात्कारका घटनामा १ हजार ४३ जना, यौन दुर्व्यवहारको घटनामा ३ सय ८३ जना, र विद्यालयमा शारीरिक सजाय दिइएका घटनामा १५ जना बालबालिका पीडित भएको इन्सेकमा अभिलेख भयो। देशका कर्णधार वा भविष्य भनिने बालबालिकामध्ये कैयन् वर्तमानमै असुरक्षित छन्। बालश्रम, बालबालिका

सन् २०२१ मा प्रदेश १ अन्तर्गतका स्थानीय तहमा भएका घटनाअनुसार पीडित सङ्ख्या



यो वर्ष प्रदेश १ का कूल १ सय ३७ स्थानीय तहमध्ये आठ स्थानीय तहमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेख भएनन्। इटहरी उमनपामा सबैभन्दा बढी ३६ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। १ सय ५ स्थानीय तहमा एकदेखि १० जना पीडितको अभिलेख भयो। १४ स्थानीय तहमा ११ देखि २० जना पीडितको अभिलेख भयो। ६ स्थानीय तहमा २१ देखि २९ जना पीडितको अभिलेख भयो। ३० जनाभन्दा बढी पीडित भएका चार स्थानीय तह रहे। प्रदेश १ मा राज्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा ३० जना र अन्य पक्षबाट भएका मानव अधिकार ज्यादतीका घटनामा ८ सय ८९ जना पीडित भए।

सन् २०२१ मा मधेस प्रदेशअन्तर्गतका स्थानीय तहमा भएका घटनाअनुसार पीडित सङ्ख्या



मधेस प्रदेश

- 0
- १–१०
- ११–२०
- २१–३०
- ३०+
- राष्ट्रिय निकुञ्ज/संरक्षित क्षेत्र

यो वर्ष मधेस प्रदेशका कूल १ सय ३६ स्थानीय तहमध्ये १४ स्थानीय तहमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेख भएनन्। बीरगंज मनपामा सबैभन्दा बढी ५२ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। १ सय १९ ओटा स्थानीय तहमा एकदेखि २० जना पीडितको अभिलेख भयो। एक स्थानीय तहमा २१ देखि ४० जना पीडितको अभिलेख भयो। दुई स्थानीय तहमा ४१ देखि ६० जना पीडितको अभिलेख भयो। ६० जनाभन्दा बढी पीडित भएका चार स्थानीय तह रहे। मधेश प्रदेशमा राज्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा ८६ जना र अन्य पक्षबाट भएका मानव अधिकार ज्यादतीका घटनामा ६ सय ७२ जना पीडित भए।

सन् २०२१ मा बागमती प्रदेशअन्तर्गतका स्थानीय तहमा भएका घटनाअनुसार पीडित सङ्ख्या



यो वर्ष बागमती प्रदेशका कूल १ सय १९ स्थानीय तहमध्ये १४ स्थानीय तहमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेख भएनन्। काठमाडौँ मनपामा सबैभन्दा बढी ४ सय १७ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। ९६ स्थानीय तहमा एकदेखि २० जना पीडितको अभिलेख भयो। सात स्थानीय तहमा २१ देखि ४० जना पीडितको अभिलेख भयो। एक स्थानीय तहमा ४१ देखि ६० जना पीडितको अभिलेख भयो। ६० जनाभन्दा बढी पीडित भएका एक स्थानीय तह रहे। बागमती प्रदेशमा राज्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा २ सय ८३ जना र अन्य पक्षबाट भएका मानव अधिकार ज्यादतीका घटनामा ८ सय ९० जना पीडित भए।

सन् २०२१ मा गण्डकी प्रदेशअन्तर्गतका स्थानीय तहमा भएका घटनाअनुसार पीडित सङ्ख्या



यो वर्ष गण्डकी प्रदेशका कूल ८५ स्थानीय तहमध्ये १५ स्थानीय तहमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेख भएनन् । पोखरा मनपामा सबैभन्दा बढी ९१ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो । ६८ स्थानीय तहमा एकदेखि २० जना पीडितको अभिलेख भयो । ६० जनाभन्दा बढी पीडित भएका दुई स्थानीय तह रहे । गण्डकी प्रदेशमा राज्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा ४९ जना र अन्य पक्षबाट भएका मानव अधिकार ज्यादतीका घटनामा ४ सय ६४ जना पीडित भए ।

सन् २०२१ मा लुम्बिनी प्रदेशअन्तर्गतका स्थानीय तहमा भएका घटनाअनुसार पीडित सङ्ख्या



यो वर्ष लुम्बिनी प्रदेशका कूल १ सय ९ स्थानीय तहमध्ये ६ ओटा स्थानीय तहमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेख भएनन् । बुटवल उमनपामा सबैभन्दा बढी २ सय ४ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो । ७६ स्थानीय तहमा एकदेखि २० जना पीडितको अभिलेख भयो । १८ स्थानीय तहमा २१ देखि ४० जना पीडितको अभिलेख भयो । चार स्थानीय तहमा ४१ देखि ६० जना पीडितको अभिलेख भयो । ६० जनाभन्दा बढी पीडित भएका पाँच स्थानीय तह रहे। लुम्बिनी प्रदेशमा राज्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा ५९ जना र अन्य पक्षबाट भएका मानव अधिकार ज्यादतीका घटनामा १ हजार ७ सय २७ जना पीडित भए।

सन् २०२१ मा कर्णाली प्रदेशअन्तर्गतका स्थानीय तहमा भएका घटनाअनुसार पीडित सङ्ख्या



यो वर्ष कर्णाली प्रदेशका कूल ७९ स्थानीय तहमध्ये ११ स्थानीय तहमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेख भएनन् । वीरेन्द्रनगर नपामा सबैभन्दा बढी ३५ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो । ५५ ओटा स्थानीय तहमा एकदेखि १० जना पीडितको अभिलेख भयो । सात ओटा स्थानीय तहमा ११ देखि २० जना पीडितको अभिलेख भयो । दुई स्थानीय तहमा २१ देखि २९ जना पीडितको अभिलेख भयो । ३० जनाभन्दा बढी पीडित भएका दुई स्थानीय तह रहे। कर्णाली प्रदेशमा राज्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा ३४ जना र अन्य पक्षबाट भएका मानव अधिकार ज्यादतीका घटनामा ३ सय ९६ जना पीडित भए ।

सन् २०२१ मा सुदूरपश्चिम प्रदेशअन्तर्गतका स्थानीय तहमा भएका घटनाअनुसार पीडित सङ्ख्या



यो वर्ष सुदूरपश्चिम प्रदेशका कूल ८८ स्थानीय तहमध्ये आठ स्थानीय तहमा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेख भएनन्। धनगढी उमनपामा सबैभन्दा बढी १ सय ५६ जना पीडित भएका घटना इन्सेकले अभिलेख गऱ्यो। ७२ स्थानीय तहमा एकदेखि २० जना पीडितको अभिलेख भयो। ६ स्थानीय तहमा २१ देखि ४० जना पीडितको अभिलेख भयो। एक स्थानीय तहमा ४१ देखि ६० जना पीडितको अभिलेख भयो। ३० जनाभन्दा बढी पीडित भएका एक स्थानीय तह रहे। सुदूरपश्चिम प्रदेशमा राज्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनामा २१ जना र अन्य पक्षबाट भएका मानव अधिकार ज्यादतीका घटनामा ६ सय ८५ जना पीडित भए।

ओसारपसार, बेचबिखन, यौनजन्य हिंसा, शिक्षा र स्वास्थ्यको अवसरबाट वञ्चिती जस्ता बाल अधिकार हनन्बाट बालबालिका पीडित भएको इन्सेकको अभिलेखले दर्शाए। धेरैजसो विद्यालय भवन बालमैत्री छैनन्। छात्राहरूका लागि शौचालयको उचित व्यवस्था थिएन। अत्यन्त न्यून सङ्ख्यामा अपाङ्गमैत्री विद्यालय भेटिए। नि:शुल्क शिक्षाको विषय व्यवहारमा लागु भएको पाइएन। सामुदायिक विद्यालयले विभिन्न बहानामा शुल्क असुल गरेको पाइयो। *(हेर्नुहोस् यसै पुस्तकको जिल्लागत विवरणमा शिक्षाको अधिकार)।* यसबाहेक अन्य पक्षबाट पनि बालबालिका उत्तिकै हिंसाको चपेटामा परे *(हेर्नुहोस् तालिका)*

निष्कर्ष

यो वर्ष भूकम्पपछिको पुननिर्माण कार्य सम्पन्न भएको सरकारले जनायो। कोभिड-१९ को महामारी नियन्त्रणका लागि भन्दै सरकार र स्थानीय प्रशासनहरूले निषेध आदेश जारी गरे। निषेध आदेशसँगै कोभिड फैलने अन्य उपायहरूको निरूपण नगर्दा निषेध आदेश 'आदेश'मा मात्रै सीमित हुन पुग्यो। स्वास्थ्य सेवामा सबैको पहुँच हुने संवैधानिक व्यवस्थाको कार्यान्वयन हुन सकेन। एकातिर कोभिड सङ्क्रमितले अस्पतालमा भर्ना नपाउने र अर्कातिर अन्य बिरामी अस्पतालसम्म पुग्नै सकस हुने वातावरणको सिर्जना भयो। नीजि क्षेत्रले स्वास्थ्य उपचार गराएपनि महङ्गो शुल्क असुल्दासमेत सरकार मुकदर्शक भयो।

यो वर्ष कात्तिकमा बेमौसमी बाढी पहिरो बाट १ सयभन्दा बढी नागरिकको ज्यान गयो। विपत् पीडितको उद्दार, राहत, पुनर्स्थापना जस्ता काममा सरकारको ढिलासुस्ती विगत वर्षहरूमा झैँ रह्यो। विपत् पीडितको सहयताका लागि स्थानीयस्तरसम्म समितिहरू गठन गरिएको भए पनि त्यस्ता समितिहरूले स्रोतसाधन र सूचनाको अल्पताका कारण भरपर्दो सेवा दिन सकेन्न। बन्द रहेका शिक्षालयहरूबाट वैकल्पिक माध्यमको प्रयोग गरी अध्ययनअध्यापन गराउन नसक्दा शिक्षा प्राप्त गर्न पाउने अधिकारको संरक्षण हुन सकेन। अनलाइन शिक्षाको प्रभावकारितालाई बढाउन सरकारको पहल जरूरी देखियो।

मानव अधिकारको संरक्षण, संवर्द्धन र परिपूर्तिको काम सरकारले नै गर्ने हो। दण्डहीनताको अन्त्य गर्ने र कानुनी शासनको पालना गर्ने/गराउने दायित्व पनि सरकारकै हो। तर, यो वर्ष सरकारले यी सबै काममा उपलब्धि हासिल गर्न सकेन। द्वन्द्वपीडितहरूको पीडा आज पर्यन्त उस्तै हुनुमा सरकारको संवेदनशीलतामाथि नै प्रश्न उठेको छ।

राज्यपक्षबाट हुने मानव अधिकार उल्लङ्घनका घटनामा उल्लेख्य कमी आएको भए पनि अन्यपक्षबाट हुने उल्लङ्घन र ज्यादतीका घटनामा बढोत्तरी भयो। महिलामाथि हुने हिंसा न्यूनीकरणमा शून्य सहनशीलताको नीति राज्यले अपनाएको भनिए पनि चेतनाको अभाव र भएका कानुनहरूको प्रभावकारी कार्यान्वयन हुन नसक्दा महिलामाथि हुने हिंसाका घटनामा कमी आएन बरु हिंसाका भिन्न रूपहरू सार्वजनिक भए। प्रहरी हिरातमा हुने यातनाका घटना र आत्महत्याका घटनाप्रतिको जबाफदेहिता कमजोर देखियो। हिरासतमा आत्महत्या गरेका भने का घटनामा पीडित पक्षले यातनाका कारण मृत्यु भएको जनाउँदा र त्यसविरुद्ध उजुरी दिँदा पनि कारबाही प्रकृया अगाडि बढाइएको पाइएन।

सुझाव

- घरेलु हिंसासम्बन्धी कानुन परिमार्जन गरी यस्ता अपराधलाई सरकारवादी मुद्दाको श्रेणीमा राख्नुपर्ने।
- महिलामाथि हुने हिंसाका घटनाको द्रुत प्रकृयाबाट सुनवाइ गरी प्रभावकारी कारबाही प्रकृया अगाडि बढाउनु पर्ने।
- संयुक्त राष्ट्रसङ्घीय आवधिक समीक्षाका क्रममा नेपाललाई दिइएका सुझाव पालना गर्नुपर्ने।
- दण्डहीनता अन्त्य गर्न विगतमा भएका गम्भीर मानव अधिकार उल्लङ्घनका दोषीउपर कानुनी कारबाही आरम्भ गर्नुपर्ने।
- प्रहरी हिरासतमा हुने यातनाका घटनामा कमी ल्याउन प्रभावकारी कदम चाल्नुपर्ने।
- क्षमताभन्दा बढी कैदी बन्दी राखिएका कारण कारागारका कैदीबन्दीको अवस्था कष्टकर रहेको छ। कारागारको अवस्था सुधारका लागि आवश्यक कार्य गर्नुपर्ने।
- मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षाका क्रममा नेपाल सरकारलाई प्राप्त सुझावहरूको कार्यान्वयन गर्न छुट्टै संयन्त्र बनाउनुपर्ने।
- मानव अधिकारप्रतिको संचेतना जगाउन शिक्षा, सञ्चार र संस्कारसँग सम्बन्धित सबै क्षेत्रमा व्यापक अभियान सञ्चालन गर्नुपर्ने। यसका लागि राज्य, नागरिक तथा पेशागत सङ्गठन र अन्तर्राष्ट्रिय समुदायबीच अर्थपूर्ण सहकार्य हुनुपर्ने।

विजयराज गौतम
कार्यकारी निर्देशक

सबैले सोधौँ उनीहरू कहाँ छन् ?

नेपालमा नागरिक बेपत्ता पारिने क्रम सात दशकदेखि भएको अभिलेख पाइन्छ। आजभन्दा करिब ७० वर्ष अघिदेखि मानव अधिकार विरोधी यस्तो कार्य हुँदै आएको छ। फरक यत्तिमात्र हो कि कुनै कालखण्डमा केही कम नागरिक यस्तो ज्यादतीबाट पीडित भए भने कुनै कालखण्डमा अत्यधिक बढी। २०५२ सालमा सशस्त्र द्वन्द्वको शुरूवात भएपछि बेपत्ता पारिने क्रम शुरु भयो।

दण्डहीनताको संस्थागत प्रश्रयका कारण मानव अधिकार उल्लङ्घनका गम्भीर घटनाहरूका बारेमा पनि राज्य संयन्त्र पूर्णत: मौन रहने परम्परा अद्यावधि कायमै छ। सशस्त्र द्वन्द्व अवधिभर राज्यद्वारा नागरिकहरू बेपत्ता पार्ने कार्य भयो। अर्कातर्फ, विद्रोही नेकपा माओवादी पनि नागरिकहरूलाई अपहरण गरी बेपत्ता पार्ने कार्यमा अग्रसर रह्यो। द्वन्द्वरत दुवैपक्षले रणनीतिको रूपमा बेपत्ता र अपहरण जस्ता मानव अधिकार विरोधी कार्य गरे। सरकार र नेकपा माओवादीले २०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि सशस्त्र द्वन्द्वको औपचारिक रूपमा अन्त्य भयो। तर, सम्झौतामा उल्लेख भएबमोजिम बलपूर्वक बेपत्ता पारिएका मानिसहरूको अवस्था ६० दिनभित्र सार्वजनिक गरिने प्रतिबद्धताको कार्यान्वयनको प्रतीक्षामा रहेका पीडितका परिवारको आशा निराशामा परिणत हुँदै गएको छ। इन्सेकले प्रकाशन गरेको उनीहरू कहाँ छन् भाग ३ पुस्तकमा राज्यपक्षबाट र तत्कालीन विद्रोही पक्षबाट गरी बलपूर्वक बेपत्ता पारिएका ९ सय ३१ जनाको विवरण समाविष्ट छ।

इन्सेकले १९९२ देखि नै बर्सेनी नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत मुलुकमा भएको मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको अनुगमन प्रतिवेदनको सङ्क्षिप्त विवरण प्रकाशन गर्दै आएको छ। सशस्त्र द्वन्द्व होस् वा सङ्कटकाल इन्सेकले आफ्नो काम निरन्तर गरेको थियो।

दश वर्ष लामो सशस्त्र द्वन्द्व र त्यसपछिका दिनमा भएका गम्भीर मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका विषयहरू आजपर्यन्त राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय मानव अधिकार समुदायको सरोकार र चासोको विषय बनिरहेका छन्। त्यसबेला द्वन्द्वरत दुवै पक्षको दबाब वा त्रासका कारण मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका कैयन् घटनाहरू तत्कालै प्रकाशमा आउन सकेनन्। तिनको विषयमा जानकारी गराउन पीडितपक्षहरू सक्षम भएनन्।

सशस्त्र द्वन्द्वकालमा द्वन्द्वसँग सरोकार नै नभएका र त्यसयताका केही घटनाहरूको इन्सेकले विस्तृत अध्ययन गरेको थियो। तिनै अध्ययन तथा स्थलगत अनुपरीक्षणबाट प्राप्त तथ्यहरूका आधारमा बेपत्ता पारिएका केही घटनाको विवरण यहाँ संलग्न छ। विगतका गल्तीबाट पाठ सिक्दै त्यस्ता गल्ती भविष्यमा नदोहोरिउन भनी सुनिश्चित गर्नु राज्यको दायित्व हो। पीडितले सत्य थाहा पाउनुपर्छ र अपराधमा संलग्नलाई कानुनी दायरमा ल्याइनुपर्छ भन्ने मान्यता इन्सेकले राख्दै आएको छ। शान्ति सम्झौता भएको १५ वर्ष पूरा भइसक्दा पनि उनीहरूको अवस्थाका पत्ता लगाउने कार्यमा राज्य तथा राजनीतिक दलले उल्लेख्य काम गर्न सकेका छैनन्। त्यसैले हामी सबैले सोधौँ- 'उनीहरू कहाँ छन् ?'

घाइते बोकाएर लगिएका फर्किएनन्

ठग्गा थारु

कलराम थारु

बाँधुराम थारु

बाबुराम थारु

कालीराम थारु

बर्दिया जिल्ला बाँसगढी नपा- ४ मदाहाका ३३ वर्षीय ठग्गा थारुलाई ०५९ असोज १६ गते राती रम्मापुरमा रहेको शाही नेपाली सेनाको टोलीले घरबाट निकाली आँगनमा कुटपिट गर्नुको साथै दुई राउण्ड गोली प्रहार गऱ्यो। गोली लागी आँगनमै ढलेका पीडितलाई आँगनमै रहेको खटियामा राखी भाइ कलराम, छिमेकी ४१ वर्षीय बाँधुराम थारु, २७ वर्षीय बाबुराम थारु, ठग्गा थारु र २७ वर्षीय कालीराम थारुलाई सुरक्षाकर्मीको टोलीले लिएर गयो। गोली लागी घाइते भएका ठग्गा थारु, उनका भाइ कलराम, छिमेकी ४१ वर्षीय बाँधुराम थारु, २७ वर्षीय बाबुराम थारु, गाउँले २७ वर्षीय कालीराम थारुको अवस्था त्यस दिन यता अज्ञात छ। घटनाको पाँच दिनपछि घर फर्किएका मदाहाका ठग्गा थारुले चिसापानी ब्यारेकमा अन्य पीडित पनि भएको पीडित पविारहरूलाई बताए। उनलाई हरेक दिन तारेखमा आउन आदेश थियो। तारेखमा जाँदा सैनिक ब्यारेकमा रहेका बाबुराम थारुले घरबाट कपडा ल्याइदिन अनुरोध गरेका थिए । कपडा र खानेकुरा लिएर ब्यारेकमा जाँदा सेनाले एकछिन पनि बस्न नदिएको र छातीमा बन्दुकको नाल ताकेर यहाँ ल्याएको छैन भन्दै धम्क्याएको पीडित परिवारले बतायो ।

अनुत्तरदायी सुरक्षाकर्मी

बिहारी गोडिया

अयोध्याप्रसाद गोडिया

बाँके जिल्ला नरैनापुर गापा-६, घर भई इलाका हुलाक कार्यालय, भोजभगवानपुरका हुलाकी ५० वर्षीय बिहारी गोडियालाई माओवादीको आरोपमा ०६० कात्तिक १२ गते गङ्गापुरको दोन्द्रा संयुक्त सुरक्षा बेस क्याम्प सोनवर्षाका सुरक्षाकर्मीले घरबाटै गिरफ्तार गरे। सोही दिन बिहारीका छोरा २० वर्षीय अयोध्याप्रसाद गोडियालाई पनि माओवादीकै आरोपमा बिहान ६ बजे घरबाटै गिरफ्तार गरिएको थियो। शुरुमा भेट दिइएन पछि गिरफ्तार नै नगरिएको बताइयो। आमा सावित्री ०६० कात्तिक १७ गते संयुक्त सुरक्षा वेस क्याम्प सोनवर्षामा गइ सोध्दा पीडितहरू क्याम्पमै भएको बताइएपछि उनले दुवै जनाको कपडा लगेर क्याम्पमा बुझाएकी थिइन्। तर उनलाई कहिल्यै भेट्न दिइएन। केही समयपछि फेरि बुझ्न जाँदा गिरफ्तार नै नगरिएको सुरक्षाकर्मीले बताएका थिए। उनीहरूको अवस्था सार्वजनिक भएन।

आशाको त्यान्द्रो जीवितै छ

गणेशबहादुर चौधरी **जनकबहादुर थारु**

बर्दिया जिल्ला गेरुवा गाउँपालिका गणेशपुरका २० वर्षीय गणेशबहादुर चौधरी र उनका भाइ जनकबहादुर थारुलाई ठाकुरद्वाराबाट आएको शाही नेपाली सेनाको टोलीले ०५८ फागुन २३ गते घरबाटै हात पछाडि बाँधेर गिरफ्तार गऱ्यो। गिरफ्तार गर्नु अघि 'तिमीहरू माओवादी हौ, हतियार कहाँ छ ?' भनी मरणासन्न हुने गरी कुटपिट गरेका थिए। शाही नेपाली सेनाको टोली घरमा आउनु अघि मुखमा नकाव लगाएका तीन जना प्रहरी आएका थिए। उनीहरूले पीडित परिवारलाई 'कराए गोली हानी मारी दिने' धम्की दिँदै घरको कोठामा थुनेको पीडित परिवारले बतायो। छोराहरू बेपत्ता भएपछि लामो चिन्ताका कारण आमा रामवतिको मृत्यु भयो। शारीरिक अपाङ्गता भएकी छोरीको साहरा बनेका ७५ वर्षीय वृद्ध बाबु अझै पनि छोराहरू जीवतै फर्किहाल्छन् की भन्ने झिनो आशमा बाँचिरहेका छन्।

उनीहरू कहिल्यै फर्किएनन्

प्रेमबहादुर थारु **उत्तम थारु**

बर्दिया जिल्ला बाँसगढी नपा- ८ ककौराका २२ वर्षीय प्रेमबहादुर थारुलाई घरबाटै र २३ वर्षीय उत्तम थारुलाई मोतीपुर गाविस-७ बाट २०६० चैत ४ गते राती माओवादी कार्यकर्ताको एक समूहले अपहरण गऱ्यो। प्रत्यक्षदर्शीका अनुसार प्रेमबहादुर थारु, उत्तम थारु सहित चार जनालाई एक व्यक्तिको घरमा राखेको र राती सोही ठाउँको कुनैठी जङ्गलतिर ट्याक्टरमा राखेर लगिएको थियो। केही समयपछि ट्याक्टर खाली फर्केको थियो। त्यसयता पीडितहरूको अवस्था अज्ञात छ। डर र त्रासका कारण पीडित परिवारले माओवादीलाई केही सोध्नै सकेनन्। न त माओवादीले घटनाबारे केही बतायो।

अमानवीयताको हद

रुपा सापकोटा **मेनुका कुमारी सापकोटा**

रौतहट जिल्ला डुमरियाकी ३७ वर्षीया रुपा सापकोटा र उनकी छोरी १७ वर्षीया मेनुकाकुमारी सापकोटा पोखरेललाई जिल्ला प्रहरी कार्यालय रौतहटबाट चारओटा मोटरसाइकलमा चढेर सादा पोशाकमा आएका प्रहरीले २०५९ साल भदौ १७ गते बिहान घरबाट गिरफ्तार गरे। नौ महिनाकी गर्भवती छोरी मेनुकालाई सुत्केरी गराउन तथा स्याहार गर्न रुपा छोरीको घरमा आएकी थिइन्। घटनापछि पीडित परिवारले प्रहरी कार्यालयमा सम्पर्क गरेको भए पनि गिरफ्तार नगरिएको प्रहरीले जनायो।

के भएको हो ? परिवारजनले कहिल्यै थाहा पाएनन्

प्रदेशनी थारु

सुशीला चौधरी

कलापती थारु

बर्दिया जिल्ला ठाकुरबाबा नपा-१ भुडकैयाकी १६ वर्षीया प्रदेशनी थारु, १८ वर्षीय सुशीला चौधरी, १८ वर्षीया कलापती थारुलाई २०५९ जेठ २५ गते राती ठाकुरद्वारा ब्यारेकबाट आएको शाही नेपाली सेनाको टोलीले उनीहरूकै घरबाट गिरफ्तार गरी लग्यो। उनीहरूले लगाएका लुगा जंगलभित्र खोलामा छरपस्ट फालिएको अवस्थामा भेटिएका कारण सामूहिक बलात्कार भएको हुनसक्ने पनि पीडित परिवारले आशंका गर्दै आएको छ। पीडित परिवारले डर त्रासको कारण कतै पनि खोजी गर्न सकेन। हालसम्म पनि उनीहरूको अवस्था अज्ञात छ।

तामाङसँगै बेपत्ता पारिएका ४९ जना कहाँ छन् ?

बुद्धिबहादुर तामाङ

काभ्रे जिल्ला मादनकुँडारी-३ हरदन टोलका ३३ वर्षीय बुद्धिबहादुर तामाङ ०६० मंसिर १३ गतेदेखि वेपत्ता भए। संयुक्त राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपालले काठमाडौं महाराजगञ्जस्थित शाही नेपाली सेनाको ब्यारेकमा भएको स्वेच्छाचारी थुना, यातना र बेपत्तासम्बन्धी प्रतिवेदनमा तीनजना पूर्व थुनुवाले बुद्धि लामा तामाङले पाएको यातनाबारे एकै प्रकारको बयान दिएको उल्लेख छ। उनलाई डुकुछाप गाविस, ललितपुर जिल्लाबाट पक्राउ गरिएको र प्रत्यक्षदर्शीका अनुसार बुद्धि लामालाई यातना दिइएको कारण उनी सुत्न दिएको परालको कार्पेटमाथि पल्टिन पनि सकेनन्। रगत र पिपले ढाडमा टाँसिएको र पिन घुसारेको हुनाले उनका हातका औलाका नङहरू सबै पाकेका थिए। भैरबनाथ गणबाट बेपत्ता पारिएका बुद्धि तामाङजस्तै ४९ जनाको अवस्था अज्ञात छ।

जसलाई पानी खाँदै गर्दा गिरफ्तार गरी बेपत्ता बनाइयो

दाताराम तिम्सिना

मोरङ जिल्ला शनिश्चरे गाविस-१ का नेकपा माओवादी निकट अखिल नेपाल सांस्कृतिक सङ्घका केन्द्रीय उपाध्यक्ष ३३ वर्षीय दाताराम तिम्सिनालाई २०६० असोज १० गते दिउँसो ३ बजे विराटनगर उपमनपा-५ स्थित एक घरमा पानी खाँदै गरेको अवस्थामा जिप्रका मोरङ र शाही नेपाली सेनाको संयुक्त टोलीले गिरफ्तार गऱ्यो । उनलाई छिमेकको अर्को घरमा पुऱ्याई प्लाष्टिकको डोरीले हात बाँधी विराटनगर विमानस्थलतर्फ लगिएको स्थानीयले देखेका थिए। असोज २२ गते पूर्वी पृतना इटहरीमा देखिएका दातारामबारे त्यसयता कुनै सूचना प्राप्त भएन।

फोटो : रमेशप्रसाद तिमल्सिना

२.१ राज्य र मानव अधिकार

न्यायपालिका

परिच्छेद

२

१. पृष्ठभूमि

नागरिकको मौलिक हकमात्र नभएर अन्य हक अधिकार उल्लङ्घन भएको होस् वा उल्लङ्घन या कुण्ठित गर्न लागिएको अवस्थामा त्यस्ता हक अधिकार संरक्षणका लागि न्यायपालिका अन्तिम धरोहर हो।[१] नेपालको संविधान (२०७२) ले स्वतन्त्र र सक्षम न्यायपालिकाको परिकल्पना गरेको छ। लोकतन्त्रको प्रमुख आधार भनेकै स्वतन्त्र र सक्षम न्यायपालिका हो।

लोकतन्त्रमा न्यायको सुनिश्चितता गर्न पारदर्शिता, जबाफदेहिता, धीरता, अनुशासन र कर्तव्यपरायणको परिचायकको रूपमा न्यायपालिकालाई लिइन्छ। यसवर्ष इजलास गठन र न्यायाधीशहरूको छनौटमा गोला प्रथाको शुरूआत, प्रधानन्यायाधीशको भूमिकालाई लिएर सर्वोच्च अदालतका न्यायाधीश र नेपाल बार एशोसिएसनको आन्दोलन, सर्वोच्च अदालतका न्यायाधीश हरिकृष्ण कार्कीको संयोजकत्वमा गठित न्यायालय सुधारसम्बन्धी आयोगको प्रतिवेदन, ३७ दिनसम्म अवरुद्ध सर्वोच्च अदालत र दुईपटक विघटन गरिएको प्रतिनिधि सभाको पुनःस्थापना र प्रधानमन्त्रीको नियुक्तिको परमादेशजस्ता विषयहरू चर्चामा रहे।

संविधानमा व्यवस्था गरिएका मौलिक हक र संवैधानिक हक तथा अन्य वैधानिक हकलगायत मानव अधिकार उपभोगमार्फत विधिको शासनमा आधारित शासन पद्धति निर्माणमा न्यायपालिका संरक्षकका रूपमा हुन्छ। नेपालको संविधान (२०७२) मा विधिको शासन वा कानुनी राज्यको प्रवर्धन, मौलिक हक तथा कानुनी हकलगायतका मानव अधिकारको संरक्षण तथा स्वच्छ एवम् निष्पक्ष न्याय सम्पादनका लागि स्वतन्त्र र सक्षम न्यायपालिका प्रत्याभूत गरी लोकतान्त्रिक प्रणालीमा नागरिकका अधिकारको संरक्षकका रूपमा न्यायपालिका परिकल्पना गरिएको छ। न्यायपालिकाको सक्षमता र स्वतन्त्रताबाट नागरिकका अधिकार कुन हदसम्म संरक्षित भएको छ, त्यसको समेत आकलन गर्न सकिन्छ।[२]

संविधानमा न्यायपालिकाको सबैभन्दा माथिल्लो तहमा रहेको सर्वोच्च अदालत अभिलेख अदालतका रूपमा रहेको छ। नेपालमा हाल सातओटा उच्च अदालत तथा उक्त उच्च अदालतका विभिन्न नौवटा इजलास तथा दुई ओटा अस्थायी इजलास गरी कूल १८ ओटा अदालत एवम् इजलासहरूको स्थापना भएको छ। हरेक जिल्लामा एउटा जिल्ला अदालत गरी कूल ७७ जिल्ला अदालत रहेका छन्। साथै अन्य न्यायिक निकाय वा न्यायाधिकरणको रूपमा विशेष अदालत, प्रशासकीय अदालत, श्रम अदालत, ऋण असुली न्यायाधिकरण, राजश्व न्यायाधिकरण, वैदेशिक रोजगार न्यायाधिकरणलगायतबाट समेत न्याय सम्पादनको कार्य हुँदै आएको छ।[३]

उपरोक्त तीन तहको अदालत बाहेक कानुन बमोजिम मुद्दाको सुनुवाइ तथा फर्स्यौट गर्न स्थानीयस्तरमा न्यायिक निकाय वा विवाद समाधान गर्न आवश्यकता अनुसार अन्य निकाय गठन गर्न सकिने व्यवस्था छ।[४] यस व्यवस्थाअनुसार सङ्घीय व्यवस्थाको तीनतहको जननिर्वाचित तहमध्ये स्थानीय तहमा नगरपालिका उपप्रमुख र गाउँपालिकाका उपाध्यक्षको अध्यक्षतामा स्थानीय न्यायिक समिति गठन गर्ने व्यवस्था गरिएको छ।

२. सन्दर्भ सामग्रीको सीमितता

यस वर्ष पनि सर्वोच्च अदालतबाट प्रकाशित हुने नेपाल कानुन पत्रिकाको 'इकपी' नियमित प्रकाशन नभएको र २०७७ असोजसम्म प्रकाशित भएका अङ्कहरूमा उल्लेख भएका फैसलाहरू यस आलेखले समट्ने अवधि भन्दा अघिल्ला वर्षका भएकाले सन्दर्भ सामग्रीका रूपमा समावेश गर्न सकिएन। सर्वोच्च अदालतले गरेका महत्वपूर्ण फैसलाहरू भेटिएसम्म सर्वोच्च अदालतको वेवसाइटबाट, राष्ट्रिय दैनिकका इकपी र प्रकाशन, इन्सेकअनलाइन र अन्य प्रकाशन तथा अनलाइनहरूलाई आधार मानिएको छ।

प्रस्तुत आलेखको समीक्षा सन् २०२१ अर्थात २०७७ पुस १७ देखि २०७८ पुस १६ सम्मको अवधिमा न्यायालय तथा न्यायिक निकायहरूले संविधान, अन्तर्राष्ट्रिय कानुन, प्रचलित कानुनहरू र कानुनका मान्य सिद्धान्तमा आधारित भए/गरेका निर्णय, आदेश तथा फैसलाबारे विवेचना गर्ने प्रयास गरिएको छ।

---

१. इन्सेक नेपाल मानव अधिकार बर्ष पुस्तक, २०१८, पृष्ठ २६, अनुच्छेद ४

२. इन्सेक नेपाल मानव अधिकार वर्ष पुस्तक, २०१८, पृष्ठ २६, अनुच्छेद १

३. https://unicode.arthasarokar.com

४. नेपालको संविधान, धारा १२७ को उपधारा (२)

३. कोभिड-१९ (कोरोना भाइरस) ले न्यायिक प्रकृयामा पारेको असर

गत वर्षजस्तै यस वर्ष कोभिड-१९ को प्रभाव अन्य देश जस्तै नेपालमा पनि पऱ्यो। यो वर्षको शुरूआतबाट नै कोभिडको दोस्रो लहरबाट नेपालमा घेरैले ज्यान गुमाउनु परेको थियो। कोभिडका कारणले जनताका मौलिकहरू खासगरि हिँडडुल गर्ने अधिकार, खाद्यान्नको हक र स्वास्थ्यको हकहरू सबैभन्दा बढी प्रभावित भए। यस सर्न्दभमा, उक्त अधिकारहरू कायम गराउन सर्वोच्च अदालत तथा उच्च अदालतहरूले विभिन्न आदेशहरू जारी गरेका थिए। दैनिक सूचीका नियमित मुद्दाहरूमा सुनुवाइ गर्न नसके पनि अभियुक्तको अदालत समक्ष उपस्थित हुन पाउने हक बन्दीप्रत्यक्षीकरणको रिट, बाल सुधार गृहका निवेदन, पक्राउ पुर्जी अनुमति र समर्थनसम्बन्धी कार्य गर्ने गराउने उपरको सुनुवाइलाई अदालतले नियमित गरेको थियो।

४. निषेधाज्ञाको अवधिमा अदालतबाट जारी गरिएका कोभिड-१९ सम्बोधन गर्ने सूचनाहरू तथा आदेशहरू

कोरोनाको सङ्क्रमण नियन्त्रण गर्न भन्दै नेपाल सरकारले २०७७ वैशाख १६ गते देखि असार ३१ गतेसम्म काठमाडौँ उपत्यकामा लगाइएको पूर्ण तथा आंशिकरूपको निषेधाज्ञाको समयमा सर्वोच्च अदालत, उच्च अदालत तथा जिल्ला अदालतहरूले नियमितरूपमा कामहरू गर्न नसके पनि यस अवधिमा जनसरोकारको महत्त्वपूर्ण सूचनाहरू जारी गऱ्यो।

४.१ अति आवश्यक मुद्दाको मात्र सुनुवाइ हुने निर्णय

२०७८ वैशाख १४ गते सूचना जारी गर्दै वैशाख १५ गते देखि ३० गतेसम्म सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरण तथा कोभिड महामारीसँग सम्बन्धित रिट निवेदहरूको मात्र दर्ता सुनुवाइ गर्ने र सेवा प्रवाह स्थगन भएका अवधिका मुद्दा, रिट तथा निवेदनहरूमा रहेका हदम्याद, म्याद, तारेख नगुज्रने सूचना जारी गरेको थियो। त्यसैगरी, २०७८ वैशाख ३१ गते सर्वोच्च अदालतको पूर्ण बैठकबाट संवैधानिक व्याख्या, मौलिक हकसँग सम्बन्धित संवेदनशील विषय एवम् सार्वजनिक सरोकारको प्रश्न निहित भएको मुद्दाहरू, सर्वोच्च अदालतको अधिकार क्षेत्र अर्न्तगतका रिट[५] र संवैधानिक इजलासको गठन[६] अन्तर्गतको जरूरी प्रकृतिका रिट निवेदनको दर्ता र सुनुवाइसम्बन्धी कामकारबाहीलाई निरन्तरता दिने निर्णय गरेको थियो।[७]

४.२ सुनुवाइ प्रकृयामा 'भर्चुअल' माध्यमको प्रयोग

सर्वोच्च अदालतको २०७८ वैशाख ३१ गतेको पूर्ण बैठकले सङ्क्रमणको जोखिम न्यूनीकरण गर्दै सेवा सूचारू राख्न सर्वोच्च अदालतमा सुनुवाइ गरिने मुद्दाको बहस पैरवी सूचना प्रविधिको प्रयोग गरी 'भर्चुअल' विधिबाट संचालन गर्न प्रशासनले आवश्यक व्यवस्था मिलाउने गरी भर्चुअल माध्यमलाई पनि मान्यता दिएको थियो।[८] सर्वोच्च अदालतले मुद्दाको कारबाही प्रकृयामा सूचना प्रविधिको प्रयोगमार्फत न्याय सम्पादनको कार्यलाई छिटो छरितो, प्रभावकारी एवम् पहुँच योग्य बनाउन श्रव्यदृष्य संवादको प्रयोग र सञ्चालन सम्बन्धमा आवश्यक प्रकृया निर्धारण गर्न बाञ्छनीय देखिएको भन्दै निर्देशिका पनि जारी गऱ्यो।[९] उक्त निर्देशिकाको कार्यान्वयन गर्दै जिल्ला अदालत काभ्रेपलाञ्चोकले २०७८ वैशाख ३० गते 'भर्चुअल' माध्यमबाट थुनछेक बहस गरी आदेशसमेत गऱ्यो। कोरोना सङ्क्रमणका कारण भौतिक उपस्थित भएर बहस गर्न समस्या पर्ने र प्रविधिको समेत उपयोग हुने भएकाले पहिलोपटक 'जुम' माध्यमबाट थुनछेक बहस गरी आदेश भएको र जबरजस्तीकरणीसम्बन्धी मुद्दामा सहायक जिल्ला न्यायाधीवक्ता र प्रतिवादीको तर्फको वकिलले 'जुम' मार्फत बहस गरेका थिए। ज्यान मार्ने उद्योगसम्बन्धी एक मुद्दामा पनि जुममार्फत नै थुनछेक बहस गरी प्रतिवादीमध्ये १ जनालाई थुनामा र दुई जनालाई धरौटीमा छाड्ने फैसला भएको थियो।[१०]

---

५. नेपालको संविधान, धारा १३३

६. नेपालको संविधान, धारा १३७

७. सर्वोच्च अदालतबाट २०७८ वैशाख १ गते जारी प्रेस विज्ञप्ति

८. ऐजन

९. अदालतमा श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत सुनुवाइ सञ्चालनसम्बन्धी निर्देशिका, २०७८

१०. https://ekantipur.com/pradesh-3/2021/05/14/162099918101612819.html (२०७८ माघ ४ गते हेरिएको)

४.३ कोभिड सङ्क्रमितहरूसँग उपचारको निमित्त चर्को रकम असुली गर्न नपाइने सम्बन्धमा

अस्पतालहरूले कोभिड-१९ सङ्क्रमितहरूसँग चर्को उपचार खर्च असुली गरिरहेकाले उनीहरूलाई नियमन गरी कानुनको दायरामा ल्याउनुपर्ने भन्ने रिटमा सर्वोच्च अदालतले २०७८ जेठ ११ गते कोभिड-१९ को महामारीमा अत्यधिक सेवा शुल्क लिने अस्पतालको नियमन गर्न सेवा शुल्क निर्धारण समितिको कामको प्रभावकारिता बढाउने व्यवस्था गर्नु र स्वास्थ्य सेवा बिक्रीको अनुगमन र कारबाहीमा प्रभावकारिता ल्याउने व्यवस्था गर्नु भन्ने परमादेश जारी गऱ्यो।[११]

४.४ क्वारेन्टाइनका सबैलाई निःशुल्क परीक्षण गर्नुपर्ने

सर्वोच्च अदालतले २०७८ जेठ १८ गते प्रत्यक्ष र अग्रपङ्क्तिमा काम गर्ने कर्मचारी र क्वारेन्टाइनमा राखिएकाहरूलाई अविलम्ब पीसीआर परीक्षणको व्यवस्था गर्न सर्वोच्च अदालतले अन्तरिम आदेश जारी गऱ्यो। कोभिड-१९ विरूद्ध फ्रन्टलाइनमा रहेर स्वास्थ्य सेवा दिने चिकित्सक, नर्स र कर्मचारीलाई सुरक्षाको व्यवस्था गर्न सरकारका नाममा अन्तरिम आदेश जारी गरेको थियो। क्वारेन्टाइनमा राखिएका सबैको अविलम्ब पीसीआर विधिबाट निःशुल्क स्वास्थ्य परीक्षण गर्न, उनीहरूलाई आवश्यक पर्ने स्वास्थ्य सेवा र सुरक्षाको यथोचित प्रबन्ध मिलाउन पनि आदेशमा भनिएको थियो। सामाजिक दूरी पालन गरेर लामखुट्टेलगायतबाट हुन सक्ने सङ्क्रमणबाट जोगाउन आवश्यक व्यवस्था गर्न र क्वारेन्टाइनको अवधिभर बसेकालाई निःशुल्क खानाको व्यवस्था गर्न पनि आदेशमा उल्लेख थियो। साथै, मास्क र चिकित्सकीय मास्कहरू गुणस्तरीय ह्यान्ड सेनिटाइजर निःशुल्क रूपमा आवश्यक पर्ने व्यक्तिलाई अविलम्ब उपलब्ध गर्न आदेशमा भनिएको थियो।[१२]

४.५ कोभिड बिमासँग सम्बन्धित उच्च अदालतको आदेश

उच्च अदालत, तुलसीपुर, नेपालगञ्ज इजलासले कोभिड बीमा भुक्तानी नगर्ने नेपालगजका २० वीमा कम्पनीलाई २०७८ कात्तिक १७ गते कारण देखाऊ आदेश जारी गऱ्यो। कोभिड वीमा गरेका कम्पनीहरूले बीमितलाई बीमा रकम भुक्तानी नगरेको भन्दै उच्च अदालत, तुलसीपुर, नेपालगन्ज इजलासमा कात्तिक १६ गते रिट दायर भएको थियो। कोभिड महामारीको बेलामा नागरिकहरूले गरेको १ लाख रुपियाँ बराबरको रकम बीमा कम्पनीले सम्झौता बमोजिम भुक्तानी नगरेको भन्दै इन्सेकलगायत सङ्घ संस्थामा आवद्ध अधिकारकर्मीहरूले उच्च अदालत तुलसीपुर, नेपालगञ्ज इजलासमा दायर रिट दायर गरेका थिए। बीमा सम्झौता अवधि भित्र कोभिड पोजेटिभ देखिएका बीमितहरू बीमा बापतको रकम भुक्तानी माग गरी निवेदन प्रस्तुत गरेकोमा पटकपटक सम्पर्क गर्दा पनि बीमा कम्पनीले टार्दै आएको र हालसम्म पनि उल्लिखित बीमितले सम्झौता बमोजिमको रकम भुक्तानी प्राप्त नभएको हुँदा भुक्तानी नहुनुको कारण खुलाई सम्पूर्ण सूचना उपलब्ध गराइ पाउँ भन्दै दायर गरिएको रिटमा कारण देखाउ आदेश जारी गऱ्यो।[१३]

५. प्रतिनिधिसभा विघटन बदर र प्रधानमन्त्री नियुक्त गर्न परमादेश

सर्वोच्च अदालतको २०७७ फागुन ११ गते संवैधानिक इजलासले २०७७ पुस ५ गते गरिएको संसद विघटनको निर्णय बदर गर्न परेको रिटमा सुनुवाइ गर्दै संसद विघटनलाई गैरसंवैधानिक भन्दै उक्त निर्णय बदर गरी १३ दिनभित्र संसदको बैठक डाक्न आदेश दियो।[१४] त्यसैगरी २०७८ जेठ ८ गते दोस्रोपटक संसदको विघटन गरी आम निर्वाचनको घोषणा

---

११. ०७७-WO-१११३ (शैलेन्द्रप्रसाद अम्वेडकर समेत विरुद्ध प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत मुद्दा परमादेशसमेत)

१२. https://ekantipur.com/news/2020/06/01/159098470133717500.html (२०७८ माघ ४ गते हेरिएको)

१३. https://inseconline.org/np/news/नागरिकको-कोभिड-बिमासँग-स

१४. ०७७-WO-००२८, ०७७-WO-००३१, ०७७-WO-००३२,०७७-WO-००३३,०७७-WO-००३४,०७७-WO-००३५,०७७-WO-००३६,०७७-WO-००३७,०७७-WO-००३८, ०७७-WO-००३९,०७७-WO-००४०,०७७-WO-००४१,०७७-WO-००४२ (शंकर भण्डारी समेत विरुद्ध राष्ट्रतिको कार्यालय, सितलनिवास काठमाडौँ समेत मुद्दा उत्प्रेषण परमादेश)

गरिएकोमा उक्त घोषणा बदर गर्दै प्रतिनिधि सभा पुन:स्थापनका लागि सर्वोच्च अदालतमा परेका रिटहरूमा सुनुवाइ गर्दै २०७८ असार २८ गते संवैधानिक इजलासले प्रतिनिधि सभा विघटनको निर्णय बदर गर्दै शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन परमादेश जारी गऱ्यो। उक्त आदेशमा प्रतिनिधि सभा पुन:स्थापना गर्दै सात दिनभित्र अर्थात् २०७८ साउन ३ गते प्रतिनिधि सभाको बैठक प्रारम्भ गर्ने उल्लेख थियो।[१५]

सर्वोच्च अदालतको प्रधानमन्त्री बनाउने परमादेशले प्रधानमन्त्री चुन्ने संसदको अधिकारमा र संसदीय मूल्य मान्यतामा आँच पुऱ्याएको र व्यवस्थापिका, कार्यपालिका र न्यायपालीबीचको शक्तिपृथिकिकरण र शक्ति सन्तुलनको सिद्धान्तमा न्यायपालिकाले हस्तक्षेप गरेको जस्ता विषय पनि चर्चामा रह्यो।

६. डेकेन्द्र थापा हत्या प्रकरणमा दैलेख जिल्ला जन्मकैदको फैसला

दैलेख जिल्ला अदालतले ०७८ मङ्सिर २६ गते पत्रकार डेकेन्द्रराज थापाको हत्यामा संलग्न मुख्य आरोपित मध्येका 'अरुण' भन्ने बमबहादुर खड्कासमेत फरार रहेका भगवतीमाई गाउँपालिका-६ का मुक्ति भन्ने बमबहादुर खड्का, दुल्लू नगरपालिका-६ का केशव खड्कालाई पनि २०७८ मङ्सिर २६ जन्मकैदको फैसला गऱ्यो। खड्कालगायत नौ जनाविरूद्ध उजुरी परेपछि लुकीछिपी बस्दै आएका खड्कालाई दुई वर्षअघि प्रहरीले कैलालीबाट गिरफ्तार गरी दैलेख पठाएको थियो। प्रहरीले खड्कालाई दैलेख जिल्ला अदालतमा बुझाएपछि मुल्तवीमा रहेको मुद्दा जगाउँदै ०७६ फागुन २१ गते गरेको थुनछेक बहसपछि अदालतले दैलेख कारागार चलान गरेको थियो। यो मुद्दामा फरार आरोपित बाँकेको कोहलपुर नगरपालिका-३ का भक्तिराम लामिछानेलाई तीन वर्ष कैदको फैसला गऱ्यो। सशस्त्र द्वन्द्वका बेला २०६१ साउन २७ गते दैलेखमा माओवादी कार्यकर्ताहरूले मरणासन्न हुने गरी कुटेर पत्रकार थापाको हत्या गरेको आरोप थियो। दैलेख बजार खानेपानी उपभोक्ता समितिका अध्यक्ष समेत रहेका थापालाई मुहान मर्मतका लागि त्यसतर्फ जान लागेको बेला २०६१ असार १२ गते माओवादी कार्यकर्ताहरूले अपहरण गरेका थिए। अपहरणको ४५ दिनपछि थापाको हत्या भएको थियो। पत्रकार मारिएको भन्दै माओवादीको कडा आलोचना भएपछि माओवादीले थापालाई गाडिएको ठाउँ समेत गोप्य राखेको थियो।[१६]

७. राजनीतिक दलका कमिटीमा ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्न सर्वोच्च अदालतको आदेश

नेपालको संविधानले राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी, सिद्धान्तको आधारमा सहभागी हुने हक[१७] को व्यवस्था गरेको छ। उक्त व्यवस्थालाई राष्ट्रिय दलको मान्यता पाएका केही दलहरूले केन्द्रीय समितिमा ३३ प्रतिशत महिला समावेश नगरी निर्वाचन आयोगमा दल दर्ता गरेपछि अधिवक्ता इन्दु तुलाधरलगायतले राजनीतिक दलमा ३३ प्रतिशत महिला सहभागिताको सुनिश्चितताका लागि सर्वोच्च अदालतमा निर्वाचन आयोगविरुद्ध रिट दायर गरेका थिए।[१८] उक्त रिटमा सुनुवाइ गर्दै सर्वोच्च अदालतले 'संविधानले व्यवस्था गरेको समावेशी सिद्धान्तका आधारमा राजनीतिक दलको प्रत्येक संरचनामा ३३ प्रतिशत पद महिलाको लागि सुरक्षित छ छैन, छैन भने हेरी दल दर्ता गर्नू, गराउनू र साविकमा दर्ता भइसकेका दलको हकमा उक्त दलको विधान बमोजिम हुने राष्ट्रिय महाधिवेशनबाट सो व्यवस्था मिलाउन लगाउनू' भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ठहर गऱ्यो।[१९] उक्त आदेश पश्चात राजनीतिक दलहरूले हरेक तहको समितिमा ३३ प्रतिशत महिला राख्ने व्यवस्था आफ्नो विधानमा व्यवस्था गरे।

---

१५. https://ekantipur.com/news/2021/07/12/162606988455742874.html (२०७८ माघ ४ गते हेरिएको)

१६. https://bit.ly/3fOJBMn

१७. नेपालको संविधान (२०७२० धारा ३८, उपधारा ४

१८. https://www.setopati.com/politics/231978 (२०७८ माघ ४ मा हेरिएको)

१९. इन्दु तुलाधर समेत विरूद्ध निर्वाचन आयोग मुद्दा: उत्प्रेषण (०७४-WO-०२९६)

८. उखु किसानलाई भुक्तानी दिने सम्बन्धमा

कृषिका लागि कृषि सामग्री, कृषि उपजको उचित मूल्य र बजारमा पहुँचको व्यवस्था गर्ने[२०] संविधानको राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व मा उल्लेख भए पनि उखु किसानहरूले आफ्नो उत्पादन बिक्री गरेवापत वर्षौंसम्म पनि मूल्य नपाएर राजधानीसम्म प्रर्दशन गर्नुपरेको अवस्थाको अन्त्यकालागि अधिवक्ता पुण्यप्रसाद खतिवडाले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई विपक्षी बनाइ दायर गरेको रिट निवेदनमा २०७८ पुस १६ गते सुनुवाइ गर्दै सर्वोच्च अदालतले आफूले बेचेको समानको मूल्य पाउने कुरा बजारको सामान्य र सर्वस्वीकार्य सिद्धान्त तथा नियमभित्र पर्ने विषयसमेत उखु उत्पादन गर्ने कृषकले प्रत्येक वर्ष आफ्नो जिल्ला सदरमुकाम हुँदै राजधानीसम्म भुक्तानीका लागि हारगुहार र धर्ना गर्नुपर्ने अवस्था अन्यायपूर्ण र लोककल्याणकारी राज्यका लागि स्वीकार्य हुन नसक्ने भएकाले एक महिनाभित्र अनिवार्य रूपले उखु किसानलाई तिर्नुपर्ने रकम क्रेता वा उद्योगबाट उखु किसानहरूलाई भुक्तानी दिनू दिलाउनू भनी अन्तरिम आदेश जारी गऱ्यो।[२१]

९. प्रधानन्यायाधीशको तजविजी इजलासको अन्त्य र गोला प्रथाको सुरूआत

नेपालमा आधुनिक न्याय प्रणाली शुरु भएदेखि प्रधानन्याधीशले न्यायाधीशहरू छानेर इजलास गठन गर्ने र त्यसमा मुद्दा तोक्ने गरेका थिए। प्रधानन्यायाधीशले स्वविवेकमा न्यायाधीशहरू छान्ने अधिकारको दुरूपयोग गरेर आफू अनुकूलको इजलास गठन गरी मुद्दा तोक्ने गरेको आरोप वर्तमान प्रधानन्यायाधीशमाथि लाग्यो।[२२] यसरी प्रधानन्यायाधीशको स्वविवेकीय परम्परा अन्त्य गर्दै २०७८ मङ्सिर ६ गते सर्वोच्च अदालतको नियमावली, २०७४ मा दोस्रो संशोधन गरियो। संशोधित नियमालीमा "अदालतको साप्ताहिक पेसी सूची तयार गरी प्रकाशन गर्ने र दैनिक पेसी सूची तयार गरी गोला प्रकृयाको प्रयोजनका लागि पूर्ण बैठक कक्षमा पेस गर्ने"[२३] व्यवस्था गऱ्यो। यो नियमावलीको कार्यान्वयन गर्दै २०७८ मङ्सिर १५ गतेदेखि सर्वोच्च अदालतमा गोला प्रकृयाबाट पेसी तोक्न शुरु भयो।[२४] यसअघि "न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता वा भ्रष्टाचार एवम् बिचौलियाबाट हुनसक्ने क्रियाकलापहरू र त्यसको रोकथामको लागि चाल्नुपर्ने उपायहरूको सम्बन्धमा पेस गरेको प्रतिवेदन, २०७८" ले सर्वोच्च अदालत लगायत उच्च र जिल्ला अदालतमा पनि तत्कालका लागि गोला प्रक्रिया र कालान्तरमा पूर्ण स्वचालित विधिमै पेसी व्यवस्थापन गर्ने कुरा उल्लेख गरेको थियो।[२५]

१०. अवरुद्ध न्यायिक प्रकृया

सर्वोच्च अदालतमा पेसी व्यवस्थापनमै सेटिङ हुने गरेकाले प्रधानन्यायाधीशले तोकेको पेसी र इजलास गठनमा नबस्ने भन्दै सर्वोच्च अदालतका न्यायाधीशहरूले इजलास बहिष्कार गरेपछि सर्वोच्चमा कात्तिक ८ गतेदेखि नियमित इजलास बसेको थिएन।[२६] तर, २०७८ मङ्सिर १५ गते सर्वोच्च अदालतका न्यायाधीशहरू इजलासमा फर्किए।[२७] सर्वोच्च अदालतका न्यायाधीशहरू र नेपाल बार एशोसिएसनको माग अनुसार सर्वोच्च अदालतको नियमावली दोसो संशोधनले सर्वोच्च अदालतको इजलास र न्यायाधीशहरू गोला प्रथाबाट चुन्ने भएपछि ३७ दिनदेखि अवरुद्ध न्यायालयका इजलासहरू नियमित भयो। यसैसन्दर्भमा नेपाल बार एशोसियसनले

---

२०. नेपालको संविधान (२०७२०), धारा ५०, राज्यका निर्देशक सिद्धान्त्को कृषि र भूमिसुधारसम्बन्धी नीति

२१. https://www.setopati.com/politics/225354 (२०७८ माघ ४ मा हेरिएको)

२२. https://www.onlinekhabar.com/2021/11/1046464 (२०७८ माघ ४ मा हेरिएको)

२३. सर्वोच्च अदालत (दोस्रो संशोधन) नियमावली २०७८ ले संशोधन गरेको (मूल नियमावलीको नियम ८ मा उपनियम १ को (क) पछि (क१) थप गरिएको

२४. https://nepaltimes.net/सर्वोच्चमा-आजदेखि-गोला-प/ (२०७८ माघ ४ मा हेरिएको)

२५. https://nepaltimes.net/सर्वोच्चमा-आजदेखि-गोला-प/ (२०७८ माघ ४ मा हेरिएको)

२६. https://ratopati.com/story/209143/2021/12/1/supreme-court- (२०७८ माघ ४ मा हेरिएको)

२७. https://nepaltimes.net/सर्वोच्चमा-आजदेखि-गोला-प/ (२०७८ माघ ४ मा हेरिएको)

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणाविरुद्ध आन्दोलनको घोषणा गर्दै केन्द्रीय समिति बैठकले प्रधानन्यायाधीशबाट विकृति, विसङ्गति, भ्रष्टाचार रोक्न नसकेको तथा न्यायपालिकाको स्वच्छता एवम् गरिमा राख्न नसकेको भन्दै राजीनामा दिन माग गरेको थियो।[२८]

प्रधानन्यायाधीशबाटै न्यायालयमा बेथिति निम्त्याइएको आरोपमा न्यायाधीशहरू आन्दोलनमा लाग्नु अत्यन्त गम्भीर विषय हो भन्दै आन्दोलनको प्रभाव समस्त न्यायिक प्रक्रियामा परेको र अदालतका नियमित क्रियाकलाप ठप्प भएको अवस्थाप्रति इन्सेकले २०७८ कार्तिक ३० गते प्रेस विज्ञप्तिमार्फत सरोकारवालाहरूको ध्यानाकर्षण गरायो। उक्त प्रेस विज्ञप्तिमा लोकतन्त्रको आधारभूत सञ्चालकका रूपमा रहेको जनप्रतिनिधि संस्था (सङ्घीय संसद) र त्यसको जननी राजनीतिक दलहरू अदालतमा पैदा भएको सङ्कटमा मुकदर्शक भएर बसेकोप्रति आपत्ती जनाइएको थियो।[२९]

११. न्यायिक स्वच्छता र हरिकृष्ण कार्की नेतृत्वको समितिले दिएको प्रतिवेदन

न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता वा भ्रष्टाचार एवम् बिचौलियाबाट हुनसक्ने क्रियाकलापहरू र त्यसको रोकथामका लागि चाल्नुपर्ने उपायहरूको सम्बन्धमा सर्वोच्च अदालतले माननीय न्यायाधीश हरिकृष्ण कार्कीको संयोजकत्वमा २०७७ साउन ३० गते नौ सदस्य र आमन्त्रित चार सदस्य गरि १३ सदस्यीय समिति गठन गरेको थियो। उक्त समितिले २०७८ साउन १४ गते प्रधानन्यायाधीशसमक्ष प्रतिवेदन पेस गऱ्यो। प्रतिवेदनमा न्यायिक स्वच्छताका लागि प्रस्तुत गरेका सुझावहरूमध्ये केही सुझावहरू यस आलेखमा प्रस्तुत गरिएको छ।

११.१ अनलाइनमार्फत मुद्दा दर्ता गर्ने

सूचना प्रविधिको प्रयोगबाट न्याय सम्पादनका प्रत्येक कार्य गर्न सकेमा न्याय छिटो, छरितो, प्रभावकारी, सहज, गराउन र सेवाग्राहीलाई अनावश्यक हैरानीबाट मुक्त गर्न अदालतमा यथासम्भव छिटो अनलाइन पद्धतिमार्फत मुद्दा तथा रिट निवेदन दर्ता गर्ने, मुद्दाका पक्ष एवम् कानुन व्यवसायीलाई अनलाइन पद्धतिबाटै म्याद तारिख, सूचना, जनाउ प्रदान गर्नेलगायतका मुद्दाको कारबाहीमा सूचना प्रविधिको प्रयोगलाई विस्तार गरी सेवाग्राहीहरू सकेसम्म थोरै पटक अदालत आउने वातावरण सृजना गर्नुपर्ने[३०] सुझाव दिएको थियो।

११.२ इजलास गठन र पेसी तोक्नकोलागि गोला प्रथाको सिफारिस

इजलास गठन तथा पेसी तोक्ने प्रधानन्यायाधीशको स्वविवेकीय अधिकार (विद्यमान पद्धति) का कारण न्यायपालिकामा विकृति, विसङ्गति, अनियमितता र भ्रष्टाचार बढेको भन्ने व्यापक रूपमा गुनासो आएकाले सोको सम्बोधन गर्नका लागि जिल्ला अदालतमा एउटै न्यायाधीशलाई शुरूदेखि अन्तसम्म मुद्दा तोक्ने प्रणाली र सर्वोच्च तथा उच्च अदालतमा इजलास गठन गर्ने र पेसी स्वचालित सूची प्रणाली लागू गर्नुपर्ने र यो प्रणाली लागु नहुँदासम्म पारदर्शी र विश्वासनीय ढङ्गले गोला प्रथा पेशी सूची प्रकाशन गर्न[३१] सुझाव दिएको थियो।

११.३ अदालतमा बिचौलियाको नियन्त्रण

प्रतिवेदनले अदालतमा बिचौलियाहरूको उपस्थिति सक्रिय रूपमा रहेको स्वीकार्दै बिचौलियाहरूले जिम्मेवार पदाधिकारीहरूसँगको सम्बन्धको दुरूपयोग गरी गैरकानुनी कार्य सञ्चालन गर्नसक्ने हुँदा जिम्मेवार पदाधिकारीहरू सजग हुनुपर्ने, मुद्दासँग असम्बन्धित व्यक्तिहरूको अदालतमा प्रवेश निषेध, बिचौलियाबाट प्रभावित हुने न्यायाधीशहरूलाई कानुनबमोजिम कारबाही गर्नुपर्ने, बिचौलियाको क्रियाकलापले न्यायालयमा भ्रष्टाचार बढाएको भन्ने प्रश्न गम्भीररूपमा उठेको सन्दर्भमा सोको नियन्त्रणका लागि छुट्टै कानुन निर्माण गर्नुपर्ने सुझाव प्रस्तुत गरेको थियो।[३२]

२८. https://www.nepalpress.com/2021/10/29/115805/ (२०७८ माघ ४ मा हेरिएको)
२९. https://inseconline.org/np/press/न्यायपालिकामा-देखिएको-अन/
३०. न्यायिक स्वच्छता र हरिकृष्ण कार्की नेतृत्वको समितिले दिएको प्रतिवेदन २०७८, पृष्ठ १४३, अनुच्छेद ४
३१. न्यायिक स्वच्छता र हरिकृष्ण कार्की नेतृत्वको समितिले दिएको प्रतिवेदन २०७८, पृष्ठ १४३, अनुच्छेद ६
३२. न्यायिक स्वच्छता र हरिकृष्ण कार्की नेतृत्वको समितिले दिएको प्रतिवेदन २०७८, पृष्ठ १४६, अनुच्छेद २

११.४ स्वविवेकीय अधिकारको प्रयोग सम्बन्धमा

न्याय सम्पादनमा स्वविवेकीय अधिकारको प्रयोग औचित्यपूर्ण र विवेकसम्मत हुन नसकेको भन्ने गुनासोको सम्बोधनकालागि न्याय सम्पादनका क्रममा स्वविवेकीय अधिकारको प्रयोग गर्दा संविधान, प्रचलित कानुन, न्यायका मान्य सिद्धान्त, मूल्य मान्यता र सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा गर्नुपर्ने सुझाब प्रस्तुत गरेको थियो।[३३]

११.५ समयमा इजलास बस्नुपर्ने

अविलम्ब निरूपण गर्नुपर्ने प्रकृतिका गम्भीर संवैधानिक प्रश्न निहित रहेका मुद्दा तथा रिटहरू संवैधानिक इजलासमा विचाराधीन भए पनि नियमितरूपमा संवैधानिक इजलास बस्न नसकेको र अन्य इजलासहरू पनि निर्धारित समयमा नबसेको कारणबाट सेवाग्राहीहरूमा नकारात्मक असर पर्न गएको देखिँदा नियमितरूपमा संवैधानिक इजलास तथा अन्य इजलास निर्धारित समयमा बस्ने कानुनी व्यवस्थालाई पालना गर्नुपर्ने सुझाब प्रस्तुत गरेको थियो।[३४]

११.६ अदालतमा विद्युतीय माध्यमको प्रयोग

अदालतमा सम्पादन गरिने कार्यहरू प्रविधिमैत्री भई बहस गर्ने परम्परामा समेत मध्यनजर राखी अदालतमा कानुन व्यवसायी उपस्थित भई बहस गर्ने परम्परामा समेत क्रमशः परिवर्तन गर्दै विद्युत्तीय माध्यमको प्रयोगलाई प्रोत्साहित गर्ने र म्याद थपलगायतका काम कारबाहीहरू सूचना प्रविधिको प्रयोगलाई विस्तार गरी भिडियो कन्फरेन्स वा कोर्टरूम टेक्नोलोजीको उपयोग गरी अदालतका कामकारबाहीलाई अगाडि बढाउन[३५] सुझाब दिएको थियो।

११.७ सेवाग्राहीमैत्री व्यवहारकालागि तालिम उपलब्ध गराउनुपर्ने

न्यायका लागि अन्तिम ढोकामा आइपुगेका सेवाग्राहीहरूलाई अदालतका कतिपय कर्मचारीले गर्ने दुर्व्यवहारको अन्त्यका लागि प्रतिवेदनले न्यायपालिकामा कार्यरत कर्मचारीको अनपेक्षित व्यवहारका कारण न्यायका लागि आएका सेवाग्राहीहरूलाई सेवाग्राहीमैत्री व्यवहार एवम् सोका आधारभूत पक्षहरू सम्बन्धमा समय समयमा प्रशिक्षण प्रदान गरी सेवाग्राहीमैत्री व्यवहार गर्न उत्प्रेरित गर्नुपर्ने[३६] सुझाब प्रस्तुत गरेको थियो।

११.८ न्यायपालिकालाई राजनीतिक विवादबाट मुक्त राख्नुपर्ने

राजनीतिक विवाद मिश्रित संवैधानिक प्रश्नको निरूपण अदालतबाटै गर्ने संवैधानिक व्यवस्था भए पनि न्यायिक नेतृत्वले कुनै पनि किसिमको राजनीतिक हस्तक्षेपबाट न्यायपालिकाको स्वतन्त्रतामा आँच आउने किसिमको कार्य हुन नदिन सशक्त र प्रभावकारी भूमिका खेल्नु पर्ने सुझाब दिएको थियो।[३७]

१२. न्यायालयको कार्यसम्पादन

कार्यसम्पादनको मुख्य आधार अदालतमा दर्ता हुने मुद्दाहरूको समयमै फर्स्यौट भएको सङ्ख्या हो। यस आलेख तयार गरून्जेल सर्वोच्च अदालतले यस वर्षको (आर्थिक वर्ष ०७७/०७८) को प्रतिवेदन सार्वजनिक गरिसकेको थिएन। त्यसैले गत तीन आर्थिक वर्षका वार्षिक प्रतिवेदनहरूको आधारमा सर्वोच्च अदालत, पुनरावेदन अदालतकारूपमा रहेका सात उच्च अदालतहरू र जिल्ला अदालतहरूको कार्यसम्पादन मूल्याङ्न गरिएको छ। अघिल्लो वर्षबाट सरेर आएका मुद्दाहरू, नयाँ दर्ता मुद्दाहरू, फर्स्यौट भएका मुद्दाहरू र बाँकी रहेका मुद्दाहरूको सङ्ख्या यस आलेखमा उल्लेख गरिएको छ।

१२.१ आर्थिक वर्ष ०७६/०७७ को समग्र मूल्याङ्कन[३८]

आर्थिक वर्ष ०७६/०७७ मा तीनै तहका अदालतहरूका अघिल्लो वर्षबाट सरेका जिम्मेवारीहरू र नयाँ दर्ता भएका मुद्दाहरूको औसतमा ५४ प्रतिशत किनारा लागेको पाइन्छ। यस अवधिमा सर्वोच्च

३३. न्यायिक स्वच्छता र हरिकृष्ण कार्की नेतृत्वको समितिले दिएको प्रतिवेदन २०७८, पृष्ठ १४९, अनुच्छेद २
३४. न्यायिक स्वच्छता र हरिकृष्ण कार्की नेतृत्वको समितिले दिएको प्रतिवेदन २०७८, पृष्ठ १४९, अनुच्छेद ३
३५. न्यायिक स्वच्छता र हरिकृष्ण कार्की नेतृत्वको समितिले दिएको प्रतिवेदन २०७८, पृष्ठ १५१, अनुच्छेद २
३६. न्यायिक स्वच्छता र हरिकृष्ण कार्की नेतृत्वको समितिले दिएको प्रतिवेदन २०७८, पृष्ठ १५५, अनुच्छेद ३
३७. न्यायिक स्वच्छता र हरिकृष्ण कार्की नेतृत्वको समितिले दिएको प्रतिवेदन २०७८, पृष्ठ १५६, अनुच्छेद २
३८. सर्वोच्च अदालतको वार्षिक प्रतिबेदन २०७६/०७७

आर्थिक वर्ष ०७६/०७७ को समग्र मूल्याङ्कन

अदालत	जिम्मेवारी	नयाँ दर्ता	जम्मा	फर्स्यौट		बाँकी	२ वर्षदेखि माथिको
				सङ्ख्या	प्रतिशत		
सर्वोच्च	२४१८०	११८०१	३५९८१	११२२५	३१.२०	२४७५६	८६९७
उच्च	१५५८२	३९९७८	५५५६०	३५५६२	६४.०१	१९९९८	२५१
जिल्ला	६४७०५	१५८०३४	२२२७३९	१४६७१८	६५.८७	७६०२१	६२१२

सबै अदालतहरूको निवेदन लगत फर्स्यौट र बाँकी विवरण

आर्थिक वर्ष	जिम्मेवारी	नयाँ दर्ता	जम्मा	फर्स्यौट		बाँकी	२ वर्षदेखि माथिको
				सङ्ख्या	प्रतिशत		
२०७६/०७७	१०४४६७	२०९८१३	३१४२८०	१९३५०५	६१.५७	१२०७७५	१७२१८
२०७५/०७६	९३४७०	२६२०२९	३५५४९९	२५११८३	७०.६६	१०४३१६	१२७०४
२०७४/०७५	९४५३९	१७९४९१	२७४०३०	१८०५६०	६५.९	९३४७०	१२७९३

सर्वोच्च अदालतको निवेदन लगत फर्स्यौट र बाँकी विवरण

	जिम्मेवारी	नयाँ दर्ता	जम्मा	फर्स्यौट		बाँकी	२ वषदेखि माथिको	५ वषदेखि माथिको
				सङ्ख्या	प्रतिशत			
२०७६/०७७	२४१८०	११८०१	३५९८१	११२२५	३१.२०	२४७५६	८६९७	२०५८
२०७५/०७६	२०२९८	१४६२४	३४९२२	१०७४२	३०.७६	२४१८०	७४४६	१९६४
२०७४/०७५	२१८२९	१०८८८	३२७१७	१२४१९	३८.०	२०२९८	८९२०	

उच्च अदालतहरूको निवेदन लगत फर्स्यौट र बाँकी विवरण

आर्थिक व	जिम्मेवारी	नयाँ दर्ता	जम्मा	फर्स्यौट		बाँकी	२ वर्षदेखि माथिको
				सङ्ख्या	प्रतिशत		
२०७६/०७७	६४७०५	१५८०३४	२२२७३९	१४६७१८	६५.८७	७६०२१	६२१२
२०७५/०७६	५७७८५	२१४९२६	२७२७११	२०८००६	७६.२७	६४७०५	३१८२
२०७४/०७५	५२६२७	१३५४५०	१८८०७७	१३०२९२	६९.३	५७७८५	२६२०

जिल्ला अदालतहरूको निवेदन लगत फर्स्यौट र बाँकी विरण

आर्थिक व	जिम्मेवारी	नयाँ दर्ता	जम्मा	फर्स्यौट		बाँकी	२ वर्षदेखि माथिको
				सङ्ख्या	प्रतिशत		
२०७६/०७७	६४७०५	१५८०३४	२२२७३९	१४६७१८	६५.८७	७६०२१	६२१२
२०७५/०७६	५७७८५	२१४९२६	२७२७११	२०८००६	७६.२७	६४७०५	३१८२
२०७४/०७५	५२६२७	१३५४५०	१८८०७७	१३०२९२	६९.३	५७७८५	२६२०

अदालतले ३१.२० प्रतिशत, उच्च अदालतहरूले ६४.०१ प्रतिशत र ७७ को सङ्ख्यामा रहेका जिल्ला अदालतहरूले ६५.८७ प्रतिशत मुद्दाहरूको किनारा लगाएको पाइन्छ। यसरी हेर्दा, मुद्दा किनारा लगाउन सर्वोच्च अदालत पछाडि रहेको देखिन्छ। त्यसैगरि, यी अदालतहरूमा दुई वर्ष भन्दामाथिका मुद्दाहरू पनि उल्लेख्यरूपमा रहेको छ। उच्च अदालतहरूमा सबैभन्दा कम सङ्ख्यामा र सर्वोच्च अदालतमा धेरै सङ्ख्यामा मुद्दाहरू विचाराधीन अवस्थामा रहेका छन्। यसले नागरिकहरू छिटो र छरितो न्याय पाउने हकबाट बञ्चित भएको देखिन्छ।

१२.२ सबै अदालतहरूको निवेदन लगत फर्स्यौट र बाँकी विवरण[३९]

आर्थिक वर्ष ०७४/०७५ देखि ०७६/०७७ मा सर्वोच्च अदालत, उच्च अदालतहरू र जिल्ला अदालतहरूले अघिल्लो वर्षबाट सरेका जिम्मेवारीहरू र नयाँ दर्ता भएका मुद्दाहरूको औसतमा ६६ प्रतिशत किनारा लगाएको छ। सबैभन्दा बढी आर्थिक वर्ष ०७५/०७६ मा ७०.६६ प्रतिशत मुद्दाहरू किनारा लागेका छन्। त्यसैगरी दुई वर्ष भन्दा बढीदेखि किनारा लाग्न नसकेको मुद्दाहरू तिनै वर्षभरि उल्लेख्यरूपमा रहे।

१२.३ सर्वोच्च अदालतको निवेदन लगत फर्स्यौट र बाँकी विवरण[४०]

सर्वोच्च अदालतमा आर्थिक वर्ष ०७४/०७५ देखि ०७६/०७७ मा निवेदनको लगत फर्स्यौट र बाँकी विवरणको चर्चा गर्दा आर्थिक वर्ष ०७६/०७७ मा अघिल्लो वर्षबाट सरेर आएको जिम्मेवारी २४ हजार १ सय ८० मुद्दाहरू र नयाँ दर्ता ११ हजार ८ सय ८१ गरी जम्मा ३५ हजा ९ सय ८१ मुद्दाहरूमध्ये ११ हजार २ सय २५ निवेदनहरूलाई किनारा लगायो। बाँकी रहेका २४ हजार ७ सय ५६ निवेदनहरूमध्ये ८ हजार ६ सय ९७ मुद्दाहरू २ वर्षभन्दा अघिका थिए भने २ हजार ५८ निवेदनहरू पाँच वर्षभन्दा अघिका थिए। नागरिकको न्यायको अन्तिम साहारा रहेको सर्वोच्च अदालतमा पाँच वर्षभन्दा बढी समयका मुद्दाहरू विचाराधीन रहनुले जनताको न्यायमा पहुँचको अवस्था झल्काउँछ।

१२.४ उच्च अदालतहरूको निवेदन लगत फर्स्यौट र बाँकी विवरण[४१]

पुनरावेदन अदालतकारूपमा रहेका मुलुकका सात ओटा उच्च अदालतहरूको कार्यसम्पादनको मूल्याङ्कन गर्दा यी अदालतहरूमा सर्वोच्च अदालतको तुलनामा धेरै सङ्ख्यामा मुद्दाहरू किनारा लागेको देखिन्छ। दुई वर्षभन्दा अघिका फर्स्यौट गर्न बाँकी मुद्दाहरूको सङ्ख्या पनि कम देखिन्छ। आर्थिक वर्ष २०७४/०७५ मा ५३ हजार २ सय ३६ थान मुद्दाहरूमध्ये ७१.१ प्रतिशत मुद्दा फर्स्यौट भयो। त्यसैगरी आर्थिक वर्ष २०७५/०७६ मा ६० हजार ७० मुद्दामा ७४.०६ प्रतिशत फर्स्यौट भयो। आर्थिक वर्ष २०७६/०७७ मा कूल ५३ हजार २ सय ३६ सङ्ख्यामा रहेको मुद्दामा ६४.०१ प्रतिशत फर्स्यौट भयो।

१२.५ जिल्ला अदालतहरूको निवेदन लगत फर्स्यौट विवरण[४२]

७७ जिल्ला अदालतहरूको कार्यसम्पादनको मूल्याङ्कन गर्दा यी अदालतहरूले तीन आर्थिक वर्षहरूमा ६० प्रतिशत देखि ७० प्रतिशतका दरले मुद्दाहरू किनारा लगाएको देखिन्छ। जनताले न्यायका लागि सबैभन्दा पहिलो पटक पुग्ने यी अदालतहरूमा दुई वर्षभन्दा माथिका अवधि पार गरेका मुद्दाहरू पनि उल्लेख्य रहेको छ।

१३. ढिलो न्यायले ल्याएको परिणाम

न्यायालयहरूमा दुईदेखि पाँच वर्षभन्दा पुराना फर्स्यौट हुन नसकेका मुद्दाहरूको सङ्ख्याले 'ढिलो न्याय गर्नु भनेको न्याय नदिनु हो' भन्ने न्यायको सिद्धान्त नेपालमा पुष्टि हुन्छ। न्यायालयले गर्ने ढिलो न्यायले पीडितको न्याय प्राप्त गर्ने अधिकारमाथि गम्भीर कुठाराघात भएको छ। उदाहरणका लागि महोत्तरीको मनरासिस्वा नगरपालिका-१० को निर्वाचन

---

३९. सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०६७/०७७, २०७५/०७६ र २०७४/०७५
४०. सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०६७/०७७, २०७५/०७६ र २०७४/०७५
४१. सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०६७/०७७, २०७५/०७६ र २०७४/०७५
४२. सर्वोच्च अदालतको वार्षिक प्रतिवेदन २०६७/०७७, २०७५/०७६ र २०७४/०७५

परिणामसम्बन्धी फैसला[४३], गोङ्गबुस्थित अस्थायी प्रहरी चौकीमा कार्यरत जवान मदननारायण श्रेष्ठ १३ वर्ष ६ महिनापछि निर्दोष सावित गरेको फैसला, द्वन्द्वको समयमा काभ्रेका अर्जुन लामालाई तत्कालीन नेकपा (माओवादी) का कार्यकर्ताले अपहरण गरी हत्या गरेको १६ वर्ष नाघेको मुद्दा, पूर्वमन्त्री तथा कांग्रेस नेता मोहम्मद अफताब आलम विरुद्धको मुद्दाको पेशी पटकपटक सारिनु जस्ता प्रतिनिधिमूलक घटनाहरूले न्यायपालिकाबाट हुने गरेका ढिलासुस्तीलाई सावित गर्छ।[४४]

१४. निष्कर्ष

सन् २०२१ मा कोभिड-१९ को दोस्रो लहरबाट विश्व नै प्रभावित भयो। लाखौँको सङ्ख्यामा मानिसहरूले मृत्युवरण गर्नु पऱ्यो। गत वर्ष जस्तै यो वर्षको सुरूवातबाट नै कोभिडले असर पारेको थियो २०७७ चैतको अन्तिम सातादेखि महामारीले भयावह रूप लिएको थियो भने २०७८ वैशाख १६ देखि निषेधाज्ञा जारी गरिएको थियो। कोभिडको दोस्रो लहरमा हजारौँको सङ्ख्यामा मानिसहरूको मृत्यु भयो। यस्तो अवस्थामा राज्यका निकायहरूबाट प्रदान हुने सेवामा पनि नकारात्मक असर पऱ्यो।

निषेधाज्ञाले न्यायालयको काम प्रभावित भयो। यस्तो अवस्थामा सर्वोच्च अदालतले सर्वोच्च अदालत लगायत उच्च अदालतहरू तथा जिल्ला अदालतहरूमा बन्दीप्रत्यक्षिकरण, बाल सुधारगृहका निवेदन उपर र पक्राउ पूर्जी अनुमति र समर्थनसम्बन्धी कार्यमात्र गर्ने गराउने विशेष निर्णय गरेको थियो। कोभिड-१९ को माहामारीको कारणले उत्पन्न निषेधाज्ञाको अवस्थामा पनि स्वास्थ्यको हक, नि:शुल्क स्वास्थ्य परीक्षण, खोपको सर्वसुलभता र कोरोना बीमा रकम भुक्तानी सम्बन्धमा सर्वोच्च अदालत तथा उच्च अदालतहरूले विभिन्न निर्देशन तथा फैसलाहरू गऱ्यो। सर्वोच्च अदालतको पूर्ण बैठकले मौलिक हक लगायत महत्त्वपूर्ण सेवा सूचारू राख्नका लागि अदालतमा नयाँ प्रविधिको प्रयोग गर्दै 'भर्चुअल' माध्यमलाई पनि सुनुवाइ प्रकृयामा आधिकारिकता दिइयो।

यस वर्षको उल्लेख्यनीय आदेशः प्रतिनिधि सभा विघटन बदर र प्रधानमन्त्री बनाउन सर्वोच्च अदालतको आदेश कुनै पक्षले स्वागत गऱ्यो भने कुनै पक्षले विरोध गऱ्यो। सर्वोच्च अदालतको प्रधानमन्त्री बनाउने परमादेशले प्रधानमन्त्री चुन्ने संसदको अधिकारमा न्यायपालिकाले हस्तक्षेप गरेको जस्ता विषय पनि चर्चामा रह्यो।

सर्वोच्च अदालतमा प्रधानन्याधीशले स्वविवेकमा न्यायाधीशहरू छानेर इजलास गठन गर्ने र त्यसमा मुद्दा तोक्ने काम अधिकारको दुरूपयोग र आफू अनुकूलको इजलास गठन गरी मुद्दा तोक्ने गरेको आरोप प्रधानन्यायाधीशमाथि लाग्यो। प्रधानन्यायाधीशमाथि लागेको आरोपको आधारमा सर्वोच्च अदालतका न्यायाधीशहरू र नेपाल बार एशोसियसनले आन्दोलन समेत गऱ्यो। सर्वोच्च अदालतमा न्यायाधीश छनौटमा तत्कालका लागि गोलाप्रथाबाट छान्न सर्वोच्च अदालतको नियमावली दोस्रो संशोधन २०७८ जारी गरियो।

सर्वोच्च अदालतमा पेसी व्यवस्थापनमै सेटिङ हुने गरेको भन्दै प्रधानन्यायाधीशले तोकेको पेसी र गरेको इजलास गठनमा नबस्ने भन्दै सर्वोच्च अदालतका न्यायाधीशहरूले इजलास बहिष्कार गरे। सर्वोच्च अदालतको नियमावली दोस्रो संशोधनले सर्वोच्च अदालतको इजलास र न्यायाधीशहरू गोला प्रथाबाट चुन्ने भएपछि ३७ दिनदेखि अवरुद्ध न्यायलयका इजलासहरू नियमित भयो।

न्यायपालिकामा हुनसक्ने विकृति, विसङ्गति, अनियमितता वा भ्रष्टाचार एवम् बिचौलियाबाट हुनसक्ने क्रियाकलापहरू र त्यसको रोकथामको लागि चाल्नुपर्ने उपायहरूको सम्बन्धमा सर्वोच्च अदालतले न्यायाधीश हरिकृष्ण कार्कीको संयोजकत्वमा प्रतिबेदनले न्यायिक स्वच्छताकालागि सुझावहरू प्रस्तुत गऱ्यो।

ढिला न्याय दिनु भनेको न्याय नदिनु सरह हो। आर्थिक वर्ष ०७७/०७८) को प्रतिबेदन प्राप्त गर्न नसकिएपनि गत तीन आर्थिक वर्षको प्रतिवेदनहरूका अनुसार गत वर्ष पनि सर्वोच्च अदालत, उच्च अदालतहरू र जिल्ला अदालतहरूमा जम्मा मुद्दाहरू ३

४३. https://inseconline.org/np/news/ चार-वर्षअघि-वडाध्यक्षमा/(२०७८ माघ ९ गते हेरिएको) स्थानीय निर्वाचन सम्पन्न भएको चार वर्षपछि सर्वोच्च अदालतको आदेशपछि २०७७ कात्तिक ७ गते पुन: मतगणना पहिलाको मतपरिणाम उल्टिएको थियो ।

४४. https://inseconline.org/np/press/न्यायपालिकामा-देखिएको-अन

लाख १४ हजार २ सय ८० मा १ लाख २० हजार ७ सय ७५ फर्स्यौट हुन बाँकी रहे। फर्स्यौट हुन बाँकी मध्ये १७ हजार २ सय १८ मुद्दाहरू २ वर्ष भन्दा बढी पुराना निवेदनहरू थिए। यसरी लामो समयसम्म मुद्दाको छिनोफानो नगरिनु संविधानले सुनिश्चित गरेको जनताको छिटो-छरितो तथा निष्पक्ष न्याय प्राप्त गर्ने हक हनन् हुनु हो।

न्यायालयमा सेटिङ, भ्रष्टाचार, न्यायालयका आधिकारिक व्यक्तिहरूको संरक्षणमा विचौलियाहरूको जगजगी र प्रधानन्याधीशको स्वविवेकमा प्रश्न उठ्नु भनेको न्यायालयप्रतिको आस्था र विश्वासमा कुठाराघात हुनु हो। जनताको सङ्घर्षले प्राप्त भएको सङ्घीय लोकतान्त्रिक प्रणाली, संविधानले व्यवस्था गरेको शक्तिपृथकीकरण र शक्ति सन्तुलनको सिद्धान्त अनुरूप राज्य सञ्चालनमा न्यायालयको महत्त्वपूर्ण भूमिका रहनु पर्दछ।

फोटो : रमेशप्रसाद तिमल्सिना

२.२ राज्य र मानव अधिकार

कार्यपालिका

परिच्छेद

२

पृष्ठभूमि

मानव अधिकारको प्रत्याभूति गर्ने जिम्मेवारी कार्यपालिकाको नेतृत्वका हैसियतमा नेपाल सरकारले पूरा गर्नुपर्ने हुन्छ। राज्यले नागरिक अधिकारको रक्षा, विकास र सुनिश्चितताका लागि गर्ने कार्यहरूका लागि सङ्घीय सरकार, प्रदेश र स्थानीय तहका सरकारहरूले संवैधानिक उतरदायित्व बहन गर्नुपर्ने व्यवस्था उल्लेख गरेको छ। आवश्यकताका आधारमा कानुन बनाउन वा संशोधन गर्न व्यवस्थापिकामा सिफारिस गर्ने र विद्यमान कानुनहरूको कार्यान्वयन सुनिश्चित गर्नाले मानव अधिकारको अवस्थामा सुधार ल्याउन सकिन्छ। मानव अधिकारको विश्वव्यापी घोषणापत्र र अन्य महासन्धि तथा अनुबन्धद्वारा सृजना गरिएका प्रबन्धहरूको पालना तथा आवधिक प्रतिवेदनमार्फत अन्तर्राष्ट्रिय मञ्चमा नेपालको मानव अधिकार अवस्थाको ऐना प्रस्तुत गर्ने जिम्मेवारी कार्यपालिका हो।

जनताद्वारा निर्वाचित प्रतिनिधिबाटै बनेको सरकारले सन् २०२१ मा गरेका क्रियाकलापका आधारमा यस आलेखमा राज्यको मानव अधिकारप्रतिको जबाफदेहिताको विश्लेषण गर्ने प्रयास गरिएको छ।

१. हिंसात्मक द्वन्द्वको अन्त्यतर्फको पहल

सरकारले नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपालाई प्रतिबन्ध लगाएको दुई वर्ष पछि प्रतिबन्ध फुकुवा गऱ्यो। सरकार र विप्लव नेतृत्वको नेकपाबिच २०७७ फागुन २० गते भएको वार्तामा तीन बुँदे सहमति भएपछि प्रतिबन्ध हटाइएको हो। विप्लव नेतृत्वको नेकपामाथि सरकारले २०७५ फागुन २८ गतेबाट प्रतिबन्ध लगाएको थियो। शान्तिपूर्ण तरिकाबाट आफ्ना माग राख्न पाउने नागरिकको अधिकारको सम्मान गर्न र आफ्ना माग शान्तिपूर्ण तौरतरिकाबाट राख्न यो सम्झौताले सकारात्मक गोरेटो कोरेको छ। यही विषयलाई आत्मसात गर्दै सरकार र सो पार्टीबिच छलफल भएर गरिएको सम्झौताले सकारात्मक सञ्चार पैदा गऱ्यो।

सहमतिको तेस्रो बुँदामा उल्लेख गरिएको 'कार्यकर्ता रिहाइ र सबै मुद्दा खारेज गर्न सहमत' भएको भन्ने बुँदाले त्यस पार्टीले गरेका हिंसात्मक तथा सरकारद्वारा भएका प्रतिहिंसात्मक गतिविधि नियन्त्रण गर्ने नाममा गरिएका गम्भीर प्रकृतिका मानव अधिकार उल्लङ्घनका घटना तथा हतियार व्यवस्थापनको पाटोमा दुवै पक्ष मौन रहेकाले मानव अधिकार संरक्षण तथा परिपालनाप्रति सरकारको जबाफदेहिता प्रश्न उठ्यो।

१० वर्ष लामो सशस्त्र द्वन्द्वको समयमा भएका गम्भीर मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाका पीडितले अझैसम्म न्याय नपाएको सन्दर्भ ताजै रहेको तथा फौजदारी अपराधका घटनामा न्यायको सरोकार सुनिश्चित गर्ने विषय उल्लेख नगरिनुले मानव अधिकार तथा न्यायप्रति दुवै पक्ष



सहमतिपत्र

नेपाल सरकार तथा नेपाल कम्युनिष्ट पार्टी बीच निम्नलिखित सहमति भएको छ :

१. दुवै पक्ष (नेपाल सरकार तथा नेपाल कम्युनिष्ट पार्टी) देशको राजनैतिक समस्याहरु वार्ता तथा संवादबाट समाधान गर्न सहमत भएका छौं।

२. नेपाल कम्युनिष्ट पार्टी आफ्ना सबै राजनैतिक क्रियाकलापहरु शान्तिपूर्णरुपमा संचालन गर्न सहमत भएको छ।

३. नेपाल सरकार, नेपाल कम्युनिष्ट पार्टी माथि लगाइएको प्रतिबन्ध हटाउन, कारागारमा रहेका पार्टीका नेता तथा कार्यकर्ताहरुको रिहाई र संपूर्ण मुद्दाहरु खारेज गर्न सहमत भएको छ।

हस्ताक्षर — मिति — हस्ताक्षर

२०/११/२०७७

माननीय रामबहादुर थापा
वार्ता टोली प्रमुख तथा गृह मन्त्री

कमरेड प्रकाण्ड
प्रवक्ता तथा वार्ता टोली प्रमुख

डा. राजन भट्टराई
वार्ता टोली सदस्य तथा प्रधानमन्त्रीका विदेश मामिला सल्लाहकार

कमरेड दिपक
वार्ता टोली सदस्य तथा केन्द्रीय समिति सदस्य

नेपाल सरकार — नेपाल कम्युनिष्ट पार्टी

संवेदनशील भएको पाइएन।

२. नागरिक अधिकारसँग जोडिएका कानुन निर्माण

सरकारले ल्याएको नीति र कानुनले समाजलाई मानव अधिकारमैत्री बाटोमा डोहोऱ्याउनुपर्छ। प्रतिपक्षमा बसेर आलोचना गरिएको विषय सरकारमा पुगेपछि बिर्सने गरेको कटु सत्य प्रजातन्त्र पुनर्स्थापनापछिका दिनमा भए गरेका गतिविधिले प्रष्ट्याउँछ। सन् २०२१ मा सरकारले गरेका काम आलोचना मुक्त रहेनन्। ०७७ असोज १२ गते जारी गरेको तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेशलाई २०७८ वैशाख २१ गते पुनः अध्यादेशकै माध्यमबाट जारी गऱ्यो। एसिड प्रहारलगायत पछिल्ला समय भइरहेका आपराधिक घटनालाई नियमन गर्न यो कानुन निकै प्रभावकारी मानिएको छ। त्यसैगरी, कोभिड-१९ सङ्कट व्यवस्थापन, स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा र यौन हिंसाविरूद्धका कानुनलाई अध्यादेशमार्फत नै

भए पनि ल्याइएबाट नागरिक अधिकार रक्षाको बोध सरकारले गरेको आभास भएको छ। कोभिड महामारीका कारण स्वास्थ्य क्षेत्रमा लगानी गर्नुपर्छ भन्ने बोध भएकै कारण मुलुकभर ०७७ मङ्सिर १५ गते शिलान्यास गरिएका ३ सय ९६ मध्ये अधिकांश अस्पताल निर्माणकै क्रममा रहे। सन् २०२१ को अन्त्यसम्म अधिकांश अस्पताल निर्माणमा रहेका छन्। *(हे. यसै पुस्तकको जिल्लागत विवरणको स्वास्थ्य सेवाको अवस्था)*

३. व्यवस्थापिकासँगको असन्तुलित सम्बन्ध

संविधानको प्रवन्ध बमोजिम संसद बैठक बोलाउने र अन्त्य गर्ने जिम्मेवारी सरकारको हो। यो एक वर्षको अवधिमा सरकारले गर्नुपर्ने व्यवस्थापकीय नेतृत्वमा सङ्कट पैदा भयो। संयुक्त घोषणपत्रमार्फत जनमतको आह्वान गरेर संसदमा बहुमत हासिल गरेको राजनीतिक दलको अन्तरिक खिचातानी र त्यस घोषणापत्र प्रतिको प्रतिबद्धता सोही दलद्वारा खण्डित गरिएकोले संसदीय अभ्यास असन्तुलित भएको पाइयो। संसदको क्रियाकलाप हठात अन्त्य गर्ने र अध्यादेशबाटै शासकीय असजिलो फुकाउने प्रक्रियाले संवैधानिक प्रबन्धको उपयोगमाथि नै शङ्का उत्पन्न भयो।

सरकारले जनअभिमत तथा आवश्यकताका विषयलाई संसदीय अभ्यासमार्फत कानुन निर्माणमा नेतृत्व लिनु र निर्मित कानुनको आधारमा शासन सुनिश्चित गर्नु पर्दछ। संसदमा रहेको नागरिकता ऐनलाई २०७८ जेठ ७ गते प्रतिनिधिसभा विघटन गरेको दुई दिनमा नै अध्यादेशको रूपमा जारी गरिए पनि सर्वोच्च अदालतले उक्त अध्यादेश कार्यान्वयन नगर्न अन्तरिम आदेश दियो। एक वर्षको अवधिमा दुई ओटा विधेयक मात्रै प्रमाणीकरण भएको सूचना राष्ट्रपतिको कार्यालयको वेवसाइटमा देखिनु[१] तथा यस अवधिमा २४ ओटा अध्यादेश जारी गरिनु र ती अध्यायदेशहरू संसदीय अभ्यासमार्फत कानुनमा बदलिन नसक्नुले सरकारको संसदीय अभ्यासप्रतिको उदासीनता प्रकट भएको छ। सरकारले ०७८ भदौ २ गते ल्याएको राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, ०७८ लाई दुई ओटा दल विभाजन भएपछि असोज ११ गते खारेजीको सिफारिस गऱ्यो।

४. जनसरोकारसँगको अन्तरविरोध

संविधानसभाका माध्यमबाट ०७२ असोज ३ गते संविधान जारी गर्दा सबै राजनीतिक दलहरूले अब राजनीतिक स्थायित्व हुन्छ भन्ने प्रतिबद्धता जनाएका थिए। उनीहरूले सरकार सञ्चालनको अवधि पनि पाँच वर्षकै हुन्छ भनी नेपाली जनता सामु वचन दिएका थिए। राजनीतिक स्थायित्वसँग आवधिक सरकारको पूर्णतालाई आमनागरिकले अनुमोदन गरेको भए पनि राजनीतिक नेतृत्वको ध्यान सत्ताकै वरिपरी घुमिरह्यो। सुखी नेपाली समृद्ध नेपालको नारा अघि सारेको सरकारले आफ्ना गतिविधिमार्फत त्यसको परिणाम प्रस्तुत गर्न सकेन। सरकारको घोषित सरोकार आर्थिक विकासका गतिविधि बढाउनु, उद्योग कलकारखानाको स्थापना गर्नु, संरचनागत विकास गर्नु, संविधानमा लेखिएका मौलिक हक पूर्तिका लागि आवश्यक काम गर्नु थियो। बेरोजगारीको अन्त्य गरी नेपाली श्रमलाई मुलुकमै खपत हुने वातावरण बनाउनु थियो।

यी सबै विषय संविधानको मौलिक हकमा लिपिबद्ध छ। तर, यस वर्ष सरकारको नेतृत्व धैरैजसो समय सत्ताको खेलमै केन्द्रित भयो। सरकार टिकाउने र गिराउने खेलमा सत्ताधारी दलकै नेताहरूको खुलमखुला अभ्यासले घोषित सरोकारतर्फ उल्लेख्य उपलब्धि हासिल हुन सकेन। सन् २०२० को अन्त्यतिर बाम घोषणापत्र बमोजिम प्राप्त जनमत दलका नेताहरूका कारण खण्डित भयो। प्रधानमन्त्री केपी शर्मा ओलीले गरेको संसद विघटनको सिफारिसका आधारमा राष्ट्रपति विद्यादेवी भण्डारीबाट संसद विघटन गरियो। तर, सर्वोच्च अदालतले २०७७ फागुन ११ गते संसद पुनर्स्थापना गर्ने फैसला सुनायो।[२]

अस्थिरता र राजनीतिमा अङ्क गणितको खेल झन् झाँगिदै गयो प्रधानमन्त्री पदबाट केपी शर्मा ओलीले राजीनामा दिए पश्चात वैशाख ३० गतेसम्म प्रधानमन्त्री पदमा नियुक्तिका लागि राष्ट्रपतिसमक्ष दावी पेश गर्न राष्ट्रपति कार्यालयले आह्वान गऱ्यो। सो आह्वान अनुरूप केपी शर्मा ओली र शेरबहादुर देउवाले राष्ट्रपतिसमक्ष दावी पेश गरे।

नेपाली कांग्रेस संसदीय दलका नेता शेरबहादुर देउवाले कांग्रेसका ६१, माओवादी केन्द्रका ४९, एमालेको माधवकुमार नेपाल पक्षका २६, जनता समाजवादी पार्टीको उपेन्द्र यादव पक्षका १२ र राष्ट्रिय

१. https://bit.ly/3L0uLAt

२. https://drive.google.com/file/d/1pHcUbAgBl02QGZLoFLP4JT626Z8VRcx6/view

जनमोर्चाका एक गरी १ सय ४९ सांसदको हस्ताक्षर बुझाएका थिए। नेकपा एमाले संसदीय दलका नेता केपी शर्मा ओलीले एमाले र जसपाको संसदीय दलको समर्थनसहित प्रधानमन्त्री पदमा पुन दावी गरे। राष्ट्रपति कार्यालयले दुवैको दावी नपुग्ने निर्णय गऱ्यो। प्रधानमन्त्री केपी शर्मा ओलीको सिफारिसमा ०७८ जेठ ८ गते दोस्रोपटक प्रतिनिधिसभा विघटन भयो। दोस्रोपटक विघटन गरिएको संसद पनि असार २८ गते सर्वोच्चले पुनर्स्थापनाको फैसला सुनायो।[३] फैसलामा सर्वोच्च अदालतले प्रधानमन्त्रीमा गरिएको दावी मुताविक नेपाली कांग्रेस संसदीय दलका नेता शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश जारी गऱ्यो। यस फैसलासँग जोडिएर अदालत र नेपाल बार तथा अदालतमै न्यायाधीशहरूबीच अन्तरविरोध पैदा भई सर्वोच्च अदालतको प्रक्रिया अवरुद्ध भयो।

सङ्घीय सरकार सङ्कटमा पर्दा यसको प्रभाव प्रदेशमा पनि पर्न गयो। प्रदेश सरकार गठन गर्ने र फेर्ने काम सम्बन्धित प्रदेश सभाकै भए पनि प्रदेश प्रमुख हेरफेरको काम सङ्घीय सरकारबाट हुने हुँदा कार्यकारी नभएको प्रदेश प्रमुख पनि पटकपटक फेरिए। प्रादेशिक संरचनाको यो पहिलो अभ्यासमा नै एउटै प्रदेशमा चार जनासम्म प्रदेश प्रमुख फेरिए। सङ्घीय सरकार तथा संसदमा परेको प्रभाव स्वरूप मधेश प्रदेश बाहेक सबै प्रदेशमा सरकार बदलिए। प्रदेश १ र बागमती प्रदेशमा त दुईपटक सरकार फेरिए। प्रदेश १ सरकार र संसदले प्रदेशको नामाकरणसमेत गर्न सकेनन्। पटकपटक सरकार बदलिँदा मानव अधिकार तथा जनसरोकारका मुद्दा प्राथमिकतामा पर्न सकेनन्। संविधानको धारा १६३ को उपधारा ३ मा राष्ट्रपतिले पदावधि समाप्त हुनुभन्दा अगावै निजलाई पदमुक्त गरेमा बाहेक प्रदेश प्रमुखको पदावधि पाँच वर्ष हुने उल्लेख छ।[४] साढे तीन वर्षको अवधिमा गण्डकीमा चौथो र लुम्बिनीमा तेस्रोपटक प्रदेश प्रमुख फेरिए।[५]

यो वर्ष प्रदेश प्रमुख फेरिने क्रम

- प्रदेश २ का प्रमुख तिलक परियारलाई २०७७ फागुन ७ गते पदमुक्त गर्दै राजेश झाको नियुक्ति
- गण्डकी प्रदेशका प्रमुख अमिक शेरचन र सुदूरपश्चिम प्रदेशकी प्रमुख शर्मिलाकुमारी पन्तलाई २०७८ वैशाख २० गते पदमुक्त गर्दै गण्डकीमा सीताकुमारी पौडेल र सुदूरपश्चिममा गङ्गाप्रसाद यादवको नियुक्ति
- गण्डकी प्रदेश प्रमुख सीताकुमारी पौडेल र लुम्बिनी प्रदेश प्रमुख धर्मनाथ यादवलाई २०७८ साउन १२ गते पदमुक्त गर्दै गण्डकीमा पृथ्वीमान गुरुङ र लुम्बिनीमा अमिक शेरचनको नियुक्ति
- प्रदेश २ का प्रमुख राजेश झालाई २०७८ भदौ १ गते पदमुक्त गर्दै हरिशङ्कर मिश्रको नियुक्ति
- बागमती प्रदेश प्रमुख विष्णुप्रसाद प्रसाईलाई २०७८ भदौ ४ गते पदमुक्त गर्दै यादवचन्द्र शर्माको नियुक्ति
- प्रदेश १ का प्रमुख सोमनाथ अधिकारी, कर्णाली प्रदेश प्रमुख गोविन्दप्रसाद कलौनी र सुदूरपश्चिम प्रदेश प्रमुख गङ्गाप्रसाद यादवलाई २०७८ कात्तिक २३ गते पदमुक्त गर्दै प्रदेश १ मा परशुराम खापुङ, कर्णालीमा तिलक परियार र सुदूरपश्चिममा देवराज जोशीको नियुक्ति

संवैधानिक परिषद्को बैठक अवरुद्ध भएकाले लामो समय संवैधानिक निकायमा प्रमुख तथा पदाधिकारीको अभाव रह्यो। संवैधानिक परिषद्को बैठकको गणपूरक सङ्ख्या संशोधन गरी गरिएको सिफारिस बमोजिम ०७७ माघ २१ गते ११ ओटा संवैधानिक निकायमा प्रमुख तथा पदाधिकारीको नियुक्ति भयो। लामो समयदेखि खाली रहेका संवैधानिक निकायहरू अख्तियार दुरूपयोग अनुसन्धान आयोग, निर्वाचन आयोग, राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेसी आयोग, थारू आयोग र मुस्लिम आयोगमा ३२ जनाको नियुक्ति गरियो। त्यसैगरी लोक सेवा आयोग र यसअघि नियुक्ति गरेर बाँकी रहेका निकायमा गरी २० जनाको नियुक्ति पनि संसद नभएकै बेलामा ०७८ असार १० गते गरियो। यस्तो नियुक्तिले संसदीय सुनुवाइमार्फत हुने परीक्षण र उत्तरदायी प्रणाली तथा प्रक्रियालाई कमजोर बनायो। तत्तत् निकाय खाली भए लगत्तै संवैधानिक परिषद्ले सिफारिस गर्ने र संसदीय सुनुवाइ प्रक्रियाबाट

३. https://drive.google.com/file/d/1Y3arz0qxXRHZDklQ49354gEPBwpPl-3F/view
४. https://bit.ly/3oBon9B
५. https://ekantipur.com/news/2021/07/28/162744313836031033.html

गरिनुपर्ने काम संसद विघटन भएका बेला गरिनु चर्चा रह्यो।

५. मानव अधिकारको पाचौँ राष्ट्रिय कार्ययोजना

मानव अधिकारप्रति राष्ट्रले अन्तर्राष्ट्रिय रूपमा जनाएका प्रतिवद्धताहरूलाई मुलुकभित्र व्यवहारिक रूपमा कार्यान्वयन गर्नको लागि नेपाल सरकारले बनाएको आवधिक कार्ययोजना नै मानव अधिकार राष्ट्रिय कार्ययोजना हो। आर्थिक वर्ष २०७७/०७८ देखि २०८०/०८१ सम्मका लागि सरकारले मानव अधिकारको पाचौँ राष्ट्रिय कार्ययोजना ल्याएको छ।[६] कार्ययोजनामा शिक्षा, स्वास्थ्य, खाद्य, आवासलगायतका १७ ओटा विषयलाई समेटिएको छ। कार्ययोजना कार्यान्वयनका लागि तीनै तहका सरकारको जिम्मेवारीसमेत बाँडफाँड गरिएको छ।

६. शिक्षाको अधिकार

सरकारले २०७८/०७९ को बजेटमा दृष्टिविहीन बालबालिकालाई ब्रेल पाठ्यपुस्तकलगायत आधुनिक प्रविधिको सहायताबाट शिक्षा प्राप्त गर्ने व्यवस्था मिलाइनेछ भनेको थियो। पर्वतको कुश्मा नगरपालिकामा सञ्चालित शिवालय माध्यमिक विद्यालयमा अध्ययनरत दृष्टिविहिन छात्रछात्रालाई ब्रेल पाठ्यपुस्तक नहुँदा पठनपाठनमा समस्या आएको छ।[७] जुम्लाको सिंजा गाउँपालिकामा पनि ब्रेल पाठ्यपुस्तकको समस्या भयो।[८] शैक्षिक सत्रको सुरूवातमै निषेध आदेश लागु गरिँदा शैक्षिक क्यालेण्डर प्रभावित हुनुका साथै बालबालिकाको पढाइमा समेत नकारात्मक प्रभाव पऱ्यो। निषेध आदेशको अवधि पटकपटक थप गर्दा काठमाडौँ उपत्यकामा असोजबाट मात्रै शैक्षिक संस्था खुलेका थिए। अनलाइनमा अध्ययन अध्यापनको व्यवस्था मिलाउन प्रयत्नहरू गरिए पनि प्रभावकारी हुन नसकेका समाचारहरू सार्वजनिक भए। कोभिड-१९ को महामारीका कारण मानव जीवनको हरेक आयामजस्तै शिक्षा क्षेत्र पनि नराम्रोसँग प्रभावित भयो। विश्वभरमा औपचारिक शिक्षा लिइरहेका ९० प्रतिशतभन्दा बढी विद्यार्थी कुनै न कुनै रूपमा प्रभावित भएका विभिन्न अध्ययनले देखाए।[९]

७. स्वास्थ्यको अधिकार

नेपालको संविधानले स्वास्थ्यको अधिकारलाई सुनिश्चित गरेको छ। आमनागरिकको स्वास्थ्यसम्बन्धी मौलिक हकका साथै बाँच्न पाउने नैसर्गिक अधिकारको सुनिश्चितता संविधानले नै गरेको छ। यसको कार्यान्वयन तीनै तहका सरकारले गर्नुपर्ने हुन्छ। तर, सरकारले नै निःशुल्क उपलब्ध गराउने भनेका औषधिहरू स्वास्थ्य संस्थामा पाइँदैन। सरकारले सिटामोल, कोटिम, एमोक्सोसिलिन, जिङ्क, ब्रोफिन, मेट्रो, एजिथ्रोमाइसिन, बेटामिन, जीवनजललगायत ७२ प्रकारका औषधि जिल्ला अस्पतालमा निःशुल्क उपलब्ध गराउँदै आएको छ ।[१०]

कोभिड-१९ को महामारी

कोभिड-१९ को सङ्क्रमणका कारण सबै किसिमका मानव अधिकारका विषयहरू व्यक्तिले उपभोग गर्न पाएनन्। कतिपय नैसर्गिक अधिकारको उपभोग गर्नसमेत व्यक्ति वञ्चित हुन पुगे। बाँच्न पाउने मानिसको अधिकार कोभिडकै कारण हरणसमेत भएका समाचारहरू सार्वजनिक भए। नेपालको संविधानको धारा १६ र ३५, जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २(१), ३(१) र ४ का साथै मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को धारा २५, तथा नेपाल पक्ष राष्ट्र भएको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी महासन्धि, १९६६ को धारा १२ ले हरेक व्यक्तिको आकस्मिकलगायत सबै स्वास्थ्य सेवा लिन पाउने अधिकारको प्रत्याभूत गरेको छ। यी प्रावधानहरू अनुसार आमनागरिकको स्वास्थ्य अधिकारको सुनिश्चितताका लागि तीनै तहका सरकारको पहलकदमीको खाँचो महसुस भयो।

---

६. https://bit.ly/3Gmxyk2

७. https://inseconline.org/np/news/lack-of-braille-textbooks-make-reading-difficult-for-blind-students/

८. https://inseconline.org/np/news/problems-for-the-visually-impaired-due-to-lack-of-braille-textbooks/

९. https://ekantipur.com/opinion/2021/06/17/162389574010845766.html

१०. https://ekantipur.com/pradesh-6/2021/07/27/162735769254212085.html

कोभिड-१९ को सङ्क्रमणका कारण व्यक्तिका सबै किसिमका मानव अधिकारका विषयहरू तुलनात्मकरूपमा ओझेलमा परे। स्वास्थ्यको अधिकार संविधानले नै सुनिश्चित गरेको मौलिक हक हुँदाहुँदै पनि यसबिचमा नेपाली नागरिकले सहजै सो अधिकार उपभोग गर्न पाएनन्। स्वास्थ्यकर्मीमाथि दुर्व्यवहार हुने, स्वास्थ्यसँस्थामा औषधि तथा स्वास्थ्यकर्मीको अभाव हुने जस्ता समस्या यो अवधिमा रहेको इन्सेक प्रतिनिधिहरूले जनाए। संविधानमा उल्लेख गरिएका मानव अधिकार उपभोग गर्न बाधा व्यवधान भएकाले नागरिकको दैनिकीमा समेत समस्या उत्पन्न हुन पुग्यो।[११] सन् २०२१ मा २९ लाख २१ हजार ६ सय ५३ ओटा स्वाब पीसीआर विधिबाट परीक्षण गरेकामा ५ लाख ६७ हजार ४ सय १२ जनालाई कोभिड सङ्क्रमण पुष्टि भयो। यो अवधिमा ९ हजार ७ सय ३० जना कोभिड सङ्क्रमितको मृत्यु भएको स्वास्थ्य मन्त्रालयको तथ्याङ्क छ। २०२१ जनवरी १ को कोभिड तथ्याङ्कमा २ लाख ५३ हजार १ सय ७ जना निको भएको उल्लेख छ।[१२] २०२१ डिसेम्बर ३१ को तथ्याङ्कमा निको हुनेको सङ्ख्या ८ लाख ११ हजार ९ सय ५८ रहेको छ।[१३]

खोपको सुनिश्चितता

कोभिड १९ को सङ्क्रमण रोक्ने खोपको विकास तथा उत्पादनमा विश्वभरका वैज्ञानिकहरू लागि परे। सन् २०२१ को अन्त्यसम्म झण्डै दुई दर्जन भ्याक्सिन प्रयोगमा आइसकेका छन् भने केही भ्याक्सिन चिकित्सा परीक्षणको विभिन्न चरणमा छन्। तथ्याङ्कअनुसार विश्वमा १ सय ९४ ओटा कोभिड-१९ खोपहरू चिकित्सा परीक्षण पूर्वको अवस्था अर्थात् प्रिक्लिनिकल डेभलपमेन्टको अवस्थामा छन्।[१४] नेपालमा कोभिसिल्ड, भेरोसेल, जोन्सन एण्ड जोन्सन, फाइजर खोपसमेत प्रचलनमा आइसकेका छन्।

प्रधानमन्त्री केपी शर्मा ओलीले तीन महिनाभित्र सम्पूर्ण नेपालीहरूलाई कोरोनाविरूद्धको खोप नि:शुल्क उपलब्ध गराइसक्ने बताउँदै २०७७ माघ १४ गते कोभिडविरुद्धको खोप अभियान शुभारम्भ गरे।[१५] नेपालमा पहिलोपटक कोभिडविरूद्धको खोप सर्वसाधारणको प्रयोगमा ल्याइएसँग नेपाल सरकारले प्राथमिकता तय गरेको थियो। पहिलो प्राथमिकतामा स्वास्थ्यकर्मी, सरसफाइकर्मी, त्रिभुवन विमानस्थलमा खटिने कर्मचारीलाई समावेश गरिएको थियो।[१६] हाल १२ वर्ष उमेरमाथिका सबैलाई खोप लगाउने भनिए पनि २०२१ को डिसेम्बर ३१ सम्म १ करोड ३ लाख ८४ हजार ८ सय ५१ जनाले पूर्ण मात्रा खोप पाए। यो वर्षको अन्त्यसम्म लक्षित जनसङ्ख्याको ५२.१ प्रतिशतले मात्रै पूर्ण मात्रा खोप पाए।[१७]

स्वास्थ्य संस्थामा अस्तव्यस्तता

स्वास्थ्य सेवालाई मौलिक हकका रूपमा संविधानमा लिपीबद्ध गरिएको भए पनि जनशक्ति, सेवा, उपकरण, औषधि र पूर्वाधारका अभावमा आम नागरिकले सेवाको उपभोग गर्न पाइरहेका छैनन्। देशका केही क्षेत्रमा बाहेक जनशक्ति, सेवा, उपकरण, औषधि र पूर्वाधारका समस्या रहेका समाचार सार्वजनिक भए। सरकारी अस्पताल (स्वास्थ्य संस्था) मा पर्याप्त जनशक्ति, सुविधा र पूर्वाधार नहुँदा सिरहावासीले सास्ती खेपिरहेका छन्। ग्रामीण भेगका स्वास्थ्य संस्थाबाट धेरैजसो बिरामी उपचारका लागि सहरका अस्पतालमा रेफर गरिन्छन् तर सहरका अस्पतालमा पूर्वाधार भए पनि जनशक्ति नहुँदा

११. https://inseconline.org/np/forum/covid-19-emphasis-on-health-discipline/
१२. https://covid19.mohp.gov.np/covid/nepaliSituationReport/5feef0ee292e3_SitRep327_COVID-19_1-1-2021_NP.pdf
१३. https://covid19.mohp.gov.np/covid/nepaliSituationReport/61ced3370a5ca_SitRep691_COVID-19_31-12-2021_NP.pdf
१४. https://www.gavi.org/vaccineswork
१५. https://www.onlinekhabar.com/2021/01/926812
१६. https://covid19.mohp.gov.np/covid/nepaliSituationReport/60114d8c199b1_SitRep353_COVID-19_27-01-2021_NP.pdf
१७. https://covid19.mohp.gov.np/covid/nepaliSituationReport/61ced3370a5ca_SitRep691_COVID-19_31-12-2021_NP.pdf

जिल्लाबाहिर जानुपर्ने बाध्यता छ।[१८] देशभरका स्वास्थ्य संस्थामा दरबन्दी अनुसारका स्वास्थ्यकर्मी कार्यरत छैनन्। जसका कारण नागरिक स्वास्थ्यको अधिकार उपभोग गर्नबाट वञ्चित भएका छन्। *(हे. यसै पुस्तकको जिल्लागत विवरणको स्वास्थ्य सेवाको अवस्था)*

कपिलवस्तुको कृष्णनगरमा २०७८ असोज १८ गतेदेखि फैलिएको झाडापखालाको प्रकोप नियन्त्रण गर्न पर्याप्त स्वास्थ्यकर्मीको अभावमा उक्त प्रकोप नियन्त्रण गर्न समय लाग्यो। १५ बेडको क्षमता भएको शिवराज अस्पताल बहादुरगञ्जमा बरण्डा, बरण्डा बाहिर र नजिकैको महेन्द्र प्राथमिक विद्यालयको कक्षा कोठा र चौरमा राखेर बिरामीको उपचार गर्नुपरेको थियो।[१९]

मध्यपुरथिमि नगरपालिकाद्वारा सञ्चालित नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालले स्वास्थ्य बीमाका सम्पूर्ण सेवा बन्द गर्दा स्वास्थ्य बीमा कार्यक्रममा सहभागी बिरामीहरू उपचार नलिई फर्किन बाध्य भए। सरकारले बीमाका बिरामीको लागि नि:शुल्क उपलब्ध गराउने औषधि खरिदको रकम नपठाएको भन्दै अस्पतालले बीमाका बिरामीले पाउँदै आएको नि:शुल्क औषधि उपलब्ध गराउने सेवा ०७८ भदौ ३१ गतेदेखि बन्द गर्दा अस्पतालमा आएका बिरामी मारमा परे।[२०] यो वर्षको अन्त्यसम्म पनि अस्पतालले सेवा दिएन। स्वास्थ्य बीमा सहरमै केन्द्रित रहेको र बीमा गराएकाले सेवा नपाएका समाचार वर्षभर नै प्रकाशित भए।[२१]

कोभिड बीमा गराएकाहरूलाई दिइनुपर्ने रकमको व्यवस्था सरकारले बजेटमा नगरेका कारण कोभिड भएर दावी गरेका बिमितहरूले बीमा रकम पाउन सकेनन्। सरकारी तवरबाट मात्रै नभएर निजी क्षेत्रबाट बीमा गराएकाहरूपनि सो रकम पाउनबाट वञ्चित हुँदासमेत सरकारले समन्वय गर्न सकेन। झन्डै ११ अर्ब रुपियाँ बिमा भुक्तानी दावी गरिएको भए पनि उक्त रकम कहाँबाट जोहो गर्ने भन्ने विषय बारे देखिएको अन्योलका कारण समस्या उत्पन्न भएको अधिकारीहरू बताउँछन्। तर, बीमा समितिले भने ढिला भए पनि सर्वसाधारणहरूले बिमा गरे बापत पाउनुपर्ने भुक्तानी प्राप्त गर्ने जनायो।[२२]

कोभिड महामारीले चौतर्फी असर गरिरहेका बेला केही निजी अस्पतालले भने कमाउधन्दा सुरु गरे। महामारीका बेला सर्वसाधारणलाई सहुलियत दिनुको साटो निजी अस्पतालले चर्को शुल्क असुलेको पाइयो।[२३] बेलाबेलामा सरकारका तर्फबाट गरिने अनुगमनबाट यस्ता विषयमा निष्कर्ष निकाले पनि कारबाही भएका समाचार भने कमै सार्वजनिक भए। सरकारी सेवा सुविधा कमजोर रहेको भन्दै निजीमा उपचारका लागि गएकाहरूले धेरै शुल्क तिर्नुपर्दासमेत सरकारले चेतावनी मात्रै दिनुले नियमन कमजोर रहेको देखियो।

८. खाद्य अधिकार

नेपालको संविधानमा खाद्य अधिकारको सुनिश्चितता गरिएको छ। खाद्य अधिकार प्रत्याभूतिका लागि उत्पादन, भण्डारण, सहज पहुँच र उपलब्धता महत्वपूर्ण सरोकार हुन्। खाद्य अधिकार तथा खाद्य सम्प्रभुतासम्बन्धी ऐन २०७५[२४] को दफा २ को 'ङ' मा खाद्यसम्बन्धी नीति निर्माण प्रक्रियामा सहभागी हुने, कृषियोग्य भूमि, श्रम, बीउबिजन, प्रविधि, औजारको छनोट गर्ने अधिकारको व्यवस्था गरेको छ। त्यसैगरी उपदफा 'च' मा सक्रिय र स्वस्थ मानव जीवनयापन गर्न आवश्यक हुने खाद्यमा प्रत्येक व्यक्तिको भौतिक तथा आर्थिक पहुँच हुने कुरा उल्लेख गरिएको छ। कर्णाली प्रदेशमा तथा अन्य हिमाली जिल्लामा बर्सेनी खाद्य सङ्कटका समाचार आउने गरेका छन्। यो वर्ष पनि उल्लिखित क्षेत्रमा स्थानीयले यस्ता समस्या झेल्नु पऱ्यो। खाद्य व्यवस्थापन तथा व्यापार कम्पनी लिमिटेड अन्तर्गतका डिपो तथा विक्री केन्द्रमा खाद्यान्न शून्य

१८. https://nagariknews.nagariknetwork.com/social-affairs/180978-1559694900.html
१९. https://inseconline.org/np/feature/two-die-of-diarrhea-more-than-200-hospitalized-photo-feature/
२०. https://inseconline.org/np/news/hospital-closes-health-insurance-service/
२१. https https://inseconline.org/np/news/hospital-closes-health-insurance-service/
२२. https://www.bbc.com/nepali/news-58854028
२३. https://ekantipur.com/business/2021/05/12/16207835083155052.html
२४. https://bit.ly/3AM3Eoi

हुँदा सहुलियतको खाद्यन्न पाउनबाट सर्वसाधारण वञ्चित भए।[२५]

सरकारले २०७८ कात्तिक पहिलो साताको बेमौसमी वर्षाको कारण धानबालीमा क्षति पुगेका किसानलाई राहत उपलब्ध गराउने मापदण्ड मङ्सिर २ गते जारी गऱ्यो।[२६] मापदण्डमा स्थानीय सरकारले क्षतिको विवरण तयार गरी क्षतिको विवरणका आधारमा राहत उपलब्ध गराउने उल्लेख छ। सम्बन्धित स्थानीय तहको प्रमुख वा उपप्रमुखको संयोजकत्वमा सिफारिस समिति बनाउने सो मापदण्डमा उल्लेख छ। नेपालको कूल ग्राहस्थ उत्पादन (जीडीपी)को आकार ४२ खर्ब ६६ अर्ब रुपियाँ बराबरको छ। यसमा कृषि क्षेत्रको योगदान २५.८३ प्रतिशत रहेको छ।

९. आवासको अधिकार

संविधानको धारा ३७ मा आवासको हकको व्यवस्था छ। २०७८ कात्तिक पहिलो साताको बेमौसमी वर्षातका कारण बाढी र पहिरोमा परी १ सय २० जनाको मृत्यु भयो। सबैभन्दा बढी प्रदेश १ मा ६९ जनाको मृत्यु भयो। त्यसैगरी, प्रदेश २ मा एक जना, बागमती प्रदेशमा एक जना, गण्डकी प्रदेशमा दुई जना, लुम्बिनी प्रदेशमा तीन जना, कर्णाली प्रदेशमा आठ जना र सुदूरपश्चिम प्रदेशमा ३६ जनाको मृत्यु भएको नेपाल सरकारले जनायो।[२७] मृत्यु हुनेमा ५८ जना पुरुष, ३६ जना महिला र २६ जना बालबालिका रहेको पनि सरकारले जनायो। बाढीपहिरोका कारण १ सय ६९ घर पूर्ण नष्ट भए भने ६५ घरमा आंशिक क्षति भयो।

सुकुमबासीलाई जग्गा वितरण गर्न सरकारले राष्ट्रिय भूमि आयोग गठन गरेको छ । २०७७ वैशाखमा तत्कालीन सरकारले गठन गरेको देवी ज्ञवाली नेतृत्वको भूमिसम्बन्धी समस्या समाधान आयोग खारेज गरी २०७८ भदौमा केशव निरौलाको नेतृत्वमा आयोग गठन गऱ्यो। २०४७ साल मङ्सिर ९ गते तत्कालीन आवास तथा भौतिक योजनामन्त्री बलबहादुर राईको अध्यक्षतामा पहिलोपटक सुकुमबासी समस्या समाधान आयोग गठन गरिएको थियो। त्यसयता १५ ओटा आयोग बन्दासम्म १८ जना अध्यक्ष बनेका छन्। प्राय: सरकार फेरिएपिच्छे अघिल्लो आयोग खारेज गर्दै उही प्रयोजनका लागि नयाँ नामको आयोग गठन गर्ने र नेतृत्व नियुक्त गर्ने गरिएको छ । ३० वर्षको अवधिमा १ हजार ७ सय कार्यकर्ताले आयोगमा नियुक्ति पाउँदा १५ लाख परिवार अझै भूमिहीन रहेको तथ्याङ्क छ।

लुम्बिनी प्रदेशको रुपन्देहीस्थित मोतिपुर औद्योगिक क्षेत्रमा ०७८ असोज २४ गते प्रहरी र सुकुमबासी समूहबीचको झडपमा सशस्त्र प्रहरी बलले गोली चलाउँदा चार जनाको मृत्यु भयो। औद्योगिक करिडोर क्षेत्रमा अतिक्रमण गर्न बसेका भनिएका 'सुकुमबासी' हरू र सुरक्षाकर्मीबिच झडप भयो।[२८]

१०. जेल र हिरासत

जेललाई विस्तारै सुधार गृहका रूपमा रुपान्तरण गर्ने सरकारी कागजातहरूमा उल्लेख गरिएको छ। अझैसम्म पनि जेल सुधार गृहका रूपमा रूपान्तरण हुन सकेको छैन। तर, क्षमताभन्दा बढी कैदीबन्दी नभएको जेल नै छैनन्। *(हे. यसै पुस्तकको परिशिष्ट १४)* कारागार व्यवस्थापन गर्न कारागारका कर्मचारीलाई हम्मेहम्मे पर्ने गरेको छ। स्वास्थ्यकर्मी नहुँदा कैदीबन्दीको उपचारमा समेत समस्या छ। कारागारभित्रै अर्को सत्ता अभ्यासलाई सरकार तथा सरकारी संयन्त्रले रोक्न सकेको पाइँदैन। कारागारभित्र हुने झडप तथा सरुवाले यस्ता कुराको पुष्टि गर्ने गर्दछ।[२९]

मोरङ कारागारमा ०७७ साउन १५ गतेदेखि ०७८ मङ्सिर पहिलो सातासम्ममा १८ जना कैदीबन्दीको मृत्यु भयो। मोरङ कारागारमा आर्थिक वर्ष ०७७-०७८ मा ११ जना कैदीबन्दीको मृत्यु भयो। मृत्युको कारण खुलाइएन। चालु आर्थिक वर्षको साउन १५ गतेदेखि मङ्सिर पहिलो सातासम्मको अवधिमा सात जनाको मृत्यु भएको कारागार प्रशासनले जनायो।[३०]

२५. https://annapurnapost.com/news/graamiinn-bhegkaa-ddipomaa-khaadynn-maujjaad-shuny-190567
२६. http://drrportal.gov.np/uploads/document/2252.pdf
२७. https://www.nayapatrikadaily.com/news-details/70929/2021-09-16
२८. https://inseconline.org/np/press/stop-using-excessive-force/
२९. https://www.onlinekhabar.com/2021/09/1009126
३०. https://inseconline.org/np/news/18-inmates-die-in-17-months-in-morang-prison/

तत्कालीन प्रधानमन्त्री झलनाथ खनालको कार्यकालमा जेल अनुगमन प्रतिवेदन बनाएका डा. युवराज सङ्ग्रौलाले कार्यान्वयनको पाटो शून्य रहेको औँल्याए। कारागार सुधारका लागि १३ भन्दा बढी प्रतिवेदन गृह मन्त्रालयमा थन्किएका छन्। कैदीबन्दीको अवस्थामा केही सुधार भएको छ। तर, जीर्ण जेलको भौतिक अवस्था हिजोको भन्दा झन् नाजुक छ।[३१]

११. आश्रित तथा पछाडि पारिएका व्यक्ति र समुदायको संरक्षणको सवाल

आश्रित तथा पछाडि पारिएका नागरिकहरूको संरक्षण गर्नु राज्यको दायित्व हो। यही दायित्व पूरा गर्ने उद्देश्यका साथ सरकारले २०५२ सालको बजेटबाट सामाजिक सुरक्षा भत्ताको व्यवस्था सुरू गऱ्यो। उक्त कार्यक्रम यो वर्ष पनि निरन्तर रहृयो। संरक्षणका हिसाबले यो कार्यक्रम लोकप्रिय मात्रै छैन प्रभावकारी पनि छ। उमेरमा समाजमा योगदान पुऱ्याएका ज्येष्ठ नागरिकलगायतका विभिन्न समूह र समुदायका व्यक्तिलाई यस्तो भत्ता उपलब्ध गराइन्छ। सामाजिक सुरक्षा भत्ता कार्यविधि २०७७ अनुसार हाल देशका सबै स्थानीय तहमा बैकिङ प्रणालीमार्फत सामाजिक सुरक्षा भत्ता वितरण हुन्छ। कार्यविधिमा २०७८ मङ्सिर १ गतेदेखि सात ओटा, २०७८ साउन १ गतेदेखि २ सय ४७ ओटा, २०७७ चैत १ गतेदेखि १ सय ५९ ओटा स्थानीय तहमा बैकिङ प्रणालीमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिएको छ। यसअघि २०७७ मङ्सिर १ गतेदेखि ३ सय ४० ओटा स्थानीय तहबाट बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गरिएको थियो। कार्यविधिमा आठ प्रकारका समूहलाई त्यस्तो रकम उपलब्ध गराउने उल्लेख छ। ज्येष्ठ नागरिक, अन्य ज्येष्ठ नागरिक, एकल महिला, विधवा, पूर्ण अपाङ्गता भएका, अति अशक्त अपाङ्गता भएका, लोपोन्मुख आदिवासी जनजाति र तोकिएका २५ ओटा जिल्ला र दलित बालबालिकालाई सामाजिक सुरक्षा भत्ता दिइन्छ।[३२] विगतका वर्षहरूमा झैँ यो वर्ष पनि सरकारले यसलाई निरन्तरता दिएको छ। सरकारले यौनिक तथा अल्पसङ्ख्यकका सवालमा सो समुदायले माग गरे अनुसारका व्यवस्थालाई भने यो वर्ष पनि समेट्न सकेन। यो समुदायका व्यक्तिहरू हिंसाबाट पीडित हुने गरेको भएपनि प्रहरीले उजुरी नलिने गरेको आरोप लगाउँछन्।[३३] उनीहरूको संरक्षणका लागि सरकारले यो वर्ष कुनै निर्णय गरेको वा निर्देशन जारी गरेको पाइएन।

१२. ११ औँ राष्ट्रिय जनगणना

हरेक १० वर्षको अन्तरालमा नेपालमा जनगणना गरिँदै आइएको छ। विसं १९६८ बाट थालनी गरिएको जनगणनाको ११ औँ संस्करण विसं २०७८ सम्पन्न भयो। कोभिड-१९ को महामारीको विषम परिस्थितिमा सरकारले 'मेरो गणना मेरो सहभागिता' भन्ने नाराका साथ जनगणना गरेको हो।[३४] जनगणनामा सङ्कलन गरिएका तथ्य तथ्याङ्कको दूरगामी महत्व हुने भए पनि राज्यसँग आफ्नो समुदायको पहिचानको माग गर्दै बागलुङको कायत समुदायले जनगणनामा समावेश नहुने घोषणा गऱ्यो। कायत समुदाय नेपालका १ सय २५ जातिहरूमा सूचिकृत नभएको साथै सूचिकृत हुन छुटेका जातिहरूको सूचीमा समेत समावेश छैनन्।[३५] तथ्याङ्क कार्यालयसँगको सहमतिमा गणनामा सहभागी भएका कायतले आगामी दिनमा छुट्टै समुदायको पहिचानका लागि सङ्घर्ष गर्ने बतायो। लक्षित समूह र समुदायका नाममा अग्राधिकारसहितका कार्यक्रम तय गर्न पनि जनगणनाको महत्त्व रहन्छ। तर, त्यस्तै समुदाय नै गणनामा सहभागी नहुँदा सही तथ्य र तथ्याङ्क पाउन सकिँदैन। १० वर्षमा एकपटक लिइने जनगणनामा प्रश्नावलीमा त्रुटि हुँदा सही तथ्याङ्क आउन सक्दैन। महामारीकाबिच गरिएको जनगणनामा त्यस्तै त्रुटिसमेत रहे।[३६]

---

३१. https://annapurnapost.com/news/thnkie-jel-sudhaar-prtivedn-98335

३२. https://nawarajpurmun.gov.np/sites/nawarajpurmun.gov.np/files/SocialSecurity GuidelineFinnal180e4679-5aa5-4e55-a43d-f1a5e1defd59.pdf

३३. https://www.cinkhabar.com/blogbichar/1990

३४. https://inseconline.org/np/press/insecs-appeal-for-census/

३५. https://inseconline.org/np/news/the-decision-of-the-kayat-community-not-to-be-included-in-the-national-census/

३६. https://inseconline.org/np/news/count-of-negligence-in-nisikhola-demand-of-locals-for-recount/

१३. द्वन्द्वपीडितका सवालमा सरकार उदासिन

१० वर्ष लामो सशस्त्र द्वन्द्वको अन्त्य भएको १५ वर्ष पूरा भइसकेको छ। २०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौतामार्फत गरिएका प्रतिबद्धताहरूमध्ये द्वन्द्वपीडितका न्यायसम्बन्धी सवाल सम्बोधन हुन सकेका छैनन्। शान्ति सम्झौतामा उल्लेख गरिए अनुसार नेपालको संविधानले मुलुकको राजनीतिक व्यवस्था र शासकीय स्वरूपमा परिवर्तन गरेको छ। शान्ति सम्झौता मुताविक हतियार र लडाकु व्यवस्थापनको कार्य सकिएको छ। तर, द्वन्द्वपीडित व्यक्तिहरूका सरोकार तथा उनीहरूमाथि भएको अन्याय निरूपण, न्याय सुनिश्चितता, परिपूरण तथा संस्थागत सुधार गर्नेतर्फ ठोस प्रगति हुनसकेको छैन।

गम्भीर मानव अधिकार उल्लङ्घन, ज्यादती लगायतका घटना निरूपणका लागि गठन गरिएका संयन्त्रहरूले प्रभावकारी परिणाम प्रस्तुत गर्न सकेनन्। सङ्क्रमणकालीन न्यायिक संयन्त्रले पीडित पक्ष र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार समुदायलाई विश्वास दिलाउने गरी आफ्नो कामप्रति भरोसा सिर्जना गर्न सकेनन्। कानुन र नीतिगत सुधारका लागि अन्तर्राष्ट्रिय समुदाय तथा सर्वोच्च अदालतको आदेश कार्यान्वयन नहुनुले नेपाल सरकार तथा सङ्घीय संसदले द्वन्द्वको समयमा भएको अन्याय निरूपणप्रति देखाएको उदासीनतालाई प्रस्तुत गरेको छ।[३७]

द्वन्द्वपीडितको न्यायको सवालमा विश्वसनीय ढङ्गले सम्बोधन नभएसम्म देश र विदेशमा सरकारमाथि औँला ठडिइरहन्छ।[३८] राज्यले द्वन्द्वपीडितलाई न्याय दिन र उनीहरूको मानवोचित समस्या समाधान गर्न गठन गरेको आयोगहरूलाई सर्वोच्च अदालतको निर्देशन अनुसारको भूमिका दिन सकेन । पीडितहरूले यस वर्ष पनि कुनै पनि प्रकारको सुनुवाई भएको अनुभव गर्न पाएनन् । आवश्यक कानुन र स्रोतको कमीका साथै द्वन्द्वपीडित पक्षको विश्वास नभएको आयोगको रूपमा दुवै आयोग (सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग) रहे ।

१४. मानव अधिकारका अन्तर्राष्ट्रिय संयन्त्रमा नेपाल

नेपाल मानव अधिकारसम्बन्धी मुख्य नौमध्ये सात महासन्धिलगायत २४ ओटा अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र हो। नेपालले पक्ष राष्ट्र भएका अन्तर्राष्ट्रिय महासन्धि तथा संयन्त्रको कार्यान्वयनको अवस्थाकाबारेमा संयुक्त राष्ट्रसङ्घीय संयन्त्रहरूमा आवधिकरूपमा प्रतिवेदन पेश गर्ने गर्दछ। ०७७ माघ ८ गते संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार परिषद् अन्तर्गतको संयन्त्र 'मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा' सम्बन्धी नेपालको तेस्रो चरणको समीक्षा सम्पन्न भयो। विश्वव्यापी आवधिक समीक्षाको कार्यदलले दिएको सुझावहरूसमेत नेपालले ग्रहण गरेको छ। कूल २ सय ३३ सुझावहरूमध्ये नेपालले १ सय ९६ स्वीकार गरेको छ भने ३७ ओटा सुझाबहरू अस्वीकार गऱ्यो।[३९]

नेपाल पक्ष राष्ट्र भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धको राज्यले मानव अधिकार समितिमा सन् २०१८ को मार्चमा पेस गर्नुपर्ने आवधिक प्रतिवेदन[४०] यस वर्षपनि पठाइएन। त्यसैगरी आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अनुबन्धको आवधिक प्रतिवेदन सन् २०१९ को नोभेम्बरमा प्रस्तुत गरिसक्नुपर्ने आवधिक प्रतिवेदन[४१] र सन् २०२१ अक्टोबरमा बाल अधिकार समितिमा पेस गर्नुपर्ने आवधिक प्रतिवेदन[४२] यस वर्षपनि पठाइएन। तथापि, गैरसरकारी संस्थाहरूको सञ्जाल 'मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्र (एचआरटिएमसिसी) को तर्फबाट नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अनुबन्धको आवधिक छायाँ प्रतिवेदन २०७८ पुस ४ गते मानव अधिकार समितिमा पठायो।

---

३७. https://inseconline.org/np/press/15-years-of-peace-agreement-impunity-continues/

३८. https://inseconline.org/np/editorial/create-an-environment-where-peace-is-felt/

३९. https://undocs.org/A/HRC/47/10

४०. https://tbinternet.ohchr.org/_layouts/15/TreatyBodyExternal/Countries.aspx?CountryCode=NPL&Lang=EN

४१. https://tbinternet.ohchr.org/_layouts/15/TreatyBodyExternal/MasterCalendar.aspx

४२. https://tbinternet.ohchr.org/_layouts/15/TreatyBodyExternal/Countries.aspx?CountryCode=NPL&Lang=EN

१५. राष्ट्रिय मानव अधिकार संस्थाहरू

नेपालको संविधानले राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, थारू आयोग, मधेशी आयोग, मुस्लिम आयोगको व्यवस्था गरेको छ। यी आयोगहरूमा सरकारले यो वर्ष पदपूर्ति गऱ्यो। संवैधानिक आयोगका रूपमा गठन गरिएका आयोगका सिफरिस सरकारले कार्यान्वयन नगर्ने आरोपबाट यो वर्ष पनि सरकार अछुतो रहेन।

राष्ट्रिय मानव अधिकार आयोगले निर्णय गरी कार्यान्वयनको लागि नेपाल सरकारसमक्ष पठाएका सिफारिसहरूमध्ये सरकारले पूर्ण कार्यान्वयन भएका र कार्यान्वयन भएका तर आयोगबाट लगत कट्टा हुन बाँकी भन्दै ३२.०९ प्रतिशत सिफारिसलाई पूर्ण कार्यान्वयन, ६०.४४ प्रतिशत सिफारिशलाई आंशिक कार्यान्वयन र ७.४७ प्रतिशत सिफारिसलाई कार्यान्वयनको क्रममा रहेका भनी उल्लेख गरेको छ। आयोगले मानव अधिकार उल्लङ्घनकर्ता भनी व्यक्तिगत जबाफदेहिता बहन गराउन गरेको सिफारिश विपरीत पीडकले तिनुपर्ने क्षतिपूर्ति रकम सरकारले नै तिरिदिएर त्यस्ता सिफारिसलाई पूर्ण कार्यान्वयन भनेको देखिन्छ।[४३]



राष्ट्रपतिको कार्यालय

राष्ट्रपति भवन
महाराजगञ्ज, काठमाडौं, नेपाल ।

विज्ञप्ति

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूबाट नेपालको संविधानको धारा ७६ को उपधारा (७) बमोजिम वर्तमान प्रतिनिधि सभा विघटन गर्न र अर्को प्रतिनिधि सभाको पहिलो चरणको निर्वाचन संवत् २०७८ साल कार्तिक २६ गते शुक्रबार र दोस्रो चरणको निर्वाचन संवत् २०७८ साल मङ्सीर ३ गते शुक्रबार सम्पन्न गर्नेगरी निर्वाचनको मिति तोक्न नेपाल सरकार, मन्त्रिपरिषद्बाट मिति २०७८/२/८ मा निर्णय भै सोही बमोजिम सम्माननीय प्रधानमन्त्रीज्यूबाट सिफारिस भएकोले उक्त सिफारिस बमोजिम वर्तमान् प्रतिनिधि सभा विघटन गरी अर्को प्रतिनिधि सभाको पहिलो चरणको निर्वाचन संवत् २०७८ साल कार्तिक २६ गते शुक्रबार र दोस्रो चरणको निर्वाचन संवत् २०७८ साल मङ्सीर ३ गते शुक्रबार सम्पन्न गर्नेगरी निर्वाचनको मिति तोक्नु भएको छ । =

२०७८।२।८

(केशव प्रसाद घिमिरे)
सहायक प्रवक्ता

फोन नं. ०१-४४४६००२, ४४४६००३, ४४४६००४, ४४४६००७, ४४४६००८, ४४४६००९, फ्याक्स नं.: ९७७-१-४४१६४९५

निष्कर्ष

सत्तारूढ दलभित्र आएको विभाजनले मुलुकलाई राजनीतिक अस्थिरतामा धकेल्यो। फेरि राजनीति सत्ताको वरपर घुम्ने अवस्थाको सिर्जना भयो। पूरा अवधि सरकार सञ्चालनको नारा दिएका राजनीतिक दल सत्ता फेरबदलका कसरतमा लागि परे। सरकारले संसदका अधिवेशन हठात अन्त्य गर्ने र अधिवेशन अन्त्यलगत्तै अध्यादेश जारी गर्ने प्रक्रियाको सुरूआत भयो। यो रीत सङ्घीय सरकारमा मात्रै सीमित रहेन। सात ओटा प्रदेशमध्ये ६ ओटा प्रदेशमा सरकार फेरबदलका घटनाक्रम भयो। प्रदेश १ र बागमती प्रदेशमा त दुईपटक सरकार बदलिए।

नागरिकका अधिकार संरक्षण गर्ने कानुन बनाउने, संशोधन गर्नेलगायतका विषयले प्रवेश नै पाएन। केही बाध्यात्मक कानुन अध्यादेशका माध्यमबाट ल्याइयो। संविधानमा नै उल्लेख गरिएको बजेट जेठ १५ गते संसदमा पेश गर्नुपर्नेमा सरकारले बजेट अध्यादेशका माध्यमबाट ल्यायो। प्रदेश सरकारहरू पनि यही बाटोमा अगाडि बढेका कारण जनअधिकार लक्षित कानुन ल्याउनमा सफल भएनन्। जारी भएका कानुनहरूको कार्यान्वयन पनि प्रभावकारी भएनन् ।

कोभिड-१९ को महामारी नियन्त्रणका लागि भन्दै सरकार र स्थानीय प्रशासनहरूले निषेध आदेश जारी गरे। निषेध आदेशसँगै कोभिड फैलने अन्य उपायहरूको निरूपण नगर्दा निषेध आदेश 'आदेश'मा मात्रै सीमित हुन पुगे। कोभिड-१९ सङ्क्रमणको दोस्रो चक्रमा अक्सिजन व्यवस्थापन र स्वास्थ्य उपचारको प्रबन्धमा चुनौती सामना गर्नु पऱ्यो। एकातिर कोभिड सङ्क्रमितले अस्पतालमा भर्ना नपाउने र अर्कातिर अन्य बिरामी अस्पतालसम्म पुग्नै सकस हुने वातावरणको

सिर्जना भयो। नीजि क्षेत्रले स्वास्थ्य उपचार गराए पनि महँगो शुल्क असुली गर्ने उपर कारबाहीका कुनै खबर सञ्चार भएन। यो वर्ष कोभिडविरूद्धको खोपका मामलामा उत्साहजनक कार्य भयो। यसले नागरिकप्रति सरकारको जबाफदेहिता सकारात्मक रूपमा जनसमक्ष सञ्चार भयो।

विपत् पीडितको उद्दार, राहत, पुनर्स्थापनाजस्ता काममा सरकारको ढिलासुस्ती विगत वर्षहरूमा झैँ रहृयो। विपत् पीडितको सहयताका लागि स्थानीयस्तरसम्म समितिहरू गठन गरिएको भए पनि त्यस्ता समिति कागजमै सीमित रहे। पूर्व तयारीको कमीका कारण विपत् पीडितले समयमा सहायता पाउन नसकेको तथ्यलाई हृदयङ्गम गर्दै पूर्व तयारीका काममा सरकारको ध्यान बढाउनु पर्ने देखियो। बन्द रहेका शिक्षालयहरूबाट वैकल्पिक माध्यमको प्रयोग गरी अध्ययनअध्यापन गराउन नसक्दा शिक्षा प्राप्त गर्न पाउने अधिकारको संरक्षण हुन सकेन। अनलाइन शिक्षाको प्रभावकारितालाई बढाउन सरकारको पहलकदमी देखिएन।

मानव अधिकारको संरक्षण, संवर्द्धन गर्ने, दण्डहीनताको अन्त्य गर्ने र कानुनी शासनको पालना गर्ने/गराउने दायित्व सरकारको हो। तर, यो वर्ष सरकारले यी सबै काममा उपलब्धि हासिल गर्न सकेन। द्वन्द्व पीडितहरूको पीडा आजपर्यन्त उस्तै हुनुमा सरकारको संवेदनशीलतामाथि नै प्रश्न उठ्नु स्वभाविक नै हो। प्रतिबन्धित नेकपासँग यही वर्ष वार्ताका माध्यमबाट तीनबुँदे सम्झौता गरी शान्तिपूर्ण राजनीतिको वातावरण बनाउनुले आशाको सञ्चार गऱ्यो।

फोटो : विमलचन्द्र शर्मा

२.३ राज्य र मानव अधिकार

व्यवस्थापिका

परिच्छेद

२

नेपालको संसदीय व्यवस्थाको इतिहास धेरै लामो छैन। २००७ सालमा राणाशासनको अन्त्य भएपछि स्थापना भएको प्रजातन्त्रमा संसदको निर्वाचन हुन करिब आठ वर्ष नै कुर्नुपर्‍यो। २०१५ सालमा भएको आमनिर्वाचनपछि गठन भएको दुईतिहाइ मत प्राप्त नेपाली कांग्रेसको सरकार गठनको डेढ वर्षमै राजा महेन्द्रको कोपभाजनको शिकार भयो। र, अर्को ३० वर्ष नेपाली जनता निर्दलीय शासन व्यवस्थाबाट शासित भए। २०४६ सालयता नेपालको कुनै पनि संसद्ले आफ्नो पूर्णअवधि काम गर्न पाएनन्। संसदलाई पूर्ण अवधि काम गर्न नदिन राजादेखि लिएर राजनीतिक दलहरू नै उद्यत देखिए। बहुमत प्राप्त सरकार पूरा अवधि टिकेनन्। संसद्ले आफ्नो भूमिका निर्वाह गर्न अवरोधहरू कायम गरिए। दश वर्ष लामो सशस्त्र द्वन्द्वको अन्त्यसँगै भएको शान्ति सम्झौताले २०६३ सालमा नेकपा माओवादीलाई एउटा ठूलो राजनीतिक शक्तिका रूपमा पुर्नस्थापित संसदमा प्रवेश गरायो। माओवादीको संसद प्रवेशसँगै २०५२ सालपछि देखिएको बेथितिहरूको अन्त्य हुने जुन विश्वास थियो त्यो पनि तुषारापात भयो। यी तमाम समस्या देखेभोगेको, त्यसबाट चेत खाएका र अपेक्षा गरिएका दलका प्रतिनिधि सम्मिलित संविधानसभाबाट निर्मित संविधानमा संसदको अवधि पाँच वर्ष हुने लेखियो।

सर्वभौमसत्ताको प्रयोग गर्ने एक महत्वपूर्ण संस्थाका रूपमा संसदलाई लिइन्छ। शासन प्रणालीमा नीति निर्धारण तथा कानुन निर्माण गर्नेजस्तो महत्वपूर्ण कार्य व्यवस्थापन कार्यविधिका माध्यमबाट संसदले सुनिश्चित गर्दछ। नेपाललाई जनसङ्ख्या र भौगोलिक अनुकूलता तथा विशिष्टताका आधारमा १ सय ६५ निर्वाचन क्षेत्र कायम गरी प्रत्येक निर्वाचन क्षेत्रबाट एक एक जना रहने गरी पहिलो हुने निर्वाचित हुने प्रणाली बमोजिम निर्वाचित भएका १ सय ६५ जना र सम्पूर्ण देशलाई एक निर्वाचन क्षेत्र मानी राजनीतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणाली बमोजिम निर्वाचित भएका १ सय १० जना गरी कूल २ सय ७५ सदस्य रहेको प्रतिनिधि सभा रहेको छ।

व्यवस्थापिकाले संविधान प्रदत्त मौलिक अधिकारको संरक्षण र संवर्द्धन गर्ने कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको हुन्छ। मुलुकको सर्वोच्च नीति निर्माण गर्ने संवैधानिक निकाय र सर्वोच्च जनप्रतिनिधिमूलक निकायसमेत भएकाले यसले निर्माण गरेका कानुनले मानव अधिकारको भूमिका र अवस्था निर्धारण गरेको हुन्छ। सरकार र अन्य विभिन्न निकायबाट हुने मानव अधिकार उल्लङ्घन रोक्न, यस्तो सवालमा छलफल गर्न, सरकारको खबरदारी गर्न सार्वभौम संसद्ले कस्तो भूमिका खेल्छ ? त्यसले संविधान प्रदत्त हकहरू परिपालनामा सहयोग पुऱ्याउँछ।

मुलुकको सर्वोच्च सार्वभौम निर्वाचित जनप्रतिनिधिमूलक निकाय भएकाले जनप्रतिनिधिले जनताका मौलिक अधिकार संरक्षण गर्ने प्रकृतिका विधेयक प्रस्तुत गरेर, विधेयक पारित गरेर, जनसरोकारका विषयमा छलफल र बहस चलाएर, मानव अधिकार उल्लङ्घन गर्ने सरकारका विरुद्ध अविश्वासको प्रस्ताव पारित गरेर, राष्ट्र प्रमुखविरुद्ध महाभियोग लगाएर संसदीय अवरोधमार्फत दबाब दिएर, शून्य समयमा मानव अधिकार तथा मानवीय सरोकारमा छलफल बहस चलाएर मानव अधिकारको संरक्षण र संवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। राज्यले अवलम्बन गर्ने नीति, सरकारले लिने निर्णय, कतिपय तत्काल गरिनुपर्ने कानुनी प्रबन्ध र नागरिकको जीविकासँग जोडिएका सवाल सम्बोधन गर्न जनप्रतिनिधिको थलो संसद नै सर्वाधिक महत्वपूर्ण हुन्छ। राज्यले अनुमोदन गरेका र राज्यपक्ष भएका विभिन्न मानव अधिकारसम्बन्धी सन्धि, महासन्धि, सम्झौता र अन्तर्राष्ट्रिय मापदण्डलाई सम्मान गर्ने र यिनै मापदण्ड र अन्तर्राष्ट्रिय कानुनमा आधारित रही राष्ट्रिय कानुन निर्माण गर्ने कार्य गरेर पनि व्यवस्थापिकाले मानव अधिकार सरक्षण र संवर्द्धन गर्ने दिशामा महत्वपूर्ण कार्य गर्छ।

लामो समयदेखि रिक्त रहेको उपसभामुख पद यो वर्षको अन्त्यसम्म खाली नै रह्यो। संविधानत: सभामुख र उपसभामुख फरक लिङ्ग र फरक राजनीतिक दलको हुनुपर्ने संवैधानिक व्यवस्था छ। तर, वर्षैभरि उपसभामुख चयन प्रकृया अगाडि बढेन। सरकारले यस विषयमा कुनै कारबाही अगाडि बढाएन। सङ्घीय संसदको यो एक वर्ष कुनै पनि हिसाबले फलदायी रहेन। जनजीविकाका सवालमा सकृय हुनुपर्ने संसदका कृयाकलापहरू विभिन्न बहानामा रोकिए। पाँच वर्षको आयु भएको संसद आफ्नो अवधि पूरा नगरी दुई दुईपटक विघटन गरियो। प्रतिनिधि सभा नहुँदा त्यसको असर राष्ट्रिय सभाको कामकारबाहीमा समेत पर्‍यो। प्रतिनिधि सभा नहुँदा राष्ट्रिय सभामा दर्ता भएका र पारित भएर राष्ट्रिय सभामा आएका विधेयकहरू निष्क्रिय भए।

देश कोरोना भाइरस सङ्क्रमणको महामारीको चपेटामा परेको बेला संसदमा सार्वजनिक

महत्वका विषयमा, शून्य समयमा तथा विभिन्न प्रस्तावहरूका माध्यमबाट विषयहरू प्रवेश हुन्थे र जनचासो सम्बोधनमा सरकारलाई झकझक्याउन मद्दत पुग्थ्यो तर मुलुकको सङ्घीय संसद भने राजनीतिक दाउपेचको शिकार भइरह्यो।

तत्कालीन नेकपाभित्रको आन्तरिक विवाद उत्कर्षमा पुगेपछि र जारी संसदले उल्लेख्य काम गर्न नसकेको भन्दै प्रधानमन्त्री केपी ओलीले दुई पटक संसद विघटन गरे। उक्त विघटनले एमाले र माओवादी मिलेर बनेको नेकपालाई निर्णायक विभाजनतर्फ धकेल्यो। तत्कालीन नेकपाको प्रचण्ड-माधव पक्षमा विघटनविरुद्ध आन्दोलित भयो। विघटनविरुद्ध सर्वोच्च अदालतमा मुद्दा दर्ता भयो। र, १० फागुनमा अदालतले संसद विघटन बदर गरिदिएको थियो। नेकपा एमालेभित्रको विवादकाबीच फेरि जेठ ८ मा संसद विघटन भयो। प्रधानमन्त्रीका लागि दुवै पक्षको दाबेदारी नपुगेको भन्ने राष्ट्रपतिको निर्णयले दोस्रोपटक संसद विघटन भएको थियो।

माओवादी केन्द्र, तत्कालीन एमालेको माधव नेपाल पक्ष, नेपाली कांग्रेस र तत्कालीन जसपाको उपेन्द्र यादव पक्ष राष्ट्रपतिको निर्णयविरुद्ध सर्वोच्चमा गए। शेरबहादुर देउवाको पक्षमा बहुमत सांसद रहेको भन्दै सर्वोच्चले २८ असारमा केपी ओलीका स्थानमा देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश जारी गऱ्यो। अदालतले संसद विघटनलाई दोस्रोपटक बदर गऱ्यो। अदालतले नै फलानो व्यक्तिलाई यति घण्टाभित्र प्रधानमन्त्रीको सपथ दिलाउनु भनी दिएको आदेशले एक प्रकारको तरङ्ग सिर्जना गऱ्यो। प्रधानमन्त्रीको निर्वाचन गर्ने काम अदालतको हो या संसद्को यो विषय नेपालको संसदीय इतिहासमा चर्चामा रहनेछ।

सर्वोच्च अदालतको यो आदेशका साइडइफेक्टहरू भविष्यमा पनि देखिनेमा कुनै शङ्का रहेको छैन। संसदीय व्यवस्थामा राजनीतिक दलबाट निर्वाचित सांसद्लाई ह्वीप लाग्ने व्यवस्था गरिएको हुन्छ तर सर्वोच्च अदालतको आदेशमा प्रधानमन्त्री शेरबहादुरका पक्षमा मतदान गर्ने सांसदलाई ह्वीप नलाग्ने उल्लेख थियो। यो आदेशले नेकपा एमाले विभाजनमा मद्दत पुगेको सो पार्टीले जनायो।

देउवा नेतृत्वको सरकारले राजनीतिक दलसम्बन्धी अध्यादेश ल्याएर दल विभाजनका लागि केन्द्रीय समिति र सङ्घीय संसदीय दलमा ४० प्रतिशत चाहिने प्रावधान हटायो। यसले माधव नेपाललाई एमाले विभाजनका लागि सहजता प्रदान गऱ्यो। नेपालको नेतृत्वमा २३ जना सांसद र ५८ जना केन्द्रीय सदस्यको हस्ताक्षरसहित निर्वाचन आयोगमा नेकपा एकीकृत समाजवादी दर्ता भयो। भदौ ९ गते एकीकृत समाजवादीले आयोगबाट दर्ताको प्रमाणपत्र पायो। नेकपा एमालेले भने नयाँ दर्ताअघि नै पार्टीबाट २३ जना सांसदलाई निकाल्यो। कारबाहीको सूचना टाँस्न सभामुख अग्नि सापकोटाले आनाकानी गरेपछि निर्वाचन आयोगमा नयाँ दल दर्ता भयो। आफ्नो दल विभाजन गैरकानुनी भन्दै एमालेले यसविरुद्ध निरन्तर संसदमा नाराबाजी गर्दै आएको छ। संसदमा अवरोध जारी राखेको छ। यसले संसदको प्रभावकारितामा ह्रास ल्याएको छ। एमाले विभाजनको प्रयोजन सकिएपछि सरकारले दल विभाजनसम्बन्धी खुकुलो प्रावधान भएको अध्यादेश फिर्ता लियो।

संसदीय समिति, तिनका बैठक र केही निर्णयहरू

संसदको नियमित कार्यमा सहयोग पुऱ्याउन एवम् सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सल्लाह प्रदान गर्न संसदीय समितिहरूको गठन गरिन्छ। सरकारको कार्यक्षेत्र विविध र व्यापक प्रकृतिको बन्दै गएको सन्दर्भमा सरकारको कार्यहरूको निगरानी, अनुगमन तथा मूल्याङ्कन गरी संसदप्रति उत्तरदायी र जवाफदेही तुल्याउने कार्यमा संसदीय समितिको भूमिका केन्द्रित हुने गर्दछ।[१]

संसदको समय बचत गर्न, कार्यप्रकृयालाई सरलीकृत गर्न, विशेषज्ञताको उपयोग गर्न, विषयवस्तुको गहन अध्ययन गर्न संसदले संसदीय समितिहरूमार्फत आफ्ना कार्यहरू सम्पादन गर्दछ। आफ्नो कार्यक्षेत्र भित्रका विषयमाथि गहिराइमा पुगेर छलफल गरिने र सरकारलाई उत्तरदायी तुल्याउने हुँदा संसदीय समितिहरूलाई लघु संसदको रूपमा लिइन्छ भने समितिलाई कार्यशालाको रूपमा पनि बुझ्ने गरिन्छ। समितिले आफ्नो कार्यक्षेत्रसम्बन्धी विषयको विधेयकमाथि छलफल गर्ने, नीति निर्माण गर्ने, सरकारमाथि निगरानी राख्ने, संसद, सरकार र जनताकाबिच सम्पर्क सेतुको काम गर्ने, प्रत्यायोजित विधायनको जाँचबुझ गर्ने, नियन्त्रण गर्ने, राजश्व तथा व्यय र सार्वजनिक लेखाको जाँच गर्ने, सरकारी

१. https://hr.parliament.gov.np/np/committees/State-Affairs-Committee

आश्वासन र नीति उपर अध्ययन अनुसन्धान तथा अनुगमन मूल्याङ्कन गरी सरकारलाई आवश्यक मार्गनिर्देशन गर्ने लगायतका कार्यहरू गर्नु पर्दछ। नेपालको संविधानको धारा ९७ को उपधारा १ मा "प्रतिनिधि सभा र राष्ट्रिय सभाले सङ्घीय कानुन बमोजिम समितिहरू गठन गर्न सक्नेछन्" भन्ने संवैधानिक व्यवस्था रहेको छ। संसदीय समितिलाई 'मिनी संसद' पनि भनिन्छ। सरकारलाई जबाफदेही बनाउने काम पनि समितिको हो।[२]

संसदीय अभ्यास भएको प्रणालीमा संसदको जस्तै भूमिका संसदीय समितिको हुने गर्दछ। प्रतिनिधिसभा अन्तर्गत् १०, राष्ट्रियसभा अन्तर्गत् चार र दुईओटा संयुक्त समिति गरी सङ्घीय संसद अन्तर्गत् १६ ओटा संसदीय समिति छन्। तर, सरकारको काम-कारबाहीको निगरानी गर्ने, निर्देशन दिने र सहजीकरणको भूमिकामा रहेका संसदीय समितिहरू भने निष्प्रभावी देखिए।[३] निकै शक्तिशाली र प्रतिपक्षको भूमिकामासमेत हेरिने सार्वजनिक लेखा समितिले प्रतिनिधिसभा नियमावलीअनुसार गठन भएयता विभिन्न विषयमा सरकारलाई दर्जनौंपटक निर्देशन दिइसकेको छ।

समितिले नेपाल वायुसेवा निगमको 'वाइडबडी' खरिद प्रकरण सम्बन्धमा चारओटा, चिनीको मूल्य निर्धारण सम्बन्धमा १० ओटा र बेरुजु फर्स्यौट सम्बन्धमा पाँचओटासहित दर्जनौं निर्देशन दिइसकेको छ। तर, तीमध्ये कुनै पनि निर्देशन कार्यान्वयन भएका छैनन्। विकास तथा प्रविधि समितिले सडक, ठेक्का, पूर्वाधार निर्माण र राष्ट्रिय गौरवका आयोजनाका सम्बन्धमा धेरैपटक सरकार तथा सम्बन्धित निकायलाई निर्देशन दियो। तर, अहिलेसम्म एउटा निर्देशन पनि कार्यान्वयन भएको देखिँदैन। अर्को महत्वपूर्ण समिति राज्य व्यवस्था तथा सुशासन समितिले दिएका निर्देशन कार्यान्वयनको अवस्था पनि उस्तै छ।

राष्ट्रियसभा अन्तर्गतका समितिहरूको अवस्था पनि उस्तै छ। राष्ट्रियसभा अन्तर्गतको दिगो विकास तथा सुशासन समितिले सिंहदरबारभित्र रहेका पुराना गाडी हटाउन निर्देशन दिएको थियो। तर, हालसम्म पनि उक्त निर्देशन कार्यान्वयन भएन। समितिहरूले विभागीय मन्त्री र मन्त्रालयका उच्च अधिकारीलाई बोलाएर छलफल गरी निर्देशन दिँदै आएका छन्। निर्देशन कार्यान्वयनको अवस्था भने दयनीय छ। यी त केवल उदाहरणमात्र हुन्। सङ्घीय संसदका दुवै सदन अन्तर्गतका सबै समितिका निर्देशनको अवस्था योभन्दा फरक छैन।[४]

प्रतिनिधिसभा नियमावलीको परिच्छेद २१ मा संसदीय समितिले दिएको निर्देशन सम्बन्धित निकायले कार्यान्वयन नगरे सम्बन्धित विषयमा प्रतिवेदन तयार पारी संसदमा पेस गरेर दोषीलाई जिम्मेवार ठहऱ्याउने व्यवस्था छ। तर, समितिहरू आफ्नै भूमिकामा चुकिरहेका छन्। समितिहरूले आफ्नो भूमिका प्रभावकारी बनाउन न त निर्देशन कार्यान्वयनको अनुगमन गर्न सकेका छन् न त निर्देशन कार्यान्वयनमा ताकेता गर्न नै सकेका छन्। हुन त समितिका कतिपय निर्देशनहरू विवादमा पर्ने गरेका पनि छन्। राज्य व्यवस्था समितिले स्थानीय तहका लागि लोकसेवा आयोगले गरेको विज्ञापनका सम्बन्धमा आयोग र सरकारलाई निर्देशन दियो। तर, निर्देशन कार्यान्वयन हुनुको सट्टा निर्देशन उल्टै विवादित बन्यो।[५]

समितिमा रहेका सांसदहरूसमेत समितिप्रति गम्भीर देखिँदैनन्। कतिपय महत्वपूर्ण विषयमा छलफल गर्न बोलाइएको बैठकमासमेत सांसद अनुपस्थित हुँदा 'कोरम' नपुगेर बैठक नै स्थगित भए। यस्तै, समितिप्रति शीर्ष नेताहरूको पनि खासै चासो देखिने गरेको छैन। शीर्ष नेताहरू आफू सदस्य रहेको समिति बैठकमा उपस्थित नहुने र स्वयम् समितिहरू दलगत स्वार्थभन्दा माथि उठ्न नसकेकाले पनि समितिले दिएका निर्देशन कार्यान्वयनमा सरकारलेसमेत चासो नदेखाएको कतिपयको टिप्पणी छ।

संसद्को 'शिक्षा तथा स्वास्थ्य समिति' ले एसइई परीक्षा खारेज गर्न सरकारलाई निर्देशन दियो। समितिको बैठकले समितिले यसअघि २९ जेठ ०७७ मै एसइई खारेज गर्न दिएको निर्देशन कार्यान्वयन गर्न पुनः निर्देशन दिएको हो ।[६] समितिले २०७८ जेठ २९ मा

२. https://www.imagekhabar.com/news/20761/
३. ऐजन
४. ऐजन
५. ऐजन
६. https://bit.ly/34oSmdi

भनेको थियो, 'कोरोना सङ्क्रमणले ल्याएको सङ्कटपूर्ण अवस्थामा यो वर्षका लागि एसइई परीक्षा सञ्चालन नगर्ने निर्णय उपयुक्त छ । संविधान र कानुनले कक्षा १२ सम्म विद्यालय शिक्षा भनेर किटान गरेकाले यस वर्षका लागि स्थगित भएको एसइई परीक्षालाई सधैँका लागि हटाएर कक्षा १० का परीक्षा स्थानीय तहबाट सञ्चालन गरी कक्षा १२ मा मात्रै राष्ट्रियस्तरको परीक्षा हुने गरी आवश्यक कानुनी व्यवस्था गर्नू ।' सोही बैठकले बाल शिक्षकहरूको पारिश्रमिकका सम्बन्धमा पूरा पारिश्रमिक नपाएका शिक्षकहरूलाई पारिश्रमिक उपलब्ध गराउन मन्त्रालयलाई ध्यानाकर्षणसमेत गरायो । समितिले संघीय शिक्षा विधेयक छिटो ल्याउन सरकारलाई आग्रह गऱ्यो । मेडिकल कलेजको सन्दर्भमा सरकारलाई समितिको निर्देशन छ, 'मेडिकल कलेजहरूले बढी शुल्क लिइरहेको सम्बन्धमा सत्य-तथ्य बुझी समस्या समाधान गर्नू ।'

प्रतिनिधिसभाको विकास तथा प्रविधि समितिको २०७८ असोज १० गतेको बैठकले वर्षाले क्षति पुऱ्याएका सडकलाई २०७८ असोज अघि नै मर्मत गर्न सरकारलाई निर्देशन दियो। सिंहदरबारमा बसेको समितिको बैठकले वर्षाका कारण क्षति भएका सडकहरूको निर्माण तत्काल सम्पन्न गर्न गृह मन्त्रालय र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई निर्देशन दिएको हो। समितिकी सभापति कल्याणीकुमारी खड्काले बैठकले कोरोना महामारीलाई मध्यनजर गर्दै सवारीसाधनमा सिट क्षमताअनुसार यात्रु राख्न, लामो दूरीमा चल्ने सर्वसाधारणमा भाडादर देखिने ठाउँमा टाँस्न, भौतिक रूपमा टिकट काट्ने व्यवस्था हटाइ अनलाइन प्रणालीबाट बुकिङको व्यवस्था गर्न र अनलाइनबाट टिकट खरिद गर्दा भाडादरमा केही छुट गर्न लगायतका विषयको प्रभावकारी अनुगमन गर्न यातायात मन्त्रालयलाई निर्देशन दिइएको बताइन्।

सभापति खड्काकाअनुसार ५० करोड रुपियाँभन्दा बढी लागत भएका आयोजनाहरूलाई मात्र वार्षिक आयोजनाको रूपमा कार्यान्वयन गर्ने गरी बनाइएको मापदण्डले पूर्वाधार विकासमा आवश्यक रहेका धेरै आयोजना कार्यान्वयन नहुने र अव्यवहारिक हुने भएकोले सो मापदण्ड तत्काल पुनरावेदन गर्ने व्यवस्था मिलाउन समितिले यातायात मन्त्रालयलाई निर्देशन दिएको छ।

किसानको धानबाली क्षति भएको गम्भीर विषयमा छलफल गर्न डाकिएको कृषि समितिको बैठकप्रति सांसदहरूले नै रुचि देखाएनन्।[७] कात्तिक पहिलो साता आएको वर्षा र बाढीका कारण धानबालीमा क्षति व्यहोरेका किसानको तीन दिनको बेमौसमी वर्षाले किसानको ११ अर्ब ८७ करोड मूल्यबराबरको बालीमा क्षति पुगेको सरकारकै तथ्यांक छ । तर, किसान र कृषिका मुद्दामा सरोकार राख्ने र सरकारलाई निर्देशन दिने जिम्मेवारी पाएको संसद्को कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमै रहेका सांसद भने किसानप्रति जिम्मेवार देखिएनन्।

धानबालीमा भएको क्षतिबारे छलफल गर्न समितिको बैठक डाकिएको थियो । छलफलका लागि आमन्त्रित कृषिमन्त्री महेन्द्र राय यादव ११:१० मै उपस्थित भए । मन्त्रालयका सचिव, उपसचिवलगायत कर्मचारी समयमै उपस्थित थिए । तर, २१ सांसदमध्ये १७ सांसद अनुपस्थित भएपछि कोरम नपुगेर बैठक नै स्थगित भयो । कृषिमन्त्री यादव ५० मिनेट कुरेर फर्किए ।

प्रतिनिधिसभा नियमावलीअनुसार गणपूरक सङ्ख्या नपुगी लगातार दुईपटक बैठक स्थगित भएमा तेस्रोपटक कम्तीमा एकचौथाइ सदस्यको उपस्थितिमा बैठक बस्न सक्छ । सोको जानकारी सभापतिले सभामुखलाई दिनुपर्छ ।[८]

राष्ट्रिय सभाका अध्यक्षसहित सांसदहरूको एक टोलीले प्रदेश २ का आठ ओटै र प्रदेश १ का मोरङ र सुनसरी जिल्लाको स्थलगत अध्ययन गरी एउटा प्रतिवेदन तयार पाऱ्यो। प्रतिवेदनमा तत्कालीन र दीर्घकालीन सुझाव पेश गरिएको छ। प्रतिवेदनमा तराई मधेशको बाढी तथा डुबानसम्बन्धी समस्याको दीर्घकालीन समाधानका लागि गुरुयोजना निर्माण गरी कार्यान्वयन गर्नु पर्ने, चुरेको दोहनले तराई मधेस गम्भीर रूपमा प्रभावित हुने अवस्था रहेकोले चुरेको अतिक्रमणलाई पूर्णतः निषेध गर्ने र आवश्यक पर्ने स्रोतको लागि अध्ययन गरी वैकल्पिक स्थानको खोजी गर्ने साथै चुरे संरक्षणका लागि दीर्घकालीन योजना बनाइ लागु गर्नुपर्नेलगायतका सुझाव छन्।[९]

७. https://bit.ly/3KZKakJ

८. https://bit.ly/3GhIIXn

९. https://na.parliament.gov.np/uploads/attachments/wocvxax2frryndi1.pdf

संसदीय सुनुवाइ

कार्यकारिणीले सार्वजनिक महत्त्वका पदमा नियुक्तिका लागि प्रस्ताव गरेका व्यक्तिहरू तथा पदाधिकारीहरूको दक्षता, क्षमता र इमान्दारिता व्यवस्थापिकाद्वारा परीक्षण गरी कार्यपालिकालाई व्यवस्थापिकाप्रति उत्तरदायी र जबाफदेही तुल्याउने लोकतान्त्रिक प्रकृया संसदीय सुनुवाइ हो। नेपालको संविधानको धारा २९२ को उपधारा (१) मा संवैधानिक परिषद्को सिफारिसमा नियुक्त हुने प्रधान न्यायाधीश, सर्वोच्च अदालतका न्यायाधीश, न्याय परिषदका सदस्य, संवैधानिक निकायको प्रमुख वा पदाधिकारी र राजदूतको पदमा नियुक्ति हुनुअघि सङ्घीय कानुन बमोजिम संसदीय सुनुवाइ हुनेछ भन्ने व्यवस्था गरिएको छ।

उक्त धाराको उपधारा (२) मा उपधारा (१) को प्रयोजनका लागि सङ्घीय संसदका दुवै सदनका सदस्यहरू रहने गरी सङ्घीय कानुन बमोजिम १५, सदस्यीय एक संयुक्त समिति गठन गरिने प्रावधान छ। यसैगरी सोही धाराको उपधारा (३) मा उपधारा (२)बमोजिमको गठित संयुक्त समितमा रहने सदस्यले सङ्घीय संसदको उक्त कार्यकालभर सर्वोच्च अदालतमा उपस्थित भई बहस पैरवी गर्न नपाउने प्रावधान राखिएको छ।[१०]

सङ्घीय संसदअन्तर्गतको संसदीय सुनुवाइ समितिको बैठक २०७८ मङ्सिर २० गते सोमबार बस्यो। प्रस्तावित राजदूतको सुनुवाइका लागि समितिको बैठक बसेको थियो। सो बैठकमा कांग्रेसकी सांसद पुष्पा भुसालले उजुरीको सूचना निकाल्नुअघि नै पर्याप्त छलफल गर्नुपर्ने बताइन्। सो बैठकमा एमालेका सांसद सुमनराज प्याकुरेलले राजदूत नियुक्तमा समावेशिताबारे प्रश्न उठाए। समितिको बैठकले बाँकी राजदूत नियुक्ति गर्दा समावेशितालाई ध्यान दिन सरकारलाई निर्देशन दियो। [११]

सोही दिनको बैठकले प्रस्तावित तीनै जना राजदूतको नाम सर्वसम्मत रूपमा अनुमोदन गरेको समितिका सभापति लक्ष्मणलाल कर्णले जानकारी दिए। समितिले भारतका लागि प्रस्तावित शङ्कर शर्मा, बेलायतका लागि प्रस्तावित ज्ञानचन्द्र आचार्य र अमेरिकाका लागि प्रस्तावित श्रीधर खत्रीबाट आ-आफ्नो अनुभव, योग्यता र अवधारणासम्बन्धी जानकारी लिएको थियो। ११ कात्तिकमा बसेको मन्त्रिपरिषद् बैठकले बेलायतका लागि आचार्य, भारतका लागि शर्मा र अमेरिकाका लागि खत्रीलाई राजदूतमा सिफारिस गरेको थियो। संसदीय सुनुवाइ समितिले १० दिन समय दिएर तीनै जनाविरुद्ध उजुरी आह्वान गरेको थियो। यसमा एउटा मात्रै उजुरी परेको थियो। जुन समावेशितासम्बन्धी थियो।[१२]

अलपत्र, ५५ विधेयक

२०७८ असार महिनामा शुरु भएको बर्से अधिवेशनमा प्रमुख प्रतिपक्षी नेकपा एमालेले संसद अवरोधको नीति लियो। पहिलो दिन नै एमालेले 'पार्टीका १४ जना सांसदलाई गरेको कारबाहीको सूचना सभामुखले समयमै नटाँसेको' भनी प्रश्न उठायो र यसबारे चित्तबुझ्दो जबाफ नपाएसम्म सदन चल्न नदिने भनेर नाराबाजी गऱ्यो। अधिवेशन अन्त्य भएको दिन ११ कात्तिकमा पनि एमालेले प्रतिनिधिसभामा नाराबाजी नै गऱ्यो।[१३]

भदौ २३ देखि कात्तिक ११ गतेसम्मको ५२ दिनको अवधिमा प्रतिनिधिसभाका १२ ओटा र राष्ट्रिय सभाका सात ओटा बैठक बसे। संसदमा सबै बैठकमा राष्ट्रियसभामा एमालेका सांसदहरूले उठेर मौन रहे भने प्रतिनिधिसभामा भने चर्कोस्वरमा नाराबाजी गरे। पार्टीले कारबाही गरेका १४ जना सांसद पदमुक्त भएको सूचना टाँस गर्नुपर्ने माग एमाले सांसदले राखे। प्रत्येकजसो बैठकमा सभामुख अग्निप्रसाद सापकोटाले यो विषय सर्वोच्च अदालतमा विचाराधीन रहेको जनाए।[१४]

दुई-दुई पटकको प्रतिनिधिसभा विघटन र त्यसपछि पुनर्स्थापित संसद अधिवेशन पनि सौहार्द हुन नसक्दा कानुन निर्माण प्रक्रिया अवरुद्ध भयो। संसदमा विचाराधीन विधेयकको सङ्ख्या ५५ छ। जो संविधान कार्यान्वयन र जनताको प्रत्यक्ष सरोकार जोडिएका विषयहरूसँग सम्बन्धित छन्। तर, सरकारले संसदमा रहेका विजनेसतर्फ ध्यान दिएन वा दिन सकेन। बरु

१०. https://hr.parliament.gov.np/np/committees/Parliamentary-Hearing-Committee
११. https://bit.ly/3uhbxku
१२. https://www.himalkhabar.com/news/127013
१३. https://bit.ly/3uePYke
१४. https://bit.ly/34osZbQ

सरकारले संसदको राज्य व्यवस्था तथा सुशासन समितिले दुई वर्ष भन्दा बढी समय दफावार छलफल सकेर प्रतिनिधिसभा बैठकमा पेश गरेको सङ्घीय निजामती सेवा विधेयक र राष्ट्रिय सभाबाट पारित भएर प्रतिनिधिसभामा आएको रेल्वे विधेयक सरकारले फिर्ता लियो।

सङ्घीय संसद सचिवालयका अनुसार हाल संघीय संसदमा ५५ ओटा विधेयक विचाराधीन छन्। विचाराधीन ५५ विधेयकमध्ये प्रतिनिधिसभामा ४२ र राष्ट्रिय सभामा १३ ओटा छन्। यीमध्ये प्रतिनिधिसभामा दर्ता भएका १२ ओटा र राष्ट्रिय सभामा दर्ता भएका तीन ओटा विधेयक त सभामा पेश समेत भएका छैनन्।

विधेयक दर्ता भएपछि सभामा पेश गर्ने, विधेयकमाथि विचार गरियोस् भन्ने प्रस्ताव पारित गर्ने, सैद्धान्तिक छलफल गर्ने र संसदीय समितिमा दफावार छलफलमा पठाउने कानुनी व्यवस्था छ। संसदीय समितिले दफावार छलफल गरेर विधेयक प्रतिवेदन सभामा पेश गर्ने र यो प्रक्रिया दुवै सदनले पूरा गरेपछि संसद भित्रको कानुन निर्माणको पाटो टुङ्गिन्छ। तर, कैयन् विधेयक दर्ता भएर मात्रै बसेका छन्।

संसद नचलेका बेला अध्यादेश ल्याउन पाउने वैधानिक व्यवस्था हुँदाहुँदै पनि संसदको हठात अन्त्यसँगै अध्यादेश ल्याउँदा भने मुलुक अध्यादेशबाटै सञ्चालन हुने भयो भन्ने संशय पैदा भएको छ। संविधानको धारा ९३ मा राष्ट्रपतिले संसदको आह्वान गर्ने र अधिवेशनको अन्त्य गर्ने उल्लेख छ। धारा ६६ को उपधारा २ मा राष्ट्रपतिले मन्त्रिपरिषद्को सिफारिस र सम्मतिमा काम गर्नुपर्ने उल्लेख छ। सरकारले संसदको अधिवेशन कहिले डाक्ने र कहिले अन्त्य गर्ने भन्ने कुरामा संसदसँग परामर्शसमेत नगरी राष्ट्रपतिलाई सिफारिस गर्ने काम भयो। सभामुखले संसदको अधिवेशनको अर्को बैठकका लागि मिति तय गर्ने तथा सो अगावै संसदको अधिवेशन अन्त्य भएबाट सरकार र संसदको गति मिलेको पाइएन।

लोकतन्त्रमा मतदाताले संसदलाई निर्वाचन गर्ने र संसदले कानुन बनाउने तथा जनजीविकाका सवाललाई संसदमा उठाएर सरकारबाट कार्यान्वयन गराउनु पर्दछ। तर, एक वर्षको अवधिमा दुई ओटा विधेयक मात्रै प्रमाणीकरण भएको राष्ट्रपतिको कार्यालयको वेवसाइटमा देखिन्छ।[१५] बाँकी सबै अध्यादेशबाटै कानुनी काम कारबाहीको निर्वाह गरेको देखिन्छ। पछिल्लो पटक २०७८ जेठ ७ गते प्रतिनिधिसभा विघटन गरेको दुई दिनमा नै नागरिकता ऐनलाई संशोधन गर्ने अध्यादेश जारी गरियो। तर, सर्वोच्च अदालतले उक्त अध्यादेश कार्यान्वयन नगर्न अन्तरिम आदेश दियो। २०७५ साउन २२ गतेदेखि संसदमा रहेको नागरिकता ऐनलाई संसद विघटन गरेलगत्तै अध्यादेशमार्फत अघि ल्याउँदा झनै संशय पैदा भयो। प्रधानमन्त्री शेरबहादुर देउवाले भदौ २ गते ल्याएको राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७८ लाई दुई ओटा दल विभाजन भएपछि असोज ११ गते खारेजीको सिफरिस गरे। यसले कानुनी शासनको उपहास गरेको पाइयो।

शून्य र विशेष समय

ब्रिटिस शैलीको संसदीय व्यवस्था भएका मुलुकमा संसद्भित्रको शून्य समय (जिरो आवर) अति नै महत्वपूर्ण मानिन्छ। औपचारिक कार्यसूची नै तयार नपारी छलफलमा सहभागी हुन पाइने यस व्यवस्थाले सांसदको वाक्स्वतन्त्रताको सम्मान गर्छ। यही सम्मानले जनताका पीरमर्का, गुनासा, मानव अधिकार उल्लङ्घनका घटना, भ्रष्टाचार, पदीय दुरुपयोग, आर्थिक अनियमितता आदि विषय उठानका लागि अवसर प्रदान गरेको हुन्छ। मानव अधिकारका दृष्टिले यो समय अति महत्वपूर्ण मानिन्छ। यस अवसरमा प्रतिपक्षी दलहरूले सरकारले गरेका नराम्रा कार्यको विरोध गरे। अनि जनताका समस्या सुल्झाउन सरकार उदासीन देखिएको टिप्पणी पनि गरे। यस्ता कार्यमा प्रतिपक्षमा बसेका ठूला तथा साना दल विशेष सक्रिय देखिए। यस्तो अवसरमा राहत कार्यमा भएका ढिलाइ, अनियमितता, भ्रष्टाचार, कोरोना सङ्क्रमण नियन्त्रणमा सरकारी भूमिका, महिलामाथि भएका हिंसा, बेरोजगारी, दलितमाथिभएका विभेद, विकास निर्माण कार्यमा भएका ढिलासुस्ती, प्राकृतिक प्रकोपसँग सम्बन्धित विषय जोडदार तवरले उठाइए।

व्यवस्थापिका-संसद्भित्र बोलेका कुरा सभामुखको आदेशबाट मात्र रेकर्डमा राखिने र सम्पूर्ण कुरा रेडर्कमा समेत नदेखिने हुनाले कहिलेकाहीँ यस्ता कार्यमा सांसदको भूमिका मूल्याङ्कन गर्नु पनि एक जटिल कार्य हुन्छ। तर पनि सङ्क्षेपमा भन्दा व्यवस्थापिका-संसद्भित्रको शून्य र विशेष समयलाई सांसदले सकारात्मकरूपमा जनताका पीरमर्का उजागर

१५. https://bit.ly/32R2lrE

यो वर्ष जारी गरिएका अध्यादेशहरू

क्र.सं.	मिति	अध्यादेश/विधेयक
१.	२०७७ माघ २३ गते	बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरुपण तथा मेलमिलाप आयोग (तेस्रो संशोधन) अध्यादेश, २०७७
२.	२०७८ वैशाख २१ गते	यौन हिंसा विरूद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७८
३.		फौजदारी क्रूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐन संशोधन गर्ने अध्यादेश, २०७८
४.		औषधि (तेस्रो संशोधन) अध्यादेश, २०७८
५.		संवैधानिक परिषद (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७८
६.		सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७८
७.		नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) अध्यादेश, २०७८
८.		तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७८
९.	२०७८ वैशाख २२ गते	रेल्वे अध्यादेश, २०७८
१०.	२०७८ जेठ ६ गते	शपथ सम्बन्धी अध्यादेश, २०७८
११.		कोभिड-१९ सङ्कट व्यवस्थापन अध्यादेश, २०७८
१२.	२०७८ जेठ ९ गते	नेपाल नागरिकता (पहिलो संशोधन) अध्यादेश, २०७८
१३.	२०७८ जेठ १५ गते	आर्थिक अध्यादेश, २०७८
१४.		विनियोजन अध्यादेश, २०७८
१५.		राष्ट्र ऋण उठाउने अध्यादेश, २०७८
१६.	२०७८ जेठ २३ गते	स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षा सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७८
१७.	२०७८ भदौ २ गते	राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७८
१८.	२०७८ असोज ७ गते	विनियोजन विधेयक, २०७८
१९.	२०७८ असोज १३ गते	आर्थिक विधेयक, २०७८
२०.		राष्ट्र ऋण उठाउने विधेयक, २०७८
२१.	२०७८ मङ्सिर १५ गते	यौन हिंसा विरूद्धका केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७८
२२.		फौजदारी क्रूर तथा फौजदारी कार्यविधि सम्बन्धी केही ऐनलाई संशोधन गर्ने अध्यादेश, २०७८
२३.		नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) (पहिलो संशोधन) अध्यादेश, २०७८
२४.		तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) अध्यादेश, २०७८
२५.		सामाजिक सुरक्षा (पहिलो संशोधन) अध्यादेश, २०७८
२६.		रेल्वे अध्यादेश, २०७८

खारेज गरिएका अध्यादेशहरू

२०७८ साउन ३ गते

- संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी (पहिलो संशोधन) अध्यादेश, २०७८ असोज ११ गते
- राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७८

गर्ने मञ्चका रूपमा प्रयोग गरेको देखिन्छ। शून्य समयमा उठाइएका विषयमा सरकारी प्रतिबद्धता खासै भएको पाइएन। शून्य समयमा छलफल गरिए तापनि त्यो कर्मकाण्ड पूरा गरेको अवस्थामा मात्र सीमित देखियो। सरकारमाथि यस्ता कार्य नगर्न दरिलो दबाब दिइए तापनि सरकारी उदासीनताका कारण शून्य समयमा उठाइएका मुद्दा ओझेलमा पर्न गए।

बैठकमा अनुपस्थिति, पुरानै रोग

व्यवस्थापिका-संसद्का सदस्यको आचरणबारे पनि यो वर्ष धेरै गुनासा र असन्तुष्टि व्यक्त गरिए। महिनौँसम्म व्यवस्थापिकाका आधिकारिक बैठकमा अनुपस्थित रहने, गणपूरक सङ्ख्या (कोरम) नपुगेका कारण यस्ता बैठक स्थगित हुने घटना दोहोरिइरहे। तर, सदस्यले व्यवस्थापिका सदस्यका हैसियतले पाउने सुविधा भने उपभोग गरिरहे। सुशासनको पाठ सिकाउनेहरू नै यसरी गैरजिम्मेवार भएपछि उनीहरूले धेरै आलोचना खप्नुपर्‍यो। सरकारमा बसेका र ठूला दलका नेता प्राय: बैठकमा अनुपस्थित रहे। व्यवस्थापिका-संसद्को धेरै महत्वपूर्ण समय त्यसै खेर गयो र पारित गर्नुपर्ने महत्वपूर्ण विधेयक थाती रहे।

कमजोर हुँदै संसदीय कृयाकलाप

दुईपटक विघटनको प्रयास गरिएको संसद् सर्वोच्च अदालतको आदेशपछि पुनर्स्थापित भयो। सार्वभौम नेपाली जनताका आधिकारिक प्रतिनिधिहरूको निष्कृयताका कारण देशमा संसद् भएको आभाससम्म हुन सकेन। देश गम्भीर अवस्थामा हुँदा पनि सांसदका स्वर सुनिएनन्। प्रतिनिधि सभालाई प्रभावहीन बनाएर देशमा प्रतिनिधिमूलक लोकतन्त्र नै 'अफाप' सिद्ध गर्ने प्रयत्न भइरहेको हो की भन्ने भान हुन थाल्यो ।[१६]

अध्यादेशको दुष्चक्र

सरकारले दल विभाजन सहज हुने गरी ल्याएको अध्यादेश राष्ट्रपति विद्यादेवी भण्डारीले खारेज गरिन्। गत भदौ २ गते जारी भएको राजनीतिक दलसम्बन्धी (दोस्रो संशोधन) अध्यादेश, २०७८ ले पार्टीको संसदीय दल वा केन्द्रीय समितिको २० प्रतिशत सङ्ख्या पुऱ्याएर दल विभाजन गर्न सक्ने व्यवस्था गरेको थियो। सरकारले ३२ साउनमा हठात प्रतिनिधिसभाको अधिवेशन अन्त्य गरी १ भदौमा यो अध्यादेश सिफारिस गरेको थियो। त्यसबेला प्रधानमन्त्री शेरबहादुर देउवाको तीन उद्देश्य थियो, प्रमुख विपक्षी नेकपा एमालेलाई विभाजन गर्ने, प्रतिनिधिसभामा बहुमत जुटाउने र बजेट पास गर्ने।

२०७८ भदौ २ गते राष्ट्रपतिबाट अध्यादेश प्रमाणीकरण भएलगत्तै माधवकुमार नेपालले एमाले विभाजन गरे र आफ्नै नेतृत्वमा नेकपा एकीकृत समाजवादी दर्ता गरे। एमालेका प्रतिनिधिसभाका २३ र राष्ट्रियसभाका ८ सांसदले एकीकृत समाजवादी रोजे। यससँगै संसदमा सरकारको बहुमत पुग्यो।

किनकि २ सय ७१ सदस्यीय प्रतिनिधिसभामा बहुमतका लागि सत्तारूढ नेपाली कांग्रेसका ६१, माओवादी केन्द्रका ४९ र जनता समाजवादी पार्टीका १८ सांसदमात्र अपुग हुने थियो।

सरकारले २३ भदौमा संसद अधिवेशन बोलाएर राजनीतिक दलसम्बन्धी अध्यादेश प्रतिनिधिसभा बैठकमा टेबल पनि गऱ्यो। २५ भदौमा प्रमुख विपक्षी सांसदहरूको नाराबाजीकाबीच बजेट अध्यादेशको प्रतिस्थापन विधेयक पेश भयो। नाराबाजीकै बीच ११ असोज अर्थात आजै दुवै सदनबाट बजेटसम्बन्धी सबै विधेयक बहुमतबाट पारित भयो।

निष्कर्ष

नेपालको राजनीतिक र संसदीय इतिहासमा ७ जेठ ०७८ निकै महत्त्वपूर्ण दिनका रूपमा अङ्कित हुनेछ, यो दिन आफ्नै पार्टीका सांसदहरूले आफ्नै दलको संसदीय दलको नेतालाई प्रधानमन्त्रीमा निरन्तरताका लागि विश्वासको मत दिएनन्। यस अघि यस्तो घटना कहिल्यै भएको थिएन। त्यस दिन नेकपा एमालेका वरिष्ठ नेता एवम् संसदीय दलका सदस्य माधवकुमार नेपालसहित एमालेका २३ जना सांसदले आफ्नै दलको संसदीय दलका नेता एवम् प्रधानमन्त्री

१६. https://baahrakhari.com/news-details/332243

केपी शर्मा ओलीप्रति प्रधानमन्त्रीको निरन्तरतामा विश्वास नरहेको जनाउ दिए। नेपाल र उनी निकटहरूले आफ्नै पार्टीको संसदीय दलका नेता ओलीलाई विश्वास नगरी नेपाली कांग्रेसका सभापतिसमेत रहेका कांग्रेस संसदीय दलका नेता शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गरी पाउँ भनेर राष्ट्रपति विद्यादेवी भण्डारी समक्ष आफ्नो हस्ताक्षर बुझाएका थिए। राष्ट्रपति भण्डारीले ७ जेठमा देउवालाई प्रधानमन्त्री त नियुक्त गरिनन् नै, मध्यराति प्रतिनिधि सभा विघटन सिफारिसलाई सदर गरिदिइन्।[१६]

राजनीतिक दलभित्रको खिचलोका कारण यो वर्ष संसदका काम कारबाही प्रभावकारी हुन सकेनन्। संसदमा उठेको विषयले महत्त्व नपाउने र उठेका विषयको सम्बोधन भएनन्। बरू संसद् छलेर अध्यादेश ल्याउने कार्यले प्रश्रय पायो। लामो समयदेखि विचाराधीन अवस्थामा रहेका विधेयकहरू अलपत्र नै रहे। संसदमा हुने न्यून उपस्थिति, लामो समयसम्मको अवरोधजस्ता विषय यो वर्ष पनि आलोच्य रहे। संसदीय समितिहरूले निर्देशन दिने तर सम्बन्धित निकायले त्यसको परिपालना नगर्ने परिपाटी कायम रहँदा संसदीय समितिहरूले गरेका निर्देशन र निणर्यहरूको औचित्यमाथि प्रश्न उठ्यो। उपसभामुख बिना एक वर्ष संसदका गतिविधि भए।

पाँच वर्षका लागि निर्वाचित संसद दुईपटक विघटन गरियो। जसरी २०४८ सालपछिका संसद् राजनीतिक दाउपेचको शिकार भएको थियो। यसपटक पनि त्यही नियति दोहोरियो। संसद् विघटनलाई केही राजनीतिक दल तथा प्रवुद्ध व्यक्तित्वले संवैधानिक 'कू' को संज्ञा दिए। संसद् विघटनलाई प्रधानमन्त्रीको राजनीतिक अधिकारका रूपमा व्याख्या गर्ने समूह पनि देखियो। सर्वोच्चले दुवै विघटनलाई बदर गरिदियो। लोकतन्त्रमा संसद् विघटन र ताजा जनादेशको विषय सामान्य नै हुने भए पनि विगतका विकृतिबाट वाक्क भएका नेपाली जनता स्थिरताका पक्षमा थिए। व्यक्ति तोकेर, 'यति घण्टाभित्र प्रधानमन्त्री नियुक्त गर्नु' भन्ने सर्वोच्चको परमादेशको अर्थ र परिणामको भागी हुने पनि नेपाली जनता नै हुन्। त्यसको असर भविष्यमा देखिने नै छ।

१६. https://ekantipur.com/news/2021/09/15/163166608064195442.html

परिच्छेद ३

३.१ श्रीलङ्का टापुबासीको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

पृष्ठभूमि

सुनसरी र उदयपुरको सीमानामा रहेको श्रीलङ्का टापुबासीको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार विविध कारणले खुम्चिएको छ। सप्तकोशी नदीले वि.सं.२०२० सालदेखि मूल भङ्गालो छोडेपछि बराहक्षेत्र नगरपालिकाका वडा नं.६ र ९ मा विभाजित श्रीलङ्का टापु सप्तकोशी नदीको पूर्वी र पश्चिमी भङ्गालोको बिचमा अवस्थित छ। सप्तकोशी पूर्वी तटबन्ध प्रकाशपुरबाट कोशीको मुख्य भङ्गालो पार गरेर करिब तीन किलोमिटर पश्चिममा पर्दछ, श्रीलङ्का टापु। आँखाले देखिने क्षितिज भन्दा निकै टाढासम्म फैलिएको श्रीलङ्का टापुका स्थानीयको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार भने राज्यको सम्बोधन भन्दा निकै टाढा छ। झण्डै १२ हजार भन्दा बढी नागरिक बसोवास गरिरहेको श्रीलङ्का टापुका स्थानीयले राज्यको उपस्थिति महसुस गर्न पाएका छैनन्।

बराहक्षेत्र नगरपालिका वडा-६ र ९ को आधाजसो भाग अवस्थित श्रीलङ्का टापु राज्यको पुन संरचनापछि एउटा फरक भौगोलिक अवस्थितिमा छ। यो भूभागलाई बराहक्षेत्र नगरपालिका-६ र ९ मा विभाजन गरिएपछि त्यहाँका नागरिकले राज्यबाट पाउने आधारभूत सुविधाका लागि बराहक्षेत्र नगरपालिका कार्यालयसम्म पुग्न डुङ्गाबाट घण्टौं लगाएर यात्रा गर्नुपर्छ। राज्यबाट नागरिकले प्राप्त गर्ने शिक्षा, खाद्य, आवास, स्वच्छ पानी, सरसफाइ, रोजगारी, सामाजिक सुरक्षाजस्ता आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका सवालमा यहाँ बसोबास गरिरहेका नागरिकको अवस्था निकै पृथक छ। आत्मनिर्णयको अधिकार, समानताको अधिकार, महिला र पुरुषबीचको समानताको अधिकार, काम गर्ने अधिकार, कामको समयमा न्यायिक र सुविधाजनक वातावरण उपभोग गर्न पाउने अधिकार, सामाजिक बीमासहित सामाजिक सुरक्षाको अधिकार, जीवनयापन, भोजन, लत्ताकपडा तथा आवास, भोकबाट मुक्त हुने प्रत्येक व्यक्तिको अधिकार, यथासम्भव उच्चस्तरको शारीरिक र मानसिक स्वास्थ्यको अधिकार, शिक्षाको अधिकार, सांस्कृतिक जीवनको अधिकारलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको दृष्टिकोणबाट श्रीलङ्का टापुबासीले राज्यको प्रत्याभूत गर्न पाएका छन् वा छैनन् भन्ने विषयमा यो आलेख केन्द्रित छ।

प्रदेश १ र २ को बीचमा पर्ने देशको सबै भन्दा ठूलो सप्तकोशी नदीको किनार र देशको सबै भन्दा सानो आरक्ष, कोशी-टप्पु वन्यजन्तु आरक्षको मध्यवर्ती क्षेत्रमा पर्ने श्रीलङ्का टापुलाई दुर्गम क्षेत्र मानिन्छ। वि.सं. २०३२ सालमा स्थापना गरिएको कोशी टप्पु वन्यजन्तु आरक्षलाई सन् १९८७ मा रामसार सूचीमा सूचीकृत गरेपछि सरकारले यो क्षेत्रलाई मध्यवर्ती क्षेत्रका रूपमा अघि सारेको छ। भौगोलिक हिसाबमा १७५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको कोशी टप्पु वन्यजन्तु आरक्षसँग जोडिएको श्रीलङ्का टापुका स्थानीयले मध्यवर्ती क्षेत्रबाट सुविधा भन्दा सास्ती पाएका छन्।

अध्ययनको उद्देश्य

- श्रीलङ्का टापुको स्थानीय नागरिकको समस्या पहिचान गर्नु,
- श्रीलङ्का टापु र मध्यवर्ती क्षेत्रको विवाद र प्रतिबद्धताहरूको कार्यान्वयनको अवस्था विश्लेषण गर्नु र
- श्रीलङ्का टापुको वर्तमान समस्याहरू पहिचान गरी तिनको समाधानका लागि स्थानीय, प्रदेश र सङ्घीय सरकारलाई सुझाव पेश गर्नु।

अध्ययन विधि

यस अध्ययनमा प्राथमिक र द्वितीय तथ्याङ्कबाट प्राप्त स्रोतहरूको उपयोग गरिएको छ। प्राथमिक श्रोतमा कोशी नदी कटान भएको वि.स. २०२० सालदेखि हालसम्मको श्रीलङ्का टापुको अवस्था अध्ययन, विश्लेषण गर्नका लागि सुनसरी र उदयपुर जिल्लाको सीमा क्षेत्रमा बसोबास गरिरहेका स्थानीय, विभिन्न सङ्घसंस्थाहरू, सरकारी निकाय, शिक्षक र

स्वास्थ्य संस्थाका कर्मचारी, जनप्रतिनिधिहरू, राजनीतिक दलका प्रतिनिधिहरू, एवम् गैरसरकारी संस्थाका प्रतिनिधिहरूसँग अन्तर्वार्ता, लक्षित समूह छलफल, विज्ञसँगको अन्तर्वार्ता र जनसाधारणको राय पनि बुझिएको छ। द्वितीय श्रोतका तथ्याङ्कमा श्रीलङ्का टापु र मध्यवर्ती क्षेत्रको विवाद र प्रतिबद्धता बारेका लेख, विभिन्न दस्तावेजहरू, अनलाइन मिडिया, अध्ययन प्रतिवेदनहरू, देशका ऐन कानुन तथा अन्तर्राष्ट्रिय प्रावधानहरू अध्ययन सामग्रीका रूपमा प्रयोग गरिएको छ। अध्ययनका क्रममा सरोकारवालाहरूसँग तथा सरोकारवाला पक्षसँग संवाद, छलफल, अन्तरवार्ता, रूजु सूची र बराहक्षेत्र नगरपालिकाले प्रकाशन गरेको नगर वस्तुगत विवरणलाई अध्ययन गरी श्रीलङ्का टापुका स्थानीय आर्थिक, सामाजिक तथा सांस्कृति अधिकार र अवस्था विश्लेषण गर्ने प्रयास गरिएको छ।

अध्ययनको सीमा

- श्रीलङ्का टापु उद्यपुर र सुनसरी जिल्लाको बसोबास क्षेत्र भए पनि प्रस्तुत अध्ययनमा सुनसरीको भूभागलाई मात्र समेटिएको छ।
- श्रीलङ्का टापु र मध्यवर्ती क्षेत्रको घोषणापछि राज्यले गरेका प्रतिवद्धता र त्यसको कार्यान्वयन पक्षमा अध्ययन केन्द्रित छ।
- श्रीलङ्का टापुका स्थानीयको शिक्षा, स्वास्थ्य, खाद्य, आवास, रोजगारी, सामाजिक सुरक्षालगायत आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार प्रत्याभूत भए नभएको विषयमामात्र अध्ययन केन्द्रित छ।

अध्ययनको महत्व

बराहक्षेत्र नगरपालिका-६ र ९ को आधाजसो भूभाग श्रीलङ्का टापुमा समेटिएको छ। मधेसको आदिवासी चन्दवंशीलगायत विभिन्न जनजाति एवम् जातीय समुदायमा मधेसी समुदायका मेहता, यादव र साह, पहाडी समुदायका क्षेत्री, बाहुन, मगर राई र लिम्बूको पनि बसोबास यस क्षेत्रमा रहेको छ। बस्तीभन्दा पश्चिमतर्फ उदयपुरको बेलका नगरपालिकाले घेराबारा गरेको छ। कोशी नदीबाट घेरिएको बस्ती सरकार भन्दा निकै टाढा छ। टापुका मतदाता चुनावका बेलामा भोट हाल्न कोशी पूर्वको बराहक्षेत्र आउँछन्। श्रीलङ्का टापुका स्थानीयहरू बहारक्षेत्र नगरपालिकाले आफ्नो नागरिक जस्तो व्यवहार नगरेको गुनासो गर्दछन्। श्रीलङ्का टापुका स्थानीयलाई असज हुने गरी ६ र ९ नम्वर वडा कार्यालय कोशी नदी वारी राखिएको कारणले श्रीलङ्का टापुका स्थानीयले व्यक्तिगत घटना दर्ताका लागि दिनभर ढुङ्गा खियाउनुपर्ने वा उदयपुरको बेलका नगरपालिका घुमेर वडा कार्यालय पुग्नुपर्ने बाध्यता छ।

सरकारले श्रीलङ्का टापुवासीका लागि विकासका क्रियाकलापहरू सञ्चालन गर्ने, नागरिकले राज्यबाट पाउने न्यूनतम आधारभूत अधिकार सहज र सुलभ ढङ्गले पाउनुपर्ने, राज्यले नागरिकलाई संरक्षण गर्नुपर्ने कानुनी प्रावधानहरूलाई कार्यान्वयन गरी मानव अधिकारको प्रत्याभूति दिलाउन समस्याहरू पहिचान गरी ती समस्या समाधानका लागि सुझाव उपलब्ध गराउन यो अध्ययनको महत्व छ। श्रीलङ्का टापुका वर्तमान समस्या उजागर गर्न र सङ्घीय, प्रादेशिक तथा स्थानीय सरकारको ध्यानकर्षण गराउन पनि अध्ययनको महत्व रहनेछ।

समस्या

- श्रीलङ्का टापु सप्तकोशी नदीको किनारमा रहेको र वडा कार्यालयहरू सप्तकोशी नदी पारी रहेकाले स्थानीयलाई सरकारी सेवा लिनका लागि आवतजावतमा कठिनाइ।
- वर्षाको समयमा ढुङ्गा खियाएर कोशी नदी पार गर्नु पर्ने अवस्थामा रहेकाले जीउज्यान समेत जोखिममा पर्ने गरेको।
- कोशी टप्पु वन्यजन्तु क्षेत्रमा जङ्गली जनावरबाट स्थानीयले लगाएको बालीनाली असुरक्षित हुनु र त्यसको संरक्षणका लागि स्थानीय सरकारले ठोस कार्य नगर्दा खाद्य अधिकार खुम्चिएको छ।
- आवश्यक न्यूनतम भौतिक पूर्वाधार बिनाको अस्थायी स्वास्थ्य चौकी भएकाले नागरिकको आधारभूत स्वास्थ्य अधिकार सम्बोधन हुन सकेको छैन।
- अधिकांश ज्येष्ठ नागरिकहरूको नागरिकता नभएकाले सामाजिक सुरक्षा भत्ताबाट वञ्चित भएको।
- खानेपानी लगायत आधारभूत आवश्यकताका स्रोतहरूको अभाव।
- श्रीलङ्का टापु क्षेत्रमा स्थानीय सरकारको उपस्थिति र सुरक्षा निकाय नहुँदा नागरिकले सरकारको प्रत्याभूत गर्न नपाउनु।

समस्या र त्यसको प्रभाव

वि.स.२०११ साल वैशाख १२ गते तत्कालीन प्रधानमन्त्री मात्रिकाप्रसाद कोइरालाको पालामा नेपालका तर्फबाट तत्कालीन योजना, विकास तथा भूमिसुधार मन्त्री जनरल महावीर शमशेर जबरा र भारतका तर्फबाट योजनामन्त्री गुजरीलाल नन्दाले कोशी सम्झौतामा हस्ताक्षर गरेका थिए। कोशी नदीले वि.स.२०१९ सालदेखि उदयपुरको पहाडी फेदीको भूभाग छोडेर कटान गर्दै पूर्वतर्फ बढेपछि ८ हजार ६ सय विगाहा जमिनमा बसोबास गर्दै आएका साविकका सनुसरीको प्रकाशपुर गाउँ विकास समिति-४ र ५ नम्वर वडाका स्थानीय प्रभावित हुन थाले। कोशी सम्झौता वि.स.२०११ सालदेखि कार्यान्वयनमा आए पनि सम्झौतामा गरिएको वाचाहरू भारत सरकारले पूरा नगर्दा हाल बराहक्षेत्र नगरपालिका-६ र ९ का स्थानीय (श्रीलङ्का टापुवासी) शिक्षा, स्वास्थ्य, खाद्य, आवास, रोजगारी, सामाजिक सुरक्षा लगायतआर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारबाट वञ्चित हुन थाले।

भारतले कोशी सम्झौताका क्रममा कोशी व्यारेज भन्दा उत्तर तर्फको तीन किलोमिटर क्षेत्रसम्म र दक्षिणतर्फको तीन किलोमिटर क्षेत्रमा बसोबास गरिरहेका नागरिकको आधारभूत अधिकार सम्बोधन गर्ने सम्झौता गरे पनि सोको कार्यान्वयन भएन। कोशी नदीमा पानीमा बहाव बढ्दै गएपछि वि.स.२०४० सालमा तत्कालीन सरकारले प्रकाशपुर गाविसका प्रधानपञ्च पदम खड्काको अगुवाइमा त्यहाँ बसोवास गरिरहेका ५ हजार परिवारलाई मोरङको कानेपोखरी (हाल कानेपोखरी गाउँपालिका) र झापाको जलथल (हाल हल्दीबारी गाउँपालिका) क्षेत्रमा सट्टाभर्ना जमिन उपलब्ध गराएर हाल श्रीलङ्का टापुमा बसोवास गरिरहेकाहरूलाई स्थानान्तरणको प्रयास गरे पनि त्यो कार्यान्वयन भएन।

तिरो नम्बरी जग्गाको, क्षेत्र मध्यवर्ती

जम्मा १ सय ७५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको कोशी टापु वन्यजन्तु आरक्षलाई सरकारले वि.स.२०६१ मा मध्यवर्ती क्षेत्रको रूपमा परिभाषित गऱ्यो। मध्यवर्ती क्षेत्र (बफर जोन) ले स्थानीयलाई नियमित रूपमा वन पैदावार उपभोग गर्न पाउने सहुलियत प्रदान गर्नका लागि राष्ट्रिय निकुञ्ज वा आरक्ष वरिपरिको तोकिएको क्षेत्र जनाउँछ। यस्तो क्षेत्रमा बारम्बार वन्यजन्तु ओहोरदोहोर गरिरहने हुँदा त्यहाँको भू-उपयोग वन्यजन्तुमैत्री हुनुपर्ने मान्यता छ। जुन् नेपालमा वि.सं. २०४९ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ लाई संशोधन गरेपछि मात्र सुरूआत भयो। मध्यवर्ती क्षेत्रको भू-उपयोग वन क्षेत्रबाहेक खेतिपाती र बसोबासमा भएको छ। यस्तो क्षेत्रको व्यवस्थापनका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले सम्बन्धित राष्ट्रिय निकुञ्ज वा आरक्षले आर्जन गरेको ३० देखि ५० प्रतिशतसम्म आम्दानी खर्च गर्न पाउने कानुनी व्यवस्था गरेको छ। तर कोशी टापु वन्यजन्तु आरक्षको मध्यवर्ती क्षेत्रमा समेटिएको नम्बरी जग्गाको तिरो श्रीलङ्का टापुवासीले वि.स.२०४० सालदेखि हालसम्म निरन्तर तिरिरहेको भए पनि उनीहरूले मध्यवर्तीक्षेत्रबाट पाउनुपर्ने ३० देखि ५० प्रतिशतको आम्दानी पाउन सकेका छैनन्। वि.स.२०४० सालदेखि आफ्नो नम्बरी जग्गामा कोशी नदी बगे पनि जग्गा धनीले अहिले पनि तिरो तिरिरहेको स्थानीय प्रकाश चन्द्रवंशीको भनाइ छ। नम्बरी जग्गामा वि.स.२०४० साल देखि कोशी नदी बगेपछि तत्कालीन समयमा सट्टा भर्ना जमिन दिने र त्यसका लागि तिरो तिरेको प्रमाण हुनुपर्ने सरकारले नियम लगाए पनि हालसम्म सट्टाभर्ना जमिन नपाएको तर तिरो भने तिरिरहेको विनोद मण्डलको भनाइ छ। सट्टाभर्नाको आशामा कोशी बगिरहेको नम्बरी जग्गाको तिरी रहनेहरूमा जवाहरुलाल साह, रामलाल यादव, विष्णु उराउ, ज्योति चन्द्रवंशीलगायत अधिकांश टापुवासी छन्।

संविधान र आर्थिक सामाजिक तथा सांस्कतिक अधिकार

नेपालको संविधानमा सभ्य समाजले स्वीकार गरेका मानव अधिकारहरूलाई मौलिक हकको रूपमा व्यवस्था गरिएको छ। संविधानको भाग ३ मा धारा १६ देखि धारा ४७ सम्म मौलिक हकहरूको व्यवस्था गरिएको छ। संविधानमा प्रत्याभूत गरिएका मौलिक हकहरू मध्ये आर्थिक सामाजिक प्रकृतिका मौलिक हकहरूलाई थप व्यापक बनाइएको छ। आर्थिक सामाजिक प्रकृतिका मौलिह हकहरूमा धारा १८ मा समानताको हक, धारा २५ मा सम्पत्तिको हक, धारा ३१ मा शिक्षासम्बन्धी हक, धारा ३३ मा रोजगारीको हक, धारा ३५ मा स्वास्थ्यसम्बन्धी हक, धारा ३६ मा खाद्यसम्बन्धी हक, धारा ४२ मा सामाजिक न्यायको हकलाई व्यवस्था गरिएको छ।

अध्ययनको निष्कर्ष

- सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारले संविधान प्रदत्त मौलिक हकको प्रत्याभूत गराउन सकेको पाइएन।
- स्थानीयको आधारभूत अधिकार शिक्षा, स्वास्थ्य, खाद्यान्न र आवासको अधिकारलाई राज्यले सम्बोधन गर्न सकेको देखिएन।

सुझावहरू

- सङ्घ, प्रदेश र स्थानीय सरकारले मौलिक हकको कार्यान्वयनमा जोड दिनुपर्ने।
- श्रीलङ्का टापुका स्थानीयको शिक्षा, स्वास्थ्य, खाद्य र आवास अधिकारको सवाललाई तत्काल सम्बोधन गर्नुपर्ने।
- कोशी सम्झौतामा भएका व्यवस्थाहरू पुनरावलोकन गरी कार्यान्वयनमा ल्याउन नेपाल सरकारले भारत सरकार समक्ष कुटनीतिक पहल गर्नुपर्ने।
- दीर्घकालिन एवम् दिगो समाधानका निम्ति राज्यले पुनः नीति र योजना ल्याउनु पर्ने।
- संविधानको मौलिक हक, मानव अधिकारको विश्वव्यापी घोषणापत्र र नेपाल पक्ष राष्ट्र भएर गरिएका सन्धि अभिसन्धि अनुरूप वञ्चितीकरणमा परेका श्रीलङ्का टापुवासीका समस्या दीर्घकालीन रूपमा समाधान गर्न राज्यलाई दबाब सिर्जना गर्नु पर्ने।
- श्रीलङ्का टापुवासीलाई राज्यको मूल प्रवाहीकरणमा ल्याउनका निम्ति राज्यले बजेट, सामाजिक सुरक्षा, सकारात्मक विभेद जस्ता नीतिगत व्यवस्था लागू गर्नुपर्ने।

अध्ययनको सन्दर्भ सामग्री

१. मानव अधिकार नौ ठूला महासन्धि (चौथो संस्करण २०७६ पुस, इन्सेक)
२. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक प्रलेख अनुमोदन वकालत/प्रशिक्षण स्रोत पुस्तिका (पहिलो संस्करण २०६९ असोज, मानव अधिकार तथा प्रजातान्त्रिक मञ्च (फोरिड)
३. बराह क्षेत्र, नगर वस्तुगत विवरण, २०७५ बराहक्षेत्र नगरपालिका
४. हिमाल खबर पत्रिका (२०७८ वैशाख)
५. नेपाल कानुन पत्रिका (वि.सं.२०६५ असार २५)
६. गोरखापत्र (गोरखापत्र अनलाइन २०७६ भदौ १९)
७. नेपालको संविधान (२०७२)

परिच्छेद ३

३.२ दलित समुदायमाथि बढ्दो विभेद

पृष्ठभूमि

नेपालका सात प्रदेशमध्ये मधेश प्रदेशमा दलितको जनसङ्ख्या बढी छ। दलित समुदायको शिक्षा, रोजगारी र राजनीतिमा पहुँच नभएकै कारण उनीहरू पछाडि परेका छन्। जातीय भेदभाव तथा छुवाछुतलाई अन्त्य गर्न राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा नीति तथा कानुन बनेका छन्। तर, ती बनेका नीति तथा कानुन कार्यान्वय गर्ने राज्यका संयन्त्रहरूले प्रभावकारी ढङ्गले कार्य सम्पादन नगरिदिँदा दलित समुदायमाथि जातीय आधारमा हत्या, बलात्कार, कुटपिट, अपमान तथा दुर्व्यवहार लगायतका हिंसात्मक घटनामा निरन्तर वृद्धि भइरहेको छ।

मधेश प्रदेशमा जातीय भेदभाव तथा छुवाछुतका घटना बढी हुन्छ। तर, जातीय भेदभाव तथा छुवाछुत घटनाका पीडितहरू न्यायका लागि सरकारी निकायमा जाँदा सहज रूपमा उजुरी दर्ता नगरिदिने, अनुसन्धान प्रक्रिया प्रभावकारी नबनाइ दिने र पीडितलाई न्याय दिने प्रक्रिया झन्झटिलो बनाइदिने गरिन्छ। जसका कारण दलित समुदाय जातका आधारमा हुने विभेद सहेर समाजमै बस्नु पर्ने बाध्यता रहेको छ।

इन्सेकले प्रकाशन गरेको नेपाल मानव अधिकार वर्ष पुस्तक २०२१ को तथ्याङ्क अनुसार सन् २०२० मा सामाजिक, आर्थिक र मानव अधिकार हनन्का घटनामा जातजातिका आधारमा जम्मा पीडित ७ सय ७८ जनामध्ये सबैभन्दा धेरै दलित समुदायका १ सय ८८ जना छन् जुन करिब २४.१६ प्रतिशत हो।

अहिले पनि अन्तरजातीय विवाहलाई समाजले स्वीकार गरेको अवस्था छैन। अन्तरजातीय विवाह गरेकै कारण मधेश प्रदेशमा दलित युवा युवतीको हत्या हुने गरेको छ। कतिपय दम्पती र निजका परिवारले समेत सामाजिक बहिष्करण भोग्नु परेको छ। सरकारले आर्थिक वर्ष २०६६/०६७ को बजेटमा गरीबी निवारण र समावेशी कार्यक्रम अन्तर्गत दलितसँग अन्तरजातीय विवाह गर्नेलाई १ लाख नगद प्रोत्साहनको व्यवस्था गऱ्यो। तर, अधिकांश दलितको स्वागत र धेरै गैरदलितको विरोधबीच एक वर्षमै यो कार्यक्रम बन्द भयो।[१]

मानव अधिकार संरक्षण, संवर्द्धन र परिपूर्ति गर्ने दायित्व राज्य र सम्बन्धित निकायको हो। संविधान र कानुनले सुनिश्चित गरेका मानव अधिकार प्रत्याभूत गर्ने दायित्व राज्य तथा राज्यका संयन्त्रहरूको हुन्छ। मानव अधिकार उल्लङ्घनकर्तालाई कानुनको दायरामा ल्याई पीडितको न्यायको अधिकार सुनिश्चित गरिनुपर्छ। तर, संविधान लागु भएको करिब ६ वर्ष पुगिसक्दा पनि दलित समुदायमाथि हुने जातीय भेदभाव र छुवाछुतका घटनाहरूमा तात्विक भिन्नता आउन नसकेको विभिन्न घटनाक्रमहरूले पुष्टि गरिरहेको छ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीतिगत र कानुनी व्यवस्था

मानव अधिकारको विश्वव्यापी घोषणा पत्र - १९४८ को धारा २ मा जाति, धर्म, वर्ण वा अरु कुनै मर्यादाको आधारमा भेदभाव नगरिने उल्लेख छ। सबै किसिमका जातीय भेदभाव उन्मुलनसम्बन्धी महासन्धी, १९६५ ले कानुनका सामु सबै जातजाति समान हुनेछन्-भन्ने प्रमुख अवधारणालाई आत्मसात गरेको छ। नेपालले सन् १९७१ देखि नै यस अन्तर्राष्ट्रिय महासन्धिको पक्ष राष्ट्र भएको र उक्त महासन्धिको प्रावधानलाई नेपालको संविधान र जातीय भेदभाव तथा छुवाछुत कसुर सजाय ऐन २०६८ ले स्वीकार गरेको छ।

नेपालको संविधान २०७२ को ३१ ओटा मौलिक हकमध्ये दुई ओटा धारा दलित केन्द्रित छन्। जसमध्ये धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको

१. किन हटाइयो दलित-गैरदलित विवाहमा नगद प्रोत्साहन ? https://www.himalkhabar.com/news/124715

हक र धारा ४० मा दलितको हकलाई मौलिक हकको रूपमा राखेको छ।

मधेश प्रदेश सरकारले दलित सशक्तिकरण ऐन ल्याएको छ। यस ऐनमा जातीय भेदभाव तथा छुवाछुत घटनाहरूको अध्ययन, अनुगमन तथा जातीय विभेद तथा छुवाछुतसम्बन्धी कानुनको कार्यान्वयन, रेखदेख, नियन्त्रण र सुपरीवेक्षण गर्ने काम समेतका लागि प्रदेश स्तरमा एक जातीय विभेद तथा छुवाछुत अनुगमन समितिसम्बन्धी व्यवस्था रहेको छ। साथै स्थानीयस्तरमा जातीय भेदभाव तथा छुवाछुतका घटनाहरूलाई नियन्त्रण गर्न तथा निगरानी गर्न प्रत्येक गाउँपालिका तथा नगरपालिकामा स्थानीय जातीय विभेद तथा छुवाछुत अनुगमन समितिसम्बन्धी व्यवस्था रहेको छ।

समस्याको विश्लेषण

राज्य संयन्त्रहरूमा दलितको पहुँच न्यून छ। राज्य संयन्त्रमा दलितको पहुँच नहुँदा जात व्यवस्थाको आधारमा दलित समुदायमाथि गरिने विभेद कायमै छ। मधेश प्रदेशमा सबै भन्दा बढी जातीय भेदभाव तथा छुवाछुतका आधारमा घटनाहरू भइरहेका छन्। जातका आधारमा गरिने छुवाछुत तथा विभेदका अधिकांश घटनाहरूलाई गाउँमै मिलाउने गरिन्छ। केही घटनाका पीडित प्रहरी प्रशासनमा न्यायका लागि आउँदा उजुरी नै दर्ता नगरी थप पीडा दिने गरिएको पाइएको छ। जसका कारण दलित समुदायका व्यक्ति जातीय विभेद सहेर गाउँमा बस्न बाध्य हुन्छन्। दलितमाथि भएका अधिकांश घटनाको अनुसन्धान हुँदैन। जातीय भेदभाव तथा छुवाछुतका घटनाहरूको प्रमाण जुटाउन समस्या हुन्छ। केही घटनाको अनुसन्धान भए पनि अनुसन्धान प्रक्रिया पश्चात अदालत पुगेपछि मुद्दालाई कमजोर बनाइन्छ।

गृह मन्त्रालयले ०७८ कात्तिक ८ गते प्रहरी प्रधान कार्यालय नक्साल, काठमाडौँलाई 'प्रहरी निकायबाट प्रदान गरिने सेवामा दलित समुदायको सर्वसुलभ पहुँच र स-सम्मान सेवा प्राप्त गर्ने अधिकारको सुनिश्चितता हुने गरी सहायता कक्षको व्यवस्था मिलाई सेवा प्रदान गर्न/गराउनु' भनी निर्देशन गरेको छ। तर, सो आदेश अनुसार प्रहरी कार्यालयहरूमा त्यसको कार्यान्वयन हुन सकेको छैन।

गएको दुई वर्षमा प्रहरी सुरक्षा घेरा अर्थात प्रहरी हिरासतमा तीन जना दलितको शङ्कास्पद मृत्यु भएको छ। मधेश प्रदेशको रौतहटमा प्रहरी यातनाका कारण एक जनाको मृत्यु भएको छ भने दुई जनाले झुण्डिएर आत्महत्या गरेको प्रहरी प्रशासनले जनाए पनि पीडित परिवारले प्रहरीकै यातनाले मृत्यु भएको आरोप लगाए। प्रहरी हिरासमतमा मृत्यु भएका पीडित परिवारलाई सरकारले राहत दिएको छ। तर, प्रहरी हिरासतमा मृत्यु भएका घटनाको प्रभावकारी अनुसन्धान हुन सकेको छैन।

अध्ययनको उद्देश्य

- राज्य संयन्त्रले दलित समुदायमाथि गरेको व्यवहार र बढ्दो विभेदको अवस्था अध्ययन गरी विश्लेषण गर्नु।
- प्रचलित ऐन, कानुन कार्यान्वयन तथा राष्ट्रिय/अन्तराष्ट्रिय स्तरमा रहेका नीतिगत तथा कानुनी व्यवस्थाको अध्ययन गरी विश्लेषण गर्नु।

अध्ययनको महत्व र सान्दर्भिकता

पूर्ण समानुपातिक समावेशिताको विषयमा राज्य संयन्त्रहरू उदासिन देखिएको छ। राज्यबाट संघीय लोकतान्त्रिक शासन व्यवस्थाको राम्रो पक्षलाई पूर्ण रूपमा ग्रहण गर्न नसक्दा र समाजमा अहिले पनि मनोवादी सोच राख्नेहरूको हावी हुँदा जातीय विभेद तथा छुवाछुतका आधारमा दलित समुदायका व्यक्तिहरूमाथि विभिन्न प्रकारका हिंसा, यातना र अमानवीय कार्य भए पनि कानुनको कार्यान्वयन पक्ष प्रभावकारी देखिँदैन। दलित समुदाय माथि हुने घटनाहरूको उजुरी नलिने र अनुसन्धान प्रक्रिया अगाडि नबढाउने कारण दलितहरू विभेद र छुवाछुत सहेर बसेको देखिन्छ।

अहिले पनि दलितलाई जातको आधारमा छुवाछुत तथा अपमान गर्ने, अन्तरजातीय विवाह गरेको खण्डमा हत्या गरिने, समाज तथा घर परिवारले बहिष्कार गर्ने गरेको पाइन्छ। गरिबी, अशिक्षा र बेरोजगारीको मारमा रहेका दलित समुदाय राज्य तथा सम्बन्धित निकायहरूबाट न्याय नपाउँदा जातीय छुवाछुतको मार खेप्नु पर्ने बाध्यता छ।

समाजमा विद्यमान सामाजिक कुरीति, परम्परा र रुढीवादी विश्वासका कारणले हुने विभेदको यस अध्ययनले उजागर गर्ने प्रयास गरेको छ। साथै राज्य संयन्त्रको भूमिकालाई न्याय सम्पादन कार्यमा सहयोग पऱ्याउने छ।

अध्ययनको सीमा

यो अध्ययनलाई मधेश प्रदेशमा केन्द्रित गरिएको छ। समाजमा विद्यमान जातीय भेदभाव तथा छुवाछुत र राज्य संयन्त्रले दलित समुदायमाथि गरेको व्यवहार तथा बढ्दो विभेदको अवस्थाको अध्ययन गरिएको हो।

अध्ययनको विधि

- द्वितीय स्रोत सामग्रीको अध्ययन (पुस्तक, पुस्तिका, पत्रपत्रिका, प्रतिवेदन आदि)
- अन्तरवार्ता, निरीक्षण, छलफल र समूह छलफल।
- घटना अध्ययन

प्रहरी हिरासतमै दलितको शंकास्पद मृत्यु

नेपालको संविधान २०७२ को मौलिक हक अन्तर्गत धारा १६ मा सम्मानपूर्वक बाँच्न पाउने हकको संवैधानिक व्यवस्था गरेको छ। तर, राज्यले दलित समुदायका लागि बाँच्ने अधिकार पूर्ण रूपमा लागु गर्न सकेको छैन। जात व्यवस्था मान्ने समाजका सदस्यहरूले दलितहरूको बाँच्न पाउने अधिकार कुण्ठित गर्दा पनि राज्य बलियोसँग उपस्थित भएको पाइँदैन। मधेश प्रदेशमा सन् २०२० र २०२१ गरी दुई वर्षको अवधिमा प्रहरी हिरासतमा शङ्कास्पद मृत्यु भएका तीनै जना दलित समुदायका व्यक्ति थिए।

रौतहट जिल्ला गरुडा नगरपालिका-८ का १९ वर्षीय विजय महराको इलाका प्रहरी कार्यालय, गरुडाको हिरासतमा प्रहरीले दिएको यातनाका कारण नेशनल मेडिकल कलेज बीरगंजमा उपचारको क्रममा ०७७ भदौ ११ गते मृत्यु भयो। प्रहरी हिरासतमा सिकिस्त भएपछि विजयलाई सुरुमा गरुडास्थित अनामिका अस्पतालमा लगिएको थियो। तर, त्यहाँ उपचार सम्भव नभएपछि थप उपचारका लागि भदौ ४ गते गते नेशनल मेडिकल कलेज, बीरगंजमा भर्ना गरिएको थियो। गिरफ्तारी पर्नु अघि सामान्य रहेका विजयको वीरगंजमा उपचार गर्न लग्दा दुवै मिर्गौलाले काम गर्न छाडिसकेको थियो। प्रहरीको कुटपिट तथा यातनाले उनको स्वास्थ्य अवस्था बिग्रिएको आरोप पीडित परिवारको रहेको छ। विजय स्वयम्ले आफूलाई हिरासतमा प्रहरीले कुटपिट गरी यादता दिएको बताएका थिए। उनले बोलेको भिडियो सार्वजनिक सञ्जालमा सार्वजनिक भएको थियो। प्रहरी यातनाकै कारण छोराको ज्यान गएको भन्दै विजयको बुबा पनिलाल महराले भदौ २४ गते जिल्ला प्रहरी कार्यालय, रौतहटका तत्कालीन एसपी रविराज खड्का, इलाका प्रहरी कार्यालय गरुडाका प्रमुख तथा डिएसपी ज्ञानकुमार महतो, इन्स्पेक्टर नवीन सिंह, सई वीरेन्द्र यादव, हवल्दार हिरोज मियाँ धुनिया र मन्नुकुमार सिंहसहित ६ जना विरुद्ध किटानी जाहेरी दिए। तर, जिल्ला प्रहरी कार्यालय, रौतहटले महराको उजुरी लिएन। त्यसपछि भदौ २१ मा सो उजुरी सरकारी वकिल कार्यालयमार्फत दर्ता गरिएको थियो।

गृह मन्त्रालयले भदौ ११ गते उक्त घटनाको छानविन गर्न रौतहटकै इलाका प्रशासन कार्यालय चन्द्रपुरका कार्यालय प्रमुख उपसचिव डोरेन्द्र निरौलाको संयोजकत्वमा तीन सदस्यीय छानविन समिति गठन गऱ्यो। छानविन समितिले असोज १ गते गृह मन्त्रालयमा प्रतिवेदन बुझायो।

समितिले छानविन नसक्दै घटनामा संलग्न रहेको भन्दै इन्स्पेक्टर नविन सिंह, प्रहरी हवल्दार हिरोजमियाँ धुनीया र मन्नुकुमार सिंहलाई भदौ १५ गते प्रहरीले निलम्बन गऱ्यो। एसपी रविराज खड्कालाई प्रहरी प्रधान कार्यालय काठमाडौँ, डिएसपी ज्ञानकुमार महतो र सई विरेन्द्र यादवलाई प्रदेश प्रहरी कार्यालय, जनकपुरधाममा झिकाइयो। जिल्ला प्रहरी कार्यालयका एसपी विनोद घिमिरेका अनुसार फौजदारी मुद्दा समेत दर्ता भयो। अभियोग प्रमाणित भएको खण्डमा उनीहरूको जागिर स्वत: जान्छ।[३]

मुद्दा अदालतमा दर्ता भएन। मृतकका बुवा पनिलाल रामले ०७७ भदौ ३१ गते शव बुझी सोही दिन दाहसंकार गरे। स्थानीय सरकारले १ लाख रुपियाँ र प्रदेश सरकारले पनि मृतक परिवारलाई ५ लाख रुपियाँ राहत दियो।

धनुषा जिल्लाको इलाका प्रहरी कार्यालय सबैला प्रहरी हिरासतमा अर्को एक जनाको मृत्यु भयो। धनुषा जिल्ला सबैला नपा-१२ निवासी २२ वर्षीय शम्भु सदाको २०७७ जेठ २८ गते इलाका प्रहरी कार्यालय सबैलाको प्रहरी हिरासत कक्षभित्र रहेको शौचालयमा पासो लगाएर झुण्डिएको अवस्थामा शव फेला पऱ्यो। ट्र्याक्टर चालक सदाले चालाएको ट्र्याक्टर दुर्घटना हुँदा सबैला नपा-१३ की समुद्रीदेवी साहको मृत्यु भएको

३. जिल्ला प्रहरी कार्यालय, रौतहटका एसपी विनोद घिमिरेसँग २०७८ पुस २९ गते गरिएको कुराकानीका आधारमा

थियो। दुर्घटनाको कानुनी उपचार खोज्न र सुरक्षित हुन उनी प्रहरी शरणमा गएका थिए। तर, प्रहरी संरक्षणमै रहेका सदाको प्रहरी हिरासतको शौचालयमा शंकास्पद मृत्यु भयो। शम्भु सदाकी आमा सियादेवीले पैसाका लागि दवाव दिन प्रहरीले मेरो छोरालाई कुटपिट गर्दै हत्या गरेर शौचालयमा झुण्ड्याएको आरोप लगाइन्।

उक्त घटनाको छानविनका लागि जिल्ला प्रशासन कार्यालय, धनुषाको अधिकृत गणेशचन्द्र मिश्रको संयोजकमा चार सदस्यीय छानबिन समिति गठन गर्ने र मृतक परिवारलाई राहत उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालय धनुषाले पहल गर्ने भनी पीडित परिवार र प्रहरी प्रशासन बीच ०७७ असार २ गतेको सहमति पश्चात प्रादेशिक अस्पतालमा रहेको मृतक शरीरलाई पाँच जना डाक्टरको टिमले पोष्टमार्टम गरेको थियो। पोष्टमार्टम गर्दा शरीरमा किरा परेको र भिसेरा परीक्षणका लागि काठमाडौँ पठाइएको थियो।

पीडित परिवारले प्रहरी इन्स्पेक्टर चन्द्रभुषण यादवको निर्देशन र संलग्नतामा सदाको हत्या गरिएको भन्दै घटनाको अनुसन्धान गरी दोषीलाई कारबाही गर्न जिल्ला प्रहरी कार्यालयमा किटानी उजुरी दिए। तर, जिल्ला प्रहरी कार्यालयले उजुरी दर्ता गरेन। अधिकारकर्मीको पहलमा जिल्ला सरकारी वकिलको कार्यालयमा ०७७ असार १ गते उजुरी दर्ता गराइएको थियो। जिल्ला सरकारी वकिलको कार्यालय धनुषामा फाइल पठाइएको र सो कार्यालयबाट मुद्दा नचलाउने भनी ०७७ चैत २७ गते निर्णय गऱ्यो। सो निर्णयलाई उच्च सरकारी वकिलको कार्यालय जनकपुरबाट ०७७ चैत २९ गते सदर भएको र सोही निर्णयलाई महान्यायाधिवक्ताको कार्यालयले २०७८ वैशाख १९ गते सदर गऱ्यो।

मधेश प्रदेशको सरकारले मृतक शम्भु सदाको परिवारलाई ५ लाख रुपियाँ उपलव्ध गराउने निर्णय २०७७ असार ३ गते गऱ्यो। उक्त निर्णय अनुसार मधेश प्रदेशका मुख्यमन्त्री सहितको टोली २०७७ साउन १ गते मृतकको घरमा नै पुगेर सो रकमको चेक हस्तान्तरण गरे।

त्यस्तै, अनुसन्धानकै क्रममा रहेका धनुषा जिल्ला लक्ष्मीनियाँ गाउँपालिका-२ सिनुरजोडाका ४० वर्षीय पल्टु रविदासको ०७८ साउन १५ गते बिहान जिल्ला प्रहरी कार्यालय, धनुषाको थुनुवा कक्षभित्र रहेको शौचालयमा पासो लगाएर झुण्डिएको अवस्थामा शव फेला पऱ्यो। जिल्ला अदालत, धनुषाको साउन ११ गतेको आदेशले ज्यान मार्ने उद्योग (हत्या प्रयास) र अङ्गभङ्ग मुद्दामा रविदासलाई २ लाख रुपियाँ धरौटी राखेर रिहा गर्ने आदेश गरेको थियो तर अदालतले धरौटी मागेबमोजिमको रकम जोहो गर्न समय लाग्ने भएकाले एक/दुई दिन ढिलो गरी थुनामा नै राखिएको जिल्ला प्रहरी कार्यालय, धनुषाका डिएसपी मकेन्द्रकुमार मिश्रले बताएका थिए। पीडित परिवारले सदालाई यातना दिएर हत्या गरेको भन्दै घटना निष्पक्ष छानविन, दोषीलाई कडा कारबाही र क्षतिपूर्तिको माग गर्दै शव बुझ्न मानेका थिएनन्। घटना अनुसन्धानका लागि उच्चस्तरीय छानविन टोली गठन र पीडित परिवारलाई राहत उपलब्ध गराउन गृह मन्त्रालयमा सिफारिस गर्ने सहमति भएपछि पीडित परिवारले शव बुझेको थियो। शवको पोष्टमार्टम साउन १५ गते प्रादेशिक अस्पताल जनकपुरमा गरिएको थियो। हिरासतमा मृत्यु भएको समयमा ड्युटिमा खटिएका ३० वर्षीय प्रहरी जवान जयप्रकाश यादवलाई साउन १९ गतेदेखि ६ महिनाका लागि निलम्बन गरिएको प्रहरीले जनायो। साउन १९ गते आन्दोलनरत पक्ष र स्थानीय प्रशासनबिच बसेको बैठकले प्रहरी जवान यादवलाई निलम्बल गर्ने र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन सिफारिस गर्ने गरी सम्झौता गरे अनुरूप यादवलाई निलम्बन गरेको प्रहरीले जनाएको थियो। तर, छानविन समितिको प्रतिवेदन हालसम्म बाहिर आउन सकेको छैन भने पीडितले न्याय पाएका छैनन्।

अनुसन्धान प्रयोजनका लागि हिरासतमा लिइएका व्यक्तिहरूको हिरासतमा हुने गरेको मृत्यु घटनामा सम्बन्धित प्रहरी कार्यालयले जबाफदेहिता बहन गर्नुपर्छ। तर, हिरासतमा मृत्यु हुनु जस्तो घटनामा प्रहरी प्रशासन मौन र संवेदनशील नभएको देखियो। यस्ता घटनाको प्रभावकारी अनुसन्धान नगरी घटनामा संलग्न दोषी उपर कारबाहीका सम्बन्धमा कुनै ठोस कदम चालिएको छैन। हिरासतमा शंकास्पद मृत्यु भएका यी तीन ओटै घटनाका पीडितहरूले दिएको जाहेरी दर्ता लगायतका आवश्यक कानुनी प्रक्रिया अगाडि बढाउन सम्बन्धित प्रहरी कार्यालयले आनाकानी गरिरहेको देखिन्छ।

प्रहरी हिरासतमा दलितमाथि कुटपिट तथा यातना

प्रहरी कार्यालयको हिरासतमा विभिन्न आरोपमा गिरफ्तार गरिएका दलित समुदायका व्यक्तिहरूमाथि कुटपिट तथा यातनाका घटनाहरू

रोकिएको छैन। सन् २०२१ मा पनि मधेश प्रदेशको धनुषा जिल्लामा दुई जना दलितमाथि प्रहरी हिरासतमा कुटपिट तथा यातना दिएको घटना सार्वजनिक भयो। धनुषा जिल्ला जनकपुरधाम उपमहानगरपालिका-१४ मुजेलियाका ३० वर्षीय राजकुमार सदाले आफूलाई वडा प्रहरी कार्यालय मुजेलियाका सई चन्द्र सिंहलगायत पाँच/सात जनाले २०७८ कात्तिक २ गते राति ९ बजे गिरफ्तार गरी कुटपिट गरेको भन्दै न्यायको लागि पहल गरिदिन इन्सेक धनुषा प्रतिनिधि र राष्ट्रिय मानव अधिकार आयोग जनकपुरलाई कात्तिक ४ गते आग्रह गरे। पीडित सदाले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। तर, उजरी दर्ता भएन। राजकुमार सदा र छिमेकी रामहृदय यादव बिच २०७८ कात्तिक २ गते बेलुका आर्थिक लेनदेनबारे सामान्य विवाद भएको थियो। विवाद भएको आरोपमा रामहृदय यादवसँग मिलेर वडा प्रहरी कार्यालय मुजेलियाले सदालाई प्रहरी चौकीमा लगेर पाइपले कुटपिट गरेको पीडितको आरोप छ। पीडितलाई कात्तिक २ गते राति नै प्रहरीले छोडेपछि कुटपिटबाट घाइते भएका राजकुमार सदाको उपचार समर हस्पिटलमा गरिएको थियो।

त्यस्तै धनुषा जिल्ला विदेह नगरपालिका-४ ठारहीका ४५ वर्षीय सुरुवा पासवान र ३५ वर्षीय गणेशकुमार पासवानलाई सोही वडाका वडा अध्यक्ष ४० वर्षीय विनोद गोहिमानले ठारही प्रहरी चौकीका असई रामप्रमोद यादव र हवल्दार सन्तोष पाण्डेकै अगाडि वडा कार्यालयमै २०७७ फागुन ९ गते कुटपिट गरेको र प्रहरी मुकदर्शक बनेको भन्दै इलाका प्रहरी कार्यालय, खजुरीमा २०७७ फागुन ११ गते दिएको किटानी उजुरी प्रहरीले दर्ता नगरेको पीडितको आरोप छ। वडा अध्यक्षको कुटपिटबाट घाइते दुवै जनाको उपचार फागुन ९ गते स्थानीय स्वास्थ्य क्लिनिकमा गरिएको थियो। गाउँमा २० फिटको सडकलाई १० फिटको साँगुरो बनाएर सार्वजानिक भवन बनाउन लागेकोमा सो विरुद्ध आवाज उठाउँदा वडा अध्यक्षले वडा कार्यालयमै प्रहरी समक्ष कुटपिट गरेका थिए।

भोकले मर्छन्, पैसा अभावमा बन्धक बन्नुपर्छ

कोभिड-१९ को कहरमा दलितहरूले सास्ती भोग्नु परेको थियो। सरकारले लकडाउन गरेपछि दैनिक ज्यलादारी गरी जीविकोपार्जन गर्ने दलित समुदायलाई दैनिक छाक टार्न समस्या भएको थियो। कोभिड-१९ को लकडाउनमा सप्तरी जिल्ला कञ्चनरुप नगरपालिका वडा नं. ५ पथरी, रामपुरका मलर सदाको खाना नपाएर ०७७ जेठ ६ गते मृत्यु भयो।

सप्तरी जिल्ला अग्नीसाइर कृष्णसवरन गाउँपालिका-६ महुली टोलीकी ३० वर्षीय भुटाई भनिने शिवचन्द्र सदा र उनकी २८ वर्षीया पत्नी मलिया सदा विराटनगरको गोल्डेन अस्पतालमा उपचारको रकम तिर्न नसकी अस्पतालमा बन्धक बनेका थिए। वर्षाको समयमा सोही ठाउँका दिना साहका परिवारले बगाएको पानीले सदाको झुपडी डुबानमा परेपछि सदा दम्पतीले जथाभावी माटो नकाट्न अनुरोध गर्दा साउन ५ गते उनीहरूमाथि कुटपिट भएको थियो। कुटपिटबाट घाइते सदा दम्पतीलाई स्थानीय क्लिनिकले अस्पताल जान सल्लाह दिएपछि उनीहरू थप उपचारका लागि साउन ६ गते विराटनगरस्थित गोल्डेन अस्पताल भर्ना भएका थिए। तर, खोला छेउको ऐलानी जमिनमा घर बनाएर बसेका भूमिहीन दलित दम्पतीसँग उपचार खर्च थिएन। कुटपिट गर्ने आरोपित साहले उपचार खर्च रकम तिरिदिएनन्। अस्पतालले खर्च नलिई घर फर्किन नदिँदा दम्पती सदा बन्धक बन्नु परेको थियो।

शिवचन्द्रका भाइ पवन सदाले ०७७ भदौ ८ गते प्रदेश नं. २ सरकारका मुख्यमन्त्री, मानव अधिकार आयोग, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र सप्तरीका प्रमुख जिल्ला अधिकारी समक्ष न्याय र उपचार खर्चका लागि निवेदन दिए।

मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतको अध्यक्षतामा रहेको जातीय विभेद तथा छुवाछुत अनुगमन समितिको २०७७ भदौ १७ गते बसेको बैठककले प्रति परिवार १ लाख ५० हजार रुपियाँको दरले आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरेको थियो।

घटनाको छानबिनका लागि गठित समिति कागजमै सीमित

मधेश प्रदेशमा विभिन्न घटनामा १३ जना दलितको मृत्यु भएको घटनाबारे छानविन गर्न आन्तरिक मामिला तथा कानुन मन्त्री ज्ञानेन्द्रकुमार यादवको संयोजकत्वमा ०७७ भदौ १७ गते मधेश प्रदेश सरकारले पाँच सदस्यीय छानविन समिति गठन गरेको थियो। मधेश प्रदेश सरकारका प्रतिपक्षी दल नेकपाका सचेतक एवम् जातीय विभेद तथा छुवाछुत अनुगमन समितिका सदस्य सुन्दर विश्वकर्मा, प्रदेश सभा सदस्य सुनितादेवी मोची, प्रमिलादेवी दास र प्रदेश प्रहरीका प्रमुख सदस्य सचिव रहने गरी पाँच सदस्यीय छानविन

समिति गठन गरिएको थियो[३]।

प्रदेश सभाले पारित गरेको दलित सशक्तिकण ऐन बमोजिम मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतको अध्यक्षतामा रहेको जातीय विभेद तथा छुवाछुत अनुगमन समितिको ०७७ भदौ १७ गते बसेको पहिलो बैठकबाट छानविन समिति गठन गरिएको मुख्यमन्त्रीका स्वकीय सचिव दिपक यादवले जानकारी दिएका थिए। बैठकले घटनाहरूबारे छानविन गरी १५ दिन भित्र प्रतिवेदन पेश गर्न समय दिइएको थियो।

अनुमगन समितिका सदस्य तथा प्रदेश सभा सदस्यी माननीय सुन्दर विश्वकर्माका अनुसार समिति गठन गरिए पनि कोभिड-१९ का कारण समितिले काम गर्न सकेन। उहाँले भन्नु भयो-"समितिले काम गरेको छैन।"

पूर्व आन्तरिक मामिला तथा कानुन मन्त्री ज्ञानेन्द्रकुमार यादवका अनुसार कोभिड-१९ का कारण लकडाउन भयो, घरबाट बाहिर निस्किने अवस्था नभएपछि समितिले दलित घटनाको अनुगमन तथा छाविन गर्न नसकेको हो, पछि अनुगमन तथा अनुसन्धानको कार्य अगाडि बढाउने कार्य गर्न लगेकै बेला आफू मन्त्री पदबाट हट्नु पर्‍यो। "अहिले सो समितिले कार्य गर्नु पर्छ भनेर आफूले संसदमा आवाज उठाएपछि प्रदेश संसदको विशेष समितिलाई जिम्मा दिएको छ।"

अन्तरजातीय प्रेम विवाह स्वीकार नहुँदा आत्महत्या दुरुत्साहन

समाजमा विद्यमान रहेको जात प्रथा अन्तरजातीय प्रेम विवाहको बाधक रहेको छ। रुढीवादी परम्परा र सोचले गर्दा कयौँ किशोर किशोरीहरू प्रेम विवाह गरेकै कारण दलित युवा र गैरदलित युवती तथा दलित युवती र गैदलित युवाबीचको प्रेम सम्बन्ध र विवाह हुँदा हत्या तथा आत्महत्या दुरुत्साहन र समाजबाट बहिष्कृत भएका छन्। साथै पीडितका परिवारहरूले विभिन्न किसिमको सास्ती खेप्नु परेको छ।

सप्तरी जिल्ला सुरुङ्गा नपा-७ पोखरियाकी २० वर्षीया ज्योति पासवानलाई ०७८ साउन २३ गते सोही ठाउँका २५ वर्षीय कन्हैया भनिने कृष्ण मिश्रको दुरुत्साहनले आत्महत्या गर्न बाध्य बनाएको भन्दै पीडितका बुवा प्रमोद पासवानले साउन २६ गते इलाका प्रहरी कार्यालय, कडरबोनामा उजुरी दिए। फागुन ९ गते प्रेम विवाह गरेका आरोपितले दलित युवती भएकै कारण घरपरिवारको दवाबमा परी सिरहाको, लहानमा असार १ गते ज्योतिलाई अलपत्र छाडेर सम्पर्कविहिन भएपछि पीडितलाई उद्धार गरी माइत ल्याइएको थियो। पीडितलाई कृष्णले छाडेर सम्पर्कबिहीन भएपछि आत्महत्या गरेको आरोप छ। शवको सिरहा लहानस्थित रामकुमार शारदा उमाप्रसाद मुरारका अस्पतालमा साउन २३ गते पोस्टमार्टम गरिएको थियो। इलाका प्रहरी कार्यालय, कडरबोनाले आत्महत्या दुरुत्साहनको उजुरी दर्ता गरेको छ। यो वर्षको अन्त्यसम्म आरोपित गिरफ्तार भएका छैनन्।

सर्लाही जिल्लाकी १९ वर्षीया एक युवतीलाई विवाह गर्ने प्रलोभन देखाई २०७८ बैशाख २७ गतेदेखि बलात्कार गरेको र २३ दिनपछि कथित तल्लो जातको केटीलाई विवाह गर्न सक्दिन भन्दै आरोपित भागेको पीडितको आरोप छ। आरोपित यादवको परिवारले समाजको दबाबपछि पीडित युवतीलाई गाई गोठमा बन्दी बनाएर राखेको समेत पीडित पक्षको आरोप छ।

अधिकारकर्मी लगायतको टोलीले २०७८ जेठ १६ गते गोठमा बन्दी बनाइएकी पीडित युवतीलाई उद्धार गरेको थियो[४]।

यी यस्ता प्रतिनिधिमूलक घटना मात्र हुन्। यस्ता धेरै घटना समाजमा हुन्छन्। तर, समाजमै दवाइन्छ, सार्वजनिक हुँदैन। नेपाली समाजमा रहेको जातव्यवस्था, जातीय उचनीच र त्यसमा आधारित परम्परागत सोचमा परिवर्तन नभएसम्म यस्ता प्रकारका अपराधिक घटनाले निरन्तरता पाउने छ। आत्महत्या गर्न बाध्य पार्ने सामाजिक संरचना र संस्कारलाई राज्यले निर्मुल पार्न जरुरी छ।

भूमिमा स्वामित्व नहुँदा दलित समुदायले भोग्नु परेको सास्ती

कृषि प्रधान देश नेपालमा भूमि माथिको स्वामित्वले महत्वपूर्ण अर्थ राख्दछ। भूमिलाई मानिसले आफ्नो मान, सम्मान र सामाजिक प्रतिष्ठासँग जोडेको हुन्छ। तर, नेपालको अवस्था हेर्ने हो भने भूमिमाथिको स्वामित्व एकथरिका जात विशेषको मात्र रहेको पाइन्छ।

३. प्रदेश २ का मुख्यन्यायाधिवक्ता दिपेन्द्र झासँग २०७८ भदौ १७ गते गरिएको कुराकानीको आधारमा
४. दलित समुदायका अगुवा महेश पासवानसँग २०७८ जेठ १६ गते गरिएको कुराकानीको अधारमा।

नेपालको जीवनस्तर सर्वेक्षण २०२१ अनुसार पहाडका १५.३२ प्रतिशत र तराईका ४४ प्रतिशत दलितहरू भूमिहीन छन्।

अधिकांश भूमिहीन दलितहरू ऐलानी वा जमिन्दारको उपलब्ध गराएका जमिनमा बासोबास र आश्रित छन्। धेरैजसोको जमिन छैन। नेपालको संविधान २०७२ धारा ४० को उपधारा ५ मा राज्यले भूमिहीन दलितलाई कानुन बमोजिम एकपटक भूमि उपलब्ध गराउने उल्लेख गरेको छ। त्यसैगरी उपधारा ६ मा आवासविहीन दलितलाई कानुन बमोजिम आवासको व्यवस्था गर्ने प्रगतिशील व्यवस्था छ।

भूमिसम्बन्धी ऐन २०२१ लाई २०७५ असोज २ गते संशोधन गरी ऐनमा दफा ५२ (क) थपेर भूमिहीन दलितलाई तीन वर्ष भित्र जमिन उपलब्ध गराउने भनिएको छ। सरकारले सुकुम्वासी समस्या समाधानका लागि ०७८ भदौ २९ गते राष्ट्रिय भूमि आयोग, २०७८ गठन गरेको छ। यद्यपि भूमिहीन दलितहरू अहिले पनि जमिन पाउन सकेको छैन र उनीहरूका अवस्था दयनीय छ। जमिनमाथिको आफ्नो स्वामित्व नहुँदा भूमिहीन दलितहरू आर्थिक रूपले झनै पछाडि परेका छन्। जमिनमाथिको स्वामित्व नहुँदा आफू बसेको ठाउँबाट घरबार विहीनको अवस्था राज्य संयन्त्रबाट बनाइरहेको घटना सार्वजनिक हुने गरेको पाइन्छ।

धनुषाको विदेह नपा-१ ठाडिझिझाका २२ दलित सुकुम्बासीहरू बस्ती खाली गराउन जिल्ला अदालतको फैसला कार्यान्वयन गर्न डोजरसहित अदालतका तामिलदार रुपेश झा लगायतको टोली २०७६ पुस २६ गते पुगेको थियो। विदेह नपा-१ ठाडिझिझा बस्ने रामसागर ठाकुर वरहीले २०७२ सालमा पोखरीको सार्वजानिक डिल कब्जा गरेर स्थानीय बासिन्दाले सार्वजनिक जग्गा अतिक्रमण गरेको भन्दै जिल्ला अदालत, धनुषामा मुद्दा दिएका थिए। जिल्ला अदालत धनुषाले २०७५ जेठ ८ गते सो बस्ती खाली गराउने भन्दै फैसला गरेको थियो। अधिकारकर्मीहरूको टोलीले जिल्ला अदालतका टोली र प्रहरीसँग समन्वय गर्दै तराईमा अत्यधिक शितलहर जारी रहेको बेलामा बिना विकल्पको घर भत्काउन नहुने भन्दै तत्कालै वैकल्पिक व्यवस्था गर्न पहल गरेका थिए। विदेह नगरपालिकाका मेयर बेचन दासले वास्तविक सुकुम्बासीहरूको पहिचान गरि केही दिनमै नगरको अन्य ठाउँमा व्यवस्थापन गर्ने लिखित प्रतिबद्धता जनाएपछि बस्ती भत्काउन पुगेका अदालतका टोली, प्रहरी प्रशासन फर्केको थियो।

त्यसैगरी, थातथलोमा डोजर लगाई घर भत्काइ दिएपछि सिरहा नपा-६ स्थित वसबिट्टामा दलित परिवारहरू त्रिपालमुनी चिसोमा रात बिताउन बाध्य भए। अत्यधिक चिसोको कारण ज्येष्ठ नागरिक तथा बालबालिकाहरू बिरामी पर्न परे।

सिरहा नपा-१ दामोदर प्रधानाङ्गले आफ्नो बाजे लालबहादुरले मन्दिरलाई दिएको जग्गामा अतिक्रमण गरी घर बनाएको भन्दै पुस ५ गते रामजी महरा, समतोलियादेवी महरा, रामवृक्ष महरा, शिवकुमार महरा, राजकुमार महरा र कुल्चो देवी महराको घर भत्काएको पीडित पक्षको आरोप छ।

जिल्ला अदालतको ०७५ जेठ २१ गतेको फैसला अनुसार बसबिट्टा-३ क को कित्ता नं. २७१ को सवा ७ धुर जग्गा वादीलाई चलन चलाइ दिनु भन्ने फैसलाको आधारमा प्रहरीको रोहबरमा वैकल्पिक व्यवस्था नगरी घरहरूमा डोजर लगाएर भत्काइएको थियो।

'चार पुस्तादेखि ऐलानी भन्दै बस्दै आएको यस ठाउँमा हाम्रा बाजेहरू बस्दा चिहान भएको ठाउँ कसरी व्यक्तिको भयो हामीलाई थाहा छैन।' -७० वर्षीय रामजी महराले बताउनु भयो। परालको ओछ्यान र त्रिपालको ओतले चिसो छल्न धेरै अप्ठ्यारो भएको तथा बालबालिकाहरू बिरामी पर्न थालेको समतोलिया महराले बताए। घटनाको अनुगमन इन्सेकलगायत सङ्घसंस्थाहरूले पुस ११ गते गरेका थिए।[५]

जातीय छुवाछुतका घटनाप्रति उदासीनता

मधेश प्रदेशमा जातीय भेदभाव तथा छुवाछुतका नाममा कुटपिट तथा अमानवीय व्यवहारका घटनाहरू भइरहेका छन्। मुलुकी अपराध (संहिता) २०७४ ले जातीय भेदभाव तथा छुवाछुतलाई समाजिक फौजदारी अपराधका रूपमा उल्लेख गरेको छ। जातीय भेदभाव तथा छुवाछुत घनालाई न्यूनिकरण गर्न सकारले छुट्टै जातीय भेदभाव तथा कसुर सजाय ऐन २०६८ पनि ल्याएको छ। यद्यपि जातीय विभेदका घटनामा कमी आउन सकेको छैन।

मधेश प्रदेशमा प्रहरी र न्यायालयसम्म दलित समुदायको पहुँच भने कमजोर देखिएको छ। इन्सेकको

५. https://bit.ly/3ggQLco

तथ्याङ्क अनुसार सन् २०१७ देखि सन् २०२१ अर्थात पाँच वर्षको अवधिमा मधेश प्रदेशमा जातीय छुवाछुतका घटनामा ५ महिला र १८ पुरुष गरी २३ जना पीडित भएका छन्। सन् २०१७ मा दुई, सन् २०१८ मा १०, सन् २०१९ मा ६ र सन् २०२१ मा पाँच जना जातीय छुवाछुत घटनामा पीडित भएको इन्सेकको तथ्याङ्कले देखाउँछ।

राष्ट्रिय मानव अधिकार आयोग मधेश प्रदेश कार्यालय जनकपुरधामका मानव अधिकार अधिकृत कृष्ण मिश्रका अनुसार २०७३/७४ मा एक, २०७४/७५ मा एक, २०७५/७६ मा दुई, २०७६/७७ मा एक, २०७७/७८ मा एक र २०७८/७९ मा एक गरी ६ वर्षको अवधिमा सात ओटा जातीय छुवाछुतको उजुरी परेका छन्।

प्रदेश प्रहरी कार्यालयका प्रहरी उपरीक्षक कृष्ण प्रसाइँका अनुसार पछिल्लो तीन आर्थिक वर्षमा प्रदेश भर जातीय छुवाछुत शीर्षकमा १३ वटा मुद्दा दर्ता भएका छन्।[६] प्रदेश प्रहरीको तथ्याङ्क अनुसार प्रदेश नं. २ मा आर्थिक वर्ष २०७४/०७५ मा चार, आर्थिक वर्ष २०७५/०७६ मा ६ र आर्थिक वर्ष २०७६/०७७ मा दुई वटा जातीय छुवाछुतका घटना भएका छन्।

जातीय छुवाछुत घटनामा पीडित भएका उनीहरू न्यायका लागि प्रहरी प्रशासनमा उजुरी दिन जाँदा उजुरी सहज रूपमा लिने गरेको पाइँदैन।

धनुषा जिल्ला जनकपुरधाम उपमहानगरपालिका वडा नं. २५ का २० वर्षीय अमन कुमार पासवानलाई २०७८ साउन २२ गते भोज खान गएको बेला सोही ठाउँका ६५ वर्षीय विन्देश्वर साह सुडीले जातीय भेदभाव तथा छुवाछुत गरेको भन्दै पीडितले साउन २८ गते दिएको उजुरी जिल्ला प्रहरी कार्यालयले लिन मानेन। आफूलाई भोज खान आमन्त्रण गरेको उक्त भोज खान भोजस्थलमा जान लाग्दा आरोपितले 'तिमीसँग भोज अपवित्र हुन्छ, छोइन्छ, तँ सँग मेरो हाड जिउसमेत छोइन्छ' भन्दै गालीगलौज गर्दै जातीय छुवाछुत गरेको पीडित पासवानको आरोप छ। अधिकारकर्मीको पहलमा २०७८ साउन ५ गते उजुरी दर्ता गरियो। तर, आरोपितलाई पक्राउ गरिएन। जिल्ला अदालतले २०७८ असोज ११ गते आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

महोत्तरी जिल्ला बर्दिवास नगरपालिका-३ स्थित जनता माध्यमिक विद्यालय गौरीडाँडाका शिक्षक एवम् पूर्व प्रधानाध्यापक ५० वर्षीय नेत्रबहादुर रम्तेललाई ०७७ फागुन १३ गते 'तँ सार्कीको छोरा स्कुलको प्र.अ. हुने, संयोजक हुने सार्कीको छोराको यत्रो फुर्ती भनी गाली गलौज गर्दै हातपात' गरेको भन्दै पीडितले इलाका प्रहरी कार्यालय, बर्दिवासमा २०७७ फागुन १४ गते उजुरी दिए। आरोपित सोही ठाँउका ३५ वर्षीय मनिष अर्याललाई सोही दिन प्रहरीले गिरफ्तार गरि जिल्ला अदालतमा फागुन २० गते मुद्दा दर्ता गरियो। जिल्ला अदालतको फागुन २५ गतेको आदेशले ४० हजार रुपियाँ घरौटी तिरी आरोपित रिहा भए। जिल्ला अदालतमा मुद्दा विचाराधीन छ।

दलित समुदायमाथि हिंसाका घटनाहरू बढ्दो

मधेश प्रदेशमा पछिल्लो समय दलित समुदायमाथि हिंसाका घटना बढ्दो छ। इन्सेकको तथ्याङ्क अनुसार सन् २०१८ देखि २०२१ अर्थात चार वर्षको अवधिमा मधेश प्रदेशका आठ जिल्लामा दलित समुदायका ६२ जनाको हत्या भएको छ भने २ सय ४९ दलित महिला तथा बालिका बलात्कार घटनामा पीडित भए।

नेपाल प्रहरी कार्यालयको आँकडा अनुसार आर्थिक वर्ष २०७४/७५ देखि २०७७/७८ कात्तिक सम्मको अवधिमा मधेश प्रदेशका आठ जिल्लामा ६२ जना दलितको हत्या भएको छ भने १ सय ६८ जना दलित महिला बलात्कृत भए।

महिला र बालिकामाथि हुने अर्को डरलाग्दा हिंसाका घटना बलात्कार, बलात्कार प्रयास तथा यौन दुर्व्यवहारका घटना हो। आफन्त र चिनजानकै व्यक्तिबाट दलित महिला तथा बालिकाहरू अधिकांश यस्ता घटनामा पीडित हुने गरेका छन्। इन्सेकको तथ्याङ्कलाई हेर्दा बलात्कार घटनामा बढी बालिका पीडित भएको देखिन्छ। तथ्याङ्क अनुसार चार वर्षको अवधिमा भएका २ सय ४९ बलात्कार घटना मध्ये १ सय ८४ बालिका र ६५ महिला बलात्कृत भएका छन् भने बलात्कार प्रयासमा ३१ महिला र यौन दुर्व्यवहार घटनामा ६२ जना बालिका पीडित भएका छन्। दलितमाथि भइरहेको हिंसाप्रति सरकार तथा राज्यका संयन्त्रहरूको कानुन कार्यान्वयन गर्ने भूमिका भने पराम्परामै सिमित छ। जसका कारण दलितहरूमाथि हिंसाका घटना प्रत्येक वर्ष भइरहेको छ।

६. https://www.himalkhabar.com/news/121460

हत्या र बलात्कारका घटना

मधेश प्रदेशका सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सार्लाही, रौतहट, बारा र पर्सा गरी आठ जिल्लामा दलितमाथि हत्या र बलात्कारका घटना भएको इन्सेकको तथ्याङ्कले देखाउँछ। प्रदेशका आठ जिल्ला मध्ये सबैभन्दा बढी धनुषामा चार वर्षको अवधिमा २० जना दलित मारिएका छन् भने त्यसपछि सिरहामा १२ जना दलित मारिए।

बलात्कारका घटना बढी सिरहा जिल्लामा भएको देखिन्छ। सिरहामा ७३ जना दलित महिला तथा बालिका बलात्कृत भए।

दलित महिलामाथि 'बोक्सी' को आरोप

अन्धविश्वास अहिले पनि समाजमा व्याप्त छ। अन्धविश्वासका कारण गरिब, दलित महिला पीडित हुने गर्दछ। असहाय, एकल महिला, दलित गरिब परिवारका महिलामाथि कथित बोक्सीको आरोपमा लगाउने गरिएको छ। इन्सेकको तथ्याङ्क अनुसार सन् २०१८ देखि सन् २०२१ अर्थात चार वर्षको अवधिमा १४ जना दलित महिलामाथि कथित बोक्सीको आरोप लगाइएको छ। कथित बोक्सीको आरोपमा उनीहरूलाई अभक्ष कोच्याइएको छ भने कुटपिट तथा अमानवीय व्यवहार गरिएको छ।

कुनै व्यक्तिलाई बोक्सीको आरोप लगाउनु, कुर, अमानवीय वा अपमानजनक व्यवहार गर्नु वा कुनै किसिमले यातना दिने जस्तो अमानवीय कार्यलाई कानुनतः दण्डनीय मानिएको छ। सामाजिक कुरीति तथा अन्धविश्वासको रूपमा रहेको त्यस्तो कार्य निवारण गर्न र सो कार्यबाट पीडित व्यक्तिको संरक्षण गरी न्याय प्रदान गर्ने भनि बोक्सीको आरोप (कसुर र सजाय ऐन) २०७२ ल्याइएको छ। बोक्सी आरोपसम्बन्धी कसुर गर्ने व्यक्तिलाई कसुरको मात्रा हेरी ६ महिनादेखि आठ वर्षसम्म कैद तथा ५ हजार देखि ५० हजार रुपियाँसम्म जरिबानाको सजाय हुने व्यवस्था छ।

तर, कथित वोक्सीको आरोपमा पीडित भएका व्यक्तिहरू प्रहरी निकायमा उजुरी दिन जाँदा उजुरी दर्ता नगरिदिने र अनुसन्धान प्रक्रिया फितलो बनाउने जस्ता कार्यबाट दोषीले उन्मुक्ति पाउने गरेको छ। घटनाको प्रभावकारी अनुसन्धान र दोषीलाई कारबाही नहुँदा कथित बोक्सीको आरोपमा दिन प्रतिदिन महिलाहरू पीडित हुने गरेका छन्।

कमजोर समानुपातिक प्रतिनिधित्व

संवैधानिक व्यवस्था अनुसार संघीय र प्रदेश मन्त्रिपरिषदको गठन समावेशी सिद्धान्तको आधारमा हुने भनिएको छ। त्यस्तै स्थानीय सरकारका गाउँपालिका र नगरपालिकामा दलित तथा अल्पसङ्ख्यक समुदायबाट क्रमशः दुई र तीन जना कार्यपालिकाको सदस्य रहने व्यवस्था छ।

सङ्घीय प्रतिनिधि सभा र प्रदेश सभामा कूल सिटको ४० प्रतिशत प्रतिनिधित्व समानुपातिक प्रतिनिधित्वको आधारमा हुने व्यवस्था गरिएको छ। राष्ट्रिय सभाको गठनमा प्रत्येक प्रदेशबाट एक जना गरी सात जना दलितको अनिवार्य सहभागिता हुने व्यवस्था छ। त्यस्तै गाउँ र नगरसभामा दलित वा अल्पसङ्ख्यकबाट क्रमशः दुई र तीन जना सदस्य निर्वाचित हुनेछन्। नेपाली सेनामा, राजनीतिक दलका विभिन्न तहका कार्यकारी समिति, राजदूत र विशेष प्रतिनिधि नियुक्ति, संवैधानिक निकायका पदाधिकारी र सरकारी सेवाको पदपूर्तिमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा समावेशीकरण गराइने व्यवस्था छ।

संवैधानिक व्यवस्थाका बाबजुद कार्यान्वयनको अवस्था भने कमजोर छ। स्थानीय तह निर्वाचन ऐन २०७३ को बाध्यकारी व्यवस्थाका कारण स्थानीय तहमा ६ हजार ५ सय ६७ दलित महिलाको सहभागिता सुनिश्चित भयो। यद्यपि, अन्य संरचनाहरूमा संवैधानिक व्यवस्थालाई प्रभावकारी कार्यान्वयनमा ल्याइएको अवस्था छैन।

पछिल्लो प्रतिनिधि सभाको विघटन अघिसम्म केन्द्र र प्रदेश सरकारमा जम्मा तीन जना दलितले क्याबिनेट मन्त्री र एक जनाले राज्यमन्त्रीको रूपमा प्रतिनिधित्व गर्न पाएका थिए।

मधेश प्रदेश सरकार निर्माणको शुरुवातदेखि नै एकजना पनि मन्त्रिपरिषद्मा दलित समुदायका संसद्लाई समावेश गराइएको छैन। समावेशी समानुपातिक सिद्धान्तलाई प्रभावकारी कार्यान्वय र मधेश प्रदेश सरकारमा दलित समुदायको समावेशीताका लागि अधिवक्ता राजकुमार महासेठले उच्च अदालत जनकपुरमा २०७८ असार १० गते रिट दायर गरेको थियो। उक्त रिट हाल विचाराधीन अवस्थामा छ।

सङ्घीय प्रतिनिधिसभामा प्रत्यक्षतर्फ दलित सांसद जम्मा तीन जना पुरुष छन्। समानुपातिकतर्फ

मधेश प्रदेश सन् २०१८ देखि २०२१ अर्थात् चार वर्षको अवधिमा मारिएका दलितको जिल्लागत तथ्याङ्क								
सप्तरी	सिरहा	धनुषा	महोत्तरी	सर्लाही	रौतहट	बारा	पर्सा	जम्मा
७	१२	२०	३	८	५	३	४	६२

मधेश प्रदेश सन् २०१८ देखि २०२१ अर्थात चार वर्षको अवधिमा बलात्कार घटनाको जिल्लागत तथ्याङ्क					
महोत्तरी	सर्लाही	रौतहट	बारा	पर्सा	जम्मा
२५	५	२५	१३	२५	२४९

हत्या				मधेश प्रदेश हत्या-६२ बलात्कार २४९	बलात्कार			
सन् २०१८	सन् २०१९	सन् २०२०	सन् २०२१	जिल्ला	सन् २०१८	सन् २०१९	सन् २०२०	सन् २०२१
-	५	१	१	सप्तरी	१५	१२	१३	४
४	१	२	५	सिरहा	७	१७	२४	२५
१	७	१०	२	धनुषा	५	८	१५	११
२	१	-	-	महोत्तरी	४	८	१२	१
१	३	३	१	सर्लाही	१	-	१	३
१	१	२	१	रौतहट	४	५	८	८
२	-	१	-	बारा	१	५	५	२
-	२	१	१	पर्सा	३	७	८	७

प्रतिनिधि सभामा १६ जना दलित सांसद मध्ये महिलाको सङ्ख्या १४ जना छन्। सातवटै प्रदेशमा दलित प्रदेश सभा सदस्य पाँच जना मधेशी महिलासहित २९ जना छन् भने चार जना दलित पुरुषले प्रत्यक्षबाट जितेका छन्। राष्ट्रिय सभा तर्फका सात जना दलित सांसद सबै पुरुष छन्। प्रतिनिधित्वको यस्तो अवस्थाले समानुपातिक प्रतिनिधित्वको अवधारणालाई नै उपहास गर्ने काम गरेको छ।[७]

निष्कर्ष

मधेश प्रदेशमा प्रहरी हिरासतमा गएको दुई वर्षमा मृत्यु भएका रौतहटका एक र धनुषाका दुई गरी तीनै जना दलित समुदायका छन्। विभिन्न आरोपमा गिरफ्तार परेको उनीहरूको प्रहरी सुरक्षा घेरा अर्थात प्रहरी हिरासतमै मृत्यु हुनु र पीडित परिवारले प्रहरीको कुटपिट तथा यातनाका कारण मृत्यु भएको भनि आरोप लगाउनु यस्ता घटनाको अध्ययन र अनुसन्धानको महत्वपूर्ण पाटो छ। पीडित परिवारले लगाएको आरोप घटनाको निष्पक्ष अनुसन्धान र यस्तो घटना पुनः दोहिरिन नदिन राज्यका सुरक्षा संयन्त्र चुकेको देखिन्छ। यी घटना पश्चात पनि विभिन्न आरोपमा गिरफ्तार परेका दलित समुदायका व्यक्तिहरूमाथि प्रहरी हिरासतमै कुटपिट तथा यातनाका घटना रोकिएको छैन।

यस प्रदेशमा सबै भन्दा बढी दलित समुदायको जनसङ्ख्या अर्थात १७.२९ प्रतिशत छ। सङ्घीयता कार्यान्वयनको यस अवधिमा पनि जातपात र छुवाछुतका नाममा दलितमाथि विभेदका घटनाहरू भइरहेका छन्। जातीय छुवाछुत घटनालाई फौजदारी अपराधको रूपमा लिइएको छ। जातीय छुवाछुत घटनासँग सम्बन्धित जातीय छुवाछुत कसुर सजाय ऐन

७. https://socialchange.org.np/governanceblog-2021-07-04-01/

मधेश प्रदेश सभामा जातीय प्रतिनिधित्व	
जाति	प्रतिशतमा
मधेसी	५२%
मधेसी महिला	२२ %
मुस्लिम पुरुष	६ %
मुस्लिम महिला	२ %
थारु पुरुष	३ %
थारु महिला	१ %
खस आर्य पुरुष	२ %
खस आर्य महिला	१ %
जनजाति महिला	४ %
पहाडी दलित पुरुष	१ %
मधेसी दलित पुरुष	१ %
मधेसी दलित महिला	५ %

२०६८ भनि छुट्टै कानुन पनि छन्। तर, कमै मात्रामा जातीय छुवाछुतका घटना प्रहरीमा आउँछन्। कारण आर्थिक रूपले कमजोर, विभेदमा परेका र न्याय र राजनीतिकमा पहुँच नभएकै कारण न्यायका लागि प्रहरीमा जान सक्दैन। प्रहरीमा गए पनि न्याय पाउने भन्ने कुरामा विश्वास हुँदैन। प्रहरीलेसमेत जातीय छुवाछुतका उजुरी सहजै रूपमा दर्ता गर्न मान्दैन। सम्भव भएसम्म प्रहरीले घटना समाजमै मिलाउन दवाव दिन्छ।

राज्यको हरेक तहमा तथा नीति निर्माणमा समानुपाति समावेशी अनुसार दलितको प्रतिनिधित्वको सुनिश्चित गरिने संवैधानिक व्यवस्था पनि छ। तर, राज्यका हरेक निकायमा तथा नीति निर्माणको तहमा दलितको सहभागितालाई हेर्ने हो भने संविधान तथा कानुनले निधारण गरे अनुसार नभएको पाइन्छ। जसका कारण दलित समुदायलाई उपेक्षा गरिएको चौतर्फी आलोचना हुँदै आएको देखिन्छ।

सुझाव तथा सिफारिस

- जातीय भेदभाव तथा छुवाछूत अन्त्यको लागि ठोस नीति अवलम्बन गरी बजेट विनियोजन गर्नुपर्ने।
- प्रदेश अन्तर्गतका सबै जिल्लाहरूलाई छुवाछूतमुक्त जिल्ला घोषणा गरी कार्यान्वयन गर्नुपर्ने।
- प्रदेश नं. २ अन्तर्गत रहेका डोम तथा मुसहर समुदायको आर्थिक, शैक्षिक तथा सामाजिक अवस्थामा स्तरोन्नति गर्नको लागि विशेष व्यवस्था गर्नुपर्ने।
- जातीय भेदभावका मुद्दाको प्रभावकारी अनुसन्धान गर्नुपर्ने।
- विद्यमान जातीय तथा अन्य सामाजिक विभेद तथा छुवाछुत (कसुर र सजाय) ऐन, २०६८ मा संशोधन गरी प्रमाणको भार प्रतिवादीमा रहने र

सङ्घ, प्रदेश र स्थानीय तहमा दलित समुदायको राजनीतिक प्रतिनिधित्व				
क्र.सं.	सरकारी सेवा/अन्य क्षेत्र	जम्मा सङ्ख्या/ राष्ट्रिय औसत	दलितको सङ्ख्या/अवस्था	प्रतिशत
१.	निजामती सेवा	८८५७८	१९७१ जना	२.२२
२.	नेपाल प्रहरी	६५५००	६१९२ जना	९.४५
३.	नेपाली सेना	८७९७२	७१६३ जना	८.१४
४.	न्यायिक क्षेत्र	४५९	५ जना	१
५.	औसत गरिबी	१८.७ प्रतिशत	४२ प्रतिशत	
६.	साक्षरता	६५.०९	५२.४ (तराई ३४.५) दलित महिला ४५.५ प्रतिशत	
७.	औसत आयु	६८.८ वर्ष	५८ वर्ष	
८.	भूमिहीनता		पहाडमा १५.३२ र तराईमा ४४ प्रतिशत	

स्रोत : नेपाल मानव अधिकार आयोग, २०७७/दलित मानव अधिकार पुस्तक २०७७

कैद सजाय पाँच वर्ष भन्दामाथि हुने व्यवस्था गर्नुपर्ने।

- प्रहरी कार्यालयमा दलित डेस्कको स्थापना गरी जातीय भेदभाव तथा छुवाछूतको घटनाको विशिष्टिकरण ढङ्गले अनुसन्धान गर्ने व्यवस्था गर्नुपर्ने।

राज्य संरचनामा दलित समुदायको प्रतिनिधितव र दलितको अवथा					
क.सं.	प्रतिनिधित्वको पद र तह	जम्मा सङ्ख्या	दलितको सङ्ख्या	प्रतिनिधित्व प्रतिशतमा	हुनुपर्ने सङ्ख्या
१.	सङ्घीय मन्त्रिमण्डल	२५	१	४	३ जना
२.	प्रदेश मन्त्रिमण्डल	५१	२	४	७ जना
३.	प्रतिनिधि सभा सदस्य	२७५	१९	७	३८ जना
४.	राष्ट्रिय सभा सदस्य	५९	७	१२	८ जना
५.	प्रदेश सभा सदस्य	५५०	३३	६	७६ जना
६.	नगर प्रमुख	२९३	६	२.०४	४० जना
७.	उपप्रमुख	२९३	११	३.७५	२७ जना
८.	जि.स.स.अध्यक्ष	७७	८	१०.३८	११ जना
९.	जि.स.स.उपाध्यक्ष	७७	९	११.६८	११ जना
१०.	जि.स.स.स.	५३४	९९	१८.५३	७४ जना
११.	गाउँपालिका अध्यक्ष	४६०	१	०.२१	६३ जना
१२.	गाउँपालिका उपाध्यक्ष	४६०	१६	३.४७	६३ जना
१३.	वडा अध्यक्ष	६७४३	१९७	२.९२	९३० जना
१४	न.का.पा. सदस्य	६२८७	८५५	१३.५९	८६७ जना
१५.	गा.का.पा.सदस्य	६७८९	१०७८	१५.९८	९३६ जना
१६..	दलित म.वडा सदस्य	६७४३	६५६७	९७.३८	१८६१ जना
१७.	दलित पुरुष वडा सदस्य	१३४८६	७९७	५.९०	१८६१ जना

स्रोत : निर्वाचन आयोग, २०७४(क), निर्वाचन आयोग २०७४ (ख), समता फाउण्डेशन, २०७७

परिच्छेद ३

३.३ चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा प्राकृतिक स्रोत उपयोगमा स्थानीय समुदाय र सरकारको अन्तरविरोध

पृष्ठभूमि

देशको पहिलो राष्ट्रिय निकुञ्ज चितवन निकुञ्ज स्थापना भएको ५० वर्ष पूरा हुन लागेको छ। वि.सं.२०२९ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन जारी भएपछि २०३० सालको असोजमा चितवन निकुञ्ज स्थापना भएको थियो। निकुञ्जको आन्तरिक सुरक्षामा नेपाली सेनाको जिम्मेवारी रहेको छ। राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले २०५२ फागुन २८ गते "मध्यवर्ती क्षेत्र व्यवस्थापन नियामावली २०५२" सार्वजनिक गऱ्यो। यसले मध्यवर्ती क्षेत्रको सीमाङ्कन, व्यवस्थापन, उपभोक्ता समिति गठन, मध्यवर्ती क्षेत्रका निषेधित कार्यहरू, वन विकाससम्बन्धी व्यवस्था, सामुदायिक विकास, रकम जम्मा गर्ने र क्षतिपूर्ति निर्धारण लगायतको सीमा निर्धारण गऱ्यो। यसैबीच सरकारले स्थानीयलाई पनि संरक्षणमा समेट्न भन्दै निकुञ्जसँग जोडिएको भूभागलाई २०५३ सालको मङ्सिर १७ गते चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र घोषणा गरेर कार्यक्रम र बजेट व्यवस्था गर्न थाल्यो। चितवन राष्ट्रिय निकुञ्ज वरिपरिको मध्यवर्ती क्षेत्र ७ सय ५० वर्गकिलोमिटर क्षेत्रमा फैलिएको छ। निकुञ्जसँग सीमाना जोडिएका चितवनसहित, नवलपरासी (नवलपुर) र मकवानपुर तथा पर्सा गरेर चार जिल्लाका ८० हजार घरधुरी मध्यवर्ती क्षेत्रमा बसोबास गर्दछन्। एक महानगरपालिका, आठ नगरपालिका र तीन गाउँपालिका गरेर १२ स्थानीय तहका १ सय २२ ओटा वडाहरू मध्यवर्ती क्षेत्रमा पर्दछन्। मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका २०५६ मार्फत पनि यस क्षेत्रमा हुने कार्यक्रमलाई व्यवस्थित गर्ने प्रयास गरेको देखिन्छ साथै मध्यवर्ती क्षेत्र व्यवस्थापन नियामावलीलाई सरकारले २०७५ मा परिमार्जित गरेको छ।

मध्यवर्ती क्षेत्र (बफर जोन) ले स्थानीयलाई नियमित रूपमा वन पैदावार उपभोग गर्न पाउने सहुलियत प्रदान गर्नका लागि राष्ट्रिय निकुञ्ज वा आरक्ष वरिपरिको तोकिएको क्षेत्र जनाउँछ। यस्तो क्षेत्रमा बारम्बार वन्यजन्तु ओहोरदोहोर गरिरहने हुँदा त्यहाँको भू-उपयोग वन्यजन्तुमैत्री हुनुपर्ने मान्यता छ। मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गरी निकुञ्जको दीर्घकालीन संरक्षण कार्यलाई सहज र द्वन्द्वमुक्त बनाउने उद्देश्यले कार्यान्वयनमा ल्याइएको हो। नेपालमा वि.सं. २०४९ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ लाई संशोधन गरेपछि मात्र सुरुवात भयो। मध्यवर्ती क्षेत्रको भू-उपयोग वन क्षेत्रबाहेक खेतीपाती र बसोबासमा भएको छ। यस्तो क्षेत्रको व्यवस्थापनका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले सम्बन्धित राष्ट्रिय निकुञ्ज वा आरक्षले आर्जन गरेको ३० देखि ५० प्रतिशतसम्म आम्दानी खर्च गर्न पाउने कानुनी व्यवस्था गरेको छ। मानव जाति र प्रकृतिबीच सन्तुलित सम्बन्ध कायम राख्न यो कार्यक्रम उपयोगी देखिएको छ।

अर्कोतर्फ स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले मध्यवर्ती सामुदायिक वनको व्यवस्थापन, मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्नेलगायत आफ्नो क्षेत्रको जैविक विविधताको संरक्षण गर्ने जिम्मेवारी स्थानीय तहलाई सुम्पिएको छ।

राष्ट्रिय निकुञ्जको स्थापनासँगै स्थानीय समुदायलाई वन पैदावार उपभोग गर्न पाउने अधिकारबाट वञ्चित गरियो। निकुञ्जमा वन्यजन्तुको संख्यामा वृद्धि भएसँगै वन्यजन्तुले मानिस, पशुधन र बालीनालीलाई क्षति पुऱ्याउन थाले। यसबाट मानव वन्यजन्तु द्वन्द्व बढ्यो। यो समस्या समाधान गर्न स्थानीय बासिन्दाका वन पैदावारका आवश्यकता निकुञ्ज बाहिरै पूरा गर्नुपर्ने र जीविकोपार्जनमा सुधार ल्याउनुपर्छ भन्ने सोचको विकास भयो। यो सोचलाई कार्यान्वयन गर्न राष्ट्रिय निकुञ्ज वा आरक्षको मध्यवर्ती क्षेत्र तोक्ने र स्थानीय समुदायको जीविकोपार्जन सुधार गर्न वातावरणमैत्री कार्यक्रमहरू सञ्चालन गर्ने कानुनी व्यवस्था गरियो। सोको कार्यान्वयनका लागि मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली २०५२ लागु गरिएको हो।

मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रम लागु भएसँगै विगत दुई दशकको अवधिमा मानव वन्यजन्तुबीचको द्वन्द्व घटेको छ। वन्यजन्तुले मानिस, पशुधन र बालीनालीलाई पुऱ्याउने क्षतिमा कमी आएको छ। वन्यजन्तु पीडितलाई राहत दिने व्यवस्था गरिएको छ। मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रमअन्तर्गत ठाउँठाउँमा तारबार, पर्खाल, ट्रेन्चलाइन निर्माण तथा सोलार फेन्सिङ गरी वन्यजन्तुबाट हुने नोक्सानीलाई कम गरिएको छ। मध्यवर्ती क्षेत्रमा गरिएको वन व्यवस्थापनका कारण निकुञ्जभित्र हुने अनियन्त्रित चरिचरन तथा रुख कटानीमा स्वत: कमी आएको छ।

मध्यवर्ती क्षेत्र व्यवस्थापन नियममावली २०५२ संशोधन २०७ ५को परिच्छेद २ मा राष्टिय निकुञ्ज तथा आरक्षबाट प्रभावित हुन सक्ने क्षेत्र, राष्टिय निकुञ्ज तथा आरक्षको भौगोलिक अवस्थिति, राष्टिय निकुञ्ज तथा आरक्ष क्षेत्रभित्र पर्ने गाउँ तथा वस्तीहरूको अवस्थिति, मध्यवर्ती क्षेत्रको व्यवस्थापनको दृष्टिकोणले सरल र व्यवहारिक हुन सक्ने क्षेत्र यसको सीमांकन क्षेत्र भनी व्यवस्था गरेको छ।

त्यस्तै नियमावलीको परिच्छेद ५ मा मध्यवर्ती क्षेत्रभित्र निषेधित कार्यहरू भनी उल्लेख छ। आफ्नो हक नपुग्ने कुनै भू-भाग नियन्त्रण गर्न वा रुख काट्न, वन फाँड्न वा वन क्षेत्र आवाद गर्न, वन पैदावार नास हुने कुनै काम गर्न वा वनमा आगो लगाउन, वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्न सक्ने गरी ढुङ्गा, माटो, बालुवा वा खानी खन्न वा कुनै खनिज पदार्थ माटो वा अन्य यस्तै पदार्थ हटाउन, मध्यवर्ती क्षेत्रभित्र बग्ने नदी, खोला वा पानीको स्रोतमा कुनै हानिकारक विषादी वा विष्फोटक पदार्थ प्रयोग गर्न, अनधिकृत रूपमा शिकार खेल्न र वन्यजन्तुलाई क्षति पुऱ्याउनु भनी उल्लेख छ।

अध्ययनको उद्देश्य

१. चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रका जनताको आर्थिक सामाजिक तथा साँकृतिक अधिकारका विषय उजागर गर्ने।
२. मानव र वन्यजन्तुबीच हुने द्वन्द्व न्यूनिकरणका लागि अपनाउनुपर्ने सतर्कता तथा उपायको खोजी गर्ने।
३. निकुन्ज प्रशासन, सुरक्षाकर्मी र स्थानीय समुदायको सम्बन्धका अध्ययन गरी मध्यवर्ती क्षेत्रका जनताको अधिकार रक्षाका लागि राज्यलाई जिम्मेवार बनाउने।

अध्ययन विधि

यस अध्ययनमा प्राथमिक र द्वितीय दुवै स्रोतबाट तथ्याङ्क तथा सूचना सङ्कलन गरिएको छ।

प्राथमिक स्रोतमा

१. स्थलगत अवलोकन, भ्रमण र अनुगमन, एवम्
२. स्थानीय बासिन्दा, सम्बन्धित तहका जनप्रतिनिधि र सरोकारवाला निकायसँग गरिएका लक्षित समूह छलफल र अन्तर्वार्ता रहेका छन्।

द्वितीय स्रोतमा

१. राष्ट्रिय निकुञ्ज ऐन, निकुन्जको वार्षिक प्रतिवेदन, गोष्ठी, तथा मध्यवर्ती क्षेत्रका सवालमा प्रकाशित समाचार, लेख तथा रचनाहरू
२. सम्बन्धित निकायबाट भएका अध्ययन अवलोकनका प्रतिवेदनहरू रहेका छन्।

अध्ययनको सीमा

१. यो अध्ययन चितवनको मध्यवर्ती क्षेत्र (बफर जोन) को व्यवस्था, त्यसले सो क्षेत्र आसपासमा बसोबास गर्ने तथा त्यसमै आश्रित आदिवासी जनजातिको मानव अधिकारको स्थितिमा पारेको प्रभावसँगमात्र केन्द्रित छ।
२. आर्थिक सामाजिक साँस्कृतिक अधिकार र आवासको अधिकारसँग केन्द्रित छ।
३. यो प्रतिवेदनले देशका अन्य मध्यवर्ती क्षेत्रका जनताको अवस्थाको चित्रण गर्दैन।

समस्या तथा सरोकार

व्यक्ति, परिवार, समाज, राष्ट्र, अन्तर्राष्ट्रिय समुदायहरू सबैमा द्वन्द्व भइरहन्छ। दुई वा सोभन्दा बढी पक्षहरूबीच विचार, उद्देश्य, चाहना, आवश्यकता, प्राथमिकता, स्वार्थ आदिमा बेमेल वा असमझदारी भएमा द्वन्द्व उत्पन्न हुन्छ। कुनै पनि क्षेत्रमा भएको द्वन्द्व समाधान भए पनि फेरि (चितवन दर्पण-५२५, इतिहास, वर्तमान र परिकल्पना) अर्को विषयमा द्वन्द्व सुरु हुन्छ। त्यसैले आजकल द्वन्द्व समाधानभन्दा द्वन्द्व व्यवस्थापन शब्द प्रचलनमा आएको छ। हुन त हरेक संस्थामा परिवर्तनका लागि निश्चित मात्रामा द्वन्द्व हुनुपर्दछ भनिन्छ। सामान्यत: आफ्नो हितका लागि अरूको अधिकार कटौती गरियो भने द्वन्द्व सृजना हुन्छ। सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक जुनसुकै

कारणले पनि द्वन्द्व हुनसक्छ। त्यसरी नै प्राकृतिक श्रोत उपभोग गरी जीवन आश्रित भएकालाई निषेध गर्दा द्वन्द्व हुन्छ।

मानव र वन्यजन्तुबीच द्वन्द्व

मानव-वन्यजन्तु दुई पक्षबीच एकले अर्कोलाई पारेको नोक्सानी तथा अवरोधले द्वन्द्व सृजना भएको हो। जङ्गलको आसपास बस्ने बासिन्दाहरू काठ, दाउरा, घाँस, खर, खडाइ सङ्कलन गर्ने, गाईवस्तु चराउने, गिटी, बालुवा, ढुङ्गा उत्खनन गर्ने गर्दथे। जब संरक्षित क्षेत्र घोषणा भयो मानिसहरूलाई स्वतन्त्रतापूर्वक प्राकृतिक स्रोत उपयोग गर्न निषेध गरियो। फलस्वरूप, निकुञ्ज र स्थानीय जनताबिच द्वन्द्व बढ्दै गयो। मध्यवर्ती संरक्षण क्षेत्र वरिपरि पनि वन्यजन्तुको सङ्ख्या बढ्दै जानु, निकुञ्जमा अतिक्रमण बढ्दै जानु, घाँसे मैदान कम भई वन्यजन्तुलाई आहारको कमी हुनु आदि कारणले वन्यजन्तु गाउँ प्रवेश गर्न थाले। वन्यजन्तुले खेतीपाती, तरकारी, घर, गोठ नष्ट गर्नेदेखि घरपालुवा जनावर तथा मानव समुदायमाथि आक्रमणका घटना बढ्दै जाँदा मानव-वन्यजन्तु द्वन्द्व बढ्दै गयो।

निकुञ्ज क्षेत्र वन्यजन्तुको संरक्षण क्षेत्र घोषणा भएपछि निकुञ्जको नीतिले बोटे, मुसहर, माझी, सुकुम्बासी तथा जङ्गलमा आश्रित परिवारलाई जीवनयापन गर्न कठिन भयो। जडिबुटी खोज्न, निउरो ल्याउन वा माछा मार्न समेत निषेध गरेपछि उनीहरूको जीवन कष्टकर हुन पुग्यो। निकुञ्ज र वन्यजन्तुप्रतिको जनआक्रोशले गर्दा चोरी सिकारी पनि बढ्नुका साथै मानव-वन्यजन्तु द्वन्द्व चनौतीपूर्ण हुँदै गएको छ। मध्यवर्ती क्षेत्रका बासिन्दाहरूको कृषि उत्पादनहरू सबभन्दा बढी बँदेल त्यसपछि गैंडा, मृग, हरिण आदिले नोक्सान पुऱ्याएको देखिन्छ। बाघले घरपालुवा जनावर तथा मानिसमै आक्रमण गरी क्षति गरेको छ भने जङ्गली हात्तीहरूले घर, गोठ, गोदाम भत्काउनेदेखि मानवीय क्षतिसम्म गरेको देखिन्छ। यति ठूलो जोखिम सहेर पनि निकुञ्ज आसपासका जनताहरू वन्यजन्तु संरक्षण गर्नुपर्छ भन्ने कुरामा सचेत देखिन्छन्।

तर, वन्यजन्तुको आक्रमणबाट बर्सेनी धनजनको क्षति स्थानीयले व्यहोर्नु परेको छ। मध्यवर्ती क्षेत्र घोषणा हुनुअघि देखिनै निकुञ्ज छेउमा बस्ने सर्वसाधारण घाँस दाउरा र अन्य आवश्यक सामग्री लिन निकुञ्ज जाने गर्दथे। त्यसबेला पनि निकुञ्ज प्रशासन उनीहरूलाई रोक्दथ्यो।

आर्थिक वर्ष २०७८/७९ को पाँच महिनामा चितवन राष्ट्रिय निकुञ्जमा वन्यजन्तुको आक्रमणबाट चार जनाको मृत्यु भएको छ। सोही अवधिमा विभिन्न जनावरको आक्रमणमा परी २९ जना घाइते भएका छन्। निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार चालु आवमा गैंडा, हात्ती, बँदेल र गौरीगाईको आक्रमणबाट एक/एक जनाको मृत्यु भएको हो। यस्तै सोही समयमा हात्तीको आक्रमणबाट चार, गैंडाको आक्रमणबाट १५, बाघको आक्रमणबाट तीन, भालुको आक्रमणबाट चार, जङ्गली बँदेलको आक्रमणबाट दुई र मगर गोहीको आक्रमणबाट एक जना घाइते भएका छन्। घाइतेमध्ये १६ सामान्य तथा १३ जना गम्भीर भएको उनले जानकारी दिए। चालु आवमा मानवीय क्षति, घरगोठ क्षति र भण्डारण गरिएको अन्नको क्षतिवापत निकुञ्जले ८० लाख ७३ हजार क्षतिपूर्ति तिरेको छ। निकुञ्जले वन्यजन्तुबाट भौतिक तथा मानवीय क्षति भएका पीडित परिवारलाई आव २०७५/७६ देखि आव २०७८/७९ को कात्तिक मसान्तसम्म रु ६ करोड २५ लाख ४४ हजार राहत वितरण गरेको छ।

मृतक चारै जनाको परिवारलाई ४० लाख राहत रकम वितरण गरिएको छ। त्यस्तै वन्यजन्तुबाट सामान्य घाइते भएका पीडित परिवारलाई ३ लाख ७ हजार रुपियाँ र गम्भीर घाइते भएका पीडित परिवारलाई १३ लाख १६ हजार उपलब्ध गराएको तिवारीले जानकारी दिए। वन्यजन्तुको आक्रमणबाट आव २०७३/७४ मा १०, आव २०७४/७५ मा पाँच, आव २०७५/७६ मा १२, आव २०७६/७७ मा नौ र आव २०७७/७८ मा १२ जनाको मृत्यु भएको थियो। निकुञ्ज र स्थानीयवासीबीच द्वन्द्व बढेपछि मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिको अवधारणा ल्याएर निकुञ्जको आम्दानीको ५० प्रतिशतसम्म मध्यवर्ती क्षेत्रमा खर्च गर्न थालिएको छ।

निकुञ्जभित्र बासस्थल राम्रो नहुँदा वन्यजन्तु मध्यवर्ती वन र खेतमा आउने र घटना हुने गरेको हो। यसका लागि स्थानीय जनतालाई जोखिमबाट जोगाउन सरकारले दिगो कार्ययोजना सहितको कार्यक्रम ल्याउनु पर्छ। आम्दानी र बजेट छुट्याएर मात्र सम्भव हुँदैन। पटिहानीमा कङ्क्रिट पर्खाल लगाएको क्षेत्रमा अहिले ढुक्कले खेतीपाती हुने गरेको मध्यवर्ती समितिका पूर्व अध्यक्ष शंकर महतो बताउँछन्। यस्ता कार्यक्रमलाई मध्यवर्ती क्षेत्रका अन्य स्थानमा पनि लागु गर्दै जान सकिन्छ।

सुरक्षाकर्मी र स्थानीय समुदायबिचको द्वन्द्व

मध्यवर्ती क्षेत्रको सुरक्षाको जिम्मा नेपाली सेनाको खड्गदल गणले लिएको छ। सोही क्षेत्रलाई आफ्नो जीविकोपार्जनको माध्यम बनाएका स्थानीय समुदायलाई सुरक्षाकर्मीले निकुञ्जको सुरक्षाको बाधक मान्दछ र स्थानीय समुदायको सामाजिक गतिविधिलाई बन्देज लगाउँदै आएको छ। चरिचन, घाँस, दाउरा, सातर, माछा तथा कन्दमूलको स्रोत साधनमा सुरक्षाकर्मी बाधक बन्दछ भने सुरक्षाकर्मीलाई स्थानीय जनतालाई थ्रेटकारूपमा लिएको छ।

कुसुम घटना

माडी नगरपालिका-९ मा रहेको कुसुमखोलामा निकुञ्जबाट खटिएका कर्मचारी र सैनिकको टोलीले कुसुमखोलाका काजीमानको पुर्ख्यौली घर र दीपबहादुरको घरमा २०७७ साउन ३ गते आगजनी गर्नुका साथै अन्य आठ ओटा घरमा घर हात्ती लगाएर भत्काउँदै बाँकी बस्ती पनि एक साताभित्र खाली गर्न आदेश दिएको थियो। दुई दशक अधिदेखि कुसुमखोलामा झन्डै २ सय घरधुरी रहेकामध्ये प्याउलीमा वडा नम्बर-९ कै राईडाँडामा र वडा ७ को परूईमा राखिएको थियो। तर, निकुञ्जको अवरोधका कारण कुसुमखोलाबाट विस्थापितको उचित व्यवस्था हुन सकेको छैन।

चेपाङहरूलाई नयाँ घर बनाउन बजेट विनियोजन भएको भए पनि निकुञ्ज प्रशासनले काम अघि बढाउन नदिँदा बजेट नै फ्रिज भएको छ। कुसुमखोलाबाट विस्थापित भएका र त्यहीँ बस्दै आएका विपन्नलाई व्यवस्थापन गर्न नगरपालिकाले पहिलो चरणमा प्रदेश सरकार, नगरपालिका र दाताको सहयोगमा ९० वटा घर निर्माण थालेको थियो। तर, निकुञ्जले काम अगाडि बढाउन दिएन। परोइ खोलाकिनारमा ५० वटा घर बनाउन पोल गाड्दै गर्दा निकुञ्जले रोक्यो। माडी नगरपालिका-९, राईटोलमा निकुञ्जको अवरोधबीच ६० ओटा घर निर्माण गरिएको छ।

कुसुमखमखोलाका चेपाङलाई निकुञ्जको जग्गाबाट विस्थापित गराएर नगरपालिकाले पुन: निकुञ्जकै जग्गामा ल्याएर राखेको छ। फेरि यहाँबाट विस्थापित हुनपर्ने उनीहरूको गुनासो छ। कतिपल्ट सुकुम्वासी हुने ?

माडी नगरपालिका वडा नं-८, इन्द्रबस्ती र साबिकको जीवनपुर आधारभूत विद्यालय नजिकैका ठाउँमा अस्थायी टहरा निर्माण गरी कुसुमखोलावासी बसाइँ सर्न थालेका छन् र हालसम्म सो क्षेत्रमा ९३ घरधुरी कुसुमखोलावासी बसाइँ सरिसकेका छन्। कुसुमखोलावासीहरू बसाइँ सरी आएको सो क्षेत्रमा घाँघर खोलाको कटान सम्भावना छ। त्यसको तटबन्ध, शुद्ध पिउने पानीको व्यवस्था र सुरक्षित बासको प्रबन्ध छैन।

चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने बाँदरझुलाको करिब १ हजार बिघामा ७ सय घरधुरी बसोबास गर्दै आएका छन्। दैवी प्रकोपका कारण सुकुमबासी बनेका बासिन्दा सो सार्वजनिक जग्गा अतिक्रमण गरी बसोबास गर्दै आएका हुन्। उनीहरूलाई जिल्ला वन कार्यालयले हटाउन कोसिस गरेको थियो। सो ठाउँ २०५३ सालमा निकुञ्जको मध्यवर्ती क्षेत्रमा परेपछि निकुञ्जले दुईपटक हटाउने प्रयास गरे पनि सफल भएको थिएन। विसं २०४८ तिरबाट सो ठाउँमा बस्ती बस्न सुरू गरेको हो।

माडीकै वाल्मीकि आश्रम वरिपरि बसोबास गर्दै आएका सुकुमबासी परिवारहरूको दैनिकी पनि कष्टकर बन्दै गएको छ। जग्गा पाउने आशमा २०२० सालदेखि बसोबास गर्दै आएका आठ घर सुकुमबासी रहेका छन्। चितवन राष्ट्रिय निकुञ्जसँग जोडिएको वाल्मीकि आश्रमको भूगोल चितवन जिल्लासँग जोडिएको भए पनि पूर्वी नवलपरासी विनयी त्रिवेणी गाउँपालिकाको त्रिवेणीधामदेखि नारायणी नदीमा डुङ्गाबाट मात्र जान सकिने अवस्था रहेको छ।

चेपाङहरू ३० औँ वर्षदेखि बसोबास गरी आएको यस क्षेत्र मध्यवर्ती क्षेत्रभित्र पर्दछ र उनीहरूलाई स्थानीय निकायले घरधुरी प्रमाण दिएको छ। मध्यवर्ती क्षेत्रमा बसोबास गर्न कानुनत: मिल्छ। चेपाङ समुदायले विभेद, असमानता, बहिष्करण, अन्याय भोगिरहेका छन् र उनीहरूको भूमि र स्रोत राज्यले हड्पेका कारण निरन्तर लोपोन्मुख बनाइएका छन्। नेपालको संविधानको धारा ३७ तथा आवासको हकसम्बन्धी ऐन २०७५ को दफा ३ र ७ ले आवासको हक सुरक्षित गरेको छ।

चितवन राष्ट्रिय निकुञ्ज त्यहाँका आदिवासी थारु, कुमाल, बोटे, माझी, चेपाङलाई विस्थापन गरी बनाइएको हो। मञ्जुरीबिना लिइएका जमिन फिर्ता पाउने, जमिनको बदला जमिन पाउने, त्यो काबुबाहिरको परिस्थिति परी फिर्ता दिन नसकिएमा त्यसको न्यायोचित क्षतिपूर्ति पाउने आदिवासीको अधिकार मानवअधिकारका कानुनहरूले प्रदान गर्दछन्।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ ले निकुञ्जको आम्दानीको ३० देखि ५० प्रतिशत रकम मध्यवर्ती क्षेत्र उपभोक्ता समितिलाई दिनसक्ने व्यवस्था गरेको छ। जसअनुसार चितवन राष्ट्रिय निकुञ्जका २२ वटा मध्यवर्ती उपभोक्ता समितिलाई वार्षिक ६ करोडभन्दा बढी रकम जान्छ। निकुञ्जबाट आउने रकममध्ये उपभोक्ता समितिले ३० प्रतिशत, संरक्षण कार्यक्रम र सामुदायिक विकास कार्यक्रमले ३० प्रतिशत, २० प्रतिशत आयआर्जन तथा सीप विकास कार्यक्रम र १०/१० प्रतिशत संरक्षण शिक्षा र प्रशासनिक काममा खर्च गर्नुपर्छ। सो रकम सुकुमबासी व्यवस्थापनमा खर्च गर्न नसकिने होइन।

मध्यवर्ती क्षेत्रमा माडी नगरपालिकाको सम्पूर्ण क्षेत्र २ सय १८ वर्गकिलोमिटर क्षेत्रफलमा मध्यवर्तीअन्तर्गत पर्छ। पछिल्लो समय प्राकृतिक स्रोतसाधन उपयोगको विषयमा माडी नगरपालिका र निकुञ्जबीच विवाद बढेको छ। मध्यवर्ती क्षेत्रमा तीनओटै तह आआफ्नै कानुनले शक्तिशाली छन्। क्षेत्राधिकार जुधेको छ, तर यस विषयमा छलफल गर्न समन्वय गर्ने कानुनी आधार छैन। तीनै तहले एकअर्कालाई टेर्दैनन् र एकअर्काको अस्तित्वलाई स्वीकारेको पाइँदैन। सबै पक्ष एकै ठाउँमा बसेर समस्याको समाधानका लागि पहल गर्ने साझा मञ्चको अभाव छ।

समुदाय र सुरक्षाकर्मीको सम्बन्ध

वन पैदावारका लागि निकुञ्ज क्षेत्रमा जाँदा हप्कीदप्की र कुटपिट गर्ने भएकाले सेनासँग स्थानीयको सम्बन्ध राम्रो थिएन। तर पछिल्ला वर्षहरूमा भने सेनासँग विगतको जस्तो तिक्तता नरहेको स्थानीय बताउँछन्। विगतमा स्थानीयसँग सेनाको सम्पर्क र संवाद नै नहुँदा आपसमा दूरी र बैरभाव थियो। पछिल्लो समय दुवैबिच सहकार्य मात्र बढेको छैन, सहयोग आदानप्रदान पनि हुन थालेको छ। संरक्षणमा स्थानीय समुदाय, नेपाली सेना र निकुञ्ज प्रशासनलाई मध्यवर्ती क्षेत्र कार्यक्रमले एकै ठाउँमा ल्याएसँगै निकुञ्ज प्रशासन र सेनासँग समुदायको तनाव घटेको हो। संरक्षण कार्यमा स्थानीयलाई प्रत्यक्ष सहभागी गराउन मध्यवर्ती क्षेत्रमा २२ ओटा उपभोक्ता समिति बनाइएको छ। यो रकम उपभोक्ता समितिले प्राथमिकताका आधारमा सामुदायिक विकास, सिंचाइ, संरक्षण तथा आयआर्जन, घाँसे मैदान व्यवस्थापन लगायतमा खर्च गर्ने गर्छ। यस वर्ष समितिहरूले १३ करोड पाए।

स्थानीयले निकुञ्ज क्षेत्रको संरक्षणमा सहकार्य गर्छन् भने निकुञ्ज प्रशासनले पनि स्थानीयको समस्यालाई सम्बोधन गर्छ। निकुञ्ज नजिकैका गाउँमा वन्यजन्तुबाट समस्या भए स्थानीयको सहयोगका लागि तत्काल सेना पुग्छ।

राष्ट्रिय निकुञ्ज र आदिवासी जनजाति

जैविक विविधतासम्बन्धी विज्ञहरूको अनुसार आदिवासी जनजातिहरूको आर्थिक जीवन प्राकृतिक स्रोतमा निर्भर हुन्छ। संस्कृति र प्रकृतिबिच अन्योन्याश्रित सम्बन्ध रहेको हुन्छ। तर, निजीकरण, भुमन्डलीकरण र खुला बजारीकरणजस्ता घातक पुँजीवादी अर्थ व्यवस्थाको अतिक्रमणले गर्दा जनजाति क्षेत्रका प्राकृतिक स्रोत र जैविक विविधताको अत्याधिक दोहन भएकोले समग्र वातावरणमा नै तीव्र ह्रास आएको छ। नेपालमा पनि आदिवासी जनजाति बसोवास गर्ने क्षेत्र प्राकृतिक स्रोत र जैविक विविधताका लागि अत्यन्त धनी मानिन्छ। चितवन राष्ट्रिय निकुञ्जमा बसोवास गर्ने रैथाने बासिन्दाहरू भनेका चेपाङ, थारू, दराई, माझी, बोटे, तामाङ आदि पर्दछन्। –प्राकृतिक स्रोत तथा जैविक विविधता संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय कानुनहरूमा आदिवासी जनजातिहरूको बसोवास क्षेत्रमा पाइने प्राकृतिक स्रोत तथा जैविक विविधताको उपयोगबाट प्राप्त लाभको बाँडफाँड गर्दा आदिवासी जनजातिहरूले पनि लाभको ५० प्रतिशत पाउनुपर्ने प्रावधान छ।

जीवन गुजाराको अन्य विकल्प केही नभएर सुकेर कुहिएका दाउरा बटुल्न, फलफूल/कन्दमुल खोज्न, तामाटुसा/सागपात टिप्न, लिसोपासो थाप्न तथा माछा मार्न राष्ट्रिय निकुञ्जको छेउछाउ पसेका चेपाङ माझी, बोटे, दराइ, थारू, तमाङ लगायतका गरीब तथा निमुखा आदिवासी जनजातिहरू निकुञ्जको चर्को दण्डसजायको भागी मात्र नबनेर निकुञ्ज सुरक्षाकर्मीको गोलीको निशाना बन्ने गर्छन्। वि.सं.२०७७ साउन १ गते चितवन राप्ती नगरपालिका वडा.नं. २ मा बसोवास गर्ने एकजना चेपाङ घोँगी कीरा खोज्न राप्ती नदीको छेउको खोलामा जादाँ राष्ट्रिय निकुञ्जको सुरक्षाकर्मीबाट निर्मम कुटाइ खाएर उनले ज्यान गुमाए। माडी नगरपालिका वडा.नं. ९ कुसुमखोला बस्ने चेपाङहरूको घरबस्ती २०७७ साउन ३ गते उनिहरूको पूर्व जानकारी बिना राष्ट्रिय निकुञ्जका सुरक्षाकर्मीहरू आएर वर्षाको समयमा जलाउने र भत्काउने गरी बिचल्लीमा पार्ने काम भयो।

अर्कोतर्फ वन जङ्गल र जलस्रोतमा पहुँचको अभाव भएपछि पार्क संरक्षित क्षेत्र तथा बफर जोनमा बसोबास गर्ने चेपाङ लगायतका समुदाय र वन्यजन्तुहरूबीच विभिन्न समयमा द्वन्द्व सिर्जना भइरहेको छ। बागमती प्रदेश अन्तर्गत चितवन राष्ट्रिय निकुञ्जको प्राकृतिक श्रोतमाथि भर पर्दै आएका उनीहरूलाई निकुञ्ज स्थापनापछि जल जमिन र जङ्गलमा आश्रित जीवनपद्धतिलाई निषेध गर्नेगरी सरकारले बनाएको वन संरक्षित क्षेत्रसम्बन्धी विभिन्न नियम कानुनले थप समस्या र चुनौती निम्त्याएको छ। त्यसैगरी संविधानसभा सदस्य तथा चेपाङ सङ्घको पूर्व अध्यक्ष गोविन्द राम चेपाङले राष्ट्रिय निकुञ्ज आसपास क्षेत्रमा बसोवास गर्ने थारु कुमाल, बोटे माझी तथा चेपाङ जातिलाई राष्ट्रिय निकुञ्जले विभेद गरेको बताउँछन्।

अन्तर्राष्ट्रिय अभ्यास

आदिवासी जनजातिको अधिकारसम्बन्धी अर्न्तराष्ट्रिय श्रम सङगठन महासन्धी-१६९ मा विकासको वा कुनै पनि भौतिक निर्माणको नाममा आदिवासी जनजातिहरूलाई उनीहरूको पुर्ख्यौली भूमिबाट विस्थापन गर्न नपाइने प्रावधान छ। राज्यले आदिवासी जनजातिहरूलाई आफ्नो पुर्ख्यौली भूमिबाट विस्थापन गर्नेपरे उनीहरूको पूर्व सुसूचित सहमतिमा उचित क्षतिपूर्ति दिएर मात्र विस्थापन गर्नुपर्ने उल्लेख छ। तर, चितवन राष्ट्रिय निकुञ्जले पदमपुरबाट त्यहाँ पुस्तौंदेखि बसोवास गर्दै आएका चेपाङहरूलाई उनीहरूको सहमति र उचित क्षतिपूर्ति विना पूरै गाउँ विस्थापन गरेको घटना पनि छ। त्यस विस्थापनबाट उनीहरूको आर्थिक जीवन तथा भाषा संस्कृति र जातीय पहिचानमा के असार पर्छ भन्ने बारे राज्य संवेदनशील देखिएन। माडी नगरपालिका वडा.नं. ९ कुसुमखोला बस्ने चेपाङ्हरूको घरबस्ती उनीहरूको पूर्व जानकारी बिना ०७७ साउन ३ गते राष्ट्रिय निकुञ्जका सुरक्षाकर्मीहरू आएर जलाउने र भत्काउने काम भयो। राज्य यो घटनामा पनि संवेदनशील देखिएन।

समस्या समाधानका लागि नयाँ ऐन कानुन निर्माणको आवश्यकता

चेपाङ, बोटे माझी कुमाल थारुलगायत अति सिमान्तकृत समुदाय पुस्तौंदेखि वन, जङ्गल तथा नदी किनारका छेउमा बसोबास गर्दै आएका छन्। विशेषगरी वन, जल, जमिन र जङ्गलमा आदिवासी जनजाति आश्रित छन्। तर, सरकारले जैविक विविधता संरक्षण पद्धतिको अभ्यास सुरु गरेपछि ती अति सिमान्तकृत चेपाङ लगायतका समुदायको अवस्था, बसोवास र जीवनशैली भने जोखिममा परेको छ। किनकी वन जङ्गल र जलस्रोतमा पहुँचको अभाव भएपछि पार्क संरक्षित क्षेत्र तथा बफरजोनमा बसोबास गर्ने चेपाङ लगायतका समुदाय र वन्यजन्तुहरूबीच विभिन्न समयमा द्वन्द्व सिर्जना भइरहेको छ। चितवन राष्ट्रिय निकुञ्जको प्राकृतिक स्रोतमाथि भर पर्दै आएका उनीहरूलाई निकुञ्ज स्थापनापछि जल जमिन र जङ्गलमा आश्रित जीवनपद्धतिलाई निषेध गर्नेगरी सरकारले बनाएको वन संरक्षित क्षेत्रसम्बन्धी विभिन्न नियम कानुनले थप चुनौतीहरू खडा गरेको छ। संरक्षित क्षेत्रमा आदिवासी समूहको पुर्ख्यौली बासस्थान रहेको कुरा त स्थापित भएको छ। तर, सो क्षेत्रमा पार्क तथा संरक्षित क्षेत्र निषेधित गरिनुले उनीहरूको बासस्थान, अस्तित्व र जीवनशैलीमाथि ठूलो समस्या सिर्जना भएको हो।

मध्यवर्ती क्षेत्रमा भएको समस्याका नाममा सरकारले गर्ने कामको अवस्था

मध्यवर्ती क्षेत्रमा आउने बजेट विभिन्न पाँच शीर्षकमा खर्च हुन्छ। सामुदायिक विकासमा ३० प्रतिशत, संरक्षण कार्यमा ३० प्रतिशत, आयआर्जन र सीप विकासमा २० प्रतिशत, संरक्षण र शिक्षामा १० प्रतिशत र मध्यवर्ती उपभोक्ता समितिहरूको प्रशासनिक काममा १० प्रतिशत खर्च हुन्छ। जङ्गली जनावरले स्थानीयको ज्यान लिएमा मृतकका परिवारले राहत स्वरुप १० लाख रुपियाँ पाउँछन्। घाइतेले उपचार खर्च पाउँछ। मेघौली आसपास ४५ प्रतिशत थारुहरू छन्। थारुलाई मर्दा, पर्दा, हरेक धार्मिक, साँस्कृतिक पर्व र कार्यमा माछा चाहिन्छ। निकुञ्जभित्र हैन मध्यवर्तीकै घोला खोल्सामा पनि माछा मार्न पाइन्न। मध्यवर्ती व्यवस्थापन समितिका वर्तमान अध्यक्ष प्रकास ढुङ्गानाले राहत र क्षतिपूर्तिको प्रकृया सहज बनाउने, कम भएको रकम बढाउने काम गर्न आवश्यक रहेको बताए।

भरतपुर महानगरपालिकाको वडा नम्बर १३ र २२ मा पर्ने पटिहानी राप्ती किनारका बोटे समुदायका हरेक व्यक्तिहरू खोला र नदीमा माछा मार्न पाउनुपर्ने आफ्नो परम्परागत पेशामा सरकारी हस्तक्षेप नहोस् भन्ने चाहान्छन्। उनीहरूको पितापुर्खाले माछा मार्दै आएको खोला अहिले चितवन राष्ट्रिय निकुञ्जको

सीमानाभित्र पर्दछ। जहाँ निकुञ्जले दिने अनुमतिपत्र भएकाले मात्रै माछा मार्न पाउँछन्। भरतपुर महानगरपालिका-२२ को बोटे टोलमा झण्डै ६८ घरधुरी छन्। महानगरपालिकाको सबैभन्दा ठूलो बोटे बस्ती यही भएको वडाध्यक्ष विष्णुराज महतोले बताए। पटिहानी राप्ती किनारमा झण्डै १ सय घर अल्पसङ्ख्यक आदिवासी बोटे समुदायहरूको बसोबास छ। माछा मार्नु बोटेहरूको परम्परागत पेसा भएको र निकुञ्जले यसमा बन्देज लगाएको नेपाल बोटे समाज चितवनकी अध्यक्ष इन्दिरा बोटेको आरोप छ। लाइसेन्स हुनेले मात्रै निश्चित सर्त र समय सीमाभित्र रहेर माछा मार्न पाउँछन्। त्यसैले सबै बोटे समुदायका सबैले माछा मार्न पाउँदैनन्।

सुझावहरू

१. वन्यजन्तु गाउँ प्रवेशमा रोक लगाउन आरसीसी सहितको मेस जालीको पर्खाल लगाउने।

२. निकुञ्जभित्र वन्यजन्तुलाई पर्याप्त हुने गरी घाँसे मैदान र खानेपानीको व्यवस्था गर्ने।

३. जैविक विविधता संरक्षण र पर्यटन विकासवारे स्थानीय जनताबिच सचेतना कार्यक्रम सञ्चालन गर्ने।

४. निकुञ्ज, सुरक्षा निकाय र स्थानीय जनताको सहकार्यमा संरक्षण एवम् विकासका योजना, कार्यान्वयन र अनुगमन गर्ने।

५. वन्यजन्तु पीडित जनतालाई पर्याप्त क्षतिपूर्तिको व्यवस्था गर्ने।

६. आवश्यक स्थानमा सुरक्षा पोष्ट थप गरी गस्ती बढाएर चोरी शिकारी, अवैधानिक वन प्रवेश, प्राकृतिक स्रोतहरूको दोहन तथा निकुञ्ज एवम् सामुदायिक वन अतिक्रमण रोक्ने।

७. संरक्षित क्षेत्रमा के गर्न हुन्छ, के गर्न हुँदैन भन्ने बारे आचार संहिताको होडिङ बोर्ड राख्ने।

८. निकुञ्ज तथा मध्यवर्ती ऐन, नियम समयसापेक्ष परिवर्तन गर्ने।

९. स्थानीय समुदायहरूका लागि यस्ता नयाँ रोजगारीका अवसरहरूको सिर्जना गर्ने।

१०. घरपालुवा जनावरको बीमा सरकारले गर्ने।

निकुञ्जका सरक्षाकर्मीलाई व्यक्ति हत्याको कसुरमा सजाय

राप्ती नगरपालिका-२ का २४ वर्षीय राजकुमार चेपाङको मृत्यु भएको घटनामा चितवन राष्ट्रिय निकुञ्ज सुरक्षार्थ खटिएका सुरक्षाकर्मी चिरणकुमार बुढालाई दोषी ठहर गर्दै जिल्ला अदालत चितवनले ०७८ असार २८ गते ९ महिना कैद हुने फैसला सुनाएको छ। न्यायाधीश गायत्री रेग्मीको इजलासले आंशिक अभियोग दावी पुग्ने भन्दै आरोपित बुढालाई नौ महिना कैद, ९ हजार जरिबाना र २ लाख रुपियाँ क्षतिपूर्ति भराउने फैसला गरेको हो। मनसायपूर्वक हत्या भनी कर्तव्य ज्यान मुद्दा दर्ता भएकोमा भवितव्य भनी अदालतले फैसला सुनाएको चितवन जिल्ला अदालतका श्रेष्स्तेदार ईश्वर आचार्यले बताए। मृतक चेपाङसहित सात जना स्थानीय मध्यवर्ती क्षेत्रभित्र पर्ने निकुञ्ज क्षेत्रमा ०७७ साउन १ गते निउरो र घुँगी खोज्न भनी गएको अवस्थामा निकुञ्जका सुरक्षाकर्मीले नियन्त्रणमा लिई यातना दिनुका साथै कुटपिट गरेका थिए। चितवन राष्ट्रिय निकुञ्जको सुरक्षार्थ खटिएका बुढाको कुटपिट तथा यातनाका कारण पीडित राजकुमार चेपाङको साउन ८ गते मृत्यु भएको थियो।

हुद्दा दर्जामा कार्यरत नेपाली सेनाका कर्मचारी चिरणकुमार बुढाविरुद्ध मृतक राजकुमारका बुवा विष्णुलाल चेपाङले ०७७ भदौ २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए। यस अघि साउन ८ गते पीडित परिवारले राजकुमारको मृत्यु निकुञ्ज सुरक्षाकर्मीको कुटपिट तथा यातनाबाट भएको भन्दै दिएको उजुरी जिल्ला प्रहरी कार्यालय, चितवनले साउन ११ गते दर्ता गरेको थियो। मृतक राजकुमार चेपाङको बुवाले भदौ २५ गते भने नामै किटेर उजुरी दिएपछि प्रहरीले मुद्दा प्रक्रिया अघि बढाएको थियो। आरोपित बुढालाई प्रहरीले असोज १२ गते गिरफ्तार गरेको थियो। मृतकको परिवारलाई चितवन राष्ट्रिय निकुञ्जले ७ लाख, र राप्ती नगरपालिकाले ३ लाख रुपियाँ राहत उपलब्ध गरायो। अति विपन्न सीमान्कृत समुदायका परिवारको लागि राप्ती नगरकै उपप्रमुख इमानसिंह लामाले निजी खर्चबाट घरसमेत बनाइदिएका छन्। उक्त घटनाको इन्सेक, एड्भोकेसी फोरम लगायतका मानव अधिकारवादी संस्थाहरूले स्थलगत अनुगमन गरी घटनामा संलग्नलाई कारबाही, पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन तथा यस्ता घटना दोहोरिन नदिन आवश्यक व्यवस्था गर्न राष्ट्रिय मानव अधिकार आयोग मार्फत सरकारको ध्यानाकर्षण गराउँदै प्रतिवेदन सार्वजनिक गरेका थिए।

सन्दर्भ सामग्री

- https://ratopati.com/story/213432/2021/12/29/chitwan-national-park?fbclid=IwAR0IfctaJfirAnsDsgWOXrrWLs0B1ItYlnTM-2Z_opj7axnII-6n0dYL9fM
- https://www.himalkhabar.com/news/111720
- https://bit.ly/34pLah8
- https://bit.ly/3uhExZ7
- https://moolbato.com/2020/07/34253/
- https://bit.ly/35u7bMf
- https://dnpwc.gov.np/ne/conservation-area-detail/78/
- https://dnpwc.gov.np/ne/publication-detail/6/
- https://bit.ly/3Gk3Zjh
- https://bit.ly/3ocGq5K
- https://bit.ly/3KZjYGWhttps://bit.ly/32R2lrE
- https://www.nayapatrikadaily.com/news-details/68641/2021-08-12
- https://nepallive.com/story/270619
- राष्ट्रिय निकुञ्ज ऐन, निकुन्जको वार्षिक प्रतिवेदन,
- चितवन राष्टिय निकुञ्ज कार्यालय
- चितवन दर्पण पुस्तक, २०७८

परिच्छेद ३

३.४ पोखराको पर्यटन क्षेत्रमा कोभिड-१९ को प्रभाव

पृष्ठभूमि

सन् २०२० को शुरुवातसँगै विश्वभर फैलिएको कोभिड-१९ को महामारीले नेपालमा समेत अनपेक्षित मानवीय एवम् आर्थिक क्षति पुऱ्याएको छ। महामारी शुरु हुनसक्ने आँकलनसहित नेपाल सरकारले २०७६ चैत ११ देखि २०७७ साउन ६ गतेसम्म देशभर बन्दाबन्दी जारी गऱ्यो। जसका कारण जम्मा २० लाख पर्यटक भित्र्याउने उद्देश्यका साथ घोषणा गरिएको नेपाल भ्रमण वर्ष २०२०, सुरुवाती चरणमै स्थगित हुन पुग्यो। नेपाल भ्रमण वर्षका लागि राज्यले यथेष्ट लगानी गरे तापनि त्यसको प्रतिफल भने लिनसक्ने अवस्था रहेन। विश्वव्यापी रूपमै बजार अर्थतन्त्रमा गम्भीर असरहरू देखा परिरहँदा वस्तु तथा सेवाको उत्पादन र विनिमय समेत प्रभावित भयो। बन्दाबन्दीको घोषणाले सडक तथा हवाइयातायात आवातजावतका क्षेत्रमा समेत असर पऱ्यो। होटल, रेष्टुरेन्ट, हाइकिङ, ट्रेकिङ, पर्वतारोहण तथा अन्य साहसिक पर्यटनमा समेत अवरोध हुँदा मूलत: अघिल्लो दुई वर्षको तुलनामा सन् २०१९ मा विदेशी पर्यटक आगमनमा २.१ प्रतिशतले बढेकोमा सन् २०२० मा यस्तो आगमन ८०.८ प्रतिशतले घटेको देखिन्छ।

सोही अवधिमा पर्यटन क्षेत्रबाट हुने विदेशी मुद्रा आर्जनमा करिब ७० प्रतिशतले कमी आएको छ। सन् २०१९ मा कुल विदेशी पर्यटक आगमनको सङ्ख्या ११ लाख ९७ हजार १ सय ९१ रहँदा सो सङ्ख्या सन् २०२० मा २ लाख ३० हजार ८५ र सन् २०२१ मा ३२ हजार ९९७ जनामा मात्र सीमित भएको देखिन्छ। तुलनात्मक रूपमा अघिल्लो वर्षमा भन्दा यो वर्षमा मात्रै ८० प्रतिशतले यो सङ्ख्यामा कमी आएको छ। त्रिभुवन विमानस्थलमा अन्तर्राष्ट्रिय उडानतर्फ यात्रु आगमनको सङ्ख्या करिब ७३ प्रतिशतले घट्दा सन् २०२० को अन्तसम्ममा २४ अर्ब ९५ करोड ५९ लाख आम्दानी भइरहँदा यो अघिल्लो वर्षको सोही अवधिको तुलनामा ७० प्रतिशतले कमी हो। उक्त अवधिभर आधारभूत क्रियाकलाप बाहेकका सबै आर्थिक क्रियाकलापहरू ठप्प भए। २०७७ मङ्सिर मसान्तसम्म स्थानीय सरकारले गरेको पूर्ण तथा आंशिक बन्दाबन्दीका कारण आर्थिक कृयाकलापहरू आंशिक रूपमा मात्रै सञ्चालन भए।

नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले कोभिड-१९ ले अर्थतन्त्रमा पारेको प्रभावसम्बन्धमा २०७७ असारमा सार्वजनिक गरेको सर्वेक्षण प्रतिवेदन अनुसार बन्दाबन्दीको अवधिमा मुलुकभर ६१ प्रतिशत उद्योग/व्यवसायहरू पूर्ण रूपमा बन्द रहेको पाइएको छ। प्रतिवेदनमा ३९ प्रतिशत उद्योग/व्यवसाय पूर्ण वा आंशिक रूपमा सञ्चालनमा रहेका, उद्योग/व्यवसायीहरूले झण्डै एक चौथाइ कामदार/कर्मचारी कटौती गरेका, कामदार/कर्मचारीहरूको औसतमा १८.२ प्रतिशतले तलब कटौती भएको तथा उक्त अवधिमा ९६.७ प्रतिशत उद्योग/व्यवसायहरूको उत्पादन/कारोबार ७३.८ प्रतिशतले घटेको पाइएको छ। अधिकांश उद्योग/व्यवसायहरू पूर्णरूपमा बन्द रहनुले बन्दाबन्दीले अर्थतन्त्रमा गहिरो असर पारेको देखिन्छ। कोभिड १९ को महामारीको कारण आ.व. २०७६/७७ मा नेपाली अर्थतन्त्र २.१ प्रतिशतले सङ्कुचन हुन गयो।

कोभिडले खासगरी, खानी तथा उत्खनन, उत्पादनमूलक उद्योग, होटल तथा रेष्टुरेण्ट र यातायात, भण्डारण तथा सञ्चार क्षेत्रको वृद्धिदर नकारात्मक रहन गयो। मुलुकमा गरिएको करिब आठ महिना लामो बन्दाबन्दी/निषेधाज्ञाबाट नेपालको पर्यटन क्षेत्र सबैभन्दा बढी प्रभावित बन्न पुग्यो। विश्व बैङ्क (२०२०) को "कोभिड-१९ र दक्षिण एसियामा पर्यटन अन्तरगत दिगो क्षेत्रीय परिणामका लागि अवसर" नामक प्रतिवेदनमा कोभिड-१९ ले दक्षिण एसियाको पर्यटन क्षेत्रको करिब ४७.७ मिलियन रोजगारीमा असर गरेको र त्यसमा कतिपय महिला तथा पिछडिएका समुदायले काम गर्ने अनौपचारिक क्षेत्र समेत रहेको उल्लेख छ। कोभिडका कारण पर्यटन क्षेत्रको कुल गार्हस्थ उत्पादनमा अमेरिकी डलर ५० मिलियन भन्दा बढी ह्रास आउने अनुमान

गरिएको छ। साना तथा मझौला उद्योगलाई जोगाउन तथा रोजगारी सुरक्षित गर्न सरकारले आकस्मिक कार्यक्रमहरू पहिले नै अबलम्बन गरेको पाइएको भनि उल्लेख छ। दक्षिण एसियाली मुलुकले सङ्कट उन्मुक्तिका लागि योजना बनाउँदा पर्यटन क्षेत्रलाई रणनीतिक रूपमा सोच्न र नीतिहरू कार्यान्वयन गर्दा पर्यटन उद्योगलाई सुधार गर्ने अवसरका रूपमा लिनुपर्ने कुरा प्रतिवेदनमा उल्लेख छ।

कोभिड-१९ को विश्वव्यापी महामारी शुरु भएपछि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमै पर्यटकहरूको आवागमनमा लगाइएको बन्देजका कारण पर्यटन क्षेत्र बढी प्रभावित हुन गएको हो। प्रकोपबाट पर्यटन क्षेत्रबाट जीविकोपार्जन गरिरहेका मजदुर र उनीहरूका आश्रित परिवारजनको मानव अधिकार खासगरी निःशुल्क स्वास्थ्य सेवा प्राप्त गर्ने हक, रोजगारीको हक, शिक्षाको हक, स्वतन्त्रतापूर्वक हिँडडुल गर्न पाउने हक, व्यापार व्यवसाय जस्ता आर्थिक अधिकार हनन् भएका छन्।

देशकै प्रमुख पर्यटकीय गतन्व्यको रूपमा रहेको पोखराका विभिन्न पर्यटकीय क्षेत्रमा आवद्ध रहेका मजदुर तथा श्रमिकहरूको अवस्थाका बारेमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले मानवअधिकार वर्ष पुस्तक सन् २०२२ का लागि पोखराको पर्यटन क्षेत्रका मजदुरहरूको रोजगार र जिविकामा कोभिड-१९ को प्रभाव विषयमा रहेर गरिएको अध्ययनको प्रतिवेदनलाई प्रस्तुत गरिएको छ।

यस अध्ययनले होटल तथा रेष्टुरेष्ट व्यवसायमा आवद्ध रहेर रोजगारी गुमाएका श्रमिकहरूको कोभिड १९ पछिको अवस्थाको विश्लेषण समेटेको छ। श्रमिकहरूको शिक्षा, स्वास्थ्य, खाद्य, आर्थिक अधिकारका क्षेत्रमा ठूलो असर परेको छ। श्रमिकहरू मात्रै नभई उनीहरूसँग आश्रितहरूको अवस्थाका बारेमा समेत अध्ययनमा समेटिएको छ। यस अध्ययनले पर्यटन क्षेत्रमा आश्रितहरूको अवस्था र पहिचान, राज्यले बनाउने नीति तथा कार्यक्रममा पर्यटन क्षेत्रका मजदुरहरूको समस्यालाई समेट्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास छ।

उद्देश्य

पर्यटन क्षेत्रमा प्रत्यक्ष रोजगारीमा रहेका श्रमिक तथा मजदुरका साथै उनीहरूसँग आश्रित परिवारजनको अवस्थाका विषयमा अध्ययन गरी उनीहरूको अधिकारलाई प्रत्याभूत गराउन सरोकारवालाहरूलाई सुझाव दिनु हो। अध्ययनको उद्देश्य निम्नानुसार रहेका छन्।

१. कोभिड १९ ले प्रभाव पारेको पोखराका पर्यटन क्षेत्रका मजदुरहरू र उनीहरूमा आश्रितहरूको अवस्था सार्वजनिक गर्ने।
२. यस अवधिमा सरकार र पर्यटन सम्बद्ध सरोकारवालाहरूबाट श्रमिक तथा मजदुरहरूको सुरक्षा र संरक्षणमा गरिएका प्रयाससम्बन्धी कदमका बारेमा विश्लेषण गर्ने।
३. यस अध्ययनबाट आएका निष्कर्षहरूको आधारमा सुझाव तयार गरी कार्यान्वयन गर्न सम्बन्धित निकायहरूमा वकालत गर्ने।
४. पर्यटन व्यवसायको पुनरुत्थानको लागि उपयुक्त सुझावहरू पेश गर्ने।

अध्ययनको विधि

यस अध्ययनमा प्राथमिक र द्वितीय स्रोतबाट तथ्याङ्क, विवरण एवम् जानकारीहरू सङ्कलन गरिएको छ। प्राथमिक तथ्याङ्कमा कोभिड १९ पछि पर्यटन क्षेत्रबाट रोजगारी गुमाएका मजदुर र पर्यटन क्षेत्र व्यवसायी, सङ्घ संस्थाका प्रमुख तथा प्रतिनिधिहरूसँग प्रश्नावली सर्वेक्षणको माध्यमबाट आवश्यक तथ्याङ्क र जानकारी लिइएको छ। साथै पर्यटन मजदुर सम्बद्ध सङ्घसङ्गठनहरू र सरोकारवालाहरूसँग सामूहिक छलफलका माध्यमबाट समेत जानकारी लिइएको छ। कोभिड १९ प्रकोपपछि सञ्चार माध्यममा प्रकाशित लेख, रचना र समाचारहरूलाई द्वितीय स्रोतको रूपमा लिइएको छ। यसैगरी, इन्सेकअनलाइनमा प्रकाशित कोभिड रिपोर्टलाई पनि द्वितीय स्रोतका रूपमा लिइएको छ।

अध्ययनको सीमा

यो अध्ययन पोखराको पर्यटन क्षेत्रमा आवद्ध मजदुरहरूबारे केन्द्रित रहेको छ। पोखराको पर्यटन क्षेत्र धेरै फराकिलो रहे पनि यस अध्ययनले थोरै क्षेत्रलाई मात्र समेट्न सकेको छ। पर्यटन क्षेत्रका मजदुरहरूको रोजगार र जीविकामा कोभिड १९ को प्रभाव न्यूनीकरण गर्न प्रदेश तथा स्थानीय सरकारले ल्याएको नीति, कार्यक्रम र प्रतिबद्धताको कार्यान्वयनको अवस्था बारे अध्ययन केन्द्रित छ। लकडाउनका कारण रोजगारी गुमाएका व्यक्तिलाई परेको असरबारे अध्ययन केन्द्रित छ ।

अध्ययन सर्वेक्षणका लागि नमूना छनौट

यो अध्ययनमा प्राथमिक स्रोतबाट तथ्याङ्क सङ्कलन गर्ने प्रयोजनका लागि कास्की जिल्लाको पोखरामा रहेका पर्यटन व्यवसायलाई प्रकृतिका आधारमा (क) होटल तथा रिसोर्ट (ख) रेष्टुरेण्ट तथा बार (ग) प्याराग्लाइडिङ कम्पनीहरू (घ) पदयात्रा व्यवसायमा संलग्न मजदुर ङ) डुङ्गा व्यवसायी र उनीहरूसँग आश्रितहरूलाई चार समूहमा विभाजन गरिएको छ।

होटल तथा रिसोर्टमा कार्यरत मजदुर

नेपाल होटल सङ्घ गण्डकी प्रदेश समितिका अनुसार पोखरा महानगरपालिकामा पर्यटक स्तरीय होटलको सङ्ख्या ७ सयजति छन्। तीमध्ये ५ सयको आफ्नै भवन छ भने करिब २ सय होटेल भाडाका घरमा सञ्चालित छन्। यस वर्गका होटेलहरूमा एक कोठाको लागि सरदर दुईजना कामदारका आधार लगभग १२ हजार ९ सय २८ जनाको रोजगारी प्रति दिन सिर्जना गरेको अनुमान छ *(होटल एशोसिएसन अफ नेपाल, २०२०)*। कोभिड १९ को सङ्क्रमणपछि यो सङ्ख्या घटेको समितिले जनाएको छ। हाल यसको एकीन तथ्याङ्क भने उपलब्ध छैन।

रेष्टुरेण्ट तथा बार

पोखरामा पर्यटकीय स्तरको १ सय रेष्टुरेण्ट तथा बार छन्। सामान्य खानपिनदेखि मनोरञ्जन प्रदान गर्ने लेकसाइडस्थित दोहोरी र डान्स बारहरू पनि यसमा समावेश रहेछन् । नेपाल रेष्टुरेण्ट तथा बार एशोसिएसन (रेबान) का अनुसार सन् २०१९ को अन्त्यसम्म एक रेष्टुरेण्ट तथा बारमा सरदर न्यूनतम १५ जनाका दरले लगभग १ हजार ५ सय जना कर्मचारी सलंग्न रहेका थिए । सञ्चालक, वेटर, कुक, मनोरञ्जनमा आवद्ध कर्मचारी, सफाइ कर्मचारी तथा सुरक्षा गार्ड गरी यस क्षेत्रका १ सय आठ कम्पनीको लगभग २ हजारले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा रोजगारी पाएका थिए, *(नेपाल बार एण्ड रेष्टुरेण्ट एशोसिएसन २०२०)।*

पदयात्रा व्यवसाय र सेवा

पर्यटन कार्यालय पोखरामा २ सय १२ पथप्रर्दशक व्यवसायी कम्पनीहरू (ट्रेकिङ एजेन्स) दर्ता छन्। पर्यटन कार्यालयको अनुसार यस क्षेत्रले १ हजार २ सय ७२ जनालाई प्रत्यक्ष रूपमा स्थायी रोजगारी सिर्जना गरेको छ भने अप्रत्यक्ष रूपमा अस्थायी रोजगारी लगभग दुई गुणा बढी रहेको छ। ट्रेकिङ गाइड, पोर्टर र व्यवस्थापकहरू आवद्ध रहेको यो क्षेत्रले तीन दिनदेखि २५ दिनसम्मको पदयात्रा आयोजन गर्ने गर्छ। विशेष गरी पर्वतीय क्षेत्रमा कार्य गर्ने यो व्यवसायले सो क्षेत्रका साना होटलहरूलाई पनि रोजगारी प्रदान गर्ने गर्दछ। आन्तरिक भन्दा बाह्य पर्यटकहरूले यो क्षेत्रमा बढी चासो राख्ने गरेका छन्। कोभिड १९ ले यो क्षेत्रलाई नराम्ररी प्रभावित गरेको छ। सामान्यतया असोज, कात्तिक तथा माघ, फागुन र चैत्र महिना गरी वर्षमा दुईपटक ट्रेकिङ व्यवसायको लागि राम्रो समय मानिन्छ। नेपाल ट्रेकिङ एजेन्ट एशोसिएशन गण्डकी प्रदेश कार्यालय, पोखराले उपलब्ध गराएको विवरण अनुसार विगत पाँच वर्षमा पदमार्ग व्यवसाय वृद्धिदरमा असामान्य प्रवृति देखिन्छ। सन् २०१९ सालको कारोबारको आधारमा यस व्यवसायले प्रतिदिन ६३ हजार ८७५ को कारोबार हुने र बन्दाबन्दीको घोषण पछिका चार महिनामा लगभग पाँच करोड २२ लाख ७३ हजार ९७२ रुपियाँ बराबरको कमी आएको अनुमान गरिएको छ, *(नेपाल ट्रेकिङ एजेन्सी, २०२०)*।

प्याराग्लाइडिङ

प्याराग्लाइडिङ र अल्ट्रालाइट सेवा प्रदायक कम्पनीहरूको सङ्गठित संस्थालाई नेपाल हवाइ खेलकुद संस्था नामले चिनिन्छ। पोखरामा प्याराग्लाइडिङ कम्पनीहरू ६० ओटा दर्ता भए पनि हाल ५७ ओटा व्यापारिक प्रयोजन र तीन ओटा तालिम प्रदायक निकायको रूपमा कार्यरत छन्। एउटा पाइलटले एक दिनमा बढीमा तीनपटक उडान भर्ने गर्दछन्। हवाइखेलकुद सामान्यतया मौसममा निर्भर रहन्छ। सालभरमा ६ महिना मात्र राम्रो कारोबार हुने गर्दछ। यस क्षेत्रका कम्पनीहरूमा सरदर ६ ओटा प्याराग्लाइडर छन् । यिनीहरूमा सरदर १५ जनाले रोजगारी पाउँछन्। यही आधारमा यस क्षेत्रमा न्यूनतम ९ सय ७५ जना रोजगारीमा संलग्न भएको अनुमान गर्न सकिन्छ।

डुङ्गा व्यवसाय

पोखराका फेवा, बेगनास, र रूपा तालमा डुङ्गा सेवा व्यवसायिक रूपमा सञ्चालनमा छन्। पोखराको फेवाताल पर्यटकका लागि प्रमुख गन्तव्य हो। डुङ्गा सयर गर्न फेवातालका आठ घाटहरूमा काठको

सङ्घसंस्थाको तथ्याङ्क अनुसार पोखरामा यस क्षेत्रमा अस्थायी र स्थायी रोजगारीमा आबद्ध रहेकाहरूको सङ्ख्या			
क्र.सं.	क्षेत्र	सङ्ख्या	रोजगार पाएकाहरू
१	होटल तथा रिसोर्ट	७००	१२, २९८
२	रेष्टुरेण्ट तथा बारमा रात्रिकालिन व्यवसायी	१००	२,०००
३	प्यारागलाइडिङ	६५	१,०००
४	ट्रेकिङ व्यवसाय	१५९	१२७२
५	डुङ्गा व्यवसायी (फेवाताल)	७६७	३५०
	जम्मा	१,७९१	१६९२०
स्रोत : होटल व्यवसायी सङ्घ, गण्डकी			

७ सय २६ थान र पाइलट बोट ४१ थान गरी कुल ७ सय ६७ थान व्यावसायिक डुङ्गाहरू पर्यटक पर्खेर बसेका हुन्छन्। यसै मध्येका दुई ओटा डुङ्गा आपतकालीन उद्धारका लागि छुट्याइएको छ। यस बाहेक जलहारी परिवारले निजी रूपमा माछा मार्नका लागि ८० डुङ्गा राखेका छन्। यस व्यवसायमा लगभग ४ सय ५५ घर परिवार संग्लन छन् भने ३ सय ५० जनाले रोजगारी पाएका छन्,*(फेवाताल डुङ्गा व्यवसायी सङ्गठन,२०२०)*।

सम्बन्धित सङ्घसंस्थाको तथ्याङकअनुसार पोखरामा यस क्षेत्रमा अस्थायी र स्थायी रोजगारीमा आबद्ध रहेकाहरूको सङ्ख्या तालिकामा उल्लेख छ।

तथ्य तथ्याङ्क

नेपाल आउने पर्यटक मध्ये करिब ४० प्रतिशत पर्यटक गण्डकी प्रदेशमा आउने गर्दछन्। वार्षिक रूपमा आन्तरिक र बाह्य गरी करिब १० लाख पर्यटक भित्रिने यो प्रदेशमा पर्यटकको बसाइ अवधि औसत पाँच दिन अनुमान गरिएको छ। जहाँ विदेशी पर्यटकले प्रतिदिन ५४ डलर र आन्तरिक पर्यटकले प्रतिदिन ५ हजार खर्च गर्दछन्। पर्यटन क्षेत्रले प्रदेशमा सिर्जित कूल ६ लाख ६ हजार रोजगारी (लेवर फोर्स सर्वे, सन् २०१९) मध्ये लगभग ९० हजार अर्थात् १५ प्रतिशत रोजगार सिर्जना गरेको र प्रदेशको कूल गार्हस्थ्य उत्पादनमा १० प्रतिशत योगदान पुऱ्याएको आकलन छ। (प्रथम पञ्चवर्षीय योजना, नीति तथा योजना, गण्डकी प्रदेश)। आर्थिक वर्ष २०७५/७६ मा होटेल तथा रेष्टुरेन्टहरूको कुल राष्ट्रिय ग्राहस्थ्य, उत्पादन ५६ अर्ब २७ करोडमा गण्डकी प्रदेशको हिस्सा ११ अर्ब १५ करोड अर्थात १९.६ प्रतिशत रहेको थियो *(केन्द्रीय तथ्याङ्क विभाग सन् २०१९)*।

पर्यटन क्षेत्रलाई उत्थान गर्न घोषित कार्यक्रमहरू

पर्यटन पुनरुत्थान कार्यक्रम

प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशले जारी गरेको आर्थिक वर्ष २०७७/७८ को वार्षिक नीति तथा कार्यक्रमका अनुसार प्रदेशको पर्यटन क्षेत्रको दिगो विकास र व्यवस्थापन गर्न पर्यटन नीति र पर्यटन गुरुयोजना तर्जुमा गरिने रहेको छ। प्रदेश समृद्धिको आधार, दिगो पर्यटन विकासको दीर्घकालीन सोचका साथ पर्यटन पुनरुथान र प्रर्वद्धनका कार्यक्रम सञ्चालन गरी रोजगारी सृजना, आर्यआर्जनमा वृद्धि, गरीबी निवारण, कृषि तथा औद्योगिक, उत्पादन वृद्धि र सबल अर्थतन्त्र निर्माण गर्ने नीति लिइएको छ। गण्डकी प्रदेशलाई नेपालको पर्यटन हब र पोखरालाई नेपालको पर्यटकीय राजधानीको रूपमा विकास गरिने नीति रहेको छ। प्रदेशभित्रका पर्यटन गन्तव्य, पदमार्ग, होटेल, होमस्टे लगायतका पर्यटन पुर्वाधार विकास गर्ने कार्य र प्रदेश सरकारको पर्यटन प्रवर्धन अभियानलाई निरन्तरता दिइने रहेको छ।

विश्व पर्यटन दिवस सन २०२१

हरेक वर्ष सेप्टेम्बर २७ का दिन मनाइने विश्व पर्यटन दिवस सन २०२१ मा विश्व पर्यटन सङ्घले 'समावेशी विकासका लागि पर्यटन' भन्ने नारा तय गरेको थियो। सोही बमोजिम गण्डकी प्रदेश सरकारले पनि कोभिड-१९ को पहिलो र दोस्रो प्रभावको कारण थला परेको गण्डकी प्रदेशको पर्यटन क्षेत्रलाई

पुर्नउत्थान गर्न गण्डकी प्रदेश आन्तरिक तथा बाह्य पर्यटकहरूको लागि खुला र सुरक्षित छ भन्ने सन्देश प्रवाह गर्ने उद्देश्यका साथ नेपाल स्थित विभिन्न देशका राजदूतहरू र विकास साझेदारका प्रमुखहरूलाई गण्डकी प्रदेशमा आमन्त्रण गरी विश्व पर्यटन दिवस २०२१ मनाइयो। उक्त कार्यक्रममा राजदूत र विकास साझेदार संस्थाका प्रमुखहरूलाई विभिन्न कार्यक्रमहरू मार्फत स्वागत गरिएको थियो। दुई दिनसम्म पोखरा लगायतका स्थानहरूको भ्रमण गराइएको थियो। कार्यक्रम गण्डकी प्रदेश सरकार, नेपाल पर्यटन बोर्ड, पोखरा तथा पर्यटन सँग सम्वद्ध व्यवसायीहरूको समन्वयमा सम्पन्न गरिएको थियो।

व्यवसाय जीवनरक्षा कोष सञ्चालन

गण्डकी प्रदेश सरकारले व्यवसाय जीवनरक्षा कोष सञ्चालनमा ल्याएको छ। कोभिड १९ महामारीका कारण पर्यटन, यातायात, कृषि, उद्यम, उत्पादन, सेवा क्षेत्रलगायतमा परेको प्रभावलाई न्यूनीकरण गर्न आर्थिक वर्ष ०७७ /०७८ को बजेटमा १ अर्बको कोष स्थापना गरेको थियो । कोष घोषणा भएको सात महिनापछि प्रदेश सरकारले त्यसको कार्यान्वयनका लागि प्रदेश सरकार र नेपाल राष्ट्र बैंक पोखरा कार्यालयबीच सम्झौता भएको थियो । कोषमार्फत व्यवसायको प्रकार हेरेर तीन वर्षका लागि ५० हजार रुपियाँ देखि १५ लाख रुपियाँसम्म कर्जा उपलब्ध गराउने प्रावधान रहेको थियो । गण्डकी प्रदेशका स्थानीय तहहरूमा सरकारी कारोबार गर्न 'क' वर्गका १८ ओटा बैङ्कहरूका शाखाबाट कर्जा लिन सकिनेछ । कोषका लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले नेपाल राष्ट्र बैङ्कमा शोधभर्ना खातामार्फत २५ प्रतिशत रकम अग्रीम जम्मा गर्नेछ ।

कोष सञ्चालनका लागि 'व्यवसाय जीवनरक्षा कोष (सञ्चालन) कार्यविधि- २०७७' तयार गरिएको थियो । कार्यविधिमा प्रभावित क्षेत्रलाई चार भागमा वर्गीकरण गरिएको छ ।

(क) लघु, घरेलु तथा साना उद्यम व्यवसाय कर्जा: यसअन्तर्गत व्यवसाय हेरी १ लाखदेखि १५ लाखसम्मको कर्जा दिइने ।

(ख) साना पर्यटन व्यवसाय कर्जा : यसअन्तर्गत व्यवसाय हेरी १ लाखदेखि १५ लाखसम्म कर्जा दिइने ।

(ग) साना यातायात व्यवसाय कर्जा : यसअन्तर्गत व्यवसाय हेरी ५० हजारदेखि १० लाखसम्म कर्जा दिइने ।

(घ) साना सेवा व्यवसाय कर्जा : यसअन्तर्गत व्यवसाय हेरी ५० हजारदेखि १० लाखसम्म कर्जा दिइने।

घटना अध्ययन १

पोखरास्थित एक दोहोरीमा कार्यरत तनहुँकी देवकी नेपाली (परिवर्तित नाम) ११ वर्ष देखि लेकसाइडको रात्रिकालीन व्यवसायमा आवद्ध छिन्। ७ हजार ५ सय रुपियाँ मसिक तलब पाइने सो पेशामा संलग्न उनले आफ्ना दुई छोराछोरीलाई कक्षा ९ र १० मा पढाइरहेकी छिन्। उनले पोखराकै पर्यटन क्षेत्रमा कार्यरत भई एउटा सानो रेष्टुरेण्ट पनि खोलेकी थिइन् तर कोभिड १९ ले भएको लकडाउनपछि उनले बाध्य भएर सो रेष्टुरेण्ट बेच्नुपर्ने अवस्था आयो। दोहोरी र रेष्टुरेण्ट बाहेक अन्य कुनै आय स्रोत नभएकी उनले सो अवधिमा साग बेचेर आफ्नो दैनिकी चलाउनुपर्थ्यो। उनले ४ महिना साग बेचेर छाक टारिन्। सो अवधिमा उनको दैनिक आय २ देखि ३ सय रुपियाँ मात्रै हुन्थ्यो।

कोभिड लाग्ने डर पनि थियो। उनी र उनको परिवारलाई सो बेला खानाको समस्या भयो। विद्यालयले सो बेला सञ्चालनमा ल्याएको वैकल्पिक शिक्षा प्रणाली (अनलाइन कक्षा) बाट शिक्षा लिन उनका छोराछोरीले पाएनन्। मोबाइल र इन्टरनेटको सुविधा नभएको र सोका लागि रकम समेत नरहेको कारण पढाइ गर्न सकेनन्। छोरी बिरामी हुँदा पैसाको अभावले उपचार गर्न पनि समस्या भयो।

घटना अध्ययन २

लेकसाइड बस्ने सुमना श्रेष्ठ (परिवर्तित नाम) पाँच वर्षदेखि लेकसाइडको एक स्पामा कार्यरत छिन्। अविवाहित उनको एक बहिनी छिन् र उनीहरू एउटा कोठा भाडामा लिएर बस्छन्। बहिनी पनि एक अस्पतालमा कार्यरत छिन्। उनको मासिक तलब १२ हजार रहेको छ। कोभिडको पहिलो लहरमा जागिर छोड्न बाध्य भएकी उनी आवद्ध कार्यालय पनि बन्द भयो। उनको घरबेटीले उनलाई एक महिनाको लागि भाडा छुट पनि दिए। तर, लकडाउन लम्बिएसँगै उनी काठमाडौँ फर्किइन्। सोही बेला उनलाई र उनका बुबालाई कोभिड सङ्क्रमण पनि भयो र थप उपचारको लागि उनीहरू काठमाडौँस्थित मनमोहन मेमोरियल

अस्पताल भर्ना भए। लामो अस्पताल बसाइपछि उनी घर फर्केर आइन् तर मानसिक रूपमा ठिक हुन उनलाई धेरै समय लाग्यो। 'एकातिर बाबा बिरामी हुनुभयो अर्कोतिर म, खर्च कसरी तिर्ने ?' -उनले भनिन् 'केही उपाय लागेन र ऋण लिइयो २० हजार रुपियाँ। कहाँबाट तिर्ने जागिर छैन। बहिनीले कमाएको लकडाउनमा खर्च गर्न ठिक्कै थियो।' उनलाई सो बेला कहिँबाट पनि सहयोग नपाइएको बताइन्। कोभिड निको भए पनि मानसिक तनाव धेरै भयो। कोठामा बस्दा उनका मनमा धेरै नकारात्मक कुरा आउने गरेको उनले बताइन्। पर्यटक छैनन् तलब कसरी दिने भनी स्पाका साहुले गुनासो गरेको उनले बताइन्। 'यस्तो बेरोजगारीको बेला, राज्यले पोखराका लागि र हामी जस्तो क्षेत्रमा कार्य गर्नेहरूको लागि केही नगर्दा नरमाइलो लाग्छ। तर थोरै भएपनि आम्दानीको स्रोत त छ।' -उनले भनिन् - 'तर अझै धेरै दिन स्पामा काम गर्न पाइँदैन होला।'

घटना अध्ययन ३

ललितपुरका सविन भुलुम (नाम परिवर्तन) १० वर्षदेखि पोखराको ड्यामसाइडमा बस्छन्। पेशाले उनी डुङ्गा चालक हुन्। यो पेशामा लागेको पाँच वर्ष भयो। उनको मासिक तलब १० देखि १५ हजार रुपियाँ रहेको छ। अन्य आय स्रोत नभएका उनको परिवारमा आमा बुबासहित ६ जना रहेका छन्। कोभिडबाट सङ्क्रमित नभए पनि लकडाउनमा उनी आफ्नो परिवारको साथ गाउँ फर्किनुपर्‍यो। आर्थिक व्यवस्थाको लागि पहिला सञ्चित पैसाको प्रयोग गर्नुपर्ने भयो। उनले लकडाउनको बेला राज्यले केही सहयोग नगरेको बताए। उनले गाउँमा दैनिक खर्च धान्न खेती किसानी गरे। उनलाई आफ्नो पुरानो व्यवसायमा फर्किन दुई वर्ष लाग्यो। उनको पोखरामा कोठा रहेको हुनाले आफू नबसेपनि दुई वर्षसम्मको भाडा तिरे। सो भाडा तिर्न उनले ऋण निकाल्नुपरेको बताए। अझै उनले ऋण पूरै तिरिसकेका छैनन्।

घटना अध्ययन ४

तनहुँ भई हाल पोखरा महानगरपालिका- ५ बस्ने आनिष काफ्ले (नाम परिर्वतन) पोर्टरकारूपमा ट्रेकिङ व्यवसायमा आवद्ध छन्। लकडाउनको बेला पर्वतीय पदयात्राको व्यवसायिक मौसम सुरु हुन्छ। सोही बेला भएको लकडाउनले उनको आर्थिक अवस्थालाई नराम्ररी असर गर्‍यो। उनले केही पनि आम्दानी गर्न सकेनन्। परिवारमा रहेका अरु सदस्य पनि अन्य व्यवसायमा लागेको हुनाले उनलाई सुरुमा त्यति समस्या नभए पनि एकपटकको लकडाउन धेरै समयसम्म नखुल्दा र झन् पर्यटन क्षेत्र पहिला जस्तै सुचारु नहुँदा उनमा मानसिक दवाव सिर्जना भएको थियो। घरपरिवारको सल्लाह अनुसार उनले पर्यटन व्यवसाय छोडेर अन्य व्यवसायमा लाग्न प्रयास पनि गरे तर सफल हुन सकेनन्। उनी यो क्षेत्रमा रोजगारी र राम्रो आयको सुनिश्चितता नरहेको भन्दै हार मानिसकेको बताए।

सरोकारवालाको भनाइ

हरि शर्मा, अध्यक्ष, पश्चिमाञ्चल होटल संघ

कोभिड-१९ का कारण अन्य क्षेत्र भन्दा बढी प्रभावित पर्यटन क्षेत्र हो। यहाँ काम गर्ने मजदुरहरू ठूलो सङ्ख्यामा पलायन भएका छन्। होटल व्यवसायी पनि विस्थापित भएका छन्। पर्यटनलाई जीवन्त राख्न सरकार र सरोकारवालाले हाम्रा मजदुरहरूलाई जीविकोपार्जनका निमित्त योजना बनाउन सकेनन् भने कोभिड पछि पनि ठूलो समस्या सिर्जना गर्ने देखिन्छ। व्यवसाय सुचारु गर्न मजदुरहरूको समस्यालाई सम्बोधन गर्नुपर्छ। पछिल्लो दुई वर्षमा धेरै मजदुरहरू पलायन भएको अवस्था छ। आश्रित बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र सहजतापूर्वक बाँच्न पाउने अधिकारलाई सुनिश्चित गराउन नसक्ने अवस्था बनेपछि पलायन भएका पनि धेरै छन्। अब फेरि उनीहरूलाई काममा फर्काउन सक्नु र जनशक्ति अभावलाई पूर्ति गर्न सक्नु चुनौतीको विषय छ। यसका लागि व्यवसायी र सरकार एक भएर योजना बनाउन आवश्यक छ।

विप्ल पौडेल, सदस्य, नेपाल पर्यटन बोर्ड

पर्यटन क्षेत्र संवेदनशील क्षेत्र हो। विपत् र महामारीले सबैभन्दा पहिला प्रभावित गर्ने भनेको पर्यटन क्षेत्रलाई नै हो। पर्यटन क्षेत्रमा प्रत्यक्ष जोडिएका होटल, रेष्टुरेण्ट , ट्रेकिङ व्यवसायीहरू पीडित अवस्थामा रहेका छन्। पोखराको पर्यटन क्षेत्रमा करिब २ खर्ब भन्दा बढी लगानी रहेको छ। कोभिड -१९ पछि मजदुरहरू पलायन हुँदा जनशक्तिको अभाव रहेको छ। प्रत्यक्ष रूपमा पर्यटनमा रोजगार रहेका मजदुरहरूलाई केही व्यवसायीहरूले न्यूनतम रूपमा सुविधा दिएका छन् तर सबैले सबैलाई गर्न सक्ने अवस्था छैन। लकडाउन समयको वित्तीय कर्जालाई व्यवस्थापन गराएर सरकारले

पर्यटन व्यवसायीलाई उठाउन सक्ने हो भने मजदुरहरूलाई पनि राहत नै मिल्छ।

लक्ष्मण बराल, अध्यक्ष, रेष्टुरेण्ट एण्ड बार एशोसिएशन, पोखरा

कोभिड १९ पछि रेष्टुरेण्ट व्यवसायमा काम गर्ने मजदुरहरू पलायन भए। साना तथा ठूला गरी हामीसँग आवद्ध रहेका करिब १ सय रेष्टुरेण्ट एण्ड बारमा करिब ४ हजार ५ सय मजदुरहरू कार्यरत छन् भन्ने अनुमान छ। तर पछिल्लो समय धेरै मजदुरहरू पलायन भए। अवस्था केही सहज हुँदा पनि पहिलेकै अवस्थामा फर्कन सकिएको छैन। सरकारले पर्यटन क्षेत्रलाई प्राथमिकताको क्षेत्रको रूपमा राखेर आवश्यक नीति बनाएर अगाडि बढ्नुपर्ने अवस्था छ। लगानीकर्ता नै सुरक्षित हुने वातावरण बन्न नसकेपछि त्यसमा आश्रित वा कार्यरत मजदुरहरूको अवस्था पक्कै पनि सहज हुने भएन। अहिलेको अवस्थामा अधिकांश मजुदरहरू पलायनपछि वैकल्पिक काममा लागेको देखिन्छ।

अध्ययनको विश्लेषण

१ . कार्य अवधि

यस अध्ययनमा सहभागी भएकाहरू आफ्नो व्यवसायमा एक वर्षदेखि ३५ वर्षसम्म आवद्ध रहेका थिए। विशेष गरी रेष्टुरेण्टमा कार्यरत युवाहरू एकदेखि तीन वर्षसम्म रहेका थिए भने डुङ्गा व्यवसायमा आवद्ध धेरैजसो पाँच वर्ष माथि रहेका थिए।

२. लकडाउनमा आवद्ध संस्था वा व्यवसायको अवस्था

लकडाउनको समयमा पर्यटन सम्बद्ध व्यवसाय बन्द रहयो। ठुला होटलमा कार्यरत कुक र वेटरहरू बाहेक अन्य कुनै पनि क्षेत्रले सो बेला मजदुरहरूलाई पारिश्रमिक प्रदान गरेका थिएनन्। होटल र रिसोर्टमा कार्यरत र स्थायी पदमा रहेकाहरूले २० प्रतिशत पारिश्रमिक पाएको पाइयो भने सो संस्थाले उनीहरूलाई सामाजिक सुरक्षा कोषमा समेत समावेश गरेको रहेछ।

३ लकडाउन खुलेपछि व्यवसायमा फर्कन लागेको समय

लकडाउन खुलेपछि सबैजनाले खोप लगाएर मात्रै आफ्नो पेशामा फर्केको बताएका छन्। सबैजनालाई एक वर्ष भन्दा माथिको समय लागेको थियो।

४. जागिर छुटेपछि परिवारको अवस्था

जागिर छुटेपछि ७६ प्रतिशत सहभागीहरूको परिवारको अवस्था राम्रो नभएको अध्ययनले देखाएको छ।

५. वैकल्पिक आय स्रोत

सहभागीहरू मध्ये ६८ प्रतिशतको वैकल्पिक आय श्रोत नरहेको अध्ययनले देखाएको छ।

६. स्थानान्तरण अवस्था

अध्ययनमा सहभागीहरू मध्ये २८ प्रतिशतले स्थानान्तरण वा आफ्नो गाउँ फर्केका थिए।

७. लकडाउनपछि सोही संस्थामा पुनः स्थापित

सहभागीहरू मध्ये ८४ प्रतिशत लकडाउन पछि पुन सोही संस्थामा फर्केका छन्।

८. आश्रित बालबालिकाको शिक्षा, स्वास्थ्य र खाद्यमा परेको असर

अध्ययनले देखाएअनुसार अश्रित बालबालिकाहरू मध्ये सबैभन्दा धेरै शिक्षा क्षेत्रमा असर परेको देखियो। मुख्यतः अनलाइन शिक्षामा बालबालिकाहरूको पहुँच नभएको देखिएको छ। त्यसपछि अध्ययनले बालबलिकाहरूको गुणस्तरीय खाद्यको उपभोग नभएको देखिएको छ। आय स्रोतमा कमीको कारण अभिभावकले बालबालिकालाई राम्रो र सन्तुलित भोजन नदिन सकेको अध्ययनले देखाएको छ।

९. बन्दाबन्दीको बेला दैनिक खर्च गर्न ऋण

बन्दाबन्दीको बेला दैनिक खर्च धान्न ६४ प्रतिशतले ऋण लिएको अध्ययनले देखाएको छ। जसमध्ये मात्र १६ प्रतिशतले ऋण तिर्न सकेका छन्।

१०. व्यवसाय छोडेपछि भोग्नुपरेका समस्या

व्यवसाय वा रोजगारी छोडेपछि ८४ प्रतिशतमा मानसिक समस्या भोग्नुपरेको अध्ययनले देखाएको छ भने त्यसपछि आर्थिक समस्या भोग्नुपरेको अध्ययनले देखाएको छ।

१२. महामारीको बेला संस्थाहरूले गरेको सहयोग

महामारीको बेला ६८ प्रतिशत सहभागीहरूले कुनै पनि संस्थाबाट सहयोग नपाएको बताएका छन्।

१३. महामारीको बेला सरकारी निकायको सहयोग

महामारीको बेला ८४ प्रतिशत सहभागीहरूले कुनै पनि सरकारी निकायबाट कुनै पनि प्रकारको सहयोग नपाएको बताएका छन।

१४. महामारीपछि तलब र आयमा कमी

सहभागीहरू मध्ये ६८ प्रतिशतले महामारीपछि तलब र आयमा कमी भएको बताएका छन्।

निष्कर्ष

- कोभिड १९ महामारीले पर्यटन क्षेत्रमा आवद्ध रहेकाहरूले रोजगारी गुमाएपछि मानसिक समस्या भोग्नु पर्‍यो।
- रोजगारी गुमाएकाहरू माथि आश्रित रहेका बालबालिकाहरूको शिक्षाको अधिकारबाट वञ्चित हुनुपर्‍यो।
- लकडाउनको बेला यो क्षेत्रमा रोजगार भएकाहरूले सरकारी निकायबाट सहयोग पाएनन्।
- कोभिड १९ को महामारी रहुञ्जेल यस क्षेत्रमा आवद्धहरूले रोजगारीको सुनिश्चितता पाउन सकेका छैनन्।
- कोभिड १९ महामारीको बेला पर्यटक नआएपछि यो क्षेत्रमा आवद्ध वा अस्थायीरूपमा कार्यरत अधिकांश मजदुरले रोजगारी गुमाएका थिए।
- लकडाउनपछि सो संस्थामा पुनस्थापित भए पनि उनीहरूको मासिक आय अनियमित र कम भएको छ।

सुझाव

- सरकारले भविष्यमा पुन: आउन सक्ने यस्ता विपद् तथा महामारीको लागि पूर्व तयारी गर्न आवश्यक रहेको छ।
- हाल पर्यटन क्षेत्र केही चलायमान देखिए पनि यस क्षेत्रमा आवद्धहरूको पुर्नउत्थानको लागि कार्यक्रमहरू गर्न आवश्यक छ।
- यस क्षेत्रमा आवद्ध व्यवसायी र मजदुरहरूको रोजगार सुरक्षा र संरक्षणको लागि आवश्यक नीति तथा कार्ययोजना निर्माण गर्न आवश्यक छ।
- मजदुरहरूको लागि आपतकालीन राहत कोष बनाउनु पर्छ।
- नेपाल पर्यटकीय देश भएकोले पर्यटन क्षेत्रलाई प्राथमिकतामा राख्न आवश्यक छ।

सन्दर्भ सामग्री

- *नेपालको संविधान भाग ३ मौलिक हक र कर्तव्य*
- *विश्व बैंक (२०२०) को "कोभिड-१९ र दक्षिण एसियामा पर्यटन अन्तरगत दिगो क्षेत्रीय परिणामका लागि अवसर" नामक प्रतिवेदन*
- *मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय गण्डकी प्रदेशले प्रकाशन गरेको प्रतिवेदन आर्थिक वर्ष ०७७ ०७८ र ०७८ ०७९ को गण्डकी प्रदेशको बजेट प्रतिवेदन*
- *अन्तराष्ट्रिय वित्त निगम पोखरा*
- *पर्यटन क्षेत्रको पुनर्उत्थान योजना २०७७ केन्द्रिय तथ्याङ्क विभाग (सन् २०१९)*
- *नेपाल राष्ट्र बैङ्क, अनुसन्धान इकाई पोखराद्वारा प्रकाशित कोभिड-१९ ले गण्डकी प्रदेशमा परेको प्रभावको प्रतिवेदन*

परिच्छेद ३

३.५ बर्दिया जिल्लाका बेपत्ता नागरिक र मानव अधिकार

१. पृष्ठभूमि

इन्सेकले प्रकाशन गरेको द्वन्द्वपीडित पार्श्वचित्र अनुसार १० वर्ष लामो सशस्त्र द्वन्द्वको समयमा राज्यपक्षबाट ८ सय २३ र माओवादीबाट १ सय ८ जना गरी ९ सय ३१ जना बलपूर्वक बेपत्ता पारिएका छन्। यस अवधिमा बर्दिया जिल्लाकामात्रै २ सय १८ जना व्यक्तिलाई बलपूर्वक बेपत्ता पारिएको थियो। बर्दिया जिल्लाका पीडित परिवारका अधिकार र जीविकासँग सम्बन्धित असङ्ख्य सरोकार रहेका छन्।

बलपूर्वक बेपत्ता पार्ने कार्य बेपत्ता व्यक्ति विरुद्ध मात्र नभई उनीहरूको परिवार, साथीभाइ र उनीहरू बस्ने समाज विरुद्धको पनि अपराध हो। बलपूर्वक बेपत्ता पार्ने कार्यबाट सबै व्यक्तिहरूको संरक्षणको लागि अन्तर्राष्ट्रिय महासन्धि अनुसार कुनै पनि व्यक्ति अथवा समूहलाई बलपूर्वक गिरफ्तारी, नजरबन्द, अपहरण वा अन्य कुनै पनि रूपबाट कानुनी तथा नीतिगत संरक्षणको दयरा बाहिर राख्ने कार्यलाई जनाउँछ। यस्ता कार्य राज्यका निकाय वा व्यक्ति वा व्यक्तिहरूको समूहद्वारा गरिने उल्लेख गरिएको छ।

नेपालमा २००७ सालको क्रान्ति पश्चातको दिल्ली सम्झौताको विरोधमा जुटेका रामप्रसाद राईलाई बेपत्ता पारिएको घटनादेखि बलपूर्वक व्यक्ति बेपत्ता पार्ने कार्यको लिखित अभिलेख पाइन्छ। २०१७ मा रामेछापका रुद्र भट्टराईलाई गिरफ्तार गरी बेपत्ता पारिएदेखि राज्यको संग्लनता देखिने यस्ता घटनामा न्याय सुनिश्चित हुन सकेको छैन। प्रजातन्त्रको पुनर्स्थापना पश्चात ०४९ मा रामेछापका भुवनलाल थापा मगर र २०५० मा प्रभाकर सुवेदीलाई बेपत्ता बनाएको अभिलेख भएपनि यस घटनाको सत्य र न्याय अझै स्थापित हुन सकेन।

२०४६ मा भएको प्रजातन्त्र प्राप्तिको आन्दोलन, त्यस पूर्वका घटना र सम्बन्धित प्रक्रियामा बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था पत्ता लगाउन मानव अधिकार रक्षकहरूको अभियान पश्चात तत्कालीन सरकारका तर्फबाट छानबिन समिति गठन गरियो। त्यसको स्थापनाका लागि नागरिक अभियानका तर्फबाट भएको प्रयासका कारण समितिमा इन्सेकका संस्थापक महासचिव प्रकाश काफ्लेलाई मनोनित गरियो। समितिले बेपत्ता व्यक्तिहरूको (३५ जना बेपत्तामध्ये पाँच जना मारिएको) विवरण सार्वजनिक गरेपनि सत्य स्थापना र न्यायको सम्बन्धमा ठोस सिफारिस गर्न सकेन। समितिको कार्यादेश र कानुनी संरचनाका कारण त्यसो हुन सम्भव पनि थिएन।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र, अन्तर्राष्ट्रिय मानवीय कानुन तथा मानव अधिकारसम्बन्धी आधारभूत सिद्धान्त र मान्यताहरूप्रति प्रतिबद्धताका दृष्टिअनुसार व्यक्ति बेपत्ता पार्ने कार्यप्रति द्वन्द्वरत पक्षले जबाफदेहिता सुनुश्चित गर्नु पर्ने थियो। नेपालको १० वर्षे सशस्त्र द्वन्द्व अन्त्य गर्ने क्रममा गरिएको विस्तृत शान्ति सम्झौतामा उल्लेख गरिएको दुवै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको वास्तविक नाम, थर र घरको ठेगाना सम्झौता भएको मितिले ६० दिनभित्र सूचनाहरू सार्वजनिक गरी परिवारजनलाई समेत जानकारी गराउने र यस्तो कार्यका लागि सत्य निरूपण, मेलमिलाप तथा न्याय सम्पादनका लागि संयन्त्र गठन गर्ने भन्ने थियो। ढिलो गरी कमजोर कानुनी आधारमा गठित संयन्त्रले परिणाममुखी ढङ्गले कार्यसम्पादन गर्न सकेको छैन।

बर्दिया जिल्ला, द्वन्द्वरत पक्षबाट सबैभन्दा बढी बलपूर्वक बेपत्ता पारिएका नागरिकहरू भएको जिल्ला हो। यस जिल्लाका पीडित परिवारले भोगेका मनोसामाजिक पीडाको चक्र दुःखद् छ। बर्दियामा सयौं व्यक्ति र परिवारको सम्पत्ति कब्जा गरी विस्थापित बनाइएको छ। इन्सेकले पीडित परिवारसँग गरेको परामर्शको आधारमा सम्पत्ति हस्तान्तरणसम्बन्धी मुद्दालाई परिवारले सामना गर्ने प्रमुख कानुनी समस्याका रूपमा प्रायः उल्लेख गरिएको छ। बेपत्ता पारिएका व्यक्तिका बालबालिका साहाराविहिन जस्तै हुन गई उचित स्याहार र शिक्षाबाट वञ्चित हुनु परेको छ।

शान्ति सम्झौता भएको १५ वर्ष पूरा

भइसकेको अवस्थामा पनि बेपत्ता पारिएका व्यक्तिहरूको बारेमा कुनै जानकारी बाहिर आउन सकेको छैन। तर पनि सत्य स्थापना र न्याय, परिपूरण तथा संरचनागत सुधारतर्फ ठोस पहल भएको छैन। जसका लागि परिर्वतन ल्याउन भनेर सशस्त्र द्वन्द्वको क्रममा मानव अधिकार उल्लङ्घनका घटना भए। राजनीतिक परिवर्तन पश्चात तिनै पीडितको पक्षमा छलफल गर्न राजनीतिक तहले अवज्ञा गर्दै रहृयो।

द्वन्द्वकालीन घटनामा भएका मानव अधिकार उल्लङ्घनको सत्यतथ्य स्थापित गरी न्याय, परिपूरण र संस्थागत सुधारको सिफारिस गर्न गठन गरिएको आयोगको समय थप्दा पनि प्रतिवेदन सार्वाजनिक गरी कार्यान्वयन गर्न नसक्नुले पीडित परिवारको आर्थिक, सामाजिक, सांस्कृतिक जीवनमा थप जटिलता थपिँदै गएको छ। बेपत्ता पारिएका व्यक्तिको नाममा रहेको चलअचल सम्पत्ती भोग चलन गर्न कानुनी रूपमा झनै जटिलता आई कठिनाइपूर्वक जीवन बाँच्नु परिरहेको अवस्था छ।

२. अध्ययनको उद्देश्य

इन्सेकले पीडितको न्यायको अभियानमा गरेको सहकार्यका आधारमा सम्पत्ति हस्तान्तरणसम्बन्धी सरोकार तथा परिवारले भोगेको मनोसामाजिक अवस्था र अन्यायको निरन्तरताले पैदा गरेको भय तथा आक्रोश प्रमुख समस्याका रूपमा देखिन्छ। सशस्त्र द्वन्द्व अन्त्यको क्रममा गरिएका सम्पूर्ण राजनीतिक सम्झौता पालना भए पनि पीडितका सम्बन्धमा गरिएका सम्झौताप्रति गरिएको बेवास्ता खेदजन्य छ। यस अध्ययनले समग्रमा पीडितको न्यायका पक्षमा वकालत गर्ने उद्देश्य राखेको भए पनि विशिष्ट रूपमा बर्दिया जिल्लाको उदाहरण प्रस्तुत गरि बेपत्ताका सरोकार सम्बोधन गर्न राज्यको जबाफदेहितामाथि प्रश्न गर्नु रहेको छ।

३. अध्ययनको विधि

यो अध्ययनमा प्राथमिक र द्वितीय श्रोतबाट तथ्याङ्क सङ्कलन गरिएको छ। प्राथमिक स्रोतका रूपमा द्वन्द्वपीडित व्यक्ति, परिवार, त्यस सम्बन्धमा कार्य गर्ने सङ्घसंस्था र सरोकारवालासँग गरिएको अन्तर्वार्ता र छलफल तथा दोस्रो श्रोतका रूपमा इन्सेकको द्वन्द्वपीडित पार्श्वचित्रमा अभिलेख, बेपत्ता पारिएका व्यक्ति छानविन आयोगको वेवसाइटमा उल्लेखित प्रतिवेदनको सूचना, सञ्चार माध्यममा आएका समाचार र संयुक्त राष्ट्रसङ्घीय मानव अधिकार उच्चायुक्तको कार्यालयले प्रकाशन गरेको प्रतिवेदन 'बर्दिया जिल्लामा द्वन्द्वसँग सम्बन्धित बेपत्ता पार्ने कार्य' लगायतका सामग्रीको अध्ययन गरिएको छ।

४. बर्दिया जिल्लामा बेपत्ता पीडितका समस्या र सरोकार

नेपाल सरकारले ढिला गरी गठन गरेको बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगले सशस्त्र द्वन्द्वको क्रममा बेपत्ता पारिएका व्यक्तिका बारेमा छानबिन गरी अवस्था सार्वजनिक गर्न र दोषीलाई कानुनी कारबाही, पीडितलाई न्यायसहित परिपूरण, घटना दोहोरिन नदिन संस्थागत सुधारसहितको सिफारिस गर्न सकेको छैन। आयोगबाट उजुरी सङ्कलनको काम गरिएको भए पनि त्यसउपर गरिएको अनुसन्धान र अन्य प्रक्रियाको सार्वजनिक जानकारी प्राप्त भएको छैन। आयोगले सुरुआतमा आफूले पाएको समय सीमाभित्र पीडित परिवारबाट उजुरी लिने बाहेक अरु थप काम गर्न सकेन। बेपत्ता पारिएका व्यक्तिको छानविन आयोग स्थापना भई काम गर्न शुरु गरेको सात वर्ष पूरा हुन लाग्दासम्म बेपत्ता पारिएका व्यक्तिका प्रगति सार्वजनिक गर्न सकेको छैन।

सशस्त्र द्वन्द्व चलिरहँदा बलपूर्वक कब्जामा लिएर बेपत्ता पारिँदाको पीडा, आफन्तको खोजीमा सम्बन्धित निकायमा भौतारिँदाको दुर्व्यवहार र धम्की, त्यसैबीच परिवारप्रतिको जिम्मेवारीको बोझले पीडितका बृद्ध बुवाआमा, पत्नी र छोराछोरीहरूले मानसिक, सामाजिक, आर्थिक रूपमा विभिन्नखाले समस्या झेल्नु पर्‍यो। यी सबै समस्याकाबीच पीडित परिवारले आफ्नो ज्यान जोखिममा राखेर आफन्तको खोजीमा विभिन्न निकायमा भौँतारिइरहे। पीडित परिवारले थप नयाँ समस्या झेल्नु परिरहेको छ। पीडित परिवार र सरोकारवालासँग गरिएको छलफलका आधारमा निम्न सरोकार र समस्या यस अध्ययनले प्राप्त गरेको छ।

४.१ चलअचल सम्पत्ति भोगचलन र हस्तान्तरणमा कानुनी समस्या

पीडित परिवारले चलअचल सम्पत्ति कानुनी हकवालाका रूपमा हस्तान्तरण गर्न कानुनी समस्या भोग्नु परेको छ। यो अवस्थाले पीडित परिवारमाथि पीडा थपेको छ। पतिको नाममा रहेको अचल सम्पत्ति आफ्ना नाममा ल्याई आर्थिक गतिविधि गर्न कानुनी अड्चन ल्याएको छ। त्यस्तै सगोलमा भएको अचल

सम्पत्तिको अंशबण्डा विशेषत: जग्गा जमिनमा दाजुभाइबीच कानुनी अड्चन खडा गरिदिएको छ। आर्थिक स्थायित्वको अभावले प्रदान गरिएका अधिकांश आधारभूत अधिकारबाट परिवारहरूलाई वञ्चित गरेको छ। उल्लेखनीय रूपमा, अधिकांश परिवारहरू सम्पत्ति उपभोगको अधिकारबाट वञ्चित भए।

मुलुकी संहिताको अध्याय ११ र धारा ४०, भूमि ऐन २०२१ को दफा २६ नेपालको कानुनले पीडितको परिवारलाई चल र अचल सम्पत्ति हस्तान्तरणको लागि मृत्यु प्रमाणपत्र पेश गर्न अनिवार्य छ। पीडित परिवारको भावनालाई कुनै ख्याल नगरी मृत्युको न्यायिक घोषणाको आदेश प्राप्त गर्न परिवारलाई मृत्युको मिति, स्थान र कारण पेश गर्न आवश्यक छ। पति र बाबुआमाको नाममा रहेको सम्पत्ति आफ्नै नाममा हस्तान्तरण गर्न नसकेपछि यो कानुनी स्थितिले बेपत्ता पीडितका पत्नी र छोराछोरीलाई आफ्नो इच्छा विपरीत कस्टकर जीवन जिउन बाध्य बनाएको छ।

ठाकुरबाबा नपा–४ की ४० वर्षीया बुझौनी थारुले सशस्त्र द्वन्द्वको समयमा बेपत्ता पारिएका पति खुसीराम थारुको अवस्था थाहा नपाउँदा अचल सम्पत्ति भोगचलनमा समस्या भोग्दै आएकी छन्। सगोल परिवारमा रहेको अचल सम्पत्ति जग्गाको अंश पतिका नाममा मात्रै आउने कानुनी व्यवस्था छ। पति मरेको वा बाँचिरहेको अत्तोपत्तो छैन। मृत्यु दर्ता बनाउन पतिको मृत्यु भएको भए लास नत अरु कुनै प्रमाण छन्। सगोलका परिवार छुट्टिएर बसेको छन्। सगोल परिवारमा रहेको अचल सम्पत्ति जग्गा अंशबण्डा गर्न बुझौनी थारुलाई परिवारबाटै दबाब आउने गरेको छ।

खुशीराम थारुलाई ०५८ फागुन २७ गते ठाकुरद्वारामा रहेको शाही नेपाली सेनाको क्याम्पबाट आएको समूहले ठाकुरबाबा नपा-३ गोदानामा घेरा हाली कब्जामा लिएर आफूसँगै लगेको थियो। कब्जामा लिएर बेपत्ता पार्ने नेपाली सेनाले अझैसम्म केही जबाफ दिएको छैन।

बुझौनी थारुको जस्तै व्यथा ठाकुरबाबा नपा-४ की ४१ वर्षीया पनिया थारुको पनि छ। सशस्त्र द्वन्द्वको समयमा तत्कालीन शाही नेपाली सेनाको टोलीले पति धामु थारुलाई ०५८ चैत २८ गते राति ठाकुरद्वारामा रहेको शाही नेपाली सेनाको पोष्टबाट आएको समूहले एकैछिन काम छ भनेर लग्यो। शाही नेपाली सेनाले कहाँ लग्यो ? किन लग्यो ? र त्यसपछि के गरे ? केही थाहा छैन। उनको अवस्था अहिलेसम्म पनि अज्ञात छ। कानुनी समस्या भोगिरहेको पीडितहरू मध्येमा बुझौनी र पनिया प्रतिनिधि पात्र मात्रै हुन्। उनीहरू जस्ता धेरै पीडित पत्नीहरू यो समस्यमा पिरोलिइरहेका छन्।

राजापुर नगरपालिका-१० हरिनगरकी ५६ वर्षीया देवनारायणी थारु रातो कार्ड प्राप्त मुक्त कमैया हुन्। पति छुनुवा थारुलाई २०५९ कात्तिक ३ गते आफ्नो खेतमा काम गरिरहेको अवस्थामा शाही नेपाली सेनाको टोलीले लगेपछि हालसम्म उनको अवस्था अज्ञात छ। बेपत्ता पतिको अवस्था थाहा पाउन तत्कालै आफैँ र मानव अधिकार संस्थामार्फत सुरक्षा निकायमा खोजी गरिन्। पति बेपत्ता पारिएको १८ वर्ष पूरा भयो तर उनका पतिको कुनै अत्तो पत्तो छैन।

सरकारले मुक्त कमैया पुनर्स्थापना कार्य अन्तिम चरणमा रहेको भन्दै गर्दा उनले पति नभएका कारण जग्गा र अन्य सुविधा पाउनबाट वञ्चित हुनु परेको बताइन्। भूमिसुधार कार्यालय, गुलरियामा जग्गा आफ्नो नाममा गरिदिन भन्दा पति छुनुवा आफैँ आउनुपर्ने, नभए उनको मृत्यु दर्ता ल्याउनुपर्ने भनियो। तर, पति देवनारायणीलाई जीवितै हुनु हुन्छ भन्ने विश्वास छ। उनको मृत्यु दर्ता गर्न मनले मानेन। उनले पति छुनुवालाई सेनाले कब्जामा लिएर गएको बाटोतर्फ हेर्दै कुर्न छोडेकी छैनन्। 'लगेकै बाटो फर्केर अरु कोही मान्छे आइरहेको देख्दा आफ्नै मान्छे आइहाल्छ कि' भन्ने आशा लाग्छ।

देवनारायणी थारुको पनि व्यथा त्यही छ। पतिको नाममा रही अंशमा हक लाग्ने चलअचल सम्पत्ति पत्नी वा नजिकको हकदारले प्राप्त गर्न सम्बन्धित व्यक्ति आफैँ उपस्थित हुनपर्ने, कसैलाई वारेस नाममा दिनुपर्ने, या उसको मृत्यु भई मृत्यु दर्ताको कागजात हुनुपर्ने कानुनी व्यवस्था छ। सशस्त्र द्वन्द्वमा बेपत्ता पारिएका व्यक्तिहरूको सवालमा उनीहरू जिउँदो वा मारिइसकेको अवस्था कारणसहित राज्यले समयमा नै जानकारी दिएर निकास दिन नसक्दा दैनिकरूपमा पीडामाथि पीडा थपिएको छ।

नेपालको संविधानको धारा २५ अन्तर्गत व्यवस्था भएको सम्पत्तिको हक मौलिक हक अन्तर्गत पर्दछ। तर, सम्पत्तिको उत्तराधिकारसम्बन्धी कानुन निर्माण गर्दा सामान्य अवस्थाको अनुमान गरिएकाले सशस्त्र द्वन्द्वको समयमा बलपूर्वक बेपत्ता पारिएका व्यक्ति र परिवारको सम्पत्तिको अधिकारमा ठूलो असर परेको छ।

४.२ सामाजिक, सांस्कृतिक सहभागितामा अवरोध

बर्दिया जिल्लामा बेपत्ता पारिएकाहरूमध्ये अधिकाशंको आयआर्जन कृषिसँग सम्बन्धित थियो। जसमा घरमुली वयस्क पुरुषहरूको निर्णायक भूमिका रहने गर्दथ्यो। तिनै मानिस बेपत्ता पारिएपछि आश्रित परिवारमा आर्थिक, सामाजिक र सांस्कृतिकसहितका समस्याहरू थपिएका छन्। मृत्यु वा अवशेषको पुष्टिबिना बेपत्ता पारिएकाहरूका परिवारहरूले मृत्यु प्रमाणपत्र नपाउने हुनाले आफ्नो हक लाग्ने कुरामा समेत पहुँच नहुनुका साथै भूमि जस्तो पीडितका सम्पत्ति हस्तान्तरण गर्ने कानुनी लेनदेन गर्न पाएका छैनन्। बेपत्ता पारिएकाहरूको धेरै परिवारले आर्थिक, सामाजिक कठिनाइको सामना गर्नु परिरहेको छ।

ठाकुरबाबा नपा-४ सुतैयाका ४२ वर्षीया जयन्ती शाहीका पति हुकुमबहादुर शाहीलाई ०५८ चैत २४ गते ठाकुरद्वारामा रहेको बरख दल गुल्मबाट आएको सेनाले पक्राउ गरी बेपत्ता बनायो। पति बेपत्ता पारिएको १९ वर्ष पुग्दा पनि फर्केर आउँछन् कि भन्ने आसमा बाटो कुर्न छोडेकी छैनन्। पति फर्कने आशमा बाटो कुर्दै गर्दा परिवार र समाजको भने उहाँलाई हेर्ने र गर्ने व्यवहार फेरिएको छ। परिवारका सदस्य र समाजले यतिका वर्षसम्म हुकुमबहादुर बाँचेको भए फर्किसक्ने र मरिसकेको भन्दै मृत्यु संस्कार गर्न दबाव दिन थालेका छन्।

पतिको अन्तिम संस्कार नगरी रातो पहिरन र सिन्दुर लगाउने गरेकोले परिवारका कुनै सदस्य बिरामी भए वा कुनै घटना भएमा उक्त कार्यको अशुभ परिणाम भएको आरोप खेप्नु परेको छ। कतिपय परिवारमा सासूले आफ्नो छोराको अन्तिम संस्कार आफै गर्ने भनी धम्की दिने गरेको एक पीडितले बताइन्। राजापुर नपा- ६ महुवाकी ३८ वर्षीया बेली थारुका पति फक्लु थारुलाई माओवादीको आरोपमा २०५९ कात्तिक ७ गते संयुक्त सुरक्षा फौजले पक्राउ गरी बेपत्ता बनायो। उनको अवस्था अज्ञात छ। दुई छोरालाई दुःख गरी हुर्काएकी बेलीलाई पनि आफन्तबाट पतिको अन्तिम संस्कार गर्न दवाव आउन थालेको छ। घर र आफन्तमा कोही बिरामी पऱ्यो। केही काम बिग्रियो भने बेलीले उनका पतिको अन्तिम संस्कार नगरेकै कारण भएको हो भन्ने कुरा सुन्नु परेको छ। यी प्रतिनिधि उदाहरणहरू हुन्।

४.३ समुदायको परम्परागत संस्कार मान्ने बाध्यता

थारु समुदायमा दाजुको मृत्यु भएपछि देवरले भाउजुसँग बिवाह गर्ने परम्परा रहेको थियो। त्यो लामो समयदेखि अभ्यास भन्दा बाहिर रहेको थियो। तर सशस्त्र द्वन्द्वको क्रममा मृतक र बेपत्ता पारिएका विशेष गरी थारु समुदायमा बेपत्ता पारिएका व्यक्ति र मृतक व्यक्तिका पत्नीले देवरसँग विवाह गरेको घटनाले देवरले भाउजु विवाह गर्न पाउने संस्कारले बढवा पाएको छ। जुन महिला अधिकारको बर्खिलाप देखिन्छ। थारु समुदायमा बेपत्ता पारिएका व्यक्ति र मृतक व्यक्तिका पत्नीले गोत्र भन्दा बाहिरको पुरुषलाई आफ्नो पतिको रूपमा भित्र्याएर विवाह गरेको घटना बाहिर आएको छ। बर्दिया जिल्लामा द्वन्द्व पीडित महिला सञ्जालका अनुसार जिल्लामा ६ जना बेपत्ता पीडितका पत्नीले देवरसँग बिवाह गरेका छन्। यस किसिमको विवाह हाडनाता भित्र पर्छ। जुन कानुनतः दण्डनीय पनि छ।

४.४ बेपत्ता व्यक्तिको मृत्यु अन्तिम संस्कार गर्न दबाब

बेपत्ता व्यक्तिका पत्नी र परिवारलाई बेपत्ता व्यक्तिको मृत्यु भएको स्वीकार गरी अन्तिम संस्कार गर्न दबाब दिनुको साथै बाध्य पारिएको छ।

४.५ मृत्यु दर्ता गर्ने क्रम बढ्दो

कतिपय बेपत्ता व्यक्तिका पत्नी र परिवारले चलअचल सम्पत्ति, राज्यले दिने गरेको सुविधा प्राप्त गर्न, पारिवारिक र सामाजिक दभाव थेग्न नसकि इच्छा नहुँदा नहुँदै पनि मृत्यु दर्ता प्रमाणपत्र बनाउन थालेका छन्।

४.६ पीडितका बालालिकालाई उच्च शिक्षा हासिल गर्न समस्या

बेपत्ताका घटनाले पीडितको न्यायसँगको पहुँचमाथि असर त पारेकै छ अझ सबैभन्दा बढी आर्थिक अवस्थालाई नकरात्मकरूपमा प्रभावित गरेको छ। घटना हुँदा ससाना रहेको छोराछोरी हुर्केर ठूला भएका छन्। उनीहरूलाई खानलाउन तथा शिक्षा दीक्षाका लागि खर्च बढेर गएको छ। सरकारले केही रकम राहत बाहेक थप व्यवस्था गरेको छैन। बेपत्ता पारिएका आफ्नो मान्छे जिउँदै छ कि भन्ने आश बाँकी नै भएकाले मृत्यु दर्ता प्रमाणपत्र बनाउन सकेका छैनन्। यसले उनीहरूलाई कानुनीरूपमा अचल सम्पत्ति उपभोगमा समस्या भइरहेको छ।

बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन २०७१ ले बेपत्ता

पारिएका व्यक्तिको चलअचल सम्पत्ति भोगचलनसम्बन्धी व्यवस्थाको बारेमा केही बोलेको छैन। अवस्था पत्ता लगाउने, न्याय र परिपूरणका लागि सरकारलाई सिफारिस गर्ने अधिकार मात्रै रहेको छ। बेपत्ता व्यक्तिका परिवारले आफ्नो व्यक्तिको नाममा रहेको अचल सम्पत्ति विशेषत जग्गा कानुनी रुपमा आफ्नो नाममा नामसारी गरी भोगचलन गर्न पाउने गरी सरकारले निर्देशिका जारी गर्न पर्ने आवश्यकता रहेको बेपत्ता परिवार राष्ट्रिय सञ्जाल महासचिव भागिराम चौधरी बताउँछन्।

४.७ परिचय पत्र वितरण र पीडित परिवारको अपेक्षा

बेपत्ता पीडित परिवारले जटिलरूपमा भोग्नु परिरहेको आर्थिक, कानुनी अड्चन, शिक्षा, स्वास्थ्यलगायत सवाललाई तत्काल परिपूरणको रूपमा सरकारबाट सहयोग उपलब्ध गराउने आधारकारूपमा बेपत्ता व्यक्तिको परिवारलाई पीडित परिचयपत्र वितरण कार्य अगाडि बढाएको छ। परिचयपत्र वितरण कार्य २०७७ देखि बर्दिया जिल्लाबाट शुरु गरेको थियो। देशभर जम्मा बेपत्ता परिवारका ७ सय ९० जनालाई परिचयपत्र वितरण गरिएको छ।

बेपत्ता आयोगले तोकिएको समयमा छानबिन कार्य पूरा गर्न नसकिरहेको र पीडित परिवारले जीवनयापनमा भोग्न परिरहेको समस्यालाई सम्बोधन गर्ने उद्देश्यले परिचय पत्र वितरण गरी तीनै तहका सरकारमार्फत परिपूरणका कार्यक्रम ल्याएर परिचयपत्रको आधारमा कार्यान्वन गर्ने भन्दै आएको छ। तर आयोगले परिचयपत्र बितरण गर्ने कार्य सुस्त रहेको छ। सरकारले पनि परिचय पत्र प्राप्त पीडित परिवारका लागि कहिलेदेखि कस्ता परिपूरणका कार्यक्रम ल्याउने हो सोसम्बन्धी निर्णय गरेको छैन।

५. निष्कर्ष

सशस्त्र द्वन्द्वका समयमा जिल्लामा बेपत्ता व्यक्तिको अवस्था थाहा हुन सकेको छैन। द्वन्द्वका क्रममा बेपत्ता पारिएका व्यक्तिको परिवारले आफ्नो मान्छे कुनै पनि दिन जीवितै फर्कने हुन् की ? भन्ने आशा मार्न सकेका छैनन्। शान्ति सम्झौतापछि पीडित परिवारले जुन आशा गरेका थिए त्यो पूरा होला भन्नेमा आशङ्का पैदा भएको छ। त्यो झनै उल्झनमा परिरहेको छ। द्वन्द्वरत पक्षले यसबारेमा सार्थक चासो दिइरहेका छैनन्। द्वन्द्वको समयम भएका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाको सत्य थाहा पाउने मुख्य अधिकारबाट नै पीडित परिवार वञ्चित भइरहेका छन्।

घटनाको सत्यतथ्य नै थाहा पाउन ढिलाइ भइरहँदा बेपत्ता पारिएका व्यक्ति र उनीहरूको परिवार सबै भन्दा बढी दैनिक रूपमा पीडित हुन परिरहेको छ। बेपत्ता पारिएका व्यक्ति छानबिन आयोगले समयमा काम नगरिदिँदा पीडित परिवारले आर्थिक, सामाजिक, सांस्कृतिक, कानुनी अड्चन, शिक्षा, स्वास्थ्य लगायत समस्याबाट निरन्तर जेलिनु परेको छ। मुलुकी संहिताको अध्याय ११ र धारा ४०, भूमि ऐन २०२१ को दफा २६ ले पीडितको परिवारलाई चल र अचल सम्पत्ति हस्तान्तरणको लागि मृत्यु प्रमाणपत्र पेश गर्न आवश्यक छ। मृत्युको न्यायिक घोषणाको आदेश प्राप्त गर्न परिवारलाई मृत्युको मिति, स्थान र कारण पेश गर्न आवश्यक छ। पति र बाबुआमाको नाममा रहेको सम्पत्ति आफ्नै नाममा प्राप्त गर्न नसकेपछि यो कानुनी स्थितिले बेपत्ता पारिएका व्यक्तिका पत्नी र छोराछोरीलाई सङ्क्रमणकालीन न्यायको अवधारणाभन्दा बाहिर गएर कतिपय सन्दर्भमा मृत्यु दर्ता गर्न बाध्य बनाइएको देखिन्छ। सरकारले उनीहरूको मानव अधिकारको निरन्तर उल्लङ्घन गरिरहेको छ। राज्य बेपत्ता पारिएका व्यक्ति र परिवारहरूको मानव अधिकारप्रति आफ्नो जिम्मेवारीसँग विमुख भएको पाइन्छ।

६. सुझाव

- बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूलाई 'कानुनी रूपमा अनुपस्थित' भनी मान्यता दिने र दण्डहीनता अन्त्य गर्न सत्य पहिचानमा सक्रिय रूपमा काम गर्ने मध्यवर्ती राहत सहयोग उपलब्ध गराउने नयाँ नीतिको कार्यान्वयन हुनुपर्ने देखिन्छ।
- पीडित परिवारले सामना गर्नुपरेका समस्याहरूको पहिचान र सङ्कलन गरी जीवका र सामाजिक सरोकार सम्बोधन गर्न स्थानीय सरकार तथा प्रदेश सरकारलाई जिम्मेवार बनाउनु पर्ने।
- नेपालको संविधानको धारा २५ अन्तर्गत सम्पत्तिको हक मौलिक हक हो। तर, सम्पत्तिको उत्तराधिकारीसम्बन्धी कानुन निर्माण गर्दा सामान्य अवस्थाको मात्र व्यवस्था गरिएकोले सशस्त्र द्वन्द्वको समयमा बलपूर्वक बेपत्ता पारिएका व्यक्ति र परिवारको सम्पत्तिको अधिकारमा ठूलो असर परेको छ। त्यसलाई

उपभोग गर्न सहजीकरण गर्नु आवश्यक देखिन्छ।

- तथ्य पहिचानको अभाव र बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगको सुस्त कार्यप्रणालीले लामो समयदेखि विद्यमान दण्डहीनतालाई बलियो बनाएको छ। कानुनी सुधार तथा कार्य सम्पादनका लागि सम्बन्धित सरोकारवालासँग पीडित, मानव अधिकार संस्था र अन्तर्राष्ट्रिय समुदायको संयुक्त वकालतको आवश्यकता देखिन्छ।
- सङ्क्रमणकालीन न्यायको यथास्थितिले जटिलता उत्पन्न गरेको छ। तत्काल यसको सम्बोधन गर्न राजनीतिक दलको नेतृत्व समक्ष दवाब र वकालतको कार्यक्रम गर्नु आवश्यक छ।
- मृतकका पत्नी सरह राज्य बेपत्ता व्यक्तिका पत्नीलाई पनि सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने नीति ल्याएर कार्यान्वयन गर्नु पर्छ।

सन्दर्भ सामग्री

- इन्सेकको द्वन्द्व पीडित पार्श्वचित्र,
- बेपत्ता पारिएका व्यक्ति छानविन आयोग को बेवसाइटमा उल्लेखित प्रतिवेदनको सूचना, सञ्चार माध्यममा आएका समाचार कटिङ, र संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तको कार्यालयले प्रकाशन गरेको प्रतिवेदन 'बर्दिया जिल्लामा द्वन्द्वसँग सम्बन्धित बेपत्ता पार्ने कार्य।'
- https://www.insec.org.np/victim

३.६ मानव अधिकारको दृष्टिमा राउटे समुदाय

पृष्ठभूमि

कर्णाली प्रदेश अन्तर्गत पर्ने सल्यान तथा आसपासका सुर्खेत, जाजरकोट र दैलेख जिल्लाका जङ्गली क्षेत्रमा फिरन्ते जीवन बिताउने राउटे नेपालका लोपोन्मुख आदिवासी जनजाति हुन्। विगत १५ वर्षदेखिको बसोबासको अवस्थिति नियाल्दा कर्णाली प्रदेशको पहाडी जङ्गल, भीर र ओडार नै उनीहरूका विचरण भूमि हुन्। हालसम्म राउटेहरूको नृजातीय सम्बन्ध खुट्याउन नसकिए तापनि उनीहरूको मातृभाषा भने खाम्ची हो। उनीहरू व्यवहारिक रूपमा परम्परागत खस भाषा बोल्दछन् भने आधुनिक नेपाली भाषा पनि राम्रोसँग बुझ्न सक्दछन्। नेपालका ५९ आदिवासी-जनजातिलाई विकसित, सुविधाबाट बञ्चित, सीमान्तकृत, अति सीमान्तकृत र लोपोन्मुख गरी ५ समूहमा विभाजन गरिएको छ। आदिवासी-जनजाति प्रतिष्ठान तथा नेपालको जनगणना २०११ अनुसार राउटे, मेचे, राजी, लेप्चा, कुशवडीया, हायु, किसान, कुसुण्डा, वनकरीया तथा सुरेलसहितका १० लोपोन्मुख आदिवासीमा पर्छन्। यस वर्गीकरणका अनुसार नेपालमा रहेका विभिन्न आदिवासी जनजातिहरूमध्ये राउटे सीमान्तकृत, लोपोन्मुख र जनसङ्ख्याका आधारमा थोरै जनसङ्ख्या भएको अल्पसङ्ख्यक जनजाति पनि हो।

शिकार र संग्रहसँग सम्बन्धित अर्थव्यवस्था भएका राउटेहरूको परम्परागत भोजनमा मुख्यत: बाँदर तथा अन्य जङ्गली जनावरको सिकार, कन्दमुल, आफ्ना उत्पादनसँग साटिएका खाद्यान्न र फलफूल लगायतका वनस्पतिजन्य वस्तुहरू पर्दछन्। जङ्गलमा पुगी काठका कोषी, र मदुस जस्ता भाँडा बनाइ त्यसलाई गाँउमा गएर अन्नपातसँग साटेर जीविका धान्ने गर्छन्। दिनभर काठका सामग्री निर्माण गर्नु, बाँदरको शिकार गर्नु, माग्नका लागि नजिकका गाउँमा पुग्नु उनीहरूको दिनचर्या हो। आफूले बनाएको काठको भाँडा बोकेर अन्न साट्न गाउँमा पुग्ने र फर्केर आउन भ्याउने समय अन्दाज गरेर यिनीहरू वासको प्रबन्ध गर्छन्। गुजाराका लागि काठका सामग्री बनाउन जङ्गलको पर्याप्तता, गम्भीर स्वास्थ्य समस्याबाहेक सामान्य चोटपटक वा बिरामी पर्दा प्रयोग गर्ने जडीबुटी पनि प्रशस्त पाउने भएका कारण राउटे समुदाय कर्णालीको प्राकृतिक बासस्थानमा परम्परागतरूपमै जोडिएको देखिन्छ।

फिरन्ते जीवनशैली भएका राउटेहरू विभिन्न जङ्गलहरूमा बसाइँ सर्ने गर्छन्। बसाइँ सर्नुको कुनै खास कारण नपरे बढीमा तीन चार महिनामात्र उनीहरू एक ठाउँमा बस्ने गरेको पाइएको छ। बसाइँ सर्नुपर्दा तीन चार घण्टादेखि १ दिनसम्म पैदल हिँडेर जान सकिने स्थानमा सर्छन्। यसरी बसाइँ सर्दा दुई तीन दिनमा सबै परिवारले आफैँ बोकेर सामान सार्छन्। साह्रै वृद्धवृद्धा भए उनीहरूका लागि मद्दत गर्नेबाहेक सबैले आफ्नो सामान आफैँ बोकेर लैजान्छन्। उनीहरूको बसोबासका लागि घरको बनावट हेर्दा वनको हरियो स्याउला र घोचाहरूद्वारा गोलाकार र अण्डाकाररूपमा बनाइएको छाप्रो हुने गर्दछ। यस्ता छाप्राको बीच भागमा सम्म परेको ठाउँ राख्दछन् जहाँ केटाकेटी खोल्ने र महिलाले धान कुट्ने, निफन्ने आदि गर्दछन्। छाप्रो बनाउने कार्य प्राय: महिलाहरूले गर्ने गर्दछन्।

राज्यलाई तिरो तिरेर स्थायीरूपमा खेतीपाती गरेर, गाउँमा बस्नु र अर्काको सित्तैमा खानुलाई उनीहरू अपराध सम्झन्छन्। बाटो लागेपछि पछाडि फर्केर खोला वा तालको पानी खाँदैनन्, मूलको मात्र खान्छन्। उनीहरूको यो अभ्यासलाई प्रकृति र मानव स्वास्थ्यको बीचको तादम्यताका रूपमा हेर्न सकिन्छ। सम्पत्तिका रूपमा यिनीहरूसँग पकाउने भाँडा, दाउरा काट्ने र शिकार गर्ने केही हतियारमात्र हुन्छन्। उनीहरूको सांस्कृतिक जीवनमा लाठी-लौरो, बाजा, मजिरा, मादल, र ढ्याङग्रो जस्ता बाजा प्रयोग महत्वपूर्ण छ। बाटोमा हिँड्दै गर्दा सर्ट, पेन्ट लगाएको मानिस भेट भएमा शिकार पर्दैन भन्ने यिनीहरूको विश्वास छ। शिकार नपर्नुलाई देवता रिसाएको रूपमा अर्थ्याउँछन्।

नेपालको जनगणना २०६८ अनुसार राउटेको कूल जनसङ्ख्या ६ सय १८ जना रहेको छ। तर हाल सल्यानको बनगाड कुपिण्डे नगरपालिका-१ स्थित घाटगाउँमा ४६ परिवारका गरी जम्मा १ सय ४६ को सङ्ख्यामा राउटे समुदाय बस्दै आएका छन्। यिनीहरूका हाल प्रचलित थरहरू चाहिँ कल्याल, रास्कोटी, सत्याल आदि हुन्। राउत र साउदजस्ता थर पनि यसै जनजाति अन्तर्गतका हुन् कि भन्ने अनुमान गरिन्छ। राउटे जातिको थर नै शाहवंशी भएको हुनसक्ने तर्क पनि छ। यिनीहरूको गोत्रसँग र शाही ठकुरीहरूको गोत्र केही हदसम्म मेल खान्छ। राउटे समुदायका तीन प्रकारका थरगोत्रहरूरहेको पाइन्छ। (१) सूर्यवंशी छत्याल गोत्र (आत्रेय), (२) रास्कोटी गोत्र (आत्रेय) र (३) कल्याल गोत्र (केशल्मा)। थरहरूमा कल्याल, रास्कोटी, र छत्याल रहेको पाइन्छ।

१. अध्ययनको उद्देश्य

- राउटे जनजातिको आर्थिक, सामाजिक तथा सांस्कृतिक अवस्थाबारे जानकारी लिने।
- यो समुदायले भोग्नुपरेका समस्या र समाधानका उपाय पहिल्याउने।
- यो जनजातिलाई सरकारले दिँदै आएको सामाजिक सुरक्षा भत्ता तथा अन्य सेवा सुविधा वितरण प्रणालीलाई सहज बनाउन सचेतना जगाउने।
- यो समुदायको जीवनयापन सहज तुल्याउन सरोकारवाला निकायको ध्यानाकर्षण गराउने।
- राउटेसँग सम्बन्धित गैरसरकारी संस्था, सरकारी बजेट, कार्यक्रम आदिको खर्च, पारदर्शिता र जवाफदेहिता अभिवृद्धि गराउन सघाउने।

२. अध्ययनको विधि

यो अध्ययन दुवै प्राथमिक र द्वित्तिय श्रोतमा आधारित छ। अध्ययनबाट प्राप्त तथ्याङ्क र तथ्यको विश्लेषण र प्रस्तुति नेपालको संविधान, कानून, मानवअधिकारसँग सम्बन्धित अन्तरास्ट्रिय अनुबन्धहरू, नागरिक समाजको अभियान र सरकारी नीति तथा निर्णयको जबाफदेहिताको आधारमा गरिएको छ।

२.१ प्राथमिक श्रोतमा आधारित तथ्याङ्क

- राउटे बासोबासको अवलोकन,
- राउटे मुखियासँगको अन्तर्वार्ता,
- सरोकारवालसँगको प्रतिनिधिमूलक कुराकानी, र
- व्यक्ति केन्द्रित अध्ययन वा घटना प्रस्तुति।

२.२ द्वितीय श्रोतमा आधारित तथ्याङ्कमा

- समाचार अध्ययन,
- इन्सेककद्वारा प्रकाशित र सङ्कलित सामाचार तथ्याङ्क र
- राउटेसँग सम्बन्धित विभिन्न पुस्तक पत्रिका आदि।

३. अध्ययनवाट प्राप्त जानकारीहरू

३.१ राउटेको इतिहास

राउटेको इतिहासबारे विभिन्न किंवदन्ती, विश्वास र तर्कहरू छन्। तर पनि जङ्गलका राजा भनिने राउटे समुदाय आफूलाई सूर्यवंशी राजाका सन्तान मान्छन्। फिरन्ते समुदायले आफूलाई राजा मान्नुको अर्थ उनीहरू राजतन्त्रात्मक शासन छाडेर जङ्गलमा बस्न थालेको स्थानीयहरूको आन्तरिक विश्वास छ। तर राजा भन्नुको अर्थ कुनै स्थानमा स्थिररूपमा बसोबास गरि त्यहाँको परिस्थितिलाई आफ्नो नियन्त्रणमा लिँदै बाह्य समुदायको तुलनामा प्रभुत्वशाली हुनु पनि राजा हुनु हो भनेर बुझ्न सकिन्छ। यो कुरालाई वरिपरिका समुदायले पनि नकार्दैनन्। भ्रमणशील राउटेमा उनीहरूलाई फुकोटमा बस्ने विष्णुका सन्तान ठकुरी मान्ने गरेको र तिनीहरूका सात भाइमध्ये माइलो छोरा परिवारको सजायको निर्णयअनुसार फुकोटको ओरालो झरेर जङ्गलमा बस्न थालेको विभिन्न अध्ययनहरूमा पाउन सकिन्छ। जङ्गलका राजा राउटे भन्ने कृतिमा मानवशास्त्री जना फर्टिएरले अन्य कुरा पत्याउन नसकिने भनी भारतका विभिन्न फिरन्ते समुदायसँग राउटेको उत्पत्तिको इतिहास जोड्दछिन्। राउटेहरूले आफ्नो उत्पत्तिस्थल पश्चिम नेपालको फुकोट क्षेत्र साविकको सेती अञ्चलको सेती नदी र पूर्वको प्यूठानको माडी नदीको बीचको क्षेत्रलाई बताउँछन्। तर, राउटेहरू स्वयम् बारम्बार आफू पहिले फुकोट राज्यमै शासन गर्ने राजा भएको ठोकुवा गर्छन्। अझ रोचक कुरा मुगुमा ठकुरी समुदायकै छत्याल थर भएका समुदाय छन्। छत्यालबाडामा बस्ने छत्याल र राउटेहरू समुदायमा पाइने गोत्र छत्यालमा समानता पाउन सकिन्छ। स्वयम् यिनीहरू पनि समानता भएको व्याख्या गर्छन्। राउटे उत्थान प्रतिष्ठानको प्रकाशनमा पनि

राउटेहरू आदिम कालदेखि नै यही अवस्थामा छैनन् र राउटे समुदाय घरबार र राज्य छोडेर अझ भनौं, सम्पति र शासनको अन्यायपूर्ण व्यवस्था छोडेर जङ्गलमा फिरन्ते जीवनतर्फ गएको इतिहास पाइन्छ।

सूर्यवंशी राजाले राज्य चलाएको ऐतिहासिक समयमा राज्यहरूबीच बारम्बार हिंसात्मक युद्ध हुने गर्दथ्यो। आफूहरूले शासन गर्ने राज्यमा साम्राज्यहरूको आक्रमण र हस्तक्षेपका कारण तुलनात्मक रूपमा सानो र युद्ध नचाहने ठकुरी समुदाय राउटेको रूपमा जङ्गलको जीवनमा पुगेको स्थानीयको विश्वास छ।

३.२ राउटेको फिरन्ते जीवन पद्धति

किन राउटेहरू आफ्नो जनसङ्ख्या भन्दैनन् ? किन यिनीहरू मुखियाको माध्यमबाट मात्र अन्य समुदायसँग सम्पर्क गर्छन् ? यी कुराहरू खोज्यो भने उनीहरूको जवाफ फेरि इतिहाससँगै गएर जोडिन्छ। उनीहरू आफू शासक भएको र राज्य चलाएको कुराबाट सुरुवात् गर्दछन्। जब उनीहरू राज्य छोडेर जङ्गलमा जीवन बिताउन थाले, त्यस समय राज्य चलाएका शासकबाट उनीहरूलाई जता भेटायो, उतै मार्ने खतरा थियो। यसकै कारण उनीहरू स्थायी समाजको सम्पर्कमा कम आउन थाले। र, शत्रुलाई आफ्नो शक्ति आकलन नहोस् भन्ने हेतुले आफ्नो जनसङ्ख्या कति छ गन्नु र भन्नु हुँदैन भन्ने मान्यता विकास गरे। साथै अत्यावश्यक परिस्थितिमा स्थायी समाजसँग सम्पर्क गर्नुपरेमा व्यक्ति-व्यक्ति गएर होइन, मुखियामार्फत जाने प्रचलन चलाए।

एक-एक गरी समाजमा जाँदा उनीहरूको ज्यान जाने, भाषाको समस्या पर्ने तथा अन्य जोखिम हुने ठानी राउटे मुखियाले सबै आफ्ना समुदायलाई मुखियाबाहेक अर्काको कुरा नपत्याउन र मुखियाले भनेको मात्र मान्नुपर्छ भन्ने जस्ता कुरा राखेको उनीहरू बताउँछन्। किन राउटेहरू खेती गर्दैनन्? कुनै स्थानमा लामो समय बसोबास गर्दैनन? भन्ने जिज्ञासामा पनि राउटेहरू आफ्नो इतिहास नै कोट्याउँछन्। घरबार र राज्य छोडेर जङ्गल पसेकाले उनीहरूको रुची नै कृषितर्फ गएन भन्ने तर्क पनि छ। अझ उनीहरूको घुमन्ते जीवन र कृषि मेल खाँदैन पनि भन्छन्। अन्य देशमा भएका अध्ययनले पनि कबिला समुदाय एकै स्थानमा नबस्नुका कारणहरू यस्तै देखाउँछन्। जब कृषि गर्न थालिन्छ, त्यसपछि घुमन्ते हुन सक्दैन भन्ने मानवशास्त्रीय व्याख्या छ।

स्थायी समाजका बेफाइदा तथा असहजता बुझेका राउटेहरू खेती गर्नुलाई पाप सम्झन्छन्। त्यसैगरी किन यिनीहरू एकै स्थानमा बस्दैनन् भन्ने बारेमा विभिन्न अध्ययनले मुख्य दुई कारण प्रस्तुत गर्छन्। श्रोतको व्यवस्थापन तथा प्राकृतिक कारण र दोस्रो शत्रुको त्रास तथा मानवीय कारण। बसेको ठाउँमा कुनै सदस्यको मृत्यु भएमा तत्काल त्यो ठाउँ छाड्नुपर्ने राउटेको चलन रहेछ। कुनै सदस्यको मृत्यु भए तत्काल त्यही ठाउँमा गाडेर सबै जना रुँदै कराउँदै अर्को बासको खोजीमा हिँड्नुपर्ने संस्कारले गर्दा उनीहरू एकै ठाउँमा स्थायीरूपमा नबसेका हुन्। मान्छे मर्नेबित्तिकै त्यस ठाउँलाई अशुभ ठानेर उनीहरू नयाँ ठाउँको खोजीमा हिँड्छन्। नयाँ ठाउँमा पुगेर मृत्युको पीडालाई भुल्ने र अब नयाँ ठाउँमा आइपुगियो, मर्ने मरिहाल्यो, अब केही हुँदैन भनेर सम्झाइन्छ, अनि त्यसपछि विस्तारै मृत्युको कुरा बिर्सन्छ।

राउटे बास सरेपछि अर्को ठाउँको अध्ययन गरी उपयुक्त ठाउँको छनोट गर्दैनन्। हिँड्दै जाँदा जहाँनेर रात पर्छ, त्यसैलाई उपयुक्त बासस्थान ठान्छन्। रात पऱ्यो भने देवताले यहीँ बस भनेको छ जस्तो लाग्छ। त्यसपछि सबै जनाले रूखका हाँगाहरू काटेर छाप्रा बनाइ अर्को सदस्य नमर्दासम्म अब यहाँ केही नहोस् भन्ने कामना गर्दै बस्छन्। बसाइँ सर्दा प्रायःजसो एकपटक मानिस मरेको ठाउँमा फेरि जाँदैनन्। लामो समयसम्म कसैको मृत्यु नभए पनि त्यस ठाउँमा अन्य मानिसको चहलपहल धेरै बढ्यो र असुरक्षा महसुस भयो भने पनि उनीहरू बास सर्छन्। कतिपय ठाउँमा गाउँका मान्छे आएर वन मासिदिए भने मानिस नमर्दै पनि बास सर्नुपर्ने हुन्छ।

फिरन्ते जीवन

फिरन्ते जीवनशैली भएका राउटे विभिन्न जङ्गलमा बसाइँ सर्दै बस्दै गर्छन्। आफूले बनाएको काठको भाँडा बोकेर अन्नसँग साट्न गाउँमा पुग्ने गर्दछन्। आफ्नो बस्तीभन्दा बाहिर बास बस्ने अनुमति यसरी बाहिरफेर जानेलाई हुँदैन। राउटे मुखियाहरू राजधानीमा उच्च तहका पदाधिकारीहरूसँग भेटघाट गर्न गएका बेला र कोही गम्भीर बिरामी परेका बेला

उपचारका लागि बाहेक कसैलाई पनि बस्ती बाहिर बास बस्ने अनुमति यो समुदायमा दिइँदैन। समुदायको सदस्य मरेमात्र बस्ती सर्ने नत्र नसर्नेचाहिँ होइनन्। करिब १०-१५ वर्षअघिसम्म नयाँ बस्तीमा काठ पाउन सक्ने सम्भावना केलाएरमात्र त्यहाँ जाने गर्थे। तर महामुखिया महिनबहादुर शाहीका अनुसार उनले जान्ने बेलासम्म राउटे समुदायले बस्ती छाडेर नयाँ ठाउँमा जाँदा समूहगतरूपमा हिँड्दै जाने जहाँनेर रात पर्छ, त्यसैलाई उपयुक्त बास स्थान ठान्ने गर्थे।

३.३ जनसङ्ख्या, भूगोल र बसोबास

तथ्याङ्क विभागले २०६८ को जनगणना अनुसार राउटेको जनसङ्ख्या ६ सय १८ छ। जसअनुसार नेपालमा सबैभन्दा कम कुसुण्डा २ सय ७३ जना, त्यसपछि नुराङ २ सय ७८ जना छन् भने तेस्रो कम जनसङ्ख्या हुनेमा राउटे पाइएको छ। यसमध्ये फिरन्ते राउटेको जनसङ्ख्या भने त्यतिबेला १ सय ३७ जना थियो।

अहिले सल्यान लगायतका क्षेत्रमा घुम्दै गरेका फिरन्ते जस्तै दार्चुला, बझाङ, बाजुरातिर घुम्दै हिँडेको अर्को एउटा समूहलाई २०४१ सालमा जोगबुढाका प्रधानपञ्च नन्दलाल जोशीको पहलमा स्थायी बसोबासको व्यवस्था गरिएको थियो। त्यतिबेला हिमाली क्षेत्रमा अन्न अभावका कारण आफूले बनाएका काठका भाँडा अन्नसित साट्न आइरहने गरेका राउटे मुखियालाई गाउँबस्तीको नजिक जङ्गलको समेत सुविधा पुग्नेगरी आमपानी र रज्यौडामा राखिएको थियो। उनीहरूलाई त्यहाँ बसालिए पनि पटकपटक आफूहरूलाई 'अशुभ भएको भन्दै बस्ती छाड्न खोजेका राउटेलाई फकाइफुलाइ गरेर जोशीले रोकेका परशुराम नगरपालिका वडा नं. १२ का वडाध्यक्ष गणेशप्रसाद जोशीले बताए।

स्थानीय लक्ष्मीका अनुसार आमपानी र रज्यौडाका राउटे यहाँ बस्न थालेका ३४ वर्ष नाघे पनि करिब १० वर्षअघिदेखि भने क्षत्रीहरूसँग उनीहरूको बिहेवारी सुरु भयो। बोहोरा, बिष्ट र खत्रीले राउटेका छोरीसँग प्रेम विवाह गरेका छन् भने राउटे युवाले पनि मगरका छोरी विवाह गरी भित्र्याएका छन्। राउटे जाति भित्रकै आफ्नामा मागी विवाह गर्ने यिनीहरू बाहिर भने प्रेम विवाहलाई मात्र स्वीकृति दिन्छन्। उनीहरूले मागी विवाहचाहिँ राउटेबाहेक अन्य जातिमा सुरु गरेका छैनन्। सल्यान आसपास बस्ने सबै राउटेले शाही थर बताउने गरेका छन्। यिनीहरूमा कलेल, रासकोटी र समाल गरी तीन थरी शाही भएको उनीहरूको व्याख्या छ तर डडेलधुरामा बस्ने सबैले आफ्नो जाति पहिचान राउटे लेखाउने गरेका छन्।

डडेलधुराका राउटेले अहिले बालबालिका जन्मेपछि नै जन्म दर्ता र युवा/युवतीहरू विवाह गर्दासाथ विवाह दर्ता गराउन थालेका छन्। त्यतिमात्र होइन, उमेर पुगेपछि नागरिकताको प्रमाणपत्र पनि लिने गरेका छन्। यिनै सरकारी कागजपत्रका आधारमा सरकारले दिने लोपोन्मुख आदिवासी जनजातिको सामाजिक सुरक्षा भत्ता पाउने भएकाले समयमै कागजात तयार पार्न उनीहरू आफैँ तत्पर हुने गरेका छन्।

३.४ शिक्षा, खेती र स्थायी बसोबास अस्वीकार्य

फिरन्ते राउटे जाति पढ्ने, खेती गर्ने र स्थायी बसोबास बस्ने कुरालाई महासत्रु ठान्ने गर्छन्। डडेलधुरामा २०४१ सालदेखि स्थायी बसोबास गर्दै आएका राउटेले पनि लामै समय पढ्न इन्कार गरेबाट यसको पुष्टि हुन्छ। निरन्तरको प्रयासपछि अहिलेको झण्डै ६ सय जतिको जनसङ्ख्या रहेको त्यहाँका राउटेमध्ये मुस्किलले पाँच-६ जना मात्र एसएलसी उत्तीर्ण गरेका छन्। पछिल्लो १०-१५ वर्षपछिको समयमा बिस्तारै बालबालिकालाई विद्यालय पठाउन थालेका छन्। तर सल्यान आसपासमा फिरन्ते जीवन बिताइरहेका राउटेहरूचाहिँ बाहिरका व्यक्तिले अक्षर सिकाउन खोज्दा पनि राउटेले पढ्न हुँदैन भनेर दिँदैनन्।

स्थायी बसोबास गर्ने विषयमा फिरन्ते राउटेहरू पूर्णरूपमा असहमत छन्। जाडोको समयमा न्यानोका लागि बेसी र फाँटमा अनि गर्मीको बेला अनुकूलनका लागि लेकाली क्षेत्रमा बस्ती बस्ने गर्छन्। त्यसैले कुन मौसममा कहाँ बस्ती बस्ने भन्ने कुरा अरुलाई भन्दा बढी राउटेलाई ज्ञान भएको उनीहरूको दाबी छ।

३.५ विवाह संस्कार

फिरन्ते राउटे जातिमा मागी विवाह हुन्छ, आफूखुसी विवाह गर्न पाइँदैन। करिब १६ वर्ष पुगेको किशोरले महिनावारी सुरु भइसकेकी किशोरीलाई चाहेको भए मुखिया वा घरका अभिभावकसँग प्रस्ताव राख्न पाउँछन्। उनीहरूको प्रस्ताव स्वीकृति भएमात्र

विवाह गर्न पाइन्छ। विवाह भएको दिन खसी काट्ने, घरमै बनाएको जाँड खाएर रमाइलो मनाउने गरिन्छ। जाँड महिलालेसमेत निर्धक्क खान्छन्। रमाइलो गर्ने क्रममा राउटे नाच नाच्नुपर्ने अनिवार्य चलन छ। त्यसबेला विवाह गर्ने केटा र केटीलाई पनि नाच्न लगाइन्छ। विवाह गरेकै दिन उनीहरूलाई एउटा छुट्टै टहरा बनाइ बसालिन्छ। विवाह भएको दिन सामूहिक भोज गरिन्छ तर भोलिपल्टबाट भने उनीहरूको छुट्टै घर र छुट्टै भान्छा सुरु हुन्छ। उनीहरूलाई परिवारसँग मिसिएर बस्न दिइँदैन।

३.५.१ विवाह व्यवधान

राउटे बाहेकका अरु सर्वसाधारणको हकमा लगनशीलरूपमा पढ्दै गर्दा वा सधैँ काममा व्यस्त हुनुपर्ने युवाहरूले विवाहबारे सोच्न पाएका हुँदैनन्, कतिपय युवाले आफू कमाइमा आत्मनिर्भर नभएसम्म विवाह नगर्ने सोचेका हुन्छन्। बढ्दो आधुनिकतासँगै कतिपयले आफ्नो भावना बुझ्नेसँग मात्र विवाह गर्ने भनेर उमेर पुगिसक्दा पनि बिहे गरेका देखिन्न। भविष्यप्रतिको चिन्ता वा विशेष कुनै कामले व्यस्त भएका कारण होइन, आफ्नो चल्ने/मिल्ने इष्टमित्रको युवक नभएका कारण राउटे युवतीको विवाह हुन पाएको छैन। अहिले करिब २८ वर्ष पुगिसकेकी राउटे युवतीको विवाह नहुनुको प्रमुख कारण उनी चल्न सक्ने समाल राउटेमा युवाहरू नभएर हो। उनकी आमा रासकोटीकी छोरी हुन् भने उनीचाहिँ कलेलकी छोरी हुन्। यी दुवै थरमा हाडनाता पर्ने भएका कारण यिनीहरूबीच विवाह हुन सक्दैन तर विवाह हुन सक्ने समालमा भने युवा हुर्केका छैनन्। सोलीडोली चल्ने इष्टमीत्र नभएकाले केटा हुर्केर १५ वर्ष ननाघेसम्म राउटे युवतीले पर्खिनुपर्छ, समाल राउटेका अविवाहित किशोर भर्खर ९ वर्ष पुगेका छन्। यी सानै भएका कारण यसैसँग पछि विवाह गर्ने भनी तोकिएको छैन। यदि यी किशोर १५ वर्ष पुगुन्जेल पर्खिनुपर्‍यो भने त्यतिबेला युवती ३४ वर्षकी भइसक्ने छिन्।

आफूले विवाह गर्न मिल्ने राउटे युवती नभएको अवस्थामा एकैपटक झण्डै २ दर्जन युवाहरू विवाह नभई बसेको बाध्यतालाई गैरराउटे युवतीसँग विवाह गर्न चाहेर पनि बाहिर विवाह गर्न नपाइने नियमले चुनौती दिन सकेको छैन। बाहिरका युवतीहरू राउटेसँग विवाह गर्न नमान्न सक्छन् भन्ने उनीहरूमा अर्को ठूलो डर भएकाले एकैपटक यति ठूलो सामाजिक चुनौती लिने अवस्था देखिँदैन।

३.६ मृत्यु संस्कार

फिरन्ते राउटेहरूले आफ्नो समुदायमा ६ महिनामुनिको बालबालिका मरेमा बस्ती नजिकै रुखको फेदछेउ बाक्लो कपडाले लपेटेर खुला छाड्छन्। ६ महिनामाथिको व्यक्तिको मृत्यु भएमा मरेकै दिन ऊ बस्ने टहराकै अगाडि आँगनमा गाड्ने गर्छन्। मरेको व्यक्ति गाडेको माथिपट्टि माटोमा कुखुरा काटेर रगत चढाउँछन्। गाडिसकेपछि मासु र रक्सी खान्छन्। मरेको मानिसलाई बिर्सन जाँड/रक्सी खाने गरेको महामुखिया महिनबहादुर शाहीको तर्क छ। मासु र जाँड/रक्सी खाइसकेपछिचाहिँ झट्पट् नयाँ ठाउँमा बस्ती सर्छन्। उनीहरू मरेको व्यक्तिको नाम भने उच्चारण गर्दैनन्।

३.७ राउटे समुदायका अनौठा प्रचलन

- फिरन्ते राउटे सिलाएको कपडा लगाउँदैनन्। उनीहरू सिलाउनैपर्ने कपडा आफैँ सियोले तुनेर लगाउँछन्।
- बस्तीबाहिर बास बस्न कसैलाई पनि छूट छैन। तर गम्भीर रोगको उपचार, केन्द्र सरकारका अधिकारीहरूसँग भेट्न जाने राउटे मुखिया र उनले तोकेका व्यक्तिलाई कति दिनका लागि कहाँ जाने भन्ने जानकारी हुनुपर्ने केही लचिला अभ्यास भइरहेका छन्।
- राउटेले आफ्नो समुदायमा कतिजना छन् भनी गणना गर्दैनन्, गणना गर्दा सङ्ख्या घट्दै जाने उनीहरूको विश्वास छ।
- मूलको पानी शुद्ध मान्ने भएकाले राउटेले नयाँ बस्ती सर्दा पानीको मूल भएको ठाउँसमेत खोज्छन्। तर पछिल्लो समय नजिकै किनमेल गर्न पायक पर्ने बजारसमेत हेर्ने भएकाले मूलको पानी नपाए बगेको पानी पनि खाने गरेका छन्। पाइपबाट ल्याइएको पानी केही विषाक्त हुन सक्छ भन्ने उनीहरूको बुझाइ छ।
- कपाल कोर्न र मेकअप गर्न रोक लगाइएको छ।
- राउटेहरूले मासु पोलेरमात्र खान्छन्। पकाउँदा स्वाद बिग्रन्छ भन्ने उनीहरूको भनाइ छ।

- राउटे किशोरी महिनावारी भएपछि आफ्नै अन्तरविवाही समूहका कुटुम्ब छानी विवाह गराइदिन्छन्। तर राउटेबाहेक बाहिरका युवा/युवती कसैले विवाह गर्न पाउँदैनन्।
- विवाह गरेकै दिन उनीहरूका लागि नयाँ टहरा बनाइ छुट्टयाइन्छ। उनीहरू परिवार नियोजनका साधन प्रयोग गर्दैनन्।
- उनीहरू पति-पत्नीबाहेक अरुसँग यौन सहवास गर्दैनन्, परस्त्री गमन गर्दैनन्।
- काम गर्न नसक्ने वृद्धवृद्धा, एकल महिला, अशक्त र बालबालिकाको सहायताका निम्ति सामूहिक सहयोग गर्छन्।
- राउटेहरू आफूलाई चाहिएको कसैसँग छ भने मागेर लिन्छन् तर चोरी गर्दैनन्।
- आफूलाई चाहिएको वस्तु किन्दा मोलमोलाइ गर्छन् तर मूल्य तिरेरमात्र लिन्छन्। सामूहिकरूपमा खाएको चीज वा वस्तुको मूल्य आ-आफैँ तिर्छन्।
- खाना पाकेपछि सामूहिकरूपमा खान्छन् तर घरमूली वा कोही सदस्यलाई पर्खँदैनन्।
- देउताको पूजा मध्यराति गर्छन्।
- बालबालिकाले गल्ती गरेमा गल्ती नदोहोऱ्याउन सुझाव दिन्छन् तर कुटपिट गर्दैनन्।
- कोही कसैसँग झगडा बेमेल हुँदा हात हालाहाल हुँदैन। मुखियासमक्ष समस्या दर्शाएर सुल्झाउने गरिएकाले हिंसात्मक झगडा हुँदैन।
- विधवाको दैलो उल्टो फर्काइन्छ, अरुको पूर्व दैलो भए विधवाको पश्चिम फर्काइन्छ।
- कुनै सदस्यको मृत्यु भएमा बस्ती छाडेर नयाँ ठाउँ खोज्छन्।
- नयाँ बस्ती सर्दा आधा दिन लाग्नेभन्दा टाढा बस्ती सार्दैनन्। बस्ती सरेको दिनमा छाडेको बस्तीबाट लैजानुपर्ने सबै सामान लैजान्छन्।
- कैँचीले कपाल काट्दैनन्, काट्नै पर्दा ब्लेडले खुर्कन्छन्। तर १० वर्षमुनिका बालबालिकाको कपाल भने काट्दैनन्।
- राउटेहरूले महिनावारी वा सुत्केरी जस्ता समयमा घरबाहिर राख्दैनन्, विभेद गर्दैनन्।
- समुदायको व्यक्ति मरेको बस्ती वा ठाउँमा १२ वर्षसम्म जाँदैनन्। त्यसलाई हाड परेको भन्छन्।

४. राउटे समुदायले भोग्नु परेका समस्या र त्यसले परेको प्रभाव

गत २०७७ माघ महिनायता १५ जना राउटे समुदायका व्यक्तिको मृत्यु भइसकेको छ । लोपोन्मुख अवस्थामा रहेका राउटेको चिसोका कारणले र अत्याधिक मदिरा सेवनले मृत्यु भएको अनुमान गरिएको छ । दैलेखको गुराँस गाउँपालिका, सुर्खेतको चिङगाड गाउँपालिका, सल्यानको कालिमाटी र सुर्खेतको गुर्भाकोटमा बसोवास गर्दा १५ जनाको मृत्यु भयो। 'गत माघ महिनामा राउटेको कुल जनसङ्ख्या १ सय ५६ थियो । हाल उनीहरू १ सय ४१ जना छन् र त्यसबीचमा चार शिशुको जन्म भएको सल्यानकी प्रमुख जिल्ला अधिकारी लक्ष्मीदेवी हुमागाइँले बताउनुभयो।

'चिसो मौसममा अधिकांश बालबालिकामा निमोनिया देखिने गरेको छ । तर, बिरामी पर्दा पनि उनीहरू औषधोपचार गराउँदैनन् । त्यसैले मृत्यु बढेको हो ।' राउटे अभियन्ता नगेन्द्र उपाध्यायका अनुसार हाल राउटे महिलाको संख्या ६९ छ भने पुरुषको संख्या ७७ छ । तीमध्ये शिशुदेखि पाँच वर्षसम्मका २३ जना, पाँचदेखि १० वर्षसम्मका २४ जना, १० देखि १५ वर्षसम्मका १५ जना, १५ देखि २० वर्षसम्मका ११ जना, २० वर्षभन्दा माथिका ७३ जना छन् । एकल महिलाको संख्या ११ छ । राउटे समुदायमा मदिरा सेवन ठूलो समस्या बन्दै गएको छ । महिला र पुरुष दुवैमा मदिराको लत रहेको अभियन्ताहरू बताउँछन। सल्यान बनगाड कुपिण्डे नगरपालिकाका मेयर गोविन्दकुमार पुनले राउटे समुदायमा मदिरा सेवन समस्या बनेको बताउनुभयो । महिला-पुरुष दुवैमा मदिराको लत बसिसकेको छ ।

फिरन्ते राउटे समुदाय पहिले डाक्टरी उपचारमा त्यति विश्वास गर्दैनथे तर पछिल्ला केही वर्षयता भने उनीहरूको यो धारणा क्रमश: बदलिएको छ। स्थायी बसोबास, आधुनिक उपचार पद्धति, शिक्षा, कृषि तथा पशुपालनदेखि टाढा रहेको राउटे समुदाय कर्णाली प्रदेश र आसपासका जङ्गलमा फिरन्ते जीवन बिताउने राउटे विस्तारै गाउँ बस्तीको नजिक आएर बस्न थालेका छन्। यद्यपि अन्य समुदायका व्यक्तिसँग नजिक हुन थालेपछि विभिन्न रोग, सङ्क्रमण तथा अन्य हस्तक्षेपबाट राउटे समुदाय मुक्त छैन।

मध्यपश्चिम विश्वविद्यालयका उपकुलपति प्रा. डा. नन्दबहादुर सिंहले राउटे वंशको सुरक्षा महत्वपूर्ण सवालका रूपमा रहेको बताउनुभयो। राउटे संस्कार, संस्कृति संरक्षण गर्न नसके अस्तित्व हराउन धेरै वर्ष पर्खनुपर्दैन उहाँले भन्नुभयो ,राउटे वंश, संस्कृति, बेग्लै भाषा भएको दुर्लभ मानव जाति लोपोन्मुख अवस्थामा पुग्नु दुर्भाग्य हो। आफ्ना समुदायका सदस्यको मृत्यु हुनासाथ बस्ती छाड्ने प्रचलनका कारण यो समुदाय छिटो-छिटो बसाइँ सर्नुपर्ने बाध्यतामा छ। वर्षा, पानी, चिसो र गर्मी जस्ता प्रतिकुलताले विभिन्न स्वास्थ्य समस्या देखिँदा जनसङ्ख्या निरन्तर घट्दो छ।

५. राउटे समुदायको मौलिकतामाथि हस्तक्षेप

सुर्खेत जिल्लाको गुर्भाकोट नपा- ११ का राउटे समुदायका २३ वर्षीया र १९ वर्षीया युवतीलाई सोही नपा-९ घुघुटीखोला स्थित २९ वर्षीय विनोद भनिने मिलन पुनको होटलमा ३५ वर्षीय चमन घर्ती र २४ वर्षीय भुपेन्द्र बुढाले ०७८ जेठ २१ गते राति युवतीलाई मदिरा सेवन गराई दुर्व्यवहार गरेको भिडियो सामाजिक सञ्जालबाट सार्वजनिक भएको घटनाले राउटे समुदायको मौलिकतामाथि अन्य समुदायको हस्तक्षेप बढेको र त्यस्ता कृयाकलापले उनीहरूको सुरक्षा चुनौती थपेको देखिन्छ। यौन दुर्व्यवहार गरिएको भिडियो सामाजिक सञ्जालमा सार्वजनिक भएको घटनाका सम्बन्धमा इन्सेकको नेतृत्वमा अधिकारकर्मीको टोलीले जेठ २८ गतेदेखि जेठ २९ गतेसम्म स्थलगत अध्ययन गरेको थियो।

राउटेहरू क्रमशः अन्य समुदायमा घुलमिल भइरहेको सन्दर्भमा उनीहरूको सोझोपनलाई फाइदा उठाउने क्रममा घटना भएको अध्ययनका क्रममा पाइयो। राउटेलाई कानुनी ज्ञानको अभाव, सञ्चार माध्यम, सामाजिक सञ्जालकाबारेमा जानकारी नभएका कारणले पनि सुरक्षा चुनौती थपिएको छ। कर्णाली प्रदेश समाजिक विकास मन्त्रालयको महिला महाशाखाले घटनालाई निष्कर्षमा पुऱ्याउन नेतृत्व लिएको सन्दर्भमा सम्बन्धित सरोकारवालासँग आवश्यक समन्वय र सहकार्य गरेर पीडितमाथि हिंसा गर्नेहरूमाथि कडा कारवाही सुनिश्चित गर्नुपर्ने देखिन्छ, जसले गर्दा यस समुदायप्रति गरिने व्यवहारका लागि अन्य समुदायमा थप सचेतना पैदा हुनेछ।

नेपाल सरकारका संवद्ध निकायले घटनामा पीडितहरूको भिडियो सामग्री बनाइ सामाजिक सञ्जाल र अन्य माध्यममार्फत गरिएको सञ्चार तथा सङ्ग्रह नष्ट गर्नुपर्ने, नेपाल प्रहरी र कानुन कार्यान्वयन गर्ने निकायले सञ्चारमाध्यम, सामाजिक सञ्जालहरूमा राउटेका बारेमा भएका गलत टिप्पणी र विषयवस्तु समेटिएका सामाग्री तत्काल हटाउनुपर्ने, पीडितको न्याय र पुनर्स्थापनाका लागि सम्बन्धित निकाय गम्भीरतापूर्वक लाग्नुपर्ने, उक्त समुदायका लागि काम गरेका संघ संस्थाहरूको सुझाव र आवश्यकताको आधारमा प्रदेश सरकारले राउटे नीति बनाएर कार्यान्वयन गर्नु पर्ने देखिन्छ।

राउटेहरूको सांस्कृतिक अधिकार र विशिष्ट पहिचानलाई संरक्षण गर्न उपयुक्त नीति तथा कार्यक्रम ल्याउनुपर्छ। राउटेका बारेमा गलत सूचना प्रवाह गर्ने व्यक्ति सञ्चारमाध्यम तथा कुनै पनि निकायलाई कानुनी दायरामा ल्याउनुपर्छ। सरसफाइ र प्रजनन् स्वास्थ्यका बारेमा चेतना अभिवृद्धि र सामग्रीमाथिको पहुँच स्थापित गर्दै उनीहरूको बस्तीमा अन्य समुदायका व्यक्तिको कुनै पनि प्रकारको हस्तक्षेप नहोस् भनेर स्थानीय सरकार र सुरक्षा संयन्त्रले काम गर्नुपर्छ।

६. राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कानूनी प्रावधान र राज्यको भूमिका

६.१ राष्ट्रिय कानुनी प्रावधान

नेपालको संविधानले मौलिक हक अन्तरगत धारा १८ मा उल्लेखित समानताको हकसम्बन्धी उपधारा (१) मा सबै नागरिक कानुनको दृष्टिमा समान रहने भनिए पनि उपधारा (३)ले सामाजिक तथा साँस्कृतिक दृष्टिकोणले पिछडिएका जाति, वर्ग, क्षेत्र, लिङ्ग वा अल्पसङ्ख्यकहरूको संरक्षण, सशक्तिकरण वा विकासका लागि कानुन बमोजिम विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था भए अनुरूप लोपोन्मुख जातिहरूको सूचीमा रहेका राउटे समुदायको संरक्षण तथा कल्याणका निम्ति थप कार्यक्रम ल्याउन र सरकारले अहिले लागू गरेका कार्यक्रमहरूको प्रभावकारिता विषयमा राज्यको ध्यानाकर्षण गर्न यस अध्ययनले सहज हुने देखिन्छ।

६.२ समस्या समाधानमा राज्यको भूमिका

६.३.१ परिचयपत्रको व्यवस्था

दैलेख जिल्लाका आसपास बस्ती सर्दै फिरन्ते जीवन बिताउन थालेकै कारण राउटे समुदायका सबैलाई गुराँस गाउँपालिकाले २०७५ साउन ३० गते परिचयपत्र वितरण गरेको थियो। गाउँपालिकाले परिचयपत्र वितरण गर्नुको मूलकारण राउटे समुदायको तथ्याङ्क अद्यावधिक गर्ने र उनीहरूलाई सरकारबाट वितरण गरिने सेवा/सुविधा व्यवस्थित गर्ने रहेको गुराँस गाउँपालिकाका अध्यक्ष खेमराज ओलीले जानकारी दिनुभयो । राउटे समुदायको एउटा समूह डडेल्धुराको परशुराम नगरपालिका-१२ आमपानी र वडा नं. ४ को रज्यौडामा ३४ वर्षदेखि स्थायीरूपमा बस्दै आएको छ। आमपानीमा बस्दैआएका राउटेका केही बालबालिका विद्यालय पनि जान थालेका छन्। केही युवा नागरिकताको प्रमाणपत्र लिएर वनपाले, प्रहरी र सेनामा पनि भर्ती भएका छन्। त्यहाँका राउटेको चलन व्यवहार हेर्दा उनीहरू सामान्य एवं स्थायी जनजीवनमा फर्किकएको देखिन्छ।

दैलेखमा हालै परिचयपत्र दिइएको समूहबाहेक फिरन्ते जीवन बिताउँदै आएका राउटे जाति अन्यत्र कतै छैन। गुराँस गाउँपालिकाले त्यतिबेला लिएको तथ्याङ्कअनुसार १ सय ४९ जनामात्र फिरन्ते राउटे भएका पुष्टि भएको छ। यसअघि सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गतको भत्ता लैजाँदा पनि मौखिकरूपमा जे नाम बताए, त्यसैका आधारमा प्रत्येक व्यक्तिलाई उनीहरूको बसोबासस्थलमै पुगेर वितरण गरिन्थ्यो। नयाँ परिचयपत्र लिएपछिचाहिँ त्यसकै आधारमा सरकारी र गैरसरकारी सुविधा पाउने गरेका छन्।

६.३.२ लोपोन्मुख आदिवासी भत्ता

नेपाल सरकारले २०६८ को जनगणनाअनुसार १० हजारभन्दा कम जनसङ्ख्या भएका १० वटा जातिलाई लोपोन्मुख आदिवासी जनजातिको सूचीमा राख्दै तिनलाई सामाजिक सुरक्षा भत्तासमेत दिँदै आएको छ। जुन भत्ता राउटे जातिले पनि पाउँछन्। सङ्घीय मामिला तथा स्थानीय प्रशासन मन्त्रालयले दिँदै आएको सामाजिक सुरक्षा भत्तामा पहिलोपटक आर्थिक वर्ष २०६५/०६६ देखि सामाजिक सुरक्षा सञ्चालन कार्यविधिले नै ती १० वटा जातिलाई लोपोन्मुख आदिवासी जनजाति सामाजिक सुरक्षा भत्ता दिन थालेको हो। जुन भत्ता ज्येष्ठ नागरिकलाई दिइँदै आएको भन्दा दोब्बर छ। ज्येष्ठ नागरिकलाई त्यतिबेला दिइँदै आएको ५ सय रुपियाँ मासिक भत्ताको दोब्बर प्रतिमहिना एक हजारका दरले लोपोन्मुख आदिवासी जनजाति सामाजिक सुरक्षा भत्ता दिन थालेको हो।

आर्थिक वर्ष २०७३/०७४ देखि भने ज्येष्ठ नागरिक तथा एकल महिलासमेतलाई एक हजार गराएपछि त्यही वर्षदेखि लोपोन्मुख आदिवासी जनजाति सामाजिक सुरक्षा भत्ता प्रतिमहिना दुई हजारका दरले दिइँदै आएको छ। १० वटा लोपोन्मुख आदिवासी जनजातिमा वनकरिया, राउटे, सुरेल, हायु, राजी, किसान, लेप्चा, मेचे, कुशबडिया र कुसुण्डा छन्। यी सबै जातिका नवजात शिशुदेखि सबैजनाले प्रतिमहिना लोपोन्मुख आदिवासी जनजाति सामाजिक सुरक्षा भत्ता पाउँदै आएका छन्। डडेलधुरामा स्थायीरूपमा बस्दै आएका राउटेलाई परशुराम नगरपालिकाले र दैलेखमा भने जुनजुन गाउँपालिका वा नगरपालिकामा फिरन्ते राउटे पुग्छन् तिनै स्थानीय तहले सङ्घीय मामिला तथा स्थानीय प्रशासन मन्त्रालयसँग माग गरी पठाउनुपर्ने भएका कारण फिरन्ते राउटेहरूले समयमा सो भत्ता पाउन सकेका थिएनन्।

यही समस्याका कारण एउटा स्थायी बस्ती बसाउनसमेत सकियोस् भन्ने दीर्घकालीन लक्ष्य राखी राउटेलाई सामाजिक सुरक्षा भत्तालगायतका सुविधा उपलब्ध गराउन सङ्घीय मामिला तथा स्थानीय प्रशासन मन्त्रालयकै सहमतिमा दैलेखको गुराँस गाउँपालिकाले २०७५ साउन ३० गते त्यतिबेलाको जनसङ्ख्याअनुसार एक सय ४९ जना राउटेलाई परिचयपत्र दिएको छ। तर राउटे मुखिया सूर्यनारायण शाहीले पछि नागरिकता लिनुपर्छ भनेर करकाप नगर्ने सर्तमा मात्र परिचयपत्र बुझेका थिए। परिचयपत्र बनाइसकेपछि राउटेहरू जहाँ गए पनि सामाजिक सुरक्षा भत्तालगायतका सेवा/सुविधा दैलेखको गुराँस गाउँपालिकामार्फत नै वितरण गर्ने मन्त्रिस्तरीय निर्णय २०७५ जेठ ३० गते भएको छ।

६.३.३ राउटे परियोजना

फिरन्ते राउटेहरूलाई सामान्य जनजीवनमा फर्काउन सिकाइ सहयोग पुऱ्याउन सामाजिक सेवा केन्द्र (सोसेक) ले राउटे परियोजना सञ्चालन गरेको छ। राउटे परियोजनाले न्यानो कपडा, वर्षामा पानी

तर्काउने पाल, स्वस्थ जीवन व्यवहार बदल्न औषधि लगायतका सामग्री सहयोग गर्छ। राउटे परियोजनाकै अवधारणामा गुराँस गाउँपालिकाले राउटेहरूलाई परिचयपत्र वितरण गरेको गुराँस गाउँपालिकाका अध्यक्ष खेमराज ओलीले प्रष्ट्याउनुभयो। राउटे परियोजनाभन्दा पहिले पनि राउटे उत्थान प्रतिष्ठानले उनीहरूलाई खाद्यान्न, कपडा वा अभाव भएका वस्तु उपलब्ध गराउँथ्यो भने समयमै सामाजिक सुरक्षा भत्ता वितरण गराउन पहल गर्दै आएको थियो। राउटे समुदायको जीवनशैली सुधारका निम्ति काम गर्दै आएका कारण राउटे प्रतिष्ठानकी अध्यक्ष सत्यदेवी अधिकारीलाई 'राउटेकी भान्जी' नामले चिनिन्छ।

६.४ स्थायी बसोबासको सम्भावना

कुनै व्यक्तिको धारणा बदल्न सकिएन वा परिवर्तन भएन भने 'राउटे ढिपी भएको' मान्छे भन्ने गरिन्छ। राउटे नदेखेकाहरूले पनि कण्ठै गरेको यो उखानटुक्का बोल्ने गरेबाट सहजै बुझ्न सकिन्छ कि राउटेको धारणा बदल्नु गाह्रो कुरा हो। तर, निरन्तर प्रयास गरे सम्भव छ भन्ने कुरा राउटे परियोजना, राउटे प्रतिष्ठान र गुराँस गाउँपालिकाले गरेका निरन्तर प्रयासपछि थोरैमात्र भए पनि सङ्केत देखिएका छन्। पहिले जस्तोसुकै अवस्थामा पनि औषधि प्रयोग गर्दैनथे, तर अहिले रगत आउने गरी लागेको घाउ चोटमा थोरै टिन्चर र बेटाडिन लगाउने गरेका छन्। पहिले मूलको पानीमात्र पिउँथे, अचेल पाइपको धारामा आएको पानी भाँडा धुन प्रयोग गर्छन्। पहिले बस्तीभन्दा बाहिर बास बस्न अनुमति थिएन, अहिले मुखियालाई जानकारी गराएर आवश्यकताअनुसार बस्न पाइन्छ।

सामान्य जीवनमा फर्कँदैनौँ भने पनि राष्ट्रपति, प्रधानमन्त्री, मुख्यमन्त्री, स्थानीय तहका प्रमुखहरू र सिडिओलाई भेट्न जाने, आफ्ना समस्या दर्शाएर न्यानो कपडा, खाद्यान्न जस्ता अत्यावश्यकीय वस्तु व्यवस्थापन गर्ने, रमाइलो गर्न मन पराउने जस्ता कार्यले निरन्तरको प्रयासबाट सामान्य जीवनमा फर्कन सक्ने अवस्था छ। मोबाइल, भिडिओ आदि देखेर राउटेहरू साह्रै रमाउने भएका कारण यी श्रव्य-दृष्य माध्यमबाट उनीहरूलाई बदल्न सकिने राउटे समुदायमा लामो समुदायदेखि काम गर्दै आएका पत्रकार भक्त शाहीको विश्लेषण छ। दिउँसो बालबालिकालाई अक्षर चिनाउने र साँझ राउटे वयस्कहरूलाई स्वस्थकर बानी र पाकेको खानाको महत्व दर्शाउने सामग्री भिडिओमार्फत देखाउँदा प्रभावकारी हुने उहाँको भनाइ छ।

राउटेहरू आफै स्वत: स्फूर्त सामान्य जनजीवनमा फर्किन चाहन्छन् भने मात्र त्यसो गरिनुपर्छ, अन्यथा उनीहरूलाई परिवर्तन गराएको देखाउन चाहने कुनै गैरसरकारी संथा वा कतिपय सरकारी निकायका हचुवा कार्यक्रमले उनीहरू अभिनय मात्र गर्ने तर दिगो नहुन सक्छ। परियोजना कार्यक्रम सञ्चालन वा तात्कालिक सहायता गर्नेहरूले वर्षातको झरी, हिउँदको जाडो वा यस्तै असहज समयको बेला उनीहरूको आवश्यकताका आधारमा सामग्री सहयोग गर्न जरुरी हुन्छ। राउटे समुदायको आवश्यकता नबुझेर दिइएको ओछ्याउने पीफम, तयारी कपडा जस्ता सामग्री बजार मूल्यभन्दा धेरै सस्तोमा स्थानीयलाई बेचेको पाइएको छ।

आफूसँग खाद्यान्न छ र कसैले 'ल खाऊ' भनी बाँड्यो भने राउटेहरू त्यो पनि सस्तोमा बेच्ने गरेका छन्। उनीहरूपाँच-सात छाक भन्दा बढी कहिल्यै राख्दैनन्। आवश्यकता भन्दा बढी हुँदा बेच्ने वा फ्याक्ने चलन भएकोले त्यसो गरेका हुन्। राउटे जहाँ जान्छन्, राउटेलाई दिइएका सामग्री 'कसैले नकिन्नू' भनी स्थानीय तहले कडाइकासाथ स्थानीय बासिन्दाहरूलाई भन्नुपर्दछ। त्यसरी लिए कारबाही गर्ने परिपाटी बसाल्न नसके श्रोतको दुरुपयोग हुने जोखिम छ। एकद्वार प्रणालीबाट सहायता वा सुविधा उपलब्ध गराउन पद्धति बसाल्न सके उचित हुने देखिन्छ।

७. निष्कर्ष

राउटे समुदायले विस्तारै आफ्नो परम्परा त्याग्दै अन्य समुदायको संस्कृति अँगाल्दै गएको पाइएको छ। सिलाएका कपडा लगाउनु, बजारिया खानेकुरा खानु, पैसा माग्नु, अन्य समुदायका मानिससँग बोल्न खोज्नु, आदि कुराले उनीहरू क्रमश: परिवर्तनशील भएको कुरा सत्य हो। तर, अस्तव्यस्त जीवनशैली, कुलत र विषादीयुक्त खानेकुराले प्रकृतिमा घुलमिल हुने उनीहरूको क्षमतामा ह्रास आएर विभिन्न रोग तथा समस्याबाट राउटे समुदायले ज्यान गुमाउनु परिरहेको छ। परिचयपत्रमार्फत सरकारले दिने सुविधा लिइरहेका उनीहरूले आफ्नो संस्कृति बचाउँदै सहज जीवनयापनका लागि अग्रसर रहेको अध्ययनको निष्कर्ष छ।

८. सुझावहरू

- राउटेको भाषा, संस्कृतिलाई संस्थागत गर्नको लागि आवश्यक पहल गरिनुपर्ने।
- राउटेलाई भत्ताको साटोमा आवश्य खाद्यान्न र पोषणयुक्त खानेकुरा तथा कपडाको व्यवस्था गर्नुपर्ने।
- उनीहरूकै सहभागितामा राउटे नीति निर्माण गरेर शिक्षा, स्वास्थ्य, खाद्य र आवासको उचित व्यवस्था गर्नुपर्ने।
- सरसफाइ, पोषण र स्वास्थ्योपचारका बारेमा चेतना अभिवृद्धि गराउनुपर्ने।

सन्दर्भ सामग्री

१. केन्द्रीय तथ्याङ्क विभाग
२. सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
३. कर्णाली प्रदेश, सामाजिक विकास मन्त्रालय
४. लेकबेसी नगरपालिका, सुर्खेत
५. गुराँस गाउँपालिका, दैलेख
६. सामाजिक सेवा केन्द्र (सोसेक)
७. राउटे तथा लोपोन्मुख जाति उत्थान प्रतिष्ठान
८. जिल्ला समन्वय समिति, सल्यान
९. जिल्ला समन्वय समिति, दैलेख
१०.परशुराम नगरपालिका, डडेल्धुरा
११. स्थानीय पत्रपत्रिका र अनलाइन
१२. राउटेसम्बन्धी अध्ययन प्रतिवेदनहरू

३.७ वादी समुदाय : बालबालिकाका अधिकारको सवाल

पृष्ठभूमि

संस्कृत भाषामा वादी समुदायको अर्थ वाद्यवादक वा बाजा बजाउने समूहलाई बुझाउँछ। सुदूरपश्चिम, कर्णाली प्रदेशका केही जिल्लामा वादी जातिको बसोबास रहेको छ। २०६८ को जनगणाअनुसार नेपालमा वादीहरूको सङ्ख्या ३८ हजार ६ सय ६ रहेको छ । विभेद र बहिष्करणको चपेटामा परेका वादी समुदायको उद्‌गमस्थलको सन्दर्भमा विभिन्न अध्ययनकर्ताहरूको फरक भानाइ र विश्लेषण पाइन्छ।

नेपाल एकीकरण पूर्व विभिन्न बाइसे र चौबीसे राजा रजौटाहरूद्वारा आफ्नो दरबारमा शुभकार्य, पूजा ब्रतवन्ध, विवाह आदि कार्यमा नाचगान तथा मनोरञ्जनका लागि वादी समुदायका व्यक्तिहरूलाई प्रयोग गर्ने गरिन्थ्यो। वाद्यवादन गर्नेलाई वादक र नृत्य वा अभिनय गर्नेलाई 'पात्र' वा 'पात्री' भनिन्थ्यो जुन शब्द पछि अपभ्रंश भएर वादी र पातरको रूपमा रूपान्तरित भएको मानिन्छ । नेपाल सरकार महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले सार्वजनिक गरेको एक प्रतिवेदन अनुसार १८ औँ शताब्दीदेखि नेपालको सल्यान, जाजरकोट र रुकुममा बसोबास गरेको यो समुदायको बसोबास हाल देशभर नै रहेको छ। परम्परागत रूपमा तत्कालीन राजाका दरबार, सामन्तका घर वा धनी व्यक्तिका घरमा नाच्ने गाउने वाद्यवादनका साधन बनाइ बेच्ने आदि कार्य गर्ने यो समुदायलाई सामाजिक संरचना र संस्कारले विभेदको चक्रमा प्रवेश गराएको देखिन्छ।

जातीय विभेद र उत्पीडनको दुश्चक्रमा वादी समुदाय लामो समयदेखि पिल्सिँदै आएको छ। वादी महिलाहरूमाथिको संरचनागत हिंसा (जातीय र लैङ्गिक) ले यो समुदायको विगत, वर्तमान र भविष्य अन्यौलग्रस्त बनाएको देखिन्छ। वादी महिलाहरूले भोग्ने दुर्व्यवहार, यौन हिंसा र अभ्यासका कारण उत्पन्न प्रभावले यो समुदायका बालबालिकाले कष्टसाध्य जीवनयापन गर्नुपरेको छ।

सुदूरपश्चिम प्रदेशमा वादी समुदाय

कैलाली जिल्लाको टिकापुर नगरपालिकाका विभिन्न भागमा बस्दै आएका वादी समुदायहरू सल्यानबाट २००७ सालमा बसाइ सरेको बताउँछन्। विगतका वर्षहरूमा वादी समुदायको एउटै ठाउँमा स्थायी बसोबास नहुने र फिरन्ते प्रकृतिको हुन्थ्यो। सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशका विभिन्न जिल्लामा रहेका वादी समुदाय बसाइसराइ गरेर कैलाली, कञ्चनपुर जिल्लामा बासोबास गर्दै आएका छन्। कैलाली जिल्लाको सत्ती, मुडा, बलचौर, चौकी डाँडालगायत सुदूरपश्चिम प्रदेशका पहाडी जिल्लामा पनि वादी समुदायको बसोबास रहेको छ। वादी समुदायका व्यक्तिहरू बाजा बजाउने, नाचगान गर्ने, माटोको भाँडा बनाउने, माछा मार्ने, दैनिक ज्यालादारी गर्ने र भारतका विभिन्न सहरहरूमा सस्तो श्रममा काम गरेर जीविकोपार्जन गर्दै आएका छन्। जग्गामा स्वामित्वको कमी, गरिबी, नागरिकता प्राप्तीमा असहजता, जातीय छुवाछूत, अशिक्षा, बेरोजगारी, घरबारविहीनता, सामाजिक-सांस्कृतिक विभेद, राज्यले प्रवाह गर्ने सेवा सुविधामा पहुँचको कमी जस्ता समस्या वादी समुदायले भोग्दै आएको छ। वादी समुदायको शिक्षा, स्वास्थ्य, रोजगारी, सहभागिता र आत्मसम्मानको प्रत्यभूति हुन सकेको छैन।

परम्परागत रूपमा सुदूरपश्चिम प्रदेशमा पनि यो समुदायलाई गीत गाउने, नाचगान गर्ने र वाद्यवादन गर्ने समुदायकै रूपमा बुझिन्छ। वादी समुदायलाई पहाडी क्षेत्रका राजा रजौटा, मुखिया तथा जमिन्दारहरूले विवाह समारोह, चाडपर्वहरूमा नाच्ने, गाउने तथा मनोरञ्जन कार्यका लागि प्रयोग गर्ने गरेको थियो। आप्रवासनको प्रक्रिया सुरु भएपश्चात यो समुदाय

सुदूरपश्चिम प्रदेशमा वादी समुदायको जनसङ्ख्या					
क्र.सं.	प्रदेश	जिल्ला	महिला	पुरुष	कैफियत
१.	सुदूरपश्चिम	कैलाली	१३१४	१५०८	२८२२
२.		डोटी	१२९१	१६६७	२९५८
३.		अछाम	३७४	४०८	७८३
४.		बाजुरा	८८९	९८९	१८७८
५.		बझाङ	१९१	२५३	४४४
६.		कञ्चनपुर	५६६	६९२	१२५८
७.		डडेल्धुरा	१३४	१२७	२६१
८.		बैतडी	११५	११७	२३२
९.		दार्चुला	७७	७३	१५०
	जम्मा		४९२४	५८३४	१०७५८
स्रोत: नेपालको जनगणना २०६८					

पनि तराईका जिल्लाहरू कैलाली, कञ्चनपुर र यस प्रदेशका अन्य जिल्लाहरूमा समेत बसोबास गर्दै आएको छ।

वादी समुदायका महिलाहरूले ४८ दिनसम्म अधिकारका लागि सिंहदरबार पश्चिमढोका अगाडि अर्धनग्न जुलुस निकालेर सङ्घर्ष गरेपछि २०६५ पुस २३ गतेको मन्त्रिपरिषद्को निर्णयले उनीहरूलाई यौनशोषण मुक्त गर्नाका साथै पुन:स्थापना गर्ने घोषणा गरेको थियो। उत्पीडन र प्रताडनाको ज्वालामुखीबाट उन्मुक्त हुन गरिएको सङ्घर्षको कागजी उपलब्धिले यो समुदायका महिलामाथि शोषण अन्त्य गर्ने घोषणा गरे पनि अभ्यासमा उत्पीडन पूर्णरूपमा अन्त्य हुन सकेको छैन। महिलामाथि हुने यौन उत्पीडन र संरचनागत हिंसाले बालबालिकाको अधिकार गम्भीर रूपमा उल्लङ्घन भएको छ। वादी समुदायका बालबालिकाको पहिचान, शिक्षा, स्वास्थ्य र आधारभूत अधिकारको सुनिश्चितता गर्न राज्यका निकायहरूको जिम्मेवारी अत्यन्त आवश्यक देखिएको छ।

अध्ययनको उद्देश्य

- वादी समुदायमा बालबालिकाका समस्याको अध्ययन गर्नु।
- अध्ययनमा प्राप्त सूचना तथा ज्ञानका आधारमा अवस्था सुधारका लागि तीनै तहका सरकार, नीतिनिर्माता तथा नागरिक समाजको योगदान तथा भूमिका सुनिश्चित गरी वादी बालबालिकाको आधारभूत अधिकारबारे जानकारी गराउनु।

अध्ययनको सिमा

यो अध्ययन सुदूरपश्चिम प्रदेशको कैलाली र बझाङ जिल्लामा मात्रै केन्द्रित रहेको छ। यस अध्ययनले वादी समुदायका बालबालिकाको अधिकार र पहिचानको अवस्थालाईमात्रै उजागर गरेको छ। वादी समुदायका बालबालिकाहरूको अधिकारको सुनिश्चितताका लागि निर्माण भएका कानुन, नीति, राष्ट्रिय कार्य योजना र अदालतका आदेशको प्रभावकारी कार्यान्वयनको अवस्थामा केन्द्रित रहेको छ। यस अध्ययनले वादी समुदायका बालबालिकाहरूको शिक्षा, स्वास्थ्य, दन्मदर्ता र नागरिकताको अधिकारसँग बढी सरोकार राख्दछ।

अध्ययन विधि

वादी समुदायका बालबालिकाहरूको अधिकारबारे सरकारी प्रतिबद्धता र त्यसको कार्यान्वयनको अवस्था विश्लेषण गर्न कैलाली जिल्लास्थित वादी समुदायका व्यक्तिहरू, विभिन्न सङ्घ/संस्था, सरकारी निकायका प्रतिनिधि, वादी समुदायका क्षेत्रमा क्रियाशील व्यक्तित्व, कानुन व्यवसायी, राजनीतिक दलका प्रतिनिधि, समाजसेवी तथा

बुद्धिजीवीहरूसँग भेटघाट तथा छलफल गरिएको थियो। यसैगरी, वादी समुदायको समस्या र सरोकारसँग सम्बन्धित लेख तथा पुस्तक, विभिन्न अनुसन्धान प्रतिवेदन, विभिन्न राष्ट्रिय ऐन तथा अन्तर्राष्ट्रिय प्रावधानहरू अध्ययन सामग्रीका रूपमा प्रयोग गरिएको छ। अध्ययनका क्रममा सरोकारवाला पक्षहरूसँग सम्वाद, छलफल, अन्तर्वार्ता र प्रश्नोत्तर गरी कैलाली जिल्लास्थित वादी समुदायका बालबालिकाहरूको अधिकार र पहिचानको अवस्था विश्लेषण गर्ने प्रयास गरिएको छ।

अध्ययनको सान्दर्भिकता

अन्य बालबालिका सरह वादी समुदायका बालबालिकाहरूको अधिकार, आत्मसम्मान, पहुँच र सशक्तिकरणका लागि संवैधानिक, कानुनी र नीतिगत रूपमा व्यवस्था गरिएको भए पनि यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको देखिन्छ। २०६२ सालमा सर्वोच्च अदालतले नेपाल सरकारको नाममा जारी गरेको परमादेशमा 'वादी समुदायका बालबालिकालगायत बाबुको ठेगाना नलागेका सबै बालबालिकालाई बाबु नभएको भन्ने कारणले निजहरूको जम्मदर्ता गर्न इन्कार नगर्नु र यस्ता बालबालिकाहरूलाई नागरिकता ऐन २०२० दफा ३ को उपदफा २ बमोजिम नेपालको नागरिकता प्रदान गर्न अविलम्ब आवश्यक व्यवस्था गर्नु' भने पनि बाबुको पहिचान नभएको भन्दै वादी समुदायका बालबालिकाहरू जन्मदर्ता र नागरिकता पाउनबाट अझै वञ्चित छन्। जन्मदर्ता र नागरिकता पाउन नसकेका वादी समुदायका बालबालिकाहरूले सरकारले प्रदान गर्दै आइरहेको छात्रवृत्तिलगायतका सेवासुविधा समेत पाएका छैनन्। वादी समुदायका बालबालिकाहरूको पहिचानकै समस्याले गर्दा विद्यालय छाड्नु र कामका लागि भारत पलायन हुनुपर्ने बाध्यता छ। अहिले पनि विद्यालय, स्वास्थ्य संस्था, सरकारी निकायहरूमा अपहेलित गर्ने गरिएको पाइन्छ। वादी समुदायका बालबालिकालाई हेर्ने पुरातनवादी दृष्टिकोणमा परिवर्तन आउन सकेको छैन भने आत्मसम्मान, पहिचान र अधिकार सुनिश्चित हुन सकेको छैन।

समस्याको विश्लेषण

वादी समुदाय आर्थिक, सामाजिक, सास्कृतिक तथा राजनीतिक रूपमा पछाडि पारिएको उत्पीडित समुदाय हो। वर्षौंदेखि राज्यका हरेक क्षेत्रबाट पछाडि पारिएको पिछडिएको अपहेलित, अछूत, शोषित, अति सीमान्तकृत तथा वहिष्करणमा पारिएको यो समुदाय गरिबी, अशिक्षा, बेरोजगारी, सामाजिक अन्धविश्वास, परम्परागत मूल्य मान्यता, ऐन, कानुनको प्रभावकारी कार्यान्वयनको अभावलगायतका कारणले विभेद तथा बहिस्करणमा पर्दै आएका छन्।

बुबाको पहिचान खुल्न नसकेका वादी समुदायका बालबालिकाहरूको जन्मदर्ता गर्न, विद्यालय भर्ना गर्न, नागरिकता बनाउन समस्या रहेको छ। नागरिकता पाउनबाट वञ्चित बालबालिकाहरू राज्यले उपलब्ध गराउने सेवा सुविधाहरूबाट पनि वञ्चित हुनु परेको छ। वादी समुदायको आर्थिक तथा शैक्षिक अवस्था कमजोर रहेको छ। जसका कारण वादी व्यापार, व्यवसाय गर्नबाट समेत वञ्चित भएका छन्। नेपालको संविधानले आधारभूत तह सम्मको शिक्षा सबैका लागि अनिवार्य र नि:शुल्क गरेको भए पनि शिक्षाको पहुँच बाहिर छन्।

सुदूरपश्चिम प्रदेशका बस्तीहरूमा वादी समुदायको अवस्था

१. कैलाली जिल्ला टिकापुर नगरपालिका-८ शक्ति सूर्यपुरको वादी समुदायको अवस्था

सल्यानबाट बसाइसराइ गरेर आएका वादी समुदायका ५० परिवार टिकापुर नगरपालिका-८ सत्ती सूर्यपुरमा बसोबास गर्दै आएका छन्। २०१० सालदेखि स्थायीरूपमा बसोबास गर्दै आइरहेका यस समुदायमा २ सय ५० जनसङ्ख्या रहेको छ। जसमध्ये १८ वर्ष मुनिका ५० जना बालबालिकाहरू रहेका छन्। ६० वर्षमाथिका १० जना पुरुष र पाँच जना महिलाले समाजिक सुरक्षा भत्ता पाउने गरेका छन्। १२ जना अपाङ्गता भएका व्यक्तिहरूको शिक्षा, स्वास्थ्य, खाद्य, आवास तथा रोजगारीमा पहुँच छैन। १८ वर्ष मुनिका बालबालिकाहरू आर्थिक अभावका कारण बीचैमा विद्यालय छोडेर रोजगारीको खोजीमा भारत जाने गरेका छन्। रोजगारीको अवसर नपाएका व्यक्तिहरू कर्णाली नदीमा माछा मार्ने, जाल, बल्छी बनाउने, मादल बनाउने, नाच्ने, गाउने र मागेर जीवन निर्वाह गर्ने

गरेका छन्। वादी समुदायको जीविकोपार्जन र आर्थिक सशक्तिकरणमा केन्द्रित भएर सरकारले कार्यक्रम सञ्चालन गर्न नसकेको सत्तीसूर्यपुर सामाजिक सहयोग समितिका अध्यक्ष राजीव नेपालीले बताउनु भयो। महिलाहरू यौन पेशाबाट तथा बाबुको पहिचान नभएको अवस्थामा जन्मेका बच्चाहरूको जन्मदर्ता, नगरिकता तथा राष्ट्रिय परिचयपत्र बनाउन निकै समस्या झेल्दै आएका छन्। उमेर पुगिसकेका एक जना व्यक्तिको नागरिकता बनाउनका लागि सात दिनसम्म वडा कार्यालय, नगरपालिका र इलाका प्रशासन कार्यालयमा धाउँदासमेत नागरिकता पाउन नसकेपछि नागरिकता बिना नै भारत जान बाध्य भएको स्थानीय राधा नेपालीले बताउनु भयो। नेपाली नागरिकता बनाउन जाने आमालाई सम्बन्धित निकायका कर्मचारीहरूले बाबुको नागरिकता खोज्ने, अन्य कारण देखाउँदै आलटाल गर्ने, नराम्रो दृष्टिले हेर्ने र विभिन्न दुर्व्यवहार सहनुपर्ने बाध्यता रहिआएको स्थानीय मीरा नेपालीले बताउनु भयो। यदि कुनै व्यक्तिलाई नागरिकता दिने अवस्था आएको खण्डमा पनि बाबुको ठेगान नखुलेको भनेर नागरिकतामा लेखिदिएका कारण समाजिक रूपमा थप अपमानित हुनु परेको स्थानीय मनकुमारी वादीले बताउनु हुन्छ। विगतको तुलनामा बालबालिकाहरूको जन्मदर्ता, विद्यालय भर्ना र नागरिकता बनाउन केही सहज भएको भए पनि सबै बालबालिकाहरूले यो अधिकारको उपभोग सहज रूपमा गर्न सकेका छैनन्। रोजगारीको खोजीमा भारत गएका केही बालबालिका तथा युवतीहरू यौन पेसामा समेत संलग्न हुन बाध्य भएका स्थानीय अंकित नेपालीले बताउनु हुन्छ। सुरक्षा, संरक्षण, सहभागिता र विकास बालबालिकाहरूका मुख्य अधिकार भएको भएपनि बालबलिकाहरू यी अधिकारबाट वञ्चित भएका छन्।

गरीब, असहाय, विपन्न, पछाडि पारिएका समुदायका बालबालिकाहरूका लागि नगरपालिकाले उपमेयर छात्रवृत्ति कार्यक्रम र मेयर प्रविधिक छात्रवृति कार्यक्रम सञ्चालन गर्दै आएकोले प्रविधिक शिक्षामा पहुँच नभएका कारण मेयर प्राविधिक छात्रवृत्ति कार्यक्रमबाट यस समुदायका बालबालिकाहरू लाभान्वित हुन नसकेकोले आगामी दिनमा वादी समुदायका बालबालिकाहरूलाई प्राविधिक शिक्षामा पहुँच अभिवृद्धि गर्न नगरपालिकाले योजना बनाइ रहेको नगरप्रमुखको भनाइ रहेको छ।

२. जयपृथ्वी नगरपालिका-१० चैनपुर वादी समुदायको अवस्था

बझाङ जिल्ला जयपृथ्वी नगरपालिका-१० चैनपुरस्थित खुलामञ्च नजिकै वादी समुदायको बसोबास रहेको छ। चार पुस्ता अगाडिदेखि वादी समुदायका १२ परिवारका नौ जना बालबालिकासहित ३७ जना व्यक्तिहरू यस बस्तीमा बसोबास गर्दै आएका छन्। नौ जना बालबालिकाहरू मध्ये सात जना बालबालिकाहरू सरकारी विद्यालयमा अध्ययनरत छन्। आर्थिक अभावका कारण दुई जना बालबालिकाहरू विद्यालय जानबाट वञ्चित भएका छन्। वादी समुदायको परम्परागत पेशा (माछा मार्ने, जाल बनाउने, मादल बनाउने, सारंगी बनाउने, माटाका भाँडाकुँडाहरू बनाउने) नै सङ्कटमा परेपछि बिहान बेलुकीको छाक टार्न समेत समस्या हुँदै आएको स्थानीय हरिना वादीले बताउनु भयो। विद्यालय जाने मन भए पनि आमाबाबुले मागेर बिहान बेलुकीको छाक मुस्किलले टार्दै आएको देख्दा विद्यालय जान मन नै नलागेको सत्यवादी उच्च माध्यमिक विद्यालय, भोपुरमा कक्षा सातमा अध्ययरत १३ वर्षीय मनोज वादीले बताउनु भयो। आर्थिक अभावमा कापी, कलम किन्नसमेत समस्या हुने गरेको छ। बिहान खाए साँझ के खाने भन्ने चिन्ताबाट यस समुदायका व्यक्तिहरूले मुक्ति पाउन सकेका छैनन्। विद्यालय जाने इच्छा हुँदा पनि विद्यालय भर्ना गर्न र कापीकलम किन्न पैसा नभएपछि विद्यालय छोडनु परेको मन्जुरी वादीले बताउनु भयो। उहाँले भन्नु भयो- 'बाबु सानै उमेरमा बित्नु भयो। आमाले काम गर्न सक्नु हुन्न। विद्यालय गए घरमा आमाको हेरचाह र काम गर्ने कोही छैन। काम नगरे साँझ खाने अन्न हुँदैन। कसैको भाँडा माझेर र शौचालय सफा गरेर पाएको रकमबाट गुजारा चलाउने गरेका छौँ। विद्यालय जाने धोको कहिल्यै पूरा नहुने भयो।'

सरकारले नि:शुल्क शिक्षा तथा छात्रवृत्ति दिने व्यवस्था गरेको भए पनि बालबालिकाहरूले अहिले पनि विभिन्न नाममा विद्यालयमा शुल्क तिर्नु परेका कारण विद्यालय छोडनु पर्ने अवस्था रहेको छ। छात्रवृत्तिका नाममा विद्यालयबाट पाउने रकमले कापीकलम समेत किन्न नसक्ने अवस्था रहेको छ। सरकारले सीप र क्षमता अनुसारको रोजगारीको अवसर सृजना नगरि दिएको र पुर्ख्यौली पेसा माछा मार्ने, माटोका भाँडाकुडा

बनाउने काम समेत लोप हुँदै गएका कारण आर्थिक सङ्कट व्यहोर्नु परेको स्थानीय किथ्थी वादीले बताउनु भयो। पति जिवीतै रहँदा माछा मारेर, भाँडाकुडा बनाएर बेचेको पैसाले घरखर्च चलाउँदै आएको भए पनि पतिको मृत्युपछि बिहान बेलुकीको छाक टार्ने समस्या भएको किथ्थीको दुःखेसो रहेको छ।

चैनपुर नजिकै रहेको वादीबस्तीका पाँच जना बालिकाले उमेर नपुग्दै विवाह गरेको स्थानीय अमर वादीले बताउनु भयो। विद्यालयले भर्ना शुल्क लिने गरेका कारण बालबालिकाहरूलाई विद्यालय भर्ना गर्न नसकिने र अध्ययनरत बालिबालिकाहरू पनि बीचैमा विद्यालय छोड्ने गरेको स्थानीय मौसम वादीले बताउनु भयो। विगतका वर्षहरूमा विवाह हुँदा मानिसहरूले नाच्नका लागि बोलाउने र नाचगान गरेवापत राम्रै रकम दिने गरेको भए पनि पछिल्लो समयमा यो प्रचलन हटाइएपछि अहिले बालबच्चा पाल्न र घरखर्च चलाउनका लागि गाउँघरमा भिखमाग्नु परेको स्थानीय केशरी वादीको दुःखेसो छ।

आफूले आठ बच्चाको जन्म दिएको भए पनि ६ जनाको मृत्यु भएको र मुस्किलले दुई जना मात्रै जीवित रहको भुवन वादीले बताउनु भयो। कुपोषणका कारण धेरैजसो वादी परिवारका एक जना पनि बच्चा बाच्न नसकेको उनको भनाइ छ।

जयपृथ्वी नगरपालिकाका प्रमुख विरेन्द्रबहादुर खड्काले वादी समुदायले साहुबाट लिएको ऋण नगरपालिकाले चुक्ता गरेर तातो लुगा र खाद्यन्न वितरण गर्दै आएको बताउनु भयो। वादी समुदायको लागि पेशा व्यवसाय सञ्चालन गर्न बजेटको व्यवस्था गर्छौं भनेर भन्दा उहाँहरूले नमानेपछि आफूहरूलाई लगानी गर्न समस्या भएको नगरप्रमुख खड्काको भनाइ छ।

३. कैलाली जिल्ला लम्कीचुहा नगरपालिका-३ बल्चौर वादी वस्तीको अवस्था

कैलाली जिल्ला लम्कीचुहा नगरपालिका-३, बल्चौरमा १ सय ९१ परिवार वादी समुदायको बसोबास रहेको छ। पूर्वपश्चिम राजमार्गसँग जोडिएको वन क्षेत्रमा २०६४ सालदेखि बसोबास गर्दै आएका वादी समुदायको जनसङ्ख्या ९ सय ७८ रहेको छ। जसमध्ये ३ सय ६५ महिला, ३ सय ४४ पुरुष र २ सय ७९ जना बालबालिकाहरू रहेका छन्। बालविकास केन्द्र र प्राथमिक विद्यालयमा वादी समुदायका बालबालिकाहरू अध्ययनरत रहेका भए पनि आर्थिक अभावका कारण माध्यमिक तह र उच्च शिक्षा हासिल गर्न समस्या भएको पाइन्छ। विद्यालयले तोकेको भर्ना शुल्क तिर्न नसक्दा वादी समुदायका बालबालिकाहरू बीचैमा विद्यालय छाड्ने र रोजगारीका लागि भारत जाने गरेका छन्। सरकारले तोकेको छात्रवृत्ति पाउने गरेको भए पनि वादी समुदाय अध्ययनरत विद्यालयमा शिक्षक दरबन्दी छैन। राहत कोटाका शिक्षकहरूले अध्यापन गराउँदै आएका छन्। बालविकास केन्द्र विभिन्न सङ्घसस्थाहरूको सहयोगमा सञ्चालन भइरहेको छ। बालविकास केन्द्र सञ्चालनका लागि सरकारले सहयोग नगरेको वादी अगुवाहरूको आरोप छ। बाबुको पहिचान नखुलेका बालबालिकाहरूको जन्म दर्ता गर्न, नागरिकता बनाउन विगतका वर्षहरूमा समस्या भएको भए पनि सर्वोच्च अदालतले २०६४ सालमा जारी गरेको परमादेश पश्चात सहज भएको छ। यद्यपि नागरिकतामा भाड, पातर, वदेनी भनेर लेखिएको कारण आत्मसम्मानमा ठेस पुगेको अगुवा नन्दराम वादीको गुनासो रहेको छ। भाड, पातर, वदेनीजस्ता शब्दहरू हटाएर चाहे अनुसारको थर राख्न पाए समाजिक रूपमा अपमानित हुनुनपर्ने नन्दराम बतउँछन्।

४. कैलाली जिल्ला गोदावरी नगरपालिका-३ चौकीडाँडा वादी बस्तीको अवस्था

सुदूरपश्चिम प्रदेशको बाजुरा, बझाङ, डोटी, अछामलगायत पहाडी जिल्लाबाट २०४० सालमा बसाइँसराइ गरेका आएका वादी समुदायका व्यक्तिहरू कैलाली जिल्ला गोदावरी नगरपालिका-३ चौकीडाँडास्थित मालिका टोलमा बसोबास गर्दै आएका छन्। विभिन्न समयमा सुदूरपश्चिमका पहाडी जिल्लाबाट बसाइँसराइ गर्दै आएका ३२ परिवारमध्ये सातजनासँग पाँचदेखि १० धुरसम्म लालपूर्जा भएको जमिन रहेको छ। अन्य २५ परिवारको नाममा लालपूर्जा नै छैन। परिवार सङ्ख्या बढ्दै गएपछि बस्ने ठाउँको अभावमा २५ परिवार पूर्वपश्चिम महेन्द्रराजसँगै जोडिएको मालिका सामुदायिक वन क्षेत्रमा अस्थायी टहराहरू निर्माण गरी ज्यालामजदुरी (इँटा बेक्ने, ढुङ्गा बोक्ने), मागेर र केही व्यक्तिहरू भारतको सिमला पहाडमा ज्यालामजदुरी गरेर जीविका चलाइरहेका छन्। बालबालिकाको शिक्षाका लागि वार्षिकरूमा प्रदान

गरिने ४ सय रुपियाँ छात्रवृत्ति रकमले शैक्षिक सामग्री अपुग हुने गरेको अगुवा मिठ्ठु वादीको गुनासो रहेको छ। महेन्द्र राजमार्गसँग जोडिएको सामुदायिक वन बाटो किनारमा बस्दै आएका २५ घरका लागि एक सार्वजनिक धारा मात्रै रहेको छ। शौचालय र बिजुली बत्तीको व्यवस्था छैन। अस्थायी रूपमा निर्माण गरिएका साना टहरामा परालको बिस्तरा बनाएर भुइँमा सुत्ने गरेका छन्। बिहान बेलुकीको छाक टार्न पनि अरुको मुख ताक्नु पर्ने अवस्था यस वादी बस्तीमा रहेको छ। सरकारले सीपमूलक तालिम तथा आयआर्जनका कार्यक्रमहरू सञ्चालन गरेको खण्डमा आफूहरूलाई दैनिकी चलाउन सहज हुने वादी समुदायका युवाको भनाइ रहेको छ। आर्थिक सङ्कटका कारण बालबालिकाहरूलाई बिहान बेलुकीको सामान्य खान ख्वाउन, औषधि उपचार गर्न निकै मुस्किल हुने गरेको स्थानीय सीतादेवी वादीको गुनासो रहेको छ।

वादी समुदायको आर्यआर्जनका लागि वार्षिक रूपमा २ देखि ३ लाखसम्म बजेट विनियोजन गर्ने गरिएको भए पनि सानो बजेटबाट समस्या सम्बोधन गर्न नसकिएको गोदावरी नरपालिकाका उपमेयर रत्ना कठायतले बताए।

सरकारी प्रतिबद्धता र कार्यान्वयनको अवस्था

वादी समुदायले आत्मसम्मानका लागि पटकपटक गरेको आन्दोलन र विषेश गरी २०६४ सालमा गरेको ४८ दिने काठमाडौँ केन्द्रित आन्दोलनका कारण २०६४ असोज १५ गते सरकारले औपचारिक रूपमा कार्यदल गठन गरेको थियो। कार्यदलले पेश गरेका सिफारिसहरूलाई समेत ध्यानमा राखेर वादी समुदायको तर्फबाट वार्ता टोलीका संयोजक तथा वादी आन्दोलनकी नेता उमादेवी वादी र सरकारका तर्फबाट तत्कालीन शान्ति तथा पुनर्निमाण मन्त्री रामचन्द्र पौडेले शान्ति तथा पुननिर्माण मन्त्रालयमा २०६४ असाज २८ गते २ बुँदे सहमति भएको थियो। दुई बुँदे सहमतिको बुँदा नम्बर २ मा वादी समुदायका बालबालिकाहरूलाई छात्रवृत्ति उपलब्ध गराउने उल्लेख गरेको पाइन्छ। वादी समुदायसँग सम्झौता गरिएको झण्डै १४ वर्ष बितिसक्दा समेत यसको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन।

सर्वोच्च अदालतको परमादेश

सर्वोच्च अदालतले २०६२ भदौ ३० गते नेपाल सरकारका सम्बन्धित निकाय तथा वादी समुदायका व्यक्ति तथा निजहरूको समस्याबारे अध्ययन अनुसान्धान गर्ने संस्थाहरूलाई 'वादी समुदायका विद्यमान समस्या र समाधानका लागि प्राथमिकताको आधारमा क्रमशः लागु गर्दै जानु र त्यसको जानकारी सर्वोच्च अदालतलाई समेत दिनू' भन्ने आदेश दिएको थियो। सोही आदेशमा 'वादी समुदायका बालबालिकालगायत बाबुको ठेगाना पत्ता नलागेका सबै बालबालिकालाई बाबु नभएको भन्ने कारणले निजहरूको जन्मदर्ता गर्न इन्कार नगर्नु तथा त्यस्ता बालबालिकालाई नागरिकता ऐन, २०२० को दफा ३ को उपदफा (२) बमोजिमको नेपालको नागरिकता प्रदान गर्न अविलम्ब आवश्यक व्यवस्था गर्नू उल्लेख गरेको थियो। सर्वोच्च अदालतले गरेको यो आदेश कार्यान्वयनमा ल्याउँदा आमाको नामबाट नागरिकता प्राप्त गर्न वादी समुदायका व्यक्तिहरूलाई सहज हुने भए पनि यसको प्रभावकारी कार्यान्वयनको अभावमा अहिले पनि आमाकै नामबाट नागरिकता लिन पनि समस्या झेल्दै आएका छन्।

जनता आवास कार्यक्रम

सुदूरपश्चिम तथा कर्णाली प्रदेशका बाक्लो वादी बस्ती हुने जिल्लाहरूमा जनता आवास कार्यक्रम सञ्चालन भएको छ। जनता आवास कार्यक्रम निर्देशिका अनुसार आवास प्राप्त गर्नको लागि लालपूर्जाको आवश्यकता पर्ने भएकोले वास्तविक पीडित वादीहरूसँग लालपूर्जा नभएका कारण यस कार्यक्रमबाट वञ्चित भएका छन्। कैलाली जिल्लाको बलचौर, टिकापुर नगरपालिकाको सत्तीसूर्यपुरमा रहँदै आएका लालपूर्जा भएका वादी समुदायले जनता आवास कार्यक्रम अन्तर्गत घर निर्माण भएको भए पनि अधिकांश वादीहरू सुकुमवासी भएकोले यो कार्यक्रमबाट लाभ लिन सकेका छैनन्। वास्तविक वादी बालबालिकाहरू अहिले पनि कच्ची घर र झुप्रोमा कष्टकर जीवन बाँच्न बाध्य भएका छन्।

विशेष छात्रवृत्तिसम्बन्धी कार्यविधि, २०७२

यो कार्यविधि देशभित्रका उच्च शिक्षा प्रदान गर्ने संस्थाहरूमा अध्ययनरत निम्न आयस्रोत भएका

डोम, वादी, चमार र मुसहर समुदायका छात्रछात्राहरूको हकमा स्नातक तहमा इन्जिनियरिङ् वा चिकित्साशास्त्र विषयमा अध्ययनरत विद्यार्थीको हकमा गरिएको थियो। आर्थिक वर्ष. २०७२ / ०७३ देखि लागु गरिएको यस कार्यविधिमा छात्रवृत्तिको लागि सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण भएको हुनुपर्ने व्यवस्था गरिएकोले बालबालिकाहरूले सामुदायिक विद्यालयबाट प्रवेशिका परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गर्न नसकेका कारण यस अवसरबाट वञ्चित भएका छन्। अन्य विद्यालयबाट प्रथम श्रेणीमा उत्तीर्ण भएका वादी बालबालिकाहरू यो अवसरबाट वञ्चित भएका छन्।

निष्कर्ष

जातीय छुवाछूत तथा सामाजिक विभेद संवैधानिक तथा कानुनी रूपमा दण्डनीय भए पनि त्यसको प्रभावकारी कार्यान्वयनको अभावमा वादी समुदाय तथा उनीहरूका बालबालिकाहरू अहिले पनि जातीय छुवाछूत, उत्पीडन तथा सामाजिक विभेद भोग्दै आएका छन्। सदियौँदेखि नाचगान, मागेर जीवन निर्वाह गर्दै आएका र फिरन्ते प्रकृतिका वादी समुदायमध्ये अधिकांशसँग स्थायी जग्गा र बसोबासको अभाव रहेको छ। बाबुको पहिचान खुल्न नसकेका वादी समुदायका बालबालिकाहरूलाई अहिले पनि जन्मदर्ता गर्न र नागरिकता पाउन सहज छैन। दलित समुदाय भित्र पनि अतिवहिष्करण र विभेदमा पारिएको वादी समुदायका बालबालिकाहरूले विद्यालयले लिने गरेको शुल्क तिर्न नसकेपछि बीचैमा विद्यालय छोडी रोजगारीको खोजीमा भारतका विभिन्न सहरहरूमा पुगेर सस्तो श्रममा कठिन काम गर्न बाध्य छन्। पहाडी जिल्लामा बसोबास गर्दै आएका वादी समुदायका बालबालिकाहरू रोग र भोकबाट पीडित हुँदै आएका छन्। आर्थिक अवस्था कमजोर रहेका वादी परिवारका बालबालिकाहरूले बालविवाह गर्ने गरेका छन्। वादी समुदाय तथा उनीहरूका बालबालिकाहरूको अधिकारको सुनिश्चितताका लागि सङ्घीय, प्रदेश तथा स्थानीय सरकारबाट दीर्घकालीन योजना तथा कार्यक्रमहरूको अभाव देखिएको छ। वादी समुदायका बालबालिकाहरूलाई समाजले हेर्ने पुरातन मान्यता, धारणा र व्यवहारमा परिवर्तन आउन सकेको देखिँदैन। समुदायसँग सबै भन्दा नजिक रहेको स्थानीय सरकारसँग समेत वादी समुदायका बालबालिकाको अधिकार सुनिश्चितताका लागि दीर्घकालीन रणनीति र योजना छैन। राजनीतिक दलहरूले निर्वाचनको समयमा वादी समुदायको शिक्षा, स्वास्थ्य, आवास र रोजगारीको क्षेत्रमा सहयोग गर्ने प्रतिवद्धता जाहेर गर्दै आएका भए पनि निर्वाचनपश्चात वादी समुदायका समस्याहरू राजनीतिक दलको प्रथमिकतामा परेको पाइँदैन।

सुझावहरू

- वादी समुदाय र उनीहरूका बालबालिकाहरूमाथि अहिले पनि जातीय छुवाछूत तथा सामाजिक विभेद कायमै रहेकाले सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालन गरिएका जातीय छुवाछूत विरुद्धका अभियानहरूलाई प्रभावकारी रूपमा सञ्चालन गर्न र छुवाछूत विरुद्ध निर्माण गरिएका कानुनहरूको कार्यान्वय गरिनु पर्दछ।
- अधिकांश वादी समुदायसँग बसोबासका लागि जग्गा र घरको समस्या देखिएकोले यो समस्या समाधानका लागि तीनै तहका सरकारले अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन योजना तथा कार्यक्रमहरू तयार गरी लागु गर्नु पर्दछ।
- वादी समुदायको आर्थिक अवस्था कमजोर भएका कारण त्यसको प्रत्यक्ष प्रभाव बालबालिकाहरूको शिक्षा, स्वास्थ्य र सुरक्षामा परिरहेकोले वादी समुदायको आर्थिक सशक्तिकरणका लागि प्रदेश र स्थानीय सरकारले सीपमूलक तथा आयआर्जनका कार्यक्रमहरू सञ्चालन गरी आत्मनिर्भर बनाउनु पर्दछ।
- सर्वोच्च अदालतले नेपाल सरकारको नाममा जारी गरेको परमादेशको प्रभावकारी कार्यान्वयन गरी बाबुको पहिचान नभएका वादी समुदायका बालबालिकाहरूलाई आमाको नामबाट जन्मदर्ता र नागरिकता पाउने कानुनी व्यवस्थालाई थप सहज र सरलिकरण गरी कार्यान्वयन गरिनु पर्दछ।

सन्दर्भ सामग्री

१. बालबालिकासम्बन्धी ऐन २०७५

२. बालबालिका सम्बन्धी ऐन २०७८ को दफा ५(१)

३. बाल अधिकारसम्बन्धी महासन्धिको भाग २

४. नेपालको संविधान २०७२ को मौलिक हक अन्तर्गत धारा ३९(१) र धारा ४०(२)

५. सामुदायिक सशक्तिकरण तथा रूपान्त्रण कमिटी नेपालले प्रकाशन गरेको 'वादी समुदायको पहिचान र अवस्था' अध्ययन प्रतिवेदन २०७६

६. वादी समुदायको सामाजिक, सांस्कृतिक, आर्थिक अवस्था (तथा आगामी बाटो) का सन्दर्भमा कैलाली जिल्लाको बलचौर वादी समुदायमा सशक्तिकरणको क्षेत्रमा युवा (एस नेपाल)ले गरेको अध्ययन प्रतिवेदन २०७८

७. 1226_1357136650_field-bulletin-the-badi-community-of-nepal-issue-50.pdf (ecoi.net)

८. Nepal's Badi community finds itself in a bottomless pit of despair (kathmandupost.com)

९. https://mowcsc.gov.np/downlo adfiles/fUL38AgqcoyggTNMKzzyiV QmsfU7xcxj3jUhisPH-1625551872.pdf

सन् २०२१ र मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका तथ्यहरू

उल्लेख गर्नैपर्ने केही कुरा

१. 'यो वर्ष' भन्नाले सन् २०२१ (२०७७ पुस १७ गतेदेखि २०७८ पुस १६ गतेसम्म) बुझ्नुपर्छ। यदाकदा घटनाले मागेका ठाउँमा बाहेक यस पुस्तकमा यो अवधिको सीमा नाघ्ने प्रयास भएको छैन । यसमा उल्लिखित घटनाहरू सबैजसो कार्यक्षेत्रमै गएर लिइएका जानकारीमा आधारित छन् । जसलाई प्रहरी, पीडित, आरोपित, न्यायिक आदि क्षेत्रद्वारा पुष्टि गर्ने प्रयास भएको छ।

२. नेपालले अनुमोदन गरेका मानव अधिकारसम्बन्धी विभिन्न अन्तर्राष्ट्रिय महासन्धिहरूमध्ये ठूला ६ ओटा (ICCPR, ICESCR, CAT, CEDAW, CRC / CERD) का आधारमा शीर्षकहरू विभाजन गरी जिल्लागत रूपमा तथ्याङ्क एवम् विवरण प्रस्तुत गरिएको छ।

३. मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको तथ्य–तथ्याङ्कलाई दुई प्रकारमा वर्गीकरण गरिएको छ :

   (क) राज्यपक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनालाई राज्यपक्षको तर्फबाट भनी समावेश गरिएको छ।

   (ख) राज्यपक्षभन्दा बाहेकबाट भएका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनालाई अन्यपक्षबाट भनी समावेश गरिएको छ। अन्यपक्ष भन्नाले विभिन्न सशस्त्र समूह, अज्ञात पक्ष, राजनीतिक दल, परिवारजन आदिलाई बुझाउँछ। त्यसको विस्तृत विवरण अनुसूची २ मा रहेको तथ्याङ्कमा दिइएको छ । सामान्यतः व्यक्तिगत हत्याका घटनालाई विवरणमा नदिई तथ्याङ्कमा मात्र समावेश गरिएको छ।

४. पुस्तकमा उल्लेख गरिएका स्थानीय तहका नाममा केही त्रुटी हुन सक्छन् । त्रुटी भएका नामहरू बारे प्रवुद्ध पाठकबाट सुझाव आउने नै छ।

५. अभिव्यक्ति/भेला हुने र सङ्गठित हुने अधिकारअन्तर्गतका तथ्याङ्क तत्काल घटनास्थलमा गिरफ्तार गरिएका र सामान्य चोटपटक लागेका पीडितहरूको मात्र तथ्याङ्क हो।

६. न्यायिक/अर्धन्यायिक निकाय, सञ्चारमाध्यम, प्रत्यक्षदर्शी आदिबाट प्राप्त सूचनालाई पुष्टि भएपछिमात्र उल्लेख गरिएको छ । कतिपय घटना इन्सेकको जानकारीमा आए पनि पुष्टि नभएकाले प्रकाशन गर्न सकिएन।

७. कारागारका बन्दी र कैदीको सङ्ख्या वर्षको अन्तिम (२०७८ पुस दोस्रो साता) को हो।

८. शिक्षा, कारागार, स्वास्थ्य, न्यायालय जस्ता जानकारी जिल्लास्थित सम्बन्धित कार्यालयका पदाधिकारीबाट लिइएका हुन्।

९. महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र भन्नाले जिल्ला प्रहरी कार्यालयमा हुने पृथक निकाय हो।

१०. पुर्पक्षका लागि थुनामा पठाइएको भन्नुको मतलव मुद्दा जारी छ भन्ने हो। तारेखमा वा धरौटीमा रिहा गरिएको भन्नुको मतलव पनि मुद्दा टुङ्गिएको छैन भन्ने हो।

११. बलात्कारको घटनामा महिलाको नाम र ठेगाना उल्लेख गरिएको छैन भने विवरणहरू दिँदा पनि सकभर पीडित नचिनियुन् भन्नेतर्फ सतर्कता अपनाइएको छ।

१२. जिल्लामा मानव अधिकारका दृष्टिले सबैभन्दा बढी खड्किएको विषयलाई उठान गर्ने जमर्को गरिएको छ ताकि सरोकारवालाको त्यसमा ध्यान पुगोस्।

१३. जिल्लाका न्यायिक र अर्धन्यायिक निकाय तथा इन्सेक प्रतिनिधिको जानकारीमा नआएका मानव अधिकार उल्लङ्घनका घटना यसमा समावेश छैन।

१४. नेपालको संविधानले नै १८ वर्षभन्दा मुनिकालाई बालबालिका मानेकाले यो पुस्तकले पनि १८ वर्षमुनिकालाई बालबालिका मानेको छ।

१५. स्वास्थ्य संस्था, विद्यालय, न्यायालय आदिमा दरबन्दीअनुसार कार्यरत भएकालाई भन्दा रिक्त अवस्थालाई जोड दिइएको छ किनकि राज्यप्रदत्त यस्तो अवस्थाले मानव अधिकार प्राप्तिमा सोझै अवरोध सिर्जना गर्छ।

१६. सीमान्तकृत दलित समुदायलाई राज्यले उपलब्ध गराउने छात्रवृत्ति र अपाङ्गता भएका व्यक्तिलाई पढ्ने वातावरण उपलब्ध भए/नभएकोलाई विशेष स्थान दिइएको छ ताकि सेवाग्राही र प्रदायक दुवैलाई यस विषयमा मिलेर जान सहज हुन सकोस्।

१७. विस्थापन, संरचना/सम्पत्ति क्षति भएका घटनाहरूलाई आर्थिक, सामाजिक र सांस्कृतिक अधिकार शीर्षकअन्तर्गत समावेश गरिएको छ।

१८. स्थानीय बोली, भाषा र लय आदिजस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाममा केही फरक पर्न गएको हुनसक्छ। यस्तो भेटिएको खण्डमा जानकारी दिनु हुन हामी सबैमा हार्दिक अनुरोध गर्दछौँ।

१९. जिल्लाको जनसङ्ख्या विवरण २०७८ को जनगणनाबाट लिइएको छ। त्यसबाहेकका विवरण जस्तै परिवार सङ्ख्या, आश्रित जनसङ्ख्या, केन्द्रीय तथ्याङ्क विभागको अनुमान २०१६ बाट लिइएको छ।

२०. तथ्य तथ्याङ्क समावेश गर्दा त्रुटी नहोस् भनी सजगता अपनाइएको छ। भुलवश कुनै त्रुटी भएमा मूल अभिलेखमा भएको तथ्य तथ्याङ्क नै आधिकारिक हुनेछ।

२१. कारागार र हिरासतभित्र भएका घटनाका तथ्य/तथ्याङ्कलाई राज्यपक्षका घटनामा समावेश गरिएको छ।

२२. पुस्तक प्रकाशन गर्नु अघि नै प्रदेश २ ले मधेस प्रदेश नामाकरण गरेकाले पुस्तकमा मधेस प्रदेस लेखिएको छ। प्रदेश २ लेखिएको भए सोलाई समेत मधेस प्रदेशकै रूपमा बुझ्नु पर्छ।

तथ्याङ्कका अन्य स्रोत

१. केन्द्रीय तथ्याङ्क विभागको सङ्क्षिप्त प्रतिवेदन २०२२

२. स्थानीय सामाजिक संस्था र व्यक्तिहरू

३. स्थानीय न्यायिक, अर्धन्यायिक, प्रशासनिक, सञ्चार र सुरक्षासम्बन्धी निकायहरू

४. १९९२ देखि २०२१ सम्मका नेपाल मानव अधिकार वर्ष पुस्तकहरू

५. वर्ष पुस्तक तयार गर्ने क्रममा इन्सेक पुस्तकालयमा रहेका पुस्तक तथा अभिलेखहरू सन्दर्भ सामग्रीको रूपमा प्रयोग गरिएको छ।

६. शिक्षासम्बन्धी तथ्याङ्क जिल्लाका शिक्षा कार्यालय, स्वास्थ्यसम्बन्धी तथ्याङ्क जिल्ला जनस्वास्थ्य कार्यालयबाट उपलब्ध गराइएका हुन्।

७. सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय

प्रदेश १

- क्षेत्रफल : २५,९०५ वर्ग कि.मि.
- जनसङ्ख्या : ४९,७२,०२१
- साक्षरता प्रतिशत : ७१.१७
- जिल्ला : १४
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : २८
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ५६
- महानगरपालिका : १
- उपमहानगरपालिका : २
- नगरपालिका : ४६
- गाउँपालिका : ८८
- कूल वडा सङ्ख्या : १,१५७

प्रदेश परिचय १

यस वर्ष प्रदेश १ सरकारले स्वच्छ, सुखी र समुन्त प्रदेशको नीति लिएको छ। वर्षको अन्त्यसम्म प्रदेश सभाले २१ ओटा कानुन निर्माण गऱ्यो। मानव अधिकारको सम्मान, विधिको शासन, सुदृढ प्रतिरक्षा, न्यायपूर्ण प्रदेश भन्ने उद्देश्यका साथ कानुनी शासनको प्रत्याभूति र सरोकारवालाको भूमिका प्रभावकारी बनाउन कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेको छ। यस प्रदेशमा पूर्वाञ्चल विश्वविद्यालय, मनमोहन प्राविधिक विश्वविद्यालय, १ सय ९६ ओटा क्याम्पस र ६ हजार ५ सय २८ विद्यालय रहेका छन्। यस वर्ष प्रदेश एकअन्तर्गत जनता आवास कार्यक्रममार्फत २ हजार २ सय आवास निर्माण गरी हस्तान्तरण गरिएको छ। कोरोना भाइरस सङ्क्रमण नियन्त्रण, रोकथाम तथा उपचारका लागि एक कोभिड अस्पताल निर्माण गरिएको प्रदेश भित्र वर्षको अन्त्यसम्म १ लाख ८ हजार ६ सय ६२ सङ्क्रमित भएकोमा २ हजार १ सय ९२ जनाको मृत्यु भयो। प्रति स्थानीय सरकार एक अस्पताल कार्यक्रम अन्तर्गत यस वर्ष यस प्रदेश भित्र ८६ ओटा अस्पताल भवनको शिलान्यास गरिएकोमा एउटा अस्पताल निर्माण पूरा भएर सञ्चालनमा आएको छ। बाँकी ८५ ओटा अस्पतालको निर्माण कार्य सुरुआत भएको छ।

२०२१ मा यो प्रदेशमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ९ सय १९ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। गिरफ्तारीका घटनामा ३ जना, महिला अधिकार उल्लङ्घनका घटनामा ४ सय ६८ जना, हत्याका घटनामा ६७ जना, बाल अधिकार उल्लङ्घनका घटनामा ३ सय ५ जना पीडित भएको अभिलेख छ।

सन् २०२१ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



१.१ ताप्लेजुङ



जम्मा जनसङ्ख्या	१,२०,३५९
महिला	५९,८३५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	३४,०६६
कामका लागि बाहिरिएका	५,७५३
अपाङ्गता भएका	३,७३०
५ वर्षमाथिको साक्षरता प्रतिशत	७१.३
आश्रित जनसङ्ख्या	५५,२५४

यस वर्ष जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा अन्य पक्षबाट १५ जना महिला र चार जना पुरुषसहित १९ जना पीडित भएको इन्सेकमा अभिलेख भयो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना बालिका र एक जना बालक गरी आठ जना तथा महिला अधिकार उल्लङ्घनका घटनामा ६ जना पीडित भए।

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्न पाउने अधिकार

हत्या

अन्यपक्षबाट

मेरिङ्देन गाउँपालिका-२ सान्थाक्राका ५० वर्षीय शिक्षक खड्कबहादुर लिम्बुलाई २०७८ वैशाख ९ गते भरुवा बन्दुकबाट गोली प्रहार गरेर हत्या गरेको आरोपमा पीडित पक्षले मेरिङ्देन गाउँपालिका-२ सान्थाक्राका ३० वर्षीय प्रताप भन्ने आकाश लिम्बु, मैवाखोला गाउँपालिका-१ ढुङ्गेसाँघुका ३६ वर्षीय कान्छा काजी भन्ने काजीमान वनेम लिम्बु र ५९ वर्षीय झिगुटी जन्तरे भन्ने खेमराज वनेम विरुद्ध वैशाख १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। शवको पोष्टमार्टम वैशाख १० गते जिल्ला अस्पतालमा भएको डा. सोनिङ लामाले बताए। आरोपितमध्ये आकाश र काजीमानलाई वैशाख ९ गते नै प्रहरीले गिरफ्तार गऱ्यो। आरोपितहरू विरुद्ध जेठ ३ गते अदालतमा कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता भयो। अदालतले जेठ ४ गते उनीहरूलाई पुर्पक्षका लागि थुनामा पठायो। आरोपित खेमराज वनेम जिल्ला अदालतको असार २७ गतेको आदेशमा पुर्पक्षका लागि ५० हजार रुपियाँ धरौटी बुझाएर तारिखमा रिहा भए। ३० वर्षीय प्रताप भन्ने आकाश लिम्बुलाई अदालतले असोज १८ गते जन्मकैदको फैसला सुनायो। न्यायाधीश प्रकाश राउतको इजलासले लिम्बुलाई जन्मकैदसहित हातहतियार तथा खरखजाना मुद्दामा पाँच वर्ष थप कैद समेत सुनायो। पीडित परिवार लाई २ लाख ५० हजार क्षतिपूर्ति भराउन समेत आदेश दिएको अदालतका इजलास सहायक निमाछिरिङ शेर्पाले बताए। हत्या कसुरमै मैवाखोला गाउँपालिका-१ ढुङ्गेसाँघुका ३६ वर्षीय कान्छा काजी भन्ने काजीमान वनेम लिम्बुलाई २ वर्ष ६ महिना कैद सहित २५ हजार रुपियाँ जरिबानाको फैसला सुनायो।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			२	२
हत्या		२	१	३
बाल अधिकार	बलात्कार	४		४
	यौन दुर्व्यवहार	२		२
	नवजात शिशुको हत्या		१	१
	बालविवाह	१		१
	जम्मा	७	१	८
महिला अधिकार	बलात्कार	४		४
	बलात्कार प्रयास	१		१
	घरेलु हिंसा	१		१
	जम्मा	६		६
कूल जम्मा		१५	४	१९

कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको छ। कारागारमा १ सय ९ जना कैदीबन्दी र ४० जना थुनुवा गरी १ सय ४९ जना पुरुष छन्। ६० वर्ष नाघेका तीन जना ज्येष्ठ नागरिक (पुरुष) रहेको जिल्ला कारागार प्रमुख कुलेन्द्र खवासले बताए। कारागारमा दीर्घरोगी पाँच जना छन्। कारागारका सबैलाई कारोना भाइरस विरुद्धको खोप लगाइसकिएको छ। कारागारभित्र पत्रपत्रिका, पुस्तक र टेलिभिजन उपलब्ध छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ६१ थानमध्ये ३४ थान फौजदारी मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ सय ९८ थानमध्ये १ सय थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा तीन थान छन् भने देवानी मुद्दा नौ थान बाँकी छन्। अदालतले १३ जना कर्मचारी करारमा नियुक्त गरेको छ।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ७२ आधारभूत र ५९ मावि छन्। २ हजार १ सय ३ ओटा शिक्षक दरबन्दी रहेकामा ९ सय ३७ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष ८ हजार बालक र ११ हजार जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका ९ सय ३३ बालिका र ३ सय ४२ जना बालक भर्ना भएका थिए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय एउटा छ। द्वन्द्वपीडित परिवारका चार जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाभर १ हजार १७ जना दलित बालक र २ हजार ८ सय जना दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारमा गएका परिवारका ११ जना बालबालिकाले ८८ हजार रुपियाँ छात्रवृत्ति पाए। शहीद परिवारका २ जनाले २४ हजार रुपियाँ छात्रवृत्ति पाए। कोभिड-१९ सङ्क्रमणका कारण ०७८ वैशाख र जेठ महिनामा विद्यालय बन्द हुँदा बालबालिका शिक्षाबाट वञ्चित हुनु परेको शिक्षा विकास तथा समन्वय इकाइले जनायो।

यस वर्ष यौन दुर्व्यवाहरका घटनामा दुई जना, बलात्कारका घटनामा चार जना, नवजात शिशुको हत्यामा एक र बालविवाहमा एक गरी आठ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहारको एक घटनामा जिल्ला अदालतबाट १२ वर्ष कैद र ७५ हजार रुपियाँ पीडितलाई क्षतिपूर्तिको फैसला तथा एक घटनामा पुर्पक्षका लागि थुनामा पठाउने आदेश भयो। यसै गरी बालविवाहका घटनाका आरोपित पनि पुर्पक्षका लागि थुनामा गए। बलात्कार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले १२ वर्ष कैद र ७५ हजार रुपियाँ क्षतिपूर्ति तथा तीन घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो।

बलात्कार, यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई २०७७ चैत २२ गते यौन दुर्व्यवहार गरेको आरोपमा फुङ्लिङ् नगरपालिका-२ का २६ वर्षीय मिने भनिने महेन्द्र कालिकोटे विरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालय, ताप्लेजुङमा चैत २३ गते उजुरी दियो। प्रहरीले आरोपितलाई चैत २३ गते गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण चैत २३ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् आरोपित विरुद्ध जिल्ला अदालतमा ०७८ वैशाख १६ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाश राउतको ०७८ वैशाख १७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश प्रकाश

राउतको मङ्सिर २८ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै १२ वर्ष कैद र ७५ हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३८ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराएको प्रहरी हबल्दार सोममाया पाख्रिनले बताइन्। जसमा मादक पदार्थ सेवन गरी कुटपिट ३२, खान लगाउन नदिएको चार, नागरिकता नबनाइ दिएको एक र विवाह दर्ता नगरेको एक उजुरी छन्। नागरिकतासम्बन्धी उजुरी र विवाह दर्ता नगरेको उजुरी कारबाहीका लागि अन्य निकायमा पठाएको र अरू उजुरीमा मेलमिलाप भएको हबल्दार पाख्रिनले बताइन्।

यस वर्ष घरेलु हिंसाका घटनामा एक जना, बलात्कारका घटनामा चार र बलात्कार प्रयासका एक जना महिला गरी ६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। पाँच जनालाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो भने एक जना आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। एक जना आरोपित यस वर्षको अन्यसम्म गिरफ्तार भएनन्। 'बोक्सी'को आरोप घटनामा दुई जना आरोपित ६० हजार रपियाँ धरौटीमा रिहा भए। परिवारजनबाट हत्याका घटनामा एक घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बलात्कार प्रयासका घटनाका आरोपित पुर्पक्षका लागि थुनामा गए भने बलात्कारका दुई घटनाका दुई जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२७ वर्षीया महिलालाई २०७७ फागुन ४ गते बलात्कार प्रयास गरेको आरोपमा मिक्वाखोला गाउँपालिका-४ साँवाका ३८ वर्षीय विकेश साँवा लिम्बुविरुद्ध पीडितले फागुन ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। प्रहरीले आरोपितलाई फागुन ११ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ६ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत आरोपित विरुद्ध चैत ६ गते जिल्ला अदालतमा बलात्कार प्रयास शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश प्रकाश राउतको चैत ८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। अदालतका न्यायाधीश प्रकाश राउतको २०७८ जेठ २० गतेको इजलासले आरोपितलाई ४ वर्ष ६ महिना कैद र १ लाख रुपियाँ जरिबाना तथा पीडितलाई क्षतिपूर्तिवापत ५० हजार रुपियाँ भराउन आदेश गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, ५० स्वास्थ्य चौकी, दुई ओटा नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा एक जना विशेषज्ञको दरबन्दीमा कार्यरत छन्। एक जना स्टाफ नर्सको दरबन्दीमा कार्यरत छन्। अनमी एक जनाको दरबन्दीमा एक जना कार्यरत छन्। जिल्लामा यस वर्षको अन्त्यसम्म ९ हजार ६० जनाले स्वास्थ्य बीमा गरेका छन्। तीमध्ये १ हजार ७ सय ११ जना जेष्ठ नागरिक रहेको स्वास्थ्य बीमा बोर्डका दर्ता अधिकारी ईश्वरीप्रसाद निरौलाले बताए। यस वर्षको अन्त्यसम्म २ हजार ८ सय ८३ जना महिला र ४ हजार ७ सय ७१ जना पुरुष गरी ७ हजार ६ सय ५४ जना कोभिड-१९ सङ्क्रमित भए। यस वर्ष ६ जना महिला र ८ जना १४ जनाको मृत्यु भएको स्वास्थ्य कार्यालयले जनायो। जिल्लामा २८ हजार ८ सय ७३ जनाले पहिलो र २२ हजार ६ सय २ जनाले कोभिड-१९ विरूद्धको दोस्रो मात्राको खोप लगाएको जिल्ला स्वास्थ्य कार्यालयका खोप संयोजक दिनेश रायले बताए।

फक्ताङलुङ गाउँपालिकामा पाँच शैयाको आधारभूत स्वास्थ्य अस्पताल निर्माणका लागि ०७७ मङ्सिर १५ गते नै शिलान्यास गरिए पनि यो वर्षको निर्माण सुरूआत हुन सकेको छैन।

मिक्वाखोला गाउँपालिकाले गत आवमा आधारभूत स्वास्थ्य अस्पताल निर्माणका लागि ठेक्का स्वीकृत गरेको छ। आठराई त्रिवेणी गाउँपालिकामा १० शैयाको अस्पताल निर्माणको ठेक्का सम्झौता आर्थिक वर्ष ०७८-७९ मा भएको छ। स्थानीयले नि:शुल्क उपलब्ध गराएको पाँच रोपनी जग्गामा अस्पताल बन्ने भएको हो। सिरीजङ्गा गाउँपालिकाले १० शैयाको आधारभूत अस्पताल निर्माण सुरु गरेको छ। १५ करोड ८५ लाख रुपियाँ लागत अनुमान गरी आर्थिक वर्ष ०७७-७८ मा ठेक्का स्वीकृत भएको छ। सिदिङ्मा गाउँपालिकाले पाँच शैयाको अस्पताल निर्माणका लागि ०७८-७९ मा मात्र जग्गा टुङ्गो लगाएको छ। गाउँपालिका केन्द्र साब्लाखुनजिक स्वास्थ्य चौकीको पाँच रोपनी जग्गामा थप एक रोपनी जग्गा खरिद गरेर टुङ्गो लगाएको गाउँपालिकाले जनाएको छ।

अस्पतालको ठेक्का आह्वान गर्ने गाउँपालिका उपाध्यक्ष जीवनकुमार ताम्लिङले बताए। पाथीभरायाङवरक गाउँपालिकामा १० शैयाको आधारभूत अस्पतालका निर्माणका लागि नौ रोपनी जग्गा छ। नौ रोपनीमध्ये ६ लाख रुपियाँमात्र खरिदमा खर्च भएको गाउँपालिका अध्यक्ष केशर मेन्याङबोले बताए। डीपीआर १७ करोड रुपियाँमा तयारी भएकाले उक्त डीपीआर मन्त्रालयको मापदण्ड बमोजिम छ वा छैन भनेर मन्त्रालयबाट

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	३	४
यौन दुर्व्यवहार	१	१	२
नवजात शिशुको हत्या		१	१
बालविवाह		१	१
जम्मा	२	६	८

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१	३	४
बलात्कार प्रयास	१			१
घरेलु हिंसा		१		१
जम्मा	१	२	३	६

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	मुद्दा टुङ्गिएको	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	२	३

१.२ सङ्खुवासभा



जम्मा जनसङ्ख्या	१,५९,०४६
महिला	७८,९९१
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	३३,१४६
कामका लागि बाहिरिएका	१४,८६३
अपाङ्गता भएका	४,०५४
५ वर्षमाथिको साक्षरता प्रतिशत	८२
आश्रित जनसङ्ख्या	७०,६३०

यस वर्ष जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ५० जना महिला चार जना पुरुषसहित ५४ जना र राज्यपक्षबाट तीन जना पुरुष पीडित भएको इन्सेकमा अभिलेख भयो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १८ जना र महिला अधिकार उल्लङ्घनका घटनामा २६ जना पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता २५ जनाको छ। कारागारमा ११ महिला र १ सय ५० पुरुष गरी १ सय ६१ जना रहेका छन्। जसमा १ सय २ जना कैदी र ५९ जना थुनुवा रहेका छन्। कारागारमा दुई वर्षीय आश्रित बालक रहेको जिल्ला कारागार प्रमुख विनोद अधिकारीले बताए। कारागारमा ६० वर्ष नाघेका ३० जना ज्येष्ठ नागरिक (पुरुष) रहेको कारागार प्रमुख अधिकारीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ अघिल्लो वर्ष जिम्मेवारी सरेर आएका ९२ थान मुद्दा थिए भने यो वर्ष ५१ थान मुद्दा दर्ता भए। १ सय ४३ थान मुद्दा मध्ये २४ थान मुद्दा फैसला भए। देवानीतर्फका १ सय १९ थान मुद्दा फैसला हुन बाँकी छन्। देवानी मुद्दातर्फ अघिल्लो वर्ष जिम्मेवारी सरेर आएका १ सय १२ थान थिए। यो वर्ष १ सय १९ थान मुद्दा दर्ता भए। २ सय ३१ थान मुद्दा मध्ये ८४ थान मुद्दा फैसला फैसला भए भने १ सय ४७ थान मुद्दा फैसला हुन बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ३ सय १८ आधारभूत विद्यालय र ७४ माध्यमिक विद्यालय छन्। आधारभूत तहमा १ हजार २ सय १९ दरबन्दी र राहत २ सय २० गरी १ हजार ४ सय ३९ शिक्षक कार्यरत छन्। त्यस्तै माध्यमिक तहमा एक ३७ दरबन्दी र ६४ राहत गरी २ सय १ शिक्षक कार्यरत छन्। आधारभूत तहमा दुई ६३ र माध्यमिक तहमा ३० जना शिक्षक रिक्त रहेको छ। सामुदायिक विद्यालयतर्फ २३ हजार १ सय ७७

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट		३	३	१		१
हत्या				५	४	९
बाल अधिकार	बलात्कार			१७		१७
	यौन दुर्व्यवहार			१		१
	जम्मा			१८		१८
महिला अधिकार	बलात्कार			७		७
	यौन दुर्व्यवहार			१		१
	घरेलु हिंसा			१८		१८
	जम्मा			३६		३६
कूल जम्मा		३	३	५०	४	५४

छात्रा र २२ हजार ५ सय ८९ छात्र गरी ४५ हजार ७ सय ६६ बालबालिका विद्यालय भर्ना भए। द्वन्द्वपीडित परिवारका १२ जना बालबालिकाले छात्रवृत्ति पाए। पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख केशव भट्टराईले बताए।

यस वर्ष यौन दुर्व्यवाहरका घटनामा एक जना, बलात्कारका घटनामा १७ जना बालिका पीडित भएको इन्सेक अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले एक वर्ष ६ महिना कैद, १६ हजार जरिबाना र ३५ हजार क्षतिपूर्ति भराउने फैसला गऱ्यो। बलात्कारका २१ घटनामध्ये सात ओटा घटनाको फैसला भयो भने १३ घटनाका आरोपित पुर्पक्षका लागि थुनामा गए।

बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया बालिकालाई २०७८ वैशाख ३ गते बलात्कार गरेको भन्दै खाँदबारी नगरपालिका-८ का १९ वर्षीय अनिश मगरविरुद्ध पीडित पक्षले वैशाख ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई प्रहरीले वैशाख ५ गते गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण वैशाख ५ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् आरोपितविरुद्ध जिल्ला अदालतमा वैशाख २८ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख २८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश शान्तिप्रसाद आचार्यको मङ्सिर १५ गतेको आदेशले आरोपितलाई कसुरदार ठहर गर्दै १० वर्ष कैद, ५० हजार रुपियाँ पीडितले पाउने गरी क्षतिपूर्ति भराउने फैसला सुनाएको अदालतका सूचना अधिकारी डिल्ली प्रसाईंले बताए।

१३ वर्षीया बालिकालाई ०७८ वैशाख १५ गते बलात्कार गरेको आरोपमा खाँदबारी नगरपालिका-९ का १९ वर्षीय समिर बर्देवाविरुद्ध पीडित पक्षले वैशाख २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई वैशाख २४ गते गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण वैशाख ३० गते जिल्ला अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् आरोपितविरुद्ध जेठ २१ गते बलात्कार शीर्षकमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ ३० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश शान्तिप्रसाद आचार्यको मङ्सिर २० गतेको इजलासले आरोपितलाई १८ वर्ष कैद सजायसँगै ६ लाख रुपियाँ जरिबानासहित ५० हजार रुपियाँ क्षतिपूर्ति भराउन र पीडित राहत कोषमा २ हजार २ सय रुपियाँ जम्मा गराउने फैसला सुनाएको अदालतका सूचना अधिकारी डिल्ली प्रसाईंले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २२ महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। उजुरी आएका सबै घटनामा मेलमिलाप भएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर शुभेष अधिकारीले बताए।

यस वर्ष घरेलु हिंसाका घटनामा १८ जना, बलात्कारका घटनामा सात जना र यौन दुर्व्यवहारको घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यौन दुर्व्यवहारको घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बलात्कारका दुई घटनाका आरोपितलाई जिल्ला अदालतले कैद सजायको फैसला सुनायो भने ६ घटनाका आरोपितहरूलाई पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२७ वर्षीया महिलालाई ०७७ माघ १९ गते बलात्कार गरेको आरोपमा खाँदबारी नगरपालिका-१

का २५ वर्षीय लेवा भोटेविरूद्ध पीडित पक्षले माघ २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २७ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २२ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् आरोपित विरूद्ध जिल्ला अदालतमा माघ २७ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ ७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश शान्तिप्रसाद आचार्यको ०७८ वैशाख २२ गतेको इजलासले आरोपितलाई कसुर गरेको ठहर गर्दै आठ वर्ष कैद सजायको फैसला सुनायो।

स्वास्थ्य सेवाको अवस्था

सङ्खुवासभा जिल्लामा एक सरकारी अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र चार, शहरी स्वास्थ्य केन्द्र १२, सामुदायिक स्वास्थ्य केन्द्र १२, सामुदायिक स्वास्थ्य इकाइ २८, आधारभूत स्वास्थ्य केन्द्र २९ रहेका छन्। जिल्ला सङ्खुवासभामा आठ जना विशेषज्ञको दरबन्दीमा तीन जनाको दरबन्दी रिक्त छ। ६ जना स्टाफ नर्सको दरबन्दी रहेकोमा सबै कार्यरत छन्। पाँच जनाको दरबन्दी रहेको अनमी पदमा सबै कार्यरत छन्। प्राथमिक, शहरी, सामुदायिक, आधारभूत स्वास्थ्य चौकी र स्वास्थ्य इकाईलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको विवरण अद्यावधिक भएको पाइएन। जिल्लामा यो वर्षको अन्त्यसम्म ३ सय ४८ जना महिला र ८ सय ४३ जना पुरुष गरी १ हजार १ सय ९१ जना कोभिड-१९ सङ्क्रमित भए। चार जना महिला र १७ जना पुरुष गरी २१ जनाको कोभिड सङ्क्रमणका कारण मृत्यु भएको स्वास्थ्य कार्यालयका प्रवक्ता रोशन श्रेष्ठले बताए। जिल्लामा वर्षको अन्त्यसम्म ७९ हजार ४ सय २ जनाले कोभिड विरुद्धको पूर्ण खोप लगाए। ३२ हजार १ सय ४० जनाले दोस्रो खोप लगाएको जिल्ला स्वास्थ्य कार्यालयका प्रवक्ता श्रेष्ठले बताए।

सङ्खुवासभामा ०७७ मङ्सिर १५ गते सात ओटा आधारभूत स्वास्थ्य अस्पताल निर्माणका लागि शिलान्यास गरिएको भए पनि शिलान्यास भएको वर्ष दिन बित्दा समेत निर्माणको सुरसार छैन। स्थानीय उपचारका लागि सदरमुकाम धाउनुपर्ने बाध्यता उस्तै छ। पाँचखपन नगरपालिकाले १० बेड, धर्मदेवी नगरपालिकामा पाँच बेड, चैनपुर नगरपालिका १५ बेड, मादी नगरपालिका १५ बेड, चिचिला गाउँपालिकामा पाँच बेड, सभापोखरी गाउँपालिकामा पाँच बेड र भोटखोला गाउँपालिकाले पाँच बेडको आधारभूत अस्पताल निर्माणका लागि शिलान्यास भएको थियो।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	४	१३	१७
यौन दुर्व्यवहार	१		१
जम्मा	५	१३	१८

महिला अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	२		५	७
यौन दुर्व्यवहार			१	१
घरेलु हिंसा		१८		१८
जम्मा	२	१८	६	२६

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	४	४

१.३ सोलुखुम्बु

जम्मा जनसङ्ख्या	१,०४,७६८
महिला	५२,१३९
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२६,९६४
कामका लागि बाहिरिएका	५,६१७
अपाङ्गता भएका	२,६०९
५ वर्षमाथिको साक्षरता प्रतिशत	६७.५४
आश्रित जनसङ्ख्या	४५,३१८

यस वर्ष सोलुखुम्बु जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा अन्य पक्षबाट ४० जना महिला, ११ जना पुरुषसहित ५१ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १२ जना र महिला अधिकार उल्लङ्घनका घटनामा २४ जना पीडित भए। कुटपिटबाट नौ र धम्कीका घटनामा तीन जना पीडित भए। एक जना घाइते र दुई जनाको हत्या भएका घटना इन्सेकमा अभिलेख छ।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ५ महिला र २० पुरुष गरी २५ जनाको छ। कारागारमा ९२ जना कैदीबन्दी राखिएको छ। पाँच महिला र ८७ पुरुष रहेका छन्। कारागारमा एक जना आश्रित बालक छन्।

कारागारको दुई ओटा कोठामध्ये एउटामा पुरुष र एउटामा महिला बस्दै आएका छन्। पुरुष बस्ने कोठामा दुई ओटा ट्वाइलेट, एउटा धारा भए पनि हिमाली जिल्ला भएकाले चिसो मौसममा नुहाउनका लागि तातोपानीको व्यवस्था नहुँदा समस्या हुने विभिन्न रोगसमेत लाग्ने गरेको, नेपाल सरकारले प्रदान गर्ने प्रतिमहिना २१ केजी चामल र १ हजार ८ सय रुपियाँ रकमले खाना खान नपुग्ने जेल सजाय भुक्तान गरेका यावेश राईले बताए। कैदी बन्दी खचाखच गरी बस्दा पनि नअटेपछि केही कैदीबन्दीलाई भान्साकोठामा बस्न तथा सुत्नुपर्ने बाध्यता रहेको कारागार प्रमुख प्रशान्तकुमार महतोले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ११ थानमध्ये ४३ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ६६ थानमध्ये ३१ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका १२ ओटा फौजदारी मुद्दा छन् भने देवानी मुद्दा १५ थान बाँकी छन्। सन् २०१९ को जिम्मेवारी सरेर आएका ६ र सन् २०२० को २१ थान मुद्दामध्ये

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		२	७	९
घाइते			१	१
हत्या		१	१	२
धम्की		२	१	३
बाल अधिकार	बलात्कार	५		५
	यौन दुर्व्यवहार	५		५
	बालश्रम	१	१	२
	जम्मा	११	१	१२
महिला अधिकार	बलात्कार	१५		१५
	बलात्कार प्रयास	४		४
	बेचबिखन तथा ओसारपसार	१		१
	घरेलु हिंसा	४		४
	जम्मा	२४		२४
कूल जम्मा		४०	११	५१

कूल १० थान मुद्दा फैसला भए भने १७ थान मुद्दा बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ८० आधारभूत र ४४ माध्यमिक विद्यालय छन्। ९ सय ७८ शिक्षक दरबन्दी रहेकामा चार ओटा दरबन्दी मिलान हुन बाँकी छ। यस वर्ष १५ हजार ७८ बालिका र १५ हजार १ सय ४१ बालक विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका बालक भर्ना नभएको शिक्षा विकास तथा समन्वय इकाइ, सोलुखुम्बुका प्रमुख खगेन्द्र श्रेष्ठले बताए। जिल्लामा अपाङ्गतामैत्री विद्यालयको भवन भए पनि विद्यालयलाई नै अपाङ्गतामैत्री रहेको भन्न नसकिने श्रेष्ठले बताए।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा पाँच जना, बलात्कारका घटनामा पाँच जना र बाल श्रमका घटनामा एक जना बालकसहित दुई जना गरी १२ जना बालबालिका पीडित भए। जिल्ला अदालतले बलात्कार घटनाका पाँच आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। अदालतले बलात्कार प्रयास घटनाका दुई आरोपितलाई पुर्पक्षका लागि थुनामा, एक आरोपितलाई अभिभावकको जिम्मा र एक आरोपितलाई ४० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। एक आरोपित यो वर्षको अन्त्यसम्म अनुसन्धानका लागि प्रहरी हिरासतमै रहे।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरलु हिंसा पीडित भन्दै २७ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गरेको इन्स्पेक्टर ऋषिराज ढकालले बताए। जसमा घरायसी झगडाका १९, मादक पदार्थ सेवन गरी कुटपिटका पाँच, खाना लगाउन नदिएका तीन छन्। सबै उजुरीमा मेलमिलाप भएको इन्स्पेक्टर ढकालले बताए।

यो वर्ष सोलुखुम्बुमा घरेलु हिंसाका घटनामा चार, बलात्कारका घटनामा १५, बलात्कार प्रयासका घटनामा चार र बेचबिखनको घटनामा एक गरी २४ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालतले बलात्कार घटनाका १० जना आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। दुई जना आरोपितलाई जनही १ लाख २० हजार रुपियाँ धरौटीमा र एक जनालाई १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। दुई जना आरोपित प्रहरी हिरासतमै रहे भने एक जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। अदालतले बलात्कार प्रयास घटनाका दुई जना आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। एक जना आरोपित प्रहरी हिरासतमा रहे। एक जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

स्वास्थ्य सेवाको अवस्था

सोलुखुम्बुमा एक जिल्ला अस्पताल, एक सामुदायिक अस्पताल, चार प्राथमिक स्वास्थ्य केन्द्र, ३२ स्वास्थ्य चौकी, चार सामुदायिक स्वास्थ्य इकाइ र एक जिल्ला आँखा केन्द्र छन्। जिल्ला अस्पताल फाप्लुमा तीन जना एमबीबीएस डाक्टर कार्यरत छन्। यस्तै अन्य स्वास्थ्य संस्थामा २ सय १९ जना स्वास्थ्यकर्मी कार्यरत रहेको जिल्ला स्वास्थ्य कार्यालय सोलुखुम्बुका सूचना अधिकारी रामकुमार विश्वकर्माले बताए। स्वास्थ्य संस्थामा ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण नि:शुल्क छ। जिल्लाका ७ हजार ४ सय ९६ जनाले स्वास्थ्य बीमा गराएको दर्ता अधिकारी प्रदीप बस्नेतले बताए। ६२ हजार ४ सय ७० जनाले कोभिड-१९ विरुद्धको खोप लगाका छन्। जसमा ५१ हजार १ सय ४७ जनाले दोस्रो डोजको खोप लगाएका

छन् भने ११ हजार ३ सय २३ जनाले पहिलो डोज खोप लगाएका छन्। यो वर्ष कोभिड-१९ संक्रमणका कारण १६ जनाको मृत्यु भएको स्वास्थ्य कार्यालय, सोलुका कोरोना फोकल पर्सन रामकुमार विश्वकर्माले बताए।

सोलुखुम्बुमा ०७७ मङ्सिर १५ गते शिलान्यास गरिएका पाँच ओटा आधारभूत स्वास्थ्य अस्पताल यो वर्षको अन्त्यसम्म निर्माण हुन सकेनन्। सोताङ र महाकुलुङ गाउँपालिकामा १५/१५ शैयाका तथा माप्यदुधकोशी, खुम्बु पासाङ ल्हामु र लिखुपिके गाउँपलिकामा ५/५ शैयाका आधारभूत अस्पतालको शिलान्यास गरिएको थियो।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
बालश्रम	१	१		२
बलात्कार			५	५
यौन दुर्व्यवहार			५	५
जम्मा	१	१	१०	१२

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१	१४	१५
बलात्कार प्रयास		२	२	४
बेचबिखन तथा ओसारपसार		१		१
घरेलु हिंसा	२		२	४
जम्मा	२	४	१८	२४

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२

१.४ ओखलढुङ्गा



जम्मा जनसङ्ख्या	१,४०,९१४
महिला	७१,५९२
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	३०,०१७
कामका लागि बाहिरिएका	१०,५५२
अपाङ्गता भएका	३,४९०
५ वर्षमाथिको साक्षरता प्रतिशत	६४.४२
आश्रित जनसङ्ख्या	६५,७५८

यस वर्ष ओखलढुङ्गा जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा अन्य पक्षबाट ४३ जना महिला र दुई जना पुरुषसहित ४५ जना पीडित भएको इन्सेकमा अभिलेख भयो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना र महिला अधिकार उल्लङ्घनका घटनामा ३६ जना पीडित भए।

कारागार र बन्दी

कारागारको क्षमता ४० जनाको छ। कारागारमा कैदी ५७ र थुनुवा ४२ जना गरी ९९ जना छन्। जसमा महिला आठ र पुरुष ९१ जना छन्। कारागारको क्षमता महिला १० र पुरुष ३० हो। कारागारमा आश्रित बालबालिका छैनन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एकजना सिनियर अहेब दरबन्दी रहेको छ। ६० वर्ष नाघेका पाँच जना ज्येष्ठ नागरिक (पुरुष) रहेको जिल्ला कारागार प्रमुख चुडामणि अर्यालले बताए। कारागारमा दीर्घरोगी (उच्च रक्तचाप) नौ जना छन्। कारागारमा रहेका एक जना कैदीलाई कोरोना सङ्क्रमण भएकोमा उपचारपछि निको भएको कारागारले जनायो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

उच्च अदालत विराटनगरको इजलास

चार जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालतको अस्थायी इजलास, ओखलढुङ्गामा यस वर्षका लागि दुनियावादी देवानीका २१ थान, दुनियावादी फौजदारीका नौ थान, सरकारवादी फौजदारीका १ सय ४० थान छन्। यस वर्ष दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ १ सय ९१ थान मुद्दा दर्ता भए। अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत १ सय १६ थान मुद्दा फैसला भए भने ७५ थान मुद्दा बाँकी रहे।

जिल्ला अदालत

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ५५ मध्ये ९६ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३ सय ४२ थान मध्ये ९१ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा २४ थान छन् भने देवानी मुद्दा २६ थान बाँकी छ।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ५९ आधारभूत र ७४ मावि छन्। शिक्षक दरबन्दी १ हजार ६ सय ११ रहेकामा १ सय ९३ दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष ११ हजार ५ सय बालक र १३ हजार २ सय २१ जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका १ सय २८ बालिका र १ सय ८९ बालक भर्ना भएका थिए। जिल्लामा अपाङ्गता मैत्री विद्यालय ४० ओटा छन्। यस वर्ष द्वन्द्वपीडित परिवारका बालबालिकाले छात्रवृत्ति नपाएको शिक्षा विकास समन्वय प्रमुख भीमप्रसाद मिश्रले बताए। यस वर्ष जिल्लाभर २ हजार ४ सय ४१ दलित बालक र २ हजार ४ सय ६८ दलित बालिका विद्यालय भर्ना भए। भर्ना भएका दलित विद्यार्थी मध्ये ४ हजार ९ जनाले दलित छात्रवृत्ति पाएको प्रमुख मिश्रले बताए। वैदेशिक रोजगारमा गएका परिवारका ३ जना बालबालिकाले छात्रवृत्ति पाए। शहीद परिवार र द्वन्द्वपीडित परिवारका बालबालिकाले यस वर्ष छात्रवृत्ति नपाएको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख नेत्रप्रसाद गजुरेलले बताए।

यस वर्ष यौन दुर्व्यवाहरका घटनामा चार जना, बलात्कारका घटनामा ३ जना गरी सात जना बालिका पीडित भएको इन्सेक अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहारका दुई घटनाका आरोपितलाई जिल्ला अदालतले धरौटीमा रिहा गऱ्यो। अदालतले एक घटनाका आरोपितलाई यौन दुर्व्यवहार मुद्दाको मागदावी पुग्ने फैसला भयो भने एक घटनाका आरोपित पुर्पक्षका लागि थुनामा पठायो। बलात्कारका एउटा घटनाका आरोपित यो वर्षको अन्त्यसम्म फरार रहे भने अर्को घटनाका आरोपित जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा गए।

बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया बालिकालाई ०७७ फागुन १२ गते यौन दुर्व्यवहार गरेको आरोपमा मोलुङ गाउँपालिका-७ का ४० वर्षीय प्रेमबहादुर तामाङ विरुद्ध पीडित पक्षले फागुन १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १४ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् आरोपितविरुद्ध जिल्ला अदालतमा चैत ८ गते बाल यौन दुरुपयोग शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दलबहादुर केसीको चैत ९ गतेको आदेशले आरोपितलाई ५० हजार रुपियाँ धरौटी लिएर तारिखमा रिहा गर्ने आदेश दियो। न्यायाधीश दलबहादुर केसीको ०७८ मङ्सिर १३ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै ६ महिना कैद र पीडितले पाउने गरी १५ हजार ६ सय रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनायो।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
हत्या			१	१
बाल अधिकार	बलात्कार	३		३
	यौन दुर्व्यवहार	४		४
	जम्मा	७		७
महिला अधिकार	बलात्कार	६		६
	बलात्कार प्रयास	१		१
	यौन दुर्व्यवहार	१		१
	बहुविवाह	१		१
	घरेलु हिंसा	२६		२६
	जम्मा	३६		३६
कूल जम्मा		४३	१	४५

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २१ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा सबै उजुरी कुटपिटका थिए। सबै उजुरीमा मेलमिलाप गराएको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रमुख गोविन्दराज काफ्लेले बताए।

यस वर्ष घरेलु हिंसाका घटनामा २६ जना, बलात्कारका घटनामा ६ जना, बलात्कार प्रयासको घटनामा एक जना, यौन दुर्व्यवहारको घटनामा एक जना, बहुविवाहका दुई जना महिला गरी ३६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कार घटनाका चार जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, ५४ स्वास्थ्य चौकी, एक प्राथमिक स्वास्थ्य केन्द्र, दुई स्वास्थ्य सहरी विकास युनिट र खोप केन्द्र १ सय ७५ छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा एक जना विशेषज्ञको दरबन्दी रहेकोमा रिक्त छ। चार जना स्टाफ नर्सको दरबन्दीमा दुई जना कार्यरत छन्। दुई जना अनमीको दरबन्दीमा दुवै कार्यरत छन्। जिल्लामा स्वास्थ्य ३३ हजार ७ सय ९० जनाले बीमा गराएर सेवा लिइरहेका छन्। स्वास्थ्य बीमा गराउने ज्येष्ठ नागरिकको सङ्ख्या ८ हजार ६३ जना रहेको स्वास्थ्य कार्यालय, ओखलढुङ्गाले जनायो।

यो वर्ष ७ हजार ६ सय ५२ जनाको कोरोना परीक्षण गरिएकोमा २ हजार १ सय ८९ जनामा सङ्क्रमण पुष्टि भयो। सङ्क्रमित मध्ये २ हजार १ सय ७३ जना निको भए। जिल्लामा कोभिड-१९ का कारण १६ जनाको मृत्यु भएको जिल्ला स्वास्थ्य कार्यालयका सूचना अधिकारी पुष्पराज पन्तले बताए। जिल्लामा यो वर्ष ९३ हजार ८ सय २० जनाले कोरोनाको पहिलो मात्रा खोप लगाएका छन् भने ६२ हजार ४ सय ४३ जनाले कोरोनाको दोस्रो मात्रा खोप लगाएको सूचना अधिकारी पन्तले बताए।

आठ ओटा स्थानीय तहमध्ये सिद्धिचरण नगरपालिका बाहेक अन्य सात स्थानीय तहमा आधारभूत अस्पताल निर्माणका लागि सङ्घीय सरकारबाट बजेट प्राप्त भएको थियो। खिजिदेम्बा गाउँपालिकामा पाँच शैयाको अस्पताल निर्माण सम्पन्न भएर सञ्चालनमा आएको छ। चिसङ्खुगढी गाउँपालिकामा अस्पताल निर्माणको काम भइरहेको र अगामी चैतसम्म सम्पन्न गर्ने लक्ष्य लिएको गाउँपालिकाकाले जनाएको छ। मोलुङ गाउँपालिकामा ३ करोड २० लाख रुपियाँको लगानीमा गाउँपालिकाको वडा-२ रामपुरमा नौ रोपनी जग्गामा अस्पताल निर्माणको लागि शिलान्यास भइसकेको गाउँपालिका अध्यक्ष मणिराज राईले बताए।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	२	३
यौन दुर्व्यवहार	१	३	४
जम्मा	२	५	७

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		२	४	६
बलात्कार प्रयास			१	१
यौन दुर्व्यवहार			१	१
बहुविवाह			२	२
घरेलु हिंसा	२६			२६
जम्मा	२६	२	८	३६

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२

१.५ खोटाङ

जम्मा जनसङ्ख्या	१,७५,३४०
महिला	८८,८१५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५१,३१५
कामका लागि बाहिरिएका	१७,६६२
अपाङ्गता भएका	१,१५८
५ वर्षमाथिको साक्षरता प्रतिशत	८७.२
आश्रित जनसङ्ख्या	५२,२१४



यस वर्ष जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ३१ जना महिला, चार जना पुरुषसहित ३५ जना पीडित भएको इन्सेकमा अभिलेख भयो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २१ जना र महिला अधिकार उल्लङ्घनका घटनामा नौ जना पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ९९ जनाको छ। कारागारमा १ सय ३५ जना छन्। महिला तीन र पुरुष १ सय ३२ छन्। कारागारमा एक जना चार वर्षकी आश्रित बालिका छिन्। कारागारको क्षमता महिला ३३ र पुरुष ६६ जनाको हो। कारागारमा पुरुष कक्षतर्फ कैदीबन्दी बढी भएकाले खेल मैदानलाई समेत प्रयोगमा ल्याइएको छ। कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन तथा खेलकुदका सामग्रीमा भलिबल, चेस, लुँडो र क्यारमबोर्ड र पुस्तकालयको व्यवस्था गरिएको जेलर कृष्णप्रसाद आचार्यले बताए। कारागारमा सीपमूलक तालिमको व्यवस्था पनि रहेको छ। कैदीबन्दीहरूले ढाका टोपी र स्थानीय कच्चा पदार्थबाट बाँसका घरायसी समानहरू बनाउने गर्दछन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि पाचौँ तहको अनमीको दरबन्दी छ। कमला गुरुङले सेवा प्रदान गरिरहेकी छिन्। ६० वर्ष नाघेका तीन जना ज्येष्ठ नागरिक (पुरुष) रहेको जिल्ला कारागारका सूचना अधिकारी चन्द्रप्रसाद आचार्यले बताए। कारागारमा कोभिड-१९ बाट दुई जना सङ्क्रमित भए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ९९ थानमध्ये २६ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ सय ४० थानमध्ये ५० थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा सात थान छन् भने देवानी मुद्दा १९ थान बाँकी छन्।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		१	३	४
हत्या			१	१
बाल अधिकार	बलात्कार	७		७
	यौन दुर्व्यवहार	१४		१४
	जम्मा	३१		३१
महिला अधिकार	बलात्कार	४		४
	यौन दुर्व्यवहार	३		३
	बहुविवाह	१		१
	घरेलु हिंसा	१		१
	जम्मा	९		९
कूल जम्मा		३१	४	३५

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा आधारभूत ३ सय २ ९ र ९८ मावि छन्। १ हजार ४ सय ८३ दरबन्दीमा ९२ ओटा दरबन्दी मिलान हुन बाँकी छ। यस वर्ष ९ हजार १ सय २८ जना बालक र ११ हजार ६ सय ४५ जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका ७ सय ८३ बालिका र १ सय २ ९ बालक भर्ना भएका थिए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय दुई ओटा छन्। यस वर्ष जिल्लाभर २ हजार १ सय ४३ जना दलित बालक र ३ हजार १ सय ७ जना दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारमा गएका परिवारका आठ जना बालबालिकाले ४२ हजार रुपियाँ छात्रवृत्ति पाए। द्वन्द्वपीडित परिवारका पाँच जनाले छात्रवृत्ति पाए। कोभिड-१९ का कारण शैक्षिक सत्रको सुरूआतमा विद्यालय बिदा गरिँदा बालबालिका शिक्षाबाट वञ्चित भएको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख सिमान्त गौतमले बताए।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा १४ जना, बलात्कारका घटनामा सात जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहार घटनाका आठ जना आरोपितलाई जिल्ला अदालतले धरौटीमा रिहा गऱ्यो गने पाँच जनालाई पुर्पक्षका लागि थुनामा पठायो भने एक आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १५ जनाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा घरायसी झैंझगडाका सात, मादक पदार्थ सेवन गरी कुटपिटका पाँच र खान लगाउन नदिएका तीन ओटा उजुरी छन्। सबै उजुरीमा मेलमिलाप भएको प्रहरी हबल्दार रीता पोखरेलले बताइन्।

यस वर्ष घरेलु हिंसाका घटनामा एक जना, बहुविवाहमा एक, बलात्कारमा चार र यौन दुर्व्यवहारमा तीन जना गरी जम्मा नौ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यौन दुर्व्यवहारको घटनाका आरोपित एक जना नाबालकलाई जिल्ला अदालतले पुर्पक्षका लागि अदालतमा उपस्थित हुने गरी अभिभावकको जिम्मामा पठायो। बलात्कारका एक घटनाका आरोपितलाई ६ महिना कैद फैसला भयो भने तीन घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा सरकारी अस्पताल एक, सामुदायिक अस्पताल एक, स्वास्थ्य चौकी ७६, प्राथमिक स्वास्थ्य केन्द्र दुई र नगर स्वास्थ्य केन्द्र दुई ओटा छन्। जिल्लामा १८ हजार ७ सय ११ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा पनि १ हजार ५ सय ९ जनाको बीमा गरिएको छ। यस वर्षको अन्त्यसम्म ५ हजार १ सय ५१ जना कोभिड-१९ सङ्क्रमित भए। एक जना महिला र तीन जना पुरुष गरी चार जनाको कोभिड-१९ सङ्क्रमणका कारण मृत्यु भएको स्वास्थ्य कार्यालयले जनायो। यस वर्षको अन्त्यसम्म ३१ हजार ५ सय ४४ जनाले पहिलो र २६ हजार ८ सय ९१ जनाले कोभिड-१९ विरूद्धको दोस्रो मात्राको खोप लगाएको स्वास्थ्य कार्यालयका कोभिड खोप फोकल पर्सन राजु राउतले बताए।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	७	७
यौन दुर्व्यवहर	१४	१४
जम्मा	२१	२१

महिला अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	३	४
यौन दुर्व्यवहार		३	३
बहुविवाह		१	१
घरेलु हिंसा		१	१
जम्मा	१	८	९

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

१.६ भोजपुर



जम्मा जनसङ्ख्या	१,५८,९९१
महिला	८०,५४०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	४४,२६८
कामका लागि बाहिरिएका	१२,१९८
अपाङ्गता भएका	४,६१८
५ वर्षमाथिको साक्षरता प्रतिशत	६९.९
आश्रित जनसङ्ख्या	७७,१६९

यस वर्ष भोजपुर जिल्लामा मानव अधिकार उल्लङ्घनको घटनामा एक जना र ज्यादतीका घटनामा अन्य पक्षबाट ७२ जना महिला, सात जना पुरुषसहित ७९ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना र महिला अधिकार उल्लङ्घनका घटनामा ६१ जना पीडित भए। कुटपिटका घटनामा राज्य पक्षबाट एक र अन्य पक्षबाट ६ जना पीडित भए। दुई जना घाइते र दुई जनाको हत्या भएका घटना इन्सेकले अभिलेख गऱ्यो।

कारागार र बन्दी

१० जना महिला र ३० जना पुरुषको क्षमता रहेको कारागारमा महिला नौ र पुरुष १ सय ९ जना गरी १ सय १८ जना छन्। कारागारमा आश्रित बालबालिका छैनन्। कारागारमा ६० वर्ष नाघेका तीन जना ज्येष्ठ नागरिक (पुरुष) रहेको कारागार प्रशासनले जनायो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २ सय ४१ थानमध्ये १ सय ४ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ सय ३६ मध्ये १ सय ३४ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा ५१ थान छन् भने देवानी मुद्दा चार थान बाँकी रहेको अदालतका श्रेस्तेदार नवराज कार्कीले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय १५ आधारभूत र ६९ माध्यमिक विद्यालय छन्। १ हजार ८ सय ३४ शिक्षक दरबन्दी रहेकामा १५ ओटा दरबन्दी मिलान हुन बाँकी छ। यस वर्ष २२ हजार २ सय ७९ बालक र २२ हजार ६ सय ८८ जना बालिका विद्यालय भर्ना भए। जसमा

अपाङ्गता भएका १ सय ४० बालिका र १ सय ६३ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय ५६ ओटा छन्। यस वर्ष जिल्लाभर २ हजार ४ सय ७० दलित बालक र २ हजार ३ सय २८ दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारमा गई मृत्यु भएका परिवारका ३० जना बालबालिकाले छात्रवृत्ति पाए। कोभिडको कारणले यो वर्ष कुनै पनि सरकारी विद्यालयमा अनलाइन कक्षा सञ्चालनमा नआएको जिल्ला शिक्षा समन्वय इकाइका प्रमुख रुद्रबहादुर राईले बताए।

यस वर्ष यौन दुर्व्यवहारको घटनामा एक जना र बलात्कारका घटनामा सात जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कार घटनाका सात आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। एक जना आरोपित प्रहरी हिरासतमा रहे। यौन दुर्व्यवहार घटनाका एक जना आरोपितलाई अदालतले १ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट		१	१	१	५	६
घाइते					३	३
हत्या				३		३
बाल अधिकार	बलात्कार			७		७
	यौन दुर्व्यवहार			१		१
	जम्मा			८		८
महिला अधिकार	बलात्कार			४		४
	बलात्कार प्रयास			१		१
	बहुविवाह			३		३
	घरेलु हिंसा			५४		५४
	जम्मा			६१		६१
कूल जम्मा		१	१	७३	७	७९

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष भोजपुरमा घरेलु हिंसा पीडित भन्दै २० जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराएको डिएसपी राजकुमार राईले बताए। जसमा कुटपिटका १७, घरायसी झगडा तथा गालीगलौजको एक र बहुविवाहका दुई उजुरी छन्। बहुविवाहका दुई उजुरी कारबाहीका लागि अन्य निकायमा पठाएको, गालीगलौज एक र कुटपिटका १२ उजुरीमा मेलमिलाप गरिएको छ भने पाँच ओटा उजुरी कारबाहीको प्रक्रियामा गएको डिएसपी राईले बताए।

यो वर्ष भोजपुरमा घरेलु हिंसाका घटनामा ५४, बलात्कारका घटनामा चार, बलात्कार प्रयासको घटनामा एक र बहुविवाहका घटनामा दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अदालतले बलात्कार घटनाका चार जना र बलात्कार प्रयासको घटनाका एक जना आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। बहुविवाहका दुवै घटनाका मुख्य आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, स्वास्थ्य चौकी ६६, प्राथमिक स्वास्थ्य केन्द्र तीन, एक सहरी नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा एक जना विशेषज्ञको दरबन्दीमा रिक्त छ। तीन जना स्टाफ नर्सको दरबन्दीमा सबै रिक्त रहे, तीन जनाको अनमी दरबन्दीमा एक जना कार्यरत छन्। जिल्लामा ३१ हजार १ सय ६८ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क स्वास्थ्य बीमा कार्यक्रममा पनि ३ हजार २ सय ३० जनाको बीमा गरिएको छ। जिल्लामा आठ ओटा कोभिड अस्पताल सञ्चालनमा छन्। जिल्लामा कोभिड सङ्क्रमणका कारण १० जनाको मृत्यु भयो। १ हजार ९ सय ३४ जना सङ्क्रमित भए भने ४८ हजार ७ सय ४७ जनाले कोभिड विरुद्धको खोप लगाएका छन्।

पौवादुङमा गाउँपालिका, अरूण गाउँपालिका, साल्पासिलिछो गाउँपालिका, टेम्केमैयुङ गाउँपालिका, रामप्रसादराई गाउँपालिका, आमचोक गाउँपालिका र हतुवागढी गाउँपालिकामा पाँचदेखि १५ शैयाको अस्पताल शिलान्यास गरिएको छ। सात ओटामध्ये पाँच ओटा अस्पतालको टेण्डर प्रक्रिया सम्पन्न भएर

निर्माण सुरूआत भएको छ। अरूण गाउँपालिकाले ०७८ कात्तिक १४ गते टेण्डर खुलाएका छ। रामप्रसादराई गाउँपालिकाको भने जग्गा अभावका कारण सम्पूर्ण काम अलपत्र अवस्थामा रहेको उपाध्यक्ष सम्झना राईले बताइन्।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	६	७
यौन दुर्व्यवहार		१	१
जम्मा	१	७	८

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार			४	४
बलात्कार प्रयास			१	१
बहुविवाह			२	२
घरेलु हिंसा	१	२७	२६	५४
जम्मा	२	२७	३३	६१

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२

१.७ धनकुटा



जम्मा जनसङ्ख्या	१,४५,९८४
महिला	७६,७५०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२५,६७७
कामका लागि बाहिरिएका	१४,४१५
अपाङ्गता भएका	४,८८१
५ वर्षमाथिको साक्षरता प्रतिशत	९५
आश्रित जनसङ्ख्या	६५,९०९

यस वर्ष धनकुटा जिल्लामा मानव अधिकार उल्लङ्घनको घटनामा एक जना र ज्यादतीका घटनामा अन्य पक्षबाट ५२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ६ जना र महिला अधिकार उल्लङ्घनका घटनामा ४४ जना पीडित भए। राज्य पक्षबाट कुटपिटको घटनामा एक जना पीडित भएको इन्सेकमा अभिलेख भयो।

कारागार र बन्दी

कारागारको बन्दी क्षमता १५ जना महिला र २५ जना पुरुष गरी ४० जनाको छ। कारागारमा चार महिला र ४९ पुरुष गरी ५३ जना कैदी र २७ पुरुष थुनुवा रहेका छन्। कारागारमा आश्रित बालबालिका नरहेको जिल्ला कारागार प्रमुख शिवप्रसाद श्रेष्ठले बताए। कारागारमा पुरुषतर्फ क्षमताभन्दा बढी कैदीबन्दी रहेका कारण कोचिएर बस्नुपर्ने बाध्यता रहेको कैदी मदन अधिकारीले बताए। कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकामा विगत चार वर्षदेखि रिक्त रहेको छ। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि जिल्ला अस्पताल लैजाने गरेको जेलर श्रेष्ठले बताए। कारागारमा ६० वर्ष नाघेका सात जना ज्येष्ठ नागरिक (पुरुष) रहेका छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

उच्च अदालत, विराटनगरको इजलास

चार जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत, विराटनगरको, धनकुटा इजलासमा एक जना न्यायाधीश कार्यरत छन। उच्च अदालत विराटनगर, धनकुटा इजलासमा यो वर्ष सरकारवादी फौजदारी मुद्दातर्फ २ सय ३१ थान मध्ये २ सय ७ थान फैसला भए भने व्यक्तिवादी फौजदारी मुद्दा ४१ थान मध्ये ३४ थान र दुनीयावादी देवानी मुद्दातर्फ ५७ थानमध्ये ४६ थान फैसला भएको अदालतका रजिष्ट्रार रुद्रमणि गिरीले बताए।

जिल्ला अदालत

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष दुनियावादी देवानीका २ सय ३६ थान मुद्दा दर्ता भएकोमा १ सय २१ थान मुद्दा फैसला भए भने १ सय १५ थान बाँकी रहे। दुनियावादी फौजदारीका ३६ थान मुद्दा दर्ता भएकामा सात थान फैसला भए भने २९ थान बाँकी रहे। सरकारवादी

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट	
		पुरुष	जम्मा	महिला	जम्मा
कुटपिट		१	१		
हत्या				२	२
बाल अधिकार	बलात्कार			४	४
	यौन दुर्व्यवहार			२	२
	जम्मा			६	६
महिला अधिकार	बलात्कार			१२	१२
	घरेलु हिंसा			३२	३२
	जम्मा			४४	४४
कूल जम्मा		१	१	५२	५२

फौजदारी मुद्दातर्फ ५३ थान दर्ता भएकामा १० थान मुद्दा फैसला भए भने ४३ थान बाँकी रहे। जिल्ला अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा ११ थान छन् भने देवानी मुद्दा आठ थान बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १ सय ८९ आधारभूत र ९५ माध्यमिक विद्यालय छन्। जिल्लामा १ हजार १ सय ९० शिक्षक दरबन्दी रहेकामा ४१ दरबन्दी मिलान हुन बाँकी छ। यस वर्ष धनकुटाका सामुदायिक विद्यालयतर्फ बालविकासमा २ हजार १ सय ४७ बालिका र २ हजार २ सय ६३ बालक गरी ४ हजार ४ सय १० बालबालिका विद्यालय भर्ना भए। आधारभूत तहमा ९ हजार ७ सय ९६ बालिका र ९ हजार ७ सय ६० बालक गरी १९ हजार ५ सय ५६ जना बालबालिका विद्यालय भर्ना भए। माध्यमिक तहमा ५ हजार ७७ बालिका र ४ हजार ३ सय ८ बालक गरी ९ हजार ३ सय ८५ बालबालिका विद्यालय भर्ना भए। जसमा आधारभूत तहमा १ सय ९ र मा(ध्यमिक तहमा १ सय ३१ अपाङ्गता भएका बालक (बालिका छैनन्) भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय तीन आधारभूत र चार माध्यमिक विद्यालय छन्। पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा तथा समन्वय इकाइका प्रमुख मोहन राईले बताइन्। यो वर्ष सामुदायिक विद्यालयमा आधारभूत तहमा अध्ययनरत ९ हजार ७ सय ९६ छात्राले ४ सय रुपियाँका दरले ३९ लाख १८ हजार ४ सय रुपियाँ छात्रवृत्ति पाए। यस्तै १ हजार २ सय ९७ दलित छात्रले ४ सय रुपियाँका दरले ५ लाख १८ हजार ८ सय रुपियाँ छात्रवृत्ति पाए। अपाङ्गता भएका २ सय ४० बालबालिका मध्ये 'ख' वर्गका ४० जनाले २ हजार रुपियाँका दरले ८० हजार, 'ग' वर्गका २ सय जनाले १ हजार रुपियाँका दरले २ लाख रुपियाँ र चार जना द्वन्द्वपीडित बालबालिकाले १७ हजार रुपियाँका दरले ६८ हजार रुपियाँ छात्रावृत्ति पाए।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा दुई जना र बलात्कारका घटनामा चार जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। सबै घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कार, यौन दुर्व्यवहार

११ वर्षीया बालिकालाई २०७७ फागुन ५ गते बलात्कार गरेको भन्दै चौबिसे गाउँपालिका-२ का २३ वर्षीय भवानी याख्खाविरुद्ध पीडित पक्षले फागुन ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले फागुन ५ गते आरोपितलाई घरैबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण फागुन ६ गते धनकुटा अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् आरोपित विरुद्ध बालयौन दुरुपयोग गरेको शीर्षकमा फागुन ९ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश फडिन्द्रप्रसाद पराजुलीको चैत ३० गतेको इजलासले आरोपितलाई १० वर्ष कैद र पीडित बालिकालाई १ लाख रुपियाँ क्षतिपूर्ति भराउन आदेश गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १९ महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट १९ ओटै रहेकोमा प्रहरीले १९ उजुरीमा मेलमिलाप गराएको जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक काशीराम रेग्मीले बताए।

यो वर्ष धनकुटामा घरेलु हिंसाका घटनामा ३२ र बलात्कारका घटनामा १२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालतले

बलात्कार घटनाका पाँच जना आरोपितलाई सजाय सुनायो भने आठ जना आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

६३ वर्षीया महिलालाई ०७८ जेठ २५ गते बलात्कार गरेको भन्दै महालक्ष्मी नगरपालिका-८ का ७० वर्षीय लोकबहादुर कार्कीविरुद्ध पीडित पक्षले जेठ २६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ २६ गते घरैबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ २६ गते धनकुटा अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् आरोपितविरुद्ध जबरजस्तीकरणी शीर्षकमा जेठ २७ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ २७ गतेको आदेशमा आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएकोमा जिल्ला अदालतका न्यायाधीश फणिन्द्रप्रसाद पराजुलीको असार ५ गतेको इजलासले आरोपितलाई आठ वर्ष कैद र पीडित महिलालाई १ लाख रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनायो।

स्वास्थ्य सेवाको अवस्था

धनकुटामा एक जिल्ला अस्पताल, दुई सामुदायिक अस्पताल, ३७ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, १५ नगर स्वास्थ्य केन्द्र रहेका छन्। जिल्लामा विशेषज्ञसहितको सेवा नहुँदा सामान्य उपचारको लागि पनि धरान, विराटनगर धाउनु परेको सेवाग्राहीको गुनासो छ। विशेषज्ञ डाक्टरको दरबन्दी भए पनि डाक्टरहरू आउन नमान्ने अस्पताल विकास समितिका अध्यक्ष तथा जिल्ला समन्वय समितिका प्रमुख, टङ्क चुहानले बताए। जिल्ला अस्पतालमा सरकारले नि:शुल्क वितरण गर्ने भनिएको ७० प्रकार औषधिमध्ये ४५ प्रकारको मात्रै पाइने अस्पतालका सूचना अधिकारी सहायक अधिकृत राजन पोखेलले बताए। जिल्लामा कोभिड-१९ विरुद्धको खोप पहिलो मात्रा ७६ हजार २९ जनाले लगाएकोमा ७२ हजार ९ सय ९ जनाले दोस्रो मात्राको खोप लगाइ खोपको मात्रा पूरा गरेको स्वास्थ्य कार्यालका प्रमुख गुरागाइँले बताए। कोभिड सङ्क्रमणका जिल्लामा दर्ता भएका २९ जना र धनकुटा ठेगाना भएर अन्यत्र दर्ता भएका १० जनाको मृत्यु भयो। धनकुटाका सात ओटै स्थानीय तहले कोभिड अस्पताल सञ्चालनमा ल्याएका छन्।

छथर जोरपाटी गाउँपालिकामा पाँच शैयाको, सहिदभूमि गाउँपालिकामा १० शैयाको, पाखिवास नगरपालिकामा १५ शैया र महालक्ष्मी नगरपालिकामा १५ शैयाको आधारभूत अस्पताल निर्माण गर्ने भनी ०७७ मङ्सिर १५ गते अस्पताल शिलान्यास गरिएको भएपनि काम अघि बढ्न सकेको छैन। छथर जोरपाटी गाउँपालिकाले जग्गाको व्यवस्थापन गरेर काम सुरु गरेको गाउँपालिका अध्यक्ष शेरबहादुर लिम्बुले बताए।

जिल्लामा सामान्य ३ हजार ५ सय शुल्क तिरेर ३ हजार १ सय ५६ परिवारले, आधा शुल्क तिरेर स्वयम्सेविका बीमा १ सय २२ परिवारले, ज्येष्ठ नागरिक नि:शुल्क बीमा २ हजार ६ सय २२ जना, पूर्ण अपाङ्ग नि:शुल्क बीमा १ सय १८ परिवारले बीमा गराएको स्वास्थ्य बीमा बोर्ड सम्पर्क कार्यालय, धनकुटाका प्रमुख दुर्गाबहादुर बस्नेतले बताए।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	४		४
यौन दुर्व्यवहार	१	१	२
जम्मा	५	१	६

महिला अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	४		८	१२
घरेलु हिंसा		३९	३	३२
जम्मा	४	३९	११	४४

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	जम्मा
हत्या	२	२

१.८ तेह्रथुम



जम्मा जनसङ्ख्या	८५,१२५
महिला	४५,३३४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१४,६७७
कामका लागि बाहिरिएका	७,९९१
अपाङ्गता भएका	२,६२६
५ वर्षमाथिको साक्षरता प्रतिशत	६८.३
आश्रित जनसङ्ख्या	४१,०७५

यस वर्ष जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा अन्य पक्षबाट १४ जना महिला, एक जना पुरुषसहित १५ जना पीडित भएको इन्सेकमा अभिलेख भयो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा दुई जना र महिला अधिकार उल्लङ्घन घटनामा आठ जना पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ३५ जनाको छ। कारागारमा कैदी र थुनुवा गरी ७५ जना छन्। महिला चार र पुरुष ७१ रहेका छन्। कारागारको क्षमता महिला १० जना र पुरुष २५ जना हो। कारागारमा पुरुष कक्षतर्फ झण्डै तीन गुणा बढी कैदीबन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन तथा खेलकुदका सामग्रीमा भलिबल, चेस, लुँडो र क्यारमबोर्ड र पुस्तकालयको व्यवस्था गरिएको जेलर गणेश न्यौपानेले बताए। कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि एक जनाको दरबन्दी रहेकोमा सेवा प्रदान गरिरहेका छन्। ६० वर्ष नाघेका ६ जना ज्येष्ठ नागरिक (पुरुष) रहेको जिल्ला कारागार जेलर न्यौपानेले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ५५ थानमध्ये ५४ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ७२ मध्ये २९ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा चार थान छन् भने देवानी मुद्दा नौ थान बाँकी छ।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १ सय ७५ आधारभूत र ४६ माध्यमिक विद्यालय छन्। जिल्लामा १ हजार २ सय ९६ शिक्षक दरबन्दी रहेकामा ३९ ओटा दरबन्दी मिलान हुन बाँकी छ। यस वर्ष ९ हजार १ सय ९४ बालक र ९ हजार ५ सय ३ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ६५ जना बालिका र ७१ जना बालक भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय १५ ओटा छन्। यस वर्ष जिल्लाभर १ हजार ७२ दलित बालक र १ हजार

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
हत्या		४	१	५
बाल अधिकार	बलात्कार	३		३
	जम्मा	३		३
महिला अधिकार	बलात्कार	६		६
	यौन दुर्व्यवहार	१		१
	बहुविवाह	१		१
	जम्मा	८		८
कूल जम्मा		१४	१	१५

४६ दलित बालिका विद्यालय भर्ना भए। दलित विद्यार्थी मध्ये १ हजार ७२ छात्रा र १ हजार ४६ छात्र रहेका छन्। वैदेशिक रोजगारमा गएर मृत्यु भएका परिवारका ६ जना बालबालिकाले ४८ हजार रुपियाँ छात्रवृत्ति पाए।

यस वर्ष बलात्कारका घटनामा दुई जना बालिका पीडित भएको इन्सेक अभिलेख गऱ्यो। जसमा दुवै जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १५ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। दर्ता गरिएका सबै उजुरीमा मेलमिलाप भएको प्रहरी हवल्दार रीता पोखरेलले बताइन्।

यस वर्ष परिवारजनबाट हत्याका घटनामा तीन जना, बहुविवाहमा एकजना, बलात्कारमा ६ जना र यौन दुर्व्यवाहरका घटनामा एक जना गरी ११ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बहुविवाहको घटना अदालतमा गएको छ भने परिवार जनबाट हत्याको एउटा घटनामा जिल्ला अदालतले २५ र अर्को घटनामा २२ वर्ष कैद फैसला गऱ्यो। अदालतले एउटा घटना पुर्पक्षका लागि थुनामा पठायो। बलात्कारका चार ओटा घटनामा जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई घटनाका आरोपित फरार रहे।

परिवारजनबाट हत्या

लालीगुराँस नगरपालिका-३ मुसाङखेलकी ४७ वर्षीया मइतरानी लिम्बूको ०७७ माघ २५ गते घरायसी विवादका क्रममा माघ २५ गते बञ्चरो प्रहार गरी हत्या गरेको आरोपमा ४३ वर्षीय पति नरबहादुर लिम्बुविरूद्ध पीडित पक्षले माघ २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा माघ २६ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतका न्यायाधीश महेन्द्रप्रसाद पोखरेलको फागुन १९ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश महेन्द्रप्रसाद पोखरेलको ०७८ भदौ २९ गतेको इजलासले आरोपितलाई २५ वर्ष कैद सजायको फैसला सुनायो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा माघ २५ गते भयो। सोही दिन पीडित पक्षले शव बुझी धार्मिक विधि अनुसार सद्गत गरेको प्रहरीले जनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, सात सामुदायिक अस्पताल, २९ स्वास्थ्य चौकी, सात प्राथमिक स्वास्थ्य केन्द्र, दुई नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा आठ जना विशेषज्ञको दरबन्दीमा सबै कार्यरत छन्। दुई जना स्टाफ नर्सको दरबन्दीमा एक रिक्त, अनमी दुई जनाको दरबन्दीमा सबै कार्यरत छन्। जिल्लामा १ हजार ४ सय ५ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा पनि १ हजार ४ सय १ जनाको बीमा गरिएको छ।

यस जिल्लामा कोभिड- १९ बाट २ हजार ४८ जना सङ्क्रमित भएकोमा २ हजार ८ जना निको भए। २४ जनाको जिल्लामा उपचार हुन सकेन। जिल्लामा एक मात्र कोभिड अस्पताल छ। अक्सिजनसहित दुई बेड, अक्सिजन बाहेक आठ बेडको कोभिड अस्पताल छ। २०७७ मङ्सिर १५ गते लालीगुराँस नगरपालिकामा १५ शैयाको अस्पताल शिलान्यास गरेकोमा टेन्डरमार्फत काम सुरु भएको नगरपालिकाकी उपप्रमुख तिलादेवी पोखेलले बताइन्। मेन्छायेयम गाउँपालिकामा १२ करोडको लागतमा १० शैयाको अस्पताल निर्माण कार्य सुरु भएको गाउँपालिकाका रोजगार संयोजक देवेन्द्र बस्नेतले बताए।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	२	२
जम्मा	२	२

महिला अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	५	६
यौन दुर्व्यवहार		१	१
बहुविवाह		१	१
जम्मा	१	७	८

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	३	५

१.९ पाँचथर



जम्मा जनसङ्ख्या	१,७४,४१९
महिला	८७,३८६
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२१,७२४
कामका लागि बाहिरिएका	१७,८४२
अपाङ्गता भएका	५,०४९
५ वर्षमाथिको साक्षरता प्रतिशत	७२
आश्रित जनसङ्ख्या	७९,३१७

यस वर्ष पाँचथर जिल्लामा मानव अधिकार उल्लङ्घनको घटनामा एक जना र ज्यादतीका घटनामा अन्य पक्षबाट २७ जना महिला, एक जना पुरुषसहित २८ जना पीडित भए। जसमा बाल अधिकार उल्लङ्घन घटनामा १४ जना र महिला अधिकार उल्लङ्घनका घटनामा १२ जना पीडित भए। राज्य पक्षबाट एक जनालाई गिरफ्तार गरेको घटनामा इन्सेकमा अभिलेख भयो।

कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको छ। कारागारमा १ सय ४२ जना छन्। महिला १४ र पुरुष १ सय २७ रहेका छन्। कारागारमा एक जना १७ महिने आश्रित बालिका छन्। कारागारको क्षमता महिला ५ जना र पुरुष २० जनाको हो। कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन तथा खेलकुदका सामग्रीमा भलिबल, चेस, लुँडो, क्यारमबोर्ड र पुस्तकालयको व्यवस्था गरिएको कारागार प्रमुख सुरेन्द्र मुखियाले बताए। कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि एक जना दरबन्दी रहेकोमा कार्यरत छन्। ६० वर्ष नाघेका दुई जना महिला र तीन जना ज्येष्ठ नागरिक (पुरुष) रहेको जिल्ला कारागार प्रमुख मुखियाले बताए। बन्दीहरू बिरामी हुँदा कारागारमै रहेका स्वास्थ्यकर्मीले उपचार गर्छन्। यहाँबाट उपचार सम्भव नभए जिल्ला अस्पतालमा उपचारको लागि लैजाने गरिन्छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय १० थानमध्ये १३ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ सय ६६ थानमध्ये १ सय १४ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा ६२ थान छन् भने देवानी मुद्दा ३७ थान बाँकी छन्। अदालतले १३ जना कर्मचारी करारमा नियुक्त गरेको छ भने १० दरबन्दी यो वर्षको अन्त्यसम्म नै रिक्त रह्यो।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय आधारभूत र ८४ माध्यमिक विद्यालय छन्। जिल्लामा स्वीकृत, राहत र अनुदान सहित १ हजार ९ सय २९ शिक्षक दरबन्दी रहेको छ। यस वर्ष २४ हजार १ सय ४२ बालक र २३ हजार ३ सय ९ जना बालिका विद्यालय

भर्ना भए। जसमा अपाङ्गता भएका १ सय २३ बालिका र १ सय २० बालक छन्। जिल्लामा १५ ओटा अपाङ्गतामैत्री विद्यालय छन्। द्वन्द्वपीडित परिवारका १ सय ५७ जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाभर १ हजार ४ सय २१ दलित बालक र १ हजार ४ सय ११ दलित बालिका विद्यालय भर्ना भए। दलित विद्यार्थी मध्ये १ हजार ४ सय २१ छात्रा र १ हजार ४ सय ११ छात्र रहेका छन्। वैदेशिक रोजगारमा गई मृत्यु भएका परिवारका ६ जना र द्वन्द्वपीडित परिवारका १ सय ५७ जना बालबालिकाले छात्रवृत्ति पाए।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा चार जना र बलात्कारका घटनामा १० जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालतले बलात्कार घटनाका आठ जना आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो भने दुई जना आरोपितलाई सजाय सुनायो। यौन दुर्व्यवहार घटनाका दुई जना आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई १ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		१	१			
हत्या				१	१	२
बाल अधिकार	बलात्कार			१०		१०
	यौन दुर्व्यवहार			४		४
	जम्मा			१४		१४
महिला अधिकार	बलात्कार			४		४
	बलात्कार प्रयास			१		१
	बहुविवाह			६		६
	यौन दुर्व्यवहार			१		१
	जम्मा			१२		१२
कूल जम्मा		१	१	२६	१	२८

बलात्कार, यौन दुर्व्यवहार

१६ वर्षीया बालिकालाई ०७७ माघ १५ गते बलात्कार गरेको आरोपमा हिलिहाङ गाउँपालिका-१ का २० सविन भण्डारीविरुद्ध पीडित पक्षले फागुन १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण सोही दिन जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई चैत ८ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् आरोपितविरूद्ध जिल्ला अदालतमा चैत २८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश योगेन्द्रप्रसाद शाहको चैत ३० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। न्यायाधीश शाहको ०७८ पुस ८ गतेको इजलासले आरोपितलाई १० वर्ष कैद सजाय, पीडितले पाउने गरी कसुरदारबाट ५० हजार रुपियाँ क्षतिपूर्ति र पीडित राहतकोषमा रहने गरी १ हजार ८ सय भराउने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष पाँचथरमा घरेलु हिंसा पीडित भन्दै १ सय ५ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा घरायसी झगडाका ७८ ओटा, मादक पदार्थ सेवन गरी कुटपिटका २१ ओटा र खान लगाउन नदिएको ६ ओटा उजुरी छन्। कुटपिटका आठ ओटा उजुरीका उजुरीकर्ता वर्षको अन्त्यसम्म सम्पर्कमा नआएको र अन्य ९७ ओटा उजुरीमा मेलमिलाप भएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रकी प्रहरी जवान बसन्ती तुम्रोकले बताइन्।

यो वर्ष पाँचथरमा बलात्कारका घटनामा चार, बलात्कार प्रयासको घटनामा एक, यौन दुर्व्यवहारको घटनामा एक र बहुविवाहका घटनामा ६ जना गरी १२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालतले बलात्कार घटनाका तीन जनालाई पुर्पक्षका लागि थुनामा पठायो भने एक जनालाई प्रहरीले अनुसन्धानका लागि हिरासतमा राख्यो। बलात्कार प्रयास र यौन दुर्व्यवहार घटनाका एक/एक आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, ११ सामुदायिक अस्पताल (सामुदायिक स्वास्थ्य इकाइ), ४० स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, चार नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा एक जना विशेषज्ञको दरबन्दीमा विशेषज्ञ डाक्टर कार्यरत छन्। चार जना स्टाफ नर्सको दरबन्दीमा दुई जना कार्यरत छन्। अनमी दुई जनाको दरबन्दीमा दुई कार्यरत छन्। जिल्लामा २ हजार १ सय ३८ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा ४ सय ८६ जनाको बीमा गरिएको छ। जिल्लामा यो वर्षको अन्त्यसम्म १ हजार ४ सय ८८ जना कोभिड सङ्क्रमित भए। यस वर्ष २० जनाको कोभिड सङ्क्रमणका कारण मृत्यु भयो। यस वर्षको अन्त्यसम्म ११ हजार ५ सय ९५ जनाले पहिलो र ६४ हजार ३ सय ४१ जनाको कोभिडको दोस्रो मात्राको खोप लगाए।

जिल्लाका सात ओटा स्थानीय तहमा ०७७ मङ्सिर १५ गते आधारभूत स्वास्थ्य अस्पतालको शिलान्यास गरिएको छ। मिक्लाजुङ गाउँपालिका १५ बेड, तुम्बेवा गाउँपालिकामा पाँच बेड, फाल्गुनन्द गाउँपालिकामा पाँच बेड, कुम्मायक गाउँपालिकामा १५ बेड, फालेलुङ गाउँपालिकामा पाँच बेड, हिलिहाङ गाउँपालिकामा पाँच बेड, याङवरक गाउँपालिकामा १५ बेडका अस्पताल निर्माण कार्य भइरहेको छ।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	९	१०
यौन दुर्व्यवहार		३	३
जम्मा	१	१२	१३

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		४	४
बलात्कार प्रयास		१	१
बहुविवाह	१	५	६
यौन दुर्व्यवहार		१	१
जम्मा	१	११	१२

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२

१.१० इलाम



जम्मा जनसङ्ख्या	२,८०,५६५
महिला	१,४०,९९१
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२१,००५
कामका लागि बाहिरिएका	६,६५७
अपाङ्गता भएका	७,६३६
५ वर्षमाथिको साक्षरता प्रतिशत	९७
आश्रित जनसङ्ख्या	१,०७,३२४

यस वर्ष इलाम जिल्लामा मानव अधिकार उल्लङ्घनको घटनामा एक जना र ज्यादतीका घटनामा अन्य पक्षबाट ४७ जना महिला, चार जना पुरुषसहित ५१ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १५ जना र महिला अधिकार उल्लङ्घनका घटनामा २६ जना पीडित भए। राज्य पक्षबाट एकजनाको गिरफ्तारी भएको घटना इन्सेकले अभिलेख गरेको छ। अन्य पक्षबाट सात जनाको हत्या, दुई जना घाइते र एक जनालाई कुटपिट भएका घटना अभिलेखित छन्।

कारागार र बन्दी

कारागारको क्षमता १ सय २० जनाको छ। कारागारमा पुरुष कैदी १ सय ८६, थुनुवा ७०, महिला कैदी १३ र थुनुवा १२ गरी २ सय ८१ जना छन्। कारागारमा आश्रित बालबालिकाका नभएको जेलर प्रदीपकुमार श्रेष्ठले बताए। कैदीबन्दीहरूको नियतिम स्वास्थ्य जाँचका लागि एक जना चिकित्सकको दरबन्दी भए पनि रिक्त रहेको जेलर श्रेष्ठले बताए। ६० वर्ष नाघेका १२ जना ज्येष्ठ नागरिक (पुरुष) रहेको जेलर श्रेष्ठले बताए। कारागारमा चिकित्सक नहुँदा कैदीबन्दी तथा थुनुवाको स्वास्थ्य परीक्षणका लागि जिल्ला अस्पताल लैजानु पर्ने बाध्यता रहेको जेलर श्रेष्ठले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

उच्च अदालत विराटनगरको इजलास

चार जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत विराटनगरको, इलाम इजलासमा यस वर्ष दुनियावादी देवानीका २ सय ४८ थान, दुनियावादी फौजदारीका ७७ थान, सरकारवादी फौजदारीका ६ सय ३८ थान र सुरू क्षेत्राधिकारका २३ थान मुद्दा जिम्मेवारी सरेका थिए। यस वर्ष दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ ४ सय ५७ थान उजुरी परे। अघिल्लो वर्षका जिम्मेवारी सरेर आएकासमेत ५ सय ३० थान मुद्दा फैसला भए।

जिल्ला अदालत

एक न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २ सय ९१ थानमध्ये १ सय ३६ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ सय थानमध्ये ३ सय १७ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा २९ थान छन् भने देवानी मुद्दा २८ थान बाँकी रहे।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		१	१			
कुटपिट					१	१
घाइते				१	१	२
हत्या				५	२	७
बाल अधिकार	बलात्कार			१३		१३
	यौन दुर्व्यवहार			२		२
	जम्मा			१५		१५
महिला अधिकार	बलात्कार			९		९
	बलात्कार प्रयास			२		२
	यौन दुर्व्यवहार			२		२
	बहुविवाह			८		८
	घरेलु हिंसा			५		५
	जम्मा			२६		२६
कूल जम्मा		१	१	४७	४	५१

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ९७ आधारभूत र ९२ मावि छन्। १ हजार ३ सय ८५ शिक्षक दरबन्दी रहेकामा २ सय ८१ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख शम्भुनाथ थापामगरले बताए। यस वर्ष २७ हजार ९ सय ६० बालक र २७ हजार ६ सय ९३ जना बालिका विद्यालयमा भर्ना भए। जसमा अपाङ्गता भएका १ सय ३६ बालिका र १ सय ३६ बालक भर्ना भए। द्वन्द्वपीडित परिवारका नौ बालक र चार बालिका गरी १३ जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाभर १ हजार ७ सय ९३ जना दलित बालक र १ हजार ८ सय ३१ जना दलित बालिका विद्यालय भर्ना भए।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा दुई जना र बलात्कारका घटनामा १३ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालतले बलात्कार घटनाका आठ जना आरोपितलाई पुर्पक्षका लागि कारागार र चार जना आरोपितलाई बाल सुधार गृहमा पठायो। एक जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। अदालतले यौन दुर्व्यवहार घटनाका एक जना आरोपित बालकलाई ८ वर्ष ६ महिना २० दिनको सजाय सुनाइ अभिभावकको जिम्मा लगायो भने अर्का एक जना आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २३ जनाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये मादक पदार्थ सेवन गरी घर झगडाका १४, शारीरिक यातनाका पाँच, खाना लाउन नदिएका दुई र परिवारका अन्य सदस्यसँगको झगडाका दुई उजुरी आएको सई गीता कार्कीले बताइन्। दर्ता गरिएका उजुरीमध्ये १९ उजुरीमा मेलमिलाप, एक अभद्र व्यवहार शीर्षकमा मुद्दा दर्ता गरी कानुनी प्रक्रियामा पठाएको, एक सम्पर्कमा नआएको र दुई उजुरी अन्य निकायमा जान सिफारिस गरिएको सई कार्कीले बताइन्।

यो वर्ष इलाममा घरेलु हिंसाका घटनामा पाँच, बलात्कारका घटनामा नौ, यौन दुर्व्यवहारका घटनामा दुई जना, बलात्कार प्रयासका घटनामा दुई जना र बहुविवाहका घटनामा आठ जना गरी २६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालतले बलात्कार घटनाका आठ जना आरोपितलाई पुर्पक्षका लागि थुनामा र एक जना आरोपितलाई बाल सुधार गृहमा पठायो। यौन दुर्व्यवहार घटनाका दुई र बलात्कार प्रयास घटनाका दुई जना आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, ४४ स्वास्थ्य चौकी, चार प्राथमिक स्वास्थ्य केन्द्र र पाँच नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दीमा तीन जना कार्यरत छन् भने ६ जनाको दरबन्दी रिक्त छन्। ६ जना स्टाफ नर्सको दरबन्दीमा सबै कार्यरत छन्। अनमीको पाँच ओटा दरबन्दीमा एक जना कार्यरत र चार दरबन्दी रिक्त छ। जिल्लामा १ लाख १६ हजार ७२ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ

नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा १२ हजार ६ सय ५६ जनाको बीमा गरिएको छ। जिल्लामा यो वर्षको अन्त्यसम्म ६ सय ७८ जना महिला र १ हजार ४२ जना पुरुष गरी १ हजार ७ सय २० जना कोभिड सङ्क्रमित भए। ४६ जना महिला र ६९ जना पुरुष गरी १ सय १५ जनाको कोभिड सङ्क्रमणका कारण मृत्यु भयो। यस वर्षको अन्त्यसम्म २१ हजार ८ सय ४४ जनाले कोभिडविरूद्धको पहिलो मात्रा र १८ हजार १ सय ६७ जनाले दोस्रो मात्राको खोप लगाए।

सात ओटा स्थानीय तहमा १५ बेडको अस्पताल निर्माणका लागि ०७७ मङ्सिर १५ गते शिलान्यास गरिएको छ। सूर्योदय नगगरपालिका, देउमाइ र माइ नगरपालिका तथा चुलाचुली, फाकफोकथुम, सन्दकपुर र माइजोगमाइ गाउँपालिकामा शिलान्यास गरिएको छ। सूर्योदय नगरपालिकाको फिक्कल प्राथमिक स्वास्थ्य केन्द्र, देउमाइ नगरपालिकाको मङ्गलबारे प्राथामिक स्वास्थ्य केन्द्र, माइ नगरपालिकाको दानाबारी स्वास्थ्य चौकी, चुलाचुली गाउँपालिकाको चुलाचुली स्वाथ्य चौकी, फाकफोकथुम गाउँपालिकाको फाकफोकथुम स्वास्थ्य चौकी, सन्दकपुर गाउँपालिकाको माइपोखरी स्वास्थ्य चौकी र माइजोगमाइ गाउँपालिकाको नयाँबजार स्वास्थ्य चौकीलाई १५ शैयाको अस्पताल बनाइने तयारी गरिएको छ।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१	१२	१३
यौन दुर्व्यवहार	१		१	२
जम्मा	१	१	१३	१५

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		९	९
बलात्कार प्रयास		२	२
यौन दुर्व्यवहार		२	२
बहुविवाह		८	८
घरेलु हिंसा	१	३	४
जम्मा	१	२४	२५

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	६	६

१.११ झापा



जम्मा जनसङ्ख्या	९,९४,०९०
महिला	५,१६,५९४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	५
प्रदेशसभा निर्वाचन क्षेत्र	१०
गरिबीको रेखामुनि रहेको सङ्ख्या	८५,७३६
कामका लागि बाहिरिएका	८०,६२५
अपाङ्गता भएका	१५,३६७
५ वर्षमाथिको साक्षरता प्रतिशत	७७.७
आश्रित जनसङ्ख्या	३,५२,००६

यस वर्ष जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १ सय ७८ जना महिला र १५ जना पुरुषसहित १ सय ९३ जना जना पीडित भएको इन्सेकमा अभिलेख भयो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ८६ जना र महिला अधिकार उल्लङ्घनका घटनामा ९० जना पीडित भए।

कारगार र बन्दी

जिल्ला कारागारको क्षमता ७ सय जनाको छ। कारागारमा १ हजार २ सय ८५ जना छन्। महिला ७२ र पुरुष १ हजार २ सय १० रहेका छन्। कारागारमा आश्रित बालक तीन जना रहेका छन्। पुरुषको सङ्ख्या कारागारको क्षमताभन्दा करिब दुई गुणा बढी रहेको छ। कारागारमा पुरुष कक्षतर्फ झण्डै दुई गुणा कैदीबन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्रीमा भलिबल, चेस, लुँडो र क्यारमबोर्ड र पुस्तकालयको व्यवस्था गरिएको छ। कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि एक जना सिअहेवको दरबन्दी रहेको छ। कारागारमा ७० वर्ष नाघेका ज्येष्ठ नागरिक कैदी ३५ जना छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

सात जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार ५ सय ७ थानमध्ये ७ सय ५३ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३ हजार ३ सय ५८ थानमध्ये १ हजार ८ सय १६ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा ३८ थान छन् भने देवानी मुद्दा २ सय ६१ थान बाँकी रहेको अदालतका सूचना अधिकारी अर्जुनप्रसाद गुरागाईंले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ५३ सामुदायिक र २ सय ३६ संस्थागत गरी जम्मा ४ सय ८९ आधारभूत र १ सय १२ सामुदायिक र २ सय १३ संस्थागत गरी ३ सय २५ मावि छन्। ३ हजार ६ सय ७३ शिक्षक दरबन्दी रहेकामा ८९ ओटा दरबन्दी स्थानीय तहमा मिलानको लागि स्थानीय तहलाई जिम्मा दिएको शिक्षा विकास तथा समन्वय इकाइका सूचना अधिकारी भोला अधिकारीले बताए। यस वर्ष २ हजार ९ सय ७३ जना बालिका र २ हजार ५ सय ५१ जना बालक

बाल विकासतर्फ भर्ना भए। सामुदायिक विद्यालयमा ७ हजार ७ सय ५८ जना छात्र र ७ हजार ९ सय ७८ जना छात्रा विद्यालयमा भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय छैनन्। यस वर्ष जिल्लाभर २ हजार १ सय ४२ दलित बालक र २ हजार ३ सय ४१ दलित बालिका विद्यालय भर्ना भएको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख राजकुमार विश्वकर्माले बताए। भर्ना भएका सबै दलित विद्यार्थी छात्रवृत्ति पाए।

वैदेशिक रोजगारमा गएका परिवारका ८८ जना बालबालिकाले ७ लाख ९४ हजार रुपियाँ छात्रवृत्ति पाए। द्वन्द्वपीडित परिवारका १४ जना बालबालिकाले १ लाख १३ हजार रुपियाँ छात्रवृत्ति पाए। कोभिडका कारण ०७८ वैशाख र जेठ महिनामा विद्यालय बन्द हुँदा बालबालिका शिक्षाको अधिकारबाट वञ्चित भएको इकाइ प्रमुख विश्वकर्माले बताए।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा पाँच जना बालक र २३ जना बालिका गरी २८ जना पीडित, बलात्कारका घटनामा ५६ जना, बालबिलिका बेचबिखनमा एक र विद्यालयमा शारीरिक यातनाका एक जना गरी जम्मा ८६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहार घटनाका नौ जना आरोपितलाई जिल्ला अदालतले धरौटीमा रिहा गऱ्यो भने १९ जनालाई पुर्पक्षका लागि थुनामा पठायो भने तीन जना आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कारका ३९ घटनाका आरोपित पुर्पक्षका लागि थुनामा गए, दुई घटनाका आरोपित अभिभावकको जिम्मा र १२ जना आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		१	१	२
हत्या		७	७	१४
धम्की			१	१
बाल अधिकार	बेचबिखन तथा ओसारपसार	१		१
	विद्यालयमा शारीरिक सजाय		१	१
	बलात्कार	५६		५६
	यौन दुर्व्यवहार	२३	५	२८
	जम्मा	८०	६	८६
महिला अधिकार	बेचबिखन तथा ओसारपसार	१		१
	बलात्कार	३३		३३
	बलात्कार प्रयास	१३		१३
	यौन दुर्व्यवहार	४		४
	'बोक्सी' को आरोप	१		१
	बहुविवाह	३६		३६
	घरेलु हिंसा	२		२
	जम्मा	९०		९०
कूल जम्मा		१७८	१५	१९३

बलात्कार, यौन दुर्व्यवहार

११ वर्षीया बालिकालाई ०७८ कात्तिक १२ गते बलात्कार गरेको आरोपमा मेचीनगर नगरपालिका-११ का ५८ वर्षीय देवीबहादुर कुवँरविरुद्ध पीडित पक्षले कात्तिक १५ गते इलाका प्रहरी कार्यालय, काकडभिट्टामा उजुरी दियो। प्रहरीले आरोपितलाई कात्तिक १६ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण कार्तिक १५ गते मेची अस्पताल, भद्रपुरमा भयो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् आरोपितविरुद्ध जिल्ला अदालतमा मङ्सिर ५ गते जबरजस्तीकरणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश शङ्करबहादुर राईको मङ्सिर ६ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश इन्दिरा शर्माको ०७८ पुस १२ गतेको इजलासले आरोपितलाई एक वर्ष कैद सजाय र १० हजार रुपियाँ जरिबानाको फैसला सुनाएको सूचना अधिकारी अर्जुनप्रसाद गरागाइँले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष जिल्ला प्रहरी कार्यालयको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा घरेलु हिंसाका १ सय ११ ओटा उजुरी परे। जसमध्ये घरायसी झगडाका ५१ ओटा, मादक पदार्थ सेवन गरी कुटपिटका ३५ ओटा, खाना लगाउन नदिएका १८ ओटा र बहुविवाहका सात उजुरी परेको जिल्ला

प्रहरी कार्यालयका डिएसपी बसन्त पाठकले बताए। बहुविवाहका सात उजुरी कारबाहीका आगि अदालत पठाएको र अन्य सबै उजुरीमा मिलापत्र भएको डिएसपी पाठकले बताए।

यस वर्ष घरेलु हिंसाका घटनामा दुई जना, बलात्कारका घटनामा ३३ जना, बोक्सीको आरोपमा एक जना, बहुविवाहका घटनामा ३६ जना, बलात्कार प्रयासको घटनामा १३ जना, महिला बेचबिखनमा एक जना र यौन दुर्व्यवहारका घटनामा चार जना गरी जम्मा ९० जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कारका २३ घटनाका आरोपित पुर्पक्षमा, धरौटीमा दुई जना र आठ जना फरार रहे। यसैगरी बलात्कार घटनाका आठ जना आरोपित पुर्पक्षका लागि थुनामा गए, दुई जना धरौटी र आठ जना यो वर्षको अन्त्यसम्म फरार रहे। यौन दुर्व्यवहारका चार घटनाका आरोपित फरार रहे।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२४ वर्षीया अपागङ्गता भएकी महिलालाई ०७८ भदौ ३ गते बलात्कार प्रयास गरेको आरोपमा बाह्रदशी गाउँपालिका-६ का ३४ वर्षीया प्रकाश बिकविरुद्ध पीडित पक्षले भदौ ४ गते इलाका प्रहरी कार्यालय, गौरीगञ्जमा उजुरी दियो। प्रहरीले आरोपितलाई भदौ ५ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण भदौ ४ गते मेची अस्पताल, भद्रपुरमा भयो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् आरोपितविरुद्ध जिल्ला अदालतमा भदौ २४ गते जबरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दिलकुमार बर्देवाको भदौ २५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश गिरिराज गौतमको कात्तिक २९ गते बसेको इजलासले आरोपितलाई अभियोग दावी ठहर गर्दै ४ वर्ष ६ महिना कैद सजाय र १० हजार रुपियाँ जरिबानाको फैसला सुनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दूई ओटा सरकारी अस्पताल, एउटा सामुदायिक अस्पताल, ४२ ओटा स्वास्थ्य चौकी, छ ओटा प्राथमिक स्वास्थ्य केन्द्र, १ सय ३१ ओटा नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा १६ जना विशेषज्ञको दरबन्दीमा पाँच जना कार्यरत छन् भने ११ जनाको दरबन्दी रिक्त छ। १८ जना स्टाफ नर्सको दरबन्दीमा सबै कार्यरत छन्। अनमी चार जनाको दरबन्दीमा चारै जना कार्यरत रहेको मेडिकल सुपरिटेण्डेण्ट टङ्क बाराकोटीले बताए। जिल्लामा ३ लाख ९५ हजार ४ सय ३७ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा ३२ हजार ५ सय ५५ जनाले बीमा सेवा लिइरहेको स्वास्थ्य बीमा जिल्ला संयोजक बद्री बरालले बताए। जिल्लामा यस वर्ष १२ हजार ५ सय १५ जना पुरुष र १४ हजार ९ सय १९ जना महिला गरी २६ हजार ९ सय ३४ जनामा कोभिडको सङ्क्रमण पुष्टि भयो। यस वर्ष १ सय ९९ जना पुरुष र ३ सय ५६ जना महिला गरी ५ सय ५५ जनाको कोभिडका कारण मृत्यु भयो। ९२ हजार ७ सय ५१ जनाले कोभिडको पहिलो मात्रा र ५६ हजार ८ सय ९४ जनाले कोभिडको दोस्रो मात्रा लगाएको कोभिड फोकलपर्सन जीवन चौलागाँइले बताए।

कमल गाउँपालिका- २ क्याम्पास्थित गाउँपालिकाको कार्यालयपरिसरमै आधारभूत अस्पताल बनाउने भनी ०७७ मङ्सिर १५ गते शिलान्यास गरियो। तर, अस्पताल निर्माण अघि बढ्न सकेको छैन। शिलान्यास गरिएको ठाउँलाई 'डम्पिङसाइट' बनाइएको छ। अस्पताल बनाउन शिलान्याका लागि खनिएको खाल्डोमा गाउँपालिकाबाट निस्किएका फोहोर फाल्ने गरिएको छ।

झापाका ११ ओटा स्थानीय तहमा आधारभूत अस्पताल शिलान्यास गरिएको थियो । कमल गाउँपालिका, हल्दिबारी गाउँपालिका गाउँपालिका, कचनकवल गाउँपालिका, मेचीनगर नगरपालिका, कन्काई नगरपालिका र शिवसताक्षी नगरपालिका तथा बुद्धशान्ति गाउँपालिकाले ठेक्का आह्वान गरेका छन् । गौरीगन्ज गाउँपालिका, बिर्तामोड नगरपालिका र झापा गाउँपालिको भौतिक प्रगति पनि शून्य छ। बुद्धशान्ति गाउँपालिका-३ मा अस्पतालको निमित्त जग्गा प्राप्त भइसकेकोले ठेक्का लागि निर्माण कार्य सुरु भएको अध्यक्ष रमेश भुजेलले बताए।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	कारबाही प्रक्रिया अघि नबढेका	जम्मा
बेचबिखन तथा ओसारपसार		१		१
विद्यालयमा शारीरिक सजाय			१	१
बलात्कार	२	५४		५६
यौन दुर्व्यवहार	१	२७		२८
जम्मा	३	८२	१	८६

महिला अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार		१	१
बलात्कार	४	२९	३३
बलात्कार प्रयास		१३	१३
यौन दुर्व्यवहार		४	४
'बोक्सी' को आरोप		१	१
बहुविवाह	४	३२	३६
घरेलु हिंसा		२	२
जम्मा	८	८२	९०

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१४	१४

१.१२ मोरङ



जम्मा जनसङ्ख्या	११,४७,१८६
महिला	५,८९,६५९
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	६
प्रदेशसभा निर्वाचन क्षेत्र	१२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,५८,२६१
कामका लागि बाहिरिएका	१७,०५३
अपाङ्गता भएका	६,२१५
५ वर्षमाथिको साक्षरता प्रतिशत	८६
आश्रित जनसङ्ख्या	३,९८,५१९

यस वर्ष मोरङ जिल्लामा मानव अधिकार उल्लङ्घन १२ जना र ज्यादतीका घटनामा अन्य पक्षबाट ४४ जना महिला, १३ जना पुरुषसहित ५७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १६ जना र महिला अधिकार उल्लङ्घनका घटनामा १९ जना पीडित भए।

कुटपिट/धम्की

अन्यपक्षबाट

उर्लाबारी नगरपालिका- ६ स्थित राधिका माध्यमिक विद्यालयका प्रधानाध्यापक ४९ वर्षीय कुमार पोखरेललाई ०७७ पुस २७ गते विद्यालय हाताभित्र बोतल, रड र ढुङ्गाले टाउकोमा प्रहार गरी घाइते बनाएको आरोपमा पीडित पक्षले उर्लाबारी नगरपालिका-१ का २० वर्षीय निश्चल गुरुङ, सुनसरी, इटहरी उपमहानगरपालिका- १ का २० वर्षीय मोहित राई र उर्लाबारी नगरपालिका-५ का १९ वर्षीय रविन राईविरूद्ध सोही दिन इलाका प्रहरी कार्यालय उर्लाबारीमा उजुरी दियो। सोही विद्यालयमा कक्षा १२ मा अध्ययनरत निश्चलले चुरोट खाएको विषयमा सम्झाउँदा आक्रमण गरेको पीडित शिक्षकले बताए। आरोपितहरूमध्ये निश्चल गुरुङलाई प्रहरीले सोही दिन घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा माघ २२ गते ज्यान मार्ने उद्योग शीर्षकमा मुद्दा दर्ता गरी कारबाही अघि बढायो। जिल्ला अदालतका न्यायाधीश किशोर घिमिरेको माघ २५ गतेको आदेशमा आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। अरु दुई आरोपितहरू फरार रहेको र हालसम्म गिरफ्तार गरी कानुनी कारबाही अघि बढ्न नसकेको प्रहरीले जनायो। पीडित शिक्षकको उपचार पुस २७ गते नोवेल अस्पताल विराटनगरमा गरियो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

जहदा गाउँपालिका-५ स्थित प्रहरी चौकी मझारेमा कार्यरत असई ३१ वषीय रामकुमार माझीलाई ०७७ माघ २४ गते कार्यस्थलमा हातपात गरेको आरोपमा प्रहरीले सोही गाउँपालिका-७ का २१ वषीय बब्लु शाहलाई गिरफ्तार गऱ्यो। जहदा गाउँपालिका-५ लक्ष्मीनियामा डिजलको तस्करी रोक्न खटिएको अवस्थामा आक्रमण हुँदा माझीको दुवै

आँखामा चोट लागेको र नाकको हाड भाँचिएको थियो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा फागुन २१ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गरी कारबाही अघि बढायो। जिल्ला अदालतका न्यायाधीश दुर्गा खड्काको ०७७ चैत ३१ गतेको आदेशमा आरोपित १ लाख रुपियाँ धरौटीमा रिहा भए। पीडितको उपचार माघ २४ गते विराट नर्सिङ होममा गरियो। यो वर्षको अन्त्यसम्म मुद्दाको अन्तिम फैसला हुन सकेन।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		महिला	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण					१	१
गिरफ्तारी		१	१			
कुटपिट		१	१	२	६	८
हिरासतमा मृत्यु		१	१			
जेलमा मृत्यु		३	३			
हत्या				६	६	१२
घाइते		६	६			
सबै प्रकारका जातीय विभेद				१		१
बाल अधिकार	बेचबिखन तथा ओसारपसार			१		१
	नवजात शिशुको हत्या			१		१
	बलात्कार			११		११
	यौन दुर्व्यवहार			३		३
	जम्मा			१६		१६
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास			२		२
	'बोक्सी'को आरोप			१		१
	बलात्कार प्रयास			१		१
	यौन दुर्व्यवहार			७		७
	बेचबिखन तथा ओसारपसार			१		१
	बलात्कार			७		७
	जम्मा			१९		१९
कूल जम्मा		१२	१२	४४	१३	५६

कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता ३ सय जना रहेको ९ सय ६० जना छन्। कारागारमा कैदी ५ सय २४ र बन्दी ४ सय ३३ जना छन्। महिला ७९ र पुरुष ८ सय ७८ रहेका छन्। कारागारको क्षमता महिला ५० र पुरुष २ सय ५० हो। कारागारमा तीन जना आश्रित बालक छन्। जसका कारण कैदीबन्दीको उपचारका लागि कोशी अस्पताल लैजाने गरेको कारागारका जेलर महेन्द्र खड्काले बताए। कारागारमा चार जना कैदीबन्दीहरू जटिल मानसिक रोगी र सामान्य मानसिक रोगी छैनन्। मानसिक रोगीलाई उपचारका लागि काठमाडौं लगिएको जेलर खड्काले बताए। ६० वर्ष नाघेका ज्येष्ठ नागरिक २९ जना (पुरुष) रहेको जेलर खड्काले बताए। कारागारमा दीर्घरोगी (उच्च रक्त चाप, मधुमेह) २ सय ६० जना छन्। ५ सय क्षमताको दुई तले भवन निर्माणाधीन अवस्थामा रहेको कारागार प्रशासनले जनाएको छ।

बाल सुधार गृह

बाल सुधारगृहको क्षमता ५० जनाको छ। सुधारगृहमा २ सय २ जनालाई राखिएको छ। भौतिक पूर्वाधार नभएका कारण खाना, बस्न, पढ्न, शौचालय लगायतका कुरामा समस्या भएको सुधार गृह प्रमुख मिलन चौहानले बताए। सुधार गृहमा मनोविमशकर्ता नहुँदा समस्या भएको चौहानले बताए। नेपाल सरकारले निजी संस्थालाई ५० जना बालक राख्ने गरी समन्वयमा सुधार गृह सञ्चालनमा लागि सहकार्य गरेको भए पनि २ सय २ जना बालक राख्नु पर्दा आधारभूत अधिकारबाट बालक वञ्चित भएको बताए।

कारागारमा मृत्यु

कोभिड-१९ विरूद्धको खोप लगाउन लाममा बसेको अवस्थामा बेहोस हुनु भएका रतुवामाई नगरपालिका-५ का ५२ वर्षीय धनबहादुर गुरुङको अस्पतालमा पुऱ्याउनासाथ मृत्यु भयो। जिल्ला स्वास्थ्य

कार्यालय मोरङले भदौ १ गते कारागार परिसर मा कोभिड-१९ विरूद्धको खोप सञ्चालन गरेको र खोप लगाउन लाममा बसेको अवस्थामा बेहोस भएका गुरुङलाई उपचारका लागि कोशी अस्पताल पुऱ्याउनासाथ मृत्यु भएको कारागारका जेलर र रामप्रसाद पोखरेलले बताउनु भयो। बलात्कार मुद्दामा जिल्ला अदालतबाट १० वर्षको कैद सजाय तोकिएका गुरुङ ०७४ वैशाख ५ गतेदेखि कारागार चलान भएर कैद भुक्तान गर्दै आएको जिल्ला प्रहरी कार्यालयका डिएसपी दीपक श्रेष्ठले बताए। शवको पोष्टमार्टम भदौ १ गते कोशी अस्पतालमा गरिएको र सोही दिन पीडित पक्षले शव बुझी लगेर स्थानीय घाटमा दाहसंस्कार गरेको डिएसपी श्रेष्ठले बताए।

जिल्ला कारागार मोरङका चौकीदार किरण गुरुङले उनका समूह बाहेकका कैदी तथा बन्दीलाई यातना दिएको आरोपमा कारागारका कैदीबन्दीबिच कात्तिक २३ गते झडप भएको कारागार प्रशासनले जनायो। झडपमा परी ६ जना चौकीदार किरण गुरुङ, कैदी तथा बन्दी शेखर राई, निर्मल ढकाल, विशाल मोक्तान, डिल्ली देवान र सूर्यदीप गुप्ता सामान्य घाइते भएको र उनीहरूको उपचार कोशी अस्पतालमा गरिएको कारागार निमित्त जेलर रामप्रसाद पोखरेल बताए। चौकीदार किरण गुरुङको निर्देशनमा कारागारका नाइके र भाइ नाइकेहरूले कुटपिट गर्ने तथा यातना दिने एवम् अत्याचार गर्ने गरेको भन्दै अरू कैदीबन्दी आन्दोलित भएपछि झडपको अवस्था उत्पन्न भएको कारागार प्रशासनले जनायो। कैदीबन्दीको सुरक्षा र कारागारमा उत्पन्न तनाव अन्त्यका लागि १४ जनालाई नै अरू कारागारमा स्थानान्तरणको गरिएको निमित्त जेलर पोखरेलले बताए।

बलात्कार मुद्दामा कैद भुक्तान गरीरहेका रतुवामाई नगरपालिका-८ का ४३ वर्षीय नारायण थापाको ०७८ कात्तिक २४ गते राति मृत्यु भएको कारागार प्रशासनले जनायो। जिल्ला अदालतको आदेशमा बलात्कार शीर्षकमा ०७२ भदौ १ गते कैद सजाय भुक्तानका लागि कारागार आएका ४३ वर्षीय थापाको कात्तिक २४ गते राति थापाले अचानक पेट दुख्ने र सास फेर्न गाह्रो भएको बताएपछि उपचारका लागि कोशी अस्पताल लैजाने क्रममा बाटैमा मृत्यु भएको निमित्त जेलर पोखरेलले बताए। कारागार व्यवस्थापन विभागले ०७८ भदौ १७ गते मोरङ कारागारमा विराटनगर महानगरपालिका-११ का अपहरण मुद्दाका दोषी अभिषेक गिरीलाई डिल्लीबजार कारागारबाट मोरङ कारागारमा सरूवाका लागि पत्र पठाएपछि कारागारभित्र रहेका कैदीबन्दीले अभिषेक गिरीविरूद्ध प्रर्दशन गरे। कारागार प्रशासनले अभिषेक गिरीलाई डिल्लीबजार कारागार काठमाडौँबाट मोरङ ल्याउँदा विरोधमा उत्रिएका कैदीमध्ये थापा एक रहेको कैदीबन्दीले बताए। कात्तिक २३ गते कारागारभित्र कैदीबन्दीबिच झडप भयो। सो झडप गिरीकै योजनामा भएको कैदीबन्दीका आफन्त अमर पासवानले बताए। ०७८ साउन ३० गते धरान उपमहानगरपालिका-८ का ३० वर्षीय सुवास लिम्बुको मोरङ कारागारमा मृत्यु भयो। लागुऔषध कसुरमा कैद भुक्तान गरिरहेका लिम्बूको स्वास्थ्य समस्याका कारण मृत्यु भएको कारागार प्रशासनले जनायो। ०७८ असोज १९ गते मोरङ कारागार तनावग्रस्त बन्यो। विराटनगर महानगरपालिका-११ का अभिषेक गिरी अपहरण मुद्दामा डिल्लीबजार कारागारमा कैद भुक्तान गरिरहेको अवस्थामा गृह मन्त्रालयको निर्णय बमोजिम मोरङ कारागारमा सरूवा गरी ल्याउने सूचना सार्वजनिक भएसँगै कारागारभित्र रहेका कैदीबन्दी तथा उनका आफन्तजनले मोरङ कारागार असुरक्षित हुने महसुस गरी धर्ना र विरोध गरे। अभिषेक गिरीलाई मोरङ कारागारमा नल्याउन पहल गर्न माग गर्दै कैदीबन्दीका आफन्तजनले असोज १८ गते जिल्ला प्रशासन कार्यालय मोरङमा निवेदन समेत दिए। अभिषेक गिरी मोरङ कारागार आएँ, कारागारभित्र छुट्टै राज्य चलाउने, कारागारभित्र रहेका कैदीबन्दीले जसरी भए पनि साप्ताहिक र महिनावारी रकम गिरीलाई भुक्तानी गर्नुपर्ने र सो नगरेको खण्डमा यातना भोग्नु पर्ने भएकाले कारागारमा रहेका कैदीबन्दी अझ असुरक्षित हुने भन्दै गिरीलाई मोरङ कारागार ल्याउने सरकारी निर्णय गलत भएको कैदी/बन्दीका आफन्त विराटनगर महानगरपालिका-६ का ३० वर्षीय अमर पासवानले बताए। मोरङ कारागारमा रहँदा अभिषेक गिरीले कारागारभित्र कैदीबन्दीलाई यातना दिनुका साथै चन्दा असुलेको कैदीबन्दीले गुनासो गरे पछि मोरङ कारागारले ०७४ चैत २३ गते गिरीलाई डिल्लीबजार कारागार सरूवा गरेको थियो। गिरीलाई ०७७ मङ्सिर ७ गते डिल्लीबजार कारागारबाट मोरङ कारागार ल्याएपछि कारागारभित्रका कैदी तथा बन्दीले विरोध गरे। मङ्सिर ७ गते मोरङ कारागारमा राख्न नसकेपछि कारागार प्रशासनले गिरीलाई सप्तरी कारागार पठाएको जनायो। गिरीलाई ०७८ मङ्सिर ९ गते बिहान २ बजे सप्तरी कारागारबाट

मोरङ कारागार ल्याएको कारागारका निमित्त जेलर रामप्रसाद पोखरेलले बताए।

हिरासतमा मृत्यु

विराटनगर महानगरपालिका-११ का ३७ वर्षीय भीम कामतलाई प्रहरीले ०७८ भदौ १८ गते लागुऔषधको कारोबार गरेको आरोपमा घरबाटै गिरफ्तार गऱ्यो। गिरफ्तारीमा परेको अवस्थामा अस्वस्थ्य रहेका कामतको प्रहरी हिरासतमा भदौ २० गते मृत्यु भएको पीडित पक्षले जनायो। लागू औषध मुद्दामा अनुसन्धानका लागि हिरासतमा राखिएका कामतको स्वास्थ्यमा समस्या देखिएपछि भदौ २० गते उपचारका लागि कोशी अस्पतालमा लैजाने क्रममा बाटैमा मृत्यु भएको मोरङ प्रहरीले जनायो। हिरासतमा यातना दिएका कारण कामतको मृत्यु भएको भन्दै पीडित पक्षले भदौ २० र २१ गते कोशी अस्पतालको शव गृह र जिल्ला प्रशासन कार्यालयमा घेराउ गरी विरोध प्रर्दशन गऱ्यो। पीडित पक्षको विरोधपछि भदौ २१ गते मोरङका सहायक प्रमुख जिल्ला अधिकारी शरदकुमार पोखरेलको अध्यक्षतामा पाँच सदस्यीय छानबिन समिति गठन गरियो। प्रदेश १ प्रहरी कार्यालय विराटनगरका डिएसपी लक्ष्मी भण्डारी, विराटनगर महानगरपालिका-११ का वडाध्यक्ष तीर्थेन्द्र न्यौपाने, विराटनगर महानगरपालिका-१२ का वडाध्यक्ष हिरालाल कामत र मृतकका छिमेकी वीरेन्द्र कुमार कार्कीसहितको छानविन समिति गठन गरियो। छानबिन समितिले भदौ २५ गते पीडित परिवारलाई राहत उपलब्ध गराउन गृह मन्त्रालयमा सिफारिस गरिएको विराटनगर महानगरपालिका-११ का वडाध्यक्ष तीर्थेन्द्र न्यौपानेले बताए।

शवको पोष्टमार्टम रिपोर्टमा बाहिरी चोट देखिएको कोशी अस्पतालका चिकित्सकले बताए। कात्तिक १२ गते भिसेरा रिपोर्ट आएपछि सोही दिन मोरङका प्रमुख जिल्ला अधिकारी काशीराज दहाललाई अन्तिम छानबिन प्रतिवेदन बुझाएको वडाध्यक्ष न्यौपानेले बताए। छानबिन समितिको अन्तिम प्रतिवेदनमा बिरामी भएको अवस्थामा पनि कामतलाई हतकडी लगाएर राखिएको, समयमै उपचार नगराएको र कामतले समयमै उपचार नपाएर ज्यान गुमाउनु परेको उल्लेख गरिएको वडाध्यक्ष न्यौपानेले बताउनु भयो। कामतलाई अनुसन्धानका लागि हिरासतमा राखिएको बेला ड्युटीमा खटिएका असई ढकबहादुर कार्की, प्रहरी जवान मनोज शाह र एक जना राजवंशी थरका प्रहरी जवान दोषी देखिएको छानबिन समितिको प्रतिवेदनमा उल्लेख छ। छानबिन समितिको प्रतिवेदनपछि मोरङका प्रमुख जिल्ला अधिकारी काशीराज दहालले दोषी देखिएका प्रहरीहरूलाई विभागीय कारबाही गरेको बताए। मृतकको पिठ्यूमा नीलडाम देखिएपछि पीडित पक्षको दबाबमा शवको पोष्टमार्टम कोशी अस्पतालमा भदौ २२ गते भयो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

उच्च अदालत, विराटनगरको इजलास

१२ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत, विराटनगरमा यस वर्षका लागि दुनियावादी देवानीका ६ सय ५० थान, दुनियावादी फौजदारीका १ सय २८ थान, सरकारवादी फौजदारीका ३ सय ५३ थान र सुरू क्षेत्राधिकारबाट १ सय ४५ र रिट २ सय ७७ थान मुद्दा जिम्मेवारी सरेका थिए। ०७७ पुस १७ देखि ०७८ पुस १६ गतेसम्म दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ ९ सय ६५ थान उजुरी परे। अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत ५ सय १७ थान मुद्दा फैसला भएको अदालतका उप रजिष्ट्रार मणिराम पोखरेलले बताए।

जिल्ला अदालत

१० जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २ हजार २ सय २५ मध्ये ७ सय ६४ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३ हजार ३ सय ८१ मध्ये १ हजार १ सय ५९ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा ३ सय ७८ थान छन् भने देवानी मुद्दा ५ सय ४० थान बाँकी छ। अदालतले ६४ जना कर्मचारी करारमा नियुक्त गरेको छ भने ९ जना यो वर्षको अन्त्यसम्म नै रिक्त रहे।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ७ सय ६९ आधारभूत र ४ सय ५ मावि छन्। आधारभूत तहमा २ हजार ७ सय ७७ स्वीकृत दरबन्दी र राहत अनुदान कोटामा ६ सय ७८ गरी ३ हजार ४ सय ५६ शिक्षक दरबन्दी, माध्यमिक तहमा ४ सय ९ स्वीकृत दरबन्दी र राहत कोटामा १ सय ३४ दरबन्दी गरी ५ सय ४३ शिक्षक दरबन्दी रहेको छ। यस वर्ष १० हजार १ सय २८ जना बालक र १४ हजार २ सय ४२ जना

बालिका भर्ना भए। जसमा अपाङ्गता भएका ४ सय ११ जना बालिका र ३ सय ५६ बालक भर्ना भएका थिए। द्वन्द्वपीडित परिवारका १२ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। यस वर्ष जिल्लाभर २ हजार १ सय ८ दलित बालक र २ हजार ८ सय १७ जना दलित बालिका विद्यालय भर्ना भए। दलित विद्यार्थी मध्ये २ हजार २ सय २१ जना छात्रा र २ हजार ७ सय २४ जना छात्र रहेका छन्। वैदेशिक रोजगार मा गएका परिवारका ८९ जना बालबालिकाले ८ लाख २४ हजार रुपियाँ छात्रवृत्ति पाए। द्वन्द्वपीडित परिवारका १२ जना बालबालिकाले २० हजार २ सय रुपियाँ छात्रवृत्ति पाए। कोभिड-१९ कारण ०७८ वैशाख र जेठ महिना विद्यालय बन्द हुँदा बालबालिका शिक्षाको अधिकारबाट वञ्चित भएको शिक्षा समन्वय प्रमुख टङ्क गौतमले बताए।

यस वर्ष यौन दुर्व्यवाहरका घटनामा तीन जना, बलात्कारका घटनामा ११ जना, बालश्रममा एक जना नवजात शिशुको हत्यामा एक जना गरी जम्मा १६ जना पीडित भएको इन्सेक अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहार तीन घटनाका तीनै जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बलात्कारका आठ घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई जना यो वर्षको अन्त्यसम्म फरार रहे।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै १२ जनाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र (महिला सेल) मा उजुरी दर्ता गराएका सेल इञ्चार्ज एल्जिना राईले बताइन्। जसमा कुटपिटका आठ ओटा, खान लगाउन नदिएका दुई ओटा, र घर निकाला दुई ओटा छन्। कुटपिटका आठ मध्ये पाँच ओटामा मेलमिलाप र तीन ओटा कारबाहीका लागि अन्य निकायमा पठाएको राईले बताइन्। खान लगाउन नदिएको र घर निकाला घटनामा मिलापत्र गरिएको छ।

यस वर्ष यौन दुर्व्यवहाराका घटनामा सात जना, बलात्कारका घटनामा सात जना, बोक्सीको आरोपमा एक जना, बलात्कार प्रयासको घटनामा एकजना, महिला बेचबिखन र बेचबिखन प्रयासमा एक/एक जना गरी जम्मा १९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कारका सात घटनाका आरोपित जिल्ला अदालतको आदेशमा पुर्पक्षमा गए। यसैगरी बलात्कार प्रयासका एक र यौन दुर्व्यवहारका सात घटनाका आरोपित पनि जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा गए।

परिवारजनबाट हत्या

रङ्गेली नगरपालिका-३ तिलुवा चोककी २४ वर्षीया अनीता यादवको हत्या गरेको आरोपमा प्रहरीले १९ वर्षीय देवर विनोद यादव, ४५ वर्षीय पति बेचन यादव, ५० वर्षीया सासू बिजुली यादव, ६५ वर्षीय ससुरा रामु यादवलाई प्रहरीले जेठ ५ गते गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम कोशी अस्पतालमा जेठ ५ गते भयो। पीडित पक्षले जेठ ५ गते संसारीमाई घाटमा अन्तिम संस्कार गऱ्यो। आरोपित चारै जनाविरूद्ध प्रहरीले जिल्ला अदालतमा जेठ ३० गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश किशोर घिमिरे को असोज १७ गतेको इजलासले आशिंक दावी पुग्ने देखिएको भन्दै मुद्दालाई कानुनी कारबाहीका लागि अघि बढायो। यो वर्षको अन्त्यसम्म मुद्दाको अन्तिम फैसला हुन सकेन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक प्रादेशिक अस्पताल, एक सरकारी अस्पताल, १० सामुदायिक अस्पताल, ५८ स्वास्थ्य चौकी, १९ शहरी स्वास्थ्य केन्द्र, एक नगर अस्पताल र पाँच प्राथमिक स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा दुई जना विशेषज्ञको दरबन्दीमा दुवै कार्यरत छन्। पाँच जना स्टाफ नर्सको दरबन्दीमा सबै कार्यरत छन्। ६ जनाका अनमी दरबन्दीमा चार कार्यरत छन्। जिल्लामा ३ लाख ४६ हजार जनाले बीमा गराएर सेवा लिइरहेका छन्। जसमा महिला १ लाख ६५ हजार र १ लाख ८१ हजार पुरुष छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा ११ हजार जनाको बीमा गरिएको छ। जिल्लामा यस वर्ष १७ हजार ८ सय ९८ जना महिला र २३ हजार २ सय २७ जना पुरुष गरी ४१ हजार १ सय २५ जना कोभिड-१९ सङ्क्रमित भए। कोभिड सङ्क्रमणका कारण १ सय ७१ जना महिला र ४ सय ६ जना पुरुष गरी ५ सय ७७ जनाको मत्यु भयो। यस वर्षको अन्त्यसम्म १ लाख ८९ हजार ७ सय २२ जनाले पहिलो मात्रा र १ लाख ११ हजार ५ सय १३ जनाले दोस्रो खोपको मात्रा लगाएको

प्रदेश सामाजिक विकास मन्त्रालय जनस्वास्थ्य अधिकृत ओमकुमारी राजवंशीले बताइन्।

जिल्लामा पाँच ओटा गाउँपालिका र पाँच ओटा नगरपालिकामा आधारभूत स्वास्थ्य अस्पतालको शिलान्यास गरिएको भए पनि निर्माणको अवस्था भने अलपत्र छ। बुढीगङ्गा गाउँपालिकाका स्वास्थ्य शाखा संयोजक बासुदेव रेग्मीले बुढीगङ्गा गाउँपालिका-३ मा १० बेडको आभारभूत अस्पतालको निर्माणका लागि हालसम्म डीपीआर मात्र भएको बताए। मिक्लाजुङ्ग गाउँपालिकामा-४ मा १५ बेडको आधारभूत अस्पताल निर्माणका लागि शिलान्यास गरी हाल ग्यापिङ्ग भर्ने काम मात्र सम्पन्न भएको भएको गाउँपालिकाका सूचना अधिकारी कुलप्रसाद निरौलाले बताए।

केरावारी गाउँपालिका-२ मा १० बेडको आधारभूत स्वास्थ्य अस्पताल निर्माणका लागि वेशलाइनको काम भएपनि सङ्घीय सरकारले पठाउनु पर्ने १ करोड रुपियाँ निकासा नगर्दा निर्माण कार्य अलपत्र अवस्थामा रहेको स्वास्थ्य शाखा प्रमुख टोमप्रसाद चौँलागाईले बताए।

कानेपोखरी गाउँपालिकाले आधारभूत स्वास्थ्य अस्पातल निर्माणका लागि ०७८ साउनमा मात्र टेण्डर प्रक्रिया अघि बढाएको स्वास्थ्य शाखा प्रमुख उदयकान्त श्रेष्ठले बताए। ०७७ मङ्सिरमा शिलान्यास भएर निर्माण सम्पन्न हुनु पर्नेमा यो वर्षको अन्त्यमा मात्रै टेण्डर भएकाले निर्माण अलपत्र अवस्थामा रहेको स्वास्थ्य शाखा प्रमुख श्रेष्ठले बताए। ग्रामथान गाउँपालिकाका सूचना अधिकारी नारायण चौधरीले गाउँपालिका-२ मा आधारभूत स्वास्थ्य अस्पताल निर्माणका लागि गत मङ्सिरमा शिलान्यास गरिएको भएपनि हालसम्म टेण्डरको प्रक्रियासमेत अघि बढ्न नसकेको बताए। गाउँपालिकाले अस्पताल निर्माणका लागि मन्त्रालयले पत्र लेखेको भएपनि स्वास्थ्य मन्त्रालयबाट जबाफ नआएकाले निर्माणको काम अलपत्र अवस्थामा रहेको बताए।

पथरीशनिश्चरे नगरपालिकाका सूचना संयोजक भूपेन्द्र तिम्सिनाले १५ बेडको आधारभूत स्वास्थ्य अस्पताल निर्माणका लागि १८ करोड रुपियाँ लागतमा निर्माण हुने गरी अस्पतालको शिलान्यास गरिएको भएपनि हालसम्म निर्माण कार्य अघि बढ्न नसकेको बताए। लेटाङ्ग नगरपालिका-४ र ५ वडाको बिचमा आधारभूत स्वास्थ्य अस्पताल निर्माणका लागि डीपीआर भएको नगरपालिकाका जनस्वास्थ्य अधिकृत दिनेशकुमार चौधरीले बताए।

बेलबारी नगरपालिका-४ मा आधारभूत स्वास्थ्य अस्पताल निर्माणका लागि शिलान्यास गरिएको भएपनि अस्पताल निर्माण हुने जग्गामा विद्युत ट्रान्समिटर सार्न ढिलाइ भएकाले यो वर्षको अन्त्यसम्म अस्पताल निर्माणको काम ढिला भएको नगरपालिका कार्यालयले जनायो। रतुवामाई नगरपालिकामा आधारभूत स्वास्थ्य अस्पताल निर्माणका लागि शिलान्यास भएपनि जग्गाको सुनिश्चिता नभएपछी बजेट फिर्ता गएको प्रशासकीय अधिकृत दिननाथ लम्सालले बताए। सुन्दरहरैँचा नगरपालिकामा जग्गा प्राप्तिमा समस्या भएपछि योजना फिर्ता भएको जनस्वास्थ्य शाखा अधिकृत मचिन्द्र बस्नेतले बताए।

विराटनगर महानगरपालिका-७ मधुमारा निवासी कोशी अस्पतालमा कार्यरत सिनियर अहेव ४० वर्षीय अशोकुमार राजवंशी २०७८ जेठ १८ गते राति ९ बजे कार्यालयबाट घर फर्कदै गरेको अवस्थामा प्रहरी जवान ३९ वर्षीय उमेश विश्वकर्माले विराटनगर महानगरपालिका-७ स्थित देवकोटा चोकमा अन्धाधुन्ध लाठी प्रहार गरी घाइते बनाए। प्रहरीको कुटपिटबाट दुवै गोडा र पेटमा चोट लागेको पीडितले बताए। स्वास्थ्यकर्मी कुटिएको विरोधमा जेठ १९ गते विराटनगरका स्वास्थ्यकर्मी तथा चिकित्सकले विरोध प्रर्दशन गरे। कोशी अस्पतालका मेडिकल सुपरिटेन्डेण्ट डाक्टर चुमनलाल दास, जिल्ला प्रहरी कार्यालयका एसपी सन्तोष खड्का र पीडित पक्षबीच जेठ १९ गते भएको छलफलमा आरोपितविरूद्ध पीडित पक्षले उजुरी नगर्ने तर प्रहरीले विभागीय कारबाही गर्ने सहमतिपछि पीडित पक्षले आरोपितविरूद्ध उजुरी दिएनन्। जिल्ला प्रहरी कार्यालय मातहत कार्यरत प्रहरी जवान उमेश विश्वकर्मालाई जिल्ला प्रहरी कार्यालय मोरङले जेठ २१ गते नसिहत सजाय दिएको एसपी सन्तोष खड्काले बताए। घटनाका आरोपित विश्वकर्माले जेठ २१ गते इन्सेक प्रतिनिधिसँग आफूले गल्ती नगरेको ड्युटीमा बसेको अवस्थामा मोटरसाइकल सवारमा अशोककुमार राजवंशीसँग परिचय दिन आग्रह गर्दा उल्टै अपशब्द बोलेको गुनासो गरे।

विराटनगर महानगरपालिका-३ का ६० वर्षीय गुणराज श्रेष्ठको समयमा कोशी कोभिड अस्पतालले भर्ना नलिँदा ०७८ वैशाख १९ गते उपचार अभावमा मृत्यु भएको आरोप छोरा सञ्जीव श्रेष्ठले लगाए कोशी कोभिड उपचार केन्द्रका स्वास्थ्यकर्मीले गुणराज श्रेष्ठलाई अस्पतालमा भर्ना गर्नुअघि पीसीआर गरेको

रिपोर्ट माग गर्दै बिरामीलाई दुई घण्टा बढी एम्बुलेन्समा नै राख्न लगाएका कारण बाबुको मृत्यु भएको पीडितले बताए। कोशी कोभिड अस्पतालका संयोजक बैजनाथ यादवको बिरामीलाई भर्ना लिएर उपचार गरीरहेको अवस्थामा मृत्यु भएको बताए। नेपाली सेनाको शव व्यवस्थापन टोलीले शव सिङ्घिया घाटमा वैशाख २० गते पुऱ्याइ दिएपछि सोही दिन सद्गत गरेको पीडित परिवारले जनायो। पीडित परिवारले कहींकतै कानुनी उपचारका लागि पहल नगरेको जनायो।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
नवजात शिशुको हत्या		१	१
बेचबिखन तथा ओसारपसार		१	१
बलात्कार	२	९	११
यौन दुर्व्यवहार		३	३
जम्मा	२	१४	१६

महिला अधिकार

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास		१	१
'बोक्सी'को आरोप		१	१
बलात्कार		७	७
बलात्कार प्रयास		१	१
यौन दुर्व्यवहार	१	६	७
बेचबिखन तथा ओसारपसार		१	१
जम्मा	१	१७	१८

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	११	१२

१.१३ सुनसरी

जम्मा जनसङ्ख्या	५,३४,४६१
महिला	४,८०,३८६
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	४
प्रदेशसभा निर्वाचन क्षेत्र	८
गरिबीको रेखामुनि रहेको सङ्ख्या	८५,८८८
कामका लागि बाहिरिएका	५०,२८१
अपाङ्गता भएका	१०,४०५
५ वर्षमाथिको साक्षरता प्रतिशत	६४.४६
आश्रित जनसङ्ख्या	३,२४,०३६



यस वर्ष जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १ सय ४२ जना महिला र तीन जना पुरुषसहित १ सय ४५ जना जना तथा राज्य पक्षबाट आठ जना पुरुष पीडित भएको इन्सेकमा अभिलेख भयो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ६८ जना र महिला अधिकार उललङ्घन घटनामा ७० जना पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता १ हजार ६ सय जनाको रहेकोमा १ हजार ८ सय ९ जना पुरुष कैदीबन्दी छन्। कैदीबन्दीका आफन्तजनलाई भेटघाट गर्ने राम्रो व्यवस्था गरिएको र कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्री र पुस्तकालयको व्यवस्था गरिएको नायब सुब्बा मणिराज पोखरेलले बताए। कारागारमा ७० वर्ष नाघेका ६७ जना छन्। यो वर्ष चार जना कैदीबन्दीको मृत्यु भएको थियो। कैदी/बन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि दुई जना दरबन्दी रहेकोमा हाल एकै जना पनि नभएकाले रामधुनी नगरपालिकाका एक जना सिनियर अहेवले सेवा प्रदान गरिरहेका छन्। कारागारमा जटिल मानसिक रोगी ५५ र सामान्य मानसिक रोगी ९७ जना गरी कूल १ सय ५३ जनाले मानसिक रोगको औषधि उपचार गराइरहेका छन्। ६० वर्ष नाघेका १ सय १५ जना ज्येष्ठ नागरिक छन्। यो वर्ष ५५ जनाको स्वाब सङ्कलन गरिएकामा १२ जना कोभिड-१९ बाट सङ्क्रमित भए।

हिरासतमा मृत्यु

भोक्राहा नरसिंह गाउँपालिका-५ का २१ वर्षीय मोहम्मद हकिम शाँले जिल्ला प्रहरी कार्यालयको थुनुवा कक्षमा ०७८ असोज २४ गते बिहान आत्महत्या गरेको विषयलाई लिएर पीडित पक्षले सोही दिन सदरमुकाम इनरूवामा पूर्वपश्चिम राजमार्ग अवरोध गरी आन्दोलन गऱ्यो। सडक अवरोध हटाउने क्रममा प्रर्दशनकारी र प्रहरीबीच झडप भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी नरेन्द्रकुमार कार्कीले बताए। भोक्राहा नरसिंह गाउँपालिका-५ का २१ वर्षीय मोहम्मद हकिम शाँ र इनरूवा नगरपालिका-९ की

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण				३		३
कुटपिट		२	२		१	१
हिरासतमा मृत्यु		१	१			
जेलमा मृत्यु		४	४			
घाइते				१		१
हत्या				२		२
यातना		१	१			
बाल अधिकार	विद्यालयमा शारीरिक सजाय				१	१
	बलात्कार			३७		३७
	यौन दुर्व्यवहार			२५	१	२६
	बालविवाह			४		४
	जम्मा			६६	२	६८
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास			१		१
	बलात्कार			४१		४१
	बलात्कार प्रयास			३		३
	घरेलु हिंसा			३		३
	बहुविवाह			२२		२२
	जम्मा			७०		७०
कूल जम्मा		८	८	१४२	३	१४५

१७ वर्षीया बालिकाबीच प्रेम सम्बन्ध रहेको विषयमा बालिकाका बाबुले हकिम शाँविरूद्ध ०७८ साउन ४ गते जिल्ला प्रहरी कार्यालयमा छोरीको अपहरण गरेको भन्दै उजुरी दिएपछि प्रहरीले शाँलाई अनुसन्धानको क्रममा धनकुटाको धनकुटा नगरपालिका-१ स्थित हिलेबाट गिरफ्तार गऱ्यो भने बालिकालाई अभिभावकको जिम्मा लगायो । प्रहरीले हकिमविरूद्ध जिल्ला प्रशासन कार्यालयमा ०७८ असोज १३ गते अभद्र व्यवहार शीर्षकमा मुद्दा दर्ता गरी अनुसन्धानका लागि पहिलो पटक असोज १३ गतेदेखि १७ गतेसम्म र दोसो पटक असोज १८ गतेदेखि असोज २४ गतेसम्मका लागि म्याद थप गऱ्यो। असोज २२ गते जिल्ला प्रशासनमा आरोपितलाई उपस्थित गराएने तयारी गरेको प्रहरीले असोज २२ गते शुक्रवार भएका कारण असोज २४ गते आइतवार शाँलाई उपस्थित गराइने तयारी गरेको थियो। प्रहरीले आरोपितलाई असोज २४ गते जिल्ला प्रशासन कार्यालयमा उपस्थित गराएर धरौटीमा रिहा गर्ने तयारी गरेको अवस्थामा आरोपितले असोज २४ गते बिहान ३ बजे थुनुवा कक्षमै गम्छाको पासो लगाएर आत्महत्या गरेको प्रहरीले जनायो। असोज २४ गते हिरासत कक्षमा भएको मृत्युको विषयलाई लिएर प्रहरी र पीडित पक्षबिच झडप भएको विषयसहित हिरासत कक्षको अवस्थाका बारेमा असोज २४ गते इन्सेक सुनसरी र राष्ट्रिय मानव अधिकार आयोग प्रदेश १ कार्यालयले हिरासत कक्षको अनुगमन गऱ्यो। इन्सेक सुनसरी प्रतिनिधिले थुनुवाहरूलाई भेटेर उनीहरूको अवस्थाका बारेमा जानकारी लिए। असोज २४ गते हिरासत कक्षभित्र आत्महत्या भएको घटनाका बारेमा जिल्ला प्रहरी कार्यालयका एसपी सञ्जयसिंह थापा र इलाका प्रहरी कार्यालय इटहरीका डिएसपी अर्जुन केसीलाई भेटेर थुनुवा कक्षमा देखिएका समस्याहरूको बारेमा छलफल र सुधारका लागि सुझाव समेत दिएको इन्सेक सुनसरी प्रतिनिधिले बताए। अनुगमन टोलीसमक्ष सीसीटीभी क्यामेरामा स्पष्ट रूपमा शाँले आत्महत्या गरेको देखिएकाले प्रहरीमाथि आक्षेप लगाउनु उचित नहुने एसपी सञ्जयसिंह थापाले बताए। असोज २५ गते प्रहरी, जनप्रतिनिधि र पीडित पक्षबिच भएको छलफलपछि सोही दिन वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा शवको पोष्टमार्टम भयो। पीडित पक्षले असोज २५ गते शव बुझी इनरूवा नगरपालिका-९ स्थित कब्रस्थानमा सद्गत गऱ्यो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

११ जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा आठ जना कार्यरत छन्। यो वर्ष फौजदारी मुद्दातर्फ २ हजार ४ सय ९४ थानमध्ये ७ सय ४८ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४ हजार २ सय १२ थानमध्ये १ हजार ६ सय ५० थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा ५ सय २३ थान छन् भने देवानी मुद्दा ५ सय ८८ थान बाँकी छन्। सन् २०२० को जिम्मेवारी सरेर आएका र नयाँ समेतसमेत गरेर देवानी तर्फका २ हजार ४ सय ६२ थान मुद्दा फैसला हुन बाँकी छन् भने फौजदारी तर्फका १ हजार ७ सय ४७ थान मुद्दा फैसला हुन बाँकी छन्। देवानी र फौजदारीमध्ये २ हजार ३ सय ९८ थान मुद्दा फैसला भए भने ४ हजार २ सय ९ थान मुद्दा बाँकी रहेको श्रेस्तेदार मोहनबहादुर अधिकारीले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय २३ आधारभूत र १ सय ४९ माध्यमिक विद्यालय छन्। २ हजार ७ सय २८ शिक्षक दरबन्दी रहेकामा ४० ओटा दरबन्दीका शिक्षक अभाव रहेको छ। यस वर्ष २५ हजार ३ सय २७ बालक र २१ हजार ८ सय ५२ जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका १ सय १५ बालिका र २ सय १८ बालक भर्ना भएका थिए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय चार माबि र दुई अधारभूत गरी ६ ओटा छन्। शहीद परिवारका १८ जना, द्वन्द्व पीडित परिवारका २६ जना, वैदेशिक रोजगारीमा गएर मृत्यु भएका पीडित परिवारका ७३ जनाले यो वर्ष छात्रवृत्ति पाए।

जिल्लामा धार्मिक विद्यालयमा ४ हजार ७ सय ७२ छात्रा र ७ हजार ३ सय १० छात्र गरी १२ हजार ८२ जना विद्यार्थी अध्ययनरत छन्। संस्थागत विद्यालयमा ६६ हजार ५ सय ६ छात्रा र ५८ हजार ३ सय ३२ छात्र गरी १ लाख २५ हजार २ सय ३८ जना विधार्थी अध्ययनरत छन्।

यस वर्ष जिल्लाभर ७ हजार ४ सय १७ दलित बालक र ६ हजार ९ सय १४ दलित बालिका विद्यालय भर्ना भए। कोभिडका कारण २०७८ वैशाख १७ गतेदेखि ०७८ कात्तिक ३ गतेसम्म पूर्णरूपमा पठनपाठन बन्द भयो।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा एक जना बालक र २५ जना बालिका गरी २६ जना, बलात्कारका घटनामा ३७ जना, बालविवाहमा चार र विद्यालयमा शारीरिक यातनाका एक ओटा गरी जम्मा ६८ जना पीडित भएको इन्सेक अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले धरौटीमा रिहा गनऱ्यो गने २० जनालाई पुर्पक्षका लागि थुनामा पठायो भने चार जना आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५ सय ९९ जनाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा ठाडो उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ७०, खानलाउन नदिएको ६७, विवाह दर्ता र नागरिकता नबनाएको ४५, बहुविवाह गरेर अर्की पत्नी ल्याएर हेला गरेको ३०, दाइजो नल्याएको भनी हेला गरेको ३३ र सामान्य घरायसी झगडाका ३ सय ५४ ओटा उजुरी छन्। यीमध्ये प्रहरीले ५ सय ७५ ओटा उजुरीमा छलफल र मेलमिलाप गरायो भने २४ ओटा उजुरी कारबाही प्रक्रियामा रहेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका प्रमुख बिनु बस्नेतले बताइन्।

यस वर्ष घरेलु हिंसाका घटनामा तीन जना, बलात्कारका घटनामा ४१ जना, बेचबिखनको प्रयासमा एक जना, बहुविवाहका घटनामा २२ जना र बलात्कार प्रयासको घटनामा तीन जना गरी जम्मा ७० जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बहुविवाहका तीन घटनाका आरोपित धरौटीमा रिहा, बलात्कारका घटनामा पाँच जना फरार रहे भने तीन जना धरौटीमा रिहा र ३२ जनालाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा ६ ओटा सरकारी अस्पताल, चार ओटा सामुदायिक अस्पताल, ४९ ओटा स्वास्थ्य चौकी, पाँच ओटा प्राथमिक स्वास्थ्य केन्द्र, ६२ ओटा नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा ११ जना विशेषज्ञको दरबन्दीमा नौ जनाको दरबन्दी रिक्त छ। जिल्लामा ३ लाख ७८ हजार ५ सय ३१ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा पनि ३० हजार ५ सय २१ जनाको बीमा गरिएको छ।

स्वास्थ्य बीमा गराएकाहरूले अस्पतालबाट सहज सेवा पाएको तर प्रभावकारी उपचारका लागि बढी दौडधुप गर्नुपर्ने र सहयोगी लिएर जानुपर्ने बाध्यात्मक अवस्था रहेको पाइयो। प्रत्येक पटक रेफरसम्बन्धी कागजात लानुपर्ने भएकाले सास्ती छ। जिल्लामा पूर्ण अपाङ्गता भएका १ हजार ३ सय ३०, दीर्घरोगी, एचआइभी एड्ससहित ५ सय ५६, कुष्ठ रोगी २८ जनाको नि:शुल्क बीमा गरिएको स्वास्थ्य बीमा बोर्ड सुनसरी शाखाका दर्ता अधिकारी सुभाष लम्सालले बताए।

सुनसरी जिल्लामा कोभिड-१९ बाट सङ्क्रमित हुनेहरूको सङ्ख्या १८ हजार २ सय २३ जना रहेको, निको हुनेहरूको सङ्ख्या १८ हजार २ सय २० जना, मृत्यु हुनेको सङ्ख्या ५४ जना रहेको छ। जिल्लामा उपचार हुन नसक्ने अवस्थामा जिल्ला बाहिर पठाइएकाहरूको सङ्ख्या ५ हजार ५ सय ३० रहेको छ। जिल्लामा धरानस्थित एक, इटहरीमा एक, बराहक्षेत्रमा एक, कोशीमा एक, इनरुवामा एक र रामधुनीमा एक कोभिड अस्पताल छन्। जिल्लाका कोभिड अस्पतालहरूमा विषेशज्ञ सेवा, आइसीयू सेवा उपलब्ध छ। स्थानीय स्तरमा इटहरी, बराहक्षेत्र, रामधुनी, इनरुवामा कोभिड अस्पताल बनेको छ। यस वर्षको अन्त्यसम्म ६८ हजार ८ सय ५३ जनाले कोभिड-१९ विरूद्धको पहिलो र ५२ हजार ४ सय ९८ जनाले दोस्रो मात्राको खोप लगाएको स्वास्थ्य कार्यालयले जनायो। जिल्लामा कोभिड सङ्क्रमणका कारण वर्षको अन्त्यसम्म २ सय ५ जना महिला र ३ सय ४० जना पुरुष गरी ५ सय ४५ जनाको मृत्यु भएको स्वास्थ्य कार्यालयका कोभिड फोकल पर्सन दीक्षा श्रेष्ठले बताइन्।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह			४	४
विद्यालयमा शारीरिक सजाय	१			१
बलात्कार		४	३३	३७
यौन दुर्व्यवहार		५	२१	२६
जम्मा	१	९	५८	६८

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास			१	१
बहुविवाह		४	१८	२२
बलात्कार		७	३४	४१
बलात्कार प्रयास			३	३
घरेलु हिंसा	१		२	३
जम्मा	४	११	५८	७०

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२

१.१४ उदयपुर

जम्मा जनसङ्ख्या	३,४२,७७३
महिला	१,७७,७३९
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	८१,६१८
कामका लागि बाहिरिएका	२२,०६०
अपाङ्गता भएका	७,७८१
५ वर्षमाथिको साक्षरता प्रतिशत	६५
आश्रित जनसङ्ख्या	१,४६,६८४

यस वर्ष जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ६४ जना महिला र एक जना पुरुषसहित ६५ जना तथा राज्य पक्षबाट दुई जना महिला र एक जना पुरुष गरी तीन जना पीडित भएको इन्सेकमा अभिलेख भयो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २४ जना र महिला अधिकार उल्लङ्घन घटनामा ३७ जना पीडित भए।

कारागार र बन्दी

५५ जनाको क्षमता रहेको जिल्ला कारागारमा १ सय २१ कैदीबन्दी र ७१ जना थुनुवा गरी १ सय ९२ जना छन्। कारागारमा एक जना आश्रित बालक र ६० वर्ष नाघेका ज्येष्ठ नागरिक(पुरुष) एक जना छन्। एक जना चिकित्सको दरबन्दी रहेको कारागारमा यो वर्षको अन्त्यसम्म चिकित्सक हाजिर नभएको कारागारका प्रमुख कुमार खड्काले बताए। कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि जिल्ला अस्पताल लाने गरिएको प्रमुख खड्काले बताए। महिला कैदीबन्दीका लागि छुट्टै भवन नभएकाले पुरानो भवनलाई कारागारको रूपमा प्रयोग गर्दै आएको प्रमुख खड्काले बताए। क्षमताभन्दा बढी कैदीबन्दी भएकाले खान, बस्न, सरसफाइलगायतका आधारभूत अधिकारबाट कैदीबन्दी तथा थुनुवा वञ्चित भएका छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

तीन जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ४ सय ६१ थानमध्ये १ सय ६८ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ७ सय ४९ थानमध्ये २ सय ४८ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा ३ सय ७८ थान छन् भने देवानी मुद्दा ३ सय १५ थान बाँकी छन्। अदालतले पाँच जना कर्मचारी करार मा नियुक्त गरेको छ।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा आधारभूत तहका ३ सय ३३ र माध्यमिक तहका १ सय १५ विद्यालय गरी कुल ४ सय ४८ विद्यालय छन्। २ हजार ३ सय ११ शिक्षक दरबन्दी रहेकोमा ९७ ओटा दरबन्दी मिलान हुन बाँकी छ। यस वर्ष ५ हजार ८ सय ५२ जना बालक र ५ हजार ९ सय ९३ जना बालिका विद्यालय भर्ना भए। भर्ना भएकामध्ये १ हजार १ सय ३२ जना दलित छात्रा र ८ सय ७८ जना दलित छात्र रहेको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख केदार गिरीले बताए। यस वर्ष २ हजार १० जना दलित छात्रछात्राले छात्रवृत्ति पाएको प्रमुख गिरीले बताए। जिल्लामा नौ ओटा श्रोत कक्षाहरू फरक क्षमता भएका बालबालिकाका लागि

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट		२	१	३			
हत्या					३	१	४
बाल अधिकार	बालविवाह				३		३
	बलात्कार				१७		१७
	यौन दुर्व्यवहार				४		४
	जम्मा				२४		२४
महिला अधिकार	बलात्कार				१६		१६
	यौन दुर्व्यवहार				१		१
	बहुविवाह				३		३
	घरेलु हिंसा				१७		१७
	जम्मा				३७		३७
कूल जम्मा		२	१	३	६४	१	६५

लक्षित गरेर सञ्चालन गरिएको छ। यस वर्ष वैदेशिक रोजगारमा गएका परिवारका ६२ जना र द्वन्द्वपीडित परिवारका १२ जना बालबालिकाले छात्रवृत्ति पाए।

यस वर्ष यौन दुर्व्यवाहरका घटनामा चार जना, बलात्कारका घटनामा १७ जना र बालविवाहमा तीन जना गरी २४ जना बालिका पीडित भएको इन्सेक अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहार घटनाका एकजना आपरोपितलाई तीन महिना कैद, पाँच हजार र १० हजार क्षतिपूर्ति भराउने, एक जना आरोतिलाई पुर्पक्षका लागि अभिभावको जिम्मा लगाउने र दुई जनालाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश भयो। बालविवाहमा दुई जना आरोपितलाई धरौटी र एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कार, यौन दुर्व्यवहार

१५ वर्षीया बालिकालाई ०७७ फागुन १० गते बलात्कार गरेको आरोपमा कटारी नगरपालिका-८ सिरिसेका २२ वर्षीय भरत भनिने टिकाराम थापामगर विरुद्ध पीडित पक्षले फागुन ११ गते इलाका प्रहरी कार्यालय, कटारीमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन ११ गते घरबाट गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण फागुन ११ गते कटारी अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् आरोपितविरुद्ध चैत ४ गते जबरजस्ती करणी शीर्षकमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश दीपक खनालको ०७८ असोज ११ गतेको इजलासले १३ वर्ष कैद र १ लाख रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ८५ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिएको इञ्चार्ज उमा गुरुङले बताइन्। जसमा कुटपिटका ७१ ओटा, गालीगलौचका सात ओटा, विवाह दर्ता नगरेको एक ओटा र सन्तानको जन्मदर्ता नगरेको ६ ओटा छन्। विवाह दर्ताको एक उजुरी र जन्मदर्ता नगरिएको ६ गरी सात उजुरी कारबाहीका लागि अन्य निकायमा पठाएको इञ्जार्च गुरुङले बताइन्। कुटपिटका ७१ र गालीगलौजका सात गरी ७८ उजुरीमा मेलमिलाप गराएको उनले बताइन्।

यस वर्ष घरेलु हिंसाका घटनामा १७ जना, बलात्कारका घटनामा १६ जना, बहुविवाह तीन र यौन दुर्व्यवहारका घटनामा एक जना, गरी ३७ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यौन दुर्व्यवहारका घटनाका आरोपित १ लाख रुपियाँ धरौटीमा रिहा भए। बहुविवाहका एक घटनाका आरोपितहरुलाई कैद सजायसँगै जरिबाना फैसला भयो, एक घटनाका आरोपित धरौटीमा रिहा भए भने एक घटनाका आरोपित पुर्पक्षका लागि थुनामा गए। बलात्कारका दुई घटनामा कैद सजयाको फैसला, चार जनलाई धरैटी र १० जनालाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

हत्या

पहिचान नखुलेकी अन्दाजी २६ वर्षीया असहाय महिलालाई ०७७ चैत ११ गते बलात्कार गरी हत्या गरेको आरोपमा रौतामाई गाउँपालिका-७ का २४ वर्षीय राजु अछामेलाई ०७८ वैशाख ५ गते रौतामाइ गाउँपालिका-७ मुर्कुचीबाट प्रहरीले गिरफ्तार गऱ्यो। पीडित महिलालाई आरोपितले बलात्कारपछि

टाउकोमा ढुङ्गाले हिर्काएर हत्या गरेको अनुसन्धानका क्रममा खुलेको जिल्ला प्रहरी कार्यालयका डिएसपी बेदप्रसाद गौतमले बताए। शव वैशाख ३ गते फेला परेको र वैशाख ४ गते वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानमा पोष्टमार्टम भयो। पीडित असहाय भएको र उनका आफन्तलाई शव दाबीका लागि १५ दिने सूचना प्रकाशन गरिएको तर कोही कसैले दाबी नगरेपछि धरान उपमहानगरपालिकाले बेवारिसे शव व्यवस्थापन कार्यविधि अनुसार सफाइ कर्मचारी लगाएर वैशाख १९ गते शवको सद्गत गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् आरोपितविरुद्ध जिल्ला अदालतमा २०७८ वैशाख २९ गते बलात्कारपछि कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दीपक खनालको वैशाख २९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाएकोमा न्यायाधीश खनालकै मङ्सिर १२ गतेको इजलासले आरोपितलाई आजीवन कैद र ५० हजार रुपियाँ जरिबानाको फैसला सुनायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२२ वर्षीया महिलालाई ०७७ चैत ४ गते बलात्कार गरेको आरोपमा त्रियुगा नगरपालिका- ३ खैजनपुरका २५ वर्षीय चन्दीनारायाण चौधरीविरुद्ध पीडित पक्षले चैत ५ गते इलाका प्रहरी कार्यालय बेल्टारमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत ५ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत ५ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् आरोपित विरुद्ध चैत २६ गते जिल्ला अदालतमा जबरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको ०७८ वैशाख २९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश माधवप्रसाद सुवेदीको ०७८ मङ्सिर २२ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै बुधबार जिल्ला अदालत उदयपुरले सात वर्ष कैद, २ लाख रुपियाँ जरिबानासहित कसुरदारबाट पीडितले पाउने गरी २५ हजार रुपियाँ क्षतिपूर्ति भराउन आदेश दिएको अदालतका श्रेस्तेदार धनबहादुर कार्कीले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीन ओटा सरकारी अस्पताल (जिल्ला अस्पताल गाईघाट, कटारी अस्पताल र बेल्टार अस्पताल), ४६ स्वास्थ्य चौकी, एक प्राथमिक स्वास्थ्य केन्द्र र आठ ओटा नगरस्वास्थ्य केन्द्र छन्। जिल्ला सदरमुकामस्थित सरकारी अस्पतालमा ११ जना विशेषज्ञ डाक्टरको दरबन्दी रहेकामा पाँच जना विशेषज्ञ मात्रै कार्यरत छन्। ६ ओटा पद भने रिक्त नै छ। चार जना मेडिकल अफिसरको पद भए पनि एक जना स्थायी र तीन जना करारमा कार्यरत छन्। स्टार्फ नर्स पाँच जनाको दरबन्दीमा दुई स्थायी र तीन जना करार गरी पाँचै जना कार्यरत छन्। जिल्लामा यस वर्षको अन्त्यसम्म १८ हजार १ सय ३६ जनाले स्वास्थ्य बीमा गराएर सेवा लिइरहेका छन्। नि:शुल्क बीमा कार्यक्रममा २ हजार ५ सय २८ जना ज्येष्ठ नागरिक सूचीकृत छन्। जिल्लामा यो वर्ष अन्त्यसम्म ४१ हजार ८ सय ५६ जनाले कोभिड-१९ विरूद्धको खोप र २८ हजार ९ सय ८७ जनाले दोस्रो मात्राको खोप लगाए। यस वर्षको अन्त्यसम्म जिल्लामा १ हजार ५ सय ७७ जना कोभिड सङ्क्रमित भए। कोभिड सङ्क्रमणका कारण ६३ जनाको मृत्यु भएको स्वास्थ्य कार्यालयले जनायो।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह			३	३
बलात्कार	२	१	१४	१७
यौन दुर्व्यवहार		१	३	४
जम्मा	२	२	२०	२४

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	२		२	१२	१६
यौन दुर्व्यवहार				१	१
बहुविवाह	१			२	३
घरेलु हिंसा	१	४	१	११	१७
जम्मा	४	४	३	२६	३७

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	मुद्दा टुङ्गिएको	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	३	४

मधेस प्रदेश

- क्षेत्रफल : ५,६६१ वर्ग कि.मि.
- जनसङ्ख्या : ६१,२६,२८८
- साक्षरता प्रतिशत : ४५.७२
- जिल्ला : ८
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : ३२
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ६४
- महानगरपालिका : १
- उपमहानगरपालिका : ३
- नगरपालिका : ७३
- गाउँपालिका : ५५
- कूल वडा सङ्ख्या : १,२७१

मधेस प्रदेश परिचय २

मधेस प्रदेश सरकारले सामाजिक रूपान्तरणको माध्यमद्वारा आर्थिक समृद्धिको नीति लिएको छ। यो वर्ष नौ ओटासहित हालसम्म प्रदेश सभाले कूल ४३ ओटा कानुन निर्माण गरेको छ। प्रदेश सरकारले आठ ओटै जिल्लामा गरिब, विपन्न तथा असहायलाई दिँदै आएको कानुनी सहायता कार्यक्रमलाई अझ प्रभावकारी बनाई पालिका तहसम्म पुऱ्याइने, सुरक्षित बेटी अभियान, बाल हिंसा, घरेलु हिंसाविरुद्ध प्रतिरोधात्मक तथा उपचारात्मक कार्यक्रम सञ्चालन गर्ने सरकारले नीति तथा कार्यक्रममार्फत घोषणा गरेको छ। मधेश प्रदेशमा एक राजर्षि जनक विश्वविद्यालय, प्राविधिक क्षेत्रमा दुई विश्व विद्यालय र एक प्रतिष्ठान (बीरगंज प्राविधिक विश्वविद्यालय, कृषि विश्व विद्यालय सप्तरी र स्वास्थ्य विज्ञान प्रतिष्ठान जनकपुर), आइ्गिक नौ, सामुदायिक ४० र निजी ७९ गरी १ सय २८ ओटा क्याम्पस र ३ हजार ५७ ओटा विद्यालय रहेका छन्। यस वर्ष मधेश प्रदेशअन्तर्गत जनता आवास कार्यक्रममार्फत १ हजार ५ सय ७३ आवास निर्माण गरिएको शहरी विकास तथा भवन निर्माण कार्यालय, धनुषा, पर्सा र सप्तरी कार्यालयले जनाएको छ।

कोरोना भाइरस सङ्क्रमण नियन्त्रण, रोकथाम तथा उपचारका लागि १४ वटा कोभिड अस्पताल निर्माण गरिएको मधेश प्रदेशमा ३८ हजार ६ सय ४६ सङ्क्रमितमध्ये १ हजार ४० जनाको मृत्यु भयो। प्रति स्थानीय सरकार एक अस्पताल कार्यक्रम अन्तर्गत मधेश प्रदेश भित्र ८३ ओटा अस्पताल भवनको शिलान्यास गरिएकोमा ३३ ओटा अस्पतालको निर्माण कार्यको सुरुआत भएको छ।

२०२१ मा यो प्रदेशमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ७ सय ५८ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। गिरफ्तारीका घटनामा ३ जना, महिला अधिकार उल्लङ्घनका घटनामा २ सय २८ जना, हत्याका घटनामा ७३ जना, बाल अधिकार उल्लङ्घनका घटनामा २ सय २३ जना पीडित भएको अभिलेख छ।

सन् २०२१ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



२.१ सप्तरी



जम्मा जनसङ्ख्या	७,१३,२०३
महिला	३,५७,६७३
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	४
प्रदेशसभा निर्वाचन क्षेत्र	८
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२,५१,५७९
कामका लागि बाहिरिएका	२६,४३३
अपाङ्गता भएका	८,०४४
५ वर्षमाथिको साक्षरता प्रतिशत	६५
आश्रित जनसङ्ख्या	२,९६,६५७

यस वर्ष सप्तरी जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा सात जना र ज्यादतीका घटनामा अन्य पक्षबाट ७२ जना महिला र १७ जना पुरुषसहित ८९ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २९ जना र महिला अधिकार उल्लङ्घनका घटनामा ३८ जना पीडित भए।

दुर्व्यवहार

अन्यपक्षबाट

डाक्नेश्वरी नगरपालिका कार्यालयका फाँट अधिकृत बारा कलैया उमनपा-७ का ३१ वर्षीय बिरबहादुर साह लेहरा र सहायक चौथो पदमा कार्यरत डाक्नेश्वरी नपा-१ कविलासाका २६ वर्षीय धनन्जय साहलाई ०७८ जेठ २१ गते डाक्नेश्वरी नगरपालिका-६ का ५० वर्षीय रामसँगर मण्डल र ४० वर्षीय भल्टु भनिने रामअवतार यादव नेतृत्वको समूहले कार्यालयमै गालीगलौज र दुर्व्यवहार गरेको भन्दै पीडितहरूले जिल्ला प्रहरी कार्यालयमा जेठ २३ गते उजुरी दिए। डाक्नेश्वरी नगरपालिका-६ मा ५ लाख रुपियाँको लागतमा हृयूमपाइप तथा कल्भर्ट निर्माणका लागि नगरस्तरीय योजनाको उपभोक्ता समिति एकलौटी ढङ्गले बनाएको भन्दै आरोपितहरूले समितिविरुद्ध नगरपालिका कार्यालयमा निवेदन दिएका थिए। जिल्ला प्रहरी कार्यालयमा असार २८ गते उपस्थित भएका पीडितलाई सोही दिन जिल्ला प्रशासन कार्यालयमा उपस्थित गराइ उजुरी दायर भयो। प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्यको इजलासबाट असार २८ गते आरोपितहरू जनही ५ हजार रुपियाँ धरौटीमा पुर्पक्षका लागि तारेखमा रिहा भए। प्रमुख जिल्ला अधिकारी जनार्दन गौतमको इजलासले ०७८ पुस ६ गते आरोपितहरूमाथि जनही ५ हजार जरिबानाको फैसला भयो।

कारागार र बन्दी

कारागारको क्षमता १५ महिलासहित १ सय २५ जनाको छ। यो वर्षको अन्त्यमा कारागारमा ११ जना महिला र ३ सय ५९ जना पुरुष गरी ३ सय ७० जना छन्। जसमा सात महिलासहित १ सय ५३ कैदी र चार महिलासहित २ सय १७ थुनुवा छन्।

कारागारमा ६० वर्ष नाघेका ज्येष्ठ नागरिक एक महिला र ३० जना पुरुष रहेको जिल्ला कारागार प्रमुख सुमन कोइरालाले बताए। कारागारमा रक्तचाप, मधुमेह, दम र मुटुलगायतका ३० जना दीर्घरोगी छन्। ७० वर्ष नाघेका पाँच पुरुष कैदी छन्।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण				१	३	४
गिरफ्तारी		३	३			
कुटपिट				३	४	६
अमानवीय व्यवहार					१	१
हत्या				३	६	८
सबै प्रकारका जातीय विभेद				१		१
जेलमा मृत्यु		४	४			
धम्की					३	३
बाल अधिकार	बलात्कार			१७		१७
	यौन दुर्व्यवहार			९	१	१०
	बालविवाह			३		३
	जम्मा			३८	१	३९
महिला अधिकार	'बोक्सी'को आरोप			१		१
	बलात्कार			१०		१०
	बलात्कार प्रयास			९		९
	यौन दुर्व्यवहार			१		१
	बहुविवाह			९		९
	घरेलु हिंसा			८		८
	जम्मा			३८		३८
कूल जम्मा		७	७	७३	१७	८९

कारागारमा एक जना चार वर्षका आश्रित बालक छन्। कारागारमा १४ जना भारतीय नागरिक छन्। जसमा पुरुष १० कैदी र चार थुनुवा छन्। कारागारमा तीन गुणा बढी कैदीबन्दी भएकाले बरण्डा र भान्सामा समेत कोचिएर सुत्नुपर्ने बाध्यता छ।

लामो समयदेखि सीपमूलक तालिमको व्यवस्था छैन। कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि सिनियर अहेवको दरबन्दी रहेकोमा एक जनाले सेवा प्रदान गरिरहेका छन्।

कारागारमा कोभिड-१९ बाट सङ्क्रमित भएका २६ जना सबै निको भएका छन्। कोभिड-१९ को सङ्क्रमणपछि अदालतबाटै पीसीआर परीक्षण गरेर मात्र पुर्पक्षका लागि थुनामा पठाउन थालिएको छ। कैदीले उमेर र छुटको सुविधा पाउने अवधि गणना मिलाउन नसक्दा, समयमै फैसला हुन नसक्दा र कतिपय अवस्थामा कानुनी प्रकृयाको ढिलाइले समेत बढी समय कैद बस्नु पर्दा कारागारमै मृत्युवरण हुने गरेको बन्दी अरविन्द यादवले बताए। लामो समय फैसला नहुँदा साढे तीन वर्षदेखि पुर्पक्षमा बसेका मालपोत कार्यालयका कर्मचारी उद्धव खतिवडाको मृत्यु भयो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

उच्च अदालत, जनकपुरको इजलास

दरबन्दीअनुसार ११ जना न्यायाधीश रहेको उच्च अदालत, जनकपुर राजविराज इजलासमा यस वर्षका लागि दुनियावादी देवानीका ८ सय ७६ थान, दुनियावादी फौजदारीका २सय २५ थान, सरकारवादी फौजदारीका २२५ थान र सुरू क्षेत्राधिकारबाट ५० थान मुद्दा जिम्मेवारी सरेका थिए। ०७७ पुस १७ देखि ०७८ पुस १६ गतेसम्म दर्ता भएका फौजदारी मुद्दाको सरकार वादीतर्फ ३ सय ९४ थान उजुरी परे। अघिल्लो वर्षको जिम्मेवारी सरेका समेत १ सय ६३ थान मुद्दा फैसला भए। ०७७ पुस १७ देखि ०७८ पुस १६ गतेसम्म अनुमानित ३ हजार ८ सय मुद्दाको फैसला हुनुपर्नेमा अनुमानित १ हजार ६ सय २२ फैसला भए।

जिल्ला अदालत

दरबन्दीअनुसार १० जना न्यायाधीश रहेको सप्तरी जिल्ला, अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २ हजार ३ सय ९४ थानमध्ये ८ सय ५६ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ५ हजार ७ सय ५८ थानमध्ये २ हजार ८ सय ३४ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा ७ सय १३ थान छन् भने देवानी मुद्दा १ हजार २ सय ७९ थान बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

सप्तरी जिल्लामा ३ सय ४२ आधारभूत र १ सय ८ ओटा मावि छन्। सामुदायिक विद्यालयतर्फ आधारभूत तहमा कक्षा १-५ सम्म २ सय ३४, कक्षा १-८ सम्म १ सय ८ छन् भने मावि तहमा कक्षा १-१० सम्म ६८ र कक्षा १-१२ सम्म ४० विद्यालय छन्। संस्थागत विद्यालयतर्फ १ सय ७७ ओटा विद्यालयहरूमा १ सय १ ओटा आधारभूत तहको कक्षा १-५ सम्म, २५ ओटा आधारभुत तहको कक्षा १-८ सम्म, २८ ओटा मावि तहको कक्षा १-१० सम्म र २१ ओटा माध्यमिक तहको कक्षा १-१२ सम्मको विद्यालय रहेको शिक्षा विकास तथा समन्वय इकाइ, सप्तरीबाट जानकारी भयो।

यस वर्ष सामुदायिकतर्फ पढ्ने उमेरका ८० हजार ८ सय ९८ बालक र ७९ हजार ६ सय ४४ जना बालिका भर्ना भए। यस वर्ष जिल्लाभर २४ हजार ९ सय ३० जना दलित बालक र २४ हजार ९ सय १२ जना दलित बालिका विद्यालयमा भर्ना भए। वैदेशिक रोजगारका क्रममा मृत्यु भएकाहरूका ६८ जना बालबालिकाले छात्रवृत्ति प्राप्त गरे। शहीद परिवारका दुई जना र द्वन्द्वपीडित परिवारका चार जना बालबालिकाले छात्रवृत्ति पाए।

सामुदायिक विद्यालयको प्राथमिकतर्फ स्वीकृतमा १ हजार ३ सय ६ दरबन्दी र राहतमा ४ सय ४५ ओटा कोटा, निम्न माध्यमिकतर्फ स्वीकृतमा २ सय ६८ र राहतमा १ सय ८५ कोटा, मावितर्फ स्वीकृतमा २ सय ३३ दरबन्दी र राहतमा ९१ दरबन्दीहरू रहेका छन्। विशेष शिक्षा सञ्चालन भएको राजविराज नगरपालिका-६ स्थित बहिरा बालक विद्यालयमा ३३ जना सुस्त श्रवण छात्रछात्राहरू अध्ययनरत छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय पाँच ओटा छन्।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा एक जना बालकसहित १० जना, बलात्कारका घटनामा १७ जना, बालविवाहका घटनामा दुई जना बालिका गरी २९ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालतले बलात्कारका तीन ओटा घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई अभिभावकको जिम्मा लगायो। एक घटनाका आरोपितलाई २ लाख ५० हजार रुपियाँ धरौटीमा र अर्को घटनाका आरोपितलाई २० हजार रुपियाँ धरौटीमा अदालतले रिहा गऱ्यो। सात ओटा घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक आरोपितलाई प्रहरीले गिरफ्तार गरी अनुसन्धान गरिरहेको छ। सामूहिक बलात्कारको एउटा घटनाका दुई जना आरोपितलाई प्रहरीले गिरफ्तार गरी अनुसन्धान थालेको र सोही घटनाका ६ जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यौन दुर्व्यवहारका तीन ओटा घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा, एउटा घटनाका आरोपितलाई बाल सुधार गृहमा र एउटा घटनाका आरोपितलाई अदालतले १० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भन्दै १ सय १४ जना महिलाले महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका नौ, खानलाउन नदिएका २६, विवाह दर्ता र नागरिकता नबनाएका १७, अर्की पत्नी ल्याएर हेला गरेको पाँच, दाइजो नल्याएको भनी हेला गरेका १६ र सामान्य घरायसी झगडाका ४१ उजुरी छन्। यीमध्ये प्रहरीले ८७ ओटामा मिलापत्र गरायो भने २७ ओटा उजुरी कारवाही प्रक्रियामा छन्।

यो वर्ष सप्तरीमा घरेलु हिंसाका घटनाका आठ, बलात्कारका घटनामा १०, यौन दुर्व्यवहार को घटनामा एक, बलात्कार प्रयासका घटनामा नौ बोक्सीको आरोपमा एक जना र बहुविवाहका घटनामा नौ जना गरी ३८ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालतले दुई घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठयो। एक घटनाका आरोपितलाई २ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो भने दुई घटनाका आरोपितलाई अदालतले १ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो। अदालतले दुई ओटा घटनाका आरोपितलाई जमानीमा रिहा गऱ्यो। तीन ओटा घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार प्रयासको एउटा घटनामा अदालतले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। एक घटनाका आरोपितलाई अदालतले १ लाख ५० हजार रुपियाँ धरौटीमा, अर्को घटनाका आरोपितलाई १ लाख रुपियाँ धरौटीमा र ६० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। तीन घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाको उजुरी प्रहरीले दर्ता गरेन।

'बोक्सी' को आरोप

अग्नीसाइर कृष्णसवरन गाउँपालिका-४ टेङ्ग्रीकी ४५ वर्षीया बलिकाकुमारी यादवलाई असार १९ गते सोही ठाउँ बस्ने उनकी ४८ वर्षीय जेठानी अञ्जुदेवी यादव, उनका २३ वर्षीय छोरा अमरेन्द्रकुमार यादव, ३५ वर्षीय देवर लालकुमार यादव, उनकी २३ वर्षीया पत्नी बबीतादेबी यादव र १८ वर्षीय भतिजा नबिनकुमार यादवले कथित बोक्सीको आरोप लगाई कुटपिट गरेको भन्दै पीडितले इलाका प्रहरी कार्यालय कञ्चनरूपमा असार २० गते उजुरी दिइन्। घरमा कोही नभएका बेला आरोपित अन्जुदेवी लगायतले उनका पतिको मृत्यु र बुहारी बिरामी हुनुको दोष लगाउँदै कुटपिट गरेको पीडितले बताइन्। पीडितका पति राजकुमार वैदेशिक रोजगारका लागि साउदी अरबमा छन् भने एक मात्र छोरा अध्ययनका लागि सुनसरीको इटहरीमा बसोबास गर्छन्। आरोपितहरूको कुटपिटबाट घाइते पीडितको अग्नीसाइर कृष्णसवरन गाउँपालिकास्थित महुली पोली क्लिनिकमा उपचार भयो। यो वर्षको अन्त्यसम्म उजुरी दर्ता भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीन सरकारी अस्पताल, सात सामुदायिक स्वास्थ्य इकाई, १ सय ११ स्वास्थ्य चौकी, चार प्राथमिक स्वास्थ्य केन्द्र, १९ आधारभूत स्वास्थ्य केन्द्र, ६ नगर स्वास्थ्य केन्द्र, ४ सय ७५ खोप केन्द्र छन्। ४ सय ४७ ओटा गाउँघर क्लिनिक र ३१ ओटा वर्थिङ सेन्टर छन्। जिल्लाका सबै १ सय ६४ वडा पूर्ण खोप घोषणा भएका छन्।

स्वास्थ्य कार्यालयका अनुसार जिल्लामा नौ अस्पतालमा ४ सय ८५ बेडमा कोभिडका सङ्क्रमितको उपचार गर्ने पूर्वाधार रहेको छ। जसमा १८ आइसीयू र सात भेण्टिलेटर छन्।

'एक प्रदेश एक प्रतिष्ठान' निर्माण गर्ने लक्ष्य अनुसार १२ अरब बजेटको योजनामा राजविराज नगरपालिका-१० स्थित ६१ विघा ६ कट्ठा क्षेत्रफलमा बन्ने रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठानको ०७८ असार २२ गते प्रधानमन्त्री केपी शर्मा ओलीले शिलान्यास गरे।

स्थानीय तहसम्म सहज रूपमा स्वास्थ्य सेवा पुऱ्याउने उद्देश्यकासाथ नेपाल सरकारको निर्णय अनुसार सप्तरीको कञ्चनरुरूप नगरपालिकास्थित कञ्चनपुर प्राथमिक स्वास्थ्य केन्द्र, सुरुङ्गा नगरपालिकास्थित कडरबोना प्राथमिक स्वास्थ्य केन्द्र र तिरहुत गाउँपालिकास्थित लोहजारा स्वास्थ्य केन्द्रलाई १५-१५ शैयाको आधारभूत अस्पतालमा स्तरोन्नति गर्न ०७७ मङ्सिर १५ गते शिलान्यास गरियो। कडरबोना प्राथमिक स्वास्थ्य केन्द्र स्तरोन्नतिका लागि टेण्डर प्रक्रियामा विवाद भएको कारण निर्माण कार्य अगाडि बढ्न नसकेको उपाध्यक्ष विन्दाकुमारी पासवानले बताइन्। हनुमाननगर कङ्कालिनी नगरपालिका-१ भारदहमा ०७७ मङ्सिर ३ गते ५० बेडको कोभिड अस्पतालको शिलान्यास भएकोमा ७५ प्रतिशत निर्माण कार्य पूरा भएको स्वास्थ्य संयोजक रामदेव यादवले बताए।

एम्बुलेन्स नपाउँदा मृत्यु

एम्बुलेन्स अभावमा अक्सिजन सुविधा भएको अस्पताल पुऱ्याउन नसक्दा कोरोना सङ्क्रमित कञ्चनरूप नगरपालिका-८ की ६५ वर्षीया महिलाको ०७८ वैशाख २९ गते मृत्यु भयो। कोरोना सङ्क्रमण पुष्टि भएपछि वैशाख २० गतेदेखि होम आइसोलेशनमा बसेकी महिलामा क्रमिक सुधार हुँदै गए पनि अचानक अक्सिजनको मात्रा कमी भएर अस्पताल ल्याउने क्रममा नगरपालिकाको एम्बुलेन्स विराटनगर गएका बेला अन्य एम्बुलेन्स उपलब्ध हुन ढिला भएपछि उनलाई समयमै अक्सिजन सुविधा भएको आइसोलेशन केन्द्र पुऱ्याउन नसक्दा मृत्यु भएको स्वास्थ्य शाखा कञ्चनरूपका सहसंयोजक डम्बर गुप्ताले जानकारी दिए।

अस्पताल खोज्दा खोज्दै मृत्यु

भेण्टिलेटर अभावमा अस्पताल खोज्दा-खोज्दै राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पतालमा भर्ना भएका कोरोना सङ्क्रमित राजविराज नगरपालिका-९ गढियाका ३८ बर्षीय पुरुषको ०७८ वैशाख २९ गते मृत्यु भएको अस्पतालले जनाएको छ। सप्तरीमा भेण्टिलेटरसहितको अस्पताल नभएपछि सङ्क्रमितलाई धरान र विराटनगरस्थित अस्पतालहरूमा भर्नाका लागि बेडको खोजी गर्दा गर्दै ढिलो भएको अस्पतालका सूचना अधिकारी सुर्यकान्त झाले बताए। राजविराजस्थित अस्पतालमा भेण्टिलेटरको सुविधा नभएकाले बिरामीलाई रेफर गरेपछि सुविधासहितको अस्पतालका लागि संक्रमित परिवारले निकै प्रयास गऱ्यो। बेड खाली भएपछि भर्ना लिन तयार रहेको खबरपश्चात विराटनगरस्थित ग्रिन सिटी अस्पताल लैजादै गर्दा बाटोमै सङ्क्रमितको

मृत्यु भएको मृतक परिवारका सदस्यले बताए। 'एम्बुलेन्समा पर्याप्त अक्सिजन थिएन, अस्पतालले अक्सिजन दिन असमर्थता जनाए पछि निजी सिलिण्डर खोज्नमा नै दुई घण्टा व्यतित भयो।' राजविराज-९ का रामु यादवले भने, 'एक जना बृद्ध गाउँले आफन्तले प्रयोग गरिरहेको सिलिण्डर लिएर गएकोमा अस्पताल पुऱ्याउन तीन किलोमिटर बाँकी रहदा त्यो पनि सकियो र मृत्यु भयो ।' अस्पतालका निमित्त प्रमुख डां रणजितकुमार झा भन्छन्- 'सम्भव सबै प्रयास गर्दा पनि सङ्क्रमित विरामीको अक्सिजनको मात्रा ३० प्रतिशतभन्दा माथि नबढे पछि भेण्टिलेटरसहितको अस्पतालका लागि रेफर गऱ्यौ।'

अस्पताल चाहार्दा-चाहार्दै मृत्यु

भेन्टिलेटर र अक्सिजन अभावमा अस्पताल चहार्दाचहार्दै तिलाठी कोइलाडी गाउँपालिका-४ का ४७ वर्षीय पुरुषको ०७८ वैशाख ३० गते मृत्यु भएको उनका परिवारका सदस्यले बताए।

भेण्टिलेटरको प्रतीक्षामा मृत्यु

गजेन्द्रनारायण सिंह अस्पताल राजविराजको आकस्मिक कक्षमा वेटिङ्ग बेडमा उपचाररत राजविराज-८ का ४६ वर्षीय शिक्षकको भेण्टिलेटर नपाएर ०७८ जेठ १ गते मृत्यु भयो। राजविराज अस्पतालले भेण्टिलेटर नभएकाले तत्कालै रेफर गरेपछि एम्बुलेन्स, अक्सिजन र भेण्टिलेटर भएको अस्पताल खोज्दाखोज्दै जेठ १ गते विहान ४ बजे बिराटनगर पुऱ्याइएका सङ्क्रमितका लागि बिराट नर्सिङ्ग होमले बिहान ७ बजे मात्र भेण्टिलेटर खाली हुन्छ भनेपछि भेण्टिलेटर खाली होला भनेर प्रतीक्षा गर्दागर्दै मृत्यु भयो।

अस्पतालले भर्ना नलिँदा घरमै मृत्यु

लक्षण भएका र सिकिस्त सङ्क्रमितलाई मात्र भर्ना लिँदै आएको अस्पतालका बेड भरिएकाले विभिन्न अस्पताल चहारेर भर्ना हुन नसकेर घरमै फर्काएर ल्याइएकी सप्तरीको कञ्चनरूप नगरपालिका-११ गोरपारकी ६५ वर्षीया महिलाको २०७८ वैशाख ३० गते मृत्यु भयो। स्वास्थ्य जाँच र उपचार गराउन ०७८ वैशाख २७ गते बिराटनगरस्थित कोशी अस्पताल गएकी चिनी रोगबाट पीडित महिलाको पीसीआर परीक्षण गराउँदा कोरोना सङ्क्रमित पुष्टि भएको थियो। अवस्था सामान्य रहेकोले अस्पतालले होम आइसोलेसनमा बस्न सुझाव दिँदै घर पठायो। होम आइसोलेसनमा बसेकी महिलाको स्वास्थ्य अवस्था ०७८ वैशाख २९ गते अचानक बिग्रिएपछि स्वास्थ्य शाखा कञ्चनरूपले सुविधाजनक अस्पतालमा लैजान रेफर गऱ्यो। उनका परिवारका सदस्य र गाउँलेहरूले धरान, बिराटनगर र राजबिराजका अस्पतालसँग अनुनय विनय गऱ्यो। अस्पतालका बेडहरू सङ्क्रमितले भरिएको भन्दै भर्ना लिन नमान्दा सङ्क्रमितलाई पुन: फर्काएर घरमै ल्याइयो। अस्पतालमा उपचार नपाएर वैशाख ३० गते बिहान उनको मृत्यु भएको परिवारका सदस्यले बताए।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	कारबाही प्रक्रिया अघि नबढेका	जम्मा
बालविवाह		२		२
बलात्कार	६	९	१	१६
यौन दुर्व्यवहार	२	६	१	९
जम्मा	८	१७	२	२७

महिला अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कारबाही प्रक्रिया अघि नबढेका	कानुनी दायरामा ल्याइएका	जम्मा
'बोक्सी'को आरोप				१	१
बलात्कार	१	४		५	१०
बलात्कार प्रयास		४		५	९
यौन दुर्व्यवहार			१		१
घरेलु हिंसा		१		७	८
बहुविवाह		१		८	९
जम्मा	१	१०	१	२६	३८

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	५	८

२.२ सिरहा

जम्मा जनसङ्ख्या	७,४८,४१६
महिला	३,७९,३६७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	४
प्रदेशसभा निर्वाचन क्षेत्र	८
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२,१९,३३९
कामका लागि बाहिरिएका	४५,७९०
अपाङ्गता भएका	६,६६५
५ वर्षमाथिको साक्षरता प्रतिशत	५८.०५
आश्रित जनसङ्ख्या	३,०९,२९१

यस वर्ष सिरहा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा पाँच जना र ज्यादतीका घटनामा अन्य पक्षबाट १ सय १७ जना महिला र १४ जना पुरुषसहित १ सय ३१ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ५५ जना र महिला अधिकार उल्लङ्घनका घटनामा ५३ जना पीडित भए। अपहरणको घटनामा एक जना, अमानवीय व्यवहारका घटनामा पाँच जना र धम्कीका घटनामा दुई जना पीडित भए। ११ जना घाइते र नौ जनाको हत्या भएका घटना इन्सेकले अभिलेख गऱ्यो।

विष्फोटनबाट घाइते

अन्य पक्षबाट

लहान नगरपालिका-८ स्थित मालपोत कार्यालयमा ०७७ चैत १ गते बम विष्फोट हुँदा सोही कार्यालयका कर्मचारी नासु विष्णुपुर गाउँपालिका-३ का ३८ वर्षीय शिवकुमार यादव, सेवाग्राहीहरू भगवानपुर गाउँपालिका-३ का ५४ वर्षीय बद्रिनारायण यादव, धनगढीमाइ नगरपालिका-४ का ३० वर्षीय दिनेश भण्डारी, गोलबजार नगरपालिका-६ की ३५ वर्षीया लक्ष्मी राणा, ३५ वर्षीया बेचनी मगर, गोलबजार नगरपालिका-४ की ३८ वर्षीया फूलकुमारी ठाकुर, लहान नगरपालिका-१६ का ४५ वर्षीय लालबाबु बिक र लेखनदास धनगढीमाइ नगरपालिका-१३ का ८२ वर्षीय भोलाबहादुर पाचेमगर घाइते भए। घाइतेहरूको लहानस्थित रामकुमार उमाप्रसाद स्मारक अस्पताल र सप्तऋषि अस्पतालमा उपचार भयो। घटनामा गम्भीर घाइते भएका दिनेश भण्डारीको थप उपचार काठमाडौँस्थित नेपाल प्रहरी अस्पतालमा भयो।

इलाका प्रहरी कार्यालय, लहानका डिएसपी डाक्टर तपनकुमार दाहालका अनुसार घटनामा संलग्न भएको आरोपमा लक्ष्मीपुर पतारी गाउँपालिका-३ का २० वर्षीय गुडडु भनिने रामजतन मुखियालाई चैत २८ गते र सुखिपुर नगरपालिका-५ का २५ वर्षीय रामरिझन यादव र लक्ष्मीपुर पतारी गाउँपालिका-३ का २६ वर्षीय अभिमन्यू गिरीलाई चैत १६ गते प्रहरीले आआफ्नै घरबाट गिरफ्तार गऱ्यो। घटनास्थलमा जनतान्त्रिक तराई मुक्ति मोर्चाको पर्चाका टुक्राहरू भेटिएका थिए। प्रहरीले जिल्ला सरकारी वकिल

लहान स्थित मालपोत कार्यालयमा बम विस्फोट हुँदा घाइते भएका लालबाबु विक, दिनेश भण्डारी र बद्रिनारायण यादव

कार्यालयमार्फत् आरोपितहरू विरुद्ध ०७८ जेठ ११ गते सङ्गठित अपराध अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको जेठ १६ गतेको आदेशले आरोपितहरू पुर्पक्षका लागि थुनामा छन्। यस वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

कारागार र बन्दी

कारागारको क्षमता १५ जना महिला र १ सय ३५ पुरुष गरी १ सय ५० जनाको छ। कैदी महिला १६, पुरुष २ सय १९ गरी २ सय ३५ जना र थुनुवा महिला १८, पुरुष ३ सय ९३ गरी ४ सय ११ गरी जम्मा ३४ महिला र ६ सय १२ जना पुरुष जम्मा ६ सय ४६ जना कारागारमा रहेका छन। तीन वर्षीय एक बालक र तीन वर्षीया एक बालिका गरी दुईजना आश्रित बालबालिका रहेका छन्। जेलमा क्षमताभन्दा झण्डै चार गुणा बढी कैदी बन्दी भएकाले व्यवस्थापनमा समस्या छ। ७० वर्ष नाघेका चार जना र ६० वर्ष नाघेका १० जना ज्येष्ठ नागरिकहरू कारागारमा रहेका छन्। कारागारमा मुढा बुन्ने तथा फर्निचर बनाउने तालिमको व्यवस्था रहेको छ। ०२६ सालमा बनेको यो कारागारको भवन पुरानो र जीर्ण छ। जेलमा भलिबल, क्यारेमबोर्डहरू खेल सामग्री छन्। यस वर्ष एक जना कैदीको उपचारको लागि धरान लैजाने क्रममा बाटोमा मृत्यु भएको कारागार प्रमुख बबिता महतोले बताइन्। कोभिड सङ्क्रमणबाट कारागारमा ५ सय ७ जना सङ्क्रमित भए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

आठ जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा सात जना कार्यरत छन्। यस वर्षको अन्त्यसम्ममा २ हजार ३ सय ५७ फौजदारी मुद्दा मध्ये १ हजार ७० र ६ हजार ३ सय ८१ देवानीमुद्दा मध्ये ४ हजार ६४ मुद्दा फैसला भए एक वर्षभन्दा पुराना मुद्दा देवानी ७ सय ५१ र फौजदारी ५ सय ७७ थान रहेको जिल्ला अदालतका श्रेस्तेदार जगदिश्वर भट्टराईले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ४१ ओटा आधारभुत विद्यालय र ८४ ओटा माध्यमिक विद्यालय छन्। सिरहामा १ देखि ५ कक्षा सम्म १ हजार ३ सय ४, ६ कक्षा देखि ८ कक्षा सम्म २ सय ३३, कक्षा ९ देखि १० सम्म १ सय ९९ र ११ देखि १२ सम्म २७ जना शिक्षकहरूको दरबन्दी रहेको छ। यस वर्ष १ लाख २५ हजार २ सय २४ बालक र १ लाख ४ हजार ५४ बालिका भर्ना भए। जसमा अपाङ्गता भएका २ सय ४९ बालिका र १ सय ३६ बालक भर्ना भएको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख शशी यादवले बताए। यस वर्ष २८ हजार ८ सय ५० दलित बालक र २५ हजार ३ सय ९५ बालिका भर्ना भए।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा नौ जना, बलात्कारका घटनामा ४४ जना र बेचबिखनका घटनामा दुई जना गरी ५५ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कारका १५ घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा, चार घटनाका आरोपितलाई बाल सुधार गृहमा र दुई घटनाका आरोपित साधारण तारेखमा रिहा गऱ्यो। २३ घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका आरोपितलाई प्रहरीले गिरफ्तार गरेकोमा यस वर्षको अन्त्यसम्म प्रहरी हिरासतमा रहे। यौन दुर्व्यवहारको एक आरोपितलाई अदालतले सजाय सुनायो भने चार घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। चार घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

बलात्कार, यौन दुर्व्यवहार

११ वर्षीया बालिकालाई ०७७ फागुन

२४ गते यौन दुर्व्यवहार गरेको आरोपमा सुखिपुर नगरपालिका-७ का ५३ वर्षीय रामचलितर साहविरुद्ध पीडित परिवारले फागुन २५ गते इलाका प्रहरी कार्यालय, महेशपुर पतारमा उजुरी दिए। बालिकाको स्वास्थ्य परीक्षण फागुन २५ गते जिल्ला अस्पतालमा भयो। आरोपितलाई प्रहरीले फागुन २४ गते राति नै गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय, महेशपुर पतारका इन्स्पेक्टर अरविन्द साहले बताए प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत चैत ११ गते जिल्ला अदालतमा जबरजस्तीकरणी उद्योग अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत १२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश पुष्पराज थपलियाको मङ्सिर २३ गतेको इजलासले आरोपितलाई नौ वर्ष कैद, ३ लाख रुपियाँ जरिबाना र ५० हजार रुपियाँ पीडितलाई क्षतिपूर्तिको फैसला सुनायो।

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण						१	१
अमानवीय व्यवहार		४	१	५			
घाइते					४	७	११
हत्या					५	४	९
धम्की						३	३
बाल अधिकार	बलात्कार				४४		४४
	यौन दुर्व्यवहार				९		१९
	बेचबिखन तथा ओसारपासर				३		३
	जम्मा				५५		५५
महिला अधिकार	'बोक्सी'को आरोप				५		५
	बलात्कार				३१		३१
	बलात्कार प्रयास				८		८
	बहुविवाह				१८		१८
	बेचबिखन तथा ओसारपसार प्रयास				१		१
	जम्मा				५३		५३
कूल जम्मा		४	१	५	११७	१४	१३१

यो वर्ष सिरहामा बलात्कारका घटनामा २१, बलात्कार प्रयासका घटनामा आठ, बेचबिखन प्रयासको घटनामा एक, बोक्सीको आरोपमा पाँच र बहुविवाहका घटनामा १८ जना गरी ५३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये बलात्कार घटनाका सात आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। ११ आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। अदालतले एक आरोपितलाई १ लाख ५० हजार रुपियाँ धरौटी, अर्का आरोपितलाई ४० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। एक जना आरोपितलाई प्रहरीले गिरफ्तार गरी वर्षको अन्त्यसम्म अनुसन्धानमा राख्यो। बलात्कार प्रयास घटनाका एक आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा र पाँच आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष जिल्ला प्रहरी कार्यालय सिरहा अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा घरबाट निकाला गरेको भन्दै ८० जना महिलाले उजुरी दिए। तिमध्ये ७१ ओटा उजुरीमा मिलापत्र गराइ पठाएको र बाँकी प्रक्रियामा रहेका प्रहरीले जनायो। नागरिकता, जन्मदर्ता तथा विवाहदर्ता बनाइपाउँ भनी नौ जनाको उजुरी परेकोमा सबैमा मिलापत्र भएको डिएसपी शुभाष बुढाथोकीले बताए। जिल्ला प्रहरी कार्यालयमा आएका घरेलु हिंसाका उजुरीहरूमा आवश्यकता अनुसार वकिल, मनोसामाजिक विमर्शकर्ता, प्रहरी र दुवै पक्षको रोहबरमा छलफल गराउने गरिएको छ।

परिवारजनबाट हत्या

धनगढीमाई नगरपालिका-३ की २८ वर्षीया पुजा चौधरीलाई ०७८ जेठ २१ गते २९ वर्षीय पति दीपेन्द्र चौधरीले आगो लगाइ हत्या गरेको आरोपमा पीडित पक्षले इलाका प्रहरी कार्यालय लहानमा जेठ २२ गते उजुरी दियो। पीडित पक्षका अनुसार जेठ २१ गते राति मदिरा किन्नका लागि पैसा माग्दा सोही विषयमा विवाद हुँदा आरोपितले आठ महिनाको गर्भवती पुजालाई पेट्रोल छर्की आगो लगाए। आगोले पोलेर घाइते भएकी पुजालाई उपचारको लागि तत्कालै लहानस्थित कामना नर्सिङ होममा ल्याएपनि उपचार सम्भव नभएपछि थप उपचारका लागि विराटनगरस्थित नोबेल अस्पताल पुऱ्याएकोमा नोबेल अस्पतालले काठमाडौँ उपचारको लागि लैजान सल्लाह दियो। सोही अनुसार जेठ २२ गते काठमाडौँ लैजाँदै गर्दा सिन्धुलीमा पुजाको मृत्यु भएको मृतकका भाइ सलेनकुमार चौधरीले बताए। शवको पोष्टमार्टम लहानस्थित रामकुमार उमाप्रसाद स्मारक अस्पतालमा जेठ २३ गते भयो। मृतकका भाइ सलेनले शव बुझी दाहासंस्कार गरे। घटनाको जानकारी हुनासाथ आरोपितलाई घरबाटै जेठ २३ गते गिरफ्तार गरेको इलाका प्रहरी कार्यालय लहानका डिएसपी डाक्टर तपनकुमार दाहालले बताए प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत जिल्ला अदालतमा असार १६ गते आगो लगाई कर्तव्य ज्यान अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको आदेशले आरोपित असार २८ गतेदेखि पुर्पक्षका लागि थुनामा छन्। यो वर्षको अन्त्य सम्ममा मुद्दाको फैसला भएन।

'बोक्सी'को आरोप

औरही गाउँपालिका-५ की ४५ वर्षीया हिरादेवी साहलाई ०७८ वैशाख ४ गते पीडितका भतिजा ३० वर्षीय घुरन साह, ४८ वर्षीया सुर्जि साह, ४० वर्षीया कोशिला साह र ३० वर्षीया सरिता साहले कथित बोक्सीको आरोप लगाई कुटपिट तथा अभक्ष कोच्याएको आरोपमा पीडितले जिल्ला प्रहरी कार्यालय, सिरहामा वैशाख ५ गते उजुरी दिइन्। पीडित हिराकाअनुसार 'वैशाख २ गते मधेसको जुडसितल पर्वको अवसरमा आशिर्वाद स्वरुप भतिजाहरूलाई टाउकोमा पानी हाल्न गएकी थिएँ, के कति कारणले उनीहरूको गाईको मृत्यु भएपछि वैशाख ४ गते बिहानै तिमीले नै टुनामुना गरी गाई मारेको भन्दै आरोपितहरूले कुटपिट गालिगलौज सहित अभक्ष समेत कोच्याए'। जिल्ला प्रहरी कार्यालय, सिरहाका इन्स्पेक्टर दीपेन्द्र श्रेष्ठकाअनुसार आरोपित घुरनलाई वैशाख ५ गते गिरफ्तार गरेको र अन्य आरोपितहरू फरार छन्। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत जिल्ला अदालतमा वैशाख २९ गते बोक्सीको आरोपमा कुटपिट अभियोगमा मुद्दा दर्ता दर्ता गऱ्यो। जिल्ला अदालतको आदेशमा आरोपित जेठ २ गते देखि पुर्पक्षका लागि थुनामा रहेका छन्। यो वर्षको अन्त्यसम्ममा मुद्दाको फैसला भएन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

नरहा गाउँपालिका-३ स्थित सडक खण्डमा बन्दको अवज्ञा गरेको भन्दै ०७८ पुस ११ गते ना ५ ख ५५२२ नम्बरको ट्रकमा जनमत पार्टीका कार्यकर्ताले आगजनी गरे । त्यसैगरी सो पार्टीका कार्यकर्ताले ना ७ ख १०५० नम्बरको बस, को १ ख ७४४६ नम्बरको मिनिट्रक, बा ५ ख ७१५९ नम्बरको हायस, प्रदेश ३-०१-०२३ च ८२९७ नम्बरको कारमा ढुङ्गामुढा गरी अगाडि, पछाडिका सिसा फुटाएको जिल्ला प्रहरी कार्यालय सिरहाका डिएसपी शुभाष बुढाथोकीले बताए । किसानहरुले निःशुल्क रूपमा पाउनु पर्ने गहुँको बीउ नपाएको विषयमा जनमत पार्टीका कार्यकर्ताले विरोध प्रदर्शन गरेको बताए । औरही गाउँपालिकामा पुस ६ गते बीउ वितरणमा ढिलाइ तथा काखा पाखा गरेको आरोपमा किसानहरूले वितरण गर्न राखिएको गहुँको बीउ लुटेर लगेपछि प्रहरीले चार जना किसानविरुद्ध उजुरी हालेको र औरही गाउँपालिका-३ का मिथिलेश यादवलाई पुस ८ गते गिरफ्तार गरेको विषयमा जनमत पार्टीका कार्यकर्ताले गाउँपालिका ताला समेत लगाएर पुस १० गते मसाल जुलुस र पुस ११ गते आम हडताल गरेको जनमत पार्टीका नेता पवन यादवले बताए ।

स्वास्थ्य सेवाको अवस्था

सिरहा जिल्लामा तीन सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, १ सय ३ स्वास्थ्य चौकी र चार प्राथमिक स्वास्थ्य केन्द, तीन नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा ११ विशेषज्ञ दरबन्दीमा १० रिक्त छन्। ६ ओटा स्टाफ नर्सको दरबन्दीमा पाँच रहेको छ। पाँच अनमीको दरबन्दीमा सबै रिक्त रहेको स्वास्थ्य कार्यालयका अधिकृत कृष्णदेव यादवले बताए।

यो वर्ष २४ हजार ३ सय ८१ महिला र २५ हजार १ सय ३१ पुरुष गरी ४९ हजार ५ सय १५ जनाले स्वास्थ्य बीमा गराए। ५ हजार २ सय ७० महिला, ५ हजार ३ सय ६१ पुरुष गरी १० हजार ६ सय ३१ जना ज्येष्ठ नागरिकले बीमा गराएको स्वास्थ्य बीमा कार्यालयका इनरोलमेन्ट अफिसर पशुपति चौधरीले बताए। जिल्लामा यस वर्ष कोभिड सङ्क्रमित हुनेको सङ्ख्या १ हजार ७ सय ३२ र मृत्यु हुनेको सङ्ख्या १ सय ९ रहेको छ।

गत वर्ष सङ्घीय सरकारले शिलान्यास गरेको सिरहा नगरपालिकामा १० शैयाको, गोलबजार नगरपालिका, मिर्चैया नगरपालिका, सुखिपुर नगरपालिका, धनगढीमाई नगरपालिका र कर्जन्हा नगरपालिकामा १५ शैयाको अस्पताल निर्माण कार्य भइरहेको छ। कल्याणपुर नगरपालिका, नहरा गाउँपालिका, औरही गाउँपालिका, भगवानपुर गाउँपालिका र बरियारपट्टी गाउँपालिकामा प्रक्रिया शुरु नभएको लक्ष्मीपुरपतारी गाउँपालिका, सखुवानन्कारकट्टी गाउँपालिका र अर्नमा गाउँपालिका डीपीआर पक्रियामा रहेको र विष्णुपुर गाउँपालिकामा मुद्दा परेकोले स्थगित भएको।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार			२	२
बलात्कार		२४	१९	४३
यौन दुर्व्यवहार	१	३	४	८
जम्मा	१	२७	२५	५३

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
'बोक्सी'को आरोप			५	५
बहुविवाह	३	६	९	१८
बेचबिखन तथा ओसारपसार			१	१
बलात्कार		१०	११	२१
बलात्कार प्रयास		७	१	८
जम्मा	३	२३	२७	५२

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	८	९

२.३ धनुषा

जम्मा जनसङ्ख्या	८,७३,२७४
महिला	४,३८,५३५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	४
प्रदेशसभा निर्वाचन क्षेत्र	८
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,७४,०७१
कामका लागि बाहिरिएका	६०,४००
अपाङ्गता भएका	८,४१२
५ वर्षमाथिको साक्षरता प्रतिशत	५०.४४
आश्रित जनसङ्ख्या	३,४६,८२४

यस वर्ष धनुषा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा १८ जना र ज्यादतीका घटनामा अन्य पक्षबाट ७२ जना महिला र ३९ जना पुरुषसहित १ सय ११ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३५ जना र महिला अधिकार उल्लङ्घनका घटनामा २७ जना पीडित भए। अपहरणका घटनामा चार, कुटपिटका घटनामा २४, घाइते एक, अमानवीय व्यवहारका घटनामा दुई, जातीय विभेदको घटनामा एक, अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकारबाट १३ जना पीडित भए। हिरासतमा एक जनाको मृत्यु भएको र २० जनाको हत्या भएका घटना इन्सेकले अभिलेख राख्यो। यातनाका कारण एक जना पीडित भए।



यातना

राज्यपक्षबाट

शहीदनगर नगरपालिका-४ ननुपट्टी बस्ने १५ वर्षीय रविशङ्कर कुमार पण्डितलाई ०७८ असार १२ गते इलाका प्रहरी कार्यालय, यदुकुहाले हिरासतमा लिएर यातना दिएको भन्दै असार १३ गते जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय र राष्ट्रिय मानव अधिकार आयोगमा पीडित पक्षले उजुरी दियो। इलाका प्रहरी कार्यालय, यदुकोहाको हिरासतमा गरिएको कुटपिटका कारण बेहोस भएपछि प्रादेशिक अस्पताल जनकपुरमा असार १२ गते उपचार गरिएको पीडितका काका बिन्देश्वर पण्डितले बताए। यदुकुहा प्रहरी चौकीका इन्स्पेक्टर संवित भण्डारीले चोरीको घटनामा सोधपुछ गरिएको तर हिरासतमा कुटपिट नगरेको बताए। यो वर्षको अन्त्यसम्म पीडित पक्षले इलाका प्रहरी कार्यालय यदुकुहा र जिल्ला प्रहरी कार्यालय, धनुषाले उजुरी दर्ता गरेनन्।

अमानवीय व्यवहार

अन्य पक्षबाट

रौतहट जिल्ला बृन्दावन नगरपालिका-१ विश्रामपुर निवासी ४५ वर्षीय सङ्घीय खानेपानी तथा ढल व्यवस्था विभाग जनकपुरका निमित्त प्रमुख इञ्जिनियर राजेश्वर कुशवाहालाई ०७८ कात्तिक ४

गते जनमत पार्टीका नेता कार्यकताहरूले कुटपिट गर्दै अर्धनग्न पारी जनकपुर बजार घुमाए। असोज २ र ३ गते भएको वर्षाको पानी निकास हुन नसकेर सर्वसाधारण जनताको घरघरमा पानी प्रवेश गरेपछि जनमत पार्टीले 'जनकार बाही' गरेको जनमत पार्टीका जिल्ला अध्यक्ष ओमविक्रम कुशवाहाले बताए। जनमत पार्टीका नेता कार्यकताहरूले विभागकै कार्यालयमा पुगेर निमित्त कार्यालय प्रमुखलाई हिलो छ्यापी, अर्धनग्न गरी जनकपुरको पिडारीचोक र रामानन्द चोक क्षेत्रमा घुमाए।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण				१	३	४
कुटपिट		३	३	४	१७	२१
हिरासतमा मृत्यु		१	१			
अमानवीय व्यवहार					२	२
घाइते				१		१
हत्या				६	१४	२०
सबै प्रकारका जातीय विभेद					१	१
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		१३	१३			
यातना		१	१			
बाल अधिकार	बेचबिखन तथा ओसारपसार			१		१
	विद्यालयमा शारीरिक सजाय				१	१
	बलात्कार			२२		२२
	यौन दुर्व्यवहार			१०	१	११
	जम्मा			३३	२	३५
महिला अधिकार	बलात्कार			११		११
	बलात्कार प्रयास			२		२
	यौन दुर्व्यवहार			१		१
	बहुविवाह			९		९
	घरेलु हिंसा			३		३
	'बोक्सी'को आरोप			१		१
	जम्मा			२७		२७
कूल जम्मा		१८	१८	७२	३९	१११

हिरासतमा मृत्यु

लक्ष्मीनियाँ गाउँपालिका-२ सिनुरजोडाका ४० वर्षीय पल्टु रविदासको शव ०७८ साउन १५ गते बिहान जिल्ला प्रहरी कार्यालय, धनुषाको हिरासतमा झुण्डिएको अवस्थामा फेला पऱ्यो। ज्यान मार्ने उद्योग (हत्या प्रयास) र अङ्गभङ्ग मुद्दामा थुनामा रहेका रविदासलाई जिल्ला अदालतले साउन ११ गते २ लाख रुपियाँ धरौटी राखेर रिहा गर्ने आदेश गरेको थियो। जिल्ला अदालत, धनुषाले साउन ११ गते नै धरौटी बुझाउन नसकेको भन्दै रविदासलाई जिल्ला कारागार, सिन्धुली पठाउने आदेश दिएको थियो। एक दुई दिनमा धरौटी रकम खोजी गर्ने र अदालतमा बुझाउने सर्तमा उनी जिल्ला प्रहरी कार्यालयको हिरासतमा थिए। पीडित परिवारलाई लक्ष्मीनियाँ गाउँपालिकाले १ लाख ५० हजार रुपियाँ सहयोग गरेको गाउँपालिका उपाध्यक्ष इन्द्रकला यादवले बताइन्। रविदासको जिल्ला प्रहरी कार्यालय धनुषाको हिरासतमा मृत्यु भएको समयमा ड्युटिमा खटिएका ३० वर्षीय प्रहरी जवान जयप्रकाश यादवलाई साउन १९ गतेदेखि ६ महिनाका लागि निलम्बन गरिएको प्रहरीले जनायो। साउन १९ गते आन्दोलनरत पक्ष र स्थानीय प्रशासनबिच बसेको बैठकले प्रहरी जवान यादवलाई निलम्बन गर्ने र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन सिफारिस गर्ने गरी सम्झौता गरे अनुरूप यादवलाई निलम्बन गरेको धनुषाका प्रमुख जिल्ला अधिकारी बन्धुप्रसाद बास्तोलाले बताए । शवको पोष्टमार्टम साउन १५ गते प्रादेशिक अस्पताल जनकपुरमा भयो।

अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

जनकपुरधाम उपमहागरपालिका-४ शिव चोकमा ०७७ माघ २२ गते प्रहरीको लाठीचार्जमा परेर नेकपा स्थायी कमिटी सदस्य सवैला नपा-२ बस्ने ५५ वर्षीय मातृका यादव, जनकपुरधाम उपमहागरपालिका-४ का ६० वर्षीय रामचन्द्र झा,

धनुषाको शहीद नगरपालिकाका नगर प्रमुख २९ वर्षीय उदय कुमार यादव बरबरीया, हंसपुर नपा-४ का ३० वर्षीय प्रदिप साह, सबैला नपा-२ सबैलाका ५२ वर्षीय कारिराम यादव, जनकपुर उपमहानगरपालिका-६ पेठियागाछीका ५१ वर्षीय उमेशकुमार साह, विदेह नपा-४ ठाडीका ३६ वर्षीय शिवकुमार गोइत, सहिद नपा-५ पचहरवाका ४४ वर्षीय सुरेश कापर घाइते भए।

प्रतिनिधि सभाको पुनर्स्थापना र संवैधानिक निकायमा सरकारले गरेको पदाधिकारी नियुक्तिको विरोधमा नेकपा (दाहाल-नेपाल) पक्षले आह्वान गरेको आमहड्तालका क्रममा प्रदर्शनकारी र प्रहरीबिच झडप भएको थियो। घाइतेहरूको उपचार प्रादेशिक अस्पताल जनकपुरमा सोही दिन गरियो। पूर्वमन्त्रीसमेत रहेका मातृका यादव, रामचन्द्र झा र मेयर उदयकुमार यादवको थप उपचार काठमाडौँमा गरियो। झडपमा परेर जिल्ला प्रहरी कार्यालय धनुषामा कार्यरत सर्लाही जिल्ला रामनगर नपा-१ निवासी प्रहरी जवान ३२ वर्षीय लालबाबु राय घाइते भए। घाइतेहरूको टाउको र हातमा चोट लागेको थियो। प्रहरीले सहिद नपा-६ हरबराका २८ वर्षीय अपराजय मण्डल, सहिद नपा-८ बिसरभोराका ५० वर्षीय बिरजु बिराजी, सोही ठाउँका ३० वर्षीय रुपेश बिराजी, सहिद नपा-६ हरबराका ३१ वर्षीय सभाष मण्डल र विदेह नपा-१ ठाडीका २८ वर्षीय रन्जीत पाण्डे लगायतलाई गिरफ्तार गरी जिल्ला प्रहरी कार्यालय जनकपुरमा राखेर सोही साँझ रिहा गऱ्यो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

उच्च अदालत

नौ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत, जनकपुरधाममा यस वर्ष व्यक्तिवादी देवानीका १ हजार २ सय १२ र सरकारवादी देवानीका २२ गरी १ हजार २ सय ३४ थान, व्यक्तिवादी फौजदारीका २ सय ७२ थान, सरकारवादी फौजदारीका ९ सय ९३ थान र सुरू क्षेत्राधिकारबाट १ सय १३ थान मुद्दा जिम्मेवारी सरेका थिए। ०७७ पुस १७ देखि ०७८ पुस १६ गतेसम्म दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ दुई वर्ष नाघेका ५ सय ५ र नयाँ दर्ता ४ सय ८८ थान गरी ९ सय ९३ थान मुद्दा परे। अघिल्लो वर्षका जिम्मेवारी सरेका तीन थान र नयाँ दर्ता भएका २९ थान गरी ३२ थान मुद्दा फैसला भए।

जिल्ला अदालत

नौ जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार ७ सय ६४ थानमध्ये ४ सय ७७ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ५ हजार ३ सय ५३ थानमध्ये १ हजार ८ सय १७ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा ४ सय ४ थान छन् भने देवानी मुद्दा ९ सय ५८ थान बाँकी छ। अदालतले २२ जना कर्मचारी करारमा नियुक्त गरेको छ भने १० जना यो वर्षको अन्त्यसम्म नै रिक्त रहे।

प्रतिनिधिसभाको पुनर्स्थापनाको माग गर्दै आम हड्तालको क्रम प्रहरीसँग भएको झडपमा घाइते भएका रामचन्द्र झा, मातृका यादव र प्रहरी जवान लालबाबु राय

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ४ सय ४२ आधारभूत र १ सय २४ मावि छन्। २ हजार ५ सय २८ जना शिक्षक दरबन्दी रहेकामा २८ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष ६ हजार ७ सय ९० बालक र ७ हजार ७ सय ४५ जना बालिका भर्ना भए। द्वन्द्वपीडित परिवारका १२ जना बालबालिकाले छात्रवृत्ति पाए। शहीद परिवारका तीन जनाले छात्रवृत्ति पाए।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा एक जना बालकसहित ११ जना, बलात्कारका घटनामा २२ जना, बेचबिखनको घटनामा एकजना बालिका र विद्यालयमा शारीरिक सजायबाट एक जना बालक गरी ३५ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालतले बलात्कार घटनाका २० जना आरोपितलाई पुर्पक्षका लागि थुनामा, एक आरोपित ४ लाख रुपियाँ धरौटीमा रिहा र एक आरोपितलाई ८ हजार धरौटीमा रिहा गऱ्यो। ११ जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भएको भन्दै ४ सय ३३ जनाले महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा ३ सय ९७ ओटा मेलमिलाप भएको र ६ ओटा घटना अदालतमा दर्ता भए भने ३० ओटा घटना अनुसन्धानको क्रममा रहे। खान लाउन नदिएको ५२ ओटा उजुरी दर्ता भएकोमा ४९ ओटा मिलापत्र भएको र तीन ओटा घटना अनुसन्धानकै क्रममा रहे। गालीगलौजका ३६ ओटा उजुरी दर्ता भएकोमा ४९ ओटा मिलापत्र भएको र सात ओटा अनुसन्धानको क्रममा रहे। दाइजोको चार ओटा घटना दर्ता भएकोमा तीन ओटा घटनामा मिलापत्र भएको र एउटा घटना अनुसन्धानकै क्रममा रहे। घर निकालाका ५७ ओटा घटना दर्ता भएकोमा ४८ ओटा मिलापत्र गरिएको छ भने नौ ओटा घटना अनुसन्धानको क्रममा रहे। आर्थिक कारणको तीन ओटा घटना दर्ता भएकामा दुई ओटामा मिलापत्र र एउटा अनुसन्धानको क्रममा रह्यो।

यो वर्ष धनुषामा घरेलु हिंसाका घटनामा तीन, बलात्कारका घटनामा ११, यौन दुर्व्यवहार को घटनामा एक, बलात्कार प्रयासका घटनामा दुई, बहुविवाहका घटनामा नौ र बोक्सीको आरोपमा एक जना गरी २७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कार घटनाका आठ जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। तीन जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार प्रयास घटनाका एक जना आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। एउटा घटनाका आरोपितलाई अदालतले ४ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो। बोक्सी आरोपमा अभक्ष कोच्याउन प्रयास गरेका आरोपितहरूविरुद्ध प्रहरीमा उजुरी परेपनि यो वर्षको अन्त्यसम्म आरोपित गिरफ्तार भएनन्। बहुविवाह घटनाका १६ जना आरोपितलाई जनही ५० हजार रुपियाँ धरौटीमा अदालतले रिहा गऱ्यो। अदालतले दुई जना आरोपितलाई जनही १ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो भने दुई जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

'बोक्सी'को आरोप

जनकपुरधाम उपमहानगरपालिका-१४ रजौलकी ३५ वर्षीया महिला स्वास्थ्य स्वयम्सेविका शीला देवी महरालाई 'बोक्सी'को आरोप लगाउँदै छिमेकी ४८ वर्षीय मङ्गल महरा, ४५ वर्षीय सुमित्रा देवी महरा, २७ वर्षीय सञ्जित महरा, २० वर्षीय रविन महरा र २६ वर्षीया देवकीदेवी महराले कुटपिट गर्दै साउन १ गते अभक्ष कोच्याउने प्रयास गरेको पीडितले आरोप लगाइन्। घरमा गाईवस्तु बिरामी भएको, छोरा, नातीनातिना बिरामी हुँदा समेत 'बोक्सी' नै लगाएको भन्दै आफूलाई साउन १ गते राति कुटपिट गर्दै अभक्ष कोच्याउने प्रयास गरेको पीडित शिलादेवी महराले बताइन्। पीडित महराको उपचार साउन १ गते प्रादेशिक अस्पताल, जनकपुरमा भयो। जिल्ला प्रहरी कार्यालय, धनुषाले पीडितले दिएको उजुरी दर्ता नगरेपछि साउन १३ गते इन्सेक, ओरेक नेपाल र महिला अधिकार रक्षक सञ्जालको संयुक्त प्रयासमा जिल्ला सरकारी वकिलको कार्यालयमार्फत उजुरी दर्ता भयो। आरोपितहरू वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

परिवारजनबाट हत्या

लक्ष्मीनिया गाउँपालिका-४ सपहीकी पाँच महिनाकी गर्भवती २३ वर्षीया प्रियङ्का पासवानको ०७८ असार १४ गते राति घाँटी थिचेर हत्या गरेको आरोपमा २९ वर्षीय पति सन्तोष पासवानविरुद्ध असार १५ गते इलाका प्रहरी कार्यालय, महेन्द्रनगरमा पीडितपक्षले उजुरी दर्ता गऱ्यो। शवको पोस्टमार्टम प्रादेशिक अस्पताल जनकपुरमा असार १५

गते भयो। प्रहरीले आरोपितलाई सोही दिन गिरफ्तार गऱ्यो। जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालत धनुषामा असार २४ गते पेश गरेकोमा आरोपितलाई सोही दिन पुर्पक्षका लागि कारागार पठाउने आदेश दियो। यो वर्षको अन्त्यसम्ममा मुद्दाको फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

धनुषा जिल्लामा एउटा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान, एउटा प्रादेशिक अस्पताल छन्। १ सय २० ओटा स्वास्थ्य चौकी, चार ओटा प्राथमिक स्वास्थ्य केन्द्र, १८ ओटा नगर स्वास्थ्य केन्द्र छन्। जनकपुर प्रादेशिक अस्पतालमा २६ जना विशेषज्ञको दरबन्दी रहेकामा ९ जनाको दरबन्दी रिक्त छ। जनस्वास्थ्य कार्यालय मातहत अहेवको ३ सय ४५ दरबन्दी रहेकामा ३ सय ३० जना कार्यरत छन् भने प्रादेशिक अस्पताल अन्तर्गत अहेवको पाँच जनाको दरबन्दीमा पाँचै जना कार्यरत छन्। प्रादेशिक अस्पताल जनकपुरमा बीमा कार्यक्रम र ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रम अन्तर्गत औषधिसहितको उपचार रोकिएको छ।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	कारबाही प्रक्रिया अघि नबढेका	जम्मा
बेचबिखन तथा ओसारपसार			१			१
विद्यालयमा शारीरिक सजाय		१				१
बलात्कार	१		५	१५	१	२२
यौन दुर्व्यवहार		१	१	७		९
जम्मा	१	२	७	२२	१	३३

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		३	८	११
बलात्कार प्रयास			२	२
बहुविवाह		१	८	९
यौन दुर्व्यवहार			१	१
'बोक्सी' को आरोपमा		१		१
घरेलु हिंसा	१	१	१	३
जम्मा	१	६	२०	२७

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	७	११	१८

२.४ महोत्तरी

जम्मा जनसङ्ख्या	७,१५,०४०
महिला	३,६०,०८८
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	४
प्रदेशसभा निर्वाचन क्षेत्र	८
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,००,५४४
कामका लागि बाहिरिएका	४०,५४१
अपाङ्गता भएका	१०,१६६
५ वर्षमाथिको साक्षरता प्रतिशत	४७
आश्रित जनसङ्ख्या	३,१५,७६७



यस वर्ष महोत्तरी जिल्लामा मानव अधिकार उल्लङ्घनको घटनामा एक जना र ज्यादतीका घटनामा अन्य पक्षबाट ३७ जना महिला, आठ जना पुरुषसहित ४५ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ११ जना र महिला अधिकार उल्लङ्घनका घटनामा २१ जना पीडित भए। राज्य पक्षबाट कुटपिटको घटनामा एक जना र अन्य पक्षबाट अपहरणका घटनामा तीन जना, अमानवीय व्यवहारको घटनामा एक जना, जातीय विभेदको घटनामा एक जना पीडित भए। एक जना घाइते र ६ जनाको हत्या भएका घटना इन्सेकले अभिलेख गरेको छ।

कारागार र बन्दी

महोत्तरी कारागारमा २ सय ५ पुरुष र १६ महिला सहित २ सय २१ कैदी तथा ३६ महिला र ३ सय ४ पुरुष गरी ३ सय ४० जना थुनुवा छन्। कारागारमा पाँच जना आश्रित बालबालिका रहेको कारागार प्रमुख गणेशचन्द्र मिश्रले बताए। थुनुवा तथा कैदीबन्दीहरूले ठाउँ अभावका कारण आलोपालो सुत्ने गरेका छन्। एउटै कोठामा रहने गरेका कैदीबन्दी केही रातमा सुत्छन् भने केही दिनमा सुत्ने गर्छन्। एक एक सातामा फेरि रातमा सुत्ने बन्दी दिनमा सुत्छन् भने दिनमा सुत्नेहरू रातमा सुत्छन्।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण				३	१	३
कुटपिट		१	१		१	१
अमानवीय व्यवहार					१	१
घाइते					१	१
हत्या				३	३	६
सबै प्रकारका जातयि विभेद					१	१
बाल अधिकार	बलात्कार			८		८
	यौन दुर्व्यवहार			३		३
	बालविवाह			१		१
	जम्मा			११		११
महिला अधिकार	'बोक्सी'को आरोप			३		३
	बलात्कार			५		५
	बलात्कार प्रयास			४		४
	बेचबिखन तथा ओसारपसार			१		१
	बहुविवाह			७		७
	घरेलु हिंसा			१		१
	जम्मा			३१		३१
कूल जम्मा		१	१	३७	८	४५

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

सात जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा पाँच जना कार्यरत छन्। जिल्ला अदालत महोत्तरीबाट यो वर्ष फौजदारी मुद्दातर्फ ५ सय ९० थानमध्ये १ सय १० थान फैसला भए भने देवानी मुद्दातर्फ २ हजार २ सय ८ थानमध्ये ६ सय ५३ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १४ थान र देवानी मुद्दा ४२ थान बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय २९ आधारभूत विद्यालय र ८३ माध्यमिक विद्यालय छन्। १ हजार ५ सय ५ शिक्षक दरबन्दी रहेकामा ५५ दरबन्दी रिक्त छन्। यस वर्ष ४८ हजार ६ सय ५३ बालक र ४२ हजार ६ सय ११ बालिका भर्ना भए। जिल्लामा १६ ओटा विद्यालय अपाङ्गतामैत्री छन्। आधारभूत विद्यालयस्तरमा २० हजार २ सय ५३ र माविस्तरमा २ हजार २ सय ८९ दलित बालबालिकालाई छात्रवृत्ति प्रदान गरियो। द्वन्द्वपीडित परिवारका २ ९ जना बालबालिकालाई छात्रवृत्ति दिइयो।

यस वर्ष यौन दुर्व्यवहार का घटनामा दुई जना, बलात्कारका घटनामा आठ जना र बालविवाहको घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। अदालतले बलात्कार घटनाका चार जना आरोपितलाई पुर्पक्षका लागि थुनामा र दुई जना आरोपितलाई बाल सुधार गृह पठायो। दुई जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

सन् २०२१ मा घरेलु हिंसाका कारण पीडित भएको भन्दै ३ सय ६ जना महिलाले जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, जलेश्वरमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरी घरनिकाला गरिएका १ सय ८२, खानलाउन नदिएका ७८, विवाह दर्ता तथा नागरिकता नबनाएका ३०, अर्को पत्नी ल्याएर हेला गरेका आठ, मार्ने धम्की दिइएका ६, 'बोक्सी'को आरोप लगाएका घटनामा दुई जना पीडित भएका थिए। ती घटनामध्ये प्रहरीले १ सय ४७ ओटा घटनामा मिलापत्र गराएको र १२ उजुरीमा कानुनी प्रक्रिया अगाडि बढाएको सो केन्द्रले जनायो। बाँकी घटनाका सम्बन्धमा प्रक्रिया चलिरहेको छ।

यो वर्ष महोत्तरीमा घरेलु हिंसाको घटनामा एक, बलात्कारका घटनामा पाँच, बलात्कार प्रयासका घटनामा चार, बहुविवाहका घटनामा सात, बोक्सीको आरोपमा तीन र बेचबिखन घटनामा एक जना गरी २१ जना महिला पीडित भएको इन्सेकले अभिलेख

गऱ्यो। बलात्कार घटनामा पाँच आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। दुई जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। अदालतले बलात्कार प्रयासका घटनाका दुई जना आरोपितलाई पुर्पक्षका लागि थुनामा र एक जना आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। एक जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

परिवारजनबाट हत्या

लोहरपट्टी नपा-७ भमरपुराकी २६ वर्षीया सुजिता ठाकुरलाई परिवारजनले दाइजो नल्याएको भन्दै हत्या गरेको आरोपमा मृतकका माइती पक्षले असार ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित परिवारले दिएको उजुरी जिल्ला प्रहरी कार्यालयमा असार २१ गते दर्ता गरिएको पीडित परिवारले जनायो। जेठ २० गतेदेखि सम्पर्कविहीन रहेकी सुजिताको शव असार २७ गते आफ्नै पेट्रोल पम्पको छेउमा रहेको शौचालयको ट्याङ्कीमा फेला परेको प्रहरीले जनायो। सुजिताको हत्या आरोपमा प्रहरीले पीडितका देवर लोहरपट्टी नपा-७ भमरपुर ाका २७ वर्षीय रूपेश ठाकुर, ३७ वर्षीय बण्ठा भनिने किशोरी मण्डल, ३३ वर्षीय मुल्ला भनिने आदम राइन, ३२ वर्षीय नथुनी मण्डललाई असार १३ गते गिरफ्तार गऱ्यो। हत्या घटनामा संलग्न आरोपित सुजिताका देवर रुपेश ठाकुर गिरफ्तार गरिए पनि सुजिताका ससुरा, सासू र देवरानी भने यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। घटनाको अनुसन्धानका क्रममा प्रहरीले मृतक सुजिताका बुबा ५० वर्षीय कामेश्वर पाण्डे, जनकपुर धाम उमनपा-१४ कुटीपोखरी बसहिया बस्ने ५५ वर्षीय प्रमोद भनिने विनोद मण्डल, ३५ वर्षीया नन्द अन्जु ठाकुर चौधरीलाई साउन १८ गते गिरफ्तार गऱ्यो। महोत्तरी जिल्ला अदालतले साउन २६ गते घटनाका आरोपित सुजिताका देवर रूपेश ठाकुर र बुवा कामेश्वर पाण्डेलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दियो। न्यायाधीश मुकेशकुमार उपाध्यायको इजलासले प्रहरीले अनुसन्धानमा सुजिताको शव ओसारपोसार, गाड्नेदेखि लुकाउनेसम्ममा संलग्न दावी गरिएका जनकपुरधाम उमनपा-१४ कुटीपोखरी बसहिया बस्ने ५५ वर्षीय प्रमोद भनिने विनोद मण्डल, लोहरपट्टी नपा-७ भमरपुरा बस्ने ३७ वर्षीय बण्ठा भन्ने किशोरी मण्डल, ३३ वर्षीय मुल्ला भनिने आदम राइन र ३२ वर्षीय नथुनी मण्डललाई जनही १/१ लाख रुपियाँ धरौटीमा रिहा भए। घटना लुकाएको आरोप लागेकी सुजिताकी नन्द अन्जु ठाकुर चौधरीलाई अदालतले १० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

'बोक्सी'को आरोप

मनरासिश्वा नगरपालिका-७ की ६० वर्षीया सोनावती देवीलाई ०७७ चैत २९ गते 'बोक्सी' भनी कुटपिट गरेर हत्या प्रयास गरेको भन्दै पीडित पक्षले मनरासिस्वा नगरपालिका-७ का ४० वर्षीया जिबु भनिने जिवो देवी, २७ वर्षीय राम सुलिन्द्र बैठा, ५५ वर्षीय राम जिनिस बैठा, ४८ वर्षीया कुन्ती देवीविरुद्ध जिल्ला प्रहरी कार्यालयमा चैत ३० गते उजुरी दियो। पीडितको उपचार चैत ३० गते जलेश्वर अस्पतालमा भयो। प्रहरीले चैत ३१ गते जिल्ला अदालत महोत्तरीमा मुद्दा दर्ता गऱ्यो। आरोपितलाई जिल्ला अदालत महोत्तरीको वैशाख ५ गतेको आदेशले १० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

दाइजोका कारण कुटपिट

सम्सी गाउँपालिका-६ सम्सीबजार माइती घर भएकी सर्लाही जिल्ला हरिपुर्वा नपा-२ बस्ने २१ वर्षीया अमृता साहलाई दाइजो कम ल्याएको निहुँमा २४ वर्षीय पति जोगनारायण साहलगायतले कुटपिट गरेको भन्दै पीडितले ०७८ जेठ २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। कुटपिटबाट घाइते भएकी अमृतालाई आरोपितले सम्सीबजारस्थित माइती घरमा छाडेर भागेको पीडित पक्षले आरोप लगायो। विवाह भएको एक महिना नबित्दै दाइजोमा ग्याँस चुल्हो र सिलिन्डरलगायतका सामग्री नदिएको भन्दै कुटपिट गरी यातना दिएको आरोपमा पति जोगनारायणलगायत ५० वर्षीय ससुरा अनुप साह, ३० वर्षीय जेठाजु सत्यनाराण साह, २६ वर्षीय जेठाजु भागनारायण साह, २० वर्षीय देवर शत्रोहन साह र ४५ वर्षीया सासू रजखोरबालीविरुद्ध पीडितले प्रहरीमा उजुरी दिइन्। जिल्ला प्रहरी कार्यालय सर्लाहीका एसपी सन्तोष सिंह राथोडका अनुसार कुटपिटमा संग्लन ससुरा अनुप साहलाई जेठ २४ गते गिरफ्तार गरेको र घटनामा संलग्न अन्य आरोपितहरू गिरफ्तार भएनन्। जेठ ३० गते मिलापत्र गराइयो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा जलेश्वर र बर्दिवासमा गरी दुई ओटा जिल्ला अस्पताल, पाँच प्राथमिक स्वास्थ्य केन्द्र, १८ स्वास्थ्य चौकी र ५२ उपस्वास्थ्य चौकी रहेको छ। प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको आर्थिक सहयोगमा जिल्ला अस्पताल, जलेश्वरमा पाँच बेडको भेन्टिलेटर जडान गरिएको भए पनि दक्ष जनशक्तिको अभावमा अझ सम्म सेवा सुरु हुनु सकेको छैन। महोत्तरीमा १५ शैयाको जलेश्वर अस्पतालमा २७ जनाको दरबन्दीमा दुई जना मेडिकल अधिकृत, तीन स्टाफ नर्स सहित नौ जनाको दरबन्दी रिक्त छ। स्वास्थ्य मन्त्रालयको सहयोगमा दुई वर्षअघि १९ करोड १८ लाख रुपियाँ लागतमा निर्माण भएको महोत्तरी जिल्ला अस्पताल, जलेश्वरको नयाँ भवन निर्माण भएको छ। तर, महोत्तरी जिल्ला कै सबै भन्दा ठूलो स्वास्थ्य प्रतिष्ठान महोत्तरी जिल्ला अस्पताल रेफरल सेन्टर मै सीमित भएको छ। दरबन्दी अनुसार चिकित्सक नभएकाले यहाँ लामो समयदेखि सामान्य शल्यक्रिया समेत हुन सकेको छैन।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह	१		१
बलात्कार	२	६	८
यौन दुर्व्यवहार		२	२
जम्मा	३	८	११

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
'बोक्सी'को आरोप			२	२
बलात्कार		२	३	५
बलात्कार प्रयास		१	३	४
बहुविवाह		३	४	७
बेचिबखिन तथा ओसारपसार			१	१
घरेलु हिंसा	१			१
जम्मा	१	६	१३	२०

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	६	६

२.५ सर्लाही



जम्मा जनसङ्ख्या	८,५७,३६०
महिला	४,२३,५७८
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	४
प्रदेशसभा निर्वाचन क्षेत्र	८
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,३५,२६८
कामका लागि बाहिरिएका	२१,४०१
अपाङ्गता भएका	५,५८५
५ वर्षमाथिको साक्षरता प्रतिशत	८५
आश्रित जनसङ्ख्या	३,८६,५७६

यस वर्ष सर्लाही जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा ४० जना र ज्यादतीका घटनामा अन्य पक्षबाट २१ जना महिला, ४५ जना पुरुषसहित ६६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ६ जना र महिला अधिकार उल्लङ्घनका घटनामा आठ जना पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागार जीर्ण भएपछि करिब १० वर्षदेखि यहाँका कैदीबन्दीलाई सुनसरी, महोत्तरी, रौतहट, सिन्धुली जिल्लाका कारागारमा पठाउने गरिएको छ। २०६२ सालमा नेकपा माओवादीको आक्रमणले जेल कारागारको पर्खाल र २०६८ सालमा भूकम्पका कारण छत चर्किएकाले २ सय ५० पुरुष र १ सय ५० महिलाको क्षमता रहने गरी नयाँ भवन निर्माण गरिरहेको सहायक प्रमुख जिल्ला अधिकारी रामनरेश महराले जानकारी दिए।

झडपमा घाइते

नेपाल कम्युनिष्ट पार्टी (प्रचण्ड-नेपाल समूह) का कार्यकर्ता र नेपाली कांग्रेसका कार्यकर्ताबिच ०७७ पुस २६ गते झडप हुँदा चक्रघटा गाउँपालिका-२ का ३६ वर्षीय दिनेश राय, ३३ वर्षीय रञ्जित यादव, २८ वर्षीय सन्तोष यादव, चक्रघटा गाउँपालिका-९ घोरियाका २० वर्षीय धिरेन्द्र यादव, २२ वर्षीय पप्पु यादव र चक्रघटा गाउँपालिका-७ सगरदिनाका ३३ वर्षीय नविनकुमार यादव घाइते भए। चक्रघट्टा गाउँपालिका अध्यक्ष विक्रम यादव पक्षले चक्रघट्टा गाउँपालिका-६ गोहियाहीका ६१ वर्षीय रामजिनिस साहलाई पुस २५ गते कुटपिट गरेको विषयमा झडप भएको हो। घाइते सबैको उपचार जिल्ला अस्पताल मलङ्गवामा गरिएको थियो। नेपाली कांग्रेसका कार्यकर्ता लेथ मेशीन सञ्चालक चक्रघटा गाउँपालिका-६ गोहियाही का ६१ वर्षीय रामजिनिस साहलाई कुटपिट गरी घाइते बनाएको पीडित पक्षको आरोप छ। घाइतेको उपचार जिल्ला अस्पताल मलङ्गवामा गरी थप उपचारका लागि बीरगंज रेफर गरिएको जिल्ला प्रहरी कार्यालयले जनायो। स्थानीयले चक्रघटा गाउँपालिकाको ना १ झ १७०० नाम्बरको स्कर्पियो जीप र कार्यालयमा

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण						१	१
कुटपिट			६	६	२	२८	३०
घाइते			२	२		७	७
हत्या					५	७	१२
सबै प्रकारका जातीय विभेद					१	१	२
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		३	२९	३२			
बाल अधिकार	नवजात शिशुको हत्या					१	१
	बलात्कार				४		४
	यौन दुर्व्यवहार				१		१
	जम्मा				५	१	६
महिला अधिकार	बलात्कार				१		१
	बलात्कार प्रयास				६		६
	घरेलु हिंसा				१		१
	जम्मा				८		८
कूल जम्मा		३	३७	४०	२१	४५	६६

तोडफोड गरी लाखौँको क्षति पुऱ्याएको चक्रघटा गाउँपालिकाका अध्यक्ष यादवको आरोप छ। यो वर्षको अन्त्यसम्म प्रहरीमा उजुरी परेन।

चन्द्रनगर गाउँपालिका-७ मा रहेको गाउँपालिका कार्यालय वडा नं. २ स्थित बबरगञ्जमा सार्न खोजेको भन्दै स्थानीय, नेपाली कांग्रेस तथा नेकपाका कार्यकर्ताहरू संयुक्त रुपमा मिली चन्द्रनगर गाउँपालिकाको कार्यालयमा तालाबन्दी गरी ०७७ फागुन २१ गते प्रदर्शन गरेपछि प्रहरीले लाठी चार्ज गर्नुका साथै १४ राउण्ड अश्रु ग्याँस प्रहार गर्दा नौ जना घाइते भए। तालाबन्दी गरी प्रदर्शन गर्ने क्रममा प्रर्दशनकारी र प्रहरीबिच झडप भयो। झडपमा घाइते हुनेहरूमा नेकपाका कार्यकर्ता चन्द्रनगर गाउँपालिका-७ का ३६ वर्षीय रामकलेबर राय यादव, २८ वर्षीय सकिन्द्र मुखिया, २९ वर्षीय राकेश महतो, ३१ वर्षीय रामसमिन्द्र मुखिया र कांग्रेस कार्यकर्ता चन्द्रनगर गाउँपालिका-७ का ३३ वर्षीय नवराजकुमार महतो, ३० वर्षीय रामकलेश सिंह, ३५ वर्षीय विवेक दनुवार, २४ वर्षीय रविन्द्र सहनी, वडा नं ६ का २८ वर्षीय सत्यनारायण दनुवार घाइते भए। घाइतेहरूको सामान्य उपचार चन्द्रनगर गाउँपालिकास्थित सामुदायिक स्वास्थ्य क्लिनिकमा गरी जिल्ला अस्पताल मल वा लगेर थप उपचार गराइयो। झडपमा सशस्त्र प्रहरी बलका ३२ वर्षीय रामनरेश राय, २९ वर्षीय विनोद महतो, ३४ वर्षीय रामचन्द्र राय यादव सामान्य घाइते भएका छन्। ०७७ फागुन २५ बैठक बसी सहमति गरियो। यस विषयमा प्रहरीमा उजुरी परेन।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

६ जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ६ सय ३७ थानमध्ये ४ सय ८२ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ८ सय २२ मध्ये ५ सय ७२ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा २ सय ५ थान छन् भने देवानी मुद्दा ३ सय ११ थान बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ५ सय ५५ आधारभूत र १ सय ३३ ओटा मावि छन्। सर्लाही जिल्लामा कक्षा १ देखि कक्षा ५ सम्म १ हजार ९ सय ९३ , कक्षा ६ देखि कक्षा ८ सम्म २ सय ६५, कक्षा ९ देखि कक्षा १० सम्म २ सय २९ र कक्षा ११ देखि कक्षा १२ सम्म ३९ जना शिक्षकको दरबन्दी छ।

यस वर्ष २०७७/०७८ मा ११ हजार ७ सय ३४ बालक र १३ हजार ८ सय ६५ बालिका विद्यालयमा भर्ना भएको छ। जसमध्ये १ सय १४ अपाङ्ग बालिका र ९६ जना बालक भर्ना भएको जिल्ला शिक्षा तथा समन्वय इकाइका प्रमुख रामअधार यादवले बताउनु भएको छ। जसमध्ये १ हजार १ सय २२ दलित बालक र १ हजार २ सय १३ बालिका भर्ना भएको यादवले बताए।

यस वर्ष यौन दुर्व्यवहारको घटनामा एक जना, बलात्कारका घटनामा चार जना पीडित भएका

र एक जना नवजात शिशुको हत्या भएका घटना इन्सेकले अभिलेख गऱ्यो। बलात्कार घटनाका दुई आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा ०७७ साल पुस १७ गतेदेखि ०७८ पुस १६ गतेसम्म ४ सय ३४ ओटा उजुरी दर्ता भए। जसमध्ये २ सय ९८ ओटा उजुरीको मिलापत्र र ६६ ओटा उजुरीका उजुरीकर्ता नै सम्पर्कमा आएनन्। ७० ओटा उजुरी प्रक्रियामा रहेका जिल्ला प्रहरी कार्यालयका महिला तथा बालबालिका सेलका अधिकारी प्रिन्सकुमार साहले बताए।

यो वर्ष सर्लाहीमा घरेलु हिंसाको घटनामा एक, बलात्कारको घटनामा एक र बलात्कार प्रयासका घटनामा ६ गरी आठ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कार घटनाका दुई जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार प्रयास घटनाका पाँच आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। चार जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

परिवारजनबाट हत्या

लालबन्दी नगरपालिका-२ पुनर्वासकी ३२ वर्षीया उषादेवी कर्णलाई ०७८ वैशाख २७ गते कुटपिट गरी हत्या गरेको आरोपमा प्रहरीले हरिवन बस्दै आएका ३५ वर्षीय पति विजयलाल कर्णलाई वैशाख २७ गते लालबन्दी नगरपालिका-१ नेत्रगञ्जबाट गिरफ्तार गऱ्यो। घरायसी विवादका क्रममा सिलौटाले टाउकोमा प्रहार गरी पत्नीको हत्या गरेको आरोपमा अनुसन्धानका लागि आरोपितलाई गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालयका डिएसपी मदन कुँवरले बताए। शवको पोष्टमार्टम जिल्ला अस्पताल, मलङ्गवामा वैशाख २७ गते भयो। जिल्ला अदालतको ०७८ जेठ ४ गते आदेशमा आरोपित पुर्पक्षका लागि थुनामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

सर्लाही जिल्लामा एक सरकारी अस्पताल, १८ सामुदायिक अस्पताल, १ सय ९६ स्वास्थ्य चौकी, चार प्राथमिक स्वास्थ्य केन्द, पाँच नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकाम मलङ्गवास्थित सरकारी अस्पतालमा ६ जना विशेषज्ञ दरबन्दीमा तीन ओटा दरबन्दी रिक्त छन्। पाँच जना स्टाफ नर्सको दरबन्दीमा एउटा रिक्त छ। ६ ओटा अनमीको दरबन्दीमा दुई ओटा रिक्त रहेको स्वास्थ्य कार्यालय प्रशासन फाँटका अधिकृत कुलप्रसाद नेपालीले बताए।

यो वर्ष जिल्लामा ९ हजार ५ सय ७८ महिला, ११ हजार ७ सय ९८ पुरुष गरी २१ हजार ३ सय ७६ जनाले स्वास्थ्य बीमा गराएको स्वास्थ्य बिमा कार्यालयका अफिसर रामनरेश यादवले बताए।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
नवजात शिशुको हत्या		१		१
बलात्कार		३	१	४
यौन दुर्व्यवहार	१			१
जम्मा	१	४	१	६

महिला अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१	१
बलात्कार प्रयास	२	४	६
घरेलु हिंसा		१	१
जम्मा	२	६	८

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	७	१०

२.६ रौतहट



जम्मा जनसङ्ख्या	८,२५,६२३
महिला	४,०९,७५९
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	४
प्रदेशसभा निर्वाचन क्षेत्र	८
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२,२७,०००
कामका लागि बाहिरिएका	९,३३१
अपाङ्गता भएका	८,६९८
५ वर्षमाथिको साक्षरता प्रतिशत	४७
आश्रित जनसङ्ख्या	२,६४,७५१

यस वर्ष रौतहट जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा ६ जना र ज्यादतीका घटनामा अन्य पक्षबाट ५८ जना महिला, २७ जना पुरुषसहित ८५ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३१ जना र महिला अधिकार उल्लङ्घनका घटनामा २३ जना पीडित भए। अन्य पक्षबाट कुटपिटका घटनामा २४ र राज्य पक्षबाट अभिव्यक्ति भेला तथा सङ्गठित हुने अधिकार उल्लङ्घनका घटनामा पाँच जना पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता १ सय ५० जनाको छ। कारागारमा ३ सय ५७ जना कैदीबन्दी छन्। जसमा १२ महिला ३ सय ४५ पुरुष छन्। कारागारको क्षमता महिला २० र पुरुष १ सय ३० जनाको हो। कारागारमा एक जना आश्रित बालक छन्।

कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा कार्यरत छन्। कारागारमा सामान्य मानसिक रोगी पाँच जना छन्। तर, उनीहरूको उपचारको व्यवस्था गरिएको छैन। ६० वर्ष नाघेका २० जना ज्येष्ठ नागरिक (पुरुष) रहेको जिल्ला कारागार प्रमुख शम्भुप्रसाद यादवले बताए।

कारागारमा मृत्यु

रौतहट जिल्ला कारागार गौरमा रहेका २५ वर्षीय र २३ वर्षीय दुई युवकले कारागारका नाइके जयबाबु सिंहले विभिन्न प्रलोभन दिएर छुट्टै कोठामा बोलाएर अप्राकृतिक करणी गर्न दबाब दिएर यौन शोषण गरेको ०७८ मङ्सिर २ गते अधिकारकर्मीसँगको भेटमा जानकारी गराए। रौतहटको देवाही गोनाही नगरपालिका-७ बस्ने २५ वर्षीय लडाइ साहको जिल्ला कारागारमा रहेको ट्वाइलेटमा ०७८ मङ्सिर १ गते

झुण्डिएको अवस्थामा फेला परेको र उपचारको क्रममा मृत्यु भएको घटना सार्वजनिक भएपछि सो घटनाको स्थलगत अनुगमनका क्रममा रहेका अधिकारकर्मीलाई एक निवेदन दिँदै उनीहरुले आफूहरुमाथि यौन शोषण हुने गरेको बताए। कारागारभित्र भइरहेको यौन शोषण, महँगी र लडाइ साहको शङ्कास्पद मृत्यु घटनालाई लिएर कारागारका कैदीबन्दीले आन्दोलन गरेका थिए। कारागारभित्र भइरहेको यौन शोषण लगायतको सन्दर्भमा मङ्सिर २ गते प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर साही, कारागार प्रमुख शम्भु यादव र जिल्ला प्रहरी कार्यालयका एसपी विनोद घिमिरेलाई भेटी यस्तो घटनाको अनुसन्धान गरी दोषीलाई कानुन बमोजिम कारबाही गर्न अधिकारकर्मीले अनुरोध गरेका थिए। सो अनुरोध अनुसार चौकीदार विक्की भनिने अनुरुद्धकुमार सिंह, दाइ नाइके रामनरेश यादव, नाइके जयबाबु सिंह लगायतलाई जिल्ला प्रहरी कार्यालयमा राखिएको थियो। आरोपित उनीहरूलाई हाल जिल्ला कारागार, रामेछाप सरुवा गरिएको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

सात जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार २ सय ३ थानमध्ये ९५ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३ हजार २ सय १० थानमध्ये ६ सय २ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा ५ सय ३३ थान छन् भने देवानी मुद्दा ९ सय ३९ थान बाँकी छन्। अदालतले २३ जना कर्मचारी करारमा नियुक्त गरेको छ भने १६ जना यो वर्षको अन्त्यसम्म नै रिक्त रहे।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ८५ आधारभूत र ९५ मावि छन्। २ हजार २ सय ३१ शिक्षक दरबन्दी रहेकामा १ हजार ६ सय ५५ ओटा दरबन्दी मिलान हुन बाँकी छ। यस वर्ष ६७ हजार ८ सय ९३ बालक र ६१ हजार ६ सय ४३ जना बालिका विद्यालयमा भर्ना भए। जसमा अपाङ्गता भएका १ सय ५४ बालिका र २ सय ८ बालक भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय नौ ओटा छन्। द्वन्द्वपीडित परिवारका १ सय १५ जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाभर ५ हजार ४ सय दलित बालक र ४ हजार १ सय दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका १७ जनाले छात्रवृत्ति पाए। शहीद परिवारका २० जना र द्वन्द्वपीडित परिवारका ९५ जना बालबालिकाले छात्रवृत्ति पाए।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा सात जना, बलात्कारका घटनामा २३ जना र बालविवाहको घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालतले बलात्कार घटनाका सात आरोपितलाई पुर्पक्षका लागि थुनामा, सात आरोपितलाई बाल सुधार गृह र एक आरोपितलाई ६० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। नौ जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। अदालतले यौन दुर्व्यवहारको घटनाका एक आरोपितलाई १ लाख ६२ हजार रुपियाँ, एक आरोपितलाई १ लाख १० हजार रुपियाँ र एक जना आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। एक जना आरोपितलाई प्रहरीले गिरफ्तार गरी अनुसन्धानमा राख्यो। चार जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ७ सय १२ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, गरुडामा उजुरी दर्ता गराए। दर्ता भएका २ सय ५४ ओटा उजुरीमा मिलापत्र गरिएको र ४ सय ५८ ओटा उजुरीका उजुरीकर्ता सम्पर्कमा नआएकोले थप कारबाही नभएको सेवा केन्द्रकी प्रमुख फूलमाया गुरोले बताइन्।

यो वर्ष रौतहटमा घरेलु हिंसाको घटनामा एक, बलात्कारका घटनामा आठ, बलात्कार प्रयासका घटनामा आठ, बहुविवाहका घटनामा पाँच र बेचबिखन प्रयासको घटनामा एक जना गरी २३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अदालतले बलात्कार घटनाका दुई जना आरोपितलाई पुर्पक्षका लागि थुनामा, एक जना आरोपितलाई १ लाख ५० हजार रुपियाँ र एक जना आरोपितलाई १ लाख रुपियाँ धरौटीमा धरौटीमा रिहा गऱ्यो। पाँच जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार प्रयास घटनामा तीन जना आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। तीन जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट				१	२३	२४
अमानवीय व्यवहार					२	२
हत्या				३	२	५
कारागारमा मृत्यु		१	१			
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		५	५			
बाल अधिकार	बालविवाह			१		१
	बलात्कार			२३		२३
	यौन दुर्व्यवहार			७		७
	जम्मा			३१		३१
महिला अधिकार	बेचबिखन तथा ओसारपसार प्रयास			१		१
	बलात्कार			८		८
	बलात्कार प्रयास			८		८
	बहुविवाह			५		५
	घरेलु हिंसा			१		१
	जम्मा			२३		२३
कूल जम्मा		६	६	५८	२७	८५

एसिड प्रहार

चन्द्रपुर नपा-४ चन्द्रनिगहापुरकी ३७ वर्षीया दीपिका बिकलाई ४२ वर्षीय पति दिपक बिकले ०७८ जेठ २ ९ गते एसिड प्रहार गरी घाइते बनाएको आरोपमा पीडितले इलाका प्रहरी कार्यालय चन्द्रनिगहापुरमा जेठ ३० गते उजुरी दिइन्। पीडित घर मा बसिरहेको अवस्थामा पति बाहिर कामबाट घर आएको र सो अवस्थामा पीडितले 'म थाकेकी छु एकछिन सुत्छु मलाई नउठाउनु है' भन्दै सुत्न लाग्दा पतिले 'तँलाई मार्छु' भन्दै मुखमा एसिड हाल्ने क्रममा पीडितले छेक्दा एसिड मुख, हात र जीउमा परी घाइते भइन्। आरोपितलाई घटना लगत्तै मौखिक उजुरीका आधार मा इलाका प्रहरी कार्यालय, चन्द्रनिगाहपुरले गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध एसिड प्रहार गरी शरीरमा क्षति पुऱ्याएको शीर्षकमा मुद्दा दर्ता भएको प्रहरीले जनायो। पीडितको सामान्य उपचार जेठ ३० गते एपोलो हस्पिटल चन्द्रनिगहापुरमा गरी थप उपचार कीर्तिपुरमा भयो। जिल्ला अदालतको ०७८ असार २३ गतेको आदेशले आरोपित पुर्पक्षको लागि थुनामा छन्। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

परिवारजनबाट हत्या

फतुवा विजयपुर नपा-७, हर्षाहा टोलकी २२ वर्षीया शर्मिला कुमारीलाई २४ वर्षीय पति अवध साहले ०७८ असोज २ गते आफ्नै घरकोठामा घाँटी थिची हत्या गरेको आरोपमा पीडित पक्षले इलाका प्रहरी कार्यालय, लक्ष्मीनियामा असोज १५ गते उजुरी दियो। प्रहरीले आरोपितलाई असोज १७ गते घरैबाट गिरफ्तार गऱ्यो। शवको पोर्ष्टमार्टम टिचिङ अस्पताल, काठमाडौँमा असोज ४ गते भयो। जिल्ला सरकारी वकिल कार्यालयमार्फत ०७८ कात्तिक ४ गते अदालतमा मुद्दा पेश भएकामा जिल्ला अदालतले कात्तिक ५ गते आरोपितलाई पुर्पक्षको लागि कारागार पठाउने आदेश गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई ओटा सरकारी अस्पताल, २४ ओटा सामुदायिक अस्पताल, ३२ ओटा स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, चार ओटा नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा १० जना विशेषज्ञको दरबन्दीमा आठ जनाको दरबन्दी रिक्त छ। ११ जना स्टाफ नर्सको दरबन्दीमा सात ओटा खाली, आठ जनाको दरबन्दीमा चार कार्यरत छन्। जिल्लामा २१ हजार ८ सय ६५ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा पनि ९ हजार ७ सय ९६ जनाको बीमा गरिएको छ।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह		१	१
बलात्कार	८	१५	२३
यौन दुर्व्यवहार	४	३	७
जम्मा	१२	१९	३१

महिला अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास		१	१
बलात्कार	५	३	८
बलात्कार प्रयास	२	६	८
बहुविवाह	३	२	५
घरेलु हिंसा		१	१
जम्मा	१०	१३	२३

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	३	५

२.७ बारा

जम्मा जनसङ्ख्या	७,४३,९७५
महिला	३,६३,७८३
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	४
प्रदेशसभा निर्वाचन क्षेत्र	८
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२,०३,४८४
कामका लागि बाहिरिएका	१२,५३०
अपाङ्गता भएका	११,६४९
५ वर्षमाथिको साक्षरता प्रतिशत	५२
आश्रित जनसङ्ख्या	३,४३,९५७



यस वर्ष बारा जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा आठ जना र ज्यादतीका घटनामा अन्य पक्षबाट ५४ जना महिला, ११ जना पुरुषसहित ६५ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १७ जना र महिला अधिकार उल्लङ्घनका घटनामा २३ जना पीडित भए। अपहरणका घटनामा ११ जना, कुटपिटका घटनामा चार जना, धम्कीको घटनामा एक जना, जातीय विभेदको घटनामा एक जना पीडित भए। बारामा आठ जनाको हत्या भएका घटना इन्सेकले अभिलेख गऱ्यो। राज्य पक्षबाट अभिव्यक्ति भेला तथा सङ्गठित हुने अधिकारबाट आठ जना पीडित भएका घटना अभिलेखित छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

सात न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार ६ सय ४६ थानमध्ये ५ सय ६५ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४ हजार ७ सय ३४ थानमध्ये १ हजार ९ सय ८ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा ५ सय ३१ थान र देवानी मुद्दा १ हजार १ सय ७६ थान बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ५ सय २३ आधारभूत र ७५ मावि छन्। २ हजार ३ सय ४१ शिक्षक दरबन्दी रहेकामा १ हजार ६ सय २३ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष ८ हजार २ सय ४४ बालक र ६ हजार ५ सय १९ जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका १ सय ३० बालिका र १ सय ५५ बालक भर्ना भएका थिए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय ६० ओटा छन्। द्वन्द्वपीडित परिवारका चार जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाभर २ सय ५० दलित बालक र १ सय ७५ दलित बालिका विद्यालय भर्ना भए। शहीद परिवारका दुई जना र द्वन्द्वपीडित परिवारका २० जनाले छात्रवृत्ति पाए।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण				१०	१	११
कुटपिट				१	३	४
हत्या				३	५	८
सबै प्रकारका जातयि विभेद				१		१
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		८	८			
धम्की					१	१
बाल अधिकार	बलात्कार			१०		१०
	यौन दुर्व्यवहार			६	१	७
	जम्मा			१६	१	१७
महिला अधिकार	बलात्कार			१०		१०
	बलात्कार प्रयास			७		७
	बहुविवाह			५		५
	घरेलु हिंसा			१		१
	जम्मा			३३		३३
कूल जम्मा		८	८	५४	११	६५

यस वर्ष यौन दुर्व्यवहारका घटनामा ६ जना र बलात्कारका घटनामा १० जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालतले बलात्कार घटनाका सात जना आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। तीन जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यौन दुर्व्यवहार घटनाका पाँच आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। एक जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष जिल्ला प्रहरी कार्यालय बारा अर्न्तगत महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा घरबाट निकाला गरेको भन्दै ९ सय ४ जना महिलाहरूले उजुरी दिए। ५ सय १ जनाको मिलापत्र गराइ पठाएको र बाँकी प्रक्रियामा रहेका जिल्ला प्रहरी कार्यालयका एसपी दिलिपसिंह देउवाले बताए। त्यसैगरी नागरिकता, जन्म दर्ता तथा विवाह दर्ता बनाइ पाउँ भनी ९५ उजुरी परे। जसमा ५३ उजुरीकर्ताले मिलापत्र गरे भने ४२ उजुरी प्रक्रियामा रहे।

यो वर्ष बारामा घरेलु हिंसाको घटनामा एक, बलात्कारका घटनामा १०, बलात्कार प्रयासका घटनामा सात र बहुविवाहका घटनामा पाँच जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालतले बलात्कार घटनाका ६ जना आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई १ लाख धरौटीमा रिहा गऱ्यो। दुई जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार प्रयास घटनाका १० जना आरोपितलाई पुर्पक्षका लागि थुनामा र एक जना आरोपितलाई अदालतले बाल सुधार गृहमा पठायो। दुई जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

दाइजोका कारण हत्या

आदर्शकोटवाल गाउँपालिका-३ बतरा टोलकी २२ वर्षीया सरिताकुमारी मुखियालाई सिम्रोनगढ नपा-१ रामसँगरढाट टोलका २६ वर्षीय पति लालु मुखिया र ५० वर्षीय ससुरा जगत मुखिया, ३५ वर्षीय जेठाजू रामजिवन मुखिया र २५ वर्षीय छिमेकी रामनिवास मुखियाले कुटपिट गरी ०७७ फागुन २४ गते राति हत्या गरेर शव लुकाएको आरोपमा पीडित पक्षले इलाका प्रहरी कार्यालय सिम्रोनगढमा फागुन २५ गते र जिल्ला प्रहरी कार्यालयमा चैत ४ गते उजुरी दियो। घर परिवारले पलङ्, सिरक, डसना दाइजो नदिएमा ज्यान मार्ने र शव लुकाउने धम्की दिँदै आएको सरिताको माइती पक्षको आरोप छ। ०७५ असार ७ गते धार्मिक परम्परा अनुसार गरिएको विवाहमा हिरो स्पलेण्डर मोटरसाइकल, नगद २ लाख रुपियाँ, जन्तीको गाडी भाडाका लागि ५० हजार रुपियाँ, ५० हजार रुपियाँ बराबरको कपडा र जन्तीलाई स्वागत गर्न ५० हजार रुपियाँ गरी ५ लाख रुपियाँ दिएको माइती पक्षले जनायो। घटनाको अनुसन्धान भइरहेको इलाका प्रहरी कार्यालय, सिम्रौनगढका इन्स्पेक्टर दीपक सुवेदीले बताए। वर्षको अन्त्यसम्म आरोपितहरू गिरफ्तार भएनन्।

दाइजोको कारण हिंसा

पचरौता नगरपालिका-६ पकडिया टोलकी २५ वर्षीया सेहरा खातुनलाई २८ वर्षीय पति शौखत अन्सारी र घरपरिवारका अन्य ६ जनाले ०७७ फागुन २४ गते भनेजति दाइजो नल्याएको भन्दै घरेलु हतियारले कुटपिट गरी बायाँ हात भाँचिदिएको पीडित पक्षले आरोप लगायो। ज्यान मार्ने उद्योग मुद्दामा पीडितका दाजुले दिएको उजुरी फागुन २४ गते दर्ता गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी गौतम मिश्रले बताए। ६५ वर्षीय नेकमहम्मद अन्सारी, नेकमहम्मदकी पत्नी ६० वर्षीया मैकन खातुन, नेकमहम्मद अन्सारीको ४६ बर्षीय छोरा समसोदिन अन्सारी, समसोदिन अन्सारीको ३५ वर्षीया पत्नी रुअब्जा खातुन, नेकमहम्मदको छोरा ४४ बर्षीय नजमुदिन अन्सारी र सैमुदिन अन्सारीको पत्नी ३० वर्षीया सबिदा खातुन मिलेर आक्रमण गरेको पीडितले बताइन् । पीडितको उपचार नेशनल मेडिकल कलेज, बीरगञ्जमा भयो। घटनाको हालसम्म अनुसन्धान भइरहेको प्रहरीले जनायो। आरोपित गिरफ्तार भएनन्। घटनापछि पीडित माइतीघरमा छिन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, ९४ स्वास्थ्य चौकी, पाँच प्राथमिक स्वास्थ्य केन्द्र, ४२ नगर स्वास्थ्य केन्द्र छन्। नौ शहरी स्वास्थ्य क्लिनिक, दुई स्वास्थ्य प्रवर्धन केन्द्र, सदरमुकामस्थित सरकारी अस्पतालमा १५ जना विशेषज्ञको दरबन्दीमा दुई जनाको दरबन्दी रिक्त छ। आठ जना स्टाफ नर्सको दरबन्दीमा सबै कार्यरत छन्। अनमी पाँच जनाको दरबन्दीमा सबै कार्यरत छन्। जिल्लामा ११ हजार ५ सय ६० जनाले बीमा गराएर सेवा लिइरहेका छन्।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	२	८	१०
यौन दुर्व्यवहार	१	६	७
जम्मा	३	१४	१७

महिला अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	३	७	१०
बलात्कार प्रयास	२	४	६
बहुविवाह	१	४	५
घरेलु हिंसा	१		१
जम्मा	७	१५	२२

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	५	७

२.८ पर्सा



जम्मा जनसङ्ख्या	६,४५,३९७
महिला	३,१४,४७८
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	४
प्रदेशसभा निर्वाचन क्षेत्र	८
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,७२,५९९
कामका लागि बाहिरिएका	८,०५३
अपाङ्गता भएका	६,२१५
५ वर्षमाथिको साक्षरता प्रतिशत	८०
आश्रित जनसङ्ख्या	२,८७,५७८

यस वर्ष पर्सा जिल्लामा मानव अधिकार उल्लङ्घनको घटनामा एक र ज्यादतीका घटनामा अन्य पक्षबाट ७७ जना महिला, तीन जना पुरुषसहित ८० जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३९ जना र महिला अधिकार उल्लङ्घनका घटनामा ३५ जना पीडित भए। कुटपिटका घटनामा राज्य पक्षबाट एक जना र अन्य पक्षबाट एक जना पीडित भए। पाँच जनाको हत्या भएका घटना इन्सेकले अभिलेख गऱ्यो।

कुटपिट

राज्यपक्षबाट

बीरगंज महानगरपालिका-८ मा प्याथो सर्जिकल हाउसमा कार्यरत २५ वर्षीय अफरोज अहम्मदलाई जेठ १२ गते जिल्ला प्रहरी कार्यालय पर्साका डिएसपी प्रल्हाद कार्कीले कुटपिट गरेको पीडितले आरोप लगाए। जिल्ला प्रहरी कार्यालयका, डिएसपी प्रल्हाद कार्कीले १६ दिनदेखि जारी निषेध आदेश कडा बनाउन बजार बन्द गराउने क्रममा जेठ १२ गते बिहान मोबाइलबाट भिडियो रेकर्ड गरेको आशङ्कामा डिएसपी कार्कीले प्याथोसर्जिकल नामक मेडिकल पसलमा प्रवेश गरी अहम्मदलाई कुटपिट गरेको पीडितले बताए। किराना पसल बन्द गराइरहेको बेला आफ्नो स्टाफ पसलको सटर खोल्दै भिडियो कलमा कुरा गरिरहेको बेला डिएसपीले कुटपिट गरेको सर्जिकल हाउसका प्रमुख करण पटेलले आरोप लगाए। जिल्ला प्रहरी कार्यालय पर्साका एसपी बेलबहादुर पाण्डेले गल्ती स्वीकार गर्दै लकडाउनमा कडाइ गर्न खोज्दा यस्तो घटना हुन गएको बताए। प्रदेश २ प्रहरी कार्यालय जनकपुरले जेठ १३ गते एक विज्ञप्ति जारी गर्दै कुटपिट घटनालाई छानबिन गर्न प्रदेश प्रहरी कार्यालयका एसपी कृष्ण प्रसाईको संयोजकत्वमा समिति बनाइएको प्रदेश प्रहरी कार्यालयका डिआइजी धिरज सिंहले बताए। यो वर्षको अन्त्यसम्म समितिको प्रतिवेदन सार्वजनिक भएन।

कारागार

बीरगंज कारगार १ हजार जना क्षमताको छ। कारागारमा कैदी ४ सय ७७ पुरुष र ४७ महिला तथा ७ सय ५७ थुनुवा पुरुष तथा २३ थुनुवा महिला छन्। कारागारमा दुई जना आश्रित बालक छन्। आश्रित

बालबालिकालाई कारागारमै रहेको समता विद्यालयमा पढाउने व्यवस्था छ। कारागारमा स्वास्थ्य चौकी र एक जना अहेवको सेवा २४ घण्टा उपलब्ध छ।

कैदीबन्दीका आफन्तजनलाई भेटघाट गर्ने राम्रो व्यवस्था गरिएको र कारागारमा खाने पानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्रीमा भलिबल, चेस, लुँडो, क्यारमवोर्ड र पुस्तकालयको व्यवस्था गरिएको बर्तौलाले बताउनु भयो ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

उच्च अदालत अस्थायी इजलास बीरगंज

१५ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत, जनकपुरको अस्थायी इजलास बीरगञ्जमा १२ जना न्यायाधीश कार्यरत छन्। यस वर्ष दुनियावादी देवानीका ७ सय २९ थान दुनीयावादी फौजदारीका २ सय १५ थान मुद्दा दर्ता भए। सुरु क्षेत्राधिकारीबाट १ सय ५७ थान मुद्दा जिम्मेवारीमा सरेका थिए। अघिल्लो वर्षको जिम्मेवारी सरेर आएकासहित २ हजार ३ सय ३ थान मुद्दा फैसला भए।

जिल्ला अदालत

१० जना न्यायाधीशको दरबन्दी रहेको पर्सा जिल्ला अदालतमा आठ जना न्यायाधीश कार्यरत छन्। ०७७ पुस १७ गतेदेखि ०७८ पुस १६ सम्ममा यस अदालतमा दुनियावादी फौजदारीका १ हजार ३२ र सर कारवादी फौजदारीका ५ सय ९४ सहित १ हजार ६ सय २६ थान मुद्दा दर्ता भए। त्यसमध्ये १ हजार १ सय ६ थान मुद्दा फैसला भए। देवानीतर्फ ४ हजार २ सय ७२ मुद्दा दर्ता भएकोमा ३ हजार १ सय ६६ मुद्दा फैसला भयो।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ८१ आधारभूत विद्यालय र ६४ माध्यमिक विद्यालय छन्। २ हजार २ सय ७८ शिक्षक दरबन्दी रहेकामा ५२ दरबन्दी रिक्त छन्। यो वर्ष सुरु कक्षामा ११ हजार १ सय ६७ बालबालिका भर्ना भए। यो बाहेक पछिल्लो भर्नाका १ लाख ७ हजार विद्यार्थी अध्ययनरत छन्। भर्ना भएकामध्ये ५३ प्रतिशत बालिका छन्। १३ हजार २ सय ८१ दलित बालिका र १४ हजार ९ सय ५२ दलित बालक विद्यालयमा भर्ना भए। जिल्लामा ३५ ओटा अपाङ्गतामैत्री विद्यालय छन्। चालु आर्थिक वर्षको पुस दोश्रो सातासम्म विद्यालयहरूले छात्रवृत्ति वितरण गरेका छैनन्।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा दुई जना बालक र चार जना बालिकासहित ६ जना, बलात्कारका घटनामा २८ जना, बालविवाहका घटनामा चार जना र बेचबिखनको घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालतले बलात्कार घटनाका दुई जना आरोपितलाई सजायको फैसला सुनायो भने आठ जना आरोपितलाई पुर्पक्षको लागि थुनामा पठायो। अदालतले चार जना आरोपितलाई बाल सुधार गृहमा पठायो भने, दुई जना आरोपितलाई जनही ८० हजार रुपियाँ धरौटीमा र एक जनालाई ७० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। अदालतले यौन दुर्व्यवहार घटनाका एक जना आरोपितलाई ७५ हजार रुपियाँ धरौटीमा र एक जना आरोपितलाई २० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। चार जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् ।

बलात्कार

१५ वर्षीया बालिकालाई ०७८ असार ९ गते बालात्कार गरेको आरोपमा १७ वर्षीय बालकविरुद्ध पीडित बालिकाका बाबुले असार १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले असार २१ गते गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण असार २० गते बीरगंजको नारायणी अस्पतालमा भयो। जिल्ला प्रहरी कार्यालय, पर्साले साउन ४ गते जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालत, पर्सामा जबरजस्तीकरणी शीर्षकमा मुद्दा दर्ता गरेकोमा न्यायाधीश धर्मराज पौडेलको इजलासले मङ्सिर ९ गते ५० हजार रुपियाँ क्षतिपूर्ति भराउने, एक वर्ष बालसुधार गृहमा राख्ने १ हजार २ सय रुपियाँ अपराध पीडित कोषमा राख्ने गरी फैसला गऱ्यो। उक्त इजलासले बालबालिका ऐन २०७५ को दफा ३५ (५) बमोजिम फैसलासमेत स्थगन गरेको छ।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव

यो वर्ष घरेलु हिंसापीडित भन्दै ५ सय ७६ ओटा उजुरी महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा दर्ता भयो। जसमा कुटपिट गरी घरनिकाला गरिएको २ सय १५, खान लाउन नदिएको १ सय ५, मादक पदार्थ सेवन गरी कुटपिट गर्ने, यातना दिने २ सय ४१, जन्मदर्ता नबनाइदिएको

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट		१	१		१	१
हत्या				५		५
बाल अधिकार	बेचबिखन तथा ओसारपसार			१		१
	बलात्कार			२८		२८
	यौन दुर्व्यवहार			४	२	६
	बालविवाह			४		४
	जम्मा			३७	२	३९
महिला अधिकार	'बोक्सी'को आरोप			२		२
	बेचबिखन तथा ओसारपसार प्रयास			१०		१०
	बलात्कार			१२		१२
	बलात्कार प्रयास			४		४
	बहुविवाह			६		६
	घरेलु हिंसा			१		१
	जम्मा			३५		३५
कूल जम्मा		१	१	७७	३	८०

तीन, विवाह दर्ता नगरेको र नागरिकता नबनाइदिएको भन्दै १२ ओटा उजुरी थिए। यीमध्ये ३ सय ७ ओटा निवेदनमा सेवा केन्द्रमा मिलापत्र भयो। २ सय ६८ ओटा निवेदन प्रक्रियामा छन्। एउटा निवेदन अदालत गएको छ। प्रहरीमा निवेदन परेपछि घर समाजमै मिलाउने प्रचलन रहेका कारण पनि निवेदकहरू कुरा मिलेपछि प्रहरी कार्यालयमा नआउने गरेको प्रहरी हवल्दार राजकुमारी थापाले बताइन्।

यो वर्ष पर्सामा घरेलु हिंसाको घटनामा एक, बलात्कारका घटनामा १२, बलात्कार प्रयासका घटनामा चार, बहुविवाहका घटनामा ६, बोक्सीको आरोपमा दुई र बेचबिखन प्रयासका घटनामा १० जना गरी ३५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालतले बलात्कार घटनामा पाँच जना आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई १ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो। एक जना आरोपित अनुसन्धानका लागि प्रहरी हिरासतमा रहे। पाँच जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। अदालतले बलात्कार प्रयास घटनाका दुई जना आरोपितलाई पुर्पक्षका लागि थुनामा र एक जना पीडित साधारण तारेखमा रिहा गऱ्यो। दुई जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

बलात्कार

११ वर्षीया बालिकालाई ०७७ माघ ९ गते बलात्कार गरेको आरोपमा भारत बिहारको चम्पारण पलनवा ग्राम पञ्चायत, लौकरीया-५ घर भई बीरगञ्ज महानगरपालिका-२ मा डेरा गरी बस्ने ३६ वर्षीय नेहाल मियाँविरुद्ध पीडित बालिकाका बाबुले माघ ११ गते जिल्ला प्रहरी कार्यालयमा लिखित उजुरी दिए। आरोपितलाई जिल्ला प्रहरी कार्यालय पर्साले मौखिक उजुरीका आधारमा माघ १० गते छपकैयाबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ १० गते नारायणी अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत् फागुन ३ गते जबरजस्तीकरणी अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश धर्मराज पौडेलको ०७८ साउन २२ गतेको इजलासले आरोपितलाई आंशिक कसुर ठहर गर्दै नौ वर्ष कैद सजाय, २५ हजार रुपियाँ क्षतिपूर्ति र १ हजार ८ सय रुपियाँ अपराध पीडित कोषमा राख्ने फैसला सुनायो।

परिवारजनबाट हत्या

बीरगंज महानगरपालिका-१६ इनर्वामा डेरा गरी बस्ने ३३ वर्षीया रहना खातुनको ०७७ फागुन ११ गते ३७ वर्षीय पति नेवाजी साहले हत्या गरेको पीडित पक्षले आरोप लगायो। साहले पत्नीको मुखमा सल कोची ढुङ्गा प्रहार गरी कर्तव्य गरी मारेको प्रहरी प्रतिवेदनमा उल्लेख छ। आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। प्रहरीले आफ्नै प्रतिवेदनको आधार मा फागुन ११ गते नै मुद्दा दर्ता गरेको हो।

दाइजोको कारण हत्या

बीरगंज महानगरपालिका-१७ अलौकी २० वर्षीया रविना खातुनलाई ०७८ वैशाख ३ गते मागे जति दाइजो नदिएको भन्दै हत्या गरेको आरोपमा २४ वर्षीय पतिसहजीम मियाँ अन्सारी, ४५ वर्षीय ममिना खातुन र ३२ वर्षीय नुरजाह खातुनविरुद्ध मृतकका बुबा कलामुद्दिन अन्सारीले वैशाख १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। शवको पोष्टमार्टम नारायणी अस्पताल, बीरगञ्जमा वैशाख ४ गते भयो। आरोपितहरूलाई प्रहरीले असार ६ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितहरूविरुद्ध जिल्ला अदालतमा ०७८ असार १० गते कर्तव्य ज्यानअन्तर्गत अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको असार १३ गते को आदेशले आरोपितहरू सहजिम अन्सारी र ममिना खातुनलाई पुर्पक्षका लागि थुनामा पठायो भने अर्का आरोपित नुरजाह खातुनलाई साधारण तारेखमा रिहा गर्ने आदेश दियो। वर्षको अन्त्यसम्म मुद्दाको अन्तिम फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

पर्सामा एक उपक्षेत्रीयस्तरको अस्पताल, एक जिल्ला अस्पताल, ९२ ओटा स्वास्थ्य चौकी तीन ओटा प्रथामिक स्वास्थ्य केन्द्र नगरस्वास्थ्य केन्द्र चार छन्। २५ ओटा आधारभूत स्वास्थ्य केन्द्र छन्। यिनै स्वास्थ्य संस्थामा २१ ओटा बर्थिङ सेन्टर सञ्चालित छन्। पर्सामा निजी अस्पताल ३६ ओटा सञ्चालनमा छन्। सरकारी स्वास्थ्य सेवातर्फ नारायाणी अस्पताल बाहेक, पोखरीयाको जिल्ला अस्पताल तीन ओटा प्राथमिक स्वास्थ्यक केन्द्रमा १६ चिकित्सकको दरबन्दी रहेकामा १२ जना कार्यरत छन्। १२ दरबन्दी रहेका स्टार्फ नर्समा आठ जना कार्यरत छन्। सबै स्वास्थ्य संस्थामा गरी ५ सय ३६ पारमेडिक्स कर्मचारीको दरबन्दी रहेकामा करारसहित ५ सय १३ जना कार्यरत छन्।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार			१	१
बलात्कार	२	११	१५	२८
यौन दुर्व्यवहार		३	३	६
बालविवाह			४	४
जम्मा	२	१४	२३	३९

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार प्रयास			४	४
'बोक्सी'को आरोप		२		२
बलात्कार		६	६	१२
बलात्कार प्रयास		२	२	४
बहुविवाह	१	४	१	६
घरेलु हिंसा		१		१
जम्मा	१	१५	१३	२९

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	३	५

बागमती प्रदेश

- क्षेत्रफल : २०,३०० वर्ग कि.मि.
- जनसङ्ख्या : ६०,८४,०४२
- साक्षरता प्रतिशत : ६८.४६
- जिल्ला : १३
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : ३३
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ६६
- महानगरपालिका : ३
- उप-महानगरपालिका : १
- नगरपालिका : ४१
- गाउँपालिका : ७४
- कूल वडा सङ्ख्या : १,१२१

बागमती प्रदेश परिचय ३

प्रदेश सरकारले हालसम्म ६१ ओटा विधेयक प्रदेश सभाबाट पारित गरेको छ। प्रदेश सरकारले सङ्घीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागि भएका आन्दोलनहरूमा शहादत प्राप्त गरेका सहिद, बेपत्ता परिवार एवम् घाइते तथा अपाङ्गता भएका व्यक्ति तथा परिवारलाई 'द्वन्द्वपीडितका साथ प्रदेश सरकार' भन्ने कार्यक्रम अन्तर्गत स्वास्थ्य उपचार, सीप अभिवृद्धि र रोजगारी लगायतका कार्यक्रम सञ्चालन गरेको छ। नसर्ने रोगको समयमै पहिचान र रोकथाम गरी नागरिकको जनधनको रक्षा गर्न 'जनता स्वास्थ्य परीक्षण' कार्यक्रमसहित एकीकृत स्वास्थ्य सेवा कार्यक्रम लागु गरी मातृ तथा नवजात शिशु सेवा, महिलाहरूमा विद्यमान आङ खस्ने समस्याको रोकथाम र उपचार, कुपोषण लगायत बाल स्वास्थ्य समस्याहरूको रोकथामलाई प्राथमिकतामा राखेको छ।

सामुदायिक विद्यालयहरूमा स्वास्थ्य सेवा बाल स्वास्थ्य प्रवर्धन प्रजनन् तथा यौन स्वास्थ्य परामर्श जस्ता सेवाका लागि एक माध्यमिक विद्यालय एक नर्स कार्यक्रम अन्तर्गत प्रत्येक स्थानीय तहका दुई माध्यामिक विद्यालयमा नर्सको व्यवस्थापन भइसकेको छ। छोरी बुहारी उच्च शिक्षा छात्रवृत्ति, सहयोगापेक्षी सडक मानव मुक्त प्रदेश, बाल विवाह मुक्त प्रदेश बागमती प्रदेशका जनता लक्षित महत्त्वपूर्ण कार्यक्रम हुन्।

यस प्रदेशमा सन् २०१ को अन्त्यसम्म कोभिड-१९ का कारण जम्मा ४ लाख ५५ हजार ९ सय ९४ जना सङ्क्रमित भए। कोरोना भाइरस सङ्क्रमण नियन्त्रण, रोकथाम तथा संस्थागत आइसोलेशन बेड ३ हजार ४ सय ८५, जेनेरल आइसोलेशन १ हजार ३ सय ४७ र एचडीयू १ हजार १ सय ३२, ६ सय २५ बेड र ३ सय ६३ ओटा भेन्टिलेटरको व्यवस्थापन भएको छ। एक स्थानीय तह एक अस्पताल कार्यक्रम अन्तर्गत यस वर्ष यस प्रदेशभित्र ५० अस्पताल भवनको शिलान्यास गरिएकोमा पाँच ओटा अस्पतालको भवन निर्माण सम्पन्न भई सञ्चालनमा आएका छन् भने केही अझै भवन निर्माणको लागि जग्गा प्राप्ति समेत भएको छैन।

२०२१ मा यो प्रदेशमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा १ हजार १ सय ७३ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। गिरफ्तारीका घटनामा १० जना, महिला अधिकार उल्लङ्घनका घटनामा ३ सय ८९ जना, हत्याका घटनामा ६२ जना, बाल अधिकार उल्लङ्घनका घटनामा ४ सय २४ जना पीडित भएको अभिलेख छ।

सन् २०२१ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



३.१ दोलखा

जम्मा जनसङ्ख्या	१,७२,७२६
महिला	८८,६१४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	४८,०६४
कामका लागि बाहिरिएका	१०,१२१
अपाङ्गता भएका	५,५८७
५ वर्षमाथिको साक्षरता प्रतिशत	९५.४१
आश्रित जनसङ्ख्या	८६,७७२

यस वर्ष जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा राज्यपक्षबाट एक जना र अन्यपक्षबाट २२ जना महिला, तीन जना पुरुषसहित २५ जना र राज्यपक्षबाट एक जना पुरुष पीडित भएको इन्सेकमा अभिलेख भयो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १४ जना र महिला अधिकार उल्लङ्घन घटनामा सात जना पीडित भए।

कुटपिट

अन्यपक्षबाट

तामाकोशी गाउँपालिका-४ स्थित मालुमा सञ्चालित कोभिड अस्पतालमा कार्यरत २८ वर्षीय डाक्टर रोविस कार्की र कार्यालय सहयोगी टोपबहादुर मिजारलाई ०७८ असार १२ गते मध्यराति कुटपिट गरेको भन्दै तामाकोशी गाउँपालिका-४ का २३ वर्षीय गोपाल तिमल्सिना, २५ वर्षीय रोशन पोखरेल, २१ वर्षीय विजुले नेपाली र नाम ठेगाना नखुलेका एक जनाविरुद्ध पीडित पक्षले असार १३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। अस्पतालको गेट नाघेर मध्यराति अस्पताल प्रवेश गरेका उनीहरूले डाक्टर र कर्मचारीलाई कुटपिट गरेको सूचना प्राप्त हुनासाथ सोही दिन घटनामा संलग्न तीन जनालाई गिरफ्तार गरेको र एक जना फरार रहेको जिल्ला प्रहरी कार्यालयका एसपी भेषराज रिजालले बताए। कोरोनाको बिरामी रहेको कारण अस्पताल भित्र प्रवेश नगर्न भनेको र केही स्वास्थ्य समस्या भएमा आफूले कोभिडको बिरामी भन्दा छुट्टै परीक्षण गर्ने बताउँदा कुटपिट गरेको पीडितले बताए। घटनामा संलग्न आरोपितलाई प्रहरीले सार्वजनिक अपराधको कसुरमा हिरासतमा दुई दिन राखेर आइन्दा यस्तो कार्य नगर्ने सर्तमा पीडित पक्षसँग माफी माग्न लगाइ रिहा गऱ्यो।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ५१ जनाको छ। कारागारमा १ सय ४४ जना पुरुष कैदी बन्दी छन्। सीपमूलक तालिमको व्यवस्था हुँदै आएको छ। कैदीबन्दीको नियमित स्वास्थ्य परीक्षणका लागि एकजना अहेबको दरबन्दी रहेको छ। ६० वर्ष नाघेका एक जना ज्येष्ठ नागरिक (पुरुष) छन्। कारागारमा शौचालय, रेडियो, टेलिभिजन, व्याडमिण्टन, चेस, लुडो, क्यारेमबोर्ड, व्यवस्था भएको, पुस्तकालय,

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट					३	३
हत्या				१		१
जेलमा मृत्यु		१	१			
बाल अधिकार	बलात्कार			४		४
	यौन दुर्व्यवहार			१०		१०
	जम्मा			१४		१४
महिला अधिकार	बलात्कार			६		६
	बलात्कार प्रयास			१		१
	जम्मा			७		७
कूल जम्मा		१	१	३३	३	३५

पत्रपत्रिकाको उचित व्यवस्था छ। हिउँदको समयमा खानेपानीको अभाव हुने गरेको हुने निमित्त जेलर पदमबहादुर केसीले बताए।

कारागारमा मृत्यु

कालीञ्चोक गाउँपालिका-६ का २८ वर्षीय हिमाल थामीले ०७८ वैशाख ३ गते जिल्ला कारागार शाखाको शौचालयमा झुण्डिएर आत्महत्या गरे। खुकुरी प्रहार गरी ०७७ फागुन ८ गते पत्नीको हत्या गरेको आरोपमा थामी कर्तव्य ज्यान मुद्दामा आरोपित पुर्पक्षका लागि थुनामा थिए। बिहान खाना खाएर करिब पौने ११ बजे शौचालय गएका थामीले बाहिर निस्किन ढिला गरेपछि लाइनमा रहेका कैदीले जेल प्रशासनलाई जानकारी गराएका थिए। शौचालयको ढोका फुटाएर हेर्दा थामीको मृत्यु भइसकेको चरिकोट कारागारका निमित्त प्रमुख पदम केसीले बताए। शवको पोष्टमार्टम चरिकोट अस्पतालमा वैशाख ३ गते नै भयो। पोष्टमार्टमपछि पीडितका परिवारले वैशाख ३ गते शव बुझी सद्गत गरे।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ८९ थान मध्ये ३९ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ सय ८५ थान मध्ये १ सय ११ थान मुद्दा फैसला भए। अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा ६ थान छन् भने देवानी मुद्दा ५ थान बाँकी छन्। सन् २०१९ को जिम्मेवारी सरेर आएका २ सय ९९ थान र २०२० को १ सय ७५ थान मुद्दामध्ये कुल १ सय ५० थान मुद्दा फैसला भए भने ३ सय २४ थान बाँकी छन्

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा सामुदायिकतर्फ २ सय ४४ आधारभूत र ८३ माध्यमिक विद्यालय छन्। स्वीकृत दरबन्दी शिक्षक १ हजार २ सय ८७ र राहत कोटा अनुदान ५ सय ५६ रहेको छ। सबै दरबन्दी स्थानीय तहसँग समन्वय गरी स्थानीय तह र जिल्ला तहले मिलान गरेको छ। यस वर्ष २१ हजार ७ सय ७१ बालक र २२ हजार ३ सय ९७ जना बालिका गरी कुल ४४ हजार १ सय ६८ जना विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका १ हजार २ सय बालक र १ हजार २ सय ३३ बालिका छन्। द्वन्द्वपीडित परिवारका १६ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। दलित, अपाङ्गलाई नि:शुल्क शिक्षाको व्यवस्था गरिएको छ। वैदेशिक रोजगारमा गई ज्यान गुमाएका परिवारका ६ जना बालबालिकाले छात्रवृत्ति पाए भने शहीद/द्वन्द्वपीडित परिवारका १६ बालबालिकाले छात्रावृत्ति पाए। विद्यालय पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा तथा समन्वय इकाइका प्रमुख शङ्करबाबु श्रेष्ठले बताए। कोभिडका कारण भौतिक उपस्थितिमा अध्यापन हुन नसकेको, दूर शिक्षा (एफएम) बाट कार्यक्रम सञ्चालन भएता पनि कम प्रभावकारी भएको र अनलाइन कक्षाको सबै बालबालिकामा पहुँच नहुने तथा नेटवर्कको बारम्बार समस्या हुने हुँदा शैक्षिक गुणस्तर कमजोर रहेको छ।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा १० जना र बलात्कारका घटनामा चार जना गरी १४ जना बालिका पीडित भएको इन्सेक अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहारका १० घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने बलात्कारका तीन घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। बलात्कारका एक घटनाको यो वर्षको अन्त्यसम्म अनुसन्धान जारी रह्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३१ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा २५ ओटामा मेलमिलाप भयो। सम्पर्कमा नआएका चार, प्रक्रियामा

पठाइएको दुई ओटा छन्। अन्य उजुरीका सम्बन्धमा प्रहरी कार्यालयमा आउने दुवै पक्षलाई राखी आइन्दा त्यस्तो नगर्ने सर्तको कागजात गराई मेलमिलाप गराउने नमानेमा सम्बन्धित पक्षमा थप कारबाहीका लागि पठाउने गरिएको सेलका धर्मेन्द्रप्रसाद कुर्मीले बताए। नागरिकता, विवाह दर्ता, जन्म दर्ता नभएको भनी महिला तथा बालबालिका सेवा केन्द्रमा यस अवधिमा उजुरी नपरेको धर्मेन्द्रप्रसाद कुर्मीले बताए।

यस वर्ष बलात्कारका घटनामा ६ जना र बलात्कार प्रयासका एक जना महिला गरी ७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कारको एक घटनाको मुद्दा फैसला भयो, चार घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो भने एक घटनाको यो वर्षको अन्त्यसम्म अनुसन्धान जारी रह्यो।

परिवारजनबाट हत्या

कालीञ्चोक गाउँपालिका-६ स्थित खारुदेसेकी २२ वर्षीया सुनीता थामीलाई २७ वर्षीय पति हिमाल थामीले ०७७ फागुन ८ गते बिहान सुतिरहेको बेला खुकुरी प्रहार गरी हत्या गरे। आरोपितलाई सोही गाउँपालिका-७ को सिसागोलाइबाट बिहान साढे ५ बजे प्रहरीले गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर तथा प्रवक्ता अञ्जन कोइरालाले बताए। आरोपितले २०७८ वैशाख ३ गते कारागारको शौचालयमा झुण्डिएर आत्महत्या गरे।

स्वास्थ्य सेवाको अवस्था

यस जिल्लामा दुई सरकारी अस्पताल, तीन सामुदायिक अस्पताल, ५२ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य चौकी, ६ नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा तीन जना विशेषज्ञको दरबन्दीमा दुईजनाको दरबन्दी रिक्त छ। ६ जना स्टाफ नर्सको दरबन्दीमा दुई जना खाली, अनमी ६ जनाको दरबन्दीमा एक जना अध्ययन विदा र एक जना प्रसूति बिदामा रही बाँकी कार्यरत छन्। कोभिड-१९ बाट ३ हजार ७ सय ३२ जना सङ्क्रमित भए। कोभिड-१९ विरुद्ध दुवै डोज खोप लगाउनेको सङ्ख्या ७८ हजार ४ सय ७४ रहेको छ। तामाकोशी, बिगु, गौरीशङ्कर र कालिन्चोक गाउँपालिकामा कोभिड अस्पताल सञ्चालनमा छन्।

सङ्घीय सरकारले ०७७ मङ्सिर १५ गते शिलान्यास गरेको २६ शैयाको शैलुङ गाउँपालिका अस्पताल निर्माण सम्पन्न भई सञ्चालनमा रहेको छ। जिरी नपा र कालिञ्चोक गाउँपालिकामा जग्गाको व्यवस्था हुन सकेको छैन। गौरीशङ्कर, तामाकोशी, बैत्यश्वर गाउँपालिका र भीमेश्वर नपामा निर्माणाधीन अवस्थामा रहेको, मेलुङ गाउँपालिकामा डीपीआर निर्माणको काम भइरहेको छ। बिगु गाउँपालिकामा निर्माण नै सुरुवात नभएको जिल्ला समन्वय समितिका प्रमुख डबल पाण्डेले बताए।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	३	४
यौन दुर्व्यवहार		१०	१०
जम्मा	१	१३	१४

महिला अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१	४	६
बलात्कार प्रयास			१	१
जम्मा	१	१	५	७

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	जम्मा
हत्या	१	१

३.२ सिन्धुपाल्चोक

जम्मा जनसङ्ख्या	२,६२,८५२
महिला	१,३३,४५७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	७२,६१३
कामका लागि बाहिरिएका	१५,७१२
अपाङ्गता भएका	६,६०८
५ वर्षमाथिको साक्षरता प्रतिशत	५८.८५
आश्रित जनसङ्ख्या	१,२२,७८५

यस वर्ष जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ४४ जना महिला तीन जना पुरुषसहित ४७ जना र राज्यपक्षबाट एक जना पुरुष पीडित भएको इन्सेकमा अभिलेख भयो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २३ जना र महिला अधिकार उल्लङ्घनका घटनामा १९ जना पीडित भए।

कारागार र बन्दी

६० जनाको क्षमता भएको कारागारमा ८४ जना पुरुष कैदी र ६२ जना पुरुष थुनुवा गरी १ सय ४६ जना पुरुष राखिएको छ। कारागारमा महिला बन्दी राख्ने गरिएको छैन। क्षमताभन्दा बढी कैदीबन्दी भएकाले सुत्न तथा शौचालय प्रयोग गर्न समस्या भएको कैदीबन्दीले बताए। कैदी बन्दीलाई नियमित स्वास्थ्य परीक्षणका लागि चौतारा अस्पताल लैजाने गरिएको छ। कैदीबन्दीमध्ये तीन जना जटिल र तीन जना सामान्य मानसिक रोगी छन्। ६० वर्ष नाघेका दुई जना ज्येष्ठ नागरिक रहेका छन् भने १२ जना दीर्घरोगी रहेको जेलर गोपाल ढकालले बताए।

हिरासतमा मृत्यु

बाह्रबीसे नगरपालिका-७ घुम्थाङ घर भई बाह्रबीसे इलाका प्रहरी कार्यालयको हिरासतमा रहेका ३२ वर्षीय खड्गबहादुर तामाङको ०७८ साउन २२ गते मृत्यु भयो। उनलाई चोरीको आरोपमा साउन १८ गते प्रहरीले गिरफ्तार गरी हिरासतमा राखेको थियो। हिरासतमा रहँदा खाना नखाने, असामान्य गतिविधि गर्ने र स्वास्थ्य अवस्था कमजोर भएपछि तामाङलाई प्रहरीले बाह्रबीसे प्राथमिक स्वास्थ्य केन्द्रमा उपचारको लागि लगेको थियो। प्रहरीले साउन २१ गते दिउँसो प्राथमिक स्वास्थ्य केन्द्र बाह्रबीसेमा उपचारका लागि ल्याउँदा लुगा फुकालेर जीउ नहेरेको, तर हातको औँलाहरूमा नीलडाम र घाउहरू भएको प्राथमिक स्वास्थ्य केन्द्रकी डाक्टर अनुपमा थापाले बताइन्। डाक्टर थापाका अनुसार बिरामी सिकिस्त भएकाले उपचारका लागि धुलिखेल अस्पताल रिफर गरिएको थियो। तर, प्रहरीले तामाङ सिकिस्त बिरामी भएपछि मात्र लागि साउन २२ गते राति २ बजे आफन्तलाई समेत बोलाएर धुलिखेल अस्पताल लगेको थियो।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
हिरासतमा मृत्यु		१	१			
हत्या				३	३	५
बाल अधिकार	बलात्कार			१४		१४
	यौन दुर्व्यवहार			९		९
	जम्मा			२३		२३
महिला अधिकार	बलात्कार			१०		१०
	बलात्कार प्रयास			१		१
	यौन दुर्व्यवहार			६		६
	बहुविवाह			३		३
	जम्मा			१९		१९
कूल जम्मा		१	१	४४	३	४७

धुलिखेल अस्पताल पुऱ्याउने बित्तिकै डाक्टरले मृत घोषणा गरे। हिरासतमा प्रहरीले दिएको यातनाका कारण तामाङको मृत्यु भएको भन्दै आफन्तजनले बाह्रबीसेबजारमा प्रदर्शन गरे। पीडितपक्षको विरोधपछि जिल्ला प्रशासन कार्यालयले सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा ०७८ साउन २७ गते छानबिन समिति गठन गऱ्यो।

राष्ट्रिय मानव अधिकार आयोग र इन्सेकले घटनाको स्थलगत अध्ययन गरे। इन्सेकको अध्ययन प्रतिवेदनले राज्यको सुरक्षामा रहेका व्यक्तिको मृत्यु हुनु प्रहरीको लापारबाही भएको औँल्यायो। राष्ट्रिय मानव अधिकार आयोगले यो वर्षको अन्त्यसम्म कुनै निष्कर्ष ननिकालेको आयोगको बागमती प्रदेश प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारीले बताए। त्यसैगरी, जिल्ला तहमा गठन भएको छानबिन समितिको प्रतिवेदन वर्षको अन्त्यसम्म सार्वजनिक नभएको समितिका सदस्य तथा नेपाल बार इकाइका अध्यक्ष भूपेन्द्रबहादुर थिङले बताए। मृतकले अत्यधिक मादक पदार्थ सेवन गर्ने गरेको र हिरासतमा रहँदा मादकपदार्थ सेवन गर्न नपाएर मृत्यु भएको इलाका प्रहरी कार्यालयका इन्स्पेक्टर देवेन्द्रबहादुर शाहले बताए। शवको पोष्टमार्टम साउन २६ गते शिक्षण अस्पताल, महाराजगञ्ज काठमाडौँमा भयो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ३ सय ८ थानमध्ये ५१ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३ सय ९४ थानमध्ये १ सय २४ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा १ सय ५३ थान छन् भने देवानी मुद्दा २ सय १० थान बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ४२ आधारभूत र १ सय ३७ माध्यमिक विद्यालय छन्। २ हजार ५ सय ७५ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत रहेका जिल्ला शिक्षा समन्वय इकाइका प्रमुख कृष्ण सुवेदीले बताए। यस वर्ष ३४ हजार ४ सय ८९ बालक र ३५ हजार ७ सय ४५ जना बालिका विद्यालय भर्ना भए। द्वन्द्वपीडित परिवारका ११ जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाभर ३ हजार १ सय ९० दलित बालक र ३ हजार ४ सय ३० दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारमा गई ज्यान गुमाएका परिवारका ४३ जना बालबालिकाले छात्रवृत्ति पाए।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा नौ जना, बलात्कारका घटनामा १४ जना गरी २३ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहारका नौ घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बलात्कार घटनाका २२ आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाको यस वर्षको अन्त्यसम्म अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष जिल्ला प्रहरी कार्यालयमा घरेलु हिंसाका ७० ओटा उजुरी दर्ता भए। जसमा २६ जना महिलाले खानलाउन नदिएर बेवास्ता गरेको भन्दै दिएको उजुरीमध्ये २३ ओटा उजुरीमा मिलापत्र भयो। दुई ओटा घटनामा छलफलको क्रममा रहेको र एक घटनाका आरोपित सम्पर्कविहीन भएको जिल्ला प्रहरी कार्यालय महिला तथा बालबालिका सेवा केन्द्रका प्रमुख सजिना चौगुठीले बताइन्। त्यसैगरी २८ जना महिलाले आफूलाई घरपरिवारले कुटपिट गरेको भन्दै उजुरी दिएका थिए। जसमा २५ उजुरीमा मेलमिलाप गरी घर गएको र बाँकी एक उजुरी कारबाहीको प्रकृयामा रहेको छ। १६ जना महिलाले आफूलाई घरपरिवारले गालिगलौज गरी अपमान गरेको

भन्दै प्रहरी कार्यालयमा दिएको उजुरीमा १५ ओटा मिलापत्र भएको र एक घटनाका उजुरीकर्ता सम्पर्कमा नआएको महिला तथा बालबालिका सेवा केन्द्रकी प्रमुख चौगुठीले बताइन्।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा ६ जना, बलात्कारका घटनामा १० जना, बलात्कार प्रयासका घटनामा एक जना र बहुविवाहको घटनामा दुई जना महिला गरी १९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यौन दुर्व्यवहारका ६ घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो। बलात्कार घटनाका आठ जना पुर्पक्षका लागि थुनामा गए भने बलात्कारका दुई घटना र बहुविवाहका दुई घटनाका आरोपितविरुद्ध यो वर्षको अन्त्यसम्म अुसन्धान जारी रह्यो।

परिवारजनबाट हत्या

मेलम्ची नगरपालिका-११ धुसिनेचौरकी ४० वर्षीया राममाया तामाङलाई फलामे डण्डी प्रहार गरी ०७८ जेठ २० गते हत्या गरेको आरोपमा प्रहरीले ४२ वर्षीय पति दुर्गाबहादुर तामाङलाई सोही दिन घटनास्थलबाट गिरफ्तार गऱ्यो। पीडितलाई दुई दिनअघि आरोपितले कुटपिट गरी घरनिकाला समेत गरेका थिए। पतिको कुटाइबाट ज्यान जोगाउन पीडित घरभन्दा केही तल रहेको गोठमा गएर बसेकी थिइन्। आरोपितविरुद्ध पीडितका छोरा छत्र भन्ने अर्जुन तामाङले ०७८ जेठ २१ गते इलाका प्रहरी कार्यालय, मेलम्चीमा उजुरी दिए। शवको मेलम्चीस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा जेठ २० गते पोष्टमार्टम गरी सद्गतको लागि आफन्तको जिम्मा लगाए। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत् आरोपितविरुद्ध ०७८ असार ११ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश चन्द्रप्रकाश तिवारीको इजलासले ०७८ असार १४ गते पुर्पक्षका लागि थुनामा पठायो। वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, ७४ स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा ६ जना विशेषज्ञको दरबन्दी जनाको दरबन्दी रिक्त छ। चार जना स्टाफ नर्सको दरबन्दीमा दुई खाली, अनमी दुईजनाको दरबन्दीमा दुवै जना कार्यरत छन्। १ हजार ७१ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रम भए पनि त्यसको तथ्याङ्क जिल्ला स्वास्थ्य कार्यालयमा नभएको जिल्ला स्वास्थ्य कार्यालयका सूचना अधिकारी सेवक नेपालले बताए।

कोभिडका कारण यस वर्ष ११ जना महिला र २२ जना पुरुष गरी ३३ जनाको मृत्यु भयो भने ४ हजार ७ सय ८९ जना सङ्क्रमित भए। ८३ हजार ५ सय ९१ जनाले दुवै डोज खोप लगाए। नेपाल सरकारले स्थानीय तहहरूमा शिलान्यास गरेको अस्पतालको संख्या चार रहे पनि बजेट अभावले बन्न नसकेको जिल्ला स्वास्थ्य प्रमुख दुर्गादत्त चापागाइँले बताए।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१३	१४
यौन दुर्व्यवहार		९	९
जम्मा	१	२२	२३

महिला अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	३	८	१०
बलात्कार प्रयास		१	१
यौन दुर्व्यवहार		६	६
बहुविवाह	३		३
जम्मा	४	१५	१९

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	५	५

३.३ रसुवा



जम्मा जनसङ्ख्या	४५,५५४
महिला	२२,६९५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१३,३२४
कामका लागि बाहिरिएका	३,१०८
अपाङ्गता भएका	१,०१६
५ वर्षमाथिको साक्षरता प्रतिशत	५९.९
आश्रित जनसङ्ख्या	१८,७५८

यस वर्ष जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा अन्य पक्षबाट नौ जना महिला पीडित भएको इन्सेकमा अभिलेख भयो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा चार जना र महिला अधिकार उल्लङ्घन घटनामा चार जना पीडित भए।

कारागार र बन्दी

२५ जनाको क्षमता भएको जिल्ला कारागारमा कैदीबन्दी १ सय जना (कैद नतोकेका आठ र कैद तोकेका ९२ जना) छन्। जसमा एक जना महिला छन्। कारागारको क्षमता महिला चार र पुरुष २१ जनाको हो। कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि एक स्वास्थ्यकर्मी दरबन्दी रहेकोमा कार्यरत छन्। कारागारमा जटिल मानसिक रोगी एक जना र सामान्य मानसिक रोगी दुई जना छन्। ६० वर्ष नाघेका चार जना ज्येष्ठ नागरिक (पुरुष) रहेको जिल्ला कारागार प्रमुख विष्णु रिमालले बताए। कारागारमा दीर्घरोगी दुई जना छन्। क्षमताभन्दा चार गुणा कैदीबन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। कारागारका सबै बन्दीहरूलाई कोरोना विरुद्ध खोप लगाइएको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेको जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १२ मध्ये नौ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ११ मध्ये आठ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका मुद्दा सात थान छन्। वर्षको अन्त्यमा जिल्ला अदालतमा नौ थान मुद्दा बाँकी रहे।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ७२ आधारभूत र १९ माध्यमिक विद्यालय छन्। संस्थागत विद्यालय १२ ओटा छन्। ७७ प्रारम्भिक बाल विकास केन्द्र, राहत ३९ जना शिक्षक छन् भने दरबन्दीका ४ सय ५४ सहित ५ सय ४७ जना शिक्षक छन्। कूल १२ हजार ३ सय २३ जना विद्यार्थी अध्ययनरत छन्। जिल्लामा नवनिर्मित पाँच ओटा विद्यालय अपाङ्गतामैत्री छन्।

१-८ कक्षाका छात्रा ३ सय ७९ र दलित छात्रवृत्ति २७ जना तथा ९-१२ कक्षाका विपन्न लक्षित छात्रवृत्ति दिने कार्यक्रम अनुरुप २ सय २ विद्यार्थीले छात्रवृत्ति पाए। द्वन्द्वपीडित, शहीद तथा बेपत्ता परिवारका लागि छुट्याइएको छात्रवृत्ति एक जनाले पाए।

घटनाको प्रकार		अन्यपक्षबाट	
		महिला	जम्मा
हत्या		१	१
बाल अधिकार	बलात्कार	३	३
	यौन दुर्व्यवहार	१	१
	जम्मा	४	४
महिला अधिकार	घरेलु हिंसा	४	४
	जम्मा	४	४
कूल जम्मा		९	९

यस वर्ष यौन दुर्व्यवाहरका घटनामा एक जना र बलात्कारका घटनामा तीन जना गरी चार जना बाल अधिकार उल्लङ्घनका घटनामा पीडित भएको इन्सेक अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहारको एक घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बलात्कार घटनाको एक मुद्दा फैसला भयो भने अर्को घटनाका आरोपित पुर्पक्षका लागि थुनामा गए।

बलात्कार, यौन दुर्व्यवहार

६ वर्षीया बालिकालाई ०७७ पुस २५ गते बिहान नुवाकोट जिल्ला किस्पाङ गाउँपालिका-६ का २२ वर्षीय यामप्रसाद भट्टराईले बलात्कार गरेको आरोपमा पीडित पक्षले पुस २५ गते प्रहरीमा उजुरी दियो। आरोपितलाई जिल्ला प्रहरीले सोही दिन गोसाइकुण्ड गाउँपालिका-६ धुन्चेबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण पुस २५ गते जिल्ला अस्पताल, धुन्चेमा भयो। आरोपितलाई जिल्ला अदालतले पुस २९ गते जन्मकैदको फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भएको भन्दै सात जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा घरायसी झैझगडाका तीन उजुरी परेकोमा सबै घटना मेलमिलापभए। पीडित पक्षले मिलापत्र गर्न चाहेका सामान्य प्रकृतिका घटनामा मात्र मेलमिलाप गराउने गरेको जिल्ला प्रहरी कार्यालयका डीएसपी देवेन्द्रराज पाण्डेले बताए। यस वर्ष शारीरिक र मानसिक रूपमा यातनाका चार उजुरी प्रहरीमा परेकामा दुई घटनमा मेलमिलाप भयो भने दुई ओटा घटना प्रक्रियामा नै रहेका छन्।

यस वर्ष घरेलु हिंसाका घटनामा चार जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा तीन घटनाको मेलमिलाप भयो भने एउटा घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो।

परिवारजनबाट हत्या

नौकुण्ड गाउँपालिका-५ भोर्लेकी ७१ वर्षीया कान्छी भनिने बाटुली तामाङलाई पति ७१ वर्षीय बुधे भनिने बुद्धिबहादुर ग्लान तामाङले ०७८ असोज ३० गते कुटपिट गरी हत्या गरेको आरोपमा प्रहरीले असोज ३१ गते गिरफ्तार गऱ्यो। बाटुलीलाई आरोपितले कुटपिट गरी धकेलेपछि आँगनमा लडेर बेहोस भएको र लगत्तै नुवाकोटको त्रिशुली अस्पताल लगिएकामा डाक्टरले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालयका डिएसपी देवेन्द्रराज पाण्डेले बताए। शवको पोष्टमार्टम असोज ३० गते त्रिशुली अस्पतालमा भयो। आरोपितलाई कात्तिक ७ गते जिल्ला अदालत पेश गरेकोमा अदालतले पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

रसुवामा एक जिल्ला अस्पताल, १७ ओटा स्वास्थ्य चौकी र एक ग्रामीण अस्पताल छ। तीन जना डाक्टर दरबन्दीमा सबै कार्यरत छन्। यसबाहेक विभिन्न कार्यक्रमबाट करारमा चार जना थप डाक्टर पनि जिल्लामा कार्यरत छन्। जिल्लाभरका लागि ४० अहेवको दरबन्दी रहेकोमा १८ जना कार्यरत छन् भने ४० जना स्टाफनर्स दरबन्दी रहेकोमा २७ जना कार्यरत छन् दरबन्दी अनुसार स्वास्थ्यकर्मी नरहे पनि स्थानीय तहले करार सेवामा लिएर स्वास्थ्य सेवा प्रवाह गरेका छन्।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएको	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१	२
यौन दुर्व्यवहार		१	१
जम्मा	१	२	३

बाल अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	३	१	४
जम्मा	३	१	४

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

३.४ धादिङ

जम्मा जनसङ्ख्या	३,२२,७५१
महिला	१,६५,५४४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	६२,६२१
कामका लागि बाहिरिएका	२२,५३७
अपाङ्गता भएका	७,८२७
५ वर्षमाथिको साक्षरता प्रतिशत	५८
आश्रित जनसङ्ख्या	१,४८,७७१

यस वर्ष जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट २३ जना महिला तीन जना पुरुषसहित २६ जना र राज्यपक्षबाट तीन जना पुरुष पीडित भएको इन्सेकमा अभिलेख भयो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना र महिला अधिकार उललङ्घनका घटनामा १३ जना पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारमा महिला ५० सहित २ सय जनाको क्षमता छ। कारागारमा कैदी र थुनुवा ३ सय ३३ जना छन्। महिला ३१ र पुरुष ३ सय २ जना रहेका छन्। पुरुषको सङ्ख्या कारागारको क्षमताभन्दा दोब्बर बढी छ। दोब्बर कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्री उपलब्ध रहेको जेलर राममणि मिश्रले बताए। कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जना सिनियर अहेबको दरबन्दी रहेको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुई न्यायाधीश रहेको जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ६ सय ६६ थानमध्ये १ सय ७२ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३ सय २० थानमध्ये ४० थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका मुद्दा १ सय १६ थान छन्। वर्षको अन्त्यमा जिल्ला अदालतमा ७ सय ९३ थान मुद्दा बाँकी रहे।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ४ सय ४६ आधारभूत र १ सय ५० मावि छन्। ३ हजार १ सय ७३ शिक्षक दर बन्दी रहेकामा करार बाहेक १ सय १ ओटा दरबन्दी रिक्त छन्। यस वर्ष ३७ हजार ६० बालक र ३८ हजार २ सय ५३ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका २ सय ४ बालिका र २ सय २२ बालक भर्ना भएका थिए। जिल्लामा अपाङ्गता मैत्री तीन आधारभूत र २ मावि गरी पाँच मात्र

छन्। द्वन्द्वपीडित परिवारका सात जना बालबालिकाले छात्रवृत्ति पाए। दलित र छात्राहरूलाई कक्षा ८ सम्म सबैलाई वार्षिक ४ सयका दरले छात्रवृत्ति दिइने गरेको छ। वैदेशिक रोजगारमा गएर मृत्यु भएका, अङ्गभङ्ग भएका परिवारका आधारभूत तहमा अध्ययनरत ४१ जना र माध्यमिक तहमा अध्ययनरत १९ जनाले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाभर ६ हजार ७ जना दलित बालक र ६ हजार ३ सय ७३ दलित बालिका विद्यालय भर्ना भए।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा तीन जना, बलात्कारका घटनामा तीन जना, बालविवाहका घटनामा एक जना र विद्यालयमा शारीरिक यातनाका घटनामा एक जना गरी आठ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहारका दुई घटनाको मुद्दाको जिल्ला अदालतबाट फैसला भयो भने एक घटनका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। बहुविवाहको एक र बलात्कारका तीन घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। विद्यालयमा भएको शारीरिक यातनाको घटना भने कानुनी प्रकृयामा गएन।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट					१	१
हत्या				३	१	४
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		३	३			
बाल अधिकार	बालविवाह			१		१
	विद्यालयमा शारीरिक सजाय				१	१
	बलात्कार			३		३
	यौन दुर्व्यवहार			३		३
	जम्मा			७	१	८
महिला अधिकार	घरेलु हिंसा			४		४
	'बोक्सी'को आरोप			२		२
	बहुविवाह			२		२
	बलात्कार			३		३
	बलात्कार प्रयास			२		२
	जम्मा			१३		१३
कूल जम्मा		३	३	२३	३	२६

बलात्कार, यौन दुर्व्यवहार

१० वर्षीया बालिकालाई ०७८ भदौ ४ गते यौन दुर्व्यवहार गरेको आरोपमा बेनिघाटरोराङ गाउँपालिका-३ सितलबजारमा मजदुरी गरेर बस्ने भारत बेतीयाका २५ वर्षीय शमसेर अन्सारीविरूद्ध पीडित पक्षले सोही दिन उजुरी गऱ्यो। आरोपितलाई भदौ ४ गते प्रहरीले गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण भदौ ४ गते धादिङ अस्पतालमा भयो। आरोपितलाई अदालतमा भदौ ६ गते पेश गरेकोमा जिल्ला न्यायाधीश आत्मदेव जोशीको इजलासले असोज ११ गते पुर्पक्षका लागि थुनामा पठायो। न्यायधीश जोशीको पुस १४ गतेको इजलासले आरोपितलाई एक वर्ष कैद, १० हजार रुपियाँ जरिबाना र ४ सय रुपियाँ राहत कोषमा क्षतिपूर्ति तिर्ने फैसला गऱ्यो।

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय १० महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये कुटपिट गरेको, घरनिकाला गरेको आरोपमा ५२ जनाले उजुरी दिएकोमा ३८ उजुरीमा मेलमिलाप भयो। गालीगलौज र धाकधम्की दिएको भन्दै २५ जनाले उजुरी दिएकोमा २२ जनाको उजुरीउपर मेलमिलाप, पालनपोषण खर्च नदिएको भन्दै ३३ जनाले उजुरी दिएकोमा १८ उजुरीमा मेलमिलाप भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी जागेश्वर भण्डारीले बताए।

यस वर्ष घरेलु हिंसाका घटनामा चार जना, बलात्कारका घटनामा तीन जना, बलात्कार प्रयास घटनामा दुई जना, बोक्सीको आरोपमा दुई र बहुविवाहमा दुई जना महिला गरी १३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। घरेलु हिंसाका दुई घटनामा मिलापत्र, एक अपूर्ण र एक घटनाका आरोपित पुर्पक्षका लागि थुनामा गए। यसै गरी 'बोक्सी'को आरोपको एक घटनाको मिलापत्र भयो भने अर्को घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बहुविवाहका

दुई घटनाका आरोपित पुर्पक्षका लागि थुनामा गए। बलात्कारको एक घटनाको अनुसन्धान जारी रहेको र दुई घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। साथै बलात्कार प्रयासका दुवै घटनाका आरोपित पुर्पक्षका लागि थुनामा गए।

'बोक्सी'को आरोप

तनहुँ जिल्ला भानु नगरपालिका-१० की ४९ वर्षीया महिलालाई 'बोक्सी'को आरोपमा कुटपिट गरी पन्यू तताएर डामेको आरोपमा लमजुङ जिल्ला राइनस नगरपालिका-३ निवासी ३८ वर्षीया मुना परियार र पति ४२ वर्षीय विष्णु परियारलाई प्रहरीले ०७८ पुस १ गते धुनिबेसी नगरपालिका-५ धार्केबाट गिरफ्तार गऱ्यो। पीडितका आफन्तले पुस १ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडित नातेदारको घर जान लागेको समयमा ज्याला मजदुर गर्ने आरोपितहरूसँग मङ्सिर १२ गते धार्केमा भेट भएको र चिनजान गर्ने क्रममा पीडितलाई 'बोक्सी' लागेको छ, 'बोक्सी' भगाउनु पर्छ भन्दै धामी झाँक्रीको काम गर्ने आरोपितले पन्यू तताएर डाम्ने तथा कुटपिट गरेका थिए। घटनामा घाइते भएकी पीडितलाई आफन्तले उद्धार गरी सोही दिन उपचारका लागि सुष्मा कोइराला मेमोरियल अस्पताल, काठमाडौँमा लगे। आरोपित दुवै जनालाई प्रहरीले पुस २ गते जिल्ला अदालत पेश गरेकोमा अदालतको अन्तिम आदेश पुस ११ गतेको आदेश बमोजिम 'बोक्साबोक्सी' आरोपको अनुसन्धानमा आरोपितहरू हिरासतमा रहे।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, १ सय ४ स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र। सदरमुकामस्थित सरकारी अस्पतालमा १३ जना विशेषज्ञको दरबन्दीमा नौ जनाको दरबन्दी रिक्त छ। १ सय १८ जना स्टाफ नर्सको दरबन्दीमा २३ खाली, अनमी १ सय ३८ जनाको दरबन्दीमा ३० जना दरबन्दी खाली रहेको छ। प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीहरूमा कार्यरत प्यारामेटिसिन (अहेव र हेल्थ असिस्टेण्ट) १ सय १७ जनाको दरबन्दी रहेकोमा ७४ जनाको दरबन्दी रिक्त रहेको धादिङ स्वास्थ्य कार्यालयका प्रमुख डाक्टर भुवन पौडेलले जानकारी दिए।

जिल्लामा २० हजार ८ सय ९४ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रम अन्तर्गत ७ हजार २ सय ८५ जनाको बीमा गरिएको छ। स्वास्थ्य बीमा गराएकाहरूले अस्पतालबाट सहज सेवा पाएको तर प्रभावकारी उपचारका लागि काठमाडौँ जानुपर्ने बाध्यात्मक अवस्था रहेको पाइयो। अस्पतालले सेवा प्रवाह गर्ने क्रममा ज्येष्ठ नागरिकलाई पहिलो प्राथमिकता दिने गरेको छ। धादिङमा कोभिडविरुद्ध पहिलो डोज खोप लगाउनेको सङ्ख्या १ लाख ७९ हजार ७ सय ६५ जना र दोश्रो डोज पूरा गर्नेको सङ्ख्या १ लाख १६ हजार ५९ जना रहेको धादिङ स्वास्थ्य कार्यालयका खोप सुपरभाइजर संयोजक श्याम पोखरेलले बताए।

नेपाल सरकारले ०७७ मङ्सिर १५ गते शिलान्यास गरेका धादिङका पाँच ओटा अस्पतालमध्ये नेत्रावती डबजोङको मात्र काम सुरु भएको धादिङ स्वास्थ्य कार्यालयका सूचना अधिकारी जनार्दन सिलवालले बताए।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	कारबाही प्क्रिया अघि नबढेका	जम्मा
बालविवाह		१		१
विद्यालयमा शारीरिक सजाय			१	१
बलात्कार		३		३
यौन दुर्व्यवहार	२	१		३
जम्मा	२	५	१	८

महिला अधिकार					
घटनाको प्रकार	मेलमिलाप	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	२	१		१	४
'बोक्सी'को आरोप	१			१	२
बहुविवाह				२	२
बलात्कार			१	२	३
बलात्कार प्रयास				२	२
जम्मा	३	१	१	८	१३

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	३	४

३.५ नुवाकोट



जम्मा जनसङ्ख्या	२,६२,५८१
महिला	१,३४,१३२
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५५,८९५
कामका लागि बाहिरिएका	१४,३११
अपाङ्गता भएका	४,६९०
५ वर्षमाथिको साक्षरता प्रतिशत	९८.१९
आश्रित जनसङ्ख्या	१,१३,५८२

यस वर्ष जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ४५ जना महिला तीन जना पुरुषसहित ४८ जना पीडित भएको इन्सेकमा अभिलेख भयो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १७ जना र महिला अधिकार उल्लङ्घन घटनामा २६ जना पीडित भए।

कारागार र बन्दी

२० जना महिला र ५० जना पुरुष कैदीबन्दी क्षमताको कारागारमा १ सय ७१ जना कैदीबन्दी छन्। १४ जना महिला र १ सय ५७ जना पुरुष छन्। क्षमताभन्दा बढी कैदी बन्दी रहेका कारण ५० देखि ६० जनासम्म कारागारभित्रको खुल्लास्थानमा सुत्नुपने बाध्यता रहेको छ भने शौचालय प्रयोग गर्न असहज हुने गरेको छ। नौ जना मानसिक रोगको औषधि सेवन गर्छन्। ६० वर्षमाथिका ज्येष्ठ नागरिक नौ जना रहेका छन्। कोभिड-१९ को कारण यो वर्ष चार महिना जिल्ला अदालत बन्द भएको कारण समयमा मुद्दाको छिनोफानो नहुँदा कैदीबन्दीको सङ्ख्या केही बढी देखिएको कारागार प्रमुख गङ्गालाल योगीले बताए। सीपमूलक तालिमको व्यवस्था पनि रहेको छ। मुडा बनाएर कैदी बन्दीले आयआर्जन गर्दछन्। कारागारमा कैदी बन्दीको स्वास्थ्य उपचार गर्न एक जना सिनियर अहेवको दरबन्दी छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय ७३ थानमध्ये १३ ओटा मुद्दाको फैसला भए भने १ सय ६० फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ४ सय २२ थानमध्ये १ सय २० फैसला भए भने ३ सय २ फैसला हुन बाँकी रहे। एक वर्ष नाघेका फौजदारी मुद्दा १ सय ३८ छन्। कोभिडका कारण ०७८ वैशाख २१ गतेबाट बन्द अदालत भदौमा मात्र सुचारू भयो। जसका कारण न्याय सम्पादनको काम प्रभावित भयो।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ४ सय ७६ बालविकास केन्द्र, ३ सय २५ आधारभूत र १ सय १६ मावि छन्। प्राथमिक तहमा १ हजार ५ सय १७ जना शिक्षक कार्यरत छन्। निम्न माध्यमिक तहमा ३ सय ३६ जना शिक्षक कार्यरत छन्। माध्यमिक तहमा २ सय ६१ जना शिक्षक कार्यरत छन्। उच्च माध्यमिक तहमा ९५ जना शिक्षक कार्यरत छन्। यो वर्ष ७० हजार ५ सय ९७ जना बालबालिका विद्यालय भर्ना भए। यो

वर्ष कोभिडका कारण वैशाखदेखि भदौसम्म विद्यालय बन्द भए। अनलाइन कक्षा सञ्चालन भए पनि सबै विद्यार्थीको अनलाइन कक्षा पहुँच पुग्न नसकेको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख अर्जुनबहादुर श्रेष्ठले बताए।

वैदेशिक रोजगारीमा गएर ज्यान गुमाएर वा दुर्घटनामा परेर अङ्गभङ्ग भएका परिवारका ४३ जना बालबालिकाले छात्रवृत्ति पाए। द्वन्द्वपीडित परिवारका १९ जना बालबालिकाले २ लाख ८८ हजार छात्रवृत्ति पाए।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा सात जना, बलात्कारका घटनामा १० जना गरी १७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहारका सात र बलात्कारका १० घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
हत्या		३	३	५
बाल अधिकार	बलात्कार	१०		१०
	यौन दुर्व्यवहार	७		७
	जम्मा	१७		१७
महिला अधिकार	घरेलु हिंसा	१३		१३
	बहुविवाह	३		३
	बलात्कार	६		६
	बलात्कार प्रयास	४		४
	जम्मा	२६		२६
कूल जम्मा		४५	३	४८

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भन्दै ८६ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट लगायत शारीरिक यातनाका ६६ ओटा उजुरी छन्। खान लाउन नदिएको, विवाह दर्ता, नागरिकता नबनाएर मानसिक यातनाका २० ओटा उजुरी छन्। यीमध्ये ५७ ओटा घटना प्रहरी कार्यालयमा मिलापत्र भयो। २१ ओटा घटनाका पीडित कानुनी उपचारको लागि अदालत जाने भएर गएका छन्। आठ घटनाका पीडित प्रहरीको उजुरी दर्ता गरेर सम्पर्कविहीन भएको महिलाले महिला तथा बालबालिका सेवा केन्द्रका प्रमुख सुकुमाया तामाङ्ले बताइन्।

यस वर्ष घरेलु हिंसाका घटनामा १३ जना, बलात्कारका घटनामा ६ जना, बलात्कार प्रयासका घटनामा चार जना, बहुविवाहका घटनामा तीन जना महिला गरी २६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। घरेलु हिंसाका नौ घटनामा मिलापत्र भए, तीन घटना पुर्पक्षका लागि थुनामा गए भने एक घटना कानुनी प्रकृयामै गएन। बहुविवाहका तीन, बलात्कारका ६ र बलात्कारका तीन घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो भने बलात्कार प्रयासको एक घटना यो वर्षको अन्त्यसम्म अनुसन्धानकै प्रकृयामा रहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ६४ स्वास्थ्य चौकी, नौ शहरी स्वास्थ्य क्लिनिक, १९ ग्रामीण स्वास्थ्य इकाइ, २ सय ४० खोप केन्द्र र एक सामुदायिक आँखा केन्द्र छन्। ५० शैयाको त्रिशुली अस्पतालमा बिरामीको चापको कारण १ सय बेडबाट सेवा दिइरहेको छ। यही अस्पताललाई नै कोभिड अस्पतालको रूपमा पनि विकास गरेर सेवा प्रवाह गरिएको छ। कोभिड-१९ को दोस्रो लहरमा कोभिड सङ्क्रमितको उपचारको लागि ६ जना चिकित्सक सहित ७२ जना जनशक्ति नियुक्त गरिएको छ। जिल्ला अस्पतालमा सात जना विशेषज्ञ चिकित्सकको दरबन्दी रहेकोमा एक जनामात्र कार्यरत छन्। ६ जना मेडिकल अधिकृतको दरबन्दी रहेकोमा रिक्त छ। जिल्ला अस्पतालमा ५९ दरबन्दी तोकिए पनि २६ जनामात्र कार्यरत छन्। अस्पतालमा छात्रवृत्ति करारका २३ जना र ६ जना कोभिडको लागि नियुक्त चिकित्सक कार्यरत रहेका छन्।

दुई प्राथमिक स्वास्थ्य केन्द्रमा दुई डाक्टर को दरबन्दी रहेकोमा कार्यरत छन्। जिल्लाभरमा स्वास्थ्य सहायक ७० दरबन्दी रहेकोमा ६६, अहेब १ सय ४० मा १ सय २५, अनमी १ सय ३७ दरबन्दी रहेमा १ सय ३३, स्टाफ नर्स १५ दरबन्दीमा ९, ल्याब टेक्निसियन पाँच दरबन्दीमा तीनजना कार्यरत छन्।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१०	१०
यौन दुर्व्यवहार	७	७
जम्मा	१७	१७

महिला अधिकार					
घटनाको प्रकार	मिलापत्र	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	कारबाही प्क्रिया अघि नबढेका	जम्मा
घरेलु हिंसा	९		३	१	१३
बहुविवाह			३		३
बलात्कार			६		६
बलात्कार प्रयास		१	३		४
जम्मा	९	१	१५	१	२६

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	५	५

३.६ काठमाडौं



जम्मा जनसङ्ख्या	२०,१७,५३२
महिला	९,९१,८०५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१०
प्रदेशसभा निर्वाचन क्षेत्र	२०
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,२८,९७३
कामका लागि बाहिरिएका	९९.८०५
अपाङ्गता भएका	१७,१२२
५ वर्षमाथिको साक्षरता प्रतिशत	७६.४
आश्रित जनसङ्ख्या	६,०३,१२१

यस वर्ष जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट २ सय ६९ जना महिला ११ जना पुरुषसहित २ सय ८० जना तथा राज्यपक्षबाट ३४ जना महिला र २ सय ३६ जना पुरुष गरी २ सय ७० जना पीडित भएको इन्सेकमा अभिलेख भयो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १ सय ३१ जना र महिला अधिकार उललङ्घनका घटनामा १ सय ३० जना पीडित भए।

गिरफ्तारी

यस वर्ष काठमाडौंमा नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको तत्कालीन प्रतिबन्धित नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का पाँच जना नेता तथा कार्यकर्ताहरूलाई प्रहरीले गिरफ्तार गरेको घटना इन्सेकले अभिलेख गऱ्यो। सर्वोच्च अदालत अदालतले फागुन १० गते बास्तोलालाई रिहा गर्न आदेश दिएसँगै प्रहरीले पुन सोही दिन गिरफ्तार गरी काभ्रे जिल्ला पठाएकोमा नेपाल सरकार र नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको तत्कालीन प्रतिबन्धित नेपाल कुम्युनिष्ट पार्टी (नेकपा) बीच फागुन २० गते तीन बुँदे सहमति पछि मन्त्रीपरिषदको निर्णयबाट फागुन २१ गते रिहा भए।

अभिव्यक्ति, भेला तथा सङ्गठित हुन पाउने अधिकार

काठमाडौंस्थित कमलपोखरीबाट प्रतिनिधिसभा विघटनको विरोधमा ०७७ माघ १३ गते सोही पोखरीको माटोको टीका लगाएर बालुवाटारस्थित प्रधानमन्त्री निवास तर्फ गएको बृहत् नागरिक आन्दोलनकर्मी माथि प्रहरीले लाठी र पानीका फोहरा प्रहार गर्दा १२ जना घाइते भए। घाइते हुने मा निर्गराज जैसी, जनक ढुङ्गाना, सुरज तामाङ, कुलदिप शर्मा, सुनिल श्रेष्ठ, गोविन्द भण्डारी सङ्घर्ष दाहाल, कुमार बर्तौला, सिएन थारु, स्वर्णिम दिनेश, रामनरेश यादव, प्राध्यापक रमेश भट्टराई रहेका थिए। उनीहरूको उपचार स्थानीय मेडिकलमा भयो।

चिकित्सा शिक्षा आयोगको स्वायत्ततविरुद्ध सरकारले काम गरेको भन्दै बालुवाटारस्थित प्रधानमन्त्री निवास अगाडि प्रदर्शनरत बृहत् नागरिक आन्दोलन समूहमा संलग्न १८ जनालाई प्रहरीले ०७८ जेठ २८ गिरफ्तार गऱ्यो। गिरफ्तार हुनेहरूमा खगेन्द्र संग्रौला, नारायण वाग्ले, युग पाठक, सञ्जीव उप्रेती, अर्चना थापा, सरीता परियार, रीता परियार, प्रणेता, भास्कर गौतम, अनुभव अजित, घिमिरे युवराज, संगीत, भावना रावत, निर्घ नवीन, शशिविक्रम कार्की, सौरभ कार्की, सौरभ न्यौपाने र अन्जान बाबु रहेको थिए। उनीहरूलाई नेपाल पुलिस क्लबबाट चार घण्टापछि रिहा गरियो।

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण					१	१	२
गिरफ्तारी			५	५			
कुटपिट						२	२
कारागारमा मृत्यु			५५	५५			
अमानवीय व्यवहार					१	१	२
हत्या					६	५	११
अभिव्यक्ति, भेला र सङ्गठित हुने अधिकार		३४	१६६	२१०			
सबै प्रकारका जातीय विभेद					२		२
बाल अधिकार	बालविवाह				२		२
	बेचबिखन तथा ओसारपसार				१	२	३
	बलात्कार				१०७		१०७
	यौन दुर्व्यवहार				१९		१९
	जम्मा				१२९	२	१३१
महिला अधिकार	घरेलु हिंसा				१		१
	बहुविवाह				४२		४२
	'बोक्सी'को आरोप				१		१
	बलात्कार				६९		६९
	बलात्कार प्रयास				१		१
	यौन दुर्व्यवहार				१५		१५
	बेचबिखन तथा ओसारपसार				१		१
	जम्मा				१३०		१३०
कूल जम्मा		३४	२६३	२७०	२६९	११	२८०

काठमाडौँस्थित माइतीघर मण्डलामा धर्नामा बसेका बाँकेका नन्कुन्नी धोवी र निर्मला कुर्मीको अवस्थाबारे अनुसन्धान तथा छानबिनको माग गर्दै नेपालगन्जबाट २० दिनको पैदलयात्रापछि काठमाडौँ आएका अधिकारकर्मी रुबी खानलाई प्रहरीले ०७८ असोज १२ गते माइतिघरमा धर्ना बसेकै बखत गिरफ्तार गऱ्यो। अधिवक्ता मोहना अन्सारीले दायर गरेको बन्दी प्रत्यक्षीकरणको रिटमाथि असोज २८ गते सुनुवाइ गर्दै सर्वोच्च अदालतका न्यायाधीश अनिलकुमार सिन्हाको एकल इजलासले रुबीलाइ तत्काल रिहा गर्न र रिहापछि पुनः धरपकड नगर्न आदेश दियो।

सर्वोच्च अदालतमा आन्दोलनरत न्यायाधीश र नेपाल बार सम्बद्ध अधिवक्ताहरूको आन्दोलनका कारण न्याय निरुपणको काम अवरुद्ध भएको भन्दै प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबराको समर्थनमा सर्वोच्च अदालत अगाडि प्रदर्शन गरेको आरोपमा प्रहरीले कात्तिक २९ गते मनोजकुमार सापकोटा, तारा बराल,सावित्री सुवेदी, मेनुका दङ्गाल, अनिता कार्की, सिर्जना वाग्ले, निश्चल राजभण्डारी, सतिश न्यौपाने, कमल कोइराला, अरुण रोक्का, सागर खड्का, सङ्गीत अधिकारी, सान्ङ्गजी तामाङ, आयुश

केसी, अन्जन महत, अनिल थापा, किरण सुवेदी, सुमन अमात्य, ठाकुर सिलवाल, शेरबहादुर थापा, इन्द्रबहादुर थापा, हरिबहादुर तामाङ, विवेश शाही, सुजनराज थापा, गोविन्द कटुवाल, राजकुमार तामाङ, श्याम बुढाथोकीलाई गिरफ्तार गऱ्यो। उनीहरूलाई प्रहरीले नगर प्रहरी कार्यालय भृकुटीमण्डपको हिरासतमा ४ घण्टा राखेर सोही दिन रिहा गऱ्यो।

प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर जबराको राजीनामा माग्दै सर्वोच्च अदालत परिसरमा प्रदर्शन गरिरहेका कानुन व्यवसायीहरूमाथि २०७८ कात्तिक २५ गते प्रहरीले लाठी प्रहार गर्दा ६ जना कानुन व्यवसायी घाइते भए। प्रहरीको लाठी प्रहारबाट लीलामणि पौडेल, रक्षा बस्याल, कुमार शर्मा आचार्य, मुकुन्द भट्टराई, प्रकाश महर्जन, रमण कर्ण घाइते भए। उनीहरूको प्राथमिक उपचार अन्नपूर्ण न्युरो अस्पताल माइतीघरमा गरिएको थियो।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय परिसरमा त्रिविले करार शिक्षकलाई आन्तरिक प्रक्रिया मिलाएर स्वत: स्थायी बनाउने निर्णय गरेको विरोधमा उपकुलपति कार्यालय घेराउ गर्न पुगेका नेकपा एमाले संवद्ध अनेरास्ववियुका आठ जना कार्यकर्तालाई प्रहरीले २०७८ मङ्सिर २२ गते त्रिभुवन विश्वविद्यालय परिसरबाट गिरफ्तार गऱ्यो। सो घटनामा गिरफ्तार भएका मनीषा कार्की, समीर गौतम, सोम बम, अनिल केसी, विपीन विक, रामनरेश यादव, प्रवीण दाहाल, तेजप्रसाद पोखरेललाई महानगरीय प्रहरी वृत्त कीर्तिपुरको हिरासतबाट चार घण्टा पछि रहा भए।

बानेश्वरस्थित संसद भवन बाहिर अमेरिकी सहयोग परियोजना मिलिनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) सम्बन्धी सम्झौता संसद्बाट पारित नगर्न खबरदारी गर्दै नेत्रविक्रम चन्द (विप्लब) नेतृत्वको नेकपा सहित आठ दलले २०७८ मङ्सिर २८ गते गरेको विरोध प्रदर्शनमा प्रहरीले लाठीचार्ज गऱ्यो। प्रहरीको लाठीचार्जबाट डबलबहादुर शाह, मदन केसी, गोविन्द बिष्ट, लोकेश जोशी, डिबी चन्द, दयाराम लुहार, प्रजित विक र हरि श्रेष्ठ सामान्य घाइते भए। उनीहरूको निजामती कर्मचारी अस्पताल, मीनभवनमा उपचार भयो।

कारागार र बन्दी

काठमाडौँ जिल्लामा जगनान्नाथदेवल र डिल्लीबजार गरी दुई कारागार रहेका छन्। जगन्नाथदेवल कारागार भित्र पनि केन्द्रीय कारागार, भद्रबन्दीगृह कारागार र महिला कारागार गरी तीन ओटा क्लस्टर छुट्याइएको छ। जन्नानाथदेवलका तीन ओटै क्लस्टरका कारागारको क्षमता १ हजार ४ सय ५० रहेकोमा कैदी र थुनुवा गरी ३ हजार ३ सय ३४ जना रहेका छन्। जसमध्ये पुरुष २ हजार ९ सय ६५ र महिला महिला ३ सय ६९ रहेका छन्। त्यस्तै कारागारमा १३ जना आश्रित बालबालिका रहेका छन्। कारागारमा रहेकामध्ये ९५ प्रतिशतले कोरोनाविरुद्ध खोप लगाएका छन्। कारागारभित्र कैदीको लागि छुट्टै अस्पताल रहेको छ जहाँ अप्रेसन गर्नुपर्ने बाहेक अन्य चिकित्सा सेवा प्रदान गरिन्छ। कैदीबन्दीलाई ज्याकेट, टोपी, पोते, स्विटर, मुढा, बेकरी, साबुन बनाउने लगायत विभिन्न सीपमूलक तालिम प्रदान गरिएको छ। जिल्ला कारागार शाखामा कोभिड-१९ का कारण आठ जना र अन्य ५२ जना गरी ६० जनाको मृत्यु भयो। त्यस्तै २ सय जनाको क्षमता रहेको डिल्लीबजार कारागारमा हाल ५ सय ५० जना कैदीबन्दी रहेका छन्। उनीहरूमध्ये सबै ले कोरोनाविरुद्धको खोप लगाएका छन्।

यस वर्ष जगन्नाथदेवल कारागारमा ५ सय ९ जनामा कोरोना सङ्क्रमण भएकोमा ५ सय ३ जना सङ्क्रमणमुक्त भए भने ६ जनाको मृत्यु भयो। कारागारमा जम्मा ४९ जना कैदीबन्दीको मृत्यु भयो। त्यसैगरी, डिल्लीबजार कारागारमा रहेका ५९ जना कैदीबन्दीमा कोरोना सङ्क्रमण भएकोमा एक जनाको मृत्यु भयो। यस वर्ष पाँच जना कैदीबन्दीको मृत्यु भयो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको राजीनामा माग गर्दै कानुन व्यवसायीहरूको कात्तिक ७ गतेदेखि मंसिर १५ गतेसम्म अदालतमा गरेको आन्दोलन र सर्वोच्च अदालतकै केही न्यायाधीशहरूले सर्वोच्च अदालत परिसरमा डेढ महिनासम्म गरेको आन्दोलनका कारण जिल्ला र सर्वोच्च अदालतमा रहेका मुद्दामा सुनुवाइ हुन नसक्दा पीडितहरू न्याय पाउनबाट बन्चित भए। सर्वोच्च अदालत परिसरमा नेपाल बार एशोसिएशनका पदाधिकारी तथा सदस्यहरूले आन्दोलन र नारावाजी गरेपछि सेवाग्राहीहरू भित्र पस्न सकेनन्।

३५ जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा गत आर्थिक वर्षदेखि ४ जना न्यायाधीशको दरबन्दी थप गरी ३९ जना बनाइयो। ३९ जना न्यायाधीशको दरबन्दी रहेकोमा हाल जिल्ला अदालतमा ३१ जनामात्र कार्यरत छन्। यो वर्ष दर्ता

भएका ३ हजार ७ सय ८६ फौजदारी मुद्दा मध्ये ८ सय ५६ वटामा फैसला भयो। देवानी मुद्दातर्फ ११ हजार ९ सय ६६ थान मुद्दा दर्ता भएकामा २ हजार ६ सय ३७ वटामा मात्र फैसला भयो।

यो वर्ष जिल्ला अदालतमा जबर्जस्तीकरणीसम्बन्धी २ सय ३४ मुद्दा दर्ता भए जसमध्ये जम्मा ६४ वटा मुद्दामा फैसला भयो। यहाँ दुई वर्ष नाघेका देवानी र फौजदारी गरी कूल १ हजार ६ सय ७८ थान मुद्दा बाँकी रहे। त्यस्तै सर्वोच्च अदालतमा २ वर्ष नाघेका देवानी र फौजदारी गरी मुद्दा १३ हजार ७ सय ४८ मुद्दा रहेका छन्। सर्वोच्च अदालतमा यस वर्ष १ सय ६६ थान बन्दी प्रत्यक्षीकरणको रिट परेको थियो जसमध्ये १ सय ३३ वटामा मात्र सुनुवाइ हुन सक्यो।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १ हजार ७ सय ३ आधारभूत र ९ सय ५० मावि रहेका छन्। जिल्लाभर ३ सय १८ वटा रहेका बाल विकास केन्द्रमध्ये हाल ३ सय ८ सञ्चालनमा रहेका छन्।

यस जिल्लामा ४ हजार १ सय ८४ शिक्षक दरबन्दी भएकोमा ९ सय ८८ मिलान हुन बाँकी रहेको छ। यसवर्ष जिल्लाभर एक लाख ६८ हजार ३ सय ३० बालक र १ लाख ३९ हजार २ सय ५ ० जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका १ हजार ८ सय ३ बालक र २ हजार ५० बालिका भर्ना भएका थिए। यस वर्ष जिल्लाभर १२ हजार २ सय ६ दलित बालक र १० हजार ७ सय ८ दलित बालिका भर्ना भएका थिए।

यो वर्ष काठमाडौँमा बालिका बलात्कारका घटनामा १ सय ७ जना बालिका पीडित रहेको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित बलात्कारका घटनामध्ये ७६ जना आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो, पाँचजना आरोपितलाई बाल सुधारगृहमा पठायो र पाँचजना आरोपितहरूले सफाइ पाए। त्यस्तै बालिका बलात्कारका तीन आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

त्यस्तै, यो वर्ष बाल यौन दुर्व्यवहारका घटनामा १९ बालिका पीडित रहेको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये १४ जना आरोपितहरूलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक आरोपितलाई बाल सुधारगृहमा पठायो र तीन जना आरोपितलाई सफाइ दियो।

बलात्कार, यौन दुर्व्यवहार

पाँच वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा पर्वत जिल्ला फलेवास नगरपालिका-२ घर भई हाल काठमाडौँ महानगरपालिका-१७ गोगबुमा रहेको डाफेँ मुनाल गेष्ट हाउसमा बस्दै आएका २१ वर्षीय दीपेन्द्र क्षेत्रीलाई प्रहरीले ०७७ पुस १७ गते गोँगबुबाट गिरफ्तार गऱ्यो। आरोपितले पीडित बालिकालाई फकाई पुस १४ गते बलात्कार गरेको आरोपमा पीडित पक्षले आरोपित विरुद्ध पुस १७ गते महानगरीय प्रहरी वृत्त, महाराजगञ्जमा उजुरी दियो। पीडित बालिकाको स्वास्थ्य परीक्षण पुस १७ गते प्रसुती गृह, थापाथलीमा भयो। आरोपित उपर प्रहरीले जिल्ला अदालत काठमाडौँमा पुस १८ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नवराज दाहालको ०७७ पुस १८ गतेको आदेश अनुसार आरोपितलाई पुर्पक्षका लागि थुनामा राखि अनुसन्धान थालिएको थियो। जिल्ला अदालतका न्यायाधीश राजेन्द्र अधिकारीको इजलासले ०७८ भदौ ३ गते आरोपितलाई १७ वर्ष कैद र १ लाख रुपियाँ जरिबाना गर्ने फैसला गऱ्यो।

१३ वर्षीया बालिकालाई २०७७ पुस १८ गते बलात्कार प्रयास गरेको आरोपमा ललितपुर जिल्ला गोदावरी नगरपालिका-२ घर भई काठमाडौँ तार्केश्वर नगरपालिका-६ पैयुटार बस्दै आएका २९ वर्षीय सन्दीप सिलवाललाई प्रहरीले ०७७ पुस २० गते पैयुँटारबाट गिरफ्तार गऱ्यो। आरोपितलाई प्रहरीले पुस २० गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण पुस २० गते प्रसुती गृह थापाथलीमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् यौन दुरुपयोग अभियोगमा पुस २२ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदातलका न्यायाधीश शंकरराज बरालको इजलासले आरोपितलाई साउन ३० गते तीन वर्ष कैद र ३० हजार रुपियाँ जरिबाना हुने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष जिल्ला प्रहरी कार्यालय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा घरेलु हिंसाका २ हजार ६ सय ६२ उजुरी दर्ता भए। उजुरी परेकामध्ये २ हजार २३ ओटा उजुरीमध्ये ३७ उजुरी जिल्ला अदालत गए। १ सय ८७ जना सम्पर्कमा आएका छैनन्। साथै ६ सय ३९ ओटा उजुरी कारबाहीको प्रक्रियामा रहेका छन्।

यो वर्ष बलात्कारका घटनामा ६९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित बलात्कारका घटनामध्ये ४४ जना आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो र दुई जना आरोपितहरूलाई सफाइ दियो। त्यसै गरी बलात्कार घटनाका १० जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तारमा भएनन्।

त्यस्तै, यो वर्ष बलात्कार प्रयास र यौनदुर्व्यवहारका घटनामा १६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये १० जना आरोपितहरूलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो र १ जना आरोपितलाई सफाइ दियो। त्यसैगरी बलात्कार प्रयास घटनाका एक जना आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२९ वर्षीया महिलालाई ०७७ पुस २२ गते बलात्कार गरेको आरोपमा काठमाडौँ महानगरपालिका-७ मनमैजुमा बस्दै आएका ३० वर्षीय खम्बबहादुर थापामगर र सिन्धुली जिल्ला कमलामाइ नगरपालिका-५ घर भई सोही स्थानमा बस्दै आएका २५ वर्षीय दूधराज घिसिङलाई प्रहरीले ०७७ पुस २३ गते मनमैजुबाट गिरफ्तार गऱ्यो। आरोपितले पीडित महिलालाई बलात्कार गरेको आरोपमा पीडित पक्षले आरोपितविरुद्ध पुस २३ गते महानगरीय प्रहरी वृत्त, गौशालामा उजुरी दिएपछि आरोपितलाई प्रहरीले सोही दिन गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण पुस २३ गते प्रसुती गृह, थापाथलीमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जबरजस्तीकरणी अभियोगमा पुस २३ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। न्यायाधीश अम्बिकाप्रसादको इजलासले २०७८ असोज १ गते आरोपितलाई दोषी ठहर गर्दै आठ वर्ष कैद र ३० हजार रुपियाँ जरिबाना हुने फैसला गऱ्यो।

परिवारजनबाट हत्या

३२ वर्षीया सन्तोषी श्रेष्ठलाई धारिलो हतियार प्रयोग गरी हत्या गरेको आरोपमा काठमाडौँ महानगरपालिका-१४ बल्खुका ३५ वर्षीय यज्ञकुमार सापकोटालाई प्रहरी ०७७ चैत ४ गते कलङ्कीबाट गिरफ्तार गऱ्यो। सामान्य घरेलु विवादका क्रममा आरोपितले चैत २ गते घरेलु हतियार प्रयोग गरी हत्या गरेका थिए। शवको चैत ३ गते त्रिवि शिक्षण अस्पताल, महाराजगञ्जमा पोष्टमार्टम भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् ज्यान मार्ने अभियोगमा चैत ५ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। न्यायाधीश नारायणप्रसाद सुवेदीको कात्तिक ४ गतेको इजलासले अरोपितलाई २० वर्ष कैद हुने फैसला गऱ्यो।

'बोक्सी' को आरोप

३३ वर्षीया महिलालाई बोक्सीको आरोपमा काठमाडौँ महानगरपालिका १५ स्वयम्भूस्थित ठूलो भऱ्याङमा अभक्ष (मानव मलमुत्र) खुवाएर ०७८ भदौ १८ र १९ गते कुटपिट गरेको आरोपमा प्रहरीले पीडित महिलाको पति ललितपुर जिल्ला महालक्ष्मी नगरपालिका-८ लुभु बस्दै आएका ३६ वर्षीय जितेन्द्र महर्जन, धामी काम गर्ने मकवानपुर घर भई स्वयम्भू ठूलो भऱ्याङ बस्ने ३६ वर्षीय दीपेन्द्रकुमार थिङ र नागार्जुन नगरपालिका-५ मा बसेर झारफुकको काम गर्दै आएका ३१ वर्षीय दशनारायण महर्जन र कुटपिट गर्न सहयोग गर्ने नागार्जुन नगरपालिका-५ बस्ने जनार्दन पाण्डेलाई प्रहरीले २०७८ भदौ २३ गते गिरफ्तार गऱ्यो। पीडित महिलाले आरोपितहरूविरुद्ध आफन्तको सहयोगमा महानगरीय प्रहरी परिसर, टेकुमा भदौ २३ गते उजुरी दिइन्। गम्भीर घाइते भएकी पीडित महिलाको स्वास्थ्य परीक्षण र उपचार महाराजगञ्जस्थित त्रिवि शिक्षण अस्पतालमा भदौ २३ गते भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत् अमानवीय व्यवहार अभियोगमा भदौ २३ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। न्यायाधीश विनोदकुमार पोखरेलको इजलासले मङ्सिर २१ गते आरोपितहरूलाई जनही ५ वर्ष कैद र ५० हजार रुपियाँ जरिबाना हुने फैसला गऱ्यो।

सबै प्रकारका जातीय विभेद

तनहुँ जिल्ला दमौली नगरपालिका-६ घर भई काठमाडौँ महानगरपालिका-११ बबरमहल बस्दै आएकी २४ वर्षीया रुपा सुनारलाई २०७८ असार १ गते जातको आधारमा कोठा भाडामा नदिएको आरोपमा प्रहरीले काठमाडौँ महानगरपालिका- ११ बबरमहल घर भएकी ५८ वर्षीया सरस्वती मानन्धरलाई गिरफ्तार गऱ्यो। पीडितले असार ३ गते महानगरीय प्रहरी वृत्त, सिंहदरबारमा जातीय विभेद गरेको भन्दै उजुरी दिएकी थिइन्। प्रहरीले असार ३ गते नै जातीय विभेद विरुद्धको आधारमा मुद्दा दर्ता

गऱ्यो। न्यायाधीश नारायणप्रसाद सुवेदीको इजलासले असोज ६ आरोपितलाई १ लाख १५ हजार रुपियाँ धरौटी लिएर रिहा गर्न आदेश दियो। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्ला स्वास्थ्य कार्यालय काठमाडौँले उपलब्ध गराएको तथ्याङ्कका अनुसार काठमाडौँ जिल्लामा निजी र सरकारी गरी हाल १ हजार ९८ स्वास्थ्य संस्था रहेका छन्। जसमध्ये १ सय २० भन्दा बढी सरकारी स्वास्थ्य संस्था छन् भने निजी स्वास्थ्य संस्था ९ सय ७८ रहेका छन्। यस्तै जिल्लामा ५८ हेल्थ पोस्ट, २ सय ६ खोप केन्द्र र सहरी स्वास्थ्य क्लिनिक ५३ रहेका छन्। जिल्लामा हाल स्वास्थ्य स्वयंसेविकाको सङ्ख्या १ हजार ७ सय ५ रहेको छ। यस वर्षको अन्त्यसम्म कोरोनाका कारण काठमाडौँमा २ हजार २ सय ५१ जना व्यक्तिको मृत्यु भयो।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार			२	२
बालविवाह	२			२
बलात्कार	२६	३	७७	१०६
यौन दुर्व्यवहार	५	१	१३	१९
जम्मा	३३	४	९२	१२९

महिला अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१			१
बहुविवाह	११	२	२९	४२
'बोक्सी'को आरोप	१			१
बलात्कार	१८	९	४२	६९
बलात्कार प्रयास			१	१
यौन दुर्व्यवहार	४	२	९	१५
बेचबिखन तथा ओसारपसार			१	१
जम्मा	३५	१३	८२	१३०

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	८	११

३.७ भक्तपुर



जम्मा जनसङ्ख्या	४,३०,४०८
महिला	२,१२,४६६
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	३६,९९९
कामका लागि बाहिरिएका	१०,२१५
अपाङ्गता भएका	३,२०४
५ वर्षमाथिको साक्षरता प्रतिशत	९६.५
आश्रित जनसङ्ख्या	१,०४,६८८

यस वर्ष जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ६८ जना महिला, चार जना पुरुषसहित ७२ जना पीडित भएको इन्सेकमा अभिलेख भयो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३७ जना र महिला अधिकार उल्लङ्घनका घटनामा २९ जना पीडित भए।

बालसुधार गृह

जिल्लामा गैरसरकारी संस्था यूसेपको सहयोगमा ०५८ सालदेखि बाल सुधार गृह सञ्चालनमा आएको छ। बालसुधार गृहको क्षमता १ सय जना बालक र १० जना बालिका लागि गरी १ सय १० जनाको छ। सुधारगृहमा २ सय ४६ जना बालबालिका सुधार गुहमा छन्। जसमध्ये २ सय १४ जना बालक र ३२ जना बालिका रहेका छन् । बालसुधार गृहमा शिक्षाको राम्रो व्यवस्था रहेको छ। यहाँ एसईई परीक्षा दिएकाका लागि पुस्तकालयको समेत व्यवस्था गरेको बाल सुधार गृहका इन्चार्ज एवम् यूसेपका निर्देशक केशव सुवालले जानकारी दिए। कक्षा १२ सम्ममा अध्ययन गर्नका लागि कक्षा कोठा थपसहित भवन निर्माण भएको छ। त्यस्तै यहाँ रहेका बालबालिकाको उचित स्वास्थ्य सेवाको समेत व्यवस्था भएको र बिरामी परेलगत्तै उपचारको व्यवस्था गरिएको उनले बताए। बालिकालाई शिक्षाका अलावा खेलकुद, पुस्तकालयलगायत अतिरिक्त सेवा सुविधा प्रदान गर्नुका साथै युसेपले प्रदान गर्दै आएको ड्राइभिङ, अटोमोबाइल, वायरिङ्ग, हेवी इक्वेप्मेन्ट, मोटरसाइकल तथा गाडी मेकानिकल लगायतका प्राविधिक तालिममा सहभागी गराउने गरिएको सुवालले जानकारी दिए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

६ जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार ३ सय १७ मध्ये ४ सय ११ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ हजार ७ सय ५६ मध्ये १ हजार १ सय ८८ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा ३ सय ७६ थान छन् भने देवानी मुद्दा ६ सय ४८ थान बाँकी छ। गत वर्षको जिम्मेवारी सरेर आएका २ हजार ३ सय १० र गत वर्षको ४ हजार ७४ थान मुद्दामध्ये कुल १ हजार ५ सय ९९ थान मुद्दा फैसला भए । २ हजार ४ सय ७५ मुद्दा बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा आधारभूत ७७, माध्यमिक

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
हत्या		३	३	६
बाल अधिकार	बलात्कार	२८		२८
	यौन दुर्व्यवहार	८	१	९
	जम्मा	३६	१	३७
महिला अधिकार	बहुविवाह	९		९
	बलात्कार	१५		१५
	बलात्कार प्रयास	३		३
	बेचबिखन तथा ओसारपसार	२		२
	जम्मा	२९		२९
कूल जम्मा		६८	४	७२

विद्यालय ४५, महिला विद्यालय एक, अपाङ्गतामैत्री विद्यालय दुई र बाल सुधार गृहको विद्यालय एक रहेको छ। जिल्लामा आधारभूत १ हजार ३ सय ३९ शिक्षक दरबन्दी रहेकामा १ सय ५४ शिक्षक करारमा रहेका छन् भने ९४ जना राहत, अनुदानतर्फ १३ जना र बालविकास सहजकर्ता १ सय ७ शिक्षक रहेका छन्।

यसवर्ष जिल्लामा १६ हजार ५ सय ९३ बालक र १४ हजार ७ सय ८७ बालिका विद्यालय भर्ना भए। जिल्लामा यसवर्ष ४ हजार ५ सय १९ अपाङ्ग, दलित तथा जनजाती बालक र ६ हजार ३ सय ६७ दलित तथा जनजाति बालिका, शहिद परिवार तथा द्वन्द्वपीडित परिवारका १ सय १४ बालबालिकाले छात्रवृत्ति पाए।

यस वर्ष यौन दुर्व्यवाहरका घटनामा एक जना बालक र ८ बालिका गरी नौ जना, बलात्कारका घटनामा २८ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यौन दुर्व्यवहारका नौ घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बलात्कार घटनाका २० जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने आठ घटनाको अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यसवर्ष यस वर्ष जिल्ला प्रहरी कार्यालय, भक्तपुरको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा घरेलु हिंसाबाट पीडित भन्दै १२ जना महिलाले उजुरी दर्ता गराए। जसमा शारीरिक यातना, कुटपिट गरी घरनिकाला गरिएकोमा उजुरी दर्ता भएन। यहाँ आएका उजुरीमध्ये १० ओटा मिलापत्र गराएको, उजुरी उपर कारबाही भइरहेको र घरेलु हिंसाका उजुरी यस वर्ष न्यायका लागि अदालत पठाउनु नपरेको सेवा केन्द्रकी सई सानु श्रेष्ठले जानकारी दिइन्। मिलापत्र भएका उजुरीउपर पुनः समस्या आएको वा त्यस्ता घटना दोहोरिएको जानकारी नआएको उनले बताइन्।

यस वर्ष वहुविवाह घटनामा नौ जना, बलात्कारका घटनामा १५ जना, बलात्कार प्रयासका घटनामा तीन जना र महिला बेचबिखनको घटनामा दुई जना महिला गरी २९ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बहुविवाहका दुई घटनाको अनुसन्धान जारी रहेको छ भने सात घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो। बलात्कारका १५ घटनाका सबै आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। महिला बेचबिखनको दुई घटना र बलात्कार प्रयासका दुई घटनाका आरोपित पुर्पक्षका लागि थुनामा छन् भने बलात्कार प्रयासका एक घटनाको अनुसन्धान भइरहेको जिल्ला प्रहरीले जनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा १८ अस्पताल छन्। जसमा चार सरकारी अस्पताल रहेका छन्। भक्तपुर अस्पतालमा मेडिकल सुपरिटेण्डेण्टसहित १ सय २ दरबन्दी रहेकोमा ४७ दरबन्दी रिक्त रहेको, ५३ जना करारमा रहेको र ५५ जना अस्पताल विकास समितिमार्फत करारमा कार्यरत रहेको अस्पतालकी मेडिकल सुपरिटेण्डेन्ट डा. सुमित्रा गौतमले बताइन्। शहीद धर्मभक्त अङ्ग प्रत्यारोपन केन्द्रमा ८९ दरबन्दीमा सबै स्थायी भएका छन्। करारमा २९ जना कर्मचारी रहेका छन्। अस्थायी करारलाई आन्तरिक श्रोतबाट तलब खुवाउने गरी व्यवस्थापन गरिएको छ।

भक्तपुर क्यान्सर अस्पतालमा २ सय ९५ जना कर्मचारी रहेका छन्। सरकारले एक जना निर्देशक स्थायीरूपमा पठाएको छ।

जिल्लामा दुई ओटा संस्थाद्वारा सञ्चालित अस्पताल र नौ ओटा निजी क्षेत्रबाट सञ्चालित अस्पताल रहेका छन्। त्यस्तै २० स्वास्थ्य चौकी, ११ ओटा शहरी स्वास्थ्य केन्द्र र भक्तपुर नपाको दुई ओटा नगर स्वास्थ्य केन्द्र रहेका छन्। नगरपालिकाद्वारा सञ्चालित स्वास्थ्य

अस्पताल एवम् स्वास्थ्य चौकीहरूमा चिकित्सक, हेल्थ असिस्टेण्ट/अहेव गरि १ सय ७१ दरबन्दी रहेको, १ सय ५७ जना अस्थायी र ४८ जना करारमा कार्यरत रहेका छन्।

भक्तपुर नगरपालिकाले अक्सिजन प्लान्टसहितको २५ शैयाको ख्वप अस्पतालमा सञ्चालन गरेको छ। यस नगरपालिकाका तीन शहरी स्वास्थ्य केन्द्र सञ्चालनमा रहेका छन्। यस नगरपालिकालआफ्ना ५८ हजार १ सय ५२ जनालाई स्वास्थ्य बीमा सेवामा समाहित गरेको छ।

सूर्यविनायक नगरपालिकाले दधिकोटमा १० शैयाको अस्पताल सञ्चालनमा ल्याएको छ। यस नगरपालिका क्षेत्रमा सात स्वास्थ्य चौकी, चार सहरी स्वास्थ्य केन्द्र रहेका छन्। यहाँको स्वास्थ्य चौकीको भौतिक पूर्वाधार र प्राविधिक पूर्वाधारको विकास गर्दै अस्पताल सञ्चालनमा ल्याएको यस नगरपालिकाका मेयर बासुदेव थापाले बताए। नगरपालिकाले १ हजार परिवारलाई स्वास्थ्य बिमामा ५० प्रतिशत अनुदानमा समावेश गरेको छ।

चाँगुनारायण नगरपालिकाले दुवाकोट स्वास्थ्य चौकीमा बर्थिङ्ग सेवा सहितको सेवा सञ्चालनमा रहेको र यसलाई २५ शैयामा विस्तार गर्ने योजना रहेको मेयर सोमप्रसाद मिश्रले बताए। यस नगर क्षेत्रमा आठ स्वास्थ्य चौकी र दुई शहरी स्वास्थ्य चौकी रहेको छ। यो नगरपालिकामा पनि आवश्यक औषधि नि:शुल्क दिने गरी व्यवस्था गरेको र औषधिको अभाव नभएको मेयर मिश्रले बताए। यस नगरपालिकाले पनि आफ्ना नागरिकलाई ५० प्रतिशत अनुदान दिएर १ हजार ८ सय ९७ जनालाई स्वास्थ्य बीमामा समाहित गरेको छ।

मध्यपुरथिमि नगरपालिकाले भने नेपाल कोरिया नगरपालिका मैत्री अस्पताल सञ्चालन गरिरहेको छ। यो अस्पताललाई १ सय शैयामा विस्तार गर्दै स्थानीय बीमामार्फत प्रत्येक नागरिकलाई सहज स्वास्थ्य सेवा पुऱ्याउने लक्ष्यका साथ काम भएको नगरपालिकाका मेयर मदनसुन्दर श्रेष्ठले बताए यस नगरपालिकाले ४६ हजार ५ सय ५ जनालाई स्वास्थ्य बीमा गरेको छ।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	८	२०	२८
यौन दुर्व्यवहार		९	९
जम्मा	८	२९	३७

महिला अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बहुविवाह	२	७	९
बलात्कार		१५	१५
बलात्कार प्रयास	१	२	३
बेचबिखन तथा ओसारपसार		२	२
जम्मा	३	२६	२९

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	५	६

३.८ ललितपुर



जम्मा जनसङ्ख्या	५,४८,४०१
महिला	२,७२,८६४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	३
प्रदेशसभा निर्वाचन क्षेत्र	६
गरिबीको रेखामुनि रहेको सङ्ख्या	३४,५५४
कामका लागि बाहिरिएका	२४,३८६
अपाङ्गता भएका	४,९३४
५ वर्षमाथिको साक्षरता प्रतिशत	९८.४
आश्रित जनसङ्ख्या	१,६२,४४७

यस वर्ष जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ७० जना महिला, तीन जना पुरुषसहित ७३ जना र राज्यपक्षबाट पाँच जना पुरुष पीडित भएको इन्सेकमा अभिलेख भयो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ४२ जना र महिला अधिकार उल्लङ्घन घटनामा २६ जना पीडित भए।

गिरफ्तारी

यस वर्ष ललितपुरमा नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको तत्कालीन प्रतिबन्धित नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का केन्द्रीय सचिवालय सदस्य धर्मेन्द्र बास्तोलासहित तीन जनालाई गिरफ्तार गरेको घटना इन्सेकले अभिलेख गऱ्यो । सर्वोच्च अदालत अदालतले फागुन १० गते बास्तोलालाई रिहा गर्न आदेश दिएसँगै प्रहरीले पुन: गिरफ्तार गरी काभ्रे जिल्ला पठाएकोमा नेपाल सरकार र नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको तत्कालीन प्रतिबन्धित नेपाल कुम्युनिष्ट पार्टी (नेकपा) बीच फागुन २० गते तीन बुँदे सहमति पछि मन्त्रीपरिषदको निर्णयबाट फागुन २१ गते रिहा भए।

कारागार र बन्दी

नख्खु कारागारको क्षमता ५ सय जनाको छ। कारागारमा कैदीबन्दी १ हजार ३ सय ५३ जना छन्। यो कारागारमा महिला छैनन्। स्वदेशी कैदी ८ सय ४४ जना र बन्दी ३ सय ९० गरी ९ सय २५ जना, विदेशी कैदी ८१ र बन्दी ३८ गरी ४ सय २८ जना छन्।

कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि दुई जना स्वास्थ्यकर्मीको दरबन्दी रहेको यस कारागार परिसरमा छुट्टै मनोसामाजिक आपाङ्गता अस्पतालको व्यवस्था छ। कारागारमा ७५ जना जटिल मानसिक रोगी र सामान्य मानसिक रोगी १ सय १० जना गरी कूल १ सय ८५ जना मानसिक रोगको औषधि उपचार गराइ रहेका छन्। ६० वर्ष

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		३	३			
कुटपिट					१	१
हत्या				२	२	४
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		२	२			
बाल अधिकार	बलात्कार			२९		२९
	यौन दुर्व्यवहार			१३		१३
	जम्मा			४२		४२
महिला अधिकार	घरेलु हिंसा			१		१
	बहुविवाह			१६		१६
	बलात्कार			७		७
	यौन दुर्व्यवहार			२		२
	जम्मा			२६		२६
कूल जम्मा		५	५	७०	३	७३

नाघेका ३१ जना ज्येष्ठ नागरिक (पुरुष) रहेको जिल्ला कारागार प्रमुख चिरञ्जीवी गिरीले बताए। कारागारमा दीर्घरोगी उच्च रक्तचापका १ सय ४१ जना, मधुमेह रोगका ७५ जना, मुटुसम्बन्धी १५ जना, दमसम्बन्धी २१ जना, एचआइभी ६ जना, क्षयरोगका नौ जना र आँखाका समस्या भएका २ सय ४६ जना छन्। कारागार परिसरमा बहिरङ्ग सेवा ११ हजार ९ सय ५० पटक, अस्पताल रेफर ९ सय ७४ पटक उपलब्ध भएको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

उच्च अदालत

३६ जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत, पाटनमा तीन जना न्यायाधीशको दरबन्दी रिक्त रहेको छ। यस वर्षका लागि दुनियावादी देवानीका १ हजार ९ सय ७९ थान, दुनियावादी फौजदारीका ९ सय ५६ थान, सरकारवादी फौजदारीका ३ हजार ८ सय ६९ थान र सुरू क्षेत्राधिकारबाट २ हजार ७ सय २७ थान मुद्दा जिम्मेवारी सरेका थिए। ०७७ पुस १७ देखि ०७८ पुस १६ गतेसम्म दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ ३ थान, रिट क्षेत्राधिकारतर्फ ८ सय ३५ उजुरी परे। अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत ८ हजार १ सय ८५ थान मुद्दा फैसला भए।

जिल्ला अदालत

सात न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ३ सय ८७ मध्ये १ सय ८३ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ हजार ७ सय २४ मध्ये ६ सय ७४ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा ७९ थान छन् भने देवानी मुद्दा ५ सय ५६ थान बाँकी छ।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १ सय १२ आधारभूत र ७४ माध्यमिक विद्यालय छन्। ५ हजार ८ सय ६१ शिक्षक दरबन्दी रहेकामा ६३ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष ६७ हजार ५ सय ४ बालक र ६० हजार १ सय ४१ जना बालिका विद्यालय भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय पाटन मावि र आदर्श सौल युवक मावि गरी दुई ओटा छन्। द्वन्द्वपीडित परिवारका २८ जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाभर ३ हजार २ सय जना दलित बालक र ३ हजार १ सय ८८ जना दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारमा गएर मृत्यु भएका परिवारका १२ जना बालबालिका मध्ये आधारभूत तहमा प्रति विद्यार्थी ८ हजार र मावि तहकाले १२ हजार रुपियाँ छात्रवृत्ति पाए। दुवै तहमा जम्मा रकम कति पाए भन्ने अभिलेख शिक्षा तथा समन्वय इकाइमा नभएको इकाइ प्रमुख गणेश ढकालले बताए।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा १३ जना, बलात्कारका घटनामा २९ जना गरी ४२ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहारका दुई घटनाको अनुसन्धान जारी रहेको छ भने ११ घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बलात्कारका २५ घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने तीन घटनाका मुद्दा फैसला भयो। एक घटनाको अनुसान्धान भइरहेको छ।

बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया बालिकालाई ०७७ माघ १८ गते बलात्कार गरेको आरोपमा गोदावरी नगरपालिका-३ का २७ वर्षीय तिर्थमान स्याङ्तानविरुद्ध पीडितका आफन्तले माघ १९ गते महानगरीय प्रहरी वृत्त सातदोबाटोमा उजुरी दिए। आरोपितलाई प्रहरीले माघ १९ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण माघ १९ गते पाटन अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत् फागुन १२ गते जबरजस्तीकरणी अभियोगमा मुद्दा जिल्ला अदालतमा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश देवकुमार गिरीको चैत २६ गते बसेको इजलासले आरोपितलाई कसुसरदार ठहर गर्दै १२ वर्ष कैद फैसला सुनाएको अदालतका श्रेष्तेदार विष्णुप्रसाद पाण्डेयले पठाए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा घरेलु हिंसा पीडित भन्दै ५ सय १० उजुरी परे। त्यसमध्ये शारीरिक यातनाका १ सय ७६ ओटा उजुरी परेको मा तीन उजुरी समाधान हुन बाँकी रहे। मानसिक यातनाका २ सय २१ ओटा उजुरी परेकोमा पाँच उजुरी समाधान हुन बाँकी रहेको छ भने खान, लाउन, घरायसी खर्चलगायत आर्थिक हिंसाका ३५ ओटा उजुरी परेकोमा सबैको समाधान भएको महानगरीय प्रहरी परिसर महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रले जनायो। कुटपिट गरेको, घरनिकाला गरेका, गालीगलौज र धाकधम्की दिएको आरोपमा ७८ ओटा उजुरी परेकोमा सबैको मेलमिलाप भएको केन्द्रका प्रमुख इन्स्पेक्टर किरण प्रकाश मल्लले बताए।

यस वर्ष घरेलु हिंसाका घटनामा एक जना, बहुविवाहका घटनामा १६ जना, बलात्कारका घटनामा सात जना र यौन दुर्व्यवहारको घटनामा दुई जना गरी २६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। घरेलु हिंसाको एक घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। बहुविवाह घटनाका दुई घटनाको अनुसन्धान जारी रहेको र १४ घटनाका आरोपित पुर्पक्षका लागि जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो। यौन दुर्व्यवहारका दुई घटनाका आरोपित पनि जिल्ला अदालतको आदेशमा पुर्पक्षका लागि थुनामा गए।

आगो लगाएर हत्या प्रयास

गोदावरी नगरपालिका-१३ की २७ वर्षीया मुना मगरलाई ०७८ कार्तिक ११ गते बिहान आगो लगाएर हत्या प्रयास गरेको आरोपमा पति २८ वर्षीय राजु देसारविरुद्ध पीडितका आफन्तले कार्तिक १२ गते महानगरीय प्रहरी वृत्त, चापागाउँमा उजुरी दिए। आरोपितलाई प्रहरीले ०७८ कार्तिक ११ गते घर बाटै गिरफ्तार गऱ्यो। मुना पतिले आगो लगाएपछि जलेको अवस्थामा बचाऊ-बचाऊ भन्दै चिच्याएर सडकमा आएको अवस्थामा तत्कालै उद्दार गरी प्रहरीको गाडीमा हालेर नख्खुस्थित मेडिसिटी अस्पताल लगिएको मा थप उपचार काठमाडौंस्थित कीर्तिपुर अस्पतालमा भयो। अस्पतालका अनुसार मुनाको शरीर ४० प्रतिशत जलेको छ। बोल्न सक्ने भए पनि थप उपचार घरमै भइरहेको छ। आरोपितलाई मङ्सिर २ गते जिल्ला सरकारी वकिलको कार्यालयमार्फत जिल्ला अदालतमा पेश गरेकोमा सोही दिन पुर्पक्षका लागि थुनामा पठाइएको अदालतका श्रेस्तेदार विष्णुप्रसाद पाण्डेयले बताए।

परिवारजनबाट हत्या

रामेछाप जिल्ला मन्थली नगरपालिका-१२ गेलु घर भई ललितपुर महानगरपालिका-१० कुपण्डोल डेरा गरी बस्ने ३५ वर्षीया जानुका भुजेलको ०७८ मङ्सिर १६ गते हत्या गरेको आरोपमा पति ३५ वर्षीय एक्काराज भुजेललाई ०७८ मङ्सिर २० गते प्रहरीले गिरफ्तार गऱ्यो। डेरामा मृत अवस्थामा भेटिएकी जानुकाको आरो पितले घाँटीमा कपडाले कसी मारेको अनुसन्धानका क्रममा खुलेको महानगरीय प्रहरी परिसर, ललितपुर का प्रवक्ता एवम् एसपी प्रज्वल महर्जनले बताए। आरोपितमाथि कर्तव्य ज्यान मुद्दामा ललितपुर जिल्ला अदालतबाट पाँचदिनको म्याद थप गरी अनुसन्धान पश्चात ०७८ पुस १४ गते जिल्ला सरकारी वकिलको कार्यालयमार्फत अदालतमा पेश गरियो। शवको पोष्टमार्टम मङ्सिर १७ गते पाटन अस्पतालमा भयो। पोष्टमार्टमपछि परिवारका सदस्यले माइती पक्षका गोपिलाल भुजेलको रोहबरमा शव बुझी पशुपति आर्यघाटमा सद्गत भयो।

कर्तव्य गरी ज्यान मारेको अभियोगमा मङ्सिर १७ गते मुद्दा दर्ता भयो। जिल्ला अदालतले ०७८ पुस १४ गते पुर्पक्षका लागि कारागार पठाएकोमा वर्षको अन्त्यसम्म अन्तिम फैसला हुन बाँकी रहेको अदालतका श्रेष्तेदार विष्णुप्रसाद पाण्डेयले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक स्वास्थ्य विज्ञान प्रतिष्ठान, एक केन्द्रीयस्तरको ५० शैयाको मानसिक अस्पताल छ भने गोदावरी नगरपालिकामा एक प्रदेश स्तरीय सरकारी अस्पतालमा तीन जना विशेषज्ञको दरबन्दीमा कार्यरत छन्। पाँच जना स्टाफ नर्सको दरबन्दीमा सबै कार्यरत छन्। महाँकाल गाउँपालिकामा एक सरकारी अस्पताल छ। कोन्ज्योसोम गाउँपालिकामा कोभिड अस्पताल सञ्चालन भई एक जना डाक्टर कार्यरत भए पनि अस्पताल भवन शिलान्यास भएको भए पनि निर्माण हुन सकेको छैन। बागमती गाउँपालिकामा अस्पतालले सेवा सञ्चालन गर्न सकेको छैन। जिल्लामा २३ निजी अस्पताल छन्। ३८ स्वास्थ्य चौकी र तीन प्राथमिक स्वास्थ्य केन्द्र छन्। ललितपुर महानगरपालिकामा पाँच ओटा आधारभूत स्वास्थ्य केन्द्र, पाँच ओटा नगर स्वास्थ्य केन्द्र, एक वडा स्वास्थ्य केन्द्र, एक परिवार नियोजन स्वास्थ्य क्लिनिक, एक स्वेच्छिक परामर्श सेवा केन्द्र, एक क्षयरोग उपचार केन्द्र, दुई साप्ताहिक मातृ शिशु सेवा केन्द्र र ११ ओटा तीन घण्टे दैनिक क्लिनिक छन् भने १८ नम्बर वडामा कुनै पनि सरकारी स्वास्थ्य संस्था छैनन्। जिल्ला भर १ सय २३ जना एचए र अहेब कार्यरत छन्। जिल्लाका तीन ओटै गाउँपालिकामा ०७८ असोज २४ देखि स्वास्थ्य बीमा कार्यक्रम लागु भए पनि फागुन १ गतेदेखि मात्र सेवा कार्यान्वयनमा आउने स्वास्थ्य कार्यालयले जनायो।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	३	१	२५	२९
यौन दुर्व्यवहार		२	११	१३
जम्मा	३	३	३६	४२

महिला अधिकार

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		१	१
बहुविवाह	२	१४	१६
बलात्कार	१	६	७
यौन दुर्व्यवहार		२	२
जम्मा	३	२३	२६

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	४	४

३.९ काभ्रेपलाञ्चोक



जम्मा जनसङ्ख्या	३,६६,८७९
महिला	१,८५,९१२
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५२,०१८
कामका लागि बाहिरिएका	१४,५३१
अपाङ्गता भएका	६,६७०
५ वर्षमाथिको साक्षरता प्रतिशत	६९.८
आश्रित जनसङ्ख्या	१,४७,२८५

यस वर्ष जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा राज्यपक्षबाट दुई र अन्यपक्षबाट ४० जना महिला, ६ जना पुरुषसहित ४६ जना पीडित भएको इन्सेकमा अभिलेख भयो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २२ जना र महिला अधिकार उल्लङ्घनका घटनामा १५ जना पीडित भए।

कारागार र बन्दी

७५ जनाका क्षमता भएको कारागारमा २ सय ३६ जना कैदी बन्दी छन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जना स्वास्थ्यकर्मी छन्। कारागारमा नौ जना कैदीबन्दीहरू जटिल मानसिक रोगी र सामान्य मानसिक रोगी १० गरी १९ जना मानसिक रोगको औषधि उपचार गराइरहेका छन्। ६० वर्ष नाघेका पाँच जना ज्येष्ठ नागरिक रहेको जिल्ला कारागार प्रमुख गायत्री अधिकारीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुई न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ९ सय २५ थानमध्ये ३ सय ६१ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ हजार ८ सय ३१ थानमध्ये ८ सय ३१ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा २ सय ५ थान छन् भने देवानी मुद्दा ३ सय १६ थान बाँकी छ।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ७२ आधारभूत र १ सय ४५ माध्यमिक विद्यालय छन्। संस्थागत विद्यालयतर्फ १ सय ५९ आधारभूत तह र ९२ मावि तह रहेका छन्। जिल्लामा ४ सय ९३ ओटा बाल विकास केन्द्रमा १ हजार ८७ जना बालक र १ हजार १ सय ३ जना बालिका भर्ना भए।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा तीन जना, बलात्कारका घटनामा १७ जना, बालविवाहका घटनामा दुई जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहारका तीन घटना, बलात्कारका १७ र बालविवाहको घटनाका सबै जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		२	२			
हत्या				४	५	९
बाल अधिकार	बलात्कार			१६		१६
	यौन दुर्व्यवहार			३		३
	बालविवाह			१	१	२
	जम्मा			२१	१	२२
महिला अधिकार	बलात्कार			११		११
	बलात्कार प्रयास			२		२
	बेचबिखन तथा ओसारपसार			१		१
	बहुविवाह			१		१
	जम्मा			१५		१५
कूल जम्मा		२	२	४०	६	४६

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष काभ्रेमा घरेलु हिंसा पीडित भएको भन्दै २ सय ७३ जनाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा ९२ उजुरीमा मेलमिलाप, दुई उजुरी जिल्ला अदालतका गएको, १३ उजुरीकर्ता सम्पर्कमा नआएको र ३८ ओटा उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी हरि खतिवडाले बताए।

यस वर्ष बहुविवाहका घटनामा एक जना, बलात्कारका घटनामा ११ जना, बलात्कार प्रयासका घटनामा दुई जना र बेचबिखनको घटनामा एक जना गरी १५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कार प्रयासको एक घटनाको अनुसन्धान जारी रहेको र एक घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो। बलात्कारका ११, बहुविवाह एक, बेचबिखनका एक घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कारपछि हत्या

बनेपा नगरपालिका-५ रविओपीकी ३२ वर्षीया मसिने सार्कीको चैत २२ गते बलात्कारपछि हत्या भएको भन्दै पीडितका पति ५३ वर्षीय श्यामे सार्कीले ०७७ चैत २५ गते इलाका प्रहरी कार्यालय, बनेपामा उजुरी दिए। बनेपा बसपार्कमा पार्क गरेर राखिएको बा २ ख २४२७ नम्बरको बसभित्र पीडित महिलाको शव चैत २२ गते फेला परेको थियो। घटनाको अनुसन्धानको क्रममा महिलाको बलात्कारपछि हत्या भएको र घटनामा संलग्न भएको आरोपमा १४ वर्षीय दुई बालक, १६ वर्षीय एक बालक र १७ वर्षीया बालिकालाई चैत २२ गते इलाका प्रहरी कार्यालय, बनेपाले बनेपा बजारबाट गिरफ्तार गऱ्यो। आरोपित सबै सडक बालबालिका हुन्। शवको पोष्टमार्टम चैत २३ गते धुलिखेल अस्पतालमा भएको थियो। आरोपित बालबालिकाविरुद्ध मुलुकी अपराध संहिता २०७४ को परिच्छेद १२ (ज्यान सम्बन्धी कसुर) कर्तव्य ज्यान मुद्दा शीर्षकमा चैत २४ गते नै मुद्दा दर्ता गरी जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरी अनुसन्धान सुरू गरिएकोमा अदालतको चैत ३० गतेको आदेशमा आरोपितहरूलाई बाल सुधार गृह, भक्तपुर पठाइयो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा सरकारी अस्पताल, एउटा सामुदायिक अस्पताल, ८५ स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, चार ओटा नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा सात जना विशेषज्ञको दरबन्दी रहेको छ । ६ जना स्टाफ नर्सको दरबन्दीसहित १ सय ३ जना कार्यरत छन्।

सङ्घीय सरकारले ०७७ मङ्सिर १५ गते शिलान्यास गरेको खानीखोला गाउँपालिकाको तालढुङ्ग स्वास्थ्य चौकी, भुम्लु गाउँपालिकाको भुम्लुटार स्वास्थ्य चौकी, महाभारात गाउँपालिकाको घर्तीछाप स्वास्थ्य चौकी र रोशी गाउँपालिकाको खहरे पाँगु स्वास्थ्यचौकीको निर्माण कार्य थालिएको छ।

कोभिड-१९ बाट जिल्लामा ७ हजार ८१ जना महिला र ८ हजार ९ सय ३४ जना गरी जम्मा १६ हजार १५ जना सङ्क्रमित भए। १ सय ९२ जना कोभिड सङ्क्रमितको मृत्यु भयो।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह	१	१
बलात्कार	१७	१७
यौन दुर्व्यवहार	३	३
जम्मा	२१	२१

महिला अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बहुविवाह		१	१
बलात्कार		११	११
बलात्कार प्रयास	१	१	२
बेचबिखन तथा ओसारपसार		१	१
जम्मा	१	१४	१५

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	८	८

३.१० रामेछाप



जम्मा जनसङ्ख्या	१,७०,६२०
महिला	८९,८४२
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५१,४६७
कामका लागि बाहिरिएका	११,१९९
अपाङ्गता भएका	४,४१८
५ वर्षमाथिको साक्षरता प्रतिशत	९७
आश्रित जनसङ्ख्या	८८,८६१

यस वर्ष जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट २९ जना महिला, एक जना पुरुषसहित ३० जना पीडित भएको इन्सेकमा अभिलेख भयो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १६ जना र महिला अधिकार उल्लङ्घनका घटनामा १४ जना पीडित भए।

पुनः गिरफ्तारी

लिखु तामाकोसी गाउँपालिका अध्यक्ष ४४ वर्षीय गोविन्दबहादुर खड्कालाई ०७७ पुस १७ गते जिल्ला अदालत, रामेछापको परिसरबाट प्रहरीले पुनः गिरफ्तार गऱ्यो। उच्च अदालत पाटनको आदेशमा थुनामुक्त भएका खड्कालाई प्रहरीले अदालतले छाड्ने बित्तिकै पुनः गिरफ्तार गरेको हो। जबरजस्तीकरणी, मानव बन्धक तथा ठगीको आरोपमा पुर्पक्षको क्रममा थुनामा रहेका खड्कालाई उच्च अदालतले थुनामुक्त गर्न आदेश दिएको थियो। अदालतले माग गरेको ५ लाख रुपियाँ धरौटी बुझाएर अदालतको रोहबरमा रिहा हुने बित्तिकै उनलाई प्रहरीले गिरफ्तार गरेको हो। उनलाई सम्पत्ति शुद्धिकरण मुद्दामा गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालय, रामेछापका डिएसपी बसन्त पाठकले जानकारी दिए। खड्कालाई ०७७ पुस १९ गते बयानका लागि सम्पत्ति शुद्धिकरण विभागमा बुझाइएकोमा बयानपछि सोही दिन रिहा गरियो।

कारागार र बन्दी

कारागारको क्षमता २ सय २० जनाको छ। जसमा महिलाको क्षमता २० र पुरुषको २ सय रहेको छ। कारागारमा ३ सय १७ जना थुनुवा र बन्दी रहेको कारागारका प्रमुख रामकृष्ण घिमिरेले बताए। जसमा महिला कैदी सात र पुरुष २ सय ५० जना छन्। त्यस्तै थुनुवा महिला दुई जना र पुरुष ५८ जना छन्। कारागारमा ७० वर्ष नाघेका ज्येष्ठ नागरिक सात जना रहेका छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालत रामेछापबाट यो वर्ष जिम्मेबारी सरेर आएकासहित फौजदारीतर्फ सरकारवादी १ सय, दुनियाँवादी ३१, देवानी २ सय १ थान मुद्दा फैसला भए। फौजदारीतर्फ सरकारवादी ९१ र दुनियाँवादी, २३ थान र देवानी १ सय ९३ थान नयाँ मुद्दा दर्ता भए। अदालतमा दुई वर्ष नाघेका मुद्दा छैनन्।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा सामुदायिकतर्फ ९१ ओटा माध्यमिक र २ सय ८६ ओटा आधारभूत विद्यालय छन्। त्यस्तै ३ सय ७९ ओटा बाल विकास केन्द्र छन्। माध्यमिकतर्फ १० कक्षासम्म सञ्चालन हुने ४२ र कक्षा १२ सञ्चालन भएका ४९ ओटा विद्यालय छन्। संस्थागततर्फ तीन ओटा मावि र नौ ओटा आधारभूत विद्यालय छन्। जिल्लामा एउटा धार्मिक आधारभूत विद्यालय पनि सञ्चालनमा छ। जिल्ला शिक्षा विकास तथा समन्वय इकाइमार्फत वैदेशिक रोजगारीमा गई मृत्यु र अपाङ्गता भएका परिवारका २७ जना विद्यार्थीले छात्रवृत्ति पाए। यस वर्ष ४३ हजार ७ सय ७३ विद्यार्थी भर्ना भए।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा एक बालकसहित आठ जना, बलात्कारका घटनामा आठ जना, गरी जम्मा १६ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहार बलात्कार घटनाका गरी १४ ओटा घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष रामेछापमा घरेलु हिंसा पीडित भएको भन्दै ३० जनाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा घरायसी झैझगडाका १८ उजुरी परेका थिए। तीमध्ये १२ उजुरीमा मेलमिलाप, दुई उजुरी अदालत पठाइयो। दुई उजुरी सम्बन्धित प्रहरी चौकी र जिल्लामा पठाइए भने दुई उजुरीको कार्यसम्पादन बाँकी छ। पीडित पक्षले मिलापत्र गर्न चाहेका सामान्य प्रकृतिका घटनामा मात्र मिलापत्र गराइने गरेको रामेछापका डीएसपी नवराज ढुंगानाले बताए। शारीरिक र मानसिक रूपमा यातनाका नौ उजुरी प्रहरीमा परेकामा पाँच उजुरीमा मिलापत्र भए। अन्य घटना प्रक्रियामा नै छन्। आर्थिक विषयका तीन ओटा उजुरी परेकामा दुई ओटामा मिलापत्र भए।

यस वर्ष घरेलु हिंसाका घटनामा एक जना, बलात्कारका घटनामा नौ जना, बलात्कार प्रयासका तीन र यौन दुर्व्यवहारका घटनामा एक जना महिला गरी १४ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। घरेलु हिंसाको एक घटनामा मिलापत्र भयो बलात्कार, यौन दुर्व्यवाहर बलात्कार प्रयासका सबै घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
बाल अधिकार	बलात्कार	८		८
	यौन दुर्व्यवहार	७	१	८
	जम्मा	१५	१	१६
महिला अधिकार	बलात्कार	९		९
	घरेलु हिंसा	१		१
	बलात्कार प्रयास	३		३
	यौन दुर्व्यवहार	१		१
	जम्मा	१४		१४
कूल जम्मा		३९	१	३०

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, दुई प्राथमिक अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ५० स्वास्थ्य चौकी, एक उपस्वास्थ्य चौकी, १५ सहरी स्वास्थ्य सेवा केन्द्र, १६ स्वास्थ्य सेवा इकाइ रहेका छन्। जिल्लामा एक मेडिकल सुपिरिटेण्डेण्टसहित १३ जना डाक्टर कार्यरत छन्। जिल्ला अस्पताल, रामेछापमा मेडिकल सुपरिटेण्डेण्टसहित चार जना डाक्टर छन्। प्राथमिक स्वास्थ्य केन्द्र मन्थलीमा तीन जना डाक्टर छन् भने बाँकी ६ स्थानीय तहमा रहेको अस्थायी कोभिड अस्पतालमा एक/एक जना डाक्टरसहितका स्वास्थ्यकर्मी कार्यरत छन्।

रामेछाप जिल्ला अस्पतालमा पीसीआर ल्याब सेवा पनि सञ्चालनमा आएको छ। जिल्ला अस्पतालमा अक्सिजन प्लान्ट जडान गरिएको भए पनि केही उपकरण जडानको काम बाँकी रहेकोले सञ्चालनमा आइनसकेको जिल्ला स्वास्थ्य कार्यालय, रामेछापका सूचना अधिकारी भुवन थापाले जानकारी दिनुभयो।

जिल्लामा स्वास्थ्य बीमा कार्यक्रम सञ्चालनमा रहे पनि बीमा कार्यक्रम प्रभाकारी हुन नसक्दा नागरिकले त्यसबाट पर्याप्त सेवा लिन सकेका छैनन्। स्वास्थ्य बीमा गरेकाले पनि औषधि लिन झन्झट खेप्नु परेको मानव अधिकार संरक्षण

सञ्जाल, रामेछापका संयोजक पाण्डव प्रसाईंले बताए। जिल्लामा हालसम्म ३१ हजार ७ सय ९२ नागरिक स्वास्थ्य बीमा कार्यक्रममा जोडिएका छन्।

रामेछाप जिल्लामा ०७७ मङ्सिर १५ गते शिलान्यास भएका अस्पतालमध्ये खाँडादेवी र उमाकुण्ड गाउँपालिका-२ बाम्तीको अस्पताल निर्माण भइरहेका छन्।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	८	८
यौन दुर्व्यवहार	६	६
जम्मा	१४	१४

महिला अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१		१
बलात्कार		९	९
बलात्कार प्रयास		३	३
यौन दुर्व्यवहार		१	१
जम्मा	१	१३	१४

३.११ सिन्धुली

जम्मा जनसङ्ख्या	३,००,११७
महिला	१,५२,४५५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,१२,३०२
कामका लागि बाहिरिएका	१५,२८७
अपाङ्गता भएका	६,४६६
५ वर्षमाथिको साक्षरता प्रतिशत	७५
आश्रित जनसङ्ख्या	१,४१,८७०

यस वर्ष जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ७० जना महिला, चार जना पुरुषसहित ७४ जना पीडित भएको इन्सेकमा अभिलेख भयो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३२ जना र महिला अधिकार उल्लङ्घनका घटनामा ३८ जना पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता महिला ४६ र पुरुष १ सय ६२ गरी २ सय ८ जनाको छ। कारागारमा हाल ५ सय ६५ कैदी बन्दी छन्। जसमा महिला २० जना र पुरुष ५ सय ४५ जना रहेका छन्। कैदीबन्दीको स्वास्थ्य जाँचका लागि सिनियर अहेवको दरबन्दी रहेको छ। कारागारका सबैलाई कोभिडविरुद्ध खोप लगाइएको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना जिल्ला न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फैजदारी मुद्दातर्फ ४ सय ८५ थानमध्ये १ सय थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ५ सय ७ थानमध्ये १ सय ७६ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा २ सय ३८ थान र देवानी मुद्दा ३ सय ११ थान बाँकी छन्।

बाल अधिकार

शिक्षाको व्यवस्था

यस जिल्लामा २ सय ८१ आधारभूत र १ सय २० माध्यमिक विद्यालय रहेका छन्। जिल्लामा १ हजार ६ सय ६९ शिक्षक दरबन्दी रहेको छ। ९ सय ८९ जना शिक्षकहरू राहतमा कार्यरत छन्। जिल्लामा अपाङ्गमैत्री तीनवटा विद्यालय रहेका छन्। वैदेशिक रोजगारीमा गई मृत्यु भएका वा अङ्गभङ्ग भएका अभिभावकका ५९ जना बालबालिकाले छात्रवृत्ति पाए।

यस वर्ष यौन दुर्व्यवाहरका घटनामा १० जना, बलात्कारका घटनामा २२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहार घटनाका एउटा घटनाको फैसला भयो भने आठ घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो । एक घटनाको अनुसन्धान जारी रहेको छ। बलात्कार घटनाका १८ आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई घटनाको अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनायो।

बलात्कार, यौन दुर्व्यवहार

नौ वर्षीया बालिकालाई ०७७ फागुन १३ गते यौन दुर्व्यवहार गरेको आरोपमा कमलामाइ

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
हत्या		१	३	४
बाल अधिकार	बलात्कार	३३		३३
	यौन दुर्व्यवहार	९	१	१०
	जम्मा	३१	१	३२
महिला अधिकार	घरेलु हिंसा	६		६
	'बोक्सी'को आरोप	२		२
	बलात्कार	१५		१५
	बलात्कार प्रयास	४		४
	बहुविवाह	११		११
	जम्मा	३८		३८
कूल जम्मा		७०	४	७४

नगरपालिका-९ का ७० वर्षीय मिनराज घिसिङविरुद्ध पीडितका आफन्तले फागुन १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले फागुन १५ गते गिरफ्तार गऱ्यो। आरोपितलाई प्रहरीले ०७७ चैत ८ गते अदालतमा पेश गरेकोमा २५ हजार धरौटीमा रिहा भए। न्यायाधीश महेन्द्रबहादुर कार्कीको ०७८ मङ्सिर २१ गतेको इजलासले आरोपितलाई २० दिन कैद, २ हजार रुपियाँ जरिबाना र ५ हजार रुपियाँ क्षतिपुर्ति गराउने फैसला भयो। उनी कैद भुक्तान गरी जेलमुक्त भए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष जिल्ला प्रहरी कार्यालय सिन्धुलीको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा घरेलु हिंसाका ६८ ओटा उजुरी दर्ता भए। खान लगाउन नदिएको, मानसिक यातना दिने, घरनिकाला, नागरिकता विवाह दर्ता नबनाइदिएको भनी १४ ओटा उजुरी परेका थिए। तीमध्ये नौ ओटा मिलापत्र भए। दुई वटा मुद्दा अदालत पठाइयो। दुई ओटा उजुरीका सम्पर्कमा आएनन्। हेला, वेवास्ता, गालीगलौज, कुटपिटका ४० ओटा उजुरी दर्ता भए। ती मध्ये २८ वटा मिलापत्र भए। दुई वटा अदालतमा पठाइएको र १० ओटा उजुरीमा कार्य सम्पादन बाँकी रहेको छ। लालनपालन नगर्ने, वेवास्ता, औषधी उपचार नगर्ने, घरमा बस्न नदिने, आयआर्जन हुने काम गर्न नदिने भनी १४ ओटा उजुरी दर्ता भए। तीमध्ये ६ ओटा मिलापत्र भए भने आठ ओटा उजुरीमा कार्य सम्पादन बाँकी रहेको प्रहरी नायब उपरीक्षक मनोजकुमार लामाले बताए।

यस वर्ष घरेलु हिंसाका घटनामा ६ जना, बलात्कारका घटनामा १५ जना, बहुविवाहका घटनामा ११ जना, बोक्सीको आरोपमा दुई जना र बलात्कार प्रयासका चार महिला गरी ३८ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। पाँच जनालाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो भने एक जना आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। एक जना आरोपित यस वर्षको अन्यसम्म गिरफ्तार भएनन्। बोक्सीको आरोप घटनामा दुई जना आरोपित ६० हजार रुपियाँ धरौटीमा रिहा भए। परिवारजनबाट हत्याका घटनामा दुई जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो। बेचबिखन तथा ओसारपसार घटनाको एक जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल र दुई सामुदायिक अस्पताल रहेका छन्। ५१ स्वास्थ्य चौकी, चार प्राथमिक स्वास्थ्य केन्द्र, ३२ बर्थिङ सेन्टर, १ सय ९५ गाउँघर स्वास्थ्य क्लिनिक, २ सय ५ खोप केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा आठ जना विशेषज्ञको दरबन्दीमा आठ जनाको दरबन्दी रिक्त छ। ६ जना स्टाफ नर्सको दरबन्दीमा एका जना कार्यरत छन्। पाँच अनमी दरबन्दीमा कार्यरत छन्।

जिल्लामा ३ हजार २ सय ६५ जना कोभिड सङ्क्रमित भए। शिलान्यास गरिएका मरिण गाउँपालिका, हरिहरपुरगढी गाउँपालिका र फिक्कल गाउँपालिकाको स्वास्थ्य संस्थाको भवन निर्माण जारी रहेको छ।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		२	२०	२२
यौन दुर्व्यवहार	१	१	८	१०
जम्मा	१	३	२८	३२

महिला अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		६	६
'बोक्सी'को आरोप		२	२
बहुविवाह	२	९	११
बलात्कार	२	१२	१४
बलात्कार प्रयास	१	३	४
जम्मा	५	३२	३७

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	३	४

३.१२ मकवानपुर



जम्मा जनसङ्ख्या	४,६१,०५३
महिला	२,३२,५८१
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,१५,४७३
कामका लागि बाहिरिएका	१६,५४७
अपाङ्गता भएका	८,४६७
५ वर्षमाथिको साक्षरता प्रतिशत	५८
आश्रित जनसङ्ख्या	१,७५,७३७

यस वर्ष जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ७० जना महिला, पाँच जना पुरुषसहित ७५ जना पीडित भएको इन्सेकमा अभिलेख भयो। जसमध्ये बाल अधिकारउल्लङ्घनका घटनामा ३३ जना र महिला अधिकार उल्लङ्घनका घटनामा ३२ जना पीडित भए।

कारागार र बन्दी

मकवानपुरको पुरानो सदरमुकाम भीमफेदी गाउँपालिकामा क्षेत्रीय कारागार अवस्थित छ। पुरानो एउटा भवन 'क' ब्लक र दुई वर्षअघि सम्पन्न नयाँ कारागार भवन 'ख' ब्लक गरी दुई ओटा भवन रहेका छन्। कारागारको बन्दी क्षमता १ हजार २ सय जनाको रहेको जेलर मदन लामाले बताए।

कारगारमा कैदी र बन्दी गरेर ९ सय ९९ जना पुरुष छन्। दुवै वार्डमा पुरुष बन्दीहरू राखिएका छन्। यहाँका महिला बन्दीलाई चितवन पठाउने गरिएको छ। जेलमा टेलिभिजनको साथै टेलिफोनको पनि सुविधा रहेको छ। शौचालय र बिजुलीको व्यवस्था हुनुका साथै खुला ठाउँ पनि छ। पानीको सुविधा भए पनि पर्याप्त छैन। भीमफेदी गाउँपालिकाले बृहत् खानेपानी योजना अनुसार कारागारमा खानेपानीको सहज उपलब्धता गराएको गाउँपालिकाकी उपाध्यक्ष पार्वती रानाले बताइन्।

बन्दीहरूलाई पढ्न, लेख्नका लागि पुस्तकालयको पनि व्यवस्था छ। बन्दीहरूले बाँसको मुडा र गलैचा बुनेर आयआर्जन गर्ने गरेका छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

उच्च अदालत, पाटनको इजलास

सात जना न्यायाधीशको दरबन्दी रहेको पाटन उच्च अदालत, हेटौँडा इजलासमा गत वर्षबाट जिम्मेवारी सरेर आएका ४ सय ८ थान र यस वर्ष दर्ता भएका ५ सय ३१ थान गरी ९ सय ५९ थान मुद्दामा १ सय ३० थान फैसला भए। ८ सय २९ थान बाँकी छन्। बाँकी रहेकामध्ये १ वर्ष ६ महिना नाघेका आठ थान मुद्दा छन्। यस वर्ष अदालतले मुद्दाको १५ प्रतिशत मात्र फैसला गऱ्यो।

जिल्ला अदालत

चार न्यायाधीश रहेका जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ५ सय ८ थानमध्ये १ सय ८२ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ हजार ८१ थानमध्ये २ सय ९० थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा १३

थान छन् भने देवानी मुद्दा तीन थान बाँकी छन्। सन् २०२० को जिम्मेवारी सरेर आएका ९ सय ३ र सन् २०२१ को ८ सय १० थान मुद्दामध्ये ४ सय ७२ थान मुद्दा फैसला भए भने १ हजार २ सय ४१ थान मुद्दा बाँकी छन्।

बाल सुधार गृह

जिल्लामा एउटा बाल सुधार गृह छ। सङ्घीय सरकार मातहतको बाल सुधार गृहलाई जिल्ला प्रशासन कार्यालयले हेर्ने गरेको छ। सुधारगृहमा ५५ जना बालकहरू रहेका छन्। बालबिज्याइ गरी अदालतको आदेशबाट दण्ड सजाय सुनाइएका बालकहरूलाई राख्ने गरिन्छ। उनीहरूलाई पढ्ने, खेल्ने व्यवस्थासहित उचित सुरक्षा मिलाइएको छ।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा सामुदायिक ५ सय १६ र संस्थागत ७६ ओटा गरेर ५ सय ९२ विद्यालय छन्। जिल्लामा ३ सय ७५ अपाङ्गतामैत्री विद्यालय र ५ सय ९३ प्रारम्भिक बाल विकास केन्द्र छन्। अपाङ्गता भएका बालबालिकाका लागि एक बहिरा तथा सुस्तश्रवण विद्यालय, एक दृष्टिविहीन विद्यालय र एक आशा विशेष स्कूल रहेको छ। जिल्लामा भूकम्पपछि पुनर्निर्माण भएका केही नयाँ विद्यालयहरू अपाङ्गतामैत्री छन् भने पूर्णरूपले अपाङ्गमैत्री विद्यालय छैनन्।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा चार जना, बलात्कारका घटनामा २८ जना र बालिका बेचबिखन तथा ओसारपसार घटनामा एक बालिका पीडित भएको इन्सेक अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहार तीन घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक एक घटनाका आरोपितको अनुसन्धान जारी रहृयो। बलात्कार घटनाका दुई घटनाको मुद्दा फैसला भयो, २५ जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितको प्रहरी हिरासतमा छन्।

बलात्कार, यौन दुर्व्यवहार

१२ वर्षीया बालिकालाई २०७८ जेठ १५ गते बलात्कार गरेको आरोपमा २८ वर्षीय युवाविरुद्ध पीडित पक्षले जेठ १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ १७ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जेठ १६ गते हेटौँडा अस्पतालमा भयो। आरोपित विरुद्ध प्रहरीले जिल्ला अदालतमा हाडनाता करणी कसुरमा असार ७ गते मुद्दा दर्ता गऱ्यो। न्यायाधीश कमलराज विष्टको ०७८ कात्तिक १६ गतेको इजलासले आरोपितलाई ६ महिना कैद र २० हजार रुपियाँ जरिबानाको फैसला सुनायो।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			१	१
हत्या		५	४	९
बाल अधिकार	बेचबिखन तथा ओसारपसार	१		१
	बलात्कार	२८		२८
	यौन दुर्व्यवहार	४		४
	जम्मा	३३		३३
महिला अधिकार	बहुविवाह	६		६
	बलात्कार	२०		२०
	बलात्कार प्रयास	५		५
	यौन दुर्व्यवहार	१		१
	जम्मा	३२		३२
कूल जम्मा		७०	५	७५

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भन्दै जिल्ला प्रहरी कार्यालय अन्तर्गतको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा ३ सय ७१ उजुरी परे। जसमा २ सय ५२ उजुरी मिलापत्र भए। ४५ ओटा उजुरी कानुनी प्रकृयामा छन् भने ७४ ओटा उजुरी अनुसन्धानको क्रममा रहेको इन्स्पेक्टर चुडाकुमारी खड्काले बताइन्।

यस वर्ष बहुविवाहका घटनामा ६ जना, बलात्कारका घटनामा २० जना, बलात्कार प्रयासका घटनामा पाँच जना र यौन दुर्व्यवहारका घटनामा एक जना महिला गरी ३२ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बहुविवाहको घटनामा एउटा मिलापत्र, दुई अनुसन्धानमा र तीन घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा

पठायो। बलात्कारका दुई मुद्दाको फैसला, आठ घटनाको अनुसन्धान जारी रहेको छ भने १० घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१९ वर्षीय महिलालाई ०७८ वैशाख १६ गते बलात्कार गरेको आरोपमा बकैया गाउँपालिका-६ घर भई हटौँडा उपमहानगरपालिका-२ चौकीटोल बस्ने २२ वर्षीय दीपक बलविरुद्ध पीडितले वैशाख १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले वैशाख १६ गते सोही ठाउँबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण वैशाख १६ गते हेटौँडा अस्पतालमा भयो। आरोपितविरुद्ध प्रहरीले जेठ २ गते जिल्ला अदालतमा जबरजस्तीकरणी कसुरमा मुद्दा दर्ता गऱ्यो। न्यायाधीश सीता शर्मा अधिकारीको इजलासले ०७८ कात्तिक १५ गते कसुर ठहर गर्दै सात वर्ष कैद र १ लाख रुपियाँ पीडितलाई क्षतिपूर्ति भराउने आदेश दियो।

परिवारजनबाट हत्या

हेटौँडा उपमहानगरपालिका-१७ की ८५ वर्षीया सेतीमाया गरुङलाई ०७८ वैशाख १४ गते बन्चरो प्रहार गरी हत्या गरेको आरोपमा नाति २१ वर्षीय रमेश गुरुङलाई प्रहरीले वैशाख २४ गते गिरफ्तार गऱ्यो। आरोपितले हजुरआमा आँगनमा बसिरहेको अवस्थामा बन्चरो प्रहार गरेका थिए। गाली गरेको आरोपमा बन्चरो प्रहारबाट गम्भीर घाइते भएकी पीडितको उपचारको क्रममा वैशाख १४ गते हेटौँडा अस्पतालमा मृत्यु भयो। शवको पोष्टमार्टम वैशाख २५ गते हेटौँडा अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध वैशाख २६ गते कर्तव्य ज्यानसम्बन्धी कसुरमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। न्यायाधीश मनोज श्रेष्ठको जेठ १७ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। शव पोष्टमार्टमपछि वैशाख २५ गते आफन्तको जिम्मा लगाइयो। शवको सोही दिन सद्गत भयो। हत्याको आरोपमा प्रहरीले ०७८ वैशाख २६ गते मकवानपुर जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। न्यायाधीश कमलराज विष्टको इजलासले जेठ १८ गते आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, दुई सामुदायिक अस्पताल, एक आँखा अस्पताल, चार निजी अस्पताल, ४० स्वास्थ्य चौकी, १० स्थानीय पालिकास्तरका स्वास्थ्य केन्द्र, १९ नगर स्वास्थ्यकेन्द्र छन्। अस्पताल परिसरमा सरकारबाट प्रदान हुने निःशुल्क औषधिको सूची राखिएको छ। अस्पताल र स्वास्थ्य चौकीहरूबाट निःशुल्क औषधि वितरण हुने गरेको छ। जिल्लामा कोभिड-१९ को सङ्क्रमणबाट १ सय ७० जनाको मृत्यु भयो। जिल्ला जनस्वास्थ्य कार्यालयको तथ्याङ्कअनुसार जिल्लाका ६० प्रतिशत व्यक्तिहरूले कोभिड-१९ विरुद्धको खोप लगाए। सबैभन्दा धेरै ८६ प्रतिशत हेटौँडा उपमहानगरपालिकाका व्यक्तिहरूले कोभिड-१९ विरुद्धको खोप लगाएका छन् भने सबैभन्दा थोरै २४ प्रतिशत राक्सीराङ गाउँपालिकामा खोप लगाएको सूचना अधिकारी लक्ष्मण घिमिरेले बताए।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार			१	१
बलात्कार	१	२	२५	२८
यौन दुर्व्यवहार		१	२	३
जम्मा	१	३	२८	३२

महिला अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बहुविवाह		१	२	३	६
बलात्कार	२		८	१०	२०
बलात्कार प्रयास			३	२	५
यौन दुर्व्यवहार	१				१
जम्मा	३	१	१३	१५	३२

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	९	९

३.१३ चितवन



जम्मा जनसङ्ख्या	७,२२,१६८
महिला	३,६८,०५७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	३
प्रदेशसभा निर्वाचन क्षेत्र	६
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५०,४५४
कामका लागि बाहिरिएका	५०,४२१
अपाङ्गता भएका	१२,५३७
५ वर्षमाथिको साक्षरता प्रतिशत	५७.५
आश्रित जनसङ्ख्या	२,३०,३७३

यस वर्ष जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा राज्यपक्षबाट एक जना र अन्यपक्षबाट ८३ जना महिला, दुई जना पुरुषसहित ८५ जना पीडित भएको इन्सेकमा अभिलेख भयो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ४५ जना र महिला अधिकार उल्लङ्घनका घटनामा ३६ जना पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता २ सय ८० जनाको छ। कारागारमा कैदी ४ सय ५४ र थुनुवा २ सय ६० जना छन्। महिला ५० र पुरुष ६ सय ६४ रहेका छन्। कारागारमा २ जना २ वर्षीय आश्रित बालिका छन्। ७० वर्ष नाघेका बन्दी नौ जना छन्।

तर, पुरुषको सङ्ख्या कारागारको क्षमताभन्दा तीन गुणा बढी रहेको छ। कारागारमा पुरुष कक्षतर्फ झण्डै तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन तथा खेलकुदका सामग्रीमा भलिबल, चेस, लुँडो र क्यारमबोर्ड र पुस्तकालयको व्यवस्था गरिएको जेलर कमलप्रसाद काफ्लेले बताए। कारगारमा सीपमूलक तालिमको व्यवस्था रहेको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

६ जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ९ सय ८० मध्ये ४ सय ७७ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ८ सय ८७ मुद्दा मध्ये ५ सय २१ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा चार थान छन् भने देवानी मुद्दा चार थान बाँकी रहे। कुल ९ सय ९८ थान मुद्दा फैसला भए। ८ सय ६९ थान मुद्दा फर्स्यौं हुन बाँकी रहे।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ८ आधारभूत र २ सय २२ मावि छन्। २ हजार ४ सय ६६ शिक्षक दरबन्दी रहेकामा ४५ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष ११ हजार ५७ छात्रा र ३३ हजार ४ सय ९७ जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका ४२ बालिका र ६१ बालक भर्ना भएका थिए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय ११ ओटा मात्र छन्। द्वन्द्वपीडित परिवारका ५५ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। दलित, अपाङ्गलाई नि:शुल्क शिक्षाको व्यवस्था गरिएको

छ। पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा तथा तथा समन्वय इकाइका प्रमुख भूमिलाल सुवेदीले बताउनुभयो। सामुदायिक विद्यालयको शिक्षामा आएको गुणस्तरको कारण पछिल्ला वर्षहरूमा सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढ्न थालेको छ। यस वर्ष जिल्लाभर २ हजार ९ सय दलित बालक र २ हजार ३ सय दलित बालिका विद्यालय भर्ना भए।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कारागारमा मृत्यु		१	१			
हत्या				२	१	३
सबै प्रकारका जातीय विभेद					१	१
बाल अधिकार	बालविवाह			१		१
	बेचबिखन तथा ओसारपसार			२		२
	बलात्कार			२८		२८
	यौन दुर्व्यवहार			१४		१४
	जम्मा			४५		४५
महिला अधिकार	बेचबिखन तथा ओसारपसार			३		३
	बलात्कार			१४		१४
	बलात्कार प्रयास			६		६
	बहुविवाह			११		११
	घरेलु हिंसा			२		२
	जम्मा			३६		३६
कूल जम्मा		१	१	८३	२	८५

यस वर्ष यौन दुर्व्यवहार का घटनामा १४ जना, बलात्कारका घटनामा २८ जना, बालबालिका बेचबिखन तथा ओसारपसार घटनामा दुई बालिका पीडित भएको र बालविवाहका घटनामा एक जना गरी जम्मा ४५ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहार घटनाका दुई घटनामा कैद सजाय फैसला भयो भने १४ जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बलात्कार दुई घटनामा कैद सजाय फैसला भयो भने २४ जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो एक घटनाको अनुसन्धान जारी रहेको छ। बालबालिका बेचबिखन तथा ओसारपसारका दुई घटनाका आरोपित र वालविवाहका एक घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कार, यौन दुर्व्यवहार

१७ वर्षीया बालिकालाई असार २५ गते राप्ती नगरपालिका-१० का २७ वर्षीय महेन्द्र सापकोटाले यौन दुर्व्यवहार भन्दै पीडितका आफन्तजनले ०७८ असार २७ गते इलाका प्रहरी कार्यालय, खैरहनीमा उजुरी दिए। पीडितको असार २७ गते भरतपुर अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपितलाई प्रहरीले असार २६ गते गिरफ्तार गऱ्यो। न्यायाधीश हेमन्त रावलको इजलासले मंसिर ३ गते आरोपितविरुद्ध अभियोग दावी पुग्ने भनी ५ वर्ष कैद र २० हजार क्षतिपूर्ति भराउने फैसला गऱ्यो।

१३ वर्षीया बालिकालाई ०७७ चैत १२ गते यौन दुर्व्यवहार गरेका भन्दै कालिका नगरपालिका-७ का २५ वर्षीय दीपक परियारलेविरुद्ध पीडितका आफन्तले चैत १३ गते इलाका प्रहरी कार्यालय रत्ननगमा उजुरी दिए । आरोपितलाई प्रहरीले सोही दिन पदमपुर बाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत १४ गते भरतपुर अस्पतालमा भयो। आरोपित विरुद्ध प्रहरीले वैशाख २ गते यौन दुर्व्यवहारको कसुरमा अदालतमा मुद्दा दर्ता गऱ्यो। आरोपितलाई भदौ २१ गते न्यायधीश सकुन्तला कार्कीको इजलासले ५ महिना ६ दिन कैद हुने भनी फैसला गऱ्यो ।

१२ वर्षीया बालिकालाई जेठ २७ गते बाल यौन दुरुपयोग गरेको भन्दै ३९ वर्षीय राजकुमार दमैविरुद्ध पीडितका आफन्तले जेठ ३० गते जिल्ला प्रहरी कार्यालय चितवनमा उजुरी दिए। आरोपितलाई प्रहरीले ३० गते भरतपुरबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण जेठ ३० गते भरतपुर अस्पतालमा भयो। आरोपित विरुद्ध प्रहरीले असार १६ गते अदालतमा यौन दुर्व्यवहारको कसुरमा मुद्दा

दर्ता गऱ्यो। आरोपितलाई जिल्ला न्यायधीश प्रकाश अधिकारीको भदौ ३१ गतेको इजलासले आंशिक अभियोग दावी पुग्ने भनी ६ महिना कैद र १० हजार जरिवानाको फैसला गऱ्यो ।

११ वर्षीया बालिकालाई ०७७ चैत १९ गते बलात्कार गरेको भनी भरतपुर महानगरपालिका-४ का २१ वर्षीय सुमन सापकोटाविरुद्ध पीडितका आफन्तले चैत २३ गते जिल्ला प्रहरी कार्यालय, चितवनमा उजुरी दिए। बालिकाको चैत २४ गते भरतपुर, अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपितलाई प्रहरीले चैत २४ गते नै गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश सकुन्तला कार्कीको इजलासल आरोपितलाई १८ वर्ष कैद सजाय हुने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भन्दै २ सय ११ महिलाले जिल्ला प्रहरी कार्यालयको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका ९३, खान/लाउन नदिएको ७३, गाली वेइज्जती गरेको ४५ उजुरी छन्। १ सय ३८ उजुरीमा मिलापत्र भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी नरहरि अधिकारीले बताए।

यस वर्ष घरेलु हिंसाका घटनामा २ जना, बलात्कारका घटनामा १४ जना, बहुविवाहका ११ जना, बलात्कार प्रयासका ६ जना र महिला बेचबिखनका तीन जना गरी ३६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। घरेलु हिंसाका दुई जना र महिला बेचबिखनका घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो। बलात्कारका दुई घटनाका आरोपितलाई कैद र जरिबानको फैसला भयो भने १२ घटनाका आरोपित पुर्पक्षका लागि थुनामा गए। बलात्कार प्रयासका दुई घटनाको फैसला भयो भने तीन घटनाका आरोपित पुर्पक्षका लागि थुनामा गए भने एक घटनाको अनुसन्धान यस वर्षको अन्त्यसम्म जारी रह्यो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२६ वर्षीया अपाङ्ग महिलालाई ०७८ जेठ २६ गते खैरहनी नपाका ४० वर्षीय सविन बर्माले बलात्कार प्रयास गरेको भन्दै पीडितका आफन्तजनले जेठ २७ गते इलाका प्रहरी कार्यालय, खैरहनीमा उजुरी दिए। पीडित महिलाको जेठ २६ गते भरतपुर अस्पतालमा स्वास्थ्य परीक्षण भयो। आरोपितलाई प्रहरीले जेठ २६ गते गिरफ्तार गऱ्यो। जिल्ला अदालतका न्यायाधीश अवनी मैनालीको २०७८ मङ्सिर १७ गतेको इजलासले आरोपितलाई ६ वर्ष कैद सजायको फैसला सुनायो।

२० वर्षीया महिलालाई भरतपुर महानगरपालिका-२३ पार्वतीपुरका २८ वर्षीय रविन रामदामले ०७८ साउन १ गते बलात्कार गरेको भनी पीडितपक्षले ले साउन ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले साउन ४ गते गिरफ्तार गऱ्यो। पीडितको साउन ४ गते नै भरतपुर अस्पतालमा स्वास्थ्य परीक्षण गरियो। साउन २७ गते अदालतमा मुद्दा दर्ता भयो। न्यायाधीश केशव अधिकारीको इजलासले मङ्सिर १५ गते अभियोग दावी पुग्ने भनी आरोपितलाई आठ वर्ष कैद सजाय हुने फैसला गऱ्यो।

४५ वर्षीया अपाङ्गता भएकी महिलालाई असोज २० गते बलात्कार प्रयास गरेको भन्दै माडी नगरपालिका-५ का ६५ वर्षीया नारायण मर्दनियाविरुद्ध पीडितका आफन्तले असोज २२ गते जिल्ला प्रहरी कार्यालय चितवनमा उजुरी दिए। आरोपितलाई प्रहरीले असोज २२ गते घरबाट गिरफ्तार गऱ्यो । पीडित महिलाको स्वास्थ्य परीक्षण असोज २२ गते भरतपुर अस्पतालमा भयो। प्रहरीले आरोपित विरुद्ध जबरजस्ती करणीको कसुरमा कातिक १४ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला न्यायाधीस सकुन्तला कार्कीको पुस १४ गतेको इजलासले अभियोग दावी पुग्ने भनी आरोपितलाई ३ वर्ष ६ महिना १ दिन सजायको फैसला भयो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एउटा भरतपुर अस्पताल केन्द्रीय अस्पताल रहेको छ। वीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल राष्ट्रिय स्तरको सेवा दिइरहेको छ। चार जिल्लास्तरीय अस्पताल, ३६ स्वास्थ्य चौकी र ४ प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा ३५ डाक्टर को दरबन्दी रहेकामा ३२ जना कार्यरत छन्। त्यस्तै अहेवको ४२ दरबन्दी रहेकामा ३५ जना कार्यरत छन्। सरकारी दरवन्दी भन्दा बाहेक अस्पताल विकास समितिबाट पनि डाक्टर र अन्य स्वास्थ्यकर्मी कार्यरत छन्। भरतपुर अस्पतलामा दैनिक १ हजार २ सयले औसतमा ओपीडी सेवा लिने गरेका छन्।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार			२	२
बलात्कार	३	१	२४	२८
यौन दुर्व्यवहार	२		१२	१४
बालविवाह			१	१
जम्मा	५	१	३९	४५

महिला अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार			१	१
बलात्कार	२		१२	१४
बलात्कार प्रयास	२	१	३	६
बहुविवाह	२		९	११
घरेलु हिंसा			२	२
जम्मा	६	१	२७	३४

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	३

गण्डकी प्रदेश

- क्षेत्रफल : २१,८२८ वर्ग कि.मि.
- जनसङ्ख्या : २४,७९,७४५
- साक्षरता प्रतिशत : ७३.३३
- जिल्ला : ११
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : १८
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ३६
- महानगरपालिका : १
- नगरपालिका : २६
- गाउँपालिका : ५८
- कूल वडा सङ्ख्या : ७५९

गण्डकी प्रदेश परिचय ४

यसवर्ष गण्डकी प्रदेश सरकारले समृद्ध प्रदेश सुखी नागरिकका लागि बालमैत्री शासन प्रवर्धनको नीति लिएको छ। वर्षको अन्त्यसम्म प्रदेश सभाले ५० कानुन निर्माण गरेको छ। प्रदेशद्वारा आर्थिक वर्ष २०७८। ०७९ मा जारी गरेको नीति तथा कार्यक्रमले हिंसामा परेका किशोरी तथा बालिका लक्षित गरी प्रदेशका सबै स्थानीय तहहरूमा मनोसामाजिक परामर्शकर्ताको व्यवस्था गर्ने र बलात्कार वा अन्य प्रकृतिका यौन हिंसामा परेका बालिका तथा किशोरीहरूलाई उनीहरूको क्षमता र चाहना अनुसारको व्यवसायिक शिक्षा तथा उच्चशिक्षा नि:शुल्क उपलब्ध गराइने कार्यक्रमको घोषणा गरेको छ। त्यस्तै लैं क हिंसामा परेका तथा विपत्मा परेर घाइते र बिरामी व्यक्ति, ज्येष्ठ नागरिक र बालबालिकाहरूलाई प्रभावकारी स्वास्थ्य सेवा प्रदान गर्ने पनि नीति तथा कार्यक्रम रहेको छ। आदिवासी, जनजाति, दलित, आर्थिक एवम् समाजिक रूपमा पिछडिएको वर्ग उत्थान कार्यक्रमको घोषणा गरेको छ। लैङ्गिक हिसाविरुद्ध शुन्य सहनशीलता, लैङ्गिक हिंसा, बालविवाह, सामाजिक कुरितीविरुद्ध अभियान, हिंसा प्रभावित, अपाङ्गता भएकाहरुको उद्धार र पुन: स्थापना कार्यक्रम सञ्चालन गर्ने घोषणा गरेको छ। दलित, विपन्न, लोपोन्मुख र अति सीमान्तीकृत जाति तथा समुदायकालागि सुरक्षित आवासको व्यवस्था गर्न जनता आवास कार्यक्रम अन्तर्गत १ हजार ३ सय २० घर निर्माण सम्पन्न भई हस्तान्तरण गरिएको छ। कोरोनाभाइरस सङ्क्रमण नियन्त्रण, रोकथाम तथा उपचारका लागि ३८ ओटा अस्पताललाई तोकिएको गण्डकी प्रदेशभित्र वर्षको अन्त्यसम्म ७३ हजार ८ सय २७ सङ्क्रमितमध्ये १ हजार २ सय ३४ को मृत्यु भएको छ। प्रति स्थानीय सरकार एक अस्पताल कार्यक्रम अन्तर्गत गत वर्ष यसप्रदेश भित्र ५३ पालिकामा अस्पताल भवनको शिलान्यास गरिएको मा ३२ ओटा अस्पताल निर्माण प्रक्रियामा रहेको छ।

२०२१ मा यो प्रदेशमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ५ सय १३ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। महिला अधिकार उल्लङ्घनका घटनामा ३ सय १० जना, हत्याका घटनामा २६ जना, बाल अधिकार उल्लङ्घनका घटनामा १ सय १० जना पीडित भएको अभिलेख छ।

सन् २०२१ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



४.१ गोरखा

जम्मा जनसङ्ख्या	२,५२,२०१
महिला	१,३२,३५०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५४,८७५
कामका लागि बाहिरिएका	२८,१०४
अपाङ्गता भएका	१२,५३७
५ वर्षमाथिको साक्षरता प्रतिशत	६६.०३
आश्रित जनसङ्ख्या	१,१५,३३४



यस वर्ष गोरखा जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा अन्य पक्षबाट २१ जना महिला, एक जना पुरुषसहित २२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १४ जना, महिला अधिकार उल्लङ्घन घटनामा ६ जना र सबै प्रकारका जातीय विभेदका घटनामा दुई जना पीडित भए।

कारागार र बन्दी

कारागारको बन्दी क्षमता पुरुष कक्षमा ३५ र महिला कक्षमा १५ गरी जम्मा ५५ जनाको छ। कारागारमा कैदी र थुनुवा १ सय १२ जना छन्। जसमा महिला १० र पुरुष १ सय २ रहेका छन्। कारागारमा आश्रित बालबालिका छैनन्। पुरुष कक्षतर्फ झण्डै तीन गुणा कैदी/बन्दी भएकाले कोचिएर तथा भान्छामा समेत सुत्नु तथा बस्नुपर्ने बाध्यता छ। कैदीबन्दीका आफन्तजनलाई भेटघाट गर्ने राम्रो व्यवस्था गरिएको छ। कारागारमा हिउँदको समयमा भने खानेपानीको समस्या हुने गरेको छ। शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्रीमा चेस, लुँडो, क्यारमबोर्ड र पुस्तकालयको व्यवस्था गरिएको कारागारका सूचना अधिकारी दीपेन्द्र क्षत्रीले बताए। ७० वर्ष नाघेका बन्दी चार जना पुरुष ज्येष्ठ नागरिक कारागारमा रहेका छन्। कैदी/बन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि अहेब दरबन्दी रहेकोमा रिक्त छ। कैदी/बन्दीहरू बिरामी हुँदा जिल्ला अस्पताल लगेर उपचार गर्ने गरिएको सूचना अधिकारी क्षेत्रीले बताए। कारागारमा सबै कैदी/बन्दीलाई कोभिड-१९ विरुद्धको खोप लगाइएको कारागार प्रशासनले जनायो। यस वर्ष राष्ट्रिय मानवअधिकार आयोग तथा इन्सेक लगायतका अधिकारकर्मीले कारागार अनुगमन गरेका थिए। कारागारको भौतिक संरचना पुरानो, जीर्ण तथा साँघुरो रहेको र पुस्तकालयमा नयाँ पुस्तक आवश्यक देखिएको अनुगमनका क्रममा पाइयो।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
सबै प्रकारका जातीय विभेद		१	१	२
बाल अधिकार	बलात्कार	१२		१२
	यौन दुर्व्यवहार	२		२
	जम्मा	१४		१४
महिला अधिकार	बलात्कार	२		२
	बलात्कार प्रयास	२		२
	घरेलु हिंसा	२		२
	जम्मा	६		६
कूल जम्मा		२१	१	२२

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ७० थान मध्ये ३२ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३ सय थान मध्ये १ सय १३ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा छैनन् भने देवानी मुद्दा तीन थान बाँकी छन्। सन् २०२० को जिम्मेवारी सरेर आएका १ सय ४९ थान मध्ये ५७ थान मुद्दा फैसला भए भने ९२ थान मुद्दा बाँकी छन्।

कोभिड- १९ का कारण मुद्दा फैसलामा समस्या परेको जिल्ला अदालतका श्रेस्तेदार गोकर्णराज पन्तले बताए। मुद्दा फैसला गर्ने 'मुख्य समय' चैत, वैशाख र जेठमा कोभिडको असरले लक्ष्य अनुसार मुद्दा फर्स्यौट गर्न नसकिएको उनले बताए। यो वर्ष ५ सय ४२ थान मुद्दा फर्स्यौट गर्ने लक्ष्य रहेकोमा ४६.६ प्रतिशत मात्र मुद्दा फर्स्यौट भएको श्रेस्तेदार पन्तले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ४ सय २८ सामुदायिक (१३ वटा धार्मिक समेत) र ४६ वटा संस्थागत गरी ४ सय ७४ विद्यालयहरू छन्। बालविकास केन्द्र ३ सय ९३, १-५ कक्षाका २ सय ५२, १-८ कक्षाका ६४, १-१० कक्षाका ६६ र १-१२ कक्षाका ५८ विद्यालयहरू छन् भने ३४ वटा विद्यालयहरूमा बालविकास केन्द्र मात्र सञ्चालित छन्। जिल्लामा भूकम्पपछि पुन:र्निर्माण भएका विद्यालय भवनहरू अपाङ्गतामैत्री छन्। जिल्लामा २ हजार ६ सय ११ जना शिक्षकको दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्लामा २ सय ३२ सामुदायिक र १ सय १२ आधारभूत तथा ३६ संस्थागत विद्यालय छन्। संस्थागततर्फ १० मावि छन्। प्राथमिक तहमा १ हजार ५ सय ५५, निमावि तहमा २ सय ७६ र माध्यमिक ९-१० तहमा २ सय ३८ शिक्षक दरबन्दी रहेकोमा सबै कार्यरत छन्। राहत शिक्षक दरबन्दी २ सय १४ प्रावि, १ सय २७ निमावि, ९१ मावि र १ सय ९ उच्च मावि‌को दरबन्दी रहेको छ। यस वर्ष ३३ हजार ३ सय २४ छात्र र ३३ हजार ५ सय २५ जना छात्रा विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका १ सय ८२ छात्रा र १ सय ६८ छात्र तथा दलित ७ हजार १ सय ८० बालिक र ७ हजार १ सय १४ बालक छन्। जिल्लामा अपाङ्गमैत्री विद्यालय बहिरा एक, नेत्रहीन एक गरी दुई मावि छन्। तर अन्य विद्यालयहरूमा पनि सामान्य अपाङ्गता भएकाहरुलाई अध्ययन गर्ने व्यवस्था छ। द्वन्द्वपीडित परिवारका १५ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। दलित र अपाङ्गता भएका बालबालिकाहरूलाई नि:शुल्क शिक्षाको व्यवस्था गरिएको तथा पढ्ने उमेरका सबै बालबालिकाहरू विद्यालय भर्ना भएको शिक्षा तथा समन्वय इकाइका शाखा अधिकृत रामवहादुर अधिकारीले बताए।

कोभिड १९ पछि जिल्लाका सरदमुकाम क्षेत्रका विद्यालयले अनलाइन मार्फत पठनपाठन गरे पनि अन्य क्षेत्रमा इन्टरनेटको पहुँच नहुँदा अनलाइन शिक्षा प्रभावकारी नभएको जिल्ला शिक्षा तथा समन्वय इकाइका शिक्षा शाखा अधिकृत रामबहादुर अधिकारीले बताए।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा दुई जना, बलात्कारका घटनामा १२ जना गरी १४ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले ६० हजार रुपियाँ धरौटी राखी साधारण तारिखमा रिहा गर्ने आदेश दियो भने एक जना आरोपितलाई कसुरदार ठहऱ्यायो। बलात्कार घटनाका तीन जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा, तीन जना आरोपितलाई तारिखमा अभिभावकको जिम्मामा, दुई जना आरोपितलाई बाल सुधार गृह साराङकोटमा पठायो। तीन जना आरोपितलाई कसुरदार ठहऱ्यायो।

एक जना आरोपित १ लाख रुपियाँ धरौटीमा साधारण तारिखमा रिहा भएभने एक जना आरोपित यो वर्षको अन्त्यसम्म फरार रहे।

बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया बालिकालाई २०७७ फागुन ८ गते बलात्कार गरेको भन्दै आरुघाट गाउँपालिका-६ का २६ वर्षीय काशिराम सुनारविरुद्ध पीडित पक्षले फागुन १५ गते जिल्ला प्रहरी कार्यालयमा मौखिक उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण फागुन १६ गते गोरखा अस्पतालमा भयो। आरोपितलाई प्रहरीले फागुन १६ गते आरुघाट गाउँपालिका-६ घरबाट गिरफ्तार गऱ्यो। पीडितलाई आरोपितले आफ्नै घरमा लगेर बलात्कार गरेको उजुरीका आधारमा आरोपितलाई गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालय, गोरखाका एसपी सुरेन्द्र गुरुङले बताए। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् आरोपित विरुद्ध फागुन १६ गते जिल्ला अदालतमा जबरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ११ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधिश दिनवन्दु बरालको २०७८ साउन १४ गतेको आदेशले आरोपितलाई कसुरदार ठहर गर्दै १० वर्ष कैद र ४ लाख रुपियाँ जरिवाना सजायको फैसला सुनायो।

महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २ सय २ जनाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । १ सय १० पति-पत्नी बीच झगडा गरेको, आठ आमा-छोरा झैझगडा गरेको, १० देवर-भाउजु झगडा गरेको, १३ सासु-बुहारी झगडा गरेको, १० जेठानी-देउरानी झगडा गरेको, १० पति घरमा नबसेको, एक पतिले नागरिकता, विवाह दर्ता नगराएको र ४० पतिले हेरचाह नगरेको उजुरी दर्ता भए। जसमध्ये १ सय ४४ उजुरीमा मेलमिलाप भयो। ३८ उजुरी स्थानीय तहको न्यायिक समितिमा पठाएको, १९ कानुनी प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी प्रकाश दाहालले बताए।

यो वर्ष गोरखामा घरेलु हिंसाका दुई, बलात्कार घटनाका दुई र बलात्कार प्रयास घटनाका दुई गरी ६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये बलात्कार प्रयास घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई कसुदार ठहऱ्यायो। बलात्कार घटनाका तीन जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२२ वर्षीया युवतीलाई ०७७ माघ २७ बलात्कार प्रयास गरेको आरोपमा शहिद लखन गाउँपालिका-७ बकेनस्वाराका ३५ वर्षीय मुक्तिप्रसाद दवाडीविरुद्ध पीडितका आफन्तले माघ २८ गते जिल्ला प्रहरी कार्यालय, गोरखामा उजुरी दिए। प्रहरीले आरोपितलाई माघ २९ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ २९ गते गोरखा अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत आरोपितविरुद्ध माघ २९ गते जबरजस्तीकरणी शीर्षक अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश दिनवन्दु बरालको २०७८ असार १४ गते बसेको इजलासले आरोपितलाई कसुरदार ठहऱ्याउँदै ३ वर्ष कैद र २० हजार रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई ओटा सरकारी अस्पताल, ६७ ओटा स्वास्थ्य चौकी, तीन ओटा प्राथमिक स्वास्थ्य केन्द्र, ४५ आधारभूत स्वास्थ्य इकाइ, ११ शहरी स्वास्थ्य केन्द्र, ५४ बर्थिङ सेन्टर, २ सय ६२ खोप केन्द्र, २ सय २१ गाउँघर क्लिनिक छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा आठ जना विशेषज्ञ डाक्टर दरबन्दीमा आठै जना रिक्त छ। जिल्लामा १८ डाक्टरको दरबन्दीमध्ये १० कार्यरत छन्। जिल्लामा प्यारामेडिक्स (अहेव, हेल्थ असिस्टेन्ट र सिअहेव १ सय ८४ को दरबन्दी रहेकोमा १ सय १७ जना कार्यरत छन्। नर्सिङ स्टाफ १ सय ४९ मा ९२ जना कार्यरत छन्। जिल्लामा हालसम्म ६८ हजार ३ सय १३ जनाले स्वास्थ्य बिमा गराएका छन्। यीमध्ये ३२ हजार ४ सय ६८ पुरुष र ३५ हजार ८ सय ४५ महिला छन्। स्वास्थ्य बिमा गराएकामध्ये ३ हजार ९० विपन्न परिवारका छन्। १३ हजार १ सय ६३ ज्येष्ठ नागरिक, ४ सय ५९ 'क' वर्गका अपाङ्गता भएका र १ सय ५८ एचआइभी सङ्क्रमित परिवार निःशुल्क स्वास्थ्य बिमामा आबद्ध भएको स्वास्थ्य बिमा बोर्ड, गोरखा शाखाका प्रमुख विकाल लौडारीले बताए।

स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशको तथ्याङ्क अनुसार सन् २०२१ मा कोभिड-१९ बाट गोरखा जिल्लामा ४१ जनाको मृत्यु भयो। ६ हजार ५ सय २१ जनामा सङ्क्रमित भए। जिल्लामा १८ वर्षमाथि उमेर समूहका ८९ प्रतिशतले कोभिड-१९ विरुद्ध खोपको पहिलो मात्रा लगाएका छन् भने ७२ प्रतिशतले खोपको पूर्ण मात्रा लगाएका छन्। त्यस्तै १२ देखि १७ वर्ष उमेर समूहमा ७०% ले खोपको पहिलो मात्रा लगाएका छन्। नेपाल सरकारले गत वर्ष सात स्थानीय तहमा अस्पताल भवनको शिलान्यास गरेको थियो। तीमध्ये अधिकांश तहमा टेण्डर प्रक्रियाको काम सुरु भएको छ।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएको	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	३	१	८	१२
यौन दुर्व्यवहार	१		१	२
जम्मा	४	१	९	१४

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार			२	२
बलात्कार प्रयास	१		१	२
घरेलु हिंसा		२		२
जम्मा	१	२	३	६

४.२ मनाङ

जम्मा जनसङ्ख्या	५,६४५
महिला	२,४५७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२,१५०
कामका लागि बाहिरिएका	२७५
अपाङ्गता भएका	२०४
५ वर्षमाथिको साक्षरता प्रतिशत	७४.८
आश्रित जनसङ्ख्या	१,७४७

०७८ जेठ २९ र असार १ गतेको भिषण वर्षाका कारण मनाङ जिल्लामा ठूलो परिमाणमा भौतिक क्षति भएको प्रमुख जिल्ला अधिकारी रविन्द्र आचार्यले बताए। सो वर्षाले ल्याएको सुख्खा पहिरोले जिल्लाको ६२ घर पूर्ण क्षति र १२ घर आंशिक क्षति भएको छ भने नौ ओटा झुलुङ्गे पुल बगाएको छ। पुल बगाएको कारण जिल्लाको एक ठाउँबाट अर्को ठाउँमा आवातजावत गर्न असजिलो भएको छ। मनाङमा बाढीको कारण अनुमानित १ अर्ब रुपियाँको क्षति भएको प्रमुख जिल्ला अधिकारी आचार्यले बताए।



कारागार र बन्दी

कारागारको बन्दी क्षमता ३५ जनाको छ। कारागारमा कैदी र थुनुवा गरी दुई जना पुरुष छन्। चिसोका कारण कैदीहरूलाई बस्नका लागि अलि कष्टकर भएको डिएसपी सुभाक्ष खड्काले बताए। कारगारमा कोभिड-१९ को सङ्क्रमण देखिएन। कारागारमा पत्रपत्रिका र टेलिभिजन छैन भने खेलकुदको सामग्रीमा क्यारोमबोर्ड मात्र रहेको असई अर्जुन पौडेलले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ कुनै मुद्दा दर्ता भएनन्। देवानी मुद्दातर्फ पाँच थान मध्ये दुई थान मुद्दा फैसला भए। फैसला भएका दुवै सम्बन्ध विच्छेदको रहेको जिल्ला न्यायाधीश पुनाराम खनालले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २३ आधारभूत र चार मावि छन्। २ सय जना शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। भौगोलिक विकटताको कारण शिक्षक कक्षामा नियमित उपस्थित नहुने जिल्लाको समस्या भएको शिक्षा समन्वय इकाइका प्रमुख मोती चापागाईले बताए। यस जिल्लामा यो वर्ष ६ सय २१ जना विधार्थीहरू विद्यालय भर्ना भए। जसमध्ये ३ सय छात्रा र ३ सय २१ छात्र रहेको प्रमुख चापागाईले बताए। जिल्लामा २५ छात्र र ३३ छात्रा गरी जम्मा ५८ जना दलितले छात्रवृत्ति पाए। कोभिड-१९ को कारण जिल्लामा पूर्णरूपमा पठनपाठन बन्द भएको चापागाईले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

जिल्ला प्रहरी कार्यालयमा घरेलु हिंसा विरुद्ध कुनै पनि उजुरी नपरेको प्रहरी प्रमुख डिएसपी सुभाष खड्काले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, तीन डाक्टर दरबन्दी रहेकोमा सबै कार्यरत छन्। जिल्लाको चामेमा बाहेक तीन ओटा पालिकामा आधारभूत स्वास्थ्य इकाइ केन्द्र स्थापना गरिएको छ। जिल्लामा १३ ओटा स्वास्थ्य चौकी रहेका छन्। ७५ जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा ४० जना मात्र कार्यरत रहेको र बाँकी स्वास्थ्यकर्मी आवश्यकता अनुसार करार लिने गरिएको जिल्ला स्वास्थ्य प्रमुख बद्री आचार्यले बताए। भौगोलिक विकटताको कारण कर्मचारीहरू सम्बन्धित ठाउँमा काम गर्न नजाने र काजमा बाहिर नै काम गर्ने गरेको प्रमुख आचार्यले बताए। कोभिड-१९ को स्वाब परीक्षणको लागि मनाङबाट पोखरा पठाउनु पर्ने भएकोले जिल्लामा समस्या भएको आचार्यले बताए। जिल्लामा जिल्ला अस्पताललाई नै कोभिड अस्पताल बनाएर सञ्चालन गरिएको छ।

सन् २०२१ मा कोभिड-१९ बाट १ सय ५४ जना सङ्क्रमित भए भने दुई जनाको मृत्यु भयो। जिल्लामा १८ वर्ष माथि उमेर समूहका सतप्रतिशले खोपको पूर्ण मात्रा लगाएको प्रादेशिक स्वास्थ्य आपतकालिन कार्य सञ्चालन केन्द्रका संयोजक नवराज शर्माले बताए। त्यसैगरी १२-१७ वर्ष उमेर समूहका २५ प्रतिशतले पहिलो मात्राको खोप लगाए ।

४.३ मुस्ताङ

जम्मा जनसङ्ख्या	१४,५९६
महिला	६,४२२
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	४,६३२
कामका लागि बाहिरिएका	१,४२५
अपाङ्गता भएका	२०४
५ वर्षमाथिको साक्षरता प्रतिशत	६६.२
आश्रित जनसङ्ख्या	४,३४२

यस जिल्लाका जनता स्वास्थ्य, शिक्षा, रोजगार जस्ता मौलिक अधिकारको उपभोग गर्ने सुविधाबाट बञ्चित रहेका छन्। अहिले पनि जिल्लामा मुखियाप्रथा यथावत् नै रहेकोले कतिपय सवालहरू गाउँमै छिनोफानो हुने गरेको पाइन्छ। यस जिल्लामा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीसम्बन्धी घटना सहजै न्यायिक निकायसम्म आइपुग्दैनन्। बजार अनुगमन फितलो हुने गरेको, यातायातको भरपर्दो व्यवस्था नहुँदा जिल्लामा उपचार सम्भव नभई अन्यत्र रेफर गर्नुपर्ने बिरामीलाई पठाउन असहज हुने गरेको, स्थानीय उत्पादनलाई सहजै निर्यात गर्न नसकिएको प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्माले बताए।

यस वर्ष मुस्ताङ जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा अन्य पक्षबाट तीन जना महिला, एक जना पुरुषसहित चार जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा दुई जना, महिला अधिकार उल्लङ्घन घटनामा एक जना र कुटपिटका घटनामा एक जना पीडित भए।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			१	१
बाल अधिकार	बलात्कार	२		२
	जम्मा	२		२
महिला अधिकार	बलात्कार	१		१
	जम्मा	१		१
कूल जम्मा		३	१	४

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता २५ जनाको छ। अहिल सात जना कैदी र एक जना बन्दी छन्। सबै पुरुष रहेका छन्। कारागारमा पर्खालको व्यवस्था नहुँदा कैदी/बन्दीले कोठामै बस्नुपर्ने बाध्यता छ भने सुरक्षाको दृष्टिकोणले समेत कारागारको संरचना अनुपयुक्त छ। कारागारको कम्पाउण्ड नहुँदा कैदी बन्दीहरू कोठाबाट शौचालय जाने बाहेक बाहिर निस्कन मिल्ने सम्भावना नरहेको निमित्त जेलर सरिता

परियारले बताइन्। कारागारमा कोभिड-१९ ले दुई जना सङ्क्रमित रहेको र उनीहरू सबै निको भएका छन्। सबै कैदीको स्वाब परीक्षण गरिएको थियो। क्यारमबोर्ड र टेलिभिजन हेर्ने सुविधा कारागार भित्र रहेको कारागारका प्रमुख भगवानलाल शाहले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेको जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ १६ थान मध्ये सात थान मुद्दा फैसला भए। देवानीतर्फ १० थान मुद्दामध्ये पाँच थान फैसला भए। जिल्लामा एक वर्ष नाघेका फौजदारी मुद्दा एक थान छ भने देवानी मुद्दा छैनन्।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा सामुदायिक ५३, कम्पनी विद्यालय चार र गुम्बा विद्यालय आठ गरी ६५ विद्यालय छन्। जिल्लामा चालु शैक्षिक सत्रका लागि कक्षा १-१० सम्म ३ हजार ९१ जना विद्यार्थीहरू अध्ययनरत रहेका छन्। शिक्षक दरबन्दी आधारभूतमा २ सय २८, माध्यमिक विद्यालयमा (कक्षा ८ देखि १०) ५२, कक्षा ११-१२ मा ४२ दरबन्दी रहेकोमा सबै कार्यरत छन्। यो वर्ष विद्यार्थी भर्ना अभियान सञ्चालन हुन सकेन। गएको फागुन १ गतेबाट सुरु हुने विभिन्न पाँच हिमाली जिल्लाहरूको शैक्षिक सत्रको यस अवधिमा अहिलेसम्म पनि पढाइ नहुँदा विद्यार्थी तथा अभिभावकहरूमा अन्यौल छाएको छ। हिमाली जिल्लाहरूमा नेपाल सरकारले फागुन १ गतेबाट शैक्षिक सत्र सुरु हुने र मङ्सिरमा परीक्षा हुने व्यवस्था गरेको शिक्षा विकास तथा समन्वय इकाइ, मुस्ताङका प्रमुख टङ्कराज बरालले बताए। राज्यले आरक्षण गरेको र नि:शुल्क शिक्षा प्रदान गर्ने वर्गमा पर्ने सबैले मुस्ताङमा नि:शुक शिक्षा पाएका छन्। कोभिड-१९को कारणले गर्दा अनलाइन शिक्षा प्रदानका लागि प्रयास भएको भएपनि विद्यार्थीले पाउन सकेनन्।

यस वर्ष मुस्ताङमा बलात्कार घटनामा दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा बलात्कार घटनाका दुई जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष मुस्ताङमा बलात्कार घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा बलात्कार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

स्वास्थ्य सेवाको अवस्था

एक जिल्ला अस्पताल, एक प्राथमिक स्वास्थ्य केन्द्र र १५ स्वास्थ्य चौकी छन्। १८ जना स्वास्थ्य कर्मचारीको दरबन्दी रहेकोमा आठ जना कार्यरत रहेका छन् भने दुई डाक्टरको दरबन्दी रहेकामा एक जना कार्यरत् छन्। विशेषज्ञ डाक्टर अभाव रहेको छ। जिल्ला अस्पतालमा तीन अहेवको दरबन्दी रहेको छ। अनमीको दुई दरबन्दी रहेकामा रिक्त छ। स्टाफ नर्स दुई जनाको दरबन्दी रहेकामा कार्यरत छन्। जिल्ला अस्पतालमा मौसमी ज्वरो, रुघा/ खोकी, उच्च उचाइमा लेक लाग्ने जस्ता समस्या लिएर बिरामी आउने गरेका छन्। गम्भीर प्रकारका बिरामीलाई थप उपचारका लागि पोखरा तथा काठमाडौँमा पठाइने गरिएको जिल्ला स्वास्थ्य कार्यालयका डाक्टर शिव भण्डारीले बताए। जिल्लामा स्वास्थ्य बिमाको सेवा लिने कोही छैनन्। जिल्ला अस्पताललाई कोभिड विशेक्ष अस्पताल बनाइएको छ। बाह्रगुङ, मुक्तिक्षेत्र र थासाङ गाउँपालिकामा पाँच बेडको अस्पताल शिलान्यास गरिएको छ। हाल सुरक्षित गर्भपतन सेवा दक्ष जनशक्ति अभावमा रोकिएको छ। हाल यस्ता बिरामीलाई बेनी पठाउने गरिएको छ।

नेपाल सरकारले स्थानीय तहमा एकपटक शिलान्यास गरेको अस्पताल थासाङ गाउँपालिकामा निर्माण कार्यका लागि ठेक्का लागेर सम्झौता पनि भइसकेकोमा चिसोका कारण काम थालनी नभएको र अब चिसो लगत्तै काम शुरु हुने लेखा अधिकृत सकुन्तला अधिकारीले बताइन्। अन्य तहमा निर्माण कार्यका लागि टेण्डर प्रक्रिया र डिपिआरको काम सुरु भएको छ।

स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशको तथ्याङ्क अनुसार सन् २०२१ मा जिल्लामा २ सय ८१ जना कोभिड- १९ बाट सङ्क्रमित भए भने १७ जनाको मृत्यु भयो। जिल्लामा १८ वर्ष माथि उमेर समूहका सतप्रतिशले खोपको पूर्ण मात्रा लगाएको प्रादेशिक स्वास्थ्य आपतकालिन कार्य सञ्चालन केन्द्रका संयोजक नवराज शर्माले बताए। त्यसैगरी १२-१७ वर्ष उमेर समूहका ५३ प्रतिशतले पहिलो मात्राको खोप लगाए ।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	२	२
जम्मा	२	२

महिला अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१
जम्मा	१	१

४.४ म्याग्दी



जम्मा जनसङ्ख्या	१,०७,३७२
महिला	५४,८१८
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	३१,३२३
कामका लागि बाहिरिएका	१४,३१४
अपाङ्गता भएका	६,१२२
५ वर्षमाथिको साक्षरता प्रतिशत	७१.९
आश्रित जनसङ्ख्या	५२,१५७

यस वर्ष म्याग्दी जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १९ जना महिला, पाँच जना पुरुषसहित २४ जना र राज्यपक्षबाट एक जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा नौ जना र महिला अधिकार उल्लङ्घन घटनामा १० जना, कुटपिटका घटनामा एक जना, अमानवीय व्यवहार घटनामा एक जना पीडित भए भने दुई जनाको हत्या भयो।

कारागार र बन्दी

कारागारको क्षमता ३२ जनाको छ। २५ पुरुष र सात जना महिलाको क्षमता रहेको कारागारमा कैदी/बन्दी र थुनुवा १ सय ४ जना छन्। जसमा ६ महिला र ९८ पुरुष रहेका छन्। कारागारमा आश्रित बालबालिका छैनन्। कैदी/बन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जना अहेवको दरबन्दी रहेकोमा रिक्त छ। कैदी/बन्दीको उपचार तथा स्वास्थ्य परीक्षणका लागि बेनी अस्पताल लैजाने गरेको जेलर धिरेन्द्रराज पन्तले बताए। ६० वर्ष नाघेका दुई जना ज्येष्ठ नागरिक (पुरुष) रहेको पनि उनले बताए। कारागारमा दीर्घरोगी चार जना छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय १२ थानमध्ये २२ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ सय १० थान मध्ये ९९ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका चार थान देवानी मुद्दा बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १ सय ८९ आधारभूत र ६९ माध्यमिक विद्यालय छन्। १ हजार २ सय ८० शिक्षक दरबन्दी रहेका छन्। यस वर्ष १४ हजार ३ सय ५१ बालक र १३ हजार ७ सय २३ जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका ८० बालिका र ६३ बालक, ४ हजार ८ सय ७३ दलित बालक र ४ हजार ६ सय १ दलित बालिका छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय छैनन् तर तीन ओटा विद्यालयमा फरक क्षमताको कक्षा सञ्चालन भएको छ। वैदेशिक रोजगारमा गएर ज्यान गुमाएका परिवारका दुई जना बालबालिकाले १८ हजार रुपियाँ छात्रवृत्ति पाए। द्वन्द्वपीडित परिवारका तीन बालबालिकाले ४६ हजार रुपियाँ छात्रवृत्ति पाएको

शिक्षा समन्वय इकाइका प्रमुख दलबहादुर थापाले बताए।

यस वर्ष म्याग्दीमा बलात्कारका घटनामा आठ जना, बालविवाहका घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कार घटनाका पाँच जना र बालविवाह घटनाका एक जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा, एक जना आरोपितलाई तारिखमा अभिभावकको जिम्मामा, दुई जना आरोपितलाई बाल सुधार गृह,सराङकोटमा पठायो।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		१	१			
कुटपिट					१	१
अमानवीय व्यवहार					१	१
हत्या					३	३
धम्की					१	१
बाल अधिकार	बालविवाह			१		१
	बलात्कार			८		८
	जम्मा			९		९
महिला अधिकार	बलात्कार			४		४
	घरेलु हिंसा			६		६
	जम्मा			१०		१०
कूल जम्मा		१	१	१९	५	३४

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३७ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। प्रहरीले ३६ उजुरीमा मेलमिलाप गरायो भने एक उजुरी कारबाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी श्याम राईले बताए।

यो वर्ष म्याग्दीमा घरेलु हिंसाका ६, बलात्कारका चार जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा बलात्कार घटनाका ६ जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, ३९ स्वास्थ्य चौकी, एक प्राथमिक स्वास्थ्य केन्द्र, चार नगर स्वास्थ्य केन्द्र र ११ सामुदायिक स्वास्थ्य इकाइ रहेका छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा आठ जना विशेषज्ञ डाक्टर र सात जना स्टाफ नर्सको दरबन्दी रहेकोमा सबै रिक्त छ। अनमी पाँच जनाको दरबन्दीमा तीन समायोजनमा गएका, एक रिक्त र एक जना कार्यरत छन्। जिल्लामा ४ हजार ६ सय ८३ परिवारले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा पनि ४ हजार ६८ जनाको बीमा गरिएको छ।

अघिल्लो वर्ष शिलान्यास गरिएको मंगला गाउँपालिका, धौलागिरी गाउँपालिका, अन्नपूर्ण गाउँपालिकाका स्वास्थ्य चौकी निर्माण कार्य सुरु भएको र रघुगङ्गा गाउँपालिकामा वडा नं. १ बेगमा अनुमति आएको भए पनि पिप्लेमा बनाउने की मौवाफाँटामा भन्नेमा विवाद छ।

स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशको तथ्याङ्क अनुसार सन् २०२१ मा कोभिड- १९ बाट ३ हजार ८४ जना सङ्क्रमित भए भने ५४ जनाको मृत्यु भयो। जिल्लामा १८ वर्ष माथिका उमेर समूह ९४ प्रतिशतले कोभिड-१९ विरुद्ध खोपको पहिलो मात्रा लगाएका छन् भने ७९ प्रतिशतले खोपको पूर्ण मात्रा लगाएका छन्। त्यस्तै १२ देखि १७ वर्षसम्मका उमेर समूहमा ८१ प्रतिशतले खोपको पहिलो मात्रा लगाएका छन्।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बालविवाह	१	१
बलात्कार	८	८
जम्मा	९	९

महिला अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		४	४
घरेलु हिंसा	६		६
जम्मा	६	४	१०

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२

४.५ कास्की

जम्मा जनसङ्ख्या	५,९९,५०४
महिला	३,०६,७४०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	३
प्रदेशसभा निर्वाचन क्षेत्र	६
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१९,३३०
कामका लागि बाहिरिएका	५७,३०५
अपाङ्गता भएका	९,२१९
५ वर्षमाथिको साक्षरता प्रतिशत	८२.०४
आश्रित जनसङ्ख्या	१,९६,५१९

यस वर्ष कास्कीमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ८२ जना महिला, १२ जना पुरुषसहित ९४ जना र राज्यपक्षबाट ६ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १० जना र महिला अधिकार उल्लङ्घन घटनामा ७२ जना पीडित भए।

कुटपिट/धम्की

यस वर्ष कास्की जिल्लाबाट कुटपिट घटनामा तीन जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

कारागार र बन्दी

कारागारको बन्दी क्षमता २० महिला र ४ सय पुरुष गरी ४ सय २० जनाको रहेको छ। कारागारमा ८ सय ९८ जना कैदी/बन्दी र थुनुवा छन्। महिला ६६ र पुरुष ८ सय ३२ रहेका छन्। कारागारमा तीन आश्रित बालक रहेका छन्। क्षमताभन्दा बढी कैदी/बन्दी र पुराना भवनका कारण कारागार अस्तव्यस्त छ। शौचालयसमेत सीमित र अव्यवस्थित हुँदा पालो पर्खनुपर्ने अवस्था छ। पुर्पक्षका लागि कारागार पठाइएकाहरूको समयमै पेशी तोक्न र चाँडै मुद्दा फैसला नहुँदा कैदी र पुर्पक्षका लागि पठाइएका थुनुवा एकै ठाउँमा बस्नुपर्ने भएकाले समस्या भएको छ। कारागारमा ६ जना ज्येष्ठ नागरिक रहेका छन्। भवन पुरानो हुँदा बर्खामा पानी चुहिने र हिउँदमा जाडो बढी हुने गरेको कैदी/बन्दी बताउँछन्। कारागारमा पुल, क्यारमबोर्ड, लुँडोजस्ता मनोरञ्जनात्मक खेलकुदका सामग्रीको व्यवस्था गरिएको कारागार प्रमुख काजिमान सुनारले बताए । कारागारमा फलफूल तथा चनाचट्पटे पसल, सैलुन, मुढा बुन्ने स्थान, मासु पसल, कपडा सिलाउने ठाउँ, पोते तथा पर्स बुन्ने ठाउँको व्यवस्था गरिएको सुनारले बताए।

कोभिड-१९ सङ्क्रमण बढेपछि जिल्ला कारागार, कास्कीमा सम्भावित जोखिमलाई मध्यनजर गर्दै कारागार भित्र २० जनासम्म राख्न सक्ने गरी आइसोलेशन कक्ष निर्माण गरिएको छ। कास्की कारागार प्रमुख काजीमान सुनारका अनुसार कारागारको तीन ब्लकमा दुई/दुई कोठामा क्वारेण्टाइन बनाइएको थियो। कारागारमा मेडिकल सामग्री बाहेक बाहिरबाट

घटनाको प्रकार				अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तार		१	१			
अभिव्यक्ति, भेला/सङ्गठित हुने अधिकार		५	५			
कुटपिट					३	३
हत्या				४	३	७
धम्की					२	२
बाल अधिकार	विद्यालयमा शारीरिक सजाय				१	१
	नवजात शिशुको हत्या			१		१
	बलात्कार			३		३
	यौन दुर्व्यवहार			२	३	५
	जम्मा			६	४	१०
महिला अधिकार	बलात्कार			२		२
	बेचबिखन तथा ओसारपसार			६		६
	घरेलु हिंसा			६४		६४
	जम्मा			७२		७२
कूल जम्मा		६	६	८२	१२	९४

सामान लैजान प्रतिबन्ध गरिएको छ भने कैदीबन्दी भेटघाट पनि रोकिएको थियो।

बाल सुधारगृह, सराङ्कोट

कास्की सराङ्कोट स्थित बालसुधार गृहमा कूल ९० जना बालक रहेका छन् । जसमा पूर्पक्षका लागि थुनामा रहेका ४३ र ४७ जना मुद्दा फैसला भएका छन्। बालसुधार गृहमा रहेका हत्या १० जना पुर्पक्ष र १० जना फैसला, बलात्कार मुद्दामा एक जना फैसला, २२ पुर्पक्ष, चोरी तीन फैसला र दुई पुर्पक्ष, लागु औक्षध दुई फैसला र दुई पूर्पक्षका रहेका छन्। यस्तै जातीय भेदभावका एक, सवारी ज्यान दुई फैसला एक पूर्पक्षका लागि सुधार गृहमा रहेका छन्। बालगृहमा रहेका बालबालिकालाई उपचारका लागि अस्पताल लैजान र ल्याउन समस्या रहेको सुधारगृह प्रमुख रमा शर्माले बताइन्।

अभिव्यक्ति, भेला तथा सङगठित हुने अधिकार

सरकारले ल्याएको राजनीतिक दल विभाजनसम्बन्धी अध्यादेशको विरोधमा ०७८ भदौ २ गते भएको प्रदर्शनका क्रममा पोखरा महानगरपालिका-५ का अनेरास्वविय्रू कास्की जिल्ला कार्यालय सदस्य २४ वर्षीय शिव पराजुली घाइते भए। नेकपा एमाले सम्बद्ध राष्ट्रिय युवा सङ्घ नेपाल र अनेरास्वविय्रुको संयुक्त आयोजनमा पोखरास्थित भीमसेन चोकमा गरिएको विरोध ऱ्यालीपछिको कोणसभामा प्रहरीले हस्तक्षेप गर्दा पराजुली घाइते भएका थिए। कोणसभा भइरहेको बेला प्रहरीले लाठी प्रहार गर्दा टाउकोमा चोट लागेको पीडितले बताए। घाइते को ओम अस्पताल पोखरामा उपचार भयो।

पोखरा महानगरपालिका-४ मानव अधिकार चोकमा २०७८ असार १५ गते गरिएको जातीय विभेदविरुद्धको प्रदर्शनका क्रममा प्रहरीले जात व्यवस्था उन्मूलन मोर्चा नेपाल गण्डकी प्रदेशका नेता ३१ वर्षीय ईश्वर नेपाली, जनता समाजवादी पार्टीका कार्यकर्ताहरू ३४ वर्षीय नेत्र चापागाई र ३२ वर्षीय रेशम सापकोटालाई असार १५ गते गिरफ्तार गऱ्यो। शिक्षा, विज्ञान एवम् प्रविधि मन्त्री कृष्णगोपाल श्रेष्ठले जातीय विभेद घटनाकी आरोपितलाई सहयोग गरेको भन्दै जात व्यवस्था उन्मूलन मोर्चा नेपाल गण्डकी प्रदेशले आयोजना गरेको विरोध सभामा मन्त्री श्रेष्ठको पुत्ला जलाउने क्रममा उनीहरूलाई गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालय कास्कीका डिएसपी सुवास हमालले बताए। गिरफ्तारीपछि उनीहरूलाई सोही साँझ रिहा गरियो। इमेज टिभीकी पत्रकार रुपा सुनारलाई जातकै आधारमा आफ्नो घरको कोठा भाडामा दिन नमानेको आरोपमा गिरफ्तार गरिएकी काठमाडौँ महानगरपालिका-११ बबरमहलकी सरस्वती प्रधानलाई जमानतमा रिहा गर्ने क्रममा असार ९ गते मन्त्री श्रेष्ठ प्रहरी कार्यालयमै पुगेर प्रधानसँग लिइएको फोटो सञ्चार माध्यममा आएको थियो।

सुगम र निष्पक्ष न्यायिक अधिकार

उच्च अदालत

६ जना न्यायाधीश रहेका यस उच्च अदालत

पोखरा इजलाशबाट यो वर्ष दुनियँवादी देवानीतर्फ जिम्मेवारी ३ सय ६७ मुद्दा मध्ये १ सय ८५ मुद्दा फैसला भए। यस्तै दुनियाँवादी फौजदारी १ सय ८४ मध्ये ५१ फैसला भए। सरकारवादी फौजदारी तर्फ ९ सय ३१ मुद्दा मध्ये २ सय ६३ फैसला भए। बन्दि प्रत्यक्षीकरणका तीन मुद्दा मध्ये दुई फैसला भए। अदालतमा दुई वर्ष नाधेका ६१ मुद्दा रहेका छन्।

जिल्ला अदालत

सात न्यायाधीश रहेका यस जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ९ सय ८६ मध्ये ३ सय ४ थान फैसला भए भने देवानी मुद्दातर्फ १ हजार ५ सय ८१ मध्ये ८ सय ५५ थान फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा ३ सय ८२ र देवानी मुद्दा ४ सय थान बाँकी छन्। अघिल्लो वर्षबाट जिम्मेवारी सरेका १ हजार १ सय ७९ मुद्दा फैसला भए। ८१ जना दरबन्दी रहेको अदालतमा नौ जना करारमा रहेका छन्। चार दरबन्दी रिक्त रहेका छन्।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ३ सय ४५ आधारभूत र २ सय ८७ माध्यमिक विद्यालय रहेका छन्। पोखरा महानगरपालिकामा १ सय २७ आधारभूत र ७६ माध्यमिक विद्यालय छन्। जिल्लामा माध्यमिक ३ सय ८०, प्राथामिक १ हजार ६ सय २५ र निम्नमाध्यमिक तहमा ३ सय ८३ दरबन्दी रहेको छ। ३४ जना द्वन्द्व पीडित बालबालिकाले छात्रवृत्ति पाए। वैदेशिक रोजगारीमा गएर ज्यान गुमाएका परिवारका आधार भूत तह र माध्यमिक तहका ४६ जना बालबालिकाले ८ हजार र १२ हजार रुपियाँका दरले छात्रावृत्ति प्राप्त गरे।

यस वर्ष कास्कीमा यौन दुर्व्यवहारका घटनामा दुई बालिका र तीन जना बालक, बलात्कारका घटनामा तीन जना, र विद्यालयमा शारीरिक सजायबाट एक जना गरी नौ जना बालबालिका पीडित भए भने एक नवजात शिशुको हत्या भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले १ लाख रुपियाँ धरौटी राखी साधारण तारिखमा रिहा गर्ने आदेश, एक जना आरोपितलाई पुर्पक्षका लागि थुनामा र एक जना आरोपितलाई कसुरदार ठहऱ्यायो। बलात्कार घटनाका दुई जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा, एक जना आरोपितलाई कसुरदार ठहऱ्यायो । शिशु हत्या घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। विद्यालयमा शारीरिक सजाय घटनामा एक जना आरोपित यस वर्षको अन्त्यसम्म प्रहरी हिरासतमा रहेका छन्।

बलात्कार, यौन दुर्व्यवहार

सात वर्षीया बालिकालाई ०७७ पुस २४ गते घरमा कोही नभएको बेला बलात्कार गरेको भन्दै गुल्मी जिल्ला घर भई हाल पोखरा महानगरपालिका-२६ चापाचौर बस्ने ५७ वर्षीय पूर्णबहादुर थापाविरुद्ध पीडित पक्षले पुस २५ गते जिल्ला प्रहरी कार्यालय कास्कीमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण पुस २६ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पतालमा भयो। प्रहरीले आरोपितलाई पुस २५ गते गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् आरोपितविरुद्ध माघ ५ गते जिल्ला अदालतमा जबरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधिश श्रीकृष्ण भट्टराईको माघ २२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश श्रीकृष्ण भट्टराईको मङ्सिर ६ गते बसेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै ३ वर्ष कैद, ३ हजार रुपियाँ जरिवाना र पीडितलाई २ लाख रुपियाँ क्षतिपूर्ति दिनुपर्ने फैसला सुनायो।

१५ वर्षीया बालिकालाई ०७७ चैत २७ गते यौन दुर्व्यवहार गरेको आरोपमा धादिङ जिल्ला नीलकण्ठ नगरपालिका-९ घर भई कास्की जिल्ला पोखरा महानगरपालिका-४ गणेशटोल बस्ने २३ वर्षीय ईश्वर श्रेष्ठविरुद्ध पीडित पक्षले चैत २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई चैत २८ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण चैत २८ गते पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् आरोपितविरुद्ध ०७८ वैशाख १४ गते यौन दुर्व्यवहार मुद्दा जिल्ला अदालतमा दर्ता गऱ्यो। जिल्ला अदालतको वैशाख १५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश नारायणप्रसाद पौडेलको मङ्सिर २९ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै २ महिना कैद, २ हजार रुपियाँ जरिवाना र पीडितलाई १५ हजार रुपियाँ

क्षतिपूर्ति दिनुपर्ने फैसला सुनायो।

६ वर्षीय बालकलाई ०७८ पुस ४ गते यातना दिएको आरोपमा पोखरा महानगरपालिका-१५ स्थित गलेश्वर चोकमा रहेको न्यूलाइफ स्कूल होष्टेल वार्डेन नुवाकोट जिल्ला पञ्चकन्या गाउँपालिका-२ घर भई पोखरा -१४ बस्दै आएकी २७ वर्षीया जानुका नेपालीलाई ०७८ पुस ६ गते प्रहरीले गिरफ्तार गऱ्यो। 'ओछ्यानमा पिसाब गर्छ' भन्दै पीडित बालकको लिङ्गमा रबरले बाँध्ने र यातना दिने गरेको भन्ने जाहेरीपछि आरोपितलाई गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालय, कास्कीका निमित्त प्रहरी निरीक्षक तथा प्रहरी प्रवक्ता दीपक केसीले जानकारी दिए। बालबालिका सम्बन्धी ऐन, २०७५ अन्तर्गत बालबालिका विरुद्धको कसुरमा जिल्ला अदालत कास्कीबाट ५ दिनको म्याद थपको अनुमति लिएर घटनाका सम्बन्धमा आवश्यक अनुसन्धान सुरू गरिएको छ। बुबा नभएका र आर्थिक अवस्था कमजोर भएर आमाले पालनपोषण गर्न नसकेपछि पीडित बालक केही समय अगाडिदेखि उक्त होस्टलमा बस्दै आएका थिए।

महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २ सय ५९ महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा मदिरा सेवन गरी कुटपिटका ७८, घर निकाला गरिएका ३२, खानलाउन नदिएका ६७, सामान्य घरायसी झगडाका ५४, विवाह दर्ता र नागरिकता नबनाएका २८ उजुरी छन्। बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र प्रमुख मनोहर न्यौपानेका अनुसार गम्भीर प्रकृतिका फौजदारी अन्तर्गतका घटनाहरू भने कानुनी प्रक्रिया अनुरुप मुद्दा दर्ता गरिदै आएको छ। खान लाउन नदिएको भन्दै आउने घटनाहरूमा पीडित र आरोपित पक्षलाई पहिलोपटक सहमतिको प्रयास गरिँदै आएको डिएसपी सुन्दर तिवारीले बताइन्। मेलमिलाप भएका घटनामा पीडित फेरि उजुरी लिएर आउने गरेका केही घटना छन्। हिंसामा परेका महिलालाई आवश्यक सेल्टर वा संरक्षण केन्द्रमा अभाव रहेको उनले बताइन्।

यस वर्ष कास्कीमा घरेलु हिंसाका घटनामा ६४, बलात्कारका घटनामा दुई, बेचबिखन तथा ओसारपसार घटनामा ६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये बलात्कार घटनाका दुई जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बेचबिखन तथा ओसारपसार घटनाका नौ जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। परिवारजनबाट खाना नपकाएको भन्दै एक जनाको बञ्चरो प्रहारी गरी र एक जनाको सिलौटो प्रहार गरी हत्या गरेको घटनामा दुई जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

परिवाजनबाट हत्या

४२ वर्षीया हरिमाया पुनलाई बञ्चरो प्रहार गरेर हत्या गरेको आरोपमा प्रहरीले पर्वत जिल्ला घर भई पोखरा महानगरपालिका-३३ उपल्लो पुँडीका ५० वर्षीय पति गमबहादुर पुनलाई ०७७ माघ २३ गते पोखरा-३३ लामगादीमा बाटोबाट गिरफ्तार गऱ्यो। हरिमायालाई आरोपितले माघ २२ गते राति खाना नपकाएको विषयमा विवाद हुँदा बञ्चरो प्रहार गरेको जिल्ला प्रहरी कार्यालय, कास्कीका डिएसपी सुवास हमालले बताए। हरिमाया माघ २३ गते बिहान मृत अवस्थामा भेटेपछि प्रहरीले अनुसन्धानबाट पति गमबहादुरको संलग्नता पुष्टि भएको डिएसपी हमालले बताए। आरोपित विरुद्ध जिल्ला पीडितका आफन्त युवराज पुनले माघ २३ गते जिल्ला प्रहरी कार्यालय, कास्कीमा जाहेरी दिए। शवको पोष्टमार्टम माघ २३ गते पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा भयो। शव परिवारलाई बुझाइएको डिएसपी हमालले बताए। प्रहरीले जिल्ला अदालत कास्कीमा फागुन ११ गते लापरवाहीपूर्वक काम गरी ज्यान मारेको (दफा १८१) अन्तरगत मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत कास्कीको फागुन १८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पत्ति क्षति

मादी गाउँपालिकाको केन्द्र सार्ने निर्णयका विरोधमा याङ्जाकोटमा स्थानीयले २०७७ माघ २१ गते दिनभर धर्ना दिनुका साथै कार्यालयको गेट, कार्यकारी अधिकृत चढ्ने गाडी तोडफोड गरे। छैटौँ गाउँसभाले वडा नम्बर ४ र ५ अन्तर्गत मादी करिडोर छेउपर्ने बेतेनी, वडा नम्बर ३ स्थित याङ्जाकोट देउराली, वडा नक्बर ४ को तारकाङस्थित माजडी र साविक वडा नम्बर ३ स्थित याङ्जाकोट गरी चार विकल्प मध्ये गाउँपालिकाको केन्द्र साझा

बेतेनीमा सार्ने निर्णयलाई पहिलो प्राथमिकतामा राखेर गाउँपालिकाले प्रदेश सरकार र सङ्घीय सरकारलाई पठाएको थियो। एक वर्षपछि गण्डकी प्रदेश सरकारले त्यसलाई सङ्घीय सरकारमा सिफारिस गर्ने निर्णय गरेसँगै साविक याङ्जाकोट वा याङ्जाकोट देउराली नै हुनुपर्ने माग गर्दै स्थानीय आन्दोलित बनेका थिए। निर्णयको विरोधमा माघ २० गते मादी गाउँपालिकाको कार्यालयमा लगाएको ताला गाउँपालिका प्रमुख बेदबहादुर गुरुङ (श्याम)को निर्देशनमा माघ २१ गते खोलिएपछि उनीहरूले तोडफोड गरेका हुन्। गाउँपालिका अध्यक्ष बेदबहादुर गुरुङ (श्याम) का अनुसार असन्तुष्ट पक्षले कार्यालयको गेट तोडफोड गर्नुका साथै प्रशासकीय अधिकृत चढ्ने ग.३ च.३३५२ नम्बरको स्कार्पियो गाडीको सिसा फुटाए। सङ्घर्ष समितिका संयोजक तथा नेपाली कांग्रेस वडा नम्बर ३ का अध्यक्ष नारायण गुरुङले तोडफोड गर्नु सामान्य भएको र षड्यन्त्रपूर्वक केन्द्र सार्ने निर्णयपछि स्थानीयले आक्रोश पोखेको बताए।

स्वास्थ्य सेवाको अवस्था

कास्की जिल्लामा चार अस्पताल, एक सामुदायिक अस्पताल, ४३ स्वास्थ्य चौकी र चार प्राथमिक स्वास्थ्य चौकी र १८ नगर स्वास्थ्य केन्द्र रहेका छन्। पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानमा ६० जना मेडिकल कन्सल्टेन्टको दरबन्दी रहेकोमा २६ रिक्त छ। स्त्रीरोग विशेषज्ञको पाँच जना दरबन्दी रहेकोमा सबै कार्यरत छन्।

गण्डकी प्रदेशकै सबैभन्दा ठूलो अस्पताल पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरामा उपचाररत कोभिड सङ्क्रमितको अक्सिजन अभावका मृत्यु हुनुपर्ने अवस्था सृजना भयो। अस्पतालमा २०७८ जेठ १३ गते रातिदेखि अक्सिजन अभाव हुँदा एक सुत्केरी महिलासहित ६ जना कोभिड-१९ सङ्क्रमितको मृत्यु भयो। अस्पतालमा एक्कासि अक्सिजनको अभाव भएको र हाइफ्लो अक्सिजन दिएर उपचार भइरहेका बिरामीले सोहीअनुसार अक्सिजन नपाउँदा उनीहरूको मृत्यु भएको थियो। मृत्यु हुनेमा अस्पतालमा उपचाररत तनहुँका तीन जना, म्याग्दी, पर्वत र स्याङ्जा जिल्लाका एक एक जना थिए।

नेपाल सरकारले सबै स्थानीय तहमा निर्माण गर्ने गरी शिलान्यास गरेको अस्पताल कास्कीको रुपामा निर्माण सम्पन्न भयो। अन्नपूर्ण र मादी गाउँपालिकामा अस्पताल शिलान्यास भए पनि काम सम्पन्न भएको छैन। माछापुच्छ्रे गाउँपालिका अस्पताल भवनका लागि जमिनको टुङ्गो नलागिसकेकाले अझै पनि शिलान्यास हुन सकेन।

स्वास्थ्य बीमा गरेका ज्येष्ठ नागरिकहरुका लागि छुट्टै व्यवस्था गरिए पनि कर्मचारीको अभावका कारण सहज रूपमा सेवा लिन बञ्चित छन्। बीमाको प्रक्रिया बारेमा बुझाउन नसक्दा नागरिकहरुले दुख: पाउने गरेका छन्। स्थानीय तहमा अस्पताल नहुँदा बीमा केन्द्र रहेको अस्पताल टाढा रहेका कारण पनि त्यस क्षेत्रका नागरिकमा बीमाप्रति आकर्षण देखिएको छैन। स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशको तथ्याङ्क अनुसार सन् २०२१ मा जिल्लामा ३० हजार १ सय १७ जना कोभिड- १९ बाट सङ्क्रमित भए भने ५ सय २० जनाको मृत्यु भयो। जिल्लामा १८ वर्ष माथिका उमेर समुह ९८ प्रतिशतले कोभिड-१९ विरुद्ध खोपको पहिलो मात्रा लगाएका छन्। त्यस्तै १२ देखि १७ वर्षसम्मका उमेर समूहमा ३ प्रतिशतले खोपको पहिलो मात्रा लगाएका छन्।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
विद्यालयमा शारीरिक सजाय		१	१
नवजात शिशुको हत्या		१	१
बलात्कार	१	२	३
यौन दुर्व्यवहार	१	२	३
जम्मा	२	६	८

महिला अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	६४		६४
बलात्कार		२	२
बेचबिखन तथा ओसारपसार		५	५
जम्मा	६४	७	७१

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	७	७

४.६ लमजुङ

जम्मा जनसङ्ख्या	१,५३,४८०
महिला	८०,२७१
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२७,८९५
कामका लागि बाहिरिएका	२१,१६१
अपाङ्गता भएका	४,७४५
५ वर्षमाथिको साक्षरता प्रतिशत	७१.१
आश्रित जनसङ्ख्या	७१,८९९

यस वर्ष लमजुङ जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट २५ जना महिला, दुई जना पुरुषसहित २७ जना र राज्यपक्षबाट एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा नौ जना र महिला अधिकार उल्लङ्घन घटनामा १५ जना पीडित भए।

कारागार र बन्दी

कारागारको बन्दी क्षमता ३५ जनाको छ। कारागारमा कैदी/बन्दी र थुनुवा १ सय १२ जना छन्। महिला आठ र पुरुष १ सय ४ रहेका छन्। कारागारको क्षमता महिला १० र पुरुष २५ हो। कारागारमा आश्रित बालबालिका छैनन्। कैदी/बन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एक जनाको अहेवको दरबन्दी रहेको छ। कारागारमा चार जना कैदी/बन्दीहरू जटिल मानसिक रोगी र सामान्य मानसिक रोगी चार गरी आठ जना मानसिक रोगको उपचार गराइ रहेका छन्। ६० वर्ष नाघेका चार जना ज्येष्ठ नागरिक (पुरुष) रहेको जिल्ला कारागार प्रमुख जगदीश मिश्रले बताए। कारागारमा दीर्घरोगी आठ जना छन्। कारागारमा खेलकुदका सामाग्रीहरू प्रशस्त नभएको, क्षमता भन्दा धेरै कैदी बन्दी भएकाले सुत्न समस्या भएको र पत्रपत्रिका र सूचनाका सामग्रीहरू पर्याप्त नभएको कैदीका नाइके नवीन गुरुङले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय १४ थान मध्ये १४ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ सय ७१ थान मध्ये ७९ थान मुद्दा फैसला भए। अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा २१ थान छन् भने देवानी मुद्दा २० थान बाँकी छ।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ६८ आधारभूत र १ सय २३ माध्यमिक विद्यालय छन्। १ हजार ९ सय ९० शिक्षक दरबन्दी रहेकामा ९७ ओटा दरबन्दी मिलान हुन बाँकी छ। यस वर्ष १९ हजार ७ सय ६५

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		महिला	जम्मा	महिला	पुरुष	जम्मा
जेलमा मृत्यु		१	१			
हत्या					१	१
सबै प्रकारका जातीय विभेद				१	१	३
बाल अधिकार	बलात्कार			८		८
	यौन दुर्व्यवहार			१		१
	जम्मा			९		९
महिला अधिकार	बलात्कार			३		३
	बहुविवाह			३		३
	घरेलु हिंसा			१०		१०
	जम्मा			१५		१५
कूल जम्मा		१	१	३५	३	३८

बालक र २१ हजार १९ जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका ३० बालबालिका विद्यालय भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय १ सय ५० ओटा रहेका छन्। द्वन्द्वपीडित परिवारका ११ जना बालबालिकाले यस वर्ष छात्रवृत्ति पाए। दलित, अपाङ्गलाई नि:शुल्क शिक्षाको व्यवस्था गरिएको छ। पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा तथा समन्वय इकाइका प्रमुख विरबहदुर गुरुङले बताए। यस वर्ष जिल्लाभर ५ हजार २ सय ६३ दलित बालक र ४ हजार ९ सय १ दलित बालिका विद्यालय भर्ना भए। ८ हजार ७ सय ६५ दलित विद्यार्थीले छात्रवृत्ति पाए। जसमध्ये ४ हजार १ सय ७२ छात्रा र ४ हजार ५ सय ९३ छात्र रहेका छन्। कोभिडको कारण विद्यार्थीहरूलाई अनलाइन कक्षामा समस्या भएको प्रमुख गुरुङले बताए। सबै विद्यार्थी इन्टरनेटको पहुँच पुगेन। द्वन्द्वपीडित परिवारका बालबालिकाहरूले २ लाख ३४ हजार रुपियाँ छात्रवृत्ति पाएको शिक्षा तथा समन्वय इकाइका लमजुङका प्रमुख बिरबहादुर गुरुङले बताए।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा एक जना, बलात्कारका घटनामा आठ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बलात्कार घटनाका आठ जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै ४३ जना महिलाले महिला, बालकालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा २४ ओटा खान लाउन नदिएको, ११ ओटा नागरिकता नबनाइ दिएको, आठ ओटा कुटपिटका रहेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी इन्स्पेक्टर जगदिश रेग्मीले बताए।

यो वर्ष लमजुङमा घरेलु हिंसाका १०, बलात्कारका घटनामा तीन, बहुविवाह घटनामा दुई जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये बलात्कार घटनाका दुई जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई २ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो। बहुविवाह घटनाका चार जना आरोपितहरूलाई जिल्ला अदालतले क्रमश: ६० हजार रुपियाँ, १० हजार रुपियाँ र २ लाख ५० हजार रुपियाँ, ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

सबै प्रकारका जातीय विभेद

यो वर्ष लमजुङ जिल्लामा जातीय विभेदका घटनामा एक जना महिला र एक जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। दुवै घटनामा मेलमिलाप भयो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, दुई सामुदायिक अस्पताल, ५९ स्वास्थ्य चौकी, ११ प्राथमिक स्वास्थ्य केन्द्र, १६ नगर स्वास्थ्य केन्द्र र आठ सामुदायिक स्वस्थ्य इकाइ रहेको छ। डाक्टरको ६ जना दरबन्दी रहेकोमा तीन जनामात्र कार्यरत छन्। सदरमुकाम स्थित सरकारी अस्पतालमा विशेषज्ञको दरबन्दी छैन। १ सय ३४ स्टाफ नर्स र अनमीको दरबन्दीमा ३१ खाली छन् भने १ सय ३ कार्यरत छन्। जिल्लामा हेल्थ असिस्टेन्ट र अहेव गरी १ सय ९७ रहेकोमा १ सय ५६ जना कार्यरत छन्। प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको अद्यावधिक विवरण जिल्ला

स्वास्थ्य कार्यालयमा नआइपुगेको कार्यालय प्रमुख अमर दवाडीले बताए। जिल्लामा स्वस्थ्य बीमा सञ्चालनमा आएको छैन। अस्पतालले सेवा प्रवाह गर्ने क्रममा ज्येष्ठ नागरिकलाई पहिलो प्राथमिकता दिने गरेको छ। जिल्लामा विशेषज्ञ सहितको थप उपचारको व्यवस्था गर्नको लागि जिल्ला समन्वय प्रमुखको अध्यक्षतामा यस वर्ष दुईपटक सरोकारहरूसँग अन्तर्क्रिया भएको स्वास्थ्य प्रमुख दवाडीले बताए। केही समय जिल्ला सामुदायिक अस्पताललाई नै अस्थायी कोभिड अस्पतालको रूपमा प्रयोग भयो।

स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशको तथ्याङ्क अनुसार सन् २०२१ मा कोभिडबाट जिल्लामा ३ हजार २ सय १८ सङ्क्रमित भए भने ३६ जनाको मृत्यु भयो। जिल्लामा १८ वर्ष माथिका उमेर समूहका ९७ प्रतिशतले कोभिड-१९ विरुद्ध खोपको पहिलो मात्रा लगाएका छन् भने ७७ प्रतिशतले खोपको पूर्ण मात्रा लगाएका छन्। त्यस्तै १२ देखि १७ वर्षसम्मका उमेर समूहका ७९ प्रतिशतले खोपको पहिलो मात्रा लगाएका छन्।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	८	८
यौन दुर्व्यवहार	१	१
जम्मा	९	९

महिला अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कारबाही प्रक्रिया अघि नबढाइएका	जम्मा
बलात्कार		३	३
बहुविवाह		२	२
घरेलु हिंसा	१०		१०
जम्मा	१०	५	१५

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

४.७ तनहुँ



जम्मा जनसङ्ख्या	३,२७,६२०
महिला	१,७४,६९९
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	४७,५३५
कामका लागि बाहिरिएका	४६,३८७
अपाङ्गता भएका	६.६६८
५ वर्षमाथिको साक्षरता प्रतिशत	७४.०८
आश्रित जनसङ्ख्या	१,४१,३००

यस वर्ष तनहुँ जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १ सय १२ जना महिला, दुई जना पुरुषसहित १ सय १४ जना र राज्यपक्षबाट ३६ जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना, महिला अधिकार उल्लङ्घन घटनामा १ सय ४ जना, कुटपिट घटनामा दुई जना, अमानवीय व्यवहार घटनामा एक जना र अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकारमा २८ जना पीडित भए।

कुटपिट/दुर्व्यवहार

राज्यपक्षबाट

भीमाद नगरपालिका-८ का ४२ वर्षीया चिरन्जीवी खनाललाई सोही वडाका अध्यक्ष ६१ वर्षीय बुद्धिमान श्रेष्ठले ०७८ बैशाख ९ गते वडा कार्यालय परिसरमा कुटपिट र दुर्व्यहवार गरे। हकवालाको सिफारिस लिन जाँदा वडाअध्यक्ष श्रेष्ठले अन्य कुरा निकालेर सिफारिसमा हस्ताक्षर गर्न नमानेको र आफैले निहुँ खोजेर हातपात र दुर्व्यहवार गरेको खनालले बताए। खनालको नाउँमा जग्गाधनी पुर्जा रहेको जग्गामा बसोबास गर्दै आएकी एकल महिलालाई पुननिर्माण प्राधिकरणमार्फत नीजि आवास निर्माणका लागि खनालले सहयोग नगरेको र ती महिलालाई घर बनाउन सहयोग गरेमात्र सिफारिसमा हस्ताक्षर गर्ने अडान वडा अध्यक्ष श्रेष्ठले राखेका थिए। सोही विक्षयमा विवाद बढ्दै गएपछि श्रेष्ठले आफूलाई दुर्व्यवहार गरेको खनालले बताए। वडाअध्यक्ष श्रेष्ठले एकल महिला सावित्री दमैलाई घर बनाउन नदिएर बिचल्लीमा पारेको हुँदा सो विक्षयमा छलफल गर्दा गर्दै खनालले आफूलाई ढुङ्गा प्रहार गर्न खोजेको बताए। पीडितले वडाअध्यक्षलाई कारबाहीको माग गर्दै वैशाख ९ गते भीमाद नगरपालिकाको कार्यालयमा निवेदन दिए। तर, वडाअध्यक्षलाई कुनै कारबाही भएन।

अन्यपक्षबाट

प्रहरी चौकी डुम्रीबेशीका इन्चार्ज ४० वर्षीय सुरेन्द्र गुरुङलाई ०७७ फागुन २८ गते भिमाद नपा- १ डुम्रीवेशीमा स्याङ्जा जिल्ला हरिनास गाउँपालिका-७ का २३ वर्षीय प्रिन्स थापा र २२ वर्षीय लोकबहादुर थापा लगायतले कुटपिट गरे। उनीहरूलाई फागुन २८ गते डुम्रीबेशीबाट नै गिरफ्तार गरिएको इलाका प्रहरी कार्यालय, बेलचौतारा का इन्स्पेक्टर जगदिश रेग्मीले

बताए। डुम्रीबेशीमा आयोजित भलिबल प्रतियोगिताको क्रममा फागुन २८ गते साँझ दुई पक्षबिच विवाद भएको र सो विवाद मिलाउन गएको प्रहरी टोलीलाई नै आक्रमण गरिएको रेग्मीले बताए। घाइते गुरुङको मणिपाल अस्पताल, पोखरामा फागुन २९ गते उपचार गरियो। गिरफ्तार गरिएकाहरूलाई इलाका प्रहरी कार्यालय, बेलचौतारामा राखी चैत १२ गते ८ हजार रुपियाँ घरौटीमा रिहा गरिएको इन्स्पेक्टर रेग्मीले बताए।

कारागार र बन्दी

कारागारको बन्दी क्षमता १ सय २५ जनाको छ। कारागारमा कैदी १ सय ४६ र थुनुवा १ सय ८ गरी २ सय ४५ जना रहेका छन्। कारागारमा महिला कैदी/बन्दी छैनन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जना अहेवको दरबन्दी रहेकोमा रिक्त छ। कैदी बन्दी बिरामी भएमा नजिकैको दमौली अस्पतालमा लैजाने गरिएको छ। कारागारमा एक जना सामान्य मानसिक रोगी र एचआईभी सङ्क्रमित तीन जना रहेका छन्। उनीहरूले नियमित औषधी सेवन गरिरहेका छन्। ६० वर्ष नाघेका २० जना र ७० वर्ष नाघेका सात जना ज्येष्ठ नागरिक (पुरुष) रहेको जिल्ला कारागार प्रमुख ऋषिराम सुवेदीले बताए। कैदी बन्दीलाई सार्वजानिक बिदाको दिन बाहेक अन्य दिनमा बिहान १० देखि ४ बजेसम्म आफन्तहरूसँग भेटघाट गर्न दिइन्छ। इन्सेकले विश्व मानव अधिकार दिवसको अवसरमा गरेको कारागार अनुगमनको क्रममा कैदी बन्दीलाई आय आर्जनका लागि (मुढा बुन्ने, सिलाई कटिङ्ग, हस्तकला आदि) काम गर्न दिइएको पाइयो। त्यस्तै खेलकुद, भलिवल, व्याडमिन्टन, क्यारेमबोर्ड, चेस, लुडो, पुस्तकालय आदिको व्यवस्था गरिएको छ भने प्रत्येक कोठामा टेलिभिजनको व्यवस्था गरिएको छ। कैदी बन्दीका नाइके रामु लोहनीले आफूहरूलाई कुनै समस्या नरहेको बताए। कोभिड-- १९ बाट कोही पनि कैदी बन्दी सङ्क्रमित भएनन्।

कारागारमा झडप

जिल्ला कारागार तनहुँमा २०७७ फागुन १७ गते दिउँसो झडप हुँदा ६ जना कैदीबन्दी घाइते भए। अन्यत्रका कैदीबन्दीलाई तनहुँ कारागारमा स्थान्तारण गरेपछि नाइके बन्ने विक्षयमा दुई समूहबिच झडप हुँदा कैदी कुलबहादुर तामाङ, अनुप थापा, माधव कँडेल, धनबहादुर शाही, दीपक दर्जी र ज्ञानबहादुर विक घाइते भएको जिल्ला प्रहरी कार्यालय, तनहुँका एसपी अरुण पौडेलले बताए। झडपपछि १५ जनालाई भीमफेदी कारागार र १० जनालाई कास्की कारागारमा स्थानान्तरण गरियो भने घाइतेहरूको दमौली अस्पतालमा उपचार भएको प्रमुख जिल्ला अधिकारी आचार्यले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुई जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष दर्ता भएका फौजदारी मुद्दातर्फ १ सय ७९ थान मध्ये ३७ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ८ सय ९७ थान मध्ये ४ सय ६७ थान मुद्दा फैसला भए। यस अदालतमा एकवर्ष नाघेका फौजदारी मुद्दा ७० थान छन् भने देवानी मुद्दा २ सय ३१ थान बाँकी छ। अदालतले २१ जना कर्मचारी करारमा नियुक्त गरेको छ भने २९ जना यो वर्षको अन्त्यसम्म रिक्त रहे। कोभिड- १९ को कारण भएको लकडाउनले अदालत बन्द हुँदा मुद्दाको फैसला हुन ढिलाइ भएको जिल्ला अदालतका श्रेस्तेदार पूर्णबहादुर कुँवरले बताए। जिल्ला बार इकाईका सचिव त्रैलोक्य वाग्लेले मुद्दाको फैसलामा ढिलाइ हुँदा अधिकांश कैदीहरू लामो समय कारागार बस्नुपर्ने बाध्यता रहेको बताए।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा सामुदायिकतर्फ ३ सय १८ आधारभूत र १ सय १९ माध्यमिक विद्यालय छन् भने संस्थागततर्फ ७० आधारभूत र ६१ माध्यमिक विद्यालय रहेका छन्। शिक्षक दरबन्दी २ हजार ९ सय ११ रहेकामा १ सय १२ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष विद्यालय भर्ना भएका बालबालिकाहरूको सङ्ख्या जिल्ला शिक्षा तथा समन्वय इकाइले उपलब्ध गराउन सकेन भने स्थानीय तहहरूले पनि भर्ना भएका बालबालिकाको सङ्ख्या उपलब्ध गराउन सकेनन्। विद्यालय भर्ना भएका दलित तथा अपाङ्गता भएका बालक र बालिकाको तथ्याङ्क जिल्ला शिक्षा इकाइ तथा स्थानीय तहहरूसँग छैन। जिल्लामा अपाङ्गतामैत्री विद्यालय १ सय ४९ ओटा छन् भने निर्माणाधीन अपाङ्गतामैत्री विद्यालय ५४ वटा रहेको छ। बजेट अभावमा उक्त विद्यालयहरू समयमै निर्माण सम्पन्न गर्न समस्या परेको पुननिर्माण प्राधिकरण अन्तर्गतको शिक्षातर्फका इन्जिनियर अनिल श्रेष्ठले बताए। सहिद परिवारका तीन जना बालिकाले

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		६	६			
कुटपिट		१	१		१	१
अभिव्यक्ति, भेला/सङ्गठित हुने अधिकार		३८	३८			
अमानवीय व्यवहार		१	१			
हत्या				३	१	४
बाल अधिकार	विद्यालयमा शारीरिक सजाय			१		१
	बलात्कार			४		४
	जम्मा			५		५
महिला अधिकार	बलात्कार			५		५
	बलात्कार प्रयास			३		३
	घरेलु हिंसा			९६		९६
	जम्मा			१०४		१०४
कूल जम्मा		३६	३६	११२	२	११४

यो वर्ष तनहुँमा घरेलु हिंसाका ९६, बलात्कार घटनामा पाँच, बलात्कार प्रयास घटनामा तीन जना गरी १ सय ४ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये बलात्कार घटनाका सात जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा, एक जना आरोपितलाई बाल सुधार गृहमा पठायो भने तीन जना आरोपित यो वर्षको अन्त्यसम्म फरार रहे। बलात्कार प्रयास घटनाका तीन जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। परिवारजनबाट भएका हत्याका एक घटनाका आरोपितलाई जिल्ला अदाललते पुर्पक्षका लागि थुनामा पठायो।

छात्रवृत्ति पाएका छन्। वैदेशिक रोजगारीमा ज्यान गुमाएका परिवारका २५ बालक र ३५ बालिका गरी ६० जनाले छात्रवृत्ति पाएको जिल्ला शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख रमाकान्त शर्माले बताए। कोभिडको दोस्रो लहर सुरु भएपछि वैशाखको दोस्रो साताबाट सबै शिक्षण संस्थाहरू बन्द भएका थिए। सबै विद्यार्थी तथा अभिभावकमा इन्टरनेटको पहुँच नहुँदा धेरै विद्यार्थीहरू वैकल्पिक विधिको शिक्षाबाट बन्चित भए।

यस वर्ष तनहुँमा बलात्कारका घटनामा चार जना र विद्यालयमा शारीरिक सजायबाट एक जना गरी पाँच जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा बलात्कार घटनाका चार जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय १५ जनाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दताए गराए। जसमध्ये १ सय भन्दा बढी उजुरीमा मेलमिलाप, केही उजुरी जिल्ला अदालतमा गएको छ भने केही उजुरी कुनै पनि प्रक्रिया नभइकन अन्त्य भएको सेवा केन्द्रले जनायो।

परिवारजनबाट हत्या

व्यास नपा- १२ की ७२ वर्षीया लक्ष्मी दरैलाई २०७७ माघ ८ गते छोरा ३३ वर्षीय छोरा प्रेम दरैले मादक पदार्थ सेवन गरी घरायसी विवाद हुँदा चिर्पटले टाउकोमा प्रहार गरी हत्या गरे। उनलाई प्रहरीले माघ ९ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रेमलाई प्रहरीले माघ १० गते कतर्व्यज्यानसम्बन्धी मुद्दा जिल्ला अदालतमा दर्ता गऱ्यो। शवको माघ ९ गते दमौली अस्पतालमा पोष्टमार्टम भयो। शव मृतकका अर्का छोराले बुझी सद्गत गरे। जिल्ला अदालतको फागुन ५ गतेको आदेशअनुसार आरोपित पुर्पक्षका लागि थुनामा छन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीन सरकारी अस्पताल, ४६ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, २९ वटा आधार भूत स्वास्थ्य केन्द्र र १५ शहरी स्वास्थ्य केन्द्र रहेका छन्। ती स्वास्थ्य केन्द्रमा २३ जना मेडिकल डाक्टरको दरबन्दी रहेकोमा सात जना स्थायी र चार जना करारका मेडिकल डाक्टरहरू कार्यरत छन्। त्यस्तै दुई जना जनस्वास्थ्य अधिकृतको दरबन्दी रहेकोमा दुबै जना रिक्त रहेको छ। त्यस्तै २२० जना एचए र अहेवको दरबन्दी रहेकोमा १ सय ६ जना स्थायी र १४ जना करारमा कार्यरत रहेका छन्। १ सय ८९

जना अनमी र स्टाफनर्सको दरबन्दी रहेकोमा ९६ जना स्थायी र २३ जना करारमा कार्यरत छन्। १० जना ल्याब टेक्निसियनको दरबन्दी रहेकोमा चार जना स्थायी र सात जना करारमा कार्यरत छन्। ग्रामीण क्षेत्रका स्वास्थ्य चौकीमा राज्यले नि:शुल्क प्रदान गर्ने सबै ३५ प्रकारका औषधिहरू पर्याप्त छैन। तनहुँमा ३० हजार ५ सय ५७ घरधुरीका ९० हजार ५ सय ९५ जना नागरिक स्वास्थ्य विमाको पहुँचमा आएका छन्। २०७७ मङ्सिर १५ गते तनहुँमा नौ स्थानीय तहमा अस्पताल शिलान्यास गरिएकोमा सबै अस्पतालहरू निर्माण कार्य सुरु भएको छ।

स्वास्थ्य निर्देशनालय, गण्डकी प्रदेशको तथ्याङ्क अनुसार सन् २०२१ मा जिल्लामा ५ हजार ४ सय १४ जनालाई कोभिड सङ्क्रमण भयो भने १ सय २७ जनाको मृत्यु भयो। जिल्लामा १८ वर्ष माथिका उमेर समूह ८५ प्रतिशतले कोभिड-१९ विरुद्ध खोपको पहिलो मात्रा लगाएका छन् भने ५७ प्रतिशतले खोपको पूर्ण मात्रा लगाएका छन्। त्यस्तै १२ देखि १७ वर्षसम्मका उमेर समूहमा ७९ प्रतिशतले खोपको पहिलो मात्रा लगाएका छन्।

तनहुँमा कोभिड अस्पताल र आईसोलेसनको सङ्ख्या १२ छ। जसमा बेड १ सय ७० रहेको छ। तनहुँमा सात आईसीयु र चार भेन्टिलेटर रहेको छ भने दुई अस्पतालमा अक्सिजन प्लान्ट स्थापना भई अक्सिजन उत्पादन सुरु भएको छ।

भानु नगरपालिकाका एक ६५ वर्षीय पुरुषले समयमा उपचार नपाउँदा वैशाख २६ गते उनको मृत्यु भयो। मृतकको वैशाख १० गते पोखरास्थित ओम अस्पतालमा पीसीआर परीक्षण गर्दा कोभिड-१९ सङ्क्रमण पुष्टि भएपछि उनी होम आइसोलेसनमा बसेका थिए। वैशाख २५ गते श्वासप्रश्वासमा समस्या भएपछि वैशाख २६ गते अस्पताल लगिएको तर समयमा उपचार नपाउँदा उनको मृत्यु भएको मृतकका परिवारले जनाएको भानु नगरपालिकाका स्वास्थ्य शाखाका प्रमुख ऐश्वर्यचन्द्र भट्टराईले जानकारी दिए।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	कारबाही प्रक्रिया अघि नबढेका	जम्मा
विद्यालयमा शारीरिक सजाय		१	१
बलात्कार	४		४
जम्मा	४	१	५

महिला अधिकार

घटनाको प्रकार	मिलापत्र	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		५	५
बलात्कार प्रयास		३	३
घरेलु हिंसा	८१	१५	९६
जम्मा	८१	२३	१०४

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	४	४

४.८ नवलपरासी पूर्व



जम्मा जनसङ्ख्या	३,८१,१०५
महिला	२,०१,६५९
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	उपलब्ध नभएको
कामका लागि बाहिरिएका	उपलब्ध नभएको
अपाङ्गता भएका	उपलब्ध नभएको
५ वर्षमाथिको साक्षरता प्रतिशत	७०.७६
आश्रित जनसङ्ख्या	उपलब्ध नभएको

यस वर्ष नवलपरासी पूर्व जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा अन्य पक्षबाट ४५ जना महिला, दुई जना पुरुषसहित ४७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २६ जना, महिला अधिकार उल्लङ्घन घटनामा १७ जना, अमानवीय व्यवहार घटनामा एक जना र हत्याका घटनामा तीन जना पीडित भए।

कारागार र बन्दी

नवलपरासी पूर्वमा कारागार निर्माण भएको छैन। हाल नवलपुर जिल्ला अदालतले पुर्पक्षका लागि थुना र कारागार चलान गर्दा छिमेकी जिल्ला चितवन र नवलपरासी पश्चिमको कारागारमा पठाउने गरेको जिल्ला प्रहरी कार्यालय नवलपरासी पूर्वका एसपी प्रकाश मल्लले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुई जना न्यायाधीश रहेको नवलपुर जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ५ सय ३४ थान मुद्दा मध्ये १ सय ११ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ हजार २२ मुद्दा मध्ये ३ सय ३६ थान मुद्दा फैसला भए। यस अदालतमा एकवर्ष नाघेका फौजदारी मुद्दा १ सय ४० थान छन् भने देवानी मुद्दा २ सय ५१ थान बाँकी छ।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा सामुदायिकतर्फ ३ सय ४९ पूर्व प्राथमिक, २ सय ३६ आधारभूत र ७७ माध्यमिक छन् भने संस्थागततर्फ १ सय १२ पूर्व प्राथमिक, ४१ आधारभूत र ५३ माध्यमिक छन्। जिल्लामा राहतसहित २ हजार १ सय ३५ शिक्षक दरबन्दी रहेकामा दरबन्दी अनुसार शिक्षक कायम छन्। यस वर्ष ५३ हजार २ बालक र ४७ हजार ४ सय ५९ जना बालिका विद्यालय भर्ना भएको तथ्याङ्क जिल्ला शिक्षा तथा समन्वय इकाइमा छ। जिल्लामा अपाङ्गतामैत्री विद्यालय १ सय ५१ छन्।

यस वर्ष नवलपरासी पूर्वमा यौन दुर्व्यवहारका घटनामा चार जना, बलात्कारका घटनामा २० जना, बालविवाहका घटनामा एक जना बालिका र एक जना बालक गरी २६ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहार घटनाका दुई जना आरोपितहरूलाई जिल्ला अदालतले

पुर्पक्षका लागि थुनामा र एक जना आरोपितलाई १ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। बलात्कार घटनाका २० जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा, पाँच जना आरोपितलाई बाल सुधार गृह भैरहवा पठायो भने एक जना आरोपित यो वर्षको अन्त्यसम्म फरार रहे। बालविवाह घटनाका दुई जनालाई जनही ५०/५० हजार रुपियाँ धरौटीमा जिल्ला अदालतले रिहा गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

जिल्ला प्रहरी कार्यालय,नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा यस वर्ष १ सय ३१ घरेलु हिंसाको उजुरी दर्ता भए। जसमध्ये १ सय १५ वटा घटनामा मेलमिलाप भए भने १६ उजुरी प्रक्रियामा रहेको सेवा केन्द्रकी प्रमुख बिन्दु बिकले बताइन्।

यो वर्ष नवलपरासी पूर्वमा घरेलु हिंसाका ६, बलात्कार घटनाका ६, बलात्कार प्रयास घटनाका चार र बेचबिखन तथा ओसार पसारका घटनामा एक जना गरी १७ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये बलात्कार प्रयास घटनाका दुई जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा भने एक जना आरोपित यो वर्षको अन्त्यसम्म हिरासतमा रहे। बलात्कार घटनाका सात जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने बेचबिखन तथा ओसार पसारका एक जना आरोपितलाई पुर्पक्षका लागि थुनामा र एक जना आरोपितलाई ३० हजार रुपियाँ धरौटी तारेखमा रिहा गर्ने आदेश दियो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, चार प्राथमिक स्वास्थ्य केन्द्र, ३३ स्वास्थ्य चौकी रहेका छन्। तीमध्ये वौदिकालिका गाउँपालिका र देवचुली नगरपालिकाको प्राथमिक स्वास्थ्य केन्द्र र गैंडाकोट नगरपालिकाको एक स्वास्थ्य चौकी १५ शैयाको अस्पतालमा स्तरोन्नतिको काम भइरहेको छ। सदरमुकामस्थित नवलपुर जिल्ला अस्पतालमा एक जना विशेषज्ञको दरबन्दीमा रिक्त छ भने दुई जना विशेषज्ञ करारमा छन्। ६ जना स्टाफ नर्सको दरबन्दीमा तीन जना दरबन्दी खाली छ भने १३ जना स्टाफ नर्स करारमा कार्यरत छन्। दुई जना अनमी दरबन्दीमा एक कार्यरत छन् भने चार जना करारमा कार्यरत छन्।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
अमानवीय व्यवहार			१	१
हत्या		३		३
बाल अधिकार	बलात्कार	२०		२०
	यौन दुर्व्यवहार	४		४
	बालविवाह	१	१	२
	जम्मा	२५	१	२६
महिला अधिकार	बलात्कार	६		६
	बलात्कार प्रयास	४		४
	बेचबिखन तथा ओसारपसार	१		१
	घरेलु हिंसा	६		६
	जम्मा	१७		१७
कूल जम्मा		४५	२	४७

नवलपरासी (बर्दाघाट सुस्ता पूर्व) जिल्लाका एक ६८ वर्षीय कोभिड-१९ सङ्क्रमित पुरुषको समयमा स्वास्थ्य उपचार नपाउँदा मृत्यु भयो। वैशाख १५ गते कोभिड-१९ सङ्क्रमण पुष्टि भएका उहाँलाई वैशाख २० गते बिहान एक्कासि श्वासप्रश्वासमा समस्या भएपछि स्वास्थ्य उपचारको लागि नजिकैको स्वास्थ्य संस्था लैजान खबर गर्दा एम्बुलेन्स नआएको र अन्तिममा मृतकका छिमेकीको ट्याक्टरमा उहाँलाई उपचारको लागि दुम्कौली प्राथमिक स्वास्थ्य केन्द्रमा लैजाँदा चिकित्सकले मृत घोषणा गरेका थिए। त्यसै गरी, नवलपुरकी एक ८३ वर्षीय महिलाको उपचारको लागि बेड नपाएको कारण ज्यान गयो। भरतपुरको चितवन मेडिकल कलेजमा वैशाख १९ गते कोभिड -१९ को सङ्क्रमण पुष्टि भएको उनलाई चितवनमा बेड नपाएपछि मध्यविन्दु जिल्ला अस्पताल ल्याइएको थियो। उनको मध्यविन्दु अस्पतालमा उपचारको क्रममा मृत्यु भयो।

जिल्लामा १४ हजार ९ सय ४१ घरधुरीका ४३ हजार ७ सय ४६ जनाले बिमा गराएका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बिमा कार्यक्रममा पनि ६ हजार ४ सय १७ जनाको बिमा गरिएको छ।

स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशको तथ्याङ्क अनुसार सन् २०२१ मा कोभिड- १९ सङ्क्रमणबाट ८ हजार १ सय ७ जना सङ्क्रमित भए

भने १ सय २३ जनाको मृत्यु भयो। जिल्लामा १८ वर्ष माथिका उमेर समूहका ९८ प्रतिशतले कोभिड-१९ विरुद्ध खोपको पहिलो मात्रा लगाएका छन् भने ४४ प्रतिशतले खोपको पूर्ण मात्रा लगाएका छन्। त्यस्तै १२ देखि १७ वर्षसम्मका उमेर समूहका ८१ प्रतिशतले खोपको पहिलो मात्रा लगाएका छन्।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१९	२०
यौन दुर्व्यवहार		४	४
बालविवाह		१	१
जम्मा	१	२४	२५

महिला अधिकार			
घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		६	६
बलात्कार प्रयास		४	४
बेचबिखन तथा ओसारपसार		१	१
घरेलु हिंसा	६		६
जम्मा	६	११	१७

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	३

४.९ स्याङ्जा



जम्मा जनसङ्ख्या	२,५४,९६५
महिला	१,३६,८८९
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	३३,९०९
कामका लागि बाहिरिएका	५०,४७६
अपाङ्गता भएका	४,४५१
५ वर्षमाथिको साक्षरता प्रतिशत	७६.६
आश्रित जनसङ्ख्या	१,२१,८२३

यस वर्ष स्याङ्जा जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा अन्य पक्षबाट ४१ जना महिला, एक जना पुरुषसहित ४२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १४ जना र महिला अधिकार उल्लङ्घन घटनामा २६ जना पीडित भए।

कारागार र बन्दी

५० जनाको क्षमता भएको कारागारमा कैदी र थुनुवा गरी १ सय २५ जना छन्। क्षमता भन्दा बढी कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। कारागारमा खानेपानी, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्रीमा भलिबल, चेस, लुँडो र क्यारमबोर्ड र पुस्तकालयको व्यवस्था गरिएको जेलर चुडामणि भण्डारीले बताए। ६० वर्ष नाघेका आठ जना पुरुष बन्दी छन्। कैदी/बन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जना अहेवको दरबन्दी रहेको र दरबन्दी अनुसार स्वास्थ्यकर्मीको व्यवस्थापन गरिएको छ ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुई जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २ सय १० थान मध्ये १ सय ५९ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४ सय ६३ थान मध्ये ४ सय ४८ थान मुद्दा फैसला भए। सन् २०२० को जिम्मेवारी सरेर आएका १ सय ८२ थान मुद्दामध्ये ९० थान मुद्दा फैसला भए। ९२ थान मुद्दा बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ८२ आधारभूत र १ सय ६७ माध्यमिक विद्यालय छन्। २ हजार ६ सय ४९ शिक्षक दरबन्दी रहेको छ। यस वर्ष २८ हजार ९ सय ८ जना बालक र २६ हजार २ सय ८५ जना बालिका विद्यालय भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय छैनन्। दलित, अपाङ्गलाई नि:शुल्क शिक्षाको व्यवस्था गरिएको छ। पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा तथा तथा समन्वय इकाइका सूचना अधिकारी प्रकाशबन्धु अर्यालले बताए। विशे क्षगरी नगर/ग्रामीण क्षेत्रमा अभिभावकको रोजगारीका कारण सबै बालबालिकालाई विद्यालय प्रवेश गराउन नसकिएको उनले बताए। यस वर्ष जिल्लाभर ५ हजार १ सय ४७ दलित बालक र ५ हजार १ सय ८८

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			१	१
हत्या		१		१
बाल अधिकार	बलात्कार	१०		१०
	यौन दुर्व्यवहार	३		३
	बेचबिखन तथा ओसारपसार	३		३
	जम्मा	१४		१४
महिला अधिकार	बलात्कार	५		५
	बलात्कार प्रयास	३		३
	घरेलु हिंसा	१९		१९
	जम्मा	३६		३६
कूल जम्मा		४१	१	४३

दलित बालिका विद्यालय भर्ना भए। कोभिडका कारण शिक्षा क्षेत्रमा असर परेको छ। यो वर्ष अनलाइन माध्यमबाट पढाइ भए पनि प्रभावकारी हुन सकेन।

यस वर्ष स्याङ्जामा यौन दुर्व्यवहारका घटनामा दुई जना, बलात्कारका घटनामा १० जना, बेचबिखन तथा ओसारपसार घटनामा दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहार घटनाका एक जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा र चार जना आरोपितलाई जनही २ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। बलात्कार घटनाका आठ जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो, तीन जना आरोपितलाई बालसुधार गृह, सारङकोट पठायो भने एक जना आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बेचबिखन तथा ओसारपसार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ५६ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा प्रहरीले ४४ वटामा मेलमिलाप गरायो भने ६ उजुरी अदालतमा पुगेका छन् भने ६ उजुरी कारबाही प्रक्रियामा रहेका छन्। गल्ती नदोहोऱ्याउने र परीक्षणका लागि तारेखमा बोलाइ समझदारीमा आएपछि दुवैको सहमतिमा मिलापत्रमा गरिने गरेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रले जनायो।

यो वर्ष स्याङ्जामा घरेलु हिंसाका १९, बलात्कार घटनामा पाँच, बलात्कार प्रयास घटनामा दुई जना गरी २६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये बलात्कार प्रयास घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई ५ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। बलात्कार घटनाका चार जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई १ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। परिवारजनबाट भएको हत्याका घटनामा एक जना आरोपितलाई प्रहरीले गिरफ्तार गरेकोमा यो वर्षको अन्त्यसम्म उनी प्रहरी अनुसन्धानमै रहे।

स्वास्थ्य सेवाको अवस्था

स्याङ्जामा एक जिल्ला अस्पताल, ६४ वटा स्वास्थ्य चौकी, स्थानीय अस्पताल एक रहेका छन्। प्राथमिक स्वास्थ्य केन्द्रमा दुई जना डाक्टर दरबन्दीअनुसार नै कार्यरत छन्। अस्पतालमा दुईजना डाक्टरको दरबन्दी रहेकोमा दुई ओटै दरबन्दी रिक्त छ। सात जना डाक्टर करारमा रहेका छन् । तीन जना स्टाफनर्सको दरबन्दी रहेकोमा सबै कार्यरत छन्। तीनजना अनमी दरबन्दी रहेकोमा सबै कार्यरत छन्। दुईजना अहेवको दरबन्दी रहेकोमा एक जना रिक्त छ। सरकारले नि:शुल्क प्रदान गर्ने औषधिहरू पूर्णरूपमा उपलब्ध छैनन् भने स्वास्थ्य बीमा तथा ज्येष्ठ नागरिक बीमा तथा त्यसको दुरुपयोग नभएको र जिल्ला अस्पतालमा एम्बुलेन्स मर्मत गरी हाल सञ्चालनमा आएको स्वास्थ्य कार्यालयका सूचना अधिकारी पर्वती पौडेल बरालले बताइन्। जिल्लामा ९४ हजार २ सय ६० बिमाको सेवाग्राही रहेका छन्। यी मध्ये ४९ हजार २ सय २१ जना पुरुष छन्। १ हजार ५ सय ८६ जना पूर्ण अपाङ्गको नि:शुल्क बिमा गरिएको छ। ३ सय ६४ एचआइभी सङ्क्रमितको बिमा गरिएको जिल्ला बिमा तथ्याङ्क प्रमुख ध्रुव हमालले बताए।

वालिङ नगरपालिका, भिरकोट नगरपालिका, फेदीखोला गाउँपालिका, चापाकोट नगरपालिकामा शिलान्यास भएका अस्पतालमध्ये चापाकोट नगरपालिकाको सामुदायिक अस्पतालको निर्माण कार्य

अन्तिम चरणमा पुगेको छ भने भिरकोट नपा र फेदीखोला गाउँपालिकाको अस्पताल निर्माणको लागि टेण्डर थप भएको जिल्ला जनस्वास्थ्य कार्यालयका सूचना अधिकारी विष्णुप्रसाद सुवेदीले बताए।

स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशको तथ्याङ्क अनुसार सन् २०२१ मा जिल्लामा ६ हजार ६ सय १८ जना कोभिड १९ बाट सङ्क्रमित भए भने १ सय ६० जनाको मृत्यु भयो।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार		१	१
बलात्कार	१	८	९
यौन दुर्व्यवहार		२	२
जम्मा	१	११	१२

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार			५	५
बलात्कार प्रयास			२	२
घरेलु हिंसा	१४	३	२	१९
जम्मा	१४	३	९	२६

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

४.१० पर्वत

जम्मा जनसङ्ख्या	१,३२,७०३
महिला	६९,५७५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१८,४२६
कामका लागि बाहिरिएका	२१,७३५
अपाङ्गता भएका	३,६५३
५ वर्षमाथिको साक्षरता प्रतिशत	७३.८
आश्रित जनसङ्ख्या	६२,४८८



यस वर्ष पर्वत जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट २९ जना महिला र राज्यपक्षबाट एक जना पुरुषसहित ३० जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना र महिला अधिकार उल्लङ्घन घटनामा १९ जना पीडित भए।

कारागार र बन्दी

२५ जनाको क्षमता भएको कारागारमा कैदी र थुनुवा गरी ९८ जना छन्। कारागारमा पुरुष कैदी/बन्दी मात्र छन्। महिला कैदीलाई अन्य जिल्ला पठाउने गरिन्छ। क्षमता भन्दा बढी कैदी/बन्दी भएकाले कोचिएर बस्नुपर्ने र शौचालयको समस्या रहेको छ। कारागारमा खानेपानी, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्रीमा भलिबल, चेस, लुँडो र क्यारमबोर्ड र पुस्तकालयको व्यवस्था गरिएको निमित्त जेलर हरिकृष्ण शर्माले बताए। कारागारमा पाँच जना ६० वर्ष उमेर पुगेका पुरुष कैदी/बन्दीहरू रहेका छन्।

कारागारमा रहेका कैदी बन्दीले विगतदेखि नै मुढा बनाउने र बिक्री गर्ने गरेका छन्। सीपमूलक तालिमको व्यवस्था नभए पनि उनीहरू आपसमा नै काम सिकेर मुढा बनाउँदै आएका हुन्। कैदी/बन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा २०७६ असोज २८ गतेदेखि यो वर्षको अन्त्यसम्म सो दरबन्दी रिक्त छ।

कारागारमा मृत्यु

सात वर्षीया बालिकालाई २०७८ वैशाख २ गते बलात्कार गरेको आरोपमा फलेवास नगरपालिका-७ लिमिठानाका ५८ वर्षीय दुर्गाराज पाण्डेलाई प्रहरीले

गिरफ्तार गरी अदालतमा पेश गरेकोमा जिल्ला अदालतको वैशाख २३ गतेको आदेशले उनलाई पुर्पक्षका लागि थुनामा पठायो। मुद्दा फैसला नहुँदै आरोपित पाण्डेले २०७८ असोज २६ गते कारागारमा झुण्डिएर आत्महत्या गरेको प्रहरीले जनायो।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट	
		पुरुष	जम्मा	महिला	जम्मा
जेलमा मृत्यु		१	१		
हत्या				३	३
बाल अधिकार	बलात्कार			५	५
	यौन दुर्व्यवहार			३	३
	बेचबिखन तथा ओसारपसार			१	१
	जम्मा			८	८
महिला अधिकार	बलात्कार			३	३
	यौन दुर्व्यवहार			१	१
	घरेलु हिंसा			१५	१५
	जम्मा			१९	१९
कूल जम्मा		१	१	३९	३९

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ५८ थानमध्ये २८ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ सय ५१ थानमध्ये ६८ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा १९ थान छन् भने देवानी मुद्दा ५९ थान बाँकी छ। सन् २०२० का १ सय ३ मुद्दा जिम्मेवारी सरेर आए। अदालतले ११ जना कर्मचारी करारमा नियुक्त गरेको छ भने ६ जना यो वर्षको अन्त्यसम्म रिक्त रहे।

अघिल्लो वर्ष जस्तै यस वर्ष पनि कोभिड- १९ का कारण मुद्दा समयमा फैसला नहुँदा पीडितलाई समस्या भयो। कोभिड- १९ को सङ्क्रमणका क्रममा मुद्दाको दुवै पक्षका व्यक्तिहरूलाई उपस्थित गराउन नसक्दा मुद्दा सुनुवाइ प्रक्रियामा समस्या भएको अदालतका श्रेस्तेदार रामबहादुर थापाले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १ सय ७५ प्राथमिक विद्यालय, ३५ आधारभूत र ७८ माध्यमिक विद्यालय छन्। १ हजार ६ सय ९९ शिक्षक दरबन्दी रहेकामा १ सय ५६ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। कोभिड- १९ का कारण पर्वतमा कुनै पनि विद्यालयमा नयाँ भर्ना कार्यक्रम सञ्चालन हुन नसकेको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख उद्दिमराज पौडेलले बताए। नीजि विद्यालयहरूले अनलाइन कक्षा सञ्चालन गरे पनि सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरू अनलाइन कक्षाबाट बञ्चित रहे। जिल्लामा पाँच ओटा अपाङ्गतामैत्री विद्यालय छन्। दलित, अपाङ्गलाई नि:शुल्क शिक्षाको व्यवस्था गरिएको छ। पर्वतमा सञ्चालित दृष्टिविहिन स्रोत कक्षा ११ र १२ मा अध्ययनरत विद्यार्थीले ब्रेललिपिबाट पठन पाठन गर्न पाएका छैनन्।

यस वर्ष पर्वतमा यौन दुर्व्यवहारका घटनामा दुई जना, बलात्कारका घटनामा पाँच जना, बेचबिखन तथा ओसारपसारका घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहार घटनाका दुई जना आरोपितहरूलाई जिल्ला अदालतले जनही ५० हजार रुपियाँ, १ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। बलात्कार घटनाका चार जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने बेचबिखन तथा ओसारपसार घटनाका एक जना आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ६४ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिए। जसमा ४५ उजुरी मेलमिलाप भएर फर्स्यौट भए, १४ उजुरी कारबाही प्रक्रियामा रहे भने पाँच ओटा उजुरी अदालतमा जान सल्लाह दिइएको महिला बालबालिका सेवा केन्द्रकी प्रमुख पूर्णिमा थापाले बताइन्।

यो वर्ष पर्वतमा घरेलु हिंसाका १५, बलात्कार घटनाका तीन, यौन दुर्व्यवहार घटनाका एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये यौन दुर्व्यवहार घटनाका एक जना आरोपित यस वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार घटनाका एक जना आरोपितलाई

जिल्ला अदालतले कसुरदार ठहरको फैसला सुनायो, एक जना आरोपितलाई बाल सुधार गृह सराङकोट पठायो भने एक जना आरोपित यो वर्षको अन्त्यसम्म अनुसन्धानकै क्रममा प्रहरी हिरासतमा रहेका छन्। परिवारजनबाट भएका हत्या घटनाका दुई जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३३ वर्षीया महिलालाई ०७७ पुस २२ गते बलात्कार गरेको भन्दै मोदी गाउँपालिका-३ का ३५ वर्षीय कर्णबहादुर पुनविरुद्ध पीडितका आफन्तले पुस २३ गते जिल्ला प्रहरी कार्यालयपर्वतमा मौखिक उजुरी दिए। सोही उजुरीका आधारमा प्रहरीले आरोपितलाई पुस २३ गते गिरफ्तार गऱ्यो। पीडितले पुस २४ गते आरोपितविरुद्ध जिल्ला प्रहरी कार्यालय, पर्वतमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण पुस २३ गते पर्वत जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध माघ १६ गते पर्वत जिल्ला अदालतमा जबरजस्तीकरणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश बलराम त्रिपाठीको २०७८ पुस १ गतको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै पुस १४ गते आरोपितलाई सात वर्ष कैद सजाय, २ लाख रुपियाँ जरिबाना र २ लाख रुपियाँ क्षतिपूर्तिको फैसला सुनाएको अदालतका श्रेस्तेदार रामबहादुर थापाले बताए ।

परिवारजनबाट हत्या

जलजला गाउँपालिका-४ की ३५ वर्षीया सन्तु जलारीको ०७७ माघ २७ गते हत्या गरेको आरोपमा ३५ वर्षीय पति रामबहादुर नेपालीलाई ०७७ माघ २७ गते अस्थायी प्रहरी चौकी मिलनचोकले गिरफ्तार गऱ्यो। आरोपितले माघ २७ गते दिउँसो साढे २ बजेको समयमा घर नजिकैको जङ्गलमा ढुङ्गाले टाउकोमा हानेर हत्या पत्नीको गरेपछि प्रहरी चौकीमा आत्मसमर्पण गर्न पुगेका नेपालीलाई वारिवेनी प्रहरी चौकीले माघ २७ गते गिरफ्तार गरेको थियो। शवको सोही दिन पर्वत जिल्ला अस्पतालमा पोष्टमार्टम भयो। आरोपितले सन्तुलाई जग्गाको विक्षयमा विवाद भएको रिसमा ढुङ्गाले टाउकोमा हानेर हत्या गरेका थिए। आरोपितलाई जिल्ला प्रहरी कार्यालय पर्वतले कर्तव्य ज्यान शीर्षक अन्तर्गत ०७७ फागुन २३ गते पर्वत जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। अदालतले सोही दिन आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। शव माइती पक्षले जिम्मा लिई सद्गत गरे। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएको छैन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, ५२ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र र पाँच नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा एक जना विशेषज्ञ र एक जना मेडिकल अधिकृतको दरबन्दी रहेको छ। सात जना मेडिकल अधिकृत करारमा कार्यरत छन्। ६ जना स्टाफ नर्सको दरबन्दी रहेकोमा एक जना कार्यरत छन् भने १० जना करार सेवामा रहेका छन्। अनमी पाँच जनाको दरबन्दी रहेकोमा रिक्त छन्। पाँच जना करार सेवामा कार्यरत छन्। प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र नगर स्वास्थ्य केन्द्रलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको तथ्याङ्क अपडेट नरहेको मेडिकल सुपरिटेण्डेन्ट ढुण्डिराज पौडेलले बताए। पर्वतका ६१ वटै वडामा स्वास्थ्य बिमा कार्यक्रम लागु भएको छ। हालसम्म करिब २९ हजारले स्वास्थ्य बिमा गराएको जिल्ला अस्पतालका सूचना अधिकारी राजेश गिरीले बताए।

एक स्थानीय तह एक अस्पताल कार्यक्रम अन्तर्गत पर्वतको कुश्मा नगरपालिका, महाशिला गाउँपालिकामा यसअघि नै अस्पताल निर्माण भइसकेका छन् भने विहादी गाउँपालिका पहिलो चरणको कार्यक्रममा समावेश हुन सकेन। जलजला गाउँपालिकामा अस्पताल निर्माणाधीन अवस्थामा छ भने मोदी गाउँपालिकामा निर्माण कार्य शुरु भए पनि स्थानीयबासीहरूको जग्गा र ठाउँको विवादका कारण उच्च अदालत, बागलुङ इजलासमा मुद्दा परेपछि हाल स्थगित भएको गाउँपालिकाका प्रवक्ता विमल लामिछानेले बताए।

स्वास्थ्य निर्देशनलय गण्डकी प्रदेशका तथ्याङ्क अनुसार सन् २०२१ मा कोभिड- १९ बाट ३ हजार ४ सय १७ जना सङ्क्रमित भए भने ७२ जनाको मृत्यु भयो। जिल्लामा १८ वर्षमाथिका उमेर समूहका ८३ प्रतिशतले कोभिड-१९ विरुद्ध खोपको पहिलो मात्रा लगाएका छन् भने ७६ प्रतिशतले खोपको पूर्ण मात्रा लगाएका छन्। त्यस्तै १२ देखि १७ वर्षसम्मका उमेर समूहमा ७० प्रतिशतले खोपको पहिलो मात्रा लगाएका छन्।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार		१	१
बलात्कार	१	४	५
यौन दुर्व्यवहार		२	२
जम्मा	१	७	८

महिला अधिकार						
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	कारबाही प्रक्रिया अघि नबढेका	जम्मा
बलात्कार	१			१	१	३
यौन दुर्व्यवहार			१			१
घरेलु हिंसा	१	७	१	५	१	१५
जम्मा	२	७	२	६	२	१९

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२

४.११ बागलुङ



जम्मा जनसङ्ख्या	२,५०,५५४
महिला	१,३३,३६५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	६१,१६३
कामका लागि बाहिरिएका	४२,६२३
अपाङ्गता भएका	६,१७५
५ वर्षमाथिको साक्षरता प्रतिशत	७१.५
आश्रित जनसङ्ख्या	१,२१,५३५

यस वर्ष बागलुङ जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ५७ जना महिला, चार जना पुरुषसहित ६१ जना र राज्यपक्षबाट चार जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १३ जना र महिला अधिकार उल्लङ्घन घटनामा ४० जना पीडित भए।

कारागार र बन्दी

कारागारको ४० महिला र ५० पुरुष गरी बन्दी क्षमता ९० जनाको छ। कारागारमा ८१ जना कैदी र ६६ जना थुनुवा गरी १ सय ४७ जना छन्। जसमध्ये महिला ११ र पुरुष १ सय ३६ रहेका छन्। कारागारमा आश्रित बालबालिका छैनन्। कारागारको क्षमता भन्दा बढी पुरुष कैदी बन्दी रहेको हुँदा कोचिएर बस्नुपर्ने बाध्यता छ। कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्रीमा भलिबल, चेस, लुँडो र क्यारमबोर्ड र पुस्तकालयको व्यवस्था गरिएको जेलर दीपेन्द्र पौडेलले बताए। कैदी/बन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा एक जनाले सेवा प्रदान गरिरहेका छन्। मानसिक एकजना मानसिक रोगीले नियमित औषधि सेवन गर्छन्। सामान्य प्रेसरका एकजना बिरामीले नियमित जाँच गराई औषधि सेवन गरिरहेका छन्। ६० वर्ष नाघेका चारजना ज्येष्ठ नागरिक (पुरुष) रहेको जेलर पौडेलले बताए। बन्दीहरू बिरामी हुँदा कारागारमै रहेका स्वास्थ्यकर्मीले उपचार गर्छन्। यहाँबाट उपचार सम्भव नभए जिल्ला अस्पतालमा उपचारको लागि लैजाने गरिएको छ। थप उपचार चाहिए केन्द्रीय कारागारमा सरुवा गरी पोखरा अस्पतालमा उपचार गर्न पठाउने गरिएको छ। हरेक दिन कैदी बन्दीको स्वास्थ्यमा ध्यान दिइने, औषधि सेवन गरिरहेकाहरूले औषधि खाए/नखाएको हेर्ने गरिएको कारागारमा कार्यरत सिनियर अहेब आशिष सापकोटाले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

उच्च अदालत, पोखराको इजलास

चार जना न्यायाधिशको दरबन्दी रहेको उच्च अदालत बागलुङमा एक जना काज गरी पाँच जना न्यायाधीश रहेका छन्। उच्च अदालत बागलुङमा यस वर्षका लागि व्यक्तिवादी देवानीका १६ थान, जिम्मेवारी सरी आएका ३७ गरी ५३ थान मुद्दा रहेकोमा फैसला हुन बाँकी १६ थान रहेका छन्। त्यसैगरी यो वर्ष व्यक्तिवादी फौजदारी चार थान र जिम्मेवारी सरी आएका २४ थान मुद्दा मध्ये तीन थान मुद्दा फैसला

हुन बाँकी छ। यो वर्ष १ सय ६ थान सरकारवादी फौजदारी र जिम्मेवारी सरी आएका ८४ थान मुद्दामा ८१ थान मुद्दा फैसला हुन बाँकी छ।

जिल्ला अदालत

एक न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष दुनियाँवादी देवानी तर्फ ३ सय १६ थान मुद्दा मध्ये १ सय थान फैसला भएर २ सय १६ थान मुद्दा फैसला हुन बाँकी छ। सरकारवादी फौजदारी तर्फ १ सय ४४ थान मुद्दा मध्ये १ सय ९ थान मुद्दा फैसला हुन बाँकी छ। दुनियाँवादी फौजदारी तर्फ ५९ मुद्दा परेकोमा १० थान मात्रै फैसला भएर ४९ थान फैसला हुन बाँकी छ।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		४	४			
घाइते				२		२
हत्या				२	४	६
बाल अधिकार	बलात्कार			८		८
	यौन दुर्व्यवहार			४		४
	बेचबिखन तथा ओसारपसार			१		१
	जम्मा			१३		१३
महिला अधिकार	बलात्कार			६		६
	बलात्कार प्रयास			३		३
	बहुविवाह			३		३
	घरेलु हिंसा			२८		२८
	जम्मा			४०		४०
कूल जम्मा		४	४	५७	४	६१

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ३ सय २१ प्राथमिक, ८३ आधारभूत र १ सय ६ माध्यमिक विद्यालय छन्। प्राथमिक तहमा १ हजार ३ सय ९८ जना शिक्षकको स्वीकृत दरबन्दी र ३ सय २४ जना राहत अनुदान गरी १ हजार ७ सय १३ जना शिक्षक कार्यरत छन्। त्यसैगरी आधारभूत तहमा २ सय २७ दरबन्दी र १ सय ७७ राहत अनुदान कोटा गरी ४ सय ४४ जना र माध्यामिक तह ९-१० मा २ सय ११ जना स्वीकृत दरबन्दी र १ सय ६५ राहात अनुदान कोटा गरी ३ सय ७६ जना कार्यरत छन्। त्यसैगरी माध्यामिक तह ११-१२ मा ३७ अस्थायी दरबन्दी र ७४ राहत अनुदान कोटा गरी १ सय ११ जना शिक्षक कार्यरत छन्। बागलुङमा प्राविधिक धारतर्फ ६७ जना शिक्षक राहत अनुदान कोटामा कार्यरत छन्। त्यसै गरी दरबन्दी मिलानको क्रममा हालसम्म १ सय २० प्राथमिक, ५ जना निम्न माध्यामिक र तीन जना माध्यमिक गरी १ सय २८ जना शिक्षक कार्यरत छन्। जिल्लामा सरकारी अनुदान र अनुदान कोटा समेत गरी २ हजार ८ सय ४५ जना शिक्षक कार्यरत छन्। जिल्लामा बालविकास केन्द्रमा ९ हजार ४ सय ६२, आधारभुत तह १-५ सम्म ३४ हजार ४ सय ४३, ६-८ सम्म १८ हजार २ सय ६९ जना, माध्यामिक तह ९-१० मा ११ हजार ४५, ११-१२ मा ७ हजार ४ सय ४३ जना विद्यार्थी अध्यनरत छन्। संस्थागत तर्फ १४ हजार २ सय ३६ र सामुदायिक तर्फ ६६ हजार ४ सय ८० जना गरी जम्मा ८० हजार ७ सय १६ जना बालबालिका जिल्लामा अध्ययन गरिरहेको शिक्षा तथा तथा समन्वय इकाइका प्रमुख कुश्मराज उपाध्यायले बताए। जिल्लाका वैदेशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका कक्षा १ देखि १२ सम्मका ६९ जना बालबालिकाले ६ लाख ८२ हजार रुपैयाँ छात्रवृत्ति प्राप्त गरेको उपाध्यायले बताए। कोरोना महामारीका बेला बागलुङ जिल्लाका ग्रामीण भेगमा रहेका अधिकांश विद्यालयहरुले घुम्ती कक्षा, टोल शिक्षा सञ्चालन गरे। टोल टोलमा गएर सञ्चालन गरिएको घुम्ती कक्षाहरू प्रभावकारी रहेको शिक्षा तथा समन्वय इकाइका प्रमुख उपाध्यायले बताए।

यस वर्ष बागलुङमा यौन दुर्व्यवहारका घटनामा चार जना, बलात्कारका घटनामा आठ जना, बेचबिखन तथा ओसारपसार घटनामा एक जना गरी १३ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहार घटनाका तीन जना आरोपितहरूलाई जिल्ला अदालतले जनही ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। जिल्ला अदालतले एकजना आरोपितलाई बाल सुधार

गृह सराङकोमा र एक जना आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। बलात्कार घटनाका तीन जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा, एक जना आरोपितलाई तारिखमा अभिभावकको जिम्मामा, एक जना आरोपितलाई बाल सुधार गृह सराङकोटमा पठायो, एक जना आरोपितलाई आंशिक अभियोग दावी पुग्ने फैसला सुनायो भने एक जना आरोपित यो वर्षको अन्त्यसम्म फरार रहे। बेचबिखन तथा ओसारपसार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कार, यौन दुर्व्यवहार

सात वर्षीया बालिकालाई २०७७ माघ २१ गते बलात्कार गरेको भन्दै १३ वर्षीय बालकविरुद्ध पीडितका बाबुले माघ २२ गते जिल्ला प्रहरी कार्यालय बागलुङमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण माघ २२ गते धौलागिरी अस्पताल बागलुङमा भयो। प्रहरीले आरोपितलाई माघ २२ गते गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालय मार्फत् फागुन २ गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश वासुदेव न्यौपानेको फागुन ११ गतेको इजलाशले आरोपितलाई बाल सुधार गृह कास्कीको सराङकोटमा पठायो। जिल्ला अदालतका न्यायाधीश वासुदेव न्यौपानेको २०७८ पुस ८ गतेको इजलाशले आंशिक अभियोग दावी पुग्ने ठहर गर्दै आरोपितलाई ६ महिना बाल सुधार गृह बस्नुपर्ने र पीडितले ३० हजार रुपियाँ क्षतिपूर्ती पाउने फैसला सुनायो।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष वागलुङमा घरेलु हिंसा पीडित भएको भन्दै ३३ जनाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा २१ उजुरीमा प्रहरीले पीडित र आरोपित पक्षलाई राखेर छलफल गराई मेलमिलाप गरायो। ११ उजुरी अझैपनि छलफलको क्रममा रहेका छन् भने एक उजुरी सम्बन्धित निकाए पठाइएको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर इकवाल हवारीले बताए।

यो वर्ष बागलुङमा घरेलु हिंसाका २८, बलात्कार घटनामा ६, बलात्कार प्रयास घटनामा तीन, बहुविवाहका घटनामा तीन जना गरी ४० जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये बलात्कार प्रयास घटनाका तीन जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बलात्कार घटनाका ६ जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो, एक जना आरोपितलाई बाल सुधार गृह भक्तपुर पठायो भने चार जना आरोपित यो वर्षको अन्त्यसम्म फरार रहे। बहुविवाहका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा, एक जना आरोपितलाई १ वर्ष कैद तथा १० हजार रुपियाँ जरिवानाको फैसला सुनायो भने एक जना आरोपित यो वर्षको अन्त्यसम्म प्रहरी हिरासतमा रहेका छन्।

परिवारजनबाट हत्या

रुकुम जिल्ला मुसिकोट नगरपालिका-१३ घर भई गलकोट नगरपालिका-६ डेरा गरी बस्ने १९ वर्षीया जिरामाया कठायत रोकालाई २०७८ असोज १९ गते कुटपिट गरी हत्या गरेको भन्दै २३ वर्षीय पति दिनेश बाबु रोकाविरुद्ध मृतकका दाजुले असोज २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए । प्रहरीले आरो पितलाई मौखिक उजुरीको आधारमा असोज २१ गते गिरफ्तार गऱ्यो । शवको पोष्टमार्टम असोज २० गते धौलागिरी अस्पतालमा भयो । प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् जिल्ला अदालत बागलुङमा कात्तिक १५ गते आत्महत्या दुरुत्सान शीर्षकमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतका न्यायाधीश वासुदेव न्यौपानेको कात्तिक १६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो । शवको पोष्टमार्टम पछि उनकै घरपक्षले असोज २० गते बुझेर बागलुङ नगरपालिका-१ निर्णयघाटमा दाहासंस्कार गरे। यस वर्षको अन्त्यसम्म मुद्दा फैसला नभएको जिल्ला अदालत बागलुङका श्रेस्तेदार सूर्यप्रसाद भण्डारीले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, दुई सामुदायिक अस्पताल, ५८ स्वास्थ्य चौकी, तीन प्राथमिक स्वास्थ्य केन्द्र, १५ सहरी स्वास्थ्य केन्द्र, १८ सामुदायिक स्वास्थ्य इकाई छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा १६ जना विशेषज्ञको दरबन्दीमा १५ जनाको दरबन्दी रिक्त छ। अस्पतालले पाँच जना विशेक्षज्ञ डाक्टर करारमा राखेको छ। २५ जना स्टाफ नर्सको दरबन्दीमा २० खाली छ। प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको तथ्याङ्क अपडेट रहेको पाइएन। जिल्लामा ७४ हजार २ सय ६७ जनाले

बिमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिक लागि नि:शुल्क बिमा कार्यक्रम रहेको छ। जसमा १० हजार ३ सय ६२ जना ज्येष्ठ नागरिकले बिमा गरेको स्वास्थ्य विमा कार्यालय बागलुङका प्रमुख नारायण शर्माले बताए।

गत वर्ष मङ्सिर १५ गते एकसाथ शिलान्यास भएका बागलुङका ६ आधारभूत अस्पताल निर्माण कार्य तीन स्थानीय तहमा सुरु भएको छ भने तीन स्थानीय तहमा सुरु हुन सकेको छैन। बागलुङ नगरपालिका, ताराखोला गाउँपालिका र बडिगाड गाउँपालिकामा अस्पताल निर्माणको ठेक्का सम्झौता भएर निर्माण कार्य सुरु भइसकेको छ। जिल्लाको निसीखोला गाउँपालिकाले अस्पताल निर्माणको लागि ठेक्का सम्झौता अन्तिम चरणमा पुगेको गाउँपालिका प्रमुख तारानाथ शर्माले बताए। जिल्लाको बरेङ गाउँपालिकामा सङ्घीय सरकारबाट बजेट सुनिश्चित नभएको करण अस्पताल शिलान्यास भएपनि निर्माणको काम अगाडि बढाउन नसकेको गाउँपालिका प्रमुख कृष्णप्रसाद शर्माले बताए। अस्पताल निर्माणको लागि डीपीआर तयार गरिसकेको भए पनि बजेट नआएको कारण ठेक्का प्रक्रिया अगाडि बढाउन नसकेको उनले बताए। तमानखोला गाउँपालिकामा अस्पताल निर्माणका लागि छनौट गरिएको जग्गामा भवन निर्माण गर्न उपयुक्त नभएको प्राविधिकले बताएपछि थप अध्ययन भइरहेको गाउँपालिका प्रमुख जोकलाल बुढाले बताए।

स्वास्थ्य निर्देशनालय गण्डकी प्रदेशको तथ्याङ्कअनुसार सन् २०२१ मा ६ हजार ८ सय ९६ जनालाई कोभिड सङ्क्रमण भयो भने ८२ जनाको मृत्यु भयो। स्वास्थ्य कार्यालय, बागलुङका क्षय कुष्ठ निरीक्षक देवप्रकाश घिमिरेका अनुसार जिल्लाका १ लाख ३८ हजार ७ सय ८२ जनाले पहिलो र ८६ हजार ८ सय ९२ जनाले दोस्रो मात्रा खोप लगाएका छन्।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१	६	८
यौन दुर्व्यवहार			४	४
बेचबिखन तथा ओसारपसार			१	१
जम्मा	१	१	११	१३

महिला अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मिलापत्र	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार			२	४	६
बलात्कार प्रयास				३	३
बहुविवाह	१			२	३
घरेलु हिंसा		१९	१	८	२८
जम्मा	१	१९	३	१७	४०

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	५	५

कर्णाली प्रदेश

- क्षेत्रफल : ३०,२११ वर्ग कि.मि.
- जनसङ्ख्या : १६,९४,८८९
- साक्षरता प्रतिशत : ५८.४९
- जिल्ला : १०
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : १२
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : २४
- नगरपालिका : २५
- गाउँपालिका : ५४
- कूल वडा सङ्ख्या : ७१८

कर्णाली प्रदेश परिचय ६

यस वर्ष कर्णाली प्रदेश सरकारले 'समृद्ध कर्णाली, सुखारी कर्णालीवासी' नीति लिएको छ। प्रदेश सरकारको मुख्य कार्यक्रममध्ये कृषि प्राविधिक स्वरोजगार प्रवर्धन, प्राङ्गारिक कर्णाली अभियान, कर्णाली कृषि क्षेत्र सहयोग प्रणाली, एक स्थानीय तह, एक अन्न भकारी, छोरी बुहारी छात्रवृत्ति, 'बैङ्क खाता छोरीको, सुरक्षा जीवनभरीको', कर्णाली सार्वजनिक शिक्षा सुधार, सिक्दै कमाउँदै, 'खाना, नाना, छाना', 'दिगो वन व्यवस्थापन: स्वच्छ, स्वस्थ र समृद्ध जीवनयापन', 'कर्णालीको पानी: जनताको लगानी' कार्यक्रम छन्। वर्षको अन्त्यसम्म प्रदेश सभाले ३६ कानुन निर्माण गरेको छ। कर्णाली प्रदेशअन्तर्गत जनता आवास कार्यक्रममार्फत १ हजार ३ सय ६५ आवास निर्माण गरी हस्तान्तरण गरिएको छ। कोरोना भाइरस सङ्क्रमण नियन्त्रण, रोकथाम तथा उपचारका लागि पाँच ओटा कोभिड अस्पताल निर्माण गरिएका छन्। यस प्रदेशमा ३४ हजार १ सय २४ सङ्क्रमितमध्ये ३ सय ८८ को मृत्यु भयो। प्रति स्थानीय सरकार एक अस्पताल कार्यक्रम अन्तर्गत यस वर्ष यस प्रदेश भित्र १७ ओटा अस्पताल भवनको शिलान्यास गरिएको मा १२ ओटा अस्पतालको निर्माण कार्यको सुरुआत भएको छ।

सन् २०२१ मा यो प्रदेशमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ४ सय ३० जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। गिरफ्तारीका घटनामा सात जना, महिला अधिकार उल्लङ्घनका घटनामा २ सय ५ जना, हत्याका घटनामा ३५ जना, बाल अधिकार उल्लङ्घनका घटनामा ८४ जना पीडित भएको अभिलेख छ।

सन् २०२१ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



६.१ डोल्पा

जम्मा जनसङ्ख्या	४२,९५९
महिला	२१,६८३
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१५,४५५
कामका लागि बाहिरिएका	४४७
अपाङ्गता भएका	७४५८
५ वर्षमाथिको साक्षरता प्रतिशत	५४.१५
आश्रित जनसङ्ख्या	२१,०३५

यस वर्ष डोल्पा जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा अन्य पक्षबाट सात जना महिला र तीन जना पुरुषसहित १० जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनको घटनामा एक जना र महिला अधिकार उल्लङ्घनका घटनामा पाँच जना पीडित भए। कुटपिटका घटनामा एक जना महिलासहित चार जना पीडित भए।

कारागार र बन्दी

डोल्पा जिल्ला कारागारको बन्दी क्षमता १ सय ५० जनाको छ। कारागारमा कैदी २३ र थुनुवा आठ जना गरी ३१ जना छन्। कारागारमा महिला छैनन्। नवनिर्मित भवन भएकाले कैदी बन्दीहरूलाई एकापसमा कोचिएर बस्नु पर्ने समस्या छैन। कैदीबन्दीका आफन्तजनलाई हप्तामा दुई दिन भेटघाट गर्ने व्यवस्था छ। कारागारमा पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदतर्फ भलिबल र फुटबल खेल्ने व्यवस्था गरिनुका साथै झोला, टोपी, मोजा र स्वीटर बुन्ने तालिमको व्यवस्था गरिएको निमित्त जेलर दीर्घबहादुर रोकायाले बताए। कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जना अहेवको दरबन्दी रहेको भए पनि कर्मचारी नआएकाले नजिकै रहेको जिल्ला अस्पतालले स्वास्थ्य सेवा दिइरहेको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २८ थानमध्ये १० थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १४ थानमध्ये आठ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका मुल्तवीमा रहेका फौजदारी मुद्दा ६ थान छन् भने देवानी मुद्दा छैनन्। सन् २०२१ को जिम्मेवारी सरेर आएका १९ र सन् २०२१ को १४ थान मुद्दामध्ये १६ थान मुद्दा फैसला भए। १८ मुद्दा बाँकी छन्। न्यायाधीशको सरुवा र जिल्लामा नियमित नबस्ने लगायतका कारण न्याय सम्पादनमा भने ढिलाइ हुने गरेको छ।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ९९ आधारभूत र १५ मावि छन्। आधारभूत ३ सय ८५ मावि ३६ र निमावि ५५ गरेर ४ सय ७६ शिक्षक दरबन्दी रहेको छ। दरबन्दी मिलान हुन बाँकी छैन। यस वर्ष ९ हजार १

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		१	३	४
बाल अधिकार	यौन दुर्व्यवहार	१		१
	जम्मा	१		१
महिला अधिकार	बलात्कार	१		१
	यौन दुर्व्यवहार	१		१
	घरेलु हिंसा	३		३
	जम्मा	५		५
जम्मा		७	३	१०

सय बालक र ६ हजार २ सय जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका ६० बालिका र २ सय बालक भर्ना भएका थिए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय छैन। द्वन्द्वपीडित तथा सहिद परिवारका ५० जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। यस वर्ष जिल्लाभर १ हजार ५ सय ८५ दलित बालक र १ हजार २ सय ५० दलित बालिका विद्यालय भर्ना भए। सरकारले कक्षा १२ सम्मको शिक्षा नि:शुल्क भने पनि सबै सामुदायिक विद्यालयहरूले सहयोगको नाममा भर्ना शुल्क कम्प्युटर शुल्क र निजी शिक्षकका लागि तलव खुवाउने बहानामा कक्षा ११ का बालबालिकाहरूबाट भर्ना बापत ५ हजार रुपियाँ, परीक्षा शुल्क १ हजार रुपियाँ र कक्षा १२ का बालबालिकाबाट भर्ना शुल्क ८ हजार रुपियाँ र परीक्षा शुल्क १ हजार ५ सय रुपियाँ तिर्नु परिरहेको अभिभावकहरूको आरोप छ। शिक्षा विकास तथा समन्वय इकाई प्रमुख दलबहादुर बस्नेतका अनुसार जिल्लाका आठ ओटा स्थानीय तहहरूमा झण्डै २ हजारको सङ्ख्यामा बालबालिका अझै विद्यालय पहुँच बाहिर रहेका छन्।

यस वर्ष यौन दुर्व्यवहारको घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालतले उक्त घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

डोल्पा जिल्ला प्रहरी कार्यालयमा घरेलु हिंसा तथा महिला हिंसाका १३ ओटा उजुरी दर्ता भए। कुटपिट तथा खान लाउन नदिएको भन्दै ठाडो निवेदन दिएकोमा दुवैपक्षको समझदारीमा मेलमिलाप गराइएको जिल्ला प्रहरी कार्यालयका डिएसपी निरन्जन थापाले बताए।

यो वर्ष डोल्पामा घरेलु हिंसाका घटनामा तीन, बलात्कारको घटनामा एक र यौन दुर्व्यवहारको घटनामा एक जना गरी पाँच जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये बलात्कार र बलात्कार प्रयास दुवै घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। घरेलु हिंसाका घटनामा मेलमिलाप भयो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, आठ सामुदायिक स्वास्थ्य इकाइ केन्द्र, २३ स्वास्थ्य चौकी छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा चार जना विशेषज्ञको दरबन्दी रहेकोमा सबै रिक्त छन्। पाँच जना स्टाफ नर्सको दरबन्दीमा चार रिक्त छन्। तीन जना अनमीको दरबन्दीमा दुई कार्यरत छन्। प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको तथ्याङ्क अपडेट रहेको पाइएन। जिल्लामा २ हजार जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रम अन्तर्गत ५ सय जनाको बीमा गरिएको छ। स्वास्थ्य बीमा गराएकाहरूले अस्पतालबाट सहज सेवा पाएको तर प्रभावकारी उपचारका लागि नेपालगञ्ज लगायतका सुविधा सम्पन्न अस्पतालमा जानुपर्ने बाध्यात्मक अवस्था छ। अस्पतालले सेवा प्रवाह गर्ने क्रममा ज्येष्ठ नागरिकलाई पहिलो प्राथमिकता दिने गरेको डाक्टर अखण्ड उपाध्यायले बताए।

डोल्पाका आठ ओटा स्थानीय तहमध्ये त्रिपुरासुन्दरी नगरपालिकाले मात्र अहिले १५ शैयाको अस्पताल सञ्चालनमा ल्याई सेवा प्रवाह गरिरहेको भए पनि अन्य तहमा स्वास्थ्य चौकीमार्फत सेवा प्रवाह गरिएको स्वास्थ्य कार्यालयले जनायो।

०७७ मङ्सिर १५ गते शिलान्यास भएका अस्पतालको भवन निर्माण सुरु भएको छैन।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
यौन दुर्व्यवहार	१	१
जम्मा	१	१

महिला अधिकार				
घटनाको प्रकार	मिलापत्र	अपूर्ण	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार			१	१
यौन दुर्व्यवहार			१	१
घरेलु हिंसा	१	१	१	३
जम्मा	१	१	३	५

६.२ मुगु

जम्मा जनसङ्ख्या	६६,६५८
महिला	३३,२१०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२५,७८४
कामका लागि बाहिरिएका	६९९
अपाङ्गता भएका	१,९१७
५ वर्षमाथिको साक्षरता प्रतिशत	५१.२५
आश्रित जनसङ्ख्या	३५,४०१

यस वर्ष मुगु जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना र ज्यादतीका घटनामा अन्य पक्षबाट १३ जना महिला र १३ जना पुरुषसहित २६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा एक जना र महिला अधिकार उल्लङ्घनका घटनामा ११ जना जना पीडित भए। धम्कीका घटनामा ११ र कुटपिटका घटनामा एक जना पीडित भए। मुगुमा यो वर्ष अन्यपक्षबाट दुईजनाको हत्या भएको इन्सेकले अभिलेख गऱ्यो।

कुटपिट

अन्य पक्षबाट

छाँयानाथ रारा नगरपालिका-१४ का वडा अध्यक्ष ३८ वर्षीय नन्दलाल बढुवाललाई ०७८ मङ्सिर ८ गते सोही नगरपालिका-१ का नेकपा माओवादी (केन्द्र) जिल्ला कमिटी मुगुका सचिवालय सदस्य ४३ वर्षीय केवल मल्लले कुटपिट गरेको भन्दै पीडितले मङ्सिर ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपित मल्ललाई मङ्सिर ८ गते गमगढीको तल्लो बजारबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध सार्वजनिक स्थलमा दुर्व्यवहार गरेको आरोपमा जिल्ला प्रशासन कार्यालयमा मुद्दा दर्ता गऱ्यो। प्रमुख जिल्ला अधिकारी रोमबहादुर महतले मङ्सिर १७ गते १० हजार रुपियाँ धरौटी लिइ साधरण तारिखमा रिहा गर्ने आदेश दिए। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

कारागार र बन्दी

निर्माणाधीन मुगु जिल्ला कारागारको क्षमता १६ जनाको छ। कारागारमा एक जना महिला र नौ जना पुरुष छन्। महिला थुनुवा तथा कैदी राख्ने भवन निर्माण भइरहेकाले जिल्ला अदालतबाट पुर्पक्ष तथा कैद तोकिएकाहरू जुम्ला, सुर्खेत र दैलेख कारागारमा पठाउने गरिएको छ। आफ्नो कार्यालयको भवन समेत नहुँदा जिल्ला प्रशासन कार्यालयको पुरानै भवनमा कार्यालय सञ्चालन गर्दै आएको छ। निमार्णाधीन भवन यो वर्षको अन्त्यसम्म निर्माण हुन नसक्दा कैदीबन्दीलाई अर्को जिल्लाको कारागारमा चलान गर्नु पर्ने बाध्यता रहेको निमित्त जेलर गोपाल मल्लले बताए। कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि एक अहेवको दरबन्दी रहेकोमा करारमा नियुक्त अनमीबाट सेवा प्रदान गरिएको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ६५ थानमध्ये २२ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३५ मध्ये १८ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा १९ थान छन् भने देवानी मुद्दा आठ थान बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १ सय २४ आधार भूत र २६ मावि छन्। ४ सय ८३ शिक्षक दरबन्दी रहेकामा १ सय २० ओटा दरबन्दी मिलान हुन बाँकी छ। यस वर्ष १० हजार २ सय २५ बालक र ८ हजार ९ सय ४५ बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका २ सय २३ बालिका र २ सय ५० बालक रहे। जिल्लामा अपाङ्गतामैत्री विद्यालय २५ ओटा छन्। द्वन्द्वपीडित परिवारका १४ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। यस वर्ष जिल्लाभर ८ सय ९० दलित बालक र १ हजार १ सय ५० दलित बालिका विद्यालय भर्ना भए। यो वर्ष कोभिडका कारण जिल्लाभर सम्पूर्ण विद्यालय बन्द रहे। दूर शिक्षामार्फत विद्यार्थीलाई अध्ययन गराउने भनिए पनि जिल्लाका सबै स्थानीय तहले रेडियो एफएम तथा इन्टरनेटको पहुँच नभएको भन्दै कक्षा सञ्चालन नगरेको जिल्ला शिक्षा समन्वय इकाइका प्रमुख सुरेश खत्रीले बताए।

यस वर्ष विद्यालयमा शारीरिक सजायको घटनामा एक जना बालक पीडित भए। तर, पीडित पक्षले वर्षको अन्त्यसम्म कतै उजुरी गरेनन्।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै तीन जनाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए । जसमा दुई ओटा जिल्ला अदालतमा पठाएको र एक उजुरीमा मेलमिलाप भएको सेवा केन्द्रकी असई रूपा सार्कीले बताइन्।

यो वर्ष मुगुमा घरेलु हिंसाका घटनामा पाँच, बलात्कारका घटनामा दुई, यौन दुर्व्यवहारका घटनामा दुई र बहुविवाहको घटनामा एक जना महिला पीडित भए। दुई ओटा बलात्कार घटनामध्ये एउटा घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् भने अर्को घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। यौन दुर्व्यवहारको एउटा घटनाका आरोपितलाई जिल्ला प्रशासन कार्यालयले धरौटी लिई साधारण तारिखमा रिहा गऱ्यो भने अर्को घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। त्यसैगरी समयमा प्रसूति सेवा नपाएका कारण एक महिलाको मृत्यु भएको इन्सेकले अभिलेख गऱ्यो।

छाँयानाथ रारा नगरपालिका-३ की १९ वर्षीया हाँसिला सेजुवाललाई ०७८ जेठ १८ गते बिजुलीको तारले घाँटी कसेर मार्न खोजेको भन्दै २१ वर्षीय पति शुभाषा रावलविरुद्ध पीडित पक्षले जेठ १९ गते जिल्ला प्रहरी कार्यालयमा ज्यान मार्ने उद्योग अन्तर्गत उजुरी दियो। आरोपितलाई प्रहरीले जेठ १९ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको उपचार जेठ १८ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध असार ३ गते जिल्ला अदालतमा ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश पुण्यप्रसाद सापकोटाको असार ३ गते बसेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। न्यायाधीश पुण्यप्रसाद सापकोटाको ०७८

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट					१	१
हत्या				१	१	३
धम्की				१	१०	११
बाल अधिकार	विद्यालयशमा शारीरिक सजाय				१	१
	जम्मा				१	१
महिला अधिकार	बलात्कार			३		३
	बलात्कार प्रयास			१		१
	यौन दुर्व्यवहार			३		३
	बहुविवाह			१		१
	प्रसुती सेवा	१	१			
	घरेलु हिंसा			५		५
	जम्मा	१	१	११		११
जम्मा		१	१	१३	१३	२६

मङ्सिर २६ गतेको इजलासले आरोपितलाई १ वर्ष ६ महिना कैदको फैसला सुनायो।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

यो वर्षको अन्त्यसम्म खाद्य व्यवस्थापन तथा व्यापार कम्पनी लिमिटेड अन्तर्गतका डिपो तथा बिक्री केन्द्रमा खाद्यान्न मौज्दात नहुँदा सहुलियतको खाद्यान्न पाउनबाट सर्वसाधरण वञ्चित रहे। खाद्य व्यवस्थापन तथा व्यापार कम्पनी लिमिटेड, मुगु शाखा अन्तर्गत चार डिपो र दुई बिक्री केन्द्र छन्।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, २४ स्वास्थ्य चौकी, एक प्राथमिक स्वास्थ्य केन्द्र र १४ नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा चार जना विशेषज्ञको दरबन्दीमा चार जनाको दरबन्दी रिक्त छ। पाँच जना स्टाफ नर्सको दरबन्दीमा तीन रिक्त र तीन अनमीको दरबन्दीमा सबै कार्यरत छन्।

जिल्लामा कोभिड-१९ बाट सङ्क्रमित हुनेहरूको सङ्ख्या १ हजार १० र मृत्यु हुनेको सङ्ख्या चार रहेको स्वास्थ्य कार्यालयले जनायो। जिल्लाभर पहिलो चरणको भेरोसिलको खोप ११ हजार ५ सय ८ र दोस्रो चरणको खोप २ हजार ४ सय ३७ जनाले खोप लगाए। जोन्सन एण्ड जोन्सन खोप लगाउनेको सङ्ख्या १ हजार ५ सय ४१ र अस्ट्रोजेनिका खोप १ हजार ३ सय ५१ जनाले पाए। जिल्लामा कोभिड अस्पताल छैन।

सोरु र मुगुम कार्मारोङ गाउँपालिकामा १५ शैयाको अस्पतालको शिलान्यास ०७७ मङ्सिर १५ गते भएको भएपनि निर्माण कार्य सुरू भएको छ। सोरु गाउँपालिकाको तारापानीमा निमार्णाधीन १५ शैयाको अस्पतालको निर्माण कार्य सुस्त छ। मुगुम कार्मारोङ गाउँपालिकको रिउसबगरमा निर्माणाधीन १५ शैयाको सामुदायिक अस्पतालका लागि जग्गा व्यवस्थापनमा गाउँपालिकाले ढिलाइ गरेको छ।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	कारबाही प्रक्रिया अघि नबढेका	जम्मा
विद्यालयमा शारीरिक सजाय	१	१
जम्मा	१	१

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	कारबाही प्क्रिया अघि नबढेका	जम्मा
बलात्कार			१	१		२
बलात्कार प्रयास			१			१
यौन दुर्व्यवहार				२		२
बहुविवाह	१					१
प्रसुती सेवा					१	१
घरेलु हिंसा	१	२		१	१	५
जम्मा	२	२	२	४	२	१२

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२

६.३ हुम्ला



जम्मा जनसङ्ख्या	५५,४९६
महिला	२७,५१४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२७,९६२
कामका लागि बाहिरिएका	६८२
अपाङ्गता भएका	२,४११
५ वर्षमाथिको साक्षरता प्रतिशत	४७.८२
आश्रित जनसङ्ख्या	२७,०१६

यस वर्ष हुम्ला जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा तीन जना, ज्यादतीका घटनामा अन्य पक्षबाट आठ जना महिला र ६ जना पुरुषसहित १४ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना र महिला अधिकार उल्लङ्घनका घटनामा तीन जना पीडित भए। कुटपिट घटनाबाट सात जना र जातीय विभेदका घटनामा एक जना पीडित भए।

धम्की /कुटपिट

चङ्खेली गाउँपालिका-३ मिमी स्थायी घर भई हाल सोही गाउँपालिकाको स्वास्थ्य संयोजक पदमा कार्यरत ५० वर्षीय कालीबहादुर बुढालाई चङ्खेली गाउँपालिका-४ पालीस्थित गौरीशङ्कर आधारभूत विद्यालयका ४८ वर्षीय प्रधानाध्यापक अमृत रोकायाले ०७८ जेठ २१ गते कार्यकक्षमै हातपात गरेको पीडितले आरोप लगाए। होम आइसोलेशनमा बसेकी कोरोना सङ्क्रमित पत्नीलाई दैनिक भेट्न नआएको भन्दै शिक्षक रोकायाले आफूलाई कुटपिट गरेको पीडित पक्षले आरोप लगायो। पीडितले जेठ २१ गते मेल्छाम प्रहरी चौकी र चङ्खेली गाउँपालिकामा आरोपितविरूद्ध उजुरी गरे। घटनास्थल चङ्खेली गाउँपालिकाको पिप्लाङ पुगेको प्रहरीले घटनाका बारेमा अनुसन्धान र छलफल गरिरहेकै बेला चङ्खेली गाउँपालिकाका अध्यक्ष धनलाल चौलागाई, उपाध्यक्ष विमलाकुमारी शाही लगायतको टोलीले पीडित बुढासमक्ष आरोपित रोकायाले 'यस्तो गल्ती नदोहोऱ्याउने' प्रतिबद्धतासहित माफी मागेपछि जेठ २३ गते 'मिलापत्र' गराइयो।

तर, संयोजक बुढाले दिएको उजुरीका आधारमा अध्ययन गरेको इन्स्पेक्टर दानसिंह भण्डारी नेतृत्वको टोली सदरमुकाम सिमकोट फर्केपछि आरोपितविरुद्ध ०७८ जेठ ३० गते 'अभद्र व्यवहार'मा जिल्ला प्रहरी कार्यालय हुम्लामा मुद्दा दर्ता गरिएको प्रहरी इन्स्पेक्टर दानसिंह भण्डारीले बताए। घटनालाई प्रहरीले साउन ३ गते जिल्ला प्रशासन कार्यालय हुम्लामा पठायो। प्रहरीमा दर्ता भएको उजुरीका आधारमा आरोपितलाई प्रहरीले ०७८ जेठ ७ गते नियन्त्रणमा लियो। मुद्दाको प्रकृति हेरेर प्रमुख जिल्ला अधिकारी गणेश आचार्यको आदेशमा साउन ५ गते आरोपितलाई ५ हजार रुपियाँ धरौटीमा रिहा गरियो। ०७८ भदौ २८ गते जिल्ला प्रशासन कार्यालयले आरोपितलाई १ हजार रुपियाँ जरिबाना र ४० रुपियाँ पीडित राहत कोषमा जम्मा हुने गरी अन्तिम फैसला गरेको प्रमुख जिल्ला अधिकारी आचार्यले बताए।

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट		२	१	३	२	५	७
सबै प्रकारका जातीय विभेद						१	१
बाल अधिकार	बलात्कार				१		१
	यौन दुर्व्यवहार				२		२
	जम्मा				३		३
महिला अधिकार	बलात्कार				१		१
	बलात्कार प्रयास				१		१
	घरेलु हिंसा				१		१
	जम्मा				३		३
जम्मा		२	१	३	८	६	१४

कारागार र बन्दी

हुम्ला जिल्लामा कारागार निर्माणाधीन छ। कारागार नभएका कारण थुनुवालाई जिल्ला प्रहरी कार्यालयको हिरासत कक्षमा राख्ने गरिएको छ। यो वर्षको अन्त्यमा हिरासतमा एक जना पनि नरहेको सहायक प्रमुख जिल्ला अधिकारी दशरथ राईले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ४३ थानमध्ये २५ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २२ थानमध्ये १५ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा पाँच थान छन् भने देवानी मुद्दा एक थान बाँकी छ। अदालतले तीन जना कर्मचारी करारमा नियुक्त गरेको छ भने नौ जना यो वर्षको अन्त्यसम्म रिक्त रहे। गत वर्षको तुलनामा यो वर्ष न्याय सम्पादनमा छिटो छरितो भएको र लक्ष्य भन्दा बढी घटनाको फैसला भएको श्रेस्तेदार कमलकुमार आचार्यले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १ सय २४ आधारभूत र २७ मावि रहेका छन्। ४ सय २५ शिक्षक दरबन्दी रहेका छन्। ८८ ओटा राहत कोटा रहेकामा चार ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष ११ हजार ३ सय ५६ बालक र ११ हजार ९ सय ६९ जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका ४४ बालिका र ५४ बालक भर्ना भएका थिए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय १५ ओटा छन्। द्वन्द्वपीडित परिवारका ६६ जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाभर २ सय ५६ दलित बालक र २ सय ८८ दलित बालिका विद्यालय भर्ना भए। दलित विद्यार्थीमध्ये २ हजार ८७ छात्रा र २ हजार २ सय २१ छात्र रहेका छन्। शहीद परिवारका २६ जनाले २ लाख ६० हजार रुपियाँ र द्वन्द्वपीडित परिवारका ४० बालबालिकाले ४ लाख रुपियाँ छात्रवृत्ति पाए।

सरकारले कक्षा १२ सम्मको शिक्षा निःशुल्क भने पनि सबै सामुदायिक विद्यालयहरूले सहयोगको नाममा भर्ना शुल्क, कम्प्युटर शुल्क, निजी शिक्षकका लागि तलब खुवाउने भन्दै शुल्क लिएको पाइयो।

यस वर्ष यौन दुर्व्यवहारको घटनामा दुई जना र बलात्कारको घटनामा एक जना गरी तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौनदुर्व्यवहार घटनाको घटनालाई अभद्र व्यवहारको रूपमा लिई जिल्ला प्रशासन कार्यालयले जरिबाना गराइ रिहा गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भन्दै १७ महिलाले महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। मदिरा सेवन गरी कुटपिट गरेका दुई, अर्की पत्नी ल्याएर हेला गरेका दुई र सामान्य घरायसी झगडाका चार घटना छन्। यीमध्ये प्रहरीले १५ ओटामा मिलापत्र गरायो।

यो वर्ष हुम्लामा घरेलु हिंसाको घटनामा एक, बलात्कारको घटनामा एक र बलात्कार प्रयासको घटनामा एक जना गरी तीन जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालतले बलात्कार र बलात्कार प्रयासका दुवै घटनाका आरोपितलाई कैदको फैसला गऱ्यो।

बलात्कार, बलात्कार प्रयास, यौनदुर्व्यवहार

२९ वर्षीया महिलालाई ०७७ पुस २९ गते बलात्कार गरेको आरोपमा प्रहरीले नाम्खा गाउँपालिका-२ च्यादुकका ४९ वर्षीय द्योर्जी लाटो तामाङलाई माघ ३ गते गाउँबाटै गिरफ्तार गऱ्यो। पीडित पक्षले माघ ३ गते जिल्ला प्रहरी कार्यालय हुम्लामा उजुरी दियो। प्रहरीले माघ १८ गते जिल्ला अदालत हुम्लामा पेश गऱ्यो। माघ १८ गते नै जिल्ला अदालतको आदेशअनुसार पुर्पक्षमा रहेका तामाङलाई ०७८ असार २८ गते न्यायाधीश जगतबहादुर पौडेलको एकल इजलासले सात वर्ष कैद, ५० हजार रुपियाँ जरिबाना र पीडितले राज्यकोषबाट १ हजार ३ सय रुपियाँ पाउने गरी फैसला गरेको श्रेस्तेदार कमलप्रसाद आचार्यले बताए। पीडित महिलाको स्वास्थ्य परीक्षण ०७७ माघ २ गते जिल्ला अस्पताल, हुम्लामा गरिएको जिल्ला अस्पताल हुम्लाका डाक्टर टसी आङ्जुक लामाले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, एक सामुदायिक अस्पताल र २६ स्वास्थ्य चौकी छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा चार जना विशेषज्ञको दरबन्दीमा सबै रिक्त छन्। तर, चार जना करार सेवाका डाक्टर कार्यरत रहेको स्वास्थ्य सेवा कार्यालयका प्रमुख प्रेम सिंहको भनाइ छ।

६ जना स्टाफनर्सको दरबन्दीमा दुई पद खाली छ। ५५ जनाको अनमी दरबन्दीमा ५४ कार्यरत छन्। जिल्लामा १ हजार ३ सय जनाले बीमा गराएर ४ सय ७३ जनाले सेवा लिए। स्वास्थ्य बीमा गराएकाहरूले अस्पतालबाट सहज सेवा पाइरहेका छन्। जिल्लामा कोभिड-१९ बाट ३ सय ९१ जना सङ्क्रमित भएकामा २ सय ८६ छ। मृत्यु हुनेको सङ्ख्या पाँच छ। जिल्लामा दुई ओटा कोभिड अस्पताल छन्।

०७७ मङ्सिर १५ गते शिलान्यास गरिएको जिल्ला अस्पताल, हुम्लाको कार्यालय निर्माण पूरा भएर सञ्चालनमा आएको छ। अस्पतालमा अक्सिजन, भेण्टिलेटर, आइसीयू बेड, एक्सरेलगायतका विभिन्न उपकरण उपलब्ध छन्।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१	१
यौन दुर्व्यवहार	१		१
जम्मा	१	१	२

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	जम्मा
बलात्कार	१		१
बलात्कार प्रयास	१		१
घरेलु हिंसा		१	१
जम्मा	२	१	३

६.४ जुम्ला



जम्मा जनसङ्ख्या	१,१९,३७७
महिला	५९,५४१
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५२,६०२
कामका लागि बाहिरिएका	१,४६३
अपाङ्गता भएका	३,२४८
५ वर्षमाथिको साक्षरता प्रतिशत	५४.६६
आश्रित जनसङ्ख्या	६१,९१६

यस वर्ष जुम्ला जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा दुई जना र ज्यादतीका घटनामा अन्य पक्षबाट ११ जना महिला र एक जना पुरुषसहित १२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना र महिला अधिकार उल्लङ्घनका घटनामा ६ जना पीडित भए। यो वर्ष अपहरणको घटनामा एक, जातीय विभेदको घटनामा एक जना पीडित भएको र एक जनाको हत्या भएको इन्सेकले अभिलेख गऱ्यो।

कारागार र बन्दी

कारागारको बन्दी क्षमता २ सय जनाको छ। कारागारमा कैदी/बन्दी र थुनुवा १ सय १४ जना छन्। महिला एक र पुरुष १ सय १३ रहेका छन्। कारागारको क्षमता महिला ८० र पुरुष १ सय २० जनाको रहेको छ। कारागार कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जना अहेवको दरबन्दी रहेकोमा करारमा एक जनाले सेवा प्रदान गरिरहेका छन्। ६० वर्ष नाघेका एक जना ज्येष्ठ नागरिक (पुरुष) रहेको जिल्ला कारागार प्रमुख गयाप्रसाद पाण्डेले बताए।

कारागारमा सामान्य बिरामी भएको खण्डमा कारागारमा नै कार्यरत अहेवले स्वास्थ्य चेकजाँचका आधारमा औषधिको व्यवस्थापन गरिने गरिएको छ भने जटिल प्रकृतिका बिरामीलाई कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल, जुम्लामा उपचार गर्ने गरिएको कारागार प्रमुख पाण्डेले बताए। नजिकका कैदीबन्दी तथा थुनुवाका आफन्तलाई सोमबार र बिहीबार भेटघाटको व्यवस्थापन गरिएको छ भने टाढाबाट आउने आफन्तलाई जुनसुकै दिन बिहान, दिउँसो र बेलुका भेटघाट गर्ने वातावरण रहेको कैदी खड्कजीत रोकायाले बताए। कारागारमा रहेका १४ जनालाई कोभिड सङ्क्रमण भएकामा एक जनाको मृत्यु भयो भने अन्य निको भए।

प्रहरी हिरासतमा मृत्यु

गुठिचौर गाउँपालिका-३ गर्ज्याङ्कोट १३ वर्षीय पदम बुढालाई ०७७ माघ १८ गते जिल्ला प्रहरी कार्यालय ,जुम्लाको हाताभित्र प्रहरी जवान सोही वडाका ३७ वर्षीय कृष्ण अधिकारीले यातना दिएपछि फागुन ५ गते मृत्यु भएको आफन्तको आरोप छ। मोबाइल चोरीको आरोपमा माघ १८ गते घरैबाट गिरफ्तार गरी प्रहरीले कुटपिट गर्दा घाइते भएका

बुढाको उपचारका क्रममा कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल, जुम्लामा उपचारको क्रममा फागुन ५ गते मृत्यु भयो। प्रशासन र पीडितका आफन्तबिच फागुन ६ गते भएको वार्तामा तत्काल छानविन समिति गठन गर्ने, पीडितलाई राहत उपलब्ध गराउन पहल गर्ने र दोषीलाई कारबाही गर्ने निर्णय भएपश्चात आफन्तले फागुन ८ गते शव बुझे। गृहमन्त्रालयका उपसचिव संयोजक रहेको छानविन समितिको टोलीले फागुन १२ गते जुम्ला पुगेर घटनाको अनुसन्धान गऱ्यो। गृह मन्त्रालयले जिल्ला प्रशासन कार्यालय, जुम्लामार्फत पीडित पक्षलाई ०७८ भदौ २७ गते ५ लाख राहतस्वरुप रकम उपलब्ध गरायो। यो वर्षको अन्त्यसम्म प्रतिवेदन सार्वजनिक भएन। आरोपित प्रहरीलाई फागुन ५ गते निलम्बन गरिएको प्रहरीले जनायो।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण				१		१
कारागारमा मृत्यु		१	१			
हत्या		१	१	१		१
सबै प्रकारका जातीय विभेद					१	१
बाल अधिकार	बलात्कार			१		१
	यौन दुर्व्यवहार			२		२
	जम्मा			३		३
महिला अधिकार	बलात्कार			३		३
	बलात्कार प्रयास			१		१
	बहुविवाह			२		२
	जम्मा			६		६
जम्मा		२	२	११	१	१२

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

उच्च अदालत

चार जना न्यायाधीश दरबन्दी रहेको उच्च अदालत सुर्खेत, जुम्ला इजलासमा एक जना विशेष अदालतमा काज रहेको उच्च अदालत सुर्खेत जुम्ला इजलासमा यस वर्षका लागि दुनियावादी देवानीका ७ थान, दुनियावादी फौजदारीका ७ थान, सरकारवादी फौजदारीका ९० थान र सुरू क्षेत्राधिकारबाट ५ थान मुद्दा जिम्मेवारी सरेका थिए। ०७७ पुस १७ देखि ०७८ पुस १६ गतेसम्म दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ ८५ थान उजुरी परे। अघिल्लो वर्षका जिम्मेवारी सरेकासमेत ७२ थान मुद्दा फैसला भए।

जिल्ला अदालत

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय १३ थानमध्ये ३६ मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ सय २० थानमध्ये १४ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा २१ थान छन् भने देवानी मुद्दा १४ थान बाँकी छ। अदालतले दुई जना कर्मचारी करारमा नियुक्त गरेको छ भने दुई जना यो वर्षको अन्त्यसम्म नै रिक्त रहे।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १ सय २३ आधारभूत र ४७ मावि छन्। ८ सय ५७ शिक्षक दरबन्दी रहेकामा सबै पदपूर्ति रहेको छ। यस वर्ष १४ हजार ५ सय ४६ बालक र १६ हजार ८ सय १६ जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका ६ सय ५३ जना बालबालिका भर्ना भएका थिए। जिल्लामा आंशिक रूपमा अपाङ्गतामैत्री विद्यालय ९१ ओटा छन्। यो वर्ष द्वन्द्वपीडित परिवारका १ सय ३ जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाभर ७ हजार ३ सय २४ जना दलित बालबालिका विद्यालय भर्ना भए। कोभिड सङ्क्रमणका कारण शिक्षा मन्त्रालयले अनलाइन तथा रडियोमार्फत कक्षा सञ्चालन गर्न सकिने भए पनि जिल्लामा प्रभावकारी नभएको अभिभावक र विद्यार्थीको गुनासो रह्यो।

सरकारले कक्षा १२ सम्मको शिक्षा नि:शुल्क भने पनि सबै सामुदायिक विद्यालयहरूले सहयोगको नाममा कुनै न कुनै शुल्क लिएको पाइयो। चालु आर्थिक वर्ष २०७८/०७९ मा द्वन्द्वपीडित र शहीद परिवार छात्रवृत्ति कार्यक्रम शिक्षा तथा समन्वय

इकाइमा रकम नआएको प्रमुख मक्कर भण्डारीले बताए।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा दुई जना र बलात्कारको घटनामा एक जना गरी तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कारको एउटा घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। यौन दुर्व्यवहारको एउटा घटनाका आरोपितलाई अदालतले कैद सजायको फैसला गऱ्यो। अर्को घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कार, यौन दुर्व्यवहार

नौ वर्षीया बालिकालाई ०७७ फागुन १० गते यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले बाँके जिल्ला बैजनाथ गाउँपालिका-४ घर भई गुठीचौर गाउँपालिका-३ गज्याङकोटमा ट्याक्टर चलाउँदै आएका ४७ वर्षीय नारायणप्रसाद थारूविरूद्ध फागुन ११ गते जिल्ला प्रहरी कार्यालय, जुम्लामा उजुरी दियो। पीडित पक्षको मौखिक उजुरीका आधारमा आरोपितलाई प्रहरीले सोही दिन घटनास्थलबाटै गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय, जुम्लाले जनायो। पीडितको स्वास्थ्य परीक्षण फागुन ११ गते कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल, जुम्लामा भयो। प्रहरीले सरकारी वकिलमार्फत आरोपित थारुलाई चैत १ गते जिल्ला अदालत जुम्लामा अभियोग दर्ता गऱ्यो। सोही दिन जिल्ला अदालतको आदेशमा आरोपित पुर्पक्षका लागि कारागार चलान भए। चैत २५ गते आरोपितलाई तीन महिना कैद, पीडितलाई ३५ हजार रुपियाँ क्षतिपूर्ति, ४ सय रुपियाँ पीडित राहत कोषमा राख्नु पर्ने र १० हजार रुपियाँ जरिबाना गर्ने जिल्ला अदालत, जुम्लाले मुद्दा फैसला गऱ्यो।

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४५ महिलाले महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा घरेलु हिंसा ३३, कुटपिट गरी घरनिकाला गरिएका दुई, खान/लाउन नदिएका दुई, विवाह दर्ता र नागरिकता नबनाएका पाँच, जन्म दर्ता नबनाएको एक, बहुविवाहका दुई ओटा उजुरी छन्। यीमध्ये प्रहरीले ३४ ओटामा मिलापत्र गरायो भने ११ ओटा उजुरी कारबाही प्रक्रियामा छन्।

यो वर्ष जुम्लामा बलात्कारका घटनामा तीन, बलात्कार प्रयासको घटनामा एक जना र बहुविवाहका घटनामा दुई जना गरी ६ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालतले बलात्कारका एउटा घटनाका आरोपित बालकलाई बाल सुधार गृहमा पठायो। अदालतले एउटा घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। एउटा घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बलात्कार प्रयासको घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

सबै प्रकारका जातीय विभेद

सिंजा गाउँपालिका-६ का ३५ वर्षीय विवेन्द्र नेपालीलाई ०७८ असार ६ गते सोही वडाका वडाध्यक्ष ५५ वर्षीय कालिबहादुर बुढा र उनका ३० वर्षीय छोरा नवीन बुढाले जातीय विभेद गरेको आरोपमा असार २५ गते जिल्ला प्रहरी कार्यालय जुम्लामा उजुरी गरे। वडाध्यक्षले असार ६ गते फोन गरी विभेदजन्य भाषा प्रयोग गरी गालीगलौज गरेको पीडित पक्षले आरोप लगायो। जिल्ला प्रहरी कार्यालय जुम्लाले सरकारी वकिलमार्फत साउन २० गते जिल्ला अदालत जुम्लामा जातीय विभेदको अभियोग दर्ता गऱ्यो। साउन २८ गते नविन बुढा १ लाख र साउन २७ गते वडाध्यक्ष कालीबहादुर बुढाले १ लाख १० हजार धरौटी बुझाए। आरोपित नविन साउन २८ गते र कालीबहादुर साउन २७ गते अदालतमा आफैं हाजिर भए। यो वर्षको अन्त्यसम्म मुद्दा फैसला भएन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

कात्तिक पहिलो साता आएको बेमौसमी वर्षात्का कारण १३ हेक्टर खेतीयोग्य जमिन बाढीले बगाएको जिल्ला कृषि विकास कार्यालय, जुम्लाले जनायो। बाढीले २० प्रतिशत उन्नत जातको धान नष्ट गरेकोमा ८० प्रतिशत मार्सी धानमा क्षति पुगेको कृषि विकास कार्यालयको तथ्याङ्क छ। बाढीले जुम्लाका २३ सिंचाइ नहर (कुलो) मा क्षति पुऱ्यायो।

बाढीले १० ओटा साना जलविद्युत् आयोजनामा क्षति पुग्यो। वर्षात्ले तातोपानी गाउँपालिका-४ ठाँटाचौरस्थित नेत्रज्योति माध्यामिक विद्यालय बाढीले बगाउँदा १ करोड ६६ लाख ३५ हजार रुपियाँ बराबरको क्षति अनुमान गरियो। यो विद्यालयमा ६ सय ५५ जना बालबालिका अध्ययनरत छन्।

स्वास्थ्य सेवा

जिल्लामा २९ स्वास्थ्य चौकी, एक प्राथमिक स्वास्थ्य केन्द्र, सात स्वास्थ्य इकाइ छन्। जिल्ला स्वास्थ्य कार्यालय जुम्लाका प्रमुख कृष्णप्रसाद सापकोटाका अनुसार कर्मचारी समायोजनका कारण जिल्लामा स्वास्थ्यकर्मीको एकीन तथ्याङ्क छैन।

जिल्लामा ५५ हजार ३ सय ५२ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा पनि ४ हजार ३५ जनाको बिमा गरिएको छ। नि:शुल्क बीमा कार्यक्रममा महिला स्वयम्सेविका १ सय ८० जना, पूर्ण अपाङ्गता भएका व्यक्ति ४५ जना, क्षयरोगका दुई जना र एचआईभी सङ्क्रमित एक जना समाहित भएका छन्।

कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान शिक्षण अस्पताल, जुम्लामा ०७७ वैशाख २० गतेदेखि कोभिड परीक्षण ल्याब सञ्चालनमा छ। यो वर्ष ३ हजार ८ सय २१ जनाको पीसीआर परीक्षण गरिएकामा १ हजार २ सय २४ जनामा सङ्क्रमण देखियो। २३ जना कोभिड सङ्क्रमितको मृत्यु भयो। जिल्लामा ५० हजार ९ सय ८५ जनाले कोभिड-१९ विरूद्धको पहिलो डोज खोप लगाए भने ३३ हजार ६ सय ४५ जनाले पूर्ण डोज खोप लगाइएको स्वास्थ्य कार्यालयका प्रमुख सापकोटाले बताए।

तिला गाउँपालिका-३ कुडारीमा दश शैया र कनकासुन्दरी गाउँपालिका- ४ हाडसिंजामा १५ शैयाको अस्पताल निर्माणाधीन अवस्थामा रहेको छ। तिला गाउँपालिकामा पनि दश शैयाको अस्पताल निर्माण भइरहेको छ । कनकासुन्दरी गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माणका लागि टेण्डर आह्वान भइरहेको स्वास्थ्य संयोजक नेत्र खत्रीले बताए ।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१	१
यौन दुर्व्यवहार	१	१	२
जम्मा	१	२	३

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१	२	३
बलात्कार प्रयास			१	१
बहुविवाह	१	१		२
जम्मा	१	२	३	६

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२

६.५ कालीकोट

जम्मा जनसङ्ख्या	१,४४,५१७
महिला	७२,६७४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	७८,७४५
कामका लागि बाहिरिएका	२,०५६
अपाङ्गता भएका	५,२६२
५ वर्षमाथिको साक्षरता प्रतिशत	५६.८३
आश्रित जनसङ्ख्या	२०,५१२

यस वर्ष कालीकोट जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा चार जना र ज्यादतीका घटनामा अन्य पक्षबाट १४ जना महिला र तीन जना पुरुष गरी १७ जना जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनको घटनामा एक जना र महिला अधिकार उल्लङ्घनका घटनामा ११ जना पीडित भए। गिरफ्तारीमा दुई जना परे भने कुटपिटका घटनामा एक जना र अमानवीय व्यवहारको घटनामा एक जना पीडित भए। जातीय विभेदको घटनामा एक जना र अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकारबाट एक जना पीडित भए। कालीकोटमा यो वर्ष अन्यपक्षबाट दुई जनाको हत्या भएको इन्सेकले अभिलेख गऱ्यो।

दुर्व्यवहार/अपमानजनक व्यवाहार

जुम्ला जिल्ला चन्दनाथ नपा-१० घर भई शिक्षा विकास तथा समन्वय इकाई कार्यालय, कालीकोटका प्रमुख ४८ वर्षीय महेशदत्त देवकोटालाई नेत्रविक्रम चन्द नेतृत्वको नेकपाको युवा सङ्गठन कालीकोटका अध्यक्ष महेश विकको नेतृत्वको टोलीले दुर्व्यवहार गऱ्यो। कार्यकक्षमा बसिरहेको अवस्थामा प्रमुख देवकोटालाई शिक्षक सरूवा तथा बढुवामा घुस खाएको, एकलौटी र मनपरी गरेको लगायतका आरोप लगाउँदै मङ्सिर २९ गते कार्यकक्षमै मोसो दलेर दुर्व्यवहार गरेको पीडितले आरोप लगाए। ४ लाख रुपियाँ चन्दा मागेकोमा आफूले दिन नसकेका कारण सो पार्टीका कार्यकर्ताले दुर्व्यवहार गरेको भन्दै पीडित देवकोटाले मङ्सिर २९ गते जिल्ला प्रहरी कार्यालयमा सार्वजनिक अपराधसम्बन्धी उजुरी दिए। यो वर्षको अन्त्यसम्म आरोपितहरू गिरफ्तार भएनन्।

कारागार र बन्दी

'ङ' श्रेणीको जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको छ। कारागारमा ५४ जना छन्। जसमा महिला पाँच र पुरुष ४९ रहेका छन्। कारागारको क्षमता महिला १० र पुरुष १५ हो। कारागारमा सामान्य मानसिक रोगी आठ जना रहेका कारागार प्रमुख नरबहादुर सार्कीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एकजना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय थानमध्ये २२ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ

८९ थानमध्ये ३१ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा २३ थान छन् भने देवानी मुद्दा १४ थान बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १ सय ७८ आधारभूत र ७६ मावि छन्। १ हजार ३५ शिक्षक दरबन्दी रहेकामा ६५ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष २९ हजार ३ सय ५० जना बालक र २८ हजार ४ सय ५३ जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका १ सय ५० बालिका र १ सय १५ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय ७० ओटा छन्। यो वर्ष द्वन्द्वपीडित परिवारका ७५ जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाभर ९ हजार ८४ दलित बालक र ७ हजार १ सय ५० दलित बालिका विद्यालय भर्ना भए।

यस वर्ष यौन दुर्व्यवहारको घटनामा एक जना बालिका पीडित भएकामा यो वर्षको अन्त्यसम्म आरोपित गिरफ्तार भएनन्।

घटनाको प्रकार		राज्यपषबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		२	२			
कुटपिट		१	१			
अमानवीय व्यवहार					१	१
हत्या				२		२
सबै प्रकारका जातीय विभेद					१	१
अभिव्यक्ति, भेला तथा सङ्गठिहत हुने अधिकार		१	१			
धम्की					१	१
बाल अधिकार	यौन दुर्व्यवहार			१		१
	जम्मा			१		१
महिला अधिकार	बलात्कार			२		२
	यौन दुर्व्यवहार			१		१
	'बोक्सी'को आरोप			२		२
	घरेलु हिंसा			६		६
	जम्मा			११		११
जम्मा		४	४	१४	३	१७

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

जिल्ला प्रहरी कार्यालयमा १९ ओटा घरेलु हिंसाका उजुरी दर्ता भएकोमा सबै मेलमिलाप भएको महिला बालबालिका सेवा केन्द्रकी प्रहरी जवान पञ्चकला गिरीले बताइन्।

यो वर्ष कालीकोटमा घरेलु हिंसाका घटनामा ६, बलात्कारका घटनामा दुई, यौन दुर्व्यवहारको घटनामा एक र 'बोक्सी'को आरोपमा दुई जना गरी ११ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कारको एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका आरोपितलाई अदालतले साधारण तारेखमा रिहा गऱ्यो। एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई ओटा सरकारी अस्पताल, एउटा सामुदायिक अस्पताल, तीन ओटा आधारभूत अस्पताल, २७ ओटा स्वास्थ्य चौकी, एउटा नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा चार जना विशेषज्ञको दरबन्दीमा तीन जनाको दरबन्दी रिक्त छ। १६ जना स्टाफ नर्सको दरबन्दीमा सात रिक्त छ। ६२ जनाको अनमी दरबन्दीमा ६१ जना कार्यरत छन्। जिल्लामा ३ हजार ४ सय ५६ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा १ हजार जनाको बीमा गरिएको छ।

नेपाल सरकारले स्थानीय तहमा शिलान्यास गरेको अस्पतालहरूमा रास्कोट नगरपालिका र नरहरिनाथ गाउँपालिकामा अस्पताल निर्माणका लागि टेन्डर आह्वान भइसकेको छ। अन्य कुनै पनि स्थानीय तहमा काम सुरु नभएको जिल्ला स्वास्थ्य व्यवस्थापन कार्यालयका जनस्वास्थ्य अधिकृत कटक महतले बताए।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	अपूर्ण	जम्मा
यौन दुर्व्यवहार	१	१
जम्मा	१	१

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१	१	२
यौन दुर्व्यवहार			१	१
'बोक्सी'को आरोप	१	१		२
घरेलु हिंसा	२	१	३	६
जम्मा	३	३	५	११

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१	२

६.६ दैलेख



जम्मा जनसङ्ख्या	२,५३,३१५
महिला	१,३१,६४४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५३,४२८
कामका लागि बाहिरिएका	११,२२१
अपाङ्गता भएका	७,६०७
५ वर्षमाथिको साक्षरता प्रतिशत	६२.४७
आश्रित जनसङ्ख्या	१,३७,४०५

यस वर्ष दैलेख जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा अन्य पक्षबाट ९९ जना महिला र १४ जना पुरुष गरी १ सय १३ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३३ जना र महिला अधिकार उल्लङ्घनका घटनामा ५१ जना पीडित भए। कुटपिटका घटनामा चार जना, अमानवीय व्यवहारको घटनामा एक जना, जातीय विभेदका घटनामा सात जना पीडित भए। त्यसैगरी दुई जना घाइते भए भने यो वर्ष अन्यपक्षबाट १५ जनाको हत्या भएको इन्सेकले अभिलेख गऱ्यो।

कारागार र बन्दी

१ सय जना क्षमता कारागारमा १ सय ४६ कैदी र ३४ थुनुवा गरी एक सय ८० जना छन्। जसमा महिला ३४ जना छन्। तीमध्ये ६० वर्ष उमेर पुगेका दुई जना पुरुष ज्येष्ठ नागरिक छन्। क्षमताभन्दा दोब्बर कैदीबन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। कारागारमा दुई जना आश्रित बालबालिका छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश दरबन्दी भएको दैलेख जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ३७ मध्ये ६९ थान फैसला भए भने देवानी मुद्दातर्फ ३ सय ३४ थानमध्ये २ सय ५ थान फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका मुद्दा छैनन्।

बाल अधिकार

शिक्षाको अवस्था

दैलेख जिल्लामा ४ सय ३२ आधारभूत र ९१ मावि छन्। १ हजार ८ सय ६९ शिक्षक दरबन्दी रहेकामा १५ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष ३८ हजार ७ सय २९ जना बालक र ३६ हजार ५ सय २१ जना बालिका विद्यालयमा भर्ना भए। जसमा अपाङ्गता भएका १ सय २९ बालिका र १ सय ७९ बालक भर्ना भए। दुल्लूमा दृष्टिविहीनका लागि र सदरमुकाम दैलेख बजारमा बाहिराहरुका लागि अपाङ्गतामैत्री आधारभूत तहको अध्यापन आवासीय विद्यालय सञ्चालन भइरहेका छन्। द्वन्द्वपीडित परिवारका २३ बालबालिकाले कक्षा अनुसार वार्षिक १२ देखि १८ हजारका दरले छात्रवृत्ति पाए।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		३	३	४
अमानवीय व्यवहार		१		१
घाइते		१	१	३
हत्या		९	६	१५
सबै प्रकारका जातीय विभेद		३	५	८
बाल अधिकार	बलात्कार	१९		१९
	यौन दुर्व्यवहार	८		८
	बालविवाह	८		८
	जम्मा	३३		३३
महिला अधिकार	बलात्कार	१०		१०
	यौन दुर्व्यवहार	३		३
	बेचबिखन तथा ओसारपसार	१		१
	'बोक्सी'को आरोप	१		१
	बहुविवाह	१७		१७
	घरेलु हिंसा	२०		२०
	जम्मा	५१		५१
जम्मा		९९	१४	११३

यस वर्ष यौन दुर्व्यवहारका घटनामा सात जना, बलात्कारका घटनामा १९ जना, बालविवाहका घटनामा सात जना बालिका गरी ३३ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

जिल्ला अदालतले तीन बलात्कार घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। एक आरोपितलाई प्रहरीले गिरफ्तार गरी अनुसन्धान गरिरहेको छ। एक आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो। तीन आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

बलात्कार, यौनदुर्व्यवहार

पाँच वर्षीया बालिकालाई ०७७ पुस १७ गते बलात्कार गरेको आरोपमा नारायण नगरपालिका-८ सिमाडाका ३५ वर्षीय रामबहादुर बिकविरुद्ध पीडित पक्षले पुस १८ गते जिल्ला प्रहरी कार्यालय, दैलेखमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस १८ गते घरबाटै गिरफ्तार गऱ्यो। बालिकाको स्वास्थ्य परीक्षण पुस १८ गते दैलेख अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत माघ १३ गते जिल्ला अदालतमा जबरजस्तीकरणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ १३ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। न्यायाधीश दण्डपाणी लामिछानेको ०७८ पुस १ गतेको इजलासले आरोपितलाई कसुर ठहर गर्दै २५ वर्ष कैद (जन्मकैद), ६ लाख रुपियाँ जरिबाना, १ लाख रुपियाँ पीडितलाई क्षतिपूर्ति र २ हजार ८ सय रुपियाँ पीडित राहत कोषमा जम्मा गर्नुपर्ने फैसला सुनाएको श्रेस्तेदार इन्द्रबहादुर कार्कीले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

घरेलु हिंसा पीडित भएको भन्दै एक सय ४५ जनाले जिल्ला प्रहरी कार्यालय दैलेखको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिए। जसमध्ये १ सय २९ ओटा घटनामा मेलमिलाप भएको र १६ ओटा उजुरी कारवाही प्रक्रियामा रहेको जिल्ला प्रहरी कार्यालय, दैलेखले जनायो।

यो वर्ष दैलेखमा घरेलु हिंसाका घटनामा २०, बलात्कारका घटनामा १०, यौन दुर्व्यवहारका घटनामा दुई बहुविवाहका घटनामा १७, बेचबिखनको घटनामा एक र बोक्सीको आरोपमा एक जना गरी ५१ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो।

जिल्ला अदालतले दुई बलात्कारका घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो भने तीन आरोपितहरू वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। अदालतले एक आरोपितलाई ५ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो भने अर्को एक आरोपितलाई ७ लाख रुपियाँ धरौटी माग गरेकामा तिर्न नसकेपछि पुर्पक्षका लागि थुनामा पठायो। एक आरोपितलाई प्रहरीले गिरफ्तार गरी अनुसन्धान गरिरहेको छ।

बहुविवाह घटनाका पाँच आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। पाँच आरोपितहरू वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। दुई आरोपितहरूलाई गिरफ्तार गरी वर्षको अन्त्यसम्म अनुसन्धान गरिरहयो। बहुविवाह घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने अर्की आरोपित बालिका भएकाले अभिभावकको जिम्मा लगायो। एक घटनाका आरोपितद्वयलाई अदालतले जनही १ वर्ष १ महिना कैद र १३ हजार ५ सय रुपियाँ जरिबानाको फैसला सुनायो। एक घटनामा अदालतले जनही १ लाख ८ हजार रुपियाँ धरौटीमा रिहा

गऱ्यो। अदालतले अर्को घटनाका आरोपित पतिलाई २ लाख रुपियाँ र अर्की आरोपितलाई ६० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। अदालतले आरोपितद्वयलाई डेढ वर्ष कैद र १५ हजार रुपियाँ जरिबानाको फैसला सुनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ५६ स्वास्थ्य चौकी र १९ सामुदायिक स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित दैलेख अस्पतालमा सात जनाको दरबन्दीमध्ये एक जना विशेषज्ञ डाक्टर छन्। १० जना मेडिकल अधिकृत दरबन्दीमा सात जना करार सेवामा कार्यरत छन्। सन् २०२१ अवधिमा दैलेखमा कोभिड-१९ बाट सङ्क्रमित हुनेको सङ्ख्या २ हजार ४ सय ३७ जना रहृयो। यो वर्ष नौ जना कोभिड सङ्क्रमितको मृत्यु भयो।

दैलेखमा गुराँस गाउँपालिका, नौमूले गाउँपालिका, भैरबी गाउँपालिका, ठाँटीकाँध गाउँपालिका, आठबीस नगरपालिका, चामुण्डा बिन्द्रासैनी नगरपालिकामा १५-१५ बेडका र महाबु गाउँपालिकामा १० बेडको एउटा समेत गरी सात ओटा आधारभूत अस्पताल उद्घाटन गरिएका थिए। उद्घाटन गरिएका १५ बेडका आधारभूत अस्पतालका लागि हरेक स्थानीय तहमा एक-एक करोड र १० बेडको महाबु आधारभूत अस्पतालका लागि ८५ लाख रुपियाँ बजेट प्राप्त भई सबै तहमा अस्पताल भवनहरु निर्माण थालिएको छ। तर, बजेट र अख्तियारी प्राप्त नभएकोले निर्माणको काम गति लिन सकेको छैन।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	कारबाही प्रक्रिया अघि नबढेका	जम्मा
बालविवाह	२	१	१	२	१	७
बलात्कार	३		४	११	१	१९
यौन दुर्व्यवहार	१		१	३	१	६
जम्मा	६	१	६	१६	३	३२

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	कारबाही प्रक्रिया अघि नबढेका	जम्मा
बलात्कार			१	८	१	१०
यौन दुर्व्यवहार					१	१
बेचिबखिन तथा ओसारपसार				१		१
'बोक्सी' को आरोप			१			१
बहुविवाह	४		४	७	२	१७
घरेलु हिंसा	१	४	३	८	३	१९
जम्मा	५	४	९	२४	७	४९

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	१०	१२

६.७ जाजरकोट



जम्मा जनसङ्ख्या	१,८९,३६५
महिला	९५,५७०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	६४,१७५
कामका लागि बाहिरिएका	४,१७४
अपाङ्गता भएका	६,८४८
५ वर्षमाथिको साक्षरता प्रतिशत	५७.२७
आश्रित जनसङ्ख्या	९८,५१२

यस वर्ष जाजरकोट जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा तीन जना र ज्यादतीका घटनामा अन्य पक्षबाट १३ जना महिला, १२ जना पुरुषसहित २५ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा चार जना र महिला अधिकार उल्लङ्घनका घटनामा आठ जना पीडित भए।

कारागार र बन्दी

कारागारको क्षमता १५ जनाको छ। कारागारमा ४७ जना कैदी र १६ जना थुनुवा गरी ६३ जना छन्। क्षमता भन्दा चारगुणा बढी कैदीबन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। कोठा अभावले बन्दीहरू सुत्न नपुगेर भान्सामा कोचिएर सुत्छन्। कैदीबन्दी बिरामी भएमा सामान्य उपचारका लागि कारागारमै रहेका स्वास्थ्यकर्मीले उपचार गर्छन्। कारागार भवन पुरानो भएर वर्षात्को समयममा पानी चुहिने गरेकाले कैदीबन्दीलाई निकै समस्या पर्ने गरेको निमित्त कारागार प्रमुख तेजविक्रम शाहले बताए। कारागारमा ६५ वर्ष उमेर नघेका एक जना छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेका जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ३ थानमध्ये ३२ थान फैसला भए भने देवानी मुद्दातर्फ १ सय ३७ मध्ये ६७ फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा तीन थान र देवानी १३ थान मुद्दा बाँकी छन्। अदालतले १० जना कर्मचारी करारमा नियुक्त गरेको छ भने पाँच जना यो वर्षको अन्त्यसम्म नै रिक्त रहे।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ४ सय ३२ आधारभूत र ७० मावि छन्। सामुदायिक विद्यालयतर्फ ४ सय ७ प्रारम्भिक बालविकास केन्द्र, गुरुकुल दुई ओटा र क्याम्पस तीन ओटा छन्। जिल्लामा ८ सय २ शिक्षक दरबन्दीमा सबै कार्यरत छन्। यो वर्ष ४० हजार २ सय ५८ बालक र ३८ हजार ९ सय ४० बालिका भर्ना भए। जसमा १२ हजार ५ सय ९४ दलित बालक र १२ हजार २ सय ३५ दलित बालिका छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय दुई ओटा छन्। शहीद परिवारका १७ जनाले ६ लाख ७६ हजार र द्वन्द्वपीडित

परिवारका ३० बालबालिकाले ३ लाख १२ हजार रुपियाँ छात्रवृत्ति पाए।

यस वर्ष बलात्कारका घटनामा चार जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालतले एक घटनाका आरोपितलाई सजायको फैसला गऱ्यो। अदालतले दुई ओटा घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा र अर्को घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट		१	१	१	७	८
अमानवीय व्यवहार					१	१
हत्या					४	४
धम्की		३	३			
बाल अधिकार	बलात्कार			४		४
	जम्मा			४		४
महिला अधिकार	बलात्कार			३		३
	बहुविवाह			३		३
	घरेलु हिंसा			४		४
	जम्मा			८		८
जम्मा		३	३	१३	१२	२५

बलात्कार, बलात्कार प्रयास

१४ वर्षीया बालिकालाई ०७७ फागुन ३ गते बलात्कार गरेको भन्दै बाँके जिल्ला नेपालगञ्ज उमनपा-१४ घर भई भेरी नपा-३ ठाँटीमा रहेको फर्निचर उद्योगमा कार्यरत ३१ वर्षीय छोटु भन्ने समिर राई कवाडियाविरुद्ध पीडित पक्षले फागुन ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन ४ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन ४ गते जिल्ला स्वास्थ्य सेवा कार्यालयमा भयो। प्रहरीले आरोपितविरुद्ध फागुन १८ गते जिल्ला अदालत जाजरकोटमा जबरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। न्यायाधीश यज्ञप्रसाद आचार्यको फागुन १८ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागी थुनामा पठायो। न्यायाधीश आचार्यकै ०७८ वैशाख १५ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै तीन महिना कैद र १० हजार रुपियाँ जरिबानाको फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भन्दै २७ महिलाले महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी खानलाउन नदिएको १८, घरनिकाला गरिएका ६, विवाह दर्ता, नागरिकता र जन्मदर्ता नबनाइदिएका तीन गरी २७ ओटा घटना छन्। यीमध्ये प्रहरीले २० ओटामा मिलापत्र गरायो भने सात ओटा उजुरी कानुनी प्रक्रियामा छन्। घरनिकाला गरिएका तीन जनामध्ये दुई जना पुन:स्थापित भए। नागरिकता तथा विवाह दर्ता नपाएको भन्दै जिल्ला प्रहरी कार्यालयमा तीन जनाको उजुरी परेकोमा छलफलपछि दुई जनाले विवाह दर्ता र नागरिकता पाए।

यो वर्ष जाजरकोट मा घरेलु हिंसाका घटनामा चार, बलात्कारका घटनामा दुई र बहुविवाहका घटनामा दुई जना गरी आठ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालतले एक बलात्कार घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बहुविवाहका दुवै घटनाका आरोपित पतिलाई अदालतले पुर्पक्षका लागि पठायो। एक आरोपितलाई अदालतले साधारण तारेखमा रिहा गऱ्यो भने अर्को आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

आर्थिक, सामाजिक, सांकृतिक अधिकार

जिल्लामा २०६५ को प्रारम्भिक तथ्याङ्कअनुसार ४ सय ४४ घरधुरी हलिया छन्। यसमध्ये प्रमाणिकरण भएका घरधुरी सङ्ख्या २ सय रहेका छन्। जसमध्ये 'क' वर्गमा रहेका घरधुरी सङ्ख्या ७९, 'ख' वर्गमा रहेका घरधुरी सङ्ख्या १०, 'ग' वर्गमा रहेका घरधुरी सङ्ख्या आठ र 'घ' वर्गमा रहेका घरधुरी सङ्ख्या १ सय ३ रहेका छन्। 'क' वर्गको कार्ड पाएका ७९ घरधुरी, 'ख' वर्गको कार्ड पाएका १० घरधुरीले घर निर्माण र जग्गा खरिद अनुदान पाए। 'ग' वर्गको कार्ड पाएका आठ घरधुरीले घर मर्मत र 'घ' वर्गको कार्ड पाएका १ सय ३ घरधुरीले घरमर्मत अनुदान पाए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, ३१ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्लामा ५० बेडको अस्पताल निर्माणाधिन अवस्थामा रहेको र भौतिक संरचना पर्याप्त नभए पनि तत्काल सेवा प्रवाह गर्नको लागि स्वास्थ्य उपकरणहरू उपलब्ध रहेको अस्पतालले जनायो। सदरमुकामस्थित सरकारी अस्पतालमा पाँच जना विशेषज्ञको दरबन्दीमा चार रिक्त छन्। ६ जना स्टाफ नर्सको दरबन्दीमा पाँच रिक्त छन्। तीन जना अनमी र तीन जना अहेवको दरबन्दीमा सबै कार्यरत छन्। जिल्लामा ४१ हजार ३ सय ७६ जनाले बिमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बिमा कार्यक्रममा ४ हजार ५ सय जनाको बिमा गरिएको छ।

जिल्लामा कोभिड-१९ बाट सङ्क्रमित हुनेहरूको सङ्ख्या १ हजार ८ सय ६ रहेको छ। निको हुनेको सङ्ख्या १ हजार ७ सय ८९ रहेको र आठ जनाको मृत्यु भयो। नगरस्तरीय अस्पताल शिलान्यास गर्ने क्रममा जिल्लाका भेरी नगरपालिका, छेडागाड नगरपालिका र नलगाड नगरपालिकाले भवनको शिलान्यास गरी भवन निर्माणका क्रममा रहेको छ। बारेकोट, कुशे, शिवालय र जुनिचाँदे गाउँपालिकाले जग्गाको खोजी गरी डीपीआर गरेर मात्र भवन निर्माण गर्ने भन्दै भवनको सुरूआत गरेका छैनन्। जाजरकोट जिल्ला अस्पतालको ५० शैयाको भवन निर्माणाधीन छ।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	३	४
जम्मा	१	३	४

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१	१	२
बहुविवाह			२	२
घरेलु हिंसा	२		२	४
जम्मा	२	१	५	८

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	४	४

६.८ रुकुम पश्चिम

जम्मा जनसङ्ख्या	१,६६,३५४
महिला	८५,२९१
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	उपलब्ध नभएको
कामका लागि बाहिरिएका	उपलब्ध नभएको
अपाङ्गता भएका	उपलब्ध नभएको
५ वर्षमाथिको साक्षरता प्रतिशत	६२.०५
आश्रित जनसङ्ख्या	उपलब्ध नभएको

यस वर्ष रुकुम पश्चिम जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा आठ जना र ज्यादतीका घटनामा अन्य पक्षबाट ४४ जना महिला र १६ जना पुरुष गरी ६० जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा नौ जना र महिला अधिकार उल्लङ्घनका घटनामा ३३ जना पीडित भए। त्यसैगरी पाँच जनाको गिरफ्तारी, १५ जनालाई कुटपिट , एक जनालाई अमानवीय व्यवहारबाट पीडित भए। रुकुम पश्चिममा दुई जनाको हत्या भएको इन्सेकले अभिलेख गऱ्यो।

अमानवीय व्यवहार

सानीभेरी गाउँपालिका-८ का वडाध्यक्ष ४८ वर्षीय शशीराम बुढाथोकीलाई ०७८ साउन १२ गते नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपाका कार्यकर्ताहरू आठविसकोट नपा-३ का २३ वर्षीय शिव बिक र आठविसकोट नपा-११ का २३ वर्षीय प्रकाश रसाइलीले मोसो दलेर दुर्व्यवहार गरेको भन्दै पीडितले साउन १२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। पीडितलाई आरोपितहरूले मोसो दल्नुका साथै जुत्ताको माला लगाएर दुर्व्यवहार गरेका थिए। नेपाल कम्युनिस्ट पार्टी सानीभेरी गाउँ समितिका सेक्रेटरी शिव बिकले प्रेस विज्ञप्ति जारी गर्दै वडाध्यक्ष बुढाथोकीलाई मोसो दलेर कारबाही गरेको बताए। छहरेपानी तल्लो आमडाँडा सिंचाइ आयोजना उपभोक्ता समितिबाट ३ लाख रुपियाँ भ्रष्टाचार गरेको सो पार्टीको आरोप छ। जिल्ला सरकारी वकिल कार्यालयमार्फत जिल्ला अदालतमा ०७८ भदौ ३ गते मुद्दा दर्ता भएकोमा न्यायाधीश विद्याराज पौडेलको भदौ ५ गतेको आदेशले आरोपित शिव बिक १५ हजार रुपियाँ र प्रकाश रसाइली १० हजार रुपियाँ धरौटीमा रिहा भए। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

कारागार र बन्दी

कारागारको क्षमता पाँच महिला र २० पुरुष गरी २५ जनाको छ। कारागारमा ४६ कैदी र ९५ थुनुवा गरी १ सय ४१ जना कैदीबन्दी छन्। जसमा आठ जना महिला छन्। कारागारमा दुई जना पाँच वर्षमुनिका बालक छन्। दुई जना कैदीबन्दी जटिल मानसिक रोगी छन्। ६० वर्षमाथिका एक पुरुष छन्।

घटनाको प्रकार		राज्यपषबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		५	५			
कुटपिट					१५	१५
अमानवीय व्यवहार					१	१
हत्या				३		३
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		३	३			
बाल अधिकार	बलात्कार			८		८
	यौन दुर्व्यवहार			१		१
	जम्मा			९		९
महिला अधिकार	बलात्कार			४		४
	बलात्कार प्रयास			१		१
	यौन दुर्व्यवहार			१		१
	बहुविवाह			४		४
	घरेलु हिंसा			३३		३३
	जम्मा			३३		३३
जम्मा		८	८	४४	१६	६०

क्षमताभन्दा झण्डै पाँच गुणा बढी कैदीबन्दी भएकाले शौचालयको समस्या छ। कारागारमा एउटा पुस्तकालयको व्यवस्था छ। खानेपानी, टेलिभिजन, खेलकुद सामग्रीको अभाव हुनुका साथै सीपमूलक तालिमको समेत पर्याप्त व्यवस्था छैन। कारागारमा एक जना हेल्थ असिस्टेण्टको दरबन्दीमा स्वास्थ्यकर्मी कार्यरत छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको यस जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ १ सय ४८ थानमध्ये ३६ थान मुद्दा फैसला भए भने ३ सय १२ थान मुद्दा फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ३ सय २६ थानमध्ये १ सय २९ थान मुद्दा फैसला भए भने १ सय ९७ फैसला हुन बाँकी रहे। एक वर्ष नाघेका फौजदारी मुद्दा ३४ थान र देवानी मुद्दा ५७ थान रहेका छन्।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा १ सय ९५ आधारभुत र ८१ मावि छन्। १ हजार ९१ शिक्षक दरबन्दी रहेकामा प्रावितर्फ १५ दरबन्दी खाली रहेको र निमावितर्फ चार दरबन्दी रिक्त छन्। यस वर्ष ६० हजार ३ सय ३८ जना बालक र ६० हजार जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका ५ सय २ बालिका र ५ सय ५० बालक भर्ना भए। जिल्लामा चार अपाङ्गतामैत्री विद्यालय छन्। द्वन्द्वपीडित परिवारका २१ जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाभर १४ हजार २ सय ४ जना दलित बालक र १४ हजार २ सय १२ जना दलित बालिका विद्यालय भर्ना भए। दलित विद्यार्थी मध्ये ४ हजार ७ सय ६७ छात्रा र ४ हजार ८ सय ४५ छात्रले छात्रवृत्ति पाए। वैदेशिक रोजगारमा गएका परिवारका १८ जना बालबालिकाले १ लाख ६४ हजार रुपियाँ छात्रवृत्ति पाए। शहीद परिवारका २१ जनाले ३ लाख ३४ हजार र द्वन्द्वपीडित परिवारका २१ बालबालिकाले ३ लाख ३४ हजार रुपियाँ छात्रवृत्ति पाए

यस वर्ष यौन दुर्व्यवहारका घटनामा एक जना र बलात्कारका घटनामा आठ जना बालिका पीडित भए। जिल्ला अदालतले बलात्कारका चार घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। दुई घटनाका आरोपित गिरफ्तार भएनन्। एउटा घटनाका आरोपितलाई प्रहरीले गिरफ्तार गरी अनुसन्धान गरिरहेको छ। एक घटनाका आरोपित बालकलाई अदालतले अभिभावकको जिम्मामा पठायो।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भएको भन्दै ३० जना महिलाले प्रहरीको महिला तथा बालबालिका सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका पाँच, खान/लाउन नदिएको चार, अर्की पत्नी ल्याएर हेला गरेका नौ, नागरिकता र जन्मदर्ता नदिएका दुई र सामान्य घरायसी झगडाका १० उजुरी थिए। जिल्ला प्रहरी कार्यालयका महिला सेवा केन्द्रकी प्रहरी सरस्वती कार्कीका अनुसार घटनामध्ये

१६ उजुरीमा मेलमिलाप भयो भने १२ उजुरी कानुनी प्रक्रियामा छन्। जसमा सामान्य घरायसी झगडाका दुई उजुरी छलफल हुन बाँकी छन्। कुटपिट गरी घरनिकालाको दुई उजुरीमा मिलापत्र हुन नसकेपछि कानुनी प्रक्रियामा छन्। बहुविवाह गरेर दुःख दिएको भन्दै नौ उजुरी परेकोमा सात घटनाका आरोपितले सफाइ पाए भने अरु कानुनी प्रक्रियामै छन्। घरेलु हिंसाका घटनाहरूमा दुवै पक्षलाई सँगै राखेर प्रहरीले मिलापत्र गराउने गरेको र बहुविवाहका घटनालाई कानुनी प्रक्रियाको लागि अदालत पठाउने गरिएको छ। आपराधिक घटनामा प्रहरीको मिलेमतोमा पीडकले उन्मुक्ति पाउने गरेको देखिँदैन। नागरिकता र जन्मदर्ता नपाएका पीडितले अधिकारकर्मी र प्रहरीको सहयोगमा न्याय पाउने गरेका छन्।

यो वर्ष रुकुम पश्चिममा घरेलु हिंसाका घटनामा २३, बलात्कारका घटनामा चार, यौन दुर्व्यवहारको घटनामा एक, बलात्कार प्रयासको घटनामा एक र बहुविवाहका घटनामा चार जना गरी ३३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यौन दुर्व्यवहार घटनाका आरोपितलाई अदालतले साधारण तारेखमा रिहा गऱ्यो। त्यसैगरी बलात्कार घटनाका एक आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। दुई घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका आरोपितलाई प्रहरीले गिरफ्तार गरी वर्षको अन्त्यसम्म अनुसन्धान गरिरहेको छ।

घरेलु हिंसा

मुसीकोट नगरपालिका-११ भलाक्चाकी २३ वर्षीया चन्दीका पुनलाई २५ वर्षीय पति शिवकुमार वलीले पाइप र चिर्पटले मरणासन्न हुनेगरी कुटपिट गरेको भन्दै ०७८ साउन २३ गते प्रहरी, इन्सेक, ओरेक र महिला सञ्जाललाई न्यायको लागि सहयोग गर्न आग्रह गरिन्। जङ्गलबाट घाँस काटेर आउँदै गर्दा बाटोमा गएर घाँसको भारी फालिदिएर कुट्दै घरमा ल्याएको र घरमा ल्याइसकेपछि पाइप र चिर्पटले कुटपिट गरेको पीडितको भनाइ छ। पीडितको आग्रहपछि इन्सेक, ओरेक, महिला सञ्जाल र मुसीकोट नगरपालिकाको पहलमा जिल्ला प्रहरी कार्यालयमा ०७८ साउन २५ गते ज्यान मार्ने उद्योगमा मुद्दा दर्ता भयो। आरोपितलाई पीडितको मौखिक उजुरीको आधारमा साउन २० गते नै गिरफ्तार गऱ्यो। पीडितको शरीरमा धेरै नै चोट भएको हुँदा मुसीकोट नगरपालिकाको सहयोगमा इन्सेक, ओरेक र महिला संजालको पहलमा जिल्ला अस्पतालमा उपचार गरियो। आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत जिल्ला अदालतमा ०७८ भदौ १६ गते मुद्दा दर्ता भएकोमा न्यायाधीश विद्याराज पौडेलको सोही दिनको इजलासले आरोपितलाई १ लाख रुपियाँ क्षतिपूर्ति र ५ हजार रुपियाँ औषधि खर्च दिन आदेश दियो। सो रकम तिर्न नसकेपछि आरोपित कारागारमा नै रहे। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, चार नगर अस्पताल, २४ स्वास्थ्य चौकी, ४४ आधारभूत स्वास्थ्य केन्द्र, एक प्राथमिक स्वास्थ्य केन्द्र, १० सहरी स्वास्थ्य केन्द्र, १ सय ६ खोप केन्द्र र ६८ गाउँघर क्लिनिक रहेका छन्। जिल्लामा डेन्टिष्ट दरबन्दी एक, मेडिकल डाक्टरको दुई ओटा दरबन्दी रहेकामा डेन्टिष्ट दरबन्दीको दुई जना र मेडिकल दरबन्दीको एक जना, करारमा पाँच जनासहित आठ जना डाक्टर कार्यरत छन्। जिल्लामा चार विशेषज्ञ डाक्टरको दरबन्दी रहेकामा तीन रिक्त रहे। अहेवको ५६ दरबन्दी रहेकामा कार्यरत छन्। ६ जना स्टाफ नर्सको दरबन्दी रहेकामा सबै कार्यरत छन्। ३३ जना अनमीको दरबन्दी रहेकामा सबैमा कार्यरत छन्।

जिल्लामा ज्येष्ठ नागरिक बीमा ६ हजार ८ सय ९७ जनाले गरेको पाइयो। २० हजार ६ सय ९ जनाले स्वास्थ्य बीमा गरेका छन्। स्वास्थ्य बीमा गरेकाले रुकुम जिल्ला अस्पतालमा सहजै उपचार पाइरहेका छन्। जिल्ला अस्पताल, सल्लेबाट पूर्ण अपाङ्ग निःशुल्क उपचार सेवा १ सय ९ घरपरिवारले लिएका स्वास्थ्य सेवा कार्यालयका निमित्त कार्यालय प्रमुख विष्णु बेढाथोकीले बताए। एचआइभी एड्स पोजेटिभ ५३ घरपरिवारले निःशुल्क उपचार पाएका छन्।

जिल्लाका ६ ओटा स्थानीय तहले एक/एक कोभिड अस्पतालको स्थापना गरे। रुकुम पश्चिम जिल्लामा ३ हजार १ सय ८६ जना कोभिड सङ्क्रमित भए। ३४ जनाको मृत्यु भयो। कोभिडविरूद्धको खोप लगाउनेको सङ्ख्या ८२ हजार ४ सय ८ रहेको छ।

जिल्लाका ६ स्थानीय तहमा अस्पताल

निर्माणका लागि जग्गाको टुङ्गो लागेको छ । अस्पताल निर्माणको लागि ६ ओटै तहमा टेण्डर आव्हान भएको स्थानीय तहहरूले जानकारी दिए ।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	३	५	८
यौन दुर्व्यवहार		१	१
जम्मा	३	६	९

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार			२	२	४
बलात्कार प्रयास				१	१
यौन दुर्व्यवहार				१	१
बहुविवाह				४	४
घरेलु हिंसा	१	१९	२	१	२३
जम्मा	१	१९	४	९	३३

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२

६.९ सल्यान

जम्मा जनसङ्ख्या	२,३८,६६८
महिला	१,२३,७१५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	६९,६०५
कामका लागि बाहिरिएका	१४,२१३
अपाङ्गता भएका	६,२३३
५ वर्षमाथिको साक्षरता प्रतिशत	६४.०४
आश्रित जनसङ्ख्या	२०,१७४

यस वर्ष सल्यान जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा एक जना र ज्यादतीका घटनामा अन्य पक्षबाट ५४ जना महिला र तीन जना पुरुषसहित ५७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। एक जनाको जेलमा मृत्यु भयो भने सात जनाको अन्यपक्षबाट हत्या भएको इन्सेकले अभिलेख राख्यो।

कारागार र बन्दी

कारागारको क्षमता ४५ जनाको छ। कारागारमा कैदीबन्दी १ सय २९ जना छन्। महिला २४ र पुरुष १ सय ५ रहेका छन्। कारागारमा आश्रित बालक तीन जना छन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एकजना स्वास्थ्यकर्मी सिनियर अहेब दरबन्दी रहेकोमा अहिले सो दरबन्दी रिक्त छ। कारागारमा १ सय २९ जना कैदीबन्दी रहेकामा सामान्य मानसिक रोगी एक जना छन्। ६० वर्ष नाघेका तीन जना ज्येष्ठ नागरिक (पुरुष एक जना र महिला दुई जना) रहेको जिल्ला कारागारका प्रमुख बलबहादुर केसीले बताए।

कारागारमा मृत्यु

जिल्ला कारागार सल्यानमा कैद जीवन बिताइरहेका ८४ वर्षीय जीवलाल बोहराको ०७७ फागुन २२ गते जिल्ला अस्पताल, सल्यानमा उपचारका क्रममा मृत्यु भयो। कमजोरीले थला परेपछि एक हप्ता अघिदेखि जिल्ला अस्पतालमा उपचार गरिरहेका बोहराको फागुन २२ गते मृत्यु भएको जेलर बलबहादुर केसीले जानकारी दिए। जिल्ला प्रहरी कार्यालय सल्यानका इन्स्पेक्टर लक्ष्मण वलीले कानुनी प्रक्रिया पूरा गराएर शव सोही दिन परिवारको जिम्मा लगाइएको बताए। कपुरकोट गाउँपालिका-४ धनबाङ निवासी बोहराविरुद्ध बलात्कार गरेको अभियोगमा जिल्ला अदालत सल्यानले ०७२ सालमा आठ वर्ष कैद सजायको फैसला गरेको थियो। फैसलापछि फरार रहेका बोहरा ०७७ माघ ७ गतेबाट कारागारमा कैद भुक्तान गर्दै थिए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ५८ थानमध्ये ८६ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३ सय १२ मध्ये १ सय ९३ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा १३ थान

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
जेलमा मृत्यु		१	१			
हत्या				४	३	७
बाल अधिकार	बेचबिखन तथा ओसारपसार			१		१
	बलात्कार			१५		१५
	यौन दुर्व्यवहार			५		५
	बालविवाह			१		१
	जम्मा			२२		२२
महिला अधिकार	बलात्कार			२		२
	बलात्कार प्रयास			२		२
	बहुविवाह			७		७
	'बोक्सी'को आरोप			४		४
	घरेलु हिंसा			१३		१३
	जम्मा			३८		३८
जम्मा		१	१	५४	३	५७

छन् भने देवानी मुद्दा १४ थान बाँकी छ।

बाल अधिकार

शिक्षाको अवस्था

सल्यान जिल्लामा ४ सय ९३ विद्यालय छन्। जसमध्ये जिल्लामा सामुदायिकतर्फ ३ सय ५७ आधारभूत र ८५ मावि गरी ४ सय ४२ छन् भने संस्थागततर्फ ४२ आधारभूत र नौ मावि गरी ५१ विद्यालय छन्। स्थायी दरबन्दीमा १ हजार ५० र राहत ५ सय ५२ गरी १ हजार ६ सय २ शिक्षक कार्यरत छन्। यस वर्ष ३८ हजार ४ सय ४२ बालक र ३८ हजार १ सय ६५ बालिका भर्ना भए। जसमा अपाङ्गता भएका बालिका र बालकको तथ्याङ्क छैन। जिल्लामा अपाङ्गतामैत्री विद्यालय कति छन् भन्ने एकिन तथ्याङ्क छैन। द्वन्द्वपीडित परिवारका २८ जना बालबालिकाले ४ लाख ३४ हजार रुपियाँ छात्रवृत्ति पाएका छन्। दलित, अपाङ्गलाई नि:शुल्क शिक्षाको व्यवस्था गरिएको छ। पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा तथा समन्वय इकाइका प्रमुख लालबहादुर घर्तीले बताए। यस वर्ष जिल्लाभर ६ हजार ८ सय ५९ दलित बालक र ७ हजार ६० दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारमा गएका परिवारका २३ जना बालबालिकाले २ लाख ८ हजार रुपियाँ छात्रवृत्ति पाए।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा पाँच जना, बलात्कारका घटनामा १५ जना, बालविवाहका घटनामा एक जना बालिका र बेचबिखन घटनामा एक जना गरी २२ जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालतले दुई बलात्कारका घटनाका आरोपितलाई कैदको फैसला सुनायो भने नौ घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। एउटा घटनाका आरोपितले आत्महत्या गरेकाले थप कारवाही भएन। एउटा घटनाका आरोपितलाई अदालतले बाल सुधार गृहमा पठायो। चार ओटा घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

यौन दुर्व्यवहारको एउटा घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका आरोपितलाई अदालतले बाल सुधार गृहमा पठायो। एक घटनाका आरोपितलाई प्रहरीले गिरफ्तार गरी वर्षको अन्त्यसम्म अनुसन्धान राख्यो। बलात्कारको एक घटनाको मुद्दालाई अदालतले यौन दुर्व्यवहारमा परिणत गरी सोही अनुसार मुद्दा लेखाएर ल्याउन भनेपछि पीडित पक्षले सोअनुसार नगरेकाले थप कारबाही अघि बढेन। बालविवाहको घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

बलात्कार, यौन दुर्व्यवहार

१३ वर्षीया बालिकालाई माघ ६ र ८ गते बलात्कार गरेको आरोपमा कालीमाटी गाउँपालिका-४ काल्चे निवासी ४३ वर्षीय डोरबहादुर वलीलाई इलाका प्रहरी कार्यालय, कालीमाटीको प्रहरी टोलीले माघ २१ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडित पक्षले माघ २० गते दिएको मौखिक उजुरीको आधारमा आरोपितलाई घरैबाट गिरफ्तार गरेको जिल्ला प्रहरी कार्यालय सल्यानका इन्स्पेक्टर लक्ष्मण वलीले बताए। प्रहरीले ०७७ फागुन १३ गते अदालतमा जबरजस्तीकरणी

अन्तर्गत मुद्दा दर्ता गरेकोमा न्यायाधीश कुलप्रसाद पाण्डेको इजलासले चैत २३ गते आरोपितलाई १८ वर्ष कैद र ६ लाख जरिबानाको फैसला गरेको जिल्ला अदालतका श्रेस्तेदार हेमन्त ज्ञवालीले बताए। बालिकाको स्वास्थ्य परीक्षण माघ २१ गते स्वास्थ्य सेवा कार्यालय, सल्यानमा भयो।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसाका कारण पीडित भएको भन्दै ४० जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। उजुरीमध्ये कुटपिट गरी घर निकाला गरिएका चार घटनाका महिलाहरू पुन: घर फर्किसकेका छन्। सेवा केन्द्रमा आएका उजुरी मध्ये ३३ घटना मिलापत्र भएको र दुई घटना अदालतमा पठाइएको छ। नागरिकता, विवाह दर्ता र जन्म दर्ता सम्बन्धीको एक उजुरी आएको महिला सेलका प्रहरी जवान पुष्पा शाहीले बताइन्।

यो वर्ष सल्यानमा घरेलु हिंसाका घटनामा १३, बलात्कारका घटनामा दुई, बलात्कार प्रयासका घटनामा दुई, बोक्सीको आरोपमा चार र बहुविवाहका घटनामा सात जना गरी २८ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अदालतले बलात्कारका दुवै घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। बलात्कार प्रयासका दुवै घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बहुविवाहका दुई घटनाका दुई/दुई जना आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। तीन घटनाका आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एक घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा र अर्की आरोपितलाई १ लाख १८ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, सात सामुदायिक स्वास्थ्य इकाइ, ४५ स्वास्थ्य चौकी, ३५ आधारभूत स्वास्थ्य सेवा केन्द्र, दुई प्राथमिक स्वास्थ्य केन्द्र, चार शहरी स्वास्थ्य केन्द्र, १ सय ७१ गाउँघर क्लिनिक रहेका छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा ६ जना विशेषज्ञको दरबन्दीमा ६ जनाकै दरबन्दी रिक्त छ। आठ जना स्टाफ नर्सको दरबन्दीमा ६ पद रिक्त, अनमी तीन जनाको दरबन्दीमा एक जना कार्यरत छन्। जिल्लामा स्वास्थ्य बीमा कार्यक्रम लागु भइनसकेको स्वास्थ्य सेवा कार्यालय,सल्यानका प्रमुख दशरथ श्रेष्ठले बताए। स्वास्थ्य बिमा तथा ज्येष्ठ नागरिक बीमा हालसम्म सुरू नभएको अस्पतालले जनाएको छ। सल्यान जिल्लामा कोभिड-१९ बाट सङ्क्रमित हुनेहरूको सङ्ख्या १ हजार ९ सय ८५ रहेको छ। निको हुनेहरूको सङ्ख्या १ हजार ५ सय ७८ रहेको छ। कोभिड सङ्क्रमणका कारण ४४ जनाको मृत्यु भयो।

सङ्घीय सरकारले ०७७ मङ्सिर १५ गते शिलान्यास गरेको स्थानीय तहका अस्पतालमध्ये ६ अस्पताल निर्माण कार्य भइरहेको छ । जसअन्तर्गत छत्रेश्वरी गाउँपालिका, कपुरकोट गाउँपालिका, दार्मा गाउँपालिका, शारदा नगरपालिका, कालिमाटी गाउँपालिका र कुमाखगाउँपालिकामा अस्पताल निर्माणको काम भइरहेको छ भने बनगाड कुपिण्डे नगरपालिका, बागचौर नगरपालिका र शिद्धकुमाख गाउँपालिकामा टेन्डर प्रक्रियामा अगाडि बढ्न सकेको छैन।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्यायएका	जम्मा
बेचबिखन तथा ओसारपसार		१		१
बलात्कार	२	५	८	१५
यौन दुर्व्यवहार		२	३	५
बालविवाह			१	१
जम्मा	२	८	१२	२२

महिला अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार				२	२
बलात्कार प्रयास				२	२
बहुविवाह			३	४	७
'बोक्सी'को आरोप				१	१
घरेलु हिंसा	१	७		५	१३
जम्मा	१	७	३	१४	२५

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	५	७

६.१० सुर्खेत



जम्मा जनसङ्ख्या	४,१७,७७६
महिला	२,१५,७४०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,०४,४५२
कामका लागि बाहिरिएका	२३,१५७
अपाङ्गता भएका	१०,२५१
५ वर्षमाथिको साक्षरता प्रतिशत	७३.१२
आश्रित जनसङ्ख्या	१,७३,२५८

यस वर्ष सुर्खेत जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा १२ जना र ज्यादतीका घटनामा अन्य पक्षबाट ५७ जना महिला र पाँच जना पुरुषसहित ६२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। कुटपिटका घटनामा नौ जना पीडित भए। यो वर्ष एक जनाको हत्या भएको र दुई जना घाइते भएका घटना अभिलेखित छ।

विष्फोटमा घाइते

दैलेख जिल्ला गुराँस गाउँपालिका-६ दैलेखकी २१ वर्षीया लीला नेपाली र उनका १५ वर्षीय भाइ नरेश नेपाली ०७८ कात्तिक ६ गते वीरेन्द्रनगर नपा-७ कटकुवा सामुदायिक वनमा घाँस काट्ने क्रममा बम विस्फोटनमा परी घाइते भए। पीडितहरूको उद्धार गरी स्थानीयवासी र नेपाली सेनाले देउती नर्सिङ्ग होम र आँखा अस्पताल वीरेन्द्रनगरमा उपचार गराए। विष्फोटनमा लीला सामान्य घाइते भए पनि नरेशको दाहिने आँखाको ज्योति गुम्यो। घटनास्थल नेपाली सेनाको नयाँ सबुज गण नजिकै रहेको कटकुवा सामुदायिक वनमा पर्दछ। घटनास्थल नेपालीको सेनाको फायरिङ स्थल रहेकाले उक्त विष्फोटक पदार्थ नेपाली सेनाको भएको इन्सेकको अगुवाइमा कात्तिक ११ र १२ गते गरिएको स्थलगत अनुगमन प्रतिवेदनमा उल्लेख छ। राज्यसँग प्रत्यक्ष जोडिएको यस घटनाका घाइतेलाई राज्यले यथाशसक्य उचित उपचार, राहत, उच्च शिक्षा, रोजगार तथा क्षतिपूर्ति दिनेतर्फ कदम चाल्न स्थलगत अनुगमन टोलीले नेपाल सरकारलाई सुझाव दिएको थियो। यो वर्षको अन्त्यसम्म पीडितले राज्यपक्षबाट राहत तथा उपचार खर्च पाएनन्।

धम्की/कुटपिट

अन्यपक्षबाट

कर्णाली प्रदेश आयुर्वेद औषधालयमा कार्यरत ३८ वर्षीय डा. शङ्करप्रसाद रिजाल र ४० वर्षीय डा. यादवप्रसाद उपाध्यायलाई ०७८ जेठ २७ गते वीरेन्द्रनगर नपा-२ का १८ वर्षीय पवन अधिकारी, वीरेन्द्रनगर नपा-४ का १८ वर्षीय विवेक पुरी र १६ वर्षीय बालकले कुटपिट गरेको पीडित पक्षले आरोप लगायो। औषधालयको आइसोलेसनमा राखिएका कोभिड-१९ का बिरामीहरूको स्वास्थ्य परीक्षण गरेर आवास कक्षतर्फ जाँदै गर्दा मदिरा सेवन गरी मात्तिएका आरोपितहरूले कुटपिट गरेको पीडित पक्षले आरोप लगायो। कुटपिटबाट चोट लागेका दुवै जनाको उपचार औषधालयमै जेठ २७ गते भयो। पीडितले आरोपितहरूविरुद्ध जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा जेठ २८ गते किटानी उजुरी दिए। प्रहरीले

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट			३	३	१	५	६
घाइते		१	१	२			
हत्या					१		१
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार			७	७			
बाल अधिकार	बेचबिखन तथा ओसारपसार				१		१
	बलात्कार				५		५
	यौन दुर्व्यवहार				१		१
	जम्मा				७		७
महिला अधिकार	यौन दुर्व्यवहार				२		२
	घरेलु हिंसा				४६		४६
	जम्मा				४८		४८
जम्मा		१	११	१२	५७	५	६२

आरोपितहरूलाई जेठ २८ गते घरबाटै गिरफ्तार गरी आरोपितहरू विरुद्ध असार ३ गते जिल्ला प्रशासन कार्यालय, सुर्खेतमा सार्वजनिक मुद्दा दायर गऱ्यो। जिल्ला प्रशासन कार्यालयले आरोपितहरूलाई जनही ५/५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गऱ्यो।

कारागार र बन्दी

कारागारको क्षमता १ सय जनाको छ। कारागारमा महिला ४५ र पुरुष ३ सय २८ गरी ३ सय ७३ जना कैदीबन्दी छन्। कारागारको क्षमता महिला ३० र पुरुष ७० जनाको हो। कारागारमा आश्रित चार जना बालक र एक जना बालिका छन्। कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि एकजना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा हाल रिक्त रहेको छ। कारागारमा सामान्य मानसिक रोगी १० जना छन्। कारागारमा दीर्घरोगी छैनन्। क्षमता भन्दा बढी कैदीबन्दी हुँदा समस्या भएको जिल्ला कारागार प्रमुख लक्ष्मी खरेलले बताइन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

उच्च अदालत

सात जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत, सुर्खेतमा यस वर्षका लागि दुनियावादी देवानीका ५१ थान, दुनियावादी फौजदारीका २२ थान, सरकारवादी फौजदारीका ३ सय ८४ थान र सुरु क्षेत्राधिकारका पाँच थान मुद्दा जिम्मेवारी सरेका थिए। ०७७ पुस १७ देखि ०७८ पुस १६ गतेसम्म फौजदारी मुद्दाको सरकारवादीतर्फ १ सय ३५ थान मुद्दा परे। अघिल्लो वर्षका जिम्मेवारी सरेकासमेत १ सय ८७ थान मुद्दा फैसला भएको सूचना अधिकारी सरोजनिधि वाग्लेले बताए।

जिल्ला अदालत

दुई जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ २ सय ४७ थानमध्ये १ सय ९७ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २ सय ५९ थानमध्ये २ सय १ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा १७ थान छन् भने देवानी मुद्दा नौ थान बाँकी छन्।

बाल अधिकार

यस जिल्लामा ८३ आधारभूत र १ सय ८ मावि छन्। २ हजार ८७ शिक्षक दरबन्दी छ। यस वर्ष ३९ हजार ८ सय ४३ बालक र ७० हजार ३ सय ४ जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका १ सय ६९ बालिका र २ सय २६ बालक भर्ना भए। यस वर्ष १६ हजार ६ सय ६९ छात्रा र १९ हजार पाँच सय ५९ छात्र छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालयमध्ये सिद्धबहिरासहित १० ओटा छन्। यो वर्ष द्वन्द्वपीडित परिवारका ९४ जना बालकालिकाले छात्रवृत्ति पाए। शहीद परिवारका ९७ जना बालबालिकाले ५ लाख ३९ हजार रुपियाँ र द्वन्द्व पीडित परिवारका १ सय १३ जना बालबालिकाले ४ लाख ५८ हजार रुपियाँ छात्रवृत्ति पाए।

यस वर्ष यौन दुर्व्यवहारको घटनामा एक जना,

बलात्कारका घटनामा पाँच र बेचबिखन घटनामा एक जना गरी सात जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहार घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। जिल्ला अदालतले दुई ओटा बलात्कार घटनामा आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। एउटा घटनाका आरोपितलाई अदालतले अभिभावकको जिम्मामा पठायो। एउटा घटनाका नौ जना आरोपितलाई अदालतले १/१ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

जिल्ला प्रहरी कार्यालय सुर्खेतमा ५ सय २८ घरेलु हिंसासँग सम्बन्धित उजुरी दर्ता भएका छन्। जसमध्ये ३ सय ९६ उजुरीमा मिलापत्र भयो। ६१ उजुरी अदालती प्रक्रियामा गएका छन्। ६९ घटना बाँकी रहेका छन्। अदालतमा गएका मध्ये ४४ टुङ्गिएको महिला बालबालिका सेवा केन्द्रका असई अशोक शाहीले बताए।

यस वर्ष घरेलु हिंसाका घटनामा ४६ जना र यौन दुर्व्यवहारका घटनामा दुई पीडित भए। यौन दुर्व्यवहार घटनाका तीन जना आरोपितलाई जनालाई जिल्ला अदालतले पुर्पक्षको लागि थुनामा पठायो।

बलात्कारपछि हत्या

लेकबेसी नगरपालिका-१ ढापखर्कको सात वर्षीया मनिषा सुनारको ०७८ कात्तिक २१ गते बलात्कार गरी हत्या गरेको आरोपमा सोही ठाउँका २१ वर्षीय सन्तोष सुनार, १९ वर्षीय विक्रम सुनार र १५ वर्षीय बालकलाई प्रहरीले कात्तिक २४ गते गिरफ्तार गऱ्यो। पीडित पक्षले आरोपितहरूविरुद्ध कात्तिक २३ गते इलाका प्रहरी कार्यालय, छिन्चुमा उजुरी दियो। पीडित बालिका कात्तिक २१ गते साँझ घरनजिकैको पसलमा सामान किन्न गएकोमा नफर्किएपछि परिवारले इलाका प्रहरी कार्यालय, लेकबेसीमा मौखिक जानकारी दिएको थियो । प्रहरीले कात्तिक २२ गते घरदेखि पाँच सय मिटर उत्तरपूर्व रहेको खरबारीमा घाँटी रेटिएको अवस्थामा बालिकाको शव फेला पारेको जिल्ला प्रहरी कार्यालयका एसपी पदमबहादुर विष्टले बताए । जिल्ला अदालतले आरोपितद्वयलाई थुनामा र अर्का आरोपित १५ वर्षीय बालकलाई बाल सुधार गृहमा पठाउने आदेश दियो ।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, ४७ स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र तीन, १९ नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारीस्तरको प्रदेश अस्पतालमा ७६ जना विशेषज्ञको दरबन्दीमा ६७ जनाको दरबन्दी रिक्त छ। १ सय १२ जना स्टाफ नर्सको दरबन्दीमा ८७ खाली, ६ जना बिदामा बसेको, अनमी ६ जनाको दरबन्दी रहेकोमा सबै कार्यरत रहेको अस्पतालका सूचना अधिकारी बिनोद बस्नेतले बताए।

प्रदेश सरकार मातहत रहेको अस्पातालमा प्रदेश लोक सेवा आयोगबाट पदपूर्ति नहुँदा कर्मचारी अभाव भयो। अन्य मानवीय स्रोत, साधनको अधिकतम उपयोग गरी सरकारले प्रदान गर्ने गरिब तथा अन्य समुदायको निःशुल्क उपचार पाउने अधिकार लागु गर्ने प्रयास गरेको पाइयो।

जिल्लामा ५५ हजार आठ सय ५७ जनाले स्वास्थ्य बिमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बिमा कार्यक्रमअन्तर्गत पनि २२ हजार पाँच सय ४२ जनाको बिमा गरिएको स्वास्थ्य बिमा बोर्ड कर्णाली प्रदेशका प्रमुख अर्जुन पण्डितले बताए। स्वास्थ्य बिमा तथा ज्येष्ठ नागरिक बिमा तथा त्यसको प्रयोग तथा दुरुपयोग नभएको उनको भनाइ छ।

जिल्लामा अस्थायी कोभिड अस्पताल निर्माण गरिएको छ भने, प्रदेश अस्पतालस्थित कोभिड अस्पताल छुट्टै भवनमा व्यवस्थित गरिएको छ। त्यहाँ बेड, अक्सिजन पाइप, आइसीयू, भेन्टिलेटर सहितको व्यवस्था गरिएको छ।

सङ्घीय सरकारद्वारा २०७७ मङ्सिर १५ गते शिलान्यास गरिएका आधारभूत अस्पतालको निर्माण कार्य पूरा नभएको जनस्वास्थ्य सेवा कार्यालय, सुर्खेतका प्रमुख चेतननिधि वाग्लेले जानकारी दिए। ग्रामीण क्षेत्रमा आधारभूत स्वास्थ्य सेवा पुऱ्याउने गरी नौ वटा स्थानीय तहमा १५ शैयाको अस्पतालको निर्माण कार्य अघि बढाइएको थियो। यद्यपि, वीरेन्द्रनगर नगरपालिकाले वडा नं. ६ मा ०७८ साउन ४ गतेदेखि नगर अस्पताल सञ्चालनमा ल्याएको छ। अस्पतालमा दुई जना डाक्टरसहित १९ जना स्वास्थ्यकर्मी कार्यरत रहेका छन्।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार		१		१
बलात्कार	१		४	५
यौन दुर्व्यवहार		१		१
जम्मा	१	२	४	७

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
यौन दुर्व्यवहार			१	१
घरेलु हिंसा	३९	१	१६	४६
जम्मा	३९	१	१७	४७

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

लुम्बिनी प्रदेश

- क्षेत्रफल : १५,७३७ वर्ग कि.मि.
- जनसङ्ख्या : ५१,२४,२२५
- साक्षरता प्रतिशत : ६७.६७
- जिल्ला : १२
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : २६
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ५२
- उपमहानगरपालिका : ४
- नगरपालिका : ३२
- गाउँपालिका : ७३
- कूल वडा सङ्ख्या : ९८३

लुम्बिनी प्रदेश परिचय ५

यस वर्ष लुम्बिनी प्रदेश सरकारले समृद्ध लुम्बिनी आत्मनिर्भर प्रदेश नीति लिएको छ। वर्षको अन्त्यसम्म प्रदेश सभाले ६७ ओटा विधेयक तथा कानुन पारित गरेको छ। जसमा बालबालिकाको हक अधिकार र संरक्षणसम्बन्धी विधेक र वातावरण संरक्षणसम्बन्धी विधेयक पनि रहेका छन्।

यस वर्ष लुम्बिनी प्रदेशअन्तर्गत जनता आवास कार्यक्रम मार्फत २ हजार १ सय १६ आवास निर्माण गरी हस्तान्तरण गरिएको पर्यटन ग्रामीण तथा शहरी विकास मन्त्रालय, बुटवलका जनता आवास कार्यक्रम फोकल पर्सन चुडामणि गौतमले बताए।

कोरोना भाइरस सङ्क्रमण नियन्त्रण, रोकथाम तथा उपचारका लागि लुम्बिनी प्रादेशिक अस्पताल, बुटवल, भीम अस्पताल, भैरहवा, राप्ती प्रादेशिक अस्पताल, दाङ, भेरी अस्पताल नेपालगञ्ज गरी चार ओटा कोभिड अस्पताल निर्माण गरिएको छ। लुम्बिनी प्रदेशमा यस वर्षको अन्त्यसम्म सङ्क्रमितमध्ये २ हजार ३ सय ९३ जनाको मृत्यु, २० जना उपाचारत र १ लाख १७ हजार १ सय ५४ जना सङ्क्रमण मुक्त भएका छन्।

प्रति स्थानीय सरकार एक अस्पताल कार्यक्रम अन्तर्गत यस वर्ष यस प्रदेशभित्र ५० ओटा अस्पताल भवनको शिलान्यास गरिएकोमा ३६ ओटा अस्पतालको निर्माण कार्यको सुरुआत भएको छ।

सन् २०२१ मा यो प्रदेशमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा १ हजार ७ सय ८६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। गिरफ्तारीका घटनामा तीन जना, महिला अधिकार उल्लङ्घनका घटनामा १ हजार २ सय ८४ जना, हत्याका घटनामा ४५ जना, बाल अधिकार उल्लङ्घनका घटनामा २ सय ९५ जना पीडित भएको अभिलेख छ।

सन् २०२१ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



५.१ रुकुम पूर्व

जम्मा जनसङ्ख्या	५७,९६२
महिला	२९,७३६
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	उपलब्ध नभएको
कामका लागि बाहिरिएका	उपलब्ध नभएको
अपाङ्गता भएका	उपलब्ध नभएको
५ वर्षमाथिको साक्षरता प्रतिशत	६२.०९
आश्रित जनसङ्ख्या	उपलब्ध नभएको

यस वर्ष रुकुम पूर्व जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा अन्य पक्षबाट १३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना र महिला अधिकार उल्लङ्घन घटनामा सात जना पीडित भए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतबाट फौजदारी मुद्दातर्फ ३७ थान मध्ये १० थान मुद्दा फैसला भए भने २७ थान मुद्दा फैसला हुन बाँकी रहे। देवानी मुद्दातर्फ ९१ थान मध्ये ५० थान मुद्दा फैसला भए भन ४१ थान मुद्दा फैसला हुन बाँकी रहे। एक वर्ष नाघेका फौजदारी मुद्दा तीन थान र देवानी मुद्दा दुई थान रहेका छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ९१ आधारभुत र २५ माध्यमिक विद्यालय छन्। ५ सय ४१ शिक्षक दरबन्दी रहेकामा प्रावि तर्फ ३ सय १२, निमावी तर्फ ६७ र मावि तर्फ ५३ दरबन्दी रहेकोमा सबै कार्यरत छन्। यस वर्ष ९ हजार ५ सय ४ जना बालक र ९ हजार ८ सय ८९ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ५१ बालिका र ५१ बालक छन्। जिल्लामा एक ओटा अपा मैत्री विद्यालय छ। द्वन्द्वपीडित परिवारका बालबालिकाले पाउने छात्रवृत्तिका लागि यसवर्ष निवेदन नै नआएको शिक्षा विकास समन्वय इकाईका प्रमुख तिलक गौतमले बताउनुभयो। यस वर्ष जिल्लाभर २ हजार ५ सय २६ जना दलित बालक र २ हजार ५ सय २९ जना दलित बालिका विद्यालय भर्ना भए। दलित विद्यार्थी मध्ये २ हजार २६ छात्रा र १ हजार ६ सय ६५ छात्रले छात्रवृत्ति पाए। सरकारले कक्षा १२ सम्म नि:शुल्क शिक्षाको व्यवस्था गरेकोमा केही केही विद्यालयमा अभिभावकको स्वेच्छिक चन्दा तथा विद्यालयलाई सहयोग भनेर शुल्क लिने गरेको शिक्षा तथा समन्वय इकाई प्रमुख तिलक गौतमले बताए।

यस वर्ष रुकुम पूर्व जिल्लामा बलात्कार घटनामा पाँच जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा बलात्कार घटनाका चार जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई अभिभावकको जिम्मा लगायो।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भएको भन्दै सात जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ

घटनाको प्रकार		अन्यपक्षबाट	
		महिला	जम्मा
हत्या		१	१
बाल अधिकार	बलात्कार	५	५
	जम्मा	५	५
महिला अधिकार	घरेलु हिंसा	७	७
	जम्मा	७	७
कूल जम्मा		१३	१३

नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घर निकाला गरिएका चार र सामान्य घरायसी झगडाका तीन उजुरी रहेका छन्। जसमध्ये ६ उजुरीमा मेलमिलाप भयो भने एक उजुरी कानुनी प्रक्रियामा पठाएको जिल्ला प्रहरी कार्यालयका महिला सेवा केन्द्रकी प्रहरी केशरीकला पुनले बताइन्।

यो वर्ष रुकुम पूर्वमा घरेलु हिंसाका सात जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये ६ घटनामा मेलमिलाप भयो भने एक घटनामा कानुनी प्रक्रिया गएको छ।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक जिल्ला अस्पताल, १५ स्वास्थ्य चौकी, एक प्राथमिक स्वास्थ्य केन्द्र, २३ आधारभूत स्वास्थ्य केन्द्र र ३९ खोप केन्द्र रहेका छन्। जिल्लामा एक डाक्टरको दरबन्दी रहेकामा दरबन्दीको एक जना र करारमा एक जना सहित दुई जना डाक्टरहरू कार्यरत छन्। जिल्लामा विशेषज्ञ डाक्टरको दरबन्दी आठ ओटा रहेकोमा सबै रिक्त छ। अहेबको ३३ दरबन्दी रहेकामा सबै कार्यरत छन्। जिल्लामा स्टाफ नर्सको पाँच ओटा दरबन्दी रहेकामा सबै कार्यरत छन्। अनमिको ३३ दरबन्दी ३३ रहेकोमा सबै सबै कार्यरत छन्। जिल्लामा ज्येष्ठ नागरिक बिमा १ हजार ३७ जनाले गरे। जिल्ला अस्पतालमा ज्येष्ठ नागरिकलाई निःशुल्क उपचार गरिँदै आएको अस्पतालका सूचना अधिकारी डिल्ली केसीले बताए। जिल्लामा हालसम्म ६ हजार ३ सय ८८ जनाले स्वास्थ्य विमा गरेका छन्। स्वास्थ्य बिमा गरेका जटिल समस्या भएकालाई बाहिर पठाउनु परेमा रुकुम पश्चिम जिल्ला अस्पताल सल्ले, चौरजहारी मिसन अस्पताल रुकुम पश्चिम, नेपालगञ्ज मेडिकल कलेज शिक्षण अस्पताल कोहलपुर र भेरी अस्पताल नेपालगञ्जमा पठाउने गरिएको छ। जिल्ला अस्पतालले ७१ प्रकारका औषधि निशुःल्क वितरण गर्ने गरेको छ। जिल्ला अस्पतालले सेवाग्राही सजिलोका लागि एम्बुलेन्सको पनि व्यवस्था गरेको छ।

रुकुम पश्चिम जिल्लामा अहिलेसम्म ५ सय ७८ जना कोरोना सङ्क्रमित भए। जिल्लामा कोभिड विरुद्धको खोप लगाउनेको सङ्ख्या २५ हजार ९ हजार १८ जना रहेको छ भने कोरोना सङ्क्रमणबाट १३ जनाको मृत्यु भएको कोरोना फोकल पर्सन निमप्रसाद गिरीले बताए।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	४	४
जम्मा	४	४

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	६	१	७
जम्मा	६	१	७

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

५.२ रोल्पा



जम्मा जनसङ्ख्या	२,३६,२२६
महिला	१,२५,२६०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५७,५०४
कामका लागि बाहिरिएका	२३,५९७
अपाङ्गता भएका	७,४५८
५ वर्षमाथिको साक्षरता प्रतिशत	९८.३
आश्रित जनसङ्ख्या	१,१३,९०३

यस वर्ष रोल्पा जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा अन्य पक्षबाट ११ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना र महिला अधिकार उल्लङ्घन घटनामा आठ जना पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता ५० जनाको छ। कारागारमा कैदी/बन्दी र थुनुवा १ सय ११ जना छन्। जसमा सात महिला र १ सय ४ जना पुरुष रहेका छन्। कारागारको क्षमता महिला १५ र पुरुष ३५ हो। कैदी/बन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एक दरबन्दी रहेकोमा सेवा प्रदान गरिरहेका छन्। कारागारमा दुई जना कैदी/बन्दीहरू जटिल मानसिक रोगको औषधि उपचार गराइ रहेका छन्। ६० वर्ष नाघेका चार जना ज्येष्ठ नागरिक (पुरुष) रहेको जिल्ला कारागार प्रमुख जेलर यामलाल वलीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ३९ थानमध्ये आठ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ सय ३५ थान मध्ये ५६ थान मुद्दा फैसला भए। अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा सात थान छन् भने देवानी मुद्दा २७ थान बाँकी छ। अदालतले १० जना कर्मचारी करारमा नियुक्त गरेको छ।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ७३ सामुदायिक विद्यालय र संस्थागततर्फ ६ आधारभूत विद्यालय रहेका छन्। सामुदायिकतर्फ ८७ र संस्थागततर्फ पाँच माध्यमिक विद्यालय छन्। दरबन्दी र राहत गरी १ हजार ३ सय ३१ शिक्षक दरबन्दी रहेकामा सबै कार्यरत छन्। अन्य तथ्याङ्क गाउँपालिकाबाट हालसम्म शिक्षा इकाइसम्म आइनपुगेको शिक्षा इकाइ, रोल्पाले बताए।

यस वर्ष रोल्पामा बलात्कार घटनामा तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा बलात्कार घटनाका तीन जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो।

घटनाको प्रकार		अन्यपक्षबाट	
		महिला	जम्मा
बाल अधिकार	बलात्कार	३	३
	जम्मा	३	३
महिला अधिकार	बलात्कार	७	७
	बहुविवाह	१	१
	जम्मा	८	८
कूल जम्मा		११	११

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ४७ जना महिलाले जिल्ला प्रहरी कार्यालय महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। प्रहरीले ३१ ओटा घटना मेलमिलापमा टुङ्ग्यायो। नौ ओटा सम्बन्धित निकाय पठाएको र सबैजना पीडित सम्पर्कमा रहेका छन्। सात ओटा उजुरी बाँकी रहेको जिल्ला प्रहरी कार्यालय रोल्पा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रकी अम्बिका नेपालीले बताइन्।

यो वर्ष रोल्पामा बलात्कारका सात र बहुविवाहको एक गरी आठ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये बलात्कार प्रयास घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बलात्कार घटनाका पाँच जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने आठ जना आरोपितहरूमध्ये एक जनालाई १ लाख ५० हजार रुपियाँ, चार जनालाई जनही ६० हजार रुपियाँ, तीन जनालाई जनही ३० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। बहुविवाह घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२७ वर्षीय महिलालाई ०७८ साउन २० गते बलात्कार गरेको आरोपमा ५१ वर्षीय दुर्गे बिष्टविरुद्ध पीडित पक्षले साउन ४ गते इलाका प्रहरी कार्यालय सुलिचौरमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण साउन ४ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितलाई साउन ४ गते गिरफ्तार गऱ्यो। प्रहरीले अनुसन्धानको क्रममा वडा सदस्य ५८ वर्षीय हिमबहादुर बिष्ट, ४३ वर्षीय नविन बिष्ट, ६३ वर्षीय पुष्त बिष्ट, ७२ पर्षीया पूर्णबहादुर खड्का, ७३ वर्षीय चित्रबहादुर विष्ट, ४५ वर्षीय पुस्ते खड्का र अर्को एकजनालाई साउन ५ गते गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् साउन १३ गते जिल्ला अदालतमा जबरजस्ती करणीको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीशको साउन २० गतेको इजलासले आरोपित हिमबहादुर बिष्ट १ लाख ५० हजार, पुष्टबहादुर विष्ट, दुर्गे बिष्ट, नविन बिष्ट, पुस्ते खड्कालाई जनही ६० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो भने पूर्णबहादुर खड्का, चित्रबहादुर विष्ट र अर्का एकजना जनही ३०-३० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश गऱ्यो। एक आरोपित जिल्ला अदालत रोल्पाको ०७७ साउन २० गतेको आदेशले पुर्पक्षको लागि पठाएको जिल्ला अदालतका श्रेस्तेदार प्रेम खड्काले बताए। वडा सदस्यले घटना गाउँमै मिलापत्र गराए पनि आफूमाथि अन्याय भएको र आफू पीडित भएको भन्दै आफ्नो बाबुलाई भनेको र बाबुले प्रहरीमा उजुरी दिन सहयोग गरेपछि आरोपित र मिलापत्र गराउनेहरू बिरुद्ध प्रहरीमा उजुरी गरेको पीडित महिलाले बताइन्। गाउँमै मिलापत्र गराउँदा आरोपितले गल्ती स्वीकारेपछि २० हजार रुपियाँ जरिवाना तोकिएको थियो। २० हजार मध्ये ५ हजार रुपियाँ पीडितलाई दिने तथा बाँकी १५ हजार रुपियाँ गाउँमा रहेको एउटा कोषमा राख्ने निर्णय भएको खुलेको छ। पीडितले पाउने ५ हजार रुपियाँ मध्ये १ हजार १ सय रुपियाँ छलफलमा जुटेकाहरूले चिया खर्च राखिएको थियो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, ४९ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, पाँच नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा ११ जना डाक्टरको दरबन्दीमा तीन रिक्त छन्। सात स्टाफ नर्सको दरबन्दीमा तीन रिक्त छन्। अनमी पाँच जनाको दरबन्दीमा सबैजना कार्यरत छन्। जिल्लामा २७ हजार २ सय ९८ जनाले बिमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रममा पनि ५ हजनार ५ सय ४१ जनाको बीमा गरिएको छ।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	३	३
जम्मा	३	३

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१	५	७
बहुविवाह			१	१
जम्मा	१	१	६	८

५.३ प्यूठान

जम्मा जनसङ्ख्या	२,३१,८४८
महिला	१,२७,३८५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	७२,७५१
कामका लागि बाहिरिएका	३६,८५८
अपाङ्गता भएका	५,९३०
५ वर्षमाथिको साक्षरता प्रतिशत	९७.७७
आश्रित जनसङ्ख्या	१,१९,३६१

यस वर्ष प्युठान जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा अन्य पक्षबाट २७ जना महिला, १५ जना पुरुषसहित ४२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा सात जना, महिला अधिकार उल्लङ्घन घटनामा २०, कुटपिटका घटनामा १२ जना पीडित भए।

झडप

प्यूठान नगरपालिका- ७ मा स्वर्गद्वारी बहुमुखी क्यापसमा ०७८ मङ्सिर ७ गते नेपाली कांग्रेसका कार्यकर्ताबीच झडप हुँदा तरुण दलका जिल्ला उपाध्यक्ष स्वर्गद्वारी नगरपालिका- ६ का २८ वर्षीय कृष्ण बसेल, स्वर्गद्वारी नगरपालिका- १ का २४ वर्षीय कमल घर्तीमगर, नौवहिनी गाँउपालिका- ६ का २६ वर्षीय कुवेर पुन, २३ वर्षीय विनोद रिजाल, २५ वर्षीय श्रीधर केसी, २५ वर्षीय विजय रिजाल, २५ वर्षीय घनश्याम केसी, २४ वर्षीय पदम केसी, र प्यूठान नगरपालिका- ७ का ५५ वर्षीय खेमराज पण्डित घाइते भए। सोशी घटनामा सशस्त्र प्रहरी बलका सई बसन्त पण्डित, प्रहरी जवान चन्द्रबहादुर गाहामगर र झीमरुक गाँउपालिका- ४ का ३४ वर्षीय गोपाल जिसी घाइते भए। झडपमा घाइते भएका तरुण दलका जिल्ला उपाध्यक्ष कृष्ण बसेल, बिजय रिजाल, प्रहरी जवान चन्द्रबहादुर गाहामगरको रुपन्देहीको भैरहवा मेडिकल कलेज र सशत्र प्रहरी बलका सई बसन्त पण्डितको रुपन्देही जिल्लाको लुम्बिनी प्रादेशिक अस्पतालमा मङ्सिर ८ गते उपचार भयो। अन्य घाइतेहरूको जिल्ला अस्पताल, बिजुवारमा मङ्सिर ७ गते उपचार भएको प्रहरीले जनायो।

कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको छ। कारागारमा कैदी र थुनुवा गरी ८० जना छन्। जसमा १० महिला र ७० पुरुष रहेका छन्। कारागारमा आश्रित बालबालिका छैनन्। कारागारको क्षमता १० महिला र १५ पुरुष रहेको छ। कारागारमा पुरुषको सङ्ख्या कारागारको क्षमताभन्दा तीन गुणा बढी रहेको छ। कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्रीमा भलिबल, चेस, लुँडो र क्यारमबोर्ड र पुस्तकालयको राम्रो व्यवस्था गरिएको जेलर सूर्यबहादुर पन्तले बताए।

कैदी/बन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जना सिअहेवको दरबन्दी रहेकोमा रिक्त छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ५८ थान मध्ये ४० थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४ सय २५ थान मध्ये २ सय ८७ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा छैनन् भने देवानी १ सय ३८ थान मुद्दा बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ९७ आधारभूत र ८१ माध्यमिक विद्यालय छन्। १ हजार ५ सय ९ शिक्षक दरबन्दी रहेकोमा दुई दरवन्दी मिलान हुन बाँकी छ। यस वर्ष ४० हजार १ सय ७५ बालक र ४१ हजार १ सय ४५ बालिका विद्यालय भर्ना भए। जसमा अपा गता भएका २ सय ६६ बालिका र ३ सय ६ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय २ सय ८५ ओटा छन्। द्वन्द्व पीडित परिवारका आठ बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्ला भर ९ हजार ९ सय ५९ दलित बालक र १० हजार ४ सय १४ दलित बालिका विद्यालय भर्ना भए।

वैदेशिक रोजगारमा गएर मृत्यु भएका परिवारका १४ जना बालबालिकाले १ लाख ४४ हजार रुपियाँ छात्रवृत्ति पाए। द्वन्द्व पीडित परिवारका आठ बालबालिकाले १ लाख १२ हजार रुपैयाँ छात्रवृत्ति पाए। कोभिड - १९ ले विद्यालय क्षेत्रमा प्रभाव पारेको र बालबालिकालाई पठन पाठन गराउनको लागि बिकल्पको रूपमा अनलाइन शिक्षा, जोर बिजोर प्रणाली, शैक्षिक सामाग्री छपाई गरी वितरण, भर्चुवल मिटिङ, भर्चुवल कक्षा, जुम कक्षा लगायत सञ्चालन गरिएकोले प्रभावकारी रहेको इकाइ प्रमुख शिवराज पण्डितले बताए।

यस वर्ष प्युठानमा यौन दुर्व्यवहारका घटनामा तीन जना, बलात्कारका घटनामा चार जना गरी सात जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई कसुरदार ठहरको फैसला सुनायो। बलात्कार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा, दुई जना आरोपितहरूलाई बाल सुधार गृहमा पठायो भने एक जना आरोपित यो वर्षको अन्त्यसम्म प्रहरी हिरासतमा रहेका छन्।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

६ वर्षीया बालिकालाई ०७८ असार २ गते यौन दुर्व्यवहार गरेको भन्दै मल्लरानी गाँउपालिका-४ का २९ वर्षीय मनोज साहीविरुद्ध पीडित पक्षले असार २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। आरोपितलाई प्रहरीले असार २ गते घरबाट गिरफ्तार गऱ्यो। बालिकको स्वास्थ्य परीक्षण असार २ गते जिल्ला अस्पताल बिजुवारमा भयो। जिल्ला प्रहरी कार्यालयले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् आरोपितविरुद्ध साउन ४ गते जिल्ला अदालतमा यौन दुर्व्यवहारको अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको ०७८ साउन ४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश श्यामलाल घिमिरेको ०७८ साउन २६ गतेको आदेशले आरोपितलाई २ वर्ष ६ महिना कैद २५ हजार जरिवाना, १५ हजार क्षतिपूर्ति र ६ सय रुपियाँ पीडित राहत कोषमा जम्मा गर्ने गरी सजायको फैसला सुनाएको जिल्ला अदालतका सुचना अधिकृत तुलबहादुर गुरुङले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भएको भन्दै ४६ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिए। जसमा कुटपिट गरिएका १९, खान लगाउन नदिएको भन्दै १७ र सामान्य घरायसी झगडाका १० जनाले उजुरी दिए। यी मध्ये प्रहरीमा ३५ मेलमिलाप भएको र खानलगाउन नदिएको ६ र घरायसी झगडाका ४ गरी १० उजुरी कारबाही प्रक्रियामा गएको र समान्य घरायसी झगडा एक उजुरीकर्ता सम्पर्कमा नआएको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र प्रमुख असई विष्णाकुमारी चन्दले बताइन्।

यो वर्ष प्युठानमा घरेलु हिंसाका १५, बलात्कारमा तीन, र बलात्कार प्रयासका घटनामा दुई जना गरी २० जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये बलात्कार प्रयास घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा भने एक जना आरोपितलाई कसुरदार ठहरको फैसला सुनायो।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			१२	१२
हत्या			३	३
बाल अधिकार	बलात्कार	४		४
	यौन दुर्व्यवहार	३		३
	जम्मा	७		७
महिला अधिकार	घरेलु हिंसा	१५		१५
	बलात्कार	३		३
	बलात्कार प्रयास	१		१
	यौन दुर्व्यवहार	१		१
	जम्मा	२०		२०
कूल जम्मा		२७	१५	४२

बलात्कार घटनाका तीन जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३० वर्षीया महिलालाई ०७८ भदौ २१ गते बलात्कारको प्रयास गरेको भन्दै सरुमारानी गाउँपालिका- ३ का २९ वर्षीय हरिभैया मगरविरुद्ध पीडित पक्षले भदौ २२ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले भदौ २२ गते गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण भदौ २२ गते जिल्ला अस्पताल, बिजुवारमा भयो। जिल्ला प्रहरी कार्यालयले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् आरोपित विरुद्ध भदौ ३० गते जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको भदौ ३० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतको ०७८ कात्तिक २५ गतेको इजलासले आरोपितलाई ३ वर्ष कैद सजायको फैसला सुनाएको जिल्ला अदालतका सूचना अधिकृत तुलबहादुर गुरुङ बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, ४६ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। जिल्ला सरकारी अस्पतालमा सात जना विशेषज्ञको दरबन्दी रहेकोमा सबै रिक्त छ। ६ जना स्टाफ नर्सको दरबन्दीमा रहेकोमा सबै कार्यरत छन् भने अनमी चार जनाको दरबन्दीमा सबै कार्यरत छन्। जिल्लामा ४४ हजार १ सय ३९ जनाले स्वास्थ्य बिमा गरेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क विमामा ४ हजार ९ सय १५ जना, पूर्ण अपाङ्ग २ सय ६१ जना, अति गरिब परिवारका १६ हजार ३ सय ५७ जनाको विमा गरिएको छ। प्रत्येक स्थानीय तहमा २५ बेडको अस्पताल निर्माण गर्ने योजना गरेअनुसार माण्डवी गाँउपालिका, ऐरावती गाँउपालिका र मल्लरानी गाउँपालिकामा अस्पतालको यस वर्ष निर्माण कार्यको समेत प्रक्रिया सुरु हुन सकेन।

कोभिड- १९ बाट ३ हजार ६० जना सङ्क्रमित भए जसमध्ये ७१ जनाको मृत्यु भयो। हालसम्म कोभिड-१९ विरुद्धको खोप पूर्ण मात्रा लगाएका ५७ हजार ६ सय ७० जना र पहिलो मात्र मात्रा लगाएका १ लाख ४७ हजार ५ सय ३२ जना रहेको जिल्ला स्वास्थ्य कार्यालय, प्यूठानले जनायो।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१	३	४
यौन दुर्व्यवहार	१		२	३
जम्मा	१	१	५	७

महिला अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार			३	३
बलात्कार प्रयास	१			१
यौन दुर्व्यवहार			१	१
घरेलु हिंसा		१५		१५
जम्मा	१	१५	४	२०

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	२	३

५.४ गुल्मी



जम्मा जनसङ्ख्या	२,४६,८३६
महिला	१,३४,०४८
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	७१,३६५
कामका लागि बाहिरिएका	५८,५६१
अपाङ्गता भएका	७,६७१
५ वर्षमाथिको साक्षरता प्रतिशत	७२.६
आश्रित जनसङ्ख्या	१,२५,२२४

यस वर्ष गुल्मी जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा अन्य पक्षबाट ७८ जना महिला, तीन जना पुरुषसहित ८१ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ११ जना, महिला अधिकार उल्लङ्घन घटनामा ६३ जना, हत्याका घटनामा तीन र कुटपिटका घटनामा चार जना पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको पाँच महिला र २० पुरुष गरी २५ जनाको क्षमता रहेको छ। कारागारमा कैदी २४ पुरुष र ४० बन्दी तथा महिला कैदी ४ र बन्दी ४ जना गरेर ७२ जना रहेका छन्। ६५ वर्षमाथिका दुई ज्येष्ठ नागरिक पुरुष छन्। कारागारको क्षमताभन्दा तेब्बर कैदीबन्दी भएपछि व्यावस्थापनमा निकै चुनौती थपिएको छ। बिहान आधा/एक घण्टा शौचालयकै लागि कुर्नुपर्ने, आवास चुहिने लगायतका समस्या कारागारका छन्। वर्षातमा कैदी/बन्दी बस्ने बाहेक कार्यालयकै दुई कोठामा समेत पानी उम्रिएर बस्न नसक्ने, कागजपत्र भिज्ने लगायतका समस्या छन्। जिल्ला प्रशासन कार्यालय, नगरपालिका, मानव अधिकार आयोग, सर्वोच्च अदालत लगायतका निकायबाट कारागार अनुगमन र समस्याको बारेमा जानकारी लिए पनि समस्या समाधानमा कुनै पहल नभएको कारण कैदी/बन्दीमा मनोवैज्ञानिक रूपमा वितृष्णा पैदा भएको कारागारका नाइके यमबहादुर सूर्यवंशीले बताए। उपचारको लागि अस्पताल लैजान सुरक्षा चाहिने तर सुरक्षाकर्मीसहित उपचारका लागि अस्पताल र अदालतसम्म कैदीबन्दीसँग पुऱ्याउन कर्मचारी पनि नभएको कारण थप समस्या सृजना भएको कारागार प्रशासनले जनायो। कारागारमा भएका सबै कैदीबन्दी र कर्मचारीले खोप लगाएका छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधिश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ४० थान मध्ये १६ थान मुद्दा फैसला भई २४ थान बाँकी छन्। देवानी मुद्दातर्फ २ सय ४ थान मध्ये १ सय १६ थान मुद्दा फैसला भई ८७ थान मुद्दा बाँकी छ। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी र देवानी मुद्दा बाँकी छैनन्। गत बर्ष जिम्मेवारी सरेर आएका १ सय ८९ थान मुद्दा र यो बर्षका २ सय ४३ थान मुद्दा दर्ता गरेर

४ सय ३२ थान मुद्दा मध्ये कुल २ सय १६ थान मुद्दा फैसला भए।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ४ सय २० आधारभूत र १ सय ४५ माध्यमिक विद्यालय छन्। जिल्लामा ११ क्याम्पस, २४ सामुदायिक सिकाइ केन्द्र, १७ प्राविधिक तथा व्यवसायिक धारका विद्यालय, दुई मदरसा, एक गुरुकुल, ६ नमुना विद्यालयहरू रहेको शिक्षा तथा समन्वय इकाइ, गुल्मीका प्रमुख लोकनाथ मरासिनीले बताए।

यस वर्ष जिल्लामा ३४ हजार ८ सय ३९ छात्रा र ३४ हजार ९ सय ३९ जना छात्र विद्यालय भर्ना भए। जसमध्ये दलित १० हजार १ सय ८९ छात्र र ९ हजार ३ सय १४ छात्रा छन् भने अपाङ्गता भएका १ हजार ८ बालबालिका रहेका छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय २२ मावि र १५ आधारभुत विद्यालय छन्। द्वन्द्वपीडित परिवारका आठ जना बालबालिकाले १ लाख २० हजार छात्रवृत्ति पाएको मरासिनीले बताए।

यस वर्ष गुल्मीमा यौन दुर्व्यवहारका घटनामा एक जना, बलात्कारका घटनामा १० जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बलात्कार घटनाका आठ जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा, एक जना आरोपितलाई तारेखमा अभिभावकको जिम्मामा, एक जना आरोपितलाई १ लाख ५० हजार रुपियाँ धरौटी तारिखमा रिहा गर्ने आदेश दियो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष गुल्मीमा घरेलु हिंसा पीडित भन्दै ४८ जनाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा ३४ उजुरीमा मेलमिलाप, १० उजुरी अदालतमा गएको र चार उजुरीको काम बाँकी रहेको जिल्ला प्रहरी कार्यालय गुल्मीको महिला, बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रका असई बिष्णु केसीले बताए।

यो वर्ष गुल्मीमा घरेलु हिंसाका ५६, बलात्कार घटनाका तीन, बलात्कार प्रयास घटनाका दुई र बहुविवाह घटनाका दुई गरी ६३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये बलात्कार प्रयास घटनाका दुई जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बलात्कार घटनाका तीन जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने बहुविवाह घटनाका दुई आरोपितहरूलाई जिल्ला अदालतले १ वर्ष ३ महिना कैद, जनही १५ हजार रुपियाँ जरिवाना र विवाह बदरको फैसला सुनायो भने दुई आरोपितहरूलाई यो वर्षको अन्त्यसम्म प्रहरीले गिरफ्तार गरी अनुसन्धान प्रक्रियामै राखेको छ।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		३	१	४
हत्या		१	२	३
बालअधिकार	बलात्कार	१०		१०
	यौन दुर्व्यवहार	१		१
	जम्मा	११		११
महिला अधिकार	बलात्कार	३		३
	बलात्कार प्रयास	२		२
	बहुविवाह	२		२
	घरेलु हिंसा	५६		५६
	जम्मा	६३		६३
कूल जम्मा		७८	३	८१

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

सम्पति क्षति

मालिका गाउँपालिका-७ को वडा कार्यालय पहिचान नखुलेको समूहले ०७७ माघ ८ गते राति तोडफोड गरे। तोडफोडबाट कार्यालयका दुई कोठामा क्षति पुगेको, ल्यापटप चोरेर लगेको र सिसी भिडीको डिस्क निकाले फालेको वडाध्यक्ष बेदप्रसाद पन्थीले बताए।

मालिका गाउँपालिका- ७ घमिरका ४५ वर्षीय मुमानन्द लम्सालको चार रोपनी बारीमा लगाइएको केरा खेती ०७७ पुस २७ गते राति पहिचान नखुलेको समूहले फाडानी गऱ्यो। पीडित परिवारले पुस २८ गते वडा कार्यालय र मरभुङ प्रहरीचौकीमा उजुरी दिए। मरभुङ प्रहरीचौकी इन्चार्ज असई मेखबहादुर चौहानले शंकास्पद व्यक्तिहरूको अनुसन्धान बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, ७९ स्वास्थ्य चौकी, चार प्राथमिक स्वास्थ्य केन्द्र, ३० सामुदायिक स्वास्थ्य इकाई, तीन शहरी स्वास्थ्य केन्द्र र ११ आधारभूत स्वास्थ्य सेवा केन्द्र छन्। अस्पतालमा १८ जना डाक्टरको दरबन्दीमध्ये चार जना कार्यरत छन्। जिल्लाका अनमी र स्टाफ नर्स २ सय २ दरबन्दी मध्ये १ सय ४६ जना कार्यरत छन्। अहेब र सिनियर अहेवको २ सय ८४ जनाको दरबन्दीमध्ये १ सय ९५ जना कार्यरत छन्। जिल्लामा ७५ हजार ५ सय जनाले बिमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिक लागि नि:शुल्क बिमा कार्यक्रममा पनि १२ हजार ७ सय ८ जनाको बिमा गरिएको स्वास्थ्य विमा बोर्डका दर्ता अधिकृत डिकेन्द्रबहादुर बिष्टले बताए।

कोभिड-१९ को दोस्रो चरणका कारण जिल्लामा ६ हजार ८ सय ९५ जना कोरोना सङ्क्रमित भए भने जिल्लामा ९७ र अरु विभिन्न स्थानमा गरेर १ सय ९८ जनाको मृत्य भयो। कोभिड-१९ कै कारण गुल्मी अस्पतालमा नेपाल सरकार, पत्रकार महासंघ र गुल्मी उद्योग बाणिज्यसँगको समन्यवमा डेड करोडको अक्सिजन प्लान्ट र भौतिक संरचना निर्माण भयो। डेढ करोडको लागतमा गुल्मी अस्पतालमा आइसीयु कक्ष निर्माण भइरहेको छ। ६४ लाखको लागतमा एचडीयु सञ्चालनमा रहेको छ। गुल्मी अस्पतालमै २० अक्सिजन कन्सन्टेटर मेसिन र १ सय ३० अक्सिजन सिलिण्डर सहयोग स्वरूप प्राप्त भए। त्यस्तै जिल्लाका सबै स्थानीय तहहरूको समन्वय र सहयोगमा करिब डेढ करोडको लागतमा कोभिड-१९ परीक्षण प्रयोगशाला निर्माण सम्पन्न भयो। जिल्लाका ११ स्थानीय तहमा १५ शैयाको अस्पताल निर्माणको काम भइरहेको छ। अधिकांश स्थानीय तहमा अस्पतलाको ग्राउण्ड फोलर निर्माणको काम भइरहेको छ।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१०	१०
यौन दुर्व्यवहार	१	१
जम्मा	११	११

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार				३	३
बलात्कार प्रयास				२	२
बहुविवाह	१		१		२
घरेलु हिंसा		५०		५	५५
जम्मा	१	५०	१	१०	६२

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	२	३

५.५ अर्घाखाँची



जम्मा जनसङ्ख्या	१,७७,२००
महिला	९६,१८७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५६,७३९
कामका लागि बाहिरिएका	३९,९२९
अपाङ्गता भएका	५,१६५
५ वर्षमाथिको साक्षरता प्रतिशत	७२.६
आश्रित जनसङ्ख्या	९१,८२४

यस वर्ष अर्घाखाँची जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा राज्यपक्षबाट दुई जना तथा अन्य पक्षबाट १० जना महिला, तीन जना पुरुषसहित १३ जना र पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा एक जना र महिला अधिकार उल्लङ्घन घटनामा पाँच जना पीडित भए।

कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता ५० जनाको छ। कारागारमा कैदी/बन्दी र थुनुवा जम्मा ५७ जना छन्। जसमा चार महिला र ५३ जना पुरुष रहेका छन्। कोभिड-१९ का कारण ६५ जना सङ्क्रमित भए। कारागारमा पुस्तकालय, पत्रपत्रिका व्यवस्था गरिएको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ६४ थानमध्ये १४ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ सय ७४ थान मध्ये ७१ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा ५० थान छन् भने देवानी मुद्दा १ सय ३ थान बाँकी रहे।

बाल अधिकार

शिक्षाको अवस्था

जिल्लामा ३ सय ४८ आधारभूत र ८७ माध्यमिक विद्यालय छन्। १ हजार ३ सय ८७ शिक्षक दरबन्दी रहेकामा ६ सय ३ ओटा दरबन्दी मिलान हुन बाँकी छ। यस वर्ष १५ हजार ३ सय ७८ बालक र २६ हजार ९ सय ८८ जना बालिका विद्यालय भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय १ सय ४६ ओटा छन्। द्वन्द्वपीडित परिवारका सात जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाभर ७ हजार ४ सय ८० दलित बालक र ७ हजार २ सय २८ दलित बालिका विद्यालय भर्ना भए। दलित विद्यार्थीमध्ये ७ हजार ४ सय ८० छात्रा र ७ हजार २ सय २८ छात्र रहेका छन्। वैदेशिक रोजगारमा गएका परिवारका ३१ जना बालबालिकाले २ लाख ८८ हजार रुपियाँ छात्रवृत्ति पाए। द्वन्द्वपीडित परिवारका चार बालबालिकाले ५६ हजार रुपियाँ छात्रवृत्ति पाए।

यस वर्ष अर्घाखाँचीमा बलात्कारका घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा बलात्कार घटनाका एक जना

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		२	२			
कुटपिट					२	२
हत्या				४	१	५
बाल अधिकार	बलात्कार			१		१
	जम्मा			१		१
महिला अधिकार	बलात्कार			१		१
	बेचबिखन तथा ओसारपसार प्रयास			१		१
	बहुविवाह			२		२
	घरेलु हिंसा			१		१
	जम्मा			५		५
कूल जम्मा		२	२	१०	३	१३

आरोपितलाई जिल्ला अदालतले जन्मकैदको फैसला सुनायो।

बलात्कार, यौन दुर्व्यवहार

पाँच वर्षीया बालिकालाई ०७७ माघ ७ गते बलात्कार गरेको भन्दै पाणिनी गाउँपालिका-५ का २१ वर्षीय दानबहादुर सूर्यवंशीमगरविरुद्ध पीडित पक्षले माघ ८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ ८ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ७ गते जिल्ला अस्पताल सन्धिखर्कमा भयो। जिल्ला प्रहरी कार्यालयले जिल्ला सरकारी वकिल कार्यालयमार्फत आरोपित विरुद्ध जिल्ला अदालतमा माघ २८ गते जबरजस्तीकरणी अभियोगमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीशको २०७८ असार २४ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै जन्मकैद, ६ लाख रुपियाँ जरिवाना र पीडितलाई क्षतिपूर्ति ४० हजार रुपियाँ भराउने फैसला सुनायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ८८ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये ७२ उजुरीमा मेलमिलाप भयो। ६ उजुरीका आरोपित सम्पर्कमा नआएको, नौ उजुरी अदालतमा गएको र एक उजुरी स्थानीय तमा पठाइएको प्रहरीले जनायो।

यो वर्ष अर्घाखाँचीमा घरेलु हिंसाका एक, बलात्कार घटनाका एक, बहुविवाह घटनाका दुई र बेचबिखन तथा ओसारपसार प्रयास घटनाका एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये बलात्कार घटनाका एक जना र मानव बेचबिखन तथा ओसारपसार प्रयास घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बहुविवाह घटनाका दुई आरोपितहरूलाई जिल्ला अदालतले साधारण तारिखमा रिहा गर्ने आदेश दियो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, ३९ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा नौ जना विशेषज्ञको दरबन्दीमा आठ जनाको दरबन्दी रिक्त छ। सात जना स्टाफ नर्सको दरबन्दीमा पाँच खाली, एक जना विदा, अनमी चार जनाको दरबन्दीमा सबै कार्यरत छन्।

कोभिड- १९ बाट ७ हजार १२ जना संक्रमित भए भने १ सय २ जनाको मृत्यु भयो। जिल्लामा कोभिडको पहिलो डोज लगाएका १ लाख २७ हजार ६ सय ६० जना, दोस्रो डोज लगाएका १ लाख ८ हजार ८ सय ५५ जना र बुस्टर डोज लगाएका १ हजार ८ सय ४६ जना रहेका छन्। नेपाल सरकारले स्थानीय तहमा शिलान्यास गरेको अस्पतालको निर्माण कार्य पूरा भएका छैन।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	जम्मा
बलात्कार	१	१
जम्मा	१	१

महिला अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखनको प्रयास	१	१
बलात्कार	१	१
बहुविवाह	३	३
घरेलु हिंसा	१	१
जम्मा	५	५

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	५	५

५.६ पाल्पा

जम्मा जनसङ्ख्या	२,४२,४२३
महिला	१,३०,४८३
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	५५,९१०
कामका लागि बाहिरिएका	३८,५०४
अपाङ्गता भएका	६,५३७
५ वर्षमाथिको साक्षरता प्रतिशत	७६.२
आश्रित जनसङ्ख्या	१,१०,५९७

यस वर्ष पाल्पा जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट ६६ जना महिला, एक जना पुरुषसहित ६७ जना र राज्यपक्षबाट एक जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ११ जना र महिला अधिकार उल्लङ्घन घटनामा ५३ जना पीडित भए। जेलमा मृत्यु एक जनाको भयो।

कारागार र बन्दी

कारागारको बन्दी क्षमता ३ सय २५ जनाको छ। कारागारमा कैदी/बन्दी र थुनुवा २ सय ९३ जना छन्। जसमा ४३ महिला र २ सय ५० पुरुष रहेका छन्। कारागारको क्षमता महिला १ सय ५० र पुरुष १ सय ७५ हो। कारागारमा आश्रित बालक दुई जना रहेका छन्। आश्रित बालक एक जना २ बर्षका र एक जना ३ बर्षका रहेका छन्। उनीहरु दुबैले कारागार नजिकै बन्दी सहायता नेपाल नामक गैरसरकारी संस्थाले सञ्चालन गर्दै आएको जुनकिरी विद्यालयमा अध्ययन गर्दै आएका छन्।

कैदी/बन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जना दरबन्दी रहेकामा सेवा प्रदान गरिरहेका छन्। कारागारमा दुई जना कैदी/बन्दीहरू जटिल मानसिक रोगी र सामान्य मानसिक रोगी १४ गरी १६ जना मानसिक रोगको औषधि उपचार गराइ रहेका छन्। ६० वर्ष नाघेका १८ जना ज्येष्ठ नागरिक (पुरुष) रहेको जिल्ला कारागार प्रमुख भक्तिसरा रानाले बताइन्। कारागारमा २४ जना पुरुष र ५ जना महिला गरी जम्मा २९ जना दीर्घरोगी जना छन्।

कारागारमा मृत्यु

चोरी मुद्दामा कारागारको सजाय भोग्दै आएको भिरकोट नगरपालिका-७ स्याङ्जाका ३० वर्षीय किसान गुरुङले २०७८ वैशाख ६ गते पाल्पा कारागारको शौचालयमा झुण्डिएर आत्महत्या गरेको जिल्ला प्रहरी कार्यालय, पाल्पाका एसपी सन्तोष भट्टराईले बताए। २०७६ साल जेठमा स्याङ्जा कारागारमा रहेका गुरूङ २०७६ माघमा पाल्पा कारागारमा ल्याइएको कारागार प्रमुख भक्तिसरा रानाले बताइन्। शवको पोष्टमार्टम वैशाख ६ गते जिल्ला अस्पतालमा गरेर परिवारको जिम्मा लगाइएको एसपी भट्टराईले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ सय ४२ थानमध्ये ९३ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ५ सय ४६ थान मध्ये ३ सय ५९ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी

मुद्दा १६ थान छन् भने देवानी मुद्दा १ सय ८७ थान बाँकी छ। अदालतले सात जना कर्मचारी करारमा नियुक्त गरेको छ भने चार जना यो वर्षको अन्त्यसम्म रिक्त रहे। कोभिड महामारीको दोस्रो चरणको कारण २०७८ वैशाखदेखि भदौसम्म जारी निषेधाज्ञाका लागि घटना फैसलामा केही ढिलाई भएको बार एसोसिएसन पाल्पाका अध्यक्ष विनोद कार्कीले बताए।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
जेलमा मृत्यु		१	१			
हत्या				३	१	३
बाल अधिकार	बलात्कार			१०		१०
	बालविवाह			१		१
	जम्मा			११		११
महिला अधिकार	बलात्कार			५		५
	घरेलु हिंसा			४८		४८
	जम्मा			५३		५३
कूल जम्मा		१	१	६६	१	६७

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ५६ आधार भूत र १ सय ३७ माध्यमिक विद्यालय छन्। २ हजार ८ सय ३७ शिक्षक दरबन्दी रहेकामा २८ ओटा प्रावि दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष ३४ हजार ७ सय १३ बालक र ३७ हजार १ सय ३० जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका ८ सय ८५ बालिका र ७ सय २७ बालक भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय चार छन्। द्वन्द्वपीडित परिवारका तीन जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाभर ९ हजार ९ सय ८६ दलित बालक र १० हजार १ सय ५७ दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारमा गएर ज्यान गुमाएका व्यक्तिका परिवारका ४५ जनाले बालबालिकाले ४ लाख १६ हजार रुपियाँ छात्रवृत्ति पाए। द्वन्द्वपीडित परिवारका ४५ जना बालबालिकाले ५० हजार रुपियाँ छात्रवृत्ति पाएका शिक्षा विकास तथा समन्वय इकाइका निमित्त प्रमुख बोमबहादुर कुँवरले बताए।

यस वर्ष पाल्पामा बलात्कार घटनामा १० जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा बलात्कार घटनाका १० जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष पाल्पामा घरेलु हिंसा पीडित भएको भन्दै ५० जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। दर्ता भएका ४३ उजुरीमा मेलमिलाप भई घर परिवारसँगै बस्न थालेका छन्। सात उजुरीमा न्यायिक प्रक्रियामा गएको जिल्ला प्रहरी कार्यालयले जनायो।

यो वर्ष पाल्पामा घरेलु हिंसाका ४८, बलात्कारका पाँच गरी ५३ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये बलात्कार प्रयास घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। बलात्कार घटनाका तीन जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई बाल सुधार गृह पठायो।

परिवारजनबाट हत्या

रामपुर नगरपालिका-५ बेझाडबजारकी ५७ वर्षीया रमा कुमारी दराईलाई २०७७ माघ ३ गते ५९ वर्षीय पति बुद्धि दराईले घरायसी विवादमा झगडा हुँदा आवेशमा आई कुटो प्रहार गरी घाइते बनाए। घाइते रमालाई माघ ३ गते उपचारका लागि लुम्बिनी मेडिकल कलेज, प्रभासमा ल्याइएकोमा उपचारका क्रममा माघ ४ गते उनको मृत्यु भयो। मृतक पक्षले माघ ४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। प्रहरीले आरोपितलाई माघ ४ गते घरबाट गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम माघ ४ गते पाल्पा जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपित विरुद्ध कर्तव्य ज्यान शिर्षकमा मुद्दा जिल्ला अदालतमा .फागुन २ गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश खड्कबहादुर केसीको फागुन २ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यस वर्षको अन्त्यसम्ममा यो घटनाको फैसला भएको छैन।

आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार तोडफोड तथा क्षति

रैनादेवी छहरा गाउँपालिका-५ मुझुङको वडा कार्यालयमा ०७८ असार १७ गते राति पहिचान नखुलेको समूहले तोडफोड गऱ्यो। मुझुङ टोलमा रहेको वडा कार्यालय, कालिका माविको कार्यालय, महिला सहकारी संस्था, हुलाक कार्यालय, कृषि सहकारी संस्थाको कार्यालय र नेत्रबहादुर कार्कीको पसलमा तोडफोड भएको गाउँपालिका अध्यक्ष रामबहादुर कार्कीले बताए। तोडफोडबाट १० लाख रुपियाँ बराबरको क्षति भएको उनले बताए। घटनाबारे थप अनुसन्धान तथा घटनामा संलग्नहरूको खोजीका लागि जिल्ला प्रहरी कार्यालयको टोली पुगेको जिल्ला प्रहरी कार्यालय, पाल्पाका इन्सपेक्टर लक्ष्मण पचभैयाले बताए।

स्वास्थ्यको अधिकार

जिल्लामा एक जिल्लास्तरीय आयुर्वेद स्वास्थ्य केन्द्र, दुई सरकारी अस्पताल, ६२ स्वास्थ्य चौकी रहेको छ। जिल्ला अस्पताल पाल्पामा १८ जना डाक्टर दरबन्दी रहेकोमा स्थायी दुई, करारमा तीन जना कार्यरत छन्। १३ जना डाक्टरको दरबन्दी रिक्त छ। हेल्थ असिस्टेन्ट एक जनाको दरबन्दी रहेकोमा कार्यरत छन्। अहेव दुई जनाको दरबन्दी रहेकोमा कार्यरत छन्। जिल्लाको माथागढी, पूर्वखोला र निस्दी गाउँपालिकामा २०७७ मङ्सिर १५ गते एकै दिन शिलान्यास भएका अस्पतालहरू मध्ये पूर्वखोलाको जग सम्याउने काम भएको छ र माथागढी र निस्दी गाउँपालिकाको अस्पतालको जग खन्ने कामसमेत भएको छैन। जिल्लामा स्वास्थ्य बिमा कार्यक्रम मार्फत २ लाख १७ हजार ३२ जनाले सेवा लिएका छन्। त्यस्तै १० हजार ८ सय ४० जना ज्येष्ठ नागरिकले सेवा लिएका छन्।

कोभिड २०१९ पहिलो र दोस्रोमा गरी पाल्पा १० हजार ७ सय ४ जना सङ्क्रमित भए। संक्रमणका कारण १ सय ७० पुरुष र ९१ महिला गरी २ सय ६८ जनाको मृत्यु भयो।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१०	१०
बालविवाह	१	१
जम्मा	११	११

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार			५	५
घरेलु हिंसा	३७	३	८	४८
जम्मा	३७	३	१३	५३

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	३	३

५.७ नवलपरासी पश्चिम



जम्मा जनसङ्ख्या	३,८५,५१५
महिला	१,५७,४३५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	उपलब्ध नभएको
कामका लागि बाहिरिएका	उपलब्ध नभएको
अपाङ्गता भएका	उपलब्ध नभएको
५ वर्षमाथिको साक्षरता प्रतिशत	७०.७६
आश्रित जनसङ्ख्या	उपलब्ध नभएको

यस वर्ष नवलपरासी पश्चिम जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा अन्य पक्षबाट १ सय ९ जना महिला, आठ जना पुरुषसहित १ सय १७ जना र राज्यपक्षबाट एक जना पुरुष पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा २६ जना बालिका र तीन जना बालक तथा महिला अधिकार उल्लङ्घन घटनामा ७८ जना पीडित भए।

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्न पाउने अधिकार

हत्या

राज्यबाट

प्रतापपुर गाउँपालिका- ६ कठहवा निवासी २२ वर्षीय अभिनाश राजभरको सुस्ता गाउँपालिका- ५ बनकट्टी स्थित नेपाल भारत सिमामा सशस्त्र प्रहरी सीमा सुरक्षा बलको गोली लागि २०७८ जेठ ५ गते मृत्यु भयो। अविनाशका भाइ विपिन राजभर बुबाको लागि औषधी र एक थान कपडा लिन सुरक्षाकर्मीसँग सोधेर भारततर्फ गएकोमा उक्त सामान लिएर फर्कने क्रममा सुस्ता बनकट्टीका व्यापारीसँग सुरक्षाकर्मीको झडप भइरहेका बेला निज विपिनले सुरक्षाकर्मीसँग जान्छु भनी सोधेको र सुरक्षाकर्मी जान पाइदैंनु भनेपछि दाजु अविनाशलाई फोन गरी बोलाएका थिए। उनले भाइलाई किन रोकेको हो भनी सोध्दा, 'तँ दादा होस्' भनी सशस्त्र प्रहरीले गोली प्रहार गर्दा उक्त घटना भएको मृतकका बाबु बच्चा राजभरले बताए। शवको ०७८ जेठ ६ गते जिल्ला अस्पतालमा पोष्टमार्टम भयो। लकडाउनको अवस्थामा सिमापार गरी भारततर्फ जान लागेकालाई रोक्न खोज्दा सयौँको सङ्ख्यामा सिमामा भेला भई सुरक्षाकर्मी माथि हातपात गर्न थालेपछि गोली चलाउन बाध्य भएको प्रमुख जिल्ला अधिकारी धर्मेन्द्र कुमार मिश्रले बताए। स्थानीहरूको हातपातबाट सशस्त्र प्रहरी जवान घाइते भएको र स्थानीयबाट घेराबन्दी भई सुरक्षाकर्मी माथि ढुङ्गामुढा र भाला प्रहार हुन खोजेकाले प्रतिरक्षाका लागि प्रयत्न गर्ने क्रममा झडप हुँदा गोली चलेको मिश्रले बताए। घटनामा सशस्त्र प्रहरी २६ नं गणमा कार्यरत सई

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण				१	१	२
कुटपिट				१	१	२
अमानवीय व्यवहार					१	१
हत्या		१	१	३	२	५
बाल अधिकार	बेचबिखन तथा ओसारपसार			२		२
	बलात्कार			२२		२२
	यौन दुर्व्यवहार			२	३	५
	जम्मा			२६	३	२९
महिला अधिकार	बलात्कार			९		९
	बलात्कार प्रयास			३		३
	यौन दुर्व्यवहार			१		१
	बहुविवाह			१०		१०
	'बोक्सी'को आरोप			१		१
	घरेलु हिंसा			५४		५४
	जम्मा			७८		७८
कूल जम्मा		१	१	१०९	८	११७

४२ वर्षीय शङ्कर बुढाथोकी, जवानहरू २४ वर्षीय विशाल गैरे, २३ वर्षीय अबिन थापा, २२ वर्षीय विनोद पुन, २३ वर्षीय टिकाराम सिंजालीको टाउको र हातमा चोट लागेको गणका प्रमुख एसपी महेश अधिकारीले बताए।

कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता १ सय ७५ जनाको छ। कारागारमा १ सय ९२ जना कैदी र २ सय ६९ जना थुनुवा छन्। जसमध्ये महिला ६९ जना र पुरुष (१९२ र २६९) रहेका छन्। कुल ५ सय ३० जना। कारागारको क्षमता २५ महिला र १ सय ५० पुरुष हो। कारागारमा आश्रित बालक एक र बालिका दुई जना रहेका छन्।

कैदी/बन्दीहरूको नियमित स्वास्थ्य परीक्षणका लागि एक जना चिकित्सकको दरबन्दी रहेकोमा रिक्त छ। कारागारमा एक जना कैदी/बन्दी जटिल मानसिक रोगी रहेको र सामान्य मानसिक रोगी पाँच जना रहेका छन्। ६० वर्ष नाघेका नौ जना ज्येष्ठ नागरिक (पुरुष ६ र महिला ३ जना) रहेको जिल्ला कारागार प्रमुख जगतबहादुर बस्नेतले बताए। कारागारमा दीर्घरोगी १७ जना छन्।

कारागारमा एक महिला र ६ जना पुरुष कोरोनाबाट सङ्क्रमित भएकोमा सबैजना निको भएको कारागार प्रमुख जगतबहादुर बस्नेतले बताए। न्यायालयबाट उपयुक्त समयमा मुद्दाको फैसला नगर्दा कारागारमा क्षमताभन्दा बढी कैदी/बन्दी हुँदा सुत्नका लागि समस्या भएको र शुद्ध खानेपानीको व्यवस्थापनमा समस्या आएको पनि जेलर बस्नेतले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

पाँच जना जिल्ला न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ४ सय ५७ थान मुद्दा मध्ये १ सय ३९ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ हजार ३ सय ६९ थान मध्ये ५ सय ७१ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा १ सय २२ थान छन् भने देवानी मुद्दा १ सय ९९ थान बाँकी छ। जसमध्ये एउटा बन्दी प्रत्यक्षीकरणको रिट रहेको छ। यो वर्ष दुई जना सुब्बा र तीन जना खरिदार पद रिक्त रहेको र करारमा कुनै पनि कर्मचारी नियुक्त नगरिएको र लोकसेवा आयोगसँग कर्मचारी माग गरिएको अदालतका श्रेस्तेदार प्रेमप्रसाद पौडेलले बताए।

कोभिड- १९ का कारण दुई महिना अदालती कारबाही स्थगन हुँदा लक्ष्यअनुसारको मुद्दा फैसला नभएको र केही आर्थिक अभावका कारण पनि अदालती कार्यहरू अगाडि बढाउनमा समस्या देखिएको अदालतका श्रेस्तेदार प्रेमप्रसाद पौडेलले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय १७ आधारभूत र १ सय १९ माध्यमिक विद्यालय छन्। १ हजार २ सय ९३ शिक्षक दरबन्दी रहेकामा कुनै पनि दरबन्दी मिलान हुन बाँकी रहेको छैन। यस वर्ष ४० हजार ५ सय

६९ बालक र ३८ हजार ५ सय ४६ जना बालिका विद्यालय भर्ना भए। जसमध्ये दलिततर्फ ६ हजार ५ सय २३ दलित छात्रा र ६ हजार १४ दलित छात्र छन्। जिल्लामा अपाङ्गता मैत्री विद्यालय २ सय ५ ओटा छन्। द्वन्द्वपीडित परिवारका १३ जना बालबालिकाले छात्रवृत्ति पाए। वैदेशिक रोजगारमा गएर मृत्यु भएका परिवारका ८२ जना बालबालिकाले छात्रवृत्ति पाए। शहिद परिवारका एक जनाले र द्वन्द्वपीडित परिवारका १६ बालबालिकाले छात्रवृत्ति पाएका छन्।

यस वर्ष नवलपरासी पश्चिममा यौन दुर्व्यवहारका घटनामा दुई जना बालिका, तीन जना बालक गरी पाँच जना, बलात्कारका घटनामा २२ जना, बेचबिखन तथा ओसार पसार घटनामा दुई जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहार घटनाका दुई जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एक जना आरोपितलाई अभिभावकको जिम्मा लगायो, दुई जना आरोपितहरूलाई बाल सुधार गृहमा पठायो। दुई जना आरोपितहरूलाई जनही २० हजार र १० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। एक जना आरोपित यो वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमै रहे। बलात्कार घटनाका १६ जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने तीन जना आरोपितलाई बाल सुधार गृहमा पठायो। बेचबिखत तथा ओसारपसार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

अपहरण

१७ वर्षीया बालिकालाई प्रतापपुर गाउँपालिका-४ दरखासे निवासी २७ वर्षीय रामकलेश चमार, २१ वर्षीय मनोज हरिजन, २५ वर्षीया कमला हरिजन र ३३ वर्षीय सोनु चमारले ०७७ चैत १७ गते घरबाट अपहरण गरी बेपत्ता बनाएको भन्दै ०७८ बैशाख ०५ गते इलाका प्रहरी कार्यालय, बेलाटारी र ०७८ असार २८ गते जिल्ला प्रहरीमा र पुन ०७८ असोज १८ गते इलाका प्रहरी कार्यालय, बेलाटारीमा परिवारजनले उजुरी दियो। प्रहरीले असोज १९ गते रामकलेश चमार र सोनु चमारलाई प्रहरीले गिरफ्तार गऱ्यो। जिल्ला अदालतको कात्तिक १४ गतेको आदेशमा आरोपितहरू ५० हजार रुपिँया धरौटी बुझाइ तारेखमा रिहा भए। कमला चमार र मनोज चमार यो वर्षको अन्त्यसम्म फरार रहेका छन्। पीडितको अवस्था अज्ञात रहेको पीडितका बाबु टेक लाल बढइले जानकारी दिए। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला नभएको श्रेष्तेदार प्रेमप्रसाद पौडेलले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै १ सय २७ महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा खान लाउन नदिएको ५४, नागरिकता नबनाइदिए र जन्मदर्ता नगराएको चार, मादक पदार्थ सेवन गरी गालीगलौज गरेका ३९, परिवारका अन्य सदस्यले गालीगलौज र अपमान गरेको ३० वटा रहेको सेवा केन्द्री असई भीमकुमारी रानाले बताइन्।

यो वर्ष नवलपरासी पश्चिममा घरेलु हिंसाका ५४, बलात्कार घटनाका नौ, यौन दुर्व्यवहारको एक र बलात्कार प्रयासका तीन, बहुविवाह घटनाका १०, 'बोक्सी' को आरोप घटनाका एक गरी ७८ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये बलात्कार प्रयास घटनाका दुई आरोपितहरूलाई जिल्ला अदालतले जनही ३० हजार रुपियाँ र २० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो भने एक जना आरोपितलाई सादा तारिखमा रिहा गऱ्यो। बलात्कार घटनाका तीन जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई जना आरोपितहरूलाई जनही ३०/३० हजार रुपियाँ र एक जना आरोपितलाई २ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। यो वर्षको अन्त्यसम्म दुई जना आरोपित फरार रहे भने तीन आरोपितहरू प्रहरी अनुसन्धानमै रहे। बहुविवाह घटनाका ११ जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई जना आरोपितहरू जनही ५० हजार रुपियाँ र १ लाख २० हजार रुपियाँ धरौटीमा रिहा भए। पाँच जना आरोपितहरू यो वर्षको अन्त्यसम्म फरार रहे भने एक जना आरोपित प्रहरी अनुसन्धानमै रहे।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीन सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, ४४ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, तीन नगर स्वास्थ्य केन्द्र छन्। सबै स्थानीय तहमा एक/एक ओटा कोभिड अस्पताल रहेको तर हाल सञ्चालनमा नरहेको र सञ्चालनको

तयारी भइरहेको जिल्ला स्वास्थ्य कार्यालयका निमित्त प्रमुख आमेप्रकाश पन्थीले बताए।

सदरमुकामस्थित सरकारी अस्पतालमा आठ जना विशेषज्ञको दरबन्दीमा चार जनाको दरबन्दी रिक्त छ। ६ जना स्टाफ नर्सको दरबन्दीमध्ये दुई जना स्थायी र चार जना करारमा रहेका छन्। अनमी चार जनाको दरबन्दी रहेकोमा दुई जना स्थायी र करारमा दुई जना कार्यरत छन्। जिल्लामा यस वर्षको अन्त्यसम्म १४ हजार जनाले बिमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बिमा कार्यक्रम भएता पनि अल्पसङ्ख्यक समुदायबाट र अपागङ्ता भएका ज्येष्ठ नागरिकको मात्र बिमा गराइएको छ।

रामग्राम नगरपालिका-९ का ३५ वर्षीय कोरोना सङ्क्रमितको अस्पतालमा अक्सिजनसहितको बेड नपाउँदा मृत्यु भयो। श्वास फेर्न गाऱ्हो भएपछि उनलाई ०७८ वैशाख १३ गते बिहान पृथ्वीचन्द्र जिल्ला अस्पतालमा नै सामान्य उपचार सुरू गरिएकोमा उनलाई थप उपचारका लागि भैरहवाको भीम अस्पताल र बुटवलको कोरोना विशेष अस्पतालमा भर्ना गर्न प्रयास गरेको तर अक्सिजनसहितको बेड उपलब्ध नहुँदा जिल्ला अस्पतालमै उपचारको क्रममा ०७८ वैशाख १४ उनको मृत्यु भएको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. मोहम्मद नुरूल होदाले बताए।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार		१	१
बलात्कार	१	२०	२१
यौन दुर्व्यवहार		५	५
जम्मा	१	२६	२७

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		४	५	९
बलात्कार प्रयास			३	३
यौन दुर्व्यवहार			१	१
बहुविवाह		१	९	१०
'बोक्सी' को आरोप			१	१
घरेलु हिंसा	५१		२	५३
जम्मा	५१	५	२१	७७

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१	३	५

५.८ रूपन्देही

जम्मा जनसङ्ख्या	११,१८,५७५
महिला	५,७१,४३०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	५
प्रदेशसभा निर्वाचन क्षेत्र	१०
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,५१,१७१
कामका लागि बाहिरिएका	६२,५०४
अपाङ्गता भएका	५,८५०
५ वर्षमाथिको साक्षरता प्रतिशत	६५.८
आश्रित जनसङ्ख्या	३,८४,६४३

यस वर्ष रुपन्देही जिल्लामा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा राज्यपक्षबाट एक महिला, १६ पुरुष सहित १७ जना र अन्यपक्षबाट ६ सय २७ जना महिला, ६० जना पुरुषसहित ६ सय ८७ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये हत्याका राज्यपक्षबाट चार जनाको हत्या, बाल अधिकार उल्लङ्घनका घटनामा ५८ जना र महिला अधिकार उल्लङ्घन घटनामा ५ सय ५८ जना पीडित भए।

नागरिक तथा राजनीतिक अधिकार सम्मानित रूपले बाँच्न पाउने अधिकार

हत्या

राज्यपक्षबाट

मोतीपुर औद्योगिक करिडोरको जग्गा कब्जा गरेर बसेका स्थानीय र सुरक्षाकर्मीबीच २०७८ असोज २४ गते दोहोरो झडप हुँदा प्रहरीले चलाएको गोली लागी रुपन्देहीको शुद्धोधन गाउँपालिका-५ का ३८ वर्षीय वीरेन्द्रप्रसाद कुर्मी र नवलपरासी पूर्व आरुङखोला स्थायी घर भई तिलोत्तमा नपा-४ शंकरनगर बस्ने १८ वर्षीय युजन कुमाल, कपिलवस्तु वाणगङ्गा नगरपालिका- १० का ४८ वर्षीय रमेश परियार र पश्चिम नवलपरासी सरावल गाउँपालिका-३ का ४२ वर्षीय केशनारायण केवटको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, रुपन्देहीका एसपी मनोज केसीले बताए। घटनामा गुल्मी खैरेनीका ३३ वर्षीय जंगबहादुर परियार, पाल्पा जिल्ला हुमिनका ३५ वर्षीय दिशा मगर,पाल्पाकै ३० वर्षीय प्रेमबहादुर कुर्मी, जिल्ला नवलपरासी प्रतापपुर गाउँपालिका- ६ का २२ वर्षीय सर्वेस केवट, रुपन्देही जिल्ला तिलोत्तमा नपा-९ का मेघराज रोक्का क्षेत्री,मर्चवारी गाउँपालिका- ३ का ५० वर्षीय श्रीसचन्द कुर्मी, पाल्पा जिल्ला मदनपोखरा गाउँपालिका-८ का ३४ वर्षीय पुनबहादुर प्रिती घर्ती,ओमसतिया गाउँपालिकाका ६२ वर्षीया मनरुपा झा, नवलपरासी, बर्दघाट नपा- ६ का ३० वर्षीय विष्णु परियार, पाल्पा जिल्ला तिनाउ गाउँपालिका- २

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी			१	१			
कुटपिट					३	१	४
घाइते		१	११	१२	४	५७	६१
हत्या			४	४	५	१	६
बाल अधिकार	बेचबिखन तथा ओसारपसार				१		१
	बलात्कार				४०		४०
	यौन दुर्व्यवहार				१६	१	१७
	जम्मा				५७	१	५८
महिला अधिकार	बेचबिखन तथा ओसारपसार				५		५
	बलात्कार				२८		२८
	बलात्कार प्रयास				१०		१०
	बहुविवाह				८		८
	घरेलु हिंसा				५०७		५०७
	जम्मा				५५८		५५८
कूल जम्मा		१	१६	१७	६२७	६०	६८७

का १९ वर्षीय समिर थापा, सैनामैना नपा-८ को ३२ वर्षीय सन्तोष सुनार, अर्घाखाँची जिल्ला छत्रदेव गाउँपालिका-२ का २४ वर्षीय मेघबहादुर कुमाल घाइते भए। घटनामा सशस्त्र प्रहरी हवल्दार भोजराज सापकोटा, सप्रह राजेश कार्की, सप्रह रविन श्रेष्ठ, प्रसह नारायण खनाल, सप्रज जयबहादुर कुमाल, सप्रउ राजेश उप्रेती, सप्रह डिलबहादुर घर्ती, सप्रह चुरामणी बस्नेत, सप्रह दीपेन्द्र केसी, सप्रह खुसीराम चौधरी, सप्रसह तिलबहादुर धामी, सप्रसह रुद्धबहादुर खत्री,सप्रसह जनकराज जोशी, सप्रसह रविन्द्रकुमार गौड, सप्रसह चुमानसिंह थापा,सप्रज सन्तोष बस्नेत, सप्रज इन्द्रजित चौधरी, सप्रज शम्भु कार्की, सप्रज मनोज रावल, सप्रज बसन्त जिसी, सप्रज लोकनाथ खनाल, सप्रज गणेश रावल, सप्रज प्रेम वि.क., सप्रज विमल थापा, सप्रज सुरज दयाल, सप्रज कृष्ण बहादुर थापा घाइते भए।

सोही घटनामा नेपाल प्रहरीका डिएसपी मदन कुँवर, इन्स्पेक्टरहरू चक्रबहादुर डम्मरपाल, सुदर्शन पन्थी, बाबुराम घिमिरे, सईहरू नवीन चालिसे, भरतराज पन्थी, प्रसनि विमला वि.क., हबल्दार जगन्नाथ डाँगी, प्रहरी जवानहरू रिजन थापा, गोविन्द चौधरी, भविन्द्र परियार, विनोद परियार, अनिता कुँवर, सुरेन्द्र रोकाया, टेकबहादुर पल्ली, राकेश यादव, राजमन लोहनिया, गेहराज पुन, जगविर पुन,

मोतीपुर औद्योगिक करिडोरको जग्गा कब्जा गरेर बसेका स्थानीय र सुरक्षाकर्मीबीच झडप हुँदा घाइते भएका प्रहरी जवान गेहराज पुनमगर

मोतीपुर औद्योगिक करिडोरको जग्गा कब्जा गरेर बसेका स्थानीय र सुरक्षाकर्मीबीच झडप हुँदा घाइते भएका प्रहरी जवानहरू क्रमशः राजमान लोहनीया, अनीता कुँवर, जयप्रकाश थारु र टेकबहादुर पल्ली

प्रदीप ठाकुर, खगेन्द्र यादव, जयप्रकाश चौधरी, भरत गयल मगर, विरेन्द्र सुनारी, झरना परियार, लिला वली, सुजन सोमरे, कोपवा गाउँपालिका-४ का ३४ वर्षीय विकास आचार्य, मनराज घर्ती, अजय कुमार क्षेत्री, दीपेन्द्र पुन, भविलाल खाम्चा, सुदन आचार्य, निलशंकर केसी, महेन्द्र वली र अभिषेक बस्नेत रहेको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका एसपी मनोज केसीले बताए। घटनामा गम्भीर घाइते भएका प्रहरी जवान २८ वर्षीय जयप्रकाश थारु र प्रहरी जवान गेहराज पुन मगरको थप उपचार काठमाडौँमा भयो भने बाँकी घाइतेहरूको स्थानीय अस्पतालहरूमा उपचार भयो। अतिक्रमित जग्गाबाट स्थानीयलाई हटाउन खोज्दा सुरक्षाकर्मीमाथि ढुङ्गामुढा र पेट्रोल बम प्रहार भएपछि सुरक्षाका लागि गोली चलाउनु परेको रुपन्देहीका प्रमुख जिल्ला अधिकारी ऋषिराम तिवारीले बताए। झडपका क्रममा मृत्यु भएका प्रत्येक परिवारलाई लुम्बिनी प्रदेश सरकारले एक एक लाख रुपियाँ राहत स्वरुप दिने निर्णय गऱ्यो।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता १ सय ५० जनाको रहेको छ । कारागारमा १ सय ५६ जना कैदी र ३ सय ११ जना बन्दीहरू गरी ४ सय ६७ जना रहेका छन्। क्षमता भन्दा बढी कैदी/बन्दीहरूको भएकाले सुत्न, बस्न कठिन र पालो कुरेर सुत्नुपर्ने, सुत्दा खुट्टा पसारेर सुत्न नपाउने बाध्यता छ। क्षमता भन्दा बढी कैदी बन्दी हुँदा गर्मीको समयमा छालासम्बन्धी विभिन्न रोगहरूको सङ्क्रमण पनि हुने गरेको छ। कारागारमा पुस्तकालय तथा टिभी हेर्ने उपलब्ध छ।

बालसुधार गृह

भैरहवामा रहेको बाल सुधार गृहमा कानुनको विवादमा परेका १ सय ८ जना बालकहरू रहेका छन्। जसमध्ये फैसला भएर सजाय तोकेका ४९ जना र पुर्पक्षका लागि ५९ जना रहेका छन्। बाल सुधार गृह साँघुरो भएको सुधार गृहकी प्रमुख सुभद्रा पौडेलले बताइन्। बालगृहमा बस्ने बालकहरू अधिकांश विद्यालय उमेर समूहका भए पनि उनीहरू पठनपाठनबाट बञ्चित छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

उच्च अदालत, तुल्सीपुरको इजलास

१२ जना न्यायाधीशको दरबन्दी रहेको यस उच्च अदालत तुल्सीपुर बुटवल इजलासमा ११ जना न्यायाधीश कार्यरत छन् भने एक जना अन्यत्रै काजमा कार्यरत छन्। यो वर्ष फौजदारी मुद्दातर्फ अघिल्लो वर्षको जिम्मेवारी सरेको दुनियाँवादी देवानी ५ सय २८, दुनियावादी फौजदारी १ सय ५३, सरकारवादी फौजदारी ४ सय ७२ सुरु क्षेत्राधिकार ५३ र रिट तर्फ ८७ गरी जम्मा १ हजार २ सय ९३ रहेका छन्। ०७७ साल पुस १६ गतेदेखि ०७८ पुस १६ गतेसम्म नयाँ दर्ता भएको सङ्ख्या सरकारवादी फौजदारी ९ सय ९३ रहेको छ। जसमध्ये हालसम्म फैसला भएको सङ्ख्या ७ सय ५७ रहेको र जम्मा लागत सङ्ख्या २ हजार २ सय ३६ रहेको र फैसला हुन बाँकी मुद्दाको

सङ्ख्या १ हजार ४ सय ७९ रहेको उच्च अदालत तुल्सीपुर बुटवल इजलासका प्रशासकीय अधिकृत सुवर्ण खनालले बताए।

जिल्ला अदालत

नौ जना न्यायाधिशको दरबन्दी रहेको जिल्लामा हाल आठ जना न्यायाधीश कार्यरत छन्। जिल्ला अदालतबाट यो वर्ष चालु मुद्दा सङ्ख्या ३ हजार ६ सय ३६ रहेको छ भने अघिल्लो वर्षको जिम्मेवारी सरेर आएको मुद्दा सङ्ख्या ३ हजार ४ सय ९६ रहेको छ। जसमा दुनियावादी देवानी २ हजार १ सय ७० थान र सरकारवादी फौजदारी ७ सय १९ रहेकोमा सरेकोमध्ये फैसला भएको मुद्दातर्फ १ हजार ८३ रहेको छ भने नयाँ दर्ता भएकोमा ३ हजार ६ सय ४६ मा यो वर्ष फैसला भएका मुद्दा सङ्ख्या १ हजार ५ सय ७ रहेको छ जसमध्ये दुनियावादी फौजदारी ३ सय ६९, सरकारवादी मुद्दा ३ सय ९९ रहेको छ। त्यस्तै दुनियावादी देवानी मुद्दा सङ्ख्या १ हजार ८ सय ८ रहेको, रिट ८ थानमा पाँच थान फैसला भएको, सरकारवादी फौजदारी ४६ थान र दुनियावादी देवानी ३ सय १७ थान यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा २ सय ५१ र देवानी मुद्दा ४ सय ७५ थान बाँकी भएको श्रेस्तेदार शोभाखर खरेलले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा सामुदायिकतर्फ २ सय १९ आधारभूत (कक्षा १ देखि ८) र १ सय ७० मावि (कक्षा ९ र १०) छन्। २ हजार ८ सय ७२ शिक्षक दरबन्दी रहेकामा हाल स्थानीय तहबाट दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष ९० हजार ६ सय १० जना बालक र १ लाख १० हजार २ सय १२ जना बालिका भर्ना भए। जिल्ला ३ सय ३३ अपाङ्गता भएका बालिका र ४ सय २१ जना बालक भर्ना भएका थिए। जिल्लामा अपाङ्गतामैत्री अन्तर्गत विशेष विद्यालय १ मावि रहेको छ र ३ ओटा विद्यालयमा स्रोतकक्षा समेत गरी चार ओटा छन्। द्वन्द्वपीडित परिवारका २४ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। दलित, अपाङ्गलाई निःशुल्क शिक्षाको व्यवस्था गरिएको छ। पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा तथा तथा समन्वय इकाइका प्रमुख दीपेन्द्र ढकालले बताए। विशेषगरी नगर/ग्रामीण क्षेत्रमा अभिभावकको रोजगारीका कारण सबै बालबालिकालाई विद्यालय प्रवेश गराउन नसकिएको ढकालले बताए। यस वर्ष जिल्लाभर २३ हजार ८ सय ६१ दलित बालक र २१ हजार ६ सय ६२ दलित बालिका विद्यालय भर्ना भए। त्यस्तै वैदेशिक रोजगारीमा गएका परिवारका ३५ जना बालबालिकाले छात्रवृत्ति पाएको, शहिद परिवारको एक जनाले छात्रवृत्ति पाएको ढकालले बताए।

कोभिडका कारण सरकारले अबलम्बन गरेको वैकल्पिक शिक्षण सिकाइमा शहरी क्षेत्रका बालबालिकाहरूको प्रभावकारी पहुँच भएको भए पनि ग्रामीण क्षेत्रका बालबालिकाहरू सो अवसरबाट बञ्चित हुनुपरेको अवस्था रह्यो। विशेषगरी मर्चवारक्षेत्रका पालिकाहरूका बालबालिकाहरूको अनलाइन शिक्षा प्रभावकारी बन्न सकेन।

यस वर्ष रुपन्देही जिल्लामा यौन दुर्व्यवहारका घटनामा १७ जना, बलात्कारका घटनामा ४० जना, बेचबिखन तथा ओसारपसार घटनामा एक जना गरी ५८ जना बालबालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहार घटनाका १० जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई जना आरोपितहरूलाई धरौटीमा रिहा गर्ने आदेश दियो। तीन आरोपितहरूलाई कसुरदार ठहरको फैसला सुनायो। एक जना आरोपित यो वर्षको अन्त्यसम्म प्रहरी अनुसन्धानमा रहे। बलात्कार घटनाका ३२ जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा, एक जना आरोपितलाई धरौटीमा रिहा, ६ जना आरोपितहरूलाई कसुरदार ठहरको फैसला सुनायो भने तीन जना आरोपितहरूलाई बाल सुधार गृहमा पठायो। पाँच जना आरोपित यो वर्षको अन्त्यसम्म फरार रहे।

बलात्कार, यौन दुर्व्यवहार

नौ वर्षीया बालिकालाई ०७७ माघ ३ गते बलात्कार गरेको आरोपमा प्रहरीले सिद्धार्थनगर नपा-३ का ४८ वर्षीय माधवकुमार श्रेष्ठ र मायादेवी गाउँपालिका-८ का ५१ वर्षीय पुजारी भन्ने रामप्रसाद हरिजनलाई माघ १४ गते मायादेवीबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १३ गते भीम अस्पताल, भैरहवामा गरिएको प्रहरीले जनायो। फागुन ११ गते अदालत पेश गरेकोमा जिल्ला अदालत, रुपन्देहीका न्यायाधीश धनसिंह महराको २०७८ मङ्सिर २१ गते बसेको इजलासले प्रतिवादी पुजारी भन्ने रामप्रसाद हरिजनलाई जन्मकैद (२५ वर्ष कैद)

सजाय ठहर गरेको र अर्का प्रतिवादी माधव श्रेष्ठ सात वर्ष कैद र प्रतिवादीबाट पीडितलाई जनही १ लाख भराउने ठहर गरेको र पीडित राहत कोषमा प्रतिवादी राम प्रसाद हरिजनबाट रु. २ हजार आठ सय र माधव श्रेष्ठबाट १ हजार तीन सय असुल गरी राख्ने ठहर गरेको जिल्ला अदालतका श्रेस्तेदार शोभाखर खरेलले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष रुपन्देही जिल्लामा घरेलु हिंसा पीडित भन्दै ४ सय ३८ जना महिलाले जिल्ला प्रहरी कार्यालय महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी गरिएका २ सय ७० , खान/लाउन नदिएको १ सय ९ विवाह दर्ता र नागरिकता नबनाएको १२ अर्की पत्नी ल्याएर हेला गरेको सात जना दाइजो नल्याएको भनी हेला गरेको पाँच, शंका उपशंका गरी ३५ घटना छन्। यीमध्ये प्रहरीले ३ सय १२ वटामा मिलापत्र भएको भने ५२ उजुरी कारबाही प्रक्रियामा रहेको ४९ जना अदालत जान्छौँ भनी गएको र ३१ जना सम्पर्कमा नआएको जिल्ला प्रहरी कार्यालय महिला,बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्रका सई मीना आचार्यले बताइन्।

यो वर्ष रुपन्देहीमा घरेलु हिंसाका ५ सय ७, बलात्कारका २८, बलात्कार प्रयासका १०, बेचबिखन तथा ओसारपसार घटनाका पाँच, बहुविवाह घटनाका आठ गरी ५ सय ५८ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये बलात्कार प्रयास घटनाका ६ जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा एक जना आरोपितलाई धरौटीमा रिहा, दुई जना यो वर्षको अन्त्यसम्म फरार रहे भने एक जना आरोपित अनुसन्धानमै रहे। बलात्कार घटनाका १८ जना आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई जना आरोपितलाई कसुदार ठहरको फैसला सुनायो। ६ जना आरोपितहरू यो वर्षको अन्त्यसम्म फरार रहे। बेचबिखन तथा ओसार पसार घटनाका दुई आरोपितहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा, दुई जना आरोपितहरू धरौटीमा रिहा भए भने तीन जना आरोपितहरू यस वर्षको अन्त्यसम्म फरार रहे। दुई जना आरोपितहरू यो वर्षको अन्त्यसम्म अनुसन्धानमै रहे।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३८ वर्षीया महिलालाई जेठ २७ गते बलात्कार गरेको आरोपमा प्रहरीले सैनामैना नपा-२ का २५ वर्षीय सन्तोष राना र सोही ठाउँका २६ वर्षीय क्षेत्र बहादुर थापालाई जेठ २८ गते आरोपितको घरबाटै गिरफ्तार गऱ्यो। आरोपितले पीडित महिला बाख्रा चराउन जंगल गएको बेला जेठ २७ गते बलात्कार गरेको भनी पीडित महिलाले जेठ २८ गते इलाका प्रहरी कार्यालय बुटवलमा जबरजस्तीकरणीसम्बन्धी कसुरमा उजुरी दिए। पीडितको स्वास्थ्य परीक्षण जेठ २८ गते लुम्बिनी प्रादेशिक अस्पताल, बुटवलमा गरिएको प्रहरीले जनायो। जिल्ला अदालतका न्यायाधीश दीपक ढकालको २०७८ मङ्सिर १३ गतेको इजलासले आरोपितद्वयलाई ८ वर्ष कैद सजाय र पीडितलाई आरोपितबाट जनही १ लाख क्षतिपूर्ति भराउने ठहर गरेको जिल्ला अदालतका श्रेस्तेदार शो भाखर खरेलले बताए।

परिवारजनबाट हत्या

लुम्बिनी सांस्कृतिक नपा-५ तेनुहवाकी २२ वर्षीया बन्दना पासीलाई २०७८ कार्तिक २९ गते कुटपिट गरी हत्या गरेको आरोपमा प्रहरीले मृतकका पति २० वर्षीय गणेश पासीलाई मङ्सिर ९ गते तेनुहवाबाट गिरफ्तार गऱ्यो। घटनामा संलग्न भएको आरोपमा प्रहरीले सोही स्थानका २५ वर्षीय राजु पासी विरुद्ध उजुरी दर्ता गऱ्यो। आरोपितले पत्नीलाई परपुरुषसँग फोनमा कुरा गरेर आफूलाई धोका दिन खोजेको भन्दै मुक्का, काठले कुटपिट गरेर हत्या गरी दाहसंस्कार गर्न लैजाँदै गर्दा स्थानीयले प्रहरीलाई खबर गरेका थिए। इलाका प्रहरी कार्यालयबाट खटिएको टोलीले ट्याक्टरमा हाली दाहसंस्कार गर्न लैजान लागेको लासका विषयमा सोध्दा सिँढीबाट लडेर मृत्यु भएको आरोपितले बताएका थिए। प्रहरीले घटनास्थलमा गएर अनुसन्धान गर्दा शंकास्पद रहेको र शरीरको पछाडिको भागमा १२ ठाउँमा धारिलो वस्तुले काटेको जस्तो चोटपटक रहेको पायो। प्रहरीले शव बरामद गरी लुम्बिनी प्रादेशिक अस्पतालमा पोष्टमार्टम गरायो। जिल्ला अदालत रुपन्देहीका न्यायाधीश लिलाराज अधिकारीको इजलासले आरोपितलाई मङ्सिर १७ गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। यो वर्षको अन्तिमसम्म मुद्दा फैसला नभएको जिल्ला अदालतका श्रेस्तेदार शोभाखर खरेलले बताए।

सम्मरीमाई गाउँपालिका-५ दुवेथुमुवाकी ३२

वर्षीय कुसुम लोधको हत्या गरेको आरोपमा प्रहरीले मृतकका पति ३४ वर्षीय शैलेश कुमार लोध र देवर ३० वर्षीय राजेश कुमार लोधलाई फागुन २३ गते गिरफ्तार गऱ्यो। आरोपितले मृतकलाई ०७७ फागुन १५ गते लुम्बिनी पर्सा घुम्न लैजाने भनी १५ महिने दुधे बालक सहित लु.६२ प १४०१ नं को मोटर साइकलमा लिएर गएका थिए। कोटहीमाई गाउँपालिका-१ पतिजिया सिपवास्थित झलुनीपुरदेखि मर्चवार जाने बाटोमा इलाका प्रहरी कार्यालय लुम्बिनीका इन्सपेक्टरको नेतृत्वमा गएको गस्ती टोलीलाई आफ्नो पत्नीलाई लु.२ च.१५१७ नं को गाडीले हानी पेस्तोल देखाएर पत्नीको गरगहना समेत लुटेर लगेको बताएका थिए। प्रहरीले मृतक लोधलाई उपचारका लागि प्रहरीकै गाडीमा राखेर भीम अस्पताल, भैरहवामा पुऱ्याएकोमा अस्पतालले मृत घोषणा गरेको थियो। आरोपितले मृतकलाई मार्ने योजनाका साथ घटनास्थलमा लिएर आएको र मोटरसाइकल रोकी पिसाब फेर्ने बाहना बनाई छोरालाई सडक छेउमा रोकेको मोटरसाईकलमा राखी पत्नीलाई सडक छेउमा उभिन लगाएको थिए। मृतकको देवर राजेशकुमार लोधले दाजुसँग भएको सल्लाह अनुसार भारतीय नं प्लेटको युपी ५५ एन ८५९८ नं. को गाडीले भाउजुलाई ठक्कर दिएको र भुईँमा ढलेपछि दुई तीन पटक शरीरमा गाडी चढाएर हत्या गरेको अनुसन्धानका क्रममा पत्ता लागेको जिल्ला प्रहरी कार्यालयका डिएसपी सत्यनारायण थापाले बताए। आरोपितले मृतकलाई पटक पटक कुटपिट गर्ने गरेको, घटना हुनु अघिल्लो दिन पनि घरायसी झैझगडा भएको थियो। मृतकको नाममा इन्सुरेन्स रहेको र घरायसी विवादको कारण घटना भएको डिएसपी थापाले बताए। शवको फागुन १६ गते भिम अस्पताल, भैरहवामा पोष्टमार्टम गरी परिवारलाई बुझाइएको प्रहरीले जनायो। जिल्ला अदालत रुपन्देहीले आरोपितलाई चैत १० गते पुर्पक्षका लागि थुनामा राख्ने आदेश दियो। यो वर्षको अन्तिमसम्म मुद्दा फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

रुपन्देही जिल्लामा एउटा प्रदेशिक अस्पताल र एउटा जिल्ला अस्पताल गरी दुई ओटा अस्पताल रहेका छन् भने प्राथमिक स्वास्थ्य केन्द्र पाँच, उप-स्वास्थ्य चौकी ६४, शहरी स्वास्थ्य केन्द्र १४, सामुदायिक इकाई पाँच,नीजि स्वास्थ्य संस्थाको सङ्ख्या (अस्पताल, मेडिकल कलेज,अस्पताल क्लिनीक) २१,स्वास्थ्य संस्था व्यवस्थापन समिती गठन भएका संस्थाहरू ८५, स्वास्थ्य संस्था नरहेको वडा सङ्ख्या ७०, गाउँघर क्लिनीक २ सय २६, खोप किल्नीक २ सय ८५, महिला स्वास्थ्य स्वमंसेविका १ हजार ५ सय २ जना, पाँच प्रकारकै परिवार नियोजनका साधन उपलब्धता भएको संस्था ३६, बर्थिङ्ग सेन्टर २८, काइकोस्कोपिक्स सेण्टर पालिकाको सहयोगमा १३ र नेपाल सरकारको सात, सुरक्षित गर्भपतन सेवा उपलब्ध भएको संस्था २१, पोषण पुर्नस्थापना गृह १२, (कुपोषित बच्चाहरूको स्याहार सुसार तथा उपचार) एआरटी सेवा सञ्चालित संस्था दुई, न्यू वर्न कर्नर स्थापना भएको संस्था चार (जहाँ नयाँ बच्चा जन्मिएको बर्थिङ्ग सेन्टरमा बच्चा राख्नको लागि बनाइएको हुन्छ) हरूको स्थापना भएको छ। कोरोना सङ्क्रमणको जोखिम बढेसँगै जिल्लामा एक अस्थायी कोरोना विशेष अस्पताल र लुम्बिनी प्रदेश प्रयोगशाला रहेको छ। कोभिड अस्पताल आठ, सर्पदंश उपचार केन्द्र दुई, किशोरीमैत्री स्वास्थ्य संस्थाको सङ्ख्या १४, आयुर्वेद अस्पताल आठ, आधार भूत स्वास्थ्य सेवा केन्द्र ३६, पोलिक्लिनीक १६, औषधी पसल फार्मेसी १ सय ५६, प्रयोगशाला भएका स्वास्थ्य संस्थाहरू ४३, क्षयरोग/ डट्स सेन्टर ८९, इम्प्लाइन्ट सेवा प्रदायक स्वास्थ्य संस्थाको संख्या ४७ रहेको छ।

जिल्लाका स्वास्थ्य कार्यालय अन्तरगत स्वीकृत कूल पाँच सय ८ जना कर्मचारीको दरबन्दी रहेको छ। जसमा पदपूर्ति संख्या ४ सय ८७ रहेको छ। जसमा स्थायी कार्यरत कर्मचारीको संख्या ४ सय ८७ र , करार (सरकारी) १२ र करार (स्थानीय श्रोत) १ सय ७४ जना रहेका छन्। जिल्ला स्वास्थ्य कार्यालयको तथ्यांक अनुसार जिल्ला अहिले ६ सय ६६ जना कर्मचारीहरूले सेवा दिइरहेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख डा. राजेन्द्र गिरीले बताए।

सरकारले सञ्चालन गरेको स्वास्थ्य बिमा सेवा अहिलेसम्म पनि सहज नभएको, रातको समयमा आएका बिरामीका लागि स्वास्थ्य बिमाको सेवा अस्पतालले दिन नसकेकोले झन्झटिलो भएको बिरामीको गुनासो यो वर्ष पनि रहेको छ। सरकारले वितरण गरेको नि:शुल्क स्वास्थ्य सेवामा अशक्त, गरिब तथा ज्येष्ठ नागरिकहरूको सहज पहुँच हुन नसकेको गुनासो सेवाग्राही बिरबहादुर क्षेत्रीले बताए।

जिल्लामा कोरोना संक्रमणको पूर्वतयारी कमजोर भएका कारण अस्पतालमा अक्सिजनको समस्या, बेड र आइसीयु बेडको समस्याका कारण दोस्रो लहरक क्रममा धेरैले ज्यान गुमाउनु पऱ्यो।

जिल्लामा १८ वर्षमाथि उमेर समूहका व्यक्तिहरूले ६ लाख ९ हजारले कोभिडको पहिलो डोज खोप लगाएका छन्। जसलाई प्रतिशतको हिसाबले हेर्दा ८५ प्रतिशत रहेको र ३ लाख २० हजारले डवल डोज खोप लगाएको र प्रतिशतका हिसावले ४५ प्रतिशत रहेको जिल्ला स्वास्थ्य कार्यालयका खोप अधिकृत भेषराज शर्माले बताए। त्यस्तै दीर्घ रोगीलाई लक्षित गरि आएको फाइजर खोप रुपन्देहीका २ सय जनाले लगाएको शर्माले बताए। कोरोनाका कारण रुपन्देहीमा यो वर्ष ५ सय ७५ ले ज्यान गुमाएको र जसमध्ये ३

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार			१	१
बलात्कार	५	३	३३	४०
यौन दुर्व्यवहार	३		१४	१७
जम्मा	८	३	४७	५८

महिला अधिकार						
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार					५	५
घरेलु हिंसा		४७९	१		२७	५०७
बहुविवाह				१	७	८
बलात्कार	१			२	२४	२७
बलात्कार प्रयास					१०	१०
जम्मा	१	४७९	१	३	७३	५५७

मारिएकाको घटना सङ्ख्या		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	८	८

५.९ कपिलवस्तु



जम्मा जनसङ्ख्या	६,८६,७३५
महिला	३,४५,१३५
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	३
प्रदेशसभा निर्वाचन क्षेत्र	६
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२,०१,७७२
कामका लागि बाहिरिएका	२५,७५२
अपाङ्गता भएका	७,३३३
५ वर्षमाथिको साक्षरता प्रतिशत	५४.५
आश्रित जनसङ्ख्या	२,७७,८३४

यस वर्ष कपिलवस्तु जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा अन्य पक्षबाट २ सय ८१ जना महिला र चार जना पुरुष गरी २ सय ८५ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ४४ जना र महिला अधिकार उल्लङ्घनका घटनामा २ सय ३५ जना पीडित भए। चार जनाको हत्या भएको र दुई जना घाइते भएका घटना इन्सेकले अभिलेख गऱ्यो।

गोलीबाट घाइते

कपिलवस्तु नपा-१ निवासी नेकपा माओवादी केन्द्रका जिल्ला सदस्य ३४ वर्षीय दिपक पाण्डेय र भारतीय नागरिक २६ वर्षीय इयाज अख्तर मुसलमान माथि २०७८ जेठ ५ गते राती ११ बजे गोली प्रहार गरेको आरोपमा प्रहरीले कपिलवस्तु नगरपालिका - १ आनन्दवागका ३९ वर्षीय ओमप्रकाश यादव र सोही नगरपालिका-२ का ३३ वर्षीय साकिर अलि पाखियालाई जेठ ६ गते घरबाट गिरफ्तार गऱ्यो। घटनामा संलग्नबाट लु १६ प ३४९७ नं. को पल्सर मोटरसाइकल, दुई थान मोबाइल, एक थान जङ्गगी राउण्ड, एक थान खोका समेत बरामद गरिएको प्रहरीले जनायो। गिरफ्तार भएका आरोपित यादवले व्यक्तिगत रिसिइवीका कारण आफूले योजना बनाइ गोली प्रहार गरेको स्वीकार गरेको प्रहरीले जनायो। गोली प्रहारबाट दिपकको पेटमा, बाँया कोखामा र इयाज अख्तर मुसलमानको बाँया कुममा गोली लागि घाइते भएका दुवै जनाको जेठ ६ गते भैरहवा मेडिकल कलेजमा उपचार भयो। इयाज अख्तर मुसलमानको उपचार पश्चात जेठ ७ गते भैरहवा मेडिकल कलेजबाट डिस्चार्ज भए। दिपक पाण्डेयको अवस्था गम्भीर भएपछि जिल्ला प्रशासन कार्यालय कपिलवस्तुको अनुरोधमा गृह मन्त्रालय मार्फत भेण्टिलेटर सहित नेपाली सेनाको हेलिकोप्टरबाट जेठ १० गते काठमाडौंको शिक्षण अस्पताल लगिएकोमा उपचारको क्रममा पाण्डेको जेठ १० गते मृत्यु भयो। शवको पोष्टमार्टम जेठ ११ गते शिक्षण अस्पताल काठमाडौंमा भयो। प्रहरीले घटनामा संलग्न रहेको आरोपमा कपिवस्तु नपा- १ आनन्दवागका ३५ वर्षीय पूर्णविर पाल्पाली, ३६ वर्षीय मोटे भन्ने नरसत अलि, सोही नगरपालिका- २ का २९ वर्षीय सद्दाम हुसेन खान, २६ वर्षीय प्रविन गुप्ता, यशोधरा गाउँपालिका-४ का २९ वर्षीय राजेश भन्ने ज्ञानेन्द्र कुमार पाण्डेय,

२३ वर्षीय गोलु भन्ने राधेश्याम चौधरी, कपिलवस्तु नगरपालिका- ५ का ३५ वर्षीय सिरिया भन्ने श्रीराम कुर्मी, सोही नगरपालिका-६ का २५ वर्षीय रमजन शाह मुसलमान र घटनाको मुख्य योजनाकार मृतकको पत्नी २८ वर्षीया महिमा पाण्डेयलाई जेठ ३० गते प्रहरीले घरबाट गिरफ्तार गऱ्यो। घटनामासंलग्न ११ जना आरेपीतहरु विरुद्ध प्रहरीले साउन ३ गते अदालतमा कर्तव्य ज्यान सम्बन्धी मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको साउन ७ गतेको आदेशले आरोपितहरू ११ जनालाई पुर्पक्षका लागि थुनामा पठाएको अदालतका श्रेस्तेदार हिरण्यप्रसाद भण्डारीले बताए।

कारागार र बन्दी

कारागारको क्षमता ३ सय ५२ जनाको रहेको छ। कारागारमा ४ सय ६९ जना कैदी/बन्दी छन्। जसमध्ये कैद तोकिएका २ सय ६२ जना छन् भने थुनुवा १ सय ७६ जना छन्। जसमा २० जना कैदी र ११ जना थुनुवा विदेशी रहेका कारागार कार्यालयका प्रमुख मनोजकुमार सैनीले बताए। कारागारमा महिला छैनन्। ६० वर्ष नाघेका कैद तोकिएका ६ जना ज्येष्ठ नागरिक छन्। कारागार कार्यालयमा एक जना सिनियर अहेवको दरबन्दी भए पनि रिक्त छ।

कोभिड- १९ विरुद्धको पहिलो डोज खोप ३ सय ९३ र दोस्रो डोज खोप ३ सय ५७ जनाले लगाए। कारागारमा यस वर्ष कोभिड-१९ बाट चार जना सङ्क्रमित भएकामा सबै निको भए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

पाँच जना न्यायाधीश रहेको यस जिल्ला अदालतमा यो वर्ष फौजदारी मुद्दातर्फ ६ सय ७१ थानमध्ये ४ सय १ थान फैसला भए। देवानी मुद्दातर्फ २ हजार ७ सय ३५ थानमध्ये १ हजार ५ सय २ थान फैसला भए। यस अदालतमा फौजदारीतर्फ दुई वर्ष नाघेका मुद्दाको सङ्ख्या १६ र देवानी मुद्दातर्फ १ सय ११ थान मुद्दा फैसला हुन बाँकी छन्। अदालतले ७८ जना कर्मचारी करारमा नियुक्त गरेको छ भने ३४ जना यो वर्षको अन्त्यसम्म रिक्त रहेको जिल्ला अदालतका श्रेस्तेदार सुमन पाण्डेले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा सामुदायिकतर्फ ४ सय १३ आधारभूत र १ सय ४४ मावि छन्। १ हजार ३ सय ६० शिक्षक दरबन्दी रहेकामा २ सय ७२ रिक्त छन्। यस वर्ष ६२ हजार ६ सय १५ बालक र ५९ हजार २ सय ७४ जना बालिका विद्यालयमा भर्ना भए। जसमा अपाङ्गता भएका ९ सय बालिका र ७ सय बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय १ सय १ आधारभुत र ५० मावि गरी १ सय ५१ ओटा छन्। जिल्लामा ९ हजार २ सय ८३ दलित बालक र ७ हजार ६ सय ९४ दलित बालिका विद्यालय भर्ना भए। शिक्षा विकास तथा समन्वय इकाइमा यसको अद्यावधिक तथ्याङ्क पाइएन। द्वन्द्वपीडित परिवारका ६० जना बालबालिकाले छात्रवृत्ति पाए। वैदेशिक रोजगारीमा गई ज्यान गुमाएका परिवारका ७० जना बालबालिकाले छात्रवृत्ति पाएको शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख थानेश्वर घिमिरेले बताए।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
घाइते			२	२
हत्या		३	१	४
बाल अधिकार	बालश्रम	१		१
	बेचबिखन तथा ओसारपसार	१		१
	नवजात शिशुको हत्या	१		१
	बलात्कार	२९		२९
	यौन दुर्व्यवहार	११	१	१२
	जम्मा	४३	१	४४
महिला अधिकार	घरेलु हिंसा	२०२		२०२
	बहुविवाह	४		४
	बलात्कार	१४		१४
	बलात्कार प्रयास	७		७
	बेचबिखन तथा ओसारपसार	८		८
	जम्मा	२३५		२३५
कूल जम्मा		२८१	४	२८५

यस वर्ष यौन दुर्व्यवहारका घटनामा एक जना बालकसहित १२ जना, बलात्कारका घटनामा २९ जना, बेचबिखनको घटनामा एक जना र बालश्रमको घटनामा एक जना पीडित भए। एक जना नवजात शिशुको हत्या भएको घटना इन्सेकले अभिलेख गऱ्यो।

बलात्कारका १२ ओटा घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। पाँच ओटा घटनाका आरोपितलाई अदालतले कैद सजाय सुनायो। चार ओटा घटनाका आरोपितलाई अभिभावकको जिम्मा लगायो। तीन ओटा घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो भने दुई ओटा घटनाका आरोपितलाई अदालतले १ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो। पाँच ओटा यौन दुर्व्यवहार घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। एउटा घटनाका आरोपितलाई बाल सुधार गृह र दुई ओटा घटनाका आरोपितलाई अदालतले २ लाख धरौटीमा रिहा गऱ्यो। दुई ओटा घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया बालिकालाई ०७७ पुस २५ गते घरदेखि भारतको दिल्लीमा लगेर बलात्कार गरेको आरोपमा बाणगङ्गा नपा-११ का ३४ वर्षीय तेजनारायण भण्डारीविरुद्ध पीडित पक्षले माघ १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडित पक्षको मौखिक उजुरीका आधारमा आरोपितलाई प्रहरीले माघ १६ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १७ गते कपिलवस्तु जिल्ला अस्पताल, तौलिहवामा भयो। जिल्ला अदालतमा आरोपितविरुद्ध फागुन ११ गते जबरजस्तीकरणी शीर्षकमा प्रहरीले मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ११ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश भयो। न्यायाधीश विष्णुप्रसाद सुवेदीको ०७८ असार १३ गतेको इजलासले आरोपितलाई १२ वर्ष कैद र ४ लाख रुपियाँ जरिबाना हुने गरी फैसला भएको अदालतका श्रेस्तेदार हिरण्यप्रसाद भण्डारीले बताए।

१५ वर्षीया बालिकालाई २०७७ माघ २७ गते घर नजिकैमा रहेको कृषि फर्मको पछाडी बोलाएर यौन दुर्व्यवहार गरेको भन्दै बुद्धभूमि नगरपालिका-४ का २३ वर्षीय सुदिप थारुविरुद्ध पीडितकी आमाले माघ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिइन्। आरोपितलाई प्रहरीले माघ २८ गते सोही ठाउँबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १७ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपित विरुद्ध फागुन १२ गते जिल्ला अदालतमा जबरजस्ती करणी उद्योगको मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन १४ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधिश तेजेन्द्रप्रसाद सापकोटाको ०७८ असार १३ गते बसेको इजलासले आरोपितलाई २ वर्ष कैद सजाय, २० हजार रुपियाँ जरिवाना र पीडितलाई ५० हजार रुपियाँ क्षेतीपूर्ती हुने गरी फैसला भएको अदालतका श्रेस्तेदार हिरण्यप्रसाद भण्डारीले बताए।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै २ सय ६७ महिलाले महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमा कुटपिट गरी घरनिकाला गरिएका ३०, खान/लाउननदिएको ६७, विवाह दर्ता र नागरिकता नबनाएको चार, अर्की पत्नी ल्याएर हेला गरेको पाँच, दाइजो नल्याएको भनी हेला गरेको १० र सामान्य घरायसी झगडाका ५६ उजुरी रहेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रका प्रमुख विजय कुमार सिंहले बताए। यीमध्ये प्रहरीले १ सय ८५ ओटामा मिलापत्र गरायो भने ११ ओटा घटना अदालत पठाएको छ। ९५ ओटा उजुरी कारबाही प्रक्रियामा रहेका छन्।

यो वर्ष कपिलवस्तुमा घरेलु हिंसाका २ सय २, बलात्कारका घटनामा १४, बलात्कार प्रयासका घटनामा सात, बहुविवाहका घटनामा चार र बेचबिखनका घटनामा आठ जना गरी २ सय ३५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये एक बलात्कार घटनाका आरोपितलाई जिल्ला अदालतले कैद सजाय सुनायो भने ६ ओटा घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। अदालतले एक घटनाका आरोपितलाई १ लाख रुपियाँ धरौटीमा रहिा गऱ्यो भने अर्को घटनाका आरोपितलार्य ७५ हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। त्यसैगरी अदालतले एउटा घटनाका आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। दुई ओटा घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् भने एउटा घटनाका आरोपितलाई प्रहरीले गिरफ्तार गरी वर्षको अन्त्यसम्म अनुसन्धानमा राख्यो। बलात्कार प्रयासको एउटा घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो, एउटा घटनाका आरोपिलाई २ लाख ५० हजार रुपियाँ धरौटीमा र अर्को घटनाका आरोपितलाई २ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो। एउटा घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

बलात्कार, बलात्कार प्रयास र यौन दुर्व्यवहार

१८ वर्षीया युवतीलाई ०७७ माघ १४ गते बलात्कार प्रयास गरेको आरोपमा कपिलवस्तु नपा-७ धरमपनियाका ३८ वर्षीय असगर अलि धुनियाविरुद्ध पीडितपक्षले माघ १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। स्थानीयले माघ १४ गते आरोपितलाई घटनास्थलबाट नियन्त्रणमा लिएर प्रहरीलाई बुझाए। आरोपितविरुद्ध प्रहरीले फागुन ९ गते जिल्ला अदालतमा जबरजस्तीकरणी उद्योगमा मुद्दा दर्ता गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १४ गते कपिलवस्तु अस्पताल तौलिहवामा भयो। जिल्ला अदालतको फागुन १० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। न्यायाधीश बसन्तजङ्ग थापाको ०७८ भदौ ८ गतेको इजलासले आरोपितलाई तीन वर्ष ६ महिना कैद हुने फैसला भएको अदालतका श्रेस्तेदार हिरण्यप्रसाद भण्डारीले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा तीन सरकारी, दुई सामुदायिक र दुई ओटा आधारभूत अस्पताल, ७२ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, सात नगर स्वास्थ्य केन्द्र, ४० सामुदायिक स्वास्थ्य इकाइ, १७ आधारभूत स्वास्थ्य सेवा केन्द्र, ३१ बर्थिङ् सेन्टर, ३ सय ९४ खोप क्लिनिक, ३ सय १० गाउँघर क्लिनिक र १ हजार १ सय ७ जना महिला स्वास्थ्य स्वयम्सेविका छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा १० जना विशेषज्ञको दरबन्दीमा पाँच रिक्त छन् भने तीन जना करारमा कार्यरत छन्। १० जना स्टाफनर्सको दरबन्दी रहेकोमा रिक्त छ। ६ जना अनमीको दरबन्दी रहेकोमा कार्यरत छन्।

मायादेवी गाउँपालिकामा १५ शैयाको, लबनी गाउँपालिकामा १० शैयाको र यशोधरा गाउँपालिकामा १५ शैयाको अस्पताल निर्माणका लागि ०७७ मङ्सिर १५ गते शिलान्यास गरिएकामा मायादेवी गाउँपालिकाको मात्र निर्माण कार्यको शुरुवात भएको छ। यशोधरा र शुद्धोधन गाउँपालिकाको डिपीआर पश्चात थप काम भएको छैन। यो वर्ष कोभिड-१९ बाट ४ हजार १ सय ७० जना सङ्क्रमित भए जसमा १ सय ८२ जनाको मृत्यु भयो। ३ लाख ६० हजार ५ सय २४ जनाले कोभिडविरूद्धको खोप लगाए।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बालश्रम			१	१
बेचबिखन तथा ओसारपसार			१	१
नवजात शिशुको हत्या			१	१
बलात्कार	३	७	१९	२९
यौन दुर्व्यवहार	२	२	८	१२
जम्मा	५	९	३०	४४

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा		१९४	३	२	३	२०२
बहुविवाह				१	३	४
बलात्कार				३	११	१४
बलात्कार प्रयास	१			२	४	७
बेचबिखन तथा ओसारपसार		२			३	५
जम्मा	१	१९६	३	८	२४	२३२

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	४	४

५.१० दाङ

जम्मा जनसङ्ख्या	६,७६,२७७
महिला	३,५४,३७६
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	३
प्रदेशसभा निर्वाचन क्षेत्र	६
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,३७,२५५
कामका लागि बाहिरिएका	४३,१६०
अपाङ्गता भएका	१२,८८१
५ वर्षमाथिको साक्षरता प्रतिशत	५६.८
आश्रित जनसङ्ख्या	२,४७,३६८



यस वर्ष दाङ जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा ३८ जना र ज्यादतीका घटनामा अन्य पक्षबाट १ सय ९२ जना महिला र १३ जना पुरुषसहित २ सय ५ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा चार जना बालकसहित ६५ जना र महिला अधिकार उल्लङ्घनका घटनामा १ सय २७ जना पीडित भए। एक जनाको हिरासतमा मृत्यु र ६ जनाको हत्या भएका घटना इन्सेकले अभिलेख गऱ्यो। कुटपिटका घटनामा चार, अमानवीय व्यवहारबाट दुई, यातनाका कारण एक, अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकारबाट ३२ जना पीडित भए भने एक जना घाइते भएका घटना अभिलेखित छ।

कारागार र बन्दी

घोराही कारागार

घोराही कारागारको क्षमता ७० जनाको छ। कारागारमा १ सय १८ कैदी र १ सय ८१ थुनुवा गरी २ सय ९९ जना छन्। क्षमता भन्दा चारगुणा बढी कैदीबन्दी रहेको कारागारमा बस्ने समस्या भएपछि टहरामा बस्नुपर्ने बाध्यता छ। ०६२ सालमा बनेको कारागारको प्रशासन र बन्दी/थुनुवा घर गरी चार ओटा भवन छन्। यस कारागारमा पुरुष कैदीबन्दी मात्र राखिएको छ। कारागारमा ६० वर्ष नाघेका ६ जना र ७० वर्ष नाघेका दुई जना छन्। खानेपानी, पत्रपत्रिका, टेलिभिजन, खेलकुदका सामग्री उपलब्ध गराइएको छ। कारागारका २ सय ३६ कैदीबन्दीले कोभिडविरूद्धको पूर्ण खोप लगाएका छन् भने पहिलो खोप लगाएका ६ जना छन् भने ५६ जनाले खोप नै पाएका छैनन्। कारागारमा एक जना सिनियर अहेवको दरबन्दी रहेकामा कार्यरत छन्।

तुलसीपुर कारागार

पुरुष ३ सय र महिला २० जना क्षमताको तुलसीपुर कारागारमा ४ सय ९५ पुरुषमध्ये ४ सय ७६ कैदी, १९ बन्दी छन्। २९ जना महिलामध्ये १६ कैदी र १३ बन्दी छन्। कारागारमा एक बालक र एक बालिका गरी दुई जना आश्रित छन्। ०३७ सालमा निर्मित एक पुरानो र ०७४ मा निर्मित एक नयाँ कारागार भवन सञ्चालनमा छन्। जसमा ७० वर्षमाथिका पाँच जना र ६० वर्ष नाघेका २१ जना छन्। खानेपानी, खेलकुद, टेलिभिजन, पत्रपत्रिकाको व्यवस्था छ। १ सय ७५ जना कैदीबन्दी बस्दै आएको पुरानो भवनमा चुहिने समस्या भएकाले मर्म्मत प्रक्रिया

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट			१	१		३	३
हिरासतमा मृत्यु			१	१			
अमानवीय व्यवहार		१		१		१	१
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार			३२	३२			
घाइते						१	१
हत्या					४	२	६
धम्की			२	२		२	२
यातना			१	१			
बाल अधिकार	बालविवाह				१		१
	विद्यालयमा शारीरिक सजाय				३	१	४
	नवजात शिशुको हत्या					१	१
	बलात्कार				४२		४२
	यौन दुर्व्यवहार				१५	२	१७
	जम्मा				६१	४	६५
महिला अधिकार	'बोक्सी'को आरोप				१		१
	बलात्कार				२४		२४
	बलात्कार प्रयास				९		९
	बहुविवाह				१		१
	बेचबिखन तथा ओसारपसार				१		१
	घरेलु हिंसा				९१		९१
	जम्मा				१२७		१२७
कूल जम्मा		१	३७	३८	१९२	१३	२०५

थालिएको छ। कारागारमा मानसिक रोगी दुई र दीर्घरोगी ४३ जना छन्। दरबन्दी अनुसारकै सिनियर अहेव (पाँचौ तह) कार्यरत रहेको स्वास्थ्य सेवामा सहज छ। कारागारमा रहेका कैदीबन्दीले कोभिडविरूद्धको पूर्णमात्रा खोप पाए। ५० जना क्षमताको नयाँ महिला कारागार भवन निर्माण थालिएको छ।

हिरासतमा मृत्यु

गङ्गादेव गाउँपालिका-३ रोल्पा स्थायी घर भइ तुलसीपुर उपमनपा-६ बस्ने ४६ वर्षीय नन्दराम वलीको इलाका प्रहरी कार्यालय तुलसीपुरको हिरासत ०७७ फागुन ९ गते मृत्यु भयो। मादक पदार्थ सेवन गरी ३४ वर्षीया पत्नी प्रीति वलीलाई कुटपिट गरेको भन्दै फागुन ८ गते उजुरी गरेपछि सोही दिन गिरफ्तार गरी हिरासतमा राखिएका वली फागुन ९ गते बिहान अचेत अवस्थामा पाइएपछि बिहान ७ बजे राप्ती प्रादेशिक अस्पतालमा लगिएका वलीलाई चिकित्कले मृत घोषणा गरे। गिरफ्तार गरेलगत्तै राप्ती प्रादेशिक अस्पतालमै फागुन ८ गते राति स्वास्थ्य परीक्षण गर्दा मादक पदार्थ सेवन गरेको पाइएको थियो। तर, मृतक वलीकी जेठी पत्नी ३९ वर्षीया पार्वती वलीले प्रहरी र कान्छी पत्नी प्रिति वलीको लापरबाहीका कारण पतिको मृत्यु भएको भन्दै विरोध गरिन्। घटनाबारे इन्सेक जिल्ला प्रतिनिधिसहितको मानव अधिकारकर्मीहरूको टोलीले फागुन १० गते पीडित पक्ष, हिरासतमा राखिएका थुनुवा र प्रहरीसँग भेटगरी घटनाबारे स्थलगत निरीक्षण गऱ्यो। प्रहरीले घटनाबारे छानबिन गर्ने सहमतिमा फागुन ११ गते पोष्टमार्टम गरी परिवारको जिम्मा लगाई रोल्पा लगेर फागुन १२ गते सदगत् गरियो। तर, यो वर्षको अन्त्यसम्म घटनाको थप अनुसन्धान भएन।

दुर्व्यवहार

अन्य पक्षबाट

राप्ती प्रादेशिक अस्पताल तुलसीपुरका निमित्त मेडिकल सुपरिटेन्डेन्ट ५२ वर्षीय डा बिनोद सिंहलाई ०७८ भदौ ११ गते उनकै कार्यकक्षमै अनेरास्ववियु दाङका जिल्ला संयोजक तुलसीपुर उमनपा-१८ का २७ वर्षीय सर्जन परियार, सहसंयोजक २५ वर्षीय दिवस क्षेत्री, सदस्यहरू २६ वर्षीय गणेश खड्का र २४ वर्षीय डिल्ली डाँगीले मोसो दलेर दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले भदौ ११ गते इलाका प्रहरी कार्यालय तुलसीपुरमा उजुरी दियो। आरोपितमध्ये प्रहरीले डिल्ली डाँगीलाई भदौ १४ गते र गणेश खड्कालाई भदौ १७ गते घोराहीबाट गिरफ्तार गऱ्यो। सर्जन परियार र दिवस क्षेत्री भदौ १५ गते जिल्ला प्रहरी कार्यालयमा आफैँ उपस्थित भए। राप्ती प्रादेशिक अस्पतालमा बिरामीले सहजै उपचार नपाउने, साधारण अवस्थाका बिरामीलाई पनि निजी अस्पताल तथा जिल्ला बाहिर रिफर गर्ने गरिएकोले त्यसको पनि छानबिन हुनुपर्ने भन्दै आरोपित सर्जन परियार र दिवस क्षेत्रीले गिरफ्तार भएकै दिन भदौ १५ गतेदेखि हिरासतमा भोक हड्ताल थाले। प्रहरीले असोज ७ गते अभद्र व्यवहारसम्बन्धी मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतले असोज १० गते डिल्ली डाँगीलाई पुर्पक्षमा पठायो भने सर्जन, दिवस र गणेशलाई जनही ५०/५० हजार रुपियाँ धरौटीमा हिरासतमुक्त गऱ्यो। जिल्ला अदालतको निर्णय पुनरावलोकनको माग गर्दै डिल्ली डाँगीले असोज १५ गते उच्च अदालत तुलसीपुरमा निवेदन दिएकोमा उच्च अदालतले कात्तिक ११ गते जिल्ला अदालतको निर्णय बदर गर्दै डाँगीलाई पनि ५० हजार धरौटीमा रिहा गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

उच्च अदालत

पाँच न्यायाधीश दरबन्दी रहेको उच्च अदालत तुलसीपुरमा सबै जना कार्यरत छन। यो वर्ष ६६ रिटसहित ५ सय ५६ थान मुद्दा दर्ता भएकामा १ सय ९५ थान फैसला भए भने ३ सय ६१ थान फैसला हुन बाँकी छन्। फौजदारीतर्फ ३ सय ५० मध्ये १ सय ४५ थान फैसला भए भने २ सय ९१ थान फैसला हुन बाँकी छन्। त्यस्तै देवानीतर्फ १ सय ४० थानमध्ये २१ थान फैसला भए भने १ सय १९ बाँकी छन्। त्यस्तै ६६ रिट दर्ता भएकामा २९ थान फैसला भए भने ३७ थान फैसला हुन बाँकी छन्। दुई वर्ष नाघेका एउटा मुद्दा छ। एक वर्ष नाघेका २० मुद्दा फैसला हुन बाँकी छन्। ४९ दरबन्दी रहेको उच्च अदालत तुलसीपुरमा एक करारसहित ४७ जना कार्यरत छन् भने दुई दरबन्दी रिक्त छन्।

जिल्ला अदालत

पाँच न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतमा तीन जना न्यायाधीश कार्यरत छन्। जिल्ला अदालतमा यो वर्ष कुल ३ हजार ७३ मुद्दामा १ हजार ९९ थान मुद्दा फैसला भए भने १ हजार ९ सय ७४ फैसला हुन बाँकी छन्। देवानीतर्फ १ हजार ८ सय ९३ थान मुद्दामध्ये ७ सय ४६ थान मुद्दा फैसला भए १ हजार १ सय ४७ मुद्दा फैसला भएनन्। त्यस्तै फौजदारीतर्फ १ हजार १ सय ४३ थानमध्ये ३ सय ३९ मुद्दा फैसला भए। ८ सय ४ मुद्दा फैसला हुन बाँकी छन। यस अदालतमा जिम्मेवारी सरी आएका १ हजार ७ सय ८२ थान मुद्दा जिम्मेवारी सरी आएको स्रेस्तेदार हिरण्यप्रसाद भण्डारीले बताए। यस अदालतमा १ वर्ष ६ महिना नाघेका १ सय ६५ मुद्दा छन्।

बाल अधिकार

शिक्षाको अवस्था

दाङ जिल्लामा ३ सय १० आधारभूत, १ सय ४ माध्यमिक गरी कूल ४ सय १४ सामुदायिक विद्यालय छन् भने संस्थागततर्फ १ सय ४ आधार भूत, १ सय २९ माध्यमिक गरी २ सय ३३ विद्यालय छन्। जिल्लामा सामुदायिक र संस्थागत गरी ६ सय ४७ विद्यालय सञ्चालनमा छन्। १ हजार ७ सय स्थायी र ७ सय ६८ राहत गरी कूल २ हजार ५ सय ३४ दरबन्दी रहेको दाङमा सबै कार्यरत छन्। यसैगरी ११ मदरसा, दुई खुला विद्यालय, पाँच प्रौढ कक्षा, ३२ सामुदायिक सिकाइ केन्द्र र ६ सय १८ पूर्व प्राथमिक कक्षा सञ्चालनमा छन्। राहत ७ सय ६८ सहित जिल्लाको शिक्षक दरबन्दी २ हजार ५ सय ३४ रहेकोमा सबै दरबन्दीमा कार्यारत छन्।

यस वर्ष सामुदायिकतर्फ ५६ हजार १ सय १८ बालिका र ५१ हजार ४ सय ६२ बालक गरी कुल एक लाख ७ हजार ५सय ८० बालबालिका विद्यालय भर्ना भए। यसैगरी संस्थागततर्फ ३४ हजार ४ सय ९९ बालिका र ४३ हजार ९ सय ६८ बालक गरी कुल ७८ हजार ४ सय ६७ विद्यार्थी भर्ना भए। यो वर्ष कोभिड सङ्क्रमित माविका पाँच, निमाविका तीन, प्राथमिक

तहका पाँच र संस्थागत विद्यालयका एक शिक्षकको मृत्यु भयो।

यो वर्ष दाङमा ९ सय ५६ बालिका र ७ सय ७९ बालक गरी १ हजार ७ सय २५ अपाङ्गता भएका बालवालिका विद्यालय भर्ना भए। यसैगरी आधारभूत तहका ५१ जनाले ८ हजारका दरले ४ लाख ८ हजार र माबि तहका २४ जनाले १२ हजारका दरले २ लाख ८८ हजार गरी कुल ७५ जनाले ६ लाख ९६ हजार रुपियाँ वैदेशिक रोजगार छात्रवृत्ति वितरण गरिएको छ भने कक्षा ६ देखि ८ सम्मका ५ जनाले १४ हजारका दरले ७० हजार, ९-१० का १० जनाले १६ हजारका दरले एक लाख ६० हजार र ११-१२ का ५ जनाले १८ हजारका दरले ९० हजार गरी कूल २० जनाले ३ लाख २० हजार रुपियाँ द्वन्द्वपीडित छात्रवृत्ति वितरण गरिएको जिल्ला शिक्षा समन्वय इकाइ, दाङका प्रमुख मित्रप्रसाद गौतमले बताए।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा दुई बालकसहित १७ जना, बलात्कारका घटनामा ४२ जना, बालविवाहको घटनामा एक जना बालिका र विद्यालयमा शारीरिक सजायबाट एक बालकसहित चार जना पीडित भए। एक जना नवजात शिशुको हत्या गरेको घटना इन्सेकले अभिलेख गऱ्यो। बलात्कारका २० ओटा घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। चार ओटा घटनाका आरोपितलाई अदालतले कैद सजायको फैसला सुनायो। अदालतले पाँच ओटा घटनाका आरोपितलाई अभिभावकको जिम्मा लगायो भने एउटा घटनाका आरापितलाई बाल सुधार केन्द्रमा पठायो। दुई ओटा घटनाका आरोपितलाई प्रहरीले गिरफ्तार गरी वर्षको अन्त्यसम्म अनुसन्धान गरिरह्यो। एउटा घटनाका एक जना आरोपित पुर्पक्षका लागि थुनामा र अर्का आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। अदालतले अर्को घटनाका एक जना आरोपित पुर्पक्षका लागि थुनामा र अर्का आरोपितलाई बाल सुधार केन्द्रमा पठायो। तीन ओटा घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। एउटा घटनाका आरोपितलाई अदालतले १ लाख ५० हजार धरौटीमा रिहा र अर्को घटनाका आरोपित १ लाख धरौटीमा रिहा भए। एउटा घटनाका आरोपित वर्षको अन्त्यसम्म पहिचान भएन। एउटा घटनाका पीडित पक्षले प्रकृया नबढाउन भनेकाले मुद्दा अघि बढेन।

यौन दुर्व्यवहारका तीन ओटा घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने दुई ओटा घटनाका आरोपितलाई जनही ४० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। एउटा घटनाका आरोपितलाई १ लाख रुपियाँ धरौटीमा र अर्को घटनाका आरोपितलाई साधारण तारेखमा रिहा गऱ्यो। एउटा घटनाका पीडित पक्षले उजुरीपछि मुद्दा नचलाउन भनी बयान परिवर्तन गरेकाले प्रहरीले मुद्दा चलाएन। दुई ओटा घटनाका आरोपित वर्षको अन्त्यसम्म पहिचान हुन सकेनन् भने तीन ओटा घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

बलात्कार, यौन दुर्व्यवहार

नौ वर्षीया बालिकालाई ०७७ पुस १७ गते बलात्कार गरेको आरोपमा ३१ वर्षीय बाबुविरुद्ध पीडित पक्षले माघ ४ गते जिल्ला प्रहरी कार्यालय घोराहीमा उजुरी दियो। बालिकाको स्वास्थ्य परीक्षण माघ ४ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा भयो। आरोपितलाई प्रहरीले माघ ४ गते घोराहीबाटै गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालय मार्फत् आरोपितविरुद्ध माघ २८ गते हाडनाताकरणीसम्बन्धी मुद्दा जिल्ला अदालतमा दर्ता गऱ्यो। जिल्ला अदालतको माघ २९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश रितेन्द्र थापाको ०७८ भदौ २८ गतेको इजलासले आरोपितलाई कसुरमा दोषी ठहर गर्दै जन्मकैद र १ लाख ५० हजार रुपियाँ क्षतिपूर्ति उपलब्ध गराउने फैसला सुनायो।

महिला विरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भन्दै २ सय ८४ ओटा निवेदन जिल्ला प्रहरी कार्यालय अन्तर्गत महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र दाङमा दर्ता भएकोमा २ सय २० मा मिलापत्र भएको र ६४ओटा मुद्दा अदालत रिफर गरिएको छ। जसमा जन्म दर्ता, विवाह दर्ताका २७ उजुरी परेकोमा जन्मदर्ता र विवाह दर्ता गर्ने कागज गरी मिलापत्र गराइएको छ। त्यसरी मिलेर गएका पक्ष दर्ता नगरेको भन्दै फेरि फर्केर नआएको जिल्ला प्रहरी कार्यालय दाङका डिएसपी मुकुन्द रिजालले बताए। यसैगरी २२ ओटा घरनिकालाको उजुरी आएकोमा सबैलाई घरमा पुर्नस्थापना गराएको डिएसपी रिजालले बताए। यसैगरी कुटपिटका ९६ र घरेलुहिंसा १ सय ३९ उजुरीमा पनि प्रहरीले मिलापत्र गरायो। बहुविवाहका ३५ उजुरी भने अदालत रिफर गरेको महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा इकाइले जानकारी दियो।

यो वर्ष दाङमा घरेलु हिंसाका घटनामा ९१, बलात्कारका घटनामा २४, बलात्कार प्रयासको घटनामा नौ, बेचबिखनको घटनामा एक, बहुविवाहको घटनामा एक र बोक्सीको आरोपमा एक जना गरी १ सय २७ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालतले बलात्कारका १३ घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। दुई ओटा घटनाका आरोपितलाई अदालतले कैद सजाय सुनायो। अदालतले तीन ओटा घटनाका आरोपितलाई १ लाख रुपियाँ धरौटीमा र एक घटनाका आरोपितलाई १ लाख ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म पहिचान भएनन् भने अर्को एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। अदालतले बलात्कार प्रयासको एक घटनाका आरोपितलाई कैद सजाय सुनायो भने तीन घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। अदालतले दुई घटनाका आरोपितलाई १ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो भने एक घटनाका आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। पीडित पक्षले प्रकृया अघि नबढाउन भन्दै प्रहरीमा बयान फेरेपछि दुई ओटा घटनामा र उजुरी फिर्ता लिएपछि एउटा घटनामा मुद्दा अघि बढाइएन।

बलात्कार, बलात्कार प्रयास, यौन दूर्व्यवहार

१९ वर्षीया युवतीलाई ०७८ साउन ८ गते बलात्कार गरेको भन्दै कपुरकोट गाउँपालिका-३ का २५ वर्षीय शुकलाल बिकविरुद्ध पीडित पक्षले इलाका प्रहरी कार्यालय तुलसीपुरमा साउन १० गते उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण साउन ११ गते राप्ती प्रादेशिक अस्पताल, तुलसीपुरमा भयो। प्रहरीले आरोपितलाई साउन ११ गते तुलसीपुरबाट गिरफ्तार गरी भदौ २७ गते जबरजस्तीकरणीसम्बन्धी मुद्दा दर्ता गरेकामा पीडितले बयान बदलेपछि सरकारी वकिल कार्यालयले असोज १४ गते सार्वजनिक शान्तिविरुद्धको मुद्दा चलाएकोमा जिल्ला प्रशासन कार्यालय दाङले ०७८ असोज १४ गते ११ दिन कैद र ६ हजार रुपियाँ जरिबाना गऱ्यो।

३९ वर्षीया महिलालाई ०७८ साउन १० गते बलात्कार गरेको आरोपमा पीडित पक्षले गढवा गाउँपालिका-१ का ३८ वर्षीय दलबहादुर सोतीविरूद्ध इलाका प्रहरी कार्यालय गढवामा भदौ १६ गते उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण भदौ १७ गते राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान घोराहीमा भयो। उजुरीलगत्तै 'फरार' आरोपितले पीडित पक्षबिच भदौ २४ गते १२ लाख रुपियाँमा मिलापत्र गरी पीडितले भदौ २४ गते नै उजुरी फिर्ता लिएपछि प्रहरीले मुद्दा अघि बढाएन।

३० वर्षीया महिलालाई ०७८ जेठ २३ गते बलात्कार प्रयास गरेको भन्दै राजपुर गापा-७ का २६ वर्षीय कमल विकविरुद्ध पीडित पक्षले ०७८ जेठ २३ गते इलाका प्रहरी कार्यालय गढवामा उजुरी दिए। घरायसी विवाद मिलाउन भन्दै बोलाएर आफूमाथि बलात्कार प्रयास गरेको पीडितले बताइन्। पीडितको स्वास्थ्य परीक्षण लमही अस्पतालमा जेठ २३ गते भयो। प्रहरीले आरोपितलाई ०७८ असोज १५ गते घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध असोज २३ गते शान्तिविरुद्धको कसुरमा मुद्दा चलाएपछि जिल्ला प्रशासन कार्यालय, दाङले असोज २४ गते १३ दिन कैद र ४ हजार रुपियाँ जरिबाना गर्ने निर्णय गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

दाङ जिल्लामा दुई प्रादेशिक अस्पताल, ६ अस्पताल, दुई प्राथमिक स्वास्थ्य केन्द्र, ३५ स्वास्थ्य चौकी, ३५ बर्थिङ सेन्टर, ३४ शहरी स्वास्थ्य केन्द्र, १९ सामुदायिक स्वास्थ्य इकाइ, २४ ओटा आधारभुत स्वास्थ्य केन्द्र छन्। त्यस्तै कोभिड पीसीआर प्रयोगशाला एउटा छ। ४८ डट्स सेन्टर, ३२ प्रयोगशाला भएका स्वास्थ्य संस्था र १ सय २६ गाउँघर क्लिनिक छन्। निजी स्वास्थ्य संस्थाको सङ्ख्या ३३ छ। जिल्लाको ठूलो सरकारी अस्पताल राप्ती प्रादेशिक अस्पताल तुलसीपुरमा १४ विशेषज्ञ चिकित्सकको दरबन्दी भएपनि एक मेडिकल सुपरिटेण्डेण्ट, एक नाक, कान, घाँटी र प्याथोलोजिष्टको दरबन्दी रिक्त छ। छात्रवृत्तिसहित अहिले १६ विशेषज्ञ चिकित्सक कार्यरत छन्।

यसैगरी बिजौरीमा रहेको आयुर्वेद प्रादेशिक अस्पतालमा चार विशेषज्ञ चिकित्सकको दरबन्दी रहेकोमा मेडिकल सुपरिटेन्डेन्टसहित चारवटै दरबन्दी रिक्त छ। एक जना करारमा विशेषज्ञ चिकित्सक कार्यरत छन्। यसैगरी घोराहीमा रहेको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा १२ विशेषज्ञ चिकित्सक कार्यरत छन्। यस्तै जिल्लामा पाँच मेडिकल अधिकृतको दरबन्दी रहेकोमा तीन स्थायी र १५ करार गरी १८ कार्यरत छन्। १ सय ५२ प्यारामेडिक्सको दरबन्दीमा ८१ करारसहित २ सय ८२ कार्यरत छन्। ८८ दरबन्दी रहेको नर्सिङमा १ सय ८ करारसहित २ सय ५९ कार्यरत छन् भने

अन्य प्राविधिकका २० दरबन्दीमा ६५ करारसहित ९० कार्यरत छन्। सरकारले ०७७ मङ्सिर १५ गते घोराही उपमहानगरपालिका, राप्ती गाउँपालिका, बबई गाउँपालिका र दङ्गीशरण गाउँपालिकामा १५/१५ बेडका अस्पतालको शिलान्यास गरे पनि सञ्चालन हुन सकेको छैन। बङ्गलाचुली गाउँपालिकामा यसअघिको स्वास्थ्य चौकीलाई स्तरोन्नति गरेर अस्पताल सञ्चालन गरिएको छ। दाङमा ०७७ माघ ३० गतेदेखि लागु भएको स्वास्थ्य बीमा कार्यक्रममा हालसम्म १५ हजार ३ सय ४७ ले मात्रै सुविधा लिएका छन्। जसमा ५ हजार ५ सय ८२ ज्येष्ठ नागरिक, ८ सय १ अपाङ्गता भएका व्यक्ति, १ सय ३९ एचआइभी सङ्क्रमितले निःशुल्क स्वास्थ्य बीमा सेवा लिइरहेका छन्। ६ सय महिला स्वास्थ्य स्वयम्सेविकाले ५० प्रतिशत छुटमा बीमा सेवा लिएका छन्।

दाङमा १३ हजार २३ जनामा कोरोना सङ्क्रमण पुष्टि भएकामा १२ हजार ६ सय ३८ जना निको भए भने ३ सय ७९ जनाको मृत्यु भएको जिल्ला विपत् व्यवस्थापन समन्वय समितिले जनायो। कोभिडविरुद्ध १ लाख ५३ हजार ७ सय ४९ जनाले पूर्ण खोप र ३ लाख ५२ हजार ३ सय ५० जनाले खोपको पहिलो मात्रा लगाए।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्यायएका	कारबाही प्रक्रिया अघि नबढेका	जम्मा
बालविवाह	१					१
विद्यालयमा शारीरिक सजाय		२				२
नवजात शिशुको हत्या			१			१
बलात्कार	४		५	३२	१	४२
यौन दुर्व्यवहार			६	८	१	१५
जम्मा	५	२	१२	४०	२	६१

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	कारबाही प्रक्रिया अघि नबढेका	जम्मा
घरेलु हिंसा		८९		१		९०
'बोक्सी'को आरोप					१	१
बहुविवाह		१				१
बलात्कार	१		१	२१		२३
बलात्कार प्रयास	१		२	६		९
बेचबिखन तथा ओसारपसार				१		१
जम्मा	२	९०	३	२९	१	१२५

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	४	६

५.११ बाँके



जम्मा जनसङ्ख्या	६,०३,३५३
महिला	३,०८,२८१
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	३
प्रदेशसभा निर्वाचन क्षेत्र	६
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,२७,६५०
कामका लागि बाहिरिएका	२१,३५५
अपाङ्गता भएका	७,४६८
५ वर्षमाथिको साक्षरता प्रतिशत	५१
आश्रित जनसङ्ख्या	२,२४,८३५

यस वर्ष बाँके जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा अन्य पक्षबाट १ सय १८ जना महिला र ६ जना पुरुष गरी १ सय २४ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १७ जना र महिला अधिकार उल्लङ्घनका घटनामा ९४ जना पीडित भए।

दुर्व्यवहार

भेरी अस्पताल, नेपालगञ्जमा कार्यरत नेपालगञ्ज उमनपा-१० भृकुटिनगर निवासी ३८ वर्षीय डा. विपिन आचार्यमाथि ०७७ माघ १९ गते दुर्व्यवहार गरेको आरोपमा सुर्खेत जिल्ला घर भएका ३० वर्षीय शिव सुवेदीलाई माघ १९ गते भेरी अस्पतालबाट गिरफ्तार गऱ्यो। आरोपितलाई प्रहरीले अभद्र व्यवहार शीर्षकमा मुद्दा चलायो। आरोपितलाई जिल्ला प्रशासनको माघ २३ गतेको आदेशले १० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

भेरी अस्पताल नेपालगञ्जमा कोभिड सङ्क्रमितको उपचारमा खटिएका स्वास्थ्यकर्मीहरू २६ वर्षीय डाक्टर चन्द्रप्रकाश साहु, २४ वर्षीया अस्मिन गुरुङ, १९ वर्षीया सदीक्षा गैरै, २५ वर्षीया रीता अधिकारी र २४ वर्षीया भावना श्रेष्ठलाई ०७८ जेठ १३ गते दुर्व्यवहार गरेको आरोपमा प्रहरीले दाङ जिल्ला तुलसीपुर नगरपालिका-११ का ५० वर्षीय भरत रावत, २८ वर्षीय योगराज रावत र ४८ वर्षीय मानबहादुर रावतलाई जेठ १३ गते अस्पताल परिसरबाटै गिरफ्तार गऱ्यो। पीडित पक्षले जेठ १४ गते आरोपितहरू विरुद्ध जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। जिल्ला अदालतका न्यायाधीश पूर्णप्रसाद बास्तोलाको असार ६ गतेको आदेशले आरोपितहरू जनही ५० हजार रुपियाँ धरौटी तारेखमा रिहा भए। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

कारागार र बन्दी

जिल्ला कारागारको क्षमता ३ सय ५० जनाको छ। कारागारमा ८ सय १० जना कैदी/बन्दी छन्। कारागारमा महिला कैदी/बन्दी छैनन्। कैदी/बन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि दुई जना स्वास्थ्यकर्मीको दरबन्दी रहेको छ। थप उपचार चाहिए केन्द्रीय कारागारमा सरुवा गरी काठमाडौँका अस्पतालमा उपचार गर्न पठाउने गरिएको छ। कारागारमा ६० वर्ष नाघेका तीन जना

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		६	३	९
हत्या		२	२	४
बाल अधिकार	बालश्रम	१		१
	विद्यालयमा शारीरिक सजाय		१	१
	बलात्कार	१२		१२
	यौन दुर्व्यवहार	३		३
	जम्मा	१६	१	१७
महिला अधिकार	बलात्कार	११		११
	घरेलु हिंसा	८३		८३
	जम्मा	९४		९४
कूल जम्मा		११८	६	१२४

ज्येष्ठ नागरिक (पुरुष) रहेको जिल्ला कारागार प्रमुख जेलर रामकुमार सोनकरले बताए। क्षमता भन्दा बढी कैदीबन्दी भएकाले जाडोको समयमा ओढ्ने कपडाको कमी हुनेगरेको र एउटै ओढ्नेमा तीन/चार जना कोचिएर सुत्नु परेको उनले बताए।

बाल सुधार गृह

७० जनाको क्षमता भएको बाल सुधार गृहमा १ सय ७५ जना बालकहरू रहेका छन्। क्षमता भन्दा बढी सङ्ख्यामा बालकहरू रहेकोले भौतिक व्यवस्थापन गर्नमा कठिनाइ भएको छ। बाल सुधार गृहकी इन्चार्ज विमला काउचामगरले सुधार गृहमा सुत्ने कोठा र जाडोको कपडाको कमी भएको बताइन्। बाल सुधार गृहका शिक्षक विजयप्रसाद मुराउकाअनुसार सुधारगृहमा रहेका बालकहरूलाई डुडुवा गाउँपालिका-६ स्थित सरस्वती माविमा भर्ना गरिएको छ। कक्षा ५ मा आठ जना, कक्षा ६ मा नौ जना, कक्षा सात मा २१ जना, कक्षा आठ मा १६ जना, कक्षा ९ मा १५ जना, कक्षा १० मा तीन जना, कक्षा ११ मा दुई जना र कक्षा १२ मा दुई जनाले सुधार गृहबाट अध्ययन गरिरहेका छन्। सुधार गृहमा कक्षा ७, ८ र ९ का केही विद्यार्थीलाई पाठ्यपुस्तक नपुगेकाले सहयोग गरिदिन अधिकारकर्मीहरूलाई आग्रह गर्नु भयो।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

उच्च अदालत, तुल्सीपुरको इजलास

सात जना न्यायाधीशको दरबन्दी रहेको उच्चअदालत तुलसीपुर नेपालगन्ज इजलासमा दुनियावादी देवानीका २ सय ६४ थान, दुनियावादी फौजदारीका ७६ थान, सरकारवादी फौजदारीका ३ सय ६२ थान र सुरू क्षेत्राधिकारबाट ६२ थान मुद्दा जिम्मेवारी सरेका थिए। ०७७ पुस १७ देखि ०७७८ पुस १५ गतेसम्म दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ ४ सय ७३ थान उजुरी परे। अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत ५ सय २३ थान मुद्दा फैसला भए।

जिल्ला अदालत

आठ जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ १ हजार १ सय १९ थानमध्ये १ हजार १ सय ३३ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ १ हजार ८ सय ५६ थानमध्ये १ हजार ८ सय ४४ थान मुद्दा फैसला भए। एक वर्ष नाघेका फौजदारी मुद्दा ३ सय ४९ थान र देवानी मुद्दा ७ सय १ थान फैसला हुन बाँकी छन्। अदालतले १८ जना कर्मचारी करारमा नियुक्त गरेको छ। १३ जना यो वर्षको अन्त्यसम्म नै रिक्त रहे।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ८४ ओटा आधारभूत, १ सय ८६ ओटा माध्यमिक र १ सय ६ ओटा मदरसा छन्। ८ सय १३ जना शिक्षक दरबन्दी रहेकामा राहतमा ४ सय ६० शिक्षक, आधारभूत तहमा शिक्षक दरबन्दी १ सय ८३ रहेको छ भने राहतमा १ सय २ रहेको छ। मावि तहमा शिक्षक १ सय ७३ र राहतमा ९३ रहेका छन् भने कुनै पनि दरबन्दी रिक्त छैनन्। यस वर्ष १२ हजार ४० जना बालक र ९ हजार ८ सय १० जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका ५२ जना बालिका र ३२ बालक छन्। जिल्लामा अपाङ्गतामैत्री विद्यालय पाँच ओटा छन्। २ हजार १ सय ५७ दलित बालक र १ हजार ८ सय ७ दलित बालिका विद्यालय भर्ना भए। शहीद परिवारका तीन जना र द्वन्द्वपीडित परिवारका ३५ जना बालबालिकाले छात्रवृत्ति पाए।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा तीन जना, बलात्कारका घटनामा १२ जना, बालश्रमको घटनामा एक जना बालिका र विद्यालयमा शारीरिक

दण्ड सजायको घटनामा एक जना बालक गरी १७ जना पीडित भए। अदालतमा मुद्दा परेका कुनै पनि घटनाको फैसला भएन। बलात्कारका दुई ओटा घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् भने अन्य घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। यौन दुर्व्यवहार घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसा पीडित भन्दै ३ सय ५९ जना महिलाले जिल्ला प्रहरी कार्यालय महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। प्रहरीले २ सय ४ ओटा घटना मेलमिलापमा टुङ्ग्यायो। ७६ ओटा कानुनी कारबाहीका लागि सम्बन्धित निकायमा पठाएको र दुई जना पीडित सम्पर्कमा नआएको प्रहरीले जनायो। ६७ ओटा उजुरी बाँकी रहेका जिल्ला प्रहरी कार्यालय, बाँकेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रकी सई दिलसरा राना क्षेत्रीले बताइन्।

यो वर्ष बाँकेमा घरेलु हिंसाका घटनामा ८३ र बलात्कारका घटनामा ११ जना गरी ९४ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कारको एउटा घटनाका आरोपितलाई जिल्ला अदालतले १ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो भने तीन ओटा घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। पाँच ओटा घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

परिवारजनबाट हत्या

जानकी गाउँपालिका-२ की २७ वर्षीया नन्कुनी धोवीको ०७८ साउन ५ गते हत्या गरेको आरोपमा प्रहरीले मृतकका पति रामकुमार धोवीलाई भदौ १७ गते, जेठाजु ईतवारी धोवीलाई असोज ५ गते गिरफ्तार गऱ्यो। पीडितलाई आरोपितले कुटपिट गरि यातना दिएर हत्या गरेको भन्दै माइती पक्षले जिल्ला प्रहरी कार्यालय बाँकेमा भदौ २० गते कर्तव्य ज्यान शीर्षकमा उजुरी दियो। शवको पोष्टमार्टम साउन ५ गते भेरी अस्पताल नेपालगञ्जमा भयो। आरोपित विरुद्ध कात्तिक १९ गते जिल्ला अदालत बाँकेमा कर्तव्य ज्यान शीर्षकमा उजुरी दर्ता भयो। आरोपितलाई जिल्ला अदालतका न्यायाधीश श्यामसुन्दर अधिकारीको कात्तिक १९ गतेको आदेश अनुसार पुर्पक्षका लागि कारागार पठायो। यो वर्षको अन्त्यसम्म मुद्दाको फैसला भएन।

स्वास्थ्य सेवाको अवस्था

बाँके जिल्लामा केन्द्रीय अस्पताल एउटा, आधारभूत स्वास्थ्य केन्द्र १७ ओटा, सहरी स्वास्थ्य केन्द्र १२ ओटा, प्रथामिक स्वास्थ्य केन्द्र तीन ओटा रहेका छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा ४३ जना विशेषज्ञको दरबन्दीमा २६ जनाको दरबन्दी रिक्त छन्। २६ जना स्टाफ नर्सको दरबन्दीमा दरबन्दी अनुसार नै स्टाफ नर्स छन्। अनमी चार जनाको दरबन्दीमा सबै कार्यरत छन्।

जिल्लामा हालसम्म कोभिडसिल्ड पहिलो मात्रा खोप लगाउने सङ्ख्या १ लाख ४२ हजार ८ सय ६७ र दोस्रो मात्रा खोप लगाउने सङ्ख्या ४१ हजार ३ सय ७७ जना रहेका छन। भेरोसेल पहिलो मात्रा खोप लगाउनेको सङ्ख्या १ लाख ७४ हजार ७ सय २८ जना रहेका छन् भने दोस्रो मात्रामा खोप लगाउनेको सङ्ख्या १ लाख ५० हजार ७ सय ८३ जना रहेका छन्। फाइजर पहिलो मात्रा लगाउनेको सङ्ख्या १८ सय रहेका छन् भने दोस्रो मात्रामा लगाउनेको सङ्ख्या १८ सय रहेको छ। जोन्सन खोप लगाउने सङ्ख्या ३२ हजार ८ सय ८३ जना रहेका छन् भने मोर्डना खोप लगाउने सङ्ख्या ५८ हजार ३ सय १५ जना रहेका छन्।

०७७ मङ्सिर १५ गते नरैनापुर गाँउपालिका, राप्तिसोनारी गाउँपालिका, खजुरा गाउँपालिका र कोहलपुर नगरपालिकामा आधारभुत स्वास्थ्य केन्द्रको सिलान्यास गरेको जिल्ला स्वाथ्य कार्यालय बाँकेका प्रमुख धिरजङ्ग शाहले बताए। खजुरा गाउँपालिकामा स्वास्थ्य केन्द्र निर्माणधीन अवस्थामा रहेको गाउँपालिकाकी उपाध्यक्ष एकमाया विकले बताइन्।

राप्तीसोनारी गाउँपालिकामा शिलान्यास गरिएको स्वास्थ्य केन्द्र निमार्णका लागि दुई वर्षको अवधी रहेकोले सरकारले तोकेको समयमा स्वास्थ्य निर्माण कार्य पुरा गर्ने गाउँपालिकाकी उपाध्यक्ष धनिकुमारी खत्रिले बताइन्।

नरैनापुर गाउँपालिका र कोहलपुर नगरपालिकामा सिलान्यास गरिएको स्वास्थ्य केन्द्रहरू तोकिएको समयमा पूरा गर्ने कोहलपुर नगरपालिकाकी उपमेयर सन्जु थारुले बताइन्।

बाँके जिल्लामा यो वर्ष कोभिड-१९ बाट सङ्क्रमित हुनेहरूको सङ्ख्या १८ हजार ५ सय २७ र मृत्यु हुनेको सङ्ख्या २ सय ८७ छ।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	कारबाही प्रक्रिया अघि नबढेका	जम्मा
बालश्रम	१				१
विद्यालयमा शारीरिक सजाय				१	१
बलात्कार		३	९		१२
यौन दुर्व्यवहार			३		३
जम्मा	१	३	१२	१	१७

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	अपूर्ण	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	कारबाही प्रक्रिया अघि नबढेका	जम्मा
बलात्कार			३	८		११
घरेलु हिंसा	७७	१	१	३	१	८३
जम्मा	७७	१	४	११	१	९४

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	४	४

५.१२ बर्दिया

जम्मा जनसङ्ख्या	४,६०,८३१
महिला	२,४२,५८१
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,२१,१७८
कामका लागि बाहिरिएका	२५,०४४
अपाङ्गता भएका	८,१५७
५ वर्षमाथिको साक्षरता प्रतिशत	५८
आश्रित जनसङ्ख्या	१,७८,००५

यस वर्ष बर्दिया जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा अन्य पक्षबाट एक जना पुरुष र ८१ जना महिला गरी ८२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ४४ जना र महिला अधिकार उल्लङ्घनका घटनामा ३६ जना पीडित भए। जातीय विभेदका घटनामा दुई जना पीडित भए।

कारागार र बन्दी

कारागारको क्षमता १ सय २५ जनाको छ। कारागारमा कैदी २ सय ४४ जना र थुनुवा १ सय ४७ जना छन्। महिला ३४ जना र पुरुष ३ सय ३७ जना रहेका छन्। कारागारमा दुई जना बालबालिका मध्ये २ वर्ष ६ महिनाका आश्रित बालक एक जना र २ वर्ष ८ महिनाकी एक जना आश्रित बालिका छन्। कारागारको क्षमता महिला २५ जना र पुरुष १ सय जनाको हो। क्षमता भन्दा बढी कैदीबन्दी भएका कारण बस्न, शौचालय प्रयोग गर्न समस्या छ। कैदीबन्दीका आफन्तजनलाई भेटघाट गर्ने राम्रो व्यवस्था गरिएको र कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन, खेलकुदका सामग्रीमा भलिबल, चेस, लुँडो र क्यारमवोर्ड र पुस्तकालयको व्यवस्था गरिएको जेलर डिलचन्द्र पौडेलले बताए।

कारागारमा सीपमूलक तालिमको पनि व्यवस्था रहेको छ। गुलरिया नगरपालिका कार्यालयको स्वास्थ्य शाखाबाट काजमा स्वास्थ्य निरीक्षक एक जना स्वास्थ्यकर्मीले सेवा प्रदान गरिरहेका छन्। कारागारमा दुई जना कैदीबन्दी सामान्य मानसिक रोगी छन्। ६० वर्ष नाघेका १५ जना ज्येष्ठ नागरिक (पुरुष) कारागारमा छन्। ७० वर्ष नाघेका ज्येष्ठ नागरिक (पुरुष) ११ जना छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

दुई न्यायाधीश रहेको बर्दिया जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ५ सय ८ थानमध्ये १ सय ६७ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ७ सय ४८ थानमध्ये २ सय ६९ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका फौजदारी मुद्दा चार थान छन् भने देवानी मुद्दा ४१ थान बाँकी छन्। सन् २०२० को जिम्मेवारी सरेर आएका ८ सय ३६ थान र सन् २०२१ मा दर्ता भएका ७ सय २१ गरी जम्मा १ हजार २ सय ५७ थान मुद्दामध्ये ४ सय ३६

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
सबै प्रकारका जातीय विभेद		२		२
बाल अधिकार	बालविवाह	३		३
	बेचबिखन तथा ओसारपसार	१		१
	विद्यालयमा शारीरिक सजाय		१	१
	बलात्कार	३५		३५
	यौन दुर्व्यवहार	४		४
	जम्मा	४३	१	४४
महिला अधिकार	बलात्कार	१२		१२
	बलात्कार प्रयास	४		४
	बेचबिखन तथा ओसारपसार	२		२
	'बोक्सी' को आरोपमा	२		२
	बहुविवाह	१३		१३
	घरेलु हिंसा	३		३
	जम्मा	३६		३६
कूल जम्मा		८१	१	८२

थान मुद्दा फैसला भए भने ८ सय २१ थान मुद्दा बाँकी छन्। बर्दिया जिल्ला अदालतले पाँच जना कर्मचारी करारमा नियुक्त गरेको छ।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १ सय ८५ प्रावि, ८२ आधारभूत र १ सय १८ मावि छन्। १ हजार १ सय ९९ शिक्षक दरबन्दी रहेकामा १ हजार १ सय ९९ ओटा दरबन्दी मिलान भए। यस वर्ष १ लाख १६ हजार ३ सय ६५ बालक र १ लाख १४ हजार २ सय १८ जना बालिका गरी २ लाख ३० हजार ५ सय ८३ जना बालबालिका विद्यालय भर्ना भए। ६० जना अपाङ्गता भएका बालबालिका विद्यालय भर्ना भए। द्वन्द्वपीडित परिवारका ३३ जना बालबालिकाले छात्रवृत्ति पाए। यस वर्ष जिल्लाभर ९ हजार १ सय २८ दलित बालक र ९ हजार १६ दलित बालिका गरी १८ हजार १ सय ४४ दलित विद्यार्थी विद्यालय भर्ना भए।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा चार जना, बलात्कारका घटनामा ३५ जना, बालविवाहका घटनामा तीन जना, बेचबिखनका घटनामा एक जना गरी ४३ जना बालिका र विद्यालयमा शारीरिक दण्ड सजायको घटनामा एक जना बालक गरी ४४ जना पीडित भए। जिल्ला अदालतले बलात्कारका २१ घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। दुई ओटा घटनाका आरोपितलाई अदालतले अभिभावकको जिम्मा लगायो। चार ओटा घटनाका आरोपितलाई अदालतले बाल सुधार गृहमा पठायो। एउटा घटनाका आरोपितलाई ५० हजार रुपियाँ धरौटी माग गरेकामा बुझाउन नसक्दा अदालतले कारागार पठायो। अदालतले एउटा घटनाका आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा र अर्को घटनामा साधारण तारेखमा रिहा गऱ्यो। एउटा घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। यौन दुर्व्यवहारको एउटा घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष महिला बालबालिका तथा बालबालिका सेवा केन्द्रमा महिला हिंसापीडित भन्दै १ सय ३३ महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिए। यीमध्ये प्रहरीले १ सय १५ ओटामा मिलापत्र गरायो। १६ ओटा मेलमिलाप हुन नसकी कानुनी प्रक्रियामा छन्। दुई जना महिलाले उजुरी दिएको भए पनि छलफलमा बोलाउँदा सर्म्पकमा नआएको सेवा केन्द्रकी प्रमुख असई सरस्वती पौडेलले बताइन्।

यो वर्ष बर्दियामा घरेलु हिंसाका घटनामा तीन, बलात्कारका घटनामा १२, बलात्कार प्रयासका घटनामा चार, बोक्सीको आरोपमा दुई, बहुविवाहका घटनामा १३ र बेचबिखनका घटनामा दुई जना गरी ३६ जना पीडित भए। जिल्ला अदालतले बलात्कारका आठ ओटा घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। त्यसैगरी अदालतले दुई ओटा घटनाका आरोपितलाई २ लाख ५० हजार रुपियाँ धरौटीमा, एउटा घटनाका आरोपितलाई २ लाख रुपियाँ धरौटीमा, अर्को घटनाका आरोपितलाई १ लाख ८० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो। एउटा घटनाका आरोपितको मानकि स्वास्थ्य राम्रो नभएको भन्दै प्रहरीले अदालत नै पेश नगरी उपचारका लागि पठायो। बलात्कार

प्रयासको एउटा घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

घरेलु हिंसा

२९ वर्षीया महिलालाई २०७८ वैशाख ७ गते आफ्नै जेठाजु ३७ वर्षीय पुरुषले मादक पदार्थ सेवन गरी अश्लिल शब्द बोल्दै गाली गलौज गर्नुको साथै कुटपिट गरी दुर्व्यवहार गरेको भन्दै पीडित पक्षले वैशाख १० गते इलाका प्रहरी कार्यालय मोतिपुरमा नैतिकता विरुद्धको शिर्षकमा उजुरी दियो। जिल्ला सरकारी वकिल कार्यालय मार्फत जिल्ला प्रशासन कार्यालय बर्दियामा जेठ ५ गते नैतिकता विरुद्धको सार्वजनिक मुद्दा दर्ता भयो। जिल्ला प्रशासन कार्यालय बर्दियामा आरोपित जेठ ७ गते आफै उपस्थित भएपछि सोही दिन १० हजार रुपियाँ धरौटी लिई तारिखमा रिहा गऱ्यो। जिल्ला प्रशासन कार्यालय बर्दियाको जेठ १९ गतेको फैसलामा आरोपितलाई दोषी ठहर गदै पीडितलाई १२ हजार रुपियाँ उपचार खर्च उपलब्ध गराउन पर्ने फैसला गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी, तीन आधारभूत अस्पताल, तीन प्राथमिक स्वास्थ्य केन्द्र, २३ स्वास्थ्य चौकी छन्। सदरमुकामस्थित बर्दिया अस्पतालमा १० जना विशेषज्ञ डाक्टरको दरबन्दीमा नौ दरबन्दी रिक्त छ। आठौँ तहका चार डाक्टरको दरबन्दी रहेकामा दुई रिक्त छन्। एक जना डेण्टल सर्जनको दरबन्दी रहेकोमा कार्यरत छन्। हेल्थ असिस्टेण्ट तीन जना दरबन्दी रहेकोमा सबै कार्यरत रहेका छन्। आठ जना स्टाफ नर्सको दरबन्दीमा एक जना खाली रहेको छ। अनमी दुई जनाको दरबन्दीमा कार्यरत छन्। एक्सरे असिस्टेण्ट दुई जना दरबन्दी रहेकामा कार्यरत छन्।

जिल्लामा ९४ हजार १ सय ९७ जनाले बिमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिक नि:शुल्क बीमा कार्यक्रममा १४ हजार २ सय ६० जनाको बीमा गरिएको छ। स्वास्थ्य बिमा गराएकाहरूले अस्पतालबाट सहज सेवा पाएको तर प्रभावकारी उपचारका लागि जिल्ला बाहिर जानुपर्ने बाध्यात्मक अवस्था रहेको पाइयो।

जिल्लामा कोभिड-१९ बाट ९ हजार २ सय २१ जना सङ्क्रमित भए। जसमध्ये २ सय ४३ जनाको मृत्यु भयो। ०७७ मङ्सिर १५ गते शिलान्यास गरेकामध्ये बाँसगढी नगरपालिका, मधुवन नगरपालिका र ठाकुरबाबा नगरपालिकामा आधारभुत अस्पतालको निर्माण कार्य सुरू भएको छ। अन्य स्थानीय तहमा स्थान छनौट गरी भवन निमार्णका लागि माटो परीक्षणसहित अन्य प्रक्रिया सुरू भएको छ।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	कारबाही प्रक्रिया अघि नबढेका	जम्मा
बालविवाह			३	३
बेचबिखन तथा ओसारपसार		१		१
विद्यालयमा शारीरिक सजाय			१	१
बलात्कार	१	३१		३२
यौन दुर्व्यवहार		४		४
जम्मा	१	३६	४	४१

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
घरेलु हिंसा	१			२	३
'बोक्सी'को आरोप		१		१	२
बहुविवाह				१३	१३
बेचबिखन तथा ओसारपसार				२	२
बलात्कार	१		१	१०	१२
बलात्कार प्रयास				४	४
जम्मा	२	१	१	३२	३६

सुदूरपश्चिम प्रदेश

- क्षेत्रफल : १९,५३९ वर्ग कि.मि.
- जनसङ्ख्या : २७,११,२७०
- साक्षरता प्रतिशत : ६१.५४
- जिल्ला : ९
- निर्वाचन क्षेत्र (प्रतिनिधिसभा) : १६
- निर्वाचन क्षेत्र (प्रदेशसभा) : ३२
- उपमहानगरपालिका : १
- नगरपालिका : ३३
- गाउँपालिका : ५४
- कूल वडा सङ्ख्या : ७३४

सुदूरपश्चिम प्रदेश परिचय ७

यस वर्ष सुदूरपश्चिम प्रदेश सरकारले सबै प्रकारका भेदभाव उन्मूलन, नागरिक स्वतन्त्रता, मानव अधिकारको सक्षा, मौलिक हकको प्रत्याभूतिलगायत कानुनी राज्यको मूल्य र मान्यता अनुसरण गर्दै सुशासन, विकास र समृद्धिको नीति लिएको छ। वर्षको अन्त्यसम्म प्रदेश सभाले ५७ ओटा कानुन निर्माण गरेको छ। सुदूरपश्चिम प्रदेश सरकारले मानव अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने विकाससँग रोजगारी कार्यक्रम, कृषि र पशुबीमा कार्यक्रम, एक स्वास्थ्य रणनीति कार्यक्रम, महिला सुरक्षा गृह स्थापना तथा महिला विकास तथा सशक्तिकरण कार्यक्रम, हाम्रो प्रदेश, स्वास्थ्य प्रदेश कार्यक्रम, ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम, विस्तारित स्वास्थ्य सेवा कार्यक्रम, सबैका लागि शिक्षा सेवा अभियान, एक जिल्ला एक नमूना क्याम्पस निर्माण, एक घर एक धारा कार्यक्रम, मुख्यमन्त्री एकीकृत बस्ती विकास कार्यक्रम, अवास सुधारलगायतका कार्यक्रमहरू सञ्चालन गर्ने घोषणा गरेको छ। प्रदेश सरकारको नीति तथा कार्यक्रममा महिला हिंसा, मानव बेचबिखन तथा ओसारपसार र आगुऔषध ओसारपसार जस्ता अपराधिक क्रियाकलाप नियन्त्रण गर्ने, मानव अधिकार र सञ्चारको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने व्यक्तिलाई सम्मान गर्ने, यौनजन्य हिंसा, बलात्कार र एसिड आक्रमणजस्ता घटनासम्बन्धी अनुसन्धान, अन्वेषण र पैरवी कार्यमा सहयोग गर्नेजस्ता कार्यक्रम सञ्चालन गर्ने नीति लिएको छ।

यस वर्ष सुदूरपश्चिम प्रदेशअन्तर्गत मुख्यमन्त्री एकीकृत बस्ती विकास कार्यक्रममार्फत ६५ घर तथा जनता आवास कार्यक्रम अन्तर्गत ५ सय ३० घर निर्माण गरी गरी हस्तान्तरण गरिएको छ। कोरोना भाइरस सङ्क्रमण नियन्त्रण, रोकथाम तथा उपचारका लागि १० देखि ५० शैयासम्म क्षमता भएका १० ओटा कोभिड अस्पताल (आइसोलेशन सेन्टर) निर्माण गरेको सुदूरपश्चिम प्रदेश भित्र वर्षको अन्त्यसम्म ३४ हजार ५ सय ४५ सङ्क्रमितमध्ये ५ सय ६३ जनाको मृत्यु भयो। प्रति स्थानीय सरकार एक अस्पताल कार्यक्रम अन्तर्गत यस प्रदेश अन्तर्गतका ५४ स्थानीय तहमा १५ शैयाका २३ र १० शैयाका ३१ गरी ५४ ओटा अस्पताल भवनको शिलान्यास गरिएको भए पनि निर्माण कार्य सम्पन्न हुन सकेको छैन।

सन् २०२१ मा यो प्रदेशमा मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनामा ७ सय ६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। महिला अधिकार उल्लङ्घनका घटनामा ५ सय ३३ जना, हत्याका घटनामा ३४ जना, बाल अधिकार उल्लङ्घनका घटनामा ८१ जना पीडित भएको अभिलेख छ।

सन् २०२१ मा घटनाको प्रकार अनुसार पीडित सङ्ख्या



७.१ बाजुरा

जम्मा जनसङ्ख्या	१,३८,९९८
महिला	७१,३९०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	८५,८६७
कामका लागि बाहिरिएका	८,०५४
अपाङ्गता भएका	५,८५५
५ वर्षमाथिको साक्षरता प्रतिशत	५५.७
आश्रित जनसङ्ख्या	७९,६९९

यस वर्ष बाजुरा जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा अन्य पक्षबाट ५० जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना र महिला अधिकार उल्लङ्घनका घटनामा ४५ जना पीडित भए।

कारागार र बन्दी

कारागारको बन्दी क्षमता २५ जनाको छ। कारागारमा कैदी ४४ जना र थुनुवा ६ जना गरी ५० जना पुरुष छन्। कैदीबन्दीको सङ्ख्या कारागारको क्षमता भन्दा दुई गुणा बढी छ। कारागारमा क्षमताभन्दा दोब्बर बढी कैदीबन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। कारागारको भवन वर्षातमा चुहिन्छ। कोभिड सङ्क्रमणका कारण केन्द्रको निर्देशनअनुसार भेटघाट बन्द गरिएको छ। कारागारमा खानेपानी, शौचालय, पत्रपत्रिका, रेडियो, टेलिभिजन तथा खेलकुदका सामग्रीमा भलिबल, चेस, लुँडो र क्यारेमबोर्ड र पुस्तकालयको व्यवस्था गरिएको जेलर सुनराज रावलले बताए। कोभिडका कारणले मुद्दाको छिनोफानो समयमै नहुँदा कारागारका बन्दीको कैद समय लम्बिएको छ।

कारागारमा सीपमूलक तालिमको व्यवस्था छ। कारागारमा दुई जना दीर्घरोगी रहेका छन्। कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि एक जना अहेबको दरबन्दी रहेकोमा दरबन्दी खाली रहेको छ। कैदीबन्दीलाई सामान्य उपचारको लागि जिल्ला अस्पताल लैजानु परेको कारागार प्रमुख रावलले बताए। कोभिड-१९ दोस्रो लहरमा ११ जना कैदीबन्दी सङ्क्रमित भए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ५५ थानमध्ये ४२ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३४ थानमध्ये १३ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा तीन थान छन् भने देवानी मुद्दा एक थान बाँकी छन्। २८ जना कर्मचारीको दरबन्दी रहेकामा १३ जना स्थायी कार्यरत र ६ जना कर्मचारी करारमा कार्यरत छन्।

जिल्ला अदालत, बाजुरामा न्यायाधीश वा कुनै

घटनाको प्रकार		अन्यपक्षबाट	
		महिला	जम्मा
बाल अधिकार	बलात्कार	४	४
	यौन दुर्व्यवहार	१	१
	जम्मा	५	५
महिला अधिकार	बलात्कार	३	३
	घरेलु हिंसा	४२	४२
	जम्मा	४५	४५
कूल जम्मा		५०	५०

कर्मचारीको कारणले मुद्दा फर्स्यौटमा समस्या नभएको स्रेस्तेदार पुष्पराज पाण्डेले बताए। वादी प्रतिवादीले दुईदुई पटक समय पाउने कानुनी व्यवस्था अनुरुप र बाजुरा जस्तो भूगोलमा साक्षी बुझ्न नआउने र ढिलो गरी आउने मुद्दाहरू प्राय: ढिलो हुने गरेको जिल्ला न्यायाधीश माधवप्रसाद घिमिरेले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

बाजुरा जिल्लामा १ सय ८६ आधारभूत, ६५ माध्यमिक विद्यालय छन्। बाजुरा जिल्लामा २ सय ३८ सामुदायिक विद्यालय, ३० ओटा निजी विद्यालय रहेको जिल्ला शिक्षा तथा समन्वय इकाइका प्रमुख खडक सिंहले बताए। बाजुरा जिल्लामा १ हजार २५ जना शिक्षकको दरबन्दीमा प्रावि ७३ जना, निमाबि ३७ जना र माबिमा २३ दरबन्दी रिक्त छ। यो वर्ष इसिडीदेखि १२ कक्षासम्म २५ हजार ९ सय ६ जना बालक र २७ हजार १ सय ४१ जना बालिका गरी ५३ हजार ४७ जना बालबालिका भर्ना भए। २ सय ५३ जना बालक, २ सय ५ जना बालिका गरी ४ सय ५८ जना अपाङ्गता भएका बालबालिका रहेको जिल्ला शिक्षा तथा समन्वय इकाइ प्रमुख सिंहले बताए। यो वर्ष २४ जना बालिका र ६ जना बालक गरी ३० जनाले द्वन्द्व पीडित छात्रवृत्ति पाए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय छैन। विशेष कक्षा दुई ठाउँमा सञ्चालन भइरहेको जिल्ला शिक्षा इकाइ प्रमुख सिंहले बताए। अन्य छात्रवृत्ति दिने अधिकार स्थानीय तहलाई नै भएकाले कति जनालाई छात्रवृत्ति दिइयो सोको विवरण आफूहरूसँग नभएको जिल्ला शिक्षा इकाइका प्रमुख सिंहले बताए।

यस वर्ष यौन दुर्व्यवहारको घटनामा एक जना र बलात्कारका घटनामा चार जना गरी पाँच जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहार घटनाका एक जना आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। चार ओटा बलात्कार घटनामध्ये जिल्ला अदालतले एउटाका आरोपित बाल सुधारगृहमा, एक घटनाका आरोपित पुर्पक्षका लागि थुनामा छन्। त्यसैगरी एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् भने एउटा घटनाका दुई जना आरोपितलाई जिल्ला अदालतले जनही २५ हजार रुपियाँ र उच्च अदालतले जनही १ लाख रुपियाँ धरौटी लिएर रिहा गर्ने आदेश गऱ्यो।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भन्दै ४६ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दिए। जसमा मदिरा सेवन गालीगलौज गरी कुटपिट गरेका २८, खान बस्न नदिएर घर निकाला गरेका १८ ओटा उजुरी थिए। सबै घटनामा मेलमिलाप भएको जिल्ला प्रहरी कार्यालयका डिएसपी चर्तुभुज ओझाले बताए।

यो वर्ष बाजुरामा घरेलु हिंसाका घटनामा ४२ जना र बलात्कारका घटनामा तीन जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। बलात्कारका घटनाका आरोपितमध्ये एउटा घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन् भने अर्को घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो। अदालतले एउटा घटनाका आरोपितलाई कैद सजाय सुनायो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१९ वर्षीया युवतीलाई ०७७ माघ १६ गते बलात्कार गरेको भन्दै खप्तड छेडेदह गाउँपालिका-४ का २१ वर्षीय सुरेन्द्र धामीविरुद्धमा पीडित पक्षले माघ १८ गते जिल्ला प्रहरी कार्यालय, बाजुरामा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण माघ १८ गते जिल्ला अस्पताल, मार्तडीमा भयो। प्रहरीले आरोपितलाई माघ २१ गते घरनजिकै लुकेर बसेको अवस्थामा गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत आरोपितविरूद्ध माघ २६ गते जिल्ला अदालतमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालत, बाजुराका न्यायाधीश माधव घिमिरेको ०७८ असार २९ गतेको इजलासले

आरोपितलाई कसुदार ठहर गर्दै सात वर्ष कैद र २ लाख रुपियाँ जरिबाना गर्ने फैसला सुनायो।

स्वास्थ्य सेवाको अवस्था

एउटा सरकारी जिल्ला अस्पताल, २६ स्वास्थ्य चौकी, एउटा प्राथमिक स्वास्थ्य केन्द्र, ११ सामुदायिक स्वास्थ्य केन्द्र छन्। १० ओटा शहरी स्वास्थ्य इकाइ, २८ ओटा आधारभूत स्वास्थ्य सेवा केन्द्र रहेका छन्। जिल्ला अस्पताल बाजुरामा दुई जना डाक्टरको दरबन्दी रहेकामा दुवै दरबन्दी रिक्त छन्। ६ जना डाक्टर करारमा कार्यरत छन्। दुई जना स्टाफ नर्सको दरबन्दीमा दुवै कार्यरत छन्। पाँच जना स्टाफ नर्स करारमा कार्यरत छन्। दुई जनाको दरबन्दी रहेकामा एक जना अनमी कार्यरत छन्। नौ जना अनमी करारमा कार्यरत रहेका छन्। प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको तथ्याङ्क अपडेट नभएको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दयाकृष्ण पन्तले बताए। जिल्लामा ३५ हजार जनाले बीमा गरेका छन्। जसमध्ये ७ हजार ७ सय ८ जनाले यस आर्थिक वर्षमा जिल्ला अस्पतालबाट बीमा सेवा लिए। अस्पतालले सेवा प्रवाह गर्ने क्रममा ज्येष्ठ नागरिकलाई पहिलो प्राथमिकता दिने गरेको जिल्ला अस्पताल बाजुराका प्रमुख डाक्टर प्रकाश जोशीले बताए।

बाजुरा जिल्लामा यो वर्षको अन्त्यसम्म ७९ हजार २ सय २० जनाले कोभिडविरुद्धको खोप लगाए। पिसीआर बिधिबाट ४ हजार ९ सय ९२ जनाको परीक्षण गरिएकोमा ६ सय ४२ जनामा सङ्क्रमण पुष्टि भयो। यो वर्ष १२ जना सङ्क्रमितको मृत्यु भयो भने एन्टिजेन विधिबाट ५ हजार २ सय ८९ जनाको परिक्षण गर्दा ८ सय ८५ जनामा सङ्क्रमण देखियो।

जिल्लामा कोभिड-१९ उपचारको लागि अस्पताल बनाउने नौ ओटा स्थानीय तहमध्ये बुढीनन्दा नगरपालिकाको कोल्टि प्राथामिक स्वास्थ्य केन्द्र र जिल्ला अस्पतालमा चिकित्सा सेवा सुरु थिए। त्यो बाहेक हिमाली गाउँपालिका, गौमुल गाउँपालिका, बुढीगङ्गा नगरपालिका र त्रिवेणी नगरपालिकाले अस्थायी कोरोना अस्पताल स्थापना गरी चिकित्सा सेवा सुरु गरेको स्वास्थ्य कार्यालय प्रमुख पन्तले बताए।

बाजुरा जिल्लाका हिमाली गाउँपालिकाको रुगिन स्वास्थ्य चौकी, जगन्नाथ गाउँपालिकाको हुनी महती स्वास्थ्य चौकी, स्वामीकार्तिक खापर गाउँपालिकाको जुकोट स्वास्थ्य चौकी, बडिमालिका नगरपालिकाको चुथी स्वास्थ्य चौकी, गौमुल गाउँपालिकाको दहकोट स्वास्थ्य चौकी, खप्तड छेडे दह गाउँपालिकाको डोगडी स्वास्थ्य चोकीलाई १० शैयाको अस्पताल र त्रिवेणी नगरपालिकाको तोलीदेवल स्वास्थ्य चौकी र बुढीगङ्गा नगरपालिकाको टाटे स्वास्थ्य चौकीलाई १५ शैयाको अस्पताल स्थापनाको लागि ०७७ मङ्सिर १५ गते शिलान्यास गरिएको भए पनि हालसम्म कुनै पनि अस्पतालको निर्माण कार्यले गति लिन नसकेको जिल्ला स्वास्थ्य कार्यालयका प्रमुख दयाकृष्ण पन्तले बताए।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	३	४
यौन दुर्व्यवहार		१	१
जम्मा	१	४	५

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१		१	१	३
घरेलु हिंसा		४२			४२
जम्मा	१	४२	१	१	४५

७.२ बझाङ



जम्मा जनसङ्ख्या	१,८९,०९७
महिला	१,००,१०९
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,१०,४६५
कामका लागि बाहिरिएका	२२,८४५
अपाङ्गता भएका	४,९७६
५ वर्षमाथिको साक्षरता प्रतिशत	५५.६
आश्रित जनसङ्ख्या	१,१०,४०६

यस वर्ष बझाङ जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा अन्य पक्षबाट १ सय ११ जना महिला र चार जना पुरुषसहित १ सय १५ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा आठ जना र महिला अधिकार उल्लङ्घनका घटनामा १ सय २ जना पीडित भए। त्यसैगरी कुटपिट घटनामा दुई जना, अमानवीय व्यवहारको घटनामा एक जना र हत्याका घटनामा दुई जना पीडित भए।

कारागार र बन्दी

कारागारको बन्दी क्षमता २५ जनाको छ। कारागारमा कैदीबन्दी र थुनुवा गरी ७५ जना छन्। कारागारमा पुरुष कक्षतर्फ तीन गुणा कैदीबन्दी भएकाले कोचिएर बस्नु पर्ने बाध्यता छ। कैदीबन्दीका आफन्तजनलाई भेटघाट गर्ने, रेडियो, टेलिभिजन तथा खेलकुदका सामग्रीको व्यवस्था गरिएको भए पनि खानेपानी, शौचालय, पुस्तकालयको राम्रो व्यवस्था नभएको जेलर धनबहादुर घर्तीले बताए।

कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जना स्वास्थ्यकर्मीको दरबन्दी छ। ६० वर्ष नाघेका चार जना ज्येष्ठ नागरिक रहेको, कारागारमा पुरुष कैदीबन्दीलाई मात्र राख्ने गरिएको, महिला कैदीलाई अन्यत्र जिल्ला पठाउने गरिएको छ। कैदीबन्दी बिरामी हुँदा कारागारमै रहेका स्वास्थ्यकर्मीले उपचार गर्ने गरेको र कारागारमा उपचार सम्भव नभए उपचारका लागि जिल्ला अस्पतालमा लैजाने गरिएको जिल्ला कारागार, बझाङका जेलर धनबहादुर घर्तीले बताए। औषधि सेवन गरिरहेकाहरूले औषधि खाए/नखाएको हेर्ने गरिएको कारागारमा कार्यरत सिनियर अहेब अनिल नेपालीले बताए। कारागारमा दीर्घरोगी एक जना रहेका छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ८३ थानमध्ये ३६ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४९ थानमध्ये १४ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा १३ थान छन् भने देवानी मुद्दा १३ थान बाँकी रहेका छन्।

अदालतले सात जना कर्मचारी करारमा नियुक्त गरेको छ भने ६ दरबन्दी वर्षको अन्त्यसम्म पनि रिक्त रहे। कोभिड भाइरसका कारण समयमा म्याद तामेल नहुनु तथा पेशी स्थगित भएका कारण इजलास बस्न नसक्दा र पेशी धेरै भएकाले ढिलाइ हुने गरेको छ।

छमका देवी बोहराको उजुरीले वादी नेपाल सरकार प्रतिवादी भीमबहादुर बोहरासमेत भएको कर्तव्य ज्यान मुद्दामा ०७८ वैशाख १६ गते तारिख तोकिएकोमा निषेध आदेशका कारण अदालतको कामकारवाही प्रभावित भएकाले उक्त तारिख निषेध आदेश खुलेपछि ०७८ साउन २० गते उपस्थित भई मुद्दा पेशी चढेको र सो मुद्दा ०७८ भदौ ९ गते फैसला भएको जिल्ला अदालत, बझाङका निमित्त श्रेष्तेदार नरेन्द्रकुमार शर्माले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ६० आधारभूत र ८४ ओटा माबि छन्। १ हजार ६३ शिक्षकको दरबन्दी रहेकामा स्थानीय तहले दरबन्दी मिलान गरेकाले कतै बढी र कतै थप्नु पर्ने भएका कारण दरबन्दी मिलान हुन बाँकी छ। यस वर्ष २५ हजार ५ सय ७ जना बालक र २८ हजार ५० जना बालिका भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय चार ओटा छन्। नयाँ संरचना अनुसार अपाङ्गता र बालमैत्री संरचनाहरू बनाउने गरेको छ। दलित, अपाङ्गता भएकालाई नि:शुल्क शिक्षाको व्यवस्था गरिएको छ। पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा तथा समन्वय इकाइका सूचना अधिकारी बसन्तबहादुर सिंहले बताए। यस वर्ष जिल्लाभर ६ हजार जना दलित बालबालिका विद्यालय भर्ना भए। जसमा ३ हजार ४ सय दलित बालक र ३ हजार ६ सय दलित बालिका विद्यालय भर्ना भए। कोभिडका कारण शिक्षा क्षेत्र पनि प्रभावित भयो।

सरकारले कक्षा १२ सम्मको शिक्षा नि:शुल्क भने पनि सबै सामुदायिक विद्यालयहरूले सहयोग तथा विभिन्न बहाना बनाई शुल्क लिने गरेको अभिभावक उर्मिला सिंहले बताइन्। द्वन्द्वपीडित परिवारका ६ जना बालबालिकाले प्राथमिक तहकाले १२ हजार रुपियाँ, निमाबि तहकाले १४ हजार रुपियाँ, माबि तहकाले १६ हजार रुपियाँ र उमाबि तहकाले १८ हजार रुपियाँ छात्रवृत्ति पाए। वैदिशिक रोजगारीमा गएर मृत्यु भएका परिवारका तीन जना बालबालिकाले २४ हजार रुपियाँ छात्रवृत्ति पाए। कोभिडका कारण विद्यालयहरूको पढाइ ०७७ भदौदेखि सञ्चालनमा आए पनि त्यो भन्दा अगाडि अनलाइन शिक्षाको पहुँच जिल्लामा प्रभावकारी नभएको अभिभावकको गुनासो रह्यो।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			२	२
अमानवीय व्यवहार			१	१
हत्या		१	१	२
बाल अधिकार	बलात्कार	३		३
	यौन दुर्व्यवहार	५		५
	जम्मा	८		८
महिला अधिकार	बलात्कार	१		१
	बलात्कार प्रयास	१		१
	बहुविवाह	१		१
	घरेलु हिंसा	९९		९९
	जम्मा	१०२		१०२
कूल जम्मा		१११	४	११५

यस वर्ष यौन दुर्व्यवहारका घटनामा पाँच जना र बलात्कारका घटनामा तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यौन दुर्व्यवहार घटनामध्ये जिल्ला अदालतले एक घटनाका आरोपितलाई तीन महिना कैद सजाय सुनायो। एउटा घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। दुई बालिकालाई यौन दुर्व्यवहार गरेको अर्को घटनाका आरोपितलाई अदालतले १ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो। यौन दुर्व्यवहारको अर्को घटनाका आरोपितलाई अदालतले १ लाख रुपियाँ धरौटीमा रिहा गऱ्यो। बलात्कार घटनाका दुई आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो भने एउटा घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

बलात्कार, यौन दुर्व्यवहार

१६ वर्षीया बालिकालाई ०७८ साउन ५ गते यौन दुर्व्यवहार गरेको आरोपमा मष्टा गाउँपालिका-२ खिकालाका १९ वर्षीय राजेन्द्रबहादुर बिकविरुद्ध पीडित पक्षले सोही दिन जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण साउन ५ गते जिल्ला अस्पता,ल सिमखेतमा भयो। प्रहरीले आरोपितलाई साउन ५ गते घरैबाट गिरफ्तार गरी साउन १६ गते जिल्ला अदालतमा जबरजस्ती करणी उद्योगमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका

न्यायाधीश विष्णुप्रसाद अवस्थीको असोज १३ गतेको इजलासले तीन महिनाको कैद फौसला गऱ्यो। मङ्सिर ८ गते कसुरदारले सजाय भुक्तान गरिसकेकोले कारागारबाट रिहा भएको जिल्ला अदालतका खरिदार शङ्कर रिजालले बताए।

महिलाविरूद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष बझाङमा घरेलु हिंसा पीडित भएको भन्दै १ सय २० जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। घरबाट निकाला गरिएका, मानसिक यातना र खानलाउन नदिएको भन्दै जिल्ला प्रहरी कार्यालय अन्तर्गतको सेवा केन्द्रमा आएका उजुरीहरूमा दुवै पक्षलाई बोलाई छलफल पश्चात मिलापत्र गरी घर पठाउने गरेको प्रहरीले जनायो।

यो वर्ष बझाङमा घरेलु हिंसाका घटनामा ९९, बलात्कारको घटनामा एक, बलात्कार प्रयासको घटनामा एक र बहुविवाहको घटनामा एक जना गरी १ सय २ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये बलात्कार प्रयास घटनाका आरोपितलाई अदालतले हाजिरी जमानीमा रिहा गऱ्यो। बलात्कार घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। बहुविवाहको घटनामा अदालतले आरोपित पतिलाई पुर्पक्षका लागि थुनामा र अर्की आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

परिवारजनबाट हत्या

दुर्गाथली गाउँपालिका-५ भलानेकी ४३ वर्षीया रिखीदेवी जप्रेललाई २०७८ भदौ २७ गते धारिलो हतियार (हसियाँ) प्रहार गरी हत्या गरेको भन्दै २३ वर्षीय नाती सुवास जप्रेल विरुद्ध पीडित पक्षले भदौ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। शवको पोष्टमार्टम असोज १ गते जिल्ला अस्पताल, सिमखेतमा गरी असोज १ गते आफन्तले दाहसंस्कार गरे। प्रहरीले आरोपितलाई भदौ २९ गते घर नजिकैको जंगलबाट गिरफ्तार गऱ्यो। आरोपितविरुद्ध प्रहरीले सरकारी वकिल कार्यालयमार्फत आसोज १८ गते कर्तव्य ज्यान अन्तर्गत जिल्ला अदातलमा मुद्दा दर्ता गरेकोमा जिल्ला अदालतका न्यायाधीश विष्णुप्रसाद अवस्थीको असोज १९ गतेको इजलासले पुर्पक्षका लागि थुनामा पठाउने आदेश दियो। आरोपित जिल्ला कारागारमा पुर्पक्षका लागि थुनामा रहेका छन्।

घरेलु हिंसा

जयपृथ्वी नगरपालिका-१ कैलाश भण्डारकी २३ वर्षीया जानकी नेपालीलाई २०७८ असार २६ गते २५ वर्षीय पति मनोज दमाइले शरीरका विभिन्न अङ्गमा चक्कु प्रहार गरी घाइते बनाउनुकै साथै कान काटेको भन्दै पीडितले ०७८ साउन ३ गते जिल्ला प्रहरी कार्यालयमा ज्यान मार्ने उद्योगमा उजुरी दिइन्। पीडितको स्वास्थ्य उपचार जिल्ला अस्पताल, सिमखेतमा भयो। प्रहरीले आरोपितलाई साउन ४ गते घरबाटै गिरफ्तार गरी साउन २४ गते सरकारी वकिल कार्यालयमार्फत जिल्ला अदालतमा कर्तव्य ज्यान अन्तर्गत मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश विष्णुप्रसाद अवस्थीको साउन २६ गतेको इजलासले आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गरेको जिल्ला अदालतका खरिदार शङ्कर रिजालले बताए। मुद्दा विचाराधीन अवस्थामा रहेको छ।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, ४७ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द र दुई नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा एक जना विशेषज्ञको दरबन्दी रहेकोमा सो दरबन्दी रिक्त छ। चार जना स्टाफ नर्सको दरबन्दीमा सबै कार्यरत छन्। दुई जना अनमीको दरबन्दी रहेकोमा एक जना कार्यरत छन्। प्राथमिक स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीलाई स्थानीय तहबाटै हेरिने भएकाले त्यहाँ कार्यरत कर्मचारीको तथ्याङ्क स्वास्थ्य कार्यालय, बझाङमा अद्यावधिक भएको पाइएन। जिल्लामा ३६ हजार ७ सय १८ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि निःशुल्क बीमा कार्यक्रम अन्तर्गत ४ हजार १८ जनाको बीमा गरिएको छ। स्वास्थ्य बीमा गराएकाहरूले अस्पतालबाट सहज सेवा पाउने गरेको भए पनि प्रभावकारी उपचारका लागि रायल प्राथमिक स्वास्थ्य केन्द्र, देउरा, देउलेख प्राथमिक स्वास्थ्य केन्द्र, जिल्ला अस्पताल, डडेल्धुरा अस्पताल, धनगढी र नेपालगञ्ज जानुपर्ने बाध्यात्मक अवस्था रहेको छ। अस्पतालले सेवा प्रवाह गर्ने क्रममा ज्येष्ठ नागरिकलाई पहिलो प्राथमिकता दिने गरेको छ।

यो वर्षको अन्त्यसम्म ९ सय ५४ जना कोभिड सङ्क्रमित भए। सङ्क्रमितमध्ये २२ जनाको मृत्यु भयो। साइपाल, खप्तडछान्ना, छविसपाथिभेरा र थलारा गाउँपालिकामा ०७७ मङ्सिर १५ गते शिलान्याश गरिएका अस्पतालहरूको निर्माण कार्य जारी छ।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१	२	३
यौन दुर्व्यवहार	१	१	२	४
जम्मा	१	२	४	७

महिला अधिकार

घटनाको प्रकार	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१	१
बलात्कार प्रयास		१	१
बहुविवाह		१	१
घरेलु हिंसा	९५	३	९८
जम्मा	९५	६	१०१

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्यायएका	जम्मा
हत्या	२	२

७.३ दार्चुला

जम्मा जनसङ्ख्या	१,३५,०५६
महिला	६९,७०७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	७०,००३
कामका लागि बाहिरिएका	६,८६४
अपाङ्गता भएका	३,६६९
५ वर्षमाथिको साक्षरता प्रतिशत	६५.४
आश्रित जनसङ्ख्या	६६,४०५

यस वर्ष दार्चुला जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा अन्य पक्षबाट ४९ जना महिला र दुई जना पुरुषसहित ५१ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा पाँच जना र महिला अधिकार उल्लङ्घनका घटनामा ४१ जना पीडित भए। चार जनाको हत्या भएको र एक जनालाई बेपत्ता पारिएको इन्सेकले अभिलेख राख्यो।

कारागार र बन्दी

कारागारको बन्दी क्षमता महिला १५ र पुरुष २५ जना गरी ४० जनाको छ। कारागारमा ५९ कैदी र नौ थुनुवा गरी ६९ जना छन्। जसमा कैदी तोकिएका पुरुष ५७ जना, दुई जना महिला तथा थुनुवा नौ जना पुरुष छन्। कारागारमा एक जना नाबालिका छन्। कारागारमा पुरुष कक्षतर्फ झण्डै दुई गुणा कैदीबन्दी भएकाले कोचिएर बस्नुपर्ने बाध्यता छ। कारागारमा खानेपानी, शौचालय, र पुस्तकालय, खेलकुदका सामग्रीको व्यवस्था गरिएको जेलर बीरेन्द्रसिंह धामीले बताए। जीर्ण कारागारमा कैदीबन्दी बढी हुँदा शौचालय, बास व्यवस्थापन लगायतमा समस्या देखिएको छ। कारागारभित्र ६५ वर्ष उमेर पुगेका दुई जना पुरुष कैदी छन्।

कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि एक जना अहेवको दरबन्दी छ। स्वास्थ्यकर्मी आएपछि सामान्य चेकजाँच कारागारभित्रै हुन्छ भने त्यो भन्दा जटिलखालका बिरामीलाई जिल्ला अस्पताल लगिने गरेको छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ४५ थानमध्ये ३० थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ७० थानमध्ये १३ थान मुद्दा फैसला भए। यस अदालतमा दुई वर्ष नाघेका मुद्दा छैनन्। यो वर्षको अन्त्यसम्म ७२ थान मुद्दा फैसला हुन बाँकी रहेको अदालतले जनायो।

यो वर्ष कोभिडका कारण थोरै मुद्दाको अङ्ग पुऱ्याउन केही ढिलाइ भए पनि फैसला निर्धारित लक्ष्यअनुसार नै भएको अदालतका श्रेस्तेदार कौशलेश्वर झवालीले बताए। नेपाल बारका अधिवक्ता गगनसिंह धामीले अदालतमा आएका अधिकांश मुद्दा एक वर्षभित्रै फैसला भएको बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ९१ आधारभूत र ७३ मावि छन्। आधारभूत तहमा १ हजार १ सय २८ जना शिक्षक दरबन्दी र माध्यमिक तहमा २ सय ५ जनाको शिक्षक दरबन्दी रहेको छ। यस वर्ष २२ हजार २ सय ८ बालक र २२ हजार ३ सय २४ जना बालिका भर्ना भए। द्वन्द्वपीडित परिवारका १० जना बालबालिकाले छात्रवृत्ति पाए। दलित, अपाङ्गता भएका बालबालिकालाई नि:शुल्क शिक्षाको व्यवस्था गरिएको छ। पढ्ने उमेरका सबै बालबालिका विद्यालय भर्ना भएको शिक्षा तथा समन्वय इकाइ प्रमुख जयराज पन्तले बताए। यस वर्ष जिल्लाभर २ हजार ६ सय ४९ दलित बालक र २ हजार ६ सय ३४ दलित बालिका विद्यालय भर्ना भए। अपिहिमाल लगायत केही स्थानीय तहका विद्यालयमा पाठ्यपुस्तक समयमै नपुगेको गुनासो आयो। शैक्षिक सत्रको पहिलो चौमासिकसम्म पाठ्यपुस्तक बिना नै विद्यार्थी विद्यालय जान बाध्य भए।

यस वर्ष यौन दुर्व्यवहारको घटनामा एक जना, बलात्कारका घटनामा तीन जना र बालविवाहको घटनामा एक जना गरी पाँच जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। यौन दुर्व्यवहार घटनाका आरोपितलाई अदालतले कैदको फैसला गऱ्यो। अदालतले दुई बलात्कार घटनाका आरोपितलाई कैदको पैसला गऱ्यो भने एक घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। अदालतले बालविवाहको घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा र बालिकालाई बाल सुधार गृहमा पठायो।

बलात्कार, यौन दुर्व्यवहार

१४ वर्षीया बालिकालाई ०७७ माघ ५ गते बलात्कार गरेको भन्दै शैल्यशिखर नगरपालिका-९ का १८ वर्षीय सन्तोष महरविरुद्ध पीडित पक्षले माघ ८ गते इलाका प्रहरी कार्यालय, गोकुलेश्वरमा उजुरी दियो। प्रहरीले आरोपितलाई माघ ८ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ८ गते गोकुलेश्वर अस्पतालमा भयो। प्रहरीले जिल्ला सरकारी वकिलमार्फत आरोपितविरुद्ध माघ २८ गते जबरजस्तीकरणी अन्तर्गत जिल्ला अदालतमा मुद्दा दर्ता गरिएकामा जिल्ला अदालत, दार्चुलाका न्यायाधीश लोकजङ्ग शाहको ०७८ साउन १७ गतेको इलजासले १४ वर्ष कैद, ४ लाख रुपियाँ जरिबाना, १ लाख रुपियाँ क्षतिपूर्ति र १६ हजार रुपियाँ पीडित राहत कोषमा राख्ने फैसला सुनायो।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
बेपत्ता			१	१
हत्या		३	१	४
बाल अधिकार	बलात्कार	३		३
	यौन दुर्व्यवहार	१		१
	बालविवाह	१		१
	जम्मा	५		५
महिला अधिकार	बलात्कार	३		३
	बहुविवाह	१		१
	घरेलु हिंसा	३७		३७
	जम्मा	४१		४१
कूला जम्मा		४९	३	५१

१५ वर्षीया बालिकालाई ०७८ जेठ २१ गते बलात्कार गरेको आरोपमा महाकाली नगरपालिका-७ का २५ वर्षीय कपिलराम कोलीविरुद्ध पीडित पक्षले जेठ ३० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले कोलीलाई जेठ २९ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडित बालिकाको जेठ ३० गते जिल्ला अस्पताल दार्चुलामा स्वास्थ्य परीक्षण भयो। आरोपितविरुद्ध जबर जस्तीकरणी उद्योग अन्तर्गत असार ११ गते मुद्दा दर्ता भयो। आरोपितलाई जिल्ला अदालतका न्यायाधीश लोकजङ्ग शाहको इजलासले साउन ३० गते सात वर्ष कैद, २ लाख रुपियाँ जरिबाना र ५० हजार रुपियाँ क्षतिपूर्ति फैसला सुनाएको अदालतका श्रेस्तेदार कौशलेश्वर कुमार ज्ञवालीले बताए।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष महिला तथा बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र,दार्चुलामा घरेलु हिंसाका ७६ ओटा उजुरी परेकोमा ४४ थान मुद्दा मिलापत्रमा टुङ्गियो। भने २३ थान मुद्दा अदालत पठाइएको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रले जनायो। न्याय नपाएको भन्दै आएकाहरू सेवा केन्द्रमा आएर छलफलपछि घर फर्किएका छन्। पीडित र आरोपितबिचको छलफलपछि घरेलु हिंसाका उजुरीहरु

मिलापत्र हुने गरेको इन्स्पेक्टर माधव विश्वकर्माले बताए।

यो वर्ष दार्चुलामा घरेलु हिंसाका घटनामा ३७, बलात्कारका घटनामा तीन र बहुविवाहको घटनामा एक जना गरी ४१ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालतले बलात्कार घटनाका एक जना आरोपितलाई कैद सजाय सुनायो। अदालतले दुई घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। अदालतले बहुविवाहको घटनाका आरोपित पतिलाई पुर्पक्षका लागि थुनामा र अर्की आरोपितलाई साधारण तारिखमा रिहा गऱ्यो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

१८ वर्षीया युवतीलाई ०७७ फागुन २३ गते बलात्कार गरेको भन्दै मार्मा गाउँपालिका-४ का २५ वर्षीय अशोक महराविरुद्ध पीडित पक्षले फागुन २३ गते जिल्ला प्रहरी कार्यालय, दार्चुलामा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन २३ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २३ गते जिल्ला अस्पताल, दार्चुलामा भयो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत जबरजस्तीकरणी अन्तर्गत चैत १३ गते जिल्ला अदालतमा मुद्दा दर्ता भयो। जिल्ला अदालतका न्यायाधीश लोकजङ्ग शाहको ०७८ असार ३१ गतेको इजलासले महरालाई सात वर्ष कैद र २ लाख रुपियाँ जरिबाना तथा २५ हजार रुपियाँ क्षतिपूर्ति तिर्न फैसला सुनाएको जिल्ला अदालतका श्रेस्तेदार कौशलेश्वर ज्ञवालीले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई ओटा सरकारी अस्पताल, ४० ओटा स्वास्थ्य चौकी, पाँच ओटा निर्माणाधीन आधारभूत अस्पताल, ३३ ओटा सामुदायिक स्वास्थ्य इकाइ, चार ओटा नगर स्वास्थ्य केन्द्र, १ सय ४४ ओटा गाउँघर क्लिनिक, १ सय ४२ ओटा खोप केन्द्र, आठ ओटा माइक्रोस्कोपिक सेन्टर, ४२ ओटा डट्स सेन्टर र तीन ओटा सब कोल्ड चेन सेन्टर छन्। जिल्लाभर १४ जना मेडिकल अधिकृत, जनस्वास्थ्य अधिकृत एक जना, हेल्थ असिस्टेण्ट ४३ जना, स्टाफ नर्स २१ जना, सिनियर अहेव १ सय १७ जना, सिनियर अनमी १ सय ७४ जना, ल्याब टेक्निसियन ३० जना कार्यरत छन्। सदरमुकामस्थित जिल्ला अस्पतालमा एक जना मेडिकल सुपरिटेण्डेण्ट र दुई जना मेडिकल अधिकृतको दरबन्दी रहेकोमा दुई ओटा दरबन्दी रिक्त छ। मेडिकल अधिकृत अध्ययन विदामा गएपछि रिक्त भएको हो। जिल्लामा एक वर्षको अवधिमा १ हजार १ सय ८२ जनाले बीमा गराएर सेवा लिएका छन्।

यो वर्ष कोभिडविरुद्धको पूर्ण खोप लगाउनेको सङ्ख्या ६४ हजार ३ सय ७० र पहिलो डोज खोप लगाउनेको सङ्ख्या ८५ हजार ३ सय ९३ जना रहेको स्वास्थ्य कार्यालयका सूचना अधिकारी खगेन्द्र कार्कीले बताए।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	२	१	३
यौन दुर्व्यवहार	१		१
बालविवाह	१		१
जम्मा	४	१	५

महिला अधिकार				
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१		२	३
बहुविवाह			१	१
घरेलु हिंसा		३७		३७
जम्मा	१	३७	३	४१

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	३	४

७.४ बैतडी



जम्मा जनसङ्ख्या	२,४४,४००
महिला	१,२८,९७४
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,१४,३५५
कामका लागि बाहिरिएका	२१,०३९
अपाङ्गता भएका	७,७८८
५ वर्षमाथिको साक्षरता प्रतिशत	६३
आश्रित जनसङ्ख्या	१,२७,८२६

यस वर्ष बैतडी जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा अन्य पक्षबाट ५६ जना महिला र सात जना पुरुष गरी ६३ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा एक जना बालकसहित नौ जना र महिला अधिकार उल्लङ्घन घटनामा ४४ जना पीडित भए। बैतडीमा जातीय विभेदको घटनामा एक, हत्याका घटनामा पाँच, कुटपिटका घटनामा तीन र धम्कीको घटनामा एक जना पीडित भए।

कारागार र बन्दी

कारागारको बन्दी क्षमता १० महिला र १५ पुरुष गरी २५ जनाको छ। कारागारमा ६० जना कैदी र २४ थुनुवा गरी ८४ जना छन्। कारागारमा आश्रित बालबालिका छैनन्। कैदीबन्दीहरूको नियमित स्वास्थ्य जाँचका लागि हेल्थ असिष्टेण्टको दरबन्दी रहेको छ। ६० वर्ष नाघेका तीन जना ज्येष्ठ नागरिक (पुरुष) रहेको जिल्ला कारागार प्रमुख अनिल तिवारीले बताए। तिवारीका अनुसार क्षमताभन्दा तेब्बर बढी कैदीबन्दीका कारण कारागार सञ्चालनमा समस्या छ। ठाउँ अभावका कारण उनीहरूलाई त्रिपाल र टेण्टमा सुत्ने व्यवस्था मिलाइएको तिवारीले बताए।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ६४ थानमध्ये ४७ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ४६ थानमध्ये २० थान मुद्दा फैसला भए। दुनियावादी फौजदारीतर्फ ४६ मध्ये २० थान मुद्दा फैसला भए। दुनियावादी देवानीतर्फ १६ मध्ये ७ मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा दुई थान छन् भने देवानी मुद्दा एक थान बाँकी छ। सर्वोच्च अदालतको पञ्चवर्षीय रणनीतिक योजना अनुसार पछिल्लो समय मुद्दा फैसलामा चाँडो हुने गरेको जिल्ला बार एसोसिएशनका जिल्ला अध्यक्ष हरिदत्त भट्टले बताए।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ४ सय ३६ आधारभूत र १ सय २६ मावि छन्। २ हजार ३ सय २ शिक्षक दरबन्दी रहेकामा चार ओटा स्थानीय तहमा दरबन्दी मिलान हुन बाँकी रहेको छ। यस वर्ष ४२ हजार २ सय ४८ बालक र ४२ हजार १ सय २९ जना बालिका विद्यालय भर्ना भए। जसमा अपाङ्गता भएका

१ सय ५ बालिका र १ सय ३० छन्। जिल्लामा एक अपाङ्गतामैत्री विद्यालय छ। यस वर्ष जिल्लाभर १० हजार ९९ दलित बालक र १० हजार ३ सय ८३ दलित बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगार गएर ज्यान गुमाएका परिवारका तीन जना बालबालिकाले २४ हजार रुपियाँ छात्रवृत्ति पाए। शहीद र द्वन्द्वपीडित परिवारका २४ बालबालिकाले ३ लाख ६४ हजार रुपियाँ छात्रवृत्ति पाए। कोभिड-१९ को सङ्क्रमणका कारण यस वर्ष पनि बालबालिकाहरूको पढाइ प्रभावित बन्यो। यहाँका बालबालिकाहरूले अनलाइन कक्षा समेत लिन नपाएको जिल्ला शिक्षा विकास तथा समन्वय इकाइका प्रमुख नरेन्द्रप्रसाद अवस्थीले बताए।

यो वर्ष यौन दुर्व्यवहारका घटनामा एक जना, बलात्कारका घटनामा ६ जना, बालविवाहका घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहारको एक घटनाका आरोपित गिरफ्तार भएनन्। जिल्ला अदालतले बलात्कार घटनाका चार आरोपित पुर्पक्षका लागि थुनामा र एक जना आरोपितलाई बाल सुधार गृहमा पठाउने आदेश गऱ्यो। त्यसैगरी अदालतले बलात्कारपछि हत्या घटनाका एक जना आरोपित बाल सुधार गृहमा पठायो। दुई महिना नौ दिनका बालकको हत्या घटनाका आरोपित बाबुलाई गिरफ्तार गरी कानुनी प्रक्रिया अघि बढाएको भएपनि मानसिक अवस्था ठिक नभएको भन्दै यो वर्षको अन्त्यसम्म आरोपितको ललितपुरस्थित मानसिक अस्पतालमा उपचार भइरहेको छ।

बलात्कारपछि हत्या

दोगडाकेदार गाउँपालिका-७ चडेपानीकी १७ वर्षीया भागरथी भट्टको ०७७ माघ २१ गते १६ वर्षीय बालकले दोगडाकेदार गाउँपालिका-७ चडे पानीको लबलेक सामुदायिक वनमा बलात्कार गरी हत्या गरेको भन्दै पीडित पक्षले फागुन ५ गते जिल्ला प्रहरी कार्यालय, बैतडीमा उजुरी दियो। शवको पोष्टमार्टम माघ २४ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले फागुन ५ गते आरोपितलाई घरबाटै गिरफ्तार गऱ्यो। प्रहरीले फागुन ६ गते सरकारी वकिल कार्यालय, बैतडीमार्फत बलात्कार गरी हत्या गरेको कसुरमा जिल्ला अदालत बैतडीमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत, बैतडीका न्यायाधीश तिलक कार्कीको फागुन २८ गतेको इजलासको आदेश अनुसार आरोपितलाई बाल सुधार गृह, डोटीमा राखिएको जिल्ला प्रहरी कार्यालय, बैतडीका इन्स्पेक्टर जनक धामीले बताए। शवको दाहसंस्कार फागुन ७ गते दशरथचन्द नगरपालिका-६ सेरास्थित महाकाली नदीमा भयो।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट		३	१	३
हत्या		३	३	५
जातीय विभेद			१	१
धम्की			१	१
बाल अधिकार	बलात्कार	६		६
	यौन दुर्व्यवहार	१		१
	नवजात शिशुको हत्या		१	१
	बालविवाह	१		१
	जम्मा	८	१	९
महिला अधिकार	बलात्कार	३		३
	बलात्कार प्रयास	१		१
	बेचबिखन तथा ओसारपसार	१		१
	बहुविवाह	१		१
	घरेलु हिंसा	३९		३९
	जम्मा	४४		४४
कूल जम्मा		५६	७	६३

महिलामाथि हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसाबाट पीडित भएको भन्दै ५२ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी उजुरी दिए। जसमध्ये ५० घटना मिलापत्र भए। दुई घटनाका पीडित र आरोपित दुवै पक्ष अर्को निकायमा जाने भनेर पछि सम्पर्कमा नआएको इन्स्पेक्टर दर्शन खड्काले बताए।

यो वर्ष बैतडीमा घरेलु हिंसाका घटनामा ३९, बलात्कारका घटनामा दुई, बलात्कार प्रयासको घटनामा एक, बहुविवाहको घटनामा एक र बेचबिखन घटनामा एक जना गरी ४४ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित घटनामध्ये बलात्कार प्रयासको घटनाका आरोपितलाई जिल्ला अदालतले साढे तीन वर्षको जेल सजाय

सुनायो। त्यसैगरी बलात्कारका घटनाका दुई जना आरोपितलाई पुर्पक्षमा पठायो। अदालतले बहुविवाहको एउटा घटनाका एक जना आरोपितलाई एक वर्षको कैद सजाय र अर्का आरोपितलाई साधारण तारिखमा तथा अर्को घटनाका एक जना आरोपितलाई पुर्पक्षका लागि थुनामा र एक जना आरोपितलाई साधारण तारिखमा रिहा गऱ्यो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२५ वर्षीया महिलालाई ०७८ असार १३ गते चेडाकठा भन्ने स्थानमा बलात्कार प्रयास गरेको भन्दै शिवनाथ गाउँपालिका-४ का २३ वर्षीय रविन भनिने रविन्द्र चन्दविरुद्ध पीडित पक्षले असार १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई असार १५ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार १५ गते जिल्ला अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत असार १६ गते जबरजस्तीकरणी उद्योगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालत बैतडीका न्यायधीश तिलक कार्कीको असार ३० गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा राख्न आदेश गऱ्यो। जिल्ला अदालतका न्यायाधीश तिलक कार्कीको ०७८ पुस ४ गतेको इजलासले आरोपितलाई ३ वर्ष ६ महिना कैद र १ लाख रुपियाँ जरिबानाको फैसला सुनायो।

परिवारजनबाट हत्या

पुचौँडी नगरपालिका-१० की २१ वर्षीया बिनीता महराको ०७७ माघ २४ गते गोली हानी हत्या गरेको भन्दै ५५ वर्षीय बुबा धनसिंह महराविरुद्ध पीडित पक्षले माघ २४ गते इलाका प्रहरी कार्यालय, पाटनमा उजुरी दियो। शवको पोष्टमार्टम माघ २५ गते प्राथमिक स्वास्थ्य केन्द्र, पाटनमा गरी आफन्तले बुझी दाहसंस्कार गरे। प्रहरीले आरोपितलाई माघ २७ गते स्थानीय जङ्गलबाट गिरफ्तार गरी माघ २८ गते कर्तव्य ज्यान शीर्षकमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश तिलक कार्कीको ०७८ मङ्सिर २६ गते बसेको इजलासले महरालाई सर्वश्वसहित जन्मकैदको फैसला सुनायो। आरोपितले माइतीघरमा बसेकी छोरीसँग सामान्य विवाद हुँदा गोली प्रहार गरेको पीडित पक्षले आरोप लगायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा १ सरकारी अस्पताल, ६५ स्वास्थ्य चौकी, दुई प्राथमिक स्वास्थ्य केन्द्र, १२ शहरी स्वास्थ्य केन्द्र र ८ सामुदायिक स्वास्थ्य इकाइ छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा एक जना विशेषज्ञको दरबन्दी रहेकोमा रिक्त छ। तीन जना स्टाफ नर्सको दरबन्दीमा दुई जना अध्ययन विदामा छन्। एक दरबन्दी रिक्त छ। अस्पतालमा अहिले चार जना छात्रवृत्ति करारका डाक्टर कार्यरत छन्। अस्पतालले ६ जना स्टाफ नर्स करारमा नियुक्त गरेको छ। जिल्लामा १९ हजार ४ सय २३ परिवारले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा पनि ७ हजार ४ सय ९६ जनाको बीमा गरिएको छ। स्वास्थ्य संस्थाहरूमा औषधि अभाव रहेको छ। नेपाल सरकारले नि:शुल्क दिने भनेका औषधिहरू उपलब्ध छैनन्। औषधि अभाव हुँदा बीमा गराएका व्यक्तिले समेत सबै प्रकारका औषधि नि:शुल्क पाउन सकेका छैनन्। गत वर्ष १० स्थानीय तहमध्ये सात स्थानीय तहमा शिलान्यास भएका अस्पतालको निर्माण कार्य जारी छ। यस वर्ष कोभिड सङ्क्रमणका कारण १८ जनाको मृत्यु भयो। २ हजार १ सय ८४ जना सङ्क्रमित भए। यो वर्षको अन्त्यसम्म १ लाख २५ हजार ८ सय जना व्यक्तिले कोभिड-१९ विरुद्धको पहिलो मात्रा खोप लगाए भने ८८ हजार २ सय २६ जनाले कोभिड-१९ विरुद्धको पूर्णमात्रा खोप लगाए।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएको	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१	५	६
यौन दुर्व्यवहार		१		१
नवजात शिशुको हत्या	१			१
बालविवाह			१	१
जम्मा	१	२	६	९

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएको	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार				२	२
बलात्कार प्रयास	१				१
बेचबिखन तथा ओसारपसार			१		१
बहुविवाह				१	१
घरेलु हिंसा		३९			३९
जम्मा	१	३९	१	३	४४

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	४	५

७.५ डडेल्धुरा

जम्मा जनसङ्ख्या	१,३९,४२०
महिला	७३,४९०
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	६०,९१५
कामका लागि बाहिरिएका	११,६७०
अपाङ्गता भएका	५,१५०
५ वर्षमाथिको साक्षरता प्रतिशत	६५.३
आश्रित जनसङ्ख्या	७१,८२७

यस वर्ष डडेल्धुरा जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा अन्य पक्षबाट ४५ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना, महिला अधिकार उल्लङ्घनका घटनामा ४० जना पीडित भए। यो वर्ष दुई जना महिलाको हत्या भएको इन्सेकले अभिलेख गऱ्यो।

कारागार र बन्दी

कारागारको बन्दी क्षमता १ सय ४० जनाको छ। कारागारमा कैदीबन्दी र थुनुवा १ सय ६ जना छन्। जसमध्ये महिला १२ र पुरुष ९४ रहेका छन्। कारागारको क्षमता महिला २२ र पुरुष १ सय २५ जनाको हो। कारागारमा आश्रित बालक दुई जना र बालिका एक जना छन्। कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि एक जना हेल्थ असिस्टेन्टको दरबन्दी रहेकोमा रिक्त छ। ६० वर्ष नाघेका तीन जना पुरुष र एक जना महिला ज्येष्ठ नागरिक रहेका छन् भने ७० वर्ष नाघेका दुई जना पुरुष रहेको जिल्ला कारागार प्रमुख रामदत्त जोशीले बताए।

जिल्ला कारागारमा सुत्केरी भएका दुई जना महिलालाई नियम अनुसार सुत्केरी बिदा दिइएको छ। एक जना सुत्केरी महिलाललाई बिदाको समयमा डडेल्धुरामा रहेको सेफ हाउसमा राखिएको र अर्की महिलाको घर बैतडी भएकाले उनलाई बिदामा घरमै बस्न दिएको कारागार प्रमुख जोशीले बताए। जिल्ला कारागारमा रहेका कैदीबन्दीमध्ये एक जनालाई कोभिड सङ्क्रमण भयो। कैदीबन्दीलाई विभिन्न खाले सीप सिकाएर उनीहरूले उत्पादन गरेको सामग्री बजारमा बिक्री वितरण गर्ने गरेको तथा खेलकुदका सामग्री समेत उपलब्ध गराइएको कारागार प्रशासनको भनाइ छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक जना न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ७५ थानमध्ये ३९ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ५३ थानमध्ये २४ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा तीन थान छन् भने देवानी मुद्दा दुई थान बाँकी छन्। अदालतले चार जना कर्मचारी करारमा नियुक्त गरेको छ भने नौ जना यो वर्षको अन्त्यसम्म नै रिक्त रहे।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १ सय ९२ आधारभूत र ६१ मावि छन्। ७ सय ९६ शिक्षक दरबन्दी रहेकामा १ सय २० ओटा दरबन्दी रिक्त रहेका छन्। यस जिल्लामा सबै तहमा दरबन्दी मिलान भइसकेको छ।

वैदेशिक रोजगारमा गएर मृत्यु भएका परिवारका दुई जना बालबालिकालाई छात्रवृत्तिका लागि जिल्ला समन्वय समितिले सिफारिस गरेको भए पनि हालसम्म उनीहरूले छात्रवृत्ति रकम पाउन सकेका छैनन्।

जिल्लाका सामुदायिक विद्यालयहरूले विद्यार्थी भर्नाका नाममा शुल्क नलिएको पाइए पनि अन्य विभिन्न शीर्षकमा विद्यार्थीहरूबाट शुल्क लिइरहेको पाइएको छ। कोभिड-१९ का कारण विद्यालयहरूले अरु वर्षहरू झैँ विद्यार्थी भर्ना अभियान सञ्चालन नगरेको हुँदा दूरदराजका बालबालिकाहरूको शिक्षामा पहुँच पुग्न सकेन।

यस वर्ष बलात्कारका घटनामा तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। तीन ओटै घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष डडेल्धुरामा घरेलु हिंसाका घटनामा ४० जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अभिलेखित सबै घटनामा मिलापत्र भएको उल्लेख छ।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, दुई सामुदायिक अस्पताल, २५ स्वास्थ्य चौकी, २३ नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा १८ जना विशेषज्ञको दरबन्दीमा १८ जनाको दरबन्दी रिक्त छ। १९ जना मेडिकल अधिकृतको दरबन्दीमा १२ जनाको दरबन्दी रिक्त छ। ३० जना स्टाफनर्सको दरबन्दीमा २८ रिक्त रहेको छ। अनमी दुई जनाको दरबन्दीमा दुवै जना कार्यरत छन्। सीएमए दुई जनाको दरबन्दीमा दुई जना कार्यरत छन। जिल्लामा ९ हजार ५ सय

घटनाको प्रकार		अन्यपक्षबाट	
		महिला	जम्मा
हत्या		३	३
बाल अधिकार	बलात्कार	३	३
	जम्मा	३	३
महिला अधिकार	घरेलु हिंसा	४०	४०
	जम्मा	४०	४०
कूल जम्मा		४५	४५

२३ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रम अन्तर्गत ३ हजार २ सय २९ जनाको बीमा गरिएको छ। यस वर्ष १ हजार ८ सय २२ जना कोभिड संक्रमित भएकोमा १ हजार ८ सय जना निको भए भने २२ जनाले ज्यान गुमाए।

परशुराम नगरपालिका-८ जमरानी आधार भूत स्वास्थ्य इकाइ केन्द्रमा कार्यरत कर्मचारी २६ वर्षीया अस्मिता धामीलाई अज्ञात पक्षले हत्या गरी परशुराम नगरपालिका-९ स्थित हट्वानी सामुदायिक वनमा फालिएको अवस्थामा २०७८ असार ५ गते शव फेला पऱ्यो। आधारभूत स्वास्थ्य इकाइ केन्द्र, जमरानीबाट असार २ गते कोभिडको खोप र स्वास्थ्य सामग्री लिएर जोगबुडा अस्पताल हिँडेकी अस्मिता घर नफर्किएपछि परिवार तथा आफन्तजनले उनको खोजी गरेका थिए। पीडित परिवार तथा आफन्तजनले खोजी कार्य गर्दा उनको अवस्था थाहा नभएपछि पीडित परिवारले असार ५ गते सीमा प्रहरी चौकी, तातापानीलाई खोजतलासका लागि अनुरोध गरे। पीडित परिवार, आफन्त र प्रहरीले अस्मिताको शव असार ५ गते फेला परेको थियो। शवको पोर्ष्टमाटम असार ७ गते जोगबुढा, अस्पतालमा गरी सोही दिन आफन्तले दाहासंस्कार गरेका थिए। यो वर्षको अन्त्यसम्ममा पनि घटनामा संलग्न पक्ष पत्ता नलागेको र अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर राजेन्द्रबहादुर चन्दले बताए ।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार		
घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	३	३
जम्मा	३	३

महिला अधिकार		
घटनाको प्रकार	मेलमिलाप	जम्मा
घरेलु हिंसा	४०	४०
जम्मा	४०	४०

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१	२

७.६ डोटी

जम्मा जनसङ्ख्या	२,०५,६८३
महिला	१,१०,६१७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	१
प्रदेशसभा निर्वाचन क्षेत्र	२
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,०१,०००
कामका लागि बाहिरिएका	२३,५४४
अपाङ्गता भएका	७,३०२
५ वर्षमाथिको साक्षरता प्रतिशत	५६.३
आश्रित जनसङ्ख्या	१,१२,७५०

यस वर्ष डोटी जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा अन्य पक्षबाट २८ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा तीन जना र महिला अधिकार उल्लङ्घनका घटनामा २४ जना पीडित भए। डोटीमा एक जना महिलाको हत्या भएको इन्सेकले अभिलेख गऱ्यो।

कारागार र बन्दी

जिल्ला कारागारको बन्दी क्षमता २५ जनाको छ। कारागारमा कैदी ४० र थुनुवा १२ गरी ५२ जना छन्। कारागारमा महिला छैनन्। कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि पाचौं तहको दरबन्दी रहेकोमा कार्यरत छन्। कारागारमा पाँच जनाले सामान्य मानसिक रोगको औषधि उपचार गराइ रहेका छन्। ६० वर्ष नाघेका एक जना ज्येष्ठ नागरिक रहेको जिल्ला कारागार प्रमुख लालबहादुर बोगटीले बताए। कारागारमा दिर्घरोगी दुई जना छन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

उच्च अदालत

उच्च अदालत, दीपायल डोटीमा सात जना न्यायाधीशको दरबन्दी रहेकोमा चार जना कार्यरत रहेका र तीन दरबन्दी रिक्त रहेको छ। उच्च अदालतमा यस वर्षका लागि दुनियावादी देवानीका ८४ थान, दुनियावादी फौजदारीका २५ थान, सरकारवादी फौजदारीका ३ सय ३१ थान र सुरू क्षेत्राधिकारबाट नौ थान मुद्दा र रिटका ५६ थान गरी जिम्मा ५ सय ५ थान जिम्मेवारी सरेका थिए।

जिल्ला अदालत

एक न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ६० थानमध्ये २४ थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ २९ थानमध्ये १२ थान मुद्दा फैसला भए। यस अदालतमा एकवर्ष नाघेका फौजदारी मुद्दा दुई थान छन् भने देवानी मुद्दा एक थान बाँकी छ।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा २ सय ९२ आधारभूत र ९५ मावि छन्। ९ सय ६२ शिक्षक दरबन्दी रहेकामा ६ ओटा पालिकामा दरबन्दी मिलान हुन

घटनाको प्रकार		अन्यपक्षबाट	
		महिला	जम्मा
हत्या		१	१
बाल अधिकार	बलात्कार	१	१
	यौन दुर्व्यवहार	१	१
	बालविवाह	१	१
	जम्मा	३	३
महिला अधिकार	बलात्कार प्रयास	२	२
	बहुविवाह	१	१
	घरेलु हिंसा	२१	२१
	जम्मा	२४	२४
कूल जम्मा		२८	२८

बाँकी रहेको छ। यस वर्ष जम्मा ७६ हजार ३ सय ५६ बालबालिकाहरु विद्यालय भर्ना भए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय ७५ ओटा छन्। द्वन्द्वपीडित परिवारका २२ जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। यस वर्ष जिल्लाभर १० हजार ७ सय ६९ दलित बालक र १० हजार ८ सय ३७ दलित बालिका विद्यालय भर्ना भए। कोभिडका कारण डोटी जिल्लामा सञ्चालित विद्यालयमा पठनपाठन हुन सकेन्। सरकारले अनलाइन कक्षा सञ्चालन गरको भए पनि स्थानीय नागरिकहरूको सञ्चार सेवामा पहुँच नभएका कारण बालबालिकाहरू पठनपाठनबाट वञ्चित भए। जिल्लामा दुरसञ्चार सेवा प्रभावकारी नभएका कारण प्रभावकारी हुन सकेन।

यस वर्ष यौन दुर्व्यवहारको घटनामा एक जना, बलात्कारको घटनामा एक जना र बालविवाहको घटनामा एक जना गरी तीन जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालतले बलात्कार घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। यौन दुर्व्यवहार घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। अदालतले बालविवाह घटनाका आरोपितलाई पुर्पक्षका लागि कारागार पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यस वर्ष घरेलु हिंसा पीडित भन्दै महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा १३ ओटा उजुरी दर्ता भए। जसमध्ये नौ ओटा उजुरीमा मेलमिलाप भएको र चार ओटा उजुरीमा मिलापत्र हुन नसकेपछि जिल्ला अदालत पठाइएको महिला बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रकी प्रहरी जवान देवकी बोहराले बताइन्।

यो वर्ष डोटीमा घरेलु हिंसाका घटनामा २१, बलात्कार प्रयासका घटनामा दुई र बहुविवाहको घटनामा एक जना गरी २४ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। एउटा बलात्कार प्रयास घटनाका आरोपितलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठायो। अर्को घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। अदालतले बहुविवाह घटनाका आरोपितलाई पुर्पक्षका लागि कारागार पठायो भने अर्की आरोपितलाई १ लाख रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो।

घरेलु हिंसा

आदर्श गाउँपालिका-४ की २७ वर्षीया लक्ष्मीदेवी भाटको शरीरमा ०७८ जेठ १२ गते राति मट्टीतेल खन्याई आगो लगाएर हत्याको प्रयास गरेको आरोपमा ३५ वर्षीय पति सन्तोष भाटविरुद्ध पीडित पक्षले जेठ १६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई जेठ ३१ गते त्रिनगर भन्सार नाकाबाट गिरफ्तार गऱ्यो। घाइतेको प्राथमिक उपचार जेठ १३ गते जिल्लास्थित सुजङ्ग अस्पतालमा भई थप उपचार काठमाडौँ जिल्ला कीर्तिपुर स्थित बर्न अस्पतालमा भयो। प्रहरीले आरोपितविरुद्ध ज्यान मार्ने उद्योगअन्तर्गत जिल्ला अदालत डोटीमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश विदुर काफ्लेको ०७८ असार २१ गते बसेको इजलासले आरोपितलाई ४ वर्ष कैद र ४० हजार रुपियाँ जरिबानाको फैसला गऱ्यो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा दुई सरकारी अस्पताल, तीन सामुदायिक अस्पताल, ४९ स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, नौ नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा दुई जना विशेषज्ञको दरबन्दीमा दुवै रिक्त छ। चार जना स्टाफ नर्सको दरबन्दीमा दुई रिक्त, दुई जना बिदामा, अनमी दुई जनाको दरबन्दीमा दुवै कार्यरत छन्। जिल्लामा ६ हजार जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा पनि २

हजार ६ सय २२ जनाको बीमा गरिएको छ।

जिल्लामा कोभिड सङ्क्रमण हुनेको सङ्ख्या २ हजार ९ सय २२ जना रहेकामा २ हजार ९ सय २ जना निको भएका र पाँच जना महिला सहित ११ जनाको मृत्यु भएको जिल्ला जनस्वास्थ्य कार्यालयका कम्प्युटर अपरेटर रहिस श्रेष्ठले बताए। जिल्लामा छुट्टै कोभिड अस्पताल निर्माण गरिएको छैन। जिल्ला अस्पतालको एउटा भवनलाई कोभिड कक्षका रूपमा सञ्चालन गरिएको र कोभिड सङ्क्रमितको उपचारका लागि अक्सिजनसहित आइसीयू र कोभिड वार्डको व्यवस्था मिलाइएको जिल्ला अस्पताल, डोटीका व्यवस्थापन समितिका अध्यक्ष यज्ञराज जोशीले बताउनु

सन् २०२१ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१	१
यौन दुर्व्यवहार	१		१
बालविवाह		१	१
जम्मा	१	२	३

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार प्रयास			१	१	२
बहुविवाह				१	१
घरेलु हिंसा	१	२०			२१
जम्मा	१	२०	१	२	२४

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	१

७.७ अछाम

जम्मा जनसङ्ख्या	२,२९,८१६
महिला	१,२३,५७६
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	२
प्रदेशसभा निर्वाचन क्षेत्र	४
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,२०,९३१
कामका लागि बाहिरिएका	३१,०१५
अपाङ्गता भएका	८,६०२
५ वर्षमाथिको साक्षरता प्रतिशत	५५.७
आश्रित जनसङ्ख्या	१,४४,५६५

यस वर्ष अछाम जिल्लामा मानव अधिकार ज्यादतीका घटनामा अन्य पक्षबाट २७ जना महिला र आठ जना पुरुषसहित ३५ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा चार जना र महिला अधिकार उल्लङ्घनका घटनामा २० जना पीडित भए। कुटपिटका घटनामा चार जना, जातीय विभेदका घटनामा एक जना पीडित भए। दुई जना घाइते र चार जनाको हत्या भएका घटना इन्सेकले अभिलेख गऱ्यो।

विस्फोटनमा घाइते

रामारोशन गाउँपालिका-५ पातालका ३३ वर्षीय बृख रोकाया ०७८ असोज २२ गते घर नजिकै रहेको खेतमा ग्रिनेट बम विस्फोट हुँदा घाइते भए। विस्फोटनमा परी उनको दुवै हात र निधारमा चोट लाग्यो। उनको उपचार बयलपाटा अस्पतालमा भयो। खेतमा खनजोत गरिहेको अवस्थामा भेटिएको धातुजस्तो वस्तु हातमा समातेपछि विस्फोट भएको थियो। द्वन्द्वकालमा छाडिएको ग्रिनेट बम रहेको हुनसक्ने जिल्ला प्रहरी कार्यालयका डिएसपी तुलसीराम अर्यालले बताए।

कारागार र बन्दी

कारागारको बन्दी क्षमता ७५ जनाको छ। कारागारमा कैदीबन्दी र थुनुवा ८६ जना छन्। महिला ६ र पुरुष ८० रहेका छन्। कारागारको क्षमता महिला २५ र पुरुष ५० जनाको हो। कारागारमा चार वर्षीय आश्रित बालक छन्। आश्रित बालकको शिक्षाका लागि कुनै व्यवस्था गरिएको छैन। कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि एक जना स्वास्थ्यकर्मीको दरबन्दी रहेकोमा एक जनाले सेवा प्रदान गरिरहेका छन्।

बाजुराका महिला कैदीबन्दी अछाम कारागारमा राखिने भएकाले मुद्दाका क्रममा ल्याउन र लैजान सवारी साधनको समस्या रहेको छ। कारागारमा सोलार, पुस्तकालय, खेलकुद सामग्री र चैतदेखि जेठसम्म पानीको समस्या हुने गरेको छ। कैदीबन्दीको स्वास्थ्य परीक्षणका लागि एक जना अहेव खटाइएको छ। जटिल समस्या भएका कैदीबन्दीलाई जिल्ला अस्पतालमा लैजाने गरिएको छ। सुदूरपश्चिम

प्रदेश सरकारको सहयोगमा फर्निचर, सिलाइकटाइ, हाते होजियारी, मुढा बनाउने काम तालिम सम्पन्न भएको छ। सुत्केरी गर्भवतीलाई ६ महिना अघि नै बिदा दिने गरिएको छ। कैदीबन्दीलाई भेट गर्न आएका आफन्तलाई यसअघि भेट गर्ने ठाउँभन्दा करिब १० मिटर परबाट स्वास्थ्य मापदण्ड अपनाएर भेटघाटको व्यवस्था मिलाइएको छ। पुस्तकालय, खेलकुद सामग्री, कैदीबन्दीको कामका लागि आवश्यक सामग्रीको व्यवस्था भएको कारागारका चौकीदार मोहनबहादुर रावलको भनाइ छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

एक न्यायाधीश रहेको अछाम जिल्ला अदालतबाट सन् २०२१ मा फौजदारी मुद्दातर्फ ६० थानमध्ये ३० थान मुद्दा फैसला भए। देवानी मुद्दातर्फ ३६ थानमध्ये नौ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका दुई थान देवानी मुद्दा बाँकी छन्।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ३ सय ९५ आधारभूत र ९८ मावि छन्। १ हजार ४६ शिक्षक दरबन्दी रहेको अछाममा स्थायी, राहत र करार गरेर दरबन्दी पूरा छ। जिल्लामा अपाङ्गतामैत्री विद्यालय भनेर नतोकिएपनि कमजोर श्रवणशक्ति, दृष्टिविहिन र बोल्न नसक्नेको शिक्षाका लागि तीन विद्यालयबाट शिक्षा पाइरहेका छन्। यस वर्ष ५ हजार २ सय ३२ बालक र ५ हजार ६ सय ९७ जना बालिका भर्ना भए। यस वर्ष जिल्लाभर १५ हजार ५ सय ९९ जना दलित बालक र १५ हजार ६ सय २६ जना दलित बालिका विद्यालय भर्ना भए। यस वर्ष द्वन्द्वपीडित परिवारका १ सय ३२ जना विद्यार्थीले छात्रवृत्तिका लागि निवेदन दिए। निवेदन प्रक्रियामा रहेकाले वर्षको अन्त्यसम्म बालबालिकाले रकम भने पाएका छैनन्।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा तीन जना र बलात्कारका घटनामा एक जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमा यौन दुर्व्यवहार तीन ओटै घटनाका आरोपितलाई र बलात्कारका दुवै घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

घरेलु हिंसा भएको भन्दै महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा यस वर्ष २५ जनाले उजुरी दिए। जसमा पतीपत्नीको झगडामा २१ र घरयासी झगडामा चार ओटा उजुरी परेकामा सबै घटना मिलापत्रमा टुङ्गिएका छन्। मिलापत्रमा टुङ्ग्याइएका घटनामा दोहोरिएर उजुरी नआएको सेवा केन्द्रमा कार्यरत प्रहरी जवान निर्मला सिंहले बताइन्।

यो वर्ष अछाममा घरेलु हिंसाका घटनामा १५, बलात्कारका घटनामा दुई, बलात्कार प्रयासका घटनामा दुई र बहुविवाहका घटनामा एक जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालतले बलात्कार प्रयासको एउटा घटनामा फैसला र अर्को घटनाका आरोपितलाई साधारण तारेखमा रिहा गऱ्यो। एउटा बलात्कार घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बहुविवाहको घटनाका दुवै आरोपितलाई वर्षको अन्त्यतिर गिरफ्तार गरेकाले प्रहरी अनुसन्धानमा नै रहे।

घटनाको प्रकार		अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा
कुटपिट			४	४
घाइते		१	१	२
हत्या		२	२	४
सबै प्रकारका जातीय विभेद			१	१
बाल अधिकार	बलात्कार	१		१
	यौन दुर्व्यवहार	३		३
	जम्मा	४		४
महिला अधिकार	बलात्कार	२		२
	बलात्कार प्रयास	२		२
	बहुविवाह	१		१
	घरेलु हिंसा	१५		१५
	जम्मा	२०		२०
कूल जम्मा		२७	८	३५

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

२३ वर्षीया महिलालाई ०७८ असार ३ गते बलात्कार प्रयास गरेको भन्दै बान्नीगढी जयगढ गाउँपालिका-१ गाज्राका ३४ वर्षीय नरेशबहादुर खड्काविरूद्ध पीडित पक्षले असार २१ गते जिल्ला

प्रहरी कार्यालयमा उजुरी दियो। प्रहरीले आरोपितलाई असार २१ गते घरबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण असार २१ गते जिल्ला अस्पताल मङ्गलसेनमा भयो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत साउन ४ गते जिल्ला अदातलमा जबरजस्ती करणी उद्योगमा मुद्दा दर्ता गऱ्यो। न्यायाधीश नवीनकुमार जोशीको असोज १० गतेको इजलासले आरोपितलाई चार वर्ष कैद, १ लाख रुपियाँ जरिबाना र १ लाख रुपियाँ पीडितलाई क्षतिपूर्ति दिने फैसला सुनायो।

परिवारजनबाट हत्या

साँफेबगर नगरपालिका-५ मष्टामाण्डौकी ६० वर्षीया कलादेवी बुढाको ०७७ फागनु १३ गते ३० वर्षीय छोरा जितेन्‌ बुढाले घरयासी विवादका कारण हत्या गरेको भन्दै पीडित पक्षले फागनु १३ गते जिल्ला प्रहरी कार्यालय, अछाममा उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन १४ गते घरबाट गिरफ्तार गऱ्यो। शवको पोष्टमार्टम फागुन १४ गते जिल्ला अस्पताल, अछाममा भयो। पोष्टमार्टम पछि शव आफन्तले बुझी सद्‌गत गरे। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत चैत ४ गते जिल्ला अदालतमा कर्तव्य ज्यान मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको चैत ६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। न्यायाधीश नवीनकुमार जोशीको चैत २२ गतेको इजलासले आरोपितलाई जन्मकैदको फैसला सुनायो।

सबै प्रकारका जातीय विभेद

कमलबजार नगरपालिका-१ मुली निवासी ५६ वर्षीय दाने कामीलाई घर निर्माणको क्रममा जग्गा विवाद हुँदा फागुन ४ गते जातीय विभेद गरेको भन्दै सोही ठाउँका ५२ वर्षीय लोकबहादुर विष्ट र अर्का एक जनाविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालय अछाममा फागुन ७ गते उजुरी दियो। प्रहरीले आरोपितलाई फागुन ७ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपितविरुद्ध जिल्ला सरकारी वकिल कार्यालयमार्फत फागुन २४ गते जातीय विभेदको अभियोगमा जिल्ला अदालतमभा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन २६ गतेको आदेशले आरोपितहरू जनही ५० हजार रुपियाँ धरौटी तारेखामा रिहा भए। न्यायाधीश नवीनकुमार जोशीको मङ्सिर १३ गतेको इजलासले लोकबहादुरलाई तीन महिना कैद र अर्का आरोपितलाई सफाइ दिने फैसला सुनायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल एक सामुदायिक अस्पताल, ७२ स्वास्थ्य चौकी, एक प्राथमिक स्वास्थ्य केन्द्र, दुई नगर स्वास्थ्य केन्द्र छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा दुई जना विशेषज्ञ डाक्टरको दरबन्दीमा दुवै रिक्त छ। अस्पतालमा चार जना मेडिकल अधिकृत करारमा कार्यरत छन्। पाँच जना स्टाफ नर्सको दरबन्दीमा दुई जना कार्यरत छन् भने १३ जना करारमा कार्यरत छन्। जनसङ्ख्याको आधारमा स्वास्थ्य केन्द्र तथा त्यसमा मानवीय स्रोतमा अभाव छ। नियुक्त भएर आउने, सीप र तालिम सिकेर अन्यत्रै सरुवा भएर जाने अवस्थाले जनशक्ति अभाव छ। ४३ हजार जनाले बीमा गराएर सेवा लिइरहेका छन्।

यस वर्षको अन्त्यसम्ममा अछाममा ४ हजार ६ सय १७ जना कोभिडबाट सङ्क्रमित भएकोमा २६ जनाको मृत्यु भयो। जिल्लामा छुट्टै कोभिड अस्पताल निर्माण गरिएको छैन। तर, जिल्ला अस्पताल रहेको स्थानमै कोभिड-१९ को उपचार हुने व्यवस्था गरिएको छ। स्थानीय तहमा यसअघि आइसोलेशन केन्द्र निर्माण गरिए पनि हाल त्यस्ता केन्द्र छैनन्। साँफेबगर नगरपालिकामा सामुदायिक बयलपाटा अस्पताल, चौरपाटी गाउँपालिका र कमलबजार नगरपालिकामा साविकका प्राथमिक स्वास्थ्य केन्द्र र मेल्लेख गाउँपालिकामा १५ शैयाको अस्पताल बाहेकमा अस्पताल बनेका छैनन्। बन्नीगढी जयगढ गाउँपालिका, पञ्चदेवल विनायक नगरपालिका, तुर्माखाँद गाउँपालिका र ढकारी गाउँपालिकामा ०७७ मङ्सिर १५ गते अस्पताल बनाउन शिलान्यास गरिएकामा पञ्चदेवल विनायक गाउँपालिकामा अस्पतालको जग खन्ने काम सुरू भएको भए पनि अन्य स्थानीय तहमा सो हुन सकेन। अस्पतालको निर्माणको लागि स्थानीय तहले ठेक्का दिने कामको सुरूआत गरेका छन्।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार

घटनाको प्रकार	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार	१	१
यौन दुर्व्यवहार	३	३
जम्मा	४	४

महिला अधिकार

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार			१	१	२
बलात्कार प्रयास	१		१		२
बहुविवाह				१	१
घरेलु हिंसा		१४		१	१५
जम्मा	१	१४	२	३	२०

मारिएकाको घटना सङ्ख्या

घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	२	२	४

७.८ कैलाली



जम्मा जनसङ्ख्या	५,११,१५५
महिला	४,७१,३६३
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	५
प्रदेशसभा निर्वाचन क्षेत्र	१०
गरिबीको रेखामुनि रहेको सङ्ख्या	२,५६,८२१
कामका लागि बाहिरिएका	६२,६४४
अपाङ्गता भएका	१५,३७८
५ वर्षमाथिको साक्षरता प्रतिशत	६६.३
आश्रित जनसङ्ख्या	३,५२,६६०

यस वर्ष कैलाली जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा १५ जना पुरुष र ज्यादतीका घटनामा अन्य पक्षबाट २ सय ११ जना महिला र १५ जना पुरुषसहित २ सय २६ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा ३० जना र महिला अधिकार उल्लङ्घनका घटनामा १ सय ८० जना पीडित भए। गिरफ्तारीका घटनामा तीन जना, घाइते दुई जना, धम्कीका घटनामा पाँच जना र अभिव्यक्ति भेला तथा सङ्गठित हुने अधिकार उल्लङ्घनका घटनामा आठ जना पीडित भए। कुटपिटका घटनामा अन्य पक्षबाट चार जना पीडित भए।

गिरफ्तार

नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेकपाका एरिया इञ्चार्ज टिकापुर नगरपालिका-१ का ३५ वर्षीय पूर्ण खडका, एरिया सेक्रेटरी टिकापुर नगरपालिका-२ का ४० वर्षीय जगत विश्वकर्मा र जानकी गाँउपालिका-८ का ४७ वर्षीय डम्बर विष्टलाई प्रहरीले ०७७ माघ ९ गते कटासे बजारबाट गिरफ्तार गऱ्यो। पीडितहरूको स्वास्थ्य परीक्षण माघ १० टिकापुर अस्पताल, टिकापुरमा भयो। माघ १० गते आह्वान गरिएको नेपाल बन्द सफल पार्न भन्दै मसाल जुलुस निकालिरहेको अवस्थामा गिरफ्तार गरी प्रहरीले माघ ११ गते जिल्ला प्रशासन कार्यालय, कैलालीमा सार्वजनिक हित विरुद्धको कसुरमा मुद्दा दर्ता गऱ्यो। माघ २५ गते प्रतिव्यक्ति १०/१० हजार रुपियाँ धरौटीमा रिहा गरिएको जिल्ला प्रशासन कार्यालय, कैलाली मुद्दा फाटका प्रमुख दुर्गादत्त पन्तले बताए। मुद्दा जिल्ला अदालतमा विचाराधीन अवस्थामा रहेको छ।

कुटपिट/घाइते

राज्य पक्षबाट

लम्कीचुहा नगरपालिका–१ का ३० वर्षीय कृष्ण प्याकुरेल र सोही ठाउँका १८ वर्षीय दीपक सञ्ज्याल ०७७ चैत १० गते प्रहरीले चलाएको गोली लागेर घाइते भए। बस दुर्घटनाबाट लम्कीचुहा नगरपालिका-१ की २२ वर्षीया कमला देवकोटाको मृत्यु भएपछि घटनाको विरोध गर्दै आन्दोलन गरिरहेको स्थानीयको अनियन्त्रित भिड तितरबितर गर्न गोली चलाउनु परेको प्रहरीले जनायो। प्रहरीले चलाएको गोली कृष्ण प्याकुरेलको पेटमा र दिपक

सञ्ज्यालको गोडामा लागेको थियो। घाइते दुवै जनाको उपचारका लागि कोहलपुर मेडिकल कलेज लगिएकोमा प्याकुरेलको उपचार सम्भव नभएपछि थप उपचारको लागि चैत १० गते नै हेलिकोप्टरबाट काठमाडौँ लगियो। सञ्ज्यालको उपचार कोहलपुर मेडिकल कलेजमा भयो।

अन्य पक्षबाट

लम्कीचुहा नगरपालिका–१ टिकापुररोडस्थित रेडस्टार एफएमका प्रबन्धक निर्देशक ३८ वर्षीय बसन्त जैसी र समाचार प्रमुख २२ वर्षीय मदन शाहीलाई ०७८ वैशाख ६ गते कार्यालयमा प्रवेश गरी कुटपिट गरेको आरोपमा लम्कीचुहा नगरपालिका-१ का ३७ वर्षीय टेकराज कठायत लगायत नाम थाहा नभएका नौ जनाविरुद्ध पीडित पक्षले वैशाख ७ गते इलाका प्रहरी कार्यालय, लम्कीमा उजुरी दियो। कुटपिटबाट घाइते भएका पत्रकारमध्ये बसन्त जैसीको उपचार मेडिकल कलेज, कोहलपुर, बाँके र शाहीको लम्कीस्थित लालरत्न अस्पतालमा भयो। यो वर्षको अन्त्यसम्म पनि आरोपितहरू गिरफ्तार भएनन्।

घटनाको प्रकार		राज्यपक्षबाट		अन्यपक्षबाट		
		पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
गिरफ्तारी		३	३			
कुटपिट					४	४
घाइते		२	२			
हत्या				१	८	९
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		८	८			
धम्की		२	२		३	३
बाल अधिकार	बलात्कार			१८		१८
	यौन दुर्व्यवहार			७		७
	बेचबिखन तथा ओसारपसार			५		५
	जम्मा			३०		३०
महिला अधिकार	बेचबिखन तथा ओसारपसार			५		५
	बलात्कार			२२		२२
	बलात्कार प्रयास			८		८
	यौन दुर्व्यवहार			१		१
	बहुविवाह			१८		१८
	'बोक्सी' को आरोप			१		१
	घरेलु हिंसा			१२५		१२५
	जम्मा			१८०		१८०
कूल जम्मा		१५	१५	२११	१५	२२६

अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार

प्रतिनिधि सभा विघटन गरेको विरोधमा राष्ट्रिय युवा सङ्घको आयोजनामा ०७७ माघ २१ गते धनगढीमा निकालिएको मसाल जुलुसमा प्रहरीले हस्तक्षेप गरी लाठी चार्ज गर्दा राष्ट्रिय युवा सङ्घका केन्द्रीय सदस्य धनगढी उमनपा-२ कालिका टोलका ३० वर्षीय दीपकबहादुर सिंह घाइते भए। प्रहरीको लाठी चार्जबाट हातमा चोट लागेका सिंहको उपचार धनगढी उमनपा-३ चटकपुरस्थित सिपी अस्पतालमा माघ २१ गते भयो। सिंह उपचारपश्चात सोही दिन घर फर्के।

कारागार र बन्दी

कारागारको बन्दी क्षमता १ सय ५० जनाको छ। कारागारमा कैदी र थुनुवा ५ सय २६ जना छन्। महिला ३६ र पुरुष ४ सय ९० रहेका छन्। कारागारको क्षमता महिला १५ र पुरुष १ सय ३५ जनाको हो। कारागारमा आश्रित बालिका तीन जना छन्। कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि एक जना अहेवको दरबन्दी रहेकोमा पद रिक्त छ। कारागारमा एक जना जटिल मानसिक रोगी र सामान्य मानसिक रोगी पाँच जना छन्। ६० वर्ष नाघेका एक जना ज्येष्ठ नागरिक (महिला) रहेको र

कारागारमा दीर्घरोगी २० जना रहेको जिल्ला कारागारका जेलर नरबहादुर थापाले बताए। कैलाली कारागारमा स्वास्थ्यकर्मीको दरबन्दी रिक्त हुँदा कैदीबन्दीको स्वास्थ्य उपचारमा समस्या भएको छ। कारागारमा सीपमुलक तालिम, रेडियो, पत्रिका वा पढ्नका लागि पुस्तकालय र टेलिफोनको व्यवस्था छ।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

चार न्यायाधीश रहेको जिल्ला अदालतबाट यो वर्ष सरकारवादी फौजदारी मुद्दातर्फ ७ सय ११ थानमध्ये ३ सय ३९ थान मुद्दा फैसला भए। दुनियावादी देवानी मुद्दातर्फ ६ सय ६४ थानमध्ये २ सय ६६ थान मुद्दा फैसला भए। दुनियावादी फौजदारी मुद्दातर्फ १ सय ९० थानमध्ये २७ थना मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका सरकारवादी फौजदारी मुद्दा ८८ थान छन्। दुनियावादी देवानी मुद्दा ४४ थान बाँकी छन् भने दुनियावादी फौजदारी मुद्दा ४५ थान फैसला हुन बाँकी छन्। अदालतले १४ जना कर्मचारी करारमा नियुक्त गरेको छ। साविक दरबन्दीमा चार जनाको पद यो वर्षको अन्त्यसम्म रिक्त रह्यो।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा ९ सय ७ विद्यालयमध्ये सामुदायिक विद्यालय ५ सय ५१, संस्थागत विद्यालय ३ सय ५५ छन्। बालविकास केन्द्र ८ सय ७६, सामुदायिक सिकाइ केन्द्र २९ र नमुना विद्यालय नौ ओटा छन्। १ हजार ४ सय १६ शिक्षक दरबन्दी रहेकामा १ हजार ५ सय १२ ओटा दरबन्दी मिलान हुन बाँकी रहेको छ। जिल्लामा अपाङ्गतामैत्री विद्यालय १३ ओटा छन्। द्वन्द्वपीडित परिवारका २ सय १० जना बालबालिकाले छात्रवृत्ति पाएका छन्। वैदेशिक रोजगारमा गएर ज्यान गुमाएका परिवारका २३ जना बालबालिकाले छात्रवृत्ति पाए। द्वन्द्वपीडित परिवारका २३ जना १८ वर्षमुनिका बालबालिकाले मासिक १ हजार ८ सयका दरले छात्रवृत्ति पाए। अनलाइन कक्षाको माध्यमबाट पढाइ भए पनि वैकल्पिक शिक्षामा सबै विद्यार्थीको पहुँच हुन नसक्दा ३० प्रतिशत विद्यार्थीको मात्र पहुँच भएको जिल्ला शिक्षा तथा समन्वय इकाइका प्रमुख बै कुण्ठ सुवेदीले बताए।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा सात जना, बलात्कारका घटनामा १८ जना र बेचबिखनका घटनामा पाँच जना गरी ३० जना बालिका पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अदालतले यौन दुर्व्यवहारको एउटा घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। अदालतले एक घटनाका आरोपितलाई धरौटी माग गरेकामा धरौटी बुझाउन नसक्दा थुनामा र तीन घटनाका आरोपितलाई धरौटीमा रिहा गर्ने आदेश दियो। एउटा घटनामा अदालतले फैसला गऱ्यो। अदालतले बलात्कार घटनाका एक आरोपितलाई सजाय सुनायो। ११ घटनाका आरोपित पुर्पक्षका लागि थुनामा रहे भने एक घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। एक घटनाका आरोपित बालक भएकाले अभिभावकको जिम्मा लगायो भने अर्को एक घटनाका आरोपितलाई अदालतले धरौटीमा रिहा गऱ्यो। अदालतले बेचबिखनका दुई ओटा घटनाका आरोपितलाई १/१ लाख धरौटीमा रिहा गऱ्यो। अदालतले दुई घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई बाल सुधार गृहमा पठायो। एक घटनाका आरोपित वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्।

बलात्कार, यौन दुर्व्यवहार

चार वर्षीया बालिकालाई ०७७ पुस २० गते बलात्कार गरेको आरोपमा भारत उत्तर प्रदेशका १९ वर्षीय रविकुमार कोरीविरुद्ध पीडित पक्षले पुस २१ गते जिल्ला प्रहरी कार्यालय, कैलालीमा उजुरी दियो। प्रहरीले आरोपितलाई धनगढी उमनपा-९ बङ्गराकटानबाट पुस २१ गते गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण पुस २१ गते सेती प्रादेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले सरकारी वकिल कार्यालयमार्फत माघ १६ गते बलात्कार अभियोगमा जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको फागुन ६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। जिल्ला अदालतका न्यायाधीश बाबुकाजी बानियाको ०७८ भदौ १ गतेको इजलासले आरोपितलाई कसुदार ठहर गर्दै ६ महिना कैद र ५ हजार रुपियाँ क्षतिपूर्तिको फैसला सुनायो।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष कैलालीमा घरेलु हिंसा पीडित भएको भन्दै ३ सय ७५ जना महिलाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये २ सय ६७ ओटा मिलापत्रमा टुङ्गिए। ३१ ओटा घटना मिलपत्र हुन नसकेर सम्बन्धित निकायमा पठाइएको सेवा केन्द्रकी इन्स्पेक्टर सरस्वती

अधिकारीले बताइन्। ३५ ओटा घटनाको पीडितको उजुरी पश्चात छलफल हुन नसकी बाँकी रहेको र ४२ ओटा घटनाका पीडितले उजुरी दिएर सम्पर्कविहिन भएको इन्स्पेक्टर अधिकारीले बताइन्।

यो वर्ष कैलालीमा घरेलु हिंसाका घटनामा १ सय २५, बलात्कारका घटनामा २२, बलात्कार प्रयासका घटनामा आठ, यौन दुर्व्यवहारको घटनामा एक, बेचबिखनका घटनामा पाँच, 'बोक्सी'को आरोपमा एक र बहुविवाहका घटनामा १८ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। अदालतले बलात्कार प्रयासको एक घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। अदालतले एक घटनाका आरोपितसँग ५ हजार रुपियाँ धरौटी माग गरेकोमा तिर्न नसकेपछि कारागार चलान गऱ्यो भने दुई घटनाका आरोपितसँग ५०/५० हजार रुपियाँ धरौटी माग गरेकामा तिर्न नसकेपछि कारागार चलान गऱ्यो। एक घटनाका आरोपितलाई जिल्ला अदालतले साधारण तारेखमा रिहा गर्ने आदेश दियो। जिल्ला अदालतले बेचबिखनका तीन घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो भने एक घटनाका आरोपितलाई १ लाख रुपियाँ धरौटी लिइ साधारण तारेखमा रिहा गऱ्यो।

बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

३१ वर्षीया महिलालाई ०७७ फागुन १९ गते बलात्कार गरेको आरोपमा गोदावरी नगरपालिका-१० का ३६ वर्षीय देवबहादुर महताविरुद्ध पीडितले फागुन १९ गते जिल्ला प्रहरी कार्यालय, कैलालीमा उजुरी दिइन्। पीडितको स्वास्थ्य परीक्षण फागुन १९ गते सेती प्रदेशिक अस्पताल, धनगढीमा भयो। प्रहरीले आरोपितलाई फागुन १९ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले आरोपित विरुद्ध बलात्कार कसुरमा फागुन २० गते मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश टेकराज जोशीको ०७८ पुस १३ गतेको इजलासले आरोपितलाई कसुरदार ठहर गर्दै जन्मकैदको फैसला सुनायो।

'बोक्सी' को आरोप

धनगढी उमनपा-१२ जुगेडाकी ६५ वर्षीया निमा कामीलाई ०७८ असोज २७ गते 'बोक्सी' भनी गालीगलौज गरेको आरोपमा सोही ठाउँकी ३५ वर्षीया देवी कामीविरुद्ध पीडित पक्षले असोज २९ गते जिल्ला प्रहरी कार्यालय, कैलालीमा उजुरी दियो। पीडितको उजुरीका आधारमा प्रहरीले आरोपितलाई असोज २९ गते घरबाट गिरफ्तार गऱ्यो। प्रहरीले जिल्ला सरकारी वकिल कार्यालयमार्फत आरोपित विरुद्ध असोज ३० गते जिल्ला अदालतमा बोक्सीको आरोप अन्तर्गत मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतको कात्तिक २३ गतेको इजलासले आरोपितलाई १० हजार रुपियाँ धरौटी र साधारण तारेखमा रिहा गरेको श्रेस्तेदार राइभान कुञ्जेडाले बताए।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा चार सरकारी अस्पताल, एक सामुदायिक अस्पताल, १ सय २६ स्वास्थ्य चौकी, ४४ बर्थिङ्ग सेन्टर, २ सय ९३ प्राथमिक स्वास्थ्य केन्द्र, १९ नगर स्वास्थ्य केन्द्र छन्। जिल्लामा ८० बेडको आइसोलेशन सेन्टरको निर्माण गरिएको स्वास्थ्य कार्यालयका प्रमुख लालबहादुर धामीले बताए। कैलाली जिल्लामा कोभिड-१९ बाट सङ्क्रमित हुनेहरूको सङ्ख्या २१ हजार ९ सय ६, निको हुनेको सङ्ख्या २० हजार ७ सय ९६ र मृत्यु हुनेको सङ्ख्या ३ सय ३७ जना रहेको छ। सेती प्रादेशिक अस्पतालको मातहतमा कोभिड-१९ को ५० बेडको अस्थायी अस्पतालको रूपमा विस्तार गरिएको छ। कोभिड-१९ अस्थायी अस्पतालमा पाँच ओटा एचडीयू, आठ ओटा भेण्टिलेटर, १० ओटा आइसीयू र प्रत्येक बेडमा पाइप लाइनबाट अक्सिजन सप्लाइको व्यवस्था गरिएको छ। अर्को ५० बेडको कोभिड-१९ अस्थायी अस्पताल निर्माणको कार्य सकेर बेड तथा अन्य सामग्री जडान भइरहेको र पुरानो कोभिड अस्पतालमा आठ बेड आइसीयू थपिने तयारी भइरहेको सेती प्रादेशिक अस्पतालका सूचना अधिकारी दिलिपकुमार श्रेष्ठले बताए।

सदरमुकामस्थित सेती प्रादेशिक अस्पतालमा अधिकृतस्तरका डाक्टर ३१ जना कार्यरत छन्। सात जनाको दरबन्दी रिक्त छ। थप ४० जना करारमा कार्यरत छन्। अनमी चार जनाको दरबन्दीमा सबै कार्यरत छन। थप २४ जना अनमी करारमा कार्यरत छन्। स्टाफ नर्स १८ जनाको दरबन्दी रहेकोमा सबै जना कार्यरत छन्। थप ८८ जना स्टाफ नर्स करारमा कार्यरत छन्। अन्य कर्मचारीको दरबन्दी ३२ जना रहेकामा ६ जनाको दरबन्दी रिक्त छ। ६ जना करारमा रहेका छन्। जिल्लामा २ लाख १३ हजार ६ सय ६४ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिक, क्षयरोगी, कुष्ठरोगी, अपाङ्गता भएका व्यक्ति, असहाय र एचआइभी सङ्क्रमितका लागि नि:शुल्क बीमा गरिएको छ।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार			
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार		४	४
बलात्कार	१	१७	१८
यौन दुर्व्यवहार	१	६	७
जम्मा	२	२७	२९

महिला अधिकार					
घटनाको प्रकार	मुद्द टुङ्गिएको	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बेचबिखन तथा ओसारपसार				४	४
'बोक्सी'को आरोपमा				१	१
बलात्कार	१		८	१३	२२
बलात्कार प्रयास			१	७	८
बहुविवाह			४	१४	१८
यौन दुर्व्यवहार				१	१
घरेलु हिंसा		११९		६	१२५
जम्मा	१	११९	१३	४६	१७९

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	८	९

७.९ कञ्चनपुर



जम्मा जनसङ्ख्या	५,१७,६४५
महिला	२,७४,०४७
प्रतिनिधिसभा निर्वाचन क्षेत्र	३
प्रदेशसभा निर्वाचन क्षेत्र	६
गरिबीको रेखामुनि रहेको सङ्ख्या	१,४०,३८१
कामका लागि बाहिरिएका	३८,३५८
अपाङ्गता भएका	५,०७२
५ वर्षमाथिको साक्षरता प्रतिशत	७०.७
आश्रित जनसङ्ख्या	२,०८,२२२

यस वर्ष कञ्चनपुर जिल्लामा मानव अधिकार उल्लङ्घनका घटनामा दुई जना महिलासहित ६ जना र ज्यादतीका घटनामा अन्य पक्षबाट ५० जना महिला र २२ जना पुरुषसहित ७२ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जसमध्ये बाल अधिकार उल्लङ्घनका घटनामा १४ जना र महिला अधिकार उल्लङ्घनका घटनामा ३७ जना पीडित भए। अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकारबाट ६ जना पीडित भए।

झडपमा घाइते

भीमदत्त नगरपालिकाले गरेको शिक्षक दरबन्दी मिलानको विषयमा असहमति जनाउँदै कार्यालयमा धर्नामा बसेका नेपाल शिक्षक सङ्घ आवद्ध शिक्षक र प्रहरीबीच २०७८ भदौ ४ गते झडप हुँदा जिल्ला प्रहरी कार्यालयका सई ३० वर्षीय अमिर रावल, सई ३४ वर्षीय ललितबहादुर चन्द, असई ३३ वर्षीय महतसिंह बोहरा, असई ३७ वर्षीय महादेव पन्त, हवल्दार ३० वर्षीय नरेन्द्र बडाल, प्रहरी जवानहरू २८ वर्षीय नगेन्द्र कुँवर, २४ वर्षीय रमेश मल्ल, २७ वर्षीय गणेश विक, २८ वर्षीय महेश गोयला, असई २९ वर्षीय सुरेन्द्र बोहरा, हवल्दार ३३ वर्षीय हेमराज सिंह घाइते भए । प्रदर्शनकारीतर्फ भिमदत्त नगरपालिका-७ घर भई जनसेवा माबि हल्दुखालमा कार्यरत शिक्षक ४० वर्षीय विरेन्द्रसिंह बोहरा, हल्दुखाल निवासी नेपाली कांग्रेसका कार्यकर्ता ३६ वर्षीय प्रकाश थापा, भिमदत्त नगरपालिका-११ भुजेला, नगरपालिका वडासदस्य ३४ वर्षीय सन्त ोषी ऐर, भिमदत्त नगरपालिका-१८ निवासी ट्रेड युनियन कार्यकर्ता ४० वर्षीया निलम जोशी, भिमदत्त नगरपालिका-१८ निवासी नेपाली कांग्रेस कार्यकर्ता ३४ वर्षीय अच्युत कलौनी, भिमदत्त नगरपालिका-१८ निवासी नेपाली कांग्रेस कार्यकर्ता ३० वर्षीय ईन्द्र साउद घाइते भए । घाइतेहरूको उपचार भदौ ४ गते महाकाली प्रादेशिक अस्पतालमा भयो।

कारागार र बन्दी

कारागारको क्षमता ९५ जनाको छ। कारागारमा कैदी र थुनुवा गरी ४ सय २७ जना छन्। जसमा महिला २० र पुरुष ४ सय ७ जना

घटनाको प्रकार		राज्यपक्षबाट			अन्यपक्षबाट		
		महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
कुटपिट						४	४
घाइते						१०	१०
हत्या						७	७
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		३	४	६			
बाल अधिकार	बेचबिखन तथा ओसारपसार				१		१
	विद्यालयमा शारीरिक सजाय				१	१	३
	बलात्कार				८		८
	यौन दुर्व्यवहार				३		३
	जम्मा				१३	१	१४
महिला अधिकार	बलात्कार				४		४
	बेचबिखन तथा ओसारपसार				१		१
	घरेलु हिंसा				३३		३३
	जम्मा				३७		३७
कूल जम्मा		३	४	६	५०	३३	७३

छन्। कारागारको क्षमता महिला २० र पुरुष ७५ जनाको हो। कारागारमा आश्रित बालबालिका छैनन्। कैदीबन्दीको नियमित स्वास्थ्य जाँचका लागि सिनियर अहेबको दरबन्दी छ। कारागारमा एक जना जटिल मानसिक रोगी भएकाले थप उपचारका लागि काठमाडौँ रिफर गरेको र सामान्य मानसिक रोगी तीन जना छन्। कारागारमा ६० वर्ष नाघेका सात जना पुरुष र एक जना महिला रहेको जिल्ला कारागार प्रमुख मायाकुमारी बस्नेत थापाले बताइन्। कारागारमा दीर्घरोगी आठ जना पुरुष छन्। एक जना एचआइभी सङ्क्रमित महिला छिन्। कारागारमा ७० वर्ष नाघेका पुरुष चार जना र महिला एक जना छन्। यस वर्ष मानसिक सन्तुलन गुमाएका र प्यारालाइसिस भएका गरी दुई जनालाई काठमाडौँ रिफर गरेको कारागार प्रमुख थापाले बताइन्।

सुगम तथा निष्पक्ष न्यायिक अधिकार

उच्च अदालत, डोटीको इजलास

चार जना न्यायाधीशको दरबन्दी रहेको उच्च अदालत महेन्द्रनगर इजलासमा यस वर्षका लागि दुनियावादी देवानीका ३५ थान, दुनियावादी फौजदारीका ९७ थान, सरकारवादी फौजदारीका १ सय ९५ थान र सुरू क्षेत्राधिकारबाट एक थान मुद्दा जिम्मेवारी सरेका थिए। यो वर्ष दर्ता भएका फौजदारी मुद्दाको सरकारवादीतर्फ २ सय ८५ थान र अघिल्लो वर्षका जिम्मेवारी सरेका समेत १ सय ३३ थान मुद्दा फैसला भए।

जिल्ला अदालत

दुईजना न्यायाधीशको दरबन्दी रहेको जिल्ला अदालतबाट यो वर्ष फौजदारी मुद्दातर्फ ६ सय २८ थानमध्ये १ सय ३२ थान मुद्दा फैसला भए। देवानीतर्फ ४ सय ५७ थानमध्ये १ सय ९ थान मुद्दा फैसला भए। यस अदालतमा एक वर्ष नाघेका फौजदारी मुद्दा १ सय ५ थान छन् भने देवानी मुद्दा ९८ थान बाँकी छन्। अदालतले नौ जना कर्मचारी करारमा नियुक्त गरेको छ भने साविक दरबन्दीका नौ पद यो वर्षको अन्त्यसम्म नै रिक्त रहे।

बाल अधिकार

शिक्षाको अवस्था

यस जिल्लामा १ सय ५१ आधारभूत र १ सय ९ माबि छन्। १ हजार १ सय ९१ स्थायी शिक्षक दरबन्दी रहेकामा सबै पूरा छन्। यस वर्ष ७५ हजार ३ सय ५५ बालक र ७० हजार ८ सय ७२ जना बालिका भर्ना भए। जसमा अपाङ्गता भएका ४८ बालिका र ५२ बालक भर्ना भएका थिए। जिल्लामा अपाङ्गतामैत्री विद्यालय ६ ओटा छन्। यस वर्ष जिल्लाभर १४ हजार ८ सय दलित बालक र १ हजार ५ सय ८३ बालिका विद्यालय भर्ना भए। वैदेशिक रोजगारमा गएर मृत्यु भएका परिवारका ३२ जना बालबालिकाले २ लाख ९६ हजार रुपियाँ छात्रवृत्ति पाए। द्वन्द्वपीडित परिवारका १८ जना बालबालिकाले २ लाख ६८ हजार रुपियाँ छात्रवृत्ति पाए।

यस वर्ष यौन दुर्व्यवहारका घटनामा तीन जना, बलात्कारका घटनामा आठ जना, बेचबिखनको घटनामा एक जना र विद्यालयमा दिइएको शारीरिक दण्ड सजायबाट एकजना बालकसहित १४ जना पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालतले यौन दुर्व्यवहारका तीन ओटै घटनाका आरोपितलाई धरौटीमा रिहा गऱ्यो। एउटा घटनामा १ लाख रुपियाँ धरौटी, अर्को घटनामा ४० हजार रुपियाँ धरौटीमा र अर्को घटनामा १० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। अदालतले बलात्कारका पाँच ओटा घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा र एउटा घटनाका आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। अदालतले विद्यालयमा शारीरिक दण्ड सजायको घटनाका आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा रिहा गऱ्यो।

महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, दुर्व्यवहार

यो वर्ष घरेलु हिंसापीडित भन्दै २ सय १५ जनाले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रमा उजुरी दर्ता गराए। जसमध्ये सेवा केन्द्रले १ सय ६८ ओटा घटना मेलमिलाप गरायो भने १७ ओटा उजुरी सम्बन्धित निकायमा पठायो। २० जना उजुरीकर्ता सम्पर्कमा आएनन्। १० ओटा उजुरीको निर्णय हुन बाँकी रह्यो। महिला बालबालिका सेवा केन्द्रकी असई हरिकला रामजालीले सामान्य विवादका घटना मात्र मेलमिलाप हुने र घटनाका पीडित र आरोपित पक्षलाई छलफल गराई मेलमिलाप गरिने बताइन्।

यो वर्ष कञ्चनपुरमा घरेलु हिंसाका घटनामा ३२, बलात्कारका घटनामा चार र बेचबिखनको घटनामा एक जना गरी ३७ जना महिला पीडित भएको इन्सेकले अभिलेख गऱ्यो। जिल्ला अदालतले तीन बलात्कार घटनाका आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। एउटा घटनाका आरोपित यो वर्षको अन्त्यसम्म गिरफ्तार भएनन्। बेचबिखन घटनाका आरोपितलाई अदालतले पुर्पक्षका लागि थुनामा पठायो।

स्वास्थ्य सेवाको अवस्था

जिल्लामा एक सरकारी अस्पताल, पाँच सामुदायिक अस्पताल, १८ आधारभूत स्वास्थ्य केन्द्र, २३ स्वास्थ्य चौकी, तीन प्राथमिक स्वास्थ्य केन्द्र, २६ नगर स्वास्थ्य केन्द्र रहेका छन्। सदरमुकामस्थित सरकारी अस्पतालमा २९ जना विशेषज्ञको दरबन्दीमा २८ जनाको दरबन्दी रिक्त छ। करारमा अस्पताल व्यवस्थापन समितिमार्फत भर्ना भई चार जना विशेषज्ञसहित २२ जना करारमा छन्। १९ जना स्टाफ नर्सको दरबन्दीमा एक खाली, सात जना अध्ययन विदा, अनमी पाँच जनाको दरबन्दीमा सबै कार्यरत छन्। जिल्लामा ३७ हजार १ सय १९ जनाले बीमा गराएर सेवा लिइरहेका छन्। ज्येष्ठ नागरिकका लागि नि:शुल्क बीमा कार्यक्रममा १४ हजार २७ जनाको बीमा गरिएको छ। जिल्लामा ५० शैयाको कोभिड अस्पताल पाँच ओटा रहेका छन्। यो वर्ष कोभिड सङ्क्रमणका कारण १ सय २५ जनाको मृत्यु भयो।

सन् २०२१ मा मानव अधिकार उल्लङ्घनका घटनामा कारबाही प्रक्रिया अगाडि बढाइएका घटना सङ्ख्या

बाल अधिकार					
घटनाको प्रकार	मुद्दा टुङ्गिएका	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार			१	७	८
यौन दुर्व्यवहार				३	३
बेचबिखन तथा ओसारपसार	१				१
विद्यालयमा शारीरिक सजाय		१		१	२
जम्मा	१	१	१	११	१४

महिला अधिकार				
घटनाको प्रकार	मेलमिलाप	अनुसन्धान	कानुनी दायरामा ल्याइएका	जम्मा
बलात्कार		१	३	४
बेचबिखन तथा ओसारपसार			१	१
घरेलु हिंसा	३२			३२
जम्मा	३२	१	४	३७

मारिएकाको घटना सङ्ख्या			
घटनाको प्रकार	मुद्दा टुङ्गिएको	कानुनी दायरामा ल्याइएका	जम्मा
हत्या	१	६	७

परिशिष्ट १

नेपाल– घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	मानव अधिकार उल्लङ्घन राज्यपक्षबाट			मानव अधिकार ज्यादती अन्यपक्षबाट			कूल जम्मा
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	
अपहरण				२०	१३	३३	३३
गिरफ्तारी		३५	३५				३५
कुटपिट	४	२८	३२	४०	१९४	२३४	२६६
घाइते							
बम विष्फोटबाट	१	१	२	३	६	९	११
दोहोरो झडपमा घाइते	१	२३	२४	४	७४	७८	१०२
एसिड छर्केर				१	१	२	२
गोली लागेर		४	४	१	४	५	९
आगो लगाएर				१		१	१
धारिलो हतियारबाट				५	६	११	११
जम्मा	२	२८	३०	१५	९१	१०६	१३६
बाल अधिकार							
बालश्रम				३	१	४	४
बेचबिखन तथा ओसारपसार				२७	२	२९	२९
बालविवाह				३९	२	४१	४१
बलात्कार				१०४३		१०४३	१०४३
विद्यालयमा शारीरिक सजाय				५	१०	१५	१५
नवजात शिशुको हत्या				३	४	७	७
यौन दुर्व्यवहार				३५९	२४	३८३	३८३
जम्मा				१४७९	४३	१५२२	१५२२
अमानवीय व्यवहार							
'बोक्सो'को आरोप					१	१	१
अनुहारमा मोसो दलेको				१	७	८	८
अन्य	५	२	७	१	७	८	१५
जम्मा	५	२	७	२	१५	१७	२४
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार							
लाठी चार्ज	५	३९	४४				४४
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	३४	२८५	३१९				३१९
जम्मा	३९	३२४	३६३				३६३
धम्की		६	६	३	२७	३०	३६
यातना		३	३				३
कारागारमा मृत्यु	१	७३	७४				७४
हिरासत वा थुनामा मृत्यु		५	५				५

घटनाको प्रकार	मानव अधिकार उल्लङ्घन राज्यपक्षबाट			मानव अधिकार ज्यादती अन्यपक्षबाट			कुल जम्मा
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा	
महिला अधिकार							
बेचबिखन तथा ओसारपसार प्रयास				१६		१६	१६
बेचबिखन तथा ओसारपसार				४२		४२	४२
'बोक्सी'को आरोप				३१		३१	३१
बलात्कार				६४९		६४९	६४९
बलात्कार प्रयास				१७७		१७७	१७७
बहुविवाह				३४५		३४५	३४५
घरेलु हिंसा				२०९५		२०९५	२०९५
यौन दुर्व्यवहार				६१		६१	६१
प्रसूति सेवा	१		१				१
जम्मा	१		१	३४१६		३४१६	३४१७
सबै प्रकारका जातीय विभेद							
अन्तरजातीय विवाह				१	१	२	२
जातीय छुवाछुत				११	१५	२६	२६
जम्मा				१२	१६	२८	२८
बेपत्ता					१	१	१
हत्या							
घाँटी काटेर				७	९	१६	१६
घाँटी थिचेर				५		५	५
बलात्कारपछि				१९		१९	१९
आगो लगाएर				३	१	४	४
झुण्ड्याएर				२	१	३	३
विष खुवाएर				४	२	६	६
लाठी प्रहारबाट				३	८	११	११
कुटपिट गरी				८८	७८	१६६	१६६
गोली हानी		५	५	२	४	६	११
यातना दिएर		१	१				१
धारिलो हतियार प्रहारबाट				३७	५२	८९	८९
भिर वा डाँडाबाट खसालेर				४	४	८	८
हत्याको प्रकृति नखुलेको				२	१	३	३
जम्मा		६	६	१७६	१६०	३३६	३४२
कूल जम्मा	५२	५१०	५६२	५१६३	५६०	५७२३	६२८५

परिशिष्ट २ पेसागत आधारमा पीडित सङ्ख्या

पेसा	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
राजनीतिक कार्यकर्ता	१२	२३०	२४२	२	४१	४३
सामाजिक कार्यकर्ता		४	४	३	३	६
स्वास्थ्यकर्मी		२	२	४४	२५	६९
सुरक्षाकर्मी				५	१२४	१२९
कानुन व्यवसायी	२१	४८	६९	१		१
मानव अधिकारकर्मी	६	२२	२८			
मजदुर	१	७	८	१२७	२५	१५२
नाबालक				५१	२०	७१
बन्दी	१	७८	७९		२	२
जागिरे/कर्मचारी		३	३	१९	१८	३७
पत्रकार		९	९	२	२१	२३
विद्यार्थी	३	४८	५१	१५९२	८४	१६७६
शिक्षक	२	५	७	८	१९	२७
इन्जिनियर		१	१		३	३
उद्योग व्यवसायी		१०	१०	८५	२०	१०५
कृषक	२	३६	३८	१७५८	१५३	१९११
भारतीय नागरिक		१	१	१		१
गृहिणी	४		४	१४५०		१४५०
नखुलेको		६	६	१५	२	१७
जम्मा	५२	५१०	५६२	५१६३	५६०	५७२३

परिशिष्ट ३ प्रदेश १ : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		६	६	२	४	६
बाल अधिकार				२९५	१०	३०५
गिरफ्तारी		३	३			
अपहरण				३	१	४
महिला अधिकार				४६८		४६८
यातना		१	१			
सबै प्रकारका जातीय विभेद				१		१
हत्या				४०	२७	६७
कारागारमा मृत्यु		७	७			
कुटपिट	२	९	११	८	२६	३४
हिरासत वा थुनामा मृत्यु		२	२			
धम्की				२	२	४
जम्मा	२	२८	३०	८१९	७०	८८९

परिशिष्ट ४ मधेस प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		२	२	५	१५	२०
बाल अधिकार				२१६	७	२२३
अमानवीय व्यवहार	४	१	५		६	६
अपहरण				१४	१०	२४
महिला अधिकार				२२८		२२८
हिरासत वा थुनामा मृत्यु		१	१			
यातना		१	१			
धम्की					५	५
गिरफ्तारी		३	३			
कुटपिट		११	११	१०	७७	८७
कारागारमा मृत्यु		५	५			
सबै प्रकारका जातीय विभेद				३	३	६
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	३	५५	५८			
हत्या				३२	४१	७३
जम्मा	७	७९	८६	५०८	१६४	६७२

परिशिष्ट ५ बागमती प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
अपहरण				१	१	२
बाल अधिकार				४१७	७	४२४
अमानवीय व्यवहार				१	१	२
कुटपिट					८	८
महिला अधिकार				३८९		३८९
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	३४	१८१	२१५			
कारागारमा मृत्यु		५७	५७			
सबै प्रकारका जातीय विभेद				२	१	३
गिरफ्तारी		१०	१०			
हिरासत वा थुनामा मृत्यु		१	१			
हत्या				३२	३०	६२
जम्मा	३४	२४९	२८३	८४२	४८	८९०

परिशिष्ट ६ गण्डकी प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		६	६	२		२
बाल अधिकार				१०५	५	११०
अमानवीय व्यवहार		१	१		२	२
कारागारमा मृत्यु	१	१	२			
महिला अधिकार				३१०		३१०
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		३३	३३			
सबै प्रकारका जातीय विभेद				२	२	४
गिरफ्तारी		६	६			
कुटपिट		१	१		७	७
धम्की					३	३
हत्या				१५	११	२६
जम्मा	१	४८	४९	४३४	३०	४६४

परिशिष्ट ७ लुम्बिनी प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	१	११	१२	४	६०	६४
बाल अधिकार				२८४	११	२९५
अमानवीय व्यवहार	१		१		२	२
धम्की		२	२		२	२
अपहरण				१	१	२
महिला अधिकार				१२८४		१२८४
कारागारमा मृत्यु		१	१			
सबै प्रकारका जातीय विभेद				२		२
गिरफ्तारी		३	३			
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		३२	३२			
यातना		१	१			
कुटपिट		१	१	१३	२३	३६
हिरासत वा थुनामा मृत्यु		१	१			
हत्या		५	५	२५	१५	४०
जम्मा	२	५७	५९	१६१३	११४	१७२७

परिशिष्ट ८ कर्णाली प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	१	१	२	१	१	२
बाल अधिकार				८३	१	८४
अमानवीय व्यवहार				१	३	४
कारागारमा मृत्यु		२	२			
महिला अधिकार	१		१	२०४		२०४
अपहरण				१		१
सबै प्रकारका जातीय विभेद				२	८	१०
गिरफ्तारी		७	७			
धम्की		२	२	१	११	१२
कुटपिट	२	६	८	७	३८	४५
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		११	११			
हत्या		१	१	२०	१४	३४
जम्मा	४	३०	३४	३२०	७६	३९६

परिशिष्ट ९ सुदूरपश्चिम प्रदेश : घटनाको प्रकार अनुसार पीडित सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते		२	२	१	११	१२
बाल अधिकार				७९	२	८१
गिरफ्तारी		३	३			
अमानवीय व्यवहार					१	१
महिला अधिकार				५३३		५३३
बेपत्ता					१	१
सबै प्रकारका जातीय विभेद					२	२
हत्या				१२	२२	३४
धम्की		२	२		४	४
कुटपिट				२	१५	१७
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	२	१२	१४			
जम्मा	२	१९	२१	६२७	५८	६८५

परिशिष्ट १० भौतिक संरचनामा क्षति

घटनाको प्रकार	जम्मा
स्वास्थ्य केन्द्र	६
सरकारी सवारी साधानहरू	२
सरकारी कार्यालयहरू	४
विद्यालय	७
सञ्चार क्षेत्र	३
निजी सवारीसाधन	१९
निजी सम्पत्ति	२
निजी घर	२
नगरपालिका भवन	५
मन्दिर	१
जम्मा	५१

परिशिष्ट ११ पीडित हुनेहरूको सङ्ख्या : घटनाको प्रकार र महिना

घटनाको प्रकार	Jan	Feb	Mar	Apr	May	Jun	Jul	Aug	Sep	Oct	Nov	Dec	जम्मा
अपहरण	२	३	२	२	२	२	१	२	४	६	२	५	३३
गिरफ्तारी	२०	८	२	२			१		१	१			३५
कुटपिट	१३	१५	२०	१६	२४	३४	२३	३०	१४	२२	३१	२४	२६६
बाल अधिकार	१२३	१४५	१४६	१३०	१०४	११९	१६५	१३२	१२६	९९	१२३	११०	१५२२
हिरासत वा थुनामा मृत्यु		१					२	१	१				५
कारागारमा मृत्यु	२	९	८	८	९	८	६	११	६	२	२	३	७४
बेपत्ता							१						१
अमानवीय व्यवहार	६	३		२	१	१	१	१		२	३	४	२४
घाइते	७	६	१६	३	२	१	३	११		७६	७	४	१३६
हत्या	२४	३१	३०	३३	२३	२९	३४	२१	२८	३६	२३	३०	३४२
सबै प्रकारका जातीय विभेद	१	३	४	१	४	६	२	३	१		२	१	२८
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार	३४	१२४	१७	५	५	१८		७		३	१३०	२०	३६३
धम्की	१	१		५	२	१४	४	३	२		१	३	३६
यातना			१			१				१			३
महिला अधिकार	२४०	२५२	३६०	३२८	१३८	२२५	३५५	३३९	३१६	२९४	३१०	२६०	३४१७
जम्मा	४७३	६०१	६०६	५३५	३१४	४५८	५९८	५६१	४९९	५४२	६३४	४६४	६२८५

परिशिष्ट १२ जातजातिका आधारमा पीडित सङ्ख्या

जातजाति	राज्यपक्षबाट					
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
सन्यासी		३	३	२७	७	३४
ब्राम्हण	१८	११६	१३४	५३०	९८	६२८
यादव	१	२८	२९	१५६	३७	१९३
दलित	४	७२	७६	१२३१	८३	१३१४
आदिवासी		८	८	४०	३	४३
मण्डल		६	६	४५	९	५४
क्षेत्री	११	१२०	१३१	१०६४	१४८	१२१२
जनजाति	१२	१२०	१३२	१६०६	१२९	१७३५
मुस्लिम	४	१२	१६	२८९	१२	३०१
कोइरी	१	७	८	१९	६	२५
तेली		१६	१६	९२	२०	११२
कायस्त	१		१	२३	३	२६
वैश्य		२	२	८	१	९
नखुलेको				३३	४	३७
जम्मा	५२	५१०	५६२	५१६३	५६०	५७२३

परिशिष्ट १३

सन् २०२१ मा जेलमा रहेका कैदी बन्दीहरूको सङ्ख्या

प्रदेश	क्रसं	जिल्ला	कारागारको क्षमता	जेलमा रहेकाहरूको सङ्ख्या			आश्रित बालबालिका
				जम्मा	पुरुष	महिला	
१	१	ताप्लेजुङ	२५	१४९	१४९		
	२	सङ्खुवासभा	२५	१६१	१५०	११	२
	३	सोलुखुम्बु	२५	९३	८७	५	१
	४	ओखलढुङ्गा	४०	९९	९१	८	
	५	खोटाङ	९९	१३५	१३३	३	१
	६	भोजपुर	४०	११८	१०९	९	
	७	धनकुटा	४०	८०	७६	४	
	८	तेह्रथुम	३५	७५	७१	४	
	९	पाँचथर	२५	१४१	१२७	१४	१
	१०	इलाम	१२०	२८१	२५६	२५	
	११	झापा	७००	१२८३	१२१०	७३	३
	१२	मोरङ	३००	९५७	८७८	७९	३
	१३	सुनसरी	१६००	१८०९	१८०९		
	१४	उदयपुर	५५	२०२	१९२	१०	
मधेस	१	सप्तरी	१३५	३७०	३५९	११	१
	२	सिरहा	१५०	६४६	६१२	३४	२
	३	महोत्तरी	१३५	५६१	५०९	५२	५
	४	रौतहट	१५०	३५७	३४५	१२	१
	५	पर्सा	१०००	१३०४	१२३४	७०	२
बागमती	१	दोलखा	५१	१४४	१४४		
	२	सिन्धुपाल्चोक	८०	१४६	१४६		
	३	रसुवा	२५	१००	९९	१	
	४	धादिङ	२००	३३३	३०२	३१	
	५	नुवाकोट	८०	१७१	१५७	१४	
	६	काठमाडौँ (जगन्नाथदेवल)	१५००	३३३४	२९६५	३६९	१३
	७	काठमाडौँ (डिल्लीबजार)	३००	५५०	५५०		
	८	ललितपुर	६००	१३५३	१३५३		
	९	काभ्रेपलाञ्चोक	७५	२३६	२३६		
	१०	रामेछाप	२२०	३१७	३०८	९	
	११	सिन्धुली	२०८	५६५	५४५	२०	
	१२	मकवानपुर	१२००	९९९	९९९		
	१३	चितवन	२८०	७१४	६६४	५०	२
गण्डकी	१	गोरखा	५५	११२	१०२	१०	
	२	मनाङ	३५	२	२		
	३	मुस्ताङ	२५	५	५		
	४	म्याग्दी	३२	१०४	९८	६	
	५	कास्की	४२०	८९८	८३२	६६	३

प्रदेश	क्र.सं.	जिल्ला	जेलको क्षमता	जेलमा रहेकाहरूको सङ्ख्या			बालिका
				जम्मा	पुरुष	महिला	
गण्डकी	६	लमजुङ	३५	११२	१०४	८	
	७	तनहुँ	१२५	२४५	२४५		
	८	स्याङ्जा	५०	१२५	१२५		
	९	पर्वत	२५	९८	९८		
	१०	बागलुङ	९०	१४७	१३६	११	
लुम्बिनी	१	रोल्पा	५०	११६	१०८	८	
	२	प्यूठान	२५	८०	७०	१०	
	३	गुल्मी	२५	७०	६२	८	
	४	अर्घाखाँची	४५	५७	५३	४	
	५	पाल्पा	३२५	२९३	२५०	४३	२
	६	नवलपरासी (पश्चिम)	१७५	५२५	४६१	६४	३
	७	रुपन्देही	१५०	४६७	४६७		
	८	कपिलवस्तु	३५२	४६९	४६९		
	९	दाङ (घोराही)	७०	२९९	२९९		
	१०	दाङ (तुलसीपुर)	३२०	५२४	४९५	२९	२
	११	बाँके	३५०	८१०	८१०		
	१२	बर्दिया	१२५	३७१	३३७	३४	२
कर्णाली	१	डोल्पा	१५०	३१	३१		
	२	मुगु	१६	१०	९	१	
	३	जुम्ला	२००	११४	११३	१	
	४	कालिकोट	२५	५४	४९	५	
	५	दैलेख	१००	१८०	१४६	३४	
	६	जाजरकोट	१५	६३	६३		
	७	रुकुम (पश्चिम)	२५	१४१	१३३	८	२
	८	सल्यान	४५	१२९	१०५	२४	५
	९	सुर्खेत	१००	३७३	३२८	४५	
सुदूरपश्चिम	१	बाजुरा	२५	५०	५०		
	२	बझाङ	२५	७५	७५		
	३	दार्चुला	४०	६८	६६	२	१
	४	बैतडी	२५	८४	८४		
	५	डडेलधुरा	१४०	१०६	९४	१२	
	६	डोटी	२५	५२	५२		
	७	अछाम	७५	८६	८०	६	१
	८	कैलाली	१५०	५२६	४९०	३६	३
	९	कञ्चनपुर	९५	४२७	४०७	२०	
जम्मा			१३६८८	२६२७९	२४८६७	१४१२	६७

सन् २०२१ मा बालसुधार गृहमा रहेकाहरूको सङ्ख्या

प्रदेश	जिल्ला	बालक	बालिका
१	मोरङ	२०२	
मधेस	पर्सा	९८	
बागमती	मकवानपुर	५५	
	भक्तपुर	२१४	३२

सन् २०२१ मा बालसुधार गृहमा रहेकाहरूको सङ्ख्या

प्रदेश	जिल्ला	बालक	बालिका
गण्डकी	कास्की	९०	
लुम्बिनी	रुपन्देही	१०८	
	बाँके	१७५	
सुदूरपश्चिम	डोटी	२७	
जम्मा		९६९	३२

अनुसूची ३

सन् २०२१ को मानव अधिकार स्थितिबारे राजनीतिक दलका धारणा

नेकपा (एमाले)

१. नेकपा एमाले विश्वव्यापी मानव अधिकारका आधारभूत मूल्य मान्यता र नेपालको संविधानले प्रत्याभूत गरेका नागरिकका राजनीतिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकारहरूको सम्मान, संरक्षण र प्रवर्द्धन गर्ने कुराप्रति प्रतिवद्ध छ । देशमा विद्यमान सबै खालका विभेद, हिंसा र असमानताहरूको अन्त्य गर्दै संविधानप्रदत्त बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक तथा विविधतापूर्ण भौगोलिक विशेषताहरूलाई प्रवर्द्धन गर्ने राष्ट्रिय लक्ष्यप्रति नेकपा एमालेले सुस्पष्ट धारणा सहित सार्थक पहलकदमीको नेतृत्व गर्दै आइरहेको छ।

२. नागरिकको निर्वाचित जनप्रतिनिधिहरूमार्फत सुशासित हुन पाउने आधारभूत अधिकारलाई अक्षुण्ण राख्ने राजनीतिक तथा सैद्धान्तिक विषयप्रति नेकपा एमाले कटिबद्ध छ । लोकतन्त्रलाई सवलीकरण गर्न, संस्थागत गर्न र परिणाममुखी बनाउन आवधिक निर्वाचनहरू अपरिहार्य हुन्छन् । नागरिकका चुन्ने र चुनिन पाउने आधारभूत राजनीतिक अधिकारहरू हुन् । स्थानीय सरकारको कार्यकाल २०७९ जेठ ५ गते पूरा हुन गइरहेको सन्दर्भमा स्थानीय तह निर्वाचन ऐन २०७३ ले स्थानीय तहलाई कुनै पनि अवस्थामा रिक्त हुन नदिन स्थानीय तहमा सदस्यहरू रिक्त हुनुभन्दा २ महिना अघि नै निर्वाचन सम्पन्न गर्ने र जेठ ५ गते पद हस्तान्तरण गर्ने व्यवस्था गरेको छ। ऐनले गरेको कानुनी व्यवस्थालाई नजरअन्दाज गर्दै मताधिकारबाट सरकार चुन्ने नागरिकको अधिकारलाई निर्वाचन सार्ने बहानामा कुण्ठित गर्न खोजिएको र स्थानीय तहमा शून्यता सिर्जना गर्ने र राजनीतिक अस्थिरता गराउने षडयन्त्रप्रति हाम्रो पार्टीले प्रतिवाद गऱ्यो।

३. सर्वोच्च अदालतमा लामो समयसम्म बार र बेञ्चको विवादका कारण गतिरोध उत्पन्न भएको देखियो । यो विषयमा आपसी अविश्वास, न्यायालयले सत्तामा भागवण्डा खोजेको अर्थात कार्यकारिणीमा हावी हुन खोजेको विषयको गम्भीर परिणाम हो भन्ने हाम्रो ठम्याइ रहको छ। राजनीतिक र दलीय स्वार्थसँग प्रत्यक्ष गाँसिएका सवालहरूमा आधारित भएर न्यायिक क्षेत्रमा देखिएको यस्तो अराजक प्रवृतिले सङ्कटकालमा समेत रोक्न नमिल्ने बन्दी प्रत्यक्षीकरण लगायत जनताका मौलिक हकहरू अवरूद्ध हुन पुगे । छिटो न्याय पाउनुपर्ने अधिकारबाट बञ्चित हुनपुगे।

४. नेपालको अदालतले मुलुकको कार्यकारी प्रमुख बनाउने जननिर्वाचित संसदको अधिकारमाथि हस्तक्षेप गरेर परमादेश मार्फत प्रधानमन्त्री नियुक्ति गर्ने राजनीतिक निर्णय गर्न पुग्यो । परिणामतः दल विभाजन गर्नका लागि मात्र अध्यादेश जारी गर्ने, प्रमुख विपक्षी दल विभाजन गर्न उद्यत हुने कार्य गरि जनमतको विरुद्ध निर्णयहरू गरियो । पार्टीले कारबाही गरेका सांसदहरू विरुद्ध सभामुखले कुनै पनि निर्णय गरेनन् र कारबाही गरेका सांसदहरूलाई सदनमा प्रवेश दिई नै रहे । लोकतन्त्रको स्थायित्व र विकासकालागि राज्यका तीनवटै अंगबीच सुसम्बन्ध हुनु र तिनीहरूको कार्यक्षेत्रले लोकतन्त्रलाई बलियो बनाउनुपर्नेमा निहित स्वार्थपूर्तिका लागि केही नेता र सर्वोच्च अदालतका पदाधिकारीहरूको साँठगाँठबाट संविधानको नै अपव्याख्या गरि गलत अभ्यासहरूको थालनी भएको छ । न्यायपालिकालाई शक्ति केन्द्रहरूले आफू अनुकुल व्याख्या गराउँदै जानु भनेको नै राजनीतिक अस्थिरताको जड वा कारक हुन पुगेको छ।

५. प्रतिनिधिसभाका सभामुख स्वयम् प्रमुख प्रतिपक्षी दललाई विभाजित गर्ने असंवैधानिक, असंसदीय र पदीय मर्यादा विपरीतको काममा संलग्न भएका कारण नै प्रतिनिधिसभाको बैठक सुचारू हुन

सकेको छैन । संसदीय प्रणालीलाई बलियो बनाउँदै नागरिका राजनीतिक अधिकारको संस्थागत गर्न क्रियाशील हुनुपर्ने संस्था प्रतिपक्षको आवाजको सम्बोधन नगरिकन, दल विभाजनमा उद्यत भएर नागरिकका राजनीतिक अधिकारहरूमा खेलवाड गरिरहेको अवस्था छ।

६. यतिखेर प्रत्येक नागरिकले दैनिक उपभोग्य वस्तुमा महँगी बढिरहेको छ। सरकारी नीतिका कारण अहिले हरेक उपभोग्य सामाग्रीको मूल्य झण्डै २० प्रतिशतले बृद्धि भएको अवस्था छ। पेट्रोलियम पदार्थको मूल्य इतिहासकै उच्च अंकमा पुगेको छ। सार्वजनिक यातायातको भाडा बढेको छ। सार्वजनिक पूर्वाधार निर्माणको लागत बढेको छ । यसले समग्र रोजगारीमा प्रत्यक्ष नकारात्मक असर परेको अवस्था छ। सरकार महँगी नियन्त्रण गर्न असमर्थ देखिएको छ । उपभोक्ताका आधारमूत अधिकारहरू कुण्ठित भएका छन्। परिणामतः मुलुकमा आधारभूत वर्ग झन कपटपूर्ण र पीडादयी अवस्थामा जीवन गुजारा गर्न बाध्य छ। आधारभूत वर्गको संरक्षण र संवर्द्धन गर्ने विषयप्रति उदासिन मात्र होइन बेखबर भएको अवस्था छ।

७. मानव अधिकार र न्यायोचित विकास एक अर्काका परिपूरक हुन् । भौतिक पूर्वाधारको विकास, निर्माण र स्रोतको न्यायोचित वितरणले मानव अधिकारको अनुभूतिको सुनिश्चितता गर्दछ । यही विषयलाई मनन गर्दै नेकपा एमालेको नेतृत्वको सरकारले समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय लक्ष, सूचक र गन्तव्य निर्धारण गरी दोहोरो अंकको आर्थिक वृद्धि हासिल गर्ने दूरदृष्टि सहित समृद्धिको यात्रा प्रारम्भ गरेको थियो । आर्थिक समृद्ध र सामाजिक रूपान्तरणकालागि भौतिक पूर्वाधारहरूको विकासको बृहत सञ्जालीकरणमार्फत मुलुकलाई अति कम विकसित राष्ट्रबाट स्तरोन्नति गर्ने यात्रा हाम्रै नेतृत्वमा प्रारम्भ भएको हो । पालिकाका हरेक केन्द्रहरू जोड्नकालागि सडक आयोजना रणनीतिक सुरूवात, व्यवस्थित स्वास्थ्य केन्द्रहरूको निर्माण, विद्यालयहरूको सर्वाङ्गीण पूर्वाधार निर्माण मार्फत शैक्षिक स्तर बृद्धि गर्नका लागि श्रोतको सुनिश्चितता गरेको थियो। यसको मूल उदेश्य मुलुकमा बढ्दो असमानतालाई कम गर्ने नीतिगत हस्तक्षेपको प्रगतिशील शुरूवात गर्नु थियो। यसले नागरिकहरूको सार्वजनिक सेवामा पहुँच स्थापित गर्ने, आधारभूत स्वास्थ्य तथा शिक्षाका अधिकारहरू सुनिश्चित गर्दै सामाजिक न्यायसहितको समृद्धि लक्ष्य हासिल गर्ने लक्ष्य निर्धारण गरिएको थियो। तर वर्तमान सरकारले रणनीतिक महत्वका सडक पूर्वाधार निर्माण गर्ने, स्वास्थ्य केन्द्र निर्माण गर्ने र पालिकाका केन्द्रहरू जोड्नकालागि विनियोजन गरेको बजेट कटौती गर्ने तथा रकमान्तर गर्ने कार्य गरिरहेको छ । यसबाट सामाजिक न्यायसहितको समृद्धि हासिल गर्ने यात्रालाई मात्र अवरोध गरेको छैन, आम नागरिकको स्वास्थ्य, शिक्षाका अधिकारलाई कुण्ठित गर्ने काम गरिरहेको छ।

८. खोपको वितरण व्यवस्थापन र उपलब्धतामा देखिएको असहज र अव्यवस्थित स्थितिले खोपमाथि नागरिकको समान पहुँचको अधिकारलाई खण्डित गरको छ। यसले खोप वितरणमा असमानता सिर्जना गरेको छ । यो असमानताले नागरिकको दीर्घजीवनमा प्रत्यक्ष असर गरेको छ। जसले नागरिकको स्वास्थ्यको अधिकार हनन् गरिरहेको छ। कोभिड–१९ को महामारीको तेस्रो लहर चलिरहेको छ। यस्ता महामारीबाट नागरिकलाई बचाउन यथेस्ट पहल हुन सकेको छैन। अहिले पनि मुलुकको आधा भन्दा बढी नागरिकहरूले खोप लगाउन पाएका छैनन् । विपन्न, गरिब र दुर्गम क्षेत्रका नागरिकहरूमा खोपको पहुँच पुऱ्याउन सरकार असफल भएको अवस्था छ। एकातर्फ नागरिहरू खोपबाट वञ्चित छन् भने अर्को तर्फ २४ लाखजति खोप हराएका समाचारहरू सार्वजनिक भएका छन्। पूर्ववर्ती सरकारले पुष मसान्तसम्म दुई तिहाई नागरिकलाई खोप उपलब्ध गराउने योजना अघि सारेकोमा यो सरकारले ४० प्रतिशतलाई मात्र खोप उपलब्ध गराउन सकेको छ।

९. सङ्क्रमणकालीन न्यायको विषयलाई सकेसम्म चाँडो टुंग्याउन र पीडितहरूलाई न्याय दिलाउन यो सरकार अनिच्छुक देखिएको छ। गम्भीर मानवअधिकार उल्लङ्घनका घटनालाई कारबाहीको दायरामा ल्याउनु राज्यको प्रथम दायित्व र कर्तव्य भित्र पर्दछ। तर वर्तमान सरकार सङ्क्रमणकालीन न्यायको प्रत्याभूति गराउन यो सरकारले पहलकदमी लिने कुरामा शङ्का गर्ने

ठाउँहरू उत्पन्न भएका छन्। सरकारका जिम्मेवार मन्त्रीले गौर हत्याकाण्डको जिम्मा लिँदै हिंसा भड्काउने र नरसंहार दोहोऱ्याउने सार्वजनिक अभिव्यक्ति दिँदासमेत त्यस्ता व्यक्तिलाई कारबाही नगरी पदमा राखि रहेर दण्डहीनतालाई प्रश्रय दिइरहेको अवस्था छ। न्याय प्राप्तीका निम्ति नागरिहरूले आफै पनि आन्दोलन र हारगुहार गरिराख्नुपर्ने दुःखदायी अवस्था देखिइरहेको छ।

१०. विभिन्न खालका प्रकोपका कारण मुलुकमा बर्सेनी ठूलो धनजनको क्षति हुने गरेको छ। प्रकोपबाट पीडितहरूलाई समयमा नै राहत र पुनःस्थापनाको व्यवस्था हुन सकेको छैन। प्रकोपमा परेर ज्यान गुमाएका, बालीनाली नष्ट भएका परिवारहरूले अझै राहत पाउन सकिरहेका छैनन्। नागरिक प्रति सरकारको मानवीय जवाफदेहिता कमजोर बन्दै गइरहेको छ।

११. नागरिक संस्थाहरूको सवलीकरण र प्रभावकारी उपस्थितिले नै लोकतन्त्रलाई बलियो र संस्थागत बनाउन योगदान पुऱ्याउँदै आएका छन्। नागरिक संस्थाहरूमार्फत आवाजविहिनका आवाजहरूलाई मुखरित हुने गरेका छन्। यी आवाजहरूलाई सरकारले सुन्न सक्नु पर्दछ। तर अहिले गठबन्धन सरकारले नागरिकका आवाजलाई मुखरित हुन दिइरहेको छैन। शान्तिपूर्ण प्रदर्शनमा रहेका नागरिकहरूलाई धरपकड गर्ने जस्ता अलोकतान्त्रिक गतिविधिले सङ्गठित हुने र अभिव्यक्तिको स्वतन्त्रतामाथि सङ्कुचन पैदा गरेको छ। यस्तो कार्य कदापि स्वीकार्य कुन सक्दैन।

१२. लामो समयदेखि थाती रहेको भूमिहीन, दलित तथा सुकुम्बासी समस्या समाधान गर्न नेकपा एमालेको सरकारले भूमिसम्बन्धी आयोग गठन गरी समाधानका लागि अन्तिम चरणमा कार्य गरिरहेको आयोगलाई यो सरकारले विघटन गरी भूमिहीन र सुकुम्बासीहरूको श्रोतमाथिको पहुँच, अधिकार र सम्मानित जीवन जीउन पाउने अधिकारमाथि गम्भीर प्रहार मात्र गरेन सामाजिक न्यायको आधारभूत रूपमा जग्गा उपलब्ध गराउने, उनीहरूको सम्मानित जीवन जीउनपाउने अधिकारको संरक्षण र संवर्द्धनका निमित्त नेकपा एमाले सदैव प्रतिबद्ध छ।

१३. सहयोगापेक्षी सडक मानवरहित देश बनाउने, सडक बालबालिकारहित देश बनाउने, अभिभावकविहीन बालबालिकाले अभिभावक छैन भन्ने स्थिति अन्त्य गर्ने सङ्कल्प पूरा गर्न नेकपा एमालेको सरकारले महत्वपूर्ण उपलब्धि हासिल गरेको थियो। तर त्यसको दिगो व्यवस्थापन, सञ्चालन र परिचालनका लागि वर्तमान सरकाले देखाएको उदासिनताप्रति नेकपा एमाले दुःख व्यक्त गर्दछ। अहिले पनि महिला तथा बालबालिकाका अधिकार हनन्का घटनाहरू, ज्येष्ठ नागरिकका अधिकार हनन्का घटना, छुवाछुत तथा जातीय भेदभावका घटनामा कमी आएको अवस्था छैन। महिलालाई उत्पीडित बनाउने कुप्रथाहरुः छाउपडी, बोक्सी, बालबिबाह जस्ता प्रचलनमा कमी आउन सकेको छैन। बालश्रम कायमै देखिन्छ। बालबबालिकाका लागि समयमा नै खोप उपलब्ध हुन नसकेको हुँदा उनीहरू झनै जोखिममा देखिएका छन्। जातीय विभेद र छुवाछुत जस्ता कुप्रथा शून्य बनाउने खालका अभियानमा सरकारी चासो कम देखिन्छ। यो अवस्थाले वर्तमान सरकार नागरिकका अधिकारप्रति उदासिन रहेको देखिन्छ।

१४. मानव अधिकार र सामाजिक न्यायका लागि नेकपा एमाले प्रतिवद्ध छ। आफ्नो सरकार बनेको समयमा बजेट, योजना र कार्यक्रम तथा जनपरिचालनको माध्यमबाट मानवअधिकारको सुनिश्चितता गर्न नेकपा एमाले कटिवद्ध थियो र छ। प्रतिपक्षमा रहँदा समेत मानव अधिकारको संरक्षण र प्रवर्धनका लागि जनपरिचालन गर्ने, नागरिकका आवाजहरू उठाउने र नागरिकताका अधिकारकाबारेमा निरन्तररूपमा सरकारको ध्यानाकर्षण गराउने कार्यमा नेकपा एमाले सचेत र क्रियाशील रहिरहेको छ।

डा. भीष्म अधिकारी
सचिव, केन्द्रीय कार्यालय

नेपाली कांग्रेस

सन् २०२१ को नेपालको मानव अधिकाकारको अवस्थाको बारेमा टिप्पणी गर्दा, वि.स. २०४६ सालमा नेपालमा प्रजातन्त्रको पुर्नस्थापना भएपश्चातका विगत एकतीस वर्षको अवधिमा, माओवादी हिंसात्मक द्वन्द्वकालका दश वर्षको अवधिलाई छाडेर बाँकी एक्काइस वर्षको अवधिमा भएका मानव अधिकार उल्लङ्घनका कैयन घटनाहरू समेत ओझेलमा पार्ने गरी मुलुकमा कम्युनिष्ट सरकाको स्थापनासँगै मानव अधिकार उल्लङ्घनका जघन्य घटनाहरू एकपछि अर्को निरन्तर जारी नै रहे। नेकपाको सरकार रहुन्जेलसम्म राज्यका तीनवटै अङ्गहरूकाबीचको शक्ति सन्तुलनलाई भत्काएर स्वतन्त्र न्यायपालिका तथा अन्य संवैधानिक निकायहरूमाथि ठाडो हस्तक्षेप प्रारम्भ गरियो । कार्यपालिकाको निर्देशन र नियन्त्रणमा चल्नुपर्ने गरी राज्यको चौथो अङ्गकारूपमा रहेको सञ्चार जगतलाई समेत नियन्त्रित र त्रसित बनाउने कार्य गरियो।

सामाजिक सञ्जालमा कसैले कसैलाई साधारण जिस्काएकै भरमा पाँच वर्ष जल बस्नुपर्ने र १५ लाख रुपियाँ जरिवाना तिर्नुपर्ने प्रावधान लोकतान्त्रिक राज्य व्यवस्थाको भावना र मर्म प्रतिकूल हुने गरी कम्युनिष्ट सरकारले कानुन ल्याई तमाम् युवा नेपालीहरूलाई मानसिक रूपमा त्रसित बनाई चरम मानव अधिकारको उल्लङ्घन गरी पुस १६, २०७७ मा डिल्लीबहादुर चन्दलाई नेपालगञ्जमा गिरफ्तार गरेर मानव अधिकारको ठाडो उल्लङ्घन गर्दै काठमाडौ ल्याई नेपाली जनतालाई मनोवैज्ञानिक मानव अधिकार र नागरिक स्वतन्त्रतालाईसमेत कुण्ठित गर्ने दुस्प्रयास नेकपाको सरकारले गरेको थियो।

माघ ७, २०७७ मा रूकुम पश्चिम आठबीसकोट नगरपालिका–९ का वडा अध्यक्ष तारकबहादुर शाहीसहित पाँच जनाले इलाका प्रहरी कार्यालयमा छलफल भइरहेका बेला नेकपा निकट वडा नम्बर ८ का वडा अध्यक्ष मानबहादुर चदारा, वडानम्बर ३ का वडा अध्यक्ष केशरमान वि.कसहितको समूहले सुरक्षाकर्मीकै अगाडि चक्कु प्रहार गरी तेजविक्रम आरसी र दीपक केसीलाई गम्भीर घाइते बनाएको घटनाप्रति नेपाली कांग्रेसको गम्भीर आपत्ती छ।

जनताद्वारा निर्वाचित संसदलाई कुत्सित नियतकासाथ विघटन गरी सर्वोच्च अदालतमा संसद पुर्नस्थापनासम्बन्धी परेको मुद्दामा भइरहेको बहसलाई नेकपाका प्रधानमन्त्री केपी शर्मा ओलीले तमासाको संज्ञा दिनु अदालतको स्वतन्त्र विवेकलाई कुण्ठित गर्ने प्रयत्नकासाथ कानुनी राज्यको अवधारणा र मानव अधिकारको समेत ठाडो उल्लङ्घनको घटनाकारूपमा हेर्न सकिन्छ।

बझाङको छविसपाथीभेरा गाउँपालिका–३ का तरूण दलका स्थानीय नेता अमृतबहादुर सिंहलाइ नेपाल कम्युनिष्ट पार्टीका कार्यकर्ताले कुटपिट गरी धारिलो हतियार प्रयोग गरेको विषयमा पनि नेपाली कांग्रेसको गम्भीर आपत्ती रहेको र त्यस्ता अपराधिक प्रवृतिलाई निरूत्साहित गर्नुपर्नेतर्फ तत्कालीन सरकारको ध्यानाकषर्ण गराएको थियो।

दोस्रो लहरको कोभिड–१९ सङ्क्रमणलाई महामारीकोरूपमा आफू अनुकूल व्याख्या गरी विपक्षी विचारधारा भएका व्यक्तिहरूका मानव अधिकार उल्लङ्घनका घटनामा तत्कालीन के.पी. ओली नेतृत्वको सरकार निर्देशित राज्य संरचनाको समेत व्यापक दुरूपयोग भयो।

दोस्रोपटक संसद पुनः विघटन गरी नेपाल कम्युनिष्ट पार्टी एमालेको सरकारले मानव अधिकारका न्यूनतम मूल्य मान्यतालाई समेत वेवास्ता गरी अन्य पार्टी सम्बद्ध व्यक्तिहरूमाथि कैयौँ मानव अधिकारको उल्लङ्घनको घटना गराएको नेपाली कांग्रेसको ठहर छ।

त्यसपछि, प्रजातान्त्रिक गठबन्धनको सरकारको नेतृत्व नेपाली कांग्रेसले गरेपछि उक्त संविधान विरोधी हस्तक्षेपहरूमा कमी आएको छ। संवैधानिक व्यवस्था अनुसार कार्यपालिका, स्वतन्त्र न्यायपालिका, व्यवस्थापिकाले आ–आफ्नो अधिकार क्षेत्रभित्रका मानव अधिकार रक्षाकालागि गर्नुपर्ने काम, कर्तव्यहरू सुचारू गरेको नेपाली कांग्रेसको ठहर छ।

कृष्णप्रसाद पौडेल
मुख्य सचिव

नेकपा (एकीकृत समाजवादी)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले इस्वी सम्बत् १९९२ देखि हरेक वर्ष मानव अधिकारको स्थितिबारे समग्र पक्ष समेटेर मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरी योगदान पुऱ्याउँदै आएको छ।

अघिल्ला वर्षहरूमा जस्तै यस वर्ष समेत नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ प्रकाशनको तयारीमा जुटेको जानकारी पाउँदा मलाई खुसी लागेको छ।

यस सन्दर्भमा सर्वप्रथम हाम्रो पार्टी कानुनी तथा मौलिक अधिकार, प्रकृत्ति प्रदत्त अधिकार, जन्मसिद्ध अधिकार लगायत मानवीय मर्यादासँग सम्बन्धित अधिकारका विभिन्न पक्षका सन्दर्भमा प्रतिबद्ध रहेको जानकारी गराउँछु। समानता, न्याय र स्वतन्त्रताले मात्र अनादर र द्वण्द्वलाई हल गर्न सक्दछ भन्ने हाम्रो विश्वास रहेको छ।

नेपालको संविधानले सुनिश्चित गरेका तथा नेपालले विभिन्न अन्तर्राष्ट्रिय फोरमहरूमा कार्यान्वयनको प्रतिबद्धता सहित हस्ताक्षर गरेका मानव अधिकारसँग सम्बन्धित विषयहरूको व्यवहारिक कार्यान्वयन नै आजको हाम्रो चुनौती हो र यसको लागि सरकारी तथा गैरसरकारी क्षेत्रले जिम्मेवारी पूर्वक आफ्नो दायीत्व बहन गर्नुका साथै एक आपसमा हातेमाले गर्दै अघि बढ्नु आवश्यक छ।

अन्त्यमा, विविध पक्षहरूलाई समेटेर मानव अधिकार अभियानलाई थप सहयोग पुऱ्याउने उद्देश्यका साथ मानव अधिकार वर्ष पुस्तक २०२२ प्रकाशन गर्न लागेमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु।

माधवकुमार नेपाल
अध्यक्ष
एवम्
पूर्वप्रधानमन्त्री

लोकतान्त्रिक समाजवादी पार्टी, नेपाल

इन्सेकद्वारा हरेक वर्ष नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको कुरा सराहनीय छ। यस वर्ष पनि "नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ प्रकाशन गर्न लागेको कुराले हर्षित भएका छौँ।

मानव अधिकार लोकतन्त्रको आधार स्तम्भ भएकोले सबै जातजाति, भाषा, धर्म, संस्कृति, वर्ण, लिङ्गको आधारमा मानिसहरूलाई भेदभाव गर्न पाइँदैन । मानिसहरू जन्मिँदा समानरूपले जन्मेका हुन्छन्। हरेक व्यक्तिलाई स्वतन्त्रतपूर्वक बाँच्ने अधिकार सुरक्षित रहेको हुन्छ। मानव अधिकार मानवको नैसर्गिक र प्राकृतिक अधिकार भएको हुँदा यसको अपरिहार्यतालाई बुझेर संयुक्त राष्ट्रसङ्घको १३१ औँ महासभाले सन् १९४८ को डिसेम्बरमा मानव अधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र जारी भएको सर्वविदितै छ। यो कसैले दिएको अधिकार नभई स्वतः प्राप्त हुने अधिकार हो। राज्यले सबैखाले भाषा, धर्म, संस्कृति, लिङ्ग, जातजाति, भूगोल, लैङ्गिक अल्पसङ्ख्यक तथा अपाङ्गता आदिको आधारमा समान अधिकारको प्रयोगबाट वञ्चित गरिनु मानव अधिकारको उल्लङ्घन हो। सरकारले राज्यको हरेक अङ्ग, संयन्त्र, तथा विकासको हरेक गतिविधिमा जनताको समान सहभागितालाई सम्मान गरिनु पर्दछ भन्ने विश्व मानव अधिकारको मूल्यमान्यता भए पनि मधेसी, महिला, आदिवासी, जनजाति, थारू, खस सिल्पी (दलित), खस आर्य, अल्पसङ्ख्यक, मुस्लिम, पिछडावर्ग, तथा उपेक्षित र उत्पीडनमा परेका समुदायहरूले सो को अनुभव गरेको पाइँदैन। मानव अधिकार कसैले दिएको अधिकार होइन त्यसैले यसलाई हरण गर्ने अधिकार पनि कसैलाई छैन। अर्न्तराष्ट्रिय मानव अधिकारको घोषणापत्रको धारा २ अनुसार भेदभाव विरुद्धको अधिकारको पूर्णरूपमा उल्लङ्घन भएको देखिन्छ।

मधेसी जनतालाई सदियौँदेखि दोस्रो दर्जाको नागरिक सरह गरिने व्यवहारमा परिवर्तन भएको पाइएन। कैलाली जिल्लाका माननीय रेशम चौधरी नेपालमा सर्वाधिक मत ल्याई प्रतिनिधि सभामा निर्वाचित भए पनि थारू आन्दोलनकारी भएकै कारण जनमतको कदर नगरी राज्यले निजलाई झुठा मुद्दा लगाई हालसम्म जेलमा राखेको छ। मधेस आन्दोलनका बेला दर्जनौँ

लोसपा नेपालका नेता तथा कार्यकर्ताहरूलाई मेधशी/थारू भएकै कारण झुठा मुद्दा लगाई जेल जीवन बिताउन बाध्य पारिएको छ । मानव अधकारको प्रत्याभूतिका लागि सूचनाको हक अपरिहार्य भए पनि नेपाली जनताले त्यसको महसुस गर्न पाएका छैनन् । मधेशका आन्दोलनकारीहरूलाई राजनीतिक आस्थाका आधारमा झुठा मुद्दा लगाई बन्दी जीवन जीउन बाध्य पारिएको छ । मधेश आन्दोलन तथा पहिचान र अधिकारको लडाइँका निम्ति विभिन्न समुदायहरूद्वारा गरिएका आन्दोलनमा अङ्गभङ्ग भएका आन्दोलनकारीहरूलाई राज्यद्वारा उपेक्षा गरिएको छ। मधेस तथा थरूहट आन्दोलनको बेला बनेको लाल आयोगले दिएको प्रतिवेदन सार्वजनिक नगरि सरकारले मधेश र मधेशी जनताप्रति देखाएको व्यवहार निन्दनीय छ र मधेशी जनतालाई सूचनाको हकबाट समेत बञ्चित गरिएको अवस्था विद्यमान छ। अझ कर्मचारीतन्त्र, सेना, पुलिस, कुटनीतिक नियोग, कार्यपालिका र न्यायापालिकामा त संविधानको धज्जी उडाउनुको साथै समानुपातिक समावेशी सिद्धान्तलाई अस्विकार गरिएको अवस्था छ।

आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक अधिकारका साथै शिक्षा, स्वास्थ्य र रोजगार तथा स्वतन्त्रतापूर्वक बाँच्ने अधिकारको जनताले प्रत्याभूति गर्न पाएका छैनन्। युवाहरू रोजगार नपाएर विदेशिनुपर्ने अवस्था छ भने विदेशमा गएर पनि श्रम अनुसारको पारिश्रमिक नपाइ अनेक प्रकारका दुःख यातना पाउनुका साथै नेपाली चेलीहरू कष्टकर जीवन जिउन बाध्य भएका छन् । युवाहरू बेरोजगारीको कारणले चन्दा, आतङ्क, लुटपाट, बलात्कार तथा लागु औषध दुर्व्यसनी जस्ता कुलतमा फस्ने क्रम जारी छ। मानव अधिकारको दृष्टिकोणले सन् २०२१ लाई सन्तोषजनक मान्न नसके तापनि मानव अधिकारको प्रत्याभूतिका लागि प्रशस्त संरचनाहरू तयार भएका छन्। संविधान २०७२ अनुसार सङ्घ, प्रदेश र स्थानीय तहको निर्माण भएको छ। जसमा महिलाहरूको उल्लेखनीय उपस्थिति भएको छ। प्रदेश तहमा समेत कैयौं कानुनहरूको निर्माण भएको छ। यो एउटा सकाराकत्मक पक्ष हो।

अन्त्यमा इन्सेकले यस वर्ष पनि प्रकासित गर्न लागेको "नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२" मानव अधिकारको क्षेत्रमा कोशे ढुङ्गाकारूपमा सावित होस् भने शुभकामना व्यक्त गर्दछौँ।

महन्थ ठाकुर
अध्यक्ष

अनुसूची ४

सन् २०२१ को मानव अधिकार स्थितिबारे विभिन्न क्षेत्रको धारणा

राष्ट्रिय मानव अधिकार आयोग

मानव अधिकारको क्षेत्रमा कार्यरत संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बाट प्रत्येक वर्ष "नेपाल मानव अधिकार वर्ष पुस्तक" सार्वजनिक हुँदै आएको छ। सदाझैँ यस वर्ष पनि मुलुकको मानव अधिकारसँग सम्बन्धित विविध विषयलाई समेटी प्रकाशित हुन गइरहेको मानव अधिकार वर्ष पुस्तकको पूर्ण सफलताको कामना गर्दछौँ। पुस्तकभित्रका सामग्रीहरू सरकार, मानव अधिकारको क्षेत्रमा कार्यरत राष्ट्रिय/अन्तर्राष्ट्रिय सङ्घसंस्थाहरू, अध्ययन/अनुसन्धानकर्ता एवम् सरकारवालाहरूको लागि कुनै न कुनै रूपमा उपयोगी हुनेछन् भन्ने आयोगले विश्वास लिएको छ।

राज्यलाई मानव अधिकारको संरक्षक तथा अविभावक मानिन्छ। नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य, लोकतान्त्रिक शासन-प्रणालीको अवलम्बन, मानव अधिकारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय महासन्धिको नेपाल पक्षराष्ट्रको साथै मानव अधिकार अधिकार परिषद्को सदस्य पनि हो। यस अर्थमा मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन र परिपूर्ति गर्ने आधारभूत दायित्व राज्यमाथि निहित हुन्छ। राज्यले निर्वाह गर्नुपर्ने दायित्वलाई मानव अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेज र राष्ट्रिय कानुनहरूमा पनि उल्लेख गरिएको हुन्छ। कानुन, नीति, नियम , राज्यबाट सम्पादित कार्यहरू आदि मानव अधिकार मैत्री छन्-छैनन्? सरकार आफ्नो प्रतिबद्धताबाट चुकेनचुकेको सम्बन्धमा आश्यकताअनुसार साझेदारी र खबरदारी आवश्यक मानिन्छ। मानव अधिकारसम्बन्धी राष्ट्रिय संस्थाको हैसियतमा राष्ट्रिय मानव अधिकार आयोगलाई यो जिम्मेवारी दिइएको छ। मानव अधिकारको संरक्षण, संवर्धन र यसको सुनिश्चित कार्यान्वयको लागि राष्ट्रिय संस्थाको रूपमा स्थापित स्वतन्त्र र स्वायत्त संवैधानिक निकायको रूपमा आयोग क्रियाशील रहिआएको छ।

आयोगबाट विशेषतः उजुरी ग्रहण, मानव अधिकार अवस्था अनुगमन र उजुरीमाथि अनुसन्धान र अनुसन्धान गरिएका उजुरीहरूमाथि निर्णय/सिफारिस हुँदै आएका छन्। यसको साथै तालिम, गोष्ठी, अन्तरक्रिया, छलफलजस्ता संवर्धनसम्बन्धी कार्यक्रमले निरन्तरता पाएका छन्। मानव अधिकारमैत्री कानुन निर्माण, पुनरावलोकन वा संशोधनको लागि कार्यहरू भइरहेका छन्। विविध विषयगत प्रतिवेदन, पुस्तिका र जर्नल प्रकाशन गर्नुको साथै प्रेस-नोट र प्रेस-विज्ञप्तिमार्फत मानव अधिकारका विविध विषयमा चासो र चिन्ता व्यक्त गरिएको छ। यसको साथै सञ्चार माध्यममार्फत आयोगको धारणा सार्वजनिक गर्ने, मानव अधिकारसम्बन्धी सार्वजनिक सरोकारका सन्देशमूलक सामग्रीहरू प्रकाशन र प्रसारणजस्ता कार्यले निरन्तरता पाएका छन्।

यस आवमा आयोगमा मानव अधिकार उल्लङ्घन भएको भनी जम्मा १ सय ८६ उजुरीहरू दर्ता भएका छन्। आयोगमा दर्ता भएका र दर्ता गरिएका पुराना र नयाँ गरी २ सय ६१ उजुरीमाथि अनुसन्धान सम्पन्न भएको छ। मानव अधिकारको अवस्था एवम् विविध विषयमा २ सय १२ अनुगमन सम्पन्न भएका छन्। अनुसन्धान गरिएका उजुरीमाथि जम्मा १ सय ८८ निर्णय भएका छन्। आयोगबाट "सबैको लागि घर-घरमा मानव अधिकारः शान्ति र विकासको आधार" भन्ने आह्वानलाई साकार पार्न मानव अधिकार प्रवर्धन कार्यलाई विशेष प्राथमिकतामा राखी कार्य भएका छन्। यस वर्ष संवर्धनसम्बन्धी जम्मा १३८ कार्यक्रम भएकोमा २४ प्रकाशन, ४८ प्रेस विज्ञप्ति र २० ओटा प्रेस नोट जारी गरिएको छ।

उल्लिखित उपलब्धि हासिल भए पनि आयोग अहिले पनि चुनौतीको बीचमा छ। विश्वव्यापी रूपमा फैलिएको कोभिडबाट आयोग पनि बाहरि रहन सकेको छैन। यसको प्रत्यक्ष प्रभाव आयोगको कामकारबाहीमा पर्न गएको छ। आयोगका सिफारिसहरू पूर्ण रूपमा कार्यान्वयन हुन सकेका छैनन। यी चुनौतीलाई सम्बोधन गर्न आयोगले सरकार एवम् सरोकारवालाहरूलाई

घच्घच्याइरहेको छ। यी उपलब्धि र चुनौतीकाबीच आयोग सविधान, ऐन र रणनीतिक योजनामा केन्द्रित भई विगतबाट अनुभव सिक्दै आफ्ना कामकारबाहीहरूलाई समयानुकूल अगाडि बढाइरहेको अवस्था छ।

समग्रमा हेर्दा नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार लगायत समग्र मानव अधिकारको कार्यान्वयन अवस्था सन्तोषजक देखिएको छैन। समाजमा जातीय भेदभावको विद्यमानता, स्वास्थ्य सेवामा सबैको पहुँच नहुनुबाट संविधान प्रदत हक प्रचलनमा अझै सहज वातावरण बन्न नसकेको आभास हुन्छ। वैदेशिक रोजगारमा गएकाहरूमाथि भएको श्रम शोषण, बढ्दो घरेलु हिंसा आदि कारण जनजीवनमा असहज अवस्थामा छ। सीमान्तकृत समुदाय, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्ति, दलित, महिला, अल्पसङ्ख्यक, जेष्ठ नागरिक, अधिकारको संरक्षणमा राज्यले विशेष ध्यान दिन सकेको छैन। फलतः ती वर्ग एवम् समुदायका अधिकारहरू व्यवहारतः सुरक्षित हुन सकेका छैनन्। शान्ति-प्रक्रिया (सङ्क्रमणकालीन न्याय) लाई निष्कर्षमा पुऱ्याउने सरकारी प्रतिबद्धताले अहिले पनि मूर्तरूप लिन सकेको छैन। लामो समय व्यतित हुँदा पनि पीडितले न्याय पाउन सकेका छैनन्। मौलिक हकसँग सम्बन्धित कानुनको निर्माण गरिए पनि नियमावली बन्नुपर्ने लगायत व्यवहारिक कारण पनि कार्यान्वयन पक्ष त्यति सहज र सन्तोषजनक छैन। संविधान प्रदत सरकारहरूबीचको साझा अधिकारबीच कानुनहरू निर्माण हुन सकेको छैन। यी र यस्ता मुद्दा अहिले पनि चुनौतीको रूपमा रहेका छन्, जसलाई सम्बोधन गर्नु आवश्यक छ।

अन्त्यमा, इन्सेकद्वारा प्रकाशित यस नेपाल मानव अधिकार वर्ष पुस्तकको नियमित प्रकाशनले नेपालको मानव अधिकारको अवस्था, मानव अधिकार उपभोगमा वाधा व्यवधान पुग्ने विभिन्न घटनाहरू, राज्यका निकायहरूबाट निर्वाह गरिएको भुमिकाको प्रभावकारिता एवं मानव अधिकारको अवस्था सुधार गर्न राज्यका निकायहरूले खेल्नुपर्ने भूमिका र जवाफदेहिता सम्बन्धमा यस क्षेत्रमा कार्यरत सबै सङ्घ सस्था तथा व्यक्तिहरूलाई समेत जानकारी गराउन सहयोग पुग्ने अपेक्षा समेत गरेका छौँ।

मुरारीप्रसाद खरेल

का.मु. सचिव, राष्ट्रिय मानव अधिकार आयोग

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

मानव अधिकार सचेतनाको अभिवृद्धि, पैरवी र खबरदारी गर्ने संस्थाको रूपमा क्रियाशील अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को मानव अधिकारको क्षेत्रमा लामो योगदान रहँदै आएको छ। सन् १९९२ देखि नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरिरहेको यस संस्थाले यस वर्ष पनि नेपाल मानव अधिकार वर्ष पुस्तक, २०२२ प्रकाशन गर्न लागेकोमा मन्त्रालय खुशी व्यक्त गर्दछ। हरेक वर्ष प्रकाशन हुने यस पुस्तकमा नेपालमा मानव अधिकारको अवस्थाको चित्रण गरिने हुँदा यो पुस्तक मानव अधिकारको संरक्षण, संवर्द्धन गर्ने निकायका लागि उपयोगी हुनेछ भन्ने कुरामा विश्वस्त छौँ।

आर्थिक समानता, सामाजिक न्यायको सुनिश्चितता, शिक्षा, स्वास्थ्य रोजगारीको हकको प्रत्याभूति सबै मानव अधिकारसँग जोडिएका विषय हुन्। मानव अधिकारका यिनै विषयहरूलाई व्यवहारमा प्रत्याभूत गर्न नेपालको संविधानले प्रायः सबै अधिकारलाई मौलिक हकको रूपमा प्रत्याभूत गरेको छ। साथै नेपाल सरकारका नीति तथा कार्यक्रमहरू सबै मानव अधिकारको संरक्षण र संवर्द्धनलाई केन्द्रविन्दुमा राखेर तयार तथा कार्यान्वयन गरिएका छन्। त्यसैगरी, संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्रको हैसियतले मानव अधिकारको सन्दर्भमा सम्पादन गर्नुपर्ने दायित्वहरूलाई समेत नेपालले पूरा गर्दै आएको छ।

हरेक ४ र २ वर्षमा हुने विश्वव्यापी आवधिक पुनरावलोकन अन्तर्गत नेपालको तेस्रो चक्रको विश्वव्यापी आवधिक पुनरावलोकन गत जनवरी २०२१ मा सम्पन्न भइसकेको छ। उक्त आवधिक पुनरावलोकनबाट प्राप्त सिफारिसहरूलाई कार्यान्वयन गर्ने सन्दर्भमा विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) मार्फत प्राप्त सिफारिस कार्यान्वयन कार्ययोजना (२०७८-२०८२) को मस्यौदा तयार भइसकेको छ। उक्त मस्यौदामा सम्बन्धित सरोकारवाला मन्त्रालय, निकाय र नागरिक समाजसँग छलफल र अन्तरक्रिया गरी अन्तिम रूप प्रदान गर्ने कार्यका लागि तयारी भइरहेको छ। विश्वव्यापी आवधिक पुनरावलोकन (तेस्रो चक्र) को प्रतिवेदन तयारीको क्रममा नागरिक समाजसँग भएको छलफलमा इन्सेकबाट प्राप्त भएको सहयोग र सहकार्य कार्ययोजना (२०७८-२०८२) को मस्यौदामा

हुने नागरिक समाजसितको छलफलका लागि समेत प्राप्त हुने आशा गरेको छु । यसका साथै मानव अधिकारसम्बन्धी पाँचौ राष्ट्रिय कार्ययोजनाको प्रभावकारी कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय तहमा प्रचार प्रसार तथा कार्यान्वयनमा पैरवी एवम् नागरिक समाजको तर्फवाट अनुगमन सम्वन्धी कार्यमा समेत इन्सेकसँग निरन्तर सहकार्य हुने मन्त्रालयले अपेक्षा गरेको छ।

अन्त्यमा, मानवीय मूल्य मान्यता र मानव अधिकारको संरक्षणप्रतिको दायित्व राज्य लगायत सबैको हुने स्मरण गराउँदै मानव अधिकारको क्षेत्रमा इन्सेकले पुऱ्याएको योगदानका लागि धन्यवाद दिन चाहान्छौं । इन्सेकले विगतमा प्रकाशन गरेका मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको स्थितिको विश्लेषणमा गरेको योगदानको स्मरण गर्दै यस वर्ष प्रकाशन हुन लागेको यस 'नेपाल मानव अधिकार वर्ष पुस्तक, २०२२' मानव अधिकारको क्षेत्रमा प्रत्यक्ष अप्रत्यक्ष रूपमा जोडिएका सबैका लागि महत्पूर्ण श्रोतको रूपमा रहोस् र यसले मानव अधिकारको सम्मान, संरक्षण र संवर्द्धनका लागि अवलम्बन गर्नुपर्ने सुधारका क्षेत्र, सामना गर्नुपर्ने चुनौती र सिकाइको अवसरका साथै मानव अधिकारको संरक्षण गर्न थप प्रेरणा प्रदान गरोस् भन्ने शुभकामना दिन चाहान्छौं।

श्रद्धा रिजाल
उपसचिव
मानव अधिकार तथा अन्तर्राष्ट्रिय सन्धि
सम्झौता महाशाखा

परराष्ट्र मन्त्रालय

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ को रूपमा मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्ने आफ्नो परम्परामा थप एउटा अध्याय थपेकोमा परराष्ट्र मन्त्रालय खुशी व्यक्त गर्दछ। यस प्रयासको सफलताको कामना मन्त्रालयले गर्दछ।

सन् २०२१ मा, नेपालले राष्ट्रिय र अन्तर्राष्ट्रिय दुवै स्तरमा मानव अधिकार, लोकतन्त्र, विधिको शासनको संरक्षण र प्रवर्धनमा वकालत गरेको छ ।

नेपालले अन्तर्राष्ट्रिय स्तरमा महिलाविरुद्धको हिंसादेखि चरम गरिबी, विचार र अभिव्यक्ति स्वतन्त्रताको अधिकार संरक्षण र न्यायपालिकाको स्वतन्त्रता जस्ता व्यापक विषयहरूलाई समेट्ने मानव अधिकारको अवस्थाबारे विभिन्न अन्तरक्रियात्मक संवादहरूमा बहुमूल्य योगदान पुऱ्याएको छ।

२४ औँ अन्तर्राष्ट्रिय मानव अधिकारसम्बन्धी महासन्धि र प्रतिबद्धताहरूको साथसाथै नौ प्रमुख अन्तर्राष्ट्रिय मानव अधिकार संयन्त्रहरूसहित पक्ष राष्ट्रकोरूपमा रहेको नेपाल आ नो क्षेत्रीय र राष्ट्रिय प्रतिबद्धताका साथै अन्तर्राष्ट्रिय, क्षेत्रीय र राष्ट्रिय मानवअधिकार दायित्वहरूप्रति दृढताका साथ प्रतिबद्ध रहेको छ।

आफ्नो राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय सहभागितामा, नेपालले भौतिक, वस्तुगत वा दुवै माध्यमबाट राजनीतिक, सांस्कृतिक र सामाजिक अधिकारको उपभोगका लागि स्वतन्त्र र निष्पक्ष लोकतान्त्रिक प्रणालीको लागि स्पष्ट रूपमा वकालत गरेको छ।

आफू सदस्य भएका सबै अन्तर्राष्ट्रिय सन्धि निकायहरूलाई नेपालले विधिवत रूपमा प्रतिवेदनका दायित्वहरू पूरा गर्दै आएको छ । जसमा सबै प्रश्नावलीहरूको जवाफ दिने, समयमै प्रतिवेदनहरू पठाउने र स्वेच्छिक रूपमा पनि माग गर्दा प्रतिक्रिया र रायहरू उपलब्ध गराउँदै आएको छ।

नेपालले मानव अधिकार परिषद्मा आवधिक प्रतिवेदन पेश गर्दै आएको छ। सक्रिय सदस्यका रूपमा मानव अधिकार परिषद् र सिडमा नेपालको योगदान उल्लेखनीय थियो।

राष्ट्रिय स्तरमा नेपालले बालबालिका, महिला, सीमान्तकृत जनता लगायत सबै जनताको अधिकारको रक्षाका लागि प्रयास गरेको छ। त्यसैगरी, समानुपातिक कार्यसम्पादन, योग्यता र स्वतन्त्रतासहितको संवैधानिक निकायको रूपमा स्थापना भएको राष्ट्रिय मानव अधिकार आयोगले नेपालमा मानव अधिकारका मुद्दाहरूको संरक्षकको रूपमा काम गरिरहेको छ।

नेपालले लैङ्गिक समानता र महिला सशक्तिकरणमा पनि उल्लेखनीय प्रगति गरेको छ । संघीय र प्रदेश सभामा ३३ प्रतिशत र स्थानीय तहमा ४० प्रतिशत महिलाको अनिवार्य सहभागिता हुनुपर्ने कानुनी व्यवस्था छ।

नेपालको संविधानमा प्रत्याभूत गरिएका आधारभूत अधिकारदेखि मानव अधिकार सचेतना, कारागार सुधार र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकायबाट गरिएका सिफारिसहरूको कार्यान्वयनसम्मका विविध विषयहरू समेटिएको मानव अधिकारसम्बन्धी पाँचौँ राष्ट्रिय कार्ययोजना हाल कार्यान्वयनमा छ।

नेपालले सन् २०२५ सम्ममा सबै प्रकारका

बालश्रम अन्त्य गर्ने प्रतिबद्धता जनाएको छ। विकासको मूलधारबाट बाहिर भएकाहरूको प्रतिनिधित्वको अधिकार कानुनद्वारा सुनिश्चित गरिएको छ। अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको रक्षा गर्ने योजना र नीतिहरू पनि रहेका छन्। नेपालको भूमिकालाई सराहना गर्नुको साथै अन्तर्राष्ट्रिय समुदायले २०१७–२०१९ सम्म कोलम्बो प्रक्रियाको अध्यक्ष र अवुधावी संवादको सदस्यको रूपमा स्वीकार गरेको छ।

सन् २०२६ देखि लागु हुने गरी पाँच वर्षको तयारी अवधिसहित नेपाल अति कम विकसित देश (एलडिसी) श्रेणीबाट उत्तीर्ण हुन प्रयासरत रहेको छ।

नेपालको विकासको पथमा स्नातक तहको सिफारिसलाई एउटा महत्त्वपूर्ण कोसेढुङ्गाको रूपमा लिएका छौँ। यस स्नातक तहले दिगो विकास लक्ष्यहरू र अन्य साझा अन्तर्राष्ट्रिय आकांक्षाहरू प्राप्त गर्न थप गति दिनेछ भन्ने हामी आशावादी रहेका छौँ।

संयुक्त राष्ट्र सुरक्षा परिषद्ले द्वन्द्वको रोकथाम र समाधान, शान्ति वार्ता, शान्ति स्थापना, मानवीय प्रतिक्रियामा महिलाहरुको भूमिका महत्वपूर्ण रहेको भनी पुनः पुष्टि गर्नुको साथै सबै पक्षहरूलाई संयुक्त राष्ट्र शान्ति र सुरक्षाका प्रयासमा महिलाको सहभागिता बढाउन र लैङ्गिक दृष्टिकोणलाई समावेश गर्न आग्रह गरेको छ।

नेपालले यूएन सुरक्षा परिषद्को प्रस्ताब नं १३२५ संकल्पमा पहिलो राष्ट्रिय कार्य योजना (नएप–प्रथम) लाई सफलतापूर्वक कार्यान्वयन गरेको छ र सकेसम्म चाँडो (नएप–द्वितीय) लाई अन्तिम रूप दिँदैछ।

संयुक्त राष्ट्रसङ्घको ७६ औँ सत्रमा नेपालले अर्थपूर्ण सहभागिता जनाउँदै सबै मानव अधिकार विश्वव्यापी, अविभाजित, अन्तरसम्बन्धित, एक अर्कामा निर्भर र पारस्परिक रूपमा सुदृढ हुने कुरा दोहोऱ्यायो।

समानता, भेदभावरहित, न्याय र कानूनको शासन जस्ता विश्वव्यापी मान्यताका आधारभूत मूल्यमान्यताहरूमा आधारित मानव अधिकार संविधानको आधारस्तम्भ हो भन्दै राष्ट्र संघलगायत अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालले राष्ट्रिय कानून, नीति र अभ्यासहरूमा यी कुरालाई विधिवत रूपमा समावेश गरेको भनी बताउँदै आएको छ।

जनवरी २०२१ मा नेपालको विश्वव्यापी आवधिक समीक्षा (यूपिआर) को तेस्रो चक्रको राष्ट्रिय प्रतिवेदन प्रस्तुतिको क्रममा, देशहरूले मानव अधिकारको संरक्षण र प्रवर्द्धनमा नेपालको प्रतिबद्धताको प्रशंसा गरे र गरिएका सिफारिसहरूको सफल कार्यान्वयनको लागि शुभकामना पनि दिए।

प्रक्रियाका क्रममा ९८ संयुक्त राष्ट्रसङ्घका सदस्य राष्ट्रहरूले जम्मा २ सय ३३ वटा सिफारिसहरू प्रस्तुत गरेका थिए जसमध्ये नेपालले १ सय ९६ वटा सिफारिसलाई समर्थन गरेको थियो भने बाँकी ३७ वटा सिफारिसलाई टिपोट गरेको थियो।

उल्लेखित सिफारिसहरूका सम्बन्धमा नेपालले आवश्यक कानुनी, नीतिगत र संस्थागत पूर्वाधारको विकास र समानुपातिक वित्तीय स्रोतहरूसहितको विद्यमान कार्यान्वयन क्षमताको थप मूल्याङ्कन आवश्यक रहेको विश्वास गरेको छ। नेपाल यूपीआर सिफारिसलाई कार्यान्वयन गर्न कार्ययोजना तयार गर्ने क्रममा रहेको छ।

नेपालले चरम गरिबी र मानव अधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घको विशेष प्रतिवेदकको २२ नोभेम्बरदेखि ३ डिसेम्बर २०२१ सम्मको भ्रमणलाई नेपालले स्वागत र सहयोग प्रदान गरेको छ। सो भ्रमण गरिबीविरुद्ध लड्न र जनताको मानव अधिकारको संरक्षण गर्ने प्रयासहरूको मूल्याङ्कन गर्ने उद्देश्यले गरिएको थियो।

नेपालमा गरिबी विशेष प्रतिवेदकको भ्रमणका क्रममा विशेष प्रतिवेदकले संघ, प्रदेश र स्थानीय तहका संवैधानिक निकायका प्रमुख, सरकारी निकायका प्रमुखसँग भेटघाट गर्नुका साथै कृषि तथा घरेलु काममा संलग्न नेपाली परिवारसँग भेटघाट गरेको थियो।

कोभिड महामारीले मानव अधिकारको क्षेत्रमा नयाँ आयाम थपेको छ। नेपालले राष्ट्रियता र आर्थिक हैसियतलाई ध्यान नदिई कोभिड १९ विरुद्धको खोपमा सबै मानिसहरूको समान पहुँच सुनिश्चित गर्नको लागि वकालत गरेको छ।

नेपालले आफ्नो नागरिकलाई खोप र घरेलु मोर्चामा आवश्यक चिकित्सा सहयोग उपलब्ध गराउँदै महामारीको विपत्तिसँग लड्न क्षेत्रीय र बहुपक्षीय तहमा आ नो संलग्नता जारी राखेको छ। परराष्ट्र मन्त्रालयले पनि आवश्यक परेको बेला उद्धार र स्वदेश फिर्ता गर्ने काम गर्दै आप्रवासी कामदारलाई सेवा जारी राखेको छ।

सन् २०२१ लाई अझै पनि विश्वव्यापी महामारीले असर पुऱ्याएको थियो, यद्यपि नेपाल आ नो सीमाभित्र र बाहिर मानव अधिकारको संरक्षण र प्रवर्द्धन गर्न प्रतिबद्ध छ र अन्तर्राष्ट्रिय समुदायसँग रचनात्मक रूपमा संलग्न हुन तत्पर रहेको छ।

गृह मन्त्रालय

नेपाल सरकार (कार्यविभाजन) नियमावली, २०७४ को परिधिमा रही यस मन्त्रालयले प्रचलित नेपाल कानुन, संवैधानिक मार्गदर्शन र अन्तर्राष्ट्रिय प्रतिबद्धतासमेतलाई आधार मानी मानव अधिकारको सम्मान, संरक्षण संवर्द्धन र प्रवर्द्धन गर्दै आएको छ। राष्ट्रिय मानव अधिकार संस्थाहरूसँग समन्वय, सहकार्य र सम्बन्धसमेत स्थापित गरी कार्य सम्पादन गरिएको छ। यस अवधिमा मन्त्रालयले सम्पादन गरेका मुख्य कार्यहरू देहायअनुसार छन् :

१. राष्ट्रिय मानव अधिकार आयोगको निर्णयबमोजिम पीडकलाई कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन प्राप्त सिफारिस कार्यान्वयन गरिएको,
२. मानव अधिकार हनन् सम्बन्धमा परेका उजुरीका विषयमा छानबिन गर्ने गरिएको,
३ मानव अधिकारसँग सम्बन्धित विभिन्न विषयमा प्रतिवेदन तयार गर्ने प्रयोजनका लागि सम्बन्धित निकाय वा व्यक्तिलाई ष्लउगतक उलब्ध गराउने गरिएको,
४. नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी प्रतिज्ञापत्र–ICCPR को आवधिक प्रतिवेदन अन्तिम मस्यौदा तयारी सम्बन्धमा राय सुझाव सङ्कलनसम्बन्धी प्रदेशस्तरीय अन्तरक्रिया/छलफल कार्यक्रम गरिएको,
५. International Convention against Torture and Other Cruel, Inhuman or Degrading Treatment or Punishment (CAT) सम्बन्धी आवधिक प्रतिवेदनहरू तर्जुमासम्बन्धी कार्य अगाडि बढाएको।

अनौपचारिक क्षेत्र सेवा केन्द्रद्वारा प्रत्येक वर्ष प्रकाशित हुँदै आएको मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र संवर्द्धनमा सकारात्मक भूमिका खेल्ने छ भन्ने अपेक्षा गर्दै यस अभियानमा गृह मन्त्रालयको सदा सक्रिय सहभागिता रहँदै आएकोमा आगामी दिनमा पनि सरोकारवाला निकायहरूसँग सहकार्य र समन्वय कायम हुने नै छ।

यद्यपि, विश्वव्यापी महामारी, स्रोतसाधनको न्यूनता, प्राकृतिक प्रकोपले गर्दा यस मन्त्रालयबाट सम्पादन हुने मानव अधिकारसँग सम्बन्धित कार्यहरूमा प्रभावकारिता ल्याउन हदैसम्मको प्रयास गर्नु परेको अवस्था विद्यमान छ। अन्त्यमा, मानव अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र संवर्द्धन नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ ले थप सहयोगी भूमिका निर्वाह गरोस्।

हरिचन्द्र बुढा
शाखा अधिकृत

राष्ट्रिय महिला आयोग

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को नेपालमा मानव अधिकार क्षेत्रमा विशिष्ट पहिचान र भूमिका रहँदै आएको छ। यस संस्थाबाट प्रत्येक वर्ष प्रकाशन हुँदै आएको मानव अधिकार वर्ष पुस्तकले नेपालमा मानव अधिकारको समग्र पक्षलाई उजागर गर्दै आएको विषय अत्यन्त प्रशंसनीय छ। इन्सेकको मानव अधिकार वर्ष पुस्तकले वर्षभरि देशमा घटेको मानव अधिकार उल्लङ्घन र विश्लेषण गरी विभिन्न निकायहरूको ध्यानाकर्षण गर्दै आएको छ जसले गर्दा मानव अधिकार संवर्द्धनमा यसबाट ठूलो सहयोग पुग्दै आएको छ।

संविधानले राष्ट्रिय महिला आयोगलाई संवैधानिक मान्यता दिई यसको अधिकारमा वृद्धि गरी आयोगलाई महिला अधिकार, सशक्तिकरण, जनचेतना अभिवृद्धि लगायतका क्षेत्रमा अनुगमन गर्ने संवैधानिक अंगकारूपमा स्थापित गरेको छ। महिलालाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हकको पूर्ण कार्यान्वयन गर्दै महिलालाई राज्यको नीति निर्माण तहमा अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने लगायत अन्य थुप्रै हक अधिकारहरूको कार्यान्वयनलाई जोड दिने पनि कार्य पनि राष्ट्रिय महिला आयोगको जिम्मेवारीभित्र पर्दछ।

नेपालमा पटक पटक भएको राजनीतिक परिवर्तन र ती परिवर्तनहरू पश्चात राज्यले अवलम्बन गरेका संविधान लगायत नीति नियम र कानूनहरूले महिला अधिकारको सुनिश्चितता र समाजमा व्याप्त रहेको लैङ्गिक विभेदको अन्त्य गर्ने संकल्प गरेतापनि त्यसको प्रभावकारी कार्यान्वयनको पक्ष त्यति बलियो देखिँदैन । संविधानमा सुनिश्चित गरिएका मानव अधिकार र महिला अधिकारहरूको प्रभावकारी कार्यान्वयन तथा आर्थिक, सामाजिक र राजनीतिक सशक्तिकरणमा जोड दिनु प्रमुख आवश्यकता देखिएको छ।

आयोगले लैङ्गिक न्याय सुनिश्चित गर्ने सन्दर्भमा नेपाल सरकारका विभिन्न मन्त्रालय, विभाग तथा निकायहरूबाट पहलकदमी लिनुपर्ने विषयमा सुझाब तयार गरी कार्यान्वयनका लागि सम्बन्धित निकायहरूमा सिफारिस गरेको छ।

संवैधानिक मान्यता प्राप्त गरेको झण्डै पाँच वर्षपछि राष्ट्रिय महिला आयोगमा आ.ब २०७७/७८ मा आयोगमा अध्यक्ष र चार जना सदस्यहरूको नियुक्ति भई आयोगले पूर्णता पाएको छ। पदाधिकारीहरूको नियुक्ति र पदवहालीसँगै महिला हक अधिकारको संरक्षण र संवर्द्धन तथा महिला हिंसाका घटनाहरूको सम्बोधनमा आयोगको क्रियाशीलता बढ्न पुगेको छ।

आ.व. २०७७/७८ मा आयोगमा लैङ्गिक हिंसासम्बन्धी १ हजार ५ सय ७० ओटा उजुरीहरू दर्ता भएका छन्। जसमध्ये १ हजार ३ सय ५२ (८६ प्रतिशत) उजुरीहरू घरेलु हिंसासँग सम्बन्धित छन् भने २ सय १८ (१४ प्रतिशत) उजुरीहरू महिला हिंसासँग सम्बन्धित छन्। कूल उजुरीहरूमध्ये ९ सय ओटा उजुरीहरू फर्स्यौट भइसकेको अवस्था छ । आयोगमा दर्ता भएका उजुरीहरूमध्ये सबैभन्दा बढी ५४ प्रतिशत उजुरीहरू २६ देखि ४० वर्ष उमेर समूहको रहेको छ। उजुरी दर्ता भएका हिंसाका घटनाहरूमध्ये महिलामाथि मानसिक यातना, कुटपिट, आर्थिक यातना र चरित्र हत्यासम्बन्धि घटनाहरू क्रमशः अधिक रहेका छन्।

राष्ट्रिय महिला आयोगले संविधान र कानुनमा व्यवस्था भए अनुसारका अधिकारका बारेमा प्रदेश तथा स्थानीय तहमा प्रतिनिधिमूलक ढङ्गमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ । आयोगले गम्भीर हिंसाका घटनाहरूका साथै विभिन्न सेवाप्रदायक संस्थाहरूको अनुगमन गरी नेपाल सरकारलाई सुझाब पेश गर्दै आएको छ। यसको साथै आयोगले अध्ययन, अनुसन्धानलाई जोड दिदै आ.व. २०७७/७८ मा सिड कमिटी बाट नेपालको छैठौँ आवधिक प्रतिवेदन उपर प्राप्त निष्कर्ष सुझाब कार्यान्वयनको अवस्थासम्बन्धमा अध्ययन गरी नेपाली र अंग्रेजी भाषामा प्रतिवेदन प्रकाशन गरेको छ।

हामी राज्य पुनःसंरचनाको नीति अनुरूप प्रदेश र स्थानीय तहमा आयोगका संरचनाहरू र सम्बन्ध स्थापित गरेर संवैधानिक जिम्मेवारी र दायित्वलाई अ विस्तार गर्ने कार्यमा लागिरहेका छौँ । आयोगलाई संरचनागत र अन्य आर्थिक, राजनीतिक, प्रसाशनिक लगायत यसका सुझाब र सिफारिसहरूको बाध्यकारी कार्यान्वयनका लागि कानुनी पक्षहरूलाई समेत सुदृढ गर्ने लैजानु पर्नेछ। यसको साथै, महिला हक अधिकारको प्रवर्द्धन गर्ने तथा महिला हिंसाको रोकथाम र महिलाका लागि न्यायको सुनिश्चितता गर्ने कार्यमा आयोग निरन्तर लागिरहेको छ भन्ने विश्वासलाई कार्यमा बदल्न अ रफ्तारका साथ काम गर्नु पर्नेछ।

यसका लागि आयोग सबै पक्ष र सरोकारवालाहरूसँग संवाद गर्न र निरन्तर सहकार्य गर्न चाहान्छौँ । आयोगले नेपालमा महिलाको राजनीतिक, आर्थिक, सामाजिक, प्रशासनिक अवस्थाहरूको स्थितिसहितको पुस्तिकालाई अब हरेक वर्ष प्रकाशन गर्ने योजना बनाएको छ । यसले यस क्षेत्रमा काम गर्ने सरोकारवालाहरूको लागि श्रोत पुस्तिकाकोरूपमा मात्रै नभएर नीति निर्माण र योजनाहरूको खाका तयार गर्न समेत सहयोग पुऱ्याउँछ भन्ने हामीले आशा गरेका छौँ।

कोभिड–१९ को कारण सृजित बन्दाबन्दीको समयमा समेत आयोगले आ नो सेवाहरू निरन्तर सञ्चालन गरिरहेको छ। आयोगको कार्यलाई सहयोग पुऱ्याउन र सेवा प्रवाहलाई प्रभावकारी बनाउन यस क्षेत्रका सरकारी तथा गैरसरकारी विभिन्न सङ्घसंस्था र जिम्मेवार निकायबीच आयोगले समन्वय र सहकार्य गर्दै आएको छ र भविष्यमा पनि यस्तो समन्वय र सहकार्यले प्राथमिकता पाउने नै छ।

अबका वर्षहरूलाई महिलाका लागि संविधान लगायत कानुनहरूमा सुनिश्चित भएका हक अधिकारहरूको प्रभावकारी कार्यान्वयनको वर्षको रूपमा मनाउनु पर्दछ । राष्ट्रिय महिला आयोग यस कार्यका लागि यसक्षेत्रमा कार्यरत सबै सरकारी तथा गैरसरकारी सङ्घ संस्थाहरूको ध्यान आकृष्ट गर्दै समन्वय र सहकार्यका लागि आह्वान गर्दछौँ।

शैलजा रेग्मी भट्टराई
सचिव

थारू आयोग

नेपालसहित विश्वका धेरै मुलुकमा कोभिड–१९ का कारण वर्ष २०२१ मा मानव अधिकारको स्थिति राम्रो रहेन । कोभिडका कारण रोजगारीका अवसरहरू गुम्न गए। थारू समुदायका अधिकांश युवाहरू देशभित्रै निर्माणका क्षेत्रमा कार्यरत थिए । उनीहरूले समयमै आफ्नो ज्याला पाउन सकेनन्। निर्माण कार्य बन्द हुन जाँदा दैनिक खाना र बस्ने ठाउँको समस्या बेहोर्नु पऱ्यो । बन्दाबन्दीका कारण उनीहरू आफ्नो घरसम्म जाने सवारी साधन उपलब्ध हुन सकेन । घर बाहिर

निस्केर कामको खोजी गर्न पनि नसक्ने, घरभित्र बसेर खाना र डेराभाडा पनि तिर्न नसक्ने स्थिति हुँदा पश्चित कैलाली, कञ्चनपुरसम्म र पूर्व झापा, विराटनगरसम्म पैदल यात्रा गरी जानु परेको थियो । यस्तो अवस्थामा थारू आयोगको सम्पर्कमा आएका थारु समुदायका युवाहरूलाई सहजरूपमा घर फिर्ता हुन स्थानीय प्रशासन र सुरक्षा निकायमा सहजीकरणका लागि मौखिक अनुरोध गरिएको थियो ।

देशभर बन्दाबन्दी हुँदा राज्यको उपस्थिति हुन नसकेको क्षेत्रमा स्वास्थ्यका सामान्य मापदण्डहरू नअपनाइएको जानकारी प्राप्त हुँदा आयोगले थारू समुदायको परम्परागत प्रथाजनित संस्था बडघरलाई कोभिड–१९ सम्बन्धी चेतना र सुरक्षाका उपाय अपनाई रोगबाट बच्न र बचाउन जिम्मेवारी दिन नेपाल सरकारलाई सिफारिस गरेको छ । कोभिड–१९ को उपचारका लागि सबै अस्पतालहरूलाई जिम्मेवारी दिनु पर्दा थारू समुदायमा रहेको Genetic रोग सिकलसेल एनिमियाको उपचार गराउनुपर्ने बिरामीले दुःख व्योहोर्नु पऱ्यो । उनीहरू यो रोगको उपचारका लागि नियमितरूपमा अस्पताल जान पाएनन् । कोभिडका कारण सबै बजार र पसलहरू बन्द हुन जाँदा बाली लगाउन समयमा कृषि मल, बीउ र औजारको आपूर्ति हुने सकेन । जसका कारण उत्पादनमा पनि ह्रास हुने देखियो । यस्तो अवस्थामा जिल्ला कोभिड व्यवस्थापन जिल्ला समिति (DCMC) मा थारू समुदायको प्रतिनिधित्व गराउन नेपाल सरकारलाई सिफारिस गरिएको थियो।

यसै वर्ष देशका विभिन्न स्थानमा बाढी, पहिरोका कारण कतिको ज्यान गयो, कति घरबार विहीन बने । बेमौसमी बाढीका कारण मुख्य बालीमा ठूलो क्षति भयो । थारू समुदाय प्रायः कृषिमा निर्भर छ । उनीहरूका लागि आयोगले नेपाल सरकारलाई विभिन्न सुझावहरू दिएको छ ।

वर्ष २०२१ मा थारू समुदायका व्यक्तिहरूको हत्या भएको छ । उदयपुरमा त्रिसला चौधरीको विभत्स हत्या भयो । उक्त हत्याका विषयमा आयोगबाट अनुगमन गरी दोषीलाई कानुनबमोजिम हदैसम्मको सजाय दिन अनुसन्धान भएको छ । घटनाको निष्पक्ष छानविन गर्न स्थानीय प्रशानस र सुरक्षा निकायसँग छलफल गरिएको थियो ।

त्यस्तै बर्दिया जिल्लाको एकै परिवारका तीन जनालाई विद्युत तार खेतमा विच्छ्याइ हत्या गरिएको जानकारी आयोगमा प्राप्त भएको छ । उक्त घटनामा संलग्न दोषीलाई कडा कारबाही गर्त मृतकका परिवारलाई उचित राहत तथा क्षतिपूर्ति दिन आयोगले सम्बन्धित स्थानीय प्रशासनसँग पटक–पटक अनुरोध गरिएको छ ।

कमैया र कमलहरी प्रथाबाट आक्रान्त थारू समुदाय त्यसबाट मुक्तिका लागि आवाज उठाउँदै आएको हो । सरकारले कमैया र कमलरी मुक्तिको घोषणा गरी उनीहरूको उचित व्यवस्थापनका कार्यक्रम सञ्चालन गरेको छ । तर पनि कतिपय कमैयाहरूको गणना गर्न छुट भएको छ । अभिलेखमा रहेका कमैयाहरूले प्राप्त गर्ने सुविधा प्राप्त नभएको, त्यस्तो सुविधा अर्कै व्यक्तिले भोग गरेको, बसोबासका लागि प्राप्त जग्गा नदीले कटान गरेको, वन्यजन्तुका कारण असुरक्षा भएका गुनासाहरू आयोगमा प्राप्त भएको छ । कमलहरी मुक्ति पश्चात उनीहरूको शिक्षा, व्यवसायिक तालिम जस्ता सुविधाबाट बञ्चित हुनु परेको छ । उनीहरूलाई छात्राबासको व्यवस्था गरी उच्चतहसम्म अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था भएको छैन । कतिपय कमलहरीहरू अभिभावकविहीन हुँदा उनीहरूलाई सामाजिक पुनर्स्थापनामा समस्या रहेको छ । केही कमलहरीहरू बेपत्ता पारिएको गुनासाहरू आएका छन् । कमैया र कमलहरीका यस्ता समस्याको समाधानका लागि स्थलगत रूपमै अनुगमन गर्ने कार्य आयोगबाट भइरहेको छ ।

नेपालको संविधानमा उल्लेखित समानुपातिक समावेशीता कार्यान्वयत हुन नसक्दा थारू समुदायले आरक्षणको अधिकार पाउन सकेको छैन । निर्वाचन ऐन, २०७४ मा सङ्घीय संसद र प्रदेश सभा सदस्यका लागि तयार हुने बन्द सूचीका उम्मेदवारका लागि मात्र जनसङ्ख्याका आधारमा थारू समुदायको कोटा निर्धारण भएको छ । यस बाहेक अन्य कुनै पनि ऐनले आरक्षणको व्यवस्था गरेको छैन । यसबाट राज्यको चौथो ठूलो थारू समुदाय राज्यका हरेक निकायमा प्रतिनिधित्व गर्ने अवसर पाउन सकेका छैनन् । संविधान प्रदत्त नैसर्गिक हकबाट यो समुदाय वञ्चित रहन गएकोले सामाजिक समावेशिताका लागि आयोगले सरकारलाई सिफारिस गरेको छ । तर यी सिफारिसको कार्यान्वयन स्थिति शून्य छ ।

समग्रमा वर्ष २०२१ मानव अधिकारको दृष्टिकोणले थारू समुदायका लागि उल्लेखनीय रहन सकेन तर थारू आयोग मानवोचित व्यवहार गरी अधिकार सम्पन्न उत्कृष्ट थारू समुदाय निर्माण गर्न निरन्तर लागिरहेको छ । मानव अधिकारको संरक्षण

संवर्द्धन र विकासका लागि आयोगले यस आर्थिक वर्षमा आवश्यकता तथा औचित्यका आधारमा राष्ट्रियस्तरमा सरोकारवालासँग सहकार्य र समन्वयमा कार्य सम्पन्न गरेको छ। विशेषतः संसदीय समिति, नेपाल सरकार, राष्ट्रिय मानव अधिकार आयोग र अन्य संवैधानिक निकाय, राजनीतिक दल, अन्य मानव अधिकार संस्थासँग निरन्तर सहकार्य गरिहेको छ।

कृष्णकान्त उपाध्याय
सचिव

नेपाली सेना

"मानव अधिकार र मानवीय कानुनको संरक्षण, संवर्द्धन, प्रवर्धन र परिपालनामा दत्तचित्त रहेको र सोही बमोजिम कार्यान्वयन र क्रियान्वयन गरिरहेको"

जीवनप्रसाद दाहाल
प्राड सहायक रथी, निर्देशक

नेपाल प्रहरी

मानव अधिकारको क्षेत्रमा क्रियाशील संस्था अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले यस वर्ष पनि नेपाल मानव अधिकार पुस्तक २०२२ प्रकाशन गर्न लागेकोमा हामीलाई खुशी लागेको छ। सन् १९९२ देखि निरन्तररूपमा देशको मानव अधिकारको अवस्था र स्थितिलाई समेटेर हरेक वर्ष मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आइरहेको यस संस्थाको उक्त कार्य सरहानीय रहेको छ।

समाजमा शान्ति सुरक्षा अमनचयन कायम राख्ने अपराध नियन्त्रण तथा अनुसन्धान गर्ने जिम्मेवारीका साथ नेपाल प्रहरी सङ्गठनको स्थापना भएको हो। नागरिकका संविधान प्रदत्त अधिकारहरू, मौलिक हकहरूको साथै विभिन्न राष्ट्रिय/अन्तर्राष्ट्रिय कानुनबमोजिम सुनिश्चत हक अधिकारको संरक्षण र संवर्द्धन गर्न नेपाल प्रहरीको मुख्य जिम्मवारी र कर्तव्य हो। यही जिम्मेवारी र कर्तव्य निर्वाह गर्नका लागि रायले नेपाल प्रहरीलाई विभिन्न कानुन अधिकारहरू प्रदान गरेको हुन्छ र यिनै कानुनी अधिकारको प्रयोग गरी कानुन राज्यको अवधारणा अनुरूप कानुन कार्यान्वयन गरी मानव अधिकारको संरक्षण र संवर्द्धन गर्दछ। राज्यले सुनिश्चित गरेका मानव अधिकारको हनन्को विषयलाई सङ्गठनले संवेदनशीलताका साथ हेरेको छ।

कानुनी राज्यको मेरूदण्डको रूपमा रहेको मानव अधिकारको संरक्षण तथा संवर्द्धनको लागि सन् २००३ देखि प्रहरी प्रधान कार्यालयमा विशिष्टिकृत इकाइको रूपमा मानव अधिकार सेल स्थापना भई हाल मानव अधिकार उल्लङ्घन अनुगमन इकाइको रूपमा क्रियाशील रहेको छ। साथै उपत्यकास्थित महानगरीय प्रहरी कार्यालय, सात ओटै प्रदेश प्रहरी कार्यालयहरूमा मानव अधिकार शाखा रहेको र जिल्ला प्रहरी कार्यालय एवम् मुद्दा चल्ने इलाका प्रहरी कार्यालयहरूमा मानव अधिकार संरक्षणको लागि focal officer नियुक्त गरी कार्य सम्पादन गरिँदै आएको छ। मानव अधिकारको विषयलाई सङ्गठनले आफ्नो साङ्गठनिक प्राथमिकतामा राखेको हुँदा यस इकाइले मानव अधिकारको संरक्षण तथा संवर्द्धनका लागि प्रवर्द्धनको परिपूर्तिको नीति लिएको छ। सन् २०२१ मा सङ्गठनले मानव अधिकारको क्षेत्रमा गरेका महत्त्वपूर्ण तथा उल्लेखनीय कार्यहरूको सङ्क्षिप्त विवरण निम्नानुसार रहेको छ।

१. मानव अधिकार संरक्षणतर्फ

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, सम्मानित अदालत राष्ट्रिय मानव अधिकार आयोग, सत्य निरूपण मेलमिलाप आयोग, बेपत्ता पारिएको व्यक्तिको छानविन आयोगबाट प्राप्त उजुरी, सिफारिस तथा निर्णय कार्यान्वयन, आवश्यक अनुसन्धा एवम् छानविन गरी भई आएको ादेशको कार्यान्वयन सम्बन्धमा निर्देशन दिइएको।

मानव अधिकारको विषयमा शुन्य सहनशीलताको नीति अवलम्बन गरी प्रहरी कार्यालयहरूमा सबैले देख्ने गरी सम्पर्क नम्बरसहित गुनासो सुन्ने अधिकारीको विवरण राखिएको साथै इमेल, टेलिफोन, नेपाल प्रहरीको वेबसाइट तथा अन्य सामाजिक सञ्जालमार्फत गुनासो गर्न सक्ने सेवा सुविधा तथा प्रावधान लिइएको।

कुनै पनि प्रहरी कार्यालयहरूमा वा प्रहरी कर्मचारीहरूबाट मानव अधिकार उल्लङ्घन भएको भनी उजुरी प्राप्त भएमा वा पत्रपत्रिका, अनलाइन खबर तथा अन्य विविध स्रोतबाट सूचना प्राप्त हुन आएमा सो सम्बन्धमा आवश्यक अनुसन्धान तथा छानविन गरी दोषी देखिएका प्रहरी कर्मचारीलाई विभागीय कारबाही गरिएको।

प्रहरी हिरासतमा हुन सक्ने यातना तथा अमानवीय व्यवहार हिरासत कक्षको व्यवस्थापन जस्ता मावन अधिकारसम्बन्धी विषयहरूलाई उच्च प्राथामिकतामा राखी नियमित र आकस्मिकरूपमा विभिन्न प्रहरी इकाईहरूको अनुगमन गरिएको।

२. मानव अधिकारको संवर्द्धनतर्फ

नेपाल प्रहरमा सञ्चालन हुने सबै प्रकारका आधारभूत तथा उन्नत तालिमहरूमा मानव अधिकारसम्बन्धी प्रशिक्षण प्रदान गरिएको।

वार्षिक तालिम क्यालेण्डरअनुसार पाठ्यक्रम निर्माण गरी Protection and Promotion of Human Rights (TOT), सिनियर प्रहरी अधिकृतहरूलाई र प्रहरी कारबाही तथा मानव अधिकार विषयमा तालिम जुनियर प्रहरी अधिकृत, प्रहरी हवल्दार र प्रहरी जवानहरूलाई प्रदान गर्ने गरिएको हालसम्म २४१६९ जना प्रहरी कर्मचारीहरूलाई तालिम प्रदान गरिएको।

उपत्यकास्थित महानगरीय प्रहरी कार्यालय, रानीपोखरी मातहत कार्यालय, जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय र प्रहरी चौकीहरूमा कार्यरत प्रहरी कर्मचारीहरूलाई प्रत्येक महिना १ दिने मानव अधिकार अनुशिक्षण कार्यक्रम सञ्चालन गरिँदै आइरहेको छ । आर्थिक वर्ष २०७८/०७९ पुस महिनासम्ममा १३ हजार २ सय ४९ जनालाई प्रशिक्षण प्रदान गरिएको।

नेपाल प्रहरीबाट मानव अधिकारको संरक्षण एवम् संवर्द्धनमा अझ बढी सक्षम र व्यवसायिक बनाउन राष्ट्रिय मानव अधिकार आयोग, तालुक गृहमन्त्रालय, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्घ सङ्गठनहरूसँग समन्वय एवम् सहकार्य गरी कार्यहरू गरिएको।

मानव अधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनलाई मुख्य प्राथमिकतामा राखी मुद्दा चल्ने सबै प्रहरी कार्यालयहरूको हिरासत कक्षहरूमा ४ सय ९४ ओटा CCTV जडान गरिएको।

नेपाल प्रहरी र सर्वसाधारण नागरिकबीचको सम्बन्ध सदैव सुमधुर एवम् प्रगाढ रहिरहोस् भन्ने हेतुले उपत्यकालगायत सबै प्रदेश प्रहरी कार्यालयहरूअन्तर्गत जिल्ला प्रहरी कार्यालयहरूले मानव अधिकारसम्बन्धी जनचेतना कार्यक्रम ठाउँठाउँमा प्रत्येक महिना सञ्चालन गर्दै आइरहेको साथै आ. व. २०७८/०७९ को पुस महिनासम्ममा २ सय ८३ ओटा कार्यक्रम सञ्चालन गरी ८ हजार ३ सय ४६ सर्वसाधारण नागरिकहरूलाई मानव अधिकारसम्बन्धी जनचेतना प्रदान गरिएको।

मानव अधिकार विश्वव्यापी सरोकारको विषयवस्तु बनिरहेको अवस्थामा नेपाल प्रहरीले पनि यसलाई साङ्गठनिक प्राथमिकतामा राखी विभिन्न नीति, कार्ययोजना तर्जुमा गरी सोहीअनुरूप कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानव अधिकारको क्षेत्रमा पुऱ्याएको योगदानको लाग धन्यवाद दिन चाहन्छौँ।

विष्णुकुमार केसी
प्रहरी वरिष्ठ उपरीक्षक

सशस्त्र प्रहरी बल, नेपाल

- सशस्त्र प्रहरी बल, नेपालले मानव अधिकार हनन तथा दण्डहीनता प्रश्रय नदिने नीति अवलम्बन गरेअनुरूप सशस्त्र प्रहरी बल, नेपालमा कार्यरत सशस्त्र प्रहरी कर्मचारीहरूबाट मानव अधिकार उल्लङ्घन भएको भनी जुनसुकै माध्यमबाट प्राप्त उजुरी वा घटनाहरूउपर तत्काल अनुसन्धान गरी मानव अधिकार उल्लङ्घन गरेको ठहरिएमा सङ्गठनले कसूरअनुसार सशस्त्र प्रहरी कर्मचारीहरूलाई विभागीय कारबाही गर्ने नीति रहेको।
- नेपाल सरकारको मानव अधिकारसम्बन्धी शून्य सहनशीलताको नीतिलाई सशस्त्र प्रहरी बल, नेपालले पनि अक्षरशः पालना गर्ने/गराउने वातावरण सिर्जना गर्नेतर्फ सक्रियता देखाउनुका साथै सशस्त्र प्रहरी बल, नेपालका सम्पूर्ण कर्मचारीहरूलाई मानव अधिकार संरक्षणप्रति संवेदनशील एवम् सचेत गराउने उद्देश्यले मातहत कार्यालयहरूमा सचेतनासम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आइरहेको।
- राज्यमा शान्ति सुव्यवस्था कायम गर्ने सन्दर्भमा कानुन कार्यान्वयन गराउन बल प्रयोग गर्दा अनुचित बल प्रयोग नहोस् भन्ने हेतुले सशस्त्र प्रहरी बल, नेपालका राष्ट्र सेवकहरूलाई "संयुक्त राष्ट्रसङ्घको बल प्रयोगसम्बन्धी सिद्धान्तमा आधारित रही प्रशिक्षण गराउँदै आएको र साथै यस सङ्गठनमा सञ्चालन हुने उन्नत तथा आधारभूत तालिमहरूको पाठ्यक्रममा मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनसम्बन्धी विषयवस्तुहरूलाई अनिवार्यरूपमा समावेश गरी सशस्त्र प्रहरी बल, नेपालमा कार्यरत सकल दर्जाका सशस्त्र प्रहरी कर्मचारीहरूलाई मानव अधिकारको सैद्धान्तिक तथा व्यवहारिक ज्ञान दिलाउने उद्देश्यअनुरूप सशस्त्र प्रहरी बल, नेपालले वार्षिक तालिम क्यालेण्डर तयार गरी सोही क्यालेण्डरबमोजिम मानव अधिकार अनुशिक्षण तालिम सञ्चालन गरेर सशस्त्र प्रहरी कर्मचारीहरूलाई निरन्तर प्रशिक्षण प्रदान गर्दै आइरहेको।

- तसर्थ सशस्त्र प्रहरी बल, नेपाल मानव अधिकार उल्लङ्घनका घटनाहरूको नियन्त्रण तथा न्यूनीकरण गर्न सदैव सचेत तथा प्रतिबद्ध रहेको हुनाले सन् २०२१ (जनवरी १ देखि डिसेम्बर ३१ तदनुसार वि.सं. २०७७ पुस १७ गतेदेखि २०७८ पुस १६ गतेसम्म) मा सशस्त्र प्रहरी बल, नेपाल परिचालन भएका ठाउँमा मानव अधिकार उल्लङ्घनका घटनाहरू नभएको।
- मानव अधिकारको संरक्षण र संवर्द्धन गर्न एमव् व्यवहारमा लागु गर्न विविध प्रवर्द्धनात्मक गतिविधिहरू अगाडि बढाउनुका साथै मानव अधिकारसँग सम्बन्धित सरकारी तथा गैरसरकारी सङ्घ–संस्थाहरूसँग समन्वय र सहकार्य गरी विभिन्न कार्यशाला गोष्ठी सञ्चालन गर्दै आइरहेको छ।
- यसरी सशस्त्र प्रहरी बल, नेपाल परिचालन हुँदाको अवस्थामा मानव अधिकारको मूल्य र मान्यतालाई विचलन आउन नदिनकै निमित्त सचेत रहेको र मानव अधिकार संरक्षण तथा प्रवर्द्धन सदैव अग्रसर भई कार्य गरिने प्रतिबद्धतासमेत जनाउन चाहन्छौँ।

अन्तमा, मानव अधिकार स्थितिका बारेमा सामाजिक न्यायका निम्ति स्थापित अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)द्वारा वार्षिकरूपमा प्रकाशन गर्ने "मानव अधिकार वर्ष पुस्तक २०२२" को सफलताको कामना गर्दै नागरिकहरूको मानव अधिकार संरक्षण र संवर्द्धनमा यस संस्थाले सदै महत्वपूर्ण योगदान पुऱ्याउनेछ भन्ने विश्वास व्यक्त गर्दछौँ।

युवराज अर्याल, सशस्त्र प्रहरी उपरीक्षक
मानव अधिकार सेल, सशस्त्र प्रहरी बल,
नेपाल प्रधान कार्यालय

नेपाल पत्रकार महासङ्घ

मानव अधिकारको उल्लङ्घनका तथ्याङ्कहरू सङ्कलन गर्दै मानव अधिकार उल्लङ्घनकर्ताहरूलाई खबरदारी गर्ने कार्यमा सराहनीय भूमिका निर्वाह गर्दै आइरहेको इन्सेकले सन् २०२१ (जनवरी १ देखि डिसेम्बर ३१ तदनुसार वि.सं. २०७७ पुस १७ गतेदेखि २०७८ पुस १६ गतेसम्म) को मानवअधिकार उल्लङ्घनका तथ्याङ्कहरू समेटेर नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ प्रकाशन गर्न लागेकोमा शुभकामना दिन चाहान्छौँ।

नेपाल पत्रकार महासङ्घले पनि नेपालको प्रेस स्वतन्त्रताको अवस्थालाई नजिकबाट अध्ययन गरिरहेको छ। महासङ्घले प्रेस स्वतन्त्रता र मानव अधिकारका सम्बन्धमा अनुगमन गर्न अनुगमन डेस्कको स्थापना गरेको छ। अनुगमन डेस्कले सञ्चारकर्मीहरूमाथि हुने आक्रमण, धम्की, अपहरणलगायतका घटनाका बारेमा नियमित अनुगमन र अभिलेखीकरण गर्दै आएको छ।

महासङ्घको अभिलेखअनुसार सन् २०२१ जनवरी १ देखि डिसेम्बर ३१ (वि.सं. २०७७ पुस १७ गतेदेखि २०७८ पुस १६) सम्म ६२ ओटा प्रेस स्वतन्त्रता हनन्का घटनाहरू भएका छन्। ६२ ओटा घटनामा १९० जना पत्रकार पीडित भएका छन् भने ४ सञ्चारमाध्यम प्रभावित हुन पुगेका छन्।

जसमा पत्रकारमाथि ३२ ओटा धम्की तथा दुर्व्यवहारका घटना भएका छन् भने पेशागत असुरक्षाका १० ओटा घटना भएका छन्। त्यस्तै, कब्जा र अवरोधका १० ओटा घटना भएका छन् भने पत्रकार आक्रमणका पाँच ओटा घटना भएका छन् । यसैगरी पत्रकार गिरफ्तारीका ४ ओटा घटना भए भने नीतिगत बन्देजको १ घटना भएको महासङ्घको अभिलेखमा छ।

त्यस्तै यो वर्ष सङ्घ, प्रदेश र स्थानीय सरकारबाट प्रेसविरोधी प्रावधानसहितका सञ्चारसम्बन्धी विभिन्न कानुनहरू बनाउने तथा संसद्मा दर्ता गर्ने काम भएका छन् । संविधानले सुनिश्चित गरेको प्रेस तथा अभिव्यक्ति स्वतन्ताविरूद्ध रहेका विचाराधीन यी कानूनले नेपालको संविधानले प्रत्याभूत गरेको पूर्ण प्रेस स्वतन्त्रताको व्यवस्थालाई समेत चुनौती थपिदिएको छ।

कोरोना महामारीको बहाना पत्रकारको पेशागत सुरक्षा प्रभावित हुन पुगेका छ। एक वर्षको अवधिमा कोरोना भाइरसको बहाना देखाएर विभिन्न सञ्चारगृहबाट ३ सय ५० जना पत्रकारलाई नियमित तलब नदिने, बेतलवी बिदामा राख्ने र जागिरबाट निष्कासन गर्ने काम भएको छ। यसमध्ये झण्डै ३ सय जना पत्रकारको समस्या सम्बोधन भएको छ भने ५० जना पत्रकारको समस्या समाधानका लागि महासङ्घले कानुनी तथा दबाबमूलक पहल गरिरहेको छ।

यी अधिकांश घटनाहरूले देशको समग्र मानव अधिकारको अवस्था बुझ्न सघाउ पुऱ्याउँदछ। यस्ता मानव अधिकार विरोधी कार्यमा राज्यका जिम्मेवार निकाय तथा राजनीतिक दलका नेता तथा कार्यकर्ताहरू लगायतको संलग्नता देखिनु दुर्भाग्यपूर्ण कुरा हो।

विपुल पोखेल, अध्यक्ष
नेपाल पत्रकार महासङ्घ

अनुसूची ५

नेपाल मानव अधिकार वर्ष पुस्तक बारे प्रदेश सरकारका धारणा

प्रदेश १

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले नेपालको मानव अधिकारको क्षेत्रमा गरेका कामहरू प्रशंसनीय छन् । मानव अधिकारजस्तो आधारभूत, नैसर्गिक तथा मौलिक अधिकार हनन् भएका घटनालाई लिपिबद्ध गरेर इन्सेकले हरेक वर्ष नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशित गर्दै आएको छ। मानव अधिकार वर्ष पुस्तकन्का रूपमा आउने यो दस्तावेज मेरो जानकारीअनुसार, हरेक वर्ष परिष्कृत हुँदै आएको छ।

मानवअधिकार वर्ष पुस्तक आधारभूत तहका मानिसको अधिकार स्थापित गराउने एउटा गहकिलो दस्तावेज हो । नेपालको मानव अधिकार अवस्थालाई दस्तावेजीकरण गर्ने कार्यले मानव अधिकारको समग्र अवस्था जनसमुदायसमक्ष पुऱ्याउन, आमनागरिकलाई मानव अधिकार उल्लङ्घनका घटनाप्रति जागरूक बनाउन मद्दत पुग्ने गरेको छ।

यस्ता कार्यले नागरिकलाई आफ्ना आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारप्रति जागरूक हुन अभिप्रेरित गरेको छ। नागरिकको मानवअधिकार रक्षाका लागि जिम्मेवार ओहोदामा रहेकालाई जबाफदेही बनाएको छ । तथ्याङ्कमा आधारित भई घटनाको संक्षिप्त विवरण पनि उल्लेख हुनाले पीडितलाई न्याय प्राप्त गर्न सहज हुने गरेको छ। वर्ष पुस्तक घटनाको अभिलेखीकरणमा मात्र सीमित नभई कानूनी उपचारका लागि जानेलाई एउटा बलियो प्रमाण र आधार हुने गरेको मैले पाएको छु।

मानव अधिकार वर्ष पुस्तकले राज्य पक्ष र गैरराज्य पक्षबाट भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई उजागर गरेको सन्दर्भमा सम्बन्धित पक्षलाई मानव अधिकार संरक्षणमा सचेत रहन प्रेरित पनि गरको छ। यस क्षेत्रमा लागेका सङ्घ–संस्थालाई मानसिक, बौद्धिक उर्जा प्राप्त भई सामाजिक कुरीतिविरूद्ध सशक्त आवाज उठाउन र पैरवी गर्नलाई हौसला प्रदान गरेको छ। साथै, घटनाका दोषीलाई साथ दिने असामाजिक तत्वलाई निरूत्साहित गर्ने–गराउने कार्यमा वर्ष पुस्तकबाट थप मनोबल प्राप्त हुने गरेको छ।

महिला, बालबालिकामाथि हुने सबैखाले रूढीवादी हिंसा न्यूनीकरण गर्न शिक्षा, स्वास्थ्य, न्याय प्रणालीलगायतमा सुधार हुने गरी नीति बनाउन उत्प्रेरित गर्ने खालका प्रतिवेदन प्रकाशन गर्न सकेको अवस्थामा तीनै तहका सरकार जिम्मेवार बन्ने मेरो विश्वास छ। परम्पराका नाममा हुने सामाजिक हिंसालाई आधारभूत तहमै निमिट्यान्न पार्न तीनै तहको सरकारको एकीकृत प्रयास चाहिने भएकाले पनि यो आवश्यक छ भन्ने मेरो बुझाइ छ।

मानव अधिकारको सम्मान, सुदृढ प्रतिरक्षा, न्यायपूर्ण प्रदेशका लागि कानूनी शासनको प्रत्याभूति गर्न र सरोकारवालाहरूको भूमिका प्रभावकारी बनाउन प्रदेश नं. १ सरकार सदैव प्रतिबद्ध छ। आगामी दिनमा पनि निरन्तर प्रयत्नशील रहने प्रतिबद्धता व्यक्त गर्दछ।

राजेन्द्रकुमार राई
मुख्यमन्त्री

मधेस प्रदेश

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), नेपालको संविधानले व्यवस्था गरेअनुसार मानव अधिकारको संरक्षण, संवर्द्धन लगायतको कार्यहरू निरन्तर रूपमा गर्दै आएको छ । यस संस्थाले सर्वसाधारणको मानव अधिकार संरक्षणको क्षेत्रमा खेल्दै आएको भूमिका सराहनीय र प्रसंशनीय छ। यसैबीच इन्सेकले गत वर्ष २०२१ मा भएका मानव अधिकारका घटनाहरूलाई समेटेर विगत झै यही फागुन ७ गते नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ प्रकाशन गर्न लागेको जानकारी पाउँदा हर्षित भएको छु। पुस्तकमा समेटिएका विषय वस्तु मानव अधिकारको संरक्षणमा मधेश प्रदेश सरकारको लागि मार्गदर्शन बन्ने अपेक्षा लिएको छु।

मानव अधिकारको संरक्षणका लागि मधेश

प्रदेश सरकार स्थापना कालदेखि नै सजग र प्रतिवद्ध रहेको छ । अगामी दिनमासमेत मानव अधिकारको संरक्षण गर्दै मानव अधिकार उल्लङ्घनको घटनामा दोषी देखिएकाहरूलाई कडा कारबाहीको लागि हर सम्भव पहल गर्ने प्रतिवद्धता व्यक्त गर्दछु। अन्त्यमा नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ प्रकाशनमा पत्यक्ष अप्रत्यक्ष भूमिका निर्वाह गर्नु हुने सम्पूर्ण टिममा हार्दिक शुभकामना व्यक्त गर्दछु।

लालबाबु राउत
मुख्यमन्त्री

बागमती प्रदेश

मानव अधिकारकर्मी प्रकाश काफ्लेसहितको सक्रियतामा स्थापना भएको अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) नेपालमा मानव अधिकार र सामाजिक न्यायका लागि काम गर्ने उद्देश्यका साथ क्रियाशील रहँदै आएको कुरामा म पनि जानकार छु।

इन्सेकले सन् १९९२ देखि नेपाल मानव अधिकार वर्ष पुस्तक निरन्तर प्रकाशन गर्दै आइराखेको छ । मानव अधिकार वर्ष पुस्तकको यस ३० औँ श्रृङ्खलाको रूपमा मानव अधिकार वर्ष पुस्तक २०२२ प्रकाशन गर्न लागेकोमा म यस प्रकाशनको सफलताको शुभकामना दिन चाहन्छु। मानव अधिकार वर्ष पुस्तक मूलुकको मानव अधिकारको एउटा ऐना जस्तै भएको हुँदा यसले अझ बढी तत्थ्यपरक हुँदा नागरिकका अधिकारमा मात्रै होइन आर्थिक सामाजिक साँस्कृतिक अधिकारको अवस्था पुस्तकमा समेट्दै जाने र यस पुस्तक मानव अधिकारका विषयमा सही सूचना सम्प्रेषण गर्नका लागि सफल हुने छ भन्ने विश्वास लिएको छु।

संविधानले मौलिक हकको रूपमा राखेको मानव अधिकारको संरक्षण गर्नु तीनै तहको सरकारको दायित्वको रूपमा रहनुपर्छ । प्रजातन्त्र बिना मानव अधिकार सम्भव नरहेको परिप्रेक्षमा नेपालमा मानव अधिकार रक्षा एवम् नागरिकमा प्रत्याभूति गर्नका लागि मानव अधिकारवादी संस्थाको रूपमा क्रियाशील हुँदै देशमा प्रजातन्त्र लोकतन्त्र पुनर्स्थापनाका लागि भएका आन्दोलनहरूमा इन्सेकले खेलेको भूमिका सह्रानीय नै छ।

प्रदेश सरकारले संविधानमा मौलिक अधिकारमा सुनिश्चित गरिएको जनताको आधारभूत अधिकार शिक्षा, स्वास्थ्य खाद्य र आवासको अधिकारका लागि नीति तथा कार्यक्रमका साथै बागमती प्रदेश सरकारको न्यूनतम साझा कार्यक्रम २०७८ मा विषेश व्यवस्था गरी कार्यान्वयनमा ल्याएको छ । विद्यालय एवम् क्याम्पसमा उच्च शिक्षा अध्ययन गर्ने छात्राहरूको लागि छात्रावृत्ति कार्यक्रम, एक विद्यालय एक नर्स, कोभिड सङ्क्रमण नियन्त्रणका लागि खोपको सुनिश्चितता, स्वास्थ्य संस्थाहरूमा स्वास्थ्य पूर्वाधार र दक्ष जनशक्तिको व्यवस्थापन, निशुल्क औषधी, खाद्य सुनिश्चिताको लागि कृषि र पशुपालनमा प्रदेश सरकारको अनुदान, दूधमा नगद अनुदान आदि कार्यक्रममार्फत् पूरा गर्ने कोसिस गरिरहेको छ।

आवासविहीनका लागि आवासको व्यवस्था, फुसको छानो विस्थापन कार्यक्रम, अल्पसङ्ख्यक लोपोन्मूख जातिको लागि विशेष आरक्षणसहितका कार्यक्रमहरू कार्यान्वयनमा रहेका छन्। आगामी दिनमा समेत बागमती प्रदेश सरकार नेपालको संविधानले प्रत्याभूत गरेको मानव अधिकारसँग सम्बन्धित विविध विषयहरूलाई कानुन निर्माणमार्फत् संरक्षण गर्ने तथा सरकारले उपलब्ध गराउनुपर्ने सेवाहरू नागरिक माझ पुऱ्याउन बागमती प्रदेश सरकार प्रतिबद्ध छ।

अन्त्यमा बागमती प्रदेश सरकारले लिएको मानव अधिकार कार्ययोजना लागु गर्न इन्सेक लगायतका नागरिक संस्थाहरूसँगको सहकार्य महत्वपूर्ण हुने विश्वास गर्दै प्रदेश सरकारको तर्फबाट पुनः एक पटक शुभकामना व्यक्त गर्दछु।

राजेन्द्रप्रसाद पाण्डे
मुख्यमन्त्री

गण्डकी प्रदेश

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले विगतका वर्षहरूमा जस्तै यो वर्ष पनि नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्न लागेको थाहा पाउँदा निकै खुसी लागेको छ।

लामो समयदेखि मानव अधिकारको क्षेत्रमा क्रियाशील इन्सेकले मान अधिकार उल्लङ्घन, ज्यादती र मानव अधिकार हनन्का पीडितका क्षेत्रमा सराहनीय कार्य गर्दै आएको छ। यी र यस्ता घटना विवरणलाई सङ्कलन गरी तथ्यपरकरूपमा पुस्तक प्रकाशन गरी अभिलेखीकरण गर्ने इन्सेकको कार्य आफैमा प्रशंसनीय छ। जस्तोसुकै कठिन परिस्थितिमा पनि इन्सेकले मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको छ। मानव अधिकार विषयमा अध्ययन, अनुसन्धान गर्नेहरूका लागि यो पुस्तक अत्यन्तै उपयोगी सावित भएको छ।

जिल्ला प्रतिनिधि र यसमा संलग्न समूहको मेहनत निकै नै प्रशंसनीय छ। समाजमा मानवअधिकार उल्लङ्घनका घटनाको स्वरूप बदलिँदो छ। जातीय विभेदलगायत घटनालाई समेत बृहत् रूपमा समेटेर पुस्तकलाई अझै स्तरीय बनाउने प्ररणा मिलोस् भनी शुभकामना व्यक्त गर्दछु।

कृष्णचन्द्र नेपाली पोखरेल
मुख्यमन्त्री

लुम्बिनी प्रदेश

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) नेपालले नेपालको संविधानले व्वस्था गरेको मानव अधिकारका सवाललाई संरक्षण र प्रवर्द्धन गर्ने कार्यमा निरन्तर रूपमा योगदान गर्दै आइरहेको कुराले मलाई खुशी बनाएको छ। मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने कार्यमा अझै निरन्तर सकृय हुनेछ भन्ने कुरामा विश्वस्त छु

लुम्बिनी प्रदेश सरकार मानव अधिकार, शान्ति, सुरक्षा, अमनचयन कायम राख्न हरबखत प्रयासरत छ। मानव अधिकार उल्लङ्घन र हननन्का घटनालाई न्यूनीकरण गर्न सरकारले विभिन्न कार्य गरिरहेको छ। यस कार्यमा सबैले साझा अभियान बनाई अगाडि बढेमामात्र सम्पूर्ण प्रदेशवासी नागरिकलाई मानव अधिकारको प्रत्याभूति दिलाउन सकिन्छ। यसै कार्यमा आफ्ना कार्यक्रमहरूलाई अगाडि बढाउनका लागि प्रदेश सरकारको तर्फबाट निर्देशित गर्दछु।

इन्सेकले संस्थागतरूपमा मानव अधिकारका क्षेत्रमा भए गरेका प्रगति, समस्या र संभावनाका विषयलाई समेटेर २०७८ साल फागुन ७ गते "नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२" प्रकाशन गर्न लागेकोमा हार्दिक शुभकामना व्यक्त गर्दछु।

अन्त्यमा लुम्बिनी प्रदेश सरकारले लिएको मानव अधिकार र जनताको जीवनसँग जोडिएका तमाम विषयमा प्रदेशवासीलाई समृद्ध बनाउनका लागि "समृद्ध लुम्बिनी, आत्मनिर्भर प्रदेश" बनाउने संकल्पको यात्रामा इन्सेकले महत्वपूर्ण योगदान गर्नेछ भन्ने विश्वास गर्दै प्रदेश सरकारको तर्फबाट हार्दिक शुभकामना व्यक्त गर्दछ।

कुलप्रसाद केसी
मुख्यमन्त्री

कर्णाली प्रदेश

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सन् १९९२ देखि नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरेर वर्षभरि घटेका मानव अधिकार उल्लङ्घनका घटना तथा ज्यादतीका तथ्य/तथ्याङ्कको सार्वजनिक गर्ने मानव अधिकार अवस्थाको चित्रण गर्ने र सरोकारवाला पक्षको ध्यानाकर्षण गर्ने कार्य गरिरहेको छ।

जनसङ्ख्याको दृष्टिकोणले सानो भए पनि भूगोलका हिसाबले कर्णाली सवैभन्दा ठूलो प्रदेश हो। सीमित स्रोत तथा साधन र भौगोलिक विकटता आदिका कारण सबैभन्दा धेरै बहुआयामिक गरिबी दर भएको हाम्रो प्रदेशमा बेरोजगारी र गरिबी, उच्च खाद्य असुरक्षा एवम् सङ्कटका साथै स्वच्छ खानेपानी र गुणस्तरीय शिक्षा, जोखिमपूर्ण बस्ती तथा सुरक्षालगायत न्यूनतम भौतिक पूर्वाधारको अभाव रहेको छ। आजको दिनसम्म पनि हाम्रो प्रदेश पूर्णरूपमा राष्ट्रिय सडक सञ्जालमा जोडिन सकेको छैन।

कर्णालीमा प्रदेशमा व्याप्त सामाजिक, सांस्कृतिक, एवम् धार्मिक प्रचलन, छाउपडीजस्ता रूढिवादी संस्कार एवम् परम्परा र कुरीति, जातीय विभेद, बहुबिवाह, अनमेल विवाह, अन्तरजातीय विवाह, दाइजो, कमजोर चेतनास्तर, जुवा, मदिरा सेवन, डर, धम्की, आदिका कारण दैनिकजसो झडप, घाइते, अमानवीय व्यवहार, कुटपिट, बालअधिकार र महिला अधिकारको हनन्, यातना, हत्या, हिंसा, बलात्कार, यौन दुर्व्यहार, बलात्कार प्रयास, सार्वजनिक अपराधजन्य घटनाहरू हुने गरेका छन्। त्यसमा पनि महिला र बालिकामाथि हुने अपराध तथा ज्यादतीका घटनाहरू उच्च रहेका छन्। महिलामाथि हुने यस्ता घटनाहरू राज्यपक्ष भन्दा पनि अन्यपक्ष बढी जिम्मेवार देखिन्छन्। अन्यपक्षबाट हुने यस्ता प्रकृतिका घटनाहरू डर, धम्की, असुरक्षा र मिलोमतोका कारण सार्वजनिक हुन नसकेको अवस्था विद्यमान छ। इन्सेकले आगामी दिनहरूमा मानव अधिकार वर्ष पुस्तकमा दूरदराजमा घटेका तर, सुषुप्त अवस्थामा रहेका सबै खाले मानव अधिकार उल्लङ्घनका घटना र उक्त घटनाको रूट केसहरूको समेत लेखाजोखा एवम् अभिलेख राख्नु आवश्यक छ।

कर्णाली प्रदेश योजना आयोगले आफ्नो पञ्चवर्षीय योजनामा यस पुस्तकलाई सूचना स्रोतका रूपमा राखेको छ। मानव अधिकार अवस्थाको भरपर्दो माध्यम बनेको पुस्तकलाई अव प्रदेशस्तरीय बनाइनु

आवश्यक छ। सङ्घीयताको मर्म अनुसार आ–आफ्नो प्रदेशभित्रका घटनाहरूलाई समेटेर वर्ष पुस्तक प्रकाशन गर्नुका साथै मानव अधिकारसँग सम्बन्धित सूचनालाई थप विश्वसनीय र भरपर्दो बनाउन कर्णालीको आर्थिक, सामाजिक र सांस्कृतिक अवस्था, महिला तथा फरक क्षमता भएका व्यक्तिमाथि भएका घटना, हिंसा, लोपोन्मुख राउटेलगायतका समुदायको अवस्था जस्ता विषय र प्रदेश सरकारले गरेका मानव अधिकारसँग सम्बन्धित नीति कार्यक्रम र कानूनलगायतका विषय पनि समेट्नका लागि सुझाव दिन चाहान्छु।

अन्त्यमा, इन्सकेले हरेक वर्ष प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तक प्रकाशनको निरन्तरताको लागि शुभकामना व्यक्त गर्दछु।

जीवनबहादुर शाही,
मुख्यमन्त्री

सुदूरपश्चिम प्रदेश

प्रदेशको समृद्धि र नागरिकको सुरक्षा तथा आधारभूत अधिकारको प्रत्याभूति दिलाउन नेपालको संविधान, अन्तर्राष्ट्रिय प्रतिवद्धता तथा राष्ट्रिय तथा प्रादेशिक ऐन कानुनको अधीनमा रही प्रदेशको समग्र विकास र सुशासनको पक्षमा विगत चार वर्षदेखि सुदूरपश्चिम प्रदेश सरकार प्रतिबद्ध रहँदै आएको छ। प्रदेश सरकारको नीति तथा कार्यक्रममा सबै प्रकारका भेदभाव उन्मूलन गर्ने, नागरिक स्वतन्त्रता प्रत्याभूति, महिला हिंसा, मानव बेचविखन तथा ओसार पसार लागूऔषध ओसार पसार जस्ता आपराधिक क्रियाकलाप नियन्त्रण गर्ने, मानव अधिकार र सञ्चारको क्षेत्रमा उत्कृष्ट कार्य गर्ने व्यक्तिलाई सम्मान गर्ने, यौनजन्य हिंसा, बलात्कार एसिड आक्रमणजस्ता घटनासम्बन्धी अनुसन्धान, अन्वेषण र पैरवी कार्यमा सहयोग गर्ने सञ्चार जगत, व्यक्ति र सङ्घ संस्थालाई सम्मान गर्ने, स्थानीय तह र सङ्घ संस्थाको साझेदारीमा महिला हिंसामा परेका पीडितहरूलाई परामर्श तथा पैरवी सेवा प्रदान गर्न परामर्श केन्द्र स्थापना गर्ने, वातावरण स्वच्छताकालागि स्थानीय तह र सङ्घ संस्थासँगको साझेदारीमा प्रदुषण नियन्त्रण, फोहर मैला व्यवस्थापन र हरियाली प्रर्वद्धन गर्ने, एकल महिला, मुक्त कमैया, मुक्त कमलरी, वादी, दलित, अपाङ्गता भएका व्यक्ति र द्वन्द्व प्रभावित वर्गका लागि लक्षित कृषि तथा पशुपंक्षी विकास कार्यक्रम जस्ता कार्यक्रम सञ्चालन गर्दै सुशासन, विकास र समृद्धिको पाइलामा अगाडि बढिरहेको अवस्था छ।

सुदूरपश्चि प्रदेश सरकारले मानव अधिकारसँग प्रत्यक्ष सरोकार राख्ने विकाससँग रोजगारी कार्यक्रम, कृषि र पशु बीमा कार्यक्रम, महिला सुरक्षा गृह स्थापना तथा महिला विकास तथा सशक्तीकरण कार्यक्रम, विस्तारित स्वास्थ्य सेवा कार्यक्रम, सबैका लागि शिक्षा सेवा अभियान, एक घर एक धारा कार्यक्रम, मुख्यमन्त्री एकिकृत बस्ती विकास कार्यक्रम, आवास सुधार लगायत कार्यक्रम मार्फत जनपक्षीय सवालको सम्बोधनमा क्रियाशील रहँदै आएको छ।

प्रदेश सरकारले ल्याएको नीति तथा कार्यक्रमहरूको प्रत्यक्ष लाभ जनतासम्म पुऱ्याउने नीति तथा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनमा नागरिक समाज, बुद्धिजीवी, सङ्घ संस्थालगायत सरोकारवालाहरूको पनि उत्तिकै भूमिका र सहयोग आवश्यकता हुने भएकाले सम्बन्धित सरोकारवालाहरूसँग प्रदेश सरकारले समन्वय र सहकार्य गर्दै सहयोग लिँदै आएको छ। नागरिकका आधारभूत अधिकारहरूको सुनिश्चिततासँग मानव अधिकारको प्रत्यक्ष सम्बन्ध रहेकाले त्यसतर्फ सचेत र जिम्मेवार भएर आफ्ना नीति, कार्यक्रम मार्फत अगाडि बढाइरहेको छ।

सदा झैँ यस वर्ष पनि इन्सेकले मानव अधिकार वर्ष पुस्तक मार्फत मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू सारभूत रूपमा समेटी प्रस्तुत पुस्तक तयारी भएको कुरा प्रशंसनीय छ। आगामी दिनमा पनि इन्सेकले यस कार्यलाई निरन्तरता दिनेछ भन्ने अपेक्षा सहित हार्दिक शुभकामना गर्दछु।

त्रिलोचन भट्ट
मुख्यमन्त्री

क्रिया-प्रतिक्रिया

मानव अधिकार व्यक्तिको नैसर्गिक अधिकार हो। हामी मानव अधिकारको विषयमा संवेदनशील छौं। कार्यसम्पादनमा पनि मानव अधिकारमैत्री भाषा प्रयोगदेखि व्यवहार गर्नुपर्छ। मानव अधिकारको विषयमा प्रत्येक जिल्लाका इन्सेकका प्रतिनिधिले सुक्ष्म तरिकाले अध्ययन गरेर पुस्तकमा समावेश गरेको पाइन्छ। देशको मानव अधिकार अवस्थाबारे अध्ययन गर्ने महत्वपूर्ण दस्तावेज हो वर्ष पुस्तक।

उमेश पाण्डे
प्रमुख जिल्ला अधिकारी,जिल्ला प्रशासन कार्यालय, ताप्लेजुङ

नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको दस्तावेज हो। मानव अधिकार वर्षपुस्तकमा आर्थिक,सामाजिक तथा सांस्कृतिक अधिकारको विषय समावेश भएको पाइयो। अधिकारको विषयमा वकालत गर्न वर्षपुस्तक उपयोगी बनेको छ।

आनन्द गौतम
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ शाखा, ताप्लेजुङ

मानव अधिकार र विशेष गरी महिला हिंसा सम्बन्धमा खोज र अनुसन्धान गरी अनुसन्धानमुलक सामग्री र तथ्याङ्कसमेत समावेश गरी प्रकाशन हुने नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको संरक्षण र संवर्द्धनमा भूमिका खेलेको छ। मानव अधिकारको संरक्षण र संवर्द्धन गर्न, समाजमा भएका मानव अधिकार उल्लङ्घनका घटना सार्वजनिक गर्न तथा यससम्बन्मा सचेतना जगाउन पुस्तक कोशेढुङ्गा सावित हुने विश्वाससहित शुभकामना व्यक्त गर्दछु।

शान्तिप्रसाद आचार्य
जिल्ला न्यायाधीश
जिल्ला अदालत, सङ्खुवासभा

इन्सेकले लामो समयदेखि जिल्लाका मानव अधिकार उल्लङ्घनका घटनालाई उजागर गर्न तथा ग्रामीण क्षेत्रमा भएका मानव अधिकार उल्लङ्घनका



घटना उजागर गर्दै मानव अधिकार उल्लङ्घनविरूद्ध लाग्ने प्रेरणा वर्ष पुस्तकमार्फत मिलोस्।

इन्द्र गिरी
अध्यक्ष
नेपाल पत्रकार महासङ्घ, सङ्खुवासभा शाखा

मानव अधिकार संरक्षण र संवर्द्धनमा इन्सेकको भूमिका महत्त्वपूर्ण छ। नेपाल मानव अधिकार वर्ष पुस्तकले अधिकारको सम्मान, संरक्षण र जिल्लामा बहस गर्ने इन्सेकले महत्वपूणद्धर्ण भूमिका खेलेको छ। मानव अधिकार रक्षाका निमित्त निष्पक्ष ढङ्गले इन्सेकले जोडदार आवाज उठाइ राख्न र सोको अभिलेखीकरणको निरन्तरताको अपेक्षा गर्दछु।

लालध्वज सुवेदी
प्रहरी नायब उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, सङ्खुवासभा

मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना पर्याप्त मात्रामा हुने गरेको छ। इन्सेकले वार्षिक रूपमा मानव अधिकार उल्लङ्नका यथार्थ घटना समेटेर नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशनमार्फत सार्वजनिक गर्ने काम गरेको छ। मानव अधिकार उल्लङ्घन गर्नेमाथि भएको कारबाहीका बारेमा पुस्तकमा समेट्न सकियोस्।

सुमन शाक्य
प्रमुख, जिल्ला समन्वय समिति, सङ्खुवासभा

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको अवस्थाको समीक्षात्मक एवम् विश्लेषणात्मक विवरण प्रस्तुत गर्दै आएको छ। यस किसिमको प्रतिवेदनले मानव अधिकार कार्यान्वयनमा संलग्न निकाय र अधिकारीलाई जिम्मेवार र जवाफदेही बनाउन मद्धत पुग्ने अपेक्षा राखेको छु।

दिलकुमार तामाङ
प्रमुख जिल्ला अधिकारी, ओखलढुङ्गा

मानव अधिकार र सामाजिक न्यायको क्षेत्रमा लामो समयदेखि क्रियाशील इन्सेकले विभिन्न कार्यहरू गर्दै आइरहेको छ। मानव अधिकारको अवस्थाबारे बुझ्न नेपाल मानव अधिकार वर्ष पुस्तक उपयोगी छ। मानव अधिकारको संरक्षण गर्दै विधिको शासन प्रत्याभूत गर्न यसको भूमिका अझ सशक्त बनोस्।

लाक्पाजी शेर्पा
अध्यक्ष
नेपाल पत्रकार महासङ्घ शाखा कार्यालय, ओखलढुङ्गा

मानव अधिकार व्यवहारिक अभ्यासको विषय हो। मानिसको जीवनको संवेदनशीलतासँग जोडिएको विषय भएको हुनाले यसलाई औपचारिक तथ्यको विषयमा सीमित नगरी जनताले अनुभूत गर्ने तरिकाले काम गर्न जरूरी छ। यसको प्रमुख जिम्मेवारी राज्यको भए पनि इन्सेक लगायतका गैरसरकारी संस्थाले महत्वपूर्ण भूमिका निभाएका छन्।

नवीन खनाल
श्रेस्तेदार, जिल्ला अदालत ओखलढुङ्गा

मानव अधिकार मानवको नैसर्गिक अधिकार भएकाले यसको संरक्षण र संवर्द्धन गर्न निमित्त राज्यको प्रत्येक नागरिक र नेपाल प्रहरीले एक आपसमा हातेमालो गर्दै अगाडि बढ्न सकिने कुरामा दुईमत छैन। मानव अधिकारको क्षेत्र संवेदनशील र गम्भीर भएकाले सरोकारवालाको निरन्तर अध्ययन अनुसन्धान समन्वय सहकार्य र अनुभव आदान प्रदान गर्न आवश्यक छ। इन्सेकले मानव अधिकारको संरक्षण सम्बन्धमा मानव अधिकार वर्ष पुस्तक प्रकाशन गरी मानव अधिकारको संरक्षणमा टेवा पुऱ्याएको छ।

गोविन्दराज काभ्ले
प्रहरी नायब उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गा

देशमा महिला र बालबालिकाको अवस्था नाजुक छ। तथ्याङ्कमा आधारित रहेर मानव अधिकारको क्षेत्रमा वकालत गरिरहेको इन्सेकले पैरवी कार्यलाई अझ सशक्त बनाउन आवश्यक छ। महिला तथा बालबालिकामाथि हुने सबैखाले हिंसालाई न्यूनीकरण गर्न यो पुस्तक मार्गदर्शक बन्न सकोस्।

लक्ष्मण खड्का
प्रमुख, जिल्ला समन्वय समिति भोजपुर

इन्सेकले जिल्लामा हुने मानव अधिकारका घटनाहरूलाई निष्पक्ष रूपमा उजागर गरेको छ। मानव अधिकार वर्ष पुस्तक प्रकाशनले पीडितले न्याय प्राप्त गर्न सहयोग पुगेको मैले महसुस गरेको छु। महिला, बालबालिका तथा सबै पक्षबाट हुने सबै प्रकारका घटनालाई प्रष्ट पार्न इन्सेकको भूमिका प्रशंसनीय छ।

नवराज कार्की
श्रेष्तेदार जिल्ला अदालत, भोजपुर

वर्ष पुस्तक मानव अधिकारसम्बन्धी घटनाको प्रकृति र घटनाको स्वरूपको विस्तृत अध्ययन गर्न सफल छ। नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू अभिलेख गर्ने दस्तावेज मात्र नभई मानव अधिकारको क्षेत्रमा महत्वपूर्ण भूमिका खेलेको छ।

किरण राई
अध्यक्ष, पौवादुङ्मा गाउँपालिका, भोजपुर

नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालको मानव अधिकारको अवस्था प्रस्तुत गरेको छ। नागरिकका अधिकार तथा राजनीतिक, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका विषयमा समेत पुस्तकमा उल्लेख गरिएकाले बनेका कानुन कार्यान्वयनमा सरोकारवालालाई घच्घच्याउन

इन्सेकलाई आग्रह गर्छु। पहुँच नभएका पछाडि पारिएका नागरिकहरूको आवाज पनि मानव अधिकारकर्मीले उठाउनुपर्ने भएकोले वर्ष पुस्तक आवाज बिहीनको सारथी बनोस्। प्रशासनले गरेका कतिपय अनुसन्धानलाई मानव अधिकार उल्लङ्घन नभई कानुनी शासन प्रत्याभूति दिलाउन खोजिएको उल्लेख गर्न आग्रह गर्दछु।

कृष्णराज पन्त
प्रमुख जिल्ला अधिकारी, धनकुटा

वर्ष पुस्तकले मुलुकको मानव अधिकारको वार्षिक रूपमा समीक्षा गरी यसको अवस्थाको तस्वीर विश्वमाझ राख्ने गरेको छ। साथै यस पुस्तकमा मुलुकमा मानव अधिकारसँग जोडिएका विषयमा दोषीलाई कानुनको दायरामा ल्याउन राज्य कति सफल भयो भन्ने समेत जानकारी दिन्छ। जसले सम्बद्ध पक्षहरूमा जवाफदेहिता बढाएको छ।

नहकुल पोखेल
प्रहरी उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, धनकुटा

इन्सेकले मानव अधिकार वर्ष पुस्तक २०२२ प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुशी लागेको छ। समाजमा मानव अधिकारको विषयलाई संस्कृतियुक्त बनाउन निरन्तर नेपाल मानव अधिकार वर्ष पुस्तकको माध्यमबाट सचेत, सजक र कानुनी राज्य निर्माणका लागि इन्सेकको खबरदारी जारी छ। दण्डहीनताको अन्त्य गर्ने तथा पीडित पक्षको न्यायको लागि अमिट दस्तावेजका रूपमा नेपाल मानव अधिकार वर्ष पुस्तक एक मात्र संग्रहित पुस्तकको रूपमा रहेको छ। सबै खाले मानव अधिकार उल्लङ्घन र अपराधिक गतिविधिहरूको जस्ताको त्यस्तै अभिलेख भएकाले न्याय निरुपण हुन नसकेको अवस्थामा समेत अनुसन्धानका लागि राज्य वा पीडित पक्षलाई यो पुस्तक गतिलो पुष्ट्याइँको आधार बन्न सफल छ।

गीता अधिकारी, अध्यक्ष
मानव अधिकार सामाजिक सचेतन र विकास केन्द्र
(हुसाडेक) नेपाल, धनकुटा

मानव अधिकार संरक्षण, प्रवर्द्धन र मानव अधिकार हनन्का विषय समेटेर प्रकाशन हुने यो पुस्तक मानव अधिकारसँग सम्बन्धित विषयवस्तुहरू समेटेको एकमात्र दस्तावेज हो। यसले विश्वसामु हाम्रो वस्तुपरक अवस्थालाई झल्काउनुको साथै मानव अधिकार संरक्षण र दण्डहीनतालाई न्यूनीकरण गर्नसमेत सहयोग पुऱ्याउने विश्वास मैले लिएको छु।

नगेन्द्र राई
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ धनकुटा

मानव अधिकार वर्ष पुस्तकले नागरिक तथा राजनीतिक अधिकारका सवालमा महत्वपूर्ण दस्तावेजीकरण गरेको छ। वर्ष पुस्तकमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका सवालहरू अभिलेखिकरण हुन आवश्यक छ।

पार्वती सानु डाँगी
न्यायिक समिति संयोजक म्याङलुङ, नगरपालिका

इन्सेक मानव आधिकारको संरक्षण एवम संवर्द्धन गर्दै आएको संस्था हो। यसले मानव अधिकारको क्षेत्रमा भएको प्रगतिका बारेमा स्थलगत प्रतिवेदनहरू प्रकाशित गर्ने गरेको छ। नेपालको मानव अधिकारको अवस्थाको भरपर्दो अभिलेख नै वर्ष पुस्तक हो।

शिवप्रसाद ढुङ्गाना
प्रमुख,जिल्ला सन्मवय समिति, तेह्रथुम

मानव अधिकारको उल्लङ्घनविरुद्ध खबरदारी, सचेतना, न्यूनीकरण प्रयास पीडितहरूलाई न्याय दिलाउन इन्सेकले वर्ष पुस्तकमार्फत महत्वपूर्ण योगदान गरेको छ। इन्सेकले अपनाएको शैली र तरिका भरपर्दो छ। नागरिक तथा राजनीतिक ,आर्थिक तथा सामाजिक अवस्था नियाल्ने र विश्वस्त आधार वर्ष पुस्तकले प्रदान गरेको छ। इन्सेकप्रति ठूलो समुदायको भरोसा भएकोले नागरिकको आशलाग्दो भावनालाई सम्झेर काम गर्नुपर्छ।

सन्तवीर लिम्बु
अध्यक्ष, छथर गाउँपालिका तेह्रथुम

मानव अधिकार उल्लङ्घनका वर्षभरका घटनाको यो दस्तावेजले आगामी दिनमा त्यस्ता घटना निरूत्साहनका लागि मद्धत गर्छ। वर्ष पुस्तक अध्ययन गर्दा निक्कै मेहनत गरेर विस्तृत विवरण सङ्कलन गर्ने प्रयास भएको देखिन्छ।

गिरिराज बाँस्कोटा
अध्यक्ष नेपाल पत्रकार महासङ्घ, पाँचथर

मानव अधिकार संरक्षण र संवर्द्धन गर्ने दायित्व राज्यको दायित्वप्रति इन्सेकले सहयोगी भूमिका निर्वाह गरेको छ। मानव अधिकारको जिल्लाको अवस्था थाहा पाएपछि रणनीति तर्जुमा गर्न सहज भएको छ।

सुरेश न्यौपाने
प्रमुख जिल्ला अधिकारी, पाँचथर

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ प्रकाशित हुन लागेको थाहा पाउँदा खुशी व्यक्त गर्दछु। मुलुकमा विभिन्न राजनीतिक परिवर्तन त्यसपछिको अवस्थाहरूमा मानव अधिकारको सन्दर्भ सशक्त रूपमा रहेको पाइन्छ। मानव अधिकारको परिभाषा समयसँगै परिवर्तन हुन जरूरी छ। राज्य सञ्चालन, कानुनी राज्य एवम् लोककल्याणकारी राज्य व्यवस्थापनमा मानव अधिकार अपरिहार्य छ। तर्सथ राज्यका सबै अङ्गहरूले आफ्नो कार्य सञ्चालन गर्दा मानव अधिकारको विषयलाई ध्यान दिन जरूरी छ। सबैसँग समन्वय र सहकार्य भयो भने मात्र लोककल्याणकारी राज्यको परिकल्पना गर्न सकिन्छ।

महेन्द्रकुमार श्रेष्ठ
प्रहरी उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, इलाम

मानव अधिकारको क्षेत्रमा इन्सेकको भूमिका महत्वपूर्ण छ। सशस्त्र द्वन्द्वको समय होस् वा त्यसपछिको राजनीतिक सङ्क्रमणको समय मानव अधिकारको संरक्षण र संवर्द्धनमा इन्सेकको योगदान अतुलनीय छ। प्राथमिक स्रोतको प्रयोगमार्फत् तथ्यपरक सामग्री राखेर प्रकाशन हुने मानव अधिकार वर्ष पुस्तक पठनीय छ। हरेक वर्ष प्रकाशन हुने मानव अधिकार वर्ष पुस्तक हाम्रो समाजको यथार्थ चित्रणका लागि महत्वपूर्ण दस्तावेज हो।

विप्लव भट्टराई
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, इलाम शाखा

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको संरक्षण र संवर्द्धनमा अहम् भूमिका निर्वाह गरेको छ। पुस्तकमा प्रकाशित तथ्याङ्क तथा विवरण सत्यतथ्यमा आधारित रहेको पाइएकोले अनुसन्धान श्रोतको रूपमा समेत प्रयोग गर्न सकिन्छ।

तारानाथ पराजुली
अध्यक्ष
जिल्ला अदालत वार एशोसिएसन, इलाम

इन्सेकले प्रत्येक वर्ष मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई नेपाल मानव अधिकार वर्ष पुस्तकमार्फत सार्वजनिक गरी नागरिकहरूलाई सचेत गराउँदै त्यस्ता घटना न्यूनीकरण गर्न उल्लिखनीय योगदान पुऱ्याएको छ। पुस्तकमा मानव अधिकारसँग जोडिएका घटनाहरूको तथ्यपरक विवरणले मानव अधिकारको सन्दर्भमा यो महत्वपूर्ण दस्तावेज रहेको छ। यसबाट मानव अधिकार संरक्षण र संवर्द्धनका लागि राज्यलाई सहयोग पुगेको छ।

राजकुमार विक
इकाइ प्रमुख (उपसचिव) जिल्ला समन्वय तथा समन्वय इकाइ, झापा

सामाजिक न्याय र सुशानका साथै पीडितलाई न्याय प्राप्त गर्न,सत्यतथ्य उजागर गर्ने इन्सेकको वर्ष पुस्तक प्रकाशनले निरन्तरता पाइरहोस्।

विष्णुप्रसाद खरेल
मानव अधिकार सञ्जाल, झापा

मानव अधिकार संरक्षण र संवर्द्धनका सन्दर्भमा इन्सेकको पहल कदमीले मानव अधिकार रक्षा गर्न महत्त्वपूर्ण भूमिका खेलेको छ। यसको निरन्तरताका लागि शुभकामना छ।

सोमनाथ पोर्तेल
प्रमुख जिल्ला समन्वय समिति, झापा

मानव अधिकार विश्वव्यापी सत्य हो। इन्सेकले वर्ष पुस्तकमार्फत मानव अधिकारको अवस्था आवश्यकताको साथै संरक्षण र प्रर्वद्धन गर्ने कार्यमा यथेष्ट कार्य गरेको छ। आगामी दिनमा समेत मानव अधिकारको क्षेत्रमा निरन्तर सफलता मिलोस्।

वसन्त पाठक
प्रहरी नायव उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, झापा

वर्षको दुईपटक प्रकाशन पूर्वसमीक्षा र छलफलसहित प्रत्येक घटनाको सुक्षम अध्ययन तथा अभिलेखीकरण गर्ने कामसहित देश र अन्तर्राष्ट्रियस्तरमा मानव अधिकारको अवस्थाको दस्तावेजको रूपमा वर्ष पुस्तकलाई मैले लिएको छु। देशभरको मानव अधिकारका अवस्था र घटनालाई एकै ठाउँमा प्रस्तुत गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालको ऐतिहासिक दस्तावेज हो। यो सरकारी

निकायलाई सुधार गर्न, नागरिक समाजलाई सचेतनामूलक कार्यक्रम ल्याउन र विद्यार्थीका लागि अध्ययन सामग्रीको रूपमा मानव अधिकार पुस्तक वर्ष रहेको मैले ठानेको छु।

मेघराज न्यौपाने
कोभिड-१९ ऱ्यापीड रेस्पोन्स टीम सुनसरी संयोजक

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारसम्बन्धीको अन्तर्राष्ट्रिय सन्धि, घोषणापत्र र अनुमोदनको कार्यान्वयनको अवस्था निगरानी गर्ने दस्तावेजको रूपमा रहेको छ। इन्सेकले विश्वव्यापी मानव अधिकार घोषणापत्रसहित महासन्धिका आधारमा नेपालको कार्यान्वयनको अवस्था, समग्र मानव अधिकारको अवस्था उल्लेख गर्दै आएको छ। यसले नागरिक सचेतनासहित सामाजिक, आर्थिक तथा सांस्कृतिक अधिकारलाई पनि समावेश गर्न सकोस्।

नरेन्द्रकुमार कार्की
प्रहरी नायब उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, सुनसरी

नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालको समग्र अवस्थाको चित्रण गरेको छ। जिल्लामा मानवअधिकारका सवाल, उल्लङ्घन तथा हनन्का घटनालाई सुक्ष्म रूपमा अध्ययन गरी अभिलेख गरेको छ। नागरिकको र राज्यको समग्र अवस्था पनि सबैमा सुसूचित हुने र अर्न्तराष्ट्रियस्तरमा नेपालको मानव अधिकारको अवस्थाको बारेमा प्रतिनिधित्व गर्ने पुस्तकको रूपमा मैले हेरेको छु।

पुरूषोत्तम धिमिरे
संयोजक
नागरिक समाज, सुनसरी

नेपालको मानव अधिकार अवस्थाको प्रतिविम्ब गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार हनन् तथा उल्लङ्घनका घटनालाई दस्तावेजीकरण गरेर सबैलाई सुसूचित हुने अवसर प्रदान गर्दै आएको छ। मानव अधिकारको संरक्षणमा नेपाल मानव अधिकार वर्ष पुस्तकको महत्वपूर्ण योगदान छ। नागरिकका समग्र मानव अधिकारको संरक्षण र संवर्द्धन तथा कर्तव्यमा पनि थप योगदान गरोस्।

इन्द्रदेव यादव
प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, सुनसरी

वर्ष पुस्तकले नेपालको मानव अधिकारको अवस्था, विकासक्रम, राज्यले निर्वाह गरेको जवाफदेहिता, पारदर्शिता र भूमिकाबारेमा जानकारी गराएको छ। इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तक प्रत्येक स्थानीय तहमा उपलब्ध गराउनु पर्छ।

ऐयुव अन्सारी
अध्यक्ष, कोशी गाउँपालिका कार्यालय सुनसरी

इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकले मानवका नैसर्गिक अधिकारको उल्लेख गर्नुका साथै मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाका विस्तृत विवरण समेटिनुले मानव अधिकार उल्लङ्घनमा संलग्न सचेत र सतर्क भएको हुँदा यसप्रकारका घटना न्यूनिकरण भएको महसुस गरेको छु। संविधान प्रदत्त मौलिक हक उल्लङ्घनका प्रतिनिधिमूलक घटनालाई अझ फराकिलो ढंगले उजागर गर्दै मानवाधिकार संरक्षणको असल अभ्यासलाई समेत समावेश गर्न सकेमा वर्ष पुस्तकको गरिमा अझ बढ्ने देखिन्छ। वर्ष पुस्तकले दण्डहीनताको अन्त्य र गैरकानुनी कार्य हुन नदिन समाजमा दवाव सृजना गर्न सफल भएको छ।

जनार्दन गौतम
प्रमुख जिल्ला अधिकारी, सप्तरी

नेपाल मानव अधिकार वर्ष पुस्तकले कोभिडको यस्तो विषम परिस्थितिमा पनि राज्य पक्ष र गैर राज्य पक्षलाई मानव अधिकार संरक्षणमा सचेत रहन प्रेरित गरेको छ। यसले महिला, बालबालिकामाथि हुने सबै खाले हिंसालाई न्यूनिकरण गर्न उत्साहित गर्नुका साथै जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी अपराध गर्नेलाई प्रायश्चित तथा निरुत्साहित गर्दै मानव अधिकार संरक्षणमा उत्प्रेरणा प्रदान गरोस् भन्ने शुभकामना दिन चाहान्छु।

अविनारायण काफ्ले
प्रहरी उपरीक्षक,
जिल्ला प्रहरी कार्यालय, सप्तरी

गाँस, बास, कपास तथा स्वास्थ्यसम्बन्धी विषय मानव अधिकारका मुख्य अवयव हुन्। राज्य जनताको अभिभावक भएकाले राज्यबाट पाउने सेवासुविधा र नागरिकको मानव अधिकारको ग्यारेण्टी गर्न राज्य पक्ष जिम्मेवार बन्नु पर्छ। नेपाल मानव अधिकार वर्ष

पुस्तकले सबै सरोकारवाला निकायलाई आ-आफ्नो भूमिका निर्वाह गर्न प्रेरित गर्ने गरेको छ।

मुहम्मद मुन्ना
जिल्ला न्यायाधीवक्ता
जिल्ला सरकारी वकिलको कार्यालय, सप्तरी

जिल्लामा मानव अधिकार हनन्का घटनामा पीडितले न्याय र पीडकले सजाय पाउने अवस्थासम्म पुऱ्याउने कार्य नेपाल मानव अधिकार वर्ष पुस्तकले गरेको छ। वार्षिकरूपमा दण्डहीनताको अवस्था के कस्तो रहेको छ भनी घटनाको विस्तृत जानकारी गराउँदै यस पुस्तकले देशको मानव अधिकारको अवस्था चित्रण गरेको छ।

दानोकुमारी चौधरी
अधिवक्ता
उच्च अदालत बार इकाइ, राजविराज

नेपाल मानवअधिकार वर्ष पुस्तक प्रकाशनले मानव अधिकारको क्षेत्रमा क्रियाशील व्यक्ति, सङ्घ संस्थालाई समाजमा व्याप्त कुरीति, कुसंस्कारलाई चिर्न सहयोग पुऱ्याएको छ। मानव अधिकार उल्लङ्घन एवम् हनन् जुनसुकै क्षेत्रबाट भए पनि उक्त कार्य निन्दनीय हुने कुरामा दुईमत हुन सक्दैन। विगत लामो समयदेखि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले गरेको कार्यले मानवअधिकार संरक्षण, संवर्द्धन र प्रवर्द्धनको क्षेत्रमा योगदान पुगेको छ।

कृष्णबहादुर खड्का
प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, सिरहा

मानव अधिकार वर्ष पुस्तकबाट प्रदेशगत सम्पूर्ण जिल्लाको गिरफ्तारीको आँकडा, कारागार र बन्दीहरूको अवस्था, यौनदुर्व्यवहार, बलात्कार महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव, सबै प्रकारका जातीय विभेद, बाल अधिकार र शिक्षाको अवस्था, विद्यालयमा शारीरिक दण्ड, अभिव्यक्ति भेला/सङ्गठित रहने अधिकार, कुटपिट/धम्की, स्वास्थ्य क्षेत्रको अवस्था, सुगम तथा निष्पक्ष न्यायिक अधिकार जस्ता मानव अधिकारका सुचकाङ्कहरूको तथ्याङ्कसहित प्रकाशित गरेर सरोकारवाला एवं अध्येयताहरूलाई सहज बनाइदिएको छ। समाजमा लुकेका/लुकाइएका मानव अधिकारमा प्रभाव पार्ने घटनासमेत उजागर गर्ने र ग्रामीण क्षेत्रका पिछडिएका व्यक्तिहरूको मानव अधिकार संरक्षण संवर्द्धनमा ध्यान दिनसकेमा सुनमा सुगन्ध हुने थियो।

अर्जुन तिमिल्सिना
प्रहरी उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, सिरहा

नेपालमा मानव अधिकारको क्षेत्रमा छापिने पुस्तकहरूमध्ये इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक एक उत्कृष्ट पुस्तक हो। यो पुस्तक मैले अध्ययन गर्दै आएको छु। यस पुस्तकमा देशभरका मानव अधिकारको क्षेत्रमा भएका घटनाहरू जिल्लागत रूपमै घटनाहरू समेटेका हुन्छन् र तथ्याङ्कहरू समेत राखिँदै आएकाले गर्दा समग्रमा यो पुस्तक निकै महत्त्वपूर्ण पुस्तक हो। यो पुस्तक निरन्तररूपमा अझै परिष्कृत अवधारणाका साथ प्रकाशन भई रहोस् भन्ने शुभकामना दिन चाहन्छु।

राजेशकुमार कर्ण
अध्यक्ष नेपाल पत्रकार महासंघ प्रदेश नं. २

इन्सेकले बर्सेनी जिल्लागतरूपमा मानव अधिकारको क्षेत्रमा भएका घटनाहरू सङ्कलन गरेर वर्ष पुस्तक तयार गर्नु सुखद् पक्ष हो। इन्सेक जिल्ला प्रतिनिधिहरूले सङ्कलन गरेर वर्ष पुस्तक तयार गरिनु सराहनीय कुरा हो। सञ्चार माध्यममा समेत आउन नसकेको घटना इन्सेकको वर्ष पुस्तकमा प्रकाशन हुँदै आएकाले यस वर्ष पुस्तकको विश्वासनीयता देश प्रदेशको साथै अर्न्तराष्ट्रियस्तरको लागि सुखद पक्ष हो। यस वर्षको प्रकाशनलाई इन्सेकले निरन्तरता दिँदै आगामी दिन समेत प्रकाशन गरिरहनु भन्ने शुभकामना छ।

रामनेक साह
निवर्तमान अध्यक्ष
नेपाल बार एशोसिएशन, जनकपुरधाम

इन्सेकले विगत लामो समयदेखि मानव अधिकार उल्लङ्घनसम्बन्धी घटनाहरूको अभिलेखिकरण गर्दै आउनु हामी मानव अधिकारको क्षेत्रमा क्रियाशील मानव अधिकार रक्षकहरूको लागि खुशीको पक्ष हो। यस पुस्तकमा हामी मानव अधिकारको क्षेत्रमा काम गर्ने अधिकारकर्मीहरूलाई समेत देशमा कहाँ कस्ता प्रकारका घटना भइरहेका बारेमा जानकारी हुन्छ।

रोजलिनसिंह बछार
कार्यालय प्रमुख, ओरेक नेपाल, धनुषा

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना अभिलेखिकरण गर्ने कार्य इन्सेकमात्र एक संस्था भएकाले यसप्रति गर्व गर्नुपर्दछ। वर्षपुस्तकमा छापिएको घटना स्थलगत रिपोर्टिङ गरि छापिनु राम्रो पक्ष हो। यस वर्षलाई अझै परिष्कृत गर्दै मानवअधिकारको क्षेत्रमा भएको असल अभ्यासहरूलाई समेत छाप्नु पर्छ। कतिपय घटना प्रहरी प्रशासनले संकलन गरेको र इन्सेकले छापेको घटनामा फरक पर्दै आएकोले यसमा एकरुपता ल्याउनुपर्दछ।

राजकुमार महासेठ
मधेस प्रदेश संयोजक, एड्भोकेसी फोरम नेपाल

प्रत्येक वर्ष इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक एक महत्वपूर्ण दस्तावेजका रूपमा रहँदै आएको छ। मानव अधिकार उल्लङ्घनमा संलग्नलाई कानुनी दायरामा ल्याउन पुस्तकले महत्वपूर्ण भूमिका खेलेको छ। अगामी दिनमा समाजमा लुकेर रहेका मानव अधिकार उल्लङ्घनका घटनाहरू उजागर गरेमा सबै व्यक्तिलाई मानव अधिकारको प्रत्याभूत गर्न सहयोग पुग्नेछ।

गोपाल बराल
वरिष्ठ पत्रकार, महोत्तरी जिल्ला

इन्सेकले लामो समयदेखि मानव अधिकारको प्रवर्द्धन र संरक्षणको क्षेत्रमा ठूलो योगदान दिंदै आएको छ। इन्सेकले अझ बढी गम्भीरपूर्वक मानव अधिकार संरक्षणका लागि योगदान दिने सवाल तथा विषयवस्तु वर्ष पुस्तकमा समेट्नुपर्छ।

हेमकुमारी बराल (सुनीता)
उपाध्यक्ष, नेपाल पत्रकार महासङ्घ, महोत्तरी

इन्सेकले मानव अधिकारका क्षेत्रमा गरेका काम निकै प्रशंसायोग्य छन्। मानव अधिकार क्षेत्रमा भएका घटनाहरूको तथ्याङ्क सङ्कलन मात्र नभई पीडितलाई कानुनी रूपमा अघि बढ्नका लागि पनि जनचेतनामूलक कार्यक्रम गर्नुपर्छ।

रञ्जन भण्डारी
सचिव, मानव अधिकार रक्षक सञ्जाल, महोत्तरी

मानव अधिकार उल्लङ्घन र ज्यादतीका विषयमा सत्य तथ्य सूचना सबैले पाउने र यसले मानव अधिकारका क्षेत्रमा गर्ने भावी योजना बनाउन वर्षपुस्तक बलियो आधार बन्दै गएको छ।

उर्मिला कार्की
महिला अधिकारकर्मी, बर्दिवास, महोत्तरी

सर्लाही जिल्लामा नेपाल मानव अधिकार उल्लङ्घन, ज्यादती विभेद, बलात्कारका घटना, महिला हिंसा तथा अपहरणहरूका घटना वृद्धि भइरहेको छ। जिल्लाका सबै स्थानीय तहमा पुगेर पीडितलाई न्याय दिलाउने कार्यमा इन्सेकलाई जुनबेला पनि सहयोग गर्न तत्पर रहेका छौं।

मेथुर चौधरी
प्रमुख, जिल्ला समन्वय समिति, सर्लाही

जिल्लामा भएको मानव अधिकारका घटनाप्रति इन्सेकले नियमित अनुगमन गर्दै आएको छ। मानव अधिकारको क्षेत्रलाई व्यापक बनाउन घटनाको सत्यतथ्य बाहिर ल्याउन सकिए पीडितले न्याय पाउने सुनिश्चित हुन्छ।

थानेश्वर गौतम
प्रमुख जिल्ला अधिकारी, सर्लाही

मानव अधिकार उल्लङ्घन, ज्यादती, जातीय छुवाछूत, बलात्कार, कुटपिट, महिला हिंसाविरुद्धका घटनामा नेपाल प्रहरीले शून्य सहनशीलताको नीति लिएको छ। यस्ता घटनाका बारेमा जानकारी गराएर इन्सेकले गुन लगाएको छ।

कृष्ण प्रसाई
एसपी, जिल्ला प्रहरी कार्यालय, सर्लाही

इन्सेकले प्रकाशित गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकले समग्र मुलुकको मानव अधिकारको अवस्था उजागर गर्नुका साथै मानव अधिकारको क्षेत्रमा चासो राख्ने व्यक्ति र निकायका लागि वर्षपुस्तक सन्दर्भ सामग्री बनेको छ। यस पुस्तकले राज्यलाई जवाफदेही बनाउन सहयोग पऱ्याएको छ।

कृष्णबहादुर शाही
प्रमुख जिल्ला अधिकारी, रौतहट

मानव अधिकार वर्ष पुस्तकको प्रकाशनले नेपाल मात्र नेपालको मानव अधिकारका बारेमा चासो राख्ने सबैलाई सुसूचित गराउन मद्धत गरेको छ। वर्ष पुस्तक निरन्तर प्रकाशन गर्ने इन्सेकको कार्य सराहनीय छ। पुस्तक समयानुकुल परिमार्जन गरेर प्रकाशित गर्ने कार्यमा इन्सेकले ध्यान दिने अपेक्षा राखेको छु।

खिलनाथ रेग्मी
जिल्ला न्यायाधीश
जिल्ला अदालत, बारा

इन्सेकले मानव अधिकारको रक्षा र संवर्द्धनका लागि पहल गर्नु पर्छ। वर्षपुस्तकले मानव अधिकारको चित्रण गरेको छ। जिल्लाका गाउँ/गाँउ र टोल/टोलमा पुगेर मानव अधिकारको चेतना फैलाउने कार्यमा इन्सेकको योगदान हुने अपेक्षा गरिएको छ।

नवलकिशोर सिंह राजपुत
प्रमुख, जिल्ला समन्वय समिति, बारा

नागरिकको आर्थिक, सामाजिक तथा सास्कृतिक अधिकारहरूको कार्यान्वयनमा अझै धेरै पहल गर्नु आवश्यक छ। जातीय भेदभाव अन्त्य गर्न इन्सेकसँग सहकार्य गर्न आवश्यक छ। स्वास्थ्य सेवा सरकारले प्रवाह गरे पनि सबै नागरिकको पहुँच किन भएन भनि अध्ययन गर्न आवश्यक रहेको छ। घटनास्थलमा पुगेर पीडितसँग भेट गरी अवस्था बुझ्ने कार्य सराहनीय छ। यस पुस्तकले स्थानीय तहमा मानव अधिकार संरक्षण गर्ने योजना बनाउन मद्दत पुग्छ। यस्तो असहज अवस्थामा पुस्तक प्रकाशन गरी ऐतिहासिक कार्य गर्नुभएकोमा धन्यवाद ।

राजेश राय यादव
नगर प्रमुख, कलैया उपमहानगरपालिका, बारा

मानव अधिकारको क्षेत्रमा अभिलेखका रूपमा यो पुस्तक प्रकाशन भएको छ। यो एकदम नै सकारात्मक र सराहनीय कुरा हो। समाजमा कस्ता कस्ता प्रकृतिका मानव अधिकार उल्लङ्घनका घटनाहरू हुन्छन् ? यसले समाजमा कस्तो प्रभाव पार्दछ। यस्ता घटनाको न्यूनीकरणतर्फको प्रयासबारे यस पुस्तकले मद्दत पुग्नेछ। यो पुस्तक मानव अधिकारसम्बन्धी अवस्थाको झल्को दिने एक महत्वपूर्ण दस्तावेज हो। पुस्तक प्रकाशन गर्नु भएकोमा हार्दिक धन्यवाद।

कृष्णबहादुर कटुवाल
प्रमुख जिल्ला अधिकारी, बारा

मानव अधिकार जस्तो गहन, व्यापक र संवेदनशील विषयमा इन्सेकले लामो समयदेखि काम गर्दै आएको छ। सरकारी र गैर सरकारी सबै वर्ग क्षेत्रको सरोकारका विषयका रूपमा मानव अधिकार रहेको हुन्छ। वर्षपुस्तकमार्फत यथार्थ विवरण आउँदा नीति निर्माणमा सहयोग पुग्छ।

शिवराज सेढाइँ
सहायक प्रमुख जिल्ला अधिकारी, बारा

नेपाल मानव अधिकार वर्ष पुस्तक निरन्तर प्रकाशन भएकोमा खुशी लागेको छ। इन्सेकले विगतका वर्ष भन्दा अझ बढी सत्य र तथ्यका आधारमा वर्षपुस्तक प्रकाशन गर्ने प्रयास गरेको छ। घटनाका विषयमा कुनै पनि पूर्वाग्रह नराखी निष्पक्ष कार्य सम्पादन गरी नागरिकलाई सही सूचना प्रवाह हुने मैले आशा लिएको छु।

दिलीप सिंह देउवा
प्रहरी उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, बारा

वर्ष पुस्तकले मानव अधिकारको अवस्थाको यथार्थ चित्रण गर्दै मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको उजागर गर्ने कार्य प्रशंसनीय रहेको छ। राज्यको मूलप्रवाहमा आउन नसकेका सीमान्तकृत वर्ग, समुदाय, जातजाति, लिङ्ग आदि क्षेत्रमा आफ्नो भूमिकालाई गम्भीरताका साथ उजागर गर्न वर्ष पुस्तकको भूमिका केन्द्रित हुनु पर्दछ।

जुद्धबहादुर आले
जिल्ला न्यायाधीवक्ता
जिल्ला सरकारी वकील कार्यालय, बारा

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले हरेक वर्ष नेपालको मानव अधिकारको अवस्थाको बारेमा एउटा संग्रहयोग्य दस्तावेज पुस्तकको रुपमा प्रकाशन गर्दै आएको छ। कतिपय जिल्लामा प्रशासकको रूपमा काम गर्दा इन्सेकका प्रतिनिधिहरूसंग मिलेर काम गरेको अनुभव पनि छ। इन्सेकले अभिलेख गर्ने मानव अधिकारसम्बन्धी घटनाले राज्यलाई घच्घच्याउने गर्दछ। मानवको सम्मानपूर्वक बाँच्न पाउने वतावरणको निर्माणका लागि राज्य र त्यसका संयन्त्रहरूलाई मार्गदर्शन गर्न पुस्तकले राम्रो भूमिका खेलेको ठान्दछु।

भीमकान्त पौडेल
निमित्त प्रमुख जिल्ला अधिकारी, पर्सा

मानव अधिकारका विषयमा हरेक जिल्लाको वस्तुस्थिति पुस्तकमा समेटिएको हुन्छ। मानव अधिकारसँग सम्बन्धित कतिपय बिषयहरूमा इन्सेकसँग सहकार्य पनि भइराखेको हुन्छ। मानव अधिकार उल्लङ्घनको आरोपितका रूपमा प्रहरी सङ्गठनलाई नै चित्रित गरिन्छ। राज्यको फ्रन्टलाइन एजेन्सी भएकाले पनि यो स्वभाविक हो। हामीलाई हाम्रो प्रतिवद्धता अनुसार मानव

अधिकारको अवस्था बहाल राख्नका लागि नेपाल मानव अधिकार वर्ष पुस्तकले पनि निकै सहयोग पुग्छ यसले हामीलाई कमजोरी बारे बताउँछ र सच्याउन मद्दत मिल्छ।

रमेश बस्नेत
प्रहरी उपरीक्षक,
जिल्ला प्रहरी कार्यालय, पर्सा

इन्सेकद्वारा प्रकाशित मानव अधिकार वर्ष पुस्तक नेपालको मानव अधिकारको ऐना हो। यस पुस्तकमा अभिलेखिकरण गरिएको घटनाका कारण पीडित पक्षले न्याय पाएका उदाहरण प्रशस्त छन्। पुस्तकलाई निरन्तरता दिनु पर्दछ। शुभकामना।

डवल पाण्डे
प्रमुख, जिल्ला समन्वय समिति, दोलखा

मानव अधिकारको संरक्षणमा सबै पक्षको उत्तिकै भूमिका रहन्छ। अन्यायमा परेका नागरिकलाई न्याय दिलाउन इन्सेक वर्ष पुस्तक थप सहयोगी हुन सकोस्। वर्ष पुस्तक निरन्तर प्रकाशन हुनेछ भन्नेमा बिश्वस्त छु।

टेकराज निरौला
प्रमुख जिल्ला अधिकारी, दोलखा

इन्सेकले वार्षिक रूपमा मुलुकभर भएका मानव अधिकारका घटनाको तथ्यतथ्याङ्क समेटेर प्रकाशन गर्ने मानव अधिकार वर्षपुस्तक महत्वपूर्ण दस्तावेज हो। यस पुस्तकमा समेटिएका घटनाले न्यायमा पहुँच वृद्धि गरेको महसुस गरेको छु। पुस्तक निरन्तर प्रकाशन गरिनु पर्दछ-शुभकामना।

भेषराज रिजाल
प्रमुख जिल्ला प्रहरी कार्यालय, दोलखा

मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटना समेटिएको पुस्तक वार्षिक रूपमा प्रकाशन गर्ने इन्सेकको कार्यको सराहना गर्दछु। पुस्तकमा अभिलेखिकरण भएका घटना स्वतन्त्र र निष्पक्ष रुपमा प्रकाशन हुदै जाओस्।

कृष्ण बस्नेत

अध्यक्ष, नेपाल बार एशोसियसन, दोलखा इकाइ अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानव अधिकार अनुगमन, अभिलेखन, प्रचारप्रसार तथा पैरवीद्वारा मानव अधिकारको संरक्षण र सम्वर्धनमा सहयोग गर्दै आएको छ । यसै सन्दर्भमा प्रकाशन हुन लागेको अधिकार वर्ष पुस्तक २०२२ ले नेपालमा गत वर्ष भएका मानव अधिकार उल्लङ्घनका घटना र सो विरुद्ध गरिएका प्रायासहरू सहित नेपालमा मानव अधिकारको स्थितिलाई तथ्यगत हिसाबले प्रष्ट्याई थलोमै पुगेर नेपाली समाजलाई सकारात्मक परिवर्तनको दिशामा डोऱ्याउन टेवा पुगेको छ भन्ने लागेको छ । मानव अधिकार वर्ष पुस्तक २०२२ को शुभेच्छा व्यक्त गर्दछु ।

वेदनिधि खनाल
प्रमुख जिल्ला अधिकारी, सिन्धुपाल्चोक

नेपाल मानव अधिकार वर्षपुस्तकका माध्यमबाट देशभरका मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरू सार्वजनिक हुँदै आएको कुरा निकै सान्दर्भिक छ। इन्सेकले गरेको यो निकै उत्कृष्ट काम हो। आर्थिक, सामाजिक, साँस्कृतिक अधिकार जस्तो महत्वपुर्ण कुरालाई पनि समेटेर जान आवश्यक छ। महिला बालबालिकाहरूको अवस्था त्यस्तै नाजुक छ। मुलुकभर कयौं भूमिहीन, सुकुम्बासी, बिर्ता, मोही जस्ता भूमिको सवालमा पीडित नागरिकहरू छन्। वर्षौंदेखि जमिन जोत्दै आएका किसानसँग जमिनको कानूनी स्वामित्व छैन। मानव अधिकार वर्ष पुस्तकले आर्थिक, सामाजिक साँस्कृतिक विषय पनिसमेट्न सकोस् भन्ने शुभकामना दिन चाहान्छु।

कुलप्रसाद भट्ट
सभापति, जिल्ला समन्वय समिति, रसुवा

इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकले देशभरको मानव अधिकारको अवस्था तथा मानव अधिकार हननका स्पष्ट घटनाहरूबारे जानकारी गराउँछ। जसले गर्दा जिल्लाको मानव अधिकारको अवस्था र आगामी दिनमा गर्नु पर्ने कार्यको कार्य योजना बनाउन समेत मद्दत गर्दछ। त्यसैले यो पुस्तकलाई सरोकारवालासहित सबैको पहुँच योग्य बनाउनु पर्दछ। मानव अधिकार हनन् न्युनिकरण गर्न तथा मानव अधिकारको संरक्षण प्रर्वद्धन गर्न वर्ष पुस्तकाले महत्वपूर्ण भूमिका खेलेको छ। पुस्तकको निरन्तरताको शुभकामना छ।

ईश्वरीप्रसाद ढकाल
प्रमुख जिल्ला अधिकारी, रसुवा

इन्सेकले नेपाल मानव अधिकार वर्ष पुस्तकले देशको अवस्था झल्काएको छ। पुस्तकमा सबै

समेटिएका घटनाहरू अध्ययन गर्न पाउँदा खुशी लाग्यो। आमनागरिकलाई मानव अधिकारको सूचना दिने निकै राम्रो काम हो। वर्ष पुस्तकले निरन्तरता पाओस् दुर्गममा काम गर्ने जिल्ला प्रतिनिधि र सिङ्गो संस्थाले गरेको योगदान अमूल्य रहेको छ।

ज्ञानेन्द्रनाथ न्यौपाने
ज्येष्ठ पत्रकार एवम् अध्यक्ष मानव अधिकार संरक्षण मञ्च, रसुवा

नेपालमा मानव अधिकारको पर्यायवाची नाम इन्सेकले मानव अधिकारका क्षेत्रमा गरेको काम निकै स्वागतयोग्य छ। मानव अधिकार उल्लङ्घनका घटनाहरू समेटेर प्रकाशन हुने नेपाल मानव अधिकार वर्षपुस्तकले सबै मानव अधिकार उल्लङ्घनका घटनाहरू जनता माझ ल्याएको छ। पुस्तकमा प्रकाशित सामग्रीहरू जहाँ जसले पनि सन्दर्भ सामग्रीका रुपमा प्रयोग गर्न सक्ने छन्। यो पुस्तक प्रकाशनले मानव अधिकारको उलङ्घनका घटनामा न्यून गर्न उल्लेखनीय भूमिका खेल्न सकेको छ। पुस्तक प्रकाशनले निरन्तरता पाईरहोस् भन्ने शुभकामना दिन चाहान्छु।

बिश्वास नेपाली
कोषाध्यक्ष, मानव अधिकार तथा सामुदायिक विकास स्रोत केन्द्र, रसुवा

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटना मात्र नभएर अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारको विषय उठान गरिरहोस्। पहुँचयुक्त संरचना, शिक्षामा छात्रवृत्ति, व्यवसायिक शिक्षा, स्वास्थ्य सामग्री र सहायक सामग्री, सार्वजनिक यातायात, सूचनामा पहुँच आदी विषयमा उजागर गरी राज्यलाई सामाजिक सुरक्षाको विषयहरूतर्फ घचघच्याओस्। इन्सेकलाई यही शुभकामना छ।

गम्भीरमान लो
अध्यक्ष, अपाङ्ग पुर्नस्थापना केन्द्र, रसुवा

विगत तीन दशकदेखि नेपाल मानव अधिकार वर्षपुस्तक निरन्तर प्रकाशन भइरहेको छ। यसले मानव अधिकार उल्लङ्घनकर्ता र राज्यलाइ जिम्मेवार बनाउन र मानव अधिकार सूचनामा महत्वपूर्ण भूमिका खेलेको छ। मानव अधिकारप्रति स्थानीय सरकारले गर्नुपर्ने काममा हामी सदैव तयार छौं। वर्षपुस्तकले स्थानीय सरकारको मानव अधिकार कार्ययोजना बनाउन सहयोग पुऱ्याओस्। नेपालको संविधानले व्यवस्था गरेको मौलिक हक कार्यान्वयन गर्न सकोस् मानव अधिकार वर्ष पुस्तक प्रकाशनका लागि इन्सेकलाई धेरै शुभकामना छ।

भवानीप्रसाद न्यौपाने, उपाध्यक्ष,
कालिका गाउँपालिकाको कार्यालय धैबुङ्ग, रसुवा

मानव अधिकार क्षेत्रमा स्थापित संस्था इन्सेकले प्रकाशन गरेको नेपाल मानव अधिकार वर्ष पुस्तकले पीडितलाई न्याय दिलाउन, पीडकलाई दण्डित गर्न मात्र नभई आमनागरिकलाई सचेत पार्ने काम गरेको छ। यस्तो पुस्तकले आगामी दिनमा समयानुकुल परिस्कृत गर्दै लैजानुपर्ने आवश्यकता देखिन्छ। इन्सेक जस्तो संस्थाले विश्वभर नै नेपालको मानव अधिकारको अवस्थाबारे आवाज उठाउन र मानव अधिकार उल्लङ्घनका घटना न्यूनिकरण गर्न सघाउनु पर्छ। पुस्तक मानव अधिकारको तथ्याङ्कहरूको सँगालोका रूपमा रहेको छ। यो पुस्तक प्रकाशनले नेपालमा मानव अधिकारको उल्लङ्घनका घटनामा न्यून गर्न उल्लेखनीय भूमिका खेल्न सकेको छ। पुस्तक प्रकाशनले नियमित पाओस् भन्ने शुभकामना दिन चाहन्छु।

बाबुलाल तामाङ
अध्यक्ष, नागरिक समाज, रसुवा

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार सूचनाको महत्वपूर्ण दस्तावेज नेपाल मानव अधिकार वर्ष पुस्तकको निरन्तरताको कामना गर्दछु। यसले दूरदराजमा बस्ने आवाजविहीनहरूको, विशेषगरी बालबालिका, महिला तथा ज्येष्ठ नागरिकहरूको अधिकार प्रयोगबाट वञ्चित भएका विषयहरू उठान गरी समाधानको उपायसमेत खोजी गरेर सम्बन्धित निकायको उत्तरदायित्वबोध गराउने सफलता मिलोस् भन्ने शुभकामना दिन चाहान्छु।

सिर्जना लामा
उपाध्यक्ष, नौकुण्ड गाउँपालिका, रसुवा

नेपाल मानव अधिकार वर्ष पुस्तकको पूर्वसमीक्षाले हामीलाई दिएको सुझावअनुसार बौद्धिक अपाङ्गता भएकाहरूलाई सहज हुने गरी प्रहरीको सहयोग कक्ष राखिनेछ। मानव अधिकारप्रति प्रहरीको प्रतिबद्धता रहेकाले कानुनी उपचारमा सबैलाई सहज हुने गरिकाम गरिनेछ। मानव अधिकारको पूर्णपालना गर्न र सुरक्षामा सधै लाग्ने प्रहरीको दायित्व हो।

राकेश सिंह
प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, धादिङ

मानव अधिकारप्रति स्थानीय सरकारले गर्नुपर्ने काममा जिल्ला समन्वय समितिले समन्वयकारी भूमिका खेल्नेछ। वर्ष पुस्तकले स्थानीय सरकारको मानव अधिकार कार्यायोजना बनाउन सहयोग पुऱ्याओस्। नेपालको संविधानले व्यवस्था गरेको मौलिक हक कार्यान्वयन गर्न सकोस् मानव अधिकार वर्ष पुस्तक प्रकाशनका लागि शुभकामना छ।

बिन्दा बरामु
उपप्रमुख, जिल्ला समन्वय समिति धादिङ

नेपाल मानव अधिकार वर्ष पुस्तकले घटना मात्र नभएर अपाङ्गता भएका व्यक्तिहरूको मानव अधिकारको विषय उठान गरिरहोस्। पहुँचयुक्त संरचना, शिक्षामा छात्रवृत्ति, व्यवसायिक शिक्षा, स्वास्थ्य सामग्री र सहायक सामग्री, सार्वजनिक यातायात, सूचनामा पहुँच आदि विषयमा उजागर गरी राज्यलाई सामाजिक सुरक्षाको विषयहरू तर्फ सचेत गराओस्।

गुणराज खतिवडा
अध्यक्ष, अपाङ्ग कल्याण सङ्घ, धादिङ

यौन हिंसा, बलात्कार घटनाका पीडितले न्याय प्राप्तिमा पाएको सकसको विषय समेत वर्षपुस्तकमा उल्लेख गर्ने व्यवस्था मिलाउन सके राम्रो हुने थियो। घरेलु हिंसा शिकार भएर प्रहरीमा उजुरी गर्न जाँदा उजुरी दर्तामा कठिनाइ पनि भएको छ। महिला र महिलामाथि हुने हिंसाको घटनाहरूलाई छोटकरीमा उल्लेख गरिएको छ।

गायत्री खतिवडा
अध्यक्ष, महिला मानव अधिकार रक्षकहरूको सञ्जाल, बागमती प्रदेश (धादिङ)

दलित समुदायका मानव अधिकार उल्लङ्घनका घटनामध्ये दलित अधिकार उल्लङ्घनसम्बन्धी विषय वर्षपुस्तकमा समेटियोस्। अपाङ्गता भएका महिला र दलित समुदायको अवस्था ज्यादै नाजुक छ उनीहरूको विषय समेट्नु उपयुक्त देखेको छु। वर्ष पुस्तक प्रकाशनको शुभकामना।

गर्भे मिज़ार
दलित अधिकारकर्मी, धादिङ

मानव अधिकारको क्षेत्रमा इन्सेकले गर्दै आएको कार्य प्रशंसनीय छ। मानव अधिकारको रक्षाका लागि आवाज बुलुन्द पार्दै आएको इन्सेकको वर्ष पुस्तक आफैमा पनि मानव अधिकार क्षेत्रमा एउटा सिंगो दस्तावेज हो। यसले सिंगो राज्य पक्षलाई देशको मानव अधिकारको अवस्थामा बारेमा जानकारी गराउँदै सरकारको नीति निर्माणमा टेवा पुऱ्याउने भूमिका निर्वाह गरेको छ।

रुद्रादेवी शर्मा
प्रमुख जिल्ला अधिकारी, भक्तपुर

नेपाल मानव अधिकार वर्ष पुस्तकले न्याय क्षेत्रका लागि प्रभावकारी दस्तावेजका साथै न्यापालिकाबाट हुने न्याय सम्पादनको क्षेत्रको अवस्थालाई यसले चित्रण गरेको छ। मानव अधिकार अवस्था, न्याय सम्पादनको अवस्थालाई यथार्थ रूपमा प्रस्तुत गर्ने भएकाले यो एउटा सूचनाको भण्डारका रूपमा लिन सकिन्छ।

शिवकुमार श्रेष्ठ
एसपी, महानगरीय प्रहरी परिसर, भक्तपुर

अनौपचारिक क्षेत्र सेवा केन्द्र, इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तक मानव अधिकार उल्लङ्घनका घटना सङ्कलित एक महत्वपूर्ण दस्तावेज हो। मानव अधिकारको अध्ययन गर्ने वा यस क्षेत्रमा चासो राख्ने जो कोहीका लागि यो पुस्तक महत्वपूर्ण स्रोत सामग्रीका रूपमा उपयोगी सिद्ध भएको छ। आगामी दिनमासमेत मानव अधिकारका सत्य तथ्य घटनालाई उजागर गर्दै समाजमा दण्डहीनताको अन्त्यका लागि यस पुस्तकले सहयोग पुऱ्याउन सक्नेछ भन्ने विश्वाससहित शुभकामना दिन चाहन्छु।

दुर्गा पोखरेल
मानव अधिकार अधिकृत
राष्ट्रिय मानव अधिकार आयोग, ललितपुर

बढ्दो प्रविधिको विकाससँगै मानव अधिकार उल्लङ्घनका घटनाका प्रकृति पनि फेरिएका छन्। त्यसैले मानव अधिकारका विषय अध्ययन गर्दा त्यसतर्फ पनि ध्यान दिनुपर्छ। इन्सेकलगायत मानव अधिकारमा काम गर्ने संस्थाको ध्यान अब त्यता जानुपर्छ।

रमेश बस्नेत
मन्थली नगरपालिका प्रमुख, रामेछाप

मानव अधिकारको विषय गम्भीर विषय हो। कतिपय घटनाका पीडित भनिएका पीडक र पीडक

भनिएका पीडित हुने अवस्था समेत आएको छ। यसतर्फ सचेत हुन आवश्यक छ।

दीपक पहाडी
प्रमुख जिल्ला अधिकारी, रामेछाप

यौनिक हिंसाका घटना बढ्नु चिन्ताको विषय बनेको छ। हाम्रो मानव अधिकारको क्षेत्र अब त्यता केन्द्रित हुनुपर्छ। खोज अध्ययन र अनुसन्धान पनि अब त्यसमा केन्द्रित हुनुपर्छ।

यदुनाथ शर्मा
जिल्ला न्यायाधिवक्ता, जिल्ला सरकारी वकिलको कार्यालय, रामेछाप

प्रहरीमा आएका घटनालाई हेर्दा यौन हिंसा र आत्महत्याका घटना बढ्दै गएको देखिएको छ। यसको कारण र कम गर्ने उपायको बारेमा अब केन्द्रि हुनुपर्छ। यो मानव अधिकारको लागि चुनौतीको क्षेत्र बनेको छ।

नवराज ढुंगाना
प्रहरी नायब उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, रामेछाप

नेपालमा नागरिक तथा राजनीतिक आन्दोलनको एउटा काम पूरा भएको छ। एउटा उपलब्धि प्राप्त भएको छ। अब त्यो प्राप्त उपलब्धिको संरक्षण गर्दै इन्सेकले आर्थिक सामाजिक अधिकारको क्षेत्रमा काम गर्न जरुरी छ। समाजमा बढ्दै गएको यौनजन्य हिंसा, आर्थिक सामाजिक कारणले आत्महत्याका घटना पनि बढेका छन्। यसलाई नियन्त्रण गर्न सरकारलाई दबाब दिने र सचेतनाका कार्यक्रम ल्याउने कुरामा ध्यान जान आवश्यक छ।

आनन्द श्रेष्ठ
अध्यक्ष, नेकपा एमाले, रामेछाप

महिला तथा बालबालिकामा हुने हिंसाको घटनामा कमी नआउनु थप चिन्ताको विषय बनेको छ। यो विद्यमान अवस्थाले मुलुकमा मानव अधिकारमा सुधार भएको देखिँदैन। दाइजो नल्याएको आरोपमा कुटिने दुर्व्यवहार हुनेदेखि मारिनुपर्ने सम्मको घटना वर्षपुस्तकमा अभिलेख भएका छन्। यस्ता घटनामा कमी ल्याउन गाउँबस्ती तथा जनसमुदायमा गएर सचेतनामूलक कार्यक्रमबाट न्यूनीकरण गर्न सकिन्छ ।

रामकुमार पौडेल
अध्यक्ष, नेकपा माओवादी केन्द्र, सिन्धुली

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२१ अध्ययन गरेँ। वर्षपुस्तकमा मानव अधिकारको सम्मान, संरक्षण र संवर्धन तथा मानव अधिकार अवस्थाबारे चित्रण गरिएको छ। मानव अधिकारको क्षेत्र संवेदनशील र गम्भीर भएकाले सरोकारवालाले निरन्तर अध्ययन, अनुसन्धान, समन्वय र सहकार्यका साथ परिश्रम गर्न जरुरी छ। मानव अधिकार सुनिश्चितताको प्रत्याभूत प्रत्येक नागरिकमा गराउन इन्सेकको भूमिका महत्वपूर्ण छ।

खड्ग खत्री
प्रमुख
कमलामाइ नगरपालिका, सिन्धुली

नेपाल मानव अधिकार वर्ष पुस्तक मार्फत इन्सेकले मानव अधिकारप्रति निरन्तर खबरदारी गरिरहेको छ। वर्ष पुस्तकले नेपालको मानव अधिकार अवस्थाको विवरण व्यवस्थित तरिकाले राख्दै आएको छ। नेपाल मानव अधिकार वर्ष पुस्तकले मुलुकमा भएका आर्थिक, सामाजिक तथा राजनीतिक परिवर्तन र त्यसक्रममा देखिएका उतारचढाव तथा महत्वपूर्ण घटनाक्रमलाई लिपीबद्ध गरेको छ।

पानीराज बम्जन
अध्यक्ष
मरिण गाउँपालिका, सिन्धुली

समाजमा बढ्दै गएको विकृतिका कारण मानव अधिकार उल्लङ्घन, अपराधलगायतका घटनामा वृद्धि भएको छ। इन्सेक एक्लैले मानव अधिकारको पूर्ण पालना गराउन सम्भव छैन। इन्सेकले नागरिकलाई सचेत गराउने र जिम्मेवार निकायलाई खबरदारी गर्ने काम गरेका कारण पीडितहरूले न्याय पाउने गरेका छन्।

माणिक ढकाल
नेता, नेपाली काङ्ग्रेस, सिन्धुली

इन्सेकले वर्ष पुस्तक प्रकाशन गरेर जिल्लामा भएका मानव अधिकारको अवस्था चित्रण गरेको छ। यसले हामी जनप्रतिनिधिलाई थप जिम्मेवार बनाएको छ। मानव अधिकार उल्लङ्घनका घटनाहरूमा मेलमिलाप हुने र न्यायसम्म नपुग्ने समस्या बढ्न थालेकाले नागरिक समाजको निगरानी र खबरदारी बढ्नुपर्ने देखिन्छ।

मञ्जु देवकोटा
उपमेयर, कमलामाइ नगरपालिका, सिन्धुली

न्याय सम्पादन प्राविधिक कुरा भएकाले कानुन सम्मत रहेर पनि मानव अधिकार उल्लङ्घन भएको छ वा छैन भनेर इन्सेकले हेर्न आवश्यक छ। मानव अधिकारका सवालमा इन्सेकको योगदान प्रसंसनीय छ। जिल्लामा भएका घटनाहरूलाई अभिलेख गरेर जिम्मेवार र जवाफदेही निकायहरूलाई थप जिम्मेवार बनाउन र मानव अधिकारको रक्षाका लागि खबरदारी गर्ने इन्सेकको भूमिका महत्वपूर्ण छ।

जङ्गगबहादुर राई
अध्यक्ष, नेपाल बार एसोसिएसन जिल्ला बार इकाइ, सिन्धुली

मानव अधिकार उलङ्घन र ज्यादतीका घटनालाई न्युनिकरण गर्न सबै सरोकारवालाको सक्रियता आवश्यक छ। पीडितलाई न्याय दिलाउन सरोकारवाला निकायहरू जिम्मेवार बन्नुपर्ने अवस्था छ। इन्सेकले राज्यले बनाएका कानुनको कार्यान्वयन गर्न दवाव सृजना गर्न अवश्यक रहेको छ। समाजमा बालिका र महिला नै सबैभन्दा बढी शिकार भएका छन्। इन्सेकले आर्जन गरेका विश्वसनीयता आगामी दिनहरूमा पनि कायम राख्न सकोस्।

बिमला पाण्डे
सदस्य, न्यूनतम पारिश्रमिक निर्धारण समिति

नेपालमा मानव अधिकार संरक्षण एवं प्रवर्धनका लागि अग्रणी भूमिका निर्वाह गर्दै आएको इन्सेकले लामो समयदेखि मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको छ। यसमा नेपालको मानव अधिकारको अवस्था तथ्यगतरूपमा प्रस्तुत हुने हुँदा आमनागरिक र सरोकारवालामा मानव अधिकारका विषयमा सरोकार एवम् चासो बढ्दै गएको छ। इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकले महिला, बालबालिका तथा पिछडिएका वर्गले भोगेका हिंसा र ज्यादतीका कुरा उठाउने गरेको छ। मानव अधिकार क्षेत्रमा इन्सेकको प्रयासको प्रशंसा गर्छु।

रुद्रबहादुर खड्का
सम्पादक, स्वाधीन खबरपत्रिका

नेपाल मानव अधिकार वर्ष पुस्तकले सम्बन्धित पक्षलाई मानव अधिकारको विषयमा संवेदनशील भई काम गर्न मार्गनिर्देशन र सहयोग गर्दै आएको छ। मानवअधिकार संरक्षण र प्रवर्द्धनका लागि यो पुस्तक सान्दर्भिक छ। महत्वपूर्ण दस्तावेजका रुपमा यसलाई सबैले ग्रहण गरेको पाएको छु। मानव अधिकारको साझा दस्तावेजका रूपमा लिएको छु।

हेमन्त रावल
जिल्ला न्यायाधीश, चितवन

मानवअधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना तथ्यपरकरूपमा समेट्ने गरेको छ। मानवअधिकारका विवधि विषयबारे यथार्थ जानकारी पाउँदा खुशी लाग्छ। मानवअधिकारको अवस्था अध्ययन तथा अनुसन्धानका लागि सरोकारवालाले स्रोतका रूपमा प्रयोग गरेको पाएको छु। विभिन्न कारणले सार्वजनिक हुन नसकेका मानवअधिकार उल्लङ्घन घटनालाई इन्सेकले समेट्ने र सार्वजनिक गर्ने गरेको छ, थप प्रगतिको कामना गर्दछु।

ओमप्रसाद अधिकारी
प्रहरी उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, चितवन

मानव अधिकार उल्लङ्घन र ज्यादतीका विषयमा सत्यतथ्य थाहा पाउन यो पुस्तक सबैको रोजाइमा पर्ने गरेको छ। घटनाहरूको स्वतन्त्र विश्लेषण गर्ने र तथ्यपरक सूचना दिने हुँदा विश्वास गरिन्छ। यस पुस्तकले मानव अधिकारबाट वञ्चित महिला, बालबालिका, उपेक्षित समुदाय, दलित सबैको अधिकारको विषयमा बोलेको पाउँछु। मानव अधिकारका क्षेत्रमा तयार पारिने योजना तर्जुमा गर्दासमेत यस पुस्तकलाई सन्दर्भ सामग्रीका रूपमा लिन सकिन्छ।

प्रभा बराल
मेयर राप्ती नगरपालिका, चितवन

इन्सेकले हरेक वर्ष समग्र मानव अधिकार उल्लङ्घनका घटनाहरू अभिलेखिकरण गर्दै आइरहेको कार्य सराहनीय छ। कानुनी राज्य सवलताको महत्वपूर्ण सूचक मानव अधिकारको संरक्षण भएकाले मानव अधिकारसँग जोडिएका विभिन्न घटनाहरूले समग्र राज्यको वर्तमान अवस्था चित्रण गर्दछ। यसर्थ आगामी दिनमा यस पुस्तक मार्फत समाजमा लुकेर रहेका मानव अधिकार उल्लङ्घनसँग सम्बन्धित विभिन्न घटनाहरूलाई जस्ताको तस्तै वस्तुनिष्ठ ढङ्गले उजागर गरेर सरोकारवाला निकायहरूलाई अझ जिम्मेवार

बनाउँदै मानव अधिकारको सम्मान, संरक्षण र प्रवर्द्धनमा अझ महत्वपूर्ण भूमिका निर्वाह गरेको छ।

प्रकाश दाहाल
प्रहरी नायब उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, गोरखा

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को वर्ष पुस्तक धेरै सान्दर्भिक छ। अभिलेखको रूपमा वर्ष पुस्तक अध्ययनबाट समाजमा भएका हिंसाको घटना, द्वन्द्वको अवस्था अध्ययन गर्न र यसलाई न्यूनिकरण गर्न मद्धत पुग्ने देखिन्छ। हिजो र आज हिंसाको प्रवृत्ति, प्रकृति, न्याय निरूपणको तौरतरिकाका बारेमा पनि वर्ष पुस्तकबाट जानकारी लिन सकिन्छ। एउटै किताबबाट देशभर कस्तो भूगोल, कस्तो समुदायमा कस्ता खाले घटना भइरहेका छन भन्ने जानकारी लिन र समाधानका उपाय खोज्न राज्यलाई घचघच्याउने एउटा दस्तावेज वर्षपुस्तक हो।

नरहरि सापकोटा
अध्यक्ष
नेपाल पत्रकार महासङ्घ, गोरखा

मानव अधिकार वर्ष पुस्तकबाट नेपालको मानव अधिकार र कानुन विषयमा जानकारी पाइएको छ। जसले गर्दा मानव अधिकारको संरक्षण र संवर्द्धनमा सहयोग पुगेको छ। मानव अधिकारका उल्लङ्घन तथा ज्यादतीका घटनाहरू सत्यतथ्य रूपमा घटनाहरू समावेस गरेर पुस्तक प्रकाशन होस् मेरो शुभकामना छ।

कमलमायाँ गुरूङ
उपाध्यक्ष, नासौं गाउँपालिका, मनाङ

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार विषयमा प्रकाशित गर्ने विवरण विश्वसनीय छ, जसले गर्दा इन्सेकले गर्ने गरेको काम प्रभावकारी मानिन्छ। मानव अधिकारका घटनाहरू न्यूनिकरणमा इन्सेकले गर्ने गतिविधिले प्रमुख भूमिका खेलेको छ।

सुवास खड्का
प्रहरी नायब उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, मनाङ

मानव अधिकार उल्लङ्घनका तथ्याङ्कसहित वार्षिक घटनाहरू समेटिएको नेपाल मानव अधिकार वर्ष पुस्तक,२०२१ पठनीय, मननीय र सङ्ग्रहणीय महत्वपूर्ण दस्तावेजको रूपमा पाएको छु। आगामी प्रकाशन सङ्कटपूर्ण जीवन जिउन बाध्य महिला, बालबालिका, जेष्ठ नागरिक, अशक्त र फरक क्षमता भएका सबै खाले नागरिकको जिउ, धन र स्वतन्त्रताको रक्षार्थ सरोकारवाला सबैको लागि मार्गदर्शन एवम् मूल्याङ्कनको आधार बन्न सकोस् भन्ने शुभकामना।

नेत्रप्रसाद शर्मा
प्रमुख जिल्ला अधिकारी, मुस्ताङ

इन्सेकले प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तक अनुसन्धान गर्नेहरूका लागि भरपर्दो स्रोत बनेको छ। इन्सेकले वर्ष पुस्तक प्रकाशन गर्न थाल्दा मानव अधिकारको सवाल अलि साँघुरो थियो, तर पछिल्लो समय मानव अधिकारको क्षेत्रमा चौथो पुस्ताको मानव अधिकारका लागि दिगो विकास पनि समेटिएको छ। आमनागरिकका शारीरिक र मानसिक हिंसासँग मात्र सीमित नराखी समय सापेक्ष फराकिलो बनाउँदै लैजानुपर्ने आवश्यकता छ।

बेलबहादुर कटुवाल
अध्यक्ष
उद्योग बाणिज्य संघ, म्याग्दी

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानव अधिकारको उल्लङ् घन र ज्यादतीका घटनाको नियमित रूपमा गर्दै आएको अभिलेखन, प्रतिवेदन र खबरदारीले साँच्चै नै एउटा भरपर्दो विश्वास आर्जन गर्दै आएको महसुस भएको छ। यसपटक प्रकाशन गर्न लागेको मानव अधिकार वर्ष पुस्तकले पनि वस्तुनिष्ट सत्य तथ्यलाई उजागर गर्न सकोस्।

रोहितराज बास्तोला
मुख्य न्यायाधीवक्ता, गण्डकी प्रदेश, पोखरा

नेपाल मानव अधिकार वर्ष पुस्तकबाट नेपालको मानव अधिकारको अवस्थाको विषयमा सत्यथत्य बाहिर ल्याउन इन्सेकले महत्वपूर्ण भूमिका खेलेको कुरा सधैं प्रशंसनीय छ। इन्सेकले पीडितको पक्षमा संवैधानिक उपचारको लागि पैरवी गर्न मेरो महत्वपूर्ण सुझाव रहेको छ।

गुमानसिंह अर्याल
प्रमुख, बेसीशहर नगरपालि कार्यालय, लमजुङ

नेपाल मानव अधिकार वर्षपुस्तक र इन्सेक एक अर्काका पर्याय हुन्। मानव अधिकार वर्ष पुस्तक उपयोगी रहेको छ।

कृष्णप्रसाद अधिकारी
अध्यक्ष, नेपाल बार इकाइ, लमजुङ

इन्सेकले मानव अधिकारको संरक्षणमा गरेको भूमिका प्रशंसनीय छ। इन्सेकले प्रकाशन गर्ने पुस्तकले मानव अधिकार हनन्का बारेमा चेतना जगाउने काम गरेको छ। इन्सेकद्वारा यस्तै कामको निरन्तरताको लागि आगामी दिनमा पनि सफलताको शुभकामना छ।

कृष्णबहादुर कार्की
प्रहरी नायब उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, लमजुङ

इन्सेक) ले विगतमा जस्तै यस वर्ष पनि मानव अधिकार वर्ष पुस्तक २०२२ प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुसी लागेको छ। इन्सेक जस्ता संस्थाहरूले मानव अधिकारको संरक्षण गर्ने क्रममा कहीँ कतै केही कमजोरी भएमा राज्यलाई खबरदारी गरिरहनुपर्छ। साथै वर्षपुस्तकमा मानव अधिकार उल्लङ्घनका घटना मात्र नभई नागरिकका दायित्व तथा नागरिक शिक्षाका बारेमा समेत समावेश गर्नसके मानव अधिकार संरक्षण र संवर्द्धनमा थप बल पुग्छ।

चित्राङ्गत बराल
सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, तनहुँ

इन्सेकले तीन दशकदेखि निरन्तर रूपमा मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आइरहेको छ। यो ज्यादै महत्वपूर्ण कार्य हो। इन्सेकले उपलब्ध गराएको तथ्याङ्कसहितको प्रतिवेदनले राजनीतिक पार्टीलाई पनि आफ्नो बैठकहरूमा छलफल गर्ने आधार हुन्छ। इन्सेकले राजनीतिक तथा नागरिक आन्दोलनको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएको छ। मानव अधिकार वर्ष पुस्तक ऐतिहासिक दस्तावेज भएको हुँदा यसमा भएका केही कमीकमजोरीलाई सरोकारवाला निकायले पूर्णता दिनुपर्छ। यो प्रतिवेदनले जिल्लाको मानव अधिकारको अवस्थाको बारेमा प्रष्ट जानकारी पाइन्छ। मानव अधिकार हनन्का घटनाबारे वर्ष पुस्तकमा समावेश सामग्रीले दण्डहीनताको अन्त्य गर्न, पीडितलाई न्याय दिलाउन र पीडकलाई कारबाहीका लागि दबाब सृजना गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

श्रीप्रसाद श्रेष्ठ
कार्यवाहक अध्यक्ष, नेपाल कम्युनिष्ट पार्टी (एमाले), तनहुँ

मानव अधिकार वर्ष पुस्तक २०२२ प्रकाशन हुन लागेको जानकारी पाउँदा अति नै खुसी लागेको छ। मानवअधिकार जस्तो अति संवेदनशील विषयवस्तु तथा घटनाहरू समावेश गरी प्रकाशन हुने यस पुस्तकको माध्यमबाट मानव अधिकार संरक्षणमा ठूलो योगदान पुऱ्याउन सक्नेछ। इन्सेकले शान्ति प्रक्रिया र द्वन्द्व व्यवस्थापनमा महत्वपूर्ण भूमिका खेलेको हुँदा इन्सेकको प्रतिवेदनप्रति आफू र आफ्नो पार्टी पूर्ण विश्वस्त रहेको छ।

देवकुमार श्रेष्ठ
उपसभापति, नेपाली काङ्ग्रेस,तनहुँ

इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तक पत्रकारका लागि अति महत्वपूर्ण सामग्री हो। देशरभर भएका मानव अधिकार हनन्का घटनाहरूको बारेमा वर्ष पुस्तकमा यथार्थ विवरण प्रस्तुत हुने हुँदा यसले पत्रकारहरूलाई समाचार सङ्कलन र लेखनको क्रममा सहयोग पुगेको छ।

उज्वल पौडेल
अध्यक्ष, नेपाल पत्रकार महासंघ

इन्सेकले हरेक वर्ष प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तक मानव अधिकारका बारेमा जान्न चाहाने सबैको लागि उपयोगी हुन्छ। देशरभर भएका मानव अधिकार हनन्का घटनाहरूको बारेमा वर्षपुस्तकमा यथार्थ विवरण प्रस्तुत हुने हुँदा यसले कानुन व्यवसायीलाई पनि फाइदा पुग्छ। अदालतले मुद्दाको फैसलामा ढिलाइ गर्दा कतिपय व्यक्ति बिनाकारण लामो समयसम्म कारागारमा बस्नुपरेको छ। यी विषयलाई पनि वर्षपुस्तकमा समावेश गर्नुपर्छ।

त्रैलोक्य वाग्ले
सचिव, नेपाल बार एशोसिएसन, तनहुँ

नेपाल मानव अधिकार वर्ष पुस्तक विगत भन्दा केही परिमार्जित हुदै आएको पाएको छु । यसले समेट्ने र अभिलेखिकरण गर्ने विवरणहरूको महत्व छुट्टै हुन्छ तसर्थ पनि वर्ष पुस्तकलाई थप समय सापेक्ष बनाउदै लैजान सुझाव छ।

प्रकाश मल्ल
एसपी, जिल्ला प्रहरी कार्यालय नवलपरासी पूर्व

मानव अधिकार रक्षकको रूपमा पत्रकारहरू निरन्तर क्रियाशील छन्। विगतमा पनि यसको समीक्षाहरू सहभागी भएको र यसलाई नजिकबाट नियालेको आधारमा यसमा मानव अधिकार रक्षकहरूको अवस्था सहितका विवरणहरू पनि समावेश गर्नु पर्छ।

वीरेन्द्र पराजुली
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, नवलपुर

नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालमा मानव अधिकारको अवस्थाबारे वास्तविक चित्रण गर्ने दस्तावेजको रूपमा मैले लिने गरेको छु। मानव अधिकार संरक्षण र यसको प्रत्याभूति दिलाउने इन्सेकले खेलेको भूमिका महत्वपूर्ण छ।

अधिवक्ता भुपेन्द्र खनाल
(अध्यक्ष, मानव अधिकार सञ्जाल नवलपुर)

इन्सेकद्वारा सञ्चालित सबै कार्यक्रममा सहभागी हुने अवसर नमिले पनि धेरै जसो मा सहभागी भएको छु। समाजमा भएका घटनाहरूलाई सत्य र तथ्यपरक ढङ्गबाट प्रस्तुत गरी मानव अधिकार वर्षपुस्तक प्रकाशन होओस् शुभकामना।

सिमा क्षेत्री
प्रमुख, पुतलीबजार नगरपालिका स्याङ्जा

इन्सेकले हरेक वर्ष जिल्लामा भएका मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटना समेटेर वर्षपुस्तक प्रकाशन गर्ने गरेको छ। वर्ष पुस्तकमार्फत सूचना प्रवाह गर्ने काम अति नै सराहनीय छ।

राजु थापा
नेपाली काङ्ग्रेस जिल्ला सभापति, स्याङ्जा

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको सत्य तथ्य अभिलेख गर्ने गरेको छ। वर्षपुस्तक प्रकाशनका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु।

श्यामकृष्ण श्रेष्ठ
उपाध्यक्ष, नेपाल कम्युनिस्ट पार्टी, वालिङ नगर कमिटी, स्याङ्जा

नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशनको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु। जनचेतना जगाउन सकृय भूमिका निर्वाह गर्न सफल भएकोमा नेपाल प्रहरी इन्सेकप्रति आभारी छ।

राजेन्द्रप्रसाद अधिकारी
डिएसपी, जिल्ला प्रहरी कार्यालय,स्याङ्जा

समग्र जिल्लाको मानव अधिकारको वस्तुस्थिति बुझ्नका लागि इन्सेकले प्रकाशन गर्दै आएको वर्ष पुस्तक उपयोगी बनेको छ।

चन्द्रबहादुर क्षेत्री
अध्यक्ष पर्वत बार एशोसिएसन

इन्सेक भन्ने बित्तिकै मानव अधिकार संस्था हो भनेर बुझ्ने गरेको छु। जिल्लाको मानव अधिकार अवस्थालाई नजिकबाट हेर्नका लागि देशभरका घटनाहरूलाई तथ्याङ्कका रूपमा समेटेर निकालिने गरिएको वर्ष पुस्तकको हरेक वर्ष म पर्खाइमा हुन्छु। अझै परिमार्जित शैलीबाट पुस्तक प्रकाशन होस् भन्ने शुभकामना दिन चाहन्छु।

पदम गिरी
प्रतिनिधि सभा सदस्य, पर्वत

मानव अधिकार सम्बद्ध संस्था इन्सेकले समग्र देशकाल परिस्थितिलाई वर्ष पुस्तक मार्फत उजागर गर्ने गरेको छ। जिल्लागत तथ्याङ्कको यथार्थता बुझ्नका लागि पुस्तक उपयोगी रहेको छ। अझै दूरदराज सम्म पुगेर लुकेका घटनाहरूलाई समेट्नुपर्ने देखिन्छ।

विमल गौतम
सहायक प्रमुख जिल्ला अधिकारी, पर्वत

इन्सेकले प्रकाशन गर्दै आएको वर्ष पुस्तकले निरन्तरता पाओस् शुभकामना। उत्पीडित वर्गको समस्यालाई अझै जोडदार रूपमा उठाउनुपर्ने देखिएको छ। राज्यलाई झकझकाउन उत्पीडित समुदायको पीडाले वर्ष पुस्तकमा प्राथमिकता पाओस्।

मनोहर बि पौडेल
प्रमुख, जिल्ला समन्वय समिति पर्वत

इन्सेकले प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तकलाई हेरेर अन्तर्राष्टिय समुदायले नेपालको मानव अधिकारको अवस्थाको धारणा बनाउने गर्छ। मानव अधिकारको क्षेत्र फराकिलो भए पनि इन्सेकले महिला, बालबालिकाको अधिकारमा बढी केन्द्रित रहको पाइन्छ। हुनत राज्यले गर्नुपर्ने काम इन्सेकले गरेको छ, तर अझै यसले आफ्नो कार्यक्षेत्र फराकिलो बनाएर काम

गर्दिए हुन्थ्यो भन्ने नागरिक समाजको अपेक्षा छ। तथ्याङ्क सङ्कलनमा मात्र नभएर राज्यलाई जवाफदेही बनाउने कार्यमा पनि इन्सेकले भूमिका खेल्नु पर्छ।

शिवकुमार कार्की
प्रमुख जिल्ला अधिकारी, बागलुङ

राज्यले मानव अधिकारको क्षेत्रमा गर्न नसकेको काम इन्सेकले गर्दै आएको छ। इन्सेकको यो अभियानमा सबैले साथ दिन जरूरी छ। स्थानीय तह, प्रदेश र केन्द्र सरकारलाई समेत देशको मानव अधिकारको अवस्था हेरेर नीति निर्माण गर्न सहयोग हुने विषयवस्तु इन्सेकले तयार गर्दै आएको छ। यसको राज्यले भरपुर सदुपयोग गर्नुपर्छ। अध्ययन अनुसन्धान गर्न चाहनेहरूको लागि समेत इन्सेकका प्रकाशन सहयोगी बन्ने गरेका छन्। इन्सेकले यो कामलाई निरन्तरता दिओस् शुभकामना।

कृष्ण पाठक
कार्यवाहक अध्यक्ष, नेकपा एमाले, बागलुङ

इन्सेक तथ्याङ्कमा भन्दा पनि कार्यक्षेत्रमा सहयोगीको भूमिकामा आउनुपर्ने समय आएको छ। महिला, बालबालिका, ज्येष्ठ नागरिकका मात्रै नभएर, बाढी पहिरो पछिको पुनस्थापना, बालबालिकामा देखिएको कुपोषण, मानव हस्तक्षेपले पर्यावरणमा पारेका असर प्रभाव, बहुविवाह र बालविवाहले बनाएको परिवार विचलन लगायतका विषयमा पनि गहन अध्ययन, अनुसन्धान गर्नु पर्छ। गम्भीर प्रकृतिका घटनाहरूमा सरकारलाई जबाफदेही बनाउन भुमिका खेल्नुपर्छ।

लक्ष्मी जिसी कार्की
अध्यक्ष, नेपाल मानव अधिकार सङ्गठन, बागलुङ

इन्सेकले अभिलेख गरेका मानवअधिकार उल्लङ्घनका घटनाहरू विश्वासिलो र यथार्थपरक हुने गरेका छन्। इन्सेकले वार्षिक तथा अर्धवार्षिक समीक्षामार्फत घटनालाई थप पुर्नपुष्टि गर्ने गरेकाले प्रकाशित घटनाहरूमा शंका गर्नुपर्ने कुनै पनि ठाउँ देखिँदैन।

किरण गौतम
बैतनिक वकिल, रुकुमपूर्व

मानव अधिकार वर्षपुस्तकले मानव अधिकार उल्लङ्घनका घटनालाई अभिलेख गर्नु नै इन्सेकको महत्वपूर्ण काम हो। इन्सेकले अभिलेख गरेका घटना यथार्थपरक हुने हुँदा इन्सेकले अभिलेख गरेका सामग्रीहरूमा नै विश्वास लाग्छ।

लक्ष्मीप्रसाद बास्कोटा
प्रमुख जिल्ला अधिकारी, रुकुम पूर्व

इन्सेकद्वारा हरेक वर्ष प्रकाशन हुँदै आएको नेपाल मानव अधिकार वर्षपुस्तकले देशभर राज्य पक्ष र गैर राज्यपक्षबाट भएका मानवअधिकार उल्लङ्घनका घटनाहरूलाई उजागर गरेको छ। पुस्तकले देशको समग्र मानव अधिकारको अवस्थालाई समेटेको देखिन्छ। मानव अधिकार वर्षपुस्तकमा उल्लेख भएका घटनाका पीडितहरूले राहत पाउने अपेक्षा गर्न सकिन्छ। भविष्यको समेत दस्तावेज भएकोले वर्षपुस्तकमा समेटिने सामग्रीहरू सत्यतथ्यमा आधारित हुन जरुरी छ। यस पुस्तकले मानव अधिकारको संरक्षण र संवर्धन गर्न उल्लेखनीय भूमिका खेलेको छ भन्ने मलाई लागेको छ। पुस्तक सर्वसाधारणको पहुँचसम्म पुऱ्याउन जरुरी देखिन्छ। पुस्तकमा उल्लेखित घटनाहरू पढेर अब यस्ता घटनाहरू पुन: दोहोरिन दिनु हुँदैन भन्ने पाठ सिक्नु सबैको कर्तव्य हुने मैले ठानेको छु।

नवराज सापकोटा
प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय, रोल्पा

मानव अधिकारको क्षेत्रमा इन्सेक रोल्पाले विगत लामो समयदेखि अहम् भूमिका खेलिरहेको छ। मानव अधिकार र कानून एक अर्काका परिपूरक विषयवस्तु हुन्। मानव अधिकार भन्ने विषय कुनै न कुनै रूपमा कानुनसँगै जोडिन आउने विषयवस्तु हो। यस पुस्तकको प्रगतिको कामनाका साथै सफलताको शुभकामना दिन चाहन्छु।

अधिवक्ता टेकमप्रसाद घर्ती मगर
अध्यक्ष, जिल्ला बार इकाइ, रोल्पा

मानव अधिकारका विषयहरू नागरिकका सर्वाधिक चासोका विषय हुन्। मानवका प्राकृतिक तथा नैसर्गिक विषयहरू समेत जोडिएका विषयलाई मानव अधिकार वर्ष पुस्तकले समग्र देश, प्रदेश र स्थानीय तहको समेत विश्लेषण गरेको हुन्छ। पुस्तकमा प्मुख रूपमा लैङ्गिक हिंसाका विषयलाई बढी प्राथमिकतामा राखेको छ त्यो सराहनीय पनि छ। तथापि मुलुकको समग्र राजनीतिक, आर्थिक, सामाजिक पाटोका

विषयहरू समेत मानव अधिकारको दृष्टिकोणबाट समेटेर अवस्था चित्रण गर्न सकिएमा थप प्रभावकारी हुने थियो।

खिमराज भुसाल
प्रमुख जिल्ला अधिकारी, प्यूठान

इन्सेकद्वारा हरेक वर्ष प्रकासन हुने नेपाल मानव अधिकार वर्ष पुस्तकले देशमा मानव अधिकारको विद्यमान अवस्थाको यथार्थ चित्रण गर्ने गरेकोमा संस्थाप्रति आभार प्रकट गर्न चाहान्छु। मानव अधिकार वर्ष पुस्तकमा प्रकासित घटनाहरूले विशेष गरी नागरिक तथा राजनीतिक अधिकार हनन् तथा उल्लङ्घनप्रति राज्यको ध्यानाकर्षण गर्दै आएको छ।

पार्वता आचार्य
संयोजक, जिल्लास्तरीय मानव अधिकार सञ्जाल, प्यूठान

कुनै पनि समस्या निराकरण गर्नका लागि त्यो विषयको सूचना पर्याप्त हुन आवश्यक छ। मानव अधिकार वर्ष पुस्तकले मुलुकभर वर्षभर भएका मानव अधिकार उल्लङ्घनका घटनाहरूको जानकारी दिने गरेको छ। मानव अधिकार उल्लङ्घनका घटनाहरूलाई प्रकाशमा ल्याएर मानव अधिकारको हनन् गर्ने निकायहरूलाई केही हदसम्म भए पनि जिम्मेवार बन्न प्रेरित गरे जस्तो लाग्छ।

संजय रिजाल
अध्यक्ष, नेपाल पत्रकार महासंघ, प्यूठान

मैले मानव अधिकार वर्ष पुस्तक पढ्ने गरेको छु। म मानव अधिकारका विषयमा सचेत पनि छु। वर्ष पुस्तकका विषयहरू समय अनुसार परिमार्जन हुनु जरुरी छ। प्रहरी, प्रशासन र बलात्कारका विषयले मात्रै प्राथमिकता नपाएर आर्थिक, सामाजिक अधिकारलाई इन्सेकले वर्ष पुस्तकमा जोड दिनुपर्छ।

गोपालचन्द्र भट्टराई
प्रहरी उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, गुल्मी

इन्सेकले मानव अधिकार वर्ष पुस्तक वितरणलाई निरन्तरता दिनुपर्छ। कारागार र कैदीबन्दीका विषय निरन्तर उठाएर राज्यलाई ध्यानाकृष्ट गरिरहेको छ। वर्ष पुस्तकमा राखिएका समस्याको समाधानका लागि इन्सेकले सरोकारवालासँग अन्तरक्रिया, दवाव र अनुगमनमा जोडदिनुपर्छ। जसकाकारण वर्ष पुस्तक समस्या लिपिबद्ध गर्ने दस्तावेज मात्रै बन्दैन।

रेश्मीराज पन्थी
निमित्त कार्यालय प्रमुख
जिल्ला कारागार कार्यालय, गुल्मी

इन्सेकले प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तक समाजको ऐना हो। मानव अधिकारका बिषयवस्तु फरक भएकाले प्रकाशनको शैली परिवर्तन गर्नुपर्छ। वर्ष पुस्तकको विश्वासको कारण इन्सेकप्रति नागरिकको आशा पनि बढी भएकाले आर्थिक सामाजिक अधिकारका विषयमा जोड दिनुपर्छ।

गोपाल खनाल
अध्यक्ष, नेपाल बार एसोशियसन, गुल्मी

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानव अधिकारको अवस्थालाई दस्तावेज गरी मानव अधिकार वर्ष पुस्तक २०२२ प्रकाशन लागेकोमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु। समाजमा जातीय, वर्गीय, लिङ्गीय विभेदहरू विद्यमान छन्। जसका कारण मानव अधिकारको सही उपयोग हुन सकिरहेको छैन। जातीय भेदभाव तथा छुवाछूत र लैङ्गिक विभेदका कारण मानवअधिकारको अवस्था सन्तोषजनक छैन। सम्मानपूर्वक बाँच्न पाउने मानव अधिकारको आधारभूत सिद्धान्तको समेत अनुभूति गर्न नपाएका १३.८ प्रतिशत दलित समुदाय अहिले पनि मानव अधिकारबाट बञ्चित छन्। लैङ्गिक विभेदका कारण महिलाहरूले व्यवहारत् मानव अधिकारको अनुभूति गर्न पाइरहेका छैनन्। जातीय विभेद होस् या लैङ्गिक हिंसाका पीडित परिवारले सहज न्याय पाउने अवस्थाको निर्माण हुन सकिरहेको छैन।

राधा नेपाली
सचिव, दलित महिला सङ्घ, अर्घाखाँची

इन्सेकले यस जिल्लामा विभिन्न कार्यक्रमहरू गर्दा हरेक क्षेत्रहरूलाई समेटेर कार्यक्रम गर्दै आएको छ। इन्सेकले यस जिल्लामा हाल गर्दै आइरहेको कार्यक्रमहरू उल्लेखनीय छन् र अझ प्रभावकारी बनाउन पर्छ। ज्यादतीका घटनाहरू हुने गरेका छन्। यस्ता घटनाहरूमा प्रहरीको मात्र भूमिका नभई मानव अधिकारका सदस्यहरू समेत उपस्थित भई घटनाको

विश्लेषणमा इन्सेकजस्ता संस्थाले सहयोगको भूमिका निर्बाह गर्नुपर्छ ।

प्रहरी निरिक्षक
सुजन शाह
जिल्ला प्रहरी कार्यालय, अर्घाखाँची

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)ले नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ प्रकाशन गर्न लागेको थाहा पाउँदा अत्यन्त खुसी लागेको छ। मानिसले गर्भावस्था देखि मृत्युपर्यन्तसम्म प्राप्त गर्ने अधिकारहरू मानव अधिकारको क्षेत्रभित्र पर्ने हुनाले यो सबैको चासो, गम्भीर र महत्वपूर्ण विषय हो। पुस्तक मानव अधिकार संरक्षणको क्षेत्रमा काम गर्ने व्यक्ति, सङ्घ, संस्था लगायतका निकायहरू एवम् आमपाठकका लागि समेत अत्यन्त उपयोगी र ज्ञानर्द्धक हुने विश्वास लिएको छु। मानव अधिकारको क्षेत्रमा काम गर्ने विभिन्न व्यक्ति एवं निकायहरूबीच समन्वय एवं सहकार्य गर्ने कार्यमा समेत महत्वपूर्ण भूमिका खेल्न मानव अधिकार वर्ष पुस्तक २०२२ सफल हुने अपेक्षा गरेको छु।

हरिप्रसाद धिमिरे
प्रमुख जिल्ला अधिकारी, अर्घाखाँची

इन्सेकले हरेक वर्ष प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तक हरेक वर्ष अध्ययन गर्छु। अध्ययन गर्ने समेत मौका मिलेको छ। नेपालको मानवअधिकार अवस्था कस्तो छ भनेर जान्न बुझ्नका लागि यो पुस्तक महत्वपूर्ण रहेको छ। वर्षपुस्तकको निरन्तरताको कामना समेत गर्दछु।

मीरा मरासिनी
कार्यवाहक प्रमुख जिल्ला समन्वय समिति, पाल्पा

मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार हनन्का घटनाहरूलाई जिल्लागत रूपमा उठान गरेको पाएको छु। यो पुस्तक निकै उपयोगी छ। आगामी दिनमा यो पुस्तकले शिक्षा, स्वास्थ्य, खाद्य अधिकारको सवालसहित ज्येष्ठ नागरिक, महिला बालबालिकाहरूको हक र कार्यान्वयनको अवस्था विषयमा पनि सवालहरू उठान गर्दा अझ प्रभावकारी हुन्छ।

मेघराज शर्मा
वरिष्ठ पत्रकार, पाल्पा

नेपालमा अधिकारको क्षेत्रमा क्रियाशील अनौपचारिक क्षेत्र सेवा केन्द्र, इन्सेकले विगतका वर्षहरूमाझैं यसवर्ष पनि नेपाल मानव अधिकार वर्षपुस्तक २०२२ प्रकाशन गर्न लागेको कुराले हामी जनप्रतिनिधिहरूलाई ज्यादै खुशी तुल्याएको छ। नेपालको संविधानमा नै मौलिक हकहरूको सुनिश्चितता गरेकोमा मौलिक हक र अधिकारको हनन भइरहेको प्रति मानव अधिकारकर्मी संस्थाहरूले गर्ने पैरवीहरू अनुकरण योग्य नै रहेका छन्।

शिवशंकरप्रसाद राय
प्रमुख, जिल्ला समन्वय समिति, पश्चिम नवलपरासी

इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्षपुस्तकले मानव अधिकार हनन्का घटनाहरूको चित्रण मात्रै गर्दैन। जिम्मेवार निकायहरूलाई पनि जवाफदेहीताको बोध गराउँछ। महसुस गराउँछ। यसले मानवअधिकारको संरक्षण, संवर्द्धन र प्रवर्द्धनमा केही हदसम्म सचेतना अभिवृद्धिमा सकारात्मक योगदान पुर्याउँछ भन्ने ठान्दछु। प्रकाशन हुन गइरहेको पुस्तकले मानव अधिकार संरक्षणमा थप सहयोग पुर्याउने विश्वास पनि लिएको छु।

अध्यक्ष
अधिवक्ता चुराबहादुर थापा
नेपाल बार एशोसियशन
पश्चिम नवलपरासी

करिब २० वर्ष अगाडि मानव अधिकार शिक्षा रेडियो कार्यक्रमको साताको उल्लेख्य पत्रमा परेर मानव अधिकार वर्ष पुस्तक हात परेपछि अध्ययन गर्न सुरु गरेको मानव अधिकार वर्ष पुस्तक आजसम्म निरन्तर पढ्ने सौभाग्य प्राप्त भइरहेको छ। नेपालमा मानव अधिकारको समग्र अवस्थालाई बिश्लेषण गर्ने एक महत्वपुर्ण दस्तावेज हो मानव अधिकार वर्ष पुस्तक। मानव अधिकार वर्ष पुस्तकमा नेपालमा आर्थिक सामाजिक तथा साँस्कतिक अधिकार उपभोगको अवस्था बिषयमा मूल आलेख प्रकाशन मार्फत थालनी होस् भन्ने चाहान्छु।

सन्तोष आचार्य
उप सचिव (कार्यालय प्रमुख)
राष्ट्रिय मानव अधिकार आयोग,लुम्बिनी प्रदेश
कार्यालय बुटवल

सन् २०२१ मा यस प्रदेशमा प्रदेश सरकारले आफ्ना नियमित वार्षिक कार्यक्रम मार्फत स्वास्थ्य र शिक्षाको अधिकार लगायत महिला, बालबालिका, ज्येष्ठ

नागरिक र अपाङ्गता भएका व्यक्तिहरूका अधिकारको संरक्षण र प्रवर्द्धनसँग सम्बन्धित विभिन्न कार्यक्रम सञ्चालन गरेको छ। यस अवधिमा उपभोक्ता अधिकारलाई सुनिश्चित गर्न प्रदेश सभाबाट बजार नियमन तथा प्रतिस्पर्धा प्रवर्द्धन ऐन, २०७७ पारित भई प्रमाणिकरण भएको छ। यसका साथै प्रदेशमा उच्च शिक्षाको विकासलाई प्रवर्द्धन गर्न प्रदेश विश्व विद्यालय ऐन, २०७७ बनेको छ। घरेलु हिंसा पीडित र मानव बेचविखनबाट पीडितको उद्दार र पुर्नस्थापनाका लागि सेवा केन्द्र तथा पुर्नस्थापना केन्द्रको स्थापना र सेवा तथा पुर्नस्थापना कोषसम्बन्धी विधेयक समेत पारित भई प्रमाणिकरणसमेत भएको छ।

प्रदेश सरकारको स्थापना पश्चात प्रदेशको संस्थागत विकासका लागि आवश्यक कानुनी र नीतिगत व्यवस्थाका साथै संरचनागत स्वरुपलाई समेत बढी व्यवहारिक र प्रभावकारी बनाउने उद्देश्यले नेपालको संविधान बमोजिम प्रदेशलाई प्राप्त अधिकार क्षेत्रको सीमाभित्र रहेर संस्थागत सुदृढिकरणका काम भइरहेको छ। सङ्घीयता कार्यान्वयनसँगै प्रदेशको शासकीय क्षमता विकास र विस्तार हुँदै जानेक्रममा रहेकोले प्रदेशको अधिकारका कतिपय क्षेत्रमा उल्लेखनीय र प्रभावकारी काम हुन नसकेको भएता पनि आगामी दिनमा काम गर्नका लागि पूर्वाधारको तयारी भएको छ। प्रदेश सरकारको उपरोक्त प्रयासहरूमा अनौपचारिक क्षेत्र सेवा केन्द्र लगायतका सङ्घ संस्थाहरू र नागरिक समाजको सहयोग, समन्वय र पृष्ठपोषणले थप उर्जा प्राप्त भएको छ।

प्रदेशमा मानव अधिकारको स्थिति सम्बन्धमा हरेक वर्ष प्रकाशन हुँदै आएको मानव अधिकार वर्ष पुस्तकले उल्लेख गरेका तथ्य, तथ्याङ्कहरूले प्रदेश सरकारलाई मानव अधिकारको संरक्षण र प्रवर्द्धनका क्षेत्रमा नीति र कार्यक्रम बनाउन महत्वपूर्ण सहयोग प्राप्त हुने गरेको छ। अनौपचारिक क्षेत्र सेवा केन्›को यस्ता योगदानका लागि प्रदेश सरकार इन्सेकप्रति आभारी छ। सरकारका कमीकमजोरी औँल्याउँदै सुधारका लागि थप ठोस सुझावहरू समेत वर्ष पुस्तकले उपलब्ध गराउने अपेक्षा सहित वर्ष पुस्तक प्रकाशनको सफलताको कामना गर्दछु।

राजेन्द्र थापा
सचिव
मुख्यमन्त्री तथा मन्त्री परिषदको कार्यालय,
लुम्बिनी प्रदेश, बुटवल, मुकाम

नेपालमा मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि विगत लामो समयदेखि महत्वपूर्ण भूमिका खेलेको छ। मानव अधिकार प्रवर्द्धन र संरक्षणमा आगामी दिनमा तथ्यपरक र वस्तुपरक घटनाहरूको उजागर गरी मानव अधिकारको संरक्षणमा थप टेवा पुऱ्याउन सकोस्।

ऋषिराम तिवारी
प्रमुख जिल्ला अधिकारी,
जिल्ला प्रशासन कार्यालय, रुपन्देही

मानव अधिकारलाई सेवा प्रवाहको अभिन्न मानकका रूपमा परिभाषित गरिएको वर्तमान सन्दर्भमा मानवअधिकारसँग सम्बन्धित विविध पक्षहरूको अभिलेखिकरण महत्वपूर्ण हुन्छ। मानव अधिकारसँग सम्बन्धित सूचना र तथ्याङ्कहरूको सुक्ष्म प्रमाणीकरण त्यसैले पनि ज्यादै संवेदनशील र चुनौतीपूर्ण हुन्छ। अत: यस नेपाल मानवअधिकार वर्ष पुस्तकमा सङ्कलित तथ्यहरूले मानव अधिकार संरक्षणमा सकारात्मक गति प्रदान गरोस्, यही शुभकामना दिन चाहान्छु।

डा. मनोज के.सी
प्रहरी उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, रुपन्देही

सन् १९९२ देखि अनवरत रूपमा प्रकाशन हुँदै आइरहेको नेपाल मानव अधिकार वर्ष पुस्तक नेपालको मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूको अभिलेख गर्ने एक महत्वपूर्ण दस्तावेजका रूपमा स्थापित पुस्तक हो। यो पुस्तक राज्य सञ्चालकदेखि लिएर राजनीतिक दल, आम नागरिकलाई मानव अधिकार सुसंस्कृतिका लागि मार्गनिर्देशकका रूपमा सहयोगी बन्दै आइरहेको छ। प्रत्येक वर्ष भएगरेका मानव अधिकारसम्बन्धी घटनाहरूको अभिलेखका साथसाथै न्यायापालिका, कार्यपालिका र व्यवस्थापिकाको भूमिकामा समेत नेपाल मानव अधिकार वर्ष पुस्तक मार्फत समीक्षा गरिएको पाइन्छ। पछिल्ला वर्षहरूमा इन्सेकद्वारा प्रकाशित यस पुस्तकमा आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका सवालमा प्रादेशिक रूपमा आलेखहरू प्रकाशित गरेको पाइयो जुन कुराले आमनागरिकहरूको जनजीविकाका सवालमा समेत पुस्तक मार्फत राज्यका निकायहरूलाई सुझाएको देखिन्छ। अर्थात यो पुस्तक सबै सरोकारवालाहरूको ऐनाका रूपमा स्थापित छ।

हामी विभिन्न राजनीतिक आरोह अवरोह पार गर्दै नयाँ व्यवस्था (लोकतान्त्रिक गणतन्त्रात्मक शासन) लाई संस्थागत गर्दै अगाडि बढिरहेको सन्दर्भमा आम नागरिकहरूको अपेक्षा,चाहनालाई राज्य सञ्चालकहरूले संविधान वा विभिन्न ऐन कानुनमार्फत सम्बोधन गर्ने प्रयास गरिरहेकै छन्। लुम्बिनी प्रदेश सरकारले पनि यस अवधिसम्म विभिन्न मानव अधिकारमैत्री कानुन निर्माणमा महत्वपूर्ण काम गरिरहेको छ यसका लागि सबै सरोकारवाला निकाय र सम्बन्धित पक्षहरूको परामर्श लिँदै बनेका ऐन,कानुनको कार्यान्वयनमा जोड दिइरहेको छ। मानव अधिकार सङ्घ संस्थाहरूको समन्वय सहकार्यमा प्रदेश सरकारले सधैँ चासो देखाउँदैसमेत आइरहेको छ। मानव अधिकारका विषयवस्तुहरूलाई समय सापेक्ष नेपाल मानव अधिकार वर्ष पुस्तकमा समावेश गर्नु आवश्यक देखिन्छ। नागरिक तथा राजनीतिक अधिकारका घटनाहरू मात्र समेटेर अब पुग्दैन हामीले आर्थिक,सामाजिक तथा साँस्कृतिक अधिकारका सवालहरूलाई पनि सुत्रवद्ध रूपमा वर्षपुस्तकमा समेट्दै लैजान सके पुस्तकले झनै पूर्णता पाउने र सबैको अपनत्व हुनेछ। वर्ष पुस्तकलाई सबैको साझा मानव अधिकार दस्तावेज बनाउनका लागि प्रदेश सरकारले सहयोगीको भूमिकासमेत निर्वाह गर्नेछ भन्ने विश्वास दिलाउँदै, आगामी वर्षहरूमा मानव अधिकार वर्ष पुस्तक झनै ओजपूर्ण बनोस् इन्सेकलाई शुभकामना दिन चाहान्छु।

श्रीकृष्ण सुवेदी
(मुख्य न्यायाधीवक्ता)
लुम्बिनी प्रदेश सरकार

नेपाल मानव अधिकार वर्षपुस्तकले मानव अधिकार उल्लङ्घनका घटनालाई मात्र नभएर जनताको विकासका अधिकारका विषयमा पनि अनुगमन गरी प्रतिवेदनमा सार्वजनिक गर्नुपर्छ।

चक्रपाणि पाण्डे
प्रमुख जिल्ला अधिकारी
जिल्ला प्रशासन कार्यालय तौलिहवा, कपिलबस्तु

इन्सेकले नेपाल मानव अधिकारका घटनाहरूलाई लिपीवद्ध गरेर वर्ष पुस्तक प्रकाशित गर्न थाले देखि राज्य तथा गैर राज्यको तर्फबाट भए गरेका मानव अधिकारका उल्लङ्घनका घटनाहरूको न्यूनीकरणमा सहयोग पुगेको छ। राज्यका निकायहरूलाई थप जवाफदेही बनाउन इन्सेक लगायतका मानव अधिकार संस्थाहरूको अहम् भूमिका रहन्छ।

दानबहादुर कार्की
प्रहरी उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, कपिलवस्तु

मानव अधिकार वर्ष पुस्तक हिजोका द्वन्द्वकालीन घटनाको प्रमाणका रूपमा पनि प्रयोग हुने हुँदा यसको महत्व राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा रहेको छ। वर्ष पुस्तक प्रकासनले दण्डहीनताको अन्त्यका लागि सहयोग गरेको छ।

प्रवीणकुमार श्रीवास्तव
अध्यक्ष, गैसस महासङ्घ, कपिलबस्तु

नेपाल मानव अधिकार वर्ष पुस्तकमा प्रकाशित मानव अधिकार उल्लङ्घन, ज्यादती र मानव अधिकार हनन्सम्बन्धी घटनाहरू तथ्यपरक बनाउन इन्सेकले तथ्य सङ्कलनमा मेहनत गर्ने गरेका कारण विषयवस्तु र घटना विश्वसनीय हुने गरेका छन्।

रबिन्द्रनाथ ठाकुर
अध्यक्ष, मधेश मानवअधिकार गृह माहुरी होम,
कपिलबस्तु

नेपाल प्रहरी मानव अधिकारप्रति प्रतिबद्ध छ। सबैको मानव अधिकारको विषयलाई सम्मान गर्दै नागरिक सुरक्षा र घटनाको अनुसन्धानमा अहोरात्र खटेर नेपाल प्रहरीले काम गरिरहेको छ। प्रहरी सेवालाई थप प्रभावकारी बनाउन स्रोतसाधन र प्रविधिमैत्री बनाउन जरुरी छ। यसमा नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारमैत्री व्यवहारमा थप प्रोत्साहन गर्ने काम गरिरहेको महसुस गरेको छु।

मुकुन्द रिजाल
नायब प्रहरी उपरीक्षक,
जिल्ला प्रहरी कार्यालय, दाङ

समाजमा महिलामाथि हुने हिंसाको सङ्ख्यामा कमी आएको छैन। महिलाहरू आफैँले यो कुरा सरोकारवालाहरूलाई भन्दा त्यति विश्वास गर्ने चलन छैन। लैङ्गिक रूपमा हुने एकाध घटनालाई लिएर महिलामाथि नै औँला ठड्याउने काम समाजले गरिरहेको बेला नेपाल मानव अधिकार वर्ष पुस्तकले समाजमा महिलामाथि हुने हिंसाको रूप र त्यसले

निम्त्याएका असरलाई छर्लङ्ग पार्ने काम गरेको छ। नीति निर्मातालाई झकझक्याउने काममा वर्ष पुस्तक निरन्तर लागोस् शुभकामना छ।

हुमा डिसी

अध्यक्ष, महिला मानव अधिकार रक्षक सञ्जाल, दाङ

मानव अधिकार प्रवर्द्धन र घटनाको अभिलेखनमा वर्षपुस्तक नमुना दस्तावेज हो। जसले हामी राज्यका विभिन्न तहमा बस्नेहरूलाई दशकौंदेखि निरन्तर खबरदारी गरिरहेको छ। देशको मूलनीति राजनीति हो। राजनीतिका कारणले मानव अधिकार प्रभावित हुने अवस्था छ। वर्षपुस्तकले मूलनीतिका कमजोरी भएका मानव अधिकारका विषयलाई दस्तावेजीकरण गर्नुपर्छ। राजनीतिक आग्रह पूर्वाग्रहका कारण कतिपय सार्वजनिक सेवा प्रभावित हुँदा मानव अधिकार उल्लङ्घन भएका छन् यस विषयलाई वर्षपुस्तकमा समेटियोस्।

जितेन्द्रमान नेपाली

प्रमुख, जिल्ला समन्वय समिति, दाङ

इन्सेकले आफ्नो स्थापनाकालदेखि नै मानव अधिकारको संरक्षण र संवर्द्धनमा महत्वपूर्ण भूमिका खेलिरहेको छ। इन्सेकले आर्थिक, सामाजिक तथा विकाससँग सम्बन्धित विषयहरू, नागरिकको संविधान प्रदत्त मौलिक हकहरूको कार्यान्वयनका बारेमा वर्षपुस्तकमा उल्लेख गर्नुपर्छ।

झङ्करबहादुर रावल

कार्यालय प्रमुख

राष्ट्रिय मानव अधिकार आयोग लुम्बिनी प्रदेश कार्यालय, नेपालगञ्ज

इन्सेकले समयदेखि मानव अधिकारको क्षेत्रमा सकृय भूमिका निर्वाह गर्दै आइरहेको छ। जुन अत्यन्त सराहनीय छ। नेपालमा मानव अधिकारको अवस्था तथा वर्षभर भएका घटनाहरू अभिलेखिकरण गरि प्रकाशन गर्दै आइरहेको छ ।

मैमुना सिद्दिकी

अध्यक्ष, फातिमा फाउण्डेशन नेपाल, नेपालगञ्ज

इन्सेकले मानव अधिकार वर्ष पुस्तक २०२२ प्रकाशन गर्न लागेको जानकारी पाउँदा खुसी लागेको छ। मानव अधिकारको क्षेत्र व्यापक रहेको छ। व्यक्तिको मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने मुख्य दायित्व राज्यको हो। साथसाथै मानव अधिकारसँग जोडिने अन्य निकाय, राट्रिय अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट समेत मानव अधिकारको संरक्षण र संवर्द्धनका क्षेत्रमा निष्पक्ष ढङ्गले गरिने योगदानलाई राज्यले सदैव स्वागत गर्दछ।

सूर्यबहादुर खत्री

प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, बाँके

नेपाल मानव अधिकार वर्षपुस्तकले देशको मानव अधिकारको अवस्थाको चित्रण गरेको पाइन्छ। पुस्तक प्रकाशनबाट मानव अधिकारका घटनामा कमी आउनुका साथै घरेलु हिंसामा परेका महिला बालबालिकाहरूका स्थिति उजागर भई राज्यलाई कानुनको पालना तथा कानुन परिमार्जन गर्न महत्वपूर्ण भूमिका खेल्नेछ भन्ने विश्वास लागेको छ।

श्यामकृष्ण अधिकारी

प्रहरी उपरीक्षक

जिल्ला प्रहरी कार्यालय, बाँके

इन्सेकले गर्दै आएको मानवअधिकार उल्लङ्घनका घटना अभिलेखिकरणले हरेक नेपाल मानव अधिकार वर्ष पुस्तक राष्ट्रिय अन्रराष्ट्रिय तहमा स्थापित भइसकेको छ। यस पुस्तक तयार गर्दा इन्सेकले अदालतसँग समन्वय सहकार्य गर्दै आएको छ। यसले जिल्लाको मानव अधिकारको यथार्थ अवस्था बाहिर ल्याउन र पीडितले न्याय पाए नपाएको अवस्था थाहा पाउन सहयोग पुऱ्याइरहेको छ।

निलकण्ठ बराल

अध्यक्ष, बर्दिया जिल्ला अदालत गुलरिया, बर्दिया

नेपाल मानव अधिकार वर्षपुस्तकमा उल्लेखित घटनाको प्रतिवेदनमा गम्भीर प्रकृतिको घटना पनि कानुनी दायरामा आउन नसकेको विषयमा आन्तरिक छलफल गर्न सहयोग पुऱ्याउँदै आएको छ। इन्सेकले वर्षपुस्तक मार्फत गरिरहेको दस्तावेजिकरणको कार्यले प्रहरीलाई कानुनी प्रक्रियामा नआएका घटनाको बारेमा जानकारी लिन सहयोग पुगिरहेको छ। केही घटना प्रहरी कार्यालयमा उजुरी भन्दा फरक पनि पाइयो। यसले प्रहरीलाई घटनाको सत्यता जाँच गर्न सहयोग पुऱ्याउँछ।

ईश्वर कार्की

प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, बर्दिया

इन्सेकले आफ्नो स्थापना समयदेखि नै मानव अधिकारको सवालमा महत्वपूर्ण कार्य गर्दै आएको छ। यसले सम्बन्धित सबै सरोकारवालालाई सचेत जम्मेवार बनाउन भूमिका खेल्दै आएको छ। अब वर्ष पुस्तकमा समय अनुसार सामान्य लाग्ने तर ती कुराले मानिसलाई मानिस भएर बाँच्नलाई नभई नहुने अवरोध गरिरहेको विषयलाई पनि इन्सेकले गम्भीरतापूर्वक उठाउन पर्छ।

,

सन्तबहादुर सुनार
प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय
गुलरिया, बर्दिया

इन्सेकले नेपाल मानव अधिकार वर्षपुस्तक मार्फत गर्दै आएको मानव अधिकार उल्लङ्घनका घटना अभिलेखिकरणले जिल्लाको मानव अधिकारको यथार्थ अवस्था थाहा पाउन सहयोग पुऱ्याइरहेको छ। वर्षपुस्तकमा उल्लेखित घटनाले मानव अधिकारका जिम्मेवार सरकारी गैरसरकारी निकाय संस्था, पत्रकारहरूलाई वकालत गर्न सहयोगी हुने गरेको छ।

काशीराम थारु
अध्यक्ष, नेपाल बार एशोसिएशन, बर्दिया

भौगोलिक विकटताका कारण ग्रामीण भेगमा भएका मानव अधिकार उल्लङ्घनका सबै घटनाका पीडितहरू अझै पनि न्यायिक प्रकृयामा पुग्न सकेका छैनन्। परम्परागत सोच, संस्कार, संस्कृति र अन्धविश्वासका कारण समुदायमा हुँदै आएका यस किसिमका घटना न्यूनीकरणका लागि इन्सेकले जिल्लाका ग्रामीण तहहरूमा पुगेर मानव अधिकार सचेतना शिक्षा दिनु पर्ने आवश्यकता छ।

लेखबहादुर बुढा
सचिव, नेपाल पत्रकार महासङ्घ, डोल्पा

इन्सेकले सामाजिक चेतना विकास र नागरिकलाई मानव अधिकारप्रतिको सजगता अपनाउन समेत सहयोग पुऱ्याउँदै आएको छ । यस जिल्लाका घटनाहरू फरक ढ का हुने र हुँदै आएकाले विशेष गरि राजनीतिक दलहरू र उनका कार्यकर्तालाई मानव अधिकारप्रति संवेदनशील बनाउन मानव अधिकार शिक्षा कार्यक्रम सञ्चालन गरिनु पर्ने देखिन्छ।

वेदनिधि अधिकारी
प्रमुख जिल्ला अधिकारी, डोल्पा

इन्सेकले मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूलाई समाजमा छर्लङ्ग हुने गरि प्रकाशमा ल्याउने काम गरेको छ। समाजमा भएका घटनाहरूको अभिलेखका लागि ग्रामीण भेगसम्म पुग्नु पर्ने देखिन्छ। जिल्लाका सबै स्थानीय तहमा जातीय विभेदका घटनाहरू धेरै हुने गरेको भए पनि इन्सेकको अभिलेखमा देखिएन।

काली चलाउने
अन्तरपार्टी महिला सञ्जाल, त्रिपुराकोट डोल्पा

मानव अधिकार मानिसको नैसर्गिक अधिकार हो। हरेकलाई मानव अधिकार उपयोग गर्ने हक हुन्छ। मानव अधिकारको संरक्षण संवर्द्धनका लागि सरकारी तथा गैर सरकारी संस्थाको भूमिका आवश्यक छ। नेपालमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले सर्वसाधारणको मानव अधिकारको रक्षाका विषयमा राज्य तथा अन्य सरोकारवाला निकायलाई सचेत बनाउन खेलेको भूमिका उल्लेखनीय छ। आगामी दिनमा मानव अधिकार संरक्षणको विषयमा ठूलो योगदान पुऱ्याउनका लागि इन्सेकलाई शुभकामना।

रोमबहादुर महत
प्रमुख जिल्ला अधिकारी, मुगु

मानव अधिकारको संरक्षण र संवर्द्धन गर्ने दायित्व राज्यको हो। विगतका वर्षमा राज्य र अन्य पक्षबाट मानव अधिकार हननका घटना भए पनि पछिल्ला वर्षमा राज्य र गैर राज्य पक्षको पहलमा मानव अधिकार उल्लङ्घनका घटनामा कमी हुँदै आएको छ। इन्सेक पनि मानव अधिकार संरक्षण र संवर्द्धनमा स्थापना कालदेखि नै लागिपरेको संस्था हो। इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकार संरक्षणमा एक दस्तावेज भएकाले आगामी दिनमा अझै सशक्त हुँदै जाओस्।

सुभाष हमाल
प्रहरी नायब उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, मुगु

नेपाल मानव अधिकार वर्ष पुस्तक राज्य तथा अन्य पक्षलाई मानव आधिकार रक्षाको विषयमा वकालत तथा पैरवीको दस्तावेज बन्न सफल भएको छ। मानव अधिकारका विषयमा वर्ष पुस्तकले राज्यलाई सचेत बनाउन ठूलो प्रयास गरेको देखिँदै आएको छ। ग्रामीण क्षेत्रका आर्थिक, सामाजिक र सांस्कृतिक

पक्षलाई उठान गर्न मानव अधिकार वर्ष पुस्तकले भूमिका खेल्दै जानु पर्ने देखिएको छ।

नृपेन्द्रबहादुर मल्ल
अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, मुगु

समाजमा लुकेर रहेका मानव अधिकार उल्लङ्घनसँग सम्बन्धित घटनाहरूलाई तथ्यपरक ढङ्गले उजागर गर्दै मानव अधिकारको संरक्षणका लागि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले उल्लेखनीय भूमिका निर्वाह गर्नेछ भन्ने मैले विश्वास लिएको छु। यो पुस्तक मानव अधिकार संरक्षणको क्षेत्रमा एक महत्वपूर्ण दस्तावेज बन्न सकोस्।

दशरथ राई
सहायक प्रमुख जिल्ला अधिकारी, हुम्ला

आर्थिक कठिनाइ, ज्ञान वा सूचनाको कमी र भौगोलिक विकटताका कारण धेरै मानिसको न्यायमा पहुँच पुग्न सकेको छैन। इन्सेकले तथ्याङ्क सङ्कलनमा मात्र सीमित नरहेर प्रहरी प्रशासनले उजुरी दर्ता नगरेका र प्रहरी प्रशासनभित्र मिलाएका फौजदारी घटनाको पनि अभिलेख राख्नु पर्छ।

राजन चन्द
अधिवक्ता, हुम्ला

विभिन्न जिल्लामा भएका मानव अधिकारसँग सम्बन्धित घटनाहरूका विषयमा प्रत्येक वर्ष प्रकाशित घटना विवरणहरूले यस क्षेत्रमा कार्यरत सबै व्यक्ति तथा संस्थालाई सन्दर्भ सामग्रीका रूपमा काम गरिरहेका छन्। इन्सेकका आगामी कार्यक्रमहरू विकट क्षेत्रका समाजमा लुकेका मानव अधिकार उल्लङ्घनका घटनाहरू उजागर गर्नमा केन्द्रित होउन् भन्ने शुभेक्षा व्यक्त गर्न चाहान्छु।

हेरम्व शर्मा
प्रहरी नायब उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, हुम्ला

मानव अधिकार उल्लङ्घनका घटनालाई उजागर गर्दै, राज्य पक्षबाट हुने मानव अधिकार उल्लङ्घनका घटना हुन नदिन इन्सेकले गरेको खबरदारी तथा मानव अधिकार बहालीका लागि गरेको प्रयासलाई नेपाल मानव अधिकार वर्ष पुस्तकमा समेट्नु पर्छ भन्दै शुभकामना व्यक्त गर्दछु।

कमलकुमार आचार्य
श्रेस्तेदार (उपसचिव) हुम्ला

आगामी दिनहरूमा यस पुस्तकमार्फत समाजमा लुकिछिपी रहेका मानव अधिकार हननसँग सम्बन्धित घटनालाई जस्ताको तस्तै उजागर गरेर मानव अधिकारको सन्दर्भमा महत्वपूर्ण दस्तावेज बन्न सकोस् भनि अपेक्षा राख्दछु।

तिलकप्रसाद भट्टराई
निमित्त प्रमुख, शिक्षा विकास तथा समन्वय इकाइ, हुम्ला

मानव अधिकार वर्ष पुस्तकमा आवाज विहीन र निमुखा मानिसहरूका घटना छुटेको देखिन्छ। आर्थिक, सामाजिक र सांस्कृतिक घटनासहित विकास निर्माणका काम नहुँदा धेरै नागरिकलाई समस्या भोग्नु परेको छ। कर्णालीमा जातीय विभेद, बालविवाह र छाउपडी प्रथाले पनि समस्या निम्त्याएको देखिन्छ। यस्ता घटना मुद्दाका रूपमा न्यायालयमा आउने गरेको पाइँदैन। यस्ता घटनाबाट नागरिक सदियौँदेखि पीडित भएकाले वर्ष पुस्तकमा यी विषय पनि समेटिनु पर्दछ।

मनसुर सुनार
केन्द्रीय सदस्य, राष्ट्रिय प्रजातन्त्र पार्टी, जुम्ला

सडक दुर्घटना, सरसफाइ, फोहोर व्यवस्थापन नहुँदा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा नागरिकको जीवन र स्वास्थ्यसँग जोडिएको हुन्छ। यसको व्यवस्थापन राज्यले नै गर्नुपर्ने हो। राज्यले यस्ता विषयमा सरोकार नराख्दा मानव जीवन प्रभावित हुने गरेकाले यस्ता घटना पनि वर्ष पुस्तकमा समेट्न उपयुक्त देखिन्छ।

बुद्धनारायण साहनी
कार्यालय प्रमुख, राष्ट्रिय मानव अधिकार आयोग, कर्णाली प्रदेश शाखा, जुम्ला

मानव अधिकार संरक्षण तथा प्रवर्द्धन गर्ने दायित्व र जिम्मेवारी बोकेको राज्यका निकायलाई पुस्तकले जवाफदेही बनाएको छ। अझ यस पुस्तकको गरिमा बढाउन समुदायमा हुने कुरीति कुसंस्कारविरुद्ध तथा विपन्न नागरिकका आवाजलाई पनि समेट्नु पर्दछ। मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूको तथ्य सङ्कलन गरेर विस्तृत रूपमा प्रकाशन गर्न आवश्यक देखिन्छ।

सिद्धराज न्यौपाने
प्रहरी नायब उपरीक्षक
जिल्ला प्रहरी कार्यालय, कालीकोट

मानव अधिकार उल्लङ्घन तथा ज्यादती, विभेद, महिला हिंसा तथा यौन हिंसाका घटना कालीकोट जिल्लामा बढिरहेकाले इन्सेकले घटना न्यूनीकणका लागि अझ सक्रियता बढाउन आवश्यक छ। विकट गाउँ तथा जिल्लामा सबै स्थानीय तहमा पुगेर अनुगमन गरि घटनाको विवरण पुस्तकमा समावेश गरिनु पर्दछ। इन्सेकले मानव अधिकार उल्लङ्घनका घटनाबाट पीडितहरूलाई न्यायिक प्रक्रियामा पुऱ्याउन आर्थिक सहयोग पनि गर्दा राम्रो हुने देखिन्छ।

दीपेन्द्र दनुवार
जिल्ला न्यायाधिवक्ता, कालीकोट

न्यायमा पहुँच नभएका निमुखा, गरिब र असायहरूको न्याय प्रवर्द्धनका लागि सरकारका निकायले गरिरहेका प्रयासलाई सघाउन नेपाल मानव अधिकार वर्ष पुस्तकले राम्रो काम गरेको छ। सदरमुकाम र सुविधायुक्त ठाउँका सेवाग्राहीहरूले न्यायिक निकायमा जाने अनि तिनै घटनाहरूको मात्र जानकारी आउने गरेको अवस्थामा कुनाकन्दरामा लुकेका घटनाहरू वर्ष पुस्तकमा समावेश गर्ने संयन्त्रको विकास गर्नु जरूरी छ।

सूर्यबहादुर शाही
नगर प्रमुख, चामुण्डाबिन्द्रासैनी नगरापालिका, दैलेख

मानव अधिकार संरक्षणको लागि एक महत्वपूर्ण दस्तावेज भएकाले यसले मानव अधिकार उल्लङ्घनबाट पीडितलाई न्यायिक उपचारको बाटो देखाउने र पीडक पक्षको मानव अधिकारको पाटोलाई पनि उत्तिकै टड्कारो रूपमा उठाएको हुनुपर्छ। जसले गर्दा पीडकलाई सामाजिकीकरण गर्न कठिनाइ नहोस्।

रुक्मेडा पोखरेल
सहायक जिल्ला न्यायाधिवक्ता, दैलेख

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारविरुद्ध भए गरेका घटनाहरूलाई दस्तावेजीकरण गर्न उल्लेख्य भूमिका खेलेको छ। घटनाको सत्यतथ्यलाई अभिलेख गरी राज्यलाई नैतिक रूपमा जवाफदेही बनाउन, आवश्यक कार्यान्वयन गर्न र सचेतनाको निम्ति निरन्तर खबरदारी गर्न जरूरी छ।

विशाल सुनार
संयोजक, मानव अधिकार रक्षक सञ्जाल, दैलेख

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानव अधिकार, सुशासनका क्षेत्रमा नागरिकलाई सङ्गठित गर्ने, सशक्तिकरण गर्ने र अधिकारका लागि प्रतिनिधित्व, पहुँच, वकालत गर्न सहजीकरणको रूपमा भूमिका निर्वाह गरोस् भन्ने अपेक्षा, विश्वास र शुभकामना व्यक्त गर्दछु।

प्रेमप्रसाद देवकोटा
प्रमुख जिल्ला अधिकारी, जाजरकोट

सुशासनका आधारभूत पक्षमा विभिन्न सवालहरू पहिचान गर्ने र सवालहरूलाई सम्बोधन गर्न प्रत्येक जिल्लामा सुशासन प्रवर्द्धन अत्यन्त महत्वपूर्ण विषय भएकाले मानव अधिकार वर्ष पुस्तक २०२२ मार्फत यस्तै विष्या उजागर गरोस्।

राजेन्द्रविक्रम शाह
संयोजक, मानव अधिकार रक्षक सञ्जाल, जाजरकोट

पुस्तकले समाजमा हुने मानव अधिकार हनन् र ज्यादतीका घटनाहरू तथ्यगत रूपमा बाहिर ल्याउने गरेको छ। यसले अनुसन्धान गर्न, पीडितलाई न्याय र पीडकलाई कारबाही गर्न सहयोगी भूमिका खेलेको छ। समाजमा हुने घटनाहरू सत्य तथ्यका आधारमा पुस्तकमा समेटी प्रकाशित होस्। पुस्तक मानव अधिकारको अभिलेख दस्ताबेजका रूपमा रहोस् र पुस्तकमा समेटिने सबै घटना सत्य सावित बनाउनतिर ध्यान जाओस्।

प्रकाशकुमार शाही
अध्यक्ष, नेपाल बार एसोसिएसन, जाजरकोट

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले नागरिकका अधिकारहरूको पहिचान गर्दै मानवीय कानुनका आधारमा नीति निर्माण गरेर कार्यान्वयन गर्न राज्यलाई दवाब सृजना गर्न देशभर निरन्तर अभियान चलाएर समस्त नेपाल र नेपालीको लागि ठूलो योगदान गरेको छ। मानव अधिकार उल्लङ्घनको मुख्य स्रोत गरिबी, राजनीतिक अस्थिरता र अज्ञानताको अन्त्य गर्न अन्तरमनदेखि नै लाग्नु हामी सबैको कर्तव्य हो। बनेका नीति, नियम, अधिकारहरूको निर्वाध उपभोग गर्न सक्ने पहुँच र क्षमता विकास गर्नु मानव अधिकार कार्यान्वयनको एक प्रभावशाली उपाय हो। प्रत्येक वर्ष झैं यस वर्ष पनि सन् २०२२ का लागि वर्ष पुस्तक प्रकाशन गर्न लागेको र मानव अधिकारका क्षेत्रमा

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) लाई आगामी दिनमा थप सफलता मिलोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

मधुकुमार थापा
प्रहरी नायब उपरीक्षक,
जिल्ला प्रहरी कार्यालय जाजरकोट

इन्सेकले गरेको निरन्तर अभियानबाट मानव अधिकारको अभिवृद्धि एवम् संस्कृतिको विकासमा टेवा पुगेको देखिन्छ। सन २०२१ मा रूकुम पश्चिममा महिला र बालबालिकाहरू विभिन्न खाले हिंसा, हत्या र बलात्कारका घटनाबाट प्रताडित हनु परेको तथ्य हाम्रा सामु रहेको छ। यस विषयमा सबैले गम्भीर भएर सोच्ने र सोही अनुसारका योजना तथा कार्यक्रममार्फत यसको न्यूनीकरण गर्नुपर्ने बेला आएको छ।

प्रमेश शिवा
सहायक प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, रुकुम पश्चिम

इन्सेकले उठान गर्ने र सम्पादन गर्ने हरेक गतिविधिहरू वस्तुनिष्ठ र यथार्थपरक हुन्छन्। निश्चित समयावधिमा इन्सेकले सम्पादन गर्ने गतिविधि गोष्ठीमार्फत छलफल गर्ने, आवश्यक राय तथा सुझाव ग्रहण गरेर सम्पादन गर्ने कार्य झन निष्पक्ष, यथार्थ र वस्तुनिष्ठ छ। यसले गर्दा सरोकारवालाहरूले हरेक घटनाको जानकारी लिने र जानकारीमा भएका घटनाको अपडेट गर्न पाएका छन्।

राजु लामिछाने
पत्रकार, रुकुम पश्चिम

मानव अधिकारको पाटोलाई अपराध, ज्यादती र मानव अधिकारका विषयमा भिन्न भिन्न रूपमा वर्गीकरण गरिएको हुन्छ। जसका श्रोतहरू सरोकारवाला निकायहरू हुने गर्दछन्। तर पनि कतिपय अवस्थामा त्यस्ता घटनाहरूको बारेमा वर्गीकृत सूचना प्रकाशन गरेदेखि अदालतबाट सफाइ पाउँदा घटनाको तथ्य नै फरक पर्ने विषयमा ध्यान दिन जरूरी छ।

गणेश हमाल
अध्यक्ष, जिल्ला बार एसोसिएसन (रुकुम पश्चिम)

नेपालमा कुन कुन पक्षबाट कसरी मानव अधिकार हनन् भएको छ भन्ने विषय उजागर गरी सम्बन्धित पक्षलाई मानव अधिकारको सम्मान गर्न अभिप्रेरित गरेको मैले महसुस गरेकी छु। सभ्य समाजको परिकल्पना मानव अधिकारको पालना नभई सम्भव हुँदैन भन्ने मेरो विश्वास छ। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले निष्पक्ष ढङ्गबाट मानव अधिकार उल्लङ्घनका घटनाहरू उजागर गर्दै आगामी वर्ष पुस्तकमा समेत समावेश हुँदै जाओस्।

लक्ष्मीदेवी हुमागाइँ खतिवडा
प्रमुख जिल्ला अधिकारी, सल्यान

मानव अधिकार वर्ष पुस्तकले सल्यान जिल्लाको मानव अधिकार रक्षाको क्षेत्रमा विशेष योगदान पुऱ्याउने र शान्ति कायम गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा राख्दै वर्ष पुस्तक र इन्सेकको पूर्ण सफलताको हार्दिक शुभकामना व्यक्त गर्दछु।

जयप्रसाद धिताल
जिल्ला न्यायाधीवक्ता, सल्यान

वर्ष पुस्तकले देशभित्र, प्रदेश र स्थानीय तहमा हुने मानव अधिकारको अवस्था चित्रण गर्ने गरेको छ। सरकारी निकायले प्रवाह गरेको भूमिका र कमीकमजोरी सबै समेटेर पुस्तकले सुझाव दिने गरेको देखिन्छ। मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि प्रकाशित पुस्तकबाट सरकार तथा गैरसरकारी निकायले महत्वपूर्ण सूचना तथा सुझाव प्राप्त गरेको छ। सरकारी निकायले गरेको कामहरू पनि मूल्याङ्कनका लागि जनताको माझ जाने र आगामी दिनमा के सुधार गर्नुपर्छ जस्ता सुझाव देखिन्छ। इन्सेकले प्रकाशन गरेको वर्ष पुस्तकको भूमिका निकै महत्वपूर्ण छ। यस वर्ष प्रकाशन हुने पुस्तकमा पनि मानव अधिकारको यथार्थ चित्र आओस्। सरकारी निकायले मानव अधिकारसँग गरेका सम्बन्धित कामको सकारात्मक/नकारात्मक उपलब्धि र उपलब्धि हुन नसकेको वा सम्पादन हुन नसकेको काम पनि आउनुपर्छ। वर्ष पुस्तकका लागि शुभकामना दिन चाहान्छु।

खगेन्द्रप्रसाद रिजाल
प्रमुख जिल्ला अधिकारी, सुर्खेत

पुस्तकका लागि सङ्कलित घटना यथार्थ परक हुन्छन्। त्यसमा पनि कहीँ कतै केही घटनाहरू बाँझिने खालका हुन्छन्, सरकारी निकाय र इन्सेकले सङ्कलन गरेका घटनामा, त्यसलाई घटनास्थलमा पुगेर वा

प्रहरीलगायत सम्बन्धित निकायसँग कहिले काहीँ स्रोत फरकफरक हुँदा घटनाका विवरण पनि फरक हुन्छन् जसले गर्दा सरकारी निकाय र इन्सेकको अभिलेखमा फरक देखिन सक्छ। त्यस्ता विषयमा विशेष ध्यान दिनुपर्छ भन्ने लाग्छ।

पिताम्बर ढकाल

संयोजक, मानव अधिकार रक्षक सञ्जाल, कर्णाली प्रदेश

नेपाल मानव अधिकार वर्ष पुस्तकले समग्र मानव अधिकारको अवस्थालाई प्रतिविम्बित गरेको छ। नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूको अभिलेख मात्रै नभई मानव अधिकार आन्दोलनको दस्तावेज पनि हो। नेपाल मानव अधिकार वर्ष पुस्तकले घटनाको प्रकृति र स्वरुपको बिस्तृत अध्ययन गर्न समेत सम्बन्धित सरोकारवालाहरूलाई सहज बनाएको छ।

पदम बडुवाल

प्रमुख, बडिमालिका नगरपालिका,बाजुरा

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूको विश्लेषण गर्ने भएकाले यसले राज्य पक्षलाई मानव अधिकारप्रति थप जिम्मेवार बनाउन मद्धत गरेको छ। वर्षपुस्तकमा समावेश गरिने विषयवस्तुहरू पठनीय पनि छन्। अहिले पनि राज्य पक्षबाट मानव अधिकारको पूर्ण प्रत्याभूति दिन नसकेको अवस्थामा वर्ष पुस्तकले राज्यका निकायलाई मानव अधिकारको प्रत्याभूतिका लागि दबाव सृजना गरेको छ।

दीपकविक्रम शाह

प्रमुख, बुढीगङ्गा नगरपालिका,बाजुरा

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरू अभिलखे गरी पुस्तक प्रकाशन गर्दै आएको छ। राज्यले मानव अधिकारप्रति निर्वाह गरेको जवाफदेहिता र भूमिका बारे अध्ययन गर्ने जुनसुकै नागरिकको लागि महत्वपूर्ण सामग्री बनेको छ। वर्षपुस्तकले राज्यका निकायलाई थप जवाफदेही र जिम्मेवार बनाउन मद्धत गरेको छ।

चतुर्भुज ओझा

प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, बाजुरा

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार उल्लङ्घनका घटनालाई अभिलेख गरेको छ। वर्ष पुस्तकमा दूरदराजमा हुने मानव अधिकारका सवाललाई पनि समेट्नु पर्छ।

कविता बिष्ट

उप्रमुख, बडिमालिका नगरपालिका, बाजुरा

नेपाल मानव अधिकार वर्ष पस्तकले समेट्दै आएका मानव अधिकारका सवालहरू र घटनाहरूले मानव अधिकारको संरक्षण र संवर्द्धनमा वकालत गर्न सहज भएको छ। कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाले वर्षभर गरेका कामकारबाहीहरूको विश्लेषण गरी प्रकाशन गर्ने गरेको छ। यसले राज्य तथा आमनागरिकलाई आफ्नो जिम्मेवारीबोध गराउन थप मद्दत पुगेको छ।

नन्दा थापा

सचिव, नेपाल पत्रकार महासङ्घ, बाजुरा

इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तकमा पछिल्ला केही वर्ष यता राज्यपक्षबाट मानव अधिकार उल्लङ्घनका घटनामा कमी आएको देखिए पनि महिलामाथि हुने हिंसा बढिरहेको पाइन्छ। महिलामाथिको हिंसा पनि समाज रुपान्तरण र समृद्धिका लागि चुनौती भएकोले तीनै तहका सरकारले गम्भीरताका साथ हिंसाविरुद्ध कार्यक्रम तथा योजनाहरू सञ्चालन गर्न आवश्यक देखिएको छ। वर्ष पुस्तकले सरकारले सामाजिक न्याय र मानव अधिकारमुखी विकास पद्धतिको कार्यलाई अगाडि बढाउन पनि मार्गनिर्देश गर्ने गरेको छ।

धर्मजङ्गबहादुर सिंह

अगुवा, नागरिक समाज, बझाङ

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको क्षेत्रमा काम गर्न सरकारको ध्यान केन्द्रीत गर्नुको साथै सरकारलाई थप जवाफदेही बनाउन दबाफ पनि दिंदै आएको छ। यद्यपि सरकारले मानव अधिकारको क्षेत्रमा गरेका प्रतिवद्धताहरू पूर्णरूपमा कार्यान्वयन भने गरेको पाइँदैन।

शैलेन्द्र रोकाया

अध्यक्ष,नेपाल पत्रकार महासंघ, बझाङ

मानव अधिकारको अवस्थाबारे जानकारी लिनका लागि इन्सेकद्वारा प्रकाशित पुस्तक उपयोगी छ। पुस्तकमा हरेक जिल्लाको मानव अधिकारको अवस्थाबारे थाहा पाउन सकिन्छ। घटनाहरूको अभिलेखिकरण चुनौतीको विषय हुँदाहुँदै पनि निरन्तर हुने गरेकोमा इन्सेकलाई धन्यवाद तथा शुभकामना दिन चाहान्छु।

ज्ञानबहादुर विष्ट

प्रहरी नायब उपरीक्षक,जिल्ला प्रहरी कार्यालय, बझाङ

मानव अधिकार हनन्का घटना सङ्कलन, सम्पादन तथा प्रकाशन कार्य आफैमा चुनौतीपूर्ण विषय हो। इन्सेकको यस कार्यले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमै विश्वसनीयता हासिल गरेको छ।

लवराज जोशी

अध्यक्ष, गैसस महासङ्घ नेपाल, बझाङ

नेपाल मानव अधिकार वर्ष पुस्तक हेर्दा मानव अधिकारको अवस्था दयनीय रहेको देखिने भए पनि वर्ष पुस्तकले सरोकारवाला पक्षहरूलाई मानव अधिकारको क्षेत्रमा थप काम गर्न निर्देश गर्ने गरेको छ।

मोहन दौल्याल

अध्यक्ष, जिल्ला बार एसोसियसन, बझाङ

इन्सेकले झण्डै तीन दशकदेखि नेपाल मानव अधिकार वर्ष पुस्तकको नियमित प्रकाशन गर्दै आइरहेको छ। इन्सेकले प्रकाशन गर्ने मानव अधिकार वर्ष पुस्तकले समग्र देशभित्रको अवस्था झल्काउने गरेको छ। स्पष्ट र तथ्यपरक जानकारी एकसाथ प्रकाशन गर्दै आइरहेको नेपाल मानव अधिकार वर्ष पुस्तकले दूरदराजमा रहेका घटनाहरू उजागर गर्नसके यसको प्रभावकारिता अझै बढ्नेछ।

सिद्धराज जोशी

प्रमुख जिल्ला अधिकारी, दार्चुला

मानव अधिकार उल्लङ्घन कार्य कानुनीरूपमा दण्डनीय छ। मानव अधिकारका हनन्का घटनाहरू उजागर गर्ने, मानव अधिकारको सचेतना बढाउने, जागरुक गराउने र राज्यलाई जिम्मेवार बनाउने कार्यमा नेपाल मानव अधिकार वर्ष पुस्तकले महत्वपूर्ण भुमिका खेलेको छ। इन्सेकले प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको महत्वपूर्ण दस्तवेज पनि हो। वर्षपुस्तक प्रकाशनले सम्बन्धित पक्षलाई थप सूचना दिने र राज्यलाई थप जिम्मेवार बनाउने भएकोले यसको निरन्तरताको कामना गर्दछु।

लक्ष्मण खनाल

सरकारी वकिल, जिल्ला सरकारी वकिल कार्यालय,दार्चुला

इन्सेकले नेपालका ७७ ओटै जिल्लामा हुने मानव अधिकार हनन्का पुस्तकमार्फत सार्वजनिक गर्नु आफैमा महत्वपूर्ण काम हो। समग्र नेपालको मानव अधिकारको अवस्था चित्रण गर्ने मानवअधिकार वर्ष पुस्तक र इन्सेकले मानव अधिकार संरक्षण र पैरवीमा खेल्दै आएको भूमिकाप्रति आभार व्यक्त गर्दछु।

कृष्णसिंह धामी

अध्यक्ष, नेपाल पत्रकार महासङ्घ, दार्चुला

इन्सेकले लामो समयदेखि प्रकाशन गर्दै आएको मानव अधिकार वर्ष पुस्तकले मुलुकको मानव अधिकारको स्थितिलाई चित्रण गर्दछ। वर्षपुस्तकमा मानव अधिकारसम्बन्धी तथ्य र तथ्याङ्कको प्रस्तुतिले मानव अधिकार संरक्षण एवम् प्रवर्द्धन गर्नुपर्ने कर्तव्य भएका अधिकारी र सरोकारवालालाई आफ्नो कार्यप्रति समीक्षा र मूल्याङ्कन गरी कर्तव्य निर्वाह गर्न क्रियाशील हुन दवाव सिर्जना भएको छ। आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारका सवालहरूलाई अध्ययन गरी प्रकाशन गर्ने कार्यलाई निरन्तरता दिनुपर्छ।

रमेशबहादुर पाल

प्रहरी नायब उपरीक्षक, जिल्ला प्रहरी कार्यालय,बैतडी

सामाजिक चेतना र शिक्षाको स्तरमा अभिवृद्धि गर्न नसकिएको अवस्था र परिवेशमा मानव अधिकार उल्लङ्घन गर्ने प्रवृत्ति बढी हुने हुँदा मानव अधिकारको सम्मान, संरक्षण कार्यमा सरकारी, गैरसरकारी र मानव अधिकारको क्षेत्रमा काम गर्ने संस्थाहरूको भूमिका बढी महत्वपूर्ण हुन्छ। मानव अधिकार उल्लङ्घन र संरक्षण सम्बन्धमा भएका सकारात्मक र नकारात्मक दुवै पक्ष समेटेर वर्ष पुस्तक प्रकाशन हुने भएकोले मानव अधिकारको संरक्षण सम्मान गर्ने संस्कृतिको विकास गर्न सबै अधिकारको रक्षा गर्न सघाउ पुऱ्याउने छ।

राजेन्द्रदेव पाण्डे

प्रमुख जिल्ला अधिकारी, बैतडी

मानव अधिकार वर्ष पुस्तकले सम्बन्धित पक्षलाई मानव अधिकारको विषयमा संवेदनशील भई कार्य गर्न मार्गनिर्देशन र सहयोग गरेको छ। यस पुस्तकमा समावेश गरिने घटना, जानकारी र तथ्यले मानव अधिकारको अवस्थालाई नजिकबाट नियाल्न र धेरै हदसम्म वास्तविकताको चित्रण गरेको छ। यो पुस्तक मानव अधिकार संरक्षण र संवर्द्धनको क्षेत्रमा निष्पक्ष र तथ्यपरक रही महत्वपूर्ण दस्तावेजका रूपमा स्थापित हुन सकोस्।

हरिदत्त भट्ट

अध्यक्ष, नेपाल बार एसोसिएसन, बैतडी

विपत् र महामारीले नागरिकको जीवनमा परेको प्रभाव र सरकारले गरेका प्रयासहरूलाई पनि वर्ष पुस्तकमा समावेश गर्नु पर्छ। मानव अधिकार उल्लङ्घनका सत्यतथ्य घटनाहरूको अद्यावधिक गरी वर्ष पुस्तक प्रकाशन गर्ने कार्य सराहनीय रहेको छ।

शंकरबहादुर बिष्ट

प्रमुख जिल्ला अधिकारी, डोटी

मानव अधिकार तथा सामाजिक न्यायका लागि विगत लामो समयदेखि क्रियाशील इन्सेकको भूमिका सराहनीय छ। मुलकको समग्र मानव अधिकारको अवस्थालाई नेपाल मानव अधिकार वर्ष पुस्तकले प्रतिबिम्बित गरेको छ। मानव अधिकार उल्लङ्घनका घटनाहरूको सङ्कलन, अद्यावधिक तथा पुर्नपुष्टि गरेर वर्ष पुस्तकमा प्रकाशन गरिने भएकोले वर्ष पुस्तकको ओझ र विश्वसनीयता बढ्दो छ।

दानबहादुर मल्ल

एसपी, जिल्ला प्रहरी कार्यालय, डोटी

मानव अधिकारसँग सम्बन्धित विषयवस्तु समेटेर इन्सेकले प्रकाशन गर्दै आएको नेपाल मानव अधिकार वर्ष पुस्तक मानव अधिकारको क्षेत्रमा क्रियाशील मानव अधिकारकर्मीलगायत सरोकारवालाहरूका लागि भरपर्दो दस्तावेज बनेको छ। नेपाल मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकार उल्लङ्घनका घटनाहरूसँगै आर्थिक, समाजिक तथा सास्कृति अधिकारसँग सम्बन्धित सवालहरूलाई पनि विश्लेषण गरी समावेश गरिंदै आएकोले राज्यलाई वर्ष पुस्तकले थप जिम्मेवार बनाउन सहयोग गरेको छ।

सीता विक

अध्यक्ष, मानव अधिकार समुह, डोटी

मानव अधिकार संस्कृति निर्माणको लागि इन्सेकबाट विगतदेखि भइरहेको प्रयास, आयोगसँग मानव अधिकार संरक्षण, प्रवर्द्धनको लागि लामो समयदेखि भइरहेको सहकार्य, समन्वय आगामी भविष्यमा निरन्तर रहने विश्वास व्यक्त गर्दछु।

मोहनदेव जोशी

प्रमुख, राष्ट्रिय मानव अधिकार आयोग, धनगढी

इन्सेकले सन् १९९२ देखि निरन्तर प्रकाशन गरेको नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकारको क्षेत्रमा अतुलनीय योगदान गरेको छ। नेपाल मानव अधिकार वर्ष पुस्तकले नेपालमा मानव अधिकारको क्षेत्रमा मात्र होइन द्वन्द्वको अन्त्य, शान्ति प्रकृयाको सहज अवतरणमा पनि योगदान दिएको छ। विगतदेखि नै कार्यपालिका, व्यवस्थापिका र न्यापालिकाले गरेको मानव अधिकारसम्बन्धी कार्यको मूल्याङ्कन गर्दै मानव अधिकारको रक्षा र संरक्षणमा योगदान गरेको छ।

कुलानन्द उपाध्याय

मुख्य न्यायाधीवक्ता,सुदूरपश्चिम प्रदेश सरकार

मानव अधिकारको क्षेत्रमा क्रियाशील इन्सेकले सदा झैं यस वर्ष पनि मानव अधिकार वर्ष पुस्तक प्रकाशन गर्न लागेकोमा खुशी लागेको छ। प्रस्तुत पुस्तकले यस जिल्ला लगायत देशभर नै मानव अधिकारको क्षेत्रमा विगत एक वर्षमा भएका मानव अधिकारसम्बन्धी घटनाहरूको अभिलेख गर्नुका साथै प्रहरीलगायत सरोकारवाला निकायहरूको प्रयासको समेत लेखाजोखा प्रस्तुत गर्ने भएकोले यसले मानव अधिकारको संरक्षण एव संर्वद्धनमा महत्वपूर्ण टेवा पुऱ्याउने गरेको छ। साथै, नेपाल मानव अधिकार वर्ष पुस्तक प्रकाशनको सफलताको शुभकामना व्यक्त गर्दछु।

विश्व अधिकारी

प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय, कैलाली

मानव अधिकार उल्लङ्घनका घटनाका सम्बन्धमा चासो राख्ने र अनुसन्धान गर्ने व्यक्ति र समुदायलाई मानव अधिकार वर्ष पुस्तक महत्वपूर्ण दस्तावेज सावित भएको छ। साथै, यस पुस्तकले नेपालमा भएका मानव अधिकार उल्लङ्घनका घटनाको चिरफार गर्ने गरेको छ। वर्ष पुस्तकमा कुनै

पनि राजनीतिक गन्ध नआउनु यसको अर्को सफलता हो।

सिद्धराज ओझा

अध्यक्ष, जिल्ला अदालत बार एशोसिएशन, कैलाली

इन्सेकले प्रकाशन गर्ने नेपाल मानव अधिकार वर्ष पुस्तकमा मानव अधिकार उल्लङ्घनका घटनाहरूको अभिलेख गरी राज्यलाई मानव अधिकारको संरक्षण र संवर्द्धन गर्न सजक र जिम्मेवार बनाउनुका साथै कानुनी शासनको प्रत्याभूति दिलाउन खेलेको भूमिका सराहनीय छ। वर्ष पुस्तक प्रकाशनको सफलताको शुभकामना।

उमा चतुर्वेदी

प्रहरी उपरीक्षक, जिल्ला प्रहरी कार्यालय,कञ्चनपुर

इन्सेकले मानव अधिकारको क्षेत्रमा उठाएको आवाज र संरक्षणका लागि खेलेको भूमिका सराहनीय छ। यस पुस्तकले सरोकारवालाहरूलाई सजग गराउने काम गर्दै आइरहेको छ। वर्ष पुस्तकमा समावेश गरिएका विषयहरू सूचनामूलक र जानकारीमूलक रहँदै आएका छन्।

उद्धवराज भट्ट

अध्यक्ष,उच्च अदालत बार एशोसिएसन, कञ्चनपुर

नेपाल मानव अधिकार वर्ष पुस्तकले मानव अधिकार संरक्षण र संवर्द्धनका निम्ति सचेतना र खबरदारीको काम गरेको छ। यस पुस्तकमा सम्बन्धित मुद्दाका तीनै पक्षसँग प्रत्यक्ष साक्षात्कार गरी मानव अधिकारका सबै आयामहरूलाई जोड्न सके अझै राम्रो हुने छ। वर्ष पुस्तक प्रकाशनको लागि धेरै धेरै शुभकामना।

जयन्ती अवस्थी भट्ट

श्रेस्तेदार, जिल्ला अदालत, कञ्चनपुर

नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२ तयारीका क्रममा संलग्न व्यक्तिहरू

परिच्छेद लेखनमा संलग्न व्यक्तिहरू

परिच्छेद १ : सन् २०२१ को मानव अधिकार स्थिति : समग्र मूल्याङ्कन

लेखक : विजयराज गौतम
कार्यकारी निर्देशक, इन्सेक

सरोकार : मानव अधिकार संरक्षणको

परिच्छेद २

२.१ न्यायपालिका
लेखक : सम्झा श्रेष्ठ

२.२ कार्यपालिका
लेखक : रमेशप्रसाद तिमल्सिना

२.३ व्यवस्थापिका
लेखक : मदन पौडेल

परिच्छेद ३

३.१ श्रीलङ्का टापुबासीको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार
लेखक : पुण्यप्रसाद अधिकारी

३.२ दलित समुदायमाथि बढ्दो विभेद
लेखक : राजु पासवान

३.३ चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा प्राकृतिक स्रोत उपयोगमा स्थानीय समुदाय र सरकारको अन्तरविरोध
लेखक : गणेश भण्डारी/दीपेन्द्र अधिकारी

३.४ पोखराको पर्यटन क्षेत्रमा कोभिड-१९ को प्रभाव
लेखक : नुपुर गुप्ता/सुशन घिमिरे

३.५ बर्दिया जिल्लाका बेपत्ता नागरिक र मानव अधिकार
लेखक : मानबहादुर चौधरी

३.६ मानव अधिकारको दृष्टिमा राउटे समुदाय
लेखक : मिना बुढाथोकी

३.७ वादी समुदायः बालबालिकाका अधिकारको सवाल
लेखक : कृष्णबहादुर बिक

जिल्ला प्रतिनिधिहरू

प्रदेश १

१.१	ताप्लेजुङ	- देवराज गुरुङ
१.२	सङ्खुवासभा	- भविन कार्की
१.३	सोलुखुम्बु	- भोजराज कार्की
१.४	ओखलढुङ्गा	- शिवप्रसाद ढुङ्गाना/सरस्वती बानिया
१.५	खोटाङ	- रामधन राई/तारानाथ फुँयाल
१.६	भोजपुर	- गणेश बिष्ट
१.७	धनकुटा	- इश्वर थापा
१.८	तेह्रथुम	- भगिश्वर लिम्बू/सुरेश खत्री
१.९	पाँचथर	- मङ्गल बेघा/सहमान विक
१.१०	इलाम	- बविता मैनाली
१.११	झापा	- नरेश खाती
१.१२	मोरङ	- नेत्रप्रसाद अधिकारी/अर्जुन दर्जी
१.१३	सुनसरी	- जयकृष्ण यादव
१.१४	उदयपुर	- भरत खड्का/सुजाता ढुङ्गाना

मधेस प्रदेश

२.१	सप्तरी	- मनोहरकुमार पोखरेल
२.२	सिरहा	- दुर्गा परियार
२.३	धनुषा	- दीपेन्द्रप्रसाद सिंह
२.४	महोत्तरी	- अजय साह
२.५	सर्लाही	- बुधन साह
२.६	रौतहट	- कोपिला तिमल्सिना
२.७	बारा	- भोलानाथ पौडेल
२.८	पर्सा	- कृष्णचन्द्र लामिछाने

बागमती प्रदेश

३.१	दोलखा	- उद्धवप्रसाद पोखरेल
३.२	सिन्धुपाल्चोक	- नातिबाबु धिताल
३.३	रसुवा	- हेमनाथ खतिवडा
३.४	धादिङ	- सीताराम अधिकारी
३.५	नुवाकोट	- नवदीप श्रेष्ठ
३.६	काठमाडौं	- विमला पौडेल/विमल पौडेल
३.७	भक्तपुर	- रमेश गिरी
३.८	ललितपुर	- दीपकप्रसाद घिमिरे
३.९	काभ्रेपलान्चोक	- हिरामान तामाङ
३.१०	रामेछाप	- नवराज घिमिरे
३.११	सिन्धुली	- विमला पाण्डे/नविनबाबु अधिकारी
३.१२	मकवानपुर	- पुष्पराज अधिकारी
३.१३	चितवन	- दीपेन्द्र अधिकारी

गण्डकी प्रदेश

४.१	गोरखा	- हरिराम उप्रेती
४.२	मनाङ	- दलबहादुर मजाकोटी
४.३	मुस्ताङ	- अमृतप्रसाद पौडेल
४.४	म्याग्दी	- अमृतप्रसाद पौडेल
४.५	कास्की	- सुशन घिमिरे
४.६	लमजुङ	- दलबहादुर मजाकोटी
४.७	तनहुँ	- प्रकाशचन्द्र भट्टराई
४.८	नवलपरासी पूर्व	- तिर्थराज डुम्रे
४.९	स्याङ्जा	- तीलकुमारी थापा
४.१०	पर्वत	- सन्तोष थापा
४.११	बागलुङ	- सिर्जना पन्त

लुम्बिनी प्रदेश

५.१	रुकुम पूर्व	- मनिषा केसी
५.२	रोल्पा	- हरिसरा घर्ती/तिलक घर्ती
५.३	प्यूठान	- रवीन्द्र पाण्डे
५.४	गुल्मी	- टोपलाल अर्याल
५.५	अर्घाखाँची	- नारायणप्रसाद भुसाल/ कुलबहादुर नेपाली
५.६	पाल्पा	- यज्ञमूर्ति तिमिल्सिना
५.७	नवलपरासी पश्चिम	- नारायण पराजुली
५.८	रुपन्देही	- रीमा बीसी
५.९	कपिलवस्तु	- पार्वती आचार्य
५.१०	दाङ	- जयनारायण पुन
५.११	बाँके	- स्मृति देवकोटा
५.१२	बर्दिया	- मानबहादुर चौधरी

कर्णाली प्रदेश

६.१	डोल्पा	- विष्णुप्रसाद देवकोटा
६.२	मुगु	- जीवन सेजुवाल
६.३	हुम्ला	- नन्द सिंह
६.४	जुम्ला	- मानदत्त रावल
६.५	कालीकोट	- कालीबहादुर मल्ल
६.६	दैलेख	- अमर सुनार
६.७	जाजरकोट	- दिनेशकुमार श्रेष्ठ
६.८	रुकुम पश्चिम	- मनिषा केसी
६.९	सल्यान	- मीना बुढाथोकी
६.१०	सुर्खेत	- दुर्गा थापा/पूर्णबहादुर खड्का

सुदूरपश्चिम प्रदेश

७.१	बाजुरा	- पदमबहादुर सिंह
७.२	बझाङ	- रमेश केसी/सत्यराज सिंह
७.३	दार्चुला	- नरेन्द्रसिंह कार्की
७.४	बैतडी	- नरीदत्त बडु
७.५	डडेल्धुरा	- भुपेन्द्र विष्ट
७.६	डोटी	- बासुदेव जोशी/गणेश जोशी
७.७	अछाम	- शिवराज ढुङ्गाना
७.८	कैलाली	- मैनामोती चौधरी
७.९	कञ्चनपुर	- कोमलनिरञ्जन भाट/ लिली कुँवर

प्रदेश कार्यालयमा संलग्न

प्रदेश १ : सोमराज थापा, पुण्यप्रसाद अधिकारी
मधेस प्रदेश : राजु पासवान, सागर कँडेल
बागमती प्रदेश : कृष्ण गौतम, गणेश भण्डारी
गण्डकी प्रदेश : शिव खकुरेल, नुपूर गुप्ता
लुम्बिनी प्रदेश : भोला महत, विनोद पाण्डे
कर्णाली प्रदेश : नारायण सुवेदी, टीका विष्ट
सुदूरपश्चिम प्रदेश : खडकराज जोशी, कृष्णबहादुर विक

फोटो स्रोत

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

पुरस्कृत जिल्ला प्रतिनिधिहरू

यस वर्ष प्रत्येक प्रदेशबाट एक/एक जनालाई 'उत्कृष्ट जिल्ला प्रतिनिधि' पुरस्कारले पुरस्कृत गर्ने निर्णय भएअनुरूप निम्नानुसारका जिल्ला प्रतिनिधि छानिनुभएको छ। 'उत्कृष्ट जिल्ला प्रतिनिधि'लाई प्रशंसापत्र र ७ हजार रुपियाँ प्रदान गरिन्छ।

उत्कृष्ट

प्रदेश १	:	नरेश खाती, झापा
मधेस प्रदेश	:	कोपिला तिमल्सिना, रौतहट
बागमती प्रदेश	:	नातीबाबु धिताल, सिन्धुपाल्चोक
गण्डकी प्रदेश	:	प्रकाशचन्द्र भट्टराई, तनहुँ
लुम्बिनी प्रदेश	:	पार्वती आचार्य, कपिलवस्तु
कर्णाली प्रदेश	:	अमर सुनार, दैलेख
सुदूरपश्चिम प्रदेश	:	शिवराज ढुङ्गाना, अछाम